श्री ५ त्रिभुवन-स्मृतिग्रन्थ

श्री ५ त्रिभुवन-स्मृतिग्रन्थ

श्री ५
त्रिभुवन
स्मारक
समिति
नेपाल
२०११

(अ३०) धारि

त्रिभुवन स्मारक समिति

प्रकाशक
त्रिभुवन स्मारक-समिति
काठमाडौं, नेपाल

प्रथम संस्करण : २०००
वि० सं० २०२७ : त्रिभुवन-जयन्ती

मुद्रक
श्री हिमालय प्रेस
पटना–४



राष्ट्रपिता श्री ५ त्रिभुवन

राष्ट्रनायक श्री ५ महेन्द्र

नं० ४२०४

आ० १३५

श्री ५ महाराजाधिराज सरकारबाट

बक्सेको सन्देश

२०२७ साल आषाढ १७ गते बुधवारका दिन श्री ५ बुबाज्यूको जन्म-जयन्तीको पुण्य अवसरमा निस्कन लागेको **श्री ५ त्रिभुवन-स्मृतिग्रन्थ**-को समाचार सुन्दा साह्रै खुशी लाग्यो। मौसूफको महानता इतिहास भैसकेको छ, र स्वर्णाक्षरले अङ्कित रहनेछ भन्ने कुरामा दुई मत हुन सक्तैन। प्रातःस्मरणीय श्री ५ बुबाज्यूको व्यक्तित्व, प्रभाव र नेपाल र नेपालीप्रतिको देनसम्बन्धी लेख्ने हो भने किताबका किताब लेखे पनि सिद्धिनेछैन भन्नु म अत्युक्ति ठान्दिनँ, तर मौसूफको सदिच्छा पूरा गर्नु छ भने हामी प्रत्येक नेपालीले अझै राष्ट्रप्रेमी, अनुशासित, ईमानदार, निष्पक्ष र स्वावलम्बी हुन सक्नुपरेको छ र यस ग्रन्थको प्रकाशनले यी कुराहरू पूरा गरी फेरि एक पल्ट अघि बढ्नमा हामी सबैलाई मदत हुनेछ भन्ने मलाई लाग्दछ र यस ग्रन्थलाई यसरी जनसमक्ष ल्याउने सबैलाई मेरो धन्यवाद छ।

दुई शब्द

आफ्नो देश र जनताको मुक्ति र सुख-समृद्धिको लागि अनवरत संघर्ष गरिबक्सने राष्ट्रपिता त्रिभुवनको स्वर्गारोहणले नेपाली नागरिकहरूको हृदयमा ठूलो चोट पर्‍यो। फलस्वरूप देशका सबै राजनीतिक र अरू संस्थाहरूका प्रतिनिधि एवं गण्यमान्य व्यक्तिहरूलाई आमन्त्रित गरी २०११, चैत ७ गतेका दिन शान्ति-रक्षा स्वयंसेवक-संघ केन्द्रले शोक-समितिको गठन गर्‍यो र त्यसको दुई दिनपछि टुँडिखेल खरीको बोटमा विराट् शोकसभा भयो। यो सभा कविकेशरी श्री चित्तधर हृदयको सभापतित्वमा भएको थियो। यस सभामा श्री ५ महाराजाधिराज सरकार महेन्द्रवीरविक्रम शाहदेवबाट बक्सेको मार्मिक शोक-सन्देश पढेर सुनाइयो, जुन यस ग्रन्थमा प्रकाशित पनि छ। यसै सभामा श्री केशरशमशेरको अध्यक्षतामा सर्वश्री खड्गमान सिंह, मातृकाप्रसाद कोइराला, सुवर्णशमशेर, डिल्लीरमण रेग्मी, सिद्धिचरण श्रेष्ठ, दयावीर सिंह कंसकार, प्रेमबहादुर कंसकार, भद्रकाली मिश्र आदि सदस्य भएको 'त्रिभुवन स्मारक-समिति'-को गठन गरियो। पछि समितिमा सर्वश्री अध्यक्ष तथा कोषाध्यक्ष केशरशमशेर, सचिव खड्गमान सिंह, सह-सचिव कैलाशराम श्रेष्ठ र अरू सदस्य छानिनुभयो। यसरी गठित स्मारक-समितिलाई सर्वश्री बी० एल्० शर्मा, शरदकुमार श्रेष्ठ, मी० सु० दयारामभक्त माथेमा, डा० देवव्रत दासगुप्त, होराप्रसाद जोशी, शिवप्रसाद रौनियार, ना० सु० बद्रीनारायण मानन्धर, दिग्विजयराज जोशी र का० न० पं०-का प्रतिनिधि आदिको पनि सेवा प्राप्त थियो।

समितिलाई जयन्ती आदि समारोह मनाउन श्री ५-को सरकारबाट साल-बसाल आर्थिक र अरू सहायता प्राप्त भयो। केही वर्ष यतादेखि त्रिभुवन-जयन्तीलाई रु० २ हजार अनुदान प्राप्त भएको छ। जयन्तीका निम्ति श्री मी० सु० दयारामभक्तले ज्ञानबहादुर चित्रकारद्वारा तैलचित्र तयार गराई समितिलाई दिनुभएको कुरा पनि स्मरणीय छ। समितिका अध्यक्ष श्री केशरशमशेरको निधनपछि समितिमा श्री खड्गमान सिंह अध्यक्ष, का० न० पं० प्रधान पञ्च श्री गणेशमान श्रेष्ठ उपाध्यक्ष र सचिव शारदाप्रसाद भट्टराई तथा अरू सदस्य रहनुभई एउटा अस्थायी समितिको गठन भयो। पछि यस प्रकार पदाधिकारीसहितको १३ जना सदस्य भएको स्थायी कार्यकारिणी समितिको गठन गरियो—सर्वश्री खड्गमान सिंह अध्यक्ष, चित्तधर हृदय उपाध्यक्ष, वैकुण्ठप्रसाद लाकौल सचिव, वैष्णवीलाल गुरुआचार्य सह-सचिव, बालकृष्ण

श्रेष्ठ कोषाध्यक्ष र सदस्यहरूमा अञ्चलाधीश बाग्मती अञ्चल (पदेन), दयावीर सिंह कंसकार, प्रजाराज्यलक्ष्मी सिंह, प्रेमबहादुर कंसकार, विष्णुसुन्दर प्रधान, रामहरि शर्मा, सिद्धिचरण श्रेष्ठ, श्रीधरशमशेर ज० ब० रा०। यसपछि प्राचार्य इन्जिनियर कुलरत्न तुलाधर, चित्रकार चन्द्रमान मास्केलाई पनि सदस्यमा सम्मिलित गराइयो। यस प्रकार, सहयोग दिने सबै सरोकारी व्यक्तिहरूलाई यो समिति हार्दिक धन्यवाद चढाउँछ।

श्री ५ त्रिभुवनको ६०-औं जन्मोत्सव पूरा भएको उपलक्ष्यमा त्रिभुवन हीरक-जयन्ती मनाउँदा श्री ५-को सरकारबाट साबिकभन्दा रु० ५ हजार बढी अनुदान प्राप्त भएको थियो। बाग्मती अञ्चलाधीशको कार्यालयबाट समितिलाई महांकाल स्थानमा कार्यालयका निमित्त स्थान प्राप्त भयो। स्मारक तथा स्मृतिग्रन्थ तयार गर्ने योजनाको साथै टाइपराइटर, टाइपिस्ट र सहायक वैतनिक कर्मचारी राखी व्यवस्थित रूपले कार्यालय चलाउन आवश्यक छमहीने बजेट समावेश गरी सरकारमा निवेदन गरियो। फलस्वरूप २०२४-६-३० मा श्री ५-को सरकारबाट रु० २० हजार अनुदान प्राप्त भयो। यसैबाट प्रारम्भिक काम चल्न थाल्यो।

स्मृतिग्रन्थ तयार गर्न कवि सिद्धिचरण श्रेष्ठको अध्यक्षतामा माननीय प्रजाराज्यलक्ष्मी सिंह, कविकेशरी चित्तधर हृदय, श्री प्रेमबहादुर कंसकार र श्री वैकुण्ठप्रसाद लाकौलसहितको एउटा उपसमितिको गठन भयो।

रचनाको संकलनका निम्ति राष्ट्रपितासित सम्बन्धित र प्रमुख लेखकहरूसित समितिले अनुरोध पठायो। धेरैले हाम्रो अनुरोध स्वीकार गरी पारिश्रमिकविना श्रद्धापूर्वक दिनुभएको सहयोगको मूर्त्त रूप नै यो स्मृतिग्रन्थ हो। यसका लागि उहाँहरूको जतिसुकै सराहना गरे पनि थोरै हुन्छ।

स्मृतिग्रन्थलाई परेको आर्थिक खाँचो जाहेर हुँदा सहयोगार्थ राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट १० हजार, श्री ५ बडा महारानी सरकारबाट १० हजार र श्री ५ युवराजाधिराज सरकारबाट ५ हजार रुपियाँ निगाह भयो। यसरी ग्रन्थ-प्रकाशनमा बल पाएकोमा यो समिति मौसूफ सरकारहरूप्रति कृतज्ञता चढाउँछ। अझ, युगपुरुष राजाबाट बक्सेको प्रेरणाप्रद सन्देशले स्मृतिग्रन्थको महत्त्व र गौरव बढाई सबैलाई देश-निर्माणको मार्ग संकेत गरेको छ।

स्मारक समितिलाई र स्मृतिग्रन्थको चित्र आदिका निम्ति श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय, राज-परिवारका सचिवालयहरू, मन्त्री-परिषद्, श्री ५-को सरकारका विभिन्न विभागहरूबाट सहयोग मिलेको छ। चित्र-संकलनमा सर्वश्री सरदार हंसमान सिंह, नेपाल राजकीय प्रजा-प्रतिष्ठानका उपकुलपति बालकृष्ण सम,

कविवर भीमनिधि तिवारी, कविकेशरी चित्तधर हृदय, प्रेमबहादुर श्रेष्ठ, नानकीवाबु आदिबाट सहयोग पाइएको छ। मदन पुरस्कार पुस्तकालय, श्री ग्रीष्मबहादुर देवकोटाको नेपालको राजनीतिक दर्पण र गोरखापत्र, शारदा, जागरण, भारती, परोपकार आदि विभिन्न संस्था, पुस्तक तथा पत्र-पत्रिकाहरूबाट सघाउ मिलेको छ। यसैले सम्बन्धित ती सबै संस्था, लेखक एवं सम्पादकहरूप्रति हृदयदेखि धन्यवाद ज्ञापन गर्दछौं।

संकलित रचनाहरूलाई क्रमबद्धता दिनु, सम्पादन गर्नु, अनुवाद गर्नु, कुनै-कुनै रचनालाई दोहरो लेख्नुसम्म पनि आदि आवश्यक भयो। यस क्रममा ग्रन्थ-प्रकाशनको अभिभारा उपसमितिलाई थियो तापनि स्मारक-समितिका सदस्यहरू विशेष गरी अध्यक्ष-उपाध्यक्षले खट्नुभएर यस पुनीत कार्यलाई सम्पन्न गर्न सकिएको हो। सम्पादन एवं प्रकाशनमा श्री कृष्णप्रसाद पराजुलीको योग्यता र परिश्रमपूर्ण दीर्घ समयको सहयोग पाएर नै स्मृतिग्रन्थ प्रकाशमा आउन सकेको छ। उहाँको सहयोग समितिले कहिल्यै बिर्सन सक्तैन। प्रारम्भमा बेला-बेलामा सर्वश्री कुमारबहादुर जोशी, दामोदरप्रसाद ढकाल, ओजराज पन्तहरूले पनि सहयोग गर्नुभएको हो। रचना-संकलनमा श्री गणेशमान श्रेष्ठ तथा श्री शत्रुघ्न अधिकारीले पनि मिहिनेत गर्नुभएको छ। यस प्रकार जस-जसबाट यो ग्रन्थमा सहयोग भएको छ उहाँहरूप्रति समितिका तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गरिन्छ।

ग्रन्थमा प्रकाशित चित्रहरू जस-जसले लिनुभएको हो, ती चित्रकारहरूको नाम उल्लेख गर्न नसकेकोमा उहाँहरूप्रति क्षमाप्रार्थी छौं। श्री ५-को अभयदान मुद्राको तस्वीर छाया-चित्रकार श्री कृष्णभक्तलाल श्रेष्ठ, पपुलर स्टुडियोले लिनुभएको र राज्याभिषेकको तस्वीर पनि उहाँबाटै प्राप्त भएको हो। यसका निम्ति उहाँप्रति धन्यवाद छ। कलाकार श्री टेकवीर मुखियाले ग्रन्थको आवरण तयार पार्न श्रद्धापूर्वक सहयोग गर्नुभएकोमा उहाँप्रति समिति कृतज्ञता ज्ञापन गर्दछ। श्री हिमालय प्रेस, पटना र यसका मालिक श्री लल्लीबाबू तथा उहाँका सहयोगी श्री त्रिलोकीनाथ ठाकुर एवं पं० श्री शिवशंकर झा र सम्बन्ध जोराइदिने त्रिभुवन साहित्य प्रकाशन, काठमाडौंको श्रद्धापूर्ण सहयोग तथा ग्रन्थलाई अल्प समयमा मुद्रित गर्न गरेका तत्परतालाई हार्दिक धन्यवाद छ।

पचास वर्ष पनि नपुग्दैको आयुमा राष्ट्रपिताबाट जति काम भएको छ र देशभित्र जनतामा र बाहिरी दुनियाँमा जे-जति प्रभाव परेको छ त्यसैको केही हदसम्म लेखाजोखा गर्ने रूपमा यो स्मृतिग्रन्थ प्रकाशमा आएको छ। राष्ट्रियता र जनसेवाको भावनामा निख्खर भएको व्यक्तित्व कुन किसिमको हुन्छ, त्यसको ज्वलन्त उदाहरण त्रिभुवनको जीवन हो। यस ग्रन्थलाई परिपूर्ण पार्न अझै केही कमी भएको अनुभव छँदाछँदै पनि यसको अभिभारा भविष्यका सन्ततिहरूलाई सुम्पी अहिले यत्तिकैमा सन्तोष गरिएको छ। मानिसबाट त्रुटि हुने हुनाले यसमा पनि केही त्रुटि

भएका होला। त्यसका लागि समिति विनम्र क्षमा-याचना गर्दछ। राष्ट्रपिताका सम्बन्धमा जान्न खोज्ने, अनुसन्धान गर्ने र जीवनी लेखनेहरूलाई यस स्मृतिग्रन्थले कुनै पनि रूपमा सघाउ दिन सक्यो भने समितिले परिश्रम सार्थक भएको सम्झनेछ।

असार १, २०२७
त्रिभुवन स्मारक समिति
काठमाडौं।

त्रिभुवन-स्मृतिग्रन्थ उपसमिति

विषयक्रम

राष्ट्रिय गान

खण्ड १ : संस्मरण र श्रद्धाञ्जलि

१.	श्री ५ त्रिभुवन : एक झलक	अफ्रा बेगम शेख	३
२.	अमर राजा त्रिभुवन	अम्बरबहादुर के० सी०	६
३.	राजा त्रिभुवन साँच्चै के गर्न चाहन्छन् ?	अष्टमङ्गल वज्राचार्य	९
४.	एरिका र श्री ५ त्रिभुवन	एरिका ल्यूश्टाग	१३
५.	श्रद्धाञ्जलि	कीर्तिनिधि विष्ट	२३
६.	क्रान्तिकारी सम्राट् श्री ५ त्रिभुवन	कुँवरकान्त चौधरी	२५
७.	स्मृति-पुष्पाञ्जलि	कृष्णप्रसाद उपाध्याय	२९
८.	इतिहासका अमूल्य निधि	कृष्णप्रसाद चापागाईं	३९
९.	स्वतन्त्रताको रक्षामा श्री ५ त्रिभुवन	केशवराज अर्ज्याल	४१
१०.	सफल राजा	खड्गमान मल्ल	४६
११.	राष्ट्रपिताको आत्म-वरदान	खड्गमान सिंह	५०
१२.	नेपालीका उद्धारक श्री ५ त्रिभुवन	खेमराज उपाध्याय 'केशवशरण'	६३
१३.	एक संस्मरण	गिरिप्रसाद बुढाथोकी	६९
१४.	क्रान्तिकारी युगका प्रतीक	गोकुलचन्द शास्त्री	७२
१५.	शहीदका रूपमा श्री ५ त्रिभुवन	गोविन्दप्रसाद उपाध्याय	७५
१६.	श्री ५ त्रिभुवन भारतको आश्रय पर्दा	गोविन्दबहादुर मल्ल गोठाले	८४
१७.	शत-शत प्रणाम	गौरीशंकरलाल दास	९७
१८.	एक दर्शन	चन्द्रकान्ता मल्ल	९९
१९.	राष्ट्रपिता श्री ५ त्रिभुवन	चन्द्रबहादुर थापा	१०१
२०.	श्रद्धाञ्जलि	चन्द्रविक्रम शाह	१०४
२१.	श्री ५ त्रिभुवन र शाहवंशीय परम्परा	चित्तरञ्जन नेपाली	१०५
२२.	ती दुई दिन	चूडानाथ भट्टराय	१११
२३.	त्रिभुवनका जीवनका आंशिक तथ्य	चेतोनाथ शर्मा आचार्य	११४

२४. श्री ५ त्रिभुवन : एक संस्मरण	जगत्बहादुर सिंह	१२०
२५. जनकपुरधाममा श्री ५ त्रिभुवन	जीवनाथ झा	१२५
२६. मेरो अनुभवमा राजा त्रिभुवन	जीवराज शर्मा	१२७
२७. कर्मयोगी श्री ५ त्रिभुवन	ज्यानबहादुर नेवा	१२९
२८. राष्ट्रपिता : एक सम्झना	झम्मनराम	१३२
२९. आदर्श राजा	टङ्कप्रसाद आचार्य	१३५
३०. श्री ५ त्रिभुवनको एक झलक	टङ्कविलास वार्य	१३६
३१. श्री ५ त्रिभुवन	टुकराज-पद्मराज मिश्र	१४०
३२. राष्ट्रपिताको समकालीन नेपाली साहित्य	ठाकुरप्रसाद पराजुली	१४८
३३. श्री ५ त्रिभुवन र कविशिरोमणि लेखनाथ	डमरुवल्लभ पौडल	१५४
३४. असाधारण राजा	डिल्लीरमण रेग्मी	१५७
३५. श्री ५ त्रिभुवन : तीन संस्मरण	तुलसीमेहर श्रेष्ठ	१६१
३६. संस्मृति	दमनराज तुलाधर	१६६
३७. श्री ५ त्रिभुवन र परोपकार	दयावीर सिंह कंसकार	२०४
३८. क्रान्तिकारी राजा	दाताराम शर्मा	२०८
३९. मेरो दृष्टिमा श्री ५ त्रिभुवन	दानियल खालिङ	२१२
४०. राष्ट्रपिता त्रिभुवन सम्झँदा	दीर्घराज प्रसाई	२२०
४१. नयाँ अध्याय	देवकुमारी सिन्हा	२२२
४२. राष्ट्रपिता त्रिभुवनका पुण्य स्मृतिमा	धरणीधर शर्मा कोइराला	२२४
४३. राष्ट्रपिता : केही संस्मरण	धर्मरत्न यमी	२२५
४४. नेपालीका अगुवा राजा त्रिभुवन	धर्मराज थापा	२३४
४५. श्री ५ त्रिभुवन र त्रिभुवन-प्रजातन्त्र	नरहरिनाथ	२४१
४६. श्री ५ त्रिभुवनको कुशल व्यवहार	नानकीबाबु	२४२
४७. नेपालको क्रान्ति	नारायणप्रसाद बाँसकोटा	२४६
४८. अनुपम राजा श्री ५ त्रिभुवन	नित्यराज पाण्डे	२४९
४९. श्री ५ त्रिभुवन र फूल	पद्मराज प्रधान	२५५
५०. सात साल—एक संस्मरण	पासाङ गोपर्मा	२६३
५१. संस्मरण	पिनाकीप्रसाद उपाध्याय	२७२
५२. नयाँ इतिहासका नयाँ राजा त्रिभुवन	पुरुषोत्तम बस्नेत	२७४
५३. ’६७ साल र श्री ५ त्रिभुवन	पुष्करनाथ उप्रेती	२७९
५४. समयको जरूरत छ	पुष्करशमशेर	२८६

५५. राष्ट्रपिताप्रति मेरो विचार	पूर्णबहादुर श्रेष्ठ	२८८
५६. महान् आत्मा	प्रजाराज्यलक्ष्मी सिंह	२९०
५७. सम्झनाका धर्साहरू	प्रेमराज	२९२
५८. प्रेरणादायक स्मृति	बालकृष्ण सम	२९७
५९. नास्ति यस्य यशःकाये जरामरणजं भयम्	बालचन्द्र शर्मा	३०१
६०. श्री ५ त्रिभुवन	बी० एल्० शर्मा	३०५
६१. स्वतन्त्रताप्रेमी राजा	भक्तबहादुर अमात्य	३१०
६२. सम्यक् र श्री ५ त्रिभुवन	भक्तवीर सिंह	३१३
६३. दुई संस्मरण	भरतराज वैद्य	३१७
६४. एकला चलो	भवानी भिक्षु	३२२
६५. पुण्य स्मृति	भीमनिधि तिवारी	३२६
६६. राष्ट्रपिता श्री ५ त्रिभुवन	मरिचमान सिंह	३३५
६७. पवित्र स्मारक	महेन्द्रनारायण निधि	३४२
६८. श्री ५ त्रिभुवनको व्यक्तित्व र देन	मातृकाप्रसाद कोइराला	३४६
६९. आदर्श नरेश त्रिभुवन	मुरलीधर भट्टराई	३५१
७०. प्रजातन्त्रका निर्माता श्री ५ त्रिभुवन	मुरारीकृष्ण शर्मा	३५३
७१. श्री ५ त्रिभुवन र परराष्ट्रनीति	यदुनाथ खनाल	३५८
७२. संस्मरण	रत्नदास प्रकाश	३६२
७३. अजर शब्द, अमर दृश्य	रत्नध्वज जोशी	३६६
७४. चिरञ्जीवी राष्ट्रपिता श्री ५ त्रिभुवन	रमाकान्त झा	३६८
७५. श्री ५त्रिभुवन–मेरो सम्झनामा	रमेश विकल	३७६
७६. दुई दर्शन-भेट	राजालाल आर्य	३८४
७७. राष्ट्रपिता त्रिभुवनको स्मृतिमा	रामप्रसाद मानन्धर	३८६
७८. प्रजावत्सल श्री ५ त्रिभुवनसित	राममणि आ० दी०	३८९
७९. त्रिभुवनमा दुर्लभ त्रिभुवन	रामराज पौडेल	३९३
८०. राष्ट्रपिता श्री ५ त्रिभुवन	रामलाल श्रेष्ठ	३९८
८१. त्यागी राजा श्री ५ त्रिभुवन	रामस्वरूपप्रसाद बी० ए०	४०१
८२. श्री ५ त्रिभुवन : एउटा संस्मरण	रामहरि जोशी	४०५
८३. श्री ५ त्रिभुवन मेरो विचारमा	रामहरि शर्मा	४०९
८४. श्री ५ त्रिभुवन : एक अभिव्यक्ति	रुद्रनाथ शर्मा	४१२
८५. अविस्मरणीय राजा	रोहिणीप्रसाद भट्टराई	४१५
८६. आधा दशक	वासुदेव त्रिपाठी	४२१
८७. जेलको सपना	विजयबहादुर मल्ल	४२६

८८. फागुन सात र स्वतन्त्रता	विश्वनाथ न्यौपाने	४३२
८९. अमूल्य ज्योति श्री ५ त्रिभुवन	विष्णुप्रसाद रिजाल	४३५
९०. मेरो पहिलो र आखिरी भेट	शंकरबहादुर के० सी०	४३९
९१. असार सत्र गते	शारदाप्रसाद भट्टराई	४४२
९२. अविस्मरणीय क्षणहरू	शिवप्रसाद रौनियार	४४४
९३. युगमहापुरुष श्री ५ त्रिभुवन	श्यामबहादुर श्रेष्ठ	४४९
९४. बालख त्रिभुवन	श्रीधर खनाल	४५७
९५. नेपाल नै त्रिभुवनको स्मृति हो	श्रीप्रसाद गौतम	४६०
९६. राष्ट्रपितासित दर्शन-भेट	सत्यनारायण बहादुर	४६३
९७. त्यो दिन, त्यो बेला	सत्यमोहन जोशी	४६६
९८. प्रजातन्त्रका प्रतीक राजा त्रिभुवन	सरोजकुमार शाक्य	४७१
९९. श्री ५ त्रिभुवनसितको सम्पर्क	सिद्धिमणि आचार्य दीक्षित	४७४
१००. राष्ट्रपिताको मधुर सम्झनामा	सुन्दर झा शास्त्री	४७५
१०१. श्री ५ त्रिभुवनको दर्शन-भेटमा	सुन्दरप्रसाद शाह	४८१
१०२. श्री ५ त्रिभुवन	सुन्दरराज चालिसे	४८४
१०३. ऐतिहासिक माला	सुशीला चालिसे	४८९
१०४. राष्ट्रपिताको व्यक्तित्व र देन	स्वयम्भूलाल श्रेष्ठ	४९१
१०५. राष्ट्र-निर्माता अथवा राष्ट्र-देवता	स्वर्णकान्त मिश्र	४९६
१०६. प्रथम दर्शन	हरिकृष्ण श्रेष्ठ	५००
१०७. गौरवमय तारा श्री ५ त्रिभुवन	हरिश्चन्द्रलाल सिंह	५०३
१०८. त्यो दिनको सम्झनामा	हरि श्रेष्ठ	५०७
१०९. श्री ५ त्रिभुवन र प्रजातन्त्र	हरि श्रेष्ठ (चन्द्रमान् सैंजूको वर्णनको आधारमा)	५११
११०. श्री ५-सित जागरणका सम्पादकको भेट	हृदयचन्द्र सिंह प्रधान	५३०
१११. व्यक्ति र व्यक्तित्व	देवव्रत दासगुप्त	५३४
११२. आर्थिक क्रान्तिको सूत्रधार	देवीचन्द्र	५३७
११३. नेपालका राष्ट्रपिता	भेषराज शर्मा	५४१

खण्ड २ : पद्य-पुष्पाञ्जलि

१. अनुपमेय राजा	ऋषभदेव शर्मा	५४७
२. श्रद्धाञ्जलि	कामाक्षादेवी	५४८
३. हे क्रान्ति-कमान्डर	कुलमणि देवकोटा	५४९
४. नदेखेर पनि देखें	कृष्णप्रसाद पराजुली	५५१
५. स्वागत-गान	कैलाशराम श्रेष्ठ	५५३
६. श्रद्धाका दुई फूल	गणेशबहादुर कर्माचार्य	५५५

७. गाई आफ्नै सूर	गोपाल पाँडे 'असीम'	५५८
८. रजत-जयन्ती	गोपालप्रसाद रिमाल	५५९
९. जय-जयकार छ	गोपाल सिंह नेपाली	५६२
१०. राष्ट्रपिता त्रिभुवनप्रति	चन्द्रकान्त शर्मा	५६४
११. स्वफो स्वां (तीन फूल)	चित्तधर हृदय	५६८
१२. अभयदान मुद्रा	जगत्बहादुर सिंह बुढाथोकी	५७४
१३. क्रान्तिकारी त्रिभुवन	टेकबहादुर खत्री	५७६
१४. ननिभ्ने दियो	तेजप्रकाश श्रेष्ठ	५७७
१५. सम्झना	दुर्गाप्रसाद मजगैयाँ	५७८
१६. मेरो श्रद्धाञ्जलि	देवीप्रसाद रेग्मी	५७९
१७. राजा त्रिभुवन	दवज्ञराज न्यौपाने	५८१
१८. त्रिभुवन-स्मृतिमा	धर्मराज थापा	५८६
१९. श्री ५ त्रिभुवनप्रति	नीरविक्रम प्यासी	५८८
२०. प्यारा राष्ट्रपिता	भद्राकुमारी घले	५८९
२१. उर्लेको आँसु	भरतराज पन्त	५९१
२२. जनसेवा	माधवप्रसाद देवकोटा	५९५
२३. तिमी अमर पवित्र	माधवलाल कर्माचार्य	५९८
२४. प्रजातन्त्र फूल	मायादेवी सुब्बा	५९९
२५. हृदयाञ्जलि	रत्नदेव शर्मा	६०१
२६. त्रिभुवनको सवाई	रामेश्वरप्रसाद तिमिल्सिना	६०२
२७. दुई उद्गार	लक्ष्मीप्रसाद देवकोटा	६०६
२८. राष्ट्रिय प्रभात	लेखनाथ पौडेल	६०७
२९. त्रिभुवन	वैकुण्ठप्रसाद लाकौल	६०८
३०. महान् त्रिभुवन	वैजनाथ सेढाईं	६०९
३१. श्रद्धाञ्जलि	शरदकुमार भट्टराई	६१०
३२. स्वागत-गीत	सिद्धिचरण श्रेष्ठ	६११
३३. अमर सम्झना	सुमनकुमार नेपाली	६१३
३४. दुई कविता	हंसमान सिंह	६१४
३५. स्मृतिपत्र	हंसराज श्रेष्ठ	६१८
३६. त्रिभुवनको सम्झनामा	हरिहर शास्त्री	६१९
३७. आदर्शत्रिभुवनचम्पू	हेमन्तराम भट्टराई	६२१

खण्ड ३ : सम्पादकीय केही लेख

१. महाशोक	गोरखापत्र	६२७
२. ६३-औं जन्म-जयन्ती	जनवार्ता	६२९
३. स्वर्गीय नरेश	द न्यू हेराल्ड	६३१

४. त्रिभुवन-जयन्ती — दैनिक नेपाल — ६३३
५. राष्ट्रपिताप्रति श्रद्धाञ्जलि — नयाँ नेपाल — ६३५
६. श्री ५ त्रिभुवन — नयाँ समाज — ६३६
७. राजा त्रिभुवनको सम्झना — नेपाल भाषा पत्रिका — ६३८
८. त्रिभुवन-जयन्ती — नेपाल समाचार — ६४०
९. राष्ट्रपिताप्रति श्रद्धाञ्जलि — पञ्चायत बाटो — ६४१
१०. प्रजातन्त्रका प्रवर्तक श्री ५ त्रिभुवन — मातृभूमि — ६४३
११. प्रजातन्त्रका प्रवर्तकप्रति श्रद्धाञ्जलि — समय — ६४५
१२. राष्ट्रपिताप्रति श्रद्धाञ्जलि — स्वतन्त्र समाचार — ६४६

खण्ड ४ : सन्देश र घोषणा-अंश

१. नेपाल र नेपालीप्रति शुभेच्छा ६५१
२. फागुन ७ गतेको शाही घोषणा ६५१
३. फौजी जवानहरूसामु टुँडिखेलमा भाषण ६५३
४. प्रेस-प्रतिनिधिलाई सन्देश ६५४
५. राणा-कांग्रेस मन्त्री-मण्डल पुनर्गठन-विजय शाही घोषणा ६५४
६. दिल्ली यात्रामा प्रकाशित विज्ञप्ति ६५६
७. सल्लाहकार-समितिको नियुक्तिबारे शाही घोषणा ६५७
८. टुँडिखेलको विराट् सभामा बौद्ध-अस्थिको स्वागतार्थ भाषण ६५८
९. नेपाली कांग्रेसको एकमना मन्त्री-मण्डलबारे शाही घोषणा ६६०
१०. रेडियो नेपालद्वारा राष्ट्रको नाममा सन्देश ६६३
११. सैनिक मार्चपास्टमा राष्ट्रिय सेनाप्रति सन्देश ६६५
१२. प्रजातन्त्र-दिवसको उपलक्ष्यमा राष्ट्रको नाममा सन्देश ६६५
१३. '०९ सालको नववर्षको अवसरमा शाही सन्देश ६६७
१४. सल्लाहकार-समितिको पुनर्गठनबारेको शाही घोषणा ६७०
१५. पहिलो सल्लाहकार-सभाको उद्घाटनमा शाही सम्बोधन ६७१
१६. परामर्शदात्री सरकार गठन-विषयको शाही घोषणा ६७७
१७. फरवरी १८ तारीख (फागुन ७)-का दिन राष्ट्रिय दिवस मनाउने ६८०
१८. २००९-को प्रजातन्त्र-दिवसको उपलक्ष्यमा सन्देश ६८०
१९. एकमना मन्त्री-मण्डलबारे शाही घोषणा ६८५
२०. स्वीट्जरल्याण्ड सवारी हुनुअघि रेडियो नेपालद्वारा प्रसारित घोषणा ६८९
२१. स्वीट्जरल्याण्ड सवारी हुँदा बम्बई बन्दरगाहबाट सन्देश ६९४
२२. राष्ट्रिय प्रजापार्टीको मन्त्री-मण्डलको पुनर्गठन-विषय शाही घोषणा ६९५
२३. २०११-को नव वर्षमा रेडियोद्वारा प्रसारित शुभ सन्देश ७००
२४. दोस्रो सल्लाहकार-सभामा बक्सेको सम्बोधन भाषण ७०२

२५. शुभ-जन्मदिनको उपलक्ष्यमा बक्सेको सन्देश ७१४
२६. उपचारको लागि स्वीट्जरल्यान्ड सवारी हुनुअघि शाही सन्देश ७१४
२७. नीसबाट पठाइबक्सेको सन्देश ७१५

खण्ड ५ : विशेष

१. राष्ट्रनायकको शोक-सन्देश ७१९
२. महत्त्वपूर्ण केही तिथि-मिति ७२१
३. लेखक-परिचायिका ७२३

खण्ड ६ : चित्रावली

७२९

*****

राष्ट्रिय गान

श्रीमान् गम्भीर नेपाली प्रचण्ड प्रतापी भूपति
श्री ५ महाराजाधिराजको सदा रहोस् उन्नति
राखून् चिरायु ईशले, प्रजा फैलियोस् पुकारौं जय प्रेमले
हामी नेपाली साराले।
बैरी सारा हराऊन् शान्त होऊन् सबै बिघ्न-व्यथा,
गाऊन् सारा दुनियाँले सहर्ष नाथको सुकीर्ति-कथा,
राखौं कमान, भारी वीरताले, नेपालीमाथि सधैं नाथका
श्री होस् ठूलो हामी नेपालीको।

१

संस्मरण र श्रद्धाञ्जलि

श्री ५ त्रिभुवन : एक झलक

अफ्रा बेगम शेख

आषाढ महीनामा नदीले गाएको कलकल आवाज, हावाले छेडेको मधुरो राग, बिजुलीले फुकेको बिगुल र बादलले बजाएको मादलको तालमा एक्कासि एक मधुरो गीत गुँज्यो, जसलाई सुनी सब मक्ख भई झुम्न लागे। यो कुनै अपरिचित होइन। यो हो हाम्रा भावी नेता, सुख र शान्तिका दाता, सुन्दरताका खानि, नेपाली सबका आँखाका नानी श्री ५ त्रिभुवनको जन्मोत्सवको खुशीयाली। सम्वत् १९६३ आषाढ १७ गते नारायणहिटी दरबारमा श्री ५ महाराजाधिराज त्रिभुवनको जन्म भएको हो। मौसूफका पूज्य पिता श्री ५ पृथ्वीवीरविक्रम शाहदेव होइबक्सिन्थ्यो। दैवी चक्रले जीवनलाई कुन आकारमा घुमाउँछ कसैले भन्न सक्तैन। त्रिभुवनका जीवनलाई पनि दैवी चक्रले अनौठो मोड दियो। वि० सं० १९६८ पौषमा नै मौसूफ पितृस्नेहबाट वंचित भइबक्सेर राज्यको भार मौसूफका कोमल काँधमा आइपऱ्यो। पिताको स्वर्गवासपछि मौसूफको शिक्षा-दीक्षा शुरू भयो; तर तानाशाही राणा-शासनले मौसूफको शिक्षामा पनि प्रतिबन्ध लगायो। राजनीति तथा नागरिक शास्त्रको पढाइ मौसूफलाई समेत मनाही थियो। राजाले पढे-लेखे, जान्ने-सुन्ने भए एकलौटी शासन हातबाट गुम्नेछ भन्ने राणाहरूलाई ठूलो त्रास थियो। तर उनीहरूले मौसूफको अध्ययन छेक्न सकेनन्। १२ वर्षको उमेरमा मौसूफको शुभ-विवाह भयो। सम्वत् १९९३ मा मौसूफले राज्य गरेको २५ वर्ष पुगेकाले रजत-जयन्ती मनाइयो। तर त्यस बेला मौसूफ नामको मात्र राजा होइबक्सिन्थ्यो। राणाहरूको नै बोलबाला थियो। मौसूफ उनीहरूको हातमा कठपुतलीसरह होइबक्सिन्थ्यो। राणाहरूको

क्रूर शासनले थिचिएका पेलिएका नेपालीलाई देखेर मौसूफ विचलित होइबक्सिन्थ्यो। मौसूफको एक सासमा वेदनाका हजारौं सुस्केरा निस्कन्थे, एक धडकनमा विद्रोहका करोडौं एटमबम फुट्दथे र त्यस सुस्केराबाट सुखको शीतल हावा बहाउन र त्यस एटमबमबाट राणाहरूको अत्याचारी शासनलाई ध्वस्त पार्न चाहिबक्सिन्थ्यो। एक-एक छिन मौसूफको लागि लामो रात थियो। मौसूफमाथि गरेको अत्याचार अति अकथनीय थियो। मौसूफ राणाहरूको हातबाट फुत्कने मौकामा होइबक्सिन्थ्यो।

चूप लागेर बसे भविष्यको आकार डरलाग्दो हुने देखी वि० सं० २००७ साल कार्तिक २१ गते बिहान शिकार खेल्ने बहाना गरी सपरिवार मौसूफ दरबार त्यागी भारत-दूतावासमा प्रवेश गरिबक्सियो। केही दिनपछि भारत सरकारबाट पठाइएका दुई विमानद्वारा मौसूफको सवारी दिल्लीमा भयो। यता मोहनशमशेरले मौसूफका माहिला नाति तीन वर्षका बालक ज्ञानेन्द्रलाई महाराजाधिराज घोषित गरेर उनको नामको टकसमेत चलाए। यसबाट भित्र-भित्रै सल्किरहेको झिल्काले भयंकर ज्वालाको रूप लियो। त्रास, अन्याय र पीडाको भयंकर कैदमा घेरिएका भित्रभित्रै गुम्सिरहेका नेपाली ज्वालामुखीझैं फुटी क्रान्तिको मैदानमा खडा भए। उता दिल्लीमा मौसूफको नेतृत्वमा मन्त्री-मण्डल गठन गर्ने निर्णय भयो। राणा शासनले घुँडा टेक्यो। २००७ साल फागुन ४ गते मौसूफ सपरिवार काठमाडौं फर्किबक्सियो। जनताबाट मौसूफको अभूतपूर्व स्वागत भयो। तीन दिनपछि २००७ साल फागुन ७ गते मौसूफबाट प्रजातन्त्रको घोषणा भयो। अब नेत्रहीन तुल्याइएका नेपालीले आँखाको लुटिएको ज्योति पाए, खुला हावामा सुखको सास फेर्न लागे र कोपिलैमा ओइलिन लागेका नेपालीले राष्ट्रपिता त्रिभुवनको प्रेमपूर्ण छायामा फूल बनी सुवास फैलाउन पाए। रात-दिन शासन-व्यवस्थामा लागिरहँदा पुरानो हृदय-रोगबाट पीडित भई हाम्रा माली भर्खर फुल्न लागेका नेपाली कोपिलालाई छाडी उपचार गर्न युरोप सवारी भयो। जुरिचमा स्वास्थ्यमा केही परिवर्तन भएपछि मौसूफ स्वदेश फिरिबक्स्यो, तर हृदय-रोग फेरि पल्टेकाले मौसूफ दोस्रो पटक युरोप सवारी हुन विवश होइबक्सियो। २०११ साल फागुन ३० गते

जुरिचको क्यान्टिन अस्पतालमा मौसूफको स्वर्गवास भयो। असार-साउनको वर्षा बनी सबका आँखा रुन थाले, हाम्रा चन्द्र बिछोडको बादलमा बिलाए र सारा धर्तीमा अन्धकार फैलियो। चैत्र ४ गते मौसूफको शव विमानद्वारा नेपालमा ल्याई आर्यघाटमा दाह-संस्कार गरियो।

आज मौसूफ नभए पनि मौसूफले तन, मन, धनको बलि बक्सेर स्थापित भएको प्रजातन्त्रलाई हामी कसरी बिर्सन सक्छौं? मौसूफबाट बक्सेको त्यस प्रजातन्त्रको जगमा नै आज तला चढाई हामी स्वतन्त्रताको झ्यालबाट जीवनको रमिता हेर्न पाइरहेका छौं। यस कुराको मान गरी त्यसमाथि अझ तला थप्दै लैजानु प्रत्येक नेपालीको कर्तव्य हो। उदार-हृदयी, प्रजातन्त्रका प्रवर्तक, प्रजाका संरक्षक र स्वर्णमय भविष्य-जीवनका लेखक श्री ५ त्रिभुवनको आकार नेपालीको हाँसोको हर खित्कामा, हर्षाश्रुको हर थोपामा आज पनि झल्किन्छ।

देश-निर्माणको काममा सबैको सद्भावना र सक्रिय सहयोगको अति आवश्यकता छ। साम्प्रदायिक कलह त प्रगतिको मार्गमा छेकाबारमात्र हो। देशलाई कलंकित पार्ने किसिमको कुनै पनि कुरा वा काम गर्नु हुन्न। मौसूफका यी महान् वाणीबाट मौसूफको धैर्य, नम्रता र कुशल राजनीतिज्ञताको स्वरूप प्रस्ट झल्किन्छ। हामी नेपाली श्री ५ त्रिभुवनको आभारी छौं। निःस्वार्थ बलिदान र एकताको भावना ल्याई मौसूफले छोडेर गएको पदचिह्नमा ज्यानको बाजी लगाई अगाडि लम्कन हामी नेपालीले दृढ हुनुपर्दछ। मौसूफले रोपेर गएको प्रजातन्त्रको बिरुवालाई आफ्नो पसीना र रगतबाट सिंचेर झ्वाम्म परेको बलियो रूखमा परिणत गर्नुपर्दछ, जसको एक-एक पातबाट सुख र विकासको सिरसिर बतास चलेर त्यसको छायामा प्रत्येक नेपालीले शान्तिको सास फेर्न पाऊन् र हाम्रा स्वर्गवासी प्यारा राजा श्री ५ त्रिभुवनको आत्मालाई शान्ति मिलोस्।

*****

अमर राजा त्रिभुवन

अम्बरबहादुर के०सी०

राष्ट्रपिता श्री ५ त्रिभुवनको युवराजाधिराजको अवस्थादेखि नै मौसूफसित बसउठ गर्न र साथीको रूपमा रहन पाएकोले म आफूलाई साँच्चै नै भाग्यशाली व्यक्ति सम्झन्छु। यसरी चिरकालसम्म मौसूफको जीवनसित निकट सम्पर्क राखी बसेकोले मौसूफसम्बन्धी धेरै-धेरै महत्त्वपूर्ण सम्झना मेरा हृदयमा अंकित छन्। तर म लेखक नभएकोले ती सबै कुरालाई श्रृंखलावद्ध रूपमा अभिव्यक्त गर्न सक्तिनँ तापनि ती महान् राजाप्रति श्रद्धाञ्जलिस्वरूप केही पंक्तिहरू कोर्न लागेको छु।

श्री ५ महाराजाधिराज पृथ्वीवीरविक्रम शाहको र श्री ५ युवराजाधिराज त्रिभुवनवीरविक्रम शाहको पाँच-छ वर्षको उमेरदेखि नै लेफ्टिनेन्ट श्री टेकबहादुर के० सी० को छोरा म र काजी श्री मीनबहादुरको छोरा साथी थियौं।

बालककालदेखि श्री ५ त्रिभुवन अद्वितीय साहसी, दयालु र बुद्धिमान् होइबक्सन्थ्यो। आदर्श पुरुषमा हुनुपर्ने सबै आदर्श गुण मौसूफमा त्यसै बेलादेखि पाइन्थे। विशाल वृक्षको शीतल हावाझैं मौसूफ सरकारमा सबै जनताप्रति कृपादृष्टि र समानताको भावना थियो। मौसूफका आदर्श गुणमध्ये एउटा थियो—आफ्ना सेवक र प्रजाहरूलाई आफ्नै काखको छोरा सम्झी माया, दया गर्ने। कहिले पनि कडा शब्द मौसूफको मुखारविन्दबाट निस्कँदैनथ्यो। आफ्ना सेवकहरूलाई केही काम अराउन पर्‍यो भने हरदम 'बाबु, राजा'

सम्बोधन गरी स्नेहपूर्ण स्वरमा हुकुम हुन्थ्यो। कुनै सेवकबाट केही काम समयमा पूरा हुन सकेन वा त्रुटि भयो भने तुरुन्त या सोही दिन हुकुम नभई भोलिपल्ट नरमसित 'यो काम तिमीले अलि बिराएछौ' भनी हुकुम हुन्थ्यो। सकभर मौसूफ रिसानी नै होइबक्सँदैनथ्यो। कहिले-कहिले कुनै कारणवश रिसानी भइहालिबक्स्यो भने पनि खालि कान अलि राता हुन्थे। यस्तो भएको देखेमा अनुभवी सेवकहरूले सरकार रिसानी भयो भन्ने स्वतः बुझी चूप लागेर सरकारको दिल बहलाउनपट्टि लाग्दथे।

श्री ५ त्रिभुवनलाई अध्ययन गर्ने ठूलो शौख थियो। इतिहास, राजनीति र साहित्यको अध्ययन गर्ने विशेष रुचि भएकोले ती विषयमा मौसूफको निकै नै दखल थियो। यसका अतिरिक्त बागबानी र घरका कोठाहरूको सजावटमा अत्यन्त शौख थियो। बगैंचाको शौख भएकोले रंगी-विरंगी फूलहरू बगैंचामा फुलाउने मौसूफको प्रयास रहन्थ्यो। विशेष, फूलहरूमा गुलाफ, डेफोडिल, हायसेन्थ, टुलिव, सुनगाभा फूलहरूको ज्यादा रुचि थियो।

प्रतिदिन विदेशबाट आफ्ना रुचिअनुसारका चीजको पार्सल आएको हेर्न मौसूफलाई अत्यन्त रमाइलो लाग्थ्यो। फलफूलमा म्याग्ड-वेस्टिन र स्ट्रबेरी ज्यादा मन पराइबक्सन्थ्यो। विभिन्न किसिमको कुकुर पाल्ने पनि निकै शौख थियो। चराचुरुंगीमा क्यानरी पाल्ने र आक्वटिक्समा विभिन्न माछाहरू पाल्ने विशेष चाख थियो। अत्तर र अत्तर पानीको पनि सरकारलाई कम शौख थिएन। शिकारको पनि ज्यादै रुचि भएको हुनाले मौसूफ बराबर शिकारमा सवारी होइबक्सिन्थ्यो। खेलकुद, पहलवानी, स्यान्डो, जिजुसी, बिलियार्ड, टेनिस, फुटवल, हक्की आदिको विशेष अभिरुचि थियो। मौसूफ संगीतप्रेमी पनि होइबक्सेकोले समय-समयमा राजदरबारको वातावरण संगीत-कार्यक्रमले गुञ्जायमान हुन्थ्यो। मौसूफको धर्मपट्टि ज्यादै नै झुकाव थियो। विशेष गरी सरस्वतीलाई पूजा गरिबक्सन्थ्यो।

श्री ५ त्रिभुवन राणा-शासनको अप्रत्यक्ष बन्धनमा परे तापनि अनेकौं दुःख-दर्द, अशान्ति सही प्रजाको मुक्तिको वाटोको निरन्तर

चिन्तना गरिबक्सन्थ्यो। राणा-शासनको अत्याचारको आगोमा पिल्सिएका प्रजाको असहनीय चीत्कार सुनेर सरकारको हृदयमा नराम्रो चोट लाग्यो। फलस्वरूप मौसूफको जाग्रत हृदयमा एउटा दिव्य प्रेरणाले उज्ज्वल प्रजातन्त्रको नयाँ बिहानी देशमा ल्याउने आह्वान गऱ्यो। त्यस ताका मसमेत वफादार सेवकहरू र देशभक्तहरूलाई राणा-शासकले पक्री सिंहदरबारमा अमानुषिक व्यवहार गरेको देखी मौसूफको विद्रोही हृदयमा अघिदेखि राणा-शासनको विरुद्ध दन्किरहेको ज्वालामा घिउ हालेझैं भयो। केही दिनमा श्री ५ त्रिभुवन सरकार र प्रजाको संयुक्त प्रयासबाट श्री ५ त्रिभुवनको सुनौला सपना उज्ज्वल प्रजातन्त्रको नयाँ बिहानी आयो। श्री ५ त्रिभुवनका सुनौलो सपना र आकांक्षा साकार भए। आफ्नो प्यारो देश र प्रजाको स्वतन्त्रता, सुख र शान्तिको निम्ति प्रजासँग मिलेर शस्त्रधारीसँग निःशस्त्र भई आत्म-साहस र जनबलले संघर्ष गर्ने राजा त्रिभुवनको नाम सुनौलो अक्षरले इतिहासको पानामा कहिल्यै नमेटिने गरी लेखिएको आज संसारले पढिरहेको छ।

*****

राजा त्रिभुवन साँच्चै के गर्न चाहन्छन्?

अष्टमङ्गल वज्राचार्य

के कसो भएर हो, भन्न गाह्रो छ। मलाई सोह्र-सत्र वर्षको उमेरदेखि नै त्यस बेलाका शासक राणाशाही मन नपर्ने हुन थाल्यो। हुन त मलाई मन नपर्ने कुरा अर्कै थियो। त्यो हो—म बस्ने घरको वरिपरिको सामाजिक रूढिवादी रीति-रिवाज, व्यवहार आदि। मलाई मन नपर्ने समाजको कुरीति त्यस बेलाका शासकले गर्दा नै भएको हो भनी राणाशाहीलाई दोष दिंदै कुरा गर्ने बानी बस्दै गयो। त्यसरी शासकवर्गको विरोधमा कुरा गर्ने हुँदा मजस्तै किसिमका राणाशाही-विरोधी साथीहरूसित मेरो सम्पर्क बढ्न थाल्यो। साथीहरूसित कुरा हुँदा 'राजा त्रिभुवनलाई पनि त्यो जहानियाँ राणा-शासन मन पर्दैन, तर राजा विवश छन्' भन्ने पनि सुन्न थालियो।

राणाशाही-विरोधी मेरो भावना बढ्दै गयो। अब कुरा मात्रै होइन, काम पनि केही गर्नुपर्‍यो भनेर साथी अमीरबहादुरसित कुरा भयो। साथी अमीरबहादुर र मसमेत भएर केही जवानहरूलाई पढाउन शुरू गर्दा पछि यस्तै किसिमका दुई-तीन थरी सासाना पाठशालाहरू हुँदै सह-शिक्षाको सर्वप्रथम विद्यालय **शान्तिनिकुञ्ज** स्थापना भयो। यो विद्यालय स्थापना भएपछि राजनीतिका विषयमा चर्चा गर्ने झन् राम्रो ठाउँ पाइयो। राजनीतिमा चाख राख्ने प्रायः सबै जना विद्यालयमा आई कहिले के कहिले के गरी केटाकेटीहरूलाई पढाउनुका साथै त्यहाँ राजनीति विषयमा राणाशाही-विरोधी काम-कुरा पनि हुन थाल्यो। नेपाली राष्ट्रिय कांग्रेसको नेतृत्वमा चलेको २००२ सालको **नागरिक**

अधिकार आन्दोलनमा स्कूलकै साथीहरूका रायमा मैले पनि खुल्लमखुल्ला भाग लिएँ। त्यस आन्दोलनको आखिरी जुलुसको नेतृत्व मेरै थियो। त्यस बेलाका राणा प्रधान मन्त्री पद्मशमशेरले १२ दिनभित्र नागरिक अधिकारको घोषणा गर्ने भन्ने कबूल गरेपछि 'आज तपाईंले कस्तो राम्रो जुलुस हाँक्नुभयो!' भनी मलाई स्याबासीको ओइरो लाग्यो। त्यही आन्दोलनदेखि म पनि एक जना राजनीतिक कार्यकर्ताको गणनामा आएँ। त्यसपछि राजा त्रिभुवनको दरबारका मानिसले पनि मसित सम्पर्क राख्न थाले। विशेष गरेर साथी माणिकमान चित्रकारबाट मप्रति राजा त्रिभुवनको सहानुभूति छ भन्ने कुरा सुन्न थालें।

राजा त्रिभुवनलाई जनताले राणाशासक मन पराउँदैन भन्ने विश्वास भयो। राणाशाही-विरोधी काममा अलि दह्रोपना आएको भान हुन थाल्यो। पछि प्रजा-पंचायत आन्दोलन शुरू भयो। मानिसहरू धमाधम पक्रिन थाले! त्यस बेला म गल्लीभित्र सानो घरमा एक्लै बस्ने गर्थें। त्यो घरबाट जान हुने दुई-तीनवटा सासाना बाटा थिए। त्यस आन्दोलनमा सक्रिय भाग लिइरहेका श्री गोपालप्रसाद रिमालसमेत मेरो त्यही सानो घरमा लुकेर बस्न थाले। त्यस बेला पनि राजा त्रिभुवनसँग भेट्ने बरोबर कुरा चल्यो। यसबाट थाहा भयो––राजा त्रिभुवन राणाशाहीलाई उखेलेर फ्याँक्न चाहन्थे। राजाको मनमा के विचार छ? राजा साँच्चै के गर्न चाहन्छन्? यी कुराहरू हाम्रो मनमा खेल्न लागे। नेपाली कांग्रेसका कार्यकर्ताहरूसित पनि झन्-झन् सम्पर्क बढ्दै गयो।

२००७ सालको कुरा हो। एकाएक कुरा सुनियो––राजा नारायणहिटी दरबारबाट निस्की भारतीय राजदूतावास पसे। हरेक घर, पसलमा यही कुराको चर्चा थियो। केही दिनमै राजा दिल्ली जाने भन्ने कुरा सुनियो। ठूलो कोलाहलको बीचबाट राजा त्रिभुवन सुरक्षासाथ दिल्ली उडे।

राजा दिल्लीबाट फर्कने दिन थियो। म नेपाल छात्र-संघको सेक्रेटरी भई राजालाई स्वागत गर्ने काममा व्यस्त थिएँ। मनमा थियो–– आज त राजासँग बस्ने र कुरा गर्ने मौका मिल्नेछ। तर गौचर हवाई

अड्डा मानिसहरूले कति खचाखच थियो भने कोही पनि कहीं आफूले भनेको ठाउँमा भेट्न सक्तैनथे। राजा जहाजबाट ओर्लेर जुन ठाउँमा आराम लिने हो त्यस ठाउँमा पुग्नु नै मुश्किल थियो। जहाँ पनि राजा फर्केको खुशीयालीमा मानिसहरू नाचिरहेका थिए।

त्यसपछि प्रजातन्त्रको निमित्त अनेक काम-कुरा भए। यसै सिलसिलामा स्काउट तालिम पनि शुरू भयो। म पनि एक जना तालिमे थिएँ। राजा पनि 'चीफ स्काउट' हुने दिन थियो। त्यही दिन मैले राजानजिकै बस्ने मौका पाएँ। राजासँगै सबै स्काउटहरू बसी तस्वीर खिच्ने पनि काम भयो। तर अझ राजासँग कुरा गर्न पाएको थिइनँ।

राजासँग भेट्ने अर्को दिन पनि आयो––शान्ति निकुञ्जबाट राजालाई भेट्ने। सबै शिक्षकहरू मिली दरबारमा पुग्यौं। काम-कुरो मिलाउने साथी श्री लोकदर्शन हुनुहुन्थ्यो। श्री शेषराज दली स्कूलका प्रधानाध्यापक हुनुहुन्थ्यो। फूलमाला र अरू सामान चढाउने काम सिद्धियो। राजाले बोले––"आज मलाई धेरै खुशी लाग्यो। तपाईं-हरूलाई धन्यवाद छ। तपाईंहरूकै सेवाबाट देश बन्छ।" बस अरू कुरा गर्ने मौका थिएन।

नेपाली कांग्रेसको सरकार थियो। श्री गणेशमान मन्त्री थिए। स्कूलको कुरा लिएर बरोबर श्री गणेशमानकहाँ जान्थ्यौं। उहाँकै तर्फबाट राजाकहाँ स्कूलको कुराकानी चल्यो। स्कूलको निमित्त १८ रोपनी भएको भगवतीबारी राजाबाट स्कूललाई मिल्यो। पछि राजाकै हातबाट सबभन्दा पहिले स्कूलका प्रतिभाशाली विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्ने काम भयो। त्यस बेला म सैनिक तालिममा गोदावरी गैरहेको थिएँ। राजा त्रिभुवनको मुखसम्म पनि देख्न पाइनँ।

म काठमाडौंमा नगरपालिकाको सभापति भैरहेको बेलाको कुरा हो। हृदयको रोगबाट राजाको निधन भयो भन्ने खबर सुन्नुपर्‍यो। राजाको मनमा के छ? राजा साँच्चै के गर्न चाहन्छन्? मेरो सोध्ने कुरा बाँकी नै थियो। अब कहाँ गएर सोध्ने! मैले केही सोच्न सकिनँ।

देशको चारैतिर रुवाबासी थियो। भोलि जुरिचबाट ल्याएको राजा त्रिभुवनको शव काठमाडौं पुग्ने दिन थियो। मासँगल्लीको पूर्ण चित्रकार-कहाँ गै हाम्रो अधुरो कामको सान्त्वनाको निमित्त राजा त्रिभुवनको एउटा सजीव मूर्ति लेख्न पऱ्यो भनी मसँग भएको राजाको एउटा चित्र दिएँ। ती चित्रकारलाई पनि के विचार आयो कुन्नि, 'भोलिसम्ममा लेखिसिध्याउन मुश्किल होला कि? रातभर काम गरेर हेरूँ' भनी राजाको चित्र लेख्न कबूल गरी जिम्मा लिए। राजाको शव काठमाडौं पुग्नु एक घण्टाअगाडि त्यो सजीव जस्तो चित्र तयार पनि भयो। त्यो चित्र शवयात्राको साथ लगियो। तर मेरो सोध्ने कुरा बाँकी नै रह्यो-- राजा त्रिभुवनको मनमा के छ? राजा त्रिभुवन साँच्चै के गर्न चाहन्छन्?

मैले आफ्नो जिज्ञासा मुखले सोध्न पाइनँ, तर त्यसको उत्तर राजाले २००७-देखि निधनसम्म बोलेका भाषण र घोषणामा छन्। त्यही पल्टाउनुबाहेक मेरो जिज्ञासा मेट्ने उपाय नै अब के रह्यो र!

*****

एरिका र श्री ५ त्रिभुवन

एरिका ल्यूश्टाग

(अनु०--पासाङः गोपर्मा)

[**लन्डननिवासी एरिका ल्यूश्टाग** (Erika Leuchtag) **जर्मनीमा जन्मेकी हुन्। तिनले ह्म्बर्गको स्वेडिस मेडिकल इन्स्टिट्युटमा शारीरिक चिकित्सासम्बन्धी तालिम लिइन्। त्यसपछि तिनी सिमला आइन्। त्यहाँ तिनीकहाँ कैयौं नामी-नामी रोगीहरू आए। अनि नेपाल अधिराज्यको जनताको भाग्य फेर्ने काममा ठूलो पाठ खेलिन्। प्रस्तुत रचना** Reader's Digest **वर्ष ७०, मार्च १९५७-को** Erika and the king of Nepal **नामक एरिकाको रचनाको अनुवाद हो। --अनु०**]

सन् १९४९ को बिहानीपख चिठी हेर्दा साधारण नै देखिए तापनि खोलेर पढ्दा मैले लामो सास फेरें। नेपालकी महारानीलाई चिकित्सा गर्न मलाई काठमाडौं बोलाइएको थियो। म दश वर्षदेखि उत्तर भारतमा शारीरिक चिकित्सासम्बन्धी काम गरिरहेकी थिएँ। मेरा धेरै रोगीहरू महाराजा र महारानीहरू थिए। उदेक र अचम्म, नेपालकी महारानी! नेपाल! त्यतिमाथि हिमालय पर्वतश्रेणीको काखको रहस्यमय अधिराज्य, सगरमाथा, अन्नपूर्णा अनि लडाकु गोर्खालीहरूको ठाउँ प्रायः बाहिरी संसारबाट अगम्य नै थियो।

बाटाघाटा र रेलगाडीको सम्बन्धबाट पृथक् गरिएको काठमाडौंको यात्रा एवली आइमाईको निम्ति असाध्य डरलाग्दो छ भनेर मेरा साथीहरूले मलाई तर्साए। तर मैले उनीहरूको कुरा सुनिनँ। मेरो

कल्पनालाई तानिसकेकोले मैले के ठानें भने जानै पर्छ, नत्र सधैं पछुताइरहनुपर्नेछ।

चार दिनसम्म मलाई साँगुरो लागेको गाडीले निर्दयतापूर्वक लछार-पछार पाऱ्यो। राति बुइँगलमा मुसाहरू नाचिरहने र नुहाउने टबमा साँपहरू गुजुल्टिने सत्तलहरूमा बास बसें। अरू तीन दिन मैले डन्डी––आठ जना मजदूरको काँधमा बोकिने पालकी––मा यात्रा गरें। उनीहरू खाली खुट्टाले हिउँ नै हिउँले ढाकिएको हजारौं फीट अग्लो चट्टानको बाटाको धारैधार हिंड्थे। आखिरमा हामी ७००० फीट अग्लो चन्द्रागिरिको घाटी (भञ्ज्याङ)-मा आइपुग्यौं। त्यसपछि अकस्मात् धेरै तल कालो र बैजनी रंगको पर्वत श्रेणीको खाडलमा जादूमय सुनौला छानाहरूको चहक-महक, ओक रूखका फलहरू झुन्डिएका जस्ता मन्दिरका गुम्बजहरू, राता-राता पेगोडा र सेता दरबारहरूले भरिएको शहर, काठमाडौं देखें।

मलाई पाँच कोठा भएको विलासी बङ्गलामा लैजानको निमित्त एउटा सरकारी गाडी शहरको छेउमा पर्खिरहेको थियो। बाह्र जना नोकरहरूका अतिरिक्त ढोकामा टल्कने रातो फेटा गुँथेको र खुकुरी भिरेको एउटा पहरेदार थियो। उ मेरो निजी अङ्गरक्षक रे। मैले के ठानें भनें यो मेरो मिथ्या प्रशंसा हो, किनभने मैले आफैंलाई त्यति ठूलो आगन्तुक सम्झेकी थिइनँ।

भोलिपल्ट बिहान शाही चिकित्सक मलाई लिन आए। हामी घोडामा चढेर प्राचीन बौद्ध र हिन्दू मन्दिरहरूमा कुँदेर बनाइएका मूर्तिहरूको साँगुरा च्यापाहरूबाट गयौं। सडकहरू घर-घरका बरन्डा-बरन्डाले अँध्यारोमा बिलाउँथे। मलाई आश्चर्य केमा लाग्यो भने अन्त कहीं पनि यस्तो नभईकन बीचमा ढुङ्गा भएको सडक, बिजुली बत्ती, मोटर गाडी र बसहरू भएको यो शहर थियो। प्रत्येक गाडी, प्रत्येक बस, प्रत्येक ईंट मानिसको पिठ्यूँमा लादेर पहाडमाथिबाट शहरमा लगिन्थे। पान-सुपारी बेच्नेहरू, कोइलाको टोकरी बोक्ने मजदूरहरू, घुम्दै चर्ने गाईहरूलाई हेर्दा सडकको जीवनमा समयको हावाले नछोए जस्तो भान हुन्थ्यो।

भव्य महलको छेउमा पुगेपछि शाही चिकित्सकले मलाई भने––"हामीलाई प्रधान मन्त्रीले पहिले बोलाएका छन्।" म तीन छक्क परें। किन मलाई सिधै बिमारीकहाँ पु-याइएन? प्रधान मन्त्री वटारेको जुँगाको मुठो आधा उँधो झुकाएका प्रभावशाली बूढो मानिस थिए। उनले मेरो शिक्षा, अनुभव, कैलेदेखि म भारतमा छु र कति रोगीहरू छन् भन्ने प्रश्न गरे। मैले त्यस बेला के ठानें भने त्यस कार्यको निम्ति म कत्तिको योग्य छु भन्ने उनले जान्न चाहेका होलान्।

हामी शाही महल पुग्दा साँझ परिसकेको थियो। अग्लो ढोकाको बीचबाट मलाई हात-हतियारसहितका पहरेदारहरूले भित्र जान दिए। राजदरबारको बरन्डामा शाही-परिवार मेरो बाटो हेरिरहेको थियो। सबभन्दा अगाडि हरियो बुट्टेदार सुनको ज्याकेट र जोधपुरी पाइजामाजस्तो सेतो सुरुवालमा श्री ५ त्रिभुवन उभिबक्सेको थियो। श्री ५ का पछाडि दुइटी श्री ५ बडा महारानीहरू र श्री ५ राजकुमारहरू उभिबक्सेका थिए। त्यसपछि अन्य भद्र महिलाहरू उभिएका थिए। सबैका सारी सुनौला जरीवाल थिए। मैले टाउको झुकाएर 'नमस्ते' भनें, जसको अर्थ हो "म तपाईंमा भएको देवत्वको अभिनन्दन गर्दछु।"

"यिनी नेपाली जान्दछिन्।" श्री ५ प्रफुल्लतासाथ हाँसिबक्स्यो।

मैले भारतमा के सुनेकी थिएँ भने श्री ५ त्रिभुवन पाँच वर्षको बाल्य अवस्थामा नै राजगद्दीमा बसिबक्सेको थियो। तेह्र वर्षको अवस्थामा श्री ५ बडा महारानीहरू––जो दिदी बहिनी होइबक्सिन्छ––सँग बिहे गरिबक्स्यो। काला-काला कोमल आँखा भएका सूक्ष्मदर्शी श्री ५ अहिले ४२ वर्षको होइबक्सिन्थ्यो। मेरो यात्राको वर्णन गर्दा श्री ५-का आँखा रसाएर आए, अनि चिन्तापूर्वक गुनगुनाइबक्स्यो––"मलाई यात्रा गर्ने इच्छा हुन्छ––मैले पटक्क घुमेको छैन।" त्यसै बीचमा मलाई शाही चिकित्सकले भित्र पसेर मालिस गर्ने टेबुल जाँच्ने अनुरोध गरे।

केही दिनपछि म श्री ५ जेठा महारानीलाई प्रथम उपचार गरिरहेथें, अनि मौसूफको कानेखुशी 'मलाई धेरै सन्चो भयो। पुनर्जीवन प्राप्त भएझैं लागिरहेछ' भन्ने सुन्न पाउँदा हर्षले गद्गद भएँ। दोस्रो

पटकको उपचारको समयमा श्री ५ त्रिभुवन पनि होइबक्सिन्थ्यो। मलाई अचम्म केमा लाग्यो भने श्री ५-ले केही पनि गर्नुपर्दैनथ्यो। सबभन्दा अल्सी शासक। मैले त के ठानेकी थिएँ भने अवश्य कागत-पत्रहरूमा सही गरिबक्सँदो हो--तर मौसूफ यस्तो केही पनि गरिबक्सन्नथ्यो।

चिया-खाजाको समयमा एक्कै साथ खान मलाई पनि बोलाइन्थ्यो, अनि जति-जति दिन बित्दै गए उति-उति म शाही परिवारको जीवनसँग मुछिएँ। म श्री ५-बडा महारानीहरूलाई अंग्रेजी र जर्मन भाषा सिकाउँथें, अनि मौसूफहरूका दामी-दामी सारीहरूको ढाँचा बनाउनमा सहायता पनि गर्दथें। श्री ५ बाट मलाई 'नाच सिकाऊ' भन्ने आदेश बक्स्यो। अनि हामी सधैं ग्रामोफोनमा नाच्थ्यौं। तर समय बित्तै जाँदा मैले के थाहा पाएँ भने यस भद्र परिवारमा केही कुराको तह मिलेको छैन। श्री ५ बराबर असन्तुष्ट र छट्पटाइबक्सेको देखिइन्थ्यो।

मौसूफको भायलिन, क्यामेरा, घडी र जवाहिरातहरूको थुप्रो, शाही बघैंचा यी वस्तुहरूले समयलाई ओगटेका थिए, म र श्री ५-को हृदयलाई होइन।

एक दिन, एकै छिन श्री ५ त्रिभुवनसँग एकान्तमा बस्ने अवसर पाएँ। मौसूफबाट हुकुम बक्स्यो, मैले साहस गरें--"मौसूफ केही पनि गरिबक्सन्न--यस्तो कसरी हुन सक्छ? के जनताको कल्याणमा उत्सुक होइबक्सिन्न?"

एक छिन द्विविधामा परिबक्सेपछि मलीन मुखाकृति लाइबक्स्यो, जुन मुखाकृति मैले पहिलो दर्शनमा देखेकी थिएँ। "म नाम मात्रको हुँ--त्यसदेखि परतिर केही होइन।" मौसूफबाट अन्त्यमा हुकुम बक्स्यो--"नेपालमा राणा-परिवारले शासन गर्दछ। तिमीले प्रधान मन्त्रीलाई देख्यौ? ती राजा हुन्। म कैदी हुँ। ताला मारिएको पाँच ढोकाबाट म थुनिएको छु। प्रत्येक ढोकामा पाँच-पाँच पहरेदार छन्--मेरो रक्षार्थ होइन, म उम्किन्छु कि भनेर।"

राजाको विश्वासपात्र एकै चोटि बन्न गाहारो पर्ने भएकोले मैले अलि-अलि गर्दै टुक्रा-टुक्रा कथालाई जोडजाड पारी सारा इतिहास

पत्ता लाएँ। सन् १८४६-मा फौजको कम्यान्डर-इन्-चीफ्ले सारा शक्ति हत्याई आफैले प्रधान मन्त्रीको पदवी धारण गरे। उनी मरेपछि शक्ति उनका भाइहरूका हातमा गयो। यस प्रकारसँग एक सय वर्षसम्म राणै-राणाको हातमा शक्ति रह्यो। प्रत्येक वर्ष ती स्थायी प्रधान मन्त्रीहरूले अधिराज्यलाई लुटे। प्रत्येक वर्ष तिनीहरू लगभग दश लाख पाउन्ड, राज्यको थोरै तिरोको आम्दानीबाट झिक्थे। उब्रेको चाहिं—कहिल्यै पनि बीस हजार पाउन्डभन्दा ज्यादा होइन—जनताको निमित्त खर्चिन्थे।

देशमा साह्रै थोरै स्कूलहरू थिए। तीन प्रतिशत मानिस मात्र लेखपढ गर्न जान्दथे। जनता जागृत हुन्छन् भन्ने त्रासले विदेशीहरूलाई नेपाल पस्न दिइन्नथ्यो। राणाको भक्तिमा कमी पर्न गए पनि सजा भोग्नुपर्थ्यो। उदाहरणस्वरूप, महात्मा गाँधीको भारतको रेडियो भाषण रेडियोमा सुन्यो भनेर एउटा मानिसलाई सजाय गरियो। जसोतसो राजालाई मार्नुचाहिं देवत्वलाई नै नष्ट पार्नु ठानिएकोले राणाले यस्तो दुस्साहस गर्न सकेनन्। नेपालीहरू राजालाई ईश्वरका अवतार मान्दछन्।

यस्ता प्रकारका सत्ताहीन राजा अन्य कोही थिएनन्। श्री ५-बाट के हुकुम बक्स्यो भने "म चिठीपत्र लेख्न सक्तिनँ, किनभने खोलेर पढिन्छन्। मेरा पुस्तक र पत्र-पत्रिकाहरू जम्मै जाँचिन्छन्। मलाई नियमअनुसारको शिक्षा ग्रहण गर्नबाट अलग्ग गरिएको छ।"

मौसूफले आफूलाई दबाउनेहरूको आँखा एकै पल्ट मात्र छलिबक्सेको थियो। मौसूफ तन्नेरी होइबक्सँदा भारत भ्रमणको अनुमति प्राप्त गरिबक्सेको थियो। भारतबाट फर्कंदा आफ्ना इच्छानुसारका पुस्तकहरू ल्याइबक्सनको निम्ति मौसूफले शाही यात्रामा ठूलो आलमारीमा मालताल हाल्नुको सट्टा ढुङ्गैढुङ्गाले भरिएको भारीतारी लादिबक्स्यो। ती पुस्तकहरू पढेर श्री ५ स्वयं शिक्षित होइबक्स्यो तथा प्रजातान्त्रिक अधिकार र सामाजिक न्यायका विचारधाराहरू सिकिबक्स्यो।

"स्कूल, स्कूल, स्कूल" श्री ५ प्रायः चिच्याइबक्स्यो—"हाम्रो देशमा स्कूलहरू हुनै पर्छ।" मौसूफ जनताको मताधिकार चाहिबक्सन्थ्यो। देशमा उद्योग-धन्दा र बाटाघाटाहरू चाहिबक्सन्थ्यो।

नेपाल आउनुभन्दा पहिले राजनीतिसँग मेरो साह्रै कम सम्बन्ध थियो। अब श्री ५-सँगको वाद-विवाद, नोकर बनाउने क्रूर शासन-पद्धति र जनताको दीनहीन अवस्था देखेर मलाई पनि रिसको ज्वाला छुट्यो। मेरो जति चाख बढ्दै गयो त्यति बुद्धिले पनि काम गर्‍यो। निकै अघिदेखि नै नेपालका र भारतमा निष्कासित भएका नेपालीहरूले प्रजातान्त्रिक राज्यको निमित्त क्रान्तिको आवाज उठाइरहेका थिए। तर उनीहरूलाई बाहिरको प्रभावशाली शक्तिको आवश्यकता थियो। त्यसको माने हो––भारतको........

के भारतले श्री ५ त्रिभुवनको सत्ताको अभिलाषामा सहयोग देला? मैले उपाय गर्ने निर्णय लिएँ। काठमाडौंमा पुराना मित्र भारतीय राजदूतसँग मैले भेटें। अन्य विदेशी कर्मचारीहरूले जस्तै उनले पनि श्री ५-को दर्शन एउटा राणाको उपस्थितिमा बाहेक अरू बेला गर्न पाउँदैनथे। मैले उनीसँग मौसूफको प्रजातान्त्रिक सरकारको इच्छालाई व्यक्त गर्दा उनले आफ्ना ठूला-ठूला आँखा पल्टाएर विश्वास दिलाए, "यसको केही परिणाम निक्लेला।" श्री ५ र उनको एकान्तमा भेट गराउने अत्यन्त कठिन कार्यको अभिभारा पनि उनले मलाई नै सुम्पे।

राणाका कुनै पनि गुप्तचरले नसुन्ने शाही बघैंचामा योजना तयार पारियो। श्री ५-ले आफ्ना विवाहित पुत्र श्री ५ अधिराजकुमार हिमालय-वीरविक्रमकहाँ जान पाउने अनुमति पाइबक्सियो। मौसूफले भायलिन लिइबक्सियो, अनि राणाले नियुक्त गरेका अङ्गरक्षकलाई ढोकामा पर्खने आदेश बक्सेर अधिराजकुमारको दरबारभित्र बिलाइबक्स्यो। तुरुन्त लुगा फेरिबक्स्यो, अनि दरबारको पछिल्तिरको बाटो धान-खेत पार गरिबक्स्यो। अनि गाडीमा लुकेर भारतीय राजदूतावास पुगिबक्स्यो। दुई घण्टापछि दिनको सुरिलो र आनन्ददायक संगीतमा मस्त भएर थाकेझैं गरी काखीमा भायलिनको खोल च्यापी छोराको दरबारबाट आफ्नै गाडीमा फिरिबक्स्यो।

"गोटी चाल्न थाल्यौं, एरिका! तिमी चतुर छयौ––तिमीमा मलाई भरोसा छ।" यसो भन्दा मौसूफ अत्यन्त प्रफुल्ल देखिइबक्सन्थ्यो।

श्री ५ र राजदूतको बराबर भेटघाटमा संकट उत्पन्न हुने हुनाले मैले यताको खबर उता र उताको खबर यता गरें। यस्तो काम गर्न अत्यन्त कठिन थियो भन्ने कुरो मैले कसरी थाहा पाएँ भने मेरो अङ्गरक्षक राणाको खास मानिस थियो, अनि उ मेरो प्रत्येक हावभावको अध्ययन गर्दथ्यो। त्यसै कारण म पक्राउ पर्ने खालको कागतको टुक्रा नलैजान सतर्क थिएँ।

चाँडै नै षड्यन्त्रको रूपरेखा तयार हुन थाल्यो। प्रभावशाली नेपालीहरूले भारतमा नेपाली कांग्रेसको नेतृत्वमा वैधानिक राजतन्त्रलाई जोड दिएर शक्ति जमाउन थालिसकेका थिए। नेपालमै पनि राजाका पक्का वफादार धेरै थिए। तैपनि श्री ५-ले भारतबाट सहायताको पक्का आश्वासन नपाईकन उचित कार्यवाही गर्न सकिन्न भन्ने ठानिबक्स्यो।

भारतीय राजदूत सुरजीतसिंहलाई भारत फर्कने आदेश आएकोले काममा तगारो पऱ्यो। मौसूफमा निराशा छायो। तर नयाँ राजदूत सी०पी०एन्० सिन्हाले यस विषयमा सहानुभूति दर्शाए। मेरो उनीसँगको पहिलो भेटमा नै मैले के थाहा पाएँ भने उनले हाम्रा आकांक्षाहरूलाई बुझिसकेका छन्, किनभने हामीबाहेक अरू कोही नहुने बनभोजमा जाने उनले सल्लाह गरे।

बनभोजमा मैले उनलाई 'राणाशासन उन्मूलन गर्ने राजाको प्रयत्नमा भारतले साथ दिनेछ भन्ने विश्वास मौसूफलाई गराउनुपर्दछ' भनें। यसको निमित्त नेहरूको व्यक्तिगत पत्र चाहिन्छ भन्ने कुरोमा हामी दुवै सहमत भयौं। 'आफन्तको मृत्युको शोकक्रियाका निम्ति भारत जाँदैछु' भन्ने कुरा प्रकट गरी उनी भारततर्फ लागे। उनको भित्री उद्देश्यचाहिं के थियो भने राजाका योजनाहरू नेहरूलाई अवगत गराउनु र पत्र ल्याउनु।

त्यसै बीचमा मेरो काठमाडौं बस्ने अवधि टुङ्गिंदै आइरहेको थियो। श्री ५ जेठा बडा महारानीलाई अरू उपचारको आवश्यकता पऱ्यो भन्ने हेतुले मेरो दुई महीनाको राहादानीमा अरू तीन महीना थप गरियो। महारानी पूर्ण रूपले निको होइबक्स्यो। त्यसपछि मेरो उपस्थितिको अरू केही आवश्यकता थिएन।

बिदाको मेरो अन्तिम दिनलाई म कहिल्यै पनि बिर्सन्नँ। दिवानहरू (Divans), पियानो र भएभरका टेबुलहरू श्री ५ त्रिभुवन र श्री ५ ब्रडा महारानीका बक्सिसले टम्म छोपिएका थिए। प्रत्येकमा 'एरिका' नाम खोपिएको थियो। अनि रूपौला र सुनौला कागजमा बेरिएका थिए। ती सबैमा आकर्षक अत्यन्त सुन्दर तरीकाले बनाएको सुनको चुरा थियो। यो चुरा श्री ५-ले आफ्नै हातले मेरो नारीमा लगाइदिइबक्स्यो।

"आम्मै! यति बिघ्न बक्सिस?" म गुनगुनाएँ--"म मेरो सौहार्दता सधैं कसरी प्रकट गर्न सक्दछु र?"

मौसूफबाट हुकुम बक्स्यो--"भारतमा हामीलाई सहायता गर्न सक्ने प्रत्येकसँग तिमीले कुरा गर्नू है? त्यसपछि मलाई आफूतिर तानिबक्स्यो र एक अर्कासँग पत्र-व्यवहार गर्न सकियोस् भन्नाको निमित्त खूब सोचेर बनाइबक्सेको सांकेतिक भाषाको एक ताउ कागत मलाई दिइबक्स्यो। यो सजिलो प्रकारको गुप्त भाषा थियो। उदाहरणार्थ, राणाको निम्ति 'साँप', नेहरूको निम्ति 'डाक्टर', राजदूतको निम्ति 'चरा' र चिठीको निम्ति 'फूल' लेखिएको थियो।

म भारत फिरेपछि मौसूफले नेहरूको पत्र पाएँ भन्ने चिठी लेखिबक्स्यो। काठमाडौंमा मेरो अन्तिम काम मौसूफमा पत्र हस्तगत गराउनु थियो। सबै कार्य योजनाबमोजिमै नै हुँदै गए। सिन्हाले शाही बघैंचा हेर्न जान पाउने अनुमति मागे। त्यस बेला श्री ५ स्वयंले सिन्हाको स्वागत गरिबक्स्यो। यस्तो कार्य राणाको प्रतिनिधिको उपस्थितिविना अवश्य नै गर्न सकिबक्सन्नथ्यो, तर जस्तै चतुर आठपहरियाको पनि एकै छिन त आँखा छल्न सकिन्छ। त्यस्तै मौका छोपेर राजदूतले चिठी मौसूफमा हस्तगत गराए।

पूर्ण विवरण लेख्न हाम्रो गुप्त भाषाका शब्दहरू सीमित भएकाले श्री ५-लाई बाधा परेको थियो। मौसूफले लेखिबक्स्यो, "चरा बघैंचामा आएर डाक्टरको फूल मलाई दिए।" बिनासंकेत सोझै भाषामा अरू यसरी लेखिबक्स्यो, "तिमीले नै बीउ रोप्यौ अनि बिरुवाको स्याहारसुसार पनि गर्‍यौ। म तिमीलाई हृदयान्तरदेखि धन्यवाद दिन्छु।"

काठमाडौंवरिपरिका डाँडा-काँडाहरूमा शिकार गर्न जाने निहुँमा नवेम्बर ६, १९५०-को बिहानीपख शाही परिवारको सवारी सुरक्षित गाडीमा भयो। आफ्ना-आफ्ना आठ पहरियासहित श्री ५ त्रिभुवन र युवराजाधिराज श्री ५ महेन्द्रले गाडी हाँकिबक्सेको थियो। ती आठ पहरियाहरूले पत्तै नपाउने गरी खानेकुरा हाल्ने डालाहरूमा जवाहिरातहरू भरिएका थिए। सवारी राजदूतावास जाने बाटोपट्टि भयो। शाही परिवार भारतीय राजदूतावास पुग्नेबित्तिकै अकस्मात् ढोका खोलियो र गाडीहरू भित्र दगुराइए। आठपहरियाहरूलाई शाही परिवार अब भारतीय भूमिमा होइबक्सिन्छ भन्ने सन्देश सुनाउन उनीहरूका आफ्ना प्रभुकहाँ फर्काइए।

प्रधान मन्त्रीले रिसले चुरमुरिएर भारतीय दूतावासलाई फौजले घेर्न लगाए, तर आखिरमा अन्तर्राष्ट्रिय कानून र भारतको शक्तिअगाडि उनले झुक्नुपऱ्यो। अनि श्री ५ त्रिभुवन सपरिवार सुरक्षित रूपमा नयाँ दिल्ली पुगिबक्स्यो। फेरि श्री ५ त्रिभुवन स्पष्ट रूपले क्रान्तिकारी शक्तिसँग परिचित होइबक्स्यो। नेपालको बल्दो शक्ति र भारतीय दरो सहयोगले अन्त्यमा राणा शासन ढल्यो। १०६ दिनको प्रवासपछि संयुक्त सरकार गठन गरी क्रान्तिको ज्वाला समाप्त पार्न श्री ५ त्रिभुवन काठमाडौं सवारी होइबक्स्यो। यस मन्त्री-मण्डलमा भूतपूर्व प्रधान मन्त्रीलाई पनि समावेश गरियो।

श्री ५-को निमन्त्रणामा म ठीक एक वर्षपछि नवेम्बर १९५१-मा काठमाडौं गएँ। देशमा विप्लवको पुनर्व्यवस्था मिलाउन अझै बाँकी थियो। हाम्रो भेटघाट थोरै मात्र भयो। तैपनि मतिर प्रफुल्ल नजरले देखाइबक्सेको पत्रको सम्झना भइरहन्छ, "मैले यो तिमीलाई सबभन्दा पहिले देखाउन चाहेको थिएँ।" त्यो प्रधान मन्त्रीको राजीनामा थियो।

पुरानो भोग-विलास र आलस्यको वातावरण समाप्त भइसकेको थियो। श्री ५-का टेबुलहरू नक्साको थुप्रो र सरकारी कागत-पत्रहरूले भरिपूर्ण थिए। "यी स्कूलहरू बनाउने योजना हुन्।" एउटा बेरिराखेको कागत उठाउँदै हुकुम भयो। त्यसपछि गौरवसाथ नक्सा खोल्दै देखाइबक्स्यो, "यी बाटाहरू हामी बनाउनेछौं।"

त्यसपछि मैले लन्डननिवासी हुन चाँडै भारत छाडें। सन् १९५४-को शुरूमा नै मौसूफले 'बस्ने गरेर आऊ' भन्ने पत्र लेखिबक्स्यो। मैले अक्टुबर महीनामा जाने पक्का गरें। तर तोकिएको समयलाई पर नसारी भएन। किनभने श्री ५ हृदयरोगले ग्रस्त होइबक्सेकोले स्वीट्जरल्यान्डमा उपचार गर्न सवारी होइबक्स्यो। मार्च १३, १९५४-को दिन जुरिच अस्पतालमा मौसूफले देह-त्याग गरिबक्स्यो।

अब काठमाडौं संसारबाट पृथक् छैन। नयाँ दिल्लीबाट प्रायः दिनदिनै काठमाडौंमा हवाईजहाजहरू उड्छन्। जीप चल्ने बाटो भारतसँग जोडिएको छ। टम्स कूक एन्ड सन्स्को पुस्तक यस सानो विचित्र अधिराज्यमा घुम्दछ।

सन् १७७१-पछि क्रिश्चियन संस्थालाई नेपाल प्रवेशको अनुमति दिइएको थिएन र भर्खरै प्रोटेस्टेन्ट मिशनरीहरूले काठमाडौंमा एउटा अस्पताल खोलेका छन्। कृषि-विशेषज्ञहरूले राम्रा-राम्रा उब्जाउ हुने ठाउँमा नयाँ-नयाँ कृषि-पद्धति लागू गरिरहेछन्।

आजभोलि लन्डनमा मेरो दैनिक कार्यक्रमअनुसार यताउति जाँदा फुर्सदको समय पाउँछु, अनि म आफूले आफैलाई प्रश्न गर्छु, "८० लाख जनसंख्या भएको त्यस टाढाको अधिराज्यको भाग्यलाई मैले के साँच्चि नै केही गर्नु थियो त?" यस्तो अवसरमा म मेरो सुनको चुरालाई छुन्छु अनि भन्छु—"यो सत्य हो।"

*****

श्रद्धाञ्जलि

कीर्तिनिधि विष्ट

ससाना टुक्रामा विभाजित नेपाललाई एकताको सूत्रमा आवद्ध गरेर नेपाली जाति र राष्ट्रियताको निर्माणका साथै नेपाललाई प्रगति-पथमा अग्रसर गराउन नेपालको शाहवंशीय राज-परम्पराले ठूलो श्रेय प्राप्त गरेको छ। श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको नेतृत्व, साहस र कर्मठताको परिणामस्वरूप नेपालको एकीकरण भयो। तर दुर्भाग्यवश १०४ वर्षसम्म जहानियाँ शासनको घेरामा जकडिन परेकोले प्रगतिको मार्ग अवरुद्ध हुन गएको थियो। त्यस बन्धनबाट नेपालीलाई मुक्त गराएर प्रजातन्त्रको स्वच्छ वातावरणमा ल्याउने जनप्रिय राजा राष्ट्रपिता श्री ५ त्रिभुवन होइबक्सिन्थ्यो।

राष्ट्रपिताको पुष्ट, गोरो, गम्भीर तथा ओजस्वी स्वरूप निश्छलता र करुणाको प्रतिमूर्ति थियो। तर यस शान्त र सुन्दर स्वरूपभित्र एउटा ठूलो विद्रोहको भावना थियो, देशलाई एकतन्त्रीय राणा-शासनबाट मुक्त गराउने एउटा महान् संकल्प थियो। शिक्षकको माध्यमबाट, तीर्थयात्राको निहुँले, अनि पुस्तकहरूको गुप्त आदान-प्रदानबाट राणा-शासनको अँध्यारो बादललाई सधैंको निम्ति हटाएर नेपालमा प्रजातन्त्रको ज्योति फैलाउने प्रयत्न मौसूफबाट हुँदै गयो। राजाको यस्तो पवित्र एवं महान् विचारबाट जनता अपरिचित थिएनन्। सबै समयलाई पर्खेर बसेका थिए। साहसी राजाले प्रजातन्त्रको निम्ति प्राणको बाजी लगाए। श्रीपेच र सिंहासनलाई हत्केलामा राखेर दरबारलाई लत्याए। शहीदको आत्माको शंखध्वनि दिग्दिगन्त फैलियो। राजभक्त जनताले जनप्रेमी राजाको साथ दियो। राजा र प्रजाको बीचमा रहेको प्रतिबन्धको अँध्यारो रात हरायो। २००७ साल फाल्गुन ७ गते प्रजातन्त्रीय उषाको स्वर्णिम आभा हिमालमा झल्क्यो। यसैले नेपाल र

नेपालीको इतिहासमा फागुन ७ गते स्वर्णाक्षरले लेखिएको छ। यो नेपाली मात्रको सबैभन्दा ठूलो पर्व र उत्सवको दिन हो। यसका सूत्रधार राष्ट्रपिता श्री ५ त्रिभुवन होइबक्सिन्छ। राजाको तपस्या र त्यागले गर्दा नेपालीले प्रजातन्त्रको स्वच्छ हावामा सास फेर्न लागे। राजा र प्रजा मिलेर सुख-दुःखको व्यवस्था आफैं मिलाउन थाले।

राष्ट्रपिता श्री ५ त्रिभुवनबाट जनतालाई प्रजातान्त्रिक अधिकारहरू प्रदान गर्ने सदिच्छाअनुरूप अन्तरिम संविधान बक्स्यो। स्वतन्त्र न्यायालय र लोकसेवा-आयोगको व्यवस्था भयो। यसरी जनतालाई अधिकारहरूको उपयोग गराएर प्रजातन्त्रलाई दरिलो बनाउने प्रयत्न गर्दागर्दै मौसूफको स्वास्थ्य बिग्रँदै गयो। प्रजातन्त्रको अग्रदूत ज्योति एक करोड नेपालीलाई शोकाकुल तुल्याएर २०११ सालको फागुन ३० गते अलप भयो।

राष्ट्रपिता श्री ५ त्रिभुवनलाई नयाँ युग प्रारम्भ गर्ने श्रेय छ। वास्तवमा संसारको इतिहासमा राजाले ज्यूज्यान लगाएर प्रजाको खातिर संघर्ष गरेको यो उदाहरण अद्वितीय हो। अतः मौसूफ युगप्रवर्तक राजा होइबक्सिन्छ। मौसूफमा अनेक प्रशंसनीय गुणहरू विद्यमान थिए। प्रजाको पितातुल्य राजामा प्रजावात्सल्य थियो। जनताको दुःखमा मौसूफको हृदय द्रवीभूत हुन्थ्यो। उदारताका खानिस्वरूप मौसूफबाट कुनै प्रार्थी विमुख हुँदैनथ्यो। त्याग, सहनशीलता र धैर्य मौसूफका विभूषण नै थिए। यसैले मौसूफ आफ्नो अमूल्य गुणहरूद्वारा नेपाली हृदयमा अमर भएर विराजमान होइबक्सिन्छ। आज हाम्रो सामु श्री ५ त्रिभुवन होइबक्सिन्न, किन्तु मौसूफको अमर स्मृति छ। त्यो स्मृति हो——राजा र प्रजाको स्नेह, बाबु-आमा र सन्तानको, माया र ममताको, बन्धनबाट मुक्तिको, अनि एकतन्त्रबाट प्रजातन्त्रको। त्यसैले हामी नेपाली राष्ट्रियताको सिर्जनामा श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहलाई र नेपालीलाई पंचायती प्रजातन्त्रद्वारा आफ्नै रूपमा विकसित तुल्याएर संसारको सामु उभ्याउनेमा राजा श्री ५ महेन्द्रलाई सम्झन्छौं, अनि यी दुवैलाई जोड्ने र बीचको प्रतिबन्ध हटाएर राजा र प्रजाको घनिष्ठताको अक्षुण्णतालाई कायम गर्ने राष्ट्रपिता श्री ५ त्रिभुवनको स्मृतिचित्र नेपाली मात्रको हृदयाकाशमा सदा-सर्वदा तेजस्वी भएर चम्किरहनेछ।

*****

क्रान्तिकारी सम्राट् श्री ५ त्रिभुवन

कुँवरकान्त चौधरी

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ।।

श्रीमद्भगवद्गीतामा श्रीकृष्ण भगवान्ले भन्नुभएको छ—

जब-जब संसारमा धर्मको ग्लानि हुन थाल्दछ, तब-तब म वसुन्धराको पाप हटाउनलाई आफै जन्म लिन्छु।

उपर्युक्त कथनको पुष्टि पौराणिक अवतार र पृथ्वीमा धर्म-संकटका बेलामात्र हैन, राजनीतिक संकटमा पनि अनेकौं पटक भएको छ। यस कुराको पुष्टि ठूलठूला आदर्शवान् विश्व-नेताहरूको प्रादुर्भावले गर्दछ। महात्मा गाँधी, अब्राहम लिंकन, लेनिन, स्टालिन तथा मार्क्स जस्ता आदर्श पुरुषहरू आफआफ्ना राजनीतिक संकटकै निवारणार्थ आफआफ्ना देशमा अगाडि बढेका थिए।

विक्रम संवत् १९०३-देखि २००६ सालसम्म हाम्रो देशमा जुन विकट परिस्थिति थियो, त्यसबाट मुक्ति पाउन हामीलाई पनि राजनीतिक देवावतारको आवश्यकता भएको थियो। यसैको परिपूर्ति-स्वरूप संवत् १९६३ आषाढ १७ गतेको शुभ दिनमा राजमाताले श्री ५ त्रिभुवन जस्ता सुपुत्र पैदा गरिन्।

पृथ्वीमा धेरैजसो महापुरुषको अवतार थोरै दिनको लागि हुने भएकोले ती महापुरुषमाथि जन्म लिनेबित्तिकै गहन भारहरू आउन थाल्दछन्। राजनीतिक कुटिलताले गर्दा श्री ५ महाराजाधिराज पृथ्वीवीरविक्रम शाहदेवको असामयिक निधन भएकाले पाँच वर्षका श्री ५ युवराजाधिराज त्रिभुवनलाई नै राजगद्दीमा आसीन भइबक्सनुपऱ्यो। राज्यारोहणको यो शुभ दिन संवत् १९६८ मार्ग २० गते थियो।

बिस्तार-बिस्तारै बाल्यकाल बित्दै गयो र मौसूफ युवक हुँदै गइबक्स्यो, तर कुटिल राणाहरूले मौसूफलाई शिक्षा-दीक्षाबाट पूर्णतया वञ्चित राख्ने चेष्टा गरे। राजकाजबाट विमुख राखी मौसूफलाई आरामप्रिय र विलासी बनाउनु राणाको एकमात्र लक्ष्य थियो। तर पनि यसमा केही सीप लागेन, किनभने 'हुने बिरुवाको चिल्लो पात' भन्ने उखान मौसूफमा चरितार्थ हुँदै गयो। जन्मभूमि नेपालको उद्धारकर्ता मौसूफ नै भइबक्सनेछ भन्ने कुरा शुरूमा कल्लाई थाहा थियो होला! मौसूफको हृदयमा जुन अद्भुत प्रतिभा थियो, त्यसले मौसूफलाई अशिक्षित रहन दिएन। मौसूफको हृदयको क्रान्तिकारी वीज पनि अंकुरित हुँदै अन्तमा विशाल वटवृक्षको रूप धारण गरी समस्त देशवासीलाई शीतलता प्रदान गर्न तयार भयो।

भारतमा अंग्रेजी शासनको अन्त्य हुँदै थियो। नेपाली युवकहरू भारतीय जनक्रान्तिबाट प्रभावित हुँदै गइरहेका थिए। यस्तो बेला नेपालमा पनि राजनीतिक संस्था खुल्नु कुनै अस्वाभाविक कुरो थिएन। यत्रतत्र सानातिना संस्थाहरू खुल्न थाले। यसै सिलसिलामा राणा सरकारले संवत् १९९७ माघ १० गते शुक्रराज शास्त्रीलाई र १२ गते धर्मभक्तलाई फाँसीमा झुन्ड्याए। सोही १५ गते युवक गंगालाल र दशरथ चन्दलाई गोली हानेर होली खेले, जसको साक्षीस्वरूप वाग्मती एवं विष्णुमती नदीको लहर ऐले पनि हामीलाई ती वीर शहीदहरूको सम्झना दिलाउँदै छ।

यस्तो हृदय-विदारक घटनाबाट श्री ५ त्रिभुवनको दिलमा के कस्तो असर पऱ्यो होला। त्यो घटना असह्य थियो र त्यसैमा निहित भयो—राणाशाही भनौं वा तानाशाहीको शासनको अन्त्य। आखिर

मौसूफद्वारा यसको उपाय सोचिबक्सियो र एक दिन यस्तो आयो—मौसूफको सवारी भारतीय राजदूतावास (शीतल निवास)-मा भयो। मौसूफ सारा राज-परिवारका साथै सवारी भइबक्सेको थियो। यो कुरा २००७ साल कार्तिक २१ गते बिहान ७ वजे र ४५ मिनटमा भएको हो। मौसूफहरूलाई त्यहाँसम्म पुग्नमा श्री बी०एल्० शर्माले पनि सक्तो साथ दिएका थिए। तत्कालीन भारतीय राजदूत श्री चन्द्रेश्वर सिन्हाले मौसूफहरूलाई जुन दिल खोलेर स्वागत गरे त्यो पनि उल्लेखनीय छ।

२००७ साल कार्तिक २५ गते मौसूफहरूको सवारी भारत सरकारको सहानुभूतिले दिल्लीतिर भयो। तर बी०एल्० शर्मामाथि संकटकालीन स्थिति आइलाग्यो। राणाको चंगुलबाट आफूलाई बचाउन मुश्किल पर्‍यो। तर शर्माले धैर्यसाथ काम लिई दुई महीनासम्म भारतीय राजदूतावासमै शरणार्थीको रूपमा रही आफ्नो ज्यान बचाउनुभयो।

श्री ५-हरूको सवारी भारततिर भएपछि सारा जनताको रगत उम्लियो। देशका कुना-कुनामा क्रान्ति हुन थाल्यो। राणाहरू भने झन् दमन गर्न थाले। जनसाधारणलाई उनीहरूले अमानुषिक यातना दिन छोडेनन्। श्री खड्गमानसिंहलाई २० वर्षदेखि कालकोठरीमा उमालिरहेका थिए। कविवर श्री सिद्धिचरण पनि कालकोठरीबाट मर्दा-मर्दा बाँचे। कप्तान श्री खण्डमानसिंहले जेलभित्रै कोर्राको मार खाँदा-खाँदै प्राण त्याग गरे। वीरवर मैनाबहादुर पनि मातृभूमिलाई रक्तदान दिंदा-दिंदै स्वर्ग भए। यस्तै मास्टर चिनियाँमानसिंह, बलबहादुर पाँडे, वयोवृद्ध कृष्णप्रसाद कोइराला जस्ता अनेकौं वीरहरूले मातृभूमिको बलिवेदीमा आफूलाई चढाए। उता वीरगन्जको क्रान्तिकारी संग्राममा थिरबम मल्लले प्राण अर्पण गरे र बुधसिंहले दाहिने हात तथा देब्रे गोडा कटाएर बहादुर नेपालीको परिचय दिए। यसरी देशका सुपुत्रहरूले सदियौंदेखि सेलाइरहेको वलिवेदीलाई तातो रगतले सिंचेर एक चोटि फेरि तातो पारिदिए।

स्वतन्त्रता भेटिन्छ अवश्य। त्यसको लागि त्याग चाहिन्छ, वलिदान चाहिन्छ र चाहिन्छ कठिन तपस्या। तपस्याको पूर्ति

हुनासाथै सारा कार्य स्वभावतः सफल भइहाल्दछन्। नेपालमा पनि नेपालीको तातो रगतले उनीहरूको तपस्या पूरा भइसकेको थियो, राणा-शासन ढल्न ग्राँटेको थियो। कमिलालाई मर्दा खेरि प्वाँख हुन थाल्दछ, बत्ती निभ्नुभन्दा ग्रगाडि एक चोटि खूब जोरले बल्दछ। त्यस्तै राणाहरू पनि ग्राफ्नो ग्रन्त्य हुनुभन्दा ग्रगाडि हुनेसम्म ग्रत्याचार गरिरहेका थिए, कलुषित व्यवहार गरिरहेका थिए र गरिरहेका थिए प्रत्येक नेपालीमाथि ग्रतिक्रमण।

ग्रन्ततोगत्वा राणाहरूले हार खाए, उनीहरू पछारिए र विजयी भए हाम्रा क्रान्तिकारी युवकहरू। तत्कालीन राणा प्रधान मन्त्री मोहनशमशेरले ग्रात्मसमर्पण गरे। श्री ५ त्रिभुवनलाई सपरिवार स्वदेश प्रत्यागमनको लागि उनले बिन्ती चढाए। यता सारा देशवासी राष्ट्रपिताको दर्शनका लागि विह्वल थिए।

श्री ५-हरूको प्रत्यागमन २००७ साल फागुन ४ गते नेपालको राजधानी काठमाडौंमा भयो। श्री ५-हरूको दर्शनले लाखौं नर-नारी ग्राफ्ना ग्राँखालाई शीतल तथा हृदयलाई सन्तुष्ट पार्नका लागि गौचर हवाईग्रड्डामा पुगे। श्री ५ त्रिभुवनद्वारा सोही फागुन ७ गते प्रथम प्रजातान्त्रिक मन्त्री-मण्डलको गठन र ग्रन्तरिम विधानको घोषणा गरिबक्सियो। नेपालीले ग्राफ्नो-ग्राफ्नो ग्रधिकार पाए, स्वतन्त्रता पाए र पाए वास्तविक राजाको छत्रच्छाया।

ग्रफशोच, ग्राज यस्ता देवावतार महामानव हाम्रो बीच छैनन्। स्वतन्त्रताको चार वर्षपछि २०११ साल फागुन ३० गते मौसूफको दुःखद निधन भइहाल्यो। मानौं जनतालाई स्वतन्त्रता प्राप्त नहुन्जेल यहाँ ग्रवतीर्ण होइबक्सेको रहेछ। हाम्रा माझ मौसूफ नभइबक्से तापनि मौसूफको पुण्यस्मृति हाम्रो रौं-रौंमा र हरेक धड्कनमा रहेको छ। मौसूफको दिवंगत ग्रात्मालाई चिर शान्ति होग्रोस् र त्यो पवित्र ग्रात्मा परमात्मामै मिलोस्——यही हाम्रो कामना र श्रद्धाञ्जलि छ।

*****

स्मृति-पुष्पाञ्जलि

कृष्णप्रसाद उपाध्याय

विश्वका विविध देशमा विविध राजलक्षणले विख्यात भएका राजवंशहरूका विविध वर्णन इतिहासबाट हामीले फेला पारेका छौं। राजसत्तात्मक विविध प्रजातन्त्रपद्धति पनि देखे-सुनेका छौं। तर शास्त्रमा वर्णित राजधर्मको अनुकूल राजवंश र राजसत्तात्मक प्रजातन्त्र पद्धति पाउने सौभाग्य गौरवशाली हाम्रो नेपालबाहेक अरू कसैलाई छैन।

हाम्रो नेपालका थुम्को, मानदेव, अंशुवर्मा, नरेन्द्रदेव, यक्ष मल्ल, अरमुण्डी प्रभृति प्रतापशाली राजाहरूले आफ्ना-आफ्ना कार्यकौशलबाट इतिहासका पाताहरूलाई पवित्र पारेका छन्। यसरी नेपालले ख्यातनामा राजाहरू परम्परादेखि नै पाइरहेको छ। यिनमा पनि वर्तमान शाहवंश र त्यस वंशका राजत्रयी श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहदेव, राष्ट्रपिता श्री ५ महाराजाधिराज त्रिभुवन-वीरविक्रम शाहदेव र वर्तमान श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवमा जो विलक्षण विशेषता देखिएको छ त्यो कसैमा पनि भेटिंदैन। यी तीनमध्ये पहिलाबाट खण्डविखण्ड भई बलहीन भएको नेपाल अच्छेद्य एकताको एक सूत्रमा बाँधिई प्रबल भयो। दोस्राबाट अतिनिरंकुश राणा-शासनरूपी विकराल अजिंगरको मुखमा परी 'त्राहिमाम्, त्राहिमाम्!' गरिरहेको नेपालले पुनर्जन्म पाई स्वतन्त्रताको सुनौला ताज लगाउन पायो। तेस्रोबाट राजाको संवैधानिक नायकत्वमा देश र जनताअनुकूल निर्दलीय पञ्चायती व्यवस्थाको मध्यमणिले सुशोभित स्वतन्त्रताको ताज लगाई नेपाल अझ झन् गौरवान्वित भयो। हामी समस्त नेपाली लोभानि

पापानितिर नलागी निःस्वार्थ भावनाले अघि बढ्यौं भने निकट भविष्यमैं यो नेपाल विकासको उच्चतम शिखरमा पुग्न बेर लाग्नेछैन।

राजा त्रिभुवनको जन्मतिथि विक्रम संवत् १९६३ आषाढ शुक्ल नवमीबाट नै हुने विरुवाको चिल्लो पातको आभास भएको देखिन्छ। यद्यपि ज्योतिष शास्त्रले नवमी तिथिलाई रिक्ता (शून्य) तिथि मानी निन्दनीय ठहराएको छ, तापनि यो शुक्ल पक्षमा परेकोबाट वेद, पुराण, धर्मशास्त्रले तिथि जस्तै पूर्ण एवं फलदायक तिथि भनी निर्णीत गरेका छन्। आदर्श राजा मर्यादा पुरुषोत्तम रामको जन्मतिथि चैत्र शुक्ल नवमी नै हो, आदर्श सती शिरोमणि सीताको जन्मतिथि वैशाख शुक्ल नवमी नै हो र लोककल्याणकारिणी आदिशक्ति दुर्गाको जन्मतिथि पनि आश्विन शुक्ल नवमी नै हो। मौसूफका अविस्मरणीय गुणहरूले पनि यस कुरालाई प्रमाणित गरिदिसकेबाट अब यसमा अरू विशेष प्रमाण प्रस्तुत गर्न पर्ला जस्तो लाग्दैन। विद्वान्‌हरूबाट विश्वमा राजाको स्तुति गरिएको छ--

अराजके हि लोकेऽस्मिन् सर्वतो विन्दते भयात्।
रक्षार्थमस्य सर्वस्य राजानमसृजत् प्रभुः॥

इन्द्रानिल यमार्काणामग्नेश्च वरुणस्य च।
चन्द्र वित्तेशयोश्चैव मात्रा निर्हृत्य शाश्वतीः॥

यस्मादेषां सुरेन्द्राणां मात्राभ्यो निर्मितो नृपः।
तस्मादपि भवत्येष सर्वभूतानि तेजसा॥

बालोऽपि नावमन्तव्यो मनुष्य इति भूमिपः।
महती देवता ह्येषा नररूपेण तिष्ठति॥

--मनु० अ० ७, श्लो० ३।४।५।८

नराणां च नराधिपः। --भगवद्गीता।

(सृष्टि गरिएको मानवसमूह राजारहित भै भयले जतातते भागाभाग गर्न लागेको देखी ईश्वरले राजाको सृष्टि गरे। इन्द्र, वायु, धर्मराज, सूर्य, अग्नि, वरुण, चन्द्र र कुवेर यी अष्ट दिक्पालको अंश एकत्रित गरी राजाको सृष्टि गरेका हुन्। यसैले राजामा

विशिष्ट प्रताप जागृत हुन्छ र त्यसले गर्दा समस्त प्रजा राजाको अनुशासनमा रही काम गर्छन्। राजा बालकै भए पनि सामान्य मनुष्य हो भनी हेला गर्न हुन्न। किनभने राजा मनुष्य रूपमा महान् देवता हुन् भन्ने ठान्नुपर्दछ। गीतामा कृष्णले भनेका छन्––मनुष्यमा राजा मै हुँ।)

यस्ता अनेक उदाहरणद्वारा राजालाई यथार्थतः देवांशकै रूपमा स्तुति गरिएको देखिन्छ। उपर्युक्त उद्धरणहरू अहिलेको युगमा सर्वांशतः मौसूफमा नै चरितार्थ भएका थिए। यसर्थ विक्रम संवत् १९६८ सालमा पाँच वर्ष मात्रको उमेर छँदा पितृवियोग मै मौसूफबाट राज्य-सिंहासन प्राप्त गरिबक्सेकोमा एकतन्त्री निरंकुश राणा-शासनले राजोचित कदर नगरी धर पाएको थिएन। कठपुतली बनाएर राखेका भए पनि मौसूफलाई समाप्त पार्ने सारा प्रयत्न विफल हुँदै गए। जनतालाई स्वतन्त्र पार्न राजसिंहासन समेत त्याग गरी दिल्ली सवारी हुँदा मौसूफकै नाति श्री ५ ज्ञानेन्द्रवीरविक्रम शाहदेवलाई राजसिंहासन सुम्पे, तर राज्य नै हडप गर्ने दुस्साहस भएन। अष्ट दिक्पालका समस्त गुण भएर नै १०४ वर्षदेखिको भयङ्कर राणा-शासनको प्रपंचलाई विफल पार्न २००७ कार्तिक २१ गते सतत जागरूक दुष्टहरूको समेत आँखा छली भारतीय राजदूतावासमा सावारण मानिसझैं अकस्मात् पुगिबक्स्यो। लगत्तै दिल्ली सवारी भै किचिई लुछिई समाप्त हुन लागेको स्वयंसहित नेपालको सुरक्षा गरिबक्स्यो––विष्णुले पशु बँदेल बनेर पनि पृथ्वीको उद्धार गरेझैं। यसैको फलस्वरूप नेपालले पूर्ण स्वतन्त्रता प्राप्त गर्न सक्यो। २००७ फागुन ४ गते दिउँसो ३ बजे शान्तिपूर्वक सम्झौता गरी दिल्लीवाट फर्किबक्सी गौचर हवाईअड्डामा प्रसन्न वदन र अभय मुद्राद्वारा गगनभेदी जयजयकार गर्ने सभक्ति स्वागतमा भेला भएका प्यारा प्रजाहरूप्रति हार्दिक ममता प्रदर्शन गरिबक्सेको सम्झँदा राजामा विष्णुको अंश किंवा अष्टदिक्पालको अंश यथार्थ नै हुँदो रहेछ भन्ने कुरो छर्लङ्ग भएको छ। २००७ फागुन ७ गते राणा र कांग्रेसको संयुक्त मन्त्री-मण्डल खडा गरिबक्सेपछि बीचमा आएका भयंकर परिस्थितिमा पनि शारीरिक अस्वस्थताको समेत किंचित् ख्याल नगरी सतत जागरूक रहिबक्सी प्यारा प्रजाको सुरक्षा गरिबक्स्यो––विष्णुले

मत्स्य कच्छपादि नाना अवतार लिएर भक्त जनको उद्धार गरेझैं। यसले गर्दा मौसूफलाई ईश्वरीय किंवा अष्ट दिक्पालांश अवतारी पुरुष मान्न करै लाग्दछ।

एकतन्त्री राणा-शासन समाप्त गरी नेपाललाई मुक्त पार्ने कोशिश गर्दागर्दै दुर्भाग्यवश स्वर्ग होइबक्सेका पितामह श्री ५ त्रैलोक्य-वीरविक्रम शाहदेव र पिता श्री ५ पृथ्वीवीरविक्रम शाहदेवका अधुरो सदिच्छाको पूर्ति २००७ फागुन ७ गते मौसूफबाटै भएकोले पनि अवतारी पुरुष भन्नुमा कत्ति पनि शंका रहँदैन।

१९७५ सालमा पन्जाब राजकुमारी श्री कान्तिराज्यलक्ष्मी र ईश्वरराज्यलक्ष्मी दुवै दिदी बहिनी विधिपूर्ण विवाहद्वारा श्री ५ जेठा बडा महारानी र श्री ५ कान्छा बडा महारानी बनी सहधर्मिणी होइबक्सेकाले मौसूफ महारानीहरू पनि साक्षात् लक्ष्मी र सरस्वतीकै अंशावतारिणी होइबक्सिन्छ भन्ने पनि यथार्थतः सत्यसिद्ध हुन गएको छ। किनभने **यत्र-यत्र विष्णुः तत्र-तत्र लक्ष्मीः तथा सरस्वती** भन्ने सहजै सिद्ध हुन आउँछ। विष्णुका लक्ष्मी र सरस्वतीमा सहज विरोध भएर पनि मौसूफका महारानीका रूपमा आई क्षणिक विरोधसम्म पनि भएको न कहिले देखियो, न कहिले सुनियो। यसले गर्दा वैकुण्ठनाथ विष्णुभन्दा पनि विशेषता, अवतारी मौसूफमा मान्नै पर्दछ––अवतारी राम, कृष्ण, बुद्ध आदिमा देखिएको विशेषताझैं।

यसकै फलस्वरूप दुवै महारानीतर्फका राजकुमारहरू लक्ष्मीबाट सुख-सौभाग्यभागी बन्दै सरस्वतीबाट नाना विद्या, बुद्धि र विवेक आदि सद्गुणले परिपूर्ण होइबक्सेको प्रत्यक्षै छ। वर्तमान महाराजाधिराजमा कवित्व-शक्ति समेत विलक्षण रूपमा आई बसेकाले त्यो कुरो अझ झन् प्रमाणित भैसकेको छ। अतः मौसूफप्रति **नराणांच नराधिपः** भन्ने गीता वाक्य यथार्थतः चरितार्थ भएको देखिन्छ।

मौसूफलाई पूर्ण विलासी बनाई विद्या-बुद्धिहीन पारी चिरकालसम्म आफ्नो एकच्छत्र शासन कायम राख्ने नाना कोशिश गरेर पनि राणा सरकार विफल भयो। परराष्ट्रका आँखामा छारो हाल्न मौसूफलाई

पढाउने मास्टरहरू पनि राखिएका थिए। तर तिनीहरूमध्ये धेरैजसो राणाभक्त भएबाट राजधर्मको समुचित ज्ञान गराउने शास्त्रहरू पढाउनपट्टि नलागी केवल विलासिताकै पाठ पढाउने गर्दथे। राणाको विपरीत राजधर्मको समुचित शिक्षा दिएबापत एक जना राजभक्त मास्टर वाराणसी बनर्जी निष्कासित पनि गरिएका थिए। यस्तो प्रपंचमय भयंकर वातावरणमा पनि गुप्त रूपबाट परिश्रमपूर्वक संस्कृत, नेपाली, नेवारी, हिन्दी र अंग्रेजीसमेतको उपयुक्त ज्ञान स्वयं नै हासिल गरिबक्सेको थियो। साथै धर्मनीति, राजनीति, अर्थनीति र कूटनीति विषयक पुस्तकहरू पनि गुप्त रूपमा प्राप्त गरी एकान्त रात्रिमा सपरिश्रम अध्ययन गरिबक्सेको कुरो मौसूफका आदर्श चरित्रबाट सिद्ध भैसकेको छ।

निम्न निर्दिष्ट राजधर्म र मौसूफका कर्तव्यमा पूर्ण समानता देखिएको पनि छ--

क्षत्रियस्य परोधर्मः प्रजानां परिपालनम्।
तस्मात् सर्वप्रयत्नेन रक्षयेन्नृपतिः सदा।।

--लघु विष्णुस्मृति, अ० ५

नृपस्य परमो धर्मः प्रजानां परिपालनम्।
प्रजायाः परमो धर्मः राजाज्ञापरिपालनम्।।
यत्प्रजापालने पुण्यं प्राप्तुवन्तीह पार्थिवाः।
नतु क्रतुसहस्रेण प्राप्नुवन्ति द्विजोत्तमाः।

--अभिसंहिता

प्रजानां विनयाद्दानाद् रक्षणाद् मरणादपि।
सपिता पितरस्तासां केवलं जन्महेतवः।।
यथा प्रह्लादनाच्चन्द्रः प्रतापात्तपनो यथा।
तथैव सोभूदन्वर्थो राजा प्रकृतिरञ्जनात्।।

--रघुवंश, सर्ग ४, श्लो० २४।१२

बहवोऽविनयान्नष्टा राजानः सपरिच्छदाः।
वनस्था अपि राज्यानि विनयात् प्रतिपेदिरे।।
इन्द्रियाणां जये योगं समातिष्ठेद्दिवानिशम्।
जितेन्द्रियो हि शक्नोति वशे स्थापयितुं प्रजाः।।

नास्यछिद्रं परोविद्यात् विद्याच्छिद्रं परस्य च।
गृहेत् कूर्म इवाङ्गानि रक्षेद् विवरमात्मनः।।
बकवच्चिन्तयेदर्थान् सिंहवच्च पराक्रमेत्।
वृकवच्चावलुम्पेत शशवच्च विनिष्पतेत्।
——मनु० अ० ७, श्लो० ९।४४।१०५-६

(प्रजापालन गर्नु नै क्षत्रिय राजाको परम धर्म हो। प्रत्येक प्रयत्नबाट राजाले प्रजाको रक्षा गर्नुपर्छ। राजाले प्रजापालनबाट जुन पुण्य पाउँछन् त्यो पुण्य हजारौं यज्ञ गरेर पनि पाउँदैनन्। प्रजालाई अनुशासनमा राखी पालन-पोषण गर्ने हुनाले तिनका खास माता-पिता राजा नै हुन्। जन्मदाता मातापिता त केवल जन्मदाता मात्र हुन्। अमृतमय किरणद्वारा सानन्द पार्ने चन्द्रमाको 'चन्द्र' नाम र निजी प्रतापले प्रसिद्ध भै सूर्यको 'तपन' नाम सार्थक भएझैं प्रजालाई प्रसन्न पारेबाट रघुमा 'राजा' शब्द सार्थक भएको छ। अति उच्छृङ्खल भएर वेन, नहुष आदि धेरैजसा राजा राज्यच्युत भएर नष्टभ्रष्ट भएका छन्। सरल एवं उदार भएका पृथु, युधिष्ठिर आदि राजा समस्त प्यारा प्रजाका प्यारा बन्दै चिरकाल-सम्म राज्यैश्वर्यको भोग गरेर अन्तमा परम गति प्राप्त गरेका छन्। जितेन्द्रिय भएर नै राजाले प्रजालाई अनुशासनमा राख्न सक्तछन्। अतः राजाले रातदिन जितेन्द्रिय बन्ने प्रयत्न गरिरहन पर्छ। आफ्ना गूढभेद शत्रुले नजानून्। उनका सबै भेद आफूले जान्ने प्रयत्न सधैं गरिरहन पर्छ। कछुवाले निजी अङ्ग लुकाई आत्मरक्षा गरेझैं आफ्ना गुह्य कुरा र आफू समेतलाई सुरक्षित राख्न पर्दछ। बकुल्लाले जस्तै अर्थतिर ध्यान दिनुपर्छ, सिंहलेसरि पराक्रमको प्रदर्शन गर्नुपर्छ। मौका पाएमा शत्रुप्रति ब्वाँसोसरि हुनुपर्छ र प्रबल शत्रुबाट बच्नको लागि लज्जारहित भै खरायोसरि भागेर पनि आत्मरक्षा गर्नुपर्छ।)

यी शास्त्रीय निर्देशन यथार्थतः मौसूफबाटै पालन भएका देखिन्छन्। प्रजाप्रति आफ्नै सन्तानको भावना राखी उनीहरूका पीर-मर्कालाई आफ्नै पीर-मर्का सम्झिबक्सी उनीहरूलाई बोल्ने, लेख्ने, पढ्ने आदि समुचित स्वतन्त्रता दिलाउन अति उत्सुक होइबक्सिन्थ्यो। यसैले 'प्रचण्ड गोर्खा', 'प्रजा-परिषद्' र तिनका कर्मठ कार्यकर्ताहरूमाप्रति पूर्ण सहानुभूति, आर्थिक, बौद्धिक र शारीरिक आदि कुनै पनि सहयोग

गुप्त रूपले गर्नमा कहिलै पछि हटिबक्सेन। यस्तै एकतन्त्री राणा-शासनको विरोधमा चलेका जनपक्षीय पत्र-पत्रिकालाई गुप्तरूपमा पूर्ण आर्थिक सहयोग मौसूफबाट प्राप्त भएको थियो। **श्रेयांसि बहुविघ्नानि** भइदिंदा १९९७ सालको जनक्रान्तिमा महान् देशभक्तहरू शुक्रराज शास्त्री, धर्मभक्त, दशरथ चन्द र गंगालालको नृशंसतापूर्ण हत्या, टंकप्रसाद आदिलाई दिएको कठोर कारावास र मौसूफलाई समेत भारदारी सभामा उपस्थित गराई बयान लिनु आदि भयङ्कर परिस्थितिले हृदयमा पूर्ण आघात पार्‍यो, तर पनि लक्ष्यसिद्धिमा अघि बढिबक्सिदै २००७ सालमा त्यो कुशासनको इतिश्री गरेरै सास फेरिबक्सी प्रबल बन्धनमा आवद्ध भएका प्यारा प्रजालाई मुक्त पारी रक्षा गरिबक्सेबाट मौसूफमा 'राष्ट्रपिता' शब्द यथार्थतः चरितार्थ भएको देखिन्छ।

यो कुरो २००७ साल फागुन ७ गते राणा र कांग्रेसको संयुक्त मन्त्री-मण्डल गठन गरिएको घोषणा गरिबक्सँदा **हाम्रो इच्छा तथा निर्णय यही छ——हाम्रो प्रजाको शासन प्रजाद्वारा निर्वाचित विधान सभा खडा गरी गणतन्त्रात्मक विधानानुसार हुनेछ** भन्ने मौसूफका अमरवाणीले नै सिद्ध गरिसकेको छ। अति उच्छृङ्खल र निरंकुश भएको एकतन्त्री राणा-शासन समाप्त गरिबक्सेकोमा सरल एवं उदार हृदय मौसूफका सुकीर्तिगान अहिलेझैं नै यो संसारमा सूर्य-चन्द्र रहुन्जेल भइ नै रहनेछ। यसमा कत्ति पनि शंका छैन। पूर्ण जितेन्द्रिय भैबक्सेर नै राणाका विलासपूर्ण नाना प्रलोभनले पनि मौसूफलाई डगाउन सकेनन्। यसकै फलस्वरूप नाना विषयमा परिनिष्ठित विद्वत्ता र प्रबल स्मरणशक्ति पाइबक्सिने सौभाग्य प्राप्त भएको थियो। जितेन्द्रियताको कारणबाटै सारा प्रजा मौसूफका निम्ति प्राणसमेत समर्पण गर्न किंचित् पछि सरेनन्। देशभक्त सारा राजनीतिक संस्थाहरूलाई २००७ सालको क्रान्तिमा अघि बढाउने मौसूफकै प्रभावशाली व्यक्तित्व हो भन्नुमा कत्ति पनि शंका छैन——धूर्तताले ढाकिएको हृदय छैन भने। भारतीय दूतावासमा शरणार्थी भैबक्सेबाट कछुवाझैं आत्मरक्षा र खरायोझैं पलायन, राष्ट्रिय सम्पत्तिको दुरुपयोग हुँदा बकवत् अर्थ-चिन्ता, नाना बिन्तिभाउ, भय, त्राससमेतलाई लत्याई एकतन्त्री शासनको शेखी झार्न दिल्ली सवारी भएबाट ब्वाँसोसरि, अवलुंपन (कर्तव्यमा दृढता) र त्यहाँबाट

फर्किबक्सी राणाको स्वाभिमान र प्रपञ्चलाई चूरचूर पारिबक्सेबाट सिंहसरि आक्रमणसमेत मौसूफमा देखिएका थिए।

तस्य संवृतमन्त्रस्य गूढाकारेङ्गितस्य च।
फलानुमेयाः प्रारम्भाः संस्काराः प्राक्तना इव।।
ज्ञाने मौनं क्षमा शक्तौ त्यागे श्लाघा विपर्ययः।
गुणा गुणानुबन्धित्वात् तस्य सप्रसवा इव।।
——रघुवंश, सर्ग १, श्लो० २१।२२

(निजी सिद्धान्त र आन्तरिक भावना गुप्त गरिराख्ने र फलप्राप्ति भएपछि मात्र कर्तव्य आरम्भ गरिएको थाहा पाइने योग्य राजा रघु ज्ञान भएर पनि ज्ञानी हुँ भनी प्रलाप नगर्ने, शक्ति भएर पनि प्रतिशोधको भावना नलिई क्षमा गर्ने, महादानी भएर पनि आत्मप्रशंसा नचाहने थिए। यिनका ज्ञानादि गुण र मौनादि गुण परस्पर विरोधी भएर पनि सहोदरसरि अविरोधी भैसकेका थिए।)

यिनै कुरा राष्ट्रपितामा देखिन्थे। चिरकालदेखि गुप्त रूपमा संघर्ष गर्दै आइबक्सेको कुरो पछि नेपालको मुक्तिबाट मात्र यथार्थ थाहा पाइएको र नाना शास्त्रज्ञाता र महान् त्यागी होइबक्सेको भए पनि श्रीमुखबाट आत्मप्रशंसा कहिले पनि हुकुम भएन। एकतन्त्री राणा-शासन समाप्त गरिबक्सी सर्वशक्ति सम्पन्न होइबक्सेर पनि **शक्तानां भूषणं क्षमा**-को अनुगामी होइबक्सिदै शासक राणाहरूप्रति कुनै पनि कुव्यवहार गरिबक्सेन। राणासमेतलाई सम्मिलित गराई राणा र कांग्रेसको संयुक्त मन्त्री-मण्डल बनाई अझ झन् कदर नै गरिबक्सी क्षमा-शीलताको उत्कृष्ट उदाहरण प्रस्तुत गरिबक्स्यो। आदर्श राजा दिलीप, दिग्विजयमा जितिएका राजाहरूलाई नै तत्तत् राज्यका पूर्ववत् राज्याधीश बनाउने आदर्श राजा रघु र महाशत्रु रावण, कुम्भकर्ण प्रभृतिलाई सायुज्य मोक्ष गति दिने आदर्श राजा रामसमेतको आदर्श मौसूफमा थियो भन्ने कुरामा पनि दुई मत होला जस्तो लाग्दैन।

मौसूफमा क्रोधहीनता, न्यायप्रियता, नीतिनिपुणता, बुद्धिमत्ता, क्षमाशीलता, सरलहृदयता, प्रसन्नमुद्रता, पूर्ण सुन्दरता, सुसंगठित शरीरता, सौम्यता, मानवप्रति पूर्ण ममता, निर्भीकता र प्रजावत्सलता आदि सुगुण

तँछाड्-मछाड् गर्दै निवास गरिरहेका थिए। यो कुरो मौसूफका जन्मतिथि १९६३ साल आषाढ शुक्ल नवमीदेखि मृत्युतिथिपर्यन्तका तत्तत् सुलक्षण र सुनौला-सुनौला कार्यहरूप्रति श्रद्धापूर्ण सम्झना राखी ध्यान दिएको खण्डमा प्रत्यक्ष नभै रहनेछैन।

एकतन्त्री राणा-शासनको अन्त गरिबक्सी प्यारा प्रजाप्रति कृतज्ञता प्रकट गरिबक्सन अधिराज्यका ठाउँ-ठाउँ सवारी भै घर-घरको स्वागत सहर्ष ग्रहण गरिबक्सेको चिरकालसम्मको लागि अविस्मरणीय भएको छ। यसै सद्भावना-यात्राको क्रममा २००८ सालमा मौसूफको सवारी जनकपुरधाममा भएको बेला दर्शनका लागि आएका नगर एवं वरिपरिका ग्राम-निवासी नरनारीहरूको घुइँचोले मूल सडकका दुवैतिर तीलसम्म राख्ने ठाउँ थिएन। रूख, छाना, कौसी र झ्यालमा उभिएर दर्शनका लोभी बनेका उत्तिकै थिए। नाना पुष्प, पुष्पमाला, दूबो, लावा, अबीर र सिन्दूरका मंगलमय वर्षाले हर्षोल्लासपूर्ण स्वागत गर्दा त्रेतायुगका जनकपुर निवासी नरनारीबाट तारका र सुवाहुको अन्त गरी लोककल्याण गर्दै पुग्नुभएका मर्यादा पुरुषोत्तम राजा राम जस्तै प्रसन्नतापूर्ण अभय मुद्रामा बाहुली उचाली मन्द मुस्कान सुमनको सुवास छरिबक्सिदै कृतज्ञता प्रकट गरिबक्सेको आज पनि नजरको सामुन्ने नाचिरहेकै छ। जनताको भक्ति-भावनामय आग्रहमा ठाउँ-ठाउँ सवारी भै पत्रंपुष्पंको नैवेद्यमय प्रीति भोजसमेत सहर्ष स्वीकार गरिबक्सिदै यथार्थ बन्धुता र पूर्ण प्रजावत्सलताको भाव प्रदर्शित गरिबक्सेबाट **वर्णानां चैव सर्वेषां राजा बन्धुरिहोच्यते। पत्रं पुष्पं फलं तोयम्** आदि पुराण एवं गीताको वाक्यलाई यथार्थ चरितार्थ गरिबक्सेको देखियो। यसरी प्रीतिभोजमा सवारी हुँदा एक दिन दिनभरि नै अस्वस्थ रहिबक्से पनि सवारी रहुन्जेल त्यो आग्रहलाई नटारेरै प्यारा प्रजालाई पूर्ण कृतार्थ गरिबक्स्यो। यो कुरो अझ झन् अविस्मरणीय भएको छ।

सरल हृदयता र क्षमाशीलताले गर्दा नै धूर्त एवं कृतघ्नहरूले अनुचित लाभ उठाउन खोजे र अलि दिनसम्म मन्त्री-मण्डल भंग गर्ने र गठन गर्ने चिन्तनीय परिस्थितिको पनि सामना गरिबक्स्यो तापनि **चिन्तासमं नास्ति शरीरशोषणम्**-को अर्थअनुसार भयङ्कर हृदय रोगले

आक्रमण नगरी छाडेन। यस अवस्थामा पनि धैर्यपूर्वकको नीति-निपुणता र बुद्धिमत्ताले गर्दा वर्तमान महाराजाधिराज श्री ५ महेन्द्रवीरविक्रम शाहदेव (तत्कालीन युवराजाधिराज) र दुवै श्री ५ बडा महारानीको अध्यक्षतामा 'राजकीय परिषद्' खडा गरिबक्सी रोगको औषधि गराउन विदेश सवारी भयो। इलाजमा राज भैबक्सेका बखत पनि स्वार्थी कृतघ्नहरूले राज्यमा अराजकता फैलाउन खोज्दा सुयोग्य उत्तराधिकारी सुपुत्र श्री ५ महेन्द्रमा राज्य-संचालनको सम्पूर्ण अभिभारा सदुपदेशपूर्वक सुम्पिबक्सी प्यारा प्रजाप्रति अन्तिम स्नेह प्रकट गरिबक्सेको थियो।

यसरी आजीवन तन-मन-धन लगाई स्वदेशको सुरक्षा गरिबक्सिदै सारा प्रजावर्गलाई द्वारिकानिवासी सद्भक्त जनसमूहलाई द्वारिकाधीश भगवान् श्रीकृष्णले झैं रुवाउँदै जराव्याधाको वाणझैं हृदय-रोगरूपी कालको वाणद्वारा समुद्रतटवर्ती पिप्पल वृक्षमनि झैं युरोपीय ज्यूरिचको क्यान्टन अस्पतालमा २०११ साल फागुन ३० गते पवित्र तिथिमा देवसभाको सुस्वागत ग्रहण गरिबक्सन देवदूतले ल्याइपुऱ्याएको विमानद्वारा स्वर्ग सवारी होइबक्स्यो।

*****

इतिहासका अमूल्य निधि

कृष्णप्रसाद चापागाईं

त्रिभुवन जन्मसिद्ध राजा, कर्मसिद्ध मानव र गुणयुक्त जीव होइबक्सिन्थ्यो। मौसूफको महान्ता जीवनकालतक मात्र सीमित नरही इतिहासको एक अमूल्य निधि भएको छ।

२००७ सालको जनक्रान्ति जनताका अगुवाको रूपमा मौसूफबाट संचालित भो। त्यसको परिणामस्वरूप राणा-शासनको अन्त्य भो। आफ्नो विजय र राजाको स्वदेश-प्रत्यागमनले सबै प्रजा हर्षले गद्गद थिए। राणा-शासनका राणा प्राइममिनिस्टरको भने लाजले शिर निहुरेको थियो, चेहरा उडेको थियो, भित्री मनमा तिनीहरूलाई अपमान होला भन्ने ठूलो सन्ताप परेको थियो।

मौसूफको सवारी गौचर विमान घाटमा उत्रियो। राष्ट्रिय वेशभुषाको प्रतीकको रूपमा मौसूफद्वारा उही हँसिलो चेहरामा आफ्ना प्रजालाई स्नेह र ममता बक्सँदै विमानको द्वारबाट दर्शन बक्सियो। सबैले जयकार मनाए, सबै मुग्ध भए।

राणा प्राइममिनिस्टरको गोडा कामिरहेको थियो, नजीक जाने हिम्मत थिएन। हुकुम भो—"प्राइममिनिस्टर, तिमी मेरो अङ्गरक्षक भएर मसँग हिंड।" मौसूफले आफ्नो सवारी त्यो प्राइममिनिस्टरलाई चलाउन लगाइबक्सियो, जसले मौसूफको विरुद्ध हतियार उठाएको थियो।

प्रतिशोधको बदला प्रेम—राजाबाट प्रजालाई पाठ बक्सियो।

मौसूफको गतिशील व्यक्तित्व थियो। परिवर्तनशील संसारको गतिलाई बुझ्न मौसूफ स्वयं गतिशील होइबक्सिन्थ्यो। मौसूफमा निश्चित सिद्धान्तमा दृढतापूर्वक चल्ने आदत थियो। मौसूफको विचारको कसीमा घोट्दा उत्तम लाग्यो भने त्यसलाई बीचमा विचलित पार्ने सामर्थ्य कसैको हुँदैनथ्यो।

सात सालको राणा-शासनप्रतिको क्रान्ति मौसूफको त्यस्तै एउटा दृढ संकल्प थियो। त्यसलाई विचलित पार्न त्यस बखतको शक्तिशाली राणा-शासन र त्यसका समर्थक, पोषक र कूटनीतिकहरूको मिचाइले पनि सकेन।

नेपालका राजवंशको इतिहासका पाना पल्टाउँदै जाँदा लिच्छवि कालदेखि नै विभिन्न वंशका राजा सिंहासनमा आरूढ भएको पाइन्छ। मौसूफको शासन-कालभन्दा अगाडि कुनै पनि राजाहरूका पालामा संवैधानिक प्रदत्त अधिकारयुक्त कुनै जन-प्रतिनिधिबाट मन्त्री-मण्डल गठन भएको पाइँदैन। मौसूफ नै सर्वप्रथम जन-अधिकारप्रदायी संविधान-दाता राजा होइबक्सिन्छ।

मौसूफको आफ्ना प्रजाप्रति साह्रै प्रेम थियो। दिलैदेखि प्रजालाई चाहिबक्सिन्थ्यो। त्यसै गरी प्रजा पनि दिलैदेखि आफ्ना राजाको आदर-सत्कार गर्दथे।

मौसूफको आन्तरिक इच्छा प्रजाको बीचमा र हृदयमा पुग्ने भइरहन्थ्यो। यही कारण हो, कहिलेकाहीं सार्वजनिक यात्रामा अङ्ग-रक्षकबिना पनि मौसूफको अकस्मात् भीडभाडमा सवारी हुन्थ्यो। त्यस्तो अवस्थामा प्रत्येक प्रजा मौसूफको गाथको खबरदारी गर्दथ्यो। हूल स्वयं हट्दथ्यो र आफ्नो प्यारो राजा आफ्ना बीचमा अचानक पाउँदा त्यो दिन र त्यो क्षण सबै धन्य-धन्य हुन्थे र आफूलाई भाग्यशाली मान्दथे।

यसरी इतिहासका यी पाना सधैं ताजा छन्। मौसूफ हामी नेपाली र नेपालका निमित्त अमर होइबक्सिन्छ। मौसूफको जीवनगाथा सधैं-सधैं गाइनेछ।

*****

स्वतन्त्रताको रक्षामा श्री ५ त्रिभुवन

केशवराज अर्ज्याल

यो राज्य चार जात छत्तीसै वर्णको फूलबारी हो। यो महामन्त्रका परम जापक, विशाल नेपालका आधारस्तम्भ बडा महाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको नाम-स्मरणले को यस्तो नेपाली होला, जसको मस्तक गौरवले चुलिएर सगरमाथाको चुचुराझैं ठाडो हुँदैन। आदर्शले उठेका, भावनाले भरिएका, सच्चरित्रताले फिंजिएका, एकताले अडिएका, हिन्दुत्वले सिंगारिएका, शूरताले चम्किएका महान् तेजस्वी बालकको ७ जनवरी १७२३ ई०-का दिन गोर्खाको राजदरबारमा प्रादुर्भाव हुन गयो। नेपाल आमाको सर्वाङ्गपूर्ण सुन्दर रूप देखाउनुको साटो आफूसँगै लुछाचुँडी गर्ने र आमाको काखमा बसी झगडा-तगडा गर्ने विभिन्न सान्साना राजाहरूलाई हप्काई, दप्काई, गाला चड्काई, नेपाल आमाको विशाल भालमा राष्ट्रियता र हिन्दुत्वको टीका लगाई सिंगार्ने व्रत लिएका पृथ्वीनारायण शाहको २६ वर्षको अथक परिश्रमले नेपालको एकीकरण भयो। यस अभियानमा बंगालबाट बढ्दो फिरङ्गीको प्रभाव रोक्न गोर्खादेखि पूर्व मोरङसम्म प्रथम एकीकरणको कार्य सम्पन्न गरियो। यति काम गरी **राजाको सार भन्याका सिपाही र रैती हुन् दुनियाँ जसदेखी राजी रहन्छन् उसैलाई कजाई दिनु; आफ्ना रितिथिति नबिगार्नु, नियाँ निसाप बिगार्न्या भन्या घूस दिन्या र घूस खान्या ईन दूई को ता धन जीव गरि लियाको पनि पाप छैन; आफ्ना देशको कपरा बन्न लाउनु र आफ्ना देशको सम्पत्ति आफ्नै देशमा रहन्या छ** आदि भनी प्रजालाई दिव्य उपदेश गरी अकस्मात् वि० सं० १८३२-मा त्यो ज्योति आफ्नो उद्देश्यलाई अधूरै राखी अमर भयो।

उत्तराधिकारको रूपमा प्राप्त अधूरो पृथ्वीको सपनालाई सुयोग्य पिताका सुयोग्य पुत्र बहादुरशाहले र उनकी भाउजू श्री राजेन्द्रलक्ष्मीले ११ वर्षसम्म आफूमा लिए। यतिखेर यो अभियान मन्द भए तापनि छ वर्षको उनको शासनकालमा नेपाल आमाको सीमा पूर्व टिस्टासम्म र पश्चिममा अलकनन्दासम्म पुऱ्याई इतिहासमा अर्को ज्योति अमर हुन पुग्यो। यसरी शानदार रूपले पलेटी मारी बसेकी नेपाल राष्ट्रमाताको अनुहारको सौन्दर्य र सुखप्रद हिमाली प्रदेशको मन्द शीतल हावा खाने सपना लिएका साम्राज्यवादी अंग्रेजको कुदृष्टि यसमाथि नपरेको थिएन। क्रिस्तान धर्मका प्रचारक केपुचिन पादरीलाई धपाइएको थियो। जयप्रकाश मल्ललाई सहायता गर्न उकालो लागेको कप्तान किनलोकको दलले र बंगालका नवाब मीर कासीमले सिन्धुली गढीमा र कर्राको मैदानमा हार खाए। यसैले नेपालदेखि चुर्मुरिएका अंग्रेजहरूले रिस फेर्ने मौका पर्खिरहेका थिए। तिनीहरूले हिन्दुस्तानमा 'सहायक प्रथा' नीतिको बल्छी लगाई ससाना हिन्दू राजा-रजौटाहरूलाई विलासितामा डुबाएर प्रजाबीचको सम्पर्कको भावना विच्छेद गरी धमाधम उपनिवेशवादको जालमा हालिरहेका थिए। यसै सिलसिलामा नेपाललाई कम्पनी सरकारमा गाभ्ने दाउ खेलेका रेजिडेन्ट नाक्स नेपाल आए। यिनले देशभक्त दामोदर पाँडे, बम शाह, गजराज मिश्र प्रभृतिलाई वार्षिक २४ हजार भत्ताको प्रलोभन दिई आफ्ना हातमा लिन खोजेका थिए। तर नेपालका सच्चा देशभक्तहरूले यस्तो कुवृत्ति कसरी स्वीकार गर्न सक्थे र! यसै कारणले गर्दा नाक्स यहाँबाट गए, तथापि भेदनीतिको गोटीचालमा चतुर अंग्रेजले नेपाल दरबारतिर प्रवेश पायो। यस आशयलाई बुझेका दूरदर्शी स्वामी श्री ५ रणबहादुर शाहले बनारसबाट पठाएको पत्र यस प्रकार छ—**उप्रान्त अझ पनि गद्दीको बहुतै तवरसँग सभार राख्नु होला। त्यहाँ कहिले न आउन्या (फिरङ्गी) लाई लगै राख्याका छन् जोना तरहले हुन्छ जुगुती बुद्धि गरी तेसलाई उधौ गर्न्या कोशिस गर्नु हवस्।** यसबाट तिनीहरूको नीति स्पष्ट थाहा हुन्छ। यस प्रकारको पत्र दरबारमा पठाएको अंग्रेजले चाल पाएपछि उनका उत्तराधिकारीलाई पनि राज्यबाट पदच्युत गर्ने भयंकर चाल नचलेका होइनन्। यस कुराको पुष्टि अंग्रेजहरूकै गुप्त पत्रबाट हुन्छ। नाक्सले ग० ज० वेलेजलीलाई के लेखेका छन् भने रणबहादुर शाहको उत्तराधिकारी

नभएमा नेपाल राज्य कम्पनी सरकारमा गाभिनेछ।[१] यतिमात्र नभई श्री ५ महाराजाधिराज र स्वातन्त्र्य प्रेमको परिचय हामीलाई अझ बढ्ता एशियाबाट फिरङ्गीलाई धपाउने हिन्दूशक्ति-संगठनको योजनाबाट छर्लङ्ग हुन्छ। यस हिन्दू संगठन-शक्तिमा तीन हिन्दू राज्य——मराठा, गोर्खा, सिखको ठूलो योजना थियो[२]।

अंग्रेजहरूको चालमा माथिको कुरा छिप्न सकेन। फलतः रेजिडेन्ट हड्सनद्वारा देशभक्त भीमसेन थापाको पतन, माथवरसिंह थापाको हत्या र पछि अमानुषिक कोतपर्वको हत्याकाण्ड भयो। यस काण्डमा नेपालका वीर देशभक्तहरू जसमा चार मन्त्री, सात काजी, दुई जर्नेल, तीन चौतरिया र पाँच सय अन्य व्यक्तिहरू मारिए। यसको लांछना उल्टो स्वतन्त्रताका पुजारी देशका गौरव श्री ५ राजेन्द्रमाथि लगाइयो। उनलाई रक्त-पिपासु, अत्याचारी, शासनका अयोग्य आदि शब्द थोपरी इतिहास बिगार्ने गोरण्डाख्य जातिले पृथ्वीनारायणका पालादेखिको रिसको बदला लिई जंगबहादुर राणालाई हातमा लिएर आफ्नो स्वार्थ सिद्ध गरे। कोतपर्वको फलस्वरूप देशभक्त श्री ५ राजेन्द्रलाई राजगद्दीबाट च्युत हुनुपर्‍यो। यति भएर पनि यिनैका सतत प्रयत्नले नेपालले अफगानिस्तानले जस्तै आफ्नो भित्री स्वतन्त्रता जोगाइरह्यो।

यसरी हिमाच्छादित धवल शृङ्खलाले परिवेष्टित उत्तुङ्ग शिखरले उद्दीप्त नेपाल राष्ट्र-मुकुटमाथि कुइरो लाग्न गयो। वि० सं० १९०३-देखि २००७-सम्म सय वर्षको एकतन्त्री जहानियाँ राणा-शासनले राजा र प्रजालाई जयचन्दले झैं बिलखबन्द पारी अज्ञान र अन्धकारमा डुबाएर शोषण गर्‍यो। पछि जंगबहादुरद्वारा सन् १८५७ ई०-को भारतको स्वतन्त्रता-आन्दोलनलाई कुल्चन अंग्रेज सफल भए। 'गदर'-पछि जंगबहादुरले आफ्ना सेवाहरूका बदलामा लर्ड क्यानिङ्गलाई राजगद्दीको याद गराए। उनले बेलायतमा (S. S. C.) यसरी लेखी पठाए——

Jang Bahadur is eyeing the throne of Nepal. He can seize it when a favourable opportunity arises.

---

[१] ललितबहादुर बमद्वारा लिखित **श्री ५ महाराजाधिराज राजेन्द्र र तत्कालीन नेपाल।**

[२] **सन्धिपत्र** सं० योगी नरहरिनाथ।

अर्थात् जंगबहादुरको आँखा नेपालको हुकुमतमाथि गडिरहेछ। उनी अवसर आएमा यसलाई हस्तगत गर्न सक्छन्।

१९०५ ई०-मा सानो देश जापानको विशाल एकतन्त्री रूसमाथि विजय, सन् १९१४-देखि १८-सम्मको प्रथम विश्वयुद्ध, १९१७ ई०-मा रूसको महान् क्रान्ति र पछि दोस्रो विश्वयुद्ध (१९३९ ई०-देखि १९४५ ई०-सम्म) आदिले गर्दा बीसौं शताब्दीमा एशियामा ठूलो जन-जागृति आयो। यसको प्रभाव नेपालमाथि पनि पर्‍यो। भारतमा पनि देशभक्त महात्मा गाँधीको नेतृत्वमा राष्ट्रिय आन्दोलनको लहर फिंजियो। फलतः भारत स्वतन्त्र भयो। नेपालमा पनि नेपालका देशभक्तहरूले र वीर सेनाहरूले तत्कालीन राजा श्री ५ महाराजाधिराज त्रिभुवनसँग गुप्त रूपले सम्पर्क स्थापना गर्ने प्रयास गरे। कैयौं देशभक्तहरूले शहीद हुनुपर्‍यो। राजाको प्रजाप्रतिको सद्भावना, प्रेरणा पाई देशभक्त वीरहरू जुर्मुराएर उठे। राणा तानाशाहीको बन्धन चुँडाल्न प्रजा-परिषद्, नेपाली कांग्रेस आदि संस्था खोली गुप्त तवरले स्वतन्त्रताको लागि काम हुन थाल्यो। श्री ५ त्रिभुवनको प्रजावत्सलता र स्वातन्त्र्य-प्रियताले सही कदम लियो। २००७ सालमा सपरिवार भारतीय राजदूतावासमा प्रवेश गरी जनतामा मिलेर राणा-शासन समाप्त गर्न पूर्ण सहयोग दिइबक्सेको आज बच्चा-बच्चालाई ज्ञात भएकै कुरो छ। श्री ५ त्रिभुवन उदार राजा होइबक्सिन्थ्यो, जुन हँसिलो र चहकिलो अनुहारले नै बुझाउँथ्यो। अनेकौं देशभक्तहरूलाई कठोर दण्ड दिंदा सरकारको हृदय विदीर्ण हुन्थ्यो। तर यस्ता दयालु राजालाई राणाले प्रजाबाट बिलकुलै दूर राखी विलासिताका जालमा बाँधेका थिए। त्रिभुवनका मुखबाट **प्रजालाई कसरी सुख हुन्छ त्यसै गर्न तयार छु** भन्ने भावनाहरू वारंवार अभिव्यक्त हुन्थे। **प्रजासुखे सुखं राज्ञः** 'प्रजाको सुखमा नै राजाको सुख छ' भन्ने नीति मौसूफमा पूर्ण साकार भएको थियो। राणाहरूद्वारा कडा नियन्त्रणमा राखेर शिक्षाबाट विमुख पारिए तापनि राजा त्रिभुवन स्वयं शिक्षाप्रेमी हुँदा इतिहास, भूगोल र ठूला-ठला लेखक-नेताहरूको जीवनीबाट गुप्त रूपले सदा परिचित रहिबक्सिन्थ्यो। श्री ५ त्रिभुवनमा हामी यस्तो भावना पाउँथ्यौं, जो संसारका विरलै राजामा पाइन्छ। त्यो थियो समत्व

भावना। सरकारको दर्शन-भेटका लागि जाने व्यक्तिहरूमाथि दर्शाइएको व्यवहारले उनीहरू स्तम्भित रहन्थे। म **राजा हुँ र राजा र प्रजा कसरी समान हुन सक्छन्** भन्ने अहं भावना श्री ५ त्रिभुवनमा एकदमै पाइँदैनथ्यो।

यसरी त्रिभुवनमा समानता, स्वतन्त्रता र भ्रातृत्वको अपूर्व संगम भएका हामी देख्छौं। जसरी पृथ्वीनारायण शाहबाट यो विशाल नेपाल राष्ट्ररूपी फूलबारी तयार भयो र त्यस भावनालाई बुझी बहादुर शाह, श्री ५ रणबहादुर, श्री ५ राजेन्द्र आदिद्वारा त्यसको रक्षार्थ अथक परिश्रम गरी मलजल चढाइयो, त्यसै भावनालाई बुझी **दुनियाँ जसदेखी राजी रहन्छन् उसैलाई कजाई दिनु** भन्ने श्री ५ बडा-महाराजको कथनलाई १०० वर्षको लामो अवधिपछि श्री ५ त्रिभुवनले पुनः स्थापित गरेर मौसूफ स्वतन्त्रताका जन्मदाता होइबक्सेको छ। सुयोग्य पिताका सुयोग्य पुत्र वर्तमान श्री ५ महाराजाधिराज महेन्द्र पनि यी ५ तत्त्वले सोही कार्यको सुदृढीकरण गरिबक्सन कटिबद्ध होइबक्सिन्छ––(१) हिन्दू राष्ट्रको घोषणा, (२) उपनिवेशवादको विरोध, (३) हिन्दूधर्मको प्रतिष्ठापन, (४) प्रजातन्त्रात्मक पञ्चायती व्यवस्थाको स्थापना, र (५) आर्थिक नीति, भूमिसुधार र देशमा औद्योगिक क्रान्ति।

*****

सफल राजा

खड्गमान मल्ल

असल विचार मात्र भएर पनि पुग्दैन। असल विचारले मूर्तरूप लिन पनि समयको सहारा चाहिन्छ, शुद्ध जल-वायु चाहिन्छ, मलिलो माटो चाहिन्छ। मस्तिष्कमा विचार छ, हृदयमा सहानुभूति छ–यति भएपछि सुपरिणाम अवश्यम्भावी हुन पर्थ्यो। तथापि 'नियमित आकस्मिकता'-का नियमले जुन बेला सबै वस्तुको उचित परिमाणमा तारतम्य मिल्दछ त्यसै बेला मात्र विचार र सहानुभूतिले फल दिन्छ। विकट राजनीतिक अवस्थामा त झन् त्यस्ता विचार र सहानुभूतिको गन्धमात्र पनि छिर्न हुँदैनथ्यो। गन्ध छिर्‍यो कि आपत्ति खनियो टाउकामा, चाहे जस्तैसुकै जत्रैसुकै मानिस किन नहोस्। यसका निमित्त आफूले पनि धैर्य लिईकन उत्तिकै कूटनीतिज्ञ भई सतर्क रहनुपर्छ, वर्षौं धैर्यको बाँध नफुट्न दिन सक्नुपर्छ––अनिमात्र इप्सित फलको दर्शन पाइन्छ। यही अवस्था थिओ हाम्रा राष्ट्रपिता श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवको।

भोगविलासका सामग्री यथेष्ट थिए। स्वर्गमा इन्द्रले ऐश-आराममा समय बिताएझैं त्रिभुवनबाट पनि आफ्नो स्वर्गतुल्य दरबार-क्याम्पभित्र समय बिताउन सकिबक्सिन्थ्यो। युवावस्थाको प्रथम चरणमा स्वभावतः केही त्यस्तो नभएको पनि होओइन। साथै आफ्नो अवस्थाको वास्तविकताको बोध पनि मौसूफलाई नभएको थिएन। सुनको पिंजराभित्र सन्तोषपूर्वक आनन्द मानेर जीवन व्यतीत गर्न पखेटा काटिएको अल्छी चरालाई सुहाउँथ्यो। बन्धनमा परेको तर बुद्धि र बल समेतले युक्त,

उसमाथि आफ्नै अगाडि अन्याय भइरहेको देख्ने असन्तुष्ट सिंह कहिले चुप लागेर बस्न सक्थ्यो !

मैले तात्त्विक अर्थमा राजा हुनुपर्छ, मैले आपना प्रजालाई सुखशान्ति दिनुपर्छ, देशलाई फुले फलेको देख्नुपर्छ, अनिमात्र जीवन सार्थक हुन्छ भन्ने सुविचार मौसूफमा फुऱ्यो। यो दरिद्रको मनोरथ मात्र थिएन। त्यो न्यायको पथ थियो जसबाट सफल नहोउन्जेल कदापि नहट्ने प्रण एउटा प्रबुद्ध हृदयले गरेको थियो।

श्रेयांसि बहु विघ्नानि त छँदै थियो, तथापि आजको विश्वमा अरू देशवासीहरूले भोग गरेका सुख-ऐश्वर्य मेरा निमुखा प्रजाले पनि भोग्न पाऊन्, यिनले पनि मानिस भएर जीवन बिताउन सकून्, अनिमात्र शाब्दिक अर्थमा राजा हुनेछु भन्ने मौसूफको इच्छा थियो।

यो थियो सदिच्छाको वीज। यसलाई संरक्षण गरी हुर्काउने कसरी हो त्यसका निमित्त पिंजराभित्रको हेर्दा सुखी चरा अथवा बलियो खोरभित्रको सिंहले गर्ने के इच्छा प्रबल भयो भने बाटो पनि खुल्नै पर्छ। तर बाटामा आइपर्ने जे-क्यै जति आपत्ति हुन्छ त्यो पनि सहन तयार हुनुपर्छ। जीवन योगीको जस्तो संयमित हुनुपर्छ। यसका निमित्त पहिले बिलकुल फुकेको हात केही खुम्चियो। आपनो काम आफैंले वा सहधर्मिणी श्री ५ बडा महारानीहरूबाटै हुन लागेको सुनियो। वाजिल अली शाहको ठाउँमा श्री ५ त्रिभुवनबाट बिक्रम देखाउने कर्मठ वीर भएर अगाडि बढ्न कम्मर कसिबक्सेको देखियो।

आफू सदैव जंगी जवानका सतर्क पहरामा भए पनि अन्यायप्रति लड्ने आफ्ना प्रजाको जुनसुकै प्रयासमा मौसूफको सहानुभूति र सफलता-को कामना रहन्थ्यो। तर अखचमा पर्दाखेरि थाहा पाएको पनि थाहा नपाए जस्तो गर्नुपर्ने अवस्था ठूलालाई झन् पर्छ। यसको स्पष्ट उदाहरण सर्वश्री शुक्रराज शास्त्री, गंगालाल, दशरथ चन्द र धर्मभक्तको काण्डमा प्रत्यक्ष देखियो। करोड प्राणीका स्वतन्त्रताको मार्ग तयार गर्न तिनीहरूले आफ्ना प्राण बलिदान गर्नुपऱ्यो। तिनलाई बचाउन आफू नेपालाधिपति भएर पनि मौसूफबाट केही गर्न नसक्ने अवस्था थियो। समयको कस्तो विडम्बना! उल्टै मौसूफलाई आफूसमेत कैयन् बुधबार सिंहदरबारको

‘शैर’-मा सवारी हुन परेको थियो। तर यसमा के श्री ५ त्रिभुवनको वीरता र विक्रम देखिंदैन? यसको शिक्षा मौसूफले कहाँ पाइबक्सियो होला? आफ्नै जीवनको सच्चा पाठशालामा। शिक्षा अन्तबाट पनि छिर्न सक्थ्यो। तर मूल्य हुन्छ पात्रताको, नत्र अपात्रमा त एकातिरबाट भिक्षा पर्छ अर्कोतिरबाट चुहिन्छ, अनि रित्ताको रित्तै।

राजालाई बादलमा लिएर उड्ने एरिकाका कत्ति भनाइ कस्तो लाग्छ, तथापि कति कुरामा हृदयदेखि सही थाप्न मन लाग्छ। कालीमाटी अधिराजकुमारको दरबारमा पुगी श्री ५ त्रिभुवनले भेष बदली सुरजीत सिंहलाई भेटिबक्सेको दृश्य मेरो आँखामा अनायास आइरहन्छ। यसरी मौसूफबाट कति शुद्ध छल-कपट गर्नुपर्‍यो होला!

काम बन्ने बेलामा तारतम्य पनि मिल्दै आउँछ। भरखरै जस्तो स्वतन्त्र भएको छिमेकी मित्रराष्ट्र, भारतका त्यति बेलाका प्रधान मन्त्रीको पनि नेपालप्रति सहानुभूति थियो। तर एक स्वतन्त्र राज्यको घरेलु मामलामा हम्मेसि कुनै राष्ट्रले हात हाल्नु अन्तर्राष्ट्रिय नीतिले दिंदैन। यसै अवस्थामा हो सी०पी०एन्० सिन्हा भारतीय राजदूत भई नेपालको राजधानीमा आएका। तिनकी छोरीलाई पनि असनमा हामी धेरै चोटि देख्थ्यौं। राजनीतिमा लागेका देशबन्धुहरू पनि श्री. ५ त्रिभुवनको वरदहस्त पाएर सक्तो प्रयास गरिरहेका थिए। विश्वभरमा बिरलै भएको राजा र प्रजाको यस्तो अनुपम सहयोग त्यस बेला राजा र प्रजाको साझा कल्याणका निमित्त नेपालमा देखियो।

एक बिहान सपरिवार श्री ५ त्रिभुवन शिकारका निमित्त सवारी भयो, जस्तो प्रायः भइरहन्थ्यो। पाउरखवारी गर्ने बिचरा अंगरक्षक जनरललाई मौसूफ शुरू-शुरू भारतीय दूतावासमा सवारी हुन्छ भन्ने के पत्तो। यसपछि मौसूफको दिल्लीयात्रा एक अविस्मरणीय घटना छ। यहींनेर **हस्तिनापुरको राज वा चपरीमनिको वास** अथवा **देहं वा पातयामि कार्यं वा साधयामि** चरितार्थ भएको देखियो। यसमा मौसूफको आत्मबलको दर्शन पाइन्छ। यसरी रिक्त ठानिएको सिंहासनमा बालक ज्ञानेन्द्रलाई चढाउने परिपाटी पनि गरियो। संसार तमाशा हेरिरहेको थियो। डेनिङ काठमाडौंको परिस्थिति विचार गर्न आए। श्री ५

बडा महारानीहरू तथा श्री ५ त्रिभुवनको अनुपस्थितिमा मातृ-पितृविहीन टुहुरा सन्तान जस्ता प्रजागणले मौसूफहरूलाई फर्काउन दिलैदेखि दर्शाएको भक्ति र रोषपूर्ण प्रदर्शनले ती प्रभावित नभई छोडेनन्। व्यवस्था मिलिसकेपछि सपरिवारै श्री ५ त्रिभुवनको सवारी फिर्दा सय दिन वियुक्त भएका छोराछोरीले आफू भन्ने बाबु-आमाको विमानघाटमा दर्शन पाई हर्षाश्रु बगाएको, अनि प्रजावत्सल मौसूफबाट दाहिने बाहुली उठाई तिनका विशुद्ध श्रद्धाभक्ति स्वीकार गरिबक्सिदै अभय बक्सेको मुद्रा तथा त्यस बेलाको मौसूफको मुखाकृतिको दृश्य यथार्थमा हृदय छुने थियो। सत्ययुग फेरि एक चोटि फर्केको थियो, सबैको हृदयमा सद्भावनाले वास गरेको थियो।

अब राजा र प्रजा––बाबु छोरा––एक भएपछि घरमा सुव्यवस्था नहुनु कसरी! २००७ साल फागुन ७ गते नेपालमा प्रजातान्त्रिक शासनको शुभारम्भ भयो। प्रजाहितैषी राजा त्रिभुवनको अनौठो क्रान्ति यसरी सफल भयो। बल्ल मौसूफको जीवनको लक्ष्य पूरा भयो।

त्यसपछि व्यवस्थामा यसोउसो हुनु पनि जीवनकै लक्षण हो। अहिले सुयोग्य पिताका सुयोग्य पुत्र श्री ५ महेन्द्रका बलिया काँधमा देश सपार्ने भार परेको छ। शुभ लक्षण स्पष्ट देखिइसकेको छ। राजा र प्रजाको अविच्छिन्न सहयोगमा देशको उन्नति सुनिश्चित छ।

*****

राष्ट्रपिताको आत्म-वरदान

खड्गमान सिंह

महाराजाधिराज श्री ५ पृथ्वीवीरविक्रम शाहदेवका चार जना बडा महारानी होइबक्सिन्थ्यो। साहिंला र कान्छा बड़ा महारानी राणा महाराज वीरशमशेरका छोरी भएकाले उनी चाहन्थे आफ्ना छोरीबाट राज्यका उत्तराधिकारीको जन्म होस्। तर दैवको इच्छा, उनले चाहे जस्तो भएन। केवल माहिला बडा महारानीबाट शाहज्यादीहरू पैदा होइबक्स्यो, छोराको जन्म भएन। उता श्री ५ पृथ्वीवीरविक्रमको स्वास्थ्य पनि राम्रो थिएन। त्यसैले राजपरिवारको मात्र हैन, सबै राजभक्त नेपालीहरूको हृदयाकाशमा समेत चिन्ताको बादल छाएको थियो। अर्कै भाइतिर पो गद्दी सर्ने हो कि भन्ने आशंका मानिसको मनमा भुतभुताइरहेको थियो। एकपछि अर्को शाहज्यादी नै जन्मने, युवराज नजन्मने हुँदा सबै उकुसमुकुस अनुभव गरिरहेका थिए। राजवंशमा सबभन्दा नजीक भएकोले श्री ५ माहिला अधिराजकुमार नरेन्द्रवीर-विक्रम शाहका छोरा श्री रलेन्द्रविक्रम शाह (जुना राजा) गद्दीनसीन हुने कानेखुसी चल्न थाल्यो। यस प्रकार क्या हो, के हुने हो भन्ने अनिश्चित अवस्था थियो।

गाउँ-घर, छर-छिमेक जहाँ होस्, जो सुकैको पनि छोरा जन्मँदा वरिपरिसमेत खुशी फैलिन्छ। साधारण परिस्थितिमा समेत गद्दीका उत्तराधिकारी पैदा हुँदा प्रजागणमा आनन्दको लहर फैलिन्छ, राज्यभरि

खुशीयाली मनाइन्छ। उसमाथि कुनै असाधारण अवस्थामा, धेरै वर्षको प्रतीक्षापछि राजकुमार पैदा हुँदा जुनसुकै राज्यमा पनि अपार हर्ष हुनु स्वाभाविकै हो। श्री ५ त्रिभुवनको जन्म पनि त्यस्तै विकट बेलामा भएको थियो। श्रीराम जन्मदा अयोध्याझैं श्री ५ त्रिभुवन पैदा होइबक्सँदा नेपाल गद्गद भयो। भविष्यमा एक करोड नेपालीका मुक्तिदाता बन्ने बालक श्री ५ त्रिभुवनबाट राजमुकुट यताउति सर्नुलाई स्थिरता बक्सेको मात्र हैन, अझै प्रजाको हृदयमा नवनिर्मित सिंहासनमा समेत विराजमान होइबक्स्यो।

शुक्लपक्षको चन्द्रझैं श्री ५ त्रिभुवन बढ्न लागिबक्स्यो। मौसूफ छ वर्षमात्र लाग्दा श्री ५ पृथ्वीवीरविक्रमको स्वर्गवास भएकोले राजगद्दीमा राज भयो। मौसूफको राज्यारोहण भएको यो लेखकलाई थाहा छैन, तर मौसूफलाई राजाको रूपमा आठ वर्षको उमेरदेखि नै दर्शन पाउन थालेको हुँ। मेरो उमेर छ वर्षको थियो। आफ्ना आमा बज्यैहरूले बराबर कुरा गरेको सुन्दथें--राजा भन्या विष्णुका औतार हुन्; नुहाउँदा राजालाई पानी चढाउनुपर्छ, खाँदा बलि चढाउनुपर्छ, धार्मिक कामकुरो गर्दा राजाको मूर्ति थपना गरेर पूजा गर्नुपर्छ इत्यादि। मेरो कलिलो हृदयमा त्यस बेलादेखि नै राजाप्रति गहिरो छाप पर्‍यो, हृदयमा पुर्ख्यौली राजभक्ति तथा अगाध श्रद्धा उदायो।

कुनै धार्मिक दिवस थियो। 'धिराजको सवारी भयो', 'जुजुया सवारी जुल' भनेर डिल्लीबजारमा हल्लीखल्ली भयो। घर-घरबाट मानिसहरू निस्केर सडकको छेउमा उभिन आइपुगे। प्रसंगवश यहाँ दुइटा मामूली तर घतलाग्दा कुरा लेख्दछु। राणा-शासनकालमा नेपाली प्रजाले उनीहरूलाई कहिल्यै पनि राजा भनेनन्, केवल महाराज भन्दथे। धिराज र राजा खास राजालाई मात्र प्रयोग गरिन्थ्यो। अर्को कुरा महाराजको सवारीमा सडकको छेउमा त के कुरा नजिकमै पनि जनता उभिन पाउँदैनथे, त्यसो गर्नेलाई महाराजका आठपहरियाहरूले गलहत्याइदिन्थे, अस्तु। श्री ५ त्रिभुवन श्री ५ मुमा बडा महारानीको साथमा श्रीपशुपति नाथको दर्शन गर्न सवारी भएको थियो। चार घोडे बग्गी, तलावाल एकदम ठूलो थियो। त्यसताका काठमाडौंमा शायद दुई-चार वटा मात्र मोटर हुँदा हुन्। एउटा मोटर राजदरबारमा

पनि थियो। तर त्यो स्वाद न ब्यादसँग घुइँकिने हुनाले मोटरमा सवारी नचलाएको होला। झललल बलेको झैं उज्यालो मुहार, कानमा हीराको टप, गाथमा लबेदा सुरुवाल र कोट, शिरमा कालो सिलकशनको शिरपोश। कति सुहाएको, कति राम्रो! बयान गरेर साध्यै छैन, सारा सौन्दर्य नै बालकको रूप लिएर आएझैं। 'सवारी भयो'-को प्रतिध्वनि एउटा घोक्रोबाट अर्को घोक्रोमा सर्दै गयो। सुन्नेजति सबै सवारी हुने सडकतर्फ धाए दर्शनको लागि। हराएको बालकले आमा देख्दाको झैं सबैको अनुहारमा सान्त्वना र प्रसन्नता नाच्न लाग्यो। मौकामा पुग्नेहरूले देखुन्ज्याल दर्शन गरेर मक्ख परे, नपुग्नेहरूचाहिं थकथकी मानेर फिर्ती सवारीको बाटो हेरेर पर्खिरहन्थे। अनि दर्शन पाएपछि गद्गद हुँदै घर जान्थे।

बुढाबूढी भन्दथे—"राजाको दर्शन पाएपछि दिनभरको पाप काटिन्छ।" धर्मात्मा हउन् वा पापी—लालायित आँखा गाडेर सबै राजालाई हेर्दथे, तर उनीहरूको आँखा अघाउँदैनथ्यो। उदयदेखि अस्तसम्म चन्द्रमालाई हेर्ने च्याखुराझैं सारा नर-नारी आँखाबाट ओझेल नहुन्जेल श्री ५ त्रिभुवनलाई हेरिरहन्थे। पछि सुनियो—मौसूफ आफ्नो समयमा विश्वमा सबभन्दा राम्रो व्यक्ति होइबक्सिन्थ्यो। लोकोक्ति विश्वास र अन्धविश्वासको कुरा छाडौं। जुन कुरा सुन्नाले, देख्नाले वा छुनाले हृदय प्रसन्न हुन्छ, शान्तिको अनुभव हुन्छ वा प्रेमको संचार हुन्छ त्यो धर्म हो, त्यो वांछनीय हो; अनि त्यसको उल्टो, क्षोभ, अशान्ति र घृणा उत्पन्न गर्ने अधर्म हो, अवांछनीय हो। करीब ५४-५५ वर्ष-अघिको त्यो घटनालाई फर्केर हेर्दा मलाई लाग्दछ—हराएको मणि पाउँदा हुने हर्ष जस्तो हुन्थ्यो नेपाली नर-नारीलाई आफ्ना प्यारा राजाको दर्शन पाउँदा। एकतन्त्रे स्वेच्छाचारी शासनरूपी जंगलको बीचमा शोषण र अत्याचाररूपी चूक जस्तो अन्धकार छाएको रातमा नेपालीको हृदयरूपी बाटो बिराएका बटुवालाई आफ्नो कल्याणको ज्योति नजराउँथ्यो। श्री ५ त्रिभुवनको दर्शनमा त्यस बेलाका श्री ५ त्रिभुवन तथा मौसूफप्रति रहेको नेपाली जनताको श्रद्धा र ममतालाई आजको यो नयाँ नेपालको नेत्रले हेर्दा नेपाली उखान **हुने बिरुवाको चिल्लो पात,** तथा गो० तुलसीदासको चौपाई, **जाकर जापर सत्य सनेहू। ताहि मिलत न कछु सन्देहू।।**—को सत्यता छर्लङ्ग देखा पर्दछ।

श्री ५ त्रिभुवनको सवारीमा सधैं रहने एउटा बडो जहडी तत्त्वको उल्लेख आजका नवयुवक-युवतीहरूले चाख मान्लान् भन्ठान्दछु। एक जना राणा जर्नेल रातोदिन राजदरबारमा तैनाथ रहन्थे। भन्नलाई त राजाको रक्षाको निम्ति, मौसूफको अङ्गरक्षकको रूपमा 'हजुरिया जर्नेल' राखेको भन्ने गर्दथे, तर भित्री मतलब थियो अर्कै––एक त राजालाई प्रजासँग भेटघाट गर्न नदिनु, चाहेको बेलामा दरबार बाहिर निस्कन नदिनु, अनि नाना थरीले रचेको भूलभुलैयामा, मोजमजा र व्यसनमा फसाइराख्नु। दोस्रो थियो राजालाई आत्मविस्मृति गराउनु। अर्थात् राजालाई यो कुरा कहिल्यै थाह नहोस्––मौसूफ नै नेपालका खास राजा होइबक्सिन्छ, राजाको पनि प्रजाप्रति अवश्यै केही कर्तव्य हुन्छ र त्यो कर्तव्य पालन गर्नु नै राजाको परम कर्तव्य हो, राजत्व हो। बस, राजदरबार र सवारीमा चौबिसै घण्टा निगरानी राखी बस्ने जर्नेलको काम त्यही थियो।

हुने हुनामी कोई रोक्न सक्तैन। राणा-शासकले श्री ५ त्रिभुवनलाई प्रजाबाट जतिसुकै टाढा राख्न चाहे पनि राख्न सकेनन्। बडो भावपूर्ण ढंगले मौसूफको जनसम्पर्कको श्रीगणेश बालककालमै भैछाड्यो।

एक दिनको कुरा हो। माथि लेखेझैं श्रीपशुपतिनाथको दर्शन गर्न श्री ५ त्रिभुवन सवारी भयो। डिल्लीबजार स्थित हुलाक अड्डाको अगिल्तिर बुद्धिमान सुबेदारको घर-पसल थियो। (त्यो घर अद्यापि छँदैछ।) उनको सानो, राम्रो सेतो कुकुर पेटीमा सुतिरहेको थियो। डिल्लीबजारको मोड त्यसताका ऐलेको भन्दा पनि साँगुरो थियो। त्यसैले बग्गी बिस्तारै चलेको थियो। मौसूफको नजर त्यस कुकुरमा पर्‍यो। केही घण्टापछि सवारी फिर्‍यो। त्यो घर अगाडि बग्गी अड्यो। संयोगको कुरा त्यो पन्ना कुकुर पनि त्यहीं देखिएको थियो। अत्यन्त मीठो बोलीमा हुकुम भयो––"त्यो कुकुर कसको हँ?"

"सरकार, यो ताबेदारको हो।"

"मलाई दिन्छौं?"

"सरकारमा चढाउन पाए म भाग्यमानी हुनेछु।"

"म कहाँ ल्याऊ है त ?" त्यो दिव्य मूर्तिबाट निस्केको त्यो मीठो बचन सुन्ने सबै गद्गद भए। साँच्ची भनौं, त्यस जमानामा चारघोडे बग्गी चढ्ने महाराजको त के कुरा, दुईघोडे एकघोडे बग्गी चढ्ने 'बडादमी' समेतको मुखबाट नेपाली जनताले आफूसँग कुरा गर्दा 'तँ'-सिवाय 'तिमी' भनेको सुनेकै थिएनन्। बग्गी चढ्ने राणाजी र उनका गुमस्ताबाहेक अरू कोई थिएनन्। राणाजी त राणाजी भैहाले, उनका पछुवाहरू पनि छोइसक्नुका थिएनन्। बबुरो नेपालीलाई, 'तिमी' भन्ने कसले! तर टुहुराको दिन फर्कन्छ। मानौं स्नेहले त्रिविध ताप हरण गर्ने अमृत बर्सायो, भाग्योदयको उषाकालीन हल्का उज्यालोको सूक्ष्म लहर नेपालीको हृदयाकाशमा फैलियो, भाव र शब्दको रूपमा **नाराणां च नराधिपम्**-बाट निस्केर **सत्यं, शिवं, सुन्दरम्** नेपालीको अन्तः-करणमा प्रवेश गऱ्यो। १९०३ सालमा जंगबहादुरले राजसत्ता हत्याए-देखिन् हाम्रा राजाले, जागिरदारबाहेक, पहिलेदेखि केही नसोचेर, अघिबाटै कुनै बन्दोबस्त नगरेर, एकाएक आफ्ना रैतीको सामु खडा भई दिल खोलेर प्रजासँग बोलेको शायद त्यही दिन थियो। त्यस घटना स्थलमा रही देखीजान्ने, सुनीजान्ने भएकोले मौसूफबाट बोलिबक्सेको वाक्यको रहस्यात्मक अर्थ आज पो स्पष्ट खुलिरहेछ।

माथिको घटना १९७०-७१ सालतिरको होला। त्यस समयमा नेपाली जनताको कुनै कुरामा अधिकार वा स्वामित्व थिएन। यदि 'बडादमी'-ले लिन चाहे भने गाई, भैंसी र कुकुरको, घर बारी र खेतको त के कुरा, छोरी-बुहारी समेत उठाएर लैजान्थे र जनताले हेऱ्याहेरै रहनुपर्दथ्यो। त्यसैले त अहानै चलेको थियो—**दाल-भात-तरकारी जीउ-धन सरकारी** अर्थात् बिहान बेलुकी जे खायो त्योचाहिं आफ्नो भयो, अरू कुन बेला के कसो हुने हो केही ठेगाना थिएन। त्यस्तो जमानामा खास राजाबाट हुकुम भएको माथि लेखिएका वाक्यले रैतीको पनि आफ्ना चीजबीचमा स्वामित्व हुन्छ, आत्मनिर्णय गर्ने उनीहरूलाई अधिकार छ तथा राजा र प्रजामा परम आत्मीयता छ औ उनीहरू राष्ट्रका आत्मा र शरीर हुन् भन्ने जनाउँछ। त्यस बेला थालिबक्सेको जनसम्पर्क र देखाइबक्सेको प्रजातन्त्रीय भावना २००७ सालमा जन-आन्दोलनको नेतृत्व एवं प्रजातन्त्र स्थापना गरेर पूरा गरिबक्स्यो।

श्री ५ त्रिभुवनको चौबीस वर्षको उमेरसम्म राणा महाराज चन्द्रशमशेर थिए। यिनी बडो तीखो बुद्धिका, दरो सम्झना-शक्तिका र घागडान कूटनीतिज्ञ मानिन्थे। कलकत्ता गएर इन्ट्रेन्स पास गर्ने पहिलो राणाजी यिनै थिए। सारांशमा राणाहरूमा उनी सबभन्दा चनाखा थिए र उनको समयमा राणा-शासनको चकचकी टाकुरामा पुगेको थियो। लोकको भनाइ छ––**असल काम गर्न बाबु बाजेको पुण्य चाहिन्छ।** शायद त्यसैले होला चन्द्रशमशेरको ल्याकत देशको इज्जत बढाउन र जनतालाई सुखी बनाउनेतिर लाग्न सकेन। भएभरको बुद्धि र बर्कत लगाएर उनले राणा-राज्यलाई मजबूत पार्न र आफ्ना छोराहरूलाई धनी बनाउन गर्नसम्म शोषण गरे। अर्कोतिर श्री ५ त्रिभुवनमा उनले विलक्षणता देखे। आफ्ना भाइ छोराहरूलाई उनले भनेथे रे––**यो राजाबाट हाम्रो राज्य खोसिन्छ।** अनि मौसूफलाई आत्मविस्मृतिको खाडलमा ङ्याचिराख्न कुनै उपाय बाँकी राखेनन्।

यो प्रकृतिको नियम हो––पृथ्वीमा छरेको बीउ केही समयसम्म माटोभित्र गुम्सिरहनै पर्छ। त्यसो भएन भने हुर्कने र फल दिने शक्ति त्यसले पाउँदैन। ठीक त्यस्तै, हाम्रा राजा श्री ५ त्रिभुवनमा माथि उल्लिखित देखा परेको प्रजातान्त्रिक एवं जनसम्पर्कको भावना पनि केही समयको लागि अदृश्य भयो। एक कोटि प्राणीलाई मंगलमय छहारी दिन सक्ने विशाल वृक्षको रूप धारण गर्न त्यो भावना भित्र-भित्रै शक्ति संचय गर्न लाग्यो।

श्री ५ त्रिभुवन किशोरावस्थामा प्रवेश गरिबक्स्यो। मौसूफको विवाह चाँडै नै भयो। राणावर्ग त मौसूफलाई सुख-सयल, मोजमज्जामा फसाइराख्न चाहन्थ्यो नै। तर ईश्वरको प्रतिज्ञा पालन हुनु थियो। ईश्वरको कृपा पाएको व्यक्तिको लागि विष पनि अमृत हुन्छ, शत्रु सहायक बन्छ, अपार समुद्र गाईको खुरको खाल्टोको रूपमा बदलिन्छ र आगोले पनि शीतलता प्रदान गर्छ। मौसूफको पहिलो सन्तान नै मौसूफको दैवी सन्देह (मिशन)-लाई पूरा गर्ने पुत्र-रत्न श्री ५ युवराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव पैदा होइबक्स्यो। त्यस मौकामा सन्तोष र सान्त्वनाले श्री ५ त्रिभुवनको नाङ्लोजत्रो छाती भयो।

स्वेच्छाचारी राणा-शासनलाई बेठीक ठानी प्रजातान्त्रिक प्रणाली चलाउने सचेत भावना कुन समयमा श्री ५ त्रिभुवनमा उदायो होला, यो कुरा हामी ठम्याएर भन्न सक्दैनौं। केवल अनुमान-प्रमाणको शरण पर्नुपर्छ। मलाई लाग्दछ विवाह भएको दुई-चार वर्षभित्रै मौसूफमा सो विचार टुसाएको हुनुपर्छ। यो त सबैलाई थाहा छ, राणा-शासकले मौसूफलाई राजा, प्रजा, शासन-प्रणाली, विश्वको गतिविधि आदि राज्यव्यवस्था बारेको कुनै पुस्तक पढ्न नपाउने जकडबन्दी गरेका दिए। तर मौसूफ पुराणका कथाहरू सुनिबक्सिन्थ्यो र कुनै आपत्तिजनक नठानिने तथा जसले पनि राख्ने-पढ्ने रामायण, गीता भने मौसूफबाट पढिबक्सिदो हो भन्न सकिन्छ। त्यस बेलासम्म मौसूफमा राजा, राणा र प्रजाको बेग्लाबेग्लै अवस्थाको केहीं मात्रामा बोध भैसकेको थियो। अनि राजा नहुषको यो वाक्य **नत्वहं कामये राज्यं नस्वर्गं नपुनर्भवम्। कामये दुःखतप्तानामार्तिनां शोकनाशनम्** हाम्रा राजाको कानमा कसो परेन होला। फेरि रामायणमा **जासु राज्य प्रिय प्रजा दुखारी। सो नृप अवस नरक अधिकारी** भन्ने कसो पढिबक्सेन होला। यसै कारण चाहे जुनसुकै विचारले चन्द्रशमशेर आदिले मौसूफको शुभविवाह गराएका हुन्, त्यो मौसूफलगायत सारा नेपालको निम्ति त महाकल्याण-कारक नै साबित भयो। किनभने मौसूफको स्वर्गारोहण हुँदा श्री ५ महेन्द्रलाई नेपालीले परिपक्व बुद्धिका नरपति पाए। राष्ट्रपिताको स्वर्गारोहणको असह्य वेदनामाथि थप जुन प्रकारको वातावरण यहाँ फैलिन थालेको थियो, त्यसलाई साम्य पारेर नेपाली जनतालाई सान्त्वना दिनु सानु काम थिएन, लरतरो शासकबाट पार लाग्ने थिएन। त्यस विकट परिस्थितिमा श्री ५ महेन्द्रसमान क्षमतावान् नरेश पाएकोले नै आज नेपालीहरू बितेका दिनमा भएका खतीलाई बिर्सेर, विकास र सम्मानको गाउँ-शहरमा उत्साह र परिश्रमका पाइला सार्दै रमाउन पाएका छन्।

२००८-९ सालतिरको कुरा हो। राष्ट्रपिता श्री ५ त्रिभुवनको दर्शन-भेट पाउँदा मैले एउटा कुरा पाउमा बिन्ती चढाउँदै सोधेको थिएँ। जवाफको सिलसिलामा मौसूफको उमेरको सत्र वर्षको जिकिर गरी बक्सिएको थियो। त्यसैले मलाई लाग्दछ——मौसूफको चौध-पन्ध्र वर्षको उमेरमा सचेत भावना उदायो होला। नेपालमा नयाँ युग ल्याउन

'गर्ने कि मर्ने' अठोटचाहिं मौसूफबाट अठार-बीस वर्षको उमेरतिर गरिबक्सेको हुँदो हो। अनि त्यस बेलादेखि देश-विदेशका राजनीतिक पतन र उत्थानको, निर्माण र क्रान्तिको इतिहास, साहित्य, विज्ञान आदि महत्त्वपूर्ण पुस्तकहरूको अध्ययन गर्न लागिबक्सियो। बहुश्रुत र गहन अध्ययनबिना मौसूफजस्तो कार्यकुशल हुन सम्भव हुँदैन। राणा जर्नेल सँधैंभरि राजदरबारमै रहन्थे। उनका मानिसले श्री ५-को हरेक चालमा आँखा कान ठाडो गरिरहन्थे। रोजै मौसूफबारेको रिपोट सिंहदरबारमा चन्द्रशमशेरकहाँ जाहेर गरिन्थ्यो। तथापि चाहेको पुस्तक अनेक उपायद्वारा सुटुक्क राजदरबारमा आइपुग्थ्यो। किनभने राजदरबारमा राणाद्वारा नियुक्त भएका कर्मचारी थिए तापनि सबका सब उनीहरूका तालमा नाच्ने थिएनन्। परम्परादेखि नेपालीको नसामा राजभक्तिको रगत बग्दै आइरहेकोले आसत्रासलाई पाखा लगाई श्री ५-को इच्छा मुताबिक काम गर्ने, त्यतिमात्र होइन, परिआएमा मौसूफको लागि प्राण अर्पण गर्नसमेत पछि नहट्ने केही जागिरदार पनि त्यहाँ थिए। त्यस्तै विश्वासी सेवकहरूद्वारा मौसूफ आफूलै चाहेको पुस्तक आदि मगाइबक्सिन्थ्यो। **यथा राजा तथा प्रजा** केही प्रजाले पनि राणा-शासनको विरोधमा मन-मनमा विचार गर्न थाले।

मानिसलाई 'आफै जस्तो अरूलाई बनाउन चाहने जन्तु' पनि भन्ने गर्दछन्। हुन पनि संसारमा यस्तै देखिन्छ। हरेक बाबु आफ्नो छोरालाई आफूले गरेको काम गरोस्, हरेक पति आफ्नो पत्नीलाई आफूले भने जस्ती हुन् भन्ठान्दछन्। साथी-भाइहरूमा पनि यही भावना चलेको देखिन्छ। अहंकारयुक्त मानव-प्रकृतिले त्यस्तो ठान्ने गरेको पनि हुन सक्छ। जे होस्, कुनै महान् उद्देश्य पूरा गर्नमा आफ्नो आत्मजबाट ठूलो आड-भरोसको अपेक्षा गर्नु स्वाभाविकै हो। श्री ५ त्रिभुवनलाई आफ्ना उत्तराधिकारीमा गम्भीर स्वभाव, विवेकपूर्ण व्यवहार आदिको आभास मिल्न लाग्यो। अरू दुई अधिराजकुमारसमेत हुँदा भविष्यमा गर्नुपर्ने ठूलो कामको निमित्त चार जना भएको तथा आफ्नो पवित्र कल्पना साकार हुने देखिबक्सेकोले मौसूफको नाङ्लोजत्रो छाती भयो।

२९ वर्षसम्म अकण्टक हैकम चलाएर चन्द्रशमशेरको मृत्यु भयो। महाराजत्व र मुलुकी खानामा दाँत गाडिरहेका, सत्ता र दौलतको भोक

र तिर्खाले वर्षौं छटपट्टिरहेका भीमशमशेर महाराज भए। उनी बडा अचम्मका थिए। आफूलाई बडो धर्मात्मा ठान्दथे र अरूले उनलाई 'रामावतार' भनेको सुन्न खूबै मन पराउँथे। आफ्नो कर्तव्य-पालनको साथै स्वार्थ साध्न पनि सजिलो हुने देखेर चन्द्रशमशेरको पालामा भन्दा राजालाई बढी खर्च टक्र्याउँथे। मुलुकीखानाबाट पाउने गरेको पैसाले श्री ५ त्रिभुवनलाई पुग्दैनथ्यो। किनभने पैसा पुग्नासाथ त्यो बकस, इनाम, खेलबाड-खुराक आदिको रूपमा वरपरकालाई बाँडिन्थ्यो। पैसा हात पर्‍यो कि मौसूफबाट धमाधम बाँडिबक्सिने हुँदा मौसूफलाई चाहिं सधैं पैसाको हा-हाजस्तै पर्दथ्यो। मौसूफको त्यो बानी र हालत पछिसम्म पनि हामीहरू धेरैले देखे-जानेका हौं।

भीमशमशेरको पालामा 'प्रचण्ड गोर्खा'-को काण्ड उठ्यो। १९८८ साल श्रावण २८ गते बुधबार फैसला गर्ने दिन श्री ५ त्रिभुवनलाई पनि भीमशमशेरले आफ्नो 'दरबार' टंगालमा ल्याएका रहेछन्। त्यस बेला भीमशमशेरले, 'सरकारको र हाम्रो गाथगादी ताक्ने.........' इत्यादि बिन्ती गरे। तर त्यस काण्डमा १८ वर्षका साहेबज्यू उमेशविक्रम शाह, २३, २४, २५ वर्षका ३ जना युवक, ५१ वर्षको कप्तान खण्डमानसिंह जस्ता मामुली प्रजा लागेको र आफूसँग सम्पर्क राख्ने प्रयासमा लक्ष्मण राजाले भेद खोलिदिएकोले मौसूफको गाथगादी ताकेको भन्ने कुरा पत्यार परेन, राणा-शासन हटाउन तम्सिएको भन्नेमा चाहिं कुनै शंका रहेन। अनधिकारी, स्वेच्छाचारी शासन हटाएर आफ्ना राजाको वैधानिक नायकत्वमा आफ्नो देशमा युगानुकूल शासन-प्रणाली चलाउन चाहने प्रजाहरूउपर त्यहाँ भएको मारमुङ्ग्रीको दृश्यले मौसूफमा सारै गहिरो छाप पर्‍यो। एक शब्द पनि नबोली रसिलो नजर र रातो मुहार लिएर जुरुक्क उठी सवारी भयो। त्यस बेलादेखि त श्री ५ त्रिभुवन ज्यादै उद्विग्न होइबक्सियो। विवश भएर आफ्ना वच्चाहरूलाई छाड्नुपरेको व्याधाको वशमा परेकी माउको जस्तो हालत भयो होला श्री ५ त्रिभुवनको।

दिनपछि रात र रातपछि दिन बित्दै थियो। राजाको मन भने झन्-झन् हतारिन्थ्यो। कहाँ जाऊँ, के गरूँ, कसो गरे ठीक होला——इत्यादि कुराको चिन्तनमा मौसूफ लीन होइबक्सिन्थ्यो। हिमालको

गुफामा ध्यान गरिरहेका ऋषिमुनिको श्वास-प्रश्वासले विश्वको वायुमण्डल स्वच्छ पार्दछ, मानिसको कलुषित विचार पखाल्दछ। भनाइको तात्पर्य, विचार बडो बलवान् हुन्छ। आधुनिक विज्ञानले पनि 'इच्छा शक्ति'-को प्रभावलाई मानेको छ। संचारका साधन हुँदा अमेरिकामा बोलेको कुरा हामी यहाँ सुन्न सक्छौं। किनभने बोलेको शब्द र सोचेको विचार आकाशमा फैलिन्छ। ठीक त्यस्तै श्री ५ त्रिभुवनबाट सोचिबक्सेको विचार वायुमण्डलमा फैलिंदै नेपाली नर-नारीको हृदयमा पसेर गुञ्जिन थाल्यो।

'प्रचण्ड गोर्खा'-लाई दबाएको पाँच वर्षपछि १९९३ सालमा नवयुवकहरूको अर्को झन् चर्को जमात प्रजा-परिषद् खडा भयो। अनि १९९७ सालमा काठमाडौंभरि राणाविरोधी पर्चा छरेर दुनियाँमा प्रचार गऱ्यो। राणाहरू आगो भए। त्यस संस्थाले श्री ५ त्रिभुवनसँग सम्पर्क कायम गर्न सफल भयो। मौसूफको सहयोग र सहायता पायो। त्यस बेला राणा महाराज थिए जुद्धशमशेर, अनि थिए आफ्नो बाबुको लामो शासनकाल २९ वर्षसम्म 'उच्च हुँ'-को धारणा (सुपेरियरिटी कम्प्लेक्स) लिएर सुम्लिएका, बुद्धिमानमा एक हुँ भन्ने जंगीलाठ मोहनशमशेर र उनका भाइ बबरशमशेर आदि। श्री ५ त्रिभुवनको पालामा राणाशासन खोसिन्छ भन्ने कुरा चन्द्रशमशेरले आफ्ना भाइ छोराहरूलाई भनेथे रे भन्ने लेखिएको छ। त्यसैले राणावर्ग सँधैं चनाखो भएर मौसूफको चेवा-चर्चा गर्दथ्यो। एकतर्फ राजाको चालमालले उनीहरूको मनमा चिसो पस्न थाल्यो भने अर्कोतिर प्रजावर्गमा राणाविरोधी कुरा हुन थालेको सुइँको राणाहरूले आफ्ना गुप्तचरबाट सुन्न थाले। अनि राजालाई नाना प्रकारले अँठ्याउन लागे।

राणाहरूलाई थाह थियो खान-लाउन पुग्ने खालका मानिसहरू उनीहरूकै इशारामा हुर्केका हुन्, उनीहरूको विरुद्ध कुनै काम गर्न सक्दैनन्। अरू सब कंगाल छन्। पैसा नभै कुनै ठूलो काम हुन सक्दैन र 'पैसा दिनेचाहिं यही राजा हुन सक्छ।' राज-दरबारमा कडा निगरानी रहन थाल्यो, राजालाई यताउति चलमल गर्न दिएनन्। तर राजाको स्वभावमा कुनै परिवर्तन पाएनन्। उल्टै जति-जति उनीहरू सताउँथे श्री ५ त्रिभुवनको हृदयभित्रको संकल्प झन्-झन् क्षुब्ध र दृढतर हुँदै

जान्थ्यो। नियालेर हेर्नेले त्यसको प्रतिविम्ब मौसूफको मुहारमा दन्किरहेको देख्न सक्थे। कडिकडाउ र मौनताबीचको त्यस संघर्षमा निरन्तर आफू पछारिएको पाउँदा कडिकडाउले झन् उग्ररूप लियो।*

राणाहरूले श्री ५ त्रिभुवनलाई धपाएर गोर्खामा नजरबन्द गर्ने र यहाँ श्री ५ महेन्द्रलाई गद्दीमा राख्ने सुर कसेका पनि हुन्, तर गरिहाल्नचाहिं हिम्मत परेन। कारण, सर्वप्रथम श्री ५ महेन्द्र उनीहरूको कठपुतली बन्ने खालका उनीहरूले पाएनन्, सारा दुनियाँले विद्रोह गर्लान् भन्ने डर माने। भारतमा राज गरिरहेको अंग्रेजी सरकार, गोर्खाली पल्टन र प्रवासी नेपालीले पनि आफ्नो समर्थन गर्लान् भनी ढुक्क पर्न सकेनन्। चूप लागौं भने आफ्नो जरो कुटुकुटु काटिन लागेको अनुभव हुन लागिरहेछ, हात हालौं भने झन् एकै चोटि जरै उखेलिएर ढल्ने डर, त्यसताका राणाहरूको हालत विचित्रको थियो। प्रजा-परिषद्को काण्डमा चार जनालाई ज्यान सजायँ दिने निधो नरुचाएर परेको सहुँला भनेर श्री ५ त्रिभुवनबाट निर्धक्क हुकुम भएको, **सजायँ आधुनिक र उदार हुनुपर्छ** भन्ने वाक्य राणाहरूको कानमा गुञ्जिरहेको थियो। 'आधुनिक' भन्नाले आधुनिक जगत्मा चलेको पद्धति तथा सुधारतर्फ औ 'उद्धार'-ले हुकुमी शासनलाई मन नपराएर अहिंसात्मक तरीकाले विरोध गर्दैमा ज्यान सजायँ दिनु अनुचित हुन्छ भन्ने संकेत गरिबक्सेको तथ्यले राणाहरूको मनमा चिसो परिरहेको थियो। त्यसैले उनीहरू भित्रभित्रै मुर्मुरिनुसिवाय अर्को उपाय केही गर्न सक्दैनथे।

श्री ५ त्रिभुवनलाई 'ठीक गर्ने' राणाहरूले गर्नु। नगर्नु गरे। राणा महाराज बस्ने घर—सिंहदरबारमा मौसूफलाई रोजै। बोलाएर नाना तरहले फकाए, हप्काए, तर्साए, **कीराले हीरा बिगार्छ** भन्ने सुनाउँदै मौसूफलाई बिगार्ने धम्की पनि लगाए। तर, सती स्त्रीको मन कामीको प्रलोभन र धम्कीले नडगेझैं, राणाहरूको साम, दाम, दण्ड, भेदले कहिले पनि मौसूफलाई आफ्नो दृढ संकल्पबाट विचलित पार्न सकेन। एउटाले सके अर्कोलाई स्वाहा पार्नेछ भन्ने कुराचाहिं दुवै पक्षमा स्पष्ट भइसकेको थियो। त्यसैले राणावर्ग र राजपरिवारमा भित्रभित्रै संघर्ष चर्म्किंदै गयो।

---

* अरू विवरण **महिला बोल्छिन्** वर्ष ६, अंक ५ पढ्नोस्—लेखक।

नेपाली जनता पनि चूप थिएनन्। उसै त आफ्नो दुर्गति बनाउने हुकुमी शासन हटाउने प्रयासमा लागिरहेकै थिए, त्यसमाथि आफ्ना राजा धेरै अगिदेखि नै नेपालको काँचुली फेर्ने प्रयासमा लागिबक्सेको थाहा पाउँदा उनीहरूको साहस खूबै बढ्यो। राणावर्गले भित्र-भित्र राजासँग बाहिर प्रजासँग सामना गर्नुपऱ्यो, प्रजालाई दमन गर्न केही बाँकी राखेन। श्री ५ त्रिभुवनबाट आफूलाई परेको सकसको त परवाह गरिबक्सेको थिएन, तर रैतीहरूउपर निरन्तर भैरहेको अत्याचार-चाहिं सहन सकिबक्सेन। अतः मौसूफबाट संघर्षलाई अर्कै मोड बक्सियो।

लडाइँमा केवल जाइलाग्नु युद्ध-कौशल मानिन्न। विजय-प्राप्तिको लागि कहिले खाडलमा लुक्नुपर्दछ त कहिले पछि हट्नु पनि पर्छ। श्री ५ त्रिभुवनबाट पनि यस्तै उपाय अँगालिबक्सियो। तर साधारण लडाइँमा र यस संघर्षमा गरिएको माथि लेखिएको चालमा फरक के छ भने अगिल्लोमा ज्यान सुरक्षित रहन्छ, पछिल्लोमा चाहिं जीवन नै खतरामा हाल्नुपर्ने हुन्छ। जे होस्, समयअनुसार काम गर्न परिपक्व होइबक्सिएका आदर्श पिता तथा आदर्श पुत्रबाट ठूलो जोखिम उठाएर आखिरी कदम चालिबक्सियो। मौसूफहरूबाट कि राजा रहेर राज्यलाई सुखी बनाइछाड्ने कि हैन भने प्रजालाई अत्याचारबाट बचाउन र राज्यमा युगानुकूल सुधार गर्न नपाउने हो भने बरु राजा नै नरहने अठोट गरिबक्सियो। मौसूफहरूको सत्प्रयास सफल भयो। नेपालले युगसुहाउँदो कोल्टे फेऱ्यो।

बैरी, क्षेत्री र राजा बदला लिने हुन्छन् भन्दछन्। अनि यी तीनोटै एउटै व्यक्ति भएमा कस्तो होला। तर महामानव श्री ५ त्रिभुवनमा त्यो दुर्गुणले च्याउन पनि सकेन। क्षमाको साक्षात् औतार मौसूफबाट पछिल्ला तीता कुराहरू बिर्सेर अघिल्तिर गर्नुपर्ने काममा सबैलाई लगाउन लागिबक्सियो।

हुकुमी शासनको बदलामा प्रजातान्त्रिक प्रणाली चलाउने प्रयास त पूरा भयो, तर नेपालीलाई सुखी र समृद्धिशाली एवं नेपाललाई विश्वमा सम्मानित बनाउने उद्देश्य पूरा नहुँदै राष्ट्रपिता श्री ५ त्रिभुवनको स्वर्गारोहण भयो। मौसूफको वर्षौं-वर्षौंको चिन्तन-मनन, अतुलनीय

त्याग र आत्मवलिदानको फलस्वरूप हामी नेपाली वास्तवमा स्वतन्त्र हुन पायौं। मौसूफबाट आफ्ना जीवनकालमा नेपाली जनताको लागि जसरी महान् व्यक्तित्व समर्पण र आत्मबलिदानसमेत गरिबक्सियो त्यस्तै स्वर्गारोहण होइबक्सँदा नेपाली प्रजालाई वरदानस्वरूप श्री ५ महेन्द्र प्रदान गरिबक्सियो। को जानोस्, मौसूफको शेषपछि श्री ५ महेन्द्र समान दूरदर्शी, कुशलनीतिज्ञ, दार्शनिक र कर्मयोगी नृपति नपाएको भए नेपाल र नेपालीको के हाल हुने थियो, राष्ट्रपिताबाट स्थापना गरिबक्सिएको प्रजातन्त्र के-कस्तो हुँदो हो। राष्ट्रपिता श्री ५ त्रिभुवनको व्यक्तित्व र आत्मदानको वर्णन गरेर गरिसकिन्न, सुनेर सुनिसकिन्न। मौसूफबाट गरिबक्सिएको उपकारको बदला नेपाली जनताले चढाउनै पर्छ र त्यसो गर्ने एउटै बाटो मात्र छ। त्यो हो——मौसूफका आत्मज राष्ट्रनायक श्री ५ महेन्द्रबाट बताइबक्सिएको कर्तव्यपालन गरी नेपाली नर-नारीलाई सुखी, समृद्ध र नेपाललाई विश्वमा सम्मानित बनाउनु।

*****

नेपालीका उद्धारक श्री ५ त्रिभुवन

खेमराज उपाध्याय ‘केशवशरण’

विश्वगुरु देवात्मा हिमालयको काखमा प्रशान्त र गम्भीर रूपमा शान्तिको अग्रदूत बन्दै आफू बाँच्तै अरूलाई पनि बाँच्न दिंदै आएको र नामले नै स्वतन्त्रताको बोधकजस्तै रहिआएको नेपाली जातिको लागि आत्मनिर्णय र आत्मसम्मान कति गौरवको चीज हो त्यो वीर नेपालीको परिचय प्राप्त गरिसकेका कुनै पनि विचारवान् व्यक्तिको लागि अविदित कुरा होइन। तर जस्तोसुकै धीर पुरुषको पनि जीवनमा विपत्तिसित संघर्ष गर्नुपर्ने अवस्था अनिवार्य रूपले आइपरेझैं नेपाली जातिले पनि १०४ वर्षसम्म एउटा त्यस्तै विपत्ति र शोषणको सामना गर्नुपर्‍यो। वीर जाति हुनाले विपत्तिलाई विपत्ति नमानेर यदि त्यसले सत्यको उद्घाटन गरिदिन्छ भने विपत्तिलाई नै सम्पत्ति मान्ने गिरिराजको सन्देशलाई हृदयङ्गम गर्दै नेपाल आमाको कोखलाई अनुपम देनद्वारा सिंगार्ने कुनै पथ-प्रदर्शकको प्रतीक्षा गरेर नेपाली जातिले त्यो शताब्दीव्यापी भयावह रात्रिलाई व्यतीत गर्‍यो। आखिर—**यो यदिच्छति तस्य तत्** भनेझैं समस्त नेपाली जातिको व्याकुल अन्तरात्माले गरेको पुकार परमात्माले सुनिदिए र त्यो युगान्तकारी शुभदिन आयो जसमा नेपाली जातिका उद्धारक श्री ५ त्रिभुवनको शुभजन्मको आनन्दोत्लासले नेपाल आमा प्रमुदित भइन्।

संघर्षविनाको जीवनलाई जीवन नमान्ने नेपाली जातिका मार्ग-निर्देशक श्री ५ त्रिभुवनमा अनुपम धीरता थियो, जसले गर्दा ‘विभिन्न प्रतिकूल स्थितिहरू छँदाछँदै पनि आफ्नो स्वरूपबाट विचलित नहुने नै

धीर पुरुष कहलाउँछ' भन्ने कविकुलचूडामणि कालिदासको सुभाषित-अनुसार राणा-शासकहरूको षड्यन्त्रको जालमा परेर पनि मौसूफले आफ्नो युगान्तकारी व्यक्तित्वको विकासमा चाहिने सबै महामानवीय गुणहरू कठिन प्रयत्न गरेर पनि आफूमा पूर्ण गरिबक्सियो। प्रजारञ्जन-लाई नै राजाको एकमात्र पुनीत कर्तव्य सम्झिने आदर्श नरेश होइबक्सेकोले जहानियाँ शासनको पन्जामा परेर छट्पटाइरहेको नेपाली जन-जीवनप्रति सार्थक आँसु बगाउने मौसूफ नेपाली जनताले आफ्नो आन्दोलनको सबल कर्णधार ठह्र्यायो। संवत् १९९३ साल ज्येष्ठ २० गते राजधानीमा जन्मेको प्रथम मुक्ति-आन्दोलनको उद्घोषक प्रजा-परिषद्को सक्रिय अभियानद्वारा क्रमबद्ध आन्दोलनको सूत्रपात भयो। यसै संस्थाबाट प्रजासित श्री ५ त्रिभुवनको प्रत्यक्ष सम्पर्क भयो। प्रजावत्सल राजाको लागि आफ्ना प्रजाको मानसिक व्यथा बुझ्नमा यस प्रत्यक्ष सम्पर्कले प्रभावकारी योगदान दियो। किन्तु राणा शासकको दृष्टिमा जघन्य अपराध ठहरिएको प्रजा-परिषद्का कतिपय योद्धाहरूले आफ्नो सर्वस्व र ज्यानसमेत गुमाए, कतिलाई कठोर कारावासको सजायँ दिइयो। यसवाट करुणामय पितृतुल्य राजाका आँखामा समवेदनात्मक आँसुको कहिल्यै नसुक्ने धारा बग्यो। हृदयमा प्रजाप्रतिको स्नेहले एउटा वेदनाको कीलो गड्यो र **देहं वा पातयामि प्रजा वा मोचयामि**-को अटल प्रतिज्ञा लिई मौसूफ प्रजाको लागि ज्यान समेत बाजी लगाउन तत्पर होइबक्सियो। राजाको समेत प्रश्रय पाएकाले नेपाली जनताको उत्साह र जोशको सीमा रहेन। अधिराज्यदेखि लिएर सुदूर प्रवाससम्मको नेपाली जीवनमा एउटै मुक्ति-संग्रामको जोश दौडिन लाग्यो। विभिन्न संस्थाहरूको रूपमा सामूहिक शक्तिको मूल फुटाउँदै आफूसँग भएभरको उत्साह, साहस र वीरतालाई लिएर नेपाल आमाका वीर सपूतहरू मुक्ति-संग्रामको लागि आफ्नो ज्यान हातमा लिएर श्री ५ त्रिभुवनको आशाप्रद आह्वानमा सम्मिलित भए। आखिर **सत्यमेव जयते**-को आर्यउद्घोष सार्थक भयो। राजा र प्रजाको सबल संयुक्त प्रयत्नको सामु शोषण र दमनको कुचक्र सदाको लागि धराशायी भयो। शताब्दीव्यापी सबल अत्याचार र शोषणको निबिड निशा बित्यो। नेपाली जातिको भाग्यकमल श्री ५ त्रिभुवनको लोक-रञ्जक उदयद्वारा प्रफुल्ल भयो। संवत् २००७ सालको फागुन ७ गतेको दिनले सत्यको अघिल्तिर असत्यको, दया, स्नेह र त्याग जस्ता

गुणहरूको अघिल्तिर क्रूरता र शोषण जस्ता आसुरी दुर्गुणहरूको पराजय भएको दिनको रूपमा नेपालको इतिहासमा आफ्नो अविस्मरणीय छाप छोडेर गयो। आफ्नै नेतृत्वमा प्रजाको स्वातन्त्र्य-संग्रामको सूत्रपात गराउने विश्वका अनौठा नरेश श्री ५ त्रिभुवनको लोकप्रिय ओजस्वी व्यक्तित्वको सामु संकीर्ण स्वार्थको कालिमाले दूषित भएको राणा-शासनले आत्मसमर्पण गरेको यो पावन दिनभन्दा महत्त्वपूर्ण दिन नेपाली जनताको लागि कुनै छैन भन्नु अवश्य अत्युक्ति होओइन।

विश्वका धेरै अस्वतन्त्र राष्ट्रहरूमा प्रवुद्ध जनताको स्वतन्त्रता-संग्राम भएको र स्वतन्त्रता प्राप्त भएको पनि देखिन्छ। किन्तु हाम्रो मुक्ति-संग्रामका मार्ग-निर्देशक श्री ५ त्रिभुवनको नेतृत्वमा जहानियाँ शासनबाट स्वतन्त्रता प्राप्त हुनुमा एउटा विलक्षणता थियो। एक त स्वयं राजा नै मुक्तिका प्रवर्तक थिए। अर्को जहानियाँ शासनको प्रवर्तन गर्नेहरू पनि परचक्री शासकहरू नभएर स्वयं नेपाल आमाकै सन्तान थिए। फलतः स्वतन्त्रता-प्राप्तिपछिको निर्माण-यज्ञको पूर्णताको लागि व्याकुल बन्दै उत्साहसाथ अधि बढिरहेको नेपाली जातिको पवित्र विकास-अभियानले उनीहरूको मनमा पनि पश्चात्ताप ल्याइदियो र आफूसितको धनबल राष्ट्र-निर्माणको साधनमात्र रहेछ भन्ने सबैले बुझिदिएकाले आज नेपालीमात्र एक छौं। न कोही शोषक छ, न कोही शोषित। न कसैको आत्मविकासमा आज कसैले तगारो हाल्दछ। साना-ठूला सबै नेपाल आमाको वात्सल्यमय काखमा क्रीडा गर्छौं। यस प्रकारबाट २००७ सालको स्वतन्त्रताप्राप्ति नेपाली एकताको मुहान, राष्ट्र-निर्माणको प्रभात साबित भयो र यसको सर्वोपरि श्रेय श्री ५ त्रिभुवनलाई नै छ। त्यसैले मौसूफलाई हामी नेपालीका उद्धारक राष्ट्रपिता मान्दछौं।

राष्ट्रपिता श्री ५ त्रिभुवनको ओजस्वी व्यक्तित्वको प्रतापले स्वतन्त्रता-प्राप्तिपछि नेपाल र नेपालीले प्राप्त गरेका उपलब्धिहरू वर्णनातीत छन् तापनि केही खास उपलब्धिहरूको उल्लेख यस सन्दर्भमा गर्नु अनुपयुक्त हुनेछैन।

आज नेपाली जनता आफ्नो अस्तित्व र प्रतिष्ठाको लागि आफै सोच्न सक्ने बनेको छ। राणा-शासनमा उसको दृष्टिकोणलाई एउटा

अनिच्छित पराधीनताले कठ्याङ्ग्रयाइराखेको थियो। विश्वमा अध्यात्म-भावना र दर्शनको आलोक फैलाउने चिन्तनशक्तिको पहिलो मुहान हिमालयको काखमा खेलेर पनि आफूलाई आत्मनिर्णयको लायक बनेको देख्न नपाउनु नेपालीको लागि कति दुर्भाग्यपूर्ण विषय थियो त्यो भनिरहनु-पर्दैन। तर स्वतन्त्रता प्राप्त हुनासाथ नेपालीमा आफ्नोपनको भावना आफ्नो राष्ट्र र आफ्ना राजाप्रतिको श्रद्धा र भक्तिले उसको अन्धकारपूर्ण भविष्यमा अमर प्रकाश छर्दै ल्यायो। मातृभूमि नेपालको मुहार उज्यालो नभएसम्म नेपालीको मुहार उज्यालो हुन सक्तैन भन्ने सत्यको नेपालीले साक्षात्कार गऱ्यो। फलतः राष्ट्रपिता श्री ५ त्रिभुवनकै पवित्र आत्माका सुयोग्य प्रतिमूर्ति नेपाली-जातिका हृदयसम्राट् श्री ५ महेन्द्रको सबल नेतृत्वको महान् वरदान पाएर आज नेपाली विश्वमा प्रतिष्ठित बन्दै गइरहेको छ। आफ्नो उत्थापक आज आफैलाई बनाउने स्वावलम्बनको आदर्श जीवन-दर्शन अँगालेर लम्किरहेको नेपाली जाति कसैको बहकाउमा नआई आफ्नो विषयमा आफै निर्णय गर्ने रहर राख्तछ। आजको नेपालीलाई गौरवको अनुभव गर्न कुन कुराको कमी छ? युगौंदेखि शान्ति र सहअस्तित्वको पाठ पढाउँदै आएको विश्वगुरु हिमालयको काखमा हुर्किएको विश्वात्मवादी पञ्चायती दर्शन छ। आजको नेपालीको अस्तित्व र प्रतिष्ठाको लागि व्यापक आधार बनेको यो पञ्चायती दर्शन पाउनु नै नेपाल र नेपालीको सर्वतोमुखी अभ्युदयको द्वार खुल्नु हो भन्नु कत्ति पनि अत्युक्ति हुँदैन। पञ्चायती दर्शनको कार्यान्वयनलाई नै राष्ट्रपिता श्री ५ त्रिभुवनका नेतृत्वमा प्राप्त भएको प्रजातन्त्रको सर्वोत्तम परिपाक भन्नु पनि अनुपयुक्त ठहर्नेछैन। मौसूफको गाथगादी-समेत बाजी राख्ने प्रजा-परायण त्यागबाट प्रजातन्त्र प्राप्त भयो, तर पछिको १० वर्षसम्म पनि त्यसको दुरुपयोग मात्र भइरह्यो। आखिर **आत्मा वै जायते पुत्रः** भन्ने वेद-वचनअनुरूप मौसूफको महान् निर्देशनमा कलिलो उमेरदेखि नै प्रजाहितको लागि नै आफ्नो जीवन हो भन्ने आदर्श पिताका आदर्श पुत्र श्री ५ महेन्द्रबाट २०१७ सालमा त्यो महान् कदम चालिबक्स्यो, जसको वरदानस्वरूप नेपाली जातिका उद्धारक राष्ट्रपिता श्री ५ त्रिभुवनको उदार स्वप्न आज साकार हुन लागिरहेछ। कलिलै उमेरमा प्रजाहित साधनमा व्यग्र रहने राजा जस्तै सानो उमेरमा नै नेपालीको अभ्युदयको द्वार खोल्न लागिरहेको यो आर्य-संस्कृतिको

पोषक पञ्चायती दर्शन नेपाली हृदयमा यति भिजिसकेको छ, यसको विकल्प सोच्नुसम्म पनि आजका विचारकहरूको दृष्टिमा अपराधजस्तै बन्न पुगिरहेछ। त्यसैले प्रजातन्त्रको आगमनपछिको सर्वोत्तम उपलब्धि साबित भइसकेको छ यो पञ्चायती दर्शन।

आजको नेपालीले राष्ट्रपिता श्री ५ त्रिभुवनको उदात्त आकांक्षा र तेजस्वी व्यक्तित्वको प्रतापले प्राप्त भएको 'स्वतन्त्रता'-को वास्तविक मर्म बुझिसकेको छ। जे पायो त्यो बोल्दैमा र अरूको आलोचनामा जस्तो पायो त्यस्तो विचार व्यक्त गर्दैमा स्वतन्त्रता प्राप्त गरेको अनुभव गर्नु स्वतन्त्रताको दुरुपयोग गर्नु हो भन्ने कुरा थाहा नपाएर नै स्वतन्त्रताको नारा बुलन्द गर्नेहरूमा नै 'काम-कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने उखान चरितार्थ भयो। विकास-अभियान गएर दल-दलको दलदलमा भासियो। कराउँदा-कराउँदै आर्थिक क्रान्तिको गलो सुकिसक्यो, तर ती दलहरूको खलबलले सुन्न दिएन। धर्म र संस्कृति विरक्तिएर संग्रहालयको तीर्थयात्रातिर लम्केलान् जसो गर्न थाले। राष्ट्रको आत्मा परकाय-प्रवेशको अभ्यास गर्ने सुर गर्न लाग्यो। संक्षेपमा 'स्वतन्त्रता' नै कसैले अपहरण गरेको अनुभव गरी रात-दिन रोएर बिताउन लागिन्। आखिर राजालाई विष्णुको रूपमा देख्ने नेपाली जातिको प्रार्थना सफल भयो। नेपालका पालक श्री ५ महेन्द्रको रूपमा पालन-शक्तिलाई सुम्पेर नारायण कृतकृत्य भए। स्वतन्त्रताको संयम र सदाचार, अनुशासन र मर्यादाले सही समन्वयात्मक रूपलाई आज नेपालीले साक्षात्कार गरिसकेको छ। श्री ५ त्रिभुवनको सपना बल्ल आज बिपना हुन लागिरहेछ।

'स्व' शब्दले आफूलाई लक्ष्य गर्दछ र आफ्नो तन्त्र नै 'स्वतन्त्र' हो। अर्थात् आफ्नो परतन्त्रका कारण स्वार्थ, संकीर्ण मानवजस्ता मानव-आत्माको विशालतालाई छुट्याउने दुर्गुणहरूको पन्जाबाट आफूलाई मुक्त नपारीकन स्वतन्त्रताको कुनै माने हुँदैन। भित्रबाट राग-द्वेष र ईर्ष्या आदि असंख्य दुर्गुणहरूले गर्दा विवश भएर घिस्रिरहेको व्यक्तिले बाहिरको स्वच्छन्दतालाई लिएर स्वतन्त्रताको अनुभव गर्नु विडम्बनामात्र बन्दछ। आखिर आत्म-संयमको ख्यालै नगर्ने कस्तो स्वतन्त्रता होला?

त्यसैले बाह्य स्वच्छन्दतालाई मात्र स्वतन्त्रता सम्झिनु ठूलो भूल थियो र श्री ५ त्रिभुवनकै पवित्र संकल्पअनुरूप श्री ५ महेन्द्रबाट आत्मवादी अथवा अध्यात्मवादी पञ्चायती व्यवस्थाको प्रवर्तन गरिबक्स्यो। यो अध्यात्मवादी व्यवस्था भएकोले नेपाली जन-जीवनमा जस्तै राष्ट्रको आत्मामा पनि आज त्यही 'स्व'-को महान् अर्थ भिजेको छ। संयमको यो पावन अभ्यासमा रहेर गरेको उन्नति नै दिगो र दरिलो पनि हुने हुनाले थोरै समयमै आज नेपाल कला, साहित्य, धर्म, संस्कृति आदि राष्ट्रियताका मूलाधार बनेका यी तत्त्वलाई विकसित पार्दै र संसारको सामु आफ्नो सम्मानसहित परिचय प्राप्त गर्दै गइरहेको छ। केवल 'भिक्टोरिया-क्रस' पाएर मात्र विश्वमा नाम कमाउँदै आएको र अनुपम कला र संस्कृतिको धनी भएर पनि त्यसको सम्यक् परिचय पूरा गर्न नपाएकोमा विश्वगुरु हिमालयको विशालतालाई आदर्श मान्ने नेपालीले आज त्यस्तो सीमित परिधिमा बस्नुपरेको छैन। उसको संस्कृति र कला, दर्शन र साहित्यद्वारा उसको कीर्ति विश्वमा फैलिरहेछ। आफ्नै दर्शन, कला र साहित्य अनि आफ्नै व्यवस्था र जीवन-दर्शन लिएर नेपाल आज अमरताको पथतिर लम्किरहेछ। यो श्री ५ त्रिभुवनको नै पुण्य प्रयासको सत्परिपाक हो। नेपालीका उद्धारक श्री ५ त्रिभुवनको यस ऋणलाई नेपालीले कहिल्यै तिरेर सक्नेछैन।

*****

एक संस्मरण

गिरिप्रसाद बुढाथोकी

पाँच वर्षको उमेरमै राजगद्दीमा बसिबक्सेका त्रिभुवनलाई पाएर राणा-शासकहरूले निष्कंटक राज्य चलाउँदा उनै राजाद्वारा प्रजातन्त्रको शुरुग्रात होला भन्ने त्यस वेला कल्पना नै थिएन। किन्तु 'हुने बिरुवाको चिल्लो पात' भनेझैं श्री ५ त्रिभुवनमा बाल्यकालदेखि नै ग्रभूतपूर्व जिज्ञासा र मिलनसार प्रकृति थियो। बाल्यकालमा राणाहरूद्वारा पूरा नियन्त्रणमा राखेर शिक्षा दिइयो। एक दिन राजालाई बेलायतको पार्लियामेन्टबारेमा पाठको रूपमा शिक्षकले पढाए। फलस्वरूप राणाहरूको पन्जाबाट नै फुत्कने भावना टुसायो। ग्राज त्यसले गर्दा श्री ५ महेन्द्रको पञ्चायती व्यवस्थामा दुनियाँ ग्रमन चयनमा छन्। त्यस्तो कठिन नियन्त्रणमा बसेर पनि श्री ५ त्रिभुवनले ग्राफ्नो शिक्षा-दीक्षामा केही कमी गरिबक्सेन। जब राजाको उमेर पनि पुग्दै गयो, राणाहरूले त्रिभुवनलाई भोग-विलासमा भुलाइराख्ने सक्दो प्रयास गरे। ग्रनेक राम्री-राम्री केटीहरूले राजदरबार भरियो, तथापि राजाले केटीहरूमा नभुली देशको व्यवस्थामा पनि विचार गर्न लागिबक्स्यो।

चन्द्रशमशेरले बालक राजा पाएर निष्कंटक राज गर्न पाएका थिए, किन्तु जुद्धशमशेरको पालोमा मौसूफ युवक भैसकेकाले र मौसूफलाई शारीरिक तालिम दिने धर्मभक्त र कम्पाउन्डर चन्द्रमान ग्रादिको राजदरबारमा भएको प्रवेशले राजामा राणाहरूको निरंकुशतामाथि झन्-झन् ग्रविश्वास मात्र होइन मानसिक विद्रोह पनि भयो होला। फलस्वरूप उसैताका प्रजा-परिषद्को गुप्त संगठनको जग बसालियो।

शुक्रराजले धार्मिक तथा सामाजिक सुधारको आवाज उठाए। दशरथ चन्द र गंगालाल जस्ता वीरहरूले पनि राणाशाहीको विरुद्ध संगठन गर्न लागे। उनीहरूलाई श्री ५ त्रिभुवनबाट सहानुभूतिमात्र होइन गुप्त आर्थिक सहायता पनि प्रदान हुन्थ्यो। आखिर '९७ सालमा त्यस गुप्त संगठनको भन्डाफोर भयो। टंकप्रसाद ब्राह्मण भएका हुनाले मृत्यु दण्डबाट बचे। शुक्रराज, धर्मभक्त, दशरथ चन्द र गंगालाललाई राणाहरूले निर्ममतापूर्वक मृत्युदण्ड दिए। त्यसपछि नेपालमा राणाशाहीको नंगानाच चल्यो। उता भारतमा महात्मा गाँधी र जवाहरलाल नेहरूको नेतृत्वमा स्वराजको लहर चलिरहेको थियो। फलस्वरूप नेपालमा पनि नेपाली जनतामा जागरण आउन थाल्यो। अनि पद्मशमशेरको समयमा यहाँ पनि संसदीय व्यवस्था हुनुपर्छ भन्ने नारा गुँज्न लाग्यो। १९४७-मा भारत स्वतन्त्र भएपछि भारतीय सत्तारूढ पार्टीले नेपाली कांग्रेसलाई सहायता गर्न लाग्यो। राणाहरू ब्रिटिशका पिट्ठू थिए। भारतीय स्वराजको निमित्त लड्ने नेताहरू नेपाल-भित्र पस्दा उनीहरू अंग्रेज सरकारलाई बुझाउने प्रयास गर्दथे। त्यसैले स्वतन्त्र भारत त्यतिखेर यी राणाहरूदेखि चिढिइरहेथ्यो र राणाहरूलाई समाप्त गर्ने दिशातिर भारतका नेताहरूले पनि सहयोग गरे। त्यसपछि २००७ सालमा श्री ५ त्रिभुवन सपरिवार भारतीय दूतावास सवारी होइबक्सियो र राणाहरूबाट देशको शासन हटाउने प्रयत्नमा लागिबक्सियो। यो कुरा संसारको इतिहासमा राजाले सरकारको विरुद्ध क्रान्तिकारी पाइलो चालेको महत्त्वपूर्ण अध्याय हुन गयो। सदा शान्त, स्थिर रहिबक्सिने श्री ५ त्रिभुवनले यस्तो पाइलो चालिबक्सियो, जसबाट नेपाली जनता सधैं ऋणी भएका छन्।

राजाको भारतीय दूतावासमा सवारी भएपछि काठमाडौंमा हल्लीखल्ली मचियो। नेपाली कांग्रेसको नेतृत्वबाट तराईतिर आन्दोलन शुरू भयो। कैयौं वीरहरूले नेपालको प्रजातन्त्र तथा श्री ५ त्रिभुवनको निमित्त ज्यान गुमाए। आखिरमा श्री ५ त्रिभुवनको ऐतिहासिक कदम र साथसाथै जनताको शक्तिले निरंकुश अत्याचारी राणाशाहीको जग हल्लियो। नेपाली कांग्रेसको नेतृत्वमा भएको सशस्त्र आन्दोलनले राणाहरू सम्झौता गर्न बाध्य भए। श्री ५ त्रिभुवनको जीत भयो।

श्री ५ त्रिभुवन अत्यन्त राम्रा राजा थिए। मौसूफको बोली मधुर थियो। श्री ५ त्रिभुवन स्वभावैले नम्र तथा कहिले पनि नरिसाउने होइबक्सन्थ्यो। २००७ साल फागुन महीनामा राणाहरूबाट आफ्नो हातमा शक्ति लिइबक्सी जनताको उद्धार गर्नतर्फ पाइला चालिबक्सियो।

श्री ५ त्रिभुवन सच्चा प्रजातन्त्रको प्रेमी होइबक्सिन्थ्यो। मौसूफबाट प्रजाको नाउँमा बक्सिने हरेक सन्देशमा प्रजाहरूप्रति अत्यन्त ठूलो प्रेम तथा प्रजातन्त्रको निमित्त ठूलो आस्था पाइन्छ। परन्तु दैवको लीला अपरम्पार छ। त्यस्तो महान् प्रजातन्त्रका प्रवर्तक श्री ५ त्रिभुवनको नेपाल बनाउने इच्छा छँदा-छँदै, दिन-प्रतिदिन आफ्ना प्रजाको कल्याणको लागि फिक्री लिंदा-लिंदै अनेक कुराको चिन्ताले स्वास्थ्य बिग्रँदै गयो। समय-समयमा अनेकन् डाक्टर-चिकित्सकहरूद्वारा औषधोपचार हुँदै गए। केही नलागी औषधोपचारको निमित्त जुरिच सवारी भैबक्सियो। त्यहाँ स्वास्थ्य लाभ गरेर नेपालमा सवारी फिर्‍यो। फेरि नेपाली तथा नेपालको निमित्त संलग्न भइबक्सियो। त्यसले गर्दा स्वास्थ्य फेरि खराब भयो। अनि स्वास्थ्यलाभको निमित्त पुनः जुरिच सवारी हुनुपर्‍यो।

दैवको लीला, टारी नटर्दो रहेछ। प्रजातन्त्र ल्याइबक्सेको चार वर्षमै मौसूफको स्वर्गारोहण भयो। देश शोकाकुल भयो, नेपाली जनतामा वज्रपात पर्‍यो। मौसूफको शव गौचर पुग्नासाथ अपार जनसमूहका आँखा अश्रुले भरिए। कालको अगाडि कसैको जोर नचल्ने रहेछ। मृत्युको अगाडि सबै तुच्छ हुँदो रहेछ। आर्यघाटमा आँखाको आँसुले श्रद्धाञ्जलि दिंदै सारा जनता कोलाहल गरी रुन थाले। सबै पुरुष प्रजाले केशमुण्डन गरी मौसूफ-प्रति श्रद्धाञ्जलि र शोक व्यक्त गरे।

नेपालको इतिहासमा श्री ५ त्रिभुवन अमर ज्योति भै सधैं प्रकाशमान रहिबक्सनेछ। मौसूफको अमर प्रजातन्त्रको सन्देशलाई हामी कहिले पनि बिर्सन सक्तैनौं र बिर्सने पनि छैनौं। प्रजातन्त्र प्रवर्तक राजाको सन्देश सधैं ताजा र जीवित रहनेछ।

*****

क्रान्तिकारी युगका प्रतीक

गोकुलचन्द शास्त्री

फ्रान्सका विद्वान् विक्टर ह्युगोका शब्दमा हामी शस्त्रहरूलाई रोक्न सक्तछौं, तर विचारको प्रवाहलाई रोक्न सक्तैनौं। यस कुराको पुष्टि श्री ५ त्रिभुवनको जीवनमा पाइन्छ। मौसूफलाई १९०५ ई०-देखि १९५०-सम्म कडा नियन्त्रणमा राखियो र कुनै जन-सम्पर्क हुन दिइएन जो शासकको लागि अत्यन्त जरूरी हुन्छ। श्री ५ बडा-महाराजा पृथ्वीनारायण शाहको सारगर्भित शब्दमा **राज्यको सार जनता र फौज हो।** सम्भव छ यसै कुरालाई ध्यानमा राखेर कैकेयीले रामलाई १४ वर्षको वनवास र दुर्योधनले पाण्डवहरूलाई १३ वर्षको वनवास गराए जसले गर्दा उनीहरूलाई जनसम्पर्कबाट टाढा रहनुपरोस्। साम्राज्यवादीहरू पनि यही नीति अपनाउँछन्। भारतमा अंग्रेजहरूले आफ्नो सहायक प्रथा नीतिद्वारा देशी राजाहरूलाई आफ्नो हातमा लिएर र उनीहरूको परराष्ट्र नीति एवं रक्षामाथि कब्जा गरेर उनीहरूलाई प्रजाको सम्पर्कबाट वंचित गराए। ती राजाहरू अंग्रेजको आश्रय पाएर भोग-विलासमा डुबे। यसले गर्दा प्रजासँग मनमुटाव बढ्दै गयो। फेरि यी राजाहरूलाई राज्यबाट झिकियो, दुनियाँले पनि यिनीहरूलाई साथ दिएनन्।

ठीक यही कुरा हामी नेपालको इतिहासमा पनि पाउँछौं, १८४६ ई०-मा भएको कोतपर्वको नर-संहारपछि नेपालका साम्राज्यवाद-विरोधी देशभक्तलाई जङ्गबहादुरद्वारा सखाव गराइयो। यिनी विदेशी शक्तिद्वारा नेपालमा सर्वेसर्वा भए।

बीसौं शताब्दीको आरम्भमा एशियामा जन-जागृतिको लहर फैलियो। भारत पनि स्वतन्त्र भयो। अंग्रेजले भारत छोड्नुपर्‍यो। नेपालमा पनि राणा-शासकहरूको अन्त्य भयो। जनतासँग कुनै प्रकारको सम्पर्क नहुनाले अंग्रेजको पतनसँगै यिनीहरूको पनि पतन हुनु स्वाभाविक थियो। एक राणा जनरलको भनाइमा "राणा शासन-व्यवस्था १०४ वर्षभित्र नै समाप्त हुने थिएन, भित्रभित्रै यो मक्किसकेको थियो। रछ्यानको पानी जस्तै दुर्गन्धपूर्ण थियो।"

राणा-शासनको पतनपछि श्री ५ त्रिभुवनको नेतृत्वमा नेपालमा ठूलो जन-जागृति भयो। जर्मन राष्ट्र-निर्माता राजा फ्रेडरिकझैं मौसूफले आफूलाई देशको सेवक सम्झिबक्स्यो। यसका विपरीत फ्रान्सका राजा लुई चौधजस्ता राणाहरू आफूलाई 'हामी नै राज्य हुँ' भन्ने सम्झन्थे।

साँच्चै भनौं भने श्री ५ त्रिभुवनको समस्त जीवनकाल १९०५ ई०-देखि १९५५ ई०-सम्म एशियाको जन-जागृतिको काल हो। यस कारण यिनी क्रान्तिकारी युगका साक्षात् प्रतीक हुन्। १९०५ ई०-मा एशियाको सानो देश जापानले राजमुकुटको नेतृत्वमा आफ्नो देशभक्ति, राष्ट्रियता र जन-सहयोगले गर्दा यूरोपको एउटा महान् शक्तिशाली एकतन्त्री शासक रूसको जारलाई पराजित गरायो। यसले गर्दा एशियामा जन-जागृतिको सूत्रपात भयो। भारत, इरान, टर्की, चीन आदि देशहरूमा ठूला राष्ट्रिय आन्दोलनहरू भए। रूसमा पनि पराजयको कारण धेरै परिवर्तन भयो। यसले १९१७ ई०-मा ठूलो क्रान्तिको रूप लियो, जारशाहीको पतन भयो र एशिया तथा अफ्रिकामा साम्राज्यवादका विरुद्ध स्वतन्त्रताका लागि ठूलो आन्दोलन भयो। पृथक्ताको नीति लिएको नेपालमा पनि यसको प्रभाव पर्‍यो।

संसारका दुई महान् विश्वयुद्धले गर्दा एशिया र अफ्रिकामा राष्ट्रिय भावना र स्वतन्त्रताको लहर झन् चर्को भएर फैलियो। प्रथम विश्वयुद्धको लगत्तै भारतमा बसेका नेपालीहरूले राणा जहानियाँ शासनलाई खतम पार्न, नेपालमा श्री ५ त्रिभुवनको नेतृत्वमा वैधानिक शासन खडा गराएर राजालाई शक्ति दिन र समाज-सुधार आदिको माग गरे। दोस्रो महायुद्धले गर्दा नेपालमा जन-जागृतिले उग्र रूप

धारण गऱ्यो जसलाई श्री ५ त्रिभुवनको गुप्त सहयोग प्राप्त थियो। सेनामा रही काम गरेका गोरखालीहरूले मुक्तिसेनाको रूपमा नेपाललाई राणा-शासनबाट मुक्त गराउन बल दिए। यी सबै कुराहरूको श्रेय मौसूफको राजनीति-पटुता, प्रजा-वात्सल्य, देशप्रेम तथा सुयोग्य नेतृत्वलाई नै छ। नेपाललाई त्रिभुवनको सुयोग्य नेतृत्व नहुँदो हो त नेपालको अवस्था ठूला राज्यहरूले घेरिएको यूरोपको पोल्यान्डको जस्तै हुने थियो।

पोल्यान्डले एकतन्त्रीय शासनबाट मुक्ति पाएपछि दुनियाँलाई सबै प्रकारले राजनीतिक अधिकार दियो। सबै काम सबैको रायले नै हुने ठहरियो। एकतन्त्रीय शासनले गर्दा पोल्यान्ड आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा सारै नै पिछडिएको थियो। यस कारण राजनीतिक अधिकारहरूको सदुपयोग हुन सकेन। देशमा अराजकता फैलियो। ठूला-ठूला छिमेकी राज्यहरूले पोल्यान्डलाई तीन पटक बटवारा गरे। नेपाललाई श्री ५ त्रिभुवनको सुयोग्य नेतृत्वले यो अवस्था देख्नुपरेन। अहिले मौसूफको महान् कार्य मौसूफकै योग्य उत्तराधिकारी यथार्थमा सुपुत्र श्री ५ महेन्द्रबाट गरिबक्सँदै छ। पुत्रको वास्तविक अर्थ हो—आफ्ना पुर्खाहरूका महान् कार्यहरूलाई पूरा गर्ने र पालन गर्ने (पू=पूरयति, त्र=त्रायते—यही नै पुत्र शब्दको व्युत्पत्ति हो)।

*****

शहीदका रूपमा श्री ५ त्रिभुवन

गोविन्दप्रसाद उपाध्याय

बडा महाराजा श्री ५ पृथ्वीनारायण शाहको अथक वीरताले राष्ट्रियता जगाई नेपालको सुदृढीकरण र सीमा-विस्तार गरेपछि र पूर्व मेची र पश्चिम महाकालीको साँध लागेपछि नेपालीको शौर्य र वीरता आपसी प्रतिस्पर्धा र शंकामा परिणत भयो। फलस्वरूप भेदनीतिद्वारा साम्राज्य फैलाउने र शासन गर्ने अंग्रेजले कूटनीति खेल्ने ठूलो मौका पायो। षड्यन्त्रकारी तथा अति महत्त्वाकांक्षी जङ्गबहादुर कुँवरको शक्ति बढ्दै गयो र कोतपर्व र भण्डारखालपर्व जस्ता नरसंहारकारी पैशाची हत्याकाण्डमा नेपालका वीर र बुद्धिमान्हरूको कत्लेआम भयो। जङ्गबहादुरले पटक-पटक गरी शासनाधिकारको बढी-बढी पन्जापत्र लिएर आफूलाई सर्वशक्तिमान् प्राइममिनिस्टर र श्री ३ महाराजा बनाई श्री ५ महाराजाधिराजका तर्फबाट शासन चलाउन थाले। आफ्ना भाइक्रममा प्राइममिनिस्टरी र श्री ३ महाराजी क्रमिक रूपले पाउने गरी शासन-क्षेत्रलाई पारिवारिक सीमाभित्र राखी आफू र आफ्ना परिवारको निरंकुश शासन निर्द्वन्द भएर चलाउन थाले। श्री ५ महाराजाधिराजहरू औपचारिक राजाको रूपमा मात्र सीमित रहे। श्री ५-हरूको दरबार प्राइममिनिस्टरका भाइ-भतिजा र जासूसहरूले घेरियो र कारागारतुल्य भयो, राणा महाराजको घर झलमल्ल देखियो।

जङ्गबहादुरदेखि जुद्धशमशेरसम्मको स्वेच्छाचारी लामो काल उत्पीडन, शोषण र अन्धकारमा बित्यो। राणाहरूको आलोचना गर्नु मृत्युलाई आह्वान गर्नु र भाचाखुशीमा शिकार हुनु हुन्थ्यो। नेपालीको

वीर भावना यदाकदा राणाहरूको विरुद्धमा उम्लियो भने त्यसमाथि भयंकर वज्रपात पर्दथ्यो।

१९८७ सालमा श्री रङ्गनाथ शर्मा; श्री खड्गमानसिंह आदि केही युवकहरूले राणाहरूको विनाश गरी श्री ५-को नेतृत्वमा प्रजातन्त्रको स्थापना गर्ने विचार-विमर्श मात्र गरेका थिए, उनीहरूलाई पक्रियो, निर्ममतापूर्वक पिटियो र कठोर र अमानवीय कारावासको सजाय दिइयो।

१९९० सालमा नेपालमा महाभूकम्प गयो। नेपालीहरूलाई महान् आपत् पऱ्यो। फलस्वरूप नेपालीहरूमा सामूहिक चेतना जाग्यो। कति लेखक र बुद्धिजीवीहरूको भावना केही निडर र केही जाग्रत गरायो। युवकहरूलाई पारिवारिक राणा-शासनको जालको ज्ञान हुन थाल्यो र उनीहरू छट्पटाउन थाले। भारतीय पत्र-पत्रिकाहरूमा राणा-शाहीका निरंकुश शासनको कटु आलोचना गर्दै लेखहरू छापिन थाले। पब्लिक स्कूलको स्थापना, गीता-प्रवचन, पुराण-व्याख्या आदि सामाजिक कार्यबाट बुद्धिजीवीहरूको मानसिक जागृतिको प्रस्फुटन हुन थाल्यो।

१९९३ साल ज्येष्ठ २० गते काठमाडौंमा 'नेपाल प्रजा-परिषद्' नामक राजनीतिक संस्थाको स्थापना र शहीद धर्मभक्त र कम्पाउन्डर श्री चन्द्रमानद्वारा श्री ५ महाराजाधिराज त्रिभुवनसँग परिषद्को सम्पर्कले नेपालमा नयाँ राजनीतिक इतिहासको प्रारम्भ भयो। उता यस संस्थामा कति मुटु दरो भएका युवकहरू छन् र यिनले कसरी राजनीतिक हलचल गराउँछन् भन्ने चिन्ता श्री ५ त्रिभुवनमा थियो, यता कुन उपायले जनतामा प्रजातान्त्रिक चेतना ल्याऊँ र संगठनलाई दह्रो, व्यापक र खँदिलो बनाऊँ भन्ने सदस्यहरूमा व्यग्रता थियो। यस्तैमा १९९६ सालमा श्री रामहरि शर्माद्वारा लेखकलाई परिषद्को सारा कुरा ज्ञात भयो।

त्यसको केही महीनापछि नेपालगन्जमा शहीद श्री दशरथ चन्दसँग परिषद्को सदस्य साथीको रूपमा भेट भयो। उनको मिलनसार, प्रबुद्ध र क्रान्तिकारी व्यक्तित्व अत्यन्त आकर्षक थियो। श्री ५ महाराजाधिराज सरकारको अधिनायकत्वमा प्रजातान्त्रिक समाजवादी सरकार खडा

गर्ने क्रान्तिकारी उपायले लड्नु 'नेपाल प्रजा-परिषद्'-को उद्देश्य हो भन्ने कुरा उनीसँगको आपसी कुराकानीको सार थियो। परिषद्ले त्यस बेला आफ्नो उद्देश्य र कार्यक्रम स्पष्ट रूपमा जनसमक्ष ल्याउन नसके पनि पटनाबाट प्रकाशित **जनता** नामक साप्ताहिक पत्रिकामा प्रकाशित सेवासिंहको नामले श्री दशरथ चन्दका लेखमालाहरू, काठमाडौंमा वितरित पर्चाका भावनाहरू र श्री ५ त्रिभुवनसँगको परिषद्को सम्पर्क तथा मौसूफमा बिन्ती चढाइएका कुराकानीबाट परिषद्को उद्देश्य के थियो भन्ने कुरा स्पष्ट थियो।

१९९६ सालको फागुन महीनामा श्री टंकप्रसाद आचार्य र लेखक भई चिसापानी गढीको बाटो बडो मुश्किलले रोनियो साइक्लो (लिथो गर्ने) मेशिन काठमाडौं भित्र्याएपछि परिषद्को कार्य अरू जोडले शुरू भयो र धेरै नयाँ सदस्यहरू बनाइए।

जाउलाखेलमा भोटो देखाउने यात्राको राति जुवा फुक्दथ्यो र त्यस बेला उपत्यकामा सधैं झैं कर्फ्यू रहँदैनथ्यो। १९९७ सालको त्यस राति पर्चा छर्ने निधो भयो। श्री टंकप्रसाद काठमाडौं रहनुहुँदै पर्चा छर्दा परिषद्लाई तत्काल संकट आउने सम्भावना देखी उहाँलाई काशी गई काम गर्ने सल्लाह दिइयो र उहाँ हिंड्नुभयो।

काठमाडौंमा श्री रामहरि शर्मा, शहीद श्री बलबहादुर पाँडे र लेखकबाट, पाटनतर्फ श्री पुष्करनाथ, श्री केशवराज कार्की र डिल्लीबजार, चाबेलतर्फ श्री मुकुन्दनाथ रिमालबाट व्यापक रूपमा पर्चा छर्ने कार्य भयो। यी पर्चाहरू कम्पाउन्डर श्री चन्द्रमानमार्फत श्री ५ त्रिभुवनमा चढाई पठाइयो।

पर्चाले राणाशाहीलाई स्तम्भित, त्रसित र व्याकुल गरायो; जनतालाई चाहिं आत्मबली, जोशिला र उत्तेजित तुल्यायो। सयौं वर्षदेखि थिचिएको नेपालीको वीरता र स्वतन्त्रताको भावना भित्र-भित्रै उम्लन थाल्यो। कोत-पर्वदेखिका राणाशाहीका अत्याचार र निर्ममतापूर्ण घटना-चित्रहरू नेपालीको अगाडि एक-एक गरी आउन थाले र राणाशाहीको वास्तविक स्वरूपको दिग्दर्शन हुन थाल्यो।

राणाशाहीको विरुद्ध बोल्नेको जिभ्रो काटिन्छ भन्ने बूढापाकाहरू पनि परिषद्को पर्चादेखि छक्क पर्न लागे। परिषद्बारे अनेकौं कथा-कहानी र कल्पनाहरू उड्न थाले। राणाशाहीको विरोधमा जनताको मनोभावलाई एकत्रित र उत्तेजित गर्नमा परिषद् असफल रहेन र श्री ५ त्रिभुवनमा यसबाट ठूलो सन्तोष मिलेन होला भन्न सकिंदैन।

१९९७ साल कार्तिक २ गते सर्वप्रथम श्री धर्मभक्तको घर प्रहरी र सैन्यद्वारा घेरियो, पक्रियो र खानतलासी लिइयो। त्यसको केही बेरपछि दशरथ चन्द र गंगालालको गिरफ्तारी भयो। एवं रीतले अनेकौंलाई पक्रियो। ३ गते बिहान असनमा श्री रामहरि शर्मालाई समातियो। त्यही दिन बेलुका लेखकलाई पक्रियो। सिंहदरबारको मूल ढोकाको दायाँ-बायाँका टहरा राजबन्दी साथीहरूले खचिखचाउ थिए। राणाशाहीको विरोध गर्ने परिषद्सँग सम्बन्धित व्यक्तिमात्र होइनन्, अरू पनि अनेकौं रहेछन् भन्ने कुरा स्पष्ट भयो।

त्यसको भोलिपल्ट परिषद्का कार्यकर्ताहरूलाई सिंहदरबारको स्कूल (हाल रेडियो नेपालको पुरानो भवन)-मा बन्दी गरियो। सिंहदरबारको फुटबल ग्राउन्डमा पनि दोहरा पंक्ति साना-साना पालहरू करीब बीसवटा टाँगिएका रहेछन्। भूलले लेखकलाई पनि त्यही पालहरूमध्ये एकमा लगेर राखियो। प्रत्येक पालमा दुई जना बन्दीहरू थिए। उक्त पालहरूको अगाडि पूर्वतर्फ एउटा सैनिक अदालत बसेको थियो र स्कूलतर्फ मूल सैनिक अदालत खडा थियो।

कार्तिक ६ गते बेलुकी लेखकलाई फुटबल ग्राउन्डबाट स्कूल घरमा लगियो र सैनिक अदालतका प्रमुख जर्नेलसाहेबहरूका अगाडि केरकार शुरू भयो। सरदारसाहेबले परिषद्का गुप्त रहेका यावत् कुराहरू भुटिरहेको मकैका आवाज झैं भररर भर्भराउन थाले। कुनै कुरा गुप्त रहेनछ, सारा कुरा खुलिसकेछन्। आखिर परिषद्मा सक्रिय भाग लिएको, मेशिन ल्याएको, पर्चा छरेको आदि स्वीकार गर्न वाध्य हुनुपऱ्यो।

त्यसपछि एक कोठामा लगियो, जहाँ दुई अन्य राजबन्दीहरू पनि थिए। तीमध्ये श्री ध्रुवराज उपाध्यायको खुट्टामा नेल-सिक्री

परिसकेको थियो। ७ गते विहान आफ्ना सबै साथीहरूले नेल-सिक्री लगाएको देखियो। दिउँसो लिखितम् बयानमा हस्ताक्षर भएपछि लेखकको गोडामा पनि नेल-सिक्रीको उपहार प्राप्त भयो। कैयौं वर्षदेखि खिया परेको नेल-सिक्रीले कैयौं लुगा ध्वस्त मात्र गरेन, चिसोले रातका कैयौं प्रहरलाई पनि दिन बनायो।

श्री धर्मभक्त, श्री दशरथ चन्द, श्री गंगालाल र श्री चन्द्रमान कम्पाउन्डरलाई पटक-पटक कोर्रा कटक बिजुली लगाउने कार्य २ गतेदेखि नै शुरू भई ६ गतेसम्ममा समाप्तप्राय भइसकेको थियो। तर पनि राणाशाहीको रिस मरेको थिएन र श्री कम्पाउन्डर चन्द्रमानलाई पछिसम्म पनि बारम्बार कोर्रा लगाइएको थियो।

करीब पाँच-छ हप्तापछि एक दिन शनिश्चरबार बहादुरशमशेरले सर्वश्री दशरथ चन्द, धर्मभक्त र टंकप्रसादलाई पुतली बगैंचामा बिनाकारण कोर्रा र कटक बिजुली लगाई आफ्नो मनलाई तृप्त गरेको एक घटना पनि स्मरणीय छ। राक्षसतुल्य राणाका सैनिक र पिशाचतुल्य सैनिक कमान्डरको हप्की-दप्की र कठोर कडाइका कैयौं दिन हाँसी-हाँसी बितेपछि सैनिकहरूमध्ये कति त गुप्त मित्र बने र अरूले पनि सहानुभूतिको दृष्टिले हेर्न थाले।

१९९७ सालको माघ महीनाको पहिलो हप्ताको एक दिन सिंहदरबारको फुटबल ग्राउन्डमा सारा भाइ-भारदारहरूको भेला गरियो। तम्तयार बिजुली गारत, रोबिला सशस्त्र सैनिकहरू, भड्किला कर्नेल-जर्नेलहरू, राणाशाहीको शक्ति र वैभवको अगाडि राजबन्दीहरूलाई उभ्याइयो। श्री ५ त्रिभुवन र मौसूफका तीनै युवराजहरूको सवारी चलाइयो। श्री ३ जुद्धशमशेरले **कीराले हीरा बिगाऱ्यो** भनी श्री ५ त्रिभुवनमा लक्ष्य गरेर **नीच दर्जाको सोशलिस्टले उचालेको** र **गाँधीसँग भेटी नेपालको कुरा गरेको** भन्ने आदि वाक्ययुक्त भाषण गरे पछि 'यस्ता राजद्रोहीलाई के गरौं?' भनी कुर्लंदै श्री ५ त्रिभुवन र भाइभारदारहरूलाई सोधे। श्री ५ त्रिभुवनबाट 'मर्डनाइज हुनुपर्छ' भन्ने हुकुम भयो। कसैले 'शास्त्रोक्त काट्नुपर्छ' र कसैले 'काट्नै पर्छ' पनि भने।

यत्तिकैमा अप्रत्याशित ढंगले श्री ५ त्रिभुवन आफ्ना युवराजहरूसहित उठिबक्स्यो र राजदरबारतर्फ सवारी होइबक्स्यो। राणा प्रधान मन्त्री श्री ३ महाराजको बिजुली गारत र पिट्ठू भाइ-भारदारयुक्त भड्किलो र भयावह रोब-रबाफले पनि मौसूफहरूलाई कुनै प्रभाव पार्न सकेन र राणाको मनोनुकूल सजायँ दिनुपर्छ भनी हुकुम भएन। बरु यस्तो सूत्ररूपको वाक्य हुकुम भयो, जसको अर्थ अति व्यापक र अति महत्त्वपूर्ण छ। राजबन्दीहरू पनि राणाशाहीको वैभवको त्यो चरमतादेखि कत्ति पनि डगमगाएनन्। अतः यो सभा यत्तिकैमा अनौठो ढंगले विर्सजित भयो। तर केही बेरपछि बन्दीहरूलाई बोलाइयो र आफ्नो-आफ्नो नेल-सिक्रीले छिन्द्रिङ-छिन्द्रिङ आवाजमा अगाडि-पछाडि लागेका सैनिकहरूको कडा नियन्त्रणमा सिंहदरबारको मूल ढोकाअगाडिको पोखरीको दक्खिनतर्फको ढुङ्गे पेटीमा उभ्याइयो र सजायँ सुनाइयो। बन्दीहरूले त्यो सजायँ हाँसी-हाँसी स्वागत गरे।

त्यसको भोलिपल्ट ज्यान-सजायँ सुनाइएका मध्ये श्री शुक्रराज शास्त्री दुई वर्षअघिदेखि जेलैमा परिरहेका थिए र श्री दशरथ चन्द, श्री धर्मभक्त, श्री गंगालाल, श्री पूर्णनारायणलाई स्कूलमै छाडी अन्य ३२ बन्दीहरूलाई कारागारतर्फ लैजाने कुरा थाहा भयो। शहीद साथीहरूसँग अन्तिम अंकमाल गरी बिदा लियौं।

१९९७ साल माघ १० गते श्री शुकराज शास्त्रीलाई मचलीमा झुन्ड्याइयो। जुन बहादुरीका साथ उहाँले प्राण त्याग्नुभयो, त्यो अतुलनीय छ। उहाँलाई झुन्ड्याइएको ठाउँ र राजबन्दीहरूलाई राखिएको भद्रगोलजेलको फासला धेरै थिएन। मचलीको त्यो रूख र त्यस दिनको त्यहाँको आवत-जावत झ्यालबाट प्रस्टै देखिन्थ्यो।

माघ १२ गते श्री धर्मभक्तलाई सिफलेको विशाल वृक्षमा झुन्ड्याइयो। जुन वहादुरीका साथ उहाँले मातृभूमिका निम्ति आफ्नो प्राणको वलिदान गर्नुभयो, त्यो आत्मबलिदानको एक ज्वलन्त उदाहरण थियो। माघ १५ गते बेलुकी श्री दशरथ चन्द र श्री गंगालाललाई शोभा भगवतीस्थानमा निर्दयतापूर्वक गोली हानी मारियो। त्यस बेला ती दुई (जुम्ल्याहा) शहीदहरूले दिएको बहादुरीको परिचय नेपालको

इतिहासमा हजारौं वर्षसम्म स्वर्णाक्षरमा अंकित मात्र रहनेछैन, नेपाली युवकहरूलाई अन्याय, अत्याचारका विरुद्ध जनहित र प्रजातन्त्रका लागि लड्ने निर्मल प्रेरणाको स्रोत बनिरहनेछ।

भद्रगोल-जेलभित्रको कालकोठरीको कठोर जीवन-कालमा बात-बातमा प्राणलाई बाजी लगाउँदै राणाशाहीसँग जुध्नुपर्दथ्यो। जेल-भित्रको जेलको सजायँ खूनी-डाँकुलाई दिइने सजायँभन्दा पनि कठोरतम र अमानवीय थियो। राणाशाहीसँग हरबखत जुध्नु र प्राण बचाएर राख्नु अत्यन्त कष्टमय थियो। जीवनको कटुता र कठोरताले गर्दा कोही साथी बौलाए, कोही भयंकर बिरामी भए, कोही मरिहाले।

पाँच वर्षपछि जब जुद्धशमशेर स्वामी महाराज भई रिडी जान लागे, १९९७ सालका राजबन्दी सर्वश्री टंकप्रसाद आचार्य, रामहरि शर्मा, चूडाप्रसाद, ख. पूर्णबहादुर श्रेष्ठ चन्द्रमान, लेखक र १९८७ सालका खड्गमानसिंहबाहेक अरू सबैलाई छाडियो। ३२ जवान रहेको काल-कोठरीमा उल्लिखित सात जवान मात्र रहँदा कठोरतम एकान्त कारावासको अनुभव भयो। अझ भयंकर कष्टमय र तपोमय जीवन यसै बेला यापन भयो।

द्वितीय महायुद्धमा जर्मन, जापान र इटालीको हार र अंग्रेज-अमेरिकालीको जीतले हाम्रो उत्साहमाथि आघात पऱ्यो। अंग्रेजका पिट्ठू राणाशाहीको शक्तिजन्य उन्माद चरम चुलीमा पुग्यो। धरहराबाट बिगुल बज्यो। नेपाली जनता, कालकोठरीका राजबन्दीहरू र नारायण-हिटी दरबारभित्रका समेतलाई हतोत्साह गर्न र आफ्नो प्रभुत्व अरू कैयौं वर्षसम्म कायम राख्न दिग्विजयको यो घोषणा थियो।

राणाशाहीको कालरूपी पन्जाबाट बाँचेर देश-सेवा गर्ने कल्पनासम्म पनि टाढाको विषय हुन गयो। आत्मबल र ईश्वरको भरोसामात्र हाम्रो सहारा थियो। यदाकदा लुकी-चोरी भारतीय अखबार पढ्न पाउँदा प्राणको संचार हुन्थ्यो र कल्पना दौडन्थ्यो। एवं क्रमबाट उचालिनु र पछारिनु हाम्रो जीवन थियो। तथापि हामी निराशावादी भएका थिएनौं, हामी पूर्ण आशावादी थियौं।

२००३ साल पौषमा कलकत्तामा नेपाली राष्ट्रिय कांग्रेसको जन्म भयो र श्री टंकप्रसाद आचार्यलाई सभापति निर्वाचित गरियो। पछि यसमा फूट भयो र अनेकौं वाद-विवाद र संघर्षपछि नेपाली कांग्रेसको जन्म भयो। काठमाडौंमा श्री ५ त्रिभुवनबाट भारतीय राजदूतसँग सम्पर्क राखिबक्स्यो र आफ्नो उद्देश्य र इच्छा प्रकट गरिबक्स्यो।

२००७ साल कार्तिक २१ गते श्री ५ महाराजाधिराज त्रिभुवन सपरिवार राजगद्दीलाई खतरामा हाली हिन्द दूतावास सवारी होइबक्स्यो। राणाहरूले उक्त २२ गते ४ वर्षका अधिराजकुमार श्री ५ ज्ञानेन्द्रवीर-विक्रम शाहदेवलाई राज्यारोहण गराए।

नेपाली जनता राजा त्रिभुवनको नेतृत्वमा आन्दोलनका निम्ति उम्लिए। कहीं बन्दूक देखाएर, कहीं पटका पड्काएर कैयौं जिल्लाहरू जनताका कब्जामा आए। काठमाडौंमा विराट् जन-प्रदर्शन हुन थाल्यो। नेपालसँग प्रत्यक्ष सम्बन्ध रहेका भारत र ब्रिटेनका निम्ति गम्भीर समस्या आइपर्‍यो।

२००७ साल मार्ग १८ गते ब्रिटिश उप-हाई कमिश्नर श्री रबर्ट्स र ब्रिटिश विशेषज्ञ सर इस्टर डेनिङ नेपाली जनताको मनोभावना बुझ्न काठमाडौं आए। जनताको भयंकर प्रदर्शनले श्री ५ त्रिभुवनलाई फिर्ता गर्न माग गर्‍यो। देशभरि संघर्ष अरू तीव्र भयो। आखिर राणाशाहीले झुक्नुपर्‍यो र राणा कांग्रेसको संयुक्त अन्तरिम सरकार खडा गर्ने कुराकानी चल्यो।

राजबन्दीहरूलाई छाड्न राणाशाहीलाई मरेतुल्य भयो। कैयौं दिनको संघर्ष र आत्म-बलिदान गरी जनताले राजबन्दीहरूलाई छुटाए।

२००७ साल फागुन ४ गते श्री ५ त्रिभुवन सपरिवार राजधानी फिरिबक्स्यो। मौसूफको अभूतपूर्व स्वागत भयो। फागुन ७ गते श्री ५ त्रिभुनबाट प्रजातान्त्रिक आधार र संयुक्त मन्त्री-मण्डलको घोषणा गरिबक्स्यो। यसै बेलादेखि फागुन ७ गते प्रजातन्त्र दिवस मनाउने हाम्रो राष्ट्रिय चाड भइआएको छ।

नेपालको स्वतन्त्रता र सुदृढीकरणको इतिहास श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहबाट शुरू हुन्छ। त्यस्तै नेपालको प्रजातन्त्र र जनकल्याणकारी राज्यको इतिहास श्री ५ त्रिभुवनबाट प्रारम्भ हुन्छ। राणाशाहीको क्रूर चक्रव्यूहभित्र परेर पनि मौसूफवाट कसरी आधुनिक शिक्षाको ज्ञान हासिल गरिबक्सियो, कति चतुरतापूर्वक आफ्नो जीवनको रक्षा गरिबक्सियो, कति धैर्य लिएर आफ्ना पुर्खाबाट गुमेको अधिकार पुनः आफ्नो हातमा लिई जनहित गर्न निरन्तर संघर्ष गरिरहिबक्स्यो, त्यसको सूक्ष्म इतिहास अत्यन्त मार्मिक र रोचक छ। ती सबै घटनाहरू एक-एक पत्ता लगाएर लिपिवद्ध गर्नु आवश्यक छ।

मौसूफको व्यक्तित्वको प्रभावले नै हामी जस्ता युवकहरूलाई राजनीतिक कार्यकर्ताका रूपमा उतार्‍यो र राणाशाहीसँग प्रबल संघर्ष गराई १० वर्षमै विजयी गरायो। राजा भईकन जनताको सुख-दुःखमा साथ दिने विशाल हृदय भएका यति उदार राजा संसारको इतिहासमा विरलै पाइन्छन्। राजा भईकन प्रजातन्त्रको निम्ति संघर्ष गर्ने र प्रजातन्त्रको इतिहास खडा गर्ने राजा श्री ५ त्रिभुवनको गुण-गरिमा विश्वको इतिहासमा सदा प्रेरणादायी रहनेछ।

नेपाली जनता चार वर्षमात्र मौसूफको प्रत्यक्ष छत्रछायामा बस्न पायो। त्यस अवधिमा पनि धेरै समय मौसूफ अस्वस्थ नै रहिबक्सियो, तथापि प्रजातान्त्रिक सुशासनको निम्ति मौसूफ कति उद्यत होइबक्सिन्थ्यो। देशको सुख-समृद्धिको चिन्तन गर्दा-गर्दै मौसूफ अति अस्वस्थ होइबक्स्यो र स्वास्थ्य उपचारार्थ ज्यूरिच सवारी होइबक्स्यो। त्यहीं २०११ साल फागुन ३० गते देशभक्तिको अमिट छाप नेपाली जनताको हृदयमा छोडी मौसूफको स्वर्गवास भयो।

नेपाली जनता मौसूफलाई आदर्शका निम्ति चिन्तन-मनन गर्दा-गर्दै ज्यान दिने महान् शहीदका रूपमा देख्दछ।

*****

श्री ५ त्रिभुवन भारतको आश्रय पर्दा

गोविन्दबहादुर मल्ल 'गोठाले'

साथी-भाइहरू जेलमा थिए। छुट्ने कुरा पटक्कै थिएन। मुद्दा फैसला नभैकन नै वर्षौंदेखिन् गोलघरमा सडिरहेका थिए। कति वर्ष उनीहरू त्यहाँ सड्नेहुन् र शायद उनीहरूको मुख देख्न पाइनेछ कि छैन यो थाहा थिएन। अनन्त अवधिको निमित्त उनीहरू जेलमा थिए। एउटा लामो सुस्केरा हालेर निराश हुनुपर्थ्यो। देशको भलाइ गर्न खोज्नु पनि पाप नै हो कि?

आश्चर्य मानेर सोच्नुपर्थ्यो—छोटो स्वार्थ नै धर्म हो कि? ती साथी-भाइहरू--बोल्ने हक, लेख्ने हक र जनताले राम्ररी खान, लाउन र विद्या-बुद्धि पाउनुपर्छ र शासन-व्यवस्थामा राणा-परिवारको मात्र अधिकार नभएर सारा जनताको अधिकार हुनुपर्छ भन्ने मागबापत कालकोठरीको कठोर यातना सहिरहेका थिए। राणाशासनले दानवतापूर्वक मुठीको माखोलाई पिसेका थिए र जनतालाई आतंकित गरेर त्राहि-त्राहि मच्चाएका थिए।

कसको अघिल्तिर गएर यसको उजूर गर्ने! सबले मुटु रोकेर एउटा अज्ञात चीजलाई सरापेर बस्नुपरेको थियो। राणा-शासनको अन्त्य सपनामा रमेर मात्रै रहनुपरेको थियो।

यत्तिकै थियो। एक दिन अकस्मात् राणा-शासनलाई उल्टाउन खोज्ने एक दल पक्रिए र साथै गणेशमान पनि पक्रिए। अनि निराशाको

हद पुग्यो। लत्रंग सोतर भएर पल्टनुबाहेक अर्को चारा रहेन। के त नेपाली जनताको उपर दुराचारीहरूकै मात्र जय हुन्छ देवताका मन्दिरै-मन्दिर भएको यस नगरीमा? तर जवाफ को दिन्छ? चूप। मसानझैं शान्ति।

मानौं चारैतिर भूत र प्रेत घुम्न लागे। बाटोमा हिंड्दा फुकी-फुकी हिंड्नुपर्ने भयो। कुन बेला पक्रिने हो! बोल्न नहुने, बोले भित्ताले पनि सुन्छ। राति-राति घरमा पुलिस आठपहरियाको हमला हुने हो कि! समातिएर अनगिन्ती कोर्राको अमानुषिक यातना सहनुपर्ने हो कि! सी०आई०डी०-को हातमा जीवनको बागडोर अड्न थाल्यो। लाखौं रुपियाँ पढे-लेखेकाहरूको नियतमा रखवारी गर्न सर्कारी ढुकुटीबाट झिकिन थाले। यसरी गरीब सी०आई०डी०-हरूको नैतिक पतन हुन थाल्यो। चारैतिर भूत र प्रेतले शासन गर्न थाल्यो।

यस्तै बखत, यस्तै विपतको बेलामा सामसुम-सामसुम गर्दै श्री ५ त्रिभुवनको सारा जहान-बच्चासहित हिन्द दूतावासमा आश्रय पर्न जानुको खबर मेरो कानमा पर्‍यो। के रे? चकित भएँ, टोल्हाएर हेरें। के रे? महाराजाधिराजले पनि दूतावासमा आश्रय लिनुपर्‍यो?

मेरो भाइले शान्तिलाई भङ्ग गर्दै भन्यो—"अब जरूर केही हुनेछ, अब गडबड हुन्छ।"

मैले भनें—"यतिभन्दा कति गडबड हुनु। अब के हुन्छ के।" आमा माथिबाट आउनुभयो। हातमा ढक्की थियो र तिहारको निमित्त बत्ती काल्ने सरजाम ढक्कीमा थियो। बिस्तारै डराई-डराई नसुनिने गरी भन्नुभयो—"के भएको होला यो बाबु, कस्तो दिन देख्नुपर्‍यो—राजा जस्तो......।"

भाइले अकस्मात् जङ्गिएर भन्यो—"के भएको, राणाजीको सर्कार अन्त हुने भयो।" आमालाई अकस्मात् कहीं गएर चोट परेजस्तो भयो। डरले नीलो हुनु भयो र भन्नुभयो—"बिस्तारै—अरूले सुन्ला।"

म बिस्तारै हाँसे। भाइले फेरि कड्केर भन्यो—"के बिस्तारै। सुने सुन्ला। हद गरे मार्ला, तर राणाशाही नसिद्धि छाड्दैन।"

मेरो निराशाले ढाकेको मनमा कसैले बिर्को झिकिदिन लागेझैं भयो। म अलमलिरहेको थिएँ। हिन्दुस्थानले कुन अन्तर्राष्ट्रिय कानूनले मदत गर्ला। आमा चूप हुनुभो, एकदम चूप। बिस्तारै बत्ती कात्न थाल्नुभो। तर चूप।

भाइले मुठी कस्तै भन्यो––"हुँदा-हुँदा यति भैसक्यो। दुनियाँलाई कुकुरजस्तो बनाइसक्यो राणा-शासनले। महाराजाधिराज दुनियाँतिर लागेर नै राणाजीहरूले यो सब गरेको हो। अहो, महाराजाधिराजको राज उसैलाई बनवास! दुनियाँको राज, दुनियाँ मरेको, बीचमा राणाजीको मनपर्दी। अहँ, अब चूप लागेर बस्न भएन। मरे पनि भयो, किन बाँच्नु! केही गर्नै पर्छ, यो राणा-शासनलाई उल्टाउनै पर्छ। सहनु हुँदैन, एक दुई तीन सहनु हुँदैन।"

यति भनेर भाइ जुरुक्क उठेर कोठाबाहिर गयो। आमाले सुस्केरा हाल्नुभो। म एक छिन जिल्लिएर बसिरहें। मनभित्र निराशाको ढकनी खुल्दै गयो। अब खुल्यो––"हो केही गर्नै पर्छ, नत्र मरे पनि त भयो।"

यो कुरा हुँदा रात परिसकेको थियो र तोप पड्कनै मात्र बाँकी थियो। कोही साथीहरूलाई भेट्ने इच्छा प्रबल हुँदै आयो। कुराकानी गर्न ठूलो स्वरमा कराउने चिच्याउने इच्छा बढ्दै आयो, तर तोप पट्किने बेला भैसकेको थियो।

सुत्न गएँ, निद्रा आएन। महाराजाधिराजप्रति करुणा उम्लँदै आयो। महाराजधिराजको अनुहार सम्झें––गोरो हृष्टपुष्ट, जुल्फी भएको कपाल। टन्न-टन्न लुगा लगाएको। मोटरमा जाँदा झलक्क देखेको। सबैसित नम्रतासित कुरा गर्ने रे। नेपाललाई यूरोपको देश बनेको सपना देख्ने रे। दुनियाँराजको निम्ति चल्न खोज्ने रे। त्यस कारण नारायणहिटी धिराजको दरबारमा प्रशस्त जासूस बढाइए रे। महाराजाधिराजको चारैतिर राणाजीहरूका दलालहरू रहन लागे रे– उनको क्रियाकलाप निरीक्षण गर्नलाई रे। उनी साँच्चिकै कैदमा परे। राजा भएर शक्ति थिएन। शक्ति जम्मै राणा-परिवारमा बाँडिएको

थियो। सारा अड्डाका तालुकवाला उनीहरू नै थिए। पल्टनको अफिसरी उनीहरूकै थियो। ससाना जागीरेहरू पनि उनीहरूकै चाकरीबाज थिए। महाराजाधिराजको शक्ति शून्य थियो। अब त विवश भएर शरणसम्म लिनुपर्‍यो विदेशी दूतावासमा। के हामी नेपालीमा भर थिएन? कुरा के बढ्यो यसो भएको? दुनियाँको निम्ति यसो भएको हो कि?

निद्रा लागेन, अझ दिक्क लाग्न थाल्यो, सूनसान रात। कतै बच्चा अकस्मात् रोएको अवाज आउँथ्यो। जे होस् हुने भैहाल्ला, केको चिन्ता! पहिले जस्तो थियो, त्यस्तै होला पछि हद भए। त्यसभन्दा पनि बढ्ता के होला। कुकुर थियौं कीरा होइएला! तैपनि मान्छेको रूप लिएर बाँचिहालिएला। तैपनि निद्रा आएन।

कुन बेला निद्रा आयो पत्ता भएन। उठ्दा घाम लागिसकेको थियो। कतै गोलमालको आवाज आइरहेको र त्यस गोलमाललाई चिरेर बिगुल चिच्याइरहेको थियो। आँखा मिचेर अमलमलिरहेको थिएँ। झटपट कोट लाएर बाहिर निस्कें। बाहिर बिगुल कोलाहल गरिरहेको थियो। मान्छे यताउति दौडिरहेका थिए। कोही हिंडिरहेका थिए गम्भीर भएर। एक जनाले बिस्तारै आएर कानमा भन्यो—"अब के हुने?"

मैले उसको मुखमा हेरेर भनें—"कुन्नि क्या हो, क्या हो!"

"चाल निको छैन जस्तो छ।"

"अँ, त्यस्तै।"

"यो राणाजीले गर्नसम्म गर्‍यो।"

म हिंडें। एउटा लामो सास फेर्दै मनमनै भनें—"अँ, गर्नसम्म गर्‍यो।"

एउटा माग्ने चूप थियो। उसले हात पसारेर पैसा मागेको देखिएन, टोल्हाएर आइरहेका गइरहेकालाई हेरिरहेको थियो।

एउटा अफिसर लडाइँमा जान तम्सेझैं गइरहेको थियो। एउटा सिपाहीले साल्यूट गऱ्यो र मुख हेरेर केही बुझ्न खोज्यो। एउटा अर्को अफिसरले आई त्यस अफिसरलाई केही भन्यो।

एउटा सुब्बा फर्किरहेको थियो। कम्मर झुकेको, सुनको ब्याज भएको टोपी बाङ्गिएको थियो। जसले गर्दा ब्याज पनि बाङ्गिएको देखियो। एक जनाले गएर केही कुरा गर्न खोज्यो। तर सुब्बा सानो कुरा बोलेर हट्यो र कम्मर बङ्ग्याएर टाउको झुकाएर गयो। मैले त्यस मान्छेलाई गएर सोधें--"के रे?"

उसले मुख बङ्ग्याएर भन्यो--"कुन्नि, केही भनेन। भन्न हुँदैन रे! डराएछ।"

टुँडिखेल पुगें। बाटामा पुलिसहरूको जमघट बढ्ता देखियो। ठाउँ-ठाउँमा बन्दूक लिएर पहरा बसेकाहरू पनि देखिए। मोटरहरूका ताँती सिंहदरबारतिरबाट फर्किरहेका थिए--फर्किरहेका थिए। मोटर दौडिरहेका थिए, मानौ कसैले लखेटिरहेछ।

एउटा डिट्ठा आएर भन्यो--"१२ बजे हनुमान ढोकामा हाजिर रे"

मैले सोधें--"यो के भएको?"

"कुन्नि के-के सोधपूछ हुने रे।" उ अघिल्तिर आयो र यताउति हेर्दा म फर्कें। त्यसै बखत एउटा मेरो साथीले भन्यो--"सुन्यौ? महाराजाधिराजका माहिला नाति गद्दीमा राख्ने रे।"

म एक छिन अवाक् भएँ। उसले फेरि भन्यो--"हो रे?" मानौं उ पनि विश्वास गर्न चाहँदैन थियो। एक छिनपछि मैले रिसाएर भनें--"के कुरा गरेको, कसरी?"

"त्यस्तै भन्यो एउटा सुब्बाले।"

"अँ, होइन त्यस्तो पनि! नाति कहाँ छ र? युवराजाधिराज, छोरा-नाति सबै लिएर जानुभएको होइन?"

"एक जना मावलीमा थियो रे।"

"कहाँ थियो र ?" म फन्केर त्यहाँबाट हिंडें। अर्को एक जनाले आएर फेरि त्यस्तै कुरा गर्‍यो। मैले भनें––"होइन।"

उसले मेरो कुरामा विश्वास गर्‍यो। म घरमा आएँ। भाइले आएर भन्यो––"महाराजाधिराज भएन भने सर्कार चल्न सक्तैन रे। अब सर्कार नभएकोले मोहनशमशेरको हुकुम चल्दैन रे।"

म फेरि अलमलिएँ––सारा शक्ति त उसैको हातमा छ। मान्छे उसैको, सबै उसैको।

भाइले भन्यो––"अब गोलमाल हुन्छ जरूर।"

गोलमाल बेसै हो, तर······––म भात खाएर बाहिर निस्कें। नयाँ सडकमा सङ्गीन लिएका सिपाहीहरूको लाम कसिन थाल्यो। पार्कमा गएर बसें। मान्छेहरूको भीड त्यहाँ जम्मा भैसकेको थियो।

केही आवाज थिएन। सिपाहीहरू सामसुम मूर्तिझैं। एक जनाले भन्यो––"यसको सन्तानैलाई गद्दीमा नराख्ने रे। कस्तो दिन····"

मलाई झट्ट गएर त्यसको मुख च्यात्न मन लाग्यो––"नराख्ने! राणाहरूले नराख्ने! राणाले झिक्ने वाह, खेलाँची हो!" र मैले एक छिनपछि बिस्तारै भनें––"माहिला नाति राख्ने रे भन्ने सुनिन्छ।"

"कुन्नि।"

मैले मनमा सन्तोष लिएँ––"यसलाई पनि केही थाहा रहेनछ। ठिकै भयो।"

तर उसले भनिहाल्यो––"महाराजाधिराज निकाला भए जस्तो भयो। युवराजाधिराज बिचराले पनि गद्दी पाउने भएनन्, गजब छ।"

म सोच्न थालें। उसको शब्दमा केही तथ्य छ जस्तो लाग्यो। राणाहरूको हातमा शक्तिको बागडोर छ।

म उठें र एक जनालाई गएर भनें--"के हुने भयो ?"

"खोइ यसै भन्न सक्तिनँ, नाति युवराज भन्छ।"

"मलाई त पत्यार लाग्दैन।"

म खुशी भएँ। यसलाई पनि थाहा रहेनछ। मैले सोधें--"हनुमान ढोकामा के हुने हो त यतिको तयारी ?......"

"मोहनशमशेर आउने, पालो-पहरा त्यहाँ अड्डाका मान्छेहरूलाई सोध्ने हो कि ?"

यसै होस्। म हिंडें। मगजमा भार भैरहेको थियो--शायद त्यस्तै हो क्या रे, महाराजाधिराज गएको गए नै हुने हो कि ? युवराजाधिराजसमेत बाबुको साथै वनवास हुने हो कि ?

'आयो, आयो'-को हल्ला मच्चियो। झटपट अघाडि बढें। तर केही होइन रहेछ। फर्केर आएर चौरमा साथी-भाइहरू घेरा लाएर बसें। एक जना साथीले मलाई अकस्मात् भन्यो--"किन धन्दा मान्छौ तिमी, केही हुन्छ। त्यसै खतम हुन्छ र यो कुरा !"

फेरि 'आयो, आयो'-को हल्ला भयो। दौडँदै अघिल्तिर पुगें। अहिले साँच्चिकै रिसल्लाको दल आइरहेको थियो। बीचमा एउटा बग्गी थियो। बग्गीमा कालो नीलो मोहनशमशेरसँगै एउटा गोरो तीन वर्षको वालक उत्सुकतापूर्वक चारैतिर भीडलाई खुशी भएर हेरिरहेको थियो। मान्छेहरू हलचल नगरी हेरिरहेका थिए। चूपचाप कुनै आवाज नगरी, कुनै किसिमको सलाम प्रदर्शन नगरी हेरिरहेका थिए। बग्गी पास भयो गुड्किंदै, मानौं पास हुनु मात्रै यसको कर्तव्य हो।

मैले बिस्तारै सोधें--"त्यो बालक चार वर्षे ?"

साथीले मेरो मुख हेर्‍यो र भन्यो--"हो।"

"होइन," म भ्रममा अल्झन चाहन्थें।

"हो।" उसले झर्केर भन्यो। अनि बिख ओकलेझैं गरेर तीतो मुख लाएर भन्यो––"त्यही बच्चा हो महाराजाधिराज हुने।"

उ बच्चालाई सराप्न चाहन्थ्यो।

हामी बसिरह्यौं, फर्केको पनि हेर्‍यौं। र अझ विश्वास हुँदै थियो––यो कसरी हुन सक्छ र? बसिरह्यौं, तोप पड्कन थाल्यो, तोपको आवाजलाई गन्यौं। ३१ तोपको आवाजमा मुटु थामिएजस्तो भयो। तैपनि पर्खिरह्यौं, फेरि रिसल्लाको दल आयो। बीचमा त्यही बग्गी गुड्किरहेको थियो। त्यही कालो नीलो मोहनशमशेर। किच्च परेको मोहनशमशेरको शरीरमा त्यही बच्चा नागबेली खेलेको। एउटा हुल्याहा जस्तो मान्छे अकस्मात् उफ्र्यो––"हामी मान्दैनौं यस्तो बच्चा!"

हो गद्दी यसैले पायो। नेपालको महाराजाधिराज यही भो। यसको नाम ज्ञानेन्द्र रे। बाजेको गद्दी पायो––बाबुलाई उछिनेर, दाजुलाई उछिनेर। ज्ञानेन्द्रको अनुहार सम्झनामा आउन थाल्यो।

घर पुग्दा कसले हो मलाई भन्यो––"बुझ्यौ? राणाजीहरूको शक्ति चरम सीमामा पुग्यो, अब गुल्टनबाजी खाने बखत आयो।"

तर जनता चूपचाप फर्किरहेका थिए––कुनै आवाज छैन, कुनै विरोध छैन। मगज भारी थियो।

झट्ट थाहा पाएँ––राजदूत चन्द्रेश्वरले मानेको छैन रे ज्ञानेन्द्रलाई स्थापना गरेको कुरामा।

राजदूतले नमान्नु, भारत सरकारले नमान्नु–सन्तोषको कुरा थियो। तर जनतामा विरोध देखिएन। पंचकको जुवा फुकेको थियो। मानिसहरू चाडमा आएका छन्। जो पनि जुवा खेलिरहेका, जो पनि। जुवा किन यसै बखत फुकेको, यो जुवा किन? भएभरका जुवाका खालहरूलाई हुरीले किन उडाउँदैन; मानिसहरू बरु कोठामा बसेर किन सुतिरहँदैनन्, किन? जुवामा रमेर दिलको भारीपन बिर्साउनु किन? यदि त्यही कुरा हो भने महाराजाधिराजलाई के ऐश्वर्य पुगेको थिएन, तर जनताकै निमित्त। जनतालाई राणाशाहीको अत्याचारबाट बचाउनलाई,

जनतालाई प्रजातन्त्र राज्य दिलाउनकै खातिर महाराजाधिराजलाई यतिसम्म भएको हो। बिर्सनु किन? किन ज्यानलाई हत्केलामा राखेर राणाहरूको विरोधमा आवाज नउठाउनु? त जुवाको खाल चलिरहेकै थियो। पंचकको उत्सवलाई बजारमा चहलपहल छँदै थियो। बरु शहर मसानजस्तो किन हुँदैन?

दिल्लीको रेडियोमा सुनियो——नेपालका महाराजाधिराज हिन्द दूतावासमा शरण पर्नुभयो, जानकारहरूको खयाल छ कि महाराजाधिराज लोकराजको सिद्धान्ततर्फ झुकेकोले प्रधान मन्त्रीसित खटपट भयो। भारतले नव स्थापित ज्ञानेन्द्रलाई मानेको छैन।

अज्ञ जनता चूप थियो। रेडियोले भन्यो——नेपालको स्थिति पहिलेको जस्तै छ, देहाततिर यसले असर पारेको छैन।

एक्लै भित्तामा गएर टाउको फोडूँ अथवा कतै गएर एक्लै चिच्याऊँ चिच्याऊँ ठूलो स्वरले!

सर्दार वल्लभभाइ पटेलको वक्तव्य रेडियोले भन्यो——नेपालको भारतसितको स्थितिले गर्दा जुनसुकै कुराको पनि सामना हामीले गर्नुपर्छ। शरण लिन्छौं, जरूर लिन्छौं।

अज्ञ भारतले त राणाहरूको यो कालो करतूतलाई मानेको छैन। चीन ल्हासातिर बढ्दै आएको पनि सुनियो, जुन हिन्दुस्थानको निमित्त खतराको विषय थियो। बाहिरको कुरा त जम्मै सन्तोषजनक छ। तर हामी किन चूप!

गोरखापत्र देखें। सिधा, बुद्धिमान् र सताइएका जनतालाई अर्को प्रहार थियो। त्रिभुवनलाई गद्दीच्युत गरेर ज्ञानेन्द्रलाई स्थापना गर्नुपर्ने कारण जालझेलपूर्वक लेखिएको थियो र ज्ञानेन्द्रलाई स्थापना गर्न राजी भएका भाइ-भारादारहरूको फिरिस्त पनि छापिएको थियो। त्यसमा धेरै राणाहरूकै तादात बढ्ता थियो। त्यसमा केही थिएन, तर सबैभन्दा रीसउठ्दो कुरा त सङ्गीनको नोकमा सहीछाप गर्ने सिभिल अफिसरहरू र राणाको खेलौना संसारको आँखामा छारो हाल्न

र संसारले पाइआएको राजनीतिक चेतनालाई दबाउने धृष्टता गरिएका संसद्का मेम्बरहरूको सहीछाप पनि थियो। गिज्याएर पेट मिची-मिची हाँस्न पनि मन लाग्दथ्यो। तर यो सफा जनतालाई लोप्पा थियो।

भारत र नेपालको बीच हवाई आवागमन राणा सरकारले बन्द गरिदियो। महाराजाधिराज दिल्ली जानमा रुकावट हुने भयो। एक मन त बैसै भयो जस्तो लाग्यो। जे भए पनि महाराजाधिराज त्रिभुवन अझै नेपालमै त छन्। तर राणाहरूको के जाल हो। जरूर रहस्यमय थियो।

साँझ परिसक्यो। घर-घरमा ह्म पूजाको तयारी हुन लाग्यो। भोलि भाइपूजा छ। सारा टोलहरूमा जुवा मच्चिरहेको थियो। कतैबाट हवाईजहाजको आवाज आए जस्तो सुनियो। हवाईजहाज किन आउँछ र, त्यो त नेपाल आउन रोकिएको छ। तर आवाज झन्-झन् ठूलो हुँदै आयो। होइन मोटर होला भन्ने विचार गरें। आवाज हवाईजहाजको जस्तो सुनियो। झटपट घरबाट बाहिर निस्कें। हवाईजहाजै रहेछ। एकदम तलसम्म घरमा ठक्कर खाला जस्तो गरेर आयो। मुर्दा भएको विरोध नगर्ने मानिसलाई उचाल्ने हवाईजहाज। राणाको धृष्टतालाई नटेर्ने हवाईजहाज। एक छिनपछि भाइ दौडँदै आयो। स्याँस्याँ-फूँफूँ गर्दै भन्यो—"हवाई जहाज देख्नुभएन? हवाईजहाजले भैं-भैंसम्म पर्चा फालेर छुट्टि। जुवाडेहरू भागा-भाग, रुपियाँ पैसा त····पर्चा लूटालूट। यी पर्चा मैले पनि भेट्टाएँ।"

भाइले पर्चाको मुट्ठा मलाई दियो। म दौडँदै घरभित्र आएँ। विरोध गर्ने जनता कहीं छ। राणा सरकारलाई लात चखाउने एक दल कहीं बसेर काम गरिरहेछ। प्रजातन्त्रको निमित्त मर्न तयार भएका मान्छेहरू पनि कहीं छन्। त्यो नेपाली कांग्रेस हो। नेपाली जनता मरेको छैन। एउटा मान्छे बाँचे सारा जनता बाँच्छ। अत्याचारको विरोध गर्न रगत दिनेहरू पनि तयार रहेछन्——रगत, रातो रगत, चेतनाको अणु-अणु भएको रगत। उत्तेजनाको लहर भएको रगत।

'राज कसको? रैतीको।' 'इन्कलाब जिन्दाबाद', 'राणाहरूको हातबाट महाराजाधिराजको पन्जापत्र खोसियोस्,' 'राणाहरू अब नेपालको

वैधानिक सरकार भएन,' 'प्रजातन्त्र हाम्रो ध्येय हो', 'हामी जित्दै आउँछौं मदद गर।'

आमा लौ भाइपूजा गर्नोस्। हाम्रो शरीरमा बल आओस्, शरीरमा शक्ति आओस् अत्याचारको विरोध गर्न। मण्डलमा भएको बत्ती बलिरहोस्, बलिरहोस् हाम्रो रूप लिएर जबसम्म सारा नेपाली जनतामा चेतना आउँदैन, नेपालमा अन्धकार मिट्दैन। बलिरहोस्। लड्न मर्न तयार होऔं––यही प्रकाशपुञ्ज लिएर।

रेडियोमा खबर आयो। मुटु थामिएजस्तो भयो। भोलि भाइपूजाको दिनमा महाराजाधिराजलाई लिन दिल्लीबाट दुईवटा हवाईजहाज आउने भयो। के त साँच्चिकै महाराजाधिराज जाने भए ता, फर्कंदैनन् त!

भोलिपल्ट बिहान सबेरै उठें। आजको दिन भाइपूजा, दिदी-बहिनीले दाज्यू-भाइलाई सगुन दिने––अमर होस् भनेर। आजैको दिन देशबाट बिछोड भएर महाराजाधिराज जाने! दिदी-बहिनी, लौ सगुन देऊ। हामी जान्छौं। प्रजातन्त्रको निमित्त लड्न। महाराजाधिराजलाई फर्काइछाड्छौं, देशमा प्रजातन्त्र ल्याइछाड्छौं, देशव्याप्त राणाप्रेत पन्छाइछाड्छौं।

गौचर जानै पर्छ। महाराजाधिराजलाई रोक्न आऊ साथीभाइ जाऊँ––एकमेल भएर, एउटै मुटु लिएर, एकै किसिमको जोश लिएर। जम्मै भएर गयौं। गौचर नपुग्दै बाटोमा रोकियौं। हामीजस्तै त्यहाँ असंख्य मानिसहरू जम्मा भैसकेका थिए। एउटा दुब्लो-दुब्लो निन्याउरो अनुहारले आएर खुसुक्क भन्यो––"महाराजाधिराजको मोटर रोक्नुपर्छ।" त्यो मान्छे अर्को ग्रुपतिर पनि गयो, शायद यही कुरा गर्‍यो।

"पर्ख्यौं, पर्खिरह्यौं। एउटा हद जण्ड प्रकृतिको मान्छेले भन्यो–– "मोटरको पछि-पछि दौडनुपर्छ। पुलिसले रोक्यो भने पिटचो भने त्यसको ज्यान लिनुपर्छ।"

केही बेरपछि 'आयो आयो'-को हल्ला मच्चियो। हामी सबै सन्न भएर बाटोको किनारामा उभियौं। भान गार्डहरूले भरेको जीप पास भयो। म त्यस जीपमा भएका गार्डहरूलाई हेर्दै थिएँ। हेर्छु त एउटा मोटर घेरिइसकेको। मानिसहरू कराइरहेका थिए––"हामी जान दिन्नौं, जान दिन्नौं।" मोटरको झ्यालबाट स्टेनगनको नालले ताकिरहेको थियो। पास भैसकेका भान गार्डहरू पनि गोली भरेर ओर्ले। झटपट म हूलतिर बढें। महाराजाधिराजलाई कुरा गरिरहनुभएको देखें। डम्बरकुमारीको टोपी लगाएको उहाँलाई देखें। उहाँ कुरा गरिरहनुभएको देखें। हँसिलो अनुहार तर तीव्र आवाजमा भनिरहनुभएको सुनें––"तपाईंहरू किन धन्दा मान्नुहुन्छ? म फर्किहाल्छु नि, यहाँ प्रजातन्त्र खडा गर्नलाई म गइरहेछु। अहिले छोडिदिनुहोस्।"

एक छिन त्यस्तै कचमच भयो। मेरो मन खुल्ल भयो, आँखा रसायो। मैले केही पनि देखिनँ, केही पनि सुनिनँ। एक छिनपछि हूल छ्यान्नब्यान्न भयो। मोटर गयो उहाँलाई लिएर एरोड्रमतिर। हामी पछि-पछि दौड्यौं, हामी सरह जन-समूहको भेल दौडिरहेको थियो। 'इन्कलाब जिन्दाबाद' हामी पछि लाग्यौं, करायौं।

'श्री ५ त्रिभुवन जिन्दाबाद', 'राज कसको? रैतीको!' ठूलो स्वरसित करायौं––'लोकराज जिन्दाबाद!' 'राणाशाही मुर्दाबाद।' हामी कराउँछौं, कराउँछौं, 'राणाशाही मुर्दाबाद', 'लोकराज जिन्दाबाद।' हामी लोकराज गराइछाड्छौं। त्यस कारण कराउँछौं, कराउँछौं। आऊ मार्ने मान्छे, दबाउने मान्छे, यो शरीरमा जति सक्छौ, अत्याचार गर। तर हाम्रो आवाज थामिंदैन, थामिंदैन। लड्छौं, मर्छौं एउटा एउटा मान्छे भएसम्म, जनताको राज खडा गर्न। भोको-नाङ्गो जनतालाई दूधभात ख्वाउन, पेटभरि ख्वाउन। हामी मानिस हुन चाहन्छौं, दुःख-सुख अनुभव गर्ने मान्छे, जनहितको निम्ति मनमा आएको कुरा बोल्न सक्ने मान्छे, साँच्चिकै मान्छे, मनमा कमारापनको लेश नभएको मान्छे। चिच्याई कराउँछौं, कराएर लड्छौं––'इन्कलाब जिन्दाबाद, लोकराज जिन्दाबाद।'

दुईवटा हवाईजहाज अकासियो। ए, धिराजलाई लिएर जाने हवाईजहाज, हामी उहाँलाई फर्काइछाड्छौं। साथै लोकराज खडा

गरेर एक दिन यसै गरेर उहाँ यो जनसमूहको बीचमा हवाईजहाजबाट ओर्लनुहुन्छ। 'त्रिभुवन जिन्दाबाद।'

तीन-चार दिनदेखि भारी भएको मगज केही हलुका भएजस्तो भयो। आज करायौं, केही भएजस्तो भयो। जीत जरूर हुन्छ। किनकि हामी तयार भयौं, हामीमा जोश उर्लिसक्यो, हामीलाई कसैले प्राण संचार गरिसक्यो।

घर फर्कें, फर्कंदा कसैले बाटोमा रोकेर भन्यो––"बुझ्यौ बीरगन्ज चट, नेपाली कांग्रेसले कब्जा गरिसक्यो।" लौ भन––"लोकराज जिन्दाबाद, मर्न-मिट्न तयार छौं।"

*****

शत-शत प्रणाम

गौरीशंकरलाल दास

बाक्लो कुहिरो ढकमक्क लागिरहेको बिहानीपख बेलायतको व्यस्त जीवनको प्रवास प्रारम्भ हुन थालेको थियो। बिहानको क्रियाबाट निवृत्त भएर म डाइनिंग हलमा आएँ। 'मेन्चेस्टर गार्जियन' पढेको त सहस्र बिच्छीहरूले डसेजस्तै सन्न हुनुपर्‍यो।

श्री ५ त्रिभुवन यो संसारमा होइबक्सिन्न। जन-मन सम्राट् श्री ५ त्रिभुवन सबैलाई रुवाउँदै स्वर्ग होइबक्सियो। यस्तो लाग्यो— कोइलीको कुहू-कुहू नै अकस्मात् रोकियो; बजिरहेको वीणाको तार एकाएक चुँड्यो; कलकल गर्दै बगिरहेको पानीको छहरा सुक्यो; फुल्न-फुल्न लागेको फूलको कोपिला झर्‍यो; मीठो स्वरमा गाइरहेको रागिनी ठप्प भयो।

यो सब सम्झँदा-सम्झँदै दुई थोपा आँसू झर्‍यो चियाको कपमा।

इतिहासलाई नै मोड्ने यस्ता महापुरुष शताब्दीमा कुनै-कुनै हुन्छन्।

उनको नाम इतिहासको पृष्ठमा स्वर्णाक्षरमा लेखिन्छ। उनको सम्झना प्रेरणादायी, विचारोत्तेजक र चिरस्थायी हुन्छ। यस्तै होइबक्सिन्थ्यो श्री ५ त्रिभुवन। नेपालको इतिहासमा मौसूफ एक प्रकाशस्तम्भ जस्तै सदाकाल जगमगाइबक्सिनेछ। जनतालाई पथ-प्रदर्शन गरिबक्सिँदै रहनेछ। कुनै पनि देशको इतिहासमा राजा र प्रजा मिलेर

स्वतन्त्रता-संग्राममा भाग लिएको शायदै भेटिएला। यदि श्री ५ त्रिभुवनले आफ्नो ज्यानको बाजी लगाएर यसलाई सत्य नबनाइदिबक्सिएको भए नेपालको इतिहास अर्कै रूपमा लेखिने थियो र शोषण र उत्पीडनको क्रम जस्ताको तस्तै रहने थियो।

यस्ता प्रजावत्सल, जन-मन-रंजक जनता-हृदय-सम्राट् श्री ५ त्रिभुवनको सम्झना आउँदा आफैंआफ श्रद्धानत भई मुखबाट निस्कन्छ--

"हे युगपुरुष, शत-शत प्रणाम।"

*****

एक दर्शन

चन्द्रकान्ता मल्ल

श्री ५ त्रिभुवन औषधोपचारको लागि स्वीट्जरल्यान्ड सवारी होइबक्सनुभन्दा पहिलेको कुरो हो, मौसूफको दर्शन गर्न पाऔं भनी म र मेरा भदा प्रयागराज जोशीले मौसूफमा बिन्तीपत्र चढाएका थियौं। जवाफमा मौसूफबाट दर्शन गर्नको लागि हुकुम बक्सिएको छ भन्ने सूचना जनरल योगिविक्रमद्वारा पाएकोले हामी दुई जना तोकिएको दिन राजदरबारमा उपस्थित भयौं। नेपालका हृदय-सम्राट् श्री ५ त्रिभुवनसित के कुरा गर्ने, कसरी गर्ने भनी हाम्रो मनमा बडो धुकचुक लागिरहेको थियो।

नेपालमा प्रजातन्त्रको स्थापना गर्ने श्री ५ त्रिभुवनको दर्शन गर्ने मौका पाउनु ठूलो सौभाग्यको कुरो थियो। यस्तो सुअवसर पाएकोमा मेरो मन खुशीले गद्गद थियो। राष्ट्रपिताको दर्शनको प्रतीक्षा गरेर हामी राजदरबारभित्र भुइँबैठकमा बसिरहेका थियौं। हामीसँग परिचित झैं हँसिलो मुहारले मौसूफको सवारी त्यस बैठकभित्र भयो र हामीले अभिवादन चढायौं। मौसूफबाट हामीलाई मेचमा बस्ने हुकुम भयो र हामी त्यसमा बस्यौं।

मौसूफको मुहारमा जुन भाव झल्किरहेको थियो त्यसबाट मैले मौसूफमा भएको सरलता र उच्च मानवीयताको परिचय पाएँ। मौसूफमा अभिमान भनेको रत्तीभर पनि थिएन। धेरै दिनदेखिको पुरानो परिचित

कुनै मान्य व्यक्तिले जस्तै मौसूफले हामीसँग व्यवहार गरिबक्सियो। कुराको सिलसिलामा मौसूफबाट मेरा पूज्य पिताज्यूले देशमा नयाँ जागरणको लहर ल्याएको कुरा हुकुम भयो। साथै मेरा पूज्य दाज्यू शहीद शुक्रराज शास्त्रीको बारेमा पनि मौसूफले उल्लेख गरिबक्सियो।

मेरा पिताज्यूको र दाज्यू शहीद शुक्रराजको जीवन-चरित्र छाप्नलाई मौसूफसँग सहायताको निम्ति बिन्ती गर्दा मौसूफबाट रु० १,००० बक्सियो।

नेपालमा प्रजातन्त्र स्थापना गर्नाको लागि श्री ५ त्रिभुवनले जुन त्याग र तपस्या गरिबक्सियो, त्यसको अमर गाथा विश्व-इतिहासमा अंकित हुन गएको छ। मौसूफको यश र कीर्ति नेपालको इतिहासमा सधैं अजर र अमर रहनेछ। मौसूफको नश्वर शरीर आज हाम्रो अगाडि छैन तापनि मौसूफबाट छोडेर गइबक्सेको विशुद्ध प्रजातान्त्रिक भावना हामी एक करोड नेपालीको हृदयमा सदा जगमगाइ नै रहनेछ जीवन्त, ज्वलन्त, अमर।

*****

राष्ट्रपिता श्री ५ त्रिभुवन

चन्द्रबहादुर थापा

राणा-कालमा पुलिस गोश्वाराको हाकिमका सम्बन्धबाट सेवा गर्न र २००७ सालपछि प्रजातान्त्रिक शासन-कालमा मउपरको असीम करुणाबाट प्रजातान्त्रिक पद्धतिबमोजिम देश र नरेशको निस्वार्थ सेवा गर्न पाई राष्ट्रपिता श्री ५ त्रिभुवनको उदयको बेलामा मौसूफको दर्शन-भेट र संसर्ग पाउनु मेरो अहोभाग्य भएको थियो।

मौसूफमा भएका गुणहरूको सम्बन्धमा सबैलाई जानकारी भएको हो। मौसूफबाट केही मउपर पनि कार्यान्वित गरेर देखाइबक्स्यो। मौसूफको महान् तपस्याको फल चाख्न पाएर प्रजावर्गले भक्तिपूर्वक 'राष्ट्रपिता' भनी सम्बोधन गर्न थाले। मौसूफजस्ती आदर्श राजा प्रजाले पाएको हुँदा धर्मशास्त्रमा राजालाई **नाविष्णुः पृथिवीपतिः** भनेको रहेछ।

श्री ५ त्रिभुवनको सहनशीलता एवं विवेक-विचारको एउटा ज्वलन्त उदाहरण पेश गर्दछ। २००७ सालमा मैले राणा-प्रशासनयन्त्रको भालाको तीखो टुप्पो बनेर काठमाडौं उपत्यकामा कांग्रेसी आन्दोलन दबाउन कोशिश गरेको थिएँ। कांग्रेसीहरू शक्तिमा आएपछि अवश्यमेव मलाई सियोले घोचेर मार्नेछन् भनी जनता भन्दथे। यसको उल्टो कांग्रेसी सरकारले मेरो कदर गऱ्यो र मलाई गृह सेक्रेटरीको पदमा

नियुक्त गऱ्यो। तर भू० पू० नेपाली कांग्रेसका सभापति पछि एउटा नयाँ पार्टीको सरकारको प्रधान मन्त्री हुनुहुन्थ्यो। भाग्यको फेरले गर्दा उहाँले सो पद पाउनुभएको थियो। शक्तिले मदान्ध भएर मलाई सेवाबाट मुक्त गराउन कैयौं पटक राष्ट्रपिताका हजूरमा बिन्ती गर्दा मौसूफबाट मानिबक्सेन।

मैले ऐन-सवालबमोजिम गर्न छोडिनँ र राष्ट्रपिता विदेशमा उपचार गर्न राज भएको मौका पारी ती प्रधान मन्त्रीले मलाई मालपोत तथा वनको सेक्रेटरीको पदबाट हटाई जगेडामा राख्नुभयो। पाप धुरीबाट कराउने हुँदा उहाँलाई माकुराका बच्चाहरूले माउलाई खान खोजेझैं गरी उहाँका पार्टीवालाहरूले धोका दिए। उहाँले प्रधान मन्त्रीत्वको आसन छोड्नुपऱ्यो। म विषयान्तरमा गएँ भन्ने पनि होलान्, तर प्रसंगवश लेख्नुपर्ने कुरा हुँदा लेखेको हुँ।

माथि प्रातःस्मरणीय श्री ५ त्रिभुवनबाट मउपर असीम करुणा राखिबक्सेको रहस्य एक दिन प्रभुबाट मलाई दर्शन-भेट बक्सँदा हुकुम भएका कुराहरूबाट खुल्न आयो।

मौसूफबाट हुकुम बक्स्यो--"चन्द्रबहादुर, राणा-प्रशासनमा जे-जति काम तिमीले गऱ्यौ त्यसमा तिम्रो केही दोष छैन। जस्तो लगाए त्यस्तै गऱ्यौ र गर्नुपर्ने कर्तव्य-कर्म पनि त्यै हो। तिमीले त्यस बेला पक्राउ गरी नेल ठोकेका कांग्रेसी नेताहरू तिम्रो वफादारी र इमान्दारीको सह्रनी मसँग गर्दछन्।"

प्रभुका यी अमृतवाणी सुनेर गहभरि हर्षको आँसु भयो र अवाक् भएर एक छिन टोलिएँ। धन्य, प्रभुको विशाल हृदय!

नेपाली जनताको दुर्भाग्यले गर्दा मौसूफको आदर्श बिर्सिदिएर प्रजातान्त्रिक प्रशासन मेशिनरी चलाउन अघि सरेका दलीय नेताहरूले स्वार्थको बाटो पक्रिदिएकाले तिनीहरूले नाना तरहका भुक्तमान भोग्नुपरेको, साथै देश रसातलमा पुग्ने अवस्था हुन लागेकोले २०१७ सालमा

राष्ट्रनायक श्री ५ महेन्द्रबाट दलीय सरकारहरूको प्रथा निमिटचान्न पारिबक्सी दलविहीन प्रजातान्त्रिक पंचायती व्यवस्था खडा गरिबक्सन बाध्य होइबक्सनुपऱ्यो ।

प्रस्तुत हुन लागेको **त्रिभुवन-स्मृतिग्रन्थ**-बाट प्रेरणा पाई नेपाली प्रशासकहरू, पंचायती व्यवस्था तथा भूमिसुधार सम्बन्धी कर्मचारीहरू एवं पंचहरूले सन्मार्गमा लागेको खण्डमा मातृभूमि उँभो लाग्ने बेला वितिसकेको छैन ।

*****

श्रद्धाञ्जलि

चन्द्रविक्रम शाह

राष्ट्रपिता श्री ५ त्रिभुवनसँग मेरो धेरै सहवास वा संसर्ग भएको होइन। त्यस कारण संसर्गबाट थाहा भएको विशेष कुनै कुरा त म भन्न सक्तिनँ, तर बाहिरबाट हेर्दा पनि मौसूफले देशको राजनीतिमा जनपक्षलाई लिएर जुन साहस र त्यागको कदम उठाइबक्स्यो, त्यसबाट मेरो मनमा गहिरो प्रभाव परेको छ। हामीहरूले पुराण, कथाहरूमा राजाले प्रजाको हितका लागि जीवन, धन उत्सर्ग गरेको कुराहरू पढ्यौं। त्यो कविको कल्पनामात्र हो कि भन्ने मनमा शंका हुन्थ्यो, तर महाराजाधिराज त्रिभुवनबाट जो कार्यहरू भए त्यसबाट त्यो सब सम्भव साबित हुन आएको छ। बडो दुःखको कुरा छ, मौसूफको जीवनको सुनौला धागो बहुतै चाँडो, असमयमै चुँड्यो। मौसूफले आफूले गरेको अभूतपूर्व बलिदानको फल पाकेको देख्न पाइबक्सेन, तर नेपाली जनता र मौसूफको आत्माबीच जो तादात्म्य स्थापित हुन आएको छ, आत्मा र पुनर्जन्ममा आस्था राख्ने हामीहरूलाई विश्वास छ––त्यसबाट मौसूफ जहाँ रहे पनि नेपाली जनताको श्रद्धा र प्रेमको धार मौसूफसम्म अटूट किसिमले पुगिरहेकै हुन्छ र देशले जति-जति विकास गर्दै गयो, प्रजामा जति-जति असमानता र गरीबी हट्दै गयो उति-उति उक्त धाराको विस्तार बढ्दै जानेछ। त्यो हुनु अवश्यम्भावी छ, किनकि सत्कार्यको लागि गरेको बलिदान खेर जाँदैन।

म मौसूफको एक क्षुद्र सम्बन्धी हुँ, त्रिभुवनरूपी सूर्यले हाम्रो शाहवंशलाई नै गौरवान्वित गरेको म अनुभव गर्दछु। मौसूफको व्यक्तित्व र कार्यलाई सम्झँदा मलाई एउटा श्लोक याद आउँछ जसको अर्द्ध भाग छ––

कुलं पवित्रं जननी कृतार्था
वसुन्धरा पुण्यवती च येन।

*****

श्री ५ त्रिभुवन र शाहवंशीय परम्परा

चित्तरञ्जन नेपाली

पचासौंससाना राज्यहरूमा विभाजित नेपाललाई एउटै सूत्रमा बाँधेर विशाल नेपाल अधिराज्यको संस्थापन गर्ने कार्य, तथा तत्पश्चात् यस अधिराज्यको संरक्षण एवं संवर्द्धन गर्ने कार्यमा राजा एवं राज-परिवारको सक्रिय योगदान सधैं रही आएको छ। नेपाल एवं नेपाली जनताको विकास र सुरक्षाको निम्ति राजमकुट सधैं नै सक्रिय रही आएको छ र यही नै शाहवंशीय परम्परा हो।

बडामहाराजा श्री ५ पृथ्वीनारायण शाहको अभ्युदयमै नेपाल अधिराज्यको संस्थापन भएदेखि आजसम्मको नेपालको इतिहासलाई अध्ययन गरेमा स्पष्ट हुन्छ––देश र जनताको कल्याण एवं प्रगतिको लागि यस राष्ट्रले राजा एवं राजाको नाबालिग अवस्थामा नायब वा राजप्रतिनिधिहरूको महान् एवं क्रियाशील नेतृत्व पाइआएको छ। बडा महाराजा श्री ५ पृथ्वीनारायण शाहको युद्ध-कुशलता, नेतृत्व दिन सक्ने क्षमता, हतोत्साह नहुने प्रवृत्ति एवं आफ्ना राज्यका जनताको मनोभावनाको कदर गरी कार्य गर्न सक्ने गुणहरूले गर्दा नेपाल अधिराज्यको संस्थापन हुन गएको थियो। त्यसपछि उनले लिएको विभिन्न सामाजिक, आर्थिक, सांस्कृतिक एवं प्रशासकीय नीतिहरू नेपालको राष्ट्रियता एवं जातीय गौरव तथा सार्वभौमिक एवं अखण्डताको रक्षा गर्ने कार्यमा महत्त्वपूर्ण भूमिकाको रूपमा रहन गयो।

श्री ५ पृथ्वीनारायण शाहका पछि शाहवंशीय यस महान् परम्परालाई उनीपछिका राजाहरू एवं राजप्रतिनिधिहरूले पनि अक्षुण्ण राखे। श्री ५ प्रतापसिंह शाह, श्री ५ रणबहादुर शाह, श्री ५ राजेन्द्रविक्रम शाह आदि राजाहरू तथा बडा महारानी राजेन्द्रलक्ष्मी, चौतरिया बहादुर शाह, बडा महारानी त्रिपुरासुन्दरी आदि नायब वा राजप्रतिनिधिहरूको क्रियाशील, प्रत्यक्ष नेतृत्व एवं निर्देशनमा बडा महाराजा श्री ५ पृथ्वीनारायण शाहबाट शुभारम्भ भएको नेपाल अधिराज्यको संस्थापनकार्य अझ विस्तृत एवं सुदृढ हुन गयो। नेपाली इतिहासको यस अवधिमा नेपालले निकै ठूलठूलो खतराको सामना गर्नुपरेको थियो। तर राजा एवं राजप्रतिनिधिहरूको निर्देशन एवं प्रेरणाबाट दामोदर पाँडे, अमरसिंह थापा, भक्ति थापा, बलभद्र कुँवर आदि वीरहरूले आफ्नो ज्यानलाई हत्केलामा राखेर देशलाई खतराबाट जोगाउन अभूतपूर्व वीरता दर्शाएका थिए, तथा भीमसेन थापाजस्ता राजनीतिज्ञ मुख्तियारले सारा भारतवर्षलाई नै निल्दै आएको ब्रिटिश शक्तिबाट पनि नेपालको स्वतन्त्रता एवं सार्वभौमिकतामा कुनै किसिमको आँच आउन नदी देशभक्तिको परिचय दिएका थिए। यस प्रकार स्पष्ट हुन्छ नेपालको राष्ट्रियता एवं जातीय एकता सधैं राजमुकुटको क्रियाशील नेतृत्वबाट सुरक्षित रही आएको छ।

हुन पनि विभिन्न जाति, वर्ग एवं धर्ममा विभाजित समस्त नेपाली जनताको निम्ति आफआफ्नो धार्मिक मान्यता एवं सामाजिक परम्पराद्वारा सर्वमान्य निर्विवाद नेतृत्वको स्रोत नै एकमात्र राजमुकुट हो तथा त्यही नै राष्ट्रिय एकताको आधार हो। त्यसरी नै देशको सामान्य विकासमात्र होइन विभिन्न भीषण संकटबाट देश र जनताको अस्तित्व जोगाउने कार्य पनि यसै राजमुकुटको निर्भीक, निस्वार्थ एवं निष्कलंक नेतृत्वबाट मात्र सम्भव भएको कुरा नेपालको इतिहासमा धेरै पटक देखा परेको छ। अनि राजमुकुटको प्रत्यक्ष एवं क्रियाशील नेतृत्वको अभाव हुँदा देशको कस्तो अवस्था थियो भन्ने कुरा पनि नेपालको इतिहासमा स्पष्ट छ।

सन् उन्नाइसौं शताब्दीको पूर्वार्द्धमा, भारदारहरूको आपसी कलह, शक्तिको निम्ति संघर्षको फलस्वरूप राष्ट्रको प्रशासनमा केही

शिथिलता आएको थियो र यसै अवस्थामा आफ्नो स्वार्थ-साधनको लागि ब्रिटिश साम्राज्यवादी शक्तिले पनि दरबारी षड्यन्त्रमा प्रत्यक्ष रूपमा हात हाल्न थाल्यो र अन्तमा नेपाल एक सय वर्षसम्म राजमुकुटको नेतृत्वबिना पारिवारिक शासनको चंगुलमा फस्न गयो। बेलायत एवं अन्य पाश्चात्य भूमिमा औद्योगिक क्रान्ति भै विकासको मुहान फुट्न थालेको यस मौकामा नेपालमा साम्राज्यवादी ब्रिटिश शक्तिको इशारामा चल्ने शासन कायम हुन गएकोले नेपालको स्वतन्त्र अस्तित्वमा नै ग्रहण लाग्न गयो। त्यस बेलादेखि एक सय चार वर्षसम्म नेपालको राजनीतिक एवं आर्थिक स्थिति कसरी गए-गुज्रेको थियो, तथा नेपाली राष्ट्रियता एवं जातीय एकता कसरी विकृत हुन गएको थियो भन्ने कुरा उल्लेख गर्नु शायद आवश्यक नहोला। सय वर्षको यस अवधिमा नेपाली जनता अनाथसरह कसरी अर्द्धजीवित अवस्थामा शोषित भै बाँचेका थिए भन्ने कुराको चर्चा गर्नु पनि अब ऐतिहासिक कथाजस्तो मात्र हुन जानेछ। तर पनि त्यस बखत यो सत्य थियो तथा यो पनि त्यत्तिकै मात्रामा सही र सत्य थियो—देश र जनतालाई त्यस अवस्थाबाट मुक्त गर्न स्वयं राजमुकुटले नै प्रत्यक्ष एवं निर्भीक नेतृत्व प्रदान गर्न अघि सर्नुपरेको थियो। नेपालको इतिहासमा राष्ट्रपिता श्री ५ त्रिभुवन वीरविक्रम शाहदेवको यही नै महान् ऐतिहासिक देन हो—राणाशाहीको निरंकुश शासनबाट देश र जनतालाई त्राण दिन मौसूफबाट आफ्नो सबै स्वार्थलाई फालेर एवं राजगद्दीलाई समेत खतरामा राखेर क्रान्तिको नेतृत्व गरिबक्सेको थियो।

राष्ट्रपिता श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवको जन्म त्यस बखत भएको थियो, जुन बखत देशमा एकतन्त्री जहानियाँ निरंकुश राणा-शासन अन्याय, अत्याचार एवं शोषणको चरम सीमामा पुग्न लागेको थियो। भारत कब्जा गरी बसेको साम्राज्यवादी एवं उपनिवेशवादी शक्ति ब्रिटिश सरकारको इशारामा आफूलाई पूर्णतया सुम्पेर राणा-शासकहरूले राजा र जनतामाथिको आफ्नो शोषण-नीतिलाई अझ उग्र गर्न खोजिरहेका थिए।

हुन त साहेबज्यू नरेन्द्रविक्रम शाहको परोक्ष विरोधको फलस्वरूप राणाशाहीको निरंकुश प्रवाहमा केही गतिरोधको आभास हुन गएको

थियो तथापि त्यो बाधा ठूलो बाधाको रूपमा प्रस्तुत हुन सकेको थिएन। तैपनि श्री ५ पृथ्वीवीरविक्रम शाहको अर्द्ध-प्रत्यक्ष रूपमा प्रशासनमा पर्न गएको प्रभावबाट चन्द्रशमशेर जस्ता अत्यन्त चतुर प्रधान मन्त्रीलाई पनि आफ्नो मनमाफिक स्वच्छन्द रूपमा कार्य गर्न अनेक कठिनाइ महसूस गर्न परेको थियो। त्यस बखत श्री ५ पृथ्वीवीरविक्रम शाहको दैनिक कार्यक्रम प्रायः दिउँसो नारायणहिटी राजदरबारबाट निस्की सदर टुँडिखेलको खरीको बोटमा पुगी शाही सेनाबाट सलामी लिने र त्यसपछि सिंहदरबार गै चन्द्रशमशेरको साथमा रही उनको दैनिक प्रशासनको गतिविधिलाई नियालेर हेर्ने थियो। अनि राजाको यस प्रकार प्रत्येक दिनको उपस्थितिबाट तत्कालीन भारादार (कर्मचारी) एवं सेनाको राजाप्रतिको भक्ति र सद्भावना बिस्तार-बिस्तार पल्हाउन थालेको हुँदा स्वभावतः राणा-शासकमा छटपटी र बेचैनी बढ्न गएको थियो।

तर श्री ५ पृथ्वीवीरविक्रम शाहलाई एक पुत्र पैदा हुनमा अप्रत्याशित ढंगबाट ढिलाइ हुन गएको थियो। शायद यसैले पनि हुन सक्तछ कि उनले प्रत्यक्ष एवं दृढतापूर्ण रूपमा राणा शासनमाथि दबाव पार्न सकेनन्। अनि राजगद्दी उत्तराधिकारीको सम्बन्धमा त्यस बखतका राणा-शासकहरूले चलाएको हल्लाले गर्दा जनताले पनि सन्तोषको सास फेर्न पाएको थिएन। राजालाई पुत्र प्राप्त हुन नसकेको कुराको प्रसंगमा राणा-शासकहरूले आफ्ना समर्थक ब्रिटिश अधिराज्यको राजगद्दीको उत्तराधिकार बनाउनेसम्बन्धी प्रचलनलाई उपमाको रूपमा प्रचार गरी आफ्नो निम्ति उपयुक्त वातावरणको सृजना गर्न थालेका थिए। यस्तै समयमा उनीहरूको कल्पना र आशाको विपरीत तथा जनताको आशा र आकांक्षाको अनुकूल श्री ५ त्रिभुवनको जन्म भयो। सारा राज्यमा हर्ष र उत्साहको लहर चल्यो। यस प्रकार श्री ५ त्रिभुवनको जन्मबाट सारा जनतालाई त्यस बखत उनीहरूमा छाइरहेको नैराश्य एवं अज्ञात भय र आशंकाबाट मुक्ति मिल्यो र यो नै नेपाली जनताको उज्ज्वल भविष्यको स्वर्णिम प्रभात थियो।

तर गत सय वर्षदेखि नेपाली जनताको भाग्यमाथि बज्रिरहेको दैवी मारलाई त्यस बखत पनि फेरि एक पटक नेपाली जनताले सहनु-

पऱ्यो। श्री ५ त्रिभुवन वयस्क नहुँदै श्री ५ पृथ्वीवीरविक्रम शाहको असमयमा मृत्यु भयो। निःसन्देह यो घटना सदाझैं नेपाल एवं नेपाली जनताको लागि दुर्भाग्यपूर्ण घटना थियो, तथा नेपालीको शोषण गर्न चाहने तत्त्वको लागि सुनौला मौका थियो। फलस्वरूप राणाशाहीको अन्याय र अत्याचार केही वर्षको लागि पुनः निरंकुश हुन गयो।

कालो रात केही क्षणको लागि लम्बिन सक्छ, तर त्यसको अन्त निश्चित छ। त्यसरी नै राणाशाहीको शोषण र अन्यायको आयु केही समयको लागि लम्बियो अवश्य। तर कंसको अत्याचारबाट मुक्ति दिन कृष्णको जन्म भएजस्तै राणाशाहीको अत्याचारबाट जनतालाई त्राण दिन श्री ५ त्रिभुवनको जन्म भैसकेको थियो। तर शक्ति र अहंकारले मस्त रहेका राणा शासकहरूले यस तथ्यलाई बुझ्न चाहेनन् तथा आफ्नो शोषण नीतिलाई सीमित पार्नुको साटो अरू व्यापक बनाउन थाले। नागरिक हक र अधिकारको निम्ति संघर्ष गर्ने निहत्था जनताप्रति निर्मम रूपमा शक्तिको प्रयोग गर्न थाले। तर राजाको सद्भावना एवं सहानुभूति प्राप्त गरी बढ्न लागेको यो संघर्ष निर्मम दमनको कारणबाट बिलाउनुको सट्टा अझ विस्तृत हुन थाल्यो। हिजोसम्म आफ्नो भाग्यलाई दोष दिएर बस्ने जनतामा बिस्तार-बिस्तार जोश र संघर्षको भावना प्रबल हुन थाल्यो।

यस प्रकार राजा र जनतामा राणा-शासनप्रतिको विद्रोहको भावनाले जग बसाउन थालेको छ भन्ने कुरालाई सदाझैं राणा-शासकहरूले बुझ्ने कोशिशसम्म पनि गरेनन्। आफै श्री ३ महाराज भएर बसेका राणा-शासकहरूले जनताको भित्री मनमा अर्कै तर वास्तविक राजाप्रति पूर्ण सद्भावना थियो भन्ने कुरालाई कहिल्यै बुझ्न सकेनन्। यस कारण, संवत् १९९७ सालमा राणा शासनको विरुद्ध गरिएको संघर्षको सिलसिलामा उनीहरूले श्री ५ त्रिभुवनलाई विवशझैं गरी सिंहदरबारमा लैजाँदा राजा नफर्कुन्जेल अबेरसम्म टुँडिखेलमा रहेको जनताको भीडलाई राणा-शासकहरूले तमाशेहरूको बथानमात्र ठानेका थिए। वास्तवमा त्यस बखत राणा शासकहरूले राजामाथि कुनै अनिष्ट कार्य गर्ने हुन् कि भन्ने चिन्ता र आशंका लिएर जनताहरू भेला भएका थिए।

राजा फर्केर राजदरबारतर्फ लागेपछि मात्र सन्तोषको सास फेरी सबै आफ्आफ्नो घरतिर लागे।

राणा-शासनबाट जनतालाई मुक्ति गर्ने राजमुकुटको उत्कट अभिलाषा राणा-शासकहरूले त्यस बखत मात्र प्रथम र अन्तिम रूपमा सम्झन सके जब २००७ सालमा जनक्रान्तिको नेतृत्व गर्न श्री ५ त्रिभुवन एवं राजपरिवार सक्रिय रूपमा सरीक भए। निस्सन्देह यस महान् क्रान्तिको सफलताको लागि ठूलो संघर्षको आवश्यकता पर्न गयो। राणा-शासकहरूले आफ्नो लागेसम्म क्रान्तिलाई दमन गर्न खोजे। उनीहरूले श्री ५ त्रिभुवनलाई पदच्युत गर्ने दुःसाहस पनि गरे। हुन त त्यस बखतको संघर्षमा राणाशाहीको विजय भएको भए नेपाल फेरि कति शताब्दी सुत्ने थियो होला, राणा-शासनको अन्याय र अत्याचारको रूप कस्तो उग्र हुने थियो––यो अहिले सोच्न सकिने कुरा हैन।

यस प्रकार आफ्नो व्यक्तिगत सुख-सुबिस्ताको कत्ति पर्वाह नगरी देश र जनतालाई खतरा एवं संकष्टबाट मुक्ति दिलाई प्रगति-पथमा डोऱ्याउँदै लैजाने शाहवंशीय परम्परालाई राष्ट्रपिता श्री ५ त्रिभुवन पनि त्यत्तिकै खतरापूर्ण ढंगमा अक्षुण्ण राख्नमा समर्थ हुन सके, र यसै महान् परम्परालाई कायम राखिबक्सन आज राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव पनि त्यत्तिकै मात्रामा कटिबद्ध एवं सक्रिय होइबक्सिन्छ। राजा, राजपरिवार एवं जनताको महान् त्यागको फलस्वरूप प्राप्त भएको प्रजातन्त्रलाई आपसी षड्यन्त्र, व्यक्तिगत स्वार्थ एवं दलगत संघर्षको कारणबाट समाप्त हुन नदिन श्री ५ महेन्द्रको प्रत्यक्ष एवं सक्रिय नेतृत्व सदा तत्पर रहेको छ, तथा आज नेपाल आफ्नो माटो र परम्परासुहाउँदो निर्दलीय पञ्चायती प्रजातान्त्रिक व्यवस्थामा चौतर्फी विकास गर्न नित्य अघि बढ्दो छ।

*****

ती दुई दिन

चूडानाथ भट्टराय

म त्यो दिन बिर्सन सक्तिनँ, जब श्री ५ त्रिभुवन प्रजाको सुख-समृद्धिको लागि राजगद्दी त्यागेर भारत सवारी होइबक्स्यो। **राजा सबैंको साझा** भन्ने नेपाली आफ्ना राष्ट्रपिताको बिछोडमा छटपटिएका पनि मैले आफ्नै आँखाले देखेको छु, त्यो यहाँ लेख्न सक्तिनँ म आफ्ना अनुभूति पंक्तिबद्ध गरी। किन? यो सबैलाई थाहा छ शब्दले भावनाका संवेदन उतार्न सक्तैन। पुराणमा मान्धाता थिए, हरिश्चन्द्र भए, रघु थिए, रन्तिदेवको नाम छ, रामको राज्य छ। इतिहासमा पनि छन् धेरै अशोक, पृथ्वीनारायण आदि; तर ती अतीतका कुरा, परोक्षका कुरा र अनुभूति जन्माउन पढ्नुपर्ने घटनावली।

राजाले प्रजाको लागि राजसिंहासन छाडेको मैले आफ्नै आँखाले देखें। अझ त्यो भन्दा बढी यो देखें, प्रजाको भविष्यको लागि युवराजले त्यस किसिमको त्याग गरेको जो आफ्नो वंशपरम्परालाई बिर्सेर प्रजाको मुटुको ढुकढुकी सुनेको। पहिलेका राजा राज्य छोडेर जान्थे ––उदाहरण पाइन्छ। युवराजले राज्य छोडेर गएको बुद्धपछि यहाँ दोस्रो दोहरिएको घटना थियो। यो घटना मेरो प्रत्यक्षमा घटेको कुरो हो। मेरो आँखाले देखेको, मेरो कानले सुनेको र मेरो छालाले छामेको। यसरी आफ्नो स्वतन्त्र मौलिकता नेपालले संसारमा कायम गरेको त्यो दिन नेपाली बिर्सन सक्तैन।

मैले भन्न खोजेको दिन यो दिन अझ होइन। यसलाई मैले भन्नु पर्दैन, संसारले भन्यो। यसको मूल्य नेपालीले बुझ्यो, मैले बुझाउनु-

पर्दैन। मैले नबिर्सेको दिन त त्यो दिन पो, जब हाम्रा राजा नेपालीका राष्ट्रपिताको प्रत्यागमन भयो। काखको छोराले आमा पाएझैं, आमाले काखको छोरो पाएझैं, भक्तले भगवान् पाएझैं, भोकाले खाना पाएझैं, टुहुरोले बाबु पाएझैं, नेपालीले राजा फेरि फिर्ता पाएको त्यो दिन! जो आफ्ना रैतीको लागि राजा विदेशिएका थिए।

त्यस महान् विभूतिमा प्रतिशोधको भाव थिएन, परिस्थितिको परिवर्तनमा अहंमन्यता थिएन। सारा प्रजालाई वरद-हस्तले अँगालेर अभयदान प्रदान गरेको थियो। अनि मैले श्री ५ त्रिभुवनलाई देखें स्थितप्रज्ञ जस्तो। त्यति ठूलो हर्षको पारावार जनमानसमा कहिले पनि एकै बाजि लहराएझैं मलाई लाग्दैन नेपालीको। नेपाली एकै बाजि सबै मिलेर त्यति खुशी भएको मेरो आँखाले देखेको छैन। सडकमा त्यति ठूलो घुइँचो थियो। सारा राजपथ नाचको डबलीझैं थियो। दुनियाँ हर्षले उन्मत्त थिए, नाच्तथे, गाउँथे र उफ्रन्थे। काठमाडौंको वातावरण अबीरले रङ्गिएको थियो, सडक पुष्पशय्याझैं थियो। कसैलाई कुनै कुराको ख्याल नै थिएन। एकै बाजि सबैले सबै थोक पाए। टुहुराले बाबु, छोरो नहुनेले छोरो, विधवाले अभिभावक, धेरै के भनौं! अनाथ जनताले नाथ पायो, नेपालीले राजा पायो, प्यारो त्रिभुवनै पायो नेपालीले। नेपालीको यति ठूलो खुशीको दिन म कहिले पनि बिर्सन सक्तिनँ। जब आँखा चपक्क चिम्लन्छु त्यो स्मृतिपटमा फनफनी घुमिरहन्छ। कस्तो प्रत्यावर्तन, अहो! धन्य!

अर्को दिन छ झन् बिर्सिनसक्नुको। ढुङ्गो पनि पग्लन्छ र वज्र पनि चकनाचूर हुन्छ—नेपालीको त्यो महान् शोकको दिन सम्झेर। त्यो पनि प्रत्यावर्तन थियो—श्री ५ त्रिभुवनको। तर त्यस पवित्र गाथबाट हंस उडेर गएको थियो। शोकको समुद्र उर्लेको थियो, आबाल-वृद्ध-वनिता परेलाबाट आँसुको धारा वहाएर गौचरतिर ताँतीका ताँती लागेका थिए। शहर शून्य थियो, काँठ खाली थियो, नेपाली भ्याएसम्मका झरेका थिए गौचरदेखि पशुपतिसम्म। अपार जनसमुद्र आएका थिए एक अंजुली आँसुको श्रद्धाञ्जलि चढाउन आफ्ना प्यारा राजालाई। वातावरण नै टक्क रोकिएको थियो, हावा पनि अडेको झैं, खोलानाला पनि रोकिएझैं लाग्यो मलाई।

घुइँचो छिचोलेर म पुगें चितानिर। मौसूफको पवित्र शव चितामा चढाएर अन्तिम शाही सलामी समर्पण गरियो जब, मेरो गोडा गोडामनि नै भासिएझैं भयो। बलिन्द्र आँसुका धारा छुटे। सबैको मुख हेरें, सबै रोएका। आर्तनादको कोकोलो मच्चिएको थियो। एकै बाजि यसरी कुनै दिन पनि नेपाली रोएनन्झैं लाग्छ। अपार जनता शोकले व्याकुल थियो, आकुल थियो। वेदनाले सबैको मुख निन्याउरो थियो, पीडा आन्तरिक हृदयलाई शून्य गराएर बफाउँदै निःश्वासको रूपमा निस्केको थियो नेपालीको। यस पाञ्चभौतिक शरीर छाड्दा यसरी कसै-कसैको लागि राष्ट्र रुन्छ, मानवता रुन्छ, जाति र धर्म रुन्छ। जन्मदा तिमी रोयौ सबै हाँसे, मर्दा तिमी हाँस्यौ सबै रोए। आज पनि झन् कोक्किएर रुन मन लाग्छ। यो दिन त म पुनर्जन्ममा पनि बिर्सन सक्तिनँ। कस्तो प्रत्यावर्तन, हाय!

अघि-अघि मलाई बूढा-पाकाहरू भन्थे—राजाले बोले भने तुरुन्त जाहेर गर्न जानुपर्छ। मेरो मनमा लाग्दथ्यो—कसलाई भन्न जानुपर्ने होला भन्ने। त्यस बेला मौसूफसित दर्शन-भेट ईश्वरकै झैं टाढाबाट हुन्थ्यो। सात सालपछि मैले दुई फेरा मौसूफसित बोल्ने सौभाग्य पाएँ। एक पटक श्री नेहरू राजदरबारमा आउँदा राजकीय भोजमा, अर्को फेरा संस्कृत महाविद्यालयको उद्घाटन-समारोहमा। ती दुई दिन मेरो व्यक्तिगत खुशीका दिन थिए। परीक्षामा पास भएर ७ वर्षपछि प्रजातन्त्र नभएसम्म नोकरीसम्म नपाएको मेरो अन्नदाता भए पनि नेपालीको नाताले हाम्रो मौसूफ भाग्य-विधाता होइबक्सन्छ। राष्ट्रपितालाई पाएर नेपालीले ठूलो फलामको साँग्लोको बन्धनबाट मुक्ति पायो।

सुदूरदर्शी श्री ५ त्रिभुवनबाट यूरोपमा बोलाएर श्री ५ महेन्द्रलाई स्वयं राज्यभार जसरी सुम्पिबक्सेथ्यो, सरकारको उत्तराधिकारी भएर श्री ५ महाराजाधिराज महेन्द्रबाट देश सारा संकष्ट र संकटवाट गुज्रन लागेको बेलामा नेपालको सार्वभौमिकता बचाएर नेपालीको उद्धार गरिबक्सेको देख्दा सरकारको दिवंगत आत्मा हर्षले गद्गद हुँदो हो भन्ने लाग्छ। मलाई यी दुई प्रत्यावर्तन सदा अविस्मरणीय भइरहन्छन्। नेपालीले यी दुई दिन बिर्सन सक्तैनन् जसले त्यो आफ्ना आँखाले देखेका छन्।

*****

त्रिभुवनका जीवनका आंशिक तथ्य

चेतोनाथ शर्मा आचार्य

संसारमा कतिपय मानिस जन्मे, कति समयसम्म रहे र फेरि प्रकृतिको गर्भमा लुप्त भए, त्यसको पूर्ण विवरण त के कुरा आंशिक रूपमा लेखाजोखासम्म गर्न कल्पनात्मक अन्दाज लगाउनुपर्छ। साधारणलाई मात्र हैन, जसले आफ्नो जीवन यस्तै काममा प्रयोग गरेका छन् तिनीहरूका मस्तिष्क पनि विशेष रूपमा यस्ता कुराको वास्तविकतासँग त्यति निकटवर्ती छैनन्। संसारको यो प्रवाह कहिलेदेखि चल्यो र कहाँ गएर अवसान हुने हो भन्न सकिने कुरा छैन।

यो अथाह प्रवाहमा कहिलेकाहीं त्यस्ता महापुरुषको पनि जन्म भएको पाइन्छ जसले स्वदेश, स्वजाति वा त्यसभन्दा पनि संसारव्यापी महत्त्व राखेका छन्। अनि यस्ता मानिसको महत्त्व वा गुण-गरिमालाई त्यस पिढीका मानिस मात्र हैनन् पछि-पछिका मानिससमेत बिर्सन सक्तैनन् र चाहँनैनन् पनि। देश वा समाजका निमित्त विशुद्ध रूपमा केही काम गरेको छ भने त्यस्ताको गुण नबिर्सनु र त्यसप्रति कृतज्ञता ज्ञापन गर्नु मनुष्योचित कर्तव्य हो, मानवोपयोगी गुण हो। राष्ट्रपिता महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेव नेपालको इतिहासमा अविस्मरणीय त्यस्तै एक महापुरुष होइबक्सिन्छ, जसको सद्भावना र सत्प्रयासलाई नेपाली जाति कहिल्यै बिर्सन सक्तैन। राजा त्रिभुवनको इतिहासले नेपालको इतिहासमा स्वर्णिम स्थान राख्छ भने विश्वकै इतिहासमा पनि विशिष्ट स्थान राख्तैन भन्न सकिंदैन। किनभने राजा भएर जनताको

अधिकारका निमित्त लड्ने राजा खोजेमा राजा त्रिभुवनअघि अरू शायद नै पाइएलान्। यसरी आफ्नो असाधारण गुणले श्री ५ त्रिभुवनको स्थान विश्वकै इतिहासमा अनौठो छ।

आफ्ना पूर्वजहरूले पत्याएर दिएको अधिकार दुरुपयोग गरी मदारीले खेलाउने सर्पत्वबिनाको सर्पजस्तै राजनीतिक क्षेत्रमा आफूलाई निष्क्रिय पारी देशको राजकोष र सार्वभौमिकतालाई आफ्नो परिवारको मनमाना सुख-शयलमा प्रयोग गर्ने चन्द्रशमशेर र उनका छोराहरूको अभिप्राय राजा त्रिभुवनलाई स्पष्ट थियो। यस कारण आफूलाई प्रशस्त वैषयिक सुखमा डुबाएर निरीह जनताको शोषण गर्ने निरंकुश शासनप्रति मौसूफको गहिरो घृणा र उपेक्षात्मक भावना थियो। यसले गर्दा वैषयिक सुखको सागरमा मज्जन गराएर अन्ध बनाउने दुष्प्रवृत्ति गरिएको भए तापनि मौसूफबाट आफ्नो स्वत्व बिर्सिएन। त्यसलाई आफ्नो जीवनको लक्ष्य बनाउनुको बदला त्यसदेखि यथासम्भव बच्ने र राजकीय जीवनको वास्तविकता र लक्ष्यसित परिचित हुने मात्र हैन, त्यसलाई व्यावहारिक रूप दिन पनि हरसम्भव कोशिश भएको पाइन्छ। सत्य पथको निर्देशन गर्ने शिक्षा-दीक्षा र संसार एवं विशेष गरेर एशियाली क्षेत्रमा आएको जागरणदेखि सकभर ढाकेर राख्ने प्रवृत्ति हुँदा पनि आफ्नो क्रिया-कुशलता र बुद्धि-वैभवले राजा त्रिभुवनबाट जे-जति काम भए ती कम महत्त्व राख्ने छन् भन्न सकिन्न। बालक जहाँसम्म हिंड्न सक्तैन त्यहाँसम्म उसले घस्रने र बामे सर्ने कोशिश गर्छ, पछि हिंड्ने र दौडने बालकको पहिलेको बामेसराइले केही महत्त्व राख्तैन भन्नु मूर्खता हुनेछ। किनभने बामे सर्नु हिंड्नु र दौडनुको पूर्व रूप हो, योबिना एकै चोटि हिंड्ने क्रिया हुन सक्तैन। त्यस्तै राष्ट्रपिता त्रिभुवनबाट जे-जति क्रियाकलाप देश र जनताप्रति अँगालियो त्यो पनि पछि मिल्ने पूर्ण स्वतन्त्रताको आधारस्तम्भ वा भूमिका हो। राजाको यस सत्प्रयासप्रति बुद्धिजीवीहरूको पूर्ण समर्थन थियो। जसको स्वार्थ जनता र देशको स्वार्थसित सम्बन्धित छ त्यसप्रति सर्वसाधारणको आस्था रहनु कुनै अस्वाभाविक कुरा पनि हैन। यही आस्थाअनुरूप कूटनीतिज्ञ प्रधान मन्त्री चन्द्रशमशेरको निधनको केही पछि १९८७ सालमा कतिपय उत्साही युवकहरूले निरङ्कुश शासनप्रति विरोध प्रकट गरे र संगठित

हुने कोशिश पनि गरे। तर यस विरोधलाई आफ्नो मनमानी शासनलाई नै न्याय ठान्ने तत्कालीन प्रधान मन्त्री भीमशमशेरले आफ्ना दाज्यूको नीति अनुसरण गर्दै निर्ममतापूर्वक दमन गरे। जसले गर्दा खण्डमानलाई मार्ने, उमेश शाहलाई देश निकाला गर्ने र मैनाबहादुर, खड्गमान, रङ्गनाथ आदिलाई जन्मकैदको सजाय ठेकियो।

जसलाई आफ्नो राष्ट्रप्रति अगाध श्रद्धा छ, जनता-जनार्दनप्रति असीम स्नेह छ उसको निमित्त आफ्नो जीवनको सम्पूर्ण शक्ति र मेधाको प्रयोग गरेर पनि अगि बढ्नु स्वाभाविक प्रवृत्ति मानिन्छ। त्यसैले देशमा गहिरो रूपले गाडिएको निरंकुशताको कीलो उखेल्न राष्ट्रपिता त्रिभुवनले आफ्ना सपरिवार र राजभक्तहरूसित समेत राम्रो विचार-विमर्श गरेर 'रक्तपात-मण्डल' नामक एक गुप्त समूह तयार गरिबक्सियो। राजा र प्रजाका बीच गहिरो खावा तयार पारी सधैं छुट्टै राख्ने प्रयास हुँदा-हुँदै पनि ९० सालको महाभूकम्पपछि सहयोगात्मक रूपले जागृत भएका युवकहरू फेरि राजासित सम्पर्क राख्न सफल भए। यसैको फलस्वरूप १९९३ साल भाद्र महीनाको राति बेग्ला-बेग्लै गुप्त रूपले इशाराअनुसार राजभक्तहरू गौरीघाटमा जम्मा भए। त्यहाँ धेरै विचार-विमर्शपछि यस कुरालाई गुप्त राख्ने शपथ गराएर 'प्रजा-परिषद्' नामक राजनीतिक संस्थाको गठन भयो। श्री ५ महाराजाधिराजको अधिनायकत्वमा प्रजातान्त्रिक शासनको स्थापना गर्न कटिबद्ध यस संस्थाको मूल उद्देश्य थियो——देशमा वर्षौंदेखि जरो गाडेर रहेको एकतन्त्री शासनको निर्मूल पार्नु।

राम्रो कुरामा विघ्न पर्ने धेरै डर हुन्छ भन्ने लौकिक नीतिअनुसार लोभी र कृतघ्नहरूको बेइमानीले गर्दा यो संस्थाको भेद खुल्यो र कतिको ज्यान बलिको पशुको जस्तो भयो। तर सत्य काममा शक्ति हुन्छ र लौकिक सद्भावना पनि। त्यसैले यस किसिमका संस्थाको निर्ममतापूर्वक दमन भए तापनि यसबाट हुने जन-चेतनालाई कोही रोक्न सक्तैन। देशभक्त सहयोगीहरूको दमनले राजा त्रिभुवनलाई सपरिवार शोकाकुल बनायो। कति पल्ट त निरंकुशताको दुर्नीति र दुष्प्रयासले विचलित हुने स्थिति पनि आउँथ्यो, तर त्यो अमर ज्योति कुनै बेला कम भए तापनि नामेट भएन।

पटना शहरबाट निस्कने **जनता** नामक साप्ताहिक पत्रिकाले पारिवारिक मनमाना शासनका विभिन्न पक्षको खुला रूपले विरोध गर्न शुरू गरेको थियो। उक्त पत्रिकामा प्रकाशित शहीद दशरथ चन्दका लेखले प्रवासी नेपालीहरूलाई निकै जाग्रत बनाएको थियो र हृदयमा सनसनी भइरहेथ्यो। १९९७ सालमा प्रजा-परिषद्द्वारा राजधानीमा भएको पर्चाबाजीले त्रस्त भएको एकतन्त्री शासन सबतिर भक्कूको राँगोको रूप लिन लाग्यो। यस बेला दुई जनाले झुन्ड्याइबाट र दुई जनाले गोलीबाट शहीदको रूप लिए र ३२ जनाले कठोर कारावासको दण्ड। यस कारावासका बन्दीहरूको हालत ज्यानमारा वा खूनीको भन्दा पनि तल्लो तहको थियो। राजबन्दीहरूलाई मिल्ने अन्तर्राष्ट्रिय कानूनको सुविधा यिनीहरूलाई मिल्नुको बदला पारिवारिक शासनलाई इच्छा लागेअनुसारको कठोर दण्ड मिल्दथ्यो। तर शासकहरूले माफी मगाउन कति पल्ट कोशिश गर्दा पनि मातृभूमिका यी सपूत सन्तानले स्वीकृतिको बदला घोर निन्दा गरे।

ज्योति भन्ने वस्तु एकै झिल्का भए तापनि उसमा पहाडजस्तो रूवाराशिलाई भस्म पार्न सक्ने शक्ति हुन्छ। क्षत्रियत्वको अमर अंशले आश्रित राजा त्रिभुवनलाई राजनीतिक चेतनाबाट बचाई आफ्नो दाउपेच सफल पार्न खोज्नेहरूले कति कुचक्र चलाउँदा पनि कूटनीतिज्ञ राजाले तीर्थ जाँदा ढुङ्गाले भरिभराउ पारी दरबारबाट लगेका दुई बाकसमा नीतिशास्त्रसम्बन्धी विभिन्न पुस्तक ल्याएको कसैले थाहा पाउन सकेन, जसको अध्ययन र छलफल अन्तःपुरका सब जना सुतेपछि सपरिवार मौसूफबाट हुन्थ्यो। यसरी आफ्नै साहस र नीति-बलले अघि बढ्ने राजाको उत्साहलाई देशप्रेमी युवकहरूको अदम्य साहसले झन् चहकिलो पार्न सहयोग गरेको थियो।

२००४ सालमा बढ्दै गएको जनचेतना र क्रान्तिको फलस्वरूप विरोधको मात्रा बढ्दै गयो, यसको केही समयपछि कतिपय उत्साही युवक सशस्त्र देशभित्र पसेर आफ्नो कार्यक्रम शुरू गर्दै थिए, तर उद्देश्यमा सफल हुन नपाउँदै पक्रिए। विरोधमा शिर उठाउनेलाई दमन गर्न तम्सिने राणा-शासन यति बेला पनि तिनीहरूलाई देशद्रोही

घोषणा गर्दै ज्यानको सजाय दिन तम्सेको थियो, तर श्री ५ त्रिभुवनबाट लालमोहर नपाउँदा छानाबाट खसेको जस्तो भयो। यद्यपि यसभन्दा अघि पनि यस्ता दुस्साहस गर्न अनेक चापलुसी कुरा र पिस्तौलको भय देखाएर मात्र सफल भएका थिए, तर यस पाली सिंहले लुकाइराखेको पन्जा देखाइदिंदा उसले दुस्साहस गर्ने कामबाट विरत हुनुपऱ्यो।

यस काण्डले महाराजाधिराज त्रिभुवनलाई आफ्नो सामर्थ्य प्रदर्शन गर्ने प्रेरणा दियो। यसको फलस्वरूप मौसूफ सपरिवार राजपाठ र वैषयिक सुखलाई चटक्क त्यागेर भारतीय राजदूतावासमा पुगिबक्स्यो र त्यसैको सहायताले वायुयानद्वारा भारत। नेपालको मात्र हैन विश्वकै इतिहासमा विशिष्ट स्थान राख्ने यो घटना यति चाँडो भयो जसले गर्दा निरंकुश तन्त्र किंकर्तव्यविमूढ नै रह्यो। त्यति बेला उसको अवस्था त्यो दीन व्याधाको जस्तो थियो जो दुई दिनदेखि भोको रहेर घाइते शिकार उम्कँदा हुन्छ।

क्रान्ति वा युग-परिवर्तन भन्ने कुरा एक-दुई जनाको इच्छा वा प्रयासले हुने कुरा नभएकोले नेपालमा प्रजातन्त्रात्मक परिपाटीका निमित्त पनि अनेक देशभक्त युवकहरू शहीद हुनुपऱ्यो, अनेकले जेल र नेलको अमानुषिक यातना सहनुपऱ्यो, अनि कतिको सर्वस्व भई भीखमङ्गा पनि हुनुपऱ्यो। तर त्यसो भए तापनि महाराजाधिराज त्रिभुवनका अनेक साहसिला र चातुर्य-सम्पन्न सहयोगले विशिष्ट स्थान राख्छ भन्न करै लाग्छ। किनभने साधारणतया मानिसको प्रवृत्ति भोगोन्मुख हुन्छ, त्यसमा पनि राजघरानामा जन्मेर हुर्केको व्यक्तिमा यस किसिमको प्रवृत्ति अझ बढी हुनु स्वाभाविक हुन्छ। तर श्री ५ त्रिभुवनलाई त्यस किसिमको वैषयिक सुखमा डुबाइराख्ने र बाह्य क्षेत्रमा दृष्टि पुग्न नदिने कुप्रयास भए तापनि त्यसबाट माथि उठ्ने र आफ्नो स्वत्त्व सम्झनुका साथै मातृभूमिलाई निरंकुशतादेखि मुक्त गर्ने जुन काम भयो त्यो निकै प्रशंसनीय कार्य हो। प्रजाको प्रयत्नले प्राप्त गरेको राजनीतिक ज्ञान र आफना प्रत्येक पाइलामा नियन्त्रित दृष्टि राख्न खोज्नेहरूको व्यवहारबाट राजा त्रिभुवनलाई स्वतन्त्रता, समानता र भ्रातृभावसित पूरा परिचित हुन र तिनीहरूको व्यावहारिक रूप देख्ने लालसा उत्पन्न भएको थियो।

किनभने पशुलाई पनि मन नपर्ने परतन्त्रतालाई राजा त्रिभुवनले वाध्य भएर सपरिवार वर्षौंसम्म भोग्नुपरेको थियो। ०७ सालपछिदेखि ११-सम्मको उहाँको शासन-कालमा हृदयमा भएको गहिरो प्रजातान्त्रिक भावनाले मूर्त रूप लिन सक्यो वा सकेन त्यो अर्कै कुरा हो, किनभने यस भावनाको मूर्त रूपका निमित्त मन्त्री-मण्डलमा आएका व्यक्ति, देशका सजग राजनीतिक पार्टी र साधारण जनताको समेत सामूहिक प्रयासको आवश्यकता थियो, तर यस किसिमको परिपाटी ल्याउनमा राजा त्रिभुवनबाट जीवनभरजस्तै जो प्रयास भयो त्यो कुनै पनि ऐतिहासिक विशिष्ट व्यक्तिको भन्दा कम महत्त्व राख्ने छैन। यो निश्चय हो।

*****

श्री ५ त्रिभुवन : एक संस्मरण

जगत्‌बहादुर सिंह

शहीद दशरथ चन्द आफ्ना मामा पद्मराज शाहीको पकनाजोलको घरमा बस्नुभएको थियो। मेरो खाट पनि उहाँकै कोठामा थियो। त्यस बेलासम्म ममा राजनीतिक ज्ञान र त्यसतर्फ रुचि थिएन। तर आफूले देखे, सुने, भोगेको, राणाहरूले नेपालीप्रति दासजस्तो गरेको व्यवहार भने मलाई नराम्रो गरी बिझाउँथ्यो। यसको निदान सोच्ने ज्ञान मैले पाएको थिइनँ।

चन्दको मप्रति अति नै मधुर स्नेहमय व्यवहार थियो। उहाँ मलाई 'भाइ' भनी सम्बोधन गर्नुहुन्थ्यो। दाजु नभएको मभित्र यस सम्बोधनले अपूर्व आल्हाद दिन्थ्यो। उहाँलाई म 'दाइ' भनी बोलाउँदथें र वहुतै आदर गर्दथें।

कैयौं महीनासम्म एकै साथ रही एकै भान्सामा खाँदा आत्मीयता बढ्नु स्वाभाविक थियो। चन्द रोजिन्दा गीता पाठ गर्नुहुन्थ्यो। यो पाठ धार्मिक भावनाले अर्थ नबुझेर गरिएको पाठ होइन। अर्थमा आस्था र मर्मको बोध हुनाले व्यवहारमा उतार्ने गरिने मनन थियो। खाली समयमा उहाँ मलाई त्यस बेलाको नेपालीको राजनीतिक, आर्थिक, सामाजिक परिस्थिति परिचित गराउनुहुन्थ्यो। सुस्त-सुस्त मैले त्यसप्रति अलि-अलि चाख लिन थालें। उहाँसँग रहेका राजनीतिक सिद्धान्तका पुस्तकहरू, क्रान्तिकारीको कार्य र जीवनीका पुस्तक पढ्न

आरम्भ गरें। उहाँको रोजै सारिने पुस्तकालय मेरो राजनीतिक ज्ञानको उत्सुकता, आधार भयो। आफूले नबुझेका कुरा उहाँसँग बुझ्न सोद्धथें। बडो मनोयोगसाथ अर्थ र आशयको व्याख्या गरी बुझाउनुहुन्थ्यो। उहाँको मनन, चिन्तन अगाध थियो। सबैभन्दा थियो उहाँमा आफू हिंडेको मार्गमा अगाध विश्वास। उहाँकै प्रेरणाले र मार्ग-दर्शनले ममा राजनीतिक रुचिको प्रस्फुटन भएको हो। कहाँ-कहाँबाट गुप्त रूपले पुस्तकहरू ल्याउनुहुन्थ्यो, ती पुस्तक त्यस बेला पढ्नु र राख्नु ठूलो अपराध थियो। तर मानिसको इच्छालाई, आकर्षणलाई छेक्न, थुन्न सकिन्न भने जस्तै त्यस ताक पनि आपत्तिजनक साहित्य ल्याउने-लग्ने काम चलि नै रहन्थ्यो। मुक्तिको मानवीय इच्छा आतंकले थुन्न सकिने रहेनछ। कहिलेकाहीं मलाई लाग्दथ्यो––साधन र शक्ति नभएका केही मानिसको संगठनले, गहिरो र व्यापक रूपमा जरा जमाइसकेको राणाशाहीलाई उखाल्न सम्भव छ? मेरो मनको यो आशंका एक दिन चन्दका अगाडि प्रकट हुन्छ––"दाइ, यति सानो निर्बल र दबेको प्रयत्नले त्यति बलियो बनी बसेको पारिवारिक प्रभुत्व र आतंक ढल्न सक्ला? खै शक्ति, खै प्रेरणा र सहयोग? वलिदानको पनि अर्थ हुन्छ, निरर्थक कुर्बानीको फल के?"

क्षणभर पश्चात् आस्थामिश्रित मुस्कान छाड्दै उहाँ भन्नुहुन्छ–– "भाइ, छ हामीसँग त्यो प्रेरणा, त्यो सहयोग। हाम्रो सहयोगी महान् छ! हाम्रा पछाडि श्री ५ त्रिभुवनको छाया छ। नेपालमा प्रजातन्त्र ल्याउन राजा इच्छुक होइबक्सन्छ, हामीलाई प्रजातन्त्र र राजाको आशीर्वाद छ।"

प्रजातन्त्रमा देशवासीले कस्तो आनन्द पाउँदछन् भन्ने अनुभव गर्ने स्थितिसम्ममा त्यस बखत म थिइनँ। छिमेकी भारतमा प्रजातन्त्रका लागि गरिएको संघर्ष भने एक-दुई पटक देखेको थिएँ। प्रजातान्त्रिक वातावरणमा जनताले के अनुभव गर्दछ भन्ने देखेको र भोगेको नहुनाले प्रजातन्त्रको 'स्वाद'को स्वाद बताउन सक्दैनथें। 'जनताका निमित्त, जनताद्वारा, जनताले' भन्ने किताबी उद्धरणसम्ममै म सीमित थिएँ। राजाले प्रजाका निमित्त प्रजातन्त्र स्थापना गर्न अघि सर्न सक्दछ भन्ने

कुराले भने मलाई आश्चर्य पारेको थियो, सन्चो कुतकुती जगाएको थियो। विचित्र तर उदार राजालाई एक दिन प्रत्यक्ष देख्न चाहने उत्सुकता मनमा दबाएँ, र राजनीतिक विद्रोहको भावना मनमा बोकेर चन्दसँग बिदा भै घरतर्फ गएँ। केही महीनापछि उहाँ र अन्य साथी पक्रिएको अनि मारिएको समाचार सुनेर म आतंकित भएँ।

समय अगाडि बढ्दै गयो। एक दिन म पनि राजनीतिक सपना लिएर नेपाली कांग्रेसको संघर्षमा साथ दिन कलकत्ता पुगें। दुई वर्षपछि एक दिन नेपालको राजा र राज-परिवारले नेपाली क्रान्तिको नेतृत्व लिएर मैदानमा उत्रेको सुनें। त्यस बेला मलाई दस वर्षअघि दशरथ चन्दले भनेको कुरा छर्लङ्ग भयो। दशरथ चन्दहरूले ओत पाउनुभएको राजा, नेपाली जनताको मौलिक अधिकार दिन क्रान्तिका अगुवा बनेर अगाडि आएका राजालाई मनमनै प्रणाम गरें।

राजाको दर्शन पाउने अभिलाषा पूरा नहुँदै मसमेत केही साथीहरू क्रान्तिको साध्य बोकेर सर्वप्रथम कैलाली पुग्यौं। राजाकै नेतृत्वका नामले कब्जा गर्‍यौं। क्रान्तिपछिको कुनै योजना नभएकाले र प्रबन्धको अनुभवको अभावमा स्थितिले आतंक उब्जाउनमा ज्यादा बल पुर्‍यायो। सम्झौता भयो। सरकार बन्यो। बढी रगत नबग्दै क्रान्तिको गति अवरुद्ध गरिएको हुनाले यसलाई 'अधूरो क्रान्ति' संज्ञा दिने एक वर्ग कांग्रेसभित्रै देखा पर्‍यो। राणासँगको संघर्ष थामिनासाथै क्रान्तिका कार्यकर्ताहरूका बीच संघर्ष आरम्भ भयो। पुराना मान्यता, अनुशासन, डरका बन्धन एकै पटक चुँडिन गएकाले र नयाँ स्थापनाहरूको अभावमा एउटा भ्रान्तिको वातावरण सृजना हुन थाल्यो। अपरिपक्व नेतृत्वका अगाडि भविष्यको कुनै योजना थिएन। राष्ट्रिय धनको नराम्रो दुरुपयोग भयो। लूट, डकैती, हत्या बढ्न गयो। आन्तरिक अशान्ति रोक्ने आफ्नो शक्तिको अनुमान नहुँदा ठाउँ-ठाउँमा भारतीय फौजबाट समाज-विरोधी आतंक रोक्ने काम भयो।

नेपालगन्जको स्थिति नियमित गर्ने काममा म नेपालगन्ज आएँ। केही दिन त्यहाँको परिस्थिति सुधार्नमा लगाई काठमाडौंतर्फ लागें।

श्री ५ को दर्शन पाउने दस वर्षअघिको मभित्रको इच्छा बलियो भएर आयो। अधिकारीहरूले सरकारी नगदी हिनामिना गरेको अङ्क मैले माल अड्डाबाट प्रमाणका रूपमा ल्याएको थिएँ। सरकारी धन उपर हुनुपर्दछ भन्ने कुरा सरकारमा बिन्ती चढाउन चाहन्थें। दर्शन पाउन निवेदन चढाएँ। राजदरबारबाट तीन-चार दिनमै दर्शनका लागि समय पाएँ।

प्रजातान्त्रिक भावनाले प्रेरित, जनताको जन्मसिद्ध अधिकार दिन आफूलाई क्रान्तिको अघिल्लो पंक्तिमा उभ्याई नेतृत्व दिने महान् राजाको दर्शन पाउने घडी जति-जति नजिकिंदै थियो, मेरो मनको धुकधुकी उति नै बढ्दै थियो। पहिलो पटक यति ठूलो व्यक्तित्वका अगाडि पर्न पाउने कुरालाई म आफ्नो सौभाग्य सम्झिरहेको थिएँ। निश्चित समयमा म मूल ढोकामा पुगें। मलाई दरबारभित्र जान दिने आज्ञा पहिले नै आएको रहेछ। पुग्नासाथ भित्र प्रवेश पाएँ। ठूलो दरबारको पश्चिम लङ्को भुइँ बैठकमा लगिएँ। बैठकको सजावट साधारण भए पनि यौटा गम्भीर सौम्य शान्ति थियो। म बसेको केही क्षणमै राष्ट्रपिताको सवारी बैठकमा भयो। उठेर अति नै श्रद्धाले ओतप्रोत भै प्रणाम गरें। मधुर मुस्कानको आशीर्वाद छर्कंदै 'बस' भन्ने हुकुम भयो। राष्ट्रपिता यौटा कवचमा राज भएपछि म बसें। सरकारमा नम्रतापूर्वक बिन्ती गरें––"क्रान्तिको शुरूअघि, क्रान्तिपछिका लागि नयाँ व्यवस्थाका स्थापनाहरू नभएकाले देशको प्रशासन, नागरिक जीवनमा गडबडी आएको छ। यस अशान्तिलाई आफैले रोक्न नसकिने पनि थिएन। तर अमन कायम गर्ने विदेशी मदत बोलाएर देशवासीमा परेको प्रभाव पीडादायक भएको छ।"

संयत स्वरमा हुकुम भयो––"त्यो त हामीबाटै सोचिनुपर्ने थियो।"

पुनः मैले बिन्ती चढाएँ––"क्रान्तिका दौरान सरकारी धनको बडो निर्ममतापूर्वक दुरुपयोग भयो। यसले क्रान्ति गर्ने सक्रिय तत्त्वप्रति शंका उब्जाउँदछ।"

"हिनामिनाको जानकारी छ भने मलाई देऊ, म खोजी गर्न लगाउँदछु।" हुकुम भयो।

मैले मालबाट लगेको उतार फेहरिस्त बाहुलीमा टक्र्याएँ। "राजनीतिक दलका बीच भैरहेको तानातान, स्वार्थ, संघर्ष र क्रान्तिको अहं आफ्नो मात्र हक बनाउने भावनाले प्रजातन्त्रलाई नोक्सान पुऱ्याएको छ।" भनी बिन्ती गरें।

राष्ट्रपिताबाट हुकुम भयो--"यस कालमा यस्तो चिन्तित भएर मात्र काम चल्दैन। अगाडि यस्तो हुन नपाओस् भनी हामी सबैले ईमानदारी गरिदिए सबै खराबी स्वतः बिलाएर जान्छ।"

समय पूरा भएकाले म उठें। आदरपूर्वक प्रणाम गरें। राष्ट्रपिताबाट--"तिमीले दिएको कागजबारे म खोजी गर्न लगाउँछु, फेरि तिमीसँग भेटौंला।" हुकुम भयो। म अपूर्व तृप्ति लिएर बाहिर निस्कें। त्यस दिन मैले सरकारबाट हुकुम भएका कुराको धीरता, गम्भीरता अनुभव गरें। दशरथ चन्दसँग दस वर्षअघि भएका कुरा सम्झें। मैले स्वयम्मा भनें--यो राजाको मनमा, वचनमा र व्यवहारमा प्रजातान्त्रिक भावना र उदारता टन्न भरिएको छ; यस्ता व्यक्तित्वबाट नै आफ्नो अस्तित्व बाजी थाप्ने सकिने कुरा हो। मनमा पुनः एक चोटि राजाको मुहार सम्झी नमस्कार गरें।

*****

जनकपुरधाममा श्री ५ त्रिभुवन

जीवनाथ झा

संवत् २००८ सालमा जनतन्त्रको सामूहिक आनन्दधारा बहिरहेको बेलामा श्रुतिस्मृति-प्रसिद्ध पवित्र ऐतिहासिक तीर्थस्थल जनकपुरधाममा जनप्रिय राजा श्री ५ त्रिभुवनको सवारी भएको थियो। मौसूफको भव्य र सुन्दर मुहारको दर्शन मैले पनि पाएँ। साँच्चिनै मौसूफको त्यो मुहार अहिले पनि मेरो आँखासामु नाचिरहेको जस्तो लाग्छ। यसरी एकै निमेषमा ममाथि मौसूफको सौन्दर्यमय मुहारको गहिरो प्रभाव परेकोमा मलाई संस्कृतको एक प्रसिद्ध लोकोक्तिको याद आयो—**यत्राकृतिस्तत्र गुणा वसन्ति** अर्थात् हेर्नेबित्तिकै राम्रो लागेको वस्तुमा धेरै गुण रहन्छन्। नभन्दै मौसूफमा यो उक्ति अक्षरशः चरितार्थ भएको पाएँ।

जनकपुरधामस्थित राजकीय संस्कृत महाविद्यालय राजर्षि जनकका गुरु याज्ञवल्क्यको प्रवचनस्थान मानिन्छ। यस महाविद्यालयमा अध्ययनकक्षका द्वारहरूलाई गौतमद्वार, शतानन्दद्वार, याज्ञवल्क्यद्वार आदि ऐतिहासिक नाम दिइएका छन्। मौसूफबाट यी सब अध्ययनकक्षहरूभित्र प्रवेश गरिबक्सी अत्यन्त चाख लिएर प्रत्येक कक्षको निरीक्षण गरिबक्सेको थियो। यस बेला त मैले मौसूफको दर्शन झन् नजीकैबाट पाएँ। यतिखेर पनि मलाई मौसूफको नयनाभिराम मुखमण्डलबाट अनुपम लावण्य-पीयूषकण प्रतिक्षण टप्किरहेको जस्तो लाग्यो। अनि मैले मनमनै भनें—धन्य मौसूफको असाधारण सौन्दर्य!

सौन्दर्यमात्रै होइन, मौसूफको व्यक्तित्व पनि अनुपम नै थियो। संस्कृतमा **अष्टानां लोकपालानां मात्राभिर्निर्मितो नृपः**। अर्थात् इन्द्र, वरुण आदि आठ लोकपालहरूको अंश लिएर नै राजाको प्रादुर्भाव हुन्छ, भनेको साँच्चि नै हो रहेछ।

प्रजालाई छोरासरि स्नेह गर्ने मौसूफको हृदय दया, माया, प्रेम, स्नेह, वात्सल्य र उदारताको अखण्ड भण्डार थियो। मौसूफका अमृत-समान सुमधुर कोमलकान्तपदावली वाणी, स्मित ज्योत्स्नाले प्रक्षालित धवल मुखमण्डल, सरल स्वभाव आदिबाट आकर्षित नहुने को होला!

सौभाग्यवश एकाध घण्टाको मौसूफको दर्शन-भेटमा मैले मौसूफमा सरल स्वभाव, कोमल हृदय, प्रजावत्सलता, महोदारता, स्थितप्रज्ञता, धार्मिकता, विद्यानुरागिता, प्रसन्नाकारता, विवेकशीलता, सुन्दरता आदि अनेकौं गुणहरू मौजूद पाएँ। त्यस बेला मैले यस्ता राजाको प्रजा बन्न पाएकोमा आफैलाई सौभाग्यशाली सम्झें। यति बेला मेरो हृदय मनमनै झुन्झुनाइरहेको थियो--अबउप्रान्त हामीहरू विविध प्रकारका विकासरूप अग्लो प्रासादमा बस्नेछौं। संस्कृत विद्याको सर्वाङ्गीण उन्नतिद्वारा हाम्रो नेपालको शिर ठाडो हुनेछ एवं राष्ट्रको गौरव अत्यधिक मात्रामा बढ्नेछ। वस्तुतः हामीहरूको अहिले भाग्यसूर्य उदाएको बेला छ। जगज्जननी श्री १०८ जानकी सपरिवार मौसूफलाई अमर जीवन प्रदान गरून्!

एकाएक हजारौं-हजार दर्शक नर-नारीहरूबाट हुन लागेको जयजयकार महाध्वनि लेखकको अन्तर्भावनाको साकार रूपमा परिणत भयो र मोटरकारको गडगडाहटमा मिली यसले द्विगुणित रूप धारण गऱ्यो--श्री ५ महाराजाधिराजको जय होस्! श्री ५ महाराजाधिराज-को जय होस्!! श्री ५ महाराजाधिराजको जय होस्!!!

*****

मेरो अनुभवमा राजा त्रिभुंवन

जीवराज शर्मा

१९९३ सालदेखि यता नेपालको कुनै पनि राजनीतिक कार्यकर्ताले यस पंक्तिको लेखकभन्दा अघि राजा त्रिभुवनलाई राजनीतिक पत्र लेख्ने मौका पाएको होओइन। यसरी राजासित १९९४ सालदेखि नै सम्वन्ध रहेको भए पनि २००७ सालपछिको प्रजातान्त्रिक रुमले कालभर उहाँसित साक्षात्कार हुन नपाएको राजनीतिक कार्यकर्ता पनि यस पंक्तिको लेखकबाहेक अरू कोही होला जस्तो मलाई लाग्दैन। नेपाल प्रजा-परिषद्को सम्बन्ध राजा त्रिभुवनसित शहीद धर्मभक्तमार्फत हुन गएपछि संस्थाको भावी कार्यक्रम तथा उहाँको सहयोगबारे धेरै कुराको प्रथम पत्र मैले नै लेखेको हुँ। फलतः कम्पाउन्डर चन्द्रमानमार्फत राजाले प्रजा-परिषद्का व्यक्ति तथा कार्यक्रमबारे गडेर चाखपूर्ण जानकारी लिएको हो। हठात् सम्पर्कमा आएका साधारण प्रजासित त्यस बेलाको कठिन छेकारे वातावरण नाघेर सम्पर्क स्थापना गर्ने खोजेबाट मैले राजालाई निर्भीक मात्र हैन, देशको राजनीतिक व्यवस्थालाई दिलैदेखि हेरफेर गर्न इच्छुकसमेत पाएथें। आन्दोलन सफल हुन सके राजनीतिक सुधार गर्ने राजा पनि वचनबद्ध भएको खबर हामीले श्री धर्मभक्तमार्फत पाएका हौं। २००७ सालअघि पनि राजनीतिक सुधार ल्याउन इच्छुक राजा त्रिभुवनलाई पाउनु मौसूफको चरित्र-दर्पण पाउनु हो जस्तो मलाई लाग्छ। तर कुन, कस्तो र के-के सुधार ल्याउने भन्नेबारे भने कुनै इदमित्थं भएको थिएन।

१९९६ सालमा प्रजा-परिषद्ले एक्सिस पावरका अर्थात् जर्मन, जापानका काउन्सिलरहरूसित सम्बन्ध रचेर राणाशाहीको विरोधमा प्रयोग गर्न सकिने वस्तु र सहानुभूति प्राप्त गर्ने चेष्टा गर्न आँटेको कुरा राजालाई जनायो। यो सुनेर राजालाई परिषद्का सदस्यहरू हेर्ने इच्छा भएछ। लैनचौरमा एक दिन हामी सबै भेला गराइयौं। राजाले प्रत्येक व्यक्तिलाई निहालेर हेरेको अझै मलाई ताजै सम्झना छ। त्यस बेला राजाको सवारी मोटरमा भएको थियो र रासमा प्रतापजङ्ग राणा थिए। राणा प्रधान मन्त्रीको रेखदेखको आँखै अघिल्तिर यसरी हामीलाई जमातमा चाखले हेर्न खोज्नु त्रिभुवनको हृदयको सबलतामात्र हैन, जनसम्पर्क राख्ने उत्कट अभिलाषा पनि देखाउँछ। यस्तै प्रजाजनसित नजीकै हुन खोज्ने, राजा भईकन पनि उनीहरूलाई नजीकैको बन्धुत्व देखाउने इत्यादि धेरै गुण श्री ५ त्रिभुवनमा थिए।

२००७ सालअघिको राजाको रुचि र आकांक्षाबारे मात्र मलाई अनुभव भए पनि प्रजातान्त्रिक राजकाजे कालमा ज्यादै नजिकबाट राजाको सम्पर्कमा आई सरकारको आशीर्वाद पाउनेहरूले मौसूफको उदारताबारे दिलैदेखि प्रशंसा गरेको पनि मैले सुनेको छु। अतः मेरो सानु अनुभवबाट मलाई लाग्दछ––राजा त्रिभुवन उदारचित्तको अद्वितीय नेपाली राजा हुनुहुन्थ्यो।

*****

कर्मयोगी श्री ५ त्रिभुवन

ज्यानबहादुर नेवा

राजकुमार सिद्धार्थ आफ्नो घर-गृहस्थी र राजकाजदेखि विरक्तिएर कतै जंगलतिर लाग्लान् भन्ने डरले उनका पिता राजा शुद्धोधनबाट पारिवारिक मायाजालमा फसाउन राजदरबारको विलासगृहभित्र उनलाई भोग-विलासको जीवन बिताउन लगाई सांसारिक ज्ञानदेखि पनि अन्धो बनाइराख्ने प्रयत्न गरिएको थियो। राजा शुद्धोधनले यसो गर्नुमा के कारण थियो भने ज्योतिषले राजकुमारका बारे गृह तथा राजकाज त्याग्लान् भन्ने भविष्यवाणी गरेका थिए। त्यसअनुसार राजकुमारको विवाह भएर पुत्र पनि जन्मिसकेको थियो। अब उनी घर-गृहस्थीको पाशोमा एक किसिमले परिसकेका थिए। तैपनि राजकुमार आफ्नो परिवार र राजकाजप्रतिको मोह-ममता त्यागेर जगत्-उद्धार गर्ने मार्ग पैल्याउन आफ्नो राजदरबारबाट निस्किछाडे। त्यसरी राजदरबारबाट निस्केर अनेक दु:ख-कष्ट सहँदै आखिरमा उनले बुद्धत्व प्राप्त गरी विश्व-उद्धारको महान् कार्यमा लागे। त्यसमा अत्युक्ति भएको हुन सक्तछ। तर यसलाई पौराणिकभन्दा ऐतिहासिक तथ्य बढी मानिन्छ।

आफ्नो उत्तराधिकारी हुनुको साटो संन्यासी होलान् भन्ने राजा शुद्धोधनको मनमा जुन चिसो पसेको थियो त्यसले गर्दा उनले सिद्धार्थलाई भोग-विलासमा फसाउने प्रयत्न गरेका थिए। त्यस्तै राणाहरूको एकतन्त्री जहानियाँ शासनमा आफ्नो अनाधिकार हुकुमी शासन जाला भन्ने डरले राणाहरूले देशका नरेशहरूलाई नाममात्रको राजा गरी

नारायणहिटी दरबाररूपी सुनको पिंजरामा थुनेर भोग-विलासका प्रधान साधनमा फसाई आफ्नो शासन दिगो राख्ने प्रयत्न गरे। त्यतिमात्रै होइन, राजदरबारका उच्च पदाधिकारीदेखि लिएर सबैजसो कर्मचारीहरू राणा-प्रधानका गुप्तचर पनि हुन्थे। त्यस कारण राजाले कसैसँग स्वतन्त्र रूपले भेट्न र सम्पर्क राख्न असम्भवजस्तै थियो। तर जस्तो-सुकै भए पनि श्री ५ त्रिभुवनबाट राणाहरूको त्यस किसिमको जाललाई व्यर्थ साबित गरिबक्स्यो।

राजाको विशेष व्यक्तित्व नभई साधारण भइदिएको भए देशको शासनभार र भइपरि आउने साह्रोगाह्रो आफ्नो थाप्लोमा बोक्ने श्री ३ नै भएकोले आफू भोग-विलासमा डुबेर बसिबक्सन्थ्यो होला। तर राष्ट्रपिता श्री ५ त्रिभुवन साधारण व्यक्ति नभई विशेष व्यक्तित्व भएको कर्मयोगी होइबक्सन्थ्यो र यस्ता पुरुषको जीवनको उद्देश्य भोग-विलास हुँदैन। राजाको मुख्य कर्तव्य राजधर्मको पालन गर्नु हो भन्ने कुरो मौसूफलाई थाहै थियो र यसले गर्दा मौसूफ निष्क्रिय रहिबक्सेन। मौसूफप्रति राणा सरकारको जतिसुकै कडा दृष्टि रहे तापनि मौसूफले सफलतापूर्वक बाहिर सम्पर्क राखी गुप्त रूपमा प्रजा-परिषद् संस्थाको जन्म गराइबक्स्यो। तर काम हुन नपाउँदै शुक्रराज, गंगालाल, धर्मभक्त र दशरथ चन्दहरू शहीद भए र अरू कैयौं देशभक्तहरूले जन्मकैद, लामो समयको कैदको साथसाथै सर्वस्व हरणको सजाय पनि पाए। अनि प्रजा-परिषद्ले गर्न आँटेको काम सफल हुन सकेन। ती सबैलाई दाँत किटेर टुलुटुलु हेर्नुसिवाय अरू केही नलागेकोले चूपचाप लागेर श्री ५ त्रिभुवन मौकाको प्रतीक्षामा रहिबक्स्यो।

पछि २००४ सालमा ब्रिटिशको पन्जाबाट मुक्त भएर भारत स्वतन्त्र भयो। अनि एक दिन श्री ५ त्रिभुवन गुप्त रूपले भारत सरकारसित सम्पर्क राखी २००७ सालमा गाथ र गादीसमेतको बाजी लगाई भारतीय राजदूतावासमा सवारी भयो। त्यहाँबाट फेरि भारत सरकारको आतिथ्यमा दिल्ली सवारी भइबक्स्यो। राजाको इशारा बुझेर जनताले पनि मुक्ति-संग्राम चलाए। राजा र प्रजाको त्यस किसिमको संयुक्त मोर्चाको अगाडि राणा सरकार टिक्न सकेन र भारत सरकारको

माध्यमबाट शान्ति-सम्झौताका कुराकानी भए। अन्त्यमा राणा सरकार पदच्युत भई नव राष्ट्रिय सरकारको गठन भयो। यसरी राजाको त्याग र साहसबाट स्वयं राजा मुक्त होइबक्स्यो र देश पनि मुक्त भयो।

आफ्नो राजधर्मरूपी स्वधर्म पूरा गर्न गाथगादीको समेत बाजी थाप्नुमा आन्तरिक आत्मानन्द अनुभव गरिबक्सेको थियो। त्यस आत्मानन्दको अगाडि ऐश-आराम, भोग-विलासको जीवनलाई तुच्छ सम्झी निरन्तर कर्ममा लगनशील भइबक्स्यो। यसरी श्री ५ त्रिभुवन निश्चय नै कर्मयोगी होइबक्सिन्थ्यो भन्ने सिद्ध हुन्छ।

*****

राष्ट्रपिता : एक सम्झना

झम्मनराम

सारा नेपालीहरू असीम श्रद्धा-भक्ति एवं प्रेमले श्री ५ त्रिभुवनको जन्मजयन्ती राष्ट्रिय चाडका रूपमा मनाउँछन्। मौसूफ सरकारको पवित्र आत्माले स्वर्गमा पनि चिर-शान्ति पाओस् भन्ने शुभकामना लिई ठाउँ-ठाउँमा पूजा-पाठ, दान-दक्षिणा एवं सभा-गोष्ठी गरी प्रजातन्त्रका प्रवर्तक राष्ट्रपिताको सेवामा नेपालीमात्र आ-आफ्नो श्रद्धाञ्जलि चढाउने तरखरमा लाग्छन्। किन नहुनु! प्रजाको हितलाई ध्यानमा राखी राजगद्दी र ज्यानसमेतको मोह-माया त्यागी नारायणहिटीबाट सवारी भै भारतमा आश्रय लिइबक्सेको घटना कुनै नेपालीले बिर्सन सक्छ र? वायुयानद्वारा गौचरबाट सवारी भैबक्सेको बखतको मौसूफ सरकारको मुखारविन्द र प्रजावर्गको करुण क्रन्दनको दृश्य अझ पनि हाम्रो आँखाका अगाडि झलक्क झल्किन्छ। यस सन्दर्भमा अचानक २५ सय वर्षअघिको इतिहासको सम्झना आउँछ——हाम्रै देशमा जन्मेका महात्मा बुद्धका आदर्शका प्रतिरूप श्री ५ त्रिभुवनको सालिक हाम्रो आँखामा सजीव जस्तै लाग्दछ र सारा शरीर रोमाञ्चित भएर आउँछ। अनि त्यस्ता महान् आत्माको शान्ति निमित्त अरू केही नभए दुई थोपा श्रद्धा चढाउन पनि कोही चुक्छ त?

श्री ५ त्रिभुवनको विमल चारित्रिक जीवनसँग सम्बन्धित एउटा सम्झना जहिले पनि मेरो तुच्छ हृदयपटलाई घचघच्याइरहन्छ, जसलाई उल्लेख गरिदिनु विषयान्तर हुँदैन होला जस्तो मलाई लाग्दछ।

२०१०-११ सालको कुरा हो, श्री ५ महाराजाधिराज त्रिभुवनबाट सिंहदरबारभित्र पुतली बगैंचामा भोज बक्सिएको थियो। तत्कालीन सल्लाहकारसभाको एउटा सदस्य भएको नाताले मैले पनि निमन्त्रण कार्ड पाएको थिएँ। तत्कालीन मुलुकी ऐनका दफाहरूले गर्दा मेरो हृदयमा शंका-उपशंकाहरू उठ्न थाले। कति शताब्दीदेखि सरकार र समाजबाट उपेक्षित मजस्ता जनसाधारणमा भ्रम उत्पन्न हुनु कुनै अस्वाभाविक कुरो थिएन। त्यसमा पनि कानूनन ठूलो र सानो जात भन्ने त्यो बेलाको मुलुकी ऐनले हाम्रो सामाजिक उन्नतिको बाटो छेक्न छोडेको थिएन। धेरै पल्ट मैले आफ्नो कार्डलाई ओल्टाई-पल्टाई पढें, किनभने त्यसबाट आत्मालाई केही सान्त्वना हुन्थ्यो। सानै जात भए पनि के त! चोरेर, ढाँटेर, झुक्याएर जाने होइन, यस कार्डको प्रमाणबाट त म निर्दोषी छु नि। फेरि तत्कालीन राजनीतिमा सक्रिय भै भाग लिएको हुँदा तत्कालीन राजनीतिक नेताहरूसँग उठ-बस, खान-पिन भै नै रहेकोले मनमा साहस पनि भयो। भोजमा सम्मिलित हुने अठोट गरेर गएँ पनि, तर पुतली बगैंचाको ढोकानिर पुग्दा मेरा गोडा टक्क अडिए। भित्र पस्ने हिम्मत धरमरायो। एक त परिगणित, अर्को कुरा गाउँमा जन्मेको, जहाँ अहिले पनि गरीबी, अशिक्षा र जाति-पातीको भेदभावको प्रभुत्व छ। संस्कार नै डरपोक र शंकाशील भैसकेको। मनमा साहस बटुली सबभन्दा पछि भित्र पसें। आमन्त्रित गण्यमान्य व्यक्ति एवं पदाधिकारीहरू चौरमा घुमी-घुमी छुरी-काँटाले खानेकुरो खाइरहेका। मेरो लागि बिलकुलै नौलो व्यवस्था। कहिले पनि नदेखेको। मेरो मन फेरि एक चोटि झस्क्यो––आफ्नो हातले लिनु हुन्छ कि हुँदैन? डराई-डराई मिठाईका टेबुलमा पुगें र चार-पाँचवटा रसबरी प्लेटमा लिई, छेउमा गएर हातैले खान थालें। सौभाग्यवश राष्ट्रपिता श्री ५ त्रिभुवन, राजमाताहरू र तत्कालीन श्री ५ युवराजाधिराज (वर्तमान श्री ५ महाराजाधिराज), तिनताकका प्रधान मन्त्री श्री मातृकाप्रसाद कोइरालाद्वारा प्रत्येक आमन्त्रित व्यक्तिको परिचय लिइबक्सिंदै मनिर उभिइबक्सियो। मेरो परिचय दिने बेला मेरो ध्यान मौसूफ सरकारको मुखारविन्दको दर्शन गर्नमा नै मग्न थियो। मलाई अझ पनि सम्झना छ––प्रत्येक शोषित व्यक्तिका अन्तर्वेदनाको अध्ययन गर्न सक्ने क्षमताबाट विभूषित श्री ५ त्रिभुवनबाट मेरो मनःस्थिति

बुझिबक्सिन कत्ति पनि बेर लागेन। आँखाको इशाराले प्रधान मन्त्रीलाई केही हुकुम बक्सेको जस्तो मलाई लाग्यो। तुरुन्त प्रधान मन्त्रीले मेरो प्लेटमा आठ-दसवटा रसबरी राख्दै भन्नुभयो—"हात जुठो पार्नु हुँदैन, छुरी-काँटा पनि लिनुपर्दथ्यो।" मेरो आनन्दको सीमा रहेन। राष्ट्रपिता श्री ५ त्रिभुवनको त्यस बखतको सौम्य मूर्ति आज पनि मेरो हृदयमा सजीव जस्तै लाग्दछ। मौसूफ सरकारको सपना व्यावहारिक रूपमा साकार होस् भन्ने शुभकामना श्रद्धालुका श्रद्धाञ्जलिको रूपमा चढाउँदै छु। अमर आत्माले शान्ति र सन्तोष पाओस्!

*****

आदर्श राजा

टंकप्रसाद आचार्य

श्री ५ त्रिभुवनप्रति मेरो विशेष श्रद्धा र स्नेह छ। त्यसको कारण पनि छ––१९९३ सालमा नेपाल प्रजा-परिषद्को स्थापनाको केही महीनैपछि मौसूफसँग शहीद धर्मभक्त र कम्पाउन्डर चन्द्रमानद्वारा सम्बन्ध जोडियो। प्रजा-परिषद्ले बन्दी राजा र प्रजाको एक गुट बनाई त्यस बेलाको प्रजापीडक शासनको विरुद्ध क्रान्तिको बिगुल फुक्ने निर्णय गरी मौसूफलाई बिन्ती गरेकोमा मौसूफले त्यस आह्वानलाई स्वीकार गरी प्रजापक्ष लिइबक्सियो। क्रान्तिको बिगुल फुकेको फलस्वरूप १९९७ सालमा राजा-प्रजा दुवैले कठोर सजायको भागी हुनुपर्‍यो। हामी कालकोठरीमा बन्द भयौं, मौसूफ राजमहलमा भए पनि कालकोठरीकै बन्दीसरह कैद होइबक्सिन्थ्यो। शायद बेला-बेलाको अपमानको तीखो अनुभव सरकारलाई बढ्ता हुँदो हो। परिस्थितिले पल्टा खायो, **न हि कल्याणकृत्कश्चिद्दुर्गतिं तात गच्छति** आखिर २००७ सालमा मौसूफकै नेतृत्वमा क्रान्ति भई पुरानो शासन धराशायी भयो।

२००७ सालपछि पनि मौसूफको निर्देशनमा बसी देशको शासनमा भाग लिने मौका मलाई मिल्यो। मौसूफमा मैले जो पाएँ त्यसबाट म छोटकरीमा यही भन्न सक्दछु, मौसूफ आदर्श राजा होइबक्सिन्थ्यो।

*****

श्री ५ त्रिभुवनको एक झलक

टंकविलास वार्य

श्री ५ त्रिभुवनको शासनकाल त्यस बेला शुरू भयो जब मौसूफ ५ वर्षको होइबक्सिन्थ्यो। त्यस बेला शासन-बागडोर श्री चन्द्रशमशेरको हातमा थियो। चन्द्रशमशेर चंख र धूर्त मात्र थिएनन्, परन्तु दूरदर्शी पनि थिए। बाल्यावस्था पार गरिबक्सी श्री ५ त्रिभुवनबाट आफ्नो युवावस्था पनि चन्द्रशमशेरसँगै व्यतीत गरिबक्सेको थियो। अतएव चन्द्रशमशेरको कूटनीतिलाई राम्रोसँग बुझिबक्सिन्थ्यो, त्यस कूटनीतिको अध्ययनबाट मौसूफलाई राणाहरूको चालबाजीको पनि राम्रो ज्ञान भयो।

राणा प्रधान मन्त्रीहरूले मौसूफको लालमोहरको दुरुपयोग गरेकोले मौसूफलाई ठूलो चोट लागेको थियो। सो लालमोहरको दुरुपयोग कहाँसम्म भयो भने चार जना शहीदहरूलाई १९९७ सालमा प्राणदण्ड दिने काम पनि त्यसैबाट भयो। यसैबाट मौसूफलाई ठूलो आघात पर्न गयो। यी सबै कुराहरू मौसूफबाट कत्रो धैर्य साधन गरी सहिबक्सेको थियो भन्ने कुरा सबैलाई थाहा भएकै हो।

राणा-शासनलाई हटाउन मौसूफबाट अनेक पटक प्रयास गरिबक्सेको थियो, तर ती सब असफल भए। अन्तमा मौसूफबाट खुलमखुल्ला निर्भीक प्रयास गरिबक्सियो, जो पूर्ण तवरले सफल भयो। राणाशासकदेखि वाक्क भएर सारा जनता जुर्मुराउन लागेको बेला मौसूफ सपरिवार भारतीय दूतावासमा सवारी भइबक्सेको कुरा सर्वविदित नै छ। यस्तै

दाउ पर्खिबक्सेको थियो, बल्ल आइपुग्यो। राजमहलमा आनन्दसाथ राज हुनुको सट्टा जनताको निम्ति कठोर त्याग र तपस्याको जीवन बिताउन चाहने राजा त्रिभुवनको नाउँ नेपालको इतिहासमा नौलो मात्र नभई स्वर्णाक्षरले पनि लेखिने भएको छ।

सारा जनतालाई धुरुधुरु रुवाई मौसूफ दूतावासबाटै भारततर्फ सवारी भइबक्सेको थियो। दूतावासमा प्रवेश गर्नु नैं जिन्दगीको एउटा महत्त्वपूर्ण मोड हो भन्ने कुराको यथार्थ ज्ञान मौसूफमा रहेको थियो। राजमहलैमा राज भैबक्सेको भए त्यस बखतका प्रधान मन्त्री मोहनशमशेरले मौसूफलाई जबर्जस्ती हतियार बनाई जनताको असन्तोषलाई छकाउन सक्तथे।

मौसूफ सपरिवार भारत सवारी भइबक्सेपछि पनि मोहनशमशेरले अनेक चालबाजी खेलेको कुरा कसैबाट छिपेको छैन। उनले कहाँसम्म जालसाजी गरे भने तीन वर्षीय राजपरिवारको बालकलाई राजा बनाएर आफ्ना पिता चन्द्रशमशेरले जस्तै दीर्घ शासन चलाउने स्वप्न देखे, तर मौसूफको जनप्रियताको फलस्वरूप बालराजालाई जनताले मान्यता दिएन र मोहनशमशेरको षड्यन्त्र अन्तर्राष्ट्रका प्रतिनिधिहरूको सामुन्ने बेकार सिद्ध भयो। जनप्रिय राजाको पक्ष लिई गौचर हवाई मैदानमा आएका असंख्य नरनारीहरू माथि लाठीमुङ्ग्री गरेको कुरा आज पनि बिर्सन सकिन्न। मैले त झन् बिर्सनै कुरै भएन, किनभने त्यस बेला मेरी श्रीमती चम्पामाथि पनि लाठीमुङ्ग्री भएको थियो र उनी बेहोश भएर लोटेकी थिइन्। यो खबर मैले जेलमा सुनेको थिएँ। त्यस बेलाको लाठीको चोटले सुनिएको उनको बायाँ पाखुराको तस्वीर देख्दा आज पनि मेरो छाती गर्वले फुलेर आउँछ। त्यो दिन स्त्री-पुरुष सबैको हातमा श्री ५ त्रिभुवनको एकेकवटा प्यारो फोटो थियो। त्यतिखेर आएका प्रतिनिधिहरूले मौसूफको लोकप्रियताको यो ज्वलन्त उदाहरण हेरेर फर्के।

भारत सवारी भइबक्सेपछि प्रवासी नेपालीहरूले पनि श्री ५ त्रिभुवनप्रति अगाध श्रद्धा र भक्ति देखाए। हजारौंको संख्यामा युवक

विद्यार्थीहरू आफ्नो पढाई छाडी स्वयंसेवकको जत्था भई सेनामा भर्ती भए। तिनीहरूले बाहिरबाट धावा गर्ने प्रेरणा श्री ५ त्रिभुवनबाट नै पाएका थिए। देशभित्रको हालत झन् उत्तेजनात्मक थियो। युवक, युवती, बूढाखाडा आदि सबैले मौसूफको पक्षमा आन्दोलन गर्न लागेका थिए। प्राय: सबै कर्मचारीहरूले समेत मोहनशमशेरको विरोधमा हडताल आदि गर्न लागेका थिए। यी सब कुराहरूले जनताको मौसूफ-प्रति कत्तिको ठूलो आस्था र आशा थियो भन्ने कुरा छर्लङ्ग्याउँछन्।

राणा-सरकार झुकेपछि मौसूफ सपरिवार सकुशल काठमाडौं फिर्ती सवारी होइबक्सियो। गौचर हवाई मैदानमा मौसूफको स्वागतार्थ जनता पल्टेर आए। प्यारा राजाको दर्शनाभिलाषी जनताले मौसूफको धूमधामसँग स्वागत गरे। देशमा खुशी र उत्साहको घाम लाग्यो।

मौसूफको शिरपेचमा अब असाधारण बोझ पर्न आयो। निस्फिक्री भई मौसूफ जनकल्याण-कार्यमा अग्रसर होइबक्सियो। यसै बीच सर्वश्री खड्गमानसिंह, टंकप्रसाद आदि र मसमेत जम्मा छ जना साथीहरूले राजनीतिक संस्थाको तर्फबाट दुई-तीन पटक मौसूफको दर्शन-भेट पाउने सुअवसर पायौं। यस दर्शन-भेटघाटबाट मैले पाएँ––मौसूफ साह्रै प्रजातान्त्रिक होइबक्सिन्थ्यो र जनताको सेवा कसरी गरूँ भन्ने प्रबल इच्छा मौसूफको मनमा सर्वोपरि भएर रहेको थियो। जन-आवाजलाई ज्यादै कदर गरिबक्सने महत्त्वाकांक्षाको झलक मैले मौसूफसँगको कुराको सिलसिलामा पाएँ। एक पल्ट कुराको सिलसिलामा श्री टंकप्रसादले मौसूफसँग यो कुरा सोध्नुभयो––"केही गरी जनताले समाजवाद चाह्यो भने मौसूफबाट के गरिबक्सिन्छ, सरकार?"

मौसूफको श्रीमुखबाट कत्ति ढिलो नगरीकन तत्कालै जवाफ निस्क्यो—"जनताले चाह्यो भने म भोलि नै समाजवाद त के साम्यवाद भने पनि दिन तयार छु।" यसबाट जन-आवाजलाई मात्र कदर गरिबक्सने होइन, अपितु पूर्ण प्रजातान्त्रिक विचारधाराबाट मौसूफको हृदय औघी नै ओतप्रोत थियो भन्ने बुझिन्छ।

यस दर्शन-भेटको अन्तमा श्री खड्गमान सिंहले मौसूफको पवित्र पाउ छुन पाऊँ भन्ने उत्कट अभिलाषा व्यक्त गर्नुभयो। यत्तिकैमा मौसूफबाट हुकुम भयो––"हात छुने मात्र किन, आङै जोडौंन आऊ!" यस्तो हुकुम भई मौसूफबाट श्री खड्गमान सिंहलाई आलिंगन बक्सियो। हिजो-आज पनि त्यस आनन्दमय दृश्यको झलक मेरो आँखा सामुन्ने बराबर आउने गर्दछ। शायद त्यस्तो दृश्य पछि हेर्न पाइन्छ कि पाइँदैन भनेरै होला, त्यस बेला त्यस स्निग्ध अलिङ्गनलाई मेरा निर्निमेष आँखाहरूले अति तन्मयतासाथ हेरिरहेका थिए। श्री ५ त्रिभुवनको प्रजावत्सलताको यो एउटा साँच्चिकै ज्वलन्त उदाहरण थियो। राजनीतिक पीडितहरूलाई उद्धार गर्नमा पनि मौसूफको ध्यान सधैं गैरहन्थ्यो।

अर्को एउटा संस्मरण छ। त्यो के हो भने एक पल्ट हृदयचन्द्रसिंह प्रधानले मौसूफसँग दर्शन-भेट गर्नु हुँदा सोध्नुभएको थियो–– "सरकारलाई हामीहरूले कसरी सम्बोधन गर्ने सरकार?" उत्तरमा मौसूफबाट हुकुम भएको थियो––"मलाई तपाईं भने पुग्छ।" त्यसो भन्दैमा मौसूफजस्ता प्यारा राजालाई 'तपाईं' भनेर सम्बोधन कसले गर्न सक्थ्यो र! यसबाट मौसूफ प्रजावत्सल मात्र नभई पूर्ण प्रजातान्त्रिक पनि होइबक्सिन्थ्यो भन्ने मौसूफको आन्तरिक इच्छा पनि स्पष्टतया झल्कन्छ।

आज मौसूफको नश्वर शरीर हाम्रो सामु छैन तापनि मौसूफको पवित्र र महान् आत्मा अमर रहिरहेछ। जनताको जुन आशा र विश्वास मौसूफमा थियो, त्यो अभिमारा पूरा गर्ने अब मौसूफका सुयोग्य सपूत आत्मज वर्तमान श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव होइबक्सिन्छ।

*****

श्री ५ त्रिभुवन

टुकराज-पद्मराज मिश्र

वर्तमान नेपाल श्री ५ त्रिभुवनको परम ऋणी छ। देश-कल्याणका खातिर आफ्नो राज-सिंहासनलाई बाजी लगाएर जनक्रान्तिमा जो उहाँले भाग लिई एक शताब्दीसम्म रहेको प्रबल निरंकुश राणा-शासनलाई हटाइबक्स्यो, तथा नेपालमा प्रजातान्त्रिक पद्धतिअनुसार शासन-व्यवस्था चलाउन प्रबल इच्छा गरिबक्स्यो यी कुरा नेपालको इतिहासले कहिल्यै बिर्संदैन। श्री ५ त्रिभुवन जुन वंशमा पैदा भइबक्स्यो त्यस वंशको पनि नेपाल परम ऋणी छ। देशमा पर्न आएको आवश्यकता तथा समस्याहरू यस वंशले पूर्ति गर्दै आएको छ। **परित्राणाय साधूनाम् विनाशाय च दुष्कृताम्। धर्मसंस्थापनार्थाय संभवामि युगे-युगे**--यो उक्ति यस वंशमा बखत-बखतमा लागू भएको छ। पौराणिक कालका आदर्श राजालाई छाडेर जब हामी ऐतिहासिक कालतिर हेर्न थाल्दछौं, त्यस बखत शाहवंशका देनको भक्तिपूर्वक चर्चा नगरी रहन सकिंदैन।

यस वंशकै पूर्व पुरुष पृथ्वीनारायणशाहले काठमाडौं उपत्यका (नेपाल) र गोरखा राज्य एउटै शासन सूत्रमा नगाँसेको भए आज नेपालको अवस्था के हुने थियो ? उपत्यकाभित्र खाल्टामै पनि तीन राज्य थिए। उनीहरूको परस्पर एकले आर्कोलाई दबाउन खोजेको इतिहास हाम्रो सामुन्ने छ। हामी त्यही अवस्थामा रहन कदापि सक्ने थिएनौं। समयले एक वृहत् राज्यको माग गरिसकेको थियो। यही वृहत् राज्यको

संगठनको यज्ञ-भूमिमा पृथ्वीनारायण शाहले जो प्रयत्न गरे, त्यो ज्यादै स्तुत्य कुरा हो। स्वार्थान्धले प्रेरित भएर विदेशी शक्तिलाई उपत्यका-भित्रका प्रबल राजाले गुहारेका पनि हुन्। परन्तु परम प्रतापी श्री ५ बडा महाराजा पृथ्वीनारायण शाहका नीति, सूरता-वीरताको अगाडि विदेशी शक्तिको पनि केही जोर चलेन। आखिर विजयलक्ष्मीले जयमाला श्री ५ पृथ्वीनारायण शाहलाई पहिराइन्, जसबाट वर्तमान नेपाल राज्यको उत्तरोत्तर वृद्धिको सिंढी लाग्न गएको छ।

अझ यसभन्दा पूर्व शाहवंशका इतिहासमा भएका गुणको केही सम्झना गरौं––लमजुङ मर्स्याङदीको किनारामा छ। त्यहाँ विभिन्न जातिका मानिस बस्तथे। उनीहरूको परस्परमा भएको विरोध मेटाउन एक सद्‌गुणी राजाको दर्कार पऱ्यो। यसैले उहाँका पंच मिलेर कास्की दरबारमा पुगे। उस बखत राजा कुलमण्डान थिए। उनका समीपमा पंचहरूले आफ्नो आशय बताए। राजाले सो कुरा स्वीकार गरे। एक जना छोरा लमजुङको राजगद्दीका निमित्त पठाइदिए। राज-सिंहासनमा लमजुङेहरूले विराजमान गराएपछि विरोधी तत्त्वले मौका पाएर कस्केली राजकुमारको वध गरे। षड्यन्त्रकारीहरूको विजय भएपछि लमजुङभरमा यस्तो वातावरण सृष्टि भयो, त्यहाँका जनता अमन चैनमा रहन पाएनन्। देशव्यापी असन्तोषको लहर फैल्यो। फेरि आर्को प्रबल राजा नथापी उनीहरूले सुख पाएनन्। पंचहरूलाई फसाद पऱ्यो। कसलाई राजतिलक दिनु। राजा थाप्न उस बखतको पद्धतिअनुसार खान्दान चाहिन्थ्यो। स्वच्छ, वीर, कुशल, न्यायी, राजोचित गुणले परिपूर्ण भएको व्यक्ति चाहियो। को पाउने, एक पटक पाएको व्यक्ति गुम्यो। अन्त कतै जाऊँ त्यति परिपूर्ण राजकुमार कतै पाइँदैन। नजाऊँ देशमा शासक एउटा खाँचो भएको छ। कास्की नै जाऊँ, राजा के भन्ने हुन्। 'अझ सजाय दिन पनि के बेर? धेरै विचार गरे। राजालाई भएको आफ्नो पीर-मर्का, राजपुत्रको मृत्यु भएको कारण, अब भविष्यमा त्यस्तो घटना दोहोरिन नदिने प्रबन्ध इत्यादि कुरा सब खोलेर एक निवेदनपत्र लेखियो। सो निवेदनपत्रमा सबै गाउँका बुझ्रुक भलाद्‌मीको सहीछाप पऱ्यो। त्यै पत्र लिएर फेरि कास्की कोट राजा माग्नका खातिर पुगे। राजाको हजूरमा सो कुरा पुग्यो। पहिले त

राजाले उनीहरूलाई फड्कारे। हुन पनि कसरी दिने! यो कुरा उचितै थियो। पञ्चहरूले धेरैं दिन बिताएर आग्रह गरे। अब त्यस्तो धटना पर्न नदिने प्रतिज्ञा गरे, पञ्चहरूको अगाडि उनको केही सीप लागेन। उनले आफ्नो मन परेको कान्छो छोरा दिनै पर्‍यो। पञ्चहरूको बल ठूलो हुन्छ भन्ने यस कुराले प्रमाणित गर्‍यो। आखिर उनले पञ्चहरूको हातमा यशोब्रह्मलाई सुम्पे। यसबाट हामी बुझ्दछौं यो वंश प्रजाको भलाइका निमित्त कति त्याग गर्न सक्ने रहेछ। त्यस बखत पञ्च परमेश्वरको कति महत्त्व रहेको रहेछ भन्ने कुरा हामी अहिले पंचायती प्रजातन्त्रमा रहेकाले बुझ्नुपरेको छ।

त्यसपछि गोरखा राज्य-संगठनको कुरा दोस्रो हुन आउँछ। त्यहाँ पनि द्रव्यशाहलाई राजा थाप्न गोरखाका पंचहरूको प्रमुख हात रहेको छ। गोरखामा पनि त्यस बखत निकै अराजकता फैलिएको थियो। व्यसनी मदसेवीहरूले सोझा-सिधा दुनियाँलाई दु:ख दिइरहेका थिए। बिचरा आफ्नो सोझो गरेर दु:ख-सुखले गुजारा गर्ने व्यक्तिले अनेकौं दु:ख पाउन लागे। गोरखाका तत्कालीन राजा खड्का जातिका थिए। उनी यिनै मदसेवीको पक्षमा थिए। मदसेवी दलका विपक्षीहरूको प्रतिकारका निमित्त संगठन हुनु स्वाभाविकै थियो। आखिर यस संगठनका निमित्त खिलुंका पण्डित नारायण अर्ज्याल, कुमाउँ प्रदेशका एक सुयोग्य वीर पण्डित गणेश पाण्डेहरूको गोरखालीहरूलाई आवश्यक पर्‍यो। उनीहरूको परामर्शानुसार लमजुङबाट द्रव्यशाहलाई ल्याई उनका हातमा लिगलिग कोट हात लागी गराइदिए। लिगलिग कोटका घले राजा पराजित भए। बिस्तार-बिस्तार द्रव्यशाहको प्रभाव गोरखाभर फैल्यो। गोरखा दरबार पनि उनको हातमा पर्‍यो। यी दुवै देशका बुद्धिमान् पञ्चहरूले शाहवंशका हातमा आफ्नो देशको अभिभारा सुम्पेका हुन्। यसबाट हामी पत्ता पाउँछौं--पञ्चहरूको शाहवंशप्रति कति विश्वास रहेछ। गोरखा-नरेश रामशाह पनि पञ्चको निकै सम्मान गर्थे। पञ्चहरूकै अनुमतिको फलस्वरूप गोरखा राज्य त्रिशूली नदीसम्म पुग्यो। गोरखा दरबारको न्याय निसाफको उनले ठूलो बन्दोबस्त बाँधेका हुन्। आजसम्म कहावत छ--**निसाफ नपाए गोरखा जानू, विद्या हराए कास्की जानू।**

अब हामी तल्लो पिंडीमा फर्कौं——पृथ्वीनारायण शाहले काठमाडौं दरबार हस्तगत गरे। विदेशी शक्तिको पनि केही लागेन। यहाँ रहेका विदेशीहरूलाई काठमाडौंबाट बाहिर निस्कने आज्ञा भयो। धर्म, रहन-सहन सबै पञ्चकै परामर्शानुसार रह्यो। केही परिवर्तन भएन, जस्ताको तस्तै रह्यो। जयप्रकाश मल्लले गरेको पूर्वाङ्गलाई श्री ५ पृथ्वीनारायण शाहले समाप्ति गरे। **मैले आर्ज्याको मुलुक चारै वर्ण छत्तिसै जातको फूलबारी हो** उनका प्रत्येक कार्यमा यिनै कुरा झल्कन्थे। **प्रजा बलिया भया दरबार बलियो रहन्छ** यस्तो उनको नीति थियो। जुन नीतिले वर्तमान नेपालको सृजना भयो त्यै नीति उनका उत्तराधिकारीहरूले पनि पालना गर्दै आएका छन्।

हामी यै नीतिले सतलजको किनारासम्म पुग्यौं। नेपालको जताततै ख्याति हुन लाग्यो। त्यस बखत नेपालको राज्यलक्ष्मीले आर्कै रूप लिइन्। जसबाट हाम्रो पूर्व मेची र पश्चिम महाकाली सीमाना रहन गएको छ। शाहवंशका प्रधानतामा रहेर जुन महापुरुष[1]हरूले वर्तमान नेपालको सिर्जना गर्न कम्मर कसे तिनका कार्यले वर्तमान नेपालको रूप यस्तो भयो। काठमाडौं, भक्तपुर, ललितपुर, विजयपुर, किरात, चौदण्डी, चैनपुर, लमजुङ, तन्हौं, गोरखा, कास्की, नुवाकोट, सतौं, गह्लौं, इस्मा, अर्घा, खाँची, पर्वत, मकवानपुर, पाल्पा, गुल्मी, डोटी, बैतडी, वाजुरा, सल्याना, प्यूठाना, जुम्ला, दैलेख, दार्चुला इत्यादि प्रदेश बाइसी-चौबिसी बाह्र ठकुराई राज्यका नामले पुकारिन्थे। ती सबै एक सूत्रमा गाँसिए। ती पुरुष सबै धन्यवादका पात्र हुन्।

महाराज पृथ्वीनारायण शाहका पालामा प्रारम्भ भएको यो राष्ट्रिय अभियानले गीर्वाणवीरविक्रमका पालामा आएर यस्तो रूप लियो। **कुन दिन सुर गंगा तर्न पाइन्छ पारि** भन्ने वृद्ध भीमसेन थापाको पनि केही सीप लागेन। उनको देहान्त भएपछि दरबारमा झन् नाजुक अवस्था भयो। आखिर जंगबहादुरको हातमा आएर धेरै काल रह्यो

---

[1] कालू, शिवराम, तुला, केहरसिं, अभिमानसिं, रामकृष्ण, स्वरूपसिं, पारथ, भक्ति, अमरसिं, बलभद्र इत्यादि।

र उनको उत्तराधिकार उनकै भाइ-भाइमा रहन लाग्यो। यस किसिमले राणा-शासनको समय एक शताब्दीसम्म रह्यो। जुन शासनलाई उखाड्न श्री ५ त्रिभुवनले त्यत्रो मिहिनेत गर्न पऱ्यो र जसको असर अझै हामी भोग्दैछौं।

पहिलो महासमरको अन्त्य भएपछि भारतीयहरू जो स्वायत्त शासनका अधिकारी हुन लागे त्यस बखत नेपालको रूपरेखा पनि आर्कै हुन लाग्यो। म्युनिसीपलिटी जस्ता संस्थाहरू खुले। ठाउँ-ठाउँमा पाठशाला खुले। करिया अम्लेख गरिए। शिक्षा वृद्धि नगरी भएन। त्रि-चन्द्र कलेज पनि खोलियो। शासनको सम्पूर्ण अधिकार आफूले लिए पनि श्री ५ महाराजाधिराजलाई सम्मानको दृष्टिले हेरेको जनतामा विश्वास पैदा गराउन राणा शासकहरू खोज्थे। जस्तै त्रि-चन्द्र कलेज, पी० वीर अस्पताल, त्रि-चन्द्र अस्पताल, त्रि-जुद्ध अस्पताल इत्यादि नामकरण गर्दथे। आफूले गरेको काममा सर्वोत्तम सम्झेका कुरामा भने उनीहरू महाराजाधिराजको नामलाई भुल्थे, जस्तै––वीर-धारा, चन्द्र-ज्योति, जुद्ध सडक, जुद्ध जातीय कलाशाला इत्यादि। यसरी बाहिर सम्मान देखाए पनि श्री ५ त्रिभुवनको प्रवृत्ति राष्ट्रिय भावनाबाट विमुख गराउन सकेनन्। प्रधान मन्त्री चन्द्रशमशेरको देहावसान भएपछि उमेरको साथसाथै श्री ५ त्रिभुवनको प्रवृत्ति पनि राष्ट्रिय भावनामा वृद्धि हुँदै जान लाग्यो। उहाँप्रति र आफू-आफूप्रति गरेको व्यवहार, दुनियाँ-दुनियाँको अवस्था, देश-विदेशको अवस्था सबै उहाँमा एक-एक गरी चेतनाको लहरमा आए। यस्तै मौका छोपेर **प्रचण्ड गोर्खा** नामक एक गुप्त काण्डसमेत देखा पऱ्यो। त्यसबाट राणा-विरोधी हिम्मत पनि हुँदो रहेछ भन्ने जनताले विचार गर्न लागे। त्यसको दमनपछि केही समय राष्ट्रिय चेतनाको लहर त्यसै रह्यो। दोस्रो महासमरको प्रारम्भमा राष्ट्रिय चेतनाका लहरहरू आउन लागे। चेतना जागृत भएपछि फेरि उब्ज्यो प्रजा-परिषद्। प्रजा-परिषद्ले निकै तहल्का मच्चायो। अनेकौं देशसेवी, राष्ट्रप्रेमी, भाषाप्रेमी, कवि, विद्वान् इत्यादिहरूलाई यस संगठनले लिन खोज्यो, केही मात्रामा सफल भयो पनि। त्यसबाट राणा प्रधान मन्त्रीहरू झस्के––हामीले के गरेका रहेछौं? उनीहरूले यही प्रजा-परिषद्का वेदिमा श्री ५ त्रिभुवनलाई

पनि यसको दोष लगाए। तैपनि उहाँको मान-सम्मानमा बाहिरिया प्रभाव पार्न सकेनन्।

नेपालको इतिहासमा राजा र उपराजको व्यवस्था बराबर देखा परेको छ। राजा शिवदेवका पालामा अंशुवर्माको प्रधानता भएको, शिवदेवका उनी नातादार हुँदा-हुँदै उनले आफैं सर्वेसर्वा घोषित गरेका, त्यसपछि मल्ल कालमा आएर राजल्ल देवीका नाताले जयस्थिति मल्ल उपराज बनेका, उपराजबाट स्वयं महाराजाधिराज घोषित गरिएका हाम्रो इतिहास सामुन्ने छ। त्यस्तै महाराजाधिराज राजेन्द्रविक्रमका समयमा उपराजको हैसियतले जङ्गबहादुरले समग्र नेपालको शासनसूत्र आफ्नो हातमा लिएको, महाराजाधिराजको पदच्युति गरेर श्री सुरेन्द्र-विक्रम शाहलाई राज-सिंहासनमा आरूढ गराएको, महाराजाधिराज पदका निमित्त **त्यागेन लाभः** यो सिद्धान्तले एक वर्ष तपस्या गरेर पनि तपस्या पूर्ण हुन नसकेको, आखिर लमजुङ, कास्कीका महाराज पदले नै उनी सन्तुष्ट रहेको इत्यादि कुरा हाम्रा अगाडि छन्। जंगबहादुरले हटाउन खोजेको तत्कालीन नेपालको यो शाहवंशको राजगद्दीमा कसैको दावा चलेन।

श्री ५ त्रिभुवनलाई प्रजातन्त्रको पक्षपाती बन्न यस घटनाले मदत गऱ्यो। दोस्रो महासमरको अन्त्यपछि संसारमा अनेकौं घटना घटे। भारतवर्षलाई अंग्रेजहरूले छाडे। हाम्रो देश स्वतन्त्र छ, हामी स्वतन्त्र छौं। कसैको बहकावमा हामी लाग्दैनौं। संसारमा जस्तो उथलपुथल भए पनि हामी आफ्नो स्वतन्त्रताको नाताले जस्तोको तस्तै रह्यौं, तर यो अभिशाप जस्तै भयो। राणाहरूको पारिवारिक शासन, प्रजातन्त्र-विरोधी भावना, राजा नजरबन्द जस्तै, प्रजा पशुवत् तुल्याइएका, मुलुकको आम्दानी खर्च सबै उनीहरूकै हातमा, सर्वोच्च शासन, सर्वोच्च सेनापति, प्रधान न्यायाधीश सबै एकै व्यक्ति उही राणा प्रधान मन्त्री—यो दुनियाँले देख्न सकेन। यसका निमित्त देशका लागि श्री ५ त्रिभुवनले अगि नसरी भएन।

देश प्रजातन्त्र चाहन्छ। राजा प्रजातन्त्र चाहन्छन्। खुद राणा परिवारका असन्तुष्ट व्यक्तिहरू पनि राणा-शासनको जरो उखेल्न

चाहन्छन्। छिमेकीहरूलाई पनि जहानियाँ शासन मन परेको छैन। यस अवस्थामा राणा-परिवारका प्रधान मन्त्रीका उत्तराधिकारीहरू-बाहेक सबैको एकमत भयो। एकातिर नेपाली कांग्रेस, अर्कोतिर नेपाली आम जनता, फेरि श्री ५ त्रिभुवनको नेतृत्व, छिमेकीहरू जनताको पक्ष––आखिर जहानियाँ शासनको केही लाग्ने भएन। अनेकौं उपाय गरे। धेरै प्रलोभन देखाए, तैपनि त्यो जर्जरित वृद्ध व्यवस्था सदाको निमित्त अस्तायो। राणाहरूको संगठन सदाको लागि पन्छियो।

श्री ५ त्रिभुवनको बाहुलीमा देशको अभिभारा सुम्पियो। जहानियाँ शासनको कडा बन्धनबाट मोक्ष पायो––१०४ वर्षसम्मको शासनमा जकडिएका जनताले। तर जहानियाँ शासनको बाँध फुटेपछि स्वार्थीहरूले मौका भेट्टाए। सुधा-साधा जनता आफ्नो हित पनि सम्झन नसक्ने, यस्तो मौका पाएर जालझेल, बखेडाको अनेकौं षड्यन्त्र चले। सो षड्यन्त्रको मुकाबिला गर्दै श्री ५ त्रिभुवनले प्रजातन्त्रका लागि अथक परिश्रम गरिबक्स्यो। देशमा प्रजातन्त्र व्यवस्था यथार्थ देखाउनका लागि अनेकौं उपाय गरिबक्स्यो। चुनावको मिति पनि निर्णय हुन नसक्दै यही प्रजातन्त्रको वेदिमा उहाँले आफ्नो जीवन अर्पण गरिबक्स्यो। आखिर बाँकी काम आफ्ना सुपुत्र श्री ५ महेन्द्रवीरविक्रमलाई सुम्पेर उहाँले सुरलोकको यात्रा गरिबक्स्यो।

श्री ५ त्रिभुवन अनुपम राजा होइबक्सिन्छ। संसारको इतिहासमा जनताले राजालाई दबाउन खोजेको, आफ्नो अधिकार लिन खोजेका कुराहरू हामी पाउँछौं, किन्तु राजाले जनतालाई अधिकार दिन खोजेको, त्यसका लागि आफ्नो राज-सिंहासनको बाजी लगाएको कतै पाइँदैन। आज जो प्रजातन्त्र-पद्धति मुलुकमा प्रचलित छ, त्यो श्री ५ त्रिभुवनको प्रयत्नले नै आएको हो। यो हामी ठोकुवा गरेर भन्न सक्तछौं। यदि श्री ५ त्रिभुवन तथा उहाँका सुपुत्र यस शुभ कर्ममा नलागेको भए देशमा आज यो व्यवस्था आउन सक्ने नै थिएन।

राणा-शासनमा र अहिले हामी कति फरक देख्तछौं। देश अगि कस्तो थियो, अहिले कस्तो देखिन आएको छ। यो कुरा हामी सबैका अगाडि छ। भनिरहनुपर्ने कुरा नै छैन। हामी यही अवसरमा

तलका पंक्तिद्वारा श्री ५ त्रिभुवनको स्मृतिमा यो सानो स्वशक्तिअनुसारको श्रद्धाञ्जलि अर्पण गर्दछौं––

त्रिभुवन जनताको निम्तिमा कष्ट पायौ
त्रिभुवन जनताकै निम्तिमा ज्यान सुम्प्यौ
त्रिभुवन जनताकै दिव्य आभा बढायौ
त्रिभुवन जनताकै देश यो स्वर्ग पार्‍यौ।

त्रिभुवन नृप आफ्ना देशवासीहरूको
दृढ अटल जमेको दुःख त्यो ध्वस्त पार्‍यौ
नरपति कुन होला स्वार्थ सर्वस्व त्यागी
त्रिभुवन नृपजस्तै को भयो देशप्रेमी?

युग-युग अगिको त्यो विश्वको दिव्य ग्रन्थ
जति पढ तर यस्तै देखिने छैन अन्त
त्रिभुवन-कृति हाम्रो विश्वमा यो नयाँ छ
झलमल यसले नै देश पारीरहेछ।

*****

राष्ट्रपिताको समकालीन नेपाली साहित्य

ठाकुरप्रसाद पराजुली

राष्ट्रपिता श्री ५ त्रिभुवनको शासनकाल नै आधुनिक नेपाली साहित्यको उर्वरभूमि हो। राष्ट्र-निर्माता श्री ५ पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरणसँगै जन्म लिएको नेपाली साहित्य भानुभक्तको वरद हातबाट मलजल हुँदा नहुँदै राणाशासनको अनुर्वर चट्टानमा पछारिनुपऱ्यो। **मकैपर्व** जस्ता काण्डबाट त्रस्त साहित्यकारहरूलाई **चन्द्रमयूख** र **अलंकार-चन्द्रोदय** जस्ता प्रशस्ति-काव्य लेख्न बाध्य हुनुपर्थ्यो। तैपनि वि० सं० १९६८ मा श्री ५ त्रिभुवनको राज्यारोहण भएपछि राष्ट्रपितामा बढ्दै गएका राष्ट्रिय दायित्वका बोधसँगसँगै तत्कालीन हाम्रा साहित्यकारले पनि भविष्यको नयाँ आलोक देख्न थाले। राष्ट्रपिताको निर्देशनमा राजनीतिक कार्यकर्ताहरूको गुप्त संगठन हुन थाल्यो। राणा-शासनको अमानवीय प्रवृत्तिको उन्मूलन र प्रजातन्त्रको स्थापना गर्ने यही मात्र एक लक्ष्य राखेर राजा-प्रजाको सम्बन्ध प्रतिदिन नजिक हुँदै आयो। राजा त्रिभुवनले आफ्नो वरद आलोकमा सिर्जना र प्रगतिका बहुमुखी धाराहरूलाई स्वतन्त्र रूपले बग्ने गति दिए। हुन त उनी आफै राणाको बन्धनभित्र थिए तैपनि उनको आलोक ज्यादै नै उर्वर साबित भयो। युगपुरुषको जन्म प्रायः यस्तै संक्रमण कालमा हुन्छ। यस्ता युगपुरुषको आलोकमा आसपासका जीव-जन्तु र कुना-काप्चाले मात्रै होइन आलोकको प्रकाशले भेटेसम्मका ढुंगो-माटोहरूले समेत ब्यूँझने अवसर पाउँदछन्। नयाँ युगको जन्म प्रायः यसरी नै भएको हुन्छ। हाम्रो यहाँ पनि राष्ट्रपिताको स्नेहपूर्ण आलोक पाएर नेपाली जनजीवन त्यसरी नै ब्यूँझन थाल्यो। आफ्ना बहुमुखी क्रियाकलापहरूतिर प्रत्येक व्यक्ति सचेत रहन थाल्यो।

यही सन्दर्भमा कवि र लेखकहरूले पनि नयाँ र मौलिक अभिव्यक्तिहरू दिन थाले। यही हो आधुनिक नेपाली साहित्यको पृष्ठभूमि।

. राष्ट्रपिताको राज्यारोहण १९६८-मा भए पनि दायित्व-बोध हुनलाई केही समय लाग्ने हुँदा तुरुन्तै नेपाली साहित्यमा यसको प्रभाव देखिएन। लेखनाथको **नैतिक दृष्टान्त, सत्यकलि सम्वाद** र बालकृष्ण समको **मुटुको व्यथा** नै राष्ट्रपितामा आएका राष्ट्रिय दायित्व-बोधका संकेतहरू हुन्। त्यसैले पाँच सात वर्षको तल-माथिमा नअल्झेर वि० सं० १९८०-देखि २०११-सालसम्मको साहित्यिक क्षितिज नै राष्ट्रपिताको वरद आलोकले निर्माण भएको हो र त्यही क्षितिजलाई सरसरती अवलोकन गर्ने यस रचनाको लक्ष्य हो। साहित्य जिउँदो जातिको अभिव्यक्ति हुनाले यस कालको नेपाली साहित्यमा पनि नेपाली जातीयताको सर्वाङ्गीण अभिवृद्धि, यसको अनुकूल वातावरणको सिर्जना, राजा-प्रजाको उकुसमुकुसका उच्छ्वासहरू र यसबाट मुक्ति पाउनका लागि गरिएका नेपालीका साझा प्रयत्नहरू नै सर्वाधिक मुखरित भएका छन्। यसरी आफ्नो स्वतन्त्र अस्तित्वलाई निर्माण गरेको राष्ट्रपिताको समकालीन नेपाली साहित्यलाई विभिन्न विधाहरूमा विभाजित गरी हरेक साहित्यकारहरूका साहित्यिक प्रवृत्तिहरूको छोटकरी मूल्यांकन गर्ने प्रस्तुत सन्दर्भको विवेच्य विषय हो।

काव्य-साहित्य

सत्यकलि सम्वाद (१९७६)-बाट नवयुगीन समाजबोध र **नैतिक दृष्टान्त** बाट उदात्त चेतनाको लागि आफ्नो नैतिक कर्तव्यप्रति सचेत रहने सन्देश लिएर कवि लेखनाथ आए। लेखनाथसँगै नेपाली कविताको नयाँ युग ब्यूँझन्छ, अनि सहस्रौं अरू किरणहरू पनि झलमलाउन थाल्दछन्। छन्द र व्याकरणको पारस्परिक विरोधाभासको अन्त्य र सहजात रूपमा यसको प्रयोग यिनकै हातबाट सम्पन्न भयो। सहजता र कृत्रिमता बीचको शैली नै लेखनाथको शैली हो—जहाँ परिष्कार र हृदयस्पर्शी स्वाभाविकता दुवै गुण पाइन्छन्। चिन्तनमा तीव्र दार्शनिकता र कविसुलभ तीव्र संवेदना यिनको कवितात्मक उपलब्धि हो। त्यसैले समको दृष्टिमा ठूलो दार्शनिक र देवकोटाको दृष्टिमा कोमल संवेदनका

कवि दुवै यिनी हुन पुगेका छन्। स्वामी विवेकानन्द, टाल्सटाय, रवीन्द्रनाथ र महात्मा गाँधीहरूको दार्शनिक प्रभाव यिनमा पाइन्छ। संक्षेपमा दार्शनिकता, सौन्दर्य र स्वभावोक्ति लेखनाथका कवितात्मक विशेषताहरू हुन्। जीवनका नैतिक रेखांकन र आध्यात्मिक उन्मेषप्रति जागरूक रहनु यिनको सन्देश हो। पूर्वीय चिन्तनको प्रकाशमा विश्व-बन्धुत्वभाव र मानवतावादी विचारको उन्मेष गराउनु कविको उद्देश्य रहेको छ। उनले आफ्ना कवितामा समसामयिक जीवनका विविध पक्षहरूको अभिव्यक्ति दिएका छन्। प्राचीनताका सबै किसिमका विकारहरूप्रति पनि यिनले डाक्टरी चिरफार गरिदिएका छन्। उनका समसामयिक युगका विद्रोही भावनाहरूको चरम विकास **पिंजराको सुगा**-मा भएको छ। यसभित्र लेखनाथको आत्मामात्रै छटपटाएको थिएन, सम्पूर्ण नेपाल नै सुगा बनी बोलेको थियो। यिनको **तरुण तपसी** काव्य, भाव, भाषा र शैलीको दृष्टिले उच्च मानिएको छ, यहाँ उनी युगद्रष्टा बनेका छन्। तैपनि सरलता र उच्चताको दृष्टिले कवि-शिरोमणिको सर्वोत्तम कृति हो—**पिंजराको सुगा**। राणा-शासनको पिंजरामा थुनिएको नेपाली समाज नै त्यो सुगा हो। पिंजरा सामान्य पिंजरा होइन, न त त्यो सुगा नै सामान्य सुगा हो। सुगाको साधारण आत्म-कथाबाट कविले आफ्नो उन्मुक्त भावनाको अभिव्यक्ति यहाँ गरेका छन्। शरीरको पिंजरामा थुनिएर पिल्सिएको आत्मा, शहरिया पिंजरामा कुँजिएको पहाडी जीवन र आधुनिक भौतिक संकीर्णताको पिंजरामा साँगुरिएको वर्तमान युग नै उनको सुगा हो। यस्ता अनेकौं प्रतीकात्मक अर्थहरू प्रदान गर्न सक्नु नै **पिंजराको सुगा**-को उच्चता र सफलता हो। **ऋतुविचार** नेपाली प्रकृतिको भण्डार हो। तर **पिंजराको सुगा** र **गौंथलीको चिरबिर**-मा जति युगका चीत्कारहरू कविशिरोमणिका अरू कृतिमा त्यति स्पष्ट रूपमा मुखरित हुन सकेका छैनन्। जनप्रियता र उच्च साहित्यिकताका बीच सधैं नै अन्तर्द्वन्द चलिरहन्छ, तर भानुभक्तको **रामायण** देवकोटाको **मुनामदन** र लेखनाथको **पिंजराको सुगा**-ले यसको परिहार गरेका छन्। त्यसैले नेपाली साहित्यमा यसको मूल्य महान् छ।

बालकृष्ण समको **मुटुको व्यथा** (१९८६) राणाकै परिवारबाट उछिट्टिएको विद्रोहको फिलिङ्गो थियो। यिनले भाव, भाषा

र शैलीमा सर्वथा नवीन प्रयोग गरेका छन्। यिनको दृष्टिमा 'कविता बौद्धिक चेतनाको कोमलता हो।' अर्थात् चेतना बौद्धिक हुनुपर्दछ र त्यसको प्रस्तुतीकरण कोमल हुनुपर्दछ। त्यसैले यिनका कविताले हाम्रो हृदयलाई भन्दा मतिष्कलाई चाँडो स्पर्श गर्दछन्। यसको अर्थ यिनका कवितामा हार्दिकता छँदै छैन भन्ने होइन, हृदयको स्पर्शभन्दा बौद्धिक स्पर्श बढी छ भन्नु हो। कवितामा यिनको बौद्धिकताको लगाम दरिलो हुनाले कल्पना अत्यन्त संयमित बनेको छ। सर्वत्र सामान्य विवेकको प्रभावकारी नियन्त्रण भएको पाइन्छ। त्यसैले संवेग र अनुभूतिका अनियन्त्रित छालहरू यिनमा पाइन्नन्, बरु एक विशिष्ट प्रकारको उदात्तीकरण, भावगत निर्मलता र गम्भीरता यिनका कवितात्मक विशेषताहरू हुन्। उनका सबै कृतिहरू अनुभूतिको तीव्रताले भन्दा दृष्टिको तीव्रताले व्याप्त हुन्छन्। कविले संसारका समस्त दार्शनिकहरूको चिन्तनलाई पचाएर आफ्नो दृष्टि स्थिर गरेका छन्। विचार र वर्णनलाई पूर्णत: वहन गर्न सक्ने यिनको स्वस्थ र स्पष्ट शैली छ। शैलीको कमजोरीबाट कहीं पनि भावपक्ष आहत भएको छैन। यो सफलता कविले स्वीकारेको क्लासिकल शैलीको परिणाम हो।

क्लासिक साहित्यको सृष्टि तब हुन सक्छ जब सभ्यता, भाषा र साहित्य प्रौढ होस्, स्वयं कृतिकारको मस्तिष्क पनि प्रौढ रहोस्। यसको लागि मस्तिष्कको परिपक्वता, शीलको परिपक्वता र भाषाको परिपक्वता हुनु अनिवार्य छ। धेरै अंशमा बालकृष्ण समका कृतिहरूले यी सबै प्रवृत्तिहरूलाई आत्मसात् गरेका छन्। यस कालमा कविता––नाटकबाट पनि यिनले आफ्नो कवि-प्रतिभाको पर्याप्त परिचय दिएका छन्। **देश-भक्ति त मर्दैन चुत्थै देश भए पनि** भन्दै **मुकुन्द इन्दिरा** जस्ता नाटकबाट राष्ट्रियताको शंखघोष गरे। **इच्छा** यही कोटिको कविता हो। कविताको दृष्टिले यिनको **मुटुको व्यथा** नाटक नै सर्वोपरि छ––यस कालमा यिनको कवित्व-शक्तिको चरम विकास **आगो र पानी** खण्डकाव्यमा नै पुगेर भएको छ। जहाँ कविको भावनात्मक बौद्धिक कोमलता र वैज्ञानिक बुद्धिवादले आफ्नो क्षेत्र विस्तार गर्ने पर्याप्त अवसर पाएको छ।

राणाको अनुर्वर शासनबाट मुक्ति पाएर नेपाललाई हँसाउने काममा देशवासीको मात्र योगदान थिएन, प्रवासी पनि उस्तै उत्सुक थिए। **नेपाल तिम्रो मुहडा हँसिलो देखेर मर्छु कि यसै म मर्छु** भन्दै धरणीधर कोइरालाले प्रवासमा पनि स्वदेशको महिमा गाए अनि **जाग जाग अब जागन जाग**-बाट राष्ट्रिय जागरणको शंखघोष गरे। त्यस बेला महानन्द सापकोटा पनि यही धूनमा थिए। देशभक्ति यिनको सर्वोपरि थियो। यिनले आफ्ना सरल गीत र कविताहरूमा विद्रोही भावनालाई पर्याप्त अवसर दिएका छन्। **अब ता विधिको पनि आयु पुग्यो** भनेर यिनले तत्कालीन राणा-शासनलाई हाँक दिएका छन्। प्रवासबाट कोइराला र सापकोटा दुवै कविले आफ्ना सरल कविताहरूबाट जागरणको सन्देश दिंदै नेपाली जन-जीवनलाई प्रजातन्त्रको बाटोतिर डोऱ्याएका थिए।

बडा द्यौता जल्छन् अलिकति त हाम्रा उदयले भन्दै महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि कविता र काव्यको धुरीबाट आफ्नो समकालीन शासनलाई अर्को गोली हान्न आइपुगे। देवकोटा मानवतावादी रोमान्टिक कवि हुन्। उनको मानव हो––'ईश्वरको हाँसो पाएको फूल।' त्यसैले उनी भन्छन्––"यसलाई छोएर नमार।" यिनको रोमान्टिक प्रवृत्तिमा अंग्रेजी रोमान्टिक कविहरू वर्ड्सवर्थ, शेली, किट्स, कलरिज र बाइरनको प्रभाव छ। कविका हरेक कृतिमा युगका भावनाहरू मुखरित भएका हुन्छन् र त्यसबाट मुक्ति पाउनका लागि गरिने छटपटीहरू सलबलाएका हुन्छन्। यिनको शैली सरल हुन्छ। सरलता, उच्चता र सौन्दर्यको एकीभूत संगम हो देवकोटाको **मुनामदन**। यसलाई उनले जीवनकै सर्वोत्तम प्राप्ति ठानेका छन्। कतै यिनी दुर्बोध पनि छन्। यस्तो हुनुको कारण हो कल्पनाको उच्च उडानभित्र विचारहरूले मुक्ति पाउन नसक्नु। कल्पनाको अथाह उडानले कविको व्यापक अन्तर्दृष्टिको परिचय दिएको छ भने शैलीगत परिमार्जनलाई गुमाएको पनि छ। यिनका सबै कृतिहरू मानसिक विश्लेषणदेखि कमजोर छन्। सबैतिर छरिएको यिनको वैचारिक दृष्टिमा एकरूपता नभए पनि कविका **मार्ग र यात्री** कविताबाट उनको अर्न्तदृष्टि पहिलाउन हामीलाई धेरै सहायता हुन्छ। देवकोटाको काव्य-साधनामा विचरण गर्दा हामी उनमा दुई

चरण पाउँछौं। कविका प्रारम्भिक रचनाहरूमा मंगलमुखी अभियानका गीतहरू गाइएका छन् भने उनको उत्तरार्ध जीवनका कवितामा उनी भयंकर क्रान्तिकारी, विकराल र उग्र मूर्ति लिएर उभिन्छन्। **पागल, साँढे, दाल-भात-डुकु, बाघले बच्चा किन खान्छ, प्रभुजी मलाई भेडो बनाऊ, झंझावीर** र **हुरीको गीत** जस्ता कविताहरू उनका यस भावनाका प्रतिनिधि हुन्। यसै अवधिभित्र देवकोटाका प्रतिष्ठा बढाउने **शाकुन्तल महाकाव्य** र **लक्ष्मी निबन्ध-संग्रह** पनि प्रकाशित भैसकेका थिए। यिनले जीवनको सबभन्दा कठिनतम स्थितिमा पनि बनारसमा **युगवाणी**-को सम्पादन गरेर आफ्नो प्रजातान्त्रिक भावनाको सन्देश चारैतिर फैलाएका हुन्। संक्षेपमा रोमान्टिक धाराको मूल प्रवृत्ति हो जडता, यान्त्रिकता र नागरिक कृत्रिमताप्रति विद्रोह र त्यसबाट मानवताको मुक्ति वा स्वतन्त्रता। सरल र प्राकृतिक जीवनतिर आकर्षण, अतीतमुखी दृष्टि, आत्मपरकता र सौन्दर्यमुखी चेतना। सर्वत्र अनुभूति, संवेग र कल्पनाको छताछुल्ल प्रयोग। नेपाली साहित्यमा पनि रोमान्टिक धारालाई अवतरण गराउने कवि देवकोटा नै हुन् र उनलाई यी सबै प्रवृत्तिहरूले एकै चोटि वरण गरेका छन्।

नेपाली साहित्यमा क्रान्ति र प्रकृतिका अर्का कवि हुन् सिद्धिचरण श्रेष्ठ। उनले आफ्नो समकालीन राणा-शासनको विरोधमात्र गरेका होइनन्, तिनका भरौटेहरूलाई समेत **आकृति हो तर रूपविहीन, भाषा हो तर भावविहीन** भन्दै सातो लिएका थिए। राणाको काल-कोठरीभित्र पिल्सिएको यिनको आत्म-चीत्कारभित्र यो सिंगो नेपाल नै पसेर बोलेको छ। **नेपाली हूँ कठिन गरिमा चढ्नलाई सिपालु** जस्ता ओजस्वी कविताबाट देशभक्तिको उदात्त भावनालाई यिनले अगाडि बढाएका हुन्। यिनको क्रान्तिकारी प्रवृत्तिको चरम विकास भएको छ **रणको बाजा**-मा र यसरी **क्रान्तिबिना शान्ति सम्भव छैन** भन्ने कवि कहीं-कहीं गएर पलायनवादी प्रवृत्तिलाई पनि अँगालो हाल्न पुगेका छन्। **जीवन चलिरहेछ** कविताले यही प्रवृत्तिलाई पुष्टि गर्दछ। त्यहाँ कवि केवल वर्तमानदेखि मात्र असन्तुष्ट छैनन् भविष्यलाई पनि उत्तिकै अन्धकार देख्तछन्। सिद्धिचरणको अर्को पक्ष हो प्रकृति। यिनी प्रकृतिको कोमलतामा सौन्दर्य भर्ने कवि हुन्। देवकोटाले झैं प्रकृतिलाई पनि

यिनले आफ्नो कविताको क्रीडाभूमि गराएका हुनाले रोमान्टिक धाराका केही प्रवृत्तिहरू यिनमा पनि देखिन्छन्, तर यिनी अंग्रेजी रोमान्टिक कविहरूदेखि सोझै प्रभावित नभै भारतका छायावादी कविहरूदेखि प्रभावित देखिन्छन्। देवकोटामा झैं कल्पनाको विराट् उडान नभए पनि शैलीमा परिमार्जन यिनको बढी छ। यस्ता कोमल प्रकृतिका कविको हृदय पनि कसरी संघर्षशील हुन पुग्यो? आश्चर्यको कुरो छ। शायद कालकोठरीको प्रताडनको परिणाम यिनी विद्रोही बन्न पुगे। जीवनमा यिनका धेरै प्रवृत्तिहरू देखिन्छन्——क्रान्ति, समवेदना र बौद्धिकता, उनी सर्वाधिक सफल तिनै कवितामा छन् जहाँ प्रकृतिका कोमल भावना र क्रान्तिका संघर्षशील विचारहरूको सम्झौताबाट रमरम बौद्धिकताको जन्म भएको छ। अथवा यस्तो भनौं जहाँ बुद्धि र हृदयको अपूर्व संगम छ। तर भावना यिनको जहाँ पनि सर्वोपरि हुन्छ। यिनका कविताहरू मानवीय संवेदनाका चास्नीले नै बढी हृदय छुन सफल भएका हुन्। त्यसैले मानवका घनीभूत संवेदना, रमरम बौद्धिकता र जीवनमुखी दृष्टिकोणको त्रिवेणी यिनको कविता हो। संक्षेपमा कवि सिद्धिचरणको काव्य-साधनाको कसौटी पनि यही नै हो। यसको पूर्ण विकास **उर्वशी** खण्डकाव्यमा भएको छ र बुद्धि र हृदयले सम्झौता गरेर कविको प्रतिभालाई तिखारेका छन्। तर यस कालमा यिनी **उर्वशी**-का जन्मदाताको रूपमा देखा पर्न सकेनन्, केवल फुटकर कविकै रूपमा बढी परिचित भए। अभाव र प्राप्तिको बाटोमा अभावले नै यिनलाई कवि बनाएको छ। अभावले नै **विश्वव्यथा** जन्माएको हो र दूरीले नै **ओखलढुंगा** जन्मेको हो।

नेपाली साहित्यमा कालिदास र रवीन्द्रनाथ ठाकुरको काव्यकलालाई सफलतासाथ अवतरण गराउने पहिला नेपाली कवि हुन् माधव घिमिरे। यिनी देशभक्ति र सौन्दर्यको फूलपातीले नेपाली साहित्यलाई पूजा गर्ने उपासक हुन्। २००४ सालमा यिनको **राष्ट्रिय झन्डा**-ले नेपालीमा राष्ट्रवादको रगत छचल्काएर प्रजातान्त्रिक बाटोतिर जनभावनालाई मोडेको हो। प्रजातान्त्रिक अभियानका अभियन्ताहरूलाई यिनको **यात्री** कविताले साधना र अविश्रान्त परिश्रमको सन्देश दिएको थियो। **गौरी** र **पापिनी आमा** कविका यस कालका उपलब्धि हुन्।

शोककाव्य **गौरी**-मा करुण रसको चरमोत्कर्ष पाइन्छ भने जातीय छन्दमा लेखिएको **पापिनी आमा** खण्डकाव्यमा बिधवा नारीका सामाजिक विवशताको मनोवैज्ञानिक विश्लेषण भेटिन्छ। सिर्जना र सौन्दर्य कवि घिमिरेका काव्यसाधनाका चरम प्राप्ति हुन्। उनले सिर्जनाका सुन्दरतम क्षणहरूबाट नै कविता गर्ने प्रेरणा पाएका छन्। त्यसैले उनी गौरीलाई प्रेयसीको रूपमा भन्दा बढी प्रेरणादात्री मातृहृदय नारीको रूपमा देख्दछन् र आफू तिनीदेखि वियुक्त भएकोमा संसारै रित्तो भएको अनुभव गर्दछन्। नारीको वास्तविक रूप के हो? यसलाई संवेदनशील हृदय लिएर नारी छाम्ने कवि यिनै हुन्। सर्वप्रथम नारी के हुन्? यसको रहस्य उद्घाटन गर्दै यिनी हाम्रो अगाडि राखिदिन्छन्। **अप्सरा**-को रूपमा यौटी नारी भन्छे---**चाहिन्न बाँझो बनाउने नित्य यौवन मलाई / म बूढी बन्छु सन्तानलाई हृदय चुसाई।** नारी आमा हुन्। उनी सिर्जनाकी प्रतीक हुन्। संक्षेपमा उनी सृष्टिकी सुन्दरतम क्षण हुन्। यस सत्यलाई कविले साक्षात्कार गरिसकेका छन्। नारीका हृदयबाट सिर्जनाका प्रबल वेगहरू कसरी बाहिर निस्कन जुर्मुराएका हुन्छन्। यस तथ्यलाई उनले **पापिनी आमा**-मा अझैं नजिकबाट चिनेका छन्---**भोलीको शिशु मुस्कुराउँछ आजको पीर्तिमा / वैशाखी फूल सपना देख्छ चैतको धर्तीमा।** स्पष्ट छ नारी सिर्जनाभन्दा पनि माथिकी सिर्जना हो। यही हो कवि घिमिरेले देखेको नारीको सिर्जनशील स्वरूप! यद्यपि **कालीगण्डकी, राजेश्वरी** र **सुख र दुःख संचित गर्छु** आदि काव्य र कविता यस कालपछिका हुन् तैपनि कविको त्यस भावनाको चरम परिणति त्यहीं गएर हुन्छ। कविका---**यौटै सानो सरल कृतिमा पूर्ण संसार देऊ / सारा सृष्टि सिंगार्छे इन्द्रधनुको यौटै पनि यो कण/ सिर्जना जस्तो सुन्दर मैले देखिनँ क्यै पनि, अमरावती शून्यमा रच्न चाहन्छु तैपनि**---यिनै कविताहरूले उनका दृष्टिकोणलाई स्पष्टै व्याख्या गर्दछन्। त्यसैले यिनका प्रायः सबै कविता रचनात्मक सन्देशलाई बोकेर हिंडेका हुन्छन् र यसमा सार्वभौमिक आकांक्षाहरू प्रतिविम्बित भएका हुन्छन्। यिनले आफ्नो कवितामा सामयिक र क्षणिक प्रभावलाई भन्दा मानवीय धुकधुकीका चिरन्तन सत्यहरूलाई नै बढी मुखरित गराएका हुन्छन्। त्यसै भएर देवकोटा र सिद्धिचरणझैं टङ्कारोसित क्रान्तिकारी कविको रूपमा यिनी देखा पर्न सक्तैनन्। यिनले भन्न चाहेका कुराहरू

ध्वन्यात्मक वाणीमा भन्छन्। यिनको वाणीमा देवकोटा र सिद्धिचरणको जस्तो पोल्ने आगो नभएर हृदयलाई विह्वल पार्ने रमरम नशा छ। यिनी पनि रोमान्टिक कवि हुन्, तर यिनमा कालिदास र रवीन्द्रनाथको जस्तो परिष्कार छ, भाव र शब्द शय्या दुवै एक अर्काका पूरक छन्। संक्षेपमा माधव घिमिरे सौन्दर्यमाथि गजूर चढाउने सरस्वतीका वरद पुत्र हुन्।

महाकाव्यको उपहार चढाउने सोमनाथ सिग्देलप्रति नेपाली साहित्य ऋणी छ। यद्यपि रामकै आदर्शमा आफ्नो सामाजिक व्यवस्थालाई परिवर्तन गराउन खोज्ने कविका अन्तर्भावनाहरू यस काव्यमा आभासित भएका छन्, तर **आदर्शराघव**-मा उनको यो सामाजिक स्वर गौण रहेको छ। उनी कविभन्दा शास्त्रकार बढी हुन्। उनले अध्ययन र दर्शनको व्यापक परिवेशमा परम्परागत कलावादको पूर्ण प्रतिनिधित्व गरेका छन्। त्यसैले माघ-भारविका शिल्प चमत्कारहरू उनका शाब्दिक र आर्थिक अलंकारहरूमा पूर्णतः विकसित भएका छन्। ड्राइडन, जोन्सन र पोपहरूको नव क्लासिक (अति शास्त्रीय) शैलीको पूर्वीय उत्थान यिनैबाट भयो, तर यिनको कविताको मूल्यांकन गर्ने प्रतिमान पौरस्त्य लक्षणग्रन्थहरू नै हुन सक्दछ। उनी हाम्रो काव्य-इतिहासका एक युग हुन् र यस धाराका आदि र अन्त्य पनि दुवै उनै हुन्। शायद उनको यो काव्य पछि जन्मने **साहित्य-प्रदीप** (आलंकारिक) लक्षण शास्त्रको पृष्ठभूमि थियो।

केदारमान व्यथित नेपाली राजनीतिका कवितात्मक गाथा हुन्। नेपाली राजनीतिको क्रमिक विकास व्यथितको कविता हो, अर्थात् सात सालअघि र पछिका दुवै पक्षहरूलाई यिनले आफ्ना कवितामा मुखरित गराएका छन्। **०९ सालको कविता, त्रिवेणी, एक दिन, संगम** र अरू कविताहरूबाट उनको प्रतिभाको परिचय पाइन्छ। छायावादी र प्रतीकवादी आवरणबाट श्री ५ त्रिभुवनको समकालीन प्रजातान्त्रिक स्वरहरूलाई कविताको रूपमा शाश्वत जीवन प्रदान गर्न यिनी नै सर्वाधिक सफल भएका छन्। कवि व्यथित आफ्नो कविताबाट काव्यमाधुरीका वंशीमात्र भएका छैनन् राजनीतिक रणक्षेत्रका दुन्दुभि

पनि भएका छन्, अर्थात् वीरता पनि उनको काव्यसाधनाको परिवेश हो। कवि व्यथितको काव्यसाधनाको मुटु हो तम:को विरुद्ध ज्योतिको संघर्षको कथा। ज्योति अथवा उज्यालो प्रजातान्त्रिक शक्ति हो र तम अथवा अँध्यारो प्रतिगामी शक्ति। कविले यसलाई प्रकृतिबाट लिएका प्रतीकहरूद्वारा व्यक्त गरेका छन्। उनका शब्दनादहरू भावपथको सहायक बनेरै कवितामा तीव्रता प्रदान गर्दछन्। कवि व्यथितको यो पौरख ०११ सालभित्रकै रचनाहरूबाट प्रकट भैसकेको छ। नेपाली रोमान्टिक कविहरूमा यिनी पनि एक हुन्।

आफ्ना समसामयिक साथीहरूको दगुराइमा पछि पर्नुपर्दा र विभिन्न समालोचकहरूका तीता-टर्रा आक्रमणहरू बर्संदा पनि कत्ति विचलित नभै आफ्नै साधनामा डटिरहने तपस्वी हुन्––भीमनिधि तिवारी र यिनी पनि आफ्नै समसामयिक युगका विवशताहरूबाट घचघच्याइएका कवि हुन्। **काम्यो लुगलुग त्यो** जस्ता कविताहरूमा समसामयिक सामाजिक स्वर नै बढी मुखरित भएको छ। करुण रसका कवितामा नै बढी यिनी सफल देखिन्छन्। हुन त यिनका कविताहरूले **सत्यं, शिवं र सुन्दरम्**-को आलोकलाई साक्षात्कार गरिसकेका छन्, तर सशक्तता र तीव्रतालाई आत्मसात् गर्न उनका कृतिहरू त्यति सबल छैनन्। तिवारी युगसचेत कवि होइनन् भनेर भन्न कसैले सक्तैन, केवल आफूद्वारा प्रस्तुत कुनै पनि विषयको गहिराइलाई स्पर्श गर्न सक्तैनन् भन्ने मात्र आलोचकहरूको गुनासो हो। शुरूदेखि यिनका कविताको क्रमिक अध्ययन गर्दा आफूलाई एउटै स्तरमा राखेका यिनका कविताहरूले यस कुराको राम्रै पुष्टि गर्दछन्। क्रान्तिका प्रमुख योद्धा त्रिभुवन दिवंगत भएको लगत्तै पछि उनको सम्झनामा लेखिएको **यशस्वी शव**-ले तिवारीको क्रान्तिकारी आस्थाको परिचय दिन्छ। प्रसङ्ग करुणकै भए पनि यसलाई तीव्रता प्रदान गरेका छन् राष्ट्रपिताका वीरतापूर्ण क्रियाकलापहरूले।

कवि गोपालप्रसाद रिमाल नेपाली साहित्यमा नयाँ आयाम जोड्ने योद्धा हुन्। उनले नेपाल माताको मुटुको धुकधुकीलाई शब्दबद्ध गरेर अभिव्यक्ति दिएका थिए। के नाटक, के कविता सर्वत्र यिनले आफ्नो समकालीन व्यवस्थाभित्र पिलिसएको मानवीय आत्मालाई जिउँदो

रूपमा उतारेका छन्। 'त्यो हुरी भएर आउनेछ' भनेर उनले प्रजातन्त्रका योद्धालाई उहिल्यै संकेत गरेका थिए, 'तर तिमी पात भएर त्यसको गतिलाई पछ्याउन सक्नुपर्छ' भन्ने आफ्नो सन्देशलाई कसैले वास्ता नगरिदिएर हो कि उनी दिक्क हुन पुगे। क्रान्तिको आवाजलाई कलात्मक आवरणबाट झन् ग्राह्य र शसक्त बनाउने कलाकारमा रिमालको स्थान सर्वोपरि छ। क्रम मिलाएर हेरेमा **आमाको सपना** क्रान्ति-काव्य हो, राष्ट्रिय सपना हो। यो उनको सपना प्रत्येक आमाको हो, साथै जन्मभूमि र विश्वको सृजना-शक्तिको पनि। कविले यहाँ आमाको सपनाबाट क्रान्ति पुरुषको आराधना गरेका छन्। कवि कुनै त्यस्तो युगप्रवर्तकको खोजीमा छन्। उनको आफ्नो दृष्टिकोण स्पष्ट छ। उनी चाहन्छन्—**यहाँ स्वस्थ र स्पष्ट गर्भाधान हुनुपर्दछ, बुद्ध र लेनिन जन्मनुपर्दछ।** कविले यी युगपुरुषका लक्षणहरू हाम्रा राष्ट्रपिता त्रिभुवनमा देखेका थिए र आफ्नो **रजत-जयन्ती** कविताबाट ती युगपुरुषको अर्चना गरेका थिए। क्रान्ति पुरुषका सम्बन्धमा प्रत्येक आमा, प्रत्येक किशोर र प्रत्येक तरुणका मन:स्थिति र प्रवृत्तिलाई रिमालले स्पष्टत: अभिव्यक्ति दिएका छन्। यसको साथै यिनले आफ्ना कविताहरूमा अधिकार, कर्तव्य, ज्ञान, विज्ञान र जागरणले भोकाएको नेपाली समाजको मार्मिक कहानी छोडेका छन्। यिनी पनि मानवीय संवेदनाका कवि हुन्। माधुर्य र रमरम बौद्धिकता पनि यिनको विशेषता हो। यति भैकन पनि यिनले आमा र छोराका भावप्रवण हृदयको सहज उच्छलनद्वारा हाम्रा हृदयका मर्महरूलाई उद्‌घाटन गराइदिएकाले आफूलाई रोमान्टिक कविको पंक्तिमा पुऱ्याएका छन्। कवितामा यिनले अर्को विकल्प नरोजेर गद्यकवितामा नै बाजी राखेको हुनाले यिनी नेपाली गद्यकविताका प्रवर्तक र चरम उत्कर्ष पनि मानिन्छन्। छन्दका बन्धनलाई अस्वीकार गरे पनि छन्दसुलभ गीतितत्त्वलाई भने यिनले चर्को रूपमा मुखरित गराएका छन्। यिनी आफ्ना कवितामा जीवन र प्रकृतिबाट ल्याएका प्रतीक र बिम्बहरूबाट सहज-सौन्दर्यलाई सजाउन समर्थ छन्।

सम र रिमालको परम्परालाई आत्मसात् गर्दै अर्का युवक कवि आए विजय मल्ल। यिनका कविताहरूमा रुन्चे विवशताहरू पाइँदैनन्। युगका अभावहरूलाई यिनले टड्‌कारोसँग बुझेका छन् र निर्भीकतासाथ

प्रस्तुत गर्न समर्थ छन्। यिनको काव्यचेतनाको घुम्टीमा आफ्नो सामाजिक परिवेश सँगसँगै अन्तर्राष्ट्रिय क्षितिज पनि चक्कराइरहेको हुन्छ। त्यसैले कवि विजयको आस्था सार्वभौमिक छ। साध्य मानव-गौण भएर साधन राज्य-सर्वोपरि हुन आएकोमा युगकै मान्यताप्रति यिनी आफ्नो विद्रोह जनाउँदछन्। कविको यस कालपछि प्रकाशित **छोरीलाई मानचित्र पढाउँदा** कवितामा यस भावनाको चरम विकास पाइन्छ। सरलताभित्र हलुका बौद्धिकता र मुटु स्पर्श गर्ने मार्मिकता यिनका कविताहरूमा पाइने चुरो हो।

भुतुचा-को जीवनभित्र तत्कालीन शासनबाट प्रताडित नेपाली समाजको तस्वीर खिचेर भिक्षुले ईँटको जवाफ पत्थरले दिएका छन्। **हाँक दिनहुन्न त्यसलाई सोरिदिन्छे नत्र, त्यही तिम्रो हाडको कंकालको यो ढेर, तिम्रो स्वर्ग !** यो हो भवानी भिक्षुको तत्कालीन राणा-शासनलाई गरेको हाँक, जसमा थियो कविको ओजपूर्ण भावधारा, स्वस्थ भाषा र स्पष्ट दृष्टिकोण, तर यही धारालाई कायम राख्न पछि उनी सफल देखिन्नन्। हिन्दी छायावादी कविहरूको प्रभावमा प्रेम, विरह र व्यथालाई आफ्नो काव्य-क्षेत्र बनाउन खोज्दा कविका भाव, भाषा र शिल्पहरू आफैमा पिल्सिएर, पीडित भएर उन्मुक्त उच्छलन हुन सकेन। त्यसैले उनका उत्तरवर्ती कविताहरूमा शैलीको प्रवाह बग्न सकेको छैन र अभिव्यक्तिले पनि पूर्णता पाउन सकेको छैन।

भिक्षुकै गोरेटोको पथिक भएर प्रेमराजेश्वरी थापा र गोमाले आफ्नो हृत्तन्त्रीभित्र प्रियतमको झंकार बजाउने प्रयास गरेका हुन्। **त्यस देशको खोजी जहाँ पीर कुनै पनि छैन**—मा नै यी दुई कवयित्रीहरूका अभिलाषाहरू केन्द्रित हुन पुगेका छन्।

हृदयचन्द्रसिंहका यस कालका कवितामा पनि यही छायावादी प्रभाव पाइन्छ। यस कालका कथा र एकांकीहरूमा पाइने प्रधानका प्रगतिवादी विचारधाराहरू कवितामा त्यति टड्कारो रूपमा देखिन सकेका छैनन्। यद्यपि प्रियतमको आमन्त्रणभित्र त्यस सुकिलो युगको छाया छैन भन्न सकिन्न, तैपनि मानव-मनका आन्तरिक वेदनाभन्दा सामाजिक वेदनाहरू गौण हुन पुगेका छन्। बरु हृदयचन्द्रसिंहको क्रान्तिकारी

प्रवृत्तिको एक झलक यस कालपछिको उनको **छोरोसित** भन्ने कवितामा राम्रैसँग छर्लङ्गिएको छ। यस कालमा बरु कृष्णचन्द्रसिंह प्रधानका कवितामा प्रगतिवादी दृष्टिकोण टङ्कारोसँग मुखरित भएको छ, तर भावात्मक तीव्रतालाई भने उनको कविताले अँगाल्न सकेको छैन। रत्नध्वज जोशीका कविताले कोमल र मधुर पक्षलाई अँगाले पनि आफ्नो कवितालाई ज्यान दिने काम उनीबाट हुन सकेन, बरु थोरै नै भए पनि युद्धप्रसाद मिश्रका कवितामा मर्मस्पर्शी भावना अभिव्यक्त भएको छ। लेखनाथको शैलीलाई पछ्याएका यिनका कविताहरूले सामाजिक पक्षलाई बढी अँगालेका छन्। श्यामराजा, बद्रीप्रसाद आचार्य, विष्णुप्रसाद धिताल र सत्यमोहन जोशीका कविताहरू सामान्य भावभूमिमै अवस्थित छन्, तर यिनीहरूको भाव र शैली सौम्य र सरल छ।

२००७ सालको क्रान्ति भयो, तर देशको निम्ति बलि चढाउने शहीदहरूको सपना साकार हुन सकेन। राजाले आफ्नो राजगद्दीलाई बाजी थापेको उद्देश्य पूरा हुन सकेन। यी सबै कारणहरूको स्रोत नागरिक हकमा आफ्नो अधिकार र कर्तव्यलाई चिन्ने चेतनाको उदय नहुनु नै थियो। त्यसैले म०वी०वि० शाहको प्रजातान्त्रिक चेतना यसतर्फ आकृष्ट हुन थाल्यो। **जातमा जे छौं, सबै हौं, एक सन्तति देशको** भन्दै कवि म०वी०वि० शाहबाट देशका नागरिकहरूलाई आह्वान गरियो--**तिम्रै हो लेऊ नागरिक हक**! समाजलाई आफ्नो चेतनाप्रति सजग गराउन कवि शाहको ठूलो योगदान छ। समाजको एक पक्ष पंगु र निष्क्रिय रहिन्जेल मानवीय भावनाको विस्तार र समाजको सर्वाङ्गीण उन्नति सम्भव छैन भन्ने कविको दृढ विश्वास छ। **सक्तिन देख्न भन्छिन् सन्तान थरी-थरीका**। कवि शाहको **आमाको पुकार**-भित्र सलबलाएका मार्मिक वेदनाहरू यी हुन्। एकातिर प्रेमको विरह, अर्कोतिर कर्तव्यका महान् दायित्वहरू यिनै दुई किनाराको बीचबाट कवि म०वी०वि० शाहका कविताको मूल फुटेको छ। यद्यपि कवि शाहका भाव, शिल्प र चिन्तनको परिष्कारले यस कालभित्रका कवितालाई सजाउन त्यति सचेष्ट भैसकेका छैनन्, तर कवितामा पाइने गीतितत्त्वले भने सबैलाई प्रभावित पारेको छ। काव्यशिल्पको पूर्ण विकास कविका उत्तरवर्ती कविताहरूमा नै बढी हुन सकेको छ। यद्यपि कवि

शाहका कविता-संग्रहहरू यस कालपछि नै प्रकाशित हुन सके, तैपनि २००८ सालदेखि नै शाहका कविताहरूले नेपालीको हृदयलाई छामिसकेका थिए।

यसै बेला राजधानी बाहिरका माधवप्रसाद देवकोटा पनि यही भावनाले प्रेरित थिए। अनि कविले यो सिंगो नेपालको अभिलाषालाई यसरी आफ्नो काव्यात्मक वाणी दिए--**कतिसम्म म कोपिलै रहुँ? अब आमा, ढकमक्क भै फुलूँ!** हुन त माधवप्रसाद देवकोटा शास्त्रीय कवि हुन् र यिनको शैली र विचार प्रौढ र स्वच्छ छ, तैपनि **कोपिलाको उत्सुकता** जस्ता कविताहरूमा युगका आकांक्षाहरूलाई राम्रोसँग मुटु छाम्न यिनी समर्थ बनेका छन्।

२००७ सालपछिको सामाजिक र राजनीतिक संकीर्णताले गर्दा यस परिस्थितिले पूर्णप्रसाद ब्राह्मणलाई ती संकीर्ण मनोवृत्तिलाई पोलेर आत्थ्यु गराउने **अगुल्टो**-को रूपमा जन्मायो। कवि यहाँ आफ्नो कविताका ज्वालाबाट कुसंस्कार, कुभावना र कुत्सित मनोवृत्तिलाई जलाएर एकताको सूत्रमा सबै वर्ग र जातलाई उनिन आह्वान गर्दछन् र नेपाल साझा धन हो भन्ने सन्देश दिन्छन्। ओजपूर्ण शैलीमा लेखिएका 'ब्राह्मण'-का कविताहरूमा युगका जिउँदा आकांक्षाहरू सलबलाएका हुन्छन्। यिनको भाषा स्पष्ट र परिमार्जित छ।

२००७ सालपछिको सामाजिक संगठन ज्यादै नै जटिल भएर देखा पऱ्यो। पहिले बाफिएका थिए अरूको मारले थिचिएर, पछि बाफिए आर्थिक, राजनीतिक, शैक्षिक र संस्कारगत नफाँडिएको सामाजिक जंगलले घेरिएर। पहिले प्रतिशोधको हुंकार थियो भने पछि नैराश्यको अवसाद। यही वातावरणले अरू धेरै नवयुवक कविहरूलाई युगसचेत कविको रूपमा जन्मायो।

हास्य र व्यंग्यलाई नै चुरो बनाएर रचना गरिएका कुलमणि देवकोटाका कवितामा नवयुगीन आकांक्षाहरू मुखरित भएका छन्। कवितामा नसिलो बौद्धिकता भर्नु यिनको विशेषता हो। भाषा स्पष्ट र शैली परिमार्जित छ। भीमदर्शन रोकाका कवितामा

उक्तिविशेषण पाइन्छ। यिनमा पनि नवयुगीन प्रभाव पर्याप्त छ। आउने पुस्ताका विसंगतिहरूलाई गर्भमा धारण गरेर आएका कवि हुन्——जगदीशशमशेर, तर पछि उनी आफै यसका अगुवा बनेर निस्केको देखिन्न। मोहन कोइराला अर्का जिउँदा कवि हुन्। असहाय र विवशपक्षलाई टप्प उचालेर सहानुभूतिको जनमत संग्रह गर्न कोइराला यस कालका कवितामा पर्याप्त सफल भएका छन्। भाव र भाषा दुवै यिनका नवयुगीन पृष्ठभूमिमा छन्। तर केही कालपछि गएर मोहन कोइराला पहिलेका यी आफ्ना भाव, भाषा र शैलीलाई पूरापूर परिवर्तन गरेर ज्यादै दुर्बोध र दुरूह हुन पुगेका छन्। श्यामदास वैष्णव आफ्ना कविताहरूबाट आफ्नै परिवेश र मान्यताहरूलाई तीक्ष्ण व्यंग्य गर्दछन्। वैष्णवका धेरै भावहरू उकुस-मुकुसमा परेर छटपटाइरहेका देखिन्छन्। ओकिउयामा ग्वाइनका कविताहरूले पनि युगका अभाव-हरूलाई लक्ष्य गरेका छन्। यस कालका प्रगतिवादी कवि हुन्——आनन्ददेव भट्ट। तर यिनलाई कविताबाट अपेक्षित सफलता मिल्न सकेको छैन। माधवलाल कर्माचार्यको कविताले कता-कता वेदना र पीडाले चस्को दिएझैं चस्काउँछन्। दृष्टिकोण उनको निराशावादी देखिन्छ, तर विचारलाई स्पष्ट गराउन यिनले सकेका छैनन्। सौन्दर्य र मधुर पक्षलाई हँसाउन सक्नु जनार्दन समको विशेषता हो। यस कालमा भर्खरमात्र देखा परेका भरतराज पन्तले त्रिभुवनको स्वर्गवासमा रचना गरेको **उर्लेको आँसु** राष्ट्रपिताप्रति अर्पण गरेको श्रद्धापूर्ण फूल हो। ०७ सालपछि राष्ट्रवादको महिमा गाएर प्रवासीलाई स्वदेशप्रति आकृष्ट गराउने कलाकार हुन् धर्मराज थापा र गीति साहित्यको रचना र प्रचार दुवैमा यिनको योगदान छ। नीरविक्रम प्यासी पनि यसै बेला देखिएका हुन्। यस कालभित्र आधुनिक युगको परिवेशमा नवीन भाव, भाषा र शैलीमा कविता गर्ने अरू कविहरूमा गोपाल पाँडे, ऋषभदेव शर्मा, नयराज पन्त र सुन्दरप्रसाद शाह आदिको नाम लिन सकिन्छ।

नाटक-साहित्य

यस अवधिभित्र नाटकको पनि पर्याप्त विकास भयो। समले आफ्नो प्रथम नाटकबाट नाटकीय शिल्प र उच्चता दुवैलाई एकै साथ

उत्कर्षको शिखरमा पुऱ्याएका छन्। **मुटुको-व्यथा**-मा समको कवितात्मकता र त्रासद व्यापारको अपूर्व समागम देखिन्छ। नाटकको विषयवस्तुमा सामान्य जनजीवन र वियोगान्त परम्पराको श्रीगणेश नेपाली नाटकमा समले ल्याएका मौलिक विशेषताहरू हुन्। **मुटुको व्यथा**-को ऐतिहासिक मूल्य छ। वस्तुतः नाटककार सममा दर्शन, कविता र नाटकतत्त्व--यी तीनै कुराको समागम भएको छ। **प्रह्लाद** दर्शन वा चिन्तनले गहकिलो भएको छ भने **मुटुको व्यथा** कवितात्मकताले नाट्यतत्त्वको विकास **अन्धवेग** र **अमरसिंह**-मा राम्रोसँग भएको छ। चरित्र-चित्रणको दृष्टिले समका पात्रहरू व्यक्तिगत चरित्रमा भन्दा बढी कुनै चिन्तन अथवा प्रवृत्तिको प्रतिनिधित्व गर्दछन्। त्यसैले उनका पात्रहरू चिन्तनका मान्यताहरूले थिचिएका हुन्छन् भन्ने कुरा सत्य देखिन्छ। **मुकुन्द इन्दिरा** र **प्रेमपिण्ड** पनि यस कालका उनका उत्कृष्ट नाटक हुन्। उनका नाटकहरू एकातिरबाट राष्ट्रिय भावना र चारित्रिक उत्कर्षलाई बढाउन सफल भएका छन् भने अर्कोतिरबाट नेपाली साहित्यको अन्तर्राष्ट्रिय क्षितिजलाई स्पर्श गराउन पनि उत्तिकै सफल छन्। सम हाम्रो नाटकीय गोरेटेका पहिला यात्री हुन् र नाटकीय राजमार्गका शेक्सपियर पनि।

आफैले नेपाली साहित्यमा नाटकयुगको उद्घाटन गर्नु र आफ्नै नेतृत्वमा त्यसलाई चरम उत्कर्षमा पुऱ्याउनु बालकृष्ण समले पाएका ठूला उपलब्धि हुन्। यिनी नेपाली नाटकका स्रष्टा मात्र होइनन्, यसका अभिनेता पनि हुन्। पात्रहरूको चरित्र-निर्माणमा इब्सनदेखि पनि यिनी प्रभावित छन्; विशेष गरेर **अन्धवेग**-मा। नाटकीय योजना, घटना र पात्रहरूको चरित्र-विस्तारमा त यसलाई अभूतपूर्व सफलता मिलेको छ। यौन-प्रवृत्ति र मनोवैज्ञानिक पक्षको रहस्योद्घाटन गर्नु यसको विशेषता रहेको छ। **मुकुन्द इन्दिरा** पूर्णतः यिनको मौलिक नाटक हो। तैपनि कथावस्तु र घटना-योजनामा महाकवि कालिदासका ऋणी देखिन्छन्। **कुमार सम्भवम्**-को पंचम सर्गमा पार्वतीसँग शिवले लिएको परीक्षा कालिदासको आफ्नै मौलिक देन हो। यससँग मुकुन्दले इन्दिरासँग लिएको परीक्षाले धेरै समानता राख्दछ। **प्रह्लाद** आजको युगलाई छोएको यिनको सन्देश हो। यसबाट यिनले **ज्ञान-विज्ञानको हात जोड्नुपर्दछ कर्ममा** भन्ने सन्देश दिएका छन्।

उनले यस कालमा कविताबाट भन्दा बढी नाटकबाट सफलता पाएका छन्। साहित्यका सबै विधातिर आफ्नो गति विस्तार गर्ने यिनको ध्येय छ, तर उपन्यास यिनीबाट आजसम्म लेखिएको छैन।

भीमनिधि तिवारीले आफ्ना नाटकहरूबाट युगका समस्याहरूलाई जिउँदो रूपमा उभ्याउने कोशिश गरेका छन्। कवितामा भन्दा नाटकमा नै उनका सामाजिक स्वरहरू तीव्र भएका छन्। भोका, नाङ्गा, अशिक्षित र विधवाजस्ता समाजका दुर्बल पक्षलाई उठाउने यिनको ध्येय छ। सामाजिक कुसंस्कारबाट ग्रस्त र पीडित पक्षका समस्याहरूलाई हृदयस्पर्शी रूपमा प्रस्तुत गर्न यिनलाई सफलता मिलेको छ र पाठकहरूमा सहानुभूति पैदा गराउनमा पनि यिनलाई श्रेय आएको छ। कविताको क्षेत्रमा व्यंग्यात्मक कविताले यिनलाई उठाएझैं नाटकमा सहानुभूतिपरक चरित्र र शैलीले तिवारीलाई जयमाला पहिराएको छ भन्नलाई संकोच मान्न हुन्न। तर त्यसबाट सुधारका सम्भावनाहरू मिले पनि पाठक र दर्शकहरूलाई त्यसप्रति विद्रोह जगाउने सशक्त चेतना मिल्न सक्तैन। त्यसैले समाजका दुर्बल पक्षहरूले यिनबाट सहानुभूति पाउँदछन्, सहयोग होइन। यसैले होला यिनका पात्रहरू सजीवतामा भन्दा बढी फोटोग्राफीपनमा उभिएका हुन्छन् भन्ने समालोचकहरूको धारणा छ। परिपक्व चिन्तनको एकरूपता र शैलीगत परिमार्जनको अभाव नै तिवारीमाथि आइलाग्ने आरोपका प्रमुख कारणहरू हुन्। तैपनि **सहनशीला सुशीला, किशान** र **पुतली** नाटकहरूलाई नेपाली समाजले धेरै नै रुचाएको छ। २०११ साल पूर्वका उत्कृष्ट गनिने उनका कृतिहरू पनि यिनै हुन्। संक्षेपमा के निष्कर्षमा पुग्न सकिन्छ भने तिवारीका नाटकहरूमा सामाजिक सुधार नै सर्वाधिक मुखरित भएको हुनाले उनका नाटकहरू विश्वविद्यालयको पाठशालालाई भन्दा जनसाधारणका हृदयको पाठशालालाई नै बढी उपयोगी छन्।

कवितामा झैं नाटकमा पनि गोपालप्रसाद रिमालले क्रान्ति ल्याएका छन्। दुवै क्षेत्रमा उनको समान आधिपत्य छ। **मसान** उनको पहिलो नाटक हो। कविता र दर्शनको बोझ फ्याँकेर नेपाली नाटक रिमालको नाटकसँगै जन-जीवनका घटना, पात्र र बोलीचालीमा

आधारित हुन्छ। यहाँ उनले मानिसको स्वाभाविक प्रवृत्तिलाई बाँझो बनाएर ऐन्द्रिक सुखभोगको कामना गर्ने समकालीन शासन र आजको युगमाथि कडा प्रहार गरेका छन्। आजको विलासीयुग जीवनका उर्वरतालाई निमोठिरहेको छ। एकातिर **मसान** नाटक राणाजमानाको दरबारिया नानीहरूको करुण गाथा हो भने अर्कोतिर बाँझो युगको आत्मकथा पनि। यस नाटकमा युवती र दुलहीका नवजात छोरोप्रतिका अन्तर्द्वन्दहरू केवल मातृत्वका अन्तर्द्वन्दहरू हुन्। यसरी १०४ वर्षको शासनले पिल्सिएकी नेपाली नारी यहाँ आएर जिउँदी भएकी छ। मानसिक अन्तर्द्वन्द र नवयुगका स्वरहरू यहाँ जुर्मुराएर उठेका छन्। रिमालको दृष्टिमा स्वस्थता छ। **मसान** एउटा प्रतीक हो। कथानक यसैको व्याख्याको रूपमा आएको छ। यद्यपि यस कालपछि पनि उनको **यो प्रेम**! नाटक प्रकाशित भएको छ, तर रिमालको ख्याति र स्तर यही **मसान**-ले बनाएको हो। इब्सेनको **पुतलीघर**-बाट **मसान** धेरै नै प्रभावित छ, तर अनुकरण वा चोरी होइन। केही भावहरू उस्तै हुन सक्लान्, तर यो कुनै पनि असम्बन्धित नाटककारहरूमा पनि देखा पर्न सक्तछ। 'मातृत्व' रिमालको नाटकको मूलभाव हो। इब्सेनको **पुतलीघर** नाटकको मूलभाव 'मातृत्व' होइन, पुरुषप्रतिको विद्रोह हो। **मसान**-मा रिमालको आफ्नै व्यक्तित्व छ, नेपाली जन-जीवन छ।

रिमालकै परम्परामा विजय मल्ल र गोविन्दबहादुर मल्ल 'गोठाले' पनि आफ्ना एकांकीहरूलाई लिएर आएका छन्। नाटकबाट सामाजिक जीवनका विभिन्न पक्षहरूको मनोवैज्ञानिक अध्ययन गर्नु यिनीहरूको विशेषता हो। विशेष गरेर नारीहरूको यौन-विकृति र त्यसका कारणहरूको विश्लेषण यिनीहरूबाट भएको छ। २०११ साल-पछि प्रकाशित विजय मल्लको **जिउँदो लाश** र गोठालेको **भूसको आगो**-को तुलनामा यस अवधिभित्र प्रकाशित एकांकीहरू त्यति स्तरपूर्ण हुन सकेका छैनन्। विशेष गरेर विजय मल्ल जसको गति सबैतिर समान छ, तैपनि उनको कलमले सर्वाधिक बहादुरी पाएको क्षेत्र 'नाटक' नै भन्नुपर्दछ। आफ्ना एकांकीहरूबाट श्यामदास वैष्णवले पनि कलमलाई तिखार्दै लगेका छन्। विभिन्न समस्याहरूलाई अगाडि राखेर यिनी आफ्नो व्यंग्य प्रहार गर्दछन्। मनोवैज्ञानिक पक्षमा वैष्णवले त्यति

वास्ता राखेनन्। हृदयचन्द्रसिंहका एकांकीहरूमा **गङ्गालालको चिता** एकांकी संग्रह नै सर्वोत्कृष्ट मान्नुपर्दछ। ऐतिहासिक, सामाजिक र पौराणिक विषयवस्तुलाई आफ्ना नाटकहरूको माध्यम गराए पनि तिनीहरूलाई पूर्णतः आधुनिक पृष्ठभूमिबाट हेरिएको छ। केवल ती-ती युगका भावसत्यलाई मूर्त गराउनु नै नाटककारको यहाँ अभीष्ट रहेको छ। यहाँका कुनै पनि पात्रहरूको मानसिक पक्ष उठ्न सकेको छैन। केवल आर्थिक विवशताहरू नै यी नाटकहरूका केन्द्रबिन्दु हुन्। **नायब रायटर** र **मरुभूमिका लेखक** यिनका उत्कृष्ट एकांकीहरू हुन्। **उनको मुराद** र **गङ्गालालको चिता**-ले हाम्रा वीर शहीदहरूप्रति श्रद्धाको फूलपाती चढाएका छन्। देवकोटाले पनि नछोएको त क्षेत्र नै छैन। उत्कृष्ट भन्न सुहाउने उनको **सत्यवान सावित्री** भन्ने नाटक हो। काव्यतत्त्वबाट त्यस नाटकमा सन्निहित भावधारालाई छुटाउन सफल भए पनि नाटकीयताको दृष्टिले लक्ष्मीप्रसाद देवकोटालाई विशेष विश्लेषण गर्नु आवश्यक छैन। हाम्रा कविशिरोमणि लेखनाथले पनि **लक्ष्मीपूजा** लेखेर नाटककारको पंक्तिमा आफ्नो नाम दर्ता गराएका छन्। दर्ता गराए त्यही नै गनिमतको कुरा हो! नाटकीयताबारे विशेष नकोटयाउनु नै राम्रो होला कि?

उपन्यास-साहित्य

हुन त **सुमती** उपन्यासका जन्मदाता स्व० विष्णुचरण श्रेष्ठले पनि पहिले आफ्नो उपन्यास लेखिसकेका थिए, तर कथातत्त्वको दुर्बलता, सामाजिक सशक्तताको अभाव र औपदेशिक भावको प्रचुरताले गर्दा नयाँ परिच्छेदका प्रवर्तकको आसन उक्त **सुमती** उपन्यासले लिन सकेन। गद्य-साहित्यमा उपन्यास विधाको नयाँ परिच्छेद जोड्ने काम सरदार रुद्रराज पाण्डेबाट नै सम्पन्न भयो। उनको **रूपमती** (१९९१, भूमिकामा उल्लिखित मिति)-ले जासूसी र पौराणिक कथाहरूमा आधारित पुरानो परम्परालाई सदाको लागि अन्त गर्ने आधुनिक उपन्यासको मिर्मिरे प्रभात ल्याएको हो। यहाँ आदर्श मात्र होइन, समसामयिक युग-चेतना र यथार्थवादी झलकको पनि मिलन छ। रूपमतीको कथा धेरैजसो नेपाली परिवारको कथा हो। यसमा सन्निहित सामाजिक चेत र ऐतिहासिक मूल्यलाई नेपाली गद्य-

साहित्यले उपेक्षा गर्न सक्तैन। रूपमतीलाई हेर्दा **वीरसिक्का, वैताल पच्चिसी** र **शुक बहत्तरी** जस्ता उपन्यास-संसारलाई पनि ध्यानमा राख्नुपर्दछ। नेपाली उपन्यास अहिले धेरै लम्बिसकेको छ । विजय मल्लको **अनुराधा**, पारिजातको **शिरीषको फूल**, इन्द्रबहादुर राईको **आज रमिता छ** र ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** जस्ता उपन्यासले आजको व्यापक परिवेशलाई स्पर्श गरेका छन्, तर रूपमतीको महत्त्व यसबाट कम हुँदैन। संक्षेपमा **रूपमती** प्राचीन र नवीन गद्य-साहित्यलाई जोड्ने पुल हो। रुद्रराजका **प्रायश्चित, प्रेम** र **चम्पाकाजी** जस्ता अरू पनि मौलिक र सामाजिक उपन्यासहरू यसै अवधिभित्र लेखिएका हुन्। तर **रूपमती**-ले पाएको ऐतिहासिक मूल्य उनका सबै उपन्यासहरूभन्दा सर्वोपरि छ।

उपन्यासको आधुनिक गोरेटोलाई फराकिलो गराउने काम स्वदेशभित्रबाट भन्दा प्रवासबाट नै बढी हुन सक्यो। रूपनारायण सिंहको **भ्रमर** (१९९३)-ले उपन्यासको लागि अत्यावश्यक कथात्मक योजना, बहुमुखी चरित्र, मानसिक विश्लेषण, यथार्थवादी धरातल, आदर्शको पवित्र रूप र अलंकृत भाषा-शैलीजस्ता तत्त्वहरूलाई भित्र्याएर नेपाली उपन्यासको इतिहासमा नयाँ आयाम थपेको छ। अन्तर्मुखी र बहिर्मुखी चरित्रको विश्लेषण सर्वप्रथम यही उपन्यासबाट शुरू भयो। सबै दृष्टिले **भ्रमर** सफल उपन्यास हो।

मुलुक बाहिर (२००४)-लाई लिएर यसपछि आए लैनसिंह बाङदेल। एउटै कथासूत्रमा दुई अत्यन्त विकट चरित्रलाई गुँथेर बाङदेलले सर्वप्रथम नेपाली उपन्यासमा त्रासद र यथार्थवादी शैलीको धरातललाई स्पर्श गरेका छन्। विदेशिन विवश नेपाली जीवन सर्वप्रथम यही उपन्यासमा आएर बोलेको छ। बाङदेललाई यहाँ सबै दृष्टिबाट सफलता मिलेको छ। त्यसैले भाव र विषय-वस्तुको दृष्टिले पनि **भ्रमर**-को स्तरभन्दा यसको स्तर माथि उठेको छ। **माइत-घर** र **लङ्गडाको साथी** उपन्यासबाट बाङदेलले आफ्ना मनोवैज्ञानिक कुशलताको परिचय दिएका छन्। तर **मुलुक बाहिर**-को तुलनामा विकासोन्मुख प्रतिभाबाट जन्मेका पछिका यी दुई उपन्यास उत्कृष्ट भएर पनि अगुवा

बन्न सकेनन्। जे होस् २०११ साल पूर्वको नेपाली उपन्यासले बाङ्देलकै अधिनायकत्वलाई स्वीकार गर्नुपर्‍यो।

यसपछि **स्वास्नीमान्छे** (२०११) उपन्यासलाई लिएर हृदयचन्द्रसिंह प्रधान आए। वेश्या हुन वाध्य नारी-जीवन, दलित र निम्न वर्गप्रति सहानुभूति र यथार्थोन्मुख प्रवृत्ति उपन्यासकार प्रधानका औपन्यासिक विशेषताहरू हुन्। **स्वास्नीमान्छे**-का पात्रहरू मानसिक स्थितिले कमजोर छन्। त्यसैले सामाजिक आग्रह वा व्यावहारिकता कम भएको सैद्धान्तिक आदर्शमा टाँस्सिन पुगेका छन्। यिनका **छेउलागेर र गङ्गालालको चिता** आदि एकांकी संग्रहका पात्रहरूको पनि यही हालत पाइन्छ। यिनका समस्त पात्रहरूको समस्या आर्थिक विवशताको मेरुदण्डमा आधारित भएको छ। संक्षेपमा यिनी प्रगतिशील साहित्यकार हुन् र कार्लमार्क्सको आर्थिक पृष्ठभूमिमा हृदयचन्द्रका विचारहरू केन्द्रित भएका छन्।

यसभन्दा अघि काशीबहादुर श्रेष्ठका **उषा** र **वचन** उपन्यासहरू पनि प्रकाशित भैसकेका छन्। घटनाप्रधान उक्त उपन्यासहरूमा सामाजिक सुधारलाई बढी ग्राह्यता दिइएको छ। **सुमती** र **रूपमती** विशेष गरेर **भ्रमर** आइसकेपछि प्रकाशित भएका यस्ता कैयौं उपन्यासहरूलाई उल्लेख गर्नुपर्ने आवश्यकता छैन। बरु अच्छा राई रसिकले कलिलै उमेरमा **लगन** र **दोभान** उपन्यास दिएर आफ्नो प्रतिभाको परिचय दिइसकेका थिए। कवितात्मक भाषा र नेपाली जातिको सांस्कृतिक पन **लगन**-को विशेषता हो। मोहनबहादुर मल्लले **माया रानी**, **उजेली छामा** र **पञ्चायत** जस्ता उपन्यासबाट सामाजिक सुधारलाई प्रोत्साहन दिनुको साथै नेपालको जातीय महत्त्वलाई पनि उद्घाटन गराएका छन्। उनको औपन्यासिक विकास यस कालपछि प्रकाशित **समयको हुरी**-मा गएर भएको छ। रुन्दगेरिमिको **एक पापको कथा**, खड्गबहादुरको **विद्रोह**, लीलाध्वज थापाका **मन**, **शान्ति** र **पूर्वस्मृति** आदि उपन्यासका पंक्तिमा उल्लेखनीय छन्। पौराणिक र अनूदित उपन्यासतर्फ ऋद्धिवहादुर मल्लको नाम विर्सन सकिन्न। सर्वतोमुखी प्रतिभा भएका लक्ष्मीप्रसाद देवकोटाले पनि २००४ सालतिर एउटा **चम्पा** उपन्यास लेखेका रहेछन्। जुन उपन्यास वीस वर्षपछि मात्र प्रकाशित हुन सक्यो।

तर देवकोटाले उपन्यासबाट यश आर्जन गर्न सक्तैनन्। चम्पाले आफूभित्र औपन्यासिक विशेषताभन्दा कवितात्मक विशेषता बढी पाउँछ।

यसरी यस कालका उपन्यासहरूले १९९० साल पूर्वका रतितत्त्वमा आधारित अद्भुत, रोमांचक तत्त्व र जासूसी अभिरुचिलाई अन्त्य गर्दै सामाजिक, राजनीतिक, आर्थिक र मानसिक धरातलको पृष्ठभूमिमा आफ्नो रूप निर्माण गर्न थाले। यसबाट हाम्रो सामान्य जन-जीवन पनि आफ्ना सामाजिक, राजनीतिक र आर्थिक चेतनादेखि राम्रै परिचित हुन थाल्यो र यसको प्राप्तिमा सचेष्ट रहन पनि थाल्यो।

कथा-साहित्य

आधुनिक कथा-साहित्यको प्रारम्भिक कालमा गुरुप्रसाद मैनाली, बालकृष्ण सम, विश्वेश्वरप्रसाद कोइराला र पुष्करशमशेरको ठूलो योगदान छ। **शारदा** मासिक (१९९१)-ले नै यस विधाको धरातल उठाए पनि १९९५-मा सूर्यविक्रम ज्ञवालीद्वारा सम्पादित **कथाकुसुम**-को मूल्य सर्वोपरि रह्यो। बालकृष्ण समका कथाहरूले नाटककार शेक्सपियर, इब्सन र बर्नार्ड शाका शैली र चिन्तनहरूलाई पचाएका छन्। यिनले **फुकेको बन्धन, कैकेयी, शरण, तलतल** र **टाँगन घोडा** जस्ता कथाहरूबाट विचार, शैली, भाव र भाषामा परिवर्तन ल्याए। कथा समको गौण प्रयोग हो तापनि यस कालमा उनी कवितामा भन्दा बढी कथामा सफल देखिन्छन्। पुष्करशमशेर कथाकारभन्दा बढी नेपाली भाषाका परिष्कर्ता हुन्। त्यसैले यिनका पात्रहरू उच्चस्तरमा उठ्न सकेका छैनन्। यिनको शैलीले नेपाली वाक्पद्धति र व्याकरण-अनुकूल भाषाको प्रयोग गरेको छ। **परिबन्द** र **स्वार्थत्याग** यिनका उत्कृष्ट कथा हुन्। **परिबन्द**-ले न्याय-व्यवस्थालाई चुनौती दिएको छ भने **स्वार्थत्याग**-ले पतिभक्तिको नयाँ रूप प्रस्तुत गरेको पाइन्छ।

गुरुप्रसाद मैनाली प्रेमचन्दबाट प्रभावित कथाकार हुन्। यिनी ग्रामीण जीवन र नारी-समस्याहरूका मार्मिक क्षणहरूदेखि ज्यादै नजीक छन्। सरलता र सरसता मैनालीको शैलीको मूल नाडी हो। पारिवारिक जीवन यिनको कथामा जिउँदो भएर उत्रन्छ। नारीवर्गले यिनीबाट ज्यादै सहानुभूति पाएको छ। यिनको उत्कृष्ट कथामा **परालको**

आगो-लाई सबैले एकै मुखले मान्यता दिएका छन्। ऐतिहासिक दृष्टिले **नासो**-को महत्त्वपूर्ण स्थान छ। **शहीद** प्रजातान्त्रिक आस्थाको श्रद्धाञ्जलि हो।

यथार्थवादी धरातलबाट यौन-भावनाको सफल एक्स-रे गर्ने कथाकार हुन् विश्वेश्वरप्रसाद कोइराला र फ्रायडका मनोविश्लेषणबाट प्रभावित यिनका कथाहरूमा मोपासाँको यथार्थवादी दृष्टिकोण प्रतिविम्बित भएको छ। **चन्द्रवदन, कर्नेलको घोडा** र **पवित्रा** यस दृष्टिले ऐतिहासिक मूल्य राख्दछन्। कोइरालाका समस्त कथामा सामाजिक र मानसिक विकृतिहरूको उदघाटन भएको छ। यिनका **शत्रु** र **दोषी चश्मा** जस्ता कथामा रमरम व्यंग्य पनि पाइन्छ। सरल भाषाभित्र गहन भाव समावेश गर्न सक्नु, छोटो शैलीमा व्यापक परिवेशलाई भित्र्याउन सक्नु कथाकार कोइरालाको पौरख हो। उनको शैलीमा पाठकको मर्मलाई छुन सक्ने करेन्ट छ।

यस कालका कथामा भवानी भिक्षुले नयाँ मोड ल्याए। पात्रहरूको मानसिक विश्लेषणमा कथाकार भिक्षुलाई निकै अंशमा सफलता मिलेको छ। सामाजिक रतिराग र दाम्पत्य जीवनका पृष्ठभूमिमा लेखिएका यिनका कथाहरू बढी सशक्त छन्। **त्यो फेरि फर्केला ?** जनसामान्यदेखि उच्च चेतनाप्राप्त सबै वर्गले मन पराएको सर्वोत्कृष्ट कथा हो। यस कालमा यिनका **त्यही सात दिन, गुनकेशरी** र **नयाँ इतिहासको प्रारम्भ** कथाहरूले बढी सम्मान पाएका हुन्। भिक्षुको कविताभन्दा कथा नै सफल र स्पष्ट क्षेत्र हो। यिनका पात्रहरू सामाजिक, आर्थिक र मानसिक विवशताबाट पिल्सिएका छन्। मानसिक विश्लेषणमा जति सफलता भिक्षुलाई मिलेको छ, त्यति नै भाषाले साथ दिएको भए साँच्चि नै भिक्षुले नेपाली कथा-साहित्यमा आफ्नो विजयस्तम्भलाई गाड्न सफल हुने थिए। तैपनि यस कालका प्रमुख कथाहरूमा कोहीभन्दा कमी यिनी छैनन्। कथामा रतितत्त्वलाई विकास गराउन यिनको सर्वाधिक योगदान रह्यो। यस कालपछि यिनका **मैयाँ साहेब, गुनकेशरी** र **आवर्त** कथासंग्रहहरू प्रकाशित भए पनि यस अवधिभित्र उनी केवल फुटकर कथाहरूमा मात्र सीमित छन्।

पूर्णप्रसाद 'ब्राह्मण'-का कथाहरू प्रतीकात्मक हुन्छन्। पशुहरूलाई पात्र गराएर सामाजिक मान्यता र राजनीतिक कुरीतिमाथि वज्र प्रहार गर्न यिनी सिद्धहस्त छन्। नेपाली कथा-साहित्यमा यस परम्पराका कथाकार यिनीमात्र एक जना देखिन्छन्। ब्राह्मणका **एक्काइस कथा** र अरू फुटकर कथाहरूले पात्रहरूका मानसिक अवस्थालाई भन्दा **मागृधः कस्यचिद्धनम्**-को सार्वभौमिक सन्देश दिएका हुन्छन्। **म लोग्ने हुँ** कथासंग्रह नारी समस्यामा आधारित छ। यिनको भाषा र शैली प्रौढ र परिमार्जित छ। ०७ सालपछिका यिनका कथाहरू धेरैजसो बुद्धिगम्य भएका छन्। नेपाली प्रतीकात्मक लघुकथाका पनि यिनी सफल प्रयोक्ता हुन्।

तीज, उनको मने र **तारा** जस्ता कथाबाट लक्ष्मीप्रसाद देवकोटा पनि कथाकारको रूपमा उत्रिएका छन्। **तीज** उनको आफ्नै पारिवारिक कथा हो। **नपुंसक प्रजा**-मा उनले राणाको बर्बराइ र जनताको नपुंसक प्रवृत्तिलाई व्यंग्य गर्दै सामाजिक, राजनीतिक र आर्थिक चेतनाको सन्देश छोडेका छन्। यी कथाहरूको मूल्य कथात्मक शिल्प र तत्त्वहरूले भन्दा कल्पनाका विराट् पुरुष देवकोटालाई उनको काल्पनिक बाढीमा हेलिन नदिई संयम र विवेकको परिधिभित्र आकृष्ट गर्न सक्नुमा नै रहेको छ।

भीमनिधि तिवारीले आफ्ना कथाहरूमा सामाजिक समस्या र त्यसको सुधारलाई नै प्राथमिकता दिएका छन्। तर यिनले अन्यत्र झैं यहाँ पनि भाव, भाषा, विचार र शैलीमा नवीन विलक्षणता ल्याउने चेष्टा गरेनन्। कथा-लेखन त कुनै पनि समस्या होइन, त्यो त केवल चुटकी बजाइ मात्र हो भन्ने समझले गर्दा तिवारीका कथाहरू हलुका, एवं जीवनका सूक्ष्म समस्या र मानसिक अवस्थाका विश्लेषणहरूदेखि बाहिर हुन पुगे। त्यसैले परिमाणमा अरू कथाकारलाई तिवारीले जिते पनि स्तरमा अरूले यिनलाई जिते। उच्चताको तराजुले यिनलाई साथ दिएन।

कथा-साहित्यमा मल्ल बन्धुहरूको पनि ठूलो योगदान रहेको छ। गोविन्दबहादुर मल्ल गोठाले र विजय मल्ल यी दुवैका कथामा

यौनसमस्या, जातीय र वर्गीय संस्कारगत समस्याहरू टड्कारो रूपमा देखा परेका छन्। गोठालेका कथामा राजनीति र समसामयिक युग-चेतना बढी मुखरित भएको छ, तर प्रचारवाद छैन। ०७ सालपछि यिनी अझै बढी यथार्थवादी हुन पुगेका छन्। **क्रान्तिको प्रतीक** यसको उदाहरण हो। यस कालमा लेखिएका गोठालेका उत्कृष्ट कथा हुन् : **त्यसको भाले, निद्रा आएन, लक्ष्मीपूजा, कृष्णे र खुकुरी, भाँडो र चुनाव।** गोठालेका तुलनामा विजय मल्लका कथाहरू परिमाणमा केही कमै भए पनि कथाशिल्पको विकास यिनमा सम्पन्नै भएको देखिन्छ। **दश रुपियाँ** र **खेल** कथा यस कालमा बहुचर्चित थिए। यस कालपछि यिनले **कालो चश्मा** र **प्रवेश निषिद्ध देश**-बाट कथा-क्षेत्रमा निकै ठूलो भूकम्प ल्याइदिए।

आफ्नै दाजु विश्वेश्वरका प्रभावहरूलाई ग्रहण गर्दै कथाकार तारिणीप्रसाद कोइराला पनि मानिसका विभिन्न मनस्तत्त्वहरूलाई चिरफार गर्न अग्रसर भए। पूर्णप्रसाद ‘ब्राह्मण’ सँगसँगै यिनले पनि जड र पशुका प्रतीकात्मक पात्रद्वारा सामाजिक विकृतिलाई ढाड भाँच्ने थप्पड दिए। यस दृष्टिले तारिणीका **नर्मदाको कुकुर** र **झूल**-ले निकै ख्याति पाएका हुन्। यिनका व्यंग्यात्मक कथाहरू हास्य र करुणाका पुटले विशेष प्रभावकारी हुन पुगेका छन्। भाषाले अपेक्षित गति पाउन नसक्नुमा कथाकार तारिणीको कमजोरी देखिन्छ।

रमेश ‘विकल’ ०७ सालपछिको जटिल ग्रामीण जीवनको समस्याले जन्माएका कथाकार हुन्। तर यिनका कथाहरू ज्यादै सरल र मर्मस्पर्शी हुन्छन्। विकलको **नयाँ सडकको गीत** कथामा समाजका निम्न र दुर्बल वर्गहरूले जिउँदो सहानुभूति पाएका छन्। संक्षेपमा जुन भावभूमिले रमेश विकललाई प्रसिद्धि दिलायो त्यसको अंकुर यही कथामा प्रस्फुटित भएको छ। वास्तवमा यो अवधि आजका कथाकार रमेश विकलको एक अंकुर मात्र हो, कथाकारिताको एक भूमिका मात्र। शंकर कोइराला पनि ग्रामीण समस्याबाट प्रेरित कथाकार हुन्। ग्रामीण जीवनका विभिन्न तहरूले यिनका कथाहरू चिहाइएका हुन्छन्, तर भाषा र पात्रहरूको स्तर उठ्न अझै सकेको छैन।

वदरीनाथ भट्टराई यस कालमा पौराणिक कथामा मात्र सीमित रहेको देखिन्छ। विषयवस्तु पौराणिक नै भए पनि दृष्टि आजको छ। अथवा यसो भनौं––देश, काल र विचारको पुंनर्मूल्यांकन मात्र गरिएको छ। कथा-शिल्पको संगठित योजनामा भन्दा भाषामा मिठास भर्नुमा नै भट्टराईको बढी पौरख देखिन्छ। शैली विशेषलाई अँगालिएका शंकर लामिछानेका कथाको यो काल केवल अंकुर काल मात्रै हो। तैपनि दृष्टि वैज्ञानिक छ। हृदयचन्द्र सिंहका कथा पनि मानसिक विश्लेषण-देखि टाढै छन्। आर्थिक धरातल नै यिनको भावभूमि हो। यिनी कारुणिक कथामा बढी सफल छन्। कृष्णप्रसाद चापागाईं र केशवराज पिंडालीले कथाबाट हास्यको पुट दिएका छन्। हँसाई-हँसाई थाहै नपाउने गरी सामाजिक विकृतिको गाँठो फुकाइदिनु यिनीहरूका कथाको विशेषता हो।

प्रवासी कथाकारहरूमा शिवकुमार राईको सर्वोपरि स्थान छ। संवेदनामय यिनको शैलीमा हृदय पगाल्ने करुणा छ। प्रायः धेरै कथाहरू दुखान्तबाट टुंगिनु पनि यसको यौटा कारण हो। रवीन्द्रनाथ ठाकुरको विश्वात्मवादबाट यिनी प्रभावित हुनुपर्दछ। राईले आफ्नो संवेदनशील हृदयमा स्वप्निल जगत्का रोमान्सहरूलाई पनि घुलमिल गराएर काव्यात्मक वाणी दिएका छन्। यिनका पात्रहरूमा उदात्त भावनाको अंश बढी देखिन्छ। **प्रकृतिपुत्री, स्मृतिचिह्न, असफल कलाकार** र **माछाको मोल** यस कालका ज्यादै प्रसिद्ध कथा हुन्। यसपछि प्रकाशित **फ्रन्टियर** कथा-संग्रहले शिवकुमार राईको उच्च कथा-शिल्पको परिचय दिन्छ।

एउटै **भ्रमर** उपन्यासबाट उपन्यासको सिंगै एक परिच्छेदलाई बोकेका रूपनारायण सिंह पनि कथामा एक परिच्छेद नै भएर जन्मन्छन्। स्वदेशभित्रबाट गुरुप्रसाद मैनाली आदिले कथा लेख्ने ताका प्रवासमा बसेर यिनले आफ्नो वरिपरिको परिवेशलाई घमाघम कथाको रूप दिदै थिए। भिन्न-भिन्न स्वभाव र प्रवृत्ति भएका असमान चेतनाका पात्रहरूको मनःस्थिति पत्ता लगाउनमा रूपनारायणलाई ठूलो सफलता मिलेको छ। त्यसैले रति, यौन, आर्थिक पृष्ठभूमि, सामाजिक दुरवस्था,

राजनीतिक प्रचार र व्यंग्यात्मक थप्पडहरूलाई यिनका कथाहरूले राम्रो परिचय दिएका छन्। **कथा नवरत्न** उनको प्रकाशित कथा-संग्रह हो। उपन्यासमा झैं यहाँ पनि गद्यको राम्रो प्रयोग यिनले गरेका छन्।

अर्का प्रवासी कथाकार हुन् इन्द्र सुन्दास। यस अवधिभित्रका ज्यादै थोरै कथाहरूबाट यिनले अपेक्षित ख्याति पाएका छन्। उनका पात्रहरू यथार्थताको धरातलमा उभिएका छन् र ग्रामीण जन-जीवनसँग बढी तादात्म्य राख्दछन्। कथाभित्रका हरेक पात्रहरू पाठकहरूको सहानुभूति नपाई छोड्दैनन्, अर्थात् उनीहरूको दीनता ज्यादै मर्मस्पर्शी भएर आएको छ। भावनाहरूको प्रस्तुतीकरणमा उनलाई धेरै नै सफलता मिलेको छ। **अद्भुत रोग** उनको सर्वोत्कृष्ट कथा मानिएको छ। प्रयोगको नवीनता, हास्यात्मक र रोमांचक चित्तवृत्तिको विश्लेषण यसको विशेषता हो।

पूर्णदास श्रेष्ठको **धानको बाला** कथा-संग्रहले मानवीय स्वभावको सूक्ष्म अध्ययन गरेको छ। यिनले आफ्ना कथामा गृहस्थ जीवन विशेष गरेर नारी जीवनलाई टड्कारो रूप दिएका छन्। उत्सुकता र जिज्ञासा-सहितको अन्तले यिनका कथा बढी मार्मिक बनेका छन्। **धानको बाला, सँघारनेर, टुटेको वीणा** र **परिवर्तन** कथा यिनका उपलब्धिहरू हुन्।

यस कालका अन्य प्रमुख प्रतिनिधि कथाकार हुन्––जितेन्द्रबहादुर शाह, गजेन्द्रबहादुर शाह, गङ्गाविक्रम सिजापति, कृष्णबम मल्ल, देवकुमारी सिंह, एम्०लक्ष्मी, मातृकाप्रसाद कोइराला, बोधविक्रम अधिकारी, केशवलाल कर्माचार्य र दौलतविक्रम विष्ट आदि। यस कालका कथाहरूमा धेरैजसो नारी-जीवन र उसका समस्याहरू, रतिराग, पारिवारिक चित्र, आर्थिक र सामाजिक सुधारका स्वरहरू नै बढी मुखरित भएका छन्। नेपाली कथामा रागात्मक शैलीका प्रयोक्ता हुन् एम्०लक्ष्मी र भुवनेश्वर शर्मा। बाल मनोवैज्ञानिक कथामा बालकृष्ण सम र देवकुमारी सिंहको नाम विशेष उल्लेखनीय छ। मातृकाप्रसाद कोइरालाको **पिपाको हवल्दार** आफ्नै किसिमको कथा हो। बोधविक्रम दन्त्यकथाका प्रयोक्ता हुन् र झर्रो भाषाको प्रयोग यिनको विशेषता हो। सामाजिक र पारिवारिक विषयलाई मेरुदण्ड

वनाएर कथा-लेखन शुरू गरे पनि यस कालमा मानसिक दुर्बलताका सूक्ष्म कोणहरू पनि एक-एक गरी अवलोकन गरिए। यस अवधिभित्रका समस्त कथाहरूबाट के कुरा स्पष्ट हुन जान्छ भने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रभावको मेरुदण्डमा नेपाली जीवन उभ्याइएको छ र त्यसलाई सिंगो रूपमा अवलोकन गर्न शुरू गरिएको छ।

निबन्ध-साहित्य

निबन्ध पनि साहित्यको सशक्त विधा हो। प्रायः सबै समकालीन साहित्यकारहरूले यस विधामा पनि हात चलाएका छन्। तर यसका प्रमुख साधकहरूको गणना गर्ने हो भने ज्यादै कम निबन्धकार मात्र हामी पाउँदछौं। शम्भुप्रसादका **महेन्द्रमल्ली र जूनकीरी** जस्ता नमूनातिर नअल्झेर एकै चोटि आधुनिक निबन्धको मैदानमा उत्रिने हो भने यहाँ पनि बालकृष्ण सममा नै सर्वप्रथम हाम्रो दृष्टि पुग्दछ। समको **पानी, त्यो र आत्म विश्वास** विचारमूलक निबन्ध हुन्। निबन्धमा पनि उनको दृष्टि व्यापक छ। निबन्धकारिताभन्दा दृष्टि र दृष्टिभन्दा कवितात्मकता बढी देखिन्छन् उनका प्रारम्भिक निबन्धहरूमा। समको **त्यो** कवितात्मक निबन्ध हो। **बरदाहमा शिकार** उनको वस्तुपरक निबन्ध हो, यसमा शिकारसम्बद्ध वृत्तान्तको वर्णन गरिएको छ।

नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटा नै निबन्धका एकमात्र सम्राट् हुन्। देवकोटाको **लक्ष्मी निबन्ध-संग्रह** अन्तर्राष्ट्रिय निबन्धहरूसँग एकलै भिड्न समर्थ छ। **तिमी मलाई कहीं पनि पाउँदैनौ भने मेरा निबन्धहरू पढ म त्यहाँ पूर्णतः भेटिनेछु**.......... प्रथम निबन्धकार मन्टेगको विचारसँग सहमत भएर देवकोटा पनि आफ्नो निबन्धका बारेमा भन्छन्––**मेरो परिचय मेरै प्रबन्धहरूले सफासँग त्यस पाठकलाई दिनेछन् जो सच्चा श्रद्धाको आँखा लगाएर तिनलाई पंक्तिका बीच-बीचमा पढ्नेछन्।** यसअनुसार हामी पनि देवकोटालाई खोज्न पस्यौं भने आत्मपरक आफ्ना आधा सय निबन्धहरूमा देवकोटा पूर्णतः अभिव्यक्त भएका देखिनेछन्। वास्तवमा आत्मपरक निबन्धहरूको कसी पनि यही हो। देवकोटाको मान्यता, प्रवृत्ति र धारणाहरूको सहज अभिव्यक्ति **लक्ष्मी-निबन्ध संग्रह**-मा भएको

छ। समाज-दर्शन, अध्यात्मवाद, विद्रोह र सुधारभाव नै उनका मूल प्रवृत्तिहरू हुन् र यी सबै प्रवृत्तिहरू उनले आफ्ना निबन्धहरूमा छर्लङ्ग्याएका छन्। नेपाली साहित्यमा यो विधालाई यत्तिकै सशक्त रूप दिन सक्ने महारथी त्यस कालभित्र मात्र होइन, आज पनि अर्को जन्मन सकेको छैन। एक किसिमले आजसम्मको नेपाली निबन्ध साहित्यमा देवकोटा नै आदि र अन्त्य हुन् भनेमा कुनै अत्युक्ति हुँदैन।

आफ्ना आत्मपरक निबन्धहरूमा हृदयचन्द्र सिंहको व्यंग्यात्मक दृष्टि पाइन्छ। प्रधानका वस्तुपरक निबन्धहरूले नारीहरूप्रति सहानुभूति बर्साएका हुन्छन्। भाव र विचार गहन भए पनि भाषा सामान्य छ। वदरीनाथ भट्टराईका निबन्धहरू वर्णनात्मक छन्। परिमार्जित र अलंकृत भाषा भट्टराईको विशेषता हो। सरल भाषामा आफ्ना कोमल भावनाहरू गुँथेर भीमनिधि तिवारीले वर्णनात्मक निबन्धहरू प्रस्तुत गरेका छन् र उपन्यासबाहेक साहित्यका सबै विधामा आफ्नो नाम दर्ता गराएका छन्।

पूर्णप्रसाद ब्राह्मणको भाषा अत्यन्त सशक्त हुन्छ र निबन्धहरू विचारपरक हुन्छन्। राजेश्वर देवकोटाका पनि प्रायः सबै निबन्धहरू वस्तुपरक हुन्छन्। भाषा सामान्य भैकन पनि गतिशील हुन्छ। त्यसैले राजेश्वर देवकोटाका निबन्धहरू छोटा र सरल भैकन पनि गहन विचारले खाँदिएका हुन्छन्। भाषा र साहित्य विशेष गरेर देवकोटाको विषय हो। हास्य निबन्धमा केशवराज पिंडाली नै यस कालका अगुवा छन्। **खैखै** जस्ता उनका निबन्धहरूमा व्यंग्य-भन्दा बढी हास्य छ, तर व्यंग्यको पनि सर्वथा अभाव छैन। हास्य-व्यंग्य साहित्यिक विधामा नभै नहुने साहित्यिक पाचक हो। अरू विधामा जस्तो आज पनि हाम्रो साहित्यमा हास्य-व्यंग्य त्यति सम्पन्न भएर उठ्न सकेको छैन। शंकर लामिछाने यस कालमा आत्मपरक निबन्धकारको रूपमा देखिन सकेका थिएनन्। सामान्य परिचयात्मक निबन्धहरू नै लामिछानेका यस कालका निबन्धहरू हुन्। पछि उनी जीवनको पृष्ठभूमिमा चिन्तन, भावुकता र कवितात्मकताको एउटै संगमस्थल बनेर आफ्ना निबन्धहरूमा उक्लिएका छन्। चूडानाथ भट्टरायका

निबन्धहरू पनि यस कालमा सामान्य नै देखिन्छन्। निबन्धको विषय वस्तुपरक भए पनि शैली आत्मपरक हुन्छ। शैलीमा पनि व्यक्तिगत स्वभावहरू अवतरित भएका हुन्छन्। श्यामप्रसाद पनि **लेखक कसरी बन्ने?** निबन्ध संग्रहबाट वस्तुपरक निबन्धकारको रूपमा देखा परेका छन्। तर उनको भाषा सरल भए पनि त्यति सशक्त हुन सकेको छैन। इन्द्रबहादुर राईले यस कालसम्ममा आफ्नो भाव, भाषा र शैलीलाई परिष्कार गरिसकेका छन्। राईका विषयहरू वस्तुपरक नै भए पनि निबन्धहरू गहन भएर आएका हुन्छन्।

आफ्नो निबन्ध-शिल्पलाई निरन्तर अघि नबढाए पनि विश्वेश्वरप्रसाद कोइराला र गणेशमानसिंहका केही फाटफुट आत्मपरक निबन्धहरूमा निबन्धगत विशेषताहरूले धक फुकाएर बोल्ने अवसर पाएका छन्। विश्वेश्वरप्रसाद कोइरालाले २०११ सालतिर लेखेको **आत्मकथा** सफल व्यक्तिपरक निबन्ध हो। आफ्नो जन्म स्वाभाविक तरीकाले नभै कुनै यौटी डाक्टर्नीद्वारा बलजफ्ती गर्भबाट तानिएकोमा उनी भन्छन्—**आउन त आएँ, तर खुशीराजीसँग आइनँ र ममाथि त्यस दिन बल प्रयोग गरेको हुनाले हो कि म जीवनमा आजसम्म विद्रोही रहें।—सजिलैसँग आफ्नो पक्का विचार बनाई नहडबडाईकन म उत्तीर्ण हुन पाएको भए मेरो र समाजको बीच राम्रो सम्बन्ध स्थापित हुने थियो र परम्पराको पक्का पुजारी हुने थिएँ।** यसरी उनले यहाँ युगसँग सम्झौता गरी आपना व्यक्तिगत मर्महरूलाई उभ्याएका छन्। गणेशमान सिंहको निबन्धमा पनि व्यंग्यात्मक दृष्टि छ, तर गहिराइ र भाषा छैन। भेषराज शर्मा, माधवलाल कर्माचार्य र लवबहादुर प्रधानका निबन्धहरू सामान्य भावभूमिमै रहेका छन्।

समालोचना-साहित्य

नेपाली साहित्यमा निबन्धजत्तिकै समालोचनाको क्षेत्र पनि त्यति विकसित हुन सकेन। निबन्धलाई एउटै देवकोटाले भित्तो पुऱ्याइदिएका हुन्। त्यसरी नै फुकेर बढ्न समालोचनाले पाएन। हुन त समालोचना पनि निबन्धकै एउटा हाँगो हो, तर समालोचनाले साहित्यिक समस्त विधाहरूमाथि टिप्पणी गर्दै जाँदा स्वयं आफैमाथि पनि टिप्पणी

गरिरहेको हुन्छ, त्यसैले समालोचना निबन्धअन्तर्गतको विषय भैकन पनि आफैमा परिपूर्ण एक विषय हो। संक्षेपमा समालोचना साहित्यिक शल्यचिकित्सकहरूको शल्यक्रिया हो।

समालोचनाको क्षेत्रमा रामकृष्ण शर्मा र ईश्वर बराल नै यस कालका अगुवा भएका छन्। स्थिर भएर पुस्तकाकारमा रामकृष्ण शर्माले कुनै समीक्षा-ग्रन्थ नलेखे पनि फुटकर रूपबाट नेपाली साहित्यको व्यापक अवलोकन यिनले गरेका छन्। समालोचनात्मक विवेक शर्माको तीक्ष्ण छ भने बरालको सूक्ष्म। शर्माले प्रारम्भिक कालमा समालोचनामा निष्पक्ष दृष्टि राख्न सकेनन् भन्ने धेरैको गुनासो थियो। हुन पनि **अंग्रेजी साहित्यको प्रभाव र टाक्सिएको नेपाली कविता** शीर्षक समालोचनाबाट तत्कालीन कवि-लेखकहरूको यिनले सातो काडेका हुन्। अधिकांश उनका समालोचनाहरू पढ्दा समालोचकमा हुनुपर्ने निर्भीकता उनमा पाइन्छ। गुण र अवगुण दुवै पक्षमा यिनको दृष्टि प्रखर छ। सामान्य भाषामा समीक्षाको मर्म छुनु यिनको ठूलो पौरख हो। यिनका दर्जनौं समीक्षात्मक लेखहरूको संकलन गरेमा यस कालका प्रमुख साहित्य र साहित्यकारहरू बाहिर परेका छैनन्।

डा० ईश्वर बरालदेखि नेपाली साहित्य आभारी छ। **झ्यालबाट**-मा कथाकै प्रसङ्ग भए पनि नेपाली साहित्यको व्यापक विश्लेषण गर्न यिनी पछि परेका छैनन्। यस कालपछि पनि उनले **हिमालचुली** र **सयपत्री**-को सम्पादन गरेर यसको परिधि व्यापक गराए। भवानी भिक्षुलाई आवश्यकताभन्दा माथि उठाए भन्ने आरोप यिनीमाथि बसिए पनि अरू साहित्यकारहरूलाई निरुत्साहित यिनले पारेनन्। रामकृष्ण शर्माले झैं झटारो हान्ने काम पनि यिनीबाट भएन। बरु भर्खर बामे सर्न लागेको साहित्यले आवश्यक प्रोत्साहन र सहानुभूतिपूर्ण विवेक बरालबाट पायो। विषय-वस्तुलाई केस्रा-केस्रा पारेर मुटु भेट्टाउने विवेक डा० बरालको विशेषता हो। शैली यिनको अलंकृत हुनाले आकर्षक छ। तर भाषा क्लिष्ट र जटिल छ।

बालचन्द्र शर्मा पनि यस क्षेत्रमा प्रवेश गरेका छन्। तर उनले यस क्षेत्रलाई आफ्नो साधनाको विषय गराएनन्। तैपनि सामाजिक

वातावरणको पृष्ठभूमिमा प्राचीन साहित्यको व्याख्यात्मक समीक्षा यिनले गरेका छन्। बाबुराम आचार्यले अनुसन्धानात्मक विवेचना गरेका छन्। यिनको **पुराना कवि र कविता** प्राचीन साहित्यको पथ-प्रदर्शन गर्ने एकमात्र अगुवा बनेको छ।

समालोचनाका प्रखर प्रतिभा भएका अर्का विद्वान् हुन् यदुनाथ खनाल। पौरस्त्य र पाश्चात्य दुवै मापदण्डलाई आत्मसात् गरेका खनालको आलोचक दृष्टि संयम र सन्तुलित छ। आफ्नो कलम चलाउनुअगाडि हरहमेशा विश्व-साहित्यको मोडलाई उनी ध्यानमा राख्दछन्। तर उनको यो उर्वर प्रतिभालाई नेपाली साहित्यले धक फुकाएर उपयोगमा ल्याउन सकेको छैन। खनालको **समालोचनाको सिद्धान्त**-ले करीब दुई दशकसम्म पथप्रदर्शन गर्दै आए पनि अब त्यसको शक्ति प्रतिदिन कम हुँदै गएको आज सबैले अनुभव गर्न थालेका छन्। संक्षेपमा यदुनाथ खनालको ठोस उपलब्धिलाई नेपाली साहित्यले अझै पाउन सकेको छैन।

रत्नध्वज जोशीको समालोचनात्मक प्रतिमान विवेचनात्मक-भन्दा परिचयात्मक बढी छ। त्यसैले विवेच्य विषयको नारी छाम्न यिनको कलम असमर्थ छ। यस कालमा कविता र समालोचना दुवैतिर लागेको हुनाले यिनले परिपक्व दृष्टिलाई हस्तगत गर्न सकेका छैनन्। समालोचनाको लागि अपेक्षित भाषा यिनको कमजोर छ। ओजपूर्ण शैली र भाषागत सशक्तताबिना समालोचना त्यति प्रभावकारी बन्न सक्तैन।

हृदयचन्द्रसिंह प्रधानले मार्क्सवादी पृष्ठभूमिमा नेपाली साहित्यको विवेचना गरेका छन्। त्यतिमात्र होइन, साहित्यका विभिन्न धारालाई समीक्षा गर्ने प्रतिमान पनि आफैले निर्धारण गरेका छन्। तर यिनी आफै प्रतिपादित सीमाभित्र रहन सकेका छैनन्। प्रगतिशील समीक्षकमा हुनुपर्ने आवश्यक उदारता यिनमा छैन। भान हुन्छ कतै-कतै यिनी वर्गीय संकीर्णताबाट पनि मुक्त हुन सकेका छैनन्। त्यसैले उनको समीक्षात्मक दृष्टिकोण स्पष्ट हुन सकेको छैन। उनको प्रगतिशील र सत्यं, शिवं, सुन्दरम् अस्पष्ट विचारमा जेलिएका छन्। तैपनि **शेक्सपियर**

र कालिदासहरूका कृति असल भएर राम्रो भए जस्तै आज प्रगतिवादी कविता असल भएर राम्रो हुन सकेको छैन। यस भनाइबाट अनुमान गर्न सकिन्छ––उनी भावनामा प्रगतिवाद र शिल्पमा कलात्मक परिष्कार चाहन्छन्। अर्थात् शेक्सपियर र कालिदासको जस्तो कलात्मक परिष्कारले प्रगतिशील भावनालाई सजाउनुपर्छ भन्ने यिनको दृष्टिकोण बुझिन्छ। तर व्यावहारिक समालोचनाले यिनको यस भनाइलाई साथ दिन सकेको छैन। जे होस् हृदयचन्द्रले बालकृष्ण समका केही नाटकहरूको र अन्य कृतिहरूको समीक्षा गरेर नेपाली साहित्यमा सहयोग पुऱ्याएका छन्।

कृष्णचन्द्रसिंह प्रधानमा समालोचनात्मक सन्तुलन हृदयचन्द्रसिंहमा भन्दा बढी छ। यिनको दृष्टि स्पष्ट र स्वस्थ छ। तर यस कालमा समालोचकमा भन्दा प्रगतिवादी कविको रूपमा यिनी बढी परिचित छन्। यस कालपछि यिनले कवि व्यथितका कवितामा समालोचना गरेर आफूलाई सफल आलोचकको रूपमा परिचित गराए। गोविन्दप्रसाद लोहनीले पनि आर्थिक र मनोवैज्ञानिक पक्षलाई आफ्नो समालोचनात्मक तराजुको ढक गराएका छन्। तर यस आधारमा व्यावहारिक समीक्षा गरेको कतै देखिन्न। यस कालमा चूडानाथ भट्टरायले आफ्नो क्षेत्र विस्तार गरिसकेका छैनन्। उनका समालोचनात्मक निबन्धहरूमा समीक्षात्मक विवेकभन्दा दार्शनिक गहिराइ बढी पाइन्छ। समालोचना भनेर नभने पनि राजेश्वर देवकोटाका निबन्धहरूमा समालोचनात्मक विवेक पर्याप्त पाइन्छ। छोटा निबन्धहरूमा छरितो भाषा र स्पष्ट दृष्टिकोण देवकोटाको विशेषता हो। यस्तै लक्ष्मीप्रसाद देवकोटामा पनि समालोचनात्मक दृष्टि नभएको होइन, तर उनमा विवेकको भन्दा भावनाको आधिक्य हुनाले देवकोटाको हातबाट समालोचनाको प्रतिष्ठा हुन पाएन। तैपनि **शारदा** (१९९९)-मा प्रकाशित उनको **छोटा किस्सा** लेखबाट कथासम्बन्धी मान्यता स्पष्ट हुन्छ। देवकोटाको व्यावहारिक समालोचना नपाइए पनि हृदयचन्द्रसिंहको **केही नेपाली नाटक**-को भूमिका, **नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष र पं० लेखनाथको विषयमा** जस्ता निबन्धहरूबाट समालोचनाको नारीलाई पक्रेका छन् र समालोचनाको मार्गलाई प्रशस्त गराइदिएका छन्। यस कालपछि लेखिएको यिनको **तरुण तपसी प्रदक्षिणा**-मा त यिनी पूर्णतः समीक्षकको

रूपमा देखिए क छन्। माधवलाल कर्माचार्यका समीक्षाहरू सामान्य परिचयात्मक हुन्छन्। यस कालमा समालोचनालाई आफ्नो विषय नबनाए पनि विभिन्न पुस्तकहरूको सम्पादन, भूमिका र सम्मतिहरूमा सूर्यविक्रम ज्ञवाली, वदरीनाथ भट्टराई, सोमनाथ सिग्देल, सिद्धिचरण श्रेष्ठ, शंकरदेव पन्त र माधव घिमिरे आदिका विचारहरूमा समालोचनात्मक दृष्टिहरू पर्याप्त पाइन्छन्। सोमनाथ सिग्देलले आफ्ना रस र अलंकारसम्बन्धी मान्यताहरूलाई आधुनिक साहित्यको पृष्ठभूमिमा पुनर्मूल्यांकन गरिदिएको भए निश्चय नै उनी पनि नेपाली साहित्यका रामचन्द्र शुक्ल हुने थिए। तर उनका मान्यताहरू केवल उनकै **आदर्शराघव**-का दायराभित्र मात्रै सीमित रहे। नयाँ दृष्टि पाउन सकेनन्। कालिम्पोङबाट भानुभक्त आचार्यको सम्बन्धमा भाइचन्द प्रधानले तुलनात्मक पुस्तक लेखेर आफूलाई एक समालोचकको रूपमा उभ्याएका छन्। प्रधानको भाषा सामान्य भए पनि शैली प्रौढ छ।

यसरी यस कालमा समालोचकहरूतिर दृष्टि लगाउँदा नेपाली उपन्यास र निबन्धतिर भन्दा पनि संख्याको दृष्टिले समालोचकहरू बढी देखिन्छन्। तर धेरैजसो समालोचकहरू सामान्य भावभूमिमै रहेका छन्। कुनै पनि कृतिलाई सामान्य रूपले परिचय दिनु समालोचना होइन, यसमा आफ्नो मान्यता र प्रतिमान पनि हुनुपर्दछ, दृष्टि हुनुपर्दछ र ती समीक्षात्मक रचनाहरूमा मार्ग-निर्देशन गर्न सक्ने तागत हुनुपर्दछ। परम्परा र व्यक्तिगत प्रतिभाको विश्लेषण गर्न सक्ने मौलिक क्षमता नभएसम्म ती समीक्षा र समीक्षकहरू समालोचनाको कसीमा खरा उत्रन सक्तैनन्। यस दृष्टिले हेर्दा नेपाली साहित्यका समीक्षकहरू ज्यादै नै कम हामी पाउँदछौं।

उपसंहार

२०११ सालसम्मको नेपाली साहित्यलाई यसरी सरसर्ती सिंहावलोकन गर्दा संख्यात्मक र गुणात्मक दुवै दृष्टिले कविताको क्षेत्र सबभन्दा फराकिलो देखिन्छ। त्यसपछि कथा र यसपछि मात्र नाटक। यस कालमा स्वदेशभित्र नेपाली साहित्यको श्रीवृद्धि गर्न **शारदा**-को सबभन्दा बढी योगदान रह्यो। अनि **प्रगति** र **साहित्य-स्रोत**-को। प्रवासमा नेपाली साहित्य सम्मेलन, दार्जिलिङ र त्यसका संचालकहरू धरणीधर

कोइराला, सूर्यविक्रम ज्ञवाली र पारसमणि प्रधानहरूको अविस्मरणीय सहयोग रहेको छ। भाव र स्वरको दृष्टिले सात सालपहिलेका कृतिहरूमा देशमा प्रजातान्त्रिक चेतना ल्याउन र समसामयिक राणा-प्रशासनको अमानवीय बर्बराइलाई उन्मूलन गर्न सबै साहित्यकारहरूको ध्यान केन्द्रित रहेको छ। सात सालपछिका कृतिहरूमा प्रजातान्त्रिक चेतनाको सामाजिक रचनामा पर्याप्त विसंगतिहरू देखा पर्न थाले। यस पृष्ठभूमिले नेपाली साहित्यलाई झन् नयाँ दिशा र फराकिलो दृष्टि संकेत गर्न थाल्यो। २०११ सालपछिको साहित्यमा यसको टड्कारो रूप हामी देख्न सक्तछौं।

यसरी नेपाली साहित्यले मानवीय जीवनका परिपार्श्वमा रहेर जीवनकै धुकधुकीको किनाराबाट आफ्नो यात्रा शुरू गरेको छ। जीवन्त साहित्यको यो स्वाभाविक लक्षण पनि हो। सात सालअघि र पछि दुवै काल नेपालीहरूको लागि संकटपूर्ण रह्यो, तैपनि यही काल नेपाली साहित्यको लागि उर्वर साबित भयो। सात सालअघि अभाव र बन्धनको संकट थियो भने सात सालपछि सिर्जनाको प्यास र चेतनाको प्राप्तिको निमित्त छटपटिएको संकट थियो। भावी शिशुको मुस्कानभित्र आपनो सुखद आलोक देख्ने आसन्न प्रसवा नारीले आफ्नो संकटपूर्ण क्षणलाई बिर्सिएझैं प्रजातान्त्रिक चेतना र जागरणका वंशी राष्ट्रपिता श्री ५ त्रिभुवनको वरद आलोकमा आफ्नो भावी युगको स्वर्णिम मुस्कान देख्ने सात सालअघि र पछिका नेपाली साहित्यकारहरूले सिर्जनात्मक क्षणका आफ्ना सबै संकटहरूलाई बिर्सिदिए। त्यसैले यस पृष्ठभूमिका समस्त श्रेय राष्ट्रपिताकै वरद आलोकलाई दिन सक्तछौं। राष्ट्रपिता त्रिभुवन नेपालका युगपुरुष हुन्। अर्थात् उनकै नेतृत्वमा नेपालले नयाँ जन्म पायो। कुनै पनि युगले आपनो देशमा अमानुषिक अत्याचारको पराकाष्ठा नपुगीकन यस्ता व्यक्तिलाई जन्म दिंदैन। त्यस्तै, यस्ता युगप्रवर्तकहरू पनि रित्तै आफू जन्मन्नन्। आफूसँगसँगै क्रान्ति र सिर्जनाका सयौं सम्भावनाहरूलाई साथमा लिएर जन्मेका हुन्छन्। हिउँदको वादल पनि बादल हो, वर्षाको बादल पनि बादल। तर वर्षाकालीन बादलमा यो समस्त धरतीलाई हराभरा गराएर जीवनी संचार गराउने जुन क्षमता छ, त्यो हिउँदकालीन बादलमा कसरी पाउनु? राष्ट्रपिता

त्रिभुवन पनि वर्षाकालीन बादल थिए, त्यसैले स्वदेशभित्र उनले सयौं चेतना र सिर्जनाका लहरहरूद्वारा नयाँ जीवनको प्रतिष्ठा गराए। आधुनिक नेपाली साहित्य यसैको एक परिणाम हो। यसरी राष्ट्रपिताको वरद आलोकमा सिर्जनाका सयौं सम्भावनाहरूलाई लिएर आएको नेपाली साहित्य आज उनकै सुयोग्य उत्तराधिकारीको संरक्षणमा अझै विशाल र फराकिलो हुँदैछ। हिजोका सम्भावनाहरूले आज प्रतिष्ठा पाउँदै छन्। हिजो राष्ट्रपिताको आलोकमात्र थियो भने आज राष्ट्रनायकलाई नै एक सिर्जनशील कविको रूपमा नेपाली साहित्यले पाएको छ। साहित्यिक समुन्नतिका लागि यो शुभ संकेत हो।

*****

श्री ५ त्रिभुवन र कविशिरोमणि लेखनाथ

डमरुवल्लभ पौडेल

शिवकुमारी——बाबु ! कविता देऊ रे।

लेखनाथ——कसलाई ?

शिवकुमारी——मौसूफ सरकारलाई, मीठा-गतिला !

लेखनाथ——तपाईं लैजान सक्नुहुन्छ ?

शिवकुमारी——सक्छु।

लेखनाथ——थाहा पाए भने ?

शिवकुमारी——म चोलोमा लुकाएर लैजान्छु। जीउ त खोल्दैनन्।
(काखीभित्र एउटा खल्ती देखाउँछिन्।)

लेखनाथ——कसरी दिनुहुन्छ ?

शिवकुमारी——ज्यूनारको समयमा।

लेखनाथ—— त्यसो भए त मेरो पनि ठूलो इच्छा पूर्ण हुने थियो। तर यो कुराको सुइँकोपर्यन्त कसैलाई थाहा नहोस् है ?

शिवकुमारी——किन दिन्थें, थाहा भयो भने न तिमी रहन्छौ न म नै !

लेखनाथ—— लौ यो लिनुहोस्, बेला-मौकामा आउनुहोला। म ठीक पारिराख्नेछु। मौसूफमा मैले यसरी सहयोग चढाउन पाएकोमा अहोभाग्य सम्झेको छु भन्ने कुरा बिन्ती चढाइदिनुहोला।

शिवकुमारी——हुन्छ।

यो थियो १९८६-८७ सालतिरको कुरा–दुई जना नाति र बज्यैको कोठाको सुटुक्की संवाद। खास कुरा यस प्रकारको छ–– बनारसमा बसेकी कविशिरोमणि लेखनाथकी पितामही आफ्ना खसम बनारसमा परलोक भएपछि काठमाडौं आइन्। त्यसताका राणा प्राइम्मिनिस्टर भीमशमशेरका केटाकेटीलाई कवि पढाउँथे। उनकी बज्यैको आशयअनुसार कविले नारायणहिटी राजदरबारमा भनसुन गर्दा मौसूफ सरकारको ज्यूनार तयार गराउने काममा उनी नियुक्त भइन्। समय-समयमा उनी आफ्नो नाति लेखनाथलाई भेट्न ठमेल सल्लाघारीमा आउँथिन्। यो संवाद त्यही बखतको थियो।

राजालाई आफ्ना अधीनमा राखी मौसूफकै नामबाट मुलुकको सम्पूर्ण शासन गर्ने त्यस बेलाका शासकहरू आफ्ना परिवारको सुख-समृद्धिमा लागेका थिए। तर उता एक विशिष्ट उदार महामना मौसूफका हृदयमा 'मेरा जनता चुसिए, यिनीहरू सभ्य संसारमा प्रवेश गर्न पाएनन्, यिनीहरूलाई स्वतन्त्रता र जागृतिको चेतना हालिदिन पाए, तिनीहरू सामुन्ने गएर तिनको दुःख-दर्द मेटाउन पाए म राजा भएको सार हुने थियो' भन्ने लाग्दथ्यो। मौसूफ आफूलाई राणाप्रदत्त सुरा-सुन्दरीको चक्रव्यूहबाट मुक्त गराउन व्यग्र भैबक्सिन्थ्यो। अनि जर्मन राष्ट्र-निर्माता राजा फ्रेडरिकजस्तै बन्ने इच्छा गरिबक्सिन्थ्यो होला।

मौसूफलाई ई० १९०५-देखि १९५०-पर्यन्त कडा नियन्त्रणमा राखिए पनि बल र विचारको द्वन्द्वमा बललाई विचारले नै पछार्ने सिद्धान्तले गर्दा मौसूफको सही प्रजातान्त्रिक विचारधारालाई बलले केही गर्न सकेन। कडाइ भए तापनि राजनीतिक, साहित्यिक, सांसारिक आदि विचारधाराका-मौसूफले चाहेका कविताहरू आपनी बज्यै शिवकुमारी-मार्फत चढाएर सबतो सहयोग गरेको थिएँ भन्ने कुरा स्वयं कविले भन्नुहुन्थ्यो।

उक्त कुरा यसबाट पनि प्रस्ट हुन्छ––प्रभाकरी कम्पनी बन्द भएपछि बनारसबाट सरदार राममणि यहाँ आए। अनि उनलाई तत्कालीन प्रधान मन्त्री चन्द्रशमशेरले श्री ५ पृथ्वीवीरविक्रम शाहदेवको मुमातर्फ काम गर्नेमा नियुक्त गरिदिए। त्यस समयमा कवि-

शिरोमणि काठमाडौंमै हुनुहुन्थ्यो। त्यही समयमा गोरखा भाषा प्रकाशिनी समिति (पछि नेपाली भाषा प्रकाशिनी समिति) सरदार राममणिको अध्यक्षतामा आयो। त्यसमा लेखनाथले खूब मद्दत गरेकोले राममणि लेखनाथको निक्कै सह्मानी गर्दथे। त्यही समयमा राजदरबारमा पृथ्वीवीरविक्रमका मुमाबाट 'एउटा नेपाली नाटक बनाएर ल्याऊ' भन्ने हुकुम बक्सेछ। यो कुरामा स० राममणिले कविलाई प्रेरणा गरेछन्। अनि कविले **भर्तृहरि** नाटकको नेपालीमा अनुवाद गरिदिनुभएछ। सो नाटक दरबारमा खेलियो। त्यस समयमा सानै भइबक्सिए पनि मौसूफ श्री ५ त्रिभुवनले बडो चाख मानेर हेरिबक्सेर अन्त्यमा हुकुम भयो रे—"यो नाटक कसले बनायो?" उत्तरमा 'कवि लेखनाथले' भन्दा त्यति बेला नै उदार राजनीतिक एवं साहित्यिक महामना मौसूफका हृदयमा देशप्रेम र यी कविबाट समयमा केही कुरा पाउने कुनै भाव उदायो होला। जुन भाव पछि आएर 'कविता मागेर ल्याऊन तिम्रो नातिसँग' भनी शिवकुमारीलाई बराबर नातिकहाँ पठाएको कुराबाट प्रस्ट हुन्छ। यो कुरा निज कविबाट र कविकी बज्यैबाट यस लेखकले थाहा पाएको थियो। त्यो नाटक समयानुसार केही परिवर्तन गरी हाल नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको छ।

यसरी मौसूफ सरकारको राजनीतिक जीवनको साथै साहित्यप्रति पनि अभिरुचि थियो भन्ने कुरा ज्ञात हुन्छ। यस प्रकार मौसूफको सही विचारधारालाई नेपालका विभिन्न क्षेत्रका विभिन्न विद्वान्हरूले लुकी-छिपी मौसूफको सदिच्छालाई सक्तो सहयोग गरे। २००७ सालमा मौसूफबाट महान् त्याग र तपस्या गरिबक्सी जनतालाई जहानियाँ शासनबाट मुक्त गरी प्रजातन्त्रको स्थापना गरिबक्सियो। अनि प्रत्येक विद्वान्हरूलाई आफ्नो-आफ्नो क्षेत्रमा आफ्नो योग्यतानुसार मान-पदवीबाट कदर गरिबक्सियो। कवि लेखनाथलाई 'कविशिरोमणि' पदवी बक्सियो। कविले पनि मौसूफका प्रति निक्कै कविता रचेका छन्। यसरी मौसूफप्रति कविशिरोमणिज्यूको श्रद्धा थियो र भक्ति पनि।

*****

असाधारण राजा

डिल्लीरमण रेग्मी

श्री ५ त्रिभुवन असाधारण राजा हुनुहुन्थ्यो। आफूलाई बाँध्ने जन्जीरमात्र होइन प्रजालाई दबाउने शक्तिलाई पनि तोड्न श्री ५ त्रिभुवनले जनताको साथ दिनुभयो। २००७ सालको परिवर्तन ल्याउनमा उहाँको ठूलो देन छ। गद्दीको वाजी थापी सामन्तशाहीको बरखिलाफ जनतासँग उहाँले काँधमा काँध जोर्नुभो। त्यसैले उहाँ असाधारण पनि हुनुहुन्थ्यो र साधारण याने जनसाधारणसँग भ्रातृप्रेम गर्न सक्ने राजा पनि हुनुहुन्थ्यो।

२००७ सालको राजनैतिक परिवर्तनपछि राजाको हातमा कोतपर्वअगाडिका सबै विशेषाधिकार फर्के। यदि त्यस बेला राजाले चाहेको भए प्रजातन्त्रको ढाँचा सम्भवतः अर्कै हुने थियो। तर निरंकुश शासक बन्ने विचार उहाँको दिलमा कहिल्यै उब्जिएन। आफ्नो मौलिक अधिकारको निमित्त संघर्षमा लागेका जनताको हक दवाउन हुँदैन भन्ने श्री ५ त्रिभुवनको धारणा थियो। त्यसैले एउटा नयाँ संविधानको तर्जुमा गरी प्रजावर्गको हकको सुरक्षामात्र होइन आफ्नो असीमित अधिकारलाई पनि सीमित गरी शताब्दीसम्म दारिद्र्य र अशिक्षामा डुबेको देशमा पनि राजा यति उदार हुन सक्दो रहेछ र त्यहाँ बेलायतको जस्तो विशुद्ध प्रजातन्त्रको जग बसालिन सक्दो रहेछ भन्ने नमूना दुनियाँको सामुन्ने प्रस्तुत गर्न समर्थ हुनुभो। २००८ सालको संविधानले संसदीय प्रणालीको परिपाटीको प्रारम्भ गऱ्यो। श्री ५ त्रिभुवन जन-संघर्षमा लाग्ने हामी-

जस्तै संसदीय प्रजातन्त्रका हिमायती हुनुहुन्थ्यो, प्रजाको व्यक्तिगत स्वतन्त्रताको परिपालक हुनुहुन्थ्यो। जहाँ व्यवस्थाको स्वस्थ विरोध हुँदैन त्यहाँ प्रजातन्त्र हुन सक्दैन भन्ने कुराको ज्ञान उहाँलाई थियो। अतएव उहाँ विरोधको कदर गर्नुहुन्थ्यो। त्यतिमात्र होइन, आफ्नै आलोचना भएको पनि सुन्न तत्पर हुनुहुन्थ्यो। सबैभन्दा ठूलो कुरा त संविधानमा राजसत्तासम्म पनि बालिग मताधिकारद्वारा छानिएर आउने प्रतिनिधिको विचाराधीन गरिदिनुभयो। यस्तो कुरा आजको स्थितिमा व्यावहारिक हुँदैन कि भनेर २०१५ सालमा नयाँ संविधान बन्यो र राजाबाट त्यो दिइयो। हामीले सो संविधान स्वेच्छाले स्वीकार गर्‍यौं। तर जे भए पनि राजाको औदार्यको त्यो एक अनौठो र स्तुत्य अभिव्यक्ति थियो। श्री ५ त्रिभुवनको प्रजावत्सलताको यसभन्दा बढ्ता परिचय के! संसारको इतिहासमा यस्ता राजा बिरलै भए होलान्।

विशुद्ध प्रजातन्त्र-पद्धतिको अनुसरण गर्ने उहाँको अठोट थियो। सामन्तहरूबाट अवरोध नआएको होइन। तर बाधा-बिघ्न पन्छाई उहाँ अगि बढ्न चाहनुहुन्थ्यो। उहाँले आफ्नो इच्छा प्रजामाथि लाद्नुभएन। प्रजातान्त्रिक संस्थाहरू खडा गरी तिनद्वारा नै शासन-यन्त्र चालित हुने कोशिश भो। चाकडी-चुक्लीको परम्परा टुट्यो। किनभने तिनको भर्त्सना हुन थाल्यो, नचाहिँदो तारीफ उहाँले सुन्न चाहनुभएन। **शक्तिको पूजा गर्ने र डाडु-पन्यू लिएका बेला खान देऊ भनी अगि सर्ने मौकावादी ठीक समयमा विश्वासघात गर्न सक्दछन्** भन्ने कुरा आफ्नो अर्द्धबन्दी जीवनमा उहाँलाई राम्रो थाहा थियो। त्यसैले यस्ता व्यक्तिहरूलाई कदापि प्रश्रय दिइएन। उहाँको चरित्रको एक अर्को पक्ष पनि थियो। त्यो हो उहाँको कोमल स्वभाव र अभ्युदयमा प्रतिद्वन्द्वीहरूलाई क्षमा गर्ने प्रकृति। हुन पनि उहाँले अर्कालाई पीडा दिन जान्नुभएन, अर्कासँग बदला लिन खोज्नुभएन। उहाँले ती व्यक्तिहरूलाई पनि माफी दिनुभो, जसले उहाँलाई गद्दीच्युत गरिएको कुरामा आफ्नो स्वीकृति दिएका थिए। धन्य क्षमाशील श्री ५ त्रिभुवन! सामन्ती व्यवस्थामा हुर्किएर पनि यस्ता उदात्त गुण उहाँमा देखिन्थे। केही सामन्तजन्य दुर्गुण देखा नपर्ने होइनन्। तर सुगुणको थुप्रोमा एक-दुई दोषको के लेखाजोखा!

उहाँ हर मानेमा सच्चा प्रजातन्त्रवादी हुनुहुन्थ्यो। प्रजातन्त्रको रक्षाको दायित्व प्रजातन्त्रमा आस्था राख्ने दल, समूह या पार्टी या तिनको नेतामा मात्र रहेको होइन, स्वयम् राजामा पनि उत्तिकै रहन्छ। त्यसैले श्री ५ त्रिभुवन हरहमेशा सजग र सचेत हुनुहुन्थ्यो आफ्नो कर्तव्यप्रति। कहाँ, कसको, के, कुनबारे चित्त बुझेको छैन, के गरे त्यसको समाधान हुन सक्ला भनी चिन्तित रहनुहुन्थ्यो। उत्ताउलिएर कसैले संवैधानिक अधिकारको उल्लंघन गरेमा पनि उहाँ उदार दृष्टिले त्यस समस्यामा विचार गर्नुहुन्थ्यो। न्यायपालिका पूर्ण स्वतन्त्र होस्, ऐन-कानून प्रजातन्त्रका सिद्धान्तअनुरूप हुन् र साँचो अर्थमा प्रजातन्त्रीय व्यवस्था उभियोस्, यही सब श्री ५ त्रिभुवन चाहनुहुन्थ्यो। उहाँको राजकालमा यी आकांक्षा पूर्त्ति गर्ने उहाँको अभिलाषा थियो। प्रजातान्त्रिक परिपाटी अगि सार्न धैर्य र ठूलो हृदय चाहिन्छ। उहाँको छोटो राजकालमा स्वयम् यति महान् भएर पनि धेरै कुरा हुन सकेन। तर चार साल पुग्दा-नपुग्दा उहाँको स्वर्गवास भयो र ती चार सालको लामो अवधि पनि हृदय-रोगको परेशानीमा बित्यो। अतः उहाँका पालीमा केही हुन सकेन भन्ने ठाउँ छैन। जे-जति भए प्रजातन्त्रलाई मजबूत पार्न खूब भए। श्री ५ त्रिभुवनको गुनले हामी प्रजा सतत नुहिएका छौं। यसमा कुनै सन्देह छैन।

श्री ५ त्रिभुवनको देश र देशवासीप्रति प्रगाढ स्नेह थियो। उहाँ सच्चा राष्ट्रवादी हुनुहुन्थ्यो। उहाँको हृदयमा सबैभन्दा ऊँचो ठाउँ देशहितले ओगटेको थियो। कसरी नेपाल उन्नत हुन्छ, अरू विकसित देशको दाँजोमा कसरी पुग्दछ र प्रजातान्त्रिक परिपाटी कसरी दरिलो हुन्छ——यी कुरातिर उहाँको ध्यान बराबर गइरहन्थ्यो। उहाँलाई नेपालमाथि अरू देशबाट आइपर्ने दबाव रत्ति मन पर्ने थिएन।

२००७-०८ सालमा नेपालको राजनैतिक स्थिति कति जटिल थियो भन्ने कुराको ज्ञान सर्वसाधारणमा नभएको होइन। त्यसैले त्यसको विवेचनापट्टि नलागी अगिल्तिर हेरौं। के कसैले श्री ५ त्रिभुवनको योग्य नेतृत्वमा विकसित हुन लागेको विदेश-नीतिमा कुनै खोट लगाउन सक्दछ? परिवर्तनको प्रारम्भका दुई-तीन वर्षको गिन्ती नगरौं, र

संघर्षमा भारतबाट प्राप्त भएको सहयोगपट्टि पनि आँखा नचिम्लौं। भारत एकमात्र सच्चा मित्र थियो राजा-प्रजाको त्यस बखत। यदि भारतको सहयोग र सहानुभूति प्राप्त नहुँदो हो त २००७ सालको परिवर्तन पनि हुने थियो कि थिएन। तर यसको माने यो पनि होइन, यो उपकारको बदला भारतले नेपालउपर दबाव पार्न चाहेमा हामी सहेर बसौं। हुन सक्दछ २००७ सालमा भारतबाट प्राप्त भएको सहयोगको तरीका पनि सधैंका लागि हामीलाई मान्य नहोस्। यी सबै कुरा नेपालीमात्रले कुनै पनि अन्तर्देशीय समस्याको ऊहापोहमा सोच्नुपर्दछ। श्री ५ त्रिभुवनको, राजकालको प्रारम्भ र अन्तकाल एक अर्काको कति फरक हुन गएको थियो त्यो पनि बुझ्नुपर्ने नै कुरा हो! जे होस्, श्री ५ त्रिभुवनको राजकालमा कैयौं देशसँग सम्बन्ध हुनाका साथै चीनसँग हुने सम्बन्धको निर्णय गरिनु र राष्ट्रसंघमा प्रवेशको द्वार खोल्न आँटिनु इत्यादिबाट नेपालले सबैसँग मित्रता कायम राख्ने असंलग्न परराष्ट्रनीतिको अनुसरण तिनताकदेखि नै गर्दै आएको स्पष्ट हुन्छ। अतएव नेपालको सार्वभौमिक सत्ताको श्री ५ त्रिभुवन कट्टर पोषक हुनुहुन्थ्यो र उहाँले यस्तो कुनै कार्य गर्नुभएन जसले यसमा आँच आओस्।

श्री ५ त्रिभुवन आज हाम्रो बीच हुनुहुन्न। तर उहाँको स्नेहमय पवित्र स्मृतिको छाप हाम्रो इतिहासमा अमिट छ। उहाँलाई विर्सन खोजेर पनि बिर्सन सकिन्न। उहाँको नश्वर पार्थिव शरीर खरानी भएर पञ्चतत्त्वमा मिल्यो, तर ऐतिहासिक व्यक्तिको रूपमा श्री ५ त्रिभुवन सदा अमर हुनुहुन्छ।

*****

श्री ५ त्रिभुवन : तीन संस्मरण

तुलसीमेहर श्रेष्ठ

१. श्री ५ त्रिभुवन र नेपाल गाँधी स्मारक-निधि

प्रजावत्सल श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेव २००७ सालको क्रान्तिको सिलसिलामा दिल्ली सवारी भएको बेला हैदराबाद हाउसमा राज भइबक्सेको थियो। त्यहाँ मौसूफको दर्शन पाएको शुभ अवसरमा मैले बिन्ती चढाएँ—"प्रभु! परिस्थितिवश हाम्रो नेपालमा केही महीनाअधिसम्म सरकारको दर्शन गरी जरूरी कुनै कुरा पनि बिन्ती चढाउने मौका हामीलाई मिल्न सक्तैनथ्यो। आफ्नो देश र प्रजाजनको हितका लागि सरकारको महान् त्यागमाथि ईश्वर-कृपा, भारत-सरकार र तमाम जनसहयोगले गर्दा आज यहाँ सरकारको शुभ दर्शन गर्ने मौका पाएको छु। यस अवसरमा अल्पज्ञ ताबेदारको चित्तमा लागेको केही कुरा बिन्ती चढाउन लागेको छु। प्रभु! भारत-सरकार र भारतीय जनताले सपरिवार सरकारको अत्यन्त सद्भावनापूर्वक स्वागत गरे। अब सरकार सकुशल सफलताको साथ नेपाल फिर्ती सवारी होइबक्सँदैछ। भारतको त्यस सहयोगको निम्ति सरकार नेपाल फिरिबक्सेपछि भारतमा जस्तै हाम्रो नेपालमा पनि 'नेपाल गाँधी स्मारक-निधि'-को स्थापना भएमा राम्रो हुनेछ। त्यसबाट भारतीय जनतालाई गौरवको अनुभव हुनाको साथै हाम्रा केही नेपाली नर-नारीले पनि स्वावलम्बी हुने रचनात्मक काम गर्न पाउनेछन्। यसको निमित्त सरकारबाट एक लाखसम्म चन्दा प्रदान

गरिबक्सेर 'नेपाल गाँधी स्मारक-निधि'-को स्थापना गराइबक्सेमा नेपाल तथा भारतका सबै गण्यमान्य व्यक्तिहरूबाट समेत जो हुन सकेको चन्दा सङ्कलन गर्दो हुँ। यसो भएमा ताबेदारको धेरै वर्षदेखिको सपना साकार हुनाको साथै देशोन्नतिका रचनात्मक कामहरूमा पनि केही सगाउ पुग्नेछ।"

यो सुनी मौसूफबाट हुकुम भयो––"तुलसीमेहर, तिमीले भनेको यो कुरा राम्रो हो।"

यसपछि हरतरहबाट शुभदृष्टि राखेर आर्थिक सहायता दिने आश्वासनसमेत मौसूफबाट बक्सियो। मौसूफको यसै सदाशयअनुसार एक भव्य समारोहका बीच २००८ साल भाद्र ३ गते पाटन लगनखेलमा त्यस बेला श्री ५ त्रिभुवनकै निमन्त्रणामा नेपाल भ्रमणमा आइरहनुभएका भारतका तत्कालीन प्रधान मन्त्री पं० श्री जवाहरलाल नेहरूबाट 'नेपाल गाँधी स्मारक-निधि' संस्थाको उद्घाटन भएको थियो।

२. गाँधी आदर्श महिला विद्यालयको शिलान्यास

श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवबाट संवत् २०१० साल माघ २१ गते दिउँसो ३ बजे गौचर हवाईअड्डादेखि एक पाउपूर्व मनहरा नामक स्थानमा 'नेपाल गाँधी स्मारक-निधि'-का तर्फबाट बन्न लागेको 'गाँधी आदर्श महिला विद्यालय'-भवनको शिलान्यास गरिबक्सेको थियो। त्यस शुभअवसरमा मौसूफबाट निम्न प्रकारको भाषण बक्सेको थियो। यस भाषणबाट मौसूफ कति विचारशील र शिक्षाप्रेमी होइबक्सँदो रहेछ भन्ने छर्लङ्ग हुन्छ––

प्यारा प्रजाहरू तथा उपस्थित सज्जनवर्ग, यो 'नेपाल गाँधी स्मारक-निधि' एक महान् मानव-नेताका सिद्धान्तमुताबिक स्मारक-रूपमा खडा हुन आएको हो। यस निधिको रचनात्मक काम साह्रै प्रशंसनीय छ। आज यही संस्थाद्वारा आयोजित एक 'गाँधी आदर्श महिला विद्यालय'-को शिलान्यास गर्ने मौका पाउँदा मलाई खुशी लागेको छ।

महात्मा गाँधी एक महान् पुरुष हुनुहुन्छ भन्ने कुरा विश्वविख्यात छ। वहाँको बयान गरेर साध्य छैन। अहिंसा, सत्यमा रहनु, जनसेवा गर्नु यिनै हुन् वहाँका मुख्य सिद्धान्त। कुनै महापुरुषलाई पूजा-आदर गर्नु नै उनको गुण तथा विचारलाई आदर गर्नु हो, उनको सिद्धान्त मुताबिक काम गर्नु हो। उनको शिक्षातिर एक सिद्धान्त यही हो कि कुनै व्यक्तिलाई महिला होस् या पुरुष, विद्या र काम गरी जीवन-निर्वाह गर्ने वृत्तिको तालिम पनि साथसाथै दिनुपर्छ। यही विचारमुताबिक यो विद्यालय पनि बन्न लागेको छ।

मानव-जातिको सेवा नै देश-सेवा हो। हरेक नागरिक महिला या पुरुषलाई शिक्षा प्रदान गरी उनीहरूलाई उच्च कक्षामा पुर्‍याई आफूमा रहेको गुप्त शक्तिको बोध तथा विकास गराउनु पनि मातृभूमिको सेवा गर्नु हो। देशको उन्नतिका लागि शिक्षा अत्यावश्यक छ। हाम्रो देशमा विशेषतः महिलावर्गको शिक्षातिर ध्यान दिनुपर्छ। गृहस्थाश्रमको सुव्यवस्था गृहिणीमा निर्भर छ। अर्को कुरा, महिला शक्तिरूप हुन्, जुन शक्तिबाट संसारका सबै शूरवीरहरू उत्पन्न हुन्छन्। यस कारण देशको उन्नतिका लागि महिलावर्गलाई शिक्षित पार्नु परमावश्यक छ। यस 'आदर्श महिला विद्यालय'-द्वारा महिलाहरूले शिक्षाको साथसाथै जीवनवृत्तिको तालिम पनि पाउनेछन्। यस्तै उद्देश्य लिई गरेको सुकार्यमा यस निधिले सबैको सहयोग तथा शुभकामना पाउनेछ भन्ने आशा गर्दछु।

अन्तमा, यहाँ उपस्थित सबै व्यक्ति र 'नेपाल गाँधी स्मारक निधि'-का अध्यक्ष तथा सबै सदस्यहरूलाई धन्यवाद दिन्छु र यस संस्था र आज शिलान्यास भएको विद्यालय फलोस् फुलोस् भन्ने शुभेच्छा गर्छु। जय नेपाल!

महान् सरल र सुकोमल हृदय

एक दिन दिउँसो ४ बजेतिर राष्ट्रपिता श्री ५ त्रिभुवनबाट मोहनशमशेरको मन्त्री-मण्डलको विघटनपछि मातृकाप्रसाद कोइरालाको प्रधान मन्त्रित्वमा गठित मन्त्री-मण्डलमा मलाई पनि

एक स्थान बक्सनें निगाह भयो। यसको मन्जूरीको लागि प्रधान मन्त्री श्री मातृकाप्रसाद कोइरालामार्फत मौसूफबाट मलाई नारायणहिटी राजदरबारमा बोलावट भयो र सुकोमल मधुर वाणीमा मौसूफबाट मलाई हुकुम भयो––"हेर्नुहोस् तुलसीमेहेरजी, हाम्रो मन्त्री-मण्डलमा तपाईंजस्तो निःस्वार्थ सेवाभावी योग्य व्यक्ति एकको पनि जरूरत भएको हुनाले अहिले तपाईंलाई बोलाई नियुक्तिको मन्जूरी गराई आजै निर्णय गर्न चाहेको हुँ।"

मौसूफबाट यस्तो हुकुम भएपछि मलाई हर्ष र विस्मात दुवै एकै चोटि लाग्यो। म दुविधा अर्थात् धर्मसंकटमा परें। मन्त्री-मण्डलमा नरहुँ भने हुकुमको सम्मान नहुने, रहुँ भने आजसम्म आफूले अँगालेको जीवन-उद्देश्यमा बाधा पर्ने! अतः विनम्र भावले संकोच मान्दै बिन्ती चढाएँ––"प्रभु! सरकारबाट ताबेदारउपर यत्रो महान् निगाह राखिबक्सेकोमा ताबेदारले कुन शब्दले कृतज्ञताका साथ धन्यवाद चढाऊँ? सरकारबाट यत्रो निगाह पाउनु ताबेदारको अहोभाग्य हो। तर पनि ताबेदारले गरिआएको चर्खा-प्रचार आदि रचनात्मक कामहरूको नाम मात्रै भैरहेछ र चाहेजस्तो काम हुन पाएको छैन। ताबेदारले यही कामको लागि आफ्नो जीवन अर्पण गर्दै नै आइरहेको छ। ताबेदारलाई सरकारबाट मन्त्री-मण्डलमा राखिबक्सेको खण्डमा यो रचनात्मक काम मैले राम्ररी संचालन गर्न नसक्ने हुन्छ। फेरि सरकारको निगाहले ताबेदारलाई मौका-समयअनुसार सरकारको दरबारको ढोका र भारत-सरकारको दिल्ली दरबारका ढोकाहरूसमेत खुला भैरहेकै छन्। ताबेदारको लागि यो पनि ज्यादै ठूलो कुरा हो। मन्त्री भएपछि सरकार! ताबेदारलाई यो कुराबाट पनि वंचित रहनुपर्ने हुन्छ। फेरि मन्त्री-मण्डलमा जान चाहने योग्य मानिसहरूको कमी पनि म देख्तिनँ। राष्ट्रमा हरेक किसिमका मानिसहरू हुनु आवश्यक पनि छ। यी सब कारणहरूले गर्दा सरकार! ताबेदारलाई मन्त्री हुन अलि अस्वाभाविक, उद्देश्यविरुद्ध र असजिलो जस्तो लागेकोले पनि भएको बेहोरा यथार्थ बिन्ती चढाएको छु। प्रभु! जो हुकुम!"

मेरो यस्तो कुरा सुनी अत्यन्त खुशी भैबक्सेका श्री ५ त्रिभुवनबाट विशेष स्नेहका साथ निगाहपूर्ण हुकुम भयो––"हेर्नुहोस् तुलसीमेहेरजी,

अरूले थाप्लो फोरेर पनि पाइनसक्नु मन्त्रीपद हामीवाट आग्रहपूर्वक दिंदा पनि तपाईंलाई अलि असजिलो लागिरहेछ। हाम्रो राष्ट्रमा तपाईं जस्तो व्यक्ति पनि हुनु देशको गौरव हो। तपाईंदेखि म वहुतै खुशी भएँ। ठीक छ, म तपाईंको उद्देश्यविरुद्ध तपाईंलाई मन्त्री-मण्डलमा राख्न चाहन्नँ। स्वतन्त्र रही आफ्नो देश-सेवामा रातदिन जसरी तल्लीन भई आइरहनुभएको छ, त्यस्तै रहनेहोस्। आफ्नु जो भएको विचार बराबर हाम्रा हजूरमा जाहेर गर्दै रहनुहोला। इत्यादि।

*****

संस्मृति

दमनराज तुलाधर

मैले आफूलाई पनि चिनेको छैन। मैले आफूलाई मात्र चिन्न पाए पनि मेरो परित्राण हुने थियो। युगपुरुष श्री ५ त्रिभुवनलाई मैले चिनेको छु भनी दाबी गरें भने मजस्तो पाखण्ड दुनियाँमा अरू को होला! तर मौसूफ सरकारसँग टाढा, नजीकबाट सम्पर्कमा, भनूँ भनेदेखि मानसिक अथवा व्यक्तिगत सम्पर्कमा पुगेको थिएँ। त्यसैले आज यो लेख म प्रस्तुत गर्दैछु मौसूफलाई मैले चिनेको छु भन्ने दाबी गरेर होइन। यो लेखको उद्देश्य हो––मौसूफप्रति मेरो छिटपुट केही दृष्टिकोण पेश गरी प्रजातन्त्रका प्रवर्तक, प्रजावात्सल्यले ओतप्रोत भएको हृदय, राजा भएर पनि प्रजासँग हातेमालो गरी हिंड्ने प्रवृत्ति भएका एक युगपुरुषको विषय लिएर मेरो मानसपटमा कोरिएका केही संस्मरणहरू पेश गर्नु।

वि० सं० १९८१-८२ साल हुँदो होला, म दरबार स्कूलको तृतीय श्रेणीमा भर्ना भएँ। स्कूल छुट्टी भएपछि म दरबार स्कूलको प्रांगणबाट फुत्त निस्केको थिएँ, एउटा कालो मोटर सलक्क बगेर गयो रानीपोखरी र दरबार स्कूलको बीचको माझबाट। त्यो कालो मोटरभित्र एउटा भव्य पुरुष विराजमान थियो। मौसूफमा शिरपोशको कापबाट कालो केशको गुच्छा लर्काएर पोटिलो-पोटिलो गाला र स्निग्ध चिउँडोमा समेत कलात्मक ढङ्गले सेता-सेता कोठेटीका सुसज्जित थिए। म अनभिज्ञ थिएँ। मैले साथीहरूसँग सोधें––"त्यो मोटरमा बसेर जाने को होला?"

साथीहरूले बताए—"ती त हाम्रा राजा हुन्। ती महाराज मात्र होइनन्। ती महाराजका पनि अधिराज हुन्।"

घर गएर मैले आफूले देखेको दृश्य मेरी आमालाई बताएँ। अझै झल्झली सम्झँदै छु, मेरी आमाले मलाई मुसमुस्याउँदै भन्नुभयो—"बाबु! तेरो आज दिनभरिको पाप कट्यो।"

अनि घण्टाघरमा घडी चलेजस्तै गरेर समयचक्र फन्का मार्दै थियो। वि० सं० १९८६-८७ सालको समय हुँदो होला। इन्द्रजात्रामा ८ दिनसम्म राजदरबारमा भक्कू नाच हुने चलन थियो। शहरका ब्यान्चा, गोंलाचा, मलाचा जस्ता उरन्ठेउला ठिटाहरूको जमघट हुन्थ्यो। राँगोलाई रक्सी खुवाई मत्याएको हुन्थ्यो। त्यसै ताक म पनि एक-दुई पटक हूल छिचोलेर राजदरबारको प्रांगणमा पुगेको थिएँ। खूब होहल्ला भइरहेको थियो। मात्तिएको राँगोले भक्कूहरूलाई लखेट्तै थियो। जहाँसम्म म सम्झन्छु रातको एघार बजेतिर श्री ५ त्रिभुवन शाहीमचानमा सवारी भयो। मेरा यी आँखाले मौसूफको दृष्टिगोचर गर्नुभन्दा अगाडि मेरा यी नाकका फोराहरूले मौसूफले लगाइबक्सेको अत्तरको सुगन्ध अनुभव गरे। त्यो सुगन्धको मुहानतर्फ दृश्यावलोकन गर्दा लक्ष्मी, सरस्वतीको साथ रहेका विष्णुस्वरूप श्री ५ त्रिभुवनको मैले दोस्रो पटक दर्शन पाएको थिएँ।

वि० सं० १९९२-९३-तिर हुँदो होला कविकेशरी चित्तधर 'हृदय'-की बहिनी मोतीलक्ष्मीले मेरो घरमा मेरी करेलीको **ठेलमा** देखि शुरू गरेर म्याक्सिम गोर्कीको **मदर** भन्ने किताबसमेत ओसारी वीर अस्पतालको डाक्टर राव, जसलाई 'लङ्गडी डाक्टर' भनिन्थ्यो, तिनको हात ती मेरा किताबहरू श्री ५ त्रिभुवनछेउ पुऱ्याइन्। मौसूफलाई **मिस्ट्रिज अफ दि कोर्ट अफ लन्डन** जस्ता नग्न साहित्यबाट अभिरुचि घटाई विश्वको राजनीतिक, सामाजिक र आर्थिक गतिविधिसँग परिचय गराउने खालका किताबहरूमा अभिरुचि वृद्धि गराइयो। यो शिक्षा-दीक्षालाई १९९७ सालको राजनीतिक आन्दोलनको पृष्ठभूमि मान्न सकिन्छ।

राणा-प्रशासनकालमा राजगद्दीको ठूलो सम्मान थियो। राणा-प्रशासकहरूले 'राजा राजकीय सम्मानपदमा मात्र रहून्, राज्यको

प्रशासनमा हात नहालून्' भन्ने सिद्धान्त अँगालेका थिए। तर बेलायत जस्तो प्रजातान्त्रिक पद्धतिमा जस्तै राजा राजकीय सम्मानमा रही वस्दा पनि जनताको कुनै प्रजातान्त्रिक हक थिएन। राजा पनि प्रशासककै निगाहमा निर्भर हुनुपर्ने, प्रशासकहरूको निर्देशनबमोजिम राजा व्यसनमा लग्गू हुनुपर्ने, जनता पनि केवल आफ्नो रोजीरोटी गर्ने, कुनै पुस्तकालयमा वसी विश्वका विभिन्न क्षेत्रको गतिविधिसँग परिचित हुनु पनि राजनीतिक अपराध ठानिने व्यवस्था थियो। यसको प्रमाण पेश गर्नु छ भनेदेखि त्रि-चन्द्र कलेजको उद्घाटन भएको साँझ तत्कालीन प्रधान मन्त्रीले आफ्ना सल्लाहकारहरू छेउ भनेका थिए--"हेर, आज म जुन हाँगोमा उभिइरहेछु, त्यसै हाँगोलाई बन्चरोले हिर्काएँ। उता राजा वयस्क हुँदैछ, यता दुनियाँहरू आई० ए०, बी० ए० हुने भएका छन्। तर समयको माग हो। मैले जो गर्नुपर्ने गरें।"

एवं प्रकार १९९७ साल आयो। श्री चन्द्रमान कम्पाउन्डर समेतको प्रयासद्वारा श्री ५ त्रिभुवन र राज-परिवारका अन्य सदस्यसमेत संलग्न हुन जाँदा प्रजा-परिषद्को अपरिपक्व आन्दोलनमा राजगद्दीमा पनि आँच आयो। म त्यस बेलामा अनेक आरोपमा सिंहदरबारको बाहिरी गारतमा थुनामा परेको थिएँ। मंसीरको महीना थियो। साँझपख शाही सलामीको बिगुल बज्यो र म फिर्ती बिगुलको प्रतीक्षामा थिएँ, तर बजेन। म ज्यादै उत्पीडित भएँ। मलाई चिन्ता लाग्यो--कहीं राजालाई डाँडा कटाए कि भनेर! अनि प्रजा-परिषद्का सक्रिय हिस्सेदारहरू, कविप्रसाद गौतमजस्ता हरेराम गाउने मानिस, मजस्तो सेरवानी लाउने मानिस र शुक्रराज शास्त्रीजस्तो गीतामा प्रवचन गर्ने मानिस सबैलाई एकै थानमा पारी 'तयारी समिति'-ले पुर्पच्छ गरेबमोजिम-को आधारमा कसैलाई ज्यान सर्वस्व, कसैलाई आजीवन कैद, कसैलाई रिहाइसमेत भएको अदालतमा श्री ५ त्रिभुवनको पनि एक्कै छिनको लागि विराजमान थियो। मौसूफले भइसकेको फैसलामाथि आफ्नो मन्तव्य बक्स्यो एकै शब्दमा--"मडरेसन।"

देशमा प्रजातन्त्र अर्थात् बेलायतका बेझट, फ्रान्सका रुजोजस्ता विद्वान्हरूले परिकल्पना गरेबमोजिम नेपालमा पनि बहुजनहिताय

सिद्धान्तको आधारमा प्रजातन्त्र चलोस् भन्ने मौसूफ सरकारको इच्छा त यथावत् कायम थियो। २००७ सालमा राजाले नेतृत्व गरेको र प्रजाले टेवा दिएको राजनीतिक उथलपुथल सफल भयो। हरेक प्रधान मन्त्रीलाई पन्जापत्र दिई आजीवन शासनभार सुम्पने व्यवस्था टुट्यो। राजसत्तामा रहेको सर्वाधिकारको पुनरुत्थान भयो।

तत्पश्चात् राजनीतिक अपरिपक्वताको कारणले हो कि अथवा अरू केही कारणले हो, देशमा खास गरी काठमाडौंमा बुलेटिन-तन्त्र, मन्च-तन्त्र, खबरकागत-तन्त्र, विदेशी-तन्त्र हुन थाल्यो र नेपाल अधिराज्यको मन्त्री-मण्डलमा दिल्ली-तन्त्र लाग्न थाल्यो।

२००८-को वैशाखतिर श्री ५ त्रिभुवनसँग मेरो दर्शन-भेट भएको थियो। त्यस बेला म प्रजा-परिषद्को महामन्त्री थिएँ। हाम्रा कार्य-समितिका शीर्षस्थ सहयोगीहरूको साथ दर्शन-भेट पाएको थिएँ। समय साँझ ६-३० बजेको थियो। मौसूफले हामीलाई बैठकको ढोकामा स्वागत गरिबक्सेको थियो। तुरुन्तै राजनीतिक विषय लिएर कुरा चलेन। हामीमध्ये एक जनाले पाउमा बिन्ती पारे––"सरकार! बीसौं वर्षसम्म नेल, हतकडी, गलफन्दीसमेत लगाई जेलको कालकोठरीमा बसेको थिएँ। सरकारको पाउ एक पल्ट स्पर्श गर्न पाऊँ! किनभने सरकारकै त्याग-तपस्याबाट आज म स्वतन्त्र आवहवामा श्वास फेर्दछु। त्यसैले निगाह भएदेखि सरकारको पाउ एक पल्ट स्पर्श गर्ने थिएँ।"

प्रत्युत्तरमा श्री ५ त्रिभुवनबाट हुकुम भयो––"आज मैले मात्रै ल्याएको प्रजातन्त्र होइन, तपाईंहरूको सहयोग नपाएको भए यो प्रजातन्त्र कसरी आउँथ्यो होला! प्रजातन्त्रको परिपाटीमा कसैले कसैको खुट्टा छुन पर्दैन। आउनोस्, छाती मिलाऔं!"

अनि राजनीतिक कुरा चल्यो। श्री ५ त्रिभुवनबाट हुकुम भयो––"हेर्नोस्, आज मैले कम्युनिस्ट पार्टीलाई संगठन नगर भन्न सक्तिनँ, तर तपाईंहरूलाई म प्रजातन्त्रको हिमायती भन्दछु। हाम्रो देश गरीब छ, हाम्रा जनता अशिक्षित छन्। देशको राजनीतिक गतिविधिमा सक्रिय हुने तपाईंहरूजस्ता व्यक्तिहरूको संख्या पनि

सीमित छ। त्यो सीमित साधनलाई टुक्र्यायो भने हाम्रो एकता टुक्रिन्छ। त्यसैले मलाई त लाग्दछ—बेलायतमा जस्तो हामीकहाँ पनि दुई पार्टी होस्, होइन भने तीन पार्टी होस्। फ्रान्समा जस्तै बहु पार्टी यहाँ नहोस्। हाम्रो मुलुकमा प्रजातन्त्रको परिपाटी बसेको छैन। अहिले कारणवश मैले पुरानो तत्त्व र नयाँ तत्त्वको संयुक्त मन्त्री-मण्डल खडा गरेको छु। त्यस मन्त्री-मण्डलले कहाँ-कहाँ के-के भूल गरेको छ, तपाईंहरूले लेखा-जोखा गर्नुहोला। यस निम्ति कि पछि तपाईंहरूले देश-निर्माणको एउटा कार्यक्रम प्रस्तुत गर्न सक्नोस्। मलाई त राणाहरूले पनि प्रशस्त सहूलियत दिएका थिए। तर जनता ज्यादै पिछडिएको अवस्था देख्दा मैले जो गर्नुपर्ने गरिसकें। मेरो भनाइ यति नै छ।"

एवं प्रकार विचार आदान-प्रदान हुँदा एउटा अर्को साथीले पाउमा यस प्रकार बिन्ती पारे—"सरकार! प्रजातन्त्र आयो, राम्रै भयो। तर यसमा मेरो एउटा कुरा भन्नु छ—के हो भने यो मन्त्री-मण्डल गठन हुँदा सामन्ती मोहनशमशेरलाई सरकारबाट 'मेरा अतिप्रिय र विश्वसनीय प्रधान मन्त्री' भन्ने संज्ञा बक्स्यो।"

यति कुरा भएथ्यो श्री ५ त्रिभुवनको चेहरामा प्रजावात्सल्यको लालिमा छायो। मौसूफले जेबको सिगरेट केशबाट एउटा चुरोट झिकी सल्काइबक्सँदै शान्त वातावरणमा हुकुम भयो—"हेर, मैले त तिमीहरूलाई परिपक्व राजनीतिज्ञ भन्ठानेको छु। कुरा आयो मोहनशमशेरलाई मेरा अतिप्रिय र विश्वसनीय प्रधान मन्त्री भनेको। यो कुरा स्पष्ट सम्झ—जुन-जुन बेलामा जुन-जुन व्यक्तिलाई म प्रजातन्त्रको परिपाटीबमोजिम प्रधान मन्त्री पदमा नियुक्त गर्छु, त्यस-त्यस व्यक्तिलाई म अतिप्रिय र विश्वसनीय भन्दै गर्नेछु। राजनीतिमा लागेका तिमीहरूले यो कुरा बुझ्ने नै छौ।"

दस-पन्ध्र मिनेट अरू कुरा भयो। प्रधान विषय प्रजातन्त्रमा एउटा वरिष्ठ विरोधी दल खडा हुनु आवश्यक छ भन्ने नै थियो। अनि हामी राजदरबारबाट निस्कन लागेका थियौं। म सबभन्दा पछाडि परें र मैले श्री ५ त्रिभुवनबाट फेरि कुरा गर्ने संकेत पाएँ। अनि उभिई-उभिई मौसूफ सरकारसँग यस प्रकार कुरा भयो—

"दमनराज! तिमी कसको छोरा हौ?"

"सरकार! म मोहनशमशेरको खरदारको छोरा हुँ।"

"हो त नि! तिम्रो बाबुको नाम के रे? ब……ब……ब…."

"सरकार! बलराज।"

"हो त नि। तिम्रो आँखीभौं र तिम्रो बाबुको आँखीभौं कस्तो मिलेको! भैहाल्यो, आज जाऊ। म दुई-चार दिनमा तिमीलाई बोलाउन पठाउँछु, आउन झर्को नमान.है? व्यक्तिगत धेरै कुरा गर्नु छ।"

म पनि भावुक भएँ। मैले पाउमा यसै बिन्ती पारें––"सरकार! प्राणै हिरिक्क भइसकेछ भने भइहाल्यो, तर एक ढुकढुकी बाँकी रहेसम्म त हुकुम पाउनेबित्तिकै पाउमा हाजिर हुन्छु।"

सरकारबाट हुकुम भयो––"यस बेलामा पनि मर्ने कुरा गर्छौ? गर्नुपर्ने काम कति बाँकी छ। आजलाई जाऊ है!"

त्यस बेलामा मेरो घर थिएन। म न्ह्यौखा बहालमा डेरा गरेर बसेको थिएँ। राजनीतिमा लाग्दा घर-खेत सर्वस्व हुने अवस्था परेकोले मैले मेरो नरदेवी टोलको घर बेचिसकेको थिएँ। महीना दिनजति पछि मेरो डेरामा एउटा मोटर आइपुग्यो। मलाई श्री ५ त्रिभुवनबाट बोलाहट निगाह भएको रहेछ। म मोटरमा चढेर गएँ। साँझको समय थियो। हाजिर हुनेबित्तिकै बैठकमा बोलाहट भयो। मौसूफ नाइट गाउन लगाएर कोचमा विराजमान थियो। म पाउको छेउमा घुँडा टेकेर बस्न पुगेको थिएँ। मौसूफले मलाई हात समातेर उठाई 'त्यो कोचमा सजिलोसँग बसन' भन्ने हुकुम भयो। मैले हुकुम पालन गरें। अनि एउटा बैठकेले किस्तीमा दुई गिलास ह्विस्की, सोडापानी इत्यादि लिएर आयो। बैठकेलाई हुकुम भयो––"उनलाई पहिले देऊ।"

मैले बिन्ती पारें––"पाउको अगाडि कसरी रक्सी खाऊँ?"

मौसूफबाट हुकुम भयो––"ए लाटा! यो त प्रजातान्त्रिक पानी हो नि। खाऊ।"

थरथर कामेको हातले किस्तीबाट मैले गिलास लिएँ। बैठकेले त्यसमा अलिकति पानी मिलाइदियो। म असिनपसिन भइरहेको थिएँ। विराजमान भएको कोचबाट जुरुक्क उठेर मेरो हातको गिलासमा आफ्नो गिलास ट्वाङ्ङ बजाई 'चेयर्स' भन्ने हुकुम भएको संगीत ध्वनि मेरो कानमा अझै गुन्जँदैछ। अनि हुकुम भयो--"हेर, अस्तिन त राजनीतिक कुरा मात्रै भयो। आज त म तिमीसँग पुराना कुराहरू मात्रै गर्न चाहन्छु। तर के गरूँ! तिमीहरूसँग कुरा गर्दाखेरि राजनीतिक कुरा नगरी सुखै नपाइने रे'छ। भो, पछि नै कुरा गरौंला। तिमीलाई आज एउटा कुरा भन्छु--८२-८३ सालतिरको कुरा हुँदो हो, एक दिन साँझ तिम्रो बाबु मकहाँ दस-दस हजारको पाँच पाकेट भारतीय नोट लिएर आएका थिए। मैले मोहनशमशेरसँग मागेको थिएँ तीन लाख रुपियाँ, तिम्रो बाबुले ल्याइदियो पचास हजार रुपियाँ। म त्यस बेला एक नवयुवक थिएँ। मलाई रुपियाँको ज्यादा खाँचो थियो। मैले त्यो पचास हजार लिन इन्कार गरें। तिम्रो बाबुलाई धेरै अप्ठचारो परेछ। अनि मैले त्यो पचास हजार रुपियाँ जलाई बाली फालिदिएँ। भोलिपल्ट चार बजेतिर तिम्रो बाबु त्यो रातो टोपी लाउने चन्द्रशमशेरको साथमा बसी मलाई दिन तीन लाख रुपियाँ लिई आयो। मैले त्यो रुपियाँ लिइदिंदा तिम्रो बाबु जसरी हाँस्यो, त्यो हाँसो तिमीमा पनि देख्तै छु है!"

अनेक प्रकारको कुराकानी भयो। अनि म बिदा भएर निस्कन के लागेको थिएँ, मौसूफबाट हुकुम भयो--"एकै छिन पर्ख त, म तिमीलाई एउटा किताब दिन्छु। तिमी घरमा गै मात्र पढ है? तिमीलाई त्यो किताब काम लाग्ला जस्तो लाग्दछ। फेरि-फेरि पनि भेट गर्नू है?" यति हुकुम भएर मौसूफको पुस्तक-संग्रहालयको कापबाट एउटा ठूलो नेपाली बन्दी खाम मैले पाएँ। हुकुमअनुसार मैले त्यो खामबन्दी किताब घरमा बसी मात्रै पढ्न पाउने हुँदा घरमा गई खाम खोली हेरें। खामभित्र भारतीय रुपियाँ दस हजारको सयपन्ने किताब भेट्टाएँ, जसको नेपाली रुपियाँमा परिणत गर्दा अठार हजार हुन आयो। त्यही किताबको अध्ययन गरेर आज म घरमा छानो हालेर, झ्याल-ढोका राखेर, पानी परे नरुझिने गरी हुरी-बतासले नहुत्याउने गरी बसेको छु। परमेश्वरले थेगेको समयसम्म बस्तै पनि रहनेछु।

अन्तमा २०११ साल फागुन तीस गते श्री ५ त्रिभुवनको स्वीट्जरल्यान्डको जुरिच हस्पिटलमा देहावसान भयो। मौसूफको पवित्र शव जुरिचबाट उडाई काठमाडौंको विमानघाटमा उतारियो। त्यस बेला म श्री ५-को सरकारको सेवामा सामेल भइसकेको थिएँ। उर्दीको पोशाक लगाई विमानघाटमा हाजिर हुनु थियो। शवलाई वैदिक विधिबमोजिम आर्यघाटतर्फ यात्रा गरियो। हामी मौन भई शव पछि-पछि लागेका थियौं। टन्टलापुर घाम लागेको थियो। हाम्रा मुख, ओठ सुकिसकेका थिए। अलि छटपटी पनि हामीलाई थियो। उता युवक श्री ५ महेन्द्रमाथि पितृविहीन हुनुको साथसाथै राज्यभारको वरिष्ठ बोझ थपिन आयो। हामी जुलुसको रूपमा शान्त र गम्भीर मुद्रा लिएर आर्यघाटतिर लाग्दै थियौं। पवित्र शव आर्यघाटको श्रीखण्डको चितामा जसै उतारियो, कता-कताबाट एक टुक्रा बादल आयो र जलवृष्टि गरिदियो। अनि एउटा बूढा सुब्बाले मलाई भने--"बाबू हो, हेर, राजा भनेको परमेश्वर हो। होइन भने त्यै चितानेर मात्रै किन पुष्पवृष्टि भयो होला!"

× × ×

यी सब सम्झेका कुरा हुन्। माथिका उद्धरणहरूमा साहित्यिक दृष्टिकोणबाट कतै-कहीं विश्राम-चिह्नहरूसम्मको अदल-बदल हुन सक्ला, तर भावनामा कुनै राजनीतिक, आर्थिक स्वार्थ राखी बङ्ग्याउने चेष्टा गरिएको छैन। सत्य भनेको सुन्दर कुरा हो। सत्य सधैं सुन्दरै रहिरहन्छ। सत्य भनेको बुझ्ने कुरा हो, लेख्ने-बुझाउने प्रयास हो। चीन-नेपालको सीमास्तम्भ खडा गरेको सिलसिलामा मानसरोवरसम्म पुगेर पनि मानसरोवरको पवित्र जलले श्री ५ त्रिभुवनलाई अर्घ चढाएथें। आज यो लेखको माध्यमबाट लिपिबद्ध भई श्री ५ त्रिभुवनको अमर आत्मामा शान्ति मिलोस् भनी यो लेख पनि श्रद्धाञ्जलिस्वरूप चढाउँदैछु।

*****

श्री ५ त्रिभुवन र परोपकार

दयावीर सिंह कंसकार

परोपकार २००३ सालमा गुप्त रूपले स्थापना भएको थियो। २००४ सालमा यसले तत्कालीन राणा-शासकहरूबाट खड्गनिशाना प्राप्त गऱ्यो। त्यस बेला यस परोपकार संस्थालाई परोपकार औषधालयको रूपमा मात्र मान्यता प्रदान गरिएको थियो।

२००५ सालको भयानक हैजाको प्रकोपमा धेरै मानिसहरू उपचारबिना मर्नुपरेकोले केलटोल बस्ने भवानीवीर सिंहको पुत्र म दयावीर सिंहद्वारा आफ्ना दुई-तीन जना सहयोगीहरूको मदतमा 'परोपकार'-को नामले दीन-दुःखी, गरीब र बीच परेका रोगीहरूको उपचार र उपकारको निम्ति यो संस्था खोलियो, तर तत्कालीन शासकहरूले यस संस्थालाई अनेक प्रकारको शंका र उपशंकाको दृष्टिले हेरी शान्तिपूर्वक काम गर्न नदिने अनेक बाधा-अड्चन दिएका थिए। अर्काको उपकारको निम्ति निःस्वार्थ सेवा गर्ने संस्थालाई काम गर्न नदिनु पनि उनीहरूको निम्ति राम्रो भएन। यसो भएको हुनाले मन नलाई-नलाई तत्कालीन राणा-सरकारले २००४ साल आश्विन १० गते खड्गनिशाना दिएको थियो।

१०४ वर्षको शोषण, दमन र पीडनले छट्पटाएका नेपालीहरूले २००३ सालमा क्रान्तिको फेरि नयाँ भावना ल्याए। २००४-मा नागरिक हक र अधिकारको निम्ति संघर्ष छेडियो। त्यस बेला यसरी राष्ट्रिय उत्थानका निम्ति चल्ने कुनै संस्था थिएन। प्रजा-पंचायत आन्दोलन हुँदा पंचायतलाई अवैध घोषणा गरिसकिएको थियो। तर देशको

निम्ति केही गरौं भन्ने भावना युवकहरूमा थियो र यसका निम्ति परोपकार सबभन्दा उपयुक्त संस्था थियो। अतः काठमाडौं उपत्यकाका त्यस बेलाका समस्त क्रान्तिकारी युवकहरू परोपकार संस्थाका सदस्य भएका थिए।

परोपकारको काम २००४ र २००५ सालमा फैलिएको हैजाको अर्को महामारीमा जनताले देखे। कैयन् स्वयंसेवकहरूले आफ्नो ज्यानको परवाह नराखी हजारौं-हजारौं रोगीहरूको ज्यान बचाइदिए। यसो भएको हुनाले यस लोकोपकारी संस्थाको गतिविधिको बारेमा राजदरबारमा पनि पुगेको थियो र आवश्यक प्रोत्साहन पनि प्राप्त हुँदै थियो।

२००७ सालको प्रारम्भमा नेपाली कांग्रेसले तराईबाट विद्रोहको बिगुल फुक्यो। राणाहरूको किल्लाजस्तो भैरहेको काठमाडौं उपत्यकामा परोपकारले भित्र-भित्रै जन-जागृति फैलाउँदै थियो आफ्नो सेवाकार्य-द्वारा। अकस्मात् २००७ सालको कार्तिक महीनामा श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवबाट भारतीय दूतावासमा आश्रय लिइबक्सियो। राणाहरूको तर्फबाट श्री ५ त्रिभुवनलाई पदच्युत गर्ने अनेक षड्यन्त्र भयो, तर ती सब विफल पार्न परोपकारले प्रत्यक्ष-अप्रत्यक्ष रूपबाट अनेक काम गऱ्यो। मौसूफ दिल्ली सवारी हुँदा यस संस्थाले हार्दिक बिदाइ टक्र्याएको थियो। पछि एस्लर डेनिङको आगमन हुँदा नेपालमा सबैभन्दा ठूलो प्रदर्शनको आयोजना गरी 'हामी प्यारा राजा त्रिभुवनलाई नै चाहन्छौं' भन्ने नाराले आकाश गुन्जायमान भयो। सोही पर्चाले गौचरदेखिको बाटोवरिपरि घर, पसल, बजार ढाकियो। अनेकौं मान्छे पक्राउ खाए, पिटिए, घायल हुन पऱ्यो। आखिर राणाहरूको षड्यन्त्र काम लागेन। श्री ५ त्रिभुवन दिल्लीबाट विजययात्रा गरी नेपाल सवारी होइबक्सियो। त्यस बेला मौसूफको गौचरदेखि राजदरबारसम्म जुन भव्य र विशाल स्वागत जुलुसद्वारा भएको थियो त्यस आयोजनामा परोपकारको विशेष हात थियो।

परोपकारले देश-नरेश र जनताको निम्ति जे-जति गऱ्यो, गरिरहेछ––त्यो सबै नेपाली जनताबाट छिपेको छैन, तर राणाहरूको समयमा विशेष गरी श्री ५ त्रिभुवन दिल्ली सवारी भइबक्सेपछि

राणाहरूले यस परोपकार संस्थालाई अनेक प्रकारको दुःख दिए। त्यस बेलाका पुलिसका हाकिम चन्द्रबहादुर थापाले पिस्तौल देखाई परोपकारको डिपो-डिपोमा र टोल-टोलमा गई डर, त्रास, धम्की देखाई गर्नुसम्म गरे। यतिमात्रै होइन, परोपकारमाथि प्रतिबन्ध लगाइयो। परोपकारको साइनबोर्ड हटाउन लगाए। प्यारा राजा श्री ५ त्रिभुवन जनताका सच्चा नेता होइबक्सिन्थ्यो। जनताकै प्रेम र भक्तिले फेरि दिल्लीबाट सवारी भइबक्सिएपछि सबभन्दा पहिले मौसूफबाट परोपकारमाथि लगाइएको प्रतिबन्ध हटाउन सम्बन्धित विभागलाई हुकुम बक्स्यो, स्वयं परोपकार संस्थाको उद्घाटन भाषणमा परोपकारलाई यथाशक्य श्रद्धा, सहयोग र दान गर्न सबै नेपाली जनतामा अनुरोध पनि गरिबक्सेको थियो।

परोपकारको राजाप्रतिको श्रद्धा, भक्ति, त्याग र बलिदानदेखि श्री ५ त्रिभुवन मुग्ध भइबक्सी परोपकारलाई संस्थाको रूपमा संचालन गर्ने हुकुम बक्स्यो र आफैले प्रधान संरक्षण प्रदान गरिबक्स्यो। परोपकारलाई योभन्दा गौरव अरू के हुन सक्ला? आफ्नो प्यारो राजाबाट स्नेह पाउनु प्रजालाई सबैभन्दा ठूलो गौरवको कुरो हो।

परोपकारको उद्घाटन समारोह यट्खा बहालमा भएको थियो। श्री ५ त्रिभुवनको बाहुलीबाट उद्घाटन भएको यो संस्थाको प्रत्येक साधारण सभामा मौसूफ आफ्ना सुपुत्रहरूसाथ सधैं सवारी होइबक्सेको कुरा यट्खा बहालका मानिसहरूलाई मात्र थाहा नभई काठमाडौंका प्रत्येक नागरिकले बिर्सेको कुरा होइन। यसरी परोपकारप्रति स्नेह, संरक्षण र माया प्रदान गरिबक्सने श्री ५ त्रिभुवन परोपकारको मुटु होइबक्सिन्थ्यो। पछि मौसूफबाट परोपकार अनाथालयको उद्घाटन गरिबक्सँदै हुकुम भएको थियो––

परोपकार संस्था हुनु हाम्रो निम्ति बडो गौरवको कुरा हो। अभाग्यवश तालिम पाउने मौका नपाएका तथा बेकारी केटाकेटीहरूले यस आश्रमद्वारा तालिम पाई स्वावलम्बी बनी आफ्नो मातृभूमिको सेवा गर्ने ठूलो मौका पाउनेछन्। यो संस्थाले यिनीहरूलाई पालन-पोषण गरी तालिम दिई यथायोग्य शिक्षा प्रदान गरी देशको सच्चा

तथा हितैषी नागरिक बनाउनेछ भन्ने मेरो ठूलो आशा छ। एक अनाथालय स्थापना गरीकन देशको सेवा गर्न सकिन्छ भन्ने कुरा आज परोपकार संस्थाले सबै उत्साही प्रजाहरूको अगाडि नमूना देखायो। श्री ५ त्रिभुवन परोपकारप्रति अत्यन्तै श्रद्धालु होइबक्सिन्थ्यो र समय-समयमा जहाँ पनि भेट हुँदा ह्मामीसँग परोपकारको गतिविधिबारे सोधनी गरिबक्सिन्थ्यो। आफ्नो स्नेहस्वरूप श्री ५ त्रिभुवनबाट प्रतिवर्ष रु० ६ हजार परोपकार अनाथालयलाई बक्सेको थियो, जुन हाल महाराजाधिराज सरकारबाट पनि बक्सेको छ।

त्रिभुवनप्रति परोपकारको श्रद्धा, भक्ति र परोपकार संस्थाप्रति मौसूफको स्नेहपूर्ण संरक्षण एक अविस्मरणीय परिच्छेद रहेको छ।

*****

क्रान्तिकारी राजा

दाताराम शर्मा

राष्ट्रपिता श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवको सम्झनामा दुई-चार शब्द लेख्ने धृष्टता गर्न लागेको छु। मौसूफको निकट सम्पर्कमा पुग्ने अवसर प्राप्त नभएकोले मौसूफबारे केही भन्न म आफूलाई विशेष अधिकारी ठान्दिनँ। तर मौसूफको त्याग, तपस्या, साहस, राजनीतिज्ञता र एक शब्दमा राजत्वले सर्वसाधारण नेपालीलाई जे-जति दियो त्यो मैले पनि पाएको छ। त्यस कारण श्रद्धाञ्जलि अर्पण गर्नेसम्म अधिकार मलाई पनि छ।

श्री ५ त्रिभुवनप्रति नेपाली जनता कति ऋणी छौं भन्ने जान्न सात सालअघि र सात सालपछि हामीले उपभोग गरेका अधिकारहरूको तुलना गर्नुपर्छ। बोल्ने अधिकारको कुरा गरौं भने **जय नेपाल** भन्नुसमेत त्यस बेला अपराध ठहरिन्थ्यो। आफ्नो जीउसमेत आफ्नो इच्छानुसार राख्न पाइँदैनथ्यो। जुँघा काटे पनि गाथगादी ताकेको ठहर्थ्यो। मोटर चढ्न ले० कर्णेल भएपछि निवेदन गर्न पाइन्थ्यो। नागरिक शास्त्र कलेजमै थिएन। घरमा सेतो पोत्नसमेत निश्चित कुलमा जन्मिएको हुनुपर्थ्यो। जागीर खान कसैको न कसैको चाकरी गर्नु अनिवार्य थियो। यहाँसम्म कि राजाको इच्छा भए पनि प्रधानमन्त्रीको अनुमतिबिना एकान्तमा राजासँग भेट गर्ने अधिकार नेपाली नागरिकलाई थिएन। विदेशीसँग राजाले भेट गर्ने कुरा त परै रहोस्।

मैले श्री ५ त्रिभुवनलाई १९८८ सालको हिउँदमा पहिलो पटक देखेको थिएँ। त्यस दिन तत्कालीन प्रधान मन्त्री मदेशबाट काठमाडौं

फर्किएका थिए। हिउँदमा भित्री मदेश अथवा तराईतिर जाँदा प्रधानमन्त्रीहरू कैलेकाहीं श्री ५-लाई लैजान्थे। फर्कंदा साथै फर्काउँथे। त्यस बेलाको बोलीमा त्यस दिन म पनि सवारी फिरेको हेर्न अहिलेको राष्ट्रिय रंगशाला, त्यस बेलाको सानो टुँडिखेलमा गएको थिएँ। जागिरेहरूलाई प्रधान-मन्त्री श्री ३-को स्वागत गर्न त्यहीं हाजिर हुने उर्दी हुन्थ्यो। त्यस कारण मान्छे धेरै थिए। प्रधान मन्त्रीको चौघोडे बग्गी त्यहाँबाट पार भएपछि आफूखुशी चाकरीमा आउने र उर्दीमा आउने सबै फर्किए। यत्तिकैमा फेरि सलामी तोप चल्यो। शून्य भइसकेको चउरमा बाँकी रहेका दश-बीस जनामध्ये एक जनाले 'अब धिराजको सवारी भयो' भने। अर्को आवाजले 'एक दिनको पाप काटिन्छ, दर्शन गर्नुपर्छ' भन्यो। तमाशा मात्र हेर्न गएकोले म पनि प्रतीक्षामा बसें। एक छिनपछि केही रिसल्ला आए। भीड नभएकोले म सडकको किनारमै उभिन पाएको थिएँ। रिसल्लाको पछि-पछि एउटा कालो मोटर आयो। मोटरभित्र सेतो पोशाक लगाएको कालो कपालमनि गोरो मोहडा झलक्क देखें। त्यस मोहडाबाट दुइटा काला आँखाले तेजिलो ज्योति फ्याँकिरहेको पाएँ। एउटा 'जय' भन्ने आवाज आयो।

संवत् १९९४-मा म बर्मा पुगेको थिएँ। त्यहाँ नेपालीहरू बसेका भागहरूमा जाँदा-जाँदै बर्माको प्रसिद्ध चाँदी खानी भएको ठाउँमा पुगें। दश-बाह्र हजार कामदारमा धेरैजसो नेपालीहरू नै थिए। इलामदेखि डोटीसम्मकै पुगेका थिए। डोटीका देवकीहरूको कथा र उनीहरूको आचरण सुन्ने र देख्ने मौका त्यहीं पाएको हुँ। म पुग्नुभन्दा पहिले धर्मभक्त र दशरथ पुगिसकेका रहेछन्। त्यहाँका शिक्षित नेपालीहरूमा श्री ५ त्रिभुवनको मुरादको सन्देश पुगिसकेको रहेछ। काठमाडौंको सामान्य ज्ञानले गर्दा म पनि श्री ५ त्रिभुवनको गुप्त पुरुषमा गनिएँ। मैले जति-जति प्रत्याख्यान गर्न लागें उति-उति गुप्त पुरुष ठहरिंदै गएँ। राजभक्त त छँदै थिएँ, तर म त्यसै श्री ५ त्रिभुवनको अन्तरंग पुरुष हुन पुगें। मैले भन्न खोजेको के भने श्री ५ त्रिभुवन प्रजालाई पुनः प्रजाको स्थानमा पुऱ्याउने तीन पुस्ताअघिदेखिको प्रयत्नमा पहिलेदेखि नै लागिबक्सिएको थियो।

२७

सात सालको क्रान्तिको पृष्ठभूमि तयार पार्न श्री ५ त्रिभुवनले के-के गरिबक्सिएको थियो भन्ने कुरा अन्धकारमै छ। कुमारी एरिकाले पाएको सीमित जानकारी एक-दुई विषयमा अनुमान गर्ने आधारसम्म बनेको छ। मेरो विचारमा इतिहासको मोड बदल्ने क्रान्तिका सूत्रधार राष्ट्रिय नेता श्री ५ त्रिभुवनको जीवनको विस्तृत जानकारी पाउनु आवश्यक छ। मौसूफको विलक्षण प्रकृति भएकोले जतिसुकै घनिष्ठ सम्पर्कमा आएको भए पनि एउटै व्यक्तिले सबै कुरा थाहा पाउन सक्तैन। प्रस्तुत स्मृतिग्रन्थले मौसूफका विषयमा अहिलेभन्दा बढी प्रकाश दिन सक्नेछ भन्ने विश्वास गर्नुपर्छ।

श्री ५ त्रिभुवनप्रति मौसूफका सबै प्रजालाई समान अधिकार दिलाउने प्रयत्नले स्वार्थमा आघात परेकाहरूले दुर्भावना फैल्याए भने केही हदसम्म सह्य पनि हुन सक्छ। तुच्छ स्वार्थ र विवेक सधैं सँगै बस्तैनन्। यथार्थमा उनीहरू पनि कृतज्ञ रहनुपर्छ। मौसूफलाई राणा बचाउने, मेवाडका महाराणा प्रतापलाई बचाउने भामा शाहसँग तुलना पनि गरेका छन्। श्री ५ त्रिभुवनको असीम कृपा पाएकाहरूले समेत मौसूफको पवित्र देशभक्ति र अन्तरंगमा पुगेकी एक विदेशी आइमाईका आँखामा समेत निष्कलंक साबित भएको चरित्रमा कलंक लगाउन खोज्नु असह्य कृतघ्नता हो। त्यस कारण पनि श्री ५ त्रिभुवनको सम्पर्कमा आएका व्यक्तिहरूबाट मौसूफबारेका अनुभवहरू प्रकाशमा आउन आवश्यक भएको छ।

संवत् १९८८ सालदेखि २०११ साल आश्विनसम्म श्री ५ त्रिभुवनलाई देख्ने अनेक अवसर परे। तर मौसूफको सम्झना मनमा आउनासाथ अझै पनि मेरा आँखाका अगाडि त्यही कालो मोटरमा बसेको व्यक्ति आउँछ। त्यसै गरी श्री ५ त्रिभुवनले नेपालीमात्रलाई बक्सेका प्रजातान्त्रिक अधिकारहरूको गन्ती छैन ता पनि कसैले मसँग 'श्री ५ त्रिभुवनले के दिए त?' भनेर सोध्यो भने 'श्री ५ महेन्द्र' भन्ने उत्तर दिन्छु। श्री ५ त्रिभुवनको स्वर्गारोहणले खाली पारेको नेतृत्वलाई श्री ५ महेन्द्रबाट सँभालिबक्सियो। यसको विशेषण मसँग छैन, सँभालिबक्सियो मात्र भन्न सक्छु। नत्र भने मेरो नेपालीत्वमा वज्रै

पर्थ्यो कि आगो लाग्थ्यो, म केही भन्न सक्तिनँ। आज श्री ५ त्रिभुवनले दिएका अधिकारहरू आनन्दसँग उपभोग गरिरहेको छु। देशको जुनसुकै भागमा पनि नेपाली मुद्रा चलाउँछु। मोटरमा बसेर आफ्नो देशको एउटा सीमाबाट अर्को सीमामा पुग्न पाएको छु। सामान्य नेपालीले आजभन्दा भोलि बढी खान-लाउन र जान्ने-सुन्ने हुन पाउनेछ भन्ने विश्वासमा छु।

श्री ५ त्रिभुवन राम्रो होइबक्सिन्थ्यो। संवत् १९९८-को प्रदर्शनीमा राखेको मौसूफको एउटा तस्बीर देख्ता म मोहित भएको थिएँ। मौसूफको बोली मसिनो थियो। काठमाडौं र दिल्लीमा आकाशवाणी संचारको उद्‌घाटन गर्दा मौसूफ बोलिबक्सेको रेडियोमा आएको थियो। संयोगले सुन्न पाएको थिएँ। 'के भन्ने?' भनेर सोधिबक्सेर त्यस बेलाका दिल्लीस्थित नेपाली राजदूत ज० सिंहशमशेरलाई सम्बोधन गरिबक्सेको थियो। मौसूफकै एउटी दिदीज्यूको सम्पर्कमा पुगेकोले र मौसूफसँग दोहोरो कुरा गर्ने मौका पाएकाहरूले बताएको भरमा पनि मौसूफ मितभाषी र मृदुभाषी होइबक्सिन्थ्यो भन्ने मेरो धारणा बनेको थियो। तर मौसूफको एउटा वाक्यले मेरो त्यो धारणा बदलियो। सुनमा मनोहरता र कोमलतामा स्थिरता लुकेको जस्तै मौसूफको सौन्दर्य र कोमलतामा ओजस्विता भरिएको छ। नेपालीसँग सधैं बस्ने श्री ५ त्रिभुवनको त्यो अविनाशी शब्द-शरीर हो—**मैले आफूसँग भिटो पावर राखेको छु तापनि सकभर त्यसलाई प्रयोग गर्नेछैन। तर साँच्चिनै देश बिग्रन आँटचो भने भिटो पावर त के, मेरो आफ्नो ज्यान दिएर पनि देशलाई बिग्रनबाट बचाउनेछु।**

श्री ५ त्रिभुवनको यसै वाक्य-मूर्तिलाई अगाडि राखेर मौसूफबाट पाएको वाक्-स्वतन्त्रताद्वारा श्रद्धाञ्जलि अर्पण गर्दछु।

*****

मेरो दृष्टिमा श्री ५ त्रिभुवन

दानियल खालिङ

श्री ५ त्रिभुवनको परलोक भइसक्यो।

त्यस मृत्युले हाम्रा सामुन्ने एउटा सम्पूर्ण जीवन छोडेर गयो। अब त्यस जीवनमा अपूर्णता कहीं छैन--त्यस जीवनलाई अब भविष्यको त्रास छैन, न भूतकालको मोह, न वर्तमानको आकर्षण, सारा वर्तमान र भविष्य भूतसित एकाकार भइसक्यो। अब हामी त्यस सम्पूर्ण जीवनलाई--भविष्यले नछेकेको जीवनलाई, त्यसको सम्पूर्ण रूपमा हेरेर पारख गर्न सक्ने अवस्थामा पुगेका छौं।

म बयान गर्न सक्तिनँ, त्यस मृत्युले नेपालको कति ठूलो हानि भयो! त्यो बेला, मलाई अझै पनि सम्झना छ, उल्टो बन्दूक बोकेका सिपाहीका ताँतीले श्री ५ त्रिभुवनको मृतदेह लिएर आर्यघाटतिर हिंडेपछि पंचगंगाको जंगलमा हस्याङ र फस्याङ गरी त्यो रित्तो शरीरको दाह-संस्कार हेर्न दौडँदा-दौडँदै मेरा एक जना साथीले भनेका थिए--"यति बेला त्रिभुवन महाराजाधिराज बौरेको समाचार आए हामी कति खुशी हुन्थ्यौं!"

यहींनेर यो भनिराखूँ--म श्री ५ त्रिभुवनका बारेमा लेख्न लागिरहेछु। यो न उनको जीवनी हो, न त्यस जीवनीको मूल्यांकन। म यतिमात्र देखाउन चाहन्छु--म उनलाई कसरी हेर्छु। त्यही नै मेरो उनीप्रतिको श्रद्धाञ्जलि हो। उनी मरे, तर श्रद्धा अजर-अमर रहन्छ, म त्यही श्रद्धाको पोको फोएर पसारो लाउन लागेको छु।

'श्री ५ त्रिभुवन' भन्दा म सम्झन्छु——मैले जीवनमा पहिलो पटक, देख्ने-सुन्ने भएपछि, स्नेह र श्रद्धाले भरिएर उनैको जयजयकार मनाएको थिएँ——दिसम्बर १०, १९५०-मा पशुपतिनगर बजारमा, चिसो सिरेटो लाग्ने गाउँले बजार राणाशासकको हातबाट छुटाएपछि, नेपाली कांग्रेसको नेतृत्वमा। त्यो समयदेखिको कथा सम्झँदा मलाई लाग्छ, क्रान्तिको बीचमा म भन्दथें——"म राजद्रोह गरिरहेको छैन, किनभने मेरो पक्षमा राज्यका राजा नै छन्। शासन र शासक फेरिने कुरा हुन्, फेरिन्छन्। अटेरी र ढीठ शासक र शासनलाई विद्रोह र क्रान्तिले फेर्छु। ··· ··· ···मेरो पछि मेरो संगठन छ, मेरो पिठ्यूँमा मेरा राजाको हात छ।"

यहाँनेर आइपुग्दा म मेरो प्रसङ्ग छोड्न चाहन्छु र मेरा गुरुहरू सर्वश्री धरणीधर कोइराला, सूर्यविक्रम ज्ञवाली र पारसमणि प्रधानको सम्झना गर्दै उहाँहरूमा कृतज्ञता चढाउन चाहन्छु। मलाई थाहा छ उहाँहरूले असंख्य नेपालीमा, मेरा साथीहरूमा र ममा पनि नेपाली भाषा र नेपाली जातित्व भरिदिनुभयो। त्यसैले हामी नेपालले पनि भरियौं। म पहिले पारसमणि प्रधानज्यूको तालिममा परें। उहाँ जसमा पनि नेपाली भाषाको प्रेम सञ्चार गराउनुहुन्थ्यो। त्यसपछि सूर्यविक्रम ज्ञवालीज्यूका बाटामा परें। उहाँ पृथ्वीनारायण शाह, राम शाह, वीर बलभद्र, अमरसिंह थापा र भानुभक्तको भारी बोकेर हाम्रा अघि-अघि हिंड्नुहुन्थ्यो, हामी छक्क पर्थ्यौं। स्कूले जीवनको शेष दुई वर्ष नेपालीको कक्षामा, हामी चालीस जना उरन्ठ्याउला ठिटाहरू शान्त र मन्त्रमुग्ध रहन्थ्यौं, सुन्थ्यौं :

दूर देशमा काल घेरमा,
देशबन्धुको देखियो झलक्
लौ त त्यस् बखत् जन्मभूमिको
याद हुन्न है भन्नुहुन्छ को ?
साँच्चि त्यो घडी गम्नु चित्तमा
बग्छ बेगले प्रेमको नदी,
चित्त त्यो घडी मग्न पर्दछ
क्लेश त्यो घडी दूर भाग्दछ।

अनि--

"स्वधर्म डुब्यो, समाज डुब्यो, डुब्यो सारा घरबार
गुहार दाजुभाइ, गुहार, गुहार दिदीबैनी गुहार !"

मेरो स्कूले जीवन सिद्धिनै लागेको बेलामा उहाँ सनपाट जस्तो पातलो कपाल लिएर आधा निराशिएको स्वरमा भन्न लाग्नुभएको थियो--

नेपाल तिम्रो मुहुँडा हँसिलो
देखेर मर्छु कि यसै म मर्छु ।

शायद १९५० साल दिसम्बरको ठीक चार वर्षअघि होला, म सिमाना बजार घुम्न गएको थिएँ। एउटा सानु नाला पार भएर नेपाल सरहदमा पसेपछि महुवाको रक्सी गन्हाउने गाउँ नाघेर ठाउँ-ठाउँमा बुच्का-बुच्की भएको गौचरनको एउटा ढिस्कुरोको टुप्पामा उभिएर मैले दोहोराएको थिएँ, त्यही दुई पंक्ति --

नेपाल तिम्रो मुहुँडा हँसिलो
देखेर मर्छु कि यसै म मर्छु ।

यसपछि समय बदलियो--क्रान्ति भयो, श्री ५ त्रिभुवनले राजपरिवार र जनतालाई बन्धनमुक्त पारे, प्रजातन्त्रको प्रभात उदायो। त्यति भएपछि मेरा उमेर ढल्किसकेका गुरुलाई पुग्यो, उहाँले 'म बूढोको जीवनमा यति हुनु नै पर्याप्त छ' भन्ने भावनाले 'क्षमा पाऊँ--मर्ने बेलामा घिड्घिडो नरहोस्' भन्ने आशयले मन बाँध्नुभयो--

नेपाल तिम्रो मुहुँडा हँसिलो
देखेर पक्कै म मर्न आँटें ।

तर म त्यो पहिलो दिनदेखि आजसम्म कराइ नै रहेको छु--

नेपाल तिम्रो मुहुँडा हँसिलो
देखेर मर्छु कि यसै म मर्छु ।

अनि म सबैसित प्रस्ताव गर्छु--हामी सन्तोष कहिल्यै नगरौं, जति उन्नति र प्रगति गर्‍यौं त्यसदेखि कहिल्यै तृप्त नहोऔं। यसपछि म तर्क गर्छु--सन्तोष अकर्मण्यता हो, उद्योगहीनता हो--**ज्यूँदै मर्‍याको**

भनी नाम कस्को? उद्योग्‌विना बित्तछ काल जस्को।" यस कारण हामी जोर-जोरसित कराऔं फेरि––

नेपाल तिम्रो मुहुँडा हँसिलो
देखेर मर्छु कि यसै म मर्छु।

हामी सबै भगवान्‌सित कलियुग हुनाले शराप नै मागौं––"हे भगवान्, मेरो सपनाको पछि-पछि मेरो विपना दौडोस्, सपना भागि नै रहोस्, विपना खेदि नै रहोस्, यो क्रम अन्तकालसम्म रहिरहोस्।"

शाहवंशी राजाहरू अधिकार वंचित भएको एक सय चार वर्षपछि श्री ५ त्रिभुवन पहिलो राजा थिए जसले फेरि शासनाधिकार आफ्ना बाहुमा लिए––एउटा नौसिखुवाको रूपमा, तर उनी प्रजामा विश्वास राख्थे। यसर्थ उनी प्रजातन्त्रवादी राजा थिए। यो शाहवंशी राजाको परम्परा हो। यसको उदाहरण, हामी बडामहाराज पृथ्वीनारायण शाहको **दिव्योपदेश**-मा पाउँछौं। त्यहाँ लेखिएको छ––

मलाई ता रिझायो दुनिञां जस् देषी राजि रहन्छन् उसैलाई कजाई दिनु भन्ने सास्त्र मा पनि कहेको छ दुनिञां मा बुझि हेरुं भनि बुझि हेर्दा दुनिञां बाट पनि कालु पांडे को चाहा रहेछ र कालु पांडे लाई कजाई दिनु भया हामी दुनिञांदार मा छाहारि रहदो हो भंन्या सल्लाहा दिया र अब बाइसि चौबिसि ले क्या भन्छन् भनि बुझ् हुदा बाइसि चौबिसि बाट पनि कालु पांडे के चाहा रहे छ कालु पांडे लाई कजाञ्चि भया घाहा घराईस् बलियो राषन्ये छ भन्ने सल्लाहा दिया मेरा मन मा ता विराज बषेति लाई कजाइ दिन आटे को थियो तर ज्याधा बुद्धि कालु पांडे कै ठहर्‍यो र कालु पांडे लाई कजाञ्चि भया को हो।

शाहवंशी राजाको प्रजाको इच्छाको कदर गर्ने प्राचीन यो चाहा वर्तमान समयमा प्रजातन्त्रमाथिको विश्वासको रूपमा बिकसित भएको छ। यसर्थ प्रजातन्त्रमाथिको नेपाली राजाको आस्था नयाँ कुरो केही होइन, तर एक शताब्दीभरि शिथिल र निद्रित रहेको भावनाको नवजागरण मात्र हो। नयाँ युगको सन्दर्भमा व्यक्तिकरणमा परिवर्तन भएको हो, भावनाचाहिं प्राचीनकालदेखि अखण्डित रहेको हो। वर्तमान

विश्व-चैतन्यको प्रसंगमा यो प्रजावादी भावनामा परिवर्तन हुन असम्भव नै छ, यद्यपि रूपान्तरित हुन सक्छ।

शाहवंशीय प्रजावादी भावनाको पुनर्जागरणका प्रतिष्ठाता श्री ५ त्रिभुवन नै थिए। यदि उनी अनुभवप्राप्त शासक भएका भए नेपाललाई लामो अवधिसम्म संक्रमणकालको अन्योलमा बस्नुपर्ने थिएन। यति बेला यो भन्नु बाध्य हुनुपर्छ––उनको दरबारमा भुलाइएको अनुभव-रहित जनवादी भावनाले उनलाई २००७ सालदेखि यता मृत्युसम्म ठग्यो। उनले जनतामाथि यति कति अधिक विश्वास गरे भने जनताको दुहाइ दिनेले उनको आदर्श र लक्ष्यलाई ठगेको उनले थाहा नै पाएनन्। यसर्थ उनले आफ्नो जीवनकालमा कतिपय तीता आलोचनाका निशान हुनुपऱ्यो। यदि जनता शिक्षित अथवा नेताहरू राजनीतिज्ञ मात्र नभएर ईमानदार पनि भइदिएका भए उनको जीवनकालमा नै प्रजातन्त्रको दरिलो जग बसिसक्ने थियो र श्री ५ महेन्द्रलाई राजगद्दीमा आउनेबित्तिकै भालुको कम्पट समात्नुपर्ने थिएन, न त झन्झट नै उठाउनुपर्ने थियो। राजा नै ठगियो त जनताको शोषण हुनु कुनै आश्चर्यको विषय होइन, यद्यपि दुःखको विषय भने अवश्य हो।

यसमाथि पनि २००७ सालको समय त्यत्तिको अनुकूल पनि थिएन। मित्रराष्ट्रहरू नेपाललाई आजको जस्तो सचेत दृष्टिले हेर्दैनथे। राजनीतिक दृष्टिकोणमा नेपाल एउटा सानु र गौण देश थियो––एउटा नयाँ जन्मेको बालक र त्यसको भाग्यजस्तै दिग्गज राजनीतिज्ञ र कूटनीतिज्ञहरूको लागि यो देश एउटा पहिले स्कूलमा भर्ना पाएको पिलन्धरे बालक थियो। देश, काल, समय र परिस्थितिले श्री ५ त्रिभुवनलाई ठग्यो, ठग्नुसम्म ठग्यो।

लम्बिएको संक्रमणकालले गर्दा नेपालीहरू अधीर भइसकेका थिए। त्यति मात्र होइन, तिनले आफैलाई र आफ्नो पार्टीलाई पनि विश्वास गर्न छोडिसकेका थिए। २०१०-११-१२ सालमा देशको जुन अवस्था र नेपालीको जुन मनोदशा थियो, त्यसबाट नेपालीहरूले संक्रमणकाललाई लम्याउँदा यही हुन्छ भन्ने कुरा शक्तिमा बसेकाहरूमा निश्चिन्तता थिएन। देशमा कहीं विश्वास थिएन। यसर्थ केही नगरी

बस्न नसक्ने मानिस अप्रवृत्ति (Inertia)-ले रुग्ण भए, स्नायु दुर्बलता (Neurasthenia) वा उन्माद (Neurosis)-का शिकार भए अथवा ती साम्प्रदायिकताको शरण लिन पुगे, जुन मन्चबाट ती आफ्ना मनको क्षोभ व्यक्त गरेर शान्त हुन सक्थे। तर साम्प्रदायिकताले ती झन्-झन् विक्षिप्त भए। यद्यपि जसरी अविकसित देशमा राष्ट्रियताको आवश्यकता छ त्यस्तै साम्प्रदायिकताले पछौटे जातिमा आत्मचेतना ल्याउँछ। तर त्यस बेला नेपाली राजा-प्रजालाई यो ज्ञान थिएन।

श्री ५ त्रिभुवनको नजीकमा म पुगिनँ नै भन्नु योग्य छ, तर ती मानिस जो-जो उनको नजीकमा पुग्थे उनको सरल हृदयले प्रभावित भएर आउँथे। यो सरल हृदयले जनताको अभिलाषामा श्रीपेचको स्वार्थ एकाकार गर्न समर्थ बनाएर उनलाई नेपाली इतिहासमा यथार्थमा अमर बनायो। विश्वको इतिहासमा एउटा नयाँ कीर्ति स्थापित गर्न समर्थ बनायो। अर्कोतिर उनी स्वयं ठगिए र देश ठगियो। यी राजा कति सरल चित्तका थिए भने एक पल्ट प्रत्यक्ष शासन गर्ने प्रयास गरे। त्यस बेला मदेशको भाभरमा मेरो त्यस बेलाका एक जना साथी भर्खर काठमाडौंबाट आएका थिए। उनले 'कस्तो लाग्यो?' भनी सोद्धा मैले जवाफ दिएको थिएँ—"ठीक छ, क्रान्तिका नेता शान्तिमा सफल भएनन्, क्रान्ति मच्चाउने नेताले प्रगतिलाई हुच्याउन सकेनन्।"

यो सुनेर उनले अन्कनाउँदै मेरो कुरामा सही थापेका थिए। तर सारा पार्टीले प्रत्यक्ष शासनको विरोध गरे। प्रत्येक जनसभामा त्यो शासनको निन्दा गरियो। उनले शायद यसो हुनुलाई जनताले नै प्रत्यक्ष शासनको विरोध गरेको ठाने र पार्टीको शासन पुनः स्थापित गरे। उनले धेरै प्रयोग गरे, उनको अनुभव बढ्दै थियो। तर आफ्नो प्रयोग र अनुभवको परिसाम्पत्तिमा पुग्नुभन्दा अघि नै उनलाई रोगले च्याप्यो। अनि उनलाई विवश भएर शासन-व्यवस्था जस्तो थियो उस्तै रहन दिनुपऱ्यो। त्यसपछि त उनको देहावसान भयो, अनि सारा कथा टुङ्गियो। यो बयानवाट यो स्पष्ट हुन्छ—उनले प्रजातान्त्रिक विकासको निमित्त जनताबाट नै प्रचेष्टा आशा गरेका थिए। उनले

कहिल्यै पनि जनताकै स्वार्थको निमित्त पनि प्रजातन्त्रको विकासको आफू उत्तरदायी हुने प्रयास गरेनन्। उनी यति सरल हृदय भएका व्यक्ति थिए। यसै कारण उनको तीतो अनुभव आजका नेपालीको निमित्त एउटा पाठ भयो। आफ्नो हातमा शासनाधिकार आएपछि उनले त्यो अधिकार जनतामा सार्न भरमग्दूर गरे। प्रजातन्त्रको विकासको निमित्त धैर्यपूर्वक समस्या-समाधान गर्ने प्रयासमा बाँकी जीवन जुटाई बसे, भनौं तपस्या गरे। तर यस्तो देखिन्छ उनी असफल भए। हामी यो कुरो नबिर्सौं नेपाली राजा र प्रजा अनुभवरहित थियौं। अनि प्रजातन्त्र एउटा व्यक्तिको चेतना होइन। यसमा कमभन्दा कम बहुसंख्यक नागरिकको चैतन्य हुनुपर्छ। प्रजातन्त्र क्रमशः विकास अथवा विस्तार हुने रीति हो, यो 'रेडीमेड' रूपमा कहीं पाइँदैन––ब्रिटेनको प्रजातन्त्र पनि अझसम्म क्रमशः विकासको क्रममा छ। यस कारण श्री ५ त्रिभुवनको जीवनकालमा जे-जति प्रयास भयो त्यसबाट हामी ज्ञानी भयौं, हामीले अनुभव पायौं। यसको तुलनामा आउने केही कुरो छैन। हो, जातिको रूपमा हामी प्रजातन्त्र स्थापित गर्नमा असफल भयौं, तर हाम्रो समय र प्रयास खेरो गएन, किनभने हाम्रो अनुभव हाम्रो जातिको आर्जन हो। अनि तपाईंको, मेरो र कुनै एक जना व्यक्तिको जीवनमा दश-बीस, तीस, चालीस सय वर्ष साह्रै लामो अवधि होला, तर एउटा जातिको जीवनमा ती वर्षहरू एक-एक दिनजस्ता मात्र हुन्। यसो भन्दा मलाई त्यस बूढो किसानको कथा सम्झना हुन्छ जो मृत्युको मुखमा पुगेर फलका नयाँ बिरुवा लाउँदै थिए। तिनलाई एउटा बटुवाले सोधेछन्––"बा, यो उमेरमा यी बिरुवा कसका निमित्त लाउनु हुँदै छ?"

तिनले जवाफ दिएका थिए––"बाबू, म मेरा बा-बाजेले लाउनुभएका बिरुवाका फल खाएर हुर्के-बढें, मैले रोपेका यी बिरुवाका फल मेरा छोरा-नाति अझ पनातिले खान्छन्।"

तिनलाई भविष्यको विश्वास थियो, तिनी निरुत्साहित नभई फलका नयाँ बिरुवा रोपेर बसे। त्यस्तै श्री ५ त्रिभुवन र उनका समयका नेपालीले रोपेका फलको बिरुवा तिनीहरूका जीवनमा फलेनन्।

त्यसमा खराबी केही छैन, किनभने नेपाली जातिको जीवन उनीहरूको जस्तै छोटो छैन। यो जाति न श्री ५ त्रिभुवनमा सिद्धियो, न यो आज सिद्धिन्छ, न मसित, न तपाईंसित। उनले जे-जति गरे भविष्यका सन्तानको निमित्त गरे। हामी गर्दै जाऔं। यसै कारण म भन्छु, कुनै जीवन खेरो गएन, जाने पनि छैन।

जीवनको सार मान्छेले गरेको काम हो। श्री ५ त्रिभुवनले सक्दो गरेका छन्। उनी जन्मेर, खाएर मरेका होइनन्, उनले जीवनमा काम गरेका छन्। यसै कारण हामी उनलाई सम्झन्छौं। मलाई थाहा छ––नेपालीहरूले कहिल्यै पनि उनलाई बिर्सेर पनि बिर्सन सक्ने छैनन्, भुलेर पनि भुल्न सक्तैनन्।

श्री ५ त्रिभुवनको परलोक भइसक्यो।

त्यस मृत्युले हाम्रा सामुन्ने एउटा सम्पूर्ण जीवन छोडेर गयो। अब त्यस जीवनमा अपूर्णता कहीं छैन। त्यस जीवनलाई अब भविष्यको त्रास छैन, न भूतकालको मोह अथवा वर्तमानको आकर्षण छ; सारा वर्तमान र भविष्य भूतसित एकाकार भइसक्यो। अब हामी त्यस सम्पूर्ण जीवनलाई––भविष्यले नछेकेको जीवनलाई, त्यसको सम्पूर्ण रूपमा हेरेर पारख गर्न सक्ने अवस्थामा पुगेका छौं।

पारख गर्न सक्ने अवस्थामा पुगेका त छौं, तर अन्तिम निर्णय दिन सक्ने अवस्थामा पुगेका छैनौं। यो काम इतिहासले गर्छ––आज होइन, भोलि होइन, पर्सि होइन। कसले जान्दछ––सय वर्ष लाग्ला, दुई सय वर्ष लाग्ला, त्यसभन्दा पनि धेरै लाग्ला!

*****

राष्ट्रपिता त्रिभुवन सम्झँदा

दीर्घराज प्रसाई

औ हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस्………औ हामी यसद्वारा हाम्रा सबै प्रजाहरूलाई हामी र हाम्रा उत्तराधिकारीप्रति सच्चा वफादारी धारण गर्नको निमित्त आमन्त्रण गर्दछौं। हाम्रा राष्ट्रपिता त्रिभुवनको प्रजातान्त्रिक गुञ्जन हामी नेपाली मात्रको हृदयमा, मस्तिष्कमा र साथै हाम्रो कर्तव्यमा प्रथम हरफ सम्झी देशनिर्माण र आदर्श प्रजातन्त्रको उपलब्धिमा हामी तत्पर रहनुपर्दछ। उक्त वाक्य नेपाली माटोमा, नेपाली जन-जीवनमा गुञ्जायमान भए तापनि हामीले विदेशको अनुकरण गर्दैमा र अर्काको आशामुखी हुँदैमा मात्र प्रजातन्त्रको वास्तविक परिचय जनताले र देशले पाउँदैनन्। यसै कारण उक्त समयको ठीक ९ वर्ष र १० महीनापछि जन-जीवन र देशको माटोअनुकूल राष्ट्रनायक श्री ५ महेन्द्रवीरविक्रम शाहदेवबाट २०१७ सालमा महान् ऐतिहासिक क्रान्ति हुन्छ, जुन क्रान्तिकै आधार हामी आपसी प्रेम, स्वच्छता, निर्भयता, उद्योग र ज्ञान ५ तत्त्वको दलहीन तथा मौलिक राजनीतिक दर्शन 'पञ्चायत-पद्धति' पाउँछौं। राष्ट्रपिता त्रिभुवनको सपना साकार बनाउन हामी तत्पर छौं। हाम्रो राष्ट्रियताका परम पुजारी राष्ट्रपिता त्रिभुवनको उद्देश्यलाई र नेपाली जन-जीवनलाई सफल पार्न आदर्शवादी तत्त्वको आधारमा आफ्नो सार्वभौमिकता झन्-झन् दिगो पार्दै लानुपरेको छ। श्री ५ त्रिभुवनको उद्देश्यले पूर्ण जागृतिको लक्षण लिएको छ। श्री ५ त्रिभुवनको सदिच्छा र जन-जीवनको पक्ष लिंदै अन्तर्राष्ट्रिय जगत्मा पनि आजको हाम्रो प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको प्रशंसा भइरहेको छ। नेपालमा शाहवंशको उदयकालदेखि नै सच्चा प्रजातन्त्रको

आधारभूत तत्त्वमा यो देश लम्कँदै आएको छ। 'प्रजा मोटा भएमा देश बलियो हुन्छ' भन्ने प्रजातान्त्रिक तथ्यांकको सिद्धान्त हो। तर दुर्भाग्यवश पछि राणाकालीन निरंकुशता उदाउँछ।

परिस्थितिले मान्छे वैलाउँछ, परिस्थितिले नै मान्छे नेता हुन्छ। नेतृत्व समयको मागमा अड्छ। तर देशका वास्तविक प्रतीक राजालाई नै जनतासित प्रत्यक्ष सम्पर्क राख्न नदिई नरेश र जनतालाई अन्धकारमै डुबाइरहनु निरंकुशताको पराकाष्ठा हो। यसैको परिणाम २००७ सालको क्रान्ति हो। यही क्रान्तिको परिणाम देशमा आज प्रकाश उदाएको छ, हाम्रो राष्ट्रिय झन्डाका चन्द्र र सूर्यले बादलमा नछेकिई झलमल्ल हुन पाएका छन्।

राष्ट्रपिता त्रिभुवनको २००७ सालका महान् साहसपूर्ण कामहरू सम्झँदा मौसूफप्रति म नतशिर हुन्छु। म २००७ सालमा आठ-नौ वर्षको बालक मात्र थिएँ। क्रान्ति कालमा मौका छोप्ने डाकाहरूबाट ज्यान जोगाउन म यताउता दगुरिरहन्थें। म फाट्टफुट्ट सुन्थें–'ए हाम्रा राजा पनि भागे अरे!' गाउँलेहरूले भनेको यो वाक्यले मलाई असाध्य सुर्ता पार्थ्यो। म सम्झन्थें––"कठै! राजा मझैं तिमी पनि कहाँ छौ, तिमीलाई कसले साथ देला!" क्रान्तिमा भागाभाग हुँदा जंगल-जंगलमा मकै भुटी खान्थ्यौं र म सम्झन्थें––"कठै, राजा! तिमीलाई कसले खान दिन्छ होला!"

पहाडबाट लुकीछिपी झापामा पुगियो। फागुनतिर कुरा चल्यो––"लौ, हाम्रो राजा देश फर्कने अरे····अब पहाड घर जानुपर्छ।"

'राजा देश नफर्केको भएदेखि म पनि घर जान पाउने थिइनँ होला' भन्ने मैले उसै बेला सम्झेको थिएँ। त्यसैले म भन्छु––"हे मेरा आदर्शका प्रतीक! राष्ट्रियता, प्रजातन्त्र, प्रेम र निस्वार्थता देखाउने महान् राष्ट्रपिता! हामी तत्पर छौं देश बनाउन, राष्ट्रियता र सार्वभौमिकता, उद्योग र मुक्त वातावरणमा राष्ट्रपिताको प्रेरणा लिएर हिंड्छौं, बढ्छौं। त्यसैले हे महान् शहीद! स्वच्छ हृदयले शिर झुकाई तिम्रो स्मृतिमा अमरताको अनुभव गर्छौं।

*****

नयाँ अध्याय

देवकुमारी सिन्हा

सन् १९५०, नोभेम्बरको एउटा समाचारले सारा विश्व आश्चर्यमा पर्‍यो। त्यो समाचार थियो--नेपालका महाराजाधिराज त्रिभुवन-वीरविक्रम शाहदेव आफ्नो राज्यमहत्ता छोडेर सपरिवार भारतको दूतावासमा सहायता लिन पसिबक्सेको।

हुन त नेपालमा राणाहरूको आफूखुशी शासन विश्वको आँखाबाट लुकेको थिएन। भोका, नाङ्गा, थाङ्ने नेपालीहरू पैसा कमाउने, बर्सेनि प्रवास पसेको पनि सबैले देखेकै थिए। यस्तो अत्याचारको अन्त्य पनि हुन्छ नै भनेर सबैले भनेका थिए। मुलुकबाहिर बसेका नेपालीहरूले क्रान्तिको निम्ति लुकी-लुकी सहयोग गरेको पनि कतिले बुझेका थिए। तैपनि त्यो समाचारले सबै छक्क परे, किन होला त?

हेर्नमा कोमल र सुन्दर, व्यवहारमा सरल र स्वाभाविक श्री ५ त्रिभुवनको व्यक्तित्व क्रान्तिकारीको जस्तो नभएर दार्शनिक, कवि र विचारकको जस्तो भावुक तथा सौम्य थियो। मौसूफको व्यक्तित्वमा उग्रता वा कटुताको छाप बिन्दुमात्र पनि देख्न सकिएन। हो, मौसूफका ठूलठूला आँखामा वेदनाका गम्भीर भावहरू स्पष्ट देखिन्थे। तर त्यसले त मौसूफको व्यक्तित्वलाई अझ कोमल, अझ संवेदनशील पारेको थियो। मौसूफले आफ्नो जीवन राणाहरूले टाँसेको माकुरीको जालोजस्तो वातावरणमा बिताउन पर्‍यो। पारिवारिक स्नेह र प्रेमबाहेक मौसूफको सामाजिक जीवन साह्रै एकलो, टाढाको थियो।

राजमहलमा चारैतिर राणाका मानिसहरूमात्र खटिएका थिए। त्यहाँ कोसँग विचार-विनिमय गर्नु? कसलाई अविश्वास, कसको विश्वास! ऐश र आराम पनि उस्तै थियो। परम्परादेखि राणाहरूले वास्तविक शासकलाई विलासका बन्धनले बाँधेर नपुंसक बनाइराख्ने चेष्टा गरेका थिए। त्यस्तो परिस्थितिमा पनि दिउँसो राणाहरूको आँखामा धूलो हालेर बाहिर निस्कन सक्नुमा अदम्य साहस चाहिन्छ--त्यस्तो सुन्दर, कोमल र नजरबन्द जस्ता राजाले। त्यसैले मानिसहरू छक्क परे। मानसिक साहसको यो अपूर्व दृष्टान्त थियो।

लडाइँको मैदानमा शत्रुहरूका अघि वीरतापूर्वक लडाइँ गर्नुमा एक प्रकारको जोश चाहिन्छ, वीरगति पाउने चाह हुनुपर्छ। त्यस्तै शारीरिक साहसको काममा शारीरिक बल चाहिन्छ। त्यही कुरो त्रिभुवनले देखाइबक्सियो र यो कुरो नै मौसूफका जीवनको स्वर्णाक्षरले लेख्न पर्ने घटना हो। मौसूफ अमर भइबक्सियो नेपाली वीर भएर। नेपाली वीरगाथाको इतिहासमा अर्को अध्याय थपियो—आत्मबलको। नेपाली वीरको निमित्त अब असम्भव भन्ने कुरो रहेन।

*****

राष्ट्रपिता त्रिभुवनका पुण्यस्मृतिमा

धरणीधर शर्मा कोइराला

प्रतिक्षण परिवर्तनशील संसारमा नेपालको वर्तमान परिवर्तनको पृष्ठभूमिको विचार गर्दा अनेक कुराको जोर नपरेको भए तापनि फुरन ता राजाको त्याग नै मुख्य हो भन्नै पर्छ। शताब्दीदेखि जहानियाँ शासनमा निस्सासिएको नेपाली जनतालाई बन्धनमुक्त पारी आफूसुखी बनाइदिने राजाको हामी बन्धनमुक्त प्रजाले सदा सम्झना राखी देश-विकासको काममा सदा तत्पर रही अगाडि लम्कँदै जानुपर्छ। भाग्यले नेपाल आज राष्ट्रसंघको सदस्य छ तथा हालै त्यस संस्थाको सुरक्षा-परिषद्को समेत सदस्य भएको छ। अतएव हामीलाई यसै सुवर्ण अवसरको बाटै खुलाई सुगम गराइदिने राष्ट्रपिता त्रिभुवनका पुण्यस्मृतिमा हामी सर्वतन्त्र स्वतन्त्र साराका सारा नेपालीले

ताना तानी छेडखानी नगर्ने
ठूलो सानू भेदको भाव हर्ने,
एकै डल्लो भै सबै मिलनु पर्ने
बेला यो हो देशको भक्ति गर्ने !

जय परमेश, जय नरेश, जय देश !

*****

राष्ट्रपिता : केही संस्मरण

धर्मरत्न यमी

प्रथम दर्शन-भेट

'श्री ५ महाराजाधिराज सरकारबाट तपाईंलाई भोलि दिउँसो ठीक दुई बजे नारायणहिटी राजदरबारमा दर्शन-भेट बक्सने भो' भनी मी० सु० दयारामभक्त माथेमाले मलाई सुनाए। त्यस समाचारले मेरो मनमा खुलदुल मच्चायो। केटाकेटी छँदा बग्गी या मोटरमा सवारी हुँदा राजाको दर्शन गऱ्यो भने दिनभरिको पाप मोचन हुन्छ भन्दै दगुर्दै गई दर्शन गर्ने गरिआएको राजासँग भोलि साक्षात् दर्शन-भेट हुन्छ। के के बिन्ती गर्ने? राजाको सम्मुख पर्दा के गर्ने? कस्तो बोली-वचन बोल्ने? इत्यादि प्रश्न उठ्दा-उठ्दै रात बित्यो। बिहान भयो। तर्क-वितर्कको तानाबाना कस्दा-कस्दै दिनको १।३० बज्यो। हडबडाउँदै घरबाट नारायणहिटीतिर लम्कें। राजदरबारको शाही भुइँ-बैठकको ढोका खोली ज० योगविक्रमले मलाई भित्र हुले। कौचमा राज भएको राजालाई श्रद्धा-भक्तिपूर्वक अदपको साथ हात जोडी झुकेर अभिवादन चढाएँ।

राजाबाट नेवारीमा 'थन फेतुरे' अर्थात् 'यहाँ बसन' भनी सँगैको कौचमा बसालिबक्स्यो। फेरि नेवारीबाटै हुकुम भो—"अहो! छिमि मैजुला साप कम्जोर का, उसाय मदुला छु?" अर्थात् "तिम्री श्रीमती त साह्रै कमजोर रहिछन्, बिरामी छिन् कि क्या हो?"

मैले अनि नेपालीबाट बिन्ती चढाएँ––"बिरामी त होइन, सरकार! कमजोरचाहिं भएकी छिन्।"

२००५ सालमा हामीले मुलुकभित्रै राजनीतिक जग बसाल्यौं––विदेशतिरकै मात्र भर नपरौं भनी। प्रजा-पंचायत नामक संस्था पद्म-विधान (तत्कालीन प्रधान मन्त्री पद्मशमशेरले दिएको विधान)-को आधारमा खडा गरेका थियौं। त्यसलाई मोहनशमशेर (तत्कालीन चीफसाहेब)-ले प्रतिबन्ध लगाइदिएकोले सत्याग्रह चलाई तीन सयभन्दा बढी सत्याग्रहीहरू जेलमा पठाइएका थियौं। त्यस बखत भारतमा बसेका भूमिगत प्रजातान्त्रिक वरिष्ठ नेताहरूले काठमाडौं आएर हामीसित भेटी भने––"तिमीहरूले चलाइरहेको सत्याग्रह काम लाग्दैन, किनभने पद्म-विधानलाई हामीले मानेका पनि छैनौं र त्यो बेकम्मा पनि हो। हामी (कांग्रेसी) पूरा प्रजातन्त्रको लागि देशव्यापी सत्याग्रह गर्दै छौं, त्यसैलाई सगाउने गरी गर्नुस्, अहिलेलाई यो रोकि नै देऔं।"

हामीले उनको कुरा मानेनौं। अनि उनले हाम्रा सत्याग्रहीहरूलाई भूमिगत भएरै भड्काउन थाले। तर भारतीय अखबारले भने 'उनै नेता काठमाडौंमा राणाशाहीको विरुद्ध सत्याग्रह बडो सफलताका साथ चलाउँदै छन्' भनी प्रचार गर्दै रहे। यसबाट हाम्रो प्रजा-पंचायतको सत्याग्रहलाई 'विदेशमा बसेकाको' भनी सरकारले अन्धाधुन्ध दमन गर्न थाल्यो। साथै ती नेता पनि पक्राउमा परे। अनि हामी भूमिगत सत्याग्रह संचालन गर्नेहरूलाई भारत भाग्नुपर्‍यो। त्यसै समय मेरी श्रीमती पनि भरखर सुत्केरी भएकी थिइन्। उनलाई पनि राणा-सरकारले पक्राउ गर्‍यो। सुत्केरी अवस्थामा नाना तरहको यातना दिएकोले मेरी श्रीमतीलाई मुटुको रोग, दमको रोग आदि लागेर कमजोर भएकी हुन्, सरकार!"

अनि मौसूफबाट हुकुम भो––"होइन यमी, तिमीले पनि भारतमा बसेका वरिष्ठ नेताको कुरो झिक्यौ। मैले तिमीहरूसित यसरी भेट्न पाएदेखि तिम्रा विभिन्न नेता र कार्यकर्ताहरूलाई भेट दिएँ। तर मैले त आएको प्रजातन्त्रलाई कसैबाट पनि सहयोग दिएर दरिलो पार्ने

कुरोभन्दा बढ्ता परस्पर नमिलेको र आपसी अविश्वासकै कुरा सुनें, जसबाट म सशंक हुँदै जानुपर्ला जस्तो लाग्यो, क्या हो ? तिमी त नेपालको कुनै पनि राजनीतिक कारवाईलाई नछाडी लागिपरेर आएका हौ !"

"मतभेद राजनीतिमा भन्दा अझ प्रजातान्त्रिक राजनीतिमा त हुनु स्वाभाविक छ, सरकार! मतभेदको संघर्षपछिको निर्णयलाई मान्यता दिएर राजकाज गर्नुलाई नै 'प्रजातन्त्र' भन्दछन्, सरकार!" भनी मैले बिन्ती चढाएँ।

"मतभेद मतकै कुरा लिएर हुनु प्रजातान्त्रिक स्वभाव हो। यो कुरा म पनि मान्छु। तर, यहाँ मैले जति पनि तिम्रा राजनीतिक नेता र कार्यकर्ताहरू भेटेर कुराकानी गरें, त्यसबाट मत अर्थात् सिद्धान्तको मतभेदभन्दा व्यक्तिगत भेद र नैतिकतामाथि शंका-उपशंका उठाउनुपर्ने कुरामात्र बढ्ता पाएँ। हेर यमी, म कुनै सत्तालोलुप भएर राणा-शासनप्रतिको विद्रोहको नेतृत्व गर्न बाहिर निस्की यो कदम उठाएको होइन, न त मेरो व्यक्तिगत सुख-चैन नपुगेर नै हो। देशमा प्रजातान्त्रिक आचरणले जग गाडोस्, प्रजाले सामाजिक न्याय राम्रो पाऊन्, सबैले सबै प्रकारका सुख-सुबिस्ता सुलभताको साथ उपभोग गर्न पाऊन्, मुलुकले प्रगति गरोस् र तिमीहरूमा एकसे एक लायक व्यक्तित्व उठोस्। यति नै मेरो आकांक्षा हो, यमी! मेरो अरू आकांक्षा छैन।"

चुरोट सल्काइबक्सीकन फेरि हुकुम भो--"अँ, एउटा कुरा म सफासित भन्न चाहन्छु--यमी, हाम्रा पुर्खाले आर्जेको यो मुलुक दुनियाँको अगाडि मुलुककै रूपमा स्वतन्त्र भएर आएकोलाई अरू जलप लगाउनु छ। यसमा यताउति भएको म देख्न सक्दिनँ। नेपाल माताका कुनै सन्तानले पनि देख्न सक्ने कुरा होइन।" यति हुकुम भएपछि मौसूफ गम्भीर होइबक्सियो।

करीब तीन मिनेटसम्म मौन रहेर मौसूफबाट फेरि हुकुम भो--"अँ, यमी, तिमीसित आजको हाम्रो राजनीतिको इतिहासै सुन्न चाहन्छु। तिमी त पंचानब्बे सालदेखि आजसम्म अविच्छिन्न लागिआएका हौ।"

अनि मैले बिन्ती गर्दै गएँ, मौसूफबाट पनि बीच-बीचमा सोधनी हुँदै गयो। यो सिलसिला तीन घण्टासम्म चल्यो। म थाकेको जस्तो लागिबक्सेर हो कि ताली बजाइबक्सेर मान्छे बोलाई खानेकुराको अडर गरिबक्सियो। ल्याएको खानेकुरा मतिर पन्छाएर मौसूफलाई एक कप कफीमात्र चढाएर मान्छे गयो। "खाऊ, यमी! खाऊ। तिमी थाक्यौ होला" भनी हुकुम भै कफी खाइबक्सियो। म पनि खान लागें। साँच्चै मलाई थकाइ पनि लाग्यो। मैले मौसूफ थाकिबक्सियो कि बक्सेन भनी खूब हेरें, थाकि बक्सिएको कुनै लक्षण देखिएन।

चुरोट सल्काउँदै फेरि हुकुम भो--"म तिमीदेखि खुशी भएँ, तिम्रो अनुभव कम होइन। मलाई के थाहा, धन्यवाद, यमी! आज भैगो। तिम्रो फुर्सदको बेला तिमीले भेट्न चाह्यौ कि आउनू। म भेट्छु, कहिलेकाहीं मैले पनि फुर्सद पाइनँ भने मात्र फर्कन पर्ला, केही फील नगरी फर्कनू। आ, (नेवारीबाट) सो यमी! थो मुलुक यागु खं खः छंगु जिगु जक मखु न्है, कासा का, हुँन्हैसा।" अर्थात् "हेर यमी, यो तिम्रो र मेरो मात्रको कुरा होइन। यो त मुलुकको कुरा हो, लौ त लौ, जाऊ है?" भन्ने हुकुम भै बिदा बक्सियो।

मौनदान

२००८ साल मंसीर महीनाको शुरूमा मेरी बज्यैले दानपत्र गरिदिएको मरु टोल ख्यो क्यबको घरमा नुहाईवरी बसिरहेको थिएँ। नारायणहिटी राजदरबारबाट आएको मोटरको हर्नको आवाज आयो। राजदरबारको एक जना कर्मचारी माथि आएर 'किन बेर गर्नुभो, दरबारमा अरू सबै आएर काम सिध्याइसके, तपाईं नपुगेकोले महाराजाधिराज सरकारसमेत पर्खेर बस्न परेको छ, हिंड्नुहोस्' भनी लगे।

नारायणहिटी राजदरबारको गद्दी बैठकमा साँच्चै श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवसित अरू मन्त्री-गण मेरो इन्तजारमा पाएँ। म जाडोले भित्रैदेखि काम्दै थिएँ। राजाबाट मलाई नजर भै 'किन अबेर गरेको?' भनी हुकुम भो। मैले केही बोल्न सकिनँ। शाही सचिव श्री गोविन्दनारायणले शपथ ग्रहण गर्ने कागज दिए। त्यो कागज हेर्दै राजाबाट जो-जो हुकुम भएको थियो त्यहीबमोजिम

शपथ लिएँ। अनि लालमोहर लगाएको प्रमाणपत्र दिए। एक-दुई ठाउँमा सही गराए। सही गर्दाखेरि पनि जाडोले हात काम्दै थियो। सब काम सिध्याएर जब म अरू मन्त्रीहरूको लङ्मा लगाइराखेको मेरो आफ्नू कुर्सीमा बसें, तब मेरो आङ तातेर आयो। भित्ताको ऐनामा म आफै आफ्नो अनुहार देख्दै थिएँ, गाला र कान पनि तातेर रातो भएर आएको देखें। अलि छिनपछि सबै उठे। गद्दी बैठकबाट बाहिर बरन्डामा भेला गराई फोटो लिइयो। त्यसपछि राजाबाट सबैलाई बिदा दिएर पठाइबक्सियो। मलाई चाहिं 'पर्ख' भन्ने इशारा गरिबक्सी अलि लंग्याउँदै मेरो काँधमा हात बोकाई गद्दी बैठकभित्र लगिबक्सियो। मेरो काँधमा हात राख्तै खोच्याउँदै बैठकबाट अन्त जाने छेडोतिर लगिबक्सियो। मेरो मनले राजामा वातको रोग छ होला भनिठानेको थिएँ। कहाँ हुन्थ्यो, अलि गैसकेपछि मौसूफबाट पछाडितिर यसो नजर भो। कोही देखा नपरेपछि काँधबाट फूर्तिसाथ हात झिकिबक्सियो र बगलीबाट एउटा ठूलो खाम झिकी मलाई बक्सँदै हुकुम भो—"यो लैजाऊ, खस्ला जाऊ।" त्यसपछि टकटक हिंडिबक्सियो। म छक्क परी दिएको खाम बगलीमा राम्रोसित हाली घर फर्कें।

घरमा पुगी खाम खोली के रहेछ भनेर हेर्दछु त पाकेट खर्चको लागि रुपियाँ रहेछ। मलाई बधाई दिन रक्षा मन्त्री ज० केशरशमशेर लगायत ठूला-साना इष्टमित्रहरू यति आएछन् मेरो घरको भन्याङमात्र दुई पटक फेर्न पऱ्यो।

एक दिन राजदरबारमा श्री ५ त्रिभुवनबाट हुकुम भो—"ए यमी, तिम्रो त्यो घरमा बस्न भएन। वसन्त-भवन वा श्रीमहलमा भए पनि बस्न जाऊ।"

सरकारको हुकुम सुनी मैले बिन्ती चढाएँ—"होइन, सरकार! राणाहरूको त्यो याँ-याँमानका दरबारमा म बस्न सुहाउँदैन। मेरो आफ्नो घर बेस छ, सरकार!"

चुरोटको बट्टाबाट चुरोट झिकी बक्सँदै हुकुम भो—"जान्नौ भने तिमीलाई सुहाउने एउटा घर खोज्नू, त्यो तिम्रो थोत्रो घरमा त बस्न भएन। तिमी मेरो मन्त्री हौ, मैले बनाएको।"

‘हुकुम शिरोपर, सरकार!’ भनी बिन्ती चढाई म घर फर्कें।

एक-दुई हप्तापछि मेरो आजको बुराङखेलको घर मोलतोल ठीक गरी श्री ५ त्रिभुवनका जुनाफमा जाहेर गरें। मौसूफबाट पनि तत्काल ‘हुन्छ’ भन्ने स्वीकृति बक्सियो र वैशाख महीनामा रुपियाँ बक्सने पनि हुकुम भो।

जेठ महीनाको पहिलो हप्ताको राति ८ बजे नारायणहिटीबाट ज० योगविक्रमको फोन आयो––“तुरुन्त आइपुग्नुस्, हुकुम बक्सेको छ।” लुगा लगाइवरी गएँ। मन्त्री श्री महावीरशमशेरसँग राजालाई कुराकानीमा व्यस्त पाएर अलि परको कुर्सीमा गै करीब आधा घण्टा जति चूप लागेर बसिरहें। पछि राजाबाट ‘ए, यमी! आएर बसेको त बिर्सेछु’ भनी उठिबक्सी सँगैको कोठाभित्र सवारी भो। अलि छिनैमा बाहिर सवारी भै अखबारले मोडेको एउटा पुस्तकाकार पुलिन्दा मतिर बढाइबक्सँदै हुकुम भो––“लेऊ, तिम्रो यो किताब। राम्रो लेखेको रहेछ। ऐले लैजाऊ हराउला।”

बक्सेको पुलिन्दा लिएर के रहेछ यो? मैले त कुनै किताब दिएको थिइनँ, यस्तै तर्कना गर्दै थिएँ, राजाबाट ‘जाऊ, यमी! हाम्रो कुरा टुंगेको छैन’ भनेर हुकुम भो। घर फर्केर उत्सुकतापूर्वक पुलिन्दा खोलेर हेर्दछु त घर किन्ने रुपियाँ।

प्रजातन्त्रको पाठ

इमरजेन्सी क्याबिनेटपछि सबै मन्त्रीहरूलाई श्री ५-बाट बिदा बक्सी मलाई ‘तिमी पर्ख’ भनी हुकुम भै अन्त सवारी भो। आधा घण्टापछि पार्टी ड्रेसमा मौसूफको सवारी भो। मलाई साथ लिबक्सी होटेल रायलतिर एक जना युरोपियन सज्जनसित भेट्नु छ भनी लगिबक्सियो।

होटेल रायलको ‘बार-रूम’-मा सात जना जति युरोपियन र आठ जना नेपाली अफिसरहरू रहेछन्। राजाको सवारी भएपछि सबैले आपना-आपना ढंगको शिष्टाचार देखाई राजालाई अभिवादन चढाए। उभी-उभी कुराकानी शुरू भो। अलिखेरमा एक जना

सिनियर मिलटरी अफिसरले व्हिस्की ब्रायन्डीको गिलास भएको किस्ती बोकी सबलाई सर्भ गर्दै हिंडे। राजाबाट मलाई 'अलि उता गै बसूँ हिंड, यमी!' भनेर लगिबक्सियो। मौसूफसँग एक अर्को सम्माननीय व्यक्ति बस्न आए। उता व्हिस्की ब्रायन्डी बाँड्दा-बाँड्दा एक जना जुनियर सिभिल सर्भिस म्यानलाई पुगेनछ। पुगेनछ होइन, पुऱ्याइएन रहेछ र त्यो सिनियर मिलिटरी अफिसर त्यो जुनियर सिभिल सर्भिस म्यानकहाँ गै अंग्रेजीबाट 'मिस्टर, यू क्यान गो एन्ड टेक इट फ्रम दियर, आइ स्याल पे द मनि' अर्थात् 'मिस्टर, तिमी त्यहाँ गएर ल्याउन सक्छौ, म पैसा तिरिदिन्छु' भनी भन्यो। त्यसको त्यो कुरा सुनेर त्यो सिभिल सर्भिस म्यानका कान र गाला राता भएर आए। त्यो दृश्य राजाबाट खूबै ध्यान बक्सेर नजर हुँदै थियो। त्यत्तिकैमा मौसूफबाट आफूसँगै बसेको, त्यो सिनियर मिलिटरी अफिसरले पनि धेरै नै मान्नुपर्ने सम्माननीय व्यक्तिलाई हुकुम भो--"जाऊ, तिमीले एक पेग व्हिस्की त्यो जुनियर अफिसरलाई अदपसाथ दिएर फिक्री नगर भन।"

राजा त्रिभुवनको हुकुम पाउनासाथ उनी उठेर गै एक पेग व्हिस्की ल्याई त्यो सिभिल अफिसरलाई दिंदै अंग्रेजीबाट 'प्लिज, टेक इट नेभरमाइन्ड मिस्टर, दिस इज इटिकेट अफ डेमोक्रेसी' अर्थात् 'महाशय, कृपापूर्वक यो लिनुहोस्। केही फिक्री छैन, यो प्रजातन्त्रको शिष्टाचार हो' भनेर झुके। त्यो जुनियर अफिसरले आफ्नो सामुन्ने त्यस्तो वचन बोली व्हिस्की सर्भ गर्न आएका व्यक्ति देख्नासाथ हात कमाउँदै लाजमिश्रित श्रद्धाले झुकी व्हिस्कीको गिलास लिए। अनि सर्भ गर्न आएका व्यक्तिले फेरि 'नेभर माइन्ड' भनेर फर्के।

म र त्यो सम्माननीय व्यक्तिलाई श्री ५ त्रिभुवनबाट सगौरव हुकुम भो--"बुझ्यौ? यो प्रजातन्त्रको इटिकेट (शिष्टाचार) हो, प्रत्येक व्यक्तिले प्रत्येक व्यक्तिलाई सम्मान गर्नु र इज्जत राख्नु।"

श्री ५ अधिराजकुमारबाट सलामी पाएँ

एक दिन साँझ ५ बजेपछि म श्री ५-को जुनाफमा केही कुरा बिन्ती नचढाई नहुने भएकोले नारायणहिटी राजदरबार गएको थिएँ। दरबारको भित्री ढोकाबाट बैठक जाने बाटोमा म हिंड्दै थिएँ,

श्री ५ कान्छा अधिराजकुमार जंगी पोशाकमा भित्रबाट बाहिर सवारी होइबक्स्यो। मैले मौसूफमा अभिवादन चढाउनै आँटेको थिएँ, मौसूफबाट मलाई एकदम एटेनशन भै सलाम गरिबक्सियो। मलाई त लाज लागेर आई दुवै हात जोडी झुकेर अघि बढें। मनमा बिलकुल कौतूहल बोकेर म श्री ५ महाराजाधिराजको छेउ पुगें।

हात जोडी अभिवादन गरेर मौसूफसँगैको कवचमा बसें, अरू आवश्यक कुरा बिन्ती चढाउनुभन्दा अगाडि आफू कौतूहल भैरहेको कुरा पोख्तै बाटोमा कान्छा सरकारबाट सलाम गरिबक्सेको कुरा बिन्ती चढाएँ।

म आश्चर्य र कौतूहल भएर गरेको बिन्ती सुनिबक्सेर श्री ५ त्रिभुवनबाट चुरोट सल्काई ठाडो मुन्टो पारिबक्सँदै हुकुम भो––"यसमा कुनै बढ्ता शंका, आश्चर्य वा कौतूहल हुनुपर्ने कुरा छैन, यमी! मेरा छोराहरूलाई कप्तान बनाई कवाज खेलाइराखेको छु। यस हिसाबले उनीहरू कप्तान भए, तिमी मन्त्री। सलाम त गर्नै पर्‍यो। यो त पदको मर्यादाको कुरा हो। प्रजातान्त्रिक परिपाटी पनि यही हो, तिमी प्रजातन्त्रवादी भएर यति पनि थाहा छैन?"

अन्तिम दर्शन भेट

महान् राजपुरुषहरूमा 'मुटुको व्यथा' ठूलो बदनाम छ। अझ चिन्ता बोक्नेहरूमा त्यो बढी बदनाम छ। त्यस्तो त्यो बदनाम व्यथाले त्रिभुवनजस्ता प्रजातन्त्रको लागि हरदम चिन्तित होइबक्सने राजालाई किन बाँकी राख्थ्यो। मलाई त लाग्छ, मुलुकलाई दरो पारी प्रजातन्त्रलाई कसरी विकसित पार्दै लैजाने भन्ने चिन्ताले नै मौसूफलाई ग्रसित पार्दै ल्याएको हो। मौसूफलाई मुटुको व्यथा लाग्यो। अनेक देशी विदेशी डाक्टर, वैद्यबाट उपचार भो। केही सीप लागेन। मौसूफ उपचारार्थ स्वीट्जरल्यान्डको जुरिच सवारी भैबक्सियो।

केही हप्तापछि राष्ट्रपिता त्रिभुवन उपचार सिध्याइबक्सी राजधानी फर्किबक्सियो। केही महीनापछि मौसूफलाई फेरि मुटुको व्यथाले व्यथित पार्‍यो। मौसूफ फेरि जुरिच सवारी हुने निश्चय भो। अनि मैले मौसूफको दर्शन-भेटको लागि बिन्ती चढाई पठाएँ। दुई दिनपछि बक्सेको समयमा राजदरबार पुगेर राजाको दर्शन गरें। राजा र ममात्र थियौं।

विश्वका राजा-बादशाहको एक-से-एक व्यक्तित्वलाई चुनौती दिन सक्ने श्री ५ त्रिभुवनको त्यो भव्य, दिव्य, सौम्य र शानको व्यक्तित्व आज नीलो, पहेंलो, फितलो, चाउरिएर ठाउँ-ठाउँबाट मासु लत्केको मलिन मुहार, निस्तेज नजर, झुकेका काँध। हेर्दा हेर्दै आत्मग्लानि भएर करुणा, क्रोध, माया-ममता एकै साथ उठेर आए। हृदय र मस्तिष्कमा एकै चोटि विक्षुब्ध मिश्रित भावना उठेर आयो। अनि भावावेशमा आई मैले बिन्ती गरें––"सरकार, देशको त्यो गति, गाथको यो गति, यसैको लागि यो कदम चालिबक्सेको हो?" आदि आदि के-के बकेछु। अनि कहिल्यै रिसानी होइबक्सेको नदेखेका राजाबाट रिसको स्वरमा हुकुम भो––"बढ्ता बोल्छस्, चूप लाग्।"

मेरो त सातोपुत्लो गयो। आङ चिसिएर आयो र आँसु पनि बर्र झऱ्यो। शायद मुख पनि नीलो भयो होला। केही मिनेटसम्म शाही बैठकमा सन्नाटाको राज्य भो।

अलि छिनपछि मौसूफबाट म सारै डराएको देखी मायाको स्वरमा मेरो पिठ्यूँ थपथपाइबक्सँदै हुकुम भो––"भैगो, यमी! भैगो, तिमीले मतलबी नभई नडराईकन हितैको कुरा गरेको हो, भैगो।"

अलि छिन रोकिई फेरि हुकुम भो––"मलाई नराम्रो रोगले च्याप्यो, म दुई-चार दिनैमा फेरि जुरिच जाँदैछु, भाग्यले साथ दियो भने म फर्केर सम्भाल्छु।"

मेरो आँसु बगाइमा झन् वृद्धि भो र नाकबाट पातलो सिंगान पनि बग्यो, सिंगान पुछेर म रुन थालेछु, त्यत्तिकैमा मौसूफबाट फेरि दृढ स्वरमा हुकुम भो––"म तिमीलाई भन्छु, राजाको हैसियतले मलाई देश अति प्यारो छ र म एक मानिसको हैसियतले मलाई प्रजातन्त्र अति मन पर्छ।" यति हुकुम बक्सी 'नरोऊ, यमी! भैगो, जाऊ जाऊ' भनी बिदा बक्सियो। म रुँदै बाहिर निस्कें, ढोकामा पुग्दा एक जनाले मलाई मोटर चढाई घर पुऱ्याइदियो। त्यो मानिस को हो आजसम्म मलाई थाहा छैन।

जय त्रिभुवन! जय प्रजातन्त्र!

*****

नेपालीका अगुवा राजा त्रिभुवन

धर्मराज थापा

विक्रम सम्वत् १८४४ सालको जेठ महीनामा अमरसिंह थापाका सैनिक जवान वीर गोरखालीहरूले कर्नाली तरी अछाम, बाजुरा, बझाङ, डोटी, बैतडी सर गर्दै महाकाली तरेर नेपालको स्वतन्त्रता बचाएका हुन्। बडा राजा श्री ५ पृथ्वीनारायण शाहको सूर्य-चन्द्रांकित झन्डा र खड्ग काँधमा लिई पूर्व-पश्चिम, उत्तर-दख्खिनका झाडी र जंगल, उकाला-ओरालाहरू नाघ्दै पैदलै नेपाललाई विशाल बनाउने वीर सपूतको खाँडो जहाँसम्म ती वीरहरू पुगे त्यहाँसम्म जागि नै रह्यो।

जहाँ-जहाँ बाइसे र चौबिसे अनि मल्ल र किरातका मौला गाडिएका थिए, त्यहाँ-त्यहाँ बडा दसैं विजया दशमीका दिन श्री ५ पृथ्वीनारायण शाहको प्रतीक त्यो सुकेको काठको खामो पनि चेतनशील प्राणीको रूपमा दही-चामलको अक्षता र जमराले पूजित हुँदै त्यसलाई स्थानीय नौ मुखिया, रजवार र सुब्बाङ्गी पगरीका किपटिया र झुत्ता-झुत्तामा वसेका नेपाली जनताले दर्शन गर्थे। अनिमात्र आफ्ना नाता-कुटुम्वहरूको हातको टीको फुक्तथ्यो। हामी नेपाली जातिको संस्कृति भन्नु यही न हो! टुक्रा-टुक्रामा शासित भएको नेपाल सामूहिक रूपमा श्री ५ पृथ्वीनारायणको झन्डामनि फुल्दो-फल्दो पार्ने तथा भाइ-भाइ मिलेर यो देशको सार्वभौमिक स्वतन्त्रतालाई हुर्काउने जागरणको बिगुल फुकिएको थियो विश्वमा। यसरी दायाँ-बायाँको ठूलठूलो घच्चाबाट आफ्नो राष्ट्रलाई बचाउँदै राखेको यो नेपालमा आफन्तहरूमै साह्रै

नराम्रा घटना घटे अनगिन्ती। मेची र महाकालीभित्रका जति-जति थुम, गर्खा, दरा र जिल्लाहरू छन्, तिनका ढुंगा र माटासित श्री ५-का वंश-परम्परासँग अविच्छिन्न सम्बन्ध थियो। आफन्तले आफन्तैसित घुर्की देखाउनु, मुढे बल गर्न खोज्नु र हेलचक्र्याइँले स्वार्थ सिद्ध पार्न खोज्नु नै मुख्य ध्येय उस बखतको थियो, तर अंग्रेजले हिन्दूस्थानलाई आफ्नो अधिकारमै राख्तै लगेको प्रभावले सम्पूर्ण टुक्रिएका खण्डित नेपालका खण्डित नेपाली अखण्डित नेपाली बन्न चाहन्थे। यही राष्ट्रको स्वार्थले त्यस्ता हेलचक्र्याइँ र मुढे बललाई छचन्याउन दिंदैनथ्यो। श्री ३ जंगबहादुरले कोतपर्व गर्नुभन्दापहिले पनि भीमसेन थापाको लाशलाई स्याल र गिद्धहरूले भुँडी भरून् भनी विष्णुमतीमा फ्याँकिएको र दामोदर पाँडे लुमडीको स्थानअगाडि काटिएको, कतै रणमुक्तेश्वर र भीममुक्तेश्वर निर्माण गर्नुपरेको इतिहास हामी सबैले पढेकै छौं। इतिहासले जतिसुकै भूल गरेको होस् तापनि नेपालको स्वतन्त्रता, भ्रातृत्व र समानताको भावनाको पालन-पोषण भै नै रह्यो। हामी नेपाली प्रजा श्री ५-का छत्रछायामा स्वतन्त्रतापूर्वक बाँचिरहेकै थियौं। आकलझुकल नेपालमाथि बज्रन आएका ठूलठूला विपद्हरू पनि पन्छिएकै थिए।

जंगबहादुर र तिनका भाइ धीरशमशेर, बमबहादुर आदिले १९११ सालको भोटसितको लडाइँमा उत्तरी सीमाको बृद्धि गरेकै थिए। यसको लागि नेपाली जगत्ले कृतज्ञता प्रकट गरिरहेकै छ। यो पनि श्री ५-प्रतिकै राजभक्तिको फलस्वरूप फत्य भएको थियो।

त्यस बेला नेपालदेखि बाहिरको संसार वैज्ञानिक विकासको युगमा उन्नतिको प्वाँख फुकाई माथि लम्किरहेकै थियो। नेपालको राणा-युगमा राष्ट्रियताले जनशक्तिको मुटुमा लागेको धमिरोलाई विनाश गर्न सकेको थिएन। जुन दिनमा बाइसे र चौबिसेहरूले आफ्नो सिमानाभित्रका डाँडा-काँडामा ढुंगाका छपनी हाली सिंढी चिनेर आफ्नो खूबी अनुसारको निर्माण गरेका थिए, अझ भनौं जुन दिनमा श्री ५ पृथ्वीदेखि श्री ५ राजेन्द्रका पालासम्मका गोरखाली, नेपाली वीरहरूले दुर्गम किल्लामा पुग्न नयाँ बाटो काटी राजमार्ग, राजपीठ, राजपँधेरो, राजाको

चौतारो, रानीको बास बनाई भूषित पारेका थिए, तिनै तिनै मात्र नेपाल अधिराज्यभरिका निर्माण थिए। राणाकालमा कुनै थपुवा उन्नति र विकास हुन सकेको थिएन। थानकोटबाट भीमफेदीसम्म ओलिङकाठमा बोकिएर महाराजा जर्नेल-कर्नेलहरू बेलायत पुग्ने काल कस्तो थियो होला! यता नारायणहिटीभित्र नेपाली एकताको प्रतीक जीवनको उज्यालो चन्द्र-सूर्यलाई वर्षादको बादलले छेकेझैं राणाहरूबाट निस्कन दिइएको थिएन। थापाथलीको धुरीभत्काइ र छाउनीको भीमसेन-दरबारलाई म्यूजियममा परिणत गरी त्रिपुरेश्वरमा काल-मोचनको स्थापना भइसकेको थियो, त्यहाँ नंग्रा उठाइएका क्रोधी सुनका सिंह मूर्ति उभिइसकेका थिए। जिल्ला र गर्खा, थुम-थुमका मौलाहरूमा श्री ३ जंगबहादुर राणा पसिसकेको थियो। नेपाली जनता भेडा-बाख्राका सरह साम्राज्यवादीहरूका हातमा धमाधम बिक्री हुन लागिरहेका थिए। राणा-युग झ्याउ उम्रिसकेको अजिङ्गरको रूपमा पल्टिएको थियो।

यो नेपाल देश संसारभरिको प्रकृतिले बास गरेको र ठूलठूला विद्वान्हरूले जन्म लिएको, अति चम्किलो र उच्चो राष्ट्र हो। यो सानो भए तापनि यसभित्र जे पनि भेट्टाउन सकिन्छ। प्राचीन साहित्यका ठेलीहरू र वास्तुकला, मूर्तिकलाहरूको कला-कीर्तिको यसलाई खानि भने पनि हुन्छ। यहाँ के छैन र! धेरै उपभाषा र तिनका मनोहर स्वतन्त्र हावभाव तथा नाच-कीर्तनका झाङ-झाडीहरू छन्। तिनका उकुसमुकुस भावनाको फोहरालाई राणाकालको घट्टले छेक्न सक्तैनथ्यो। नेपाली जनताको भाग्यलाई पिंधेर यो घुमिरहेकै थियो। यस्तैमा नेपाली जन-जीवनको आशा र विश्वास केन्द्रीभूत भएको राष्ट्रिय घरको कोठाभित्र जन्मियो एउटा बालक जसको नाम थियो––त्रिभुवन।

त्रिभुवनलाई पाँच वर्षकै उमेरमा नेपाली जनताको आस्था र शक्तिको मुकुट माथमा पहिराइएको थियो। सिम्रौनगढको ढुंगामनि लुकिरहेको अलक नागराजलाई दमन गरी कुमारीको यन्त्र नान्यदेव राजाले हात पारेर ल्याएझैं हिमाली पाखा-पखेराभरि पल्टिएको राणा-कालीन अजिङ्गरलाई मौसूफ त्रिभुवनका आत्मबलबाट पतन गराइयो। मौसूफबाट प्रजातन्त्रको बत्ती जगमगाइबक्सियो। यो बत्तीलाई झुल्काउने

दिनले नारायणहिटी झ्याल खोल्दै भन्न थाल्यो––"हे राजन्, त्रिभुवन! उठ, हिमालमा झुल्क्यो घाम! बेला भयो। आमाको सपूत गंगालालले विष्णुमतीको पानीलाई रातो बनायो, दशरथ चन्दले नेपाली जीवनका हाँगा-हाँगामा गुराँस फुलाए। शुक्रराज शास्त्री र धर्मभक्तले नेपाल आमाको छातीमा सधैं खेलिरहने गरी प्रजातन्त्रको वासन्ती हाँगामा गुँड बनाए। टङ्कप्रसाद चारपाटा मुडेर शहर घुमाइए। कति सपूतहरू जेलभित्र कोच्चिए!"

यी सबै कीलाकाँटा राष्ट्रपिता श्री ५ त्रिभुवनकै थिए भन्ने कुरा झ्यालबाट भन्न आउने त्यो युग बिचरोलाई पनि के थाहा! युग जन्मन्छ कुनै महापुरुषको त्याग र बलिदानबाट । त्यो ध्रुव बोलेझैं गर्भैबाट चिच्याउँछ––जनताको निम्ति, राष्ट्रको निम्ति, परिवर्तनको निम्ति। अब मैले राजसी ऐश-आराममा आँखा चिम्लनु छैन र राणाहरूबाट ठेक्किएको मानु खाएर बस्नु छैन भन्ने भावनाहरूले टोक्न थालेको नभए जनताको जागरण र क्रान्ति पनि पछि पर्ने थियो। राजाकै निम्ति न हो यो प्राण! राजा देशको भए देश जनताको। देश र राजा भन्नु एकै हो।

यस्तै अवस्थाको खडाजंगी हुन आँटेको नेपालभित्र ९६ सालको आषाढको झम्के झरीमा मैले काठमाडौंलाई भेट्टाइसकेको थिएँ। यस राजधानीका राता ईंटले पुरिएका गल्ली र साउने मकैबारीभित्र बर्खे च्याउझैं उम्रिएका चैत्य र मन्दिरहरूका चोकभित्र ऋतु-ऋतुमा लाग्ने ज्यापू-नाच र घोडेजात्रा, सिपाहीको कवाज, मुरली पण्डितको पुराण-प्रवचन, इन्द्रचोकमा गंगालाल र शुक्रराज शास्त्रीका गीताको व्याख्या सुनेर मेरो बाल्यजीवन बित्न थाल्यो। फागुन आउँथ्यो र केवल अबीरको रंग उडाएर मात्र जान्थ्यो। प्रजातन्त्र दिवस लिएर फागुनको सात आउला, समस्त नेपालीहरू विकासको झाँकीका साथ यो टुँडीखेलमाथि हाँस्तै र नाच्तै प्रजातन्त्रको गीत गाई घुम्नेछन् भन्ने मलाई के थाहा! फागुनको होली आउँथ्यो, एक मुठी अबीर लिएर मेरी मन परेकी बहिनीलाई मुखभरि घसिदिने उल्लासपूर्ण भावनामात्र ममा कोच्चिएको थियो। रगतको होली खेलेर मौसूफ त्रिभुवनका क्रान्तिलाई

साथ दिई राणाकाल पछार्नुपर्छ भन्ने देशप्रेमका भावना मभित्र नजानिंदो किसिमले अंकुराएको हुँदो हो। खलबल उठ्यो ठमेल टोलमा––एक दिन लक्ष्मीपूजाको रात। हवाईजहाजले पर्चा खसाल्यो रे, कांग्रेसले परवानीपुर लियो रे, थिरबम मल्ल शहीद भए रे, राजा त्रिभुवन सपरिवार शिकार खेल्ने बहाना गरी भारतीय राजदूत श्री चण्डेश्वर बसेको शीतल निवासमा आश्रय लिन सवारी भयो रे आदि कुराहरूले शहरभरि व्याप्त गऱ्यो। कुरा साँचो थियो––ठूलो सुरक्षाका साथ श्री ५ त्रिभुवनको दिल्ली सवारी भयो।

यतातिर राणाकाल अर्जुनका वाणले गिरेको तक्षक नागका समान आफैमाथि बिख पोख्न थाल्यो, 'ॐ शान्ति, राजा त्रिभुवन जिन्दाबाद'-का नाराले काठमाडौंभित्रका दैला र झ्याल आफै खुल्न थाले। सबै नेपाली छोरा-छोरीले यो क्रान्तिमा रगत दिए। त्यसपछि राणा-युगले आफ्नो मुन्टो अँध्यारो पतनको गुफाभित्र घुसाऱ्यो, बिलायो, गयो! कहिल्यै नफर्किने गरी। त्रिभुवन झलमल्ल झुल्किए भन्ज्याङ-भन्ज्याङ, देउराली-देउराली, थुम-थुम, गर्खा-गर्खा, गाउँ-गाउँ, भ्याली-भ्यालीका पुराना डबली र पंचरंगे झ्यालहरूबाट!

यो एउटा नेपाल राष्ट्रकै मुटु थियो, अनि समस्त नेपाली आँखाको ज्योति थियो। यो मस्तिष्क नभएको भए मुलुक बनाउन कठिन थियो र यो प्रजातन्त्रको मन्दिरबाट देशका सपूतहरू निस्कन सक्तैनथे। न त खारिएका विद्वान् कवि-लेखकहरू, कलाकार, वैज्ञानिक, प्राविधिज्ञ, कानुन्चीहरूको उत्पत्ति हुन्थ्यो––यहींबाट भावी नेपाल, भावी मन्त्री, भावी नेता, महारथी, भावी उद्योगपति, भावी कुलपतिहरूको उत्पत्ति हुनु थियो। त्यो हुने सौभाग्य हामीलाई राजा त्रिभुवनकै महान् त्याग र तपस्याले मिल्यो। हुन पनि राजा त्रिभुवन अति सरल, भविष्यवेत्ता र प्रगतिशील होइबक्सिन्थ्यो भन्ने कुरा मैले एक चोटि दर्शन गर्दा थाहा पाएको छु। २००८ साल माघको दिन थियो। भारतका प्रधान मन्त्री पण्डित जवाहरलाल नेहरूको नेपाल आगमन भएको बेला टुँडिखेल खरीको रूखमा स्वागतार्थ नागरिक अभिनन्दनको आमसभा थियो। त्रिभुवनको सवारी भयो। एक छिनपछि माइकबाट मेरो

नाम उल्लेख गरियो र मैले राज भैरहेको मंचमा पुगेर एक शहीद सम्झना गीत माइकबाट सुनाएँ––

चरी बास्यो रूखको हाँगैमा रोयो हिमाल मिर्मिरे साँझैमा

शुक्रराज शास्त्री हाम्रा पक्राउमा परे
ज्यानमाराले झ्याली पिटचो फाँसी दिने अरे
नेपालका जिउँदा मान्छे रूख-रूखमा टाँसे
सडकका सालिग सबै हललल हाँसे !

गङ्गालालको सपना रुन्छ विष्णुमती बालुवा बगरमा !

पर्सिपल्ट अतिथि नेहरू गैसकेपछि मैले राजा त्रिभुवनलाई नारायणहिटी खोपीमा दर्शन गर्ने सौभाग्य पाएँ। हुकुम भयो––"तिम्रो कविता र म्युजिक मलाई खूब मन पऱ्यो ! हामीलाई नेपालीपन नै चाहिन्छ।" मलाई गीत डिस्क रिकर्ड गर्न भारतीय रुपियाँ ६०० बक्सियो।

देवकोटा रचित **कुञ्जिनी** काव्यको संगीतमय नाटकको प्रदर्शन २००९ साल असार २२ गतेको रात सिंहदरबारको नाचघरमा गर्ने कार्यक्रम थियो। त्यसको सूर संगीत दिने र मुख्य नायक भै खेल्ने गोरे राहुतको पाठ मैले लिएको थिएँ। यसको आयोजक केशर-शमशेर ज० ब० रा०-को सांस्कृतिक परिषद्को तत्त्वावधानमा काम गर्ने प्रो० श्री ईश्वर बराल र हाल प्रचार-विभागका निर्देशक श्री नारायण बाँसकोटा हुनुहुन्थ्यो। यो कार्यक्रम राजा त्रिभुवनबाट नजर भैसकेपछि कलाकार र आयोजकहरूको परिचय लिइबक्सिदा हुकुम बक्सिएको थियो––"हाम्रो साहित्य र म्युजिकमा नेपाली माटो बसाउनुपर्दछ। यो मैले यस नाचमा पाएँ।"

२०११ सालको चैत १ गते म मुस्ताङ भोटबाट फर्किदा मैले राजा त्रिभुवनको स्वर्गारोहण भयो भन्ने खबर रेडियोबाट सुनें र तत्कालै पोखरा लामाचौर फलायँ फाँटको चौतारामा बसी एउटा रचना कोरेको थिएँ। सो यही हो––

अमिट शोकको पैह्लोमा पुरियौं दुनियाँ हे राजा !
आँसुको तलाउ गैह्लोमा डुल्छन् हरिया यी डाँडा
अँध्यारो झनैं अँध्यारो घुम्छ कि जंगल-वनमा
बादल बर्सिरन्छ कि बिरही जनको मनमा
सुन्दर मूर्ति मानवको नेपालीको गौरव धन
जलाउँछ आर्यघाटले हरियो शीतल छाया वन !
आकुल-व्याकुल बोकेर दगुर्छ स्मृतिको भेल
बीचैमा चुँडी लैजाने निष्ठुरताको हो खेल
पैह्लोमा आज परेर मूर्च्छित भए परिवार
लौन है आँसु पुछिदेऊ आर्तको गर्दै सँभार !

*****

श्री ५ त्रिभुवन र त्रिभुवन-प्रजातन्त्र

नरहरिनाथ

द्रव्य कमाइ, राम जमाइ, पृथ्वी फलाइ फुलाइ,
रण हल्लाइ, राज ढलाइ, त्रिभुवन प्रजातन्त्र आइ।

भन्ने गोर्खाली उखान प्रसिद्ध छ। आज तीनै भुवनमा प्रख्यात राजा त्रिभुवनका बारेमा विशेष परिचय दिनु सूर्यलाई बत्ती देखाउनु मात्र हो। तीनै भुवनमा त्रिभुवनको कीर्ति छाएको छ र राजप्रशस्तिमा 'त्रिभुवनप्रजातन्त्र'-को पद थपिएको छ। **कीर्तिर्यस्य स जीवति।** जबसम्म कीर्ति रहनेछ, तबसम्म त्रिभुवन जीवित रहनेछन्। त्रिभुवन-प्रजातन्त्र जीवित रहनेछ।

१९०३ कार्तिकदेखि २००७ कार्तिकसम्म १०४ वर्षका काला रातलाई सहसा समाप्त पारेर समस्त जनताका मयूख-मालाले सुशोभित सूर्य राजा त्रिभुवन तीनै भुवनमा उदाए, देशले काँचुली फेऱ्यो। पृथ्वीको हृदयकमल फुल्यो। परिणाम २०१७ पौष १ गतेको दिन पनि आयो। आज उज्यालो हाम्रो हिमाली देश महेन्द्र-पञ्चायतमा फल्दै-फुल्दै, फस्टाउँदै छ।

२००४ कार्तिक २५ गतेदेखि २०१०-सम्म अनेक पटक ऐतिहासिक प्रसङ्गमा प्रत्यक्ष सम्पर्क, सम्भाषण आदि भए। राजोचित सौन्दर्यका साथ राजाधिराज त्रिभुवनवीरमा सौम्यता, सौजन्य, सौमनस्य, सौशील्य, शान्ति, गम्भीरता, धैर्य, सौर्य, औदार्य, कार्यदक्षता र दया-दाक्षिण्य आदि अनेक राजोचित गुणहरू पनि थिए। **प्रधानेन हि व्यपदेशा भवन्ति। गुणदोषमयं जगत्। सारं ततो ग्राह्यमपास्य फल्गु।**

*****

श्री ५ त्रिभुवनको कुशल व्यवहार

नानकीबाबु

श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवसँगको छोटो भेट मौसूफको स्मृतिमा मेरो निमित्त सधैं ताजै रहनेछ।

अमलेखगन्ज मेरो जीवनको इतिहासको पुण्यभूमि हो, जहाँ २००१ साल फागुन ६ गते मलाई राष्ट्रपिताको पहिलो पटक दर्शन पाउने सौभाग्य प्राप्त भयो। त्यस बखत श्री ३ महाराज जुद्धशमशेरसँग शिकार खेल्न मौसूफ सरकार अमलेखगन्ज सवारी भइबक्सेको थियो। सरकार शिकारमा सवारी भएको खबर पाउनासाथ एक व्यापारीको हैसियतले केही माल बिक्री भइहाल्छ कि भनी दर्शन गर्न हाजिर भएँ। वरिपरि भएका हजुरियाहरूसँग मौसूफबाट मेरो परिचय मागिबक्सियो। एक व्यक्तिले ‘कलकत्ताको नानकीबाबु नामको एक व्यापारी’ भनी परिचय गराएपछि दुई जना अफिसरलाई मालसामान ल्याउन लगाउनू भन्ने हुकुम बक्सियो। यो खबरले मेरो उत्साह र उमंगको साथसाथै खुशीको सीमा रहेन। अफिसरहरूको साथमा म क्याम्पभित्र पसें। पहिलो उत्सुकता, त्यसमा पनि कहिले नचिताएको कुरा एक व्यापारीलाई राजाबाट दर्शन बक्सेला भन्ने मलाई मनमै थिएन। तर सरकारबाट दर्शन बक्सियो। मौसूफको समक्ष कसरी बोल्ने, के भन्ने––यी कुराहरू मलाई केही थाहा थिएन। तैपनि जानी-नजानी मैले आफ्नै ढंगले मौसूफसँग कुरा गरें।

मैले हिन्दूस्थानमा पनि राजा-महाराजाहरू धेरै देखेको थिएँ। राजाहरूबाट प्रेम र प्रजातन्त्रको भावना व्यक्त हुन्छ भन्ने कुरा मलाई थाहा थिएन। तर राष्ट्रपिता श्री ५ त्रिभुवनमा मैले यी भावनाहरू पाएँ। मैले आफ्नो ढंगबाट नमस्ते गरें। हाल श्री ५ महाराजाधिराज उस बखत युवराजाधिराज होइबक्सन्थ्यो। माहिला तथा कान्छा अधिराजकुमारहरू पनि साथैमा होइबक्सन्थ्यो।

मेरो जीवनमा मैले श्री ५ महाराजाधिराज भन्ने शब्द त्यसै बखत पहिलो पटक सुनेको हुँ। मौसूफ सरकारले मसँग हिन्दीमा कुरा गरिबक्सियो। सरकारबाट हुकुम भयो—"आपका नाम हमारी दिदी और चन्द्रका लडका और जुद्धके लड़कोंसे बहुत सुना था, आज मिलकर बहुत खुश हूँ।" पहिलो पटक भेट भएको साधारण व्यक्तिसँग यसरी कैयौं वर्षदेखिको मित्र जस्तै राष्ट्रपिताको व्यवहारले मलाई अति छोयो। म ज्यादै प्रभावित भएँ।

नेपालका बडा-बडा राणा राजकुमार भनाउँदासँग म कलकत्तामा निकै घुमेको छु। उनीहरूसँग मैले व्यापार गरेको छु र म उनीहरूसँगसँगै बसेको पनि छु। तर उनीहरूको मुखबाट 'आप' भन्ने शब्द, शुद्ध हिन्दी र नमस्तेको जवाफ कहिले पनि पाइनँ।

राजाले पनि प्रजातन्त्रको भावना व्यक्त गर्दछन्, जनतालाई चुरोट खान अनुरोध गर्दछन्, 'आप' भन्दछन्, ड्रिक्स र खाना अफर गर्दछन् भन्ने कुरा मेरो जीवनमा पहिलो पटक अनुभव भयो। त्यो अनुभव मलाई नेपाल-नरेश श्री ५ त्रिभुवनले नै गराइबक्सियो।

कस्तो महान् राजा, कसरी जनतामा भिजेको, कस्तो भावना! मलाई आश्चर्य लाग्यो, चकित परें। मैले चुरोट खान अनकनाएको नजर भएर मौसूफले आफै ज्यूनार हुँदै फेरि मलाई खाने आग्रह गरिबक्सियो। आफूलाई सँभाल्दै मैले पनि खाएँ। मेरो मनमा कल्पनाहरू आउन थाले। मौसूफको व्यवहारमा म त यसरी लीन भएछु कि कहाँ छु भन्ने होश भएन।

म क्याम्पबाट फर्कें। मेरो वरिपरि क्याम्पभित्रकै वातावरण घुमिरहेको थियो। त्यो महान् व्यक्तित्व, त्यो प्रजातन्त्रको सजीव मूर्तिबाट म कति प्रभावित भएँ भन्ने कुरा अवर्णनीय छ।

म एक व्यापारी, माल र मोलको तुलना गर्ने मानिस––मलाई पनि प्रजातन्त्रका प्रतीक श्री ५ राष्ट्रपिता र अरू राजकुमारहरूलाई तौलन मन लाग्यो। कत्रो अन्तर! म आश्चर्यमा परें। यो आजको कुरा होइन, चौबीस वर्षपहिलेको कुरा। त्यस बेला शायद नेपालमा प्रजातन्त्रको नाम पनि लिइँदैनथ्यो होला।

श्री ५ महाराजाधिराजबाट माल सामान खरिद गरिबक्सियो। बिदा हुने बेलामा मैले आफू काठमाडौं जाने कुरा व्यक्त गर्दा फेरि काठमाडौंमा नै भेटुँला भन्ने हुकुम भयो।

त्यो छोटो भेट मलाई सपनाझैं लागिरहेथ्यो। मेरो मनमा अर्को भेटको उत्सुकता बढ्न थाल्यो। त्यस बेला श्री ५ जेठा शाहज्यादीको छोरा साम्राज्यशमशेरको विवाहको लागि मालसामान चाहिएको थियो। श्री ५ जेठा शाहज्यादीसँग कलकत्तामा परिचय हुँदा 'निमन्त्रणा पठाइदिन्छु, मालसामान लिई आउनू' भन्ने हुकुम भएको थियो। मेरो नेपाल भ्रमणको मुख्य कारण यही थियो।

प्रकृतिको देश नेपालको राजधानी काठमाडौं एक रमणीय स्थल हो, जहाँ प्रजातन्त्रका मुहान राष्ट्रपिता श्री ५ त्रिभुवन राज भइबक्सेको थियो। मलाई पूरा विश्वास र आशा थियो––मौसूफको दर्शन पाउनेछु। म हरिभवनमा बसेको थिएँ। त्यस बेला मलाई व्यापारको भन्दा बढ्ता धन्दा मौसूफको दर्शन पाउने थियो। आशाका लहरहरू पानीका फोकाझैं हराउँदा रहेछन् भन्ने कुरा मलाई कविहरूको कल्पनामात्र लागेको थियो, तर त्यस बखत मलाई सत्य नै अनुभव भयो।

एक दिनको कुरा हो, एक जना महानुभाव हातमा सील मारिएको चिठी लिई मलाई खोज्दै आइरहेको पाएँ। उहाँ हालका काजी श्री कृष्णलाल हुनुहुन्थ्यो। उहाँले भन्नुभयो––"श्री ५ महाराजाधिराज

तपाईंसँग भेट्न साह्रै उत्सुक होइबक्सिन्थ्यो, तर परिस्थितिले गर्दा भेट्न नपाइबक्सेकोमा साह्रै दुःख मानिबक्सेको छ। 'समयले दिएमा यहाँ भेट्न नपाए पनि कुनै दिन बाँचिरह्यौं भने कलकत्तामा जरूर भेटघाट हुनेछ' भनी हुकुम भएको छ।" यो सुन्नासाथ मेरा आशाका लहरहरू निराशामा बिलाए। म खुत्रुक्कै भएँ।

काजी कृष्णलालले त्यस बेलाको मेरो अवस्थाबाट के पाउनु भयो मैले अनुमान गर्न सकिनँ, तर उहाँले पुऱ्याउन आउनुभएको सीलबन्दी खामभित्रबाट मैले जीवनको पहिलो उपहार पाएँ। त्यस किसिमको उपहार पाउँला भन्ने मैले कल्पना पनि गरेको थिइनँ। नेपाली सुनको मोहर खुकुरीमा जडान गरेको टाइपिन नेपाली नोटमा खामी पठाइबक्सेको पाउँदा मेरो हर्षको सीमा रहेन।

मैले जति राजाहरूसँग व्यापार गरें उनीहरूले मलाई एक व्यापारीमात्र सम्झेर मसँग व्यवहार गरेका थिए, तर मौसूफ सरकारले मलाई एक मित्रसँगको व्यवहार गरिबक्सियो, मैले केही गर्न सकिनँ। मैले पनि मौसूफमा सम्झनाको उपहार के चढाउने, मेरो बुद्धिले बुझ्न सकेन। ती दिनहरू मलाई आजैका दिनझैं लाग्दछन्। मेरो जीवनको यो प्रमुख संस्मरण सधैं ताजा रहिरहनेछ।

*****

नेपालको क्रान्ति

नारायणप्रसाद बाँसकोटा

२००७ सालको तीन महीनाभित्रमा नेपालमा जुन परिवर्तन भयो, त्यसलाई इतिहासकारहरूले बडो ध्यान दिएर लेख्नेछन्। चाँडो भएको यो परिवर्तनले संसारलाई पनि जिल्ल पारेको होला। किनभने बीसौं शताब्दीको साम्यवादी वर्गहारा खास गरेर हँसिया-हतौडा लिनेले क्रान्ति मच्चाउने युगमा झन्डै एक करोड मानिसका सर्वश्रेष्ठ मालिक, विष्णुको अवतार जसलाई देख्दामा उसका जनताले आफ्नो दिनभरिको पाप मोचन भयो भन्ने सम्झिन्छन्, त्यो राजाले परम्परादेखि चलिआएको आफ्नो सरकारको विरुद्धमा आवाज उठाएर 'लोकराज जिन्दाबाद' भनेको कुरा पाइन्छ। शायद बीसौं शताब्दीले यस्तो विचित्रको राजालाई देखेको थिएन होला।

यो चाँडो परिवर्तन हुनाका धेरै कारणहरू छन्। हँसियाको जागृति एउटा कारण हो। बीसौं शताब्दी-युगमा नेपालले मात्र पुर्खौली बूढीरूढीलाई अँगालेर (अप्रगतिशील भएर) अवश्य बस्न सक्दैनथ्यो र एक दिन उसले पनि प्रगतिशील युगको अनुसरण गर्न पर्दथ्यो। तर कति समयमा? यसको उत्तर राजनीतिज्ञहरूले देलान्। एशियाको जागृति खास गरेर भारतको स्वतन्त्रता र तिब्बतमा लाल चीनको प्रवेश नै हाम्रो परिवर्तन हुनाको कारण हो। भारत सरकारले पनि नेपालको परिस्थितिलाई आँखा चिम्लेर बस्न सक्दैनथ्यो। यसपछि भारतमा बसी संगठन गरेर नेपालमा क्रान्ति ल्याउने संस्थाको पालो आउँदछ। यी संस्थाहरूले नेपालमा यति चाँडै यति ठूलो परिवर्तन ल्याउन सफल हुन्थे अथवा हुँदैनथे भन्ने कुरामा त निःसन्देह भएर भन्न सकिन्छ--यति चाँडो अवश्य हुने थिएन। किनभने जुन दिनसम्म

श्री ५-को सवारी भारततर्फ भएको थिएन त्यस दिनसम्मको इतिहासले नै भन्दछ। नेपाल सरकारलाई कुनै संस्थाले टसको मस पार्न सकेको थिएन। सारा नेपाली जनता परिवर्तन खोजिरहेका थिए। तर शासकहरूले आफ्नो हातमा एउटा यस्तो महाशक्तिलाई दबाएर राखेका थिए जसले गर्दा देशमा अहिंसात्मक र हिंसात्मक दुवै आन्दोलनलाई असम्भव बनाएको थियो। तर १९५० नवेम्बरको ८ तारीखका दिन त्यो महाशक्ति शासकहरूको पन्जाबाट उम्केर भारत दूतावासमा पुग्यो र ५ दिनपछि 'लोकराज जिन्दाबाद' भन्दै भारततर्फ रमाना भयो। यहींदेखि शुरू भयो १०४ वर्ष पुरानो एकतन्त्रीय शासनको जगलाई हल्लाउने वास्तविक क्रान्ति।

अब हामी हाम्रो नेपालमा भएको परिवर्तनलाई हेर्नुभन्दा अघि यो प्रश्न गरौं——किन नेपालमा पहिलेदेखि नै प्रजातन्त्रीय शासन नचलेको? यसको जवाफमा के भन्न सकिन्छ भने शासनभारको ठेक्का लिनेले चाहेको भए पहिलेदेखि नै चल्ने थियो। तर यी शासकहरूले नेपालका महाराजाधिराजहंरूबाट पाएको शक्तिबाट अनुचित लाभ उठाए, उनीहरूले शक्तिको दुरुपयोग गरेर एक शताब्दीको शासनकालमा प्रजाको सुख, शान्ति र समृद्धिको ख्यालै नगरी आफ्नो परिवारको फायदा हुने ढङ्गले मात्र शासन गरे। यी शासकहरूमध्ये कुनै-कुनैले देशमा केही सुधार गरेका छन्, जुन सुधारलाई यो प्रगतिशील युगमा नेपालीले चित्त बुझाएर त्यत्तिकैमा सन्तोष हुन सक्दैनथे। शासकहरूले जनतालाई शासन-पद्धतिसँग बिलकुलै अपरिचित गराए। देशको प्रगति र जनहितको कुरा त परै रहोस्, यी शासकहरूले शासकको बागडोर आफूलाई नासो दिने श्री ५ महाराजाधिराजहरूलाई पनि थिचोमिचो पारेर राखे। देशको मुख्य अङ्ग जनता र देशका वास्तविक अधिपतिको अनादर गर्नाले राणा-शासकहरू समस्त नेपालीको, शायद सारा विकासवादी संसारको अगाडि घृणाका पात्र भएका थिए। आज तीं शासकहरूको शक्ति चकनाचूर भयो। राजाले प्रजालाई र प्रजाले राजालाई चिने। प्रजाको लागि वीर त्रिभुवनले '०७ साल, कार्तिक २१ गतेका दिन भारत दूतावासमा आश्रय लिइबक्सियो र पाँच दिनपछि भारत सरकारको अतिथि भएर भारत सवारी भयो। त्यहीं वीर नेपालीहरूले नेपाली कांग्रेसको

संगठनमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म क्रान्ति उठाए। गृहयुद्ध भयो। एक-एक गरेर सारा नेपाल क्रान्तिदलको हातमा पर्न थाल्यो। राजधानीका जनताले पनि श्री ५-प्रतिको भक्ति देखाएर शासनसँग असहयोग र अनेकानेक प्रदर्शन गरे। यी प्रदर्शनमध्ये नेपालको परिस्थिति अध्ययन गर्न आउने ब्रिटिश रोवर्ट, राजदूत इस्लर डेनिङ गौचर एरोड्रममा उत्रँदा गरिएको प्रदर्शन अत्यन्त महत्त्वपूर्ण थियो, जुन प्रदर्शन-लाई इतिहासमा 'गौचर-प्रदर्शन' भनेर लेखिनेछ।

श्री ५ त्रिभुवन भारत दूतावासमा सवारी भएको पर्सिपल्ट राणा शासकले उहाँलाई पदच्युत गरेर उहाँका तीन वर्षका नाति ज्ञानेन्द्रलाई महाराजाधिराज बनाइसकेको थियो। दिनदिनै देशमा अशान्ति बढ्दै गयो। ज्ञानेन्द्रलाई भारत सरकार र नेपालसँग सम्बन्ध भएका राष्ट्रले नेपालको महाराजाधिराज मानेनन्। यस कुरामा भारत सरकारले त्रिभुवनलाई नै महाराजाधिराज मान्ने प्रस्ट घोषणा गरिदियो। यसले गर्दा राणा सरकारको नैतिक पतन भयो। नेपालको परिस्थिति यी शासकहरूले सँभाल्न नसक्ने भए। अन्त्यमा भारत सरकार र राणा सरकारको कुरा हुन थाल्यो। भारत सरकारको मध्यस्थतामा श्री ५ महाराजाधिराज, राणा सरकार र नेपाली कांग्रेसको बीचमा मेलमिलाप ल्याउने कुरा चल्न थाल्यो र युद्ध-विरामको आदेश निस्क्यो। देशमा अन्तरिम सरकार जसमा पाँच जना पुराना शासकहरूबाट र पाँच जना नेपाली कांग्रेसबाट लिएर बन्ने भयो। श्री ५ महाराजाधिराज अन्तरिम सरकारको मुख्य भइबक्सियो। यो सरकारले नेपालको विधान बनाउन दुई वर्षभित्र संविधान-सभा खडा गर्ने भो। यसरी हाम्रो देशमा परिवर्तन भयो। हामी जनताले प्रजातन्त्रीय हक पाउने भयौं। अब प्रत्येक नेपालीले यो कठोर परिश्रमबाट पाएको प्रजातन्त्रलाई दुरुपयोग हुन दिनु हुँदैन। चाहे जोसुकै होस्, त्यो एक व्यक्ति होस् अथवा व्यक्तिको समूह--कसैलाई पनि अबदेखि हामी नेपालीले जनताको अनादर गरेर अनुचित लाभ उठाउन दिनु हुँदैन। फेरि प्रत्येक नेपालीले हक मात्रै खोजेर कर्तव्य पालन गर्न बिर्सनु पनि हुँदैन। हकको उपयोगको साथ-साथै कर्तव्य पालन पनि हुनुपर्दछ। नेपाली यस्तो वीर जाति हो जसले कहिल्यै पनि अनुशासन पालन नगरेको छैन।

*****

अनुपम राजा श्री ५ त्रिभुवन

नित्यराज पाण्डे

इतिहासमा धेरै राजा भए, धेरै राजा गए। कतिका नाम इतिहासको साथै समाप्त भए भने कतिका नाम इतिहासमा साधारण घटना जस्तै बयान मात्र गरेर राखिए। राजा भन्दैमा सबैका साझा हुन सक्तैनन्, त्यसको निमित्त चाहिन्छ त्याग, तपस्या र बलिदान। राजा पनि मानिस नै हुनाले सर्वसाधारणमा हुने रिस-राग, छल-कपट, तँछाड-मछाड, मोज-मज्जा, सुख-दुःख आदि भाव राजामा पनि हुन सक्तछ। खराब कामहरूबाट होशियार भई राष्ट्रको लागि अघि सर्ने राजाहरू थोरै मात्रामा पाइन्छन्। त्यसमा पनि राजा भएर जनताको निमित्त लडी जन-अधिकार सुरक्षित राख्नमा दत्तचित्त हुने त बढीमा दुई हातको औंलामा गन्न सकिने खालका हुन्छन्। झन् त्यसमाथि आफन्त पर्ने व्यक्तिहरूलाई हटाई आफ्ना भएका विशेष अधिकार जनताको पोल्टामा राखी राष्ट्रहितमा अघि सरी सर्वसाधारणको हित नै आफ्नो सर्वोपरि ठान्ने राजा त ज्यादै कम मात्रामा पाइन्छन्।

इतिहासमा यस्ता अमर ज्योति भएका राजाहरूको नाममा श्री ५ त्रिभुवनको नाम पनि आउँछ। शाहवंशको गौरवमय भूमिका भएको हाम्रो देशमा श्री ५ त्रिभुवनको जन्म हुनु प्रकृतिको वरदान र नेपालीहरूको भाग्य हो। यस्ता राजा श्री ५ त्रिभुवनको जन्म १९६३ साल आषाढ १७ गते यस माटोको नारायणहिटी दरबारमा भएको थियो। यसै बखत गौरवसाथ नेपालीहरूले हर्ष, श्रद्धा र भक्ति प्रकट गरेका थिए।

पाँच वर्षको शिशुअवस्थामा नै नेपाल माताले श्री ५ त्रिभुवनलाई राजमुकुट पहिराइन्। आफ्ना बुबाज्यू श्री ५ पृथ्वीवीरविक्रमको १९६८ साल पौष कृष्ण षष्ठीका रातमा देहान्त हुँदा पितृस्नेह र मायाबाट वञ्चित भई नेपाल माताको क्रन्दन सुन्न परेको थियो। उमेर बढ्दै गएपछि देशको दयनीय अवस्था पनि त्रिभुवनलाई अवगत हुँदै गयो। श्री ५ त्रैलोक्यवीरविक्रम र श्री ५ पृथ्वीवीरविक्रमबाट श्री ५ त्रिभुवनको काँधमा राखिएको महत्तम बोझको ज्ञान पनि हुँदै गयो। किशोर अवस्थादेखि नै आफ्नो काँधमा आइपरेको अभिभारा बुझ्दै आफ्नो खुट्टामा उभिन बल, बुद्धि खियाएर काँढै-काँढाले झ्याँगिएको अँध्यारो गोरेटोमा दियालो सल्काउँदै अगाडि बढ्नुपरेको थियो। एउटै परिवारका दिदी-बहिनी कान्तिराज्यलक्ष्मी र ईश्वरीराज्यलक्ष्मीसँग १९७५ साल फागुनमा विवाह भएपछि कर्मक्षेत्रमा मौसूफलाई अघि बढ्न सहायता मिल्दै गयो। समवयस्क वर र बधूहरू काँधमा काँध मिलाई आपस-आपसमा सल्लाह गरी आइपरेका बाधाहरू हटाउँदै आफ्नो काममा होशियारीसाथ कर्तव्य-क्षेत्रमा उत्रिएको इतिहास साक्षी छ। किशोर त्रिभुवनलाई चन्द्रशमशेरबाट जाँचिएर निर्देश दिइएको साधारण शिक्षामात्रै प्राप्त गर्ने अवसर मिले पनि मौका खोजी-खोजी बढी जान्ने-बुझ्ने उत्सुकता थियो। यही उत्सुकताले नै अगाडि बढ्ने सफलता दिएको थियो। गडेर समस्याहरूको अध्ययन गरी क्रमैसँग मौका खोजी-खोजी समाधार गर्ने प्रयत्न हुन्थ्यो।

पृथ्वीनारायण शाहका कुलका उज्ज्वल दीपक नेपाली जनताका भाग्यविधाता हाम्रो समाजका मनीषी श्री ५ त्रिभुवन व्यक्तिगत आमोद-प्रमोदले भरिएर राजसी ठाँटमा नारायणहिटी दरबारमा बसे पनि नेपाली जनताको दयनीय अवस्थादेखि मौसूफको हृदयमा वेदना र मुहारमा मलिनता छाइरहन्थ्यो। हुन पनि त्यस वखतको शासनबाट बहुसंख्यक जनताहरू मुक्त भए पनि निमुखा, आँखा भए पनि अन्धा, कान भए पनि वहिराजस्ता पिल्सिएका थिए। राजा-प्रजा सबैलाई कर्मक्षेत्रमा आउन नदिन जन्जीरले बाँधिएको थियो। पवित्र हृदयले त्यसबाट कसरी उम्कने मौसूफ यही विचारमा लागिबक्सन्थ्यो। वातावरण र अवस्था अध्ययन गर्दा कोमल हृदयमा ठूलो चोट पर्दथ्यो। दरबारका मानिसहरू

आफ्ना देखिए पनि कामबाट बिराना हुन्थे। कसमाथि वेदना पोख्नु र काममा कसरी अगाडि बढ्नु यो सधैं ठूलो चिन्ताको विषय भइरहन्थ्यो।

राजा भए पनि जनपक्ष नै आफ्नो आधार ठानी समस्यादेखि निराश नभएर भएको साधनको उपयोग गरी काम गर्ने प्रवृत्ति त्रिभुवनको जीवनीमा देखियो। नेपाल र नेपालीलाई उच्चस्तरमा पुऱ्याउने श्री ५-को पूर्ण भावना थियो। राणाशाहीको जघन्यतामा टुलुटुलु नहेरी जनहितको निमित्त अगाडि बढेकालाई बराबर प्रेरणा दिइन्थ्यो। १९९० सालपछि नै श्री ५-बाट जनसम्पर्क बढाउन प्रयत्न गरियो। जनहितमा हिंड्नेलाई जोसक्दो सहयोग अदृश्य रूपले दिन थालियो। राजाको यस्तो प्रेरणाबाट कर्मठ व्यक्तिहरूलाई ठूलो हौसला मिल्यो। राजमुकुट पहिरिएको २५ वर्ष पुगेको अवसरमा राणाहरूबाट १९९३ सालमा रजत-जयन्ती मनाउन प्रबन्ध गरी झिलिमिली पारे पनि श्री ५-को हृदयमा यसबाट कुनै उत्साह आएन। कोटि जनताको दुःख, यातनामा काठमाडौं उपत्यकाको उज्यालो त देखावटीमात्र थियो। राजनीतिक क्षेत्रमा संगठन गरिएको प्रजा-परिषद्ले धेरै प्रेरणा र सहयोग पाएको देखिएको थियो। १९९७ साल माघमा अमर देशभक्तहरू शहीद भए। ती राष्ट्रवीरहरूले आफूलाई बलिदान दिए, तर बलियाको अगाडि घुँडा टेकेनन्। यस बखतमा श्री ५-लाई समेत कारकेर गरियो र राजगद्दीबाट समेत हटाउने धम्की दिंदा पनि आफ्नो कर्तव्यबाट विचलित भएको देखिएन। राणाहरूको कुदृष्टिलाई कुनै वास्ता गरिएन। शहीदहरूको सपनालाई साकार पार्न राष्ट्रलाई सर्वोपरि मानी एकतन्त्री जन्जीरलाई चुँडाल्न हरहमेशा प्रयत्न गरियो।

जन-सम्पर्क र ज्ञान बढाउनको लागि तीर्थ गर्न भारततर्फ जांदा पनि राणाहरूका मानिसहरूले निगरानी राखिरहन्थे। मुश्किलसाथ बल्ल-बल्ल केही राजनीतिका पुस्तकहरू संकलन गरेर यात्रा समाप्त गरी काठमाडौं भित्रियो। असन कमलाक्षीको बाटो गरी राजदरबार भित्रिंदा जनताहरूले ठूलो स्नेह र भक्तिसाथ अभिवादन गरी स्वागत गरे। ठाउँ-ठाउँमा ढोका बन्यो भने नारीहरूले झ्याल-झ्यालबाट अबीर-लावा फूल पनि बर्साए। आफ्नो राजाको पहिलो यात्रा नेपालीलाई

ठूलो उत्साह र प्रेरणाको विषय थियो। आफूमाथि जनताको अगाध श्रद्धा र भक्ति हुँदाहुँदै पनि दरबारमा अलग्गिएर चार भित्ताभित्र बस्नुपर्दा हृदयमा ठूलो चोट पर्दथ्यो। एकतन्त्री शासनबाट राजालाई बिरानो पार्न प्रयत्न गरिन्थ्यो। राणाशाहीको तर्फबाट दरबारमा पालो-पहरा खूब कडा हुँदै गयो र गुप्तचर पनि ठाउँ-ठाउँमा तैनाथ गरिए। राजदरबार र जनताको सम्पर्क रोक्न मूल ढोकादेखि बाहेक अन्यत्र पर्खालतर्फ पनि पुलिसहरू खटिए। त्यस बखतमा जनतालाई कष्ट र यातनामा मात्रै राखिएको होइन कि राजामाथि पनि नराम्रो भावनाले हेर्न थालियो।

क्रान्तिकारी राजालाई यी सबै असह्य भयो। आफै क्रान्तिमा होम्मिन २००७ साल कार्तिक २१ गते शिकार खेल्न जाने बहाना गरी सपरिवार भारतीय राजदूतावासमा प्रवेश भयो। राजा स्वयं क्रान्तिमा अग्रसर भएको देख्दा जन-जागृति फैलिन ठूलो अवसर मिल्यो। राणाहरूले राष्ट्रनायक राजालाई त यसो गर्छन् भने अरूलाई त के बाँकी राख्लान् भन्ने भावना जनतामा फैलियो। नेपालीहरूको ठूलो चाड कार्तिक २६ गते भाइटीकाको दिन १२।३० बजेतिर भारतीय राजदूतावासबाट शाही परिवार सोझै डिल्लीतर्फ प्रस्थान गऱ्यो। जनताले राजाको गति देख्दा आँसु चुहाए। सबैले राणाहरूको निर्दयी पन बुझ्दै गए। राजाको नेतृत्वमा क्रान्तिकारीहरूले बन्धनको डोरी फुकाल्ने प्रतिज्ञा गर्न थाले। क्रान्ति चारैतिर जोडसँग राँकियो। राणाहरूमा हाहाकार मच्चियो। राणा-शासन अन्त्य गर्ने सबै तारतम्य मिलाएर शाही परिवार फागुन ४ गते काठमाडौं फर्कियो। जनताको अपार भीडले राजाको स्वागत गरी कृतार्थ भयो। जनताको हृदयमा अपार हर्ष छायो। सबैजसोले श्रद्धा र भक्ति व्यक्त गरे। क्रान्तिकारी राजाबाट आफ्नो कुनै परवाह नगरी जनताको हकको निमित्त लडेर स्वतन्त्रता प्रदान गरियो। राणा-शासनको मुकुन्डो फालेर जनसमक्ष राखियो। नेपालीमा भाइ-भाइपनाको भावना सिर्जना गरियो। राष्ट्रियतालाई श्रीवृद्धि गरी जनतान्त्रिक भावना फैलाउन श्रीगणेश गरियो। नेपालीलाई पनि बीसौं शताब्दीको नागरिकले पाउने अधिकार दिइयो। श्री ५ त्रिभुवनको त्याग-तपस्याले सुनौला युगको प्रादुर्भाव हुने अवसर मिल्यो। जनताको कल्याण र सुख-समृद्धिको निमित्त प्रशस्त पसीना चुहाई

स्वतन्त्रता हासिल गरियो। यसबाट नेपालीको समुन्नतिको कामना गर्दै फागुन ७ गते घोषणा गरियो––**यो हाम्रो आशा छ कि नयाँ व्यवस्थामा सरकार र दुनियाँले मिलीजुली नेपालको उन्नति र समुन्नतिको निमित्त प्रयत्न गर्नेछन्। परमेश्वरले हामीलाई र हाम्रा अधिकारी-वर्गलाई हाम्रा प्रजाको हितको निमित्त उपरोक्त हाम्रा इच्छाहरू पालना गर्ने शक्ति दिऊन्।** राजदरबारबाट यस्तो सदिच्छा जनसमक्ष राख्ने हाम्रा राजाको पवित्र भावना स्पष्ट छ। नेपालीहरू एक भई राष्ट्रको निमित्त दिलोज्यान दिई यस धरतीलाई सिंगार्न जनतालाई सन्देश दिइएको छ। १०४ वर्षसम्म राणाहरूले छेकेको हाम्रो बाटोलाई खुला गरेर राष्ट्रको समुन्नति गर्ने उत्तरदायित्व सबैलाई बुझाइएको छ। सबै मौलिक हक दिएर आफ्नो बाटो उज्यालो पारी उन्नति गर्न उही फागुन ७ गतेको दिनमा नै जनतान्त्रिक सरकार गठन गरियो।

देशका महान् सम्राट् त्रिभुवनको नम्र स्वभाव र सबैलाई भाइचाराको नाताले हेर्न सक्नु अर्को विशेषता हो। सबैजसोसँग आदर-सत्कारसाथ नम्रपनाले बोल्ने बानी थियो। सबैलाई कर्मक्षेत्रमा उतारी राष्ट्र-विकास गर्ने राजाको ठूलो प्रेरणा थियो। समानताको भाव सबैमा फिंजाइन्थ्यो। धर्ममा सहिष्णुता थियो। सबै कुराको नेपाली संस्कृति उद्गम भएको याद पनि गराइन्थ्यो। २००८ साल माघमा सम्यक् समारोह मनाउँदा भाषणमा मौसूफबाट हुकुम भएको थियो—**हाम्रो देशमा सनातन र बौद्ध दुवै धर्मको प्रचलन छ एवं दुवैको हार्दिक सम्मिश्रणबाट हाम्रो नेपाली संस्कृति बनेको छ।** चलिआएको नेपाली विशेषता जनसमक्ष राखियो र एकात्मक भावना फैलाउन जोड गरियो।

यस भूमिलाई सिंगार्न कस्सिएका राजाको भावनालाई विभिन्न दल र नेताहरूले बुझिदिएनन्। राजकीय परिषद् गठन गर्दा आश्विन ४ गते २०१० सालमा जनतालाई सम्झाउँदै भनियो––**देशको नाउँमा आपनो व्यक्तिगत वा संकीर्ण दलगत स्वार्थको पूर्ति गर्नु केवल अपराधमात्र नभई ठूलो पाप हुन जानेछ। अतः आज आपसको भेदभाव बिर्सेर देशका समस्त उपलब्ध साधन-शक्ति र विचारलाई एकत्रीकरण**

गरी देशलाई अगाडि बढाउने प्रयास नै हाम्रो अभीष्ट लक्ष्य हुनुपर्दछ। जनता निस्स्वार्थी भई राष्ट्रोन्नति गरून् भन्ने श्री ५-को आन्तरिक इच्छा थियो। धरतीलाई फुलाउन फलाउन बिरामी भएर पनि निकै प्रयत्न भएको थियो। राजालाई रोगले च्याप्दै लग्यो। यूरोपमा औषधि-उपचार गर्न जाँदा, ओखती गर्दागर्दै स्वीट्जरल्यान्डमा जुरिचको क्यान्टन अस्पतालमा असामयिक उमेरमा नै २०११ साल फागुन ३० गते राति ८ बजेतिर श्री ५ त्रिभुवनको देहान्त भयो। त्यो निठुरी कालो रातले जनतालाई ठूलो चोट पा-यो। नेपाली हृदयबाट भक्काना उठी सबै धुरुधुरु रुन थाले। शोक चारैतिर छायो। महापुरुष त्रिभुवनको अमर जीवनी सम्झेर लोकोपकारी राजाको गुण गाइयो। सबैजसो शिर झुकाएर श्रद्धाञ्जलि व्यक्त गर्न अघि सरे। नेपाली माटोमा त्रिभुवनका आदर्श गुणहरू झल्किरहेको सबैले सम्झे।

वसुधैव कुटुम्बकम्-को भावना फिंजाउने हाम्रा राजा त्रिभुवन साँच्चिकै अमर ज्योति हुन्। त्यो ज्योति यस धरतीमा छाएको छ र ज्योतिले विकट बाटो पार लाग्न निर्देशन गरिरहेको छ। जस्तो आपद्-विपद् परे पनि कर्मक्षेत्रबाट विमुख नभई कर्तव्य-पथमा लागिरहने महान् राष्ट्र-हितैषी भावना रहिरहेको छ। जागरणको शंख यस धरतीमा फुकी सबैलाई ब्यूँझाइदिएको छ। शाहवंशका अनुपम राजा श्री ५ त्रिभुवनको त्याग-तपस्याले हिमालमा झुल्के घाम लागी मुस्कुराइरहेको छ भने लेकमा लालीगुराँस फुली वन शोभायमान भइरहेको छ। प्रेरणाको स्रोत बनेर राष्ट्रलाई उत्तरोत्तर विकास गर्न निर्देश गरिरहेको छ। सगरमाथा पदार्पण गर्न सक्ने र विश्वका कुना-कुनामा गई आफ्नो पुरुषार्थ देखाउने नेपालीहरूलाई कर्मठ बन्न उत्साह भरिरहेको छ। पखेटा फैलाएर उज्ज्वलता प्रकाश गर्न नेपालीहरूमा अवसर प्राप्त भएको छ। तेजिलो ज्योतिले पारेको प्रकाशले भावना चहकिलो हुँदै आएको छ। आफ्नो राष्ट्रियतालाई अक्षुण्ण राख्न र यस धरतीलाई सिंगार्न मिलेको प्रेरणा सबैजसोको हृदयमा घुस्दै आएको छ। २००७ साल फागुन ७ गतेको महान् हृदयको सुनौला कामना सबैजसोले बुझी कर्तव्यनिष्ठ भई कर्मक्षेत्रमा उत्रँदै आएका छन् र नेपाल र नेपालीको नाम विश्वसमक्ष चम्किंदै छ।

*****

श्री ५ त्रिभुवन र फूल

पद्मराज प्रधान

राष्ट्रपिता श्री ५ त्रिभुवनसँग पहिले मेरो परिचय थिएन। यसर्थ मौसूफ नेपाल नरेश होइबक्सिन्छ भन्ने पनि थाहा भएन। तैपनि मलाई यति विश्वास लागेको छ नेपालमा चार जना शहीदहरूलाई प्राणदण्ड भएपछि मौसूफको भारत सवारी भएको थियो औ साथमा हजुरिया जनरल बहादुरशमशेर जंगबहादुर राणा हुनुहुन्थ्यो। शायद यो विषय कसैलाई पत्तो नै भएन होला। एक दिन साँझको बेला, मेरो विचारमा मौसूफ नै होला, न्यू मार्केटमा मेरो फूल पसल ‘प्रधान नर्सरी’-को सामुन्ने खडा होइबक्सेर मलाई ‘तिमी नेपाली हौ?’ ‘तिम्रो नाम के हो?’ भनी हुकुम हुँदा ‘म नेपाली हुँ, अनि मेरो नाम पद्मराज प्रधान हो’ भनी जाहेर गरें।

‘ओहो! कलकत्ताझैं महानगरीमा न्यू मार्केटजस्तो ठाउँमा पनि नेपालीको पसल पाउँदा खूबै आनन्द लागेको छ, भगवान्ले रक्षा गरून्, फलोस्, फुलोस्! भनी हुकुम हुँदा-हुँदै हजुरिया जनरल बहादुरशमशेर जंगबहादुर राणाले ‘सवारी होस्, सवारी होस्’ भनी न्यू मार्केटबाट बाहिर सवारी चलाई मोटरमा राखी कहाँ लगे मलाई पत्तो भएन, मैले पनि उति याद गरिनँ। तैपनि मलाई मौसूफको अनुहार अत्यन्तै परिचित लागेकोले र मौसूफको कान्तिले मलाई आकर्षित गराएकोले केही दिनसम्म ‘को होला, को होला!’ भनी सम्झना गराइरह्यो। मौसूफको साथमा हजुरिया जनरल बहादुरशमशेर जंगबहादुर राणालाई

पनि त्यस बेला चिन्न सकिनँ, वहाँलाई पनि कहीं देखेजस्तो लाग्यो र विचार गर्दा दार्जीलिङ्मा धीरधाम मन्दिरको उद्घाटन गर्न ग्राउनुभएको वहाँ नै हो भनी ग्रठोट गरी जनरल बहादुरशमशेर जंगबहादुर राणा भनी दृढ विश्वास भयो। यत्तिकैमा कैयौं दिन बित्यो, महीना बित्यो, वर्ष पनि बित्यो। मैले पनि सबै बिर्सि नै सकेको थिएँ।

एक दिन सबेरै ग्रखबार पढ्न बस्दा ग्रचानक 'श्री ५ त्रिभुवनको नेपाल त्याग' भन्ने शीर्षकतर्फ ग्राँखा पुग्यो। भोलिपल्टको ग्रखबारमा श्री ५-को साथै राजपरिवारको तसवीर (फोटो) छापिएको थियो। त्यस समयका राष्ट्रपति डा० राजेन्द्रप्रसाद, उपराष्ट्रपति डा० सर्वपल्ली राधाकृष्णन् तथा प्रधान मन्त्री जवाहरलाल नेहरू तथा ग्रन्य गण्यमान्य व्यक्तिहरूले पुष्पमालाका साथ मौसूफ तथा राजपरिवारको भव्य स्वागत गरेको देख्दा त्यो बितेको दिनको याद ग्रायो। मौसूफको न्यू मार्केटमा मेरो फूल पसलमा सवारी भएको र मलाई 'तिमी नेपाली हौ?' ग्रौ 'तिम्रो नाम के हो?' साथै 'ग्रोहो! कलकत्ताझैं महानगरीमा न्यू मार्केटजस्तो ठाउँमा पनि नेपालीको पसल पाउँदा मलाई खूबै ग्रानन्द लागेको छ, भगवान्ले रक्षा गरून्, फलोस्, फुलोस्!' भनी हुकुम हुँदा-हुँदै मौसूफलाई हजुरिया जनरलले 'सवारी होस्, सवारी होस्' भनी मोटरमा राखी ग्रदृश्य भएको झलझली याद ग्रायो। त्यस बेलासम्म न त मेरो नेपालप्रति केही ज्ञान थियो, न मेरो मौसूफप्रति श्रद्धा एवं भक्ति नै थियो। तर, त्यो दिनको ग्रखबार पढेदेखि नेपालको खबरप्रति दिलचस्पी बढी ग्रखबारमा खोजी पढ्न थालें। त्यसपछि मौसूफको सवारी नेपाल फर्केको र नेपालमा राजनीतिक गतिविधि हेरफेर भएको प्रायः सबैलाई थाहै भएको होला। तसर्थ यस विषयमा मैले उल्लेख गर्नुपर्ने कुरो केही छैन।

कुनै समय दिल्लीमा मेरो काम परेको हुनाले केही दिनको निमित्त दिल्ली गएको थिएँ, त्यस बेला ग्रचानक खबर पाएँ––श्री ५ त्रिभुवनको कलकत्ता सवारी भएको तथा श्री ५ कान्छा शाहज्यादी सरकारको शुभ-विवाह यहाँ कलकत्तामा मयूरभन्ज महाराजकुमारको साथ सुसम्पन्न हुने भएको छ। त्यस बेलासम्म मेरो काम शेष भएको

थिएन र सो शुभ-विवाहलाई दिल्ली छोड्न असमर्थ भएकोले पत्रद्वारा त्यस बेलाका वाणिज्यदूत कन्सल जनरल दमनशमशेर जंगबहादुर राणामार्फत हजुरिया जनरल नरशमशेर जंगबहादुर राणामा––एक त नेपालीको हैसियतले, अर्को कलकत्ताझैं महानगरीमा अरू दक्ष व्यापारीहरूसँग दाँजो गरी कारबार गरी बसेकोले––शुभ-विवाहमा चाहिएको फूलको सजावटको अर्डर पाऊँ भनी अनुरोध गरेको थिएँ। तर मेरो पत्रको कसैले वास्ता नगरी दिएकोले मेरो दिलमा ठूलो चोट परेको थियो। जब म दिल्लीबाट फर्की आएँ, त्यस बेला राजकुमारी विमलाराज्यलक्ष्मी देवीको शुभ-विवाह सरगुजाका महाराजकुमार श्री महेशकुमार सिंहका साथ सुसम्पन्न हुने भएको खबर पाएँ, र स्वयं वाणिज्यदूत श्री दमनशमशेर जंगबहादुर राणामा दुःख पोखाई विन्ती चढाउँदा हजुरिया जनरल श्री नरशमशेर जंगबहादुर राणामा परिचय गराइदिनुभयो र वहाँलाई बिन्ती गर्दा 'अघि श्री ५ कान्छा शाहज्यादी सरकारको शुभ-विवाहमा जसले फूल सजाएको थियो उसैलाई अर्डर गरिसकेको हुनाले तिमीलाई अर्डर दिने केही छैन' भनी उत्तर पाउँदा मेरो बिन्तीको केही मूल्य नरहेको देखेर खिन्न चित्त ली बसिरहेको थिएँ।

विवाह सिद्धिएको केही दिनपछि एक दिन मी०सु० दयारामभक्त माथेमा, कर्णेल अम्बरबहादुर, सर्दार हंसमानसिंह तथा अरू कतिपय व्यक्तिहरू न्यू मार्केटमा आफूलाई चाहिएको माल-सामान किन्नलाई आउनुभएको बेलामा मी०सु० दयारामभक्तले कर्णेल अम्बरबहादुरको साथ मेरो परिचय गरिदिनुभयो। 'नेपालमा राजदरबारमा फूलको विजन तथा बिरुवा चाहिएमा कलकत्तामा प्रधानलाई भन्नुहोला भनी कर्णेल अम्बरबहादुरलाई मी०सु० दयारामभक्तले भनिदिनुभएको थियो। केही दिनपछि कर्णेल अम्बरबहादुर एक्लै न्यू मार्केट आनुभएको बेलामा फूलसम्बन्धी धेरै कुरा सोधपूछ गर्नुभयो औ कति ठाउँमा देखाउन लगेको थिएँ। कर्णेल अम्बरबहादुर ममाथि प्रभावित हुनुभएकोले श्री ५ त्रिभुवनको दर्शन गराउन एक दिन मलाई आफ्नै साथमा लिएर जानुभयो। त्यस बेला प्रायः दिनको २ बजेको थियो। मौसूफ दिनको ज्यूनार सकी केही क्षण त्यही टेबलमा मी०सु० दयाराम भक्त, जनरल योगविक्रम, नरशमशेर, जनरल स्व० विजयशमशेर (त्यस बेलाका भारतमा नेपाली

राजदूत), जनरल दमनशमशेर तथा अन्यान्य अपरिचित व्यक्तिहरू जम्मा चौध-पन्ध्र जनाका साथ राज गरी कुराकानी गरिरहेको पाएँ। त्यसै बखत कर्णेल अम्बरबहादुरले मौसूफमा मेरो परिचय गराइदिंदा मैले हात जोडी नझुकीकन ठाडै बिन्ती टक्र्याएँ। ओहो! श्री ५ राज भइबक्सेको मेचबाट झटपट उठी दुई हात जोडी केही निहुरेजस्तो गरेर मेरो नमस्कार फर्काइबक्स्यो। त्यस बेला त्यत्तिका गण्यमान्य व्यक्तिहरूका बीच म त शरमले भुतुक्कै भएँ। मेरो निधारमा चटचटी पसीना आयो, मुख रातो भयो, कुरीकुरी लाग्यो र असाध्यै असजिलो भएर आयो। मौसूफबाट मलाई फूलसम्बन्धी धेरै कुरा हुकुम भयो, तर मैले मेरो जिब्रो लटपटिएकोले भकभकाउँदै के-के उत्तर टक्र्याएँ, म आफैलाई राम्ररी थाहा छैन। मलाई यति थाह छ मौसूफबाट मलाई 'क्याटेलिया' (सुनाखरी)-को फूल बोटसँगै पाएमा ल्याइदिनू भनी हुकुम भएको थियो। मैले पनि 'सरकार' भनी तुरुन्तै बिदा लिएँ। कारण त्यस बेला मलाई एक मिनेट पनि एक घण्टाझैं भान हुन लागेको थियो।

म पसलमा फर्की आएँ, अनि केही बेर विश्राम गरें, कारण मेरो हात खुट्टा लगलगी काम्न लागेको थियो, मुख सुकेको थियो, शायद शरमले होला। थकावट दूर भएपछि सुनाखरी फूलको गाछसम्बन्धी खोज-खबर गर्दै दौडादौड गर्न थालें। खबर पाएको ठाउँमा पुगिहाल्थें। त्यस बेला त्यस फूलको समय गुज्रेको हुनाले जता पनि बिनाफूलको गाछमात्र पाएँ। दुई दिनको कठोर परिश्रममा बल्ल एक जग्गामा कलकत्तादेखि तीस माइल बाहिर लखिमपुर भन्ने ठाउँमा फूलसमेतको गाछ पाएँ, तर असमयमा फूल फुलेको हुनाले कच्चे र साइजमा पनि अत्यन्तै सानु, रंग पनि उडिसकेको फिक्काजस्तो, त्यो पनि पुतलीले एक टुक्रा खाइदिएकोले छोडें। साधारण मानिसका नजरमा त आकर्षित नहुने त्यस्तो फूल मौसूफका जुनाफमा कसरी टक्र्याउने? 'छिः के ल्यायौ, प्रधान!' भनी हुकुम बक्सेला भन्ने पीर परे तापनि नजर त गराउनै पर्ला भनी त्यति टाडोदेखिन् साथमा ली आएँ। मौसूफबाट क्याटेलिया सुनाखरी फूलको नजर गरिबक्सेको छैन होला औ असमयमा फूल फुल्दैन भनी कसैले जाहेर नगरिदिएको होला, त्यसमाथि यस्तो हेर्नै मन नपर्ने फूल नजर गरिबक्सँदा के हुकुम हुने

होला? साथै यस फूलको खोज खबर गर्दा लागेको ट्याक्सी, ट्राम, बस भाडा मेरै खल्तीबाट जाने भयो औ मेरो परिश्रमको केही मूल्य रहेन। मनमा यस्तो विचार गर्दै त्यो बिरुवा मौसूफको जुनाफमा टक्र्याएँ। ओहो! मौसूफमाथि जो-जो धारणा गरेको थिएँ ठीक विपरीत पाएँ, सबै उल्टो भयो, कारण मौसूफबाट मलाई स्याबासी बक्स्यो अनि हुकुम भयो––"असमयमा पनि यो फूल फुल्दो रहेछ? मैले तिम्रो मन चोर्न र बिचार्नलाई पो भनेको थिएँ, तर तिम्रो कोशिश देखी मलाई खुशी लाग्यो। यो बिरुवा अहिले मसँगै रहोस्, अब तिमीले मलाई अरू कुनै सुनाखरी फूलसँगको बिरुवा, जुन फूलको अहिले सिजन छ औ हेर्नमा रहरलाग्दो छ, ल्याइदेऊ।" अनि मैले पनि आज्ञा शिरोपर गरी बिदा लिएँ। मेरो परिश्रम जे होस् वृथा जाओइन भन्ने आशाले जरा हाल्यो। मैले मौसूफका जुनाफमा आफ्नो परिचय सुनाखरी फूल-सम्बन्धी केही जान्दो रहेछ भनी जाहेर गराउने मौका पाएकोमा उत्साह बढेर आयो। दौडधूप गर्दा धेरै खर्च भइसकेको थियो, अझै दौडधूप गर्न पर्दा कति खर्च लाग्ने हो भनी अनेक चिन्ताले घेर्न थाल्यो।

श्री ५-को सवारी नेपाल फर्केपछि ती सब गाछ जसकहाँबाट ल्याएको उसैकहाँ फिर्ता दिनुपर्ने भएकोले खालि स्याबासीको निमित्त किन मरिमेट्नु भन्ने भान पनि हुन थाल्यो। फेरि विचार गर्दा मौसूफबाट स्याबासी पाउनु र अरू कैयौं गण्यमान्य व्यक्तिहरूको स्यावासी पाउनु एउटै हो र भनी फेरि परिश्रम गर्न थालें।

भोलिपल्ट सबेरै राजा राजेन्द्रलाल मल्लिक जसको संगमर्मरको दरबार कलकत्तामा छ, वहाँको दर्शन गर्ने मौका पाएँ। त्यस बेला वहाँले फूलमा आफ्नै हातले पानी दिरहनुभएको थियो। मैले त्यत्रो संगमर्मरको दरबारभरि सबभन्दा राम्रो लागेको सुनाखरी फूल-विषय बिन्ती चढाएँ। त्यो राम्रो लागेको फूल-विषय सोधपूछ गर्ने समयको अभावले गर्दा मौका परेन तापनि 'श्री ५ त्रिभुवनको कलकत्ता सवारी होइबक्सेको र मौसूफ फूलको अत्यन्तै प्रेमी होइबक्सेकोले जतिन्जेल कलकत्तामा राज होइबक्सन्छ त्यति दिनका लागि मौसूफको कोठामा सजाउननिमित्त मलाई हुकुम बक्सेकोले त्यै गाछ पाऊँ' भनी बिन्ती चढाएँ। उत्तरमा

वहाँले मलाई भन्नुभयो--"यो गाछ मेरो मुटुको टुक्रा हो, यसलाई मैले आफ्नै छोराजस्तो गरी हेरचाह गरी पालन-पोषण गरिआएको छु, अरूको निमित्त दिने थिइनँ, तर श्री ५ त्रिभुवनको नाम लिई आएको हुनाले मात्रै तिमीलाई विश्वास गरी दिइरहेछु, चोट-पटक नलगाइदेऊ, हिफाजतको साथ सुरक्षित फर्काइदेऊ।" उहाँले एक सासमै आदेश गर्नुभई एक बातमै राजी हुनुभयो र सो गाछ आफ्नै बाहुलीबाट मलाई सुम्पिनुभएको थियो। मैले पनि त्यो गाछ ली टचाक्सीमा हररर गई श्री ५-मा गर्वले छाती फुलाई नजर गराएँ। मौसूफ 'यो गाछ त मैले राखें है, यसको मोल कति हो? कर्णेल अम्बरबहादुरबाट लिनू' भनी हुकुम बक्सी आफ्नो बाहुलीले त्यो गाछ लिई माथि तलामा सवारी होइबक्स्यो। मैले एक वचन बोल्ने मौकासम्म नपाउँदा आफै छक्क परी टोलाइरहें। मेरो कानमा राजा राजेन्द्रलाल मल्लिकले भन्नुभएको प्रत्येक शब्द गुन्जिरह्यो। अनि कसो गरी राजा राजेन्द्रलाल मल्लिकलाई चित्त बुझाउने औ कसरी मेरो मुख देखाउने भनी असह्य कष्ट भइरह्यो।

भोलिपल्ट म श्री ५-को दर्शन गर्न गएँ र दर्शन-भेटमा मलाई मौसूफबाट हुकुम बक्स्यो--"तिमीलाई थाह छ यो गाछको उमेर कति होला?"

मैले 'थाह छैन, सरकार!' भनी जाहेर गर्दा मौसूफबाट फेरि हुकुम भयो--"यो गाछ कमसेकम ६० वर्ष पुरानो हुनुपर्छ। कारण यो जातको सुनाखरीको दश वर्षमा एउटा पात निस्कन्छ औ यी पातहरू कहिले झर्दैनन्। तसर्थ यो गाछमा छ वटा पातहरू भएकोले अनुमान लगाएको हो। फेरि यो गाछको सिहार-सम्हार राम्रो गरी राखेको रहेछ, नत्र यसरी एउटा डालमा यत्तिका फूल फुल्दैनन्। मैले फूल तथा गाछ-विषय धेरै अध्ययन गरिसकेको छु, औ यो सुनाखरी फूल-विषय पनि केही ज्ञान भइसकेकोले यतिका फूल फुलेको कहीं देखेको थिइनँ। जे होस्, यो फूलको निमित्त तिमीलाई धन्यवाद छ।" यति भनी कृतज्ञता दर्शाइबक्सँदा मलाई अत्यन्तै खुशी लाग्यो औ त्यतिका गण्यमान्य व्यक्तिहरूका माझमा मैले मेरो नाक ठाडो पार्न पाउँदा मेरो हर्षको सीमा रहेको थिएन।

त्यो सुनाखरी फूलसम्बन्धी मैले श्री ५-बाट धेरै ज्ञान पाएँ। मलाई फूलको वंशावली पहिल्याउनुपर्ने प्रयोजन पनि थिएन औ अध्ययन गर्न पर्ने आवश्यकता पनि थिएन। हामी फूलका व्यापारीलाई फूल राम्रो भए, बेस दाममा बिक्री गर्न पाए, अर्थात् आफूलाई दुई पैसा नाफा भए पुगिहाल्थ्यो। यसर्थ यत्तिको नालीबेली केलाउने कहिले गरेको थिइनँ। श्री ५-बाट यो फूल-विषयमा धेरै शिक्षा प्राप्त भएपछि, फेरि त्यो फूलको गाछ निहालेर हेर्न मन लाग्यो र बिन्ती-टक्र्याउँदा माथि कोठामा गई राम्ररी हेर्ने मौका पाएको थिएँ।

त्यो सुनाखरी फूलको नाम थियो 'फिलोनोप्सिस सिलेरियाना' (Phylonopsis Syleriana) औ गमलाको बीचमा रोपेको भए तापनि छड्किएर एक कुनाबाट उम्रेको थियो औ त्यसको जरा गमलाका चारैतिर बाहिरबाटै बेरिएको थियो। गाछ तेर्सिएको वेश ठूलो थिएन। एक फुटदेखिन् केही लामो थियो, तर पातहरू भने गाछ भन्दा पाँच गुना बढी थिए। छ वटा पातहरू प्रायः चार अंगुल चौडा औ तीन फुटदेखिन् चार फुट लामा भुइँतर्फ लत्रेका थिए। बोटको जराको छेउबाट सिन्कोजस्तो हाँगो अकाशतर्फ प्रायः तीन फुट अग्लो निस्की माथि अनेकौं हाँगा फाटेर प्रायः २५० जति फूल फुलेका थिए। ती फूलहरू मौरीभन्दा केही ठूला औ बारुला जत्रा, फूलहरू गुलाफी रंगका थिए। हेर्दै रहरलाग्दो औ मधुरो बास्ना गम्किरहेका गाछको वर्णन गर्नै गाहारो, अनि जत्ति हेर्‍यो उत्ति राजा राजेन्द्रलाल मल्लिकको साँच्चै मुटुको टुक्रा भान हुन्थ्यो, उहाँले आफ्नो छोराजत्तिकै हेर-विचार गरिराख्नुभएको रहेछ भन्नमा अत्युक्ति हुँदैनथ्यो।

श्री ५-बाट विदा पाएपछि कर्णेल अम्बरबहादुरलाई 'यो सुनाखरीको गाछ बिक्री गर्न ल्याएको होइन, श्री ५-को सवारी नेपाल फर्केको दिन गाछ फिर्ता पाऊँ, फूल मौसूफमा टक्र्याउन परे कैंचीले फूलको डाल काटी गाछ फिर्ता गरिदिनुहोस्' भनी दुःख पोखाई बिन्ती चढाएँ। उत्तरमा कर्णेल अम्बरबहादुरले भन्नुभयो—"श्री ५ महाराजाधिराजको बाहुलीबाट स्वयं माथि तलामा पुर्‍याइबक्सेको चीजलाई हामीले के गर्ने? बरु त्यसको मोल कत्ति माग्छौ भन, म मौसूफका जुनाफमा जाहेर गरिदिन्छु।"

यसो भन्दा म किंकर्तव्यविमूढ भई टोलाइरहें। यत्तिकैमा मौसूफबाट कर्णेल अम्बरबहादुरलाई बोलाइबक्स्यो। म एक्लै तल कोठामा पर्खी बसें। निकै बेर पर्खंदा पनि कर्णेल अम्बरबहादुरको तल ओर्लने छाँट नदेख्दा म हतार नगरी समय आफल्दै आफ्नो पसलमा गएँ। उता मौसूफबाट कर्णेललाई हुकुम बक्सेछ––"प्रधानलाई फूलको मोल जति लाग्छ दिनू।" कर्णेलले मौसूफका जुनाफमा 'प्रधानले आफू फूलको मोल तोक्न मान्दैनन्' भनी जाहेर गरिदिएछन्। श्री ५-बाट स्वयं गाछको मोल तोकी रु० ५,००० गाछको लागि औ प्रधानलाई रु० १,००० बक्स दिनू भनी हुकुम बक्सेकोले गाछको मोल र मलाई बक्सेको बक्स अलग-अलग खाममा राखी मेरो पसलमा पुऱ्याइसकेको रहेछ। मैले आफ्नो नाम कमाउनखातिर फूल राजा राजेन्द्रलाल मल्लिकको हो नभनेर आफ्नै जस्तो गरी नाक ठाडो पार्न खोज्दा जो-जत्तिको झन्झट मलाई भयो तथा संकटमा म पर्न गएँ, सो मलाई नै थाह छ।

जे होस्, श्री ५-प्रति फूल-विषय प्रशस्त ज्ञान भएको र फूलको अत्यन्तै प्रेमी होइबक्सेको देखेर मलाई मौसूफप्रति श्रद्धा एवं भक्ति जागेर आयो। मौसूफबाट पनि कलकत्ता सवारी होइबक्सेको बेला यथेष्ट निगाह राखी मलाई दर्शन-भेट बक्सेकोले मौसूफको पाउको भक्त सेवक बनेको थिएँ। यी सबै एक कहानी भएको छ।

*****

सात साल–एक संस्मरण

पासाङ गोपर्मा

सन् १९४५-तिरको कुरा हो। आइतबारे बजार। बजारैको केही तल्तिर चिमको भित्ता र फुसको छानु भएको भर्खरै खुलेको एक कोठे अंग्रेजी पाठशाला। ब्रिटिश सेनाबाट अवकाश प्राप्त केही पुड्को राई मास्टर। त्यस बेला रोमन लिपिमा लेखिएको कुनै पनि चिठीपत्र आदि सुकियापोखरी (भारत) पुगी, एक दिनको काम माया मारी पढाइमागी अर्थ लगाइमाग्नुपर्दथ्यो। हामीले सी० ए० टी०=क्याट्–क्याट् माने बिरालो भनेर पढेको देख्दा गाउँलेहरू सबै 'अब सुकियापोखरी धाउनुपर्दैन, एक दिनको काम जोगिने भयो' भनेर दङ्ग पर्थे। त्यस्तो थियो दार्जीलिङको छेउ पशुपतिनगर, फिक्कल, गोर्खे, आइतबारे। इलाम बजारमा भने अंग्रेजी स्कूल थियो अनि सरकारी दोभासे मुन्सी पनि।

त्यहाँका मानिस उपत्यकालाई 'नेपाल' भन्थे। अझै पनि सबैको जिब्रो सुध्रिसकेको छ भन्न सकिन्न। हामी पनि नेपालै भन्थ्यौं, किनभने हाम्रा पाठ्यपुस्तकहरू सबै दार्जीलिङतिरबाट ल्याइएका हुन्थे। ती पाठ्यपुस्तकहरूले इलाम पनि नेपाल अधिराज्यको भाग हो भन्ने सघाउ पुऱ्याएका थिएनन्। त्यसै साल आइतबारे सेरोफेरोका धेरै मानिस काठमाडौं तीर्थ गर्न आउँदा मेरा पिताजी सबैको नाइके हुनुभएको थियो। बाटा-बाटामा तीर्थयात्रीको दललाई फूलमाला पहिराई सगुन राखी बिदाबारी गरेको र रुवाबासी चलेको देख्दा मेरो बाल्यहृदयमा पनि

मैले पिताज्यूलाई गुमाउन लागेको हो कि भन्ने चिसो पसेको थियो। एक-डेढ महीनापछि तीर्थयात्रीहरू प्रसादको पोको बोकी सकुशल फर्के।

"राजाले गद्दी छाडेर वन जाँदा बडो नरमाइलो हुँदो रहेछ। हाम्रो भाग्यले राजा साधु भएको पनि हेर्न पायौं।" पिताज्यूले काठमाडौंमा आफ्नै आँखाले देख्नुभएको कथा सुनाउनुभयो।

"साधु बन्ने राजाको नाम के हो पिताज्यू?" मैले सोधें।

"श्री ३ महाराज जुद्धशमशेर। श्री ३-भन्दा पनि अर्को ठूलो राजा छ। उसलाई श्री ५ भन्दछन्। श्री ५-को दर्शन गर्ने सौभाग्य नै पाइएन। उ विष्णुको अवतार हो। नारायणहिटी दरबारको दर्शन हामीले पनि गऱ्यौं। उसले नेपाल (उपत्यका) छाड्यो भने रगतको वर्षा हुन्छ भन्छन्।" पिताज्यूले हामी सबैलाई सम्झाउनुभयो।

तिब्बत, महाचीन र नेपालमा ठूला-ठूला अवतारीहरू हुन्छन् भन्ने कथा धेरै बूढापाकाहरूको मुखबाट सुनिसकेको हुनाले पिताज्यूको उक्त वचन मेरो निन्ति अकाट्य नै सिद्ध भयो।

"अर्को झन् चाखलाग्दो कुरा यस्तो छ। श्री ५ स्वयं विष्णुका अवतार भएकाले र बूढानीलकण्ठ पनि विष्णु भएकाले दर्शन गर्न नहुने हुनाले बालाज्यूमा बूढानीलकण्ठकै आकार-प्रकारको (शिरमा दुइटा नाग घटी) मूर्ति बनाइएको छ। श्री ५-बाट त्यस मूर्तिको दर्शन हुन्छ।" पिताज्यूले भन्नुभयो। यो मेरो निम्ति टाउकै खाने समस्या थपियो।

मेरो चञ्चल बाल्यहृदयमा रगतको वर्षा, विष्णुको अवतार, दर्शन गर्न नहुनेले ठूलो असर पाऱ्यो। रगतको वर्षा किन हुन्छ, विष्णुको अवतार कसरी हुन्छ, विष्णुको मूर्ति कस्तो? इत्यादि प्रश्नहरू केही सालसम्म मेरो मनको मनमै रहेका थिए। अर्को जटिल प्रश्न थियो श्री ३ महाराज र श्री ५ महाराजाधिराज। यी प्रश्नहरूको उत्तर त्यस ताकका स्कूलका मास्टर वा बूढापाकाबाट पाउनु असम्भव थियो। सुनाएको र पढाएको सुन्ने र पढ्ने कामबाहेक अन्य कुराको जानकारी

गर्न खोजे 'उम्रिदै तीन पात' 'सानु मुख ठूलो बात' 'नजाने गाउँको बाटै नसोध्नू' 'चञ्चले बानी' 'छिचरो मुख'--आदि वा सिर्कनाको स्वाँट्ठा आदिको स्वागत पाइन्थ्यो। यही कुरा हाम्रा छोरा-नातिको पालामा दन्त्यकथा बन्ला।

आइतबारे स्कूलले विशेष प्रगति गर्न सकेन । साउँ-अक्षर रोमन लिपिको ज्ञानबाहेक हाम्रो अरू प्रगति हुन सकेन। हाम्रो सौभाग्यले गर्दा नै भनूँ, एक जना चन्द्रभक्त कसजु नामक व्यक्ति स्वास्नीमान्छेको जस्तो लामो कपाल, खुट्टामा खराउ र स्वयंपाकीको रूपमा फिक्कल आए। साधु-सन्तको रूप र अंग्रेजी पनि नम्रड्की भटचाउन सक्ने भएको हुनाले फिक्कलमा उनको ठूलो सम्मान भयो। स्वामी स्वमेश्वरानन्दले स्थापना गरेको पाठशालामा उनलाई बस्ने प्रबन्ध मिलाइएको थियो र अंग्रेजी पाठशाला पनि त्यसैलाई गराउने त्यहाँका स्थानीय मानिसले निर्णय गरे। धेरै समयपछि हामीले के थाहा पाउन सक्यौं भने उनी काठमाडौंका एक क्रान्तिकारी युवक र म्याट्रिक उत्तीर्ण रहेछन्। काठमाडौंबाट विदेशिंदा उनी ब्रिटिश, गोर्खा सेनामा क्लर्क भएछन् र राजबहादुर राई (हाल गृह पञ्चायत मन्त्रालयका द्वितीय श्रेणीका अधिकृत ?)-सँग पल्टनैमा भेट भएको रहेछ। उनी दुई क्रान्तिकारी भावनाका युवकहरू मिली सुदूर पूर्वमा शिक्षाको बहानाबाट राणा-शासन विरुद्ध काम गर्ने अठोट गर्दा नै उनले त्यस्तो रूप धारण गरेका रहेछन्।

आठ-नौ महीना बितेपछि हामी उनका विश्वासी (कुल १२०-मा ३-४ जनामात्र) छात्र भयौं। त्यसपछि बिस्तारै-विस्तारै मेरा नसुल्झेका प्रश्नका उत्तरहरू सुल्झन थाले। उनैले वि० सं० १९९७-का काण्डहरू केलाई-केलाई हामीलाई बताए। राजा साधु भएको असली कारण पनि थाहा पाइयो। झुन्ड्याइएका, गोली खुवाइएका, मुडिएका, सर्वस्व हरण गरिएका, श्री ५-माथि गरिएको कडा नियन्त्रण र अन्यायको गाथाले हाम्रो मानसपटमा क्रान्तिकारी भावनाले घर जमाउँदै गयो। त्यसैको फलस्वरूप हामी दार्जीलिङतिर जाँदा **नेपाल पुकार**, कांग्रेसी बुलेटिन, पर्चा आदि सुरुवालको जाङभित्र लुकाएर ल्याई केही विश्वासी मानिसहरूलाई पढेर सुनाउँथ्यौं।

मलाई अझै बखतबहादुर राईको 'नानी, तिमी राणा सरकार ढल्छ भन्छौ, तिमीलाई नै झुन्ड्याउला––यी नचाहिंदा कुराहरूलाई आगोमा हाल' भन्ने वाक्य झलझली सम्झना हुन्छ। अचेल उनी मलाई गुरु मान्छन्।

हाम्रो पाठशालाको 'आदर्श चन्द्र पाठशाला' नामकरण भइसकेको थियो। हामी आफ्ना-आफ्ना कक्षामा थियौं। लगभग एघार बजेको समय थियो। सात-आठ जना सिपाहीहरू आए। उनीहरूले राजबहादुर राईज्यूलाई केही पनि नभनी पाता फर्काई गाई बाँध्ने दाम्लोले टनटन कसे। राईज्यूले 'सी० बी०' (चन्द्रभक्त) मात्र के भनेका थिए–– 'अँग्रेजी बोल्छस्?' भन्दै घिस्याउँदै इलामतिर लगे। आइतबारेमा मोहन मुखियाको घर पनि खोलियो। सबैका घरहरू खोलिन्छन् रे भन्ने हल्ला पिटियो। हामी सतर्क भयौं।

हाम्रो स्कूलप्रति राणाशाहीको कुदृष्टि पर्न थाल्यो। मैले स्कूल छाडें। एक सालपछि (सन् १९५०-मा) म पिताज्यूलाई खुश तुल्याएर खरसाङतिर पढ्न तुरुन्तै हिंडें। वहाँ म मुक्त थिएँ। नेपाली कांग्रेसको चारआने सदस्य पनि तुरुन्तै बनें। महानन्द सापकोटा, नरेन्द्रनाथ बाँस्तोला, बी०बी० चेम्जोङ, भैरवप्रसाद आचार्य आदि भित्र-भित्र काम गरिरहेका थिए। लगभग सात-आठ महीना पढ्नमा भन्दा सभा गर्ने, स्वयंसेवकहरूको दल खडा गर्ने आदिमा समय बिताइयो। हाम्रो पूर्व योजनाअनुसार बी०बी० चेम्जोङको नेतृत्वमा इलामे र प्रवासी बीस-पच्चीस युवकहरूको दल बिग्रेका पिस्तौल, राइफलबिनाका गोलीहरू, केही डबल ब्यारेल गन, लट्ठी आदिको भरमा खरसाङबाट पानीघट्टा, शान्तिनगर, हाँसपोखरी, फिक्कल, आइतबारे हुँदै दुई दिनपछि लक्ष्मीपुर नरेन्द्रनाथज्यूको घरमा पुग्यो। नरेन्द्रज्यूले केही हातहतियार बटुल्नुभएको रहेछ। हाम्रो दल इलाम पसेको सनसनी फैलियो। त्यसै अवधिमा श्री ५ त्रिभुवन सपरिवार भारतीय राजदूतावासमा शरण लिन पुगिबक्सेको, त्यहाँबाट पनि दिल्ली सवारी भएको, बालक ज्ञानेन्द्रलाई सिंहासनमा बसाएको भयंकर समाचारहरूले गर्दा स्थानीय शासक दल आधुनिक हातहतियारले पूर्ण, पूरा फौज भए तापनि उनी-

हरूमा मनोवैज्ञानिक शिथिलता आउन जानाले माईवार र माईपारको रेखा सजिलै खिंचिन गयो। राजा बाहिरिएको हुनाले जनता-जनार्दन रिसले चुर्मुरिए। राणाशाहीको पतनको कारण श्री ५, श्री ५-प्रतिको जन-आस्था र तत्कालीन भारतीय सहयोग नै थिए।

नेपाल अधिराज्यको चारैतिर संघर्ष भएका समाचारहरू वरावर पाइन्थ्यो। झापालाई मुक्तिसेनाले अधीन गराउन लगभग महीना दिन लागेको थियो। इलाममा विशेष संघर्ष भएन। हामीले माईवार र माईपारको रेखांकन गरेको पन्ध्र-बीस दिनपछि मात्र लाक्पा छिरिङ, पेम्बा, खिट्टु आदिले पशुपतिनगरमा पुलिस मार्ने काम गरेको हो। झापाबाट मनोहर र म इलामतिर खटिएर गएपछि घोष, तारकबहादुर, के०बी० गुरुङ आदिको सहयोगमा पशुपतिनगर, मानेभन्ज्याङ, छिरुवा आदिमा एउटा स्टेनगन, केही पिस्तौलहरू र भरुवा बन्दूकको भरमा गश्ती लगाई यताका माल सामान खास गरी कोटाका वस्तुहरू उता जानबाट रोक्ने काम गऱ्यौं। स्थानीय जनताले अभूतपूर्व सहयोग दिए। उनीहरूको सहयोग राजसंस्थाप्रतिको श्रद्धा र भक्ति भएकोले हो भन्ने कुरा छर्लङ्ग थियो।

सदर इलाम हाम्रो कब्जामा नआउँदा नै मैले मुखिया प्रजापति पाध्यालाई थुनाबाट मुक्त गरी पशुपतिनगरदेखि आइतबारेसम्मको लगभग दश माइल बाटो श्रमदानद्वारा खन्ने उर्दी सर्वसाधारण जनतामा गर्न लाउँदा 'हाम्रो देशमा मोटर आउने भो, हाम्रा प्यारा राजालाई मोटरमा हाम्रो ठाउँमा पनि ल्याउनेछौं।' भन्दै हजारौं-हजारौं जनताले भोक-तिर्खा नभनी श्रमदान दिएको कुरा सम्झँदा नेपाल अधिराज्यमा राजा र प्रजा भन्ने वस्तु अलग्गै होइन भन्ने कुरा सिद्ध हुन आउँछ। उनीहरूको प्रबल इच्छा हाल श्री ५ महेन्द्र (तत्कालीन युवराजाधिराज)-को करफोकसम्मको २००८ सालको सवारीले पूर्ण गऱ्यो।

२००७ सालमा संघर्षहरू कहाँ-कहाँ भए, कसरी भए, को-को शहीद भए इत्यादि कुराहरू इतिहासकारका विषय हुन्। बालचन्द्र शर्माज्यू, ढुण्डिराज आदिका पुस्तकहरूले सात साललाई बुझ्नमा निकै सहयोग पुऱ्याउँछन्।

सात सालको संघर्षमा म पनि शुरूदेखि नै मुछिएको र 'त्रिभुवन स्मारक-समिति'-को अनुरोधले मेरो थान्को लागिसकेको स्मृतिपट खोलिदिएको हुनाले त्यस समयका घटनाहरूसम्बन्धी केही बोल्ने वा लेख्ने अधिकारसमेत पाएको छु भन्ने ठानी एक-दुई कुरा ह्वाट्ट भनिहालूँ वा लेखिहालूँ भन्ने कौतूहल पूरा गर्न कस्सिएको मात्र हुँ। त्यस बेला म कट्टर राष्ट्रवादी युवक थिएँ। स्वयं घोषित जर्नेल, कर्णेल, गभर्नर, जी० ओ० सी०, लप्टन, कप्तान देख्ता म जिल्ल थिएँ। सुनका तक्माहरू पनि टोपी र काँधभरि-भरि लाउँथे। नारायणै जानून् ती सुनका तक्माहरू बनाउने रुपियाँ कहाँबाट आउँथ्यो। हामीलाई भेस्ट किन्ने दामसम्म हुँदैनथ्यो। मनोहर र मैले आइतबारेमा छ महीनासम्म लगातार लगाएको भेस्ट जलाउँदा जुम्रा पड्केको कहिल्यै पनि बिर्सनेछैनँ। यताबाट ओसारिएका धनहरू उताका ब्याङ्कहरूमा जम्मा गरेको सुन्दा, शत्रु साधन गरेको, निमुखा मानिसलाई अनावश्यक रूपमा सताएको, कुमारीत्व लुटेको, पराई स्वास्नीमानिसमाथिको बलात्कार आदि घटनाहरूले म वाक्कब्याक्क भइसकेको थिएँ। हामीले विरोध पनि गर्ने कोशिश गऱ्यौं। पर्चा आदि पनि छरिटोपल्यौं। ज्यानैसमेत जाने खतरा पनि मोलियो। जनता जनतै भए, नेताहरू नेता नै, औ हामी हामी नै। मैले नरेन्द्रनाथ बाँस्तोलाज्यूसँग देशै छाडी शिलाङतिर जान केही खर्चबर्च पनि मागेको हुँ। पिस्तौल पनि त्यसै दिनदेखि फालिदिएँ। तर उनले 'नानी, यसरी भावनामा उड्नु हुँदैन। अब प्रजातन्त्र आयो। स्कूल-कलेज खोल्नुपर्छ, बाटाघाटाहरू बनाउनुपर्छ।' भनी मलाई सम्झाए। उनले विश्वास दिलाए। अरूले शनिश्चरेको तितेनीघारीमा काँडा पन्छाउने योजना बनाए। जे होस्, मेजर छिरिङको कृपाबाट अझै म जीवित छु र यस्तो संस्मरणमा कलम चलाउने अवसर प्राप्त भएको छ।

मेरो व्यक्तिगत धारणाअनुसार श्री ५ त्रिभुवन र राज-परिवारका अन्य सदस्यहरूको अभूतपूर्व त्याग र राज-संस्थाप्रति जनताको अगाध श्रद्धा र भक्ति नभएको भए सात सालको त्यो महान् क्रान्तिकारी परिवर्तन सम्भव थिएन। त्यसैले सात सालको परिवर्तनमा कुनै दलविशेषको मात्र योगदान नभई नेपालीमात्रको छ। यसो भन्नाको

तात्पर्य के हो भने श्री ५ त्रिभुवन सपरिवार भारततर्फ सवारी भयो। नेपाली जनता रानुबिनाको मौरीको गोलाजस्तो भई जताततै छटपटाउन थाले। राणाशाही अत्यधिक हातहतियारले सुसज्जित, आफ्ना फौज आफूप्रति वफादार रहँदा-रहँदै पनि एकाएक उनीहरूको साहस ढल्यो। उनीहरूले लत्तो छाडे। जनताको चारैतिरको बिटिङ्कस् कामयाब रह्यो।

श्री ५ त्रिभुवन स्वदेश भित्रिबक्स्यो। मौसूफमा ज्यादै उदारवादी नीति रहेकोले पार्टीविशेषलाई मौसूफबाट देश-निर्माण गर्ने मौका बक्स्यो। तर नेपाल अधिराज्यको परम्परागत पाण्डे र थापाको, राणाकालीन भाइ-भाइको राजनीतिको रोगले पार्टीविशेषलाई ग्रस्त नपारी छोडेन। उनीहरूले श्री ५ त्रिभुवनको २००७ साल फागुन ७ गतेको घोषणालाई अलग्ग पन्छाए। घोषणा यस्तो छ––

आगे हाम्रो मुलुकका भाइ-भारदार, सन्त-महन्त, रैती-दुनियाँ, साहु-महाजन गैह्रके यथोचित,

उप्रान्त संवत् १९०३ सालमा त्यस समयमा यो राज्यको गद्दीमा राज भएका हाम्रा स्वर्गीय पूज्य जिज्जुबुबाज्यू श्री ५ महाराजाधिराज सुरेन्द्रवीरविक्रम शाहदेवले धेरै गम्भीर र महत्त्वपूर्ण कारणले आफू र आफ्ना उत्तराधिकारीहरूका तर्फबाट यो मुलुकको शासनभार श्री ३ महाराज जंगबहादुर राणालाई सुम्पिबक्सेको हुनाले,

उपरोक्त श्री ३ महाराज जंगबहादुर राणाका उत्तराधिकारीहरूले हाम्रा पूर्वजहरूको तर्फबाट मौसूफहरूका प्राइममिनिस्टरहरूको हैसियतमा यो राज्यको शासन चलाई आएकोले,

औ वर्तमान समयमा श्री ३ महाराज मोहनशमशेर जंगबहादुर राणाले हाम्रो तर्फबाट औ हाम्रो नाममा यो राज्यको शासन चलाई आएको हो,

औ हाम्रो प्रजाको शासन अबउप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले,

औ सो विधान तयार नभएसम्म अहिले हामीलाई हाम्रो कार्य-सम्पादन गर्नमा मदत र सल्लाह दिनाको निमित्त दुनियाँको विश्वास भएको दुनियाँका प्रतिनिधिहरूसमेत सम्मिलित भएको एक मन्त्री-मण्डलको संगठन होओस् भन्ने हाम्रो इच्छा र निर्णय भएकोले,

तसर्थ हामीबाट……एक मन्त्री-मण्डल गठन र नियुक्त गरिबक्सेका छौं।

माथि उल्लेख गरिएका मानिसहरू हाम्रो इच्छा अनुसार आफ्नो ओहदामा रहनेछन् औ संयुक्त रूपमा हामीप्रति जिम्मेदार रहनेछन्……सबै समाचार पनि उनीले हामीलाई जाहेर गर्ने उनको कर्तव्य हुनेछ।

स्वतन्त्र नेपाल अधिराज्य र नेपाली जातिको सिर्जना शाह राजाहरूको देन हो भन्ने कुरामा कसैको पनि दुई मत नहोला। शाह-वंशका राजाहरूको राज्य-शासन जन-भावनाअनुकूल भएकोले प्रजाले कहिल्यै पनि र कुनै पनि शाह राजाको विरुद्ध संघर्ष गरेनन्। यस्तो कुरा विश्व-इतिहासमा बिरलै पाइएला। राजा र प्रजामा ऐक्य हुन गएको मुख्य कारण पनि यही नै हो।

दरबारिया भाइ-भारदारको कूटनीतिले गर्दा संवत् १९०३ सालदेखि वास्तविक राजालाई प्रजाबाट टाढा गरिए तापनि राजसत्तालाई समाप्त गरी आफै पूर्ण राजा बन्ने दुस्साहस भने धूर्तभन्दा धूर्त कुनै पनि श्री ३-ले गर्न सकेन। फौजमा पूर्ण नियन्त्रण पनि उनीहरूकै थियो। यसको मुख्य कारणमा प्रजा-विद्रोहको डर नै थियो। त्यसैले वास्तविक राजा श्री ५-को नाममा श्री ३-को पगरीबाट नै सन्तुष्ट रही उनीहरूले दोहोरो शोषणको नीतिअनुसार राज्य-सञ्चालन गरे। जनताले पनि श्री ५-बाट नै दिएको पगरीको विरुद्ध किन संघर्ष गर्ने भन्नेमा नै सन्तुष्ट रही आफ्नो शोषण हुन दिइरहे। त्यसैको फलस्वरूप १०४ वर्षसम्म जहानियाँ शासनले जन-जागृति र देशको प्रगतिमा वज्रपात गर्‍यो। श्री ५ त्रिभुवनको उदय-कालपछि जनतामा राज्य-शासन र व्यवस्थाको वास्तविक चित्र खुल्यो। राजा र प्रजाको संयुक्त प्रयासबाट साझा सम्पत्ति श्रीपेच निखनियो। शताब्दीसम्म बिछोड गराइएका राजा र प्रजामा एकताको गाँठो कसियो।

तर पार्टी विशेषले राजा र प्रजाको बीचको पुरानो तत्त्वको भूमिका खेल्न थाल्यो। उनीहरूले राजा र प्रजाको बीचमा एकता कायम गर्न सहयोगमात्र गरेका थियौं भन्ने तथ्यलाई बिर्सी वास्तविक शासनको उत्तराधिकारी त पार्टीविशेष मात्र हुन सक्छ भन्ने दावीसमेत गरेको हो कि भन्ने सर्वसाधारण जनतामा भान पर्न गयो। श्री ५ त्रिभुवन स्वदेश भित्रिबक्सेपछि 'मैले मेरो वास्तविक अधिकार प्राप्त गरें। अब उप्रान्त मेरै इच्छानुकूल अधिराज्यको शासन-व्यवस्था चल्नेछ' भन्ने हुकुम बक्सेको भए वा मुखले केही नबोले पनि त्यस्तै शासन-व्यवस्था चलाएको भए नेपाली जनताले साथ दिने थिएन भनेर कसले किटान गर्न सक्छ? तर श्री ५ त्रिभुवनबाट शाहवंशको परम्परानुकूल राजा र प्रजाको दोहोरो मायापिर्तीको ख्याल गरिबक्सी 'दुनियाँको विश्वास भएको दुनियाँका प्रतिनिधिहरू' भन्ने घोषणा भयो। तर दुनियाँका प्रतिनिधिहरूले राजा र जन-भावनाको उचित कदर गर्न सकेनन्। २००७ सालको महान् परिवर्तनले वास्तविक मार्ग पैलाउन सकेन। नैराश्य र अनिश्चित वातावरणले व्याप्त राजा र प्रजामा क्रान्तिको भावना प्रबल हुन थाल्यो। श्री ५ त्रिभुवनबाट जनताको सहयोगमा कल्पना गरिएको पूर्ण क्रान्ति श्री ५ महेन्द्रको नेतृत्वमा साकार भयो।

अन्तमा, मलाई सात सालको संस्मरण गर्दै दृढ विश्वासका साथ के भन्न मन लाग्छ भने नेपाल अधिराज्यमा श्रीपेचप्रति अनास्था प्रकट गर्न खोज्नु जनताको उपेक्षा गर्नु हो र जनताको उपेक्षा गर्नु श्रीपेचको नै उपेक्षा गर्नु हो, किनभने श्रीपेच सम्पूर्ण नेपाली जातिको एकताको प्रतीकमात्र नभई उनीहरूको सामूहिक क्रियाशील सार्वभौम-सत्तासमेत हो।

*****

संस्मरण

पिनाकीप्रसाद उपाध्याय आचार्य

२००८ सालतिर राष्ट्रपिता श्री ५ त्रिभुवनवीरविक्रम शाहदेव मोरङ विराटनगर, धरान सवारी भएको थियो। धरानमा दन्तकालीको पहाडमा क्याम्प थियो। म पनि त्यस बेलाका प्रधान मन्त्री मातृकाप्रसाद कोइरालाज्यूसँग नै थिएँ। त्यसपछि श्री ५-को सवारी विराटनगरबाट जनकपुर भयो। साथमा प्रधान मन्त्री हुनुहुन्थ्यो र प्रधान मन्त्रीको साथमा म थिएँ। जनकपुरमा एउटा ठूलो मैदानमा क्याम्प रह्यो। त्यही क्याम्पमा राज भएको बेला एक दिन राति श्री ५-को गाथमा दर्द भयो। त्यहाँ डाक्टरको खोजी हुँदा म त्यहाँ छु भन्ने थाहा भएर मलाई बोलावट भयो। त्यसै बेला मैले श्री ५-को गाथ जाँच्ने अवसर पाएँ। मौसूफ-को शान्त, मधुर र सहनशील स्वभाव हुँदा जस्तोसुकै दर्द भए पनि सहिबबक्सेको थियो। चेहराबाट भित्र भएको दर्द जाहेर हुँदैनथ्यो। मधुर बोलिबक्सिन्थ्यो। तर भित्र-भित्रै सरकारलाई चर्को पीडा भइरहेको थियो। गाथको जाँच गर्दा मुटु-फोक्सोमा कुनै दोष थिएन, तर त्यस बेलाको दर्द पेटसम्बन्धी व्यथा विन्ती गरेर सोहीबमोजिम एक-दुई चक्का औषधि ज्यूनार गराएँ। सरकारको सुकला भएपछि म बिदा भएको थिएँ। यो सम्झना मेरो हृदयमा अझ पनि उत्तिकै ताजा छ।

राष्ट्रपिताको दोस्रो पटक यसरी दर्शन भयो—प्रधान मन्त्री मातृकाप्रसाद कोइराला लैनचौरको घरमा बस्नुभएको बेलामा

एक दिन राति श्री नीलेन्द्रविक्रम शाह ११ बजे प्रधान मन्त्रीसँग जरूरी कामले भेट्न आउनुभयो। कुरो केही बुझिएन। उहाँ गएपछि फेरि २० मिनेटमै उहाँका जेठा दाज्यू फेरि जरूरी कामले आउनुभयो। अनि विद्रोहीहरूले सिंहदरबार कब्जा गरे, प्रधान मन्त्रीलाई पक्रन आउँदै छन् भन्ने खबर आयो। त्यस बेला राति १ बजे प्रधान मन्त्री, उहाँकी श्रीमती र छोराछोरीलाई श्री ५-को दरबारभित्र लैजान मोटर आयो। मलाई पनि आउनू भन्नु भएकोले त्यही मोटरमा बसेर राति १ बजे श्री ५-को दरबारमा पुगें। राष्ट्रपिता तल बैठकमा राज भएको थियो। प्रधान मन्त्रीसँगसँगै म पनि तल बैठकमा पुगें। श्री ५-सँग प्रधान मन्त्री बैठकमा बस्नुभएको थियो। त्यही बैठकको ढोकामा म थिएँ। बाहिर जर्नेल योगविक्रमहरूलाई बोलाउन हुकुम हुँदा मैले नै दुई-तीन घण्टा हजुरियाको जस्तो काम गरेको थिएँ। त्यस दिन श्री ५-कै भान्सामा खान बोलावट भयो र खाएँ। दिनभरि मानिसहरू पक्रिए। साँझमा विद्रोहीहरू दमन भैसकेपछि अनि बाहिर निस्केर आएँ। यस दर्शनमा राष्ट्रपिताको विशाल हृदयमा धैर्य, स्थिरता, ममता आदि जुन मानवीय गुण मैले अनुभव गरें, त्यसको प्रभाव मभित्र अत्यन्त गहिरो रूपमा परिरहेकै छ।

*****

नयाँ इतिहासका नयाँ राजा त्रिभुवन

पुरुषोत्तम बस्नेत

२००७ सालको कार्तिक महीना, भर्खर-भर्खर काठमाडौंमा हुस्सु लाग्न थालेको एक बिहान राजदरबार परित्याग गरेर राजपरिवारका सबै सदस्यहरूका साथ श्री ५ त्रिभुवनको सवारी हिन्द राजदूतावासमा हुन्छ। यसको केही समयअगाडिदेखि नै एकतन्त्री शासनको विरोध र षड्यन्त्रमा काठमाडौं विशेष रूपले सक्रिय भइसकेको छ। स्वयं राजाबाटै एकतन्त्री शासनको विरोधमा सिंहासन नै परित्याग गरिबक्सेपछि त त्यो दिनभरि नै काठमाडौं अझ गम्भीर, अझ बढी जिज्ञासापूर्ण र खासखुस-खासखुसमा बित्छ।

“अब के हुन्छ…………? जान देला र……………?” सडकमा चारैतिर पल्याकपुलुक हेर्दै बिस्तारै बोलेको सुन्छौं हामी गुच्चा खेल्ने एक हूल बच्चा। “अब के हुन्छ………? जान देला र………? नदिएर कसरी सक्छ, हेरौं न…………। दूतावासमा त्यसै त काँ’ सवारी भइबक्सेको होला र! जे होस्, एकतन्त्री शासनको अन्त्य अब छिटै हुन्छ, हुन्छ। राजा स्वयं नै जन-नेता भएर एकतन्त्री शासनको विरुद्ध उत्रिबक्सेपछि………।” साँझतिर फेरि त्यस्तै कता-कता डर, आशंका, प्रेरणा र अरू पनि के-के मिसिएको बोली फेरि सुन्छौं हामी आफ्ना घर-घरमा।

त्यसको भोलि र पर्सिपल्ट काठमाडौं अझ बढी जिज्ञासापूर्ण र अझ बढी रहस्यमय भएको छ। सबैमा एउटा उत्सुकता छ––त्यसै त अब काँ’ फर्किबक्सेला र…………? सिंहदरबार-शीतलनिवास, शीतलनिवास-सिंहदरबार…………। मोटर आउँछ––एउटा उत्साह र बनावटी प्रलोभन बोकेर, फर्कन्छ––निरुत्साह र आफ्नो खोक्रोपन बोकेर।

राणाको आँखा ऐले पो खुल्यो………के राजालाई यिनले खेलौना ठानेको ………! राजाको त्यतिसम्म त्याग र उत्साह पाइसकेपछि अब कुन नेपाली राणाको डरले पुच्छर लुकाएर भाग्ला! अब भोलि सवारी हुन्छ दिल्ली; कसरी रोक्छ हेरौंन………! अझ घेरै समूह-स्वर प्रोत्साहित भएका छन्।

राणाले त सकेसम्म गर्न खोजेको, भरसक फर्काउने राजालाई अनेक प्रलोभन देखाएर––‘अब देशमा केही सुधार अवश्य गर्छौं, जनतालाई पनि केही अधिकार दिन्छौं’ भन्ने र राजदरबार फर्काउने। त्यसमा सफल नभए जानै नदिने। शीतलनिवास घेरा हाल्ने। राजा तथा राजपरिवारको सवारी साहसपूर्वक बाहिर भए गोलीसम्म ठोक्ने, मार्ने ………! जनताको आवाज र आकांक्षाको के वास्ता! को आउँछ………? साराको छातीमा गोली! भारतबाट कुनै प्लेन आउन नदिने, गौचर विमानघाट बिगारेर प्लेन ल्यान्ड गर्न नदिने, अनि गोली र लट्ठीको अगाडि को आउँछ कराउन––एकतन्त्री शासन खतम होस्!

तर राणाले इच्छा गरेजस्तो गर्न त काँ’ सक्छ र! ८४ लाख जनताका आस्थाका प्रतीक राजा………मार्न त्यति सजिलो! नेपालमा रगतको खोला बग्छ। सिंहदरबार बगाउँछ नेपालीको रगतले।

शीतलनिवास भारतीय सिपाहीहरूद्वारा पूर्णतया सुरक्षित छ। बाहिरपट्टि राणाका हतोत्साही सिपाहीहरू निन्याउरो अनुहारमा हुस्से बिहान, फुङ्ग उडेको दिन र एउटा अँध्यारो साँझ पर्खिरहेछन्। अझ त्यसभन्दा बाहिर एउटा अत्यधिक भीड छ––एउटा नयाँ उत्साह र उमंग बोकेका राजा र देशप्रेमी असंख्य जनताको।

साँझपख, फेरि कता-कता आशंका र भयमिश्रित तर उत्साहपूर्ण स्वर सुनिन्छ––सिंहशमशेरले वायर पठाए रे––राजालाई लिन आउने प्लेनलाई भोलि गौचर एयरपोर्टमा सकुशल उत्रन दिनू। राजा उपर कुनै अप्रिय घटना घट्न नदिनू। त्यसको प्रतिक्रिया नेपालमा मात्र होइन·········!

त्यसैले त आज एयरपोर्ट पूरै सफा गरियो। त्यहाँ गाडेका कीला झिकिए। भोलि १० बजेतिर प्लेन आउँछ। त्यसैमा हाम्रा राजा र राजपरिवारका सबै सदस्यको सवारी हुन्छ।

भोलिपल्ट शीतलनिवासदेखि गौचरसम्म जनताको खचाखच भीड छ। सबैमा एक पटक देश र नरेशको निमित्त ज्यानलाई हत्केलामा राखेर लड्छौं, लड्छौं भन्ने प्रण राजाको अनुहार साक्षी राखेर गर्ने उत्कट अभिलाषा छ।

बिहान करीब ११ बजेतिर शीतलनिवासबाट राजपरिवार बोकेर मोटरहरू निक्लन्छन् लाजिम्पाट, लैनचोर, बागबजार, डिल्लीबजार, बानेश्वर·········! एक अत्यधिक भीड राजपरिवारको छत्रछाया छाड्न मान्दैन। "म तिमीहरूको दुःख छिटै दूर गराउन नै जान लागेको, चाँडै फर्केर आउँछु।" राजाको यो श्रुतिमधुर स्वर जनताको निमित्त अझ बढ्ता प्रेरणादायक र उत्साहदायक सिद्ध हुन्छ र त्यसै दिनदेखि उपत्यकाभरि कर्फ्यू, लाठी, संगीन, गोलीको कति पनि वास्ता नगरी उत्तेजित जुलुस निस्कन्छ। निस्कन्छ––प्रत्येक दिन अझ बढी उत्तेजित भएर, प्रत्येक दिन अझ बढी संकल्प बोकेर––जेल जान तयार छौं! गोली थाप्न तयार छौं! एकतन्त्री शासन खत्तम होस्!

त्यसै दिनदेखि नेपालमा राणाविरोधी देशव्यापी जनक्रान्तिको शुरूआत हुन्छ। वीरगन्ज र विराटनगर जनताको अधिकारमा आउँछ। बिस्तार-बिस्तार जताततै जनतै-जनताको अधिकार हुन्छ। भोजपुर, ओखलढुङ्गा, भैरहवा, नेपालगन्ज, धनकुटा, उदयपुर, पोखरा, गोरखा प्रभृति सबै नेपाल, सबै नेपालीको। सबै जिल्लामा राजाको प्रेरणा मुखरित भएको छ। सबै जिल्लामा राजभक्ति र देशभक्तिको मौका

छोप्ने होड चलेको छ। सबै नेपालीको एउटै संकल्प र एउटै उद्देश्यको पछाडि घुइँचो लागेको छ। धमिराले भित्रभित्रै खाएर ढल्नमात्र बाँकी रहेको एक मुठी राणा अझै १०४ वर्षको सपनाबाट ब्यूँझेको छैन––खालि एक मुठी राणा, अझ खुम्चिएर एक मुठी मोहनशमशेर, बबरशमशेर, बहादुरशमशेर।

हो, राजाले खूब बुद्धिमत्तापूर्ण कार्य गरिबक्सियो समयमा नै। यदि मौसूफबाट २-३ महीनामात्रै ढिला गरिबक्सेको भए, स्लो प्वाइजन ·········! राणाहरूले यही षड्यन्त्र रचेका थिए। अनि ·········अनि त्यसपछि कति वर्ष निर्धक्क, निश्चिन्त·········एकतन्त्रीय शासन-प्रणाली! तर देश र देशवासीको परम अहोभाग्यले राणाको षड्यन्त्र षड्यन्त्र नै रह्यो।

उही २००७ साल––हिउँदको बिहानदेखि साँझसम्म हुस्सुसँग लीन भएर टीयर ग्याँस, लाठी, गोली आदिको कति पनि पर्वाह नगरी नारा लगाएर आएको सम्पूर्ण उपत्यकाको स्वर अझ चहकिलो हुँदैछ, अझ टड्कारो हुँदैछ––"जेल जान तयार छौं, गोली थाप्न तयार छौं! एकतन्त्री शासन खतम होस्!" अनि कति जेल गएका छन्, जेल खचाखच छ। कतिले हाँसी-हाँसी गोली थापेका छन् देशको निमित्त। कति भोको पेटमा अझ पटुका कसेर घुँडा धसेर लडेका छन्––पहाड र तराईमा, एकतन्त्री शासनको विरुद्ध। यसरी करीब चार महीनासम्मको जन-क्रान्ति पश्चात् आइपुग्छ––फागुन ७ गते। अब सबैमा उत्साह छाएको छ, उमंग आएको छ। एकतन्त्री शासन-व्यवस्था जगैदेखि ढलिसकेको छ र सबैमा अब दीर्घ सन्तोषको अनुभूति छ। सबैको संकल्प र उद्देश्य पूर्णतया सफलीभूत भएको छ। अब त सबैको स्वरमा यति एउटा नारा छ––श्री ५ त्रिभुवन जिन्दाबाद! श्री ५ त्रिभुवन जिन्दाबाद! श्री ५ त्रिभुवन जिन्दाबाद!

यसरी नै नेपालमा राजा र प्रजाको एउटा बलियो शक्तिले ढल्छ तासको घर, एकतन्त्री राणा-शासन––१०४ वर्षसम्म देशको अत्याचार र दुराचारको अपराध र दुर्गन्ध बोकेर।

फागुन ७ गते, राजाबाट प्रजातान्त्रिक शासन-व्यवस्थाको घोषणा हुन्छ। अनि १०४ वर्षसम्मको आँसु पुछेर नेपाल मुस्कुराउँछ।

यसरी नेपालको निमित्तमात्र हैन, संसारकै निमित्त एउटा बिलकुलै नयाँ र अभूतपूर्व इतिहासको सिर्जना हुन्छ। सबैले भन्छन्—स्वयं राजगद्दी परित्याग गरी आफ्नो ज्यानको समेत बाजी लगाएर जनताको निमित्त लड्ने राजा श्री ५ त्रिभुवन धन्य हुन्। नयाँ इतिहासका नयाँ राजा श्री ५ त्रिभुवन धन्य हुन्!

*****

'९७ साल र श्री ५ त्रिभुवन

पुष्करनाथ उप्रेती

१९९३ सालतिरको कुरो हो। विश्वको बदलिंदो परिस्थिति र एकतन्त्री राणाशाहीले जरो गाडेको नेपालको विवेचना र अध्ययन गरी हेर्दा राणाशाही नेपालबाट नढलेसम्म नेपाल र नेपालीको कल्याण छैन भन्ने कुराको दृढ धारणा मनमा जमिसकेको थियो। कलेजमा र बाहिर आफ्ना विश्वासी दौंतरीहरूसित भेट हुँदा राणा प्राइममिनिस्टर र उनका दाजुभाइहरूको आलोचना र चर्चा नगरी रहन सक्दैनथ्यौं।

राणाशाहीप्रति हामीहरूलाई बढी विरोधी बनाउने कुरो अर्को पनि थियो––श्री ५ त्रिभुवन सुनको पिंजरामा बन्दी होइबक्सिन्छ, राणाहरूले औपचारिक रूपमा मात्र मौसूफलाई मान्यता दिएका छन्, मौसूफलाई उनीहरूकै पूर्ण खटनमा हिंड्नुपर्दछ, मौसूफले स्वेच्छाले मामूली-मामूली कुरा पनि गर्न पाइबक्सिन्न, जनतासँग सम्पर्क स्थापित गर्न मनाही छ, मौसूफको यताउति सवारी चलाउन एक न एक राणा जर्नेलहरू मौसूफको साथ नछोडी पछि लाग्दछन् इत्यादि कुराले हामीलाई नेपालको वास्तविक परिस्थितिसित परिचित हुन कुतकुत्याउँथ्यो। जनताबाट देवतुल्य श्रद्धा गरिने नेपालको एकताको प्रतीक राजा भईकन पनि राणाहरूको बन्धनमा परी आफू स्वयं शासनको कुनै बागडोर समात्न सकिबक्सिन्न भन्ने कुरा थाहा पाउँदा हामी युवकहरू पाखाका माछाझैं छटपटिन्थ्यौं। राणाशाहीको यस बन्धनबाट नेपाललाई मुक्त गरी राजाको छत्रछायामा नेपाली जगत् वर्तमान स्वच्छन्द वातावरणमा

प्रवेश गरी उन्नति-पथमा अग्रसर हुने सुअवसर प्राप्त गर्न कसरी सकिएला भन्ने गहिरो सोचाइमा हामी लागेका थियौं। तर समुचित ढंगवाट कार्यरूपमा नउत्रीकन सोचाइले मात्र सफलता हासिल गर्न सक्तैन, यो कुरो पनि राम्ररी बुझेका थियौं।

नेपालको अहोभाग्य थियो। राष्ट्रपिता श्री ५ त्रिभुवन पनि चूपचाप त्यसै बसिबक्सेको रहेनछ। नेपाललाई एकतन्त्री शासनबाट मुक्त गराई जनताको इच्छानुरूप प्रजातान्त्रिक ढंगबाट शासन चलाउन कटिबद्ध होइबक्सिन्छ भन्ने कुराको जानकारी पछि पाएँ। गुप्त रूपमा दरबारभित्रैबाट जनतासित सम्पर्क राखी नेपाली युवकहरूलाई राणाको विरुद्ध खडा गराउने अनेक प्रयास जारी राखिबक्सिएको रहेछ। कार्य कति दुरूह थियो, त्यो कुरो साधारण व्यक्तिको कल्पनामा त्यसै सित्तिमित्ति चढ्ने कुरो छैन। त्यस कार्यको निम्ति ठूलो त्याग, तपस्या र बलिदानको आवश्यकता थियो। राणाहरूले पत्तो पाएमा मौसूफले आफ्नो राजगद्दी, आफ्ना शाही परिवार, आफ्ना सबै सुख-साधनहरूलाई गुमाउनुपर्ने कुरो धेरै नै सम्भव थियो। जनताको निमित्त यत्रो ठूलो खतरा सामना गर्ने महान् आत्माको प्रेरणाले मलाई पनि देशसेवाको शुभ कार्यमा संलग्न गरायो।

श्री टंकप्रसाद आचार्य र श्री दशरथ चन्दको सम्पर्कमा म आएँ। श्री टंकप्रसाद आचार्यले एक दिन हामी युवकहरू––बलबहादुर पाँडे (जसको जेलमा स्वर्गवास भयो), गोविन्दप्रसाद, ध्रुवनाथ दुवाडी, मुकुन्दनाथ रिमालहरू समेतलाई बोलाई 'नेपाल प्रजा-परिषद्' भन्ने गुप्त संस्था खडा गरेको कुरा, यसको लक्ष्य आदि सबै कुरा सम्झाई उक्त संस्थाको सदस्य बनाउनुभयो। हाम्रो आराध्य ग्रन्थ गीताको शपथ लिई यस गुप्त संस्थाको अन्तर्गत रहेर राणाशाहीको विरुद्ध कारवाई गर्ने प्रण गर्‍यौं। श्री रामहरि शर्मा, श्री चूडाप्रसाद तथा जीवराजहरू पहिलेदेखि नै यस संस्थामा प्रवेश गरिसकेका रहेछन्। श्री धर्मभक्तसँग पनि यसै संस्थाको नाताले मेरो सम्बन्ध हुन गयो। उहाँले पनि हाम्रो संस्थामा श्री गणेशमान सिंह, श्री गंगालाल, श्री हरिकृष्ण जस्ता कर्मठ युवकहरूलाई प्रवेश गराइसक्नुभएको रहेछ। भित्र राजदरबारमा श्री धर्मभक्तद्वारा श्री ५ त्रिभुवनको साथ सर्वप्रथम सम्पर्क स्थापित भएको

थियो। नेपाल प्रजा-परिषद्को संस्था खडा भएपछि यस संस्थासित बढी सम्पर्क गराउने काम श्री चन्द्रमान सिंह (कम्पाउन्डर)-द्वारा भयो। उहाँ श्री ५ त्रिभुवनको बडो विश्वासपात्र हुनुहुन्थ्यो। उहाँले यस महान् कार्यको निमित्त ठूलो त्यागको भूमिका बाँध्नुभएको थियो। १९९७ सालमा सिंहदरबारमा कैदीको रूपमा बस्दाखेरि श्री ५ त्रिभुवनबाट उठाइबक्सेको कदम, मौसूफको कोमल दिलभित्र लुकेको क्रान्तिकारी विचारधारा, दुःख-कष्ट आइपरेमा त्यसको सहन गर्न आफूलाई अभ्यस्त गराउँदै लगेका कुरा राम्रोसँग उहाँबाट सुन्ने र बुझ्ने मौका पाएँ।

नेपाल प्रजा-परिषद्को रहस्योद्घाटन भएमा जेल-नेल सहनुपर्ने, अनेक यातना भोग्नुपर्ने, यतिसम्म कि जीवन नै पनि अन्त हुने चित्र हाम्रो आँखा अगाडि झलझली नाचिरहेको थियो तापनि परेमा कस्तै ठूलो बलिदानको पनि सामना गर्न हामी कटिबद्ध थियौं। कारण के थियो भने श्री ५ त्रिभुवनबाट स्वयं यस संस्थासित सम्पर्क राखिबक्सिएको छ भन्ने कुराले हामी प्रेरित भइरहेका थियौं। क्रान्तिकारी राजाले जनताको सहयोग प्राप्त गरी राणाशाहीको कठोर शासनबाट नेपाललाई मुक्त गराई प्रजातन्त्र दिलाउने वचन बक्सिएको छ भन्ने कुरा सुन्दा मेरो युवक हृदयभित्र जोश र उमंगको लहर छुट्तथ्यो। मलाई आफूले कल्पना गरेको कुरा भेट्टाएजस्तो लाग्यो।

श्री धर्मभक्त श्री ५ त्रिभुवनलाई पहलवानी सिकाउनुहुन्थ्यो। साथै मौसूफलाई आधुनिक विषयहरू, खास गरी विभिन्न देशमा घटेका घटनाहरू सुनाउनुहुन्थ्यो। यसको अलावा उहाँ आधुनिक विषयका पुस्तकहरू पनि गुप्त रूपबाट मौसूफको समक्ष चढाउने गर्नुहुन्थ्यो। राणा सरकार त्यस बेला विश्वका घटनाहरूसित परिचित भई श्री ५ त्रिभुवनलाई त्यसबारे जान्ने-सुन्ने मौका दिन चाहँदैनथ्यो। यस्ता अनेक बन्धन हुँदाहुँदै पनि मौसूफबाट बडो धैर्यसँग गुप्त रूपबाट अध्ययन गरी निकै ज्ञान हासिल गरिबक्सिएको रहेछ। भविष्यमा सामना गर्नुपर्ने कुरालाई ध्यानमा राखी आफूलाई सुयोग्य र हरतरहबाट सुसज्जित राख्नुपर्ने कुरा मौसूफले पहिले नै गरिबक्सिएको थियो। त्यहीअनुरूप अध्ययनको साथ-साथै रहनसहन, खानपानमा पनि मौसूफले राजसी आडम्बरलाई नम्रपनाई आफूलाई साधारण व्यक्तिको रूपमा ढाल्न खोजिबक्सिएको

कुरा सुन्दा हामी युवकहरूको दिलमा देशभक्तिको भावना प्रज्वलित हुन्थ्यो।

एक दिन श्री धर्मभक्तले हामीहरूलाई श्री ५ त्रिभुवनबाट नजर गरिबक्सिने एक कार्यक्रम बनाउनुभयो। दरबारभित्र हामीहरूलाई लगेर परिचय गराउने कुरा प्रायः असम्भव नै थियो। त्यस कारण दिउँसो (२७-२८ वर्षअघिको घटना भएकोले समय मलाई याद छैन) लाजिम्पाट-को बाटोमा (कुलबहादुरको मोटर वर्कशपनजीकै) अलग छरिएर आपसमा अपरिचितजस्तो देखाई हामीहरू ठिंग उभिइरह्यौं। समयको केही अन्तर नपारी ठीक समयमा नै पानीपोखरीतिरबाट मौसूफको सवारी मोटरमा भयो। बाटोमा लरखरिएर बसेका साधारण मानिसझैं हामीहरूले मौसूफमा अभिवादन टक्र्यायौं। मौसूफबाट मोटर बिस्तारै-बिस्तारै लगेझैं गरी सबैमाथि नजर फिराइबक्सियो। राणाहरूको विरुद्ध होम्मिन तम्सिएका युवकहरू कस्ता छन् भन्ने कुरा थाहा पाउने मौसूफको अभिप्राय हुँदो हो।

१९९७ सालको कुरो हो, हामी कैदीहरू हालको रेडियो नेपालको भवन-अगाडि, मंसीर-पौषको जाडोको महीना थियो र पटांगिनीमा घाम तापिरहन्थ्यौं। हामीहरूको मुद्दाको बयान लिने काम जारी नै थियो। राणा सरकारका जर्नेल र अरू भाइ-भारदारहरू हाम्रो मुद्दा केलाउने काममा रातोदिन व्यस्त थिए। राणा सरकारले शक्तिले मदोन्मत्त भई श्री ५ त्रिभुवनलाई राजकुमारहरूसहित नारायणहिटी दरबारबाट सिंहदरबारमा बन्दीको रूपमा ल्याई उस बेलाका चार कमान्डिङ जर्नेल-हरूको बैठकमा उभ्याइयो र केरकार गरी बयान लिने हिम्मतसम्म गऱ्यो। श्री ५ त्रिभुवनको मनमा त्यतिखेर के कस्तो भावना उठ्यो होला? हामीलाई सब कुरा सुन्दा कति दुःख कति छटपटी लाग्यो, यी कुरा म शब्दमा व्यक्त गर्न सक्तिनँ। हामी असहाय थियौं, तर नेपाली जनताले यस अत्याचारको प्रतिशोध अवश्य पनि लिनेछ, यसमा हाम्रो पूर्ण विश्वास थियो।

त्यसै समयको कुरो हो। तीन महीनासम्मको मुद्दाको छानबीन-पछि हामीहरूलाई राणा सरकारले सजाय तोक्ने दिन आयो।

सिंहदरबारको उत्तरपट्टिको बिलियार्ड घर (त्यस बेला राणाहरूको खेल्ने ठाउँ) अगाडिको चौरमा हामी कैदीहरूलाई एक पंक्तिमा उभ्याइयो। त्यस समयका उच्च अधिकारी र भाइ-भारदारहरू त्यस पंक्तिको अगाडि आ-आफ्ना स्थानमा बसेका थिए। बीचमा पाल टाँगिएको थियो र त्यसभित्र श्री ५ त्रिभुवन, श्री ५ युवराजाधिराज (हाल मौसूफ सरकार श्री ५ महेन्द्र), श्री ५ माहिला तथा कान्छा अधिराजकुमारहरूलाई राखिएको थियो। कैदीहरूको तमाशा देखाई मौसूफहरूलाई त्रास धम्की देखाउने राणाहरूको मुख्य अभिप्राय थियो। राणा प्राइममिनिस्टर हामी कैदीहरूतर्फ हेर्दै रिसले चूर हुन्थे। श्री ५ त्रिभुवन त्यही स्थलमा राज गरिबक्सिएको थियो तापनि उनलाई मौसूफको कुनै वास्ता थिएन—परवाह थिएन। उनले आफ्ना-आफ्ना भाइ-भारदारहरूसित नाटकीय ढंगबाट कैदीहरूलाई के गर्ने, कस्तो सजाय दिने भन्ने कुरा सोधनी गर्न थाले। भाइ-भारदारहरूमध्ये माहिला गुरुज्यू हेमराज, पं० सोमनाथ र पद्मप्रसादहरूले कसैले मनुस्मृतिको उल्लेख गर्दै राजद्रोहीहरूलाई चाहे त्यो ब्राह्मण नै किन नहोस्, त्यस्ता दुष्कर्मीलाई मृत्युदण्ड दिन सकिन्छ भन्ने शास्त्रोक्त तर्क पेश गर्न थाले। त्यतिखेर एउटा भारदार धमला (क० यक्षविक्रम) उठेर यति पनि भन्यो—"तरवार बक्सियोस्, यी सबैलाई म आफ्नै हातले मूला काटेझैं काटिदिन्छु।" यस प्रकार अरू पनि अनेक आलाप-प्रलाप सुनियो। प्राइममिनिस्टर जुद्धशमशेरले कैदीहरूलाई सम्बोधन गर्दै हाँसोलाग्दो किसिमसित कनीकुथी लिखित भाषण पढेर सुनाए। आफ्नो भाषणको सिलसिलामा उनले श्री ५ त्रिभुवनलाई संकेत गर्दै कीराले हीरा बिगारेको भन्ने कुरो पनि प्रकट गरे। हामीलाई चाहिं कैदी, राजद्रोही, अन्यायी आदिको लाञ्छना लगाएर बोलेको कुरा पनि यी कानले सुन्नुपर्‍यो। तर राणाहरू खुद आफै राजद्रोही, दुष्कर्मी बनेको कुराचाहिं स्वीकार गर्न तत्पर थिएनन्। कत्रो विडम्बना!

आफ्नो प्राइममिनिस्टरी दिगो राख्न सकिन्छ भन्ने धारणाले राणाहरूले हामीलाई कडा सजाय दिन लागेका छन्। यस्तो अनुभव गरिबक्सी श्री ५ त्रिभुवनबाट बडो गम्भीरतापूर्वक राणा प्राइममिनिस्टरलाई हुकुम बक्सिएको थियो—"सजाय भन्ने कुरो जंगली ढाँचाको नभई

हलुको हुनुपर्दछ।" मौसूफको शब्द मेरो कानमा अझै गुन्जिरहेछ। अंग्रेजी शब्दको प्रयोग गरी मौसूफबाट हुकुम भएको थियो–punishment mordenise गरिनुपर्दछ। मौसूफ बन्धनमा होइबक्सिन्थ्यो। हामीहरूको अवस्था हेरेर त्यस बेलाको विवश अवस्थामा त्यति पनि प्रकट गरिबक्सनु मौसूफको महान् साहस, मानसिक छटपटाहट र दुःखी हृदयको परिचायक थियो।

त्यस समयमा हामीहरूको बीचबाट शहीद शुक्रराज शास्त्रीले 'प्रजालाई शोषित दलित पारी आफ्नो स्वार्थ पूर्ति गर्न खोज्ने शासकलाई पनि धर्मशास्त्रमा सजाय तोकिएको छ, उद्धृत गर्न पाऊँ' भनेर आफ्ना हात-गोडाका नेल-सिक्रीलाई झट्कार्दै गर्जिए। यस किसिम गर्जिएको सुनेर प्राइममिनिस्टर जुद्धशमशेरले 'हाम्रो सामु मनपरी बोल्ने तँलाई घोडाको टापले कुल्चाई मार्न लगाउँछु' भन्दै नाना किसिमका अपशब्दहरू श्री ५ त्रिभुवनको समक्ष फलाकेको सुन्दा हामीलाई स्वयं दिगमिग लागेर आयो। श्री ५ त्रिभुवनको मनमा यस घटनाले राणाहरूप्रति झन् बढी घृणा र विद्रोह उत्पन्न हुनु अवश्य नै स्वाभाविक थियो।

दिउँसो यस प्रकारको राणा प्राइममिनिस्टरको हास्यास्पद घटना सिद्धिएपछि बेलुकीपख सबै कैदीहरूलाई सजाय सुनाउन सिंहदरबारको स्टेटहलको सामुन्ने दायाँपट्टिको चौरमा उभ्याइयो। राणा जर्नेलहरू र अरू भाइ-भारदारहरू त्यहाँ यताउति हल्लिएर हिंडिरहेका थिए। त्यस बेलाका एक राणा जर्नेलले (जो अझै पनि जीवित छन्) आफ्नो वुञ्रुक्याइँ झार्दै भने––"अझै बीस वर्ष तरवारको बलले नेपालमा शासन गर्न सकिन्छ।" यत्तिकैमा एक उच्च पदाधिकारी हामीहरूलाई (राणाको दृष्टिमा अपराधीहरू) सजाय सुनाउन थाले। हामीहरूको एकमात्र दोष राणाशाहीबाट पिल्सिएका नेपालीलाई मुक्त गराउनको लागि श्री ५ त्रिभुवनको यथार्थ अस्तित्व जागृत गरी मौसूफद्वारा नेपालमा प्रजातन्त्रको जग बसाल्न चाहन्थ्यौं––यही थियो।

सर्वश्री शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त र गंगालाललाई मृत्युदण्डको सजाय सुनाइयो। टङ्कप्रसाद र रामहरि शर्मा ब्राह्मण भएकाले यिनीहरूलाई मृत्युदण्डकै बराबर मुडी दामल, कैदको सजाय

सुनाइयो। यस्तै सर्वश्री चूडाप्रसाद, गोविन्दप्रसाद, गणेशमान सिंह, हरिकृष्ण श्रेष्ठ, चन्द्रमान (कम्पाउन्डर), फत्तेबहादुर, चिनियाँलाल, बलबहादुर पाण्डे र म (पुष्करनाथ उप्रेती)-ले अंश सर्वस्वको साथै आजन्म कारावासको सजाय पायौं। अरू केही साथीहरूलाई १८, १२, ६, ३ वर्षको विभिन्न सजाय सुनाइयो। हामीहरू आफूलाई यस्तो कठोर दण्ड दिएको सुन्दा छक्क पर्‍यौं। हामीहरूलाई राणाहरू न्यायसित खेलबहाड गरिरहेछन् भन्ने लाग्यो। हाम्रा घनिष्ट सहयोगी साथीहरूलाई मृत्युदण्डको सजाय सुनाइएको थियो तापनि हामीहरू विचलित भएका थिएनौं। राणा-शासन जंगली कानूनको आडमा आफ्नो अत्याचारपूर्ण शासनद्वारा क्रूर कर्म गर्न पनि तत्पर थियो। त्यो दिन त्यसैको नग्न रूप थियो। यस घटनाको दश वर्षपछि मात्र राजा र जनताले मिलिजुली गरेको ठूलो संघर्षले राणा शासनको अन्त पनि भयो।

यस किसिम पछिसम्म ठूलो त्याग, तपस्या र संघर्ष गर्दै जनतासित काँधमा काँध मिलाई श्री ५ त्रिभुवनले नेपाललाई प्रजातन्त्र प्रदान गरिबक्सियो। विश्वको इतिहासमा यो एक अभूतपूर्व घटना भएको हो। यसै कारण नेपाली जनता श्री ५ त्रिभुवनलाई राष्ट्रपिता मानेर नतमस्तक हुन्छन्। त्यस्ता त्यागपूत महान् आत्माले औषधी-उपचारको निम्ति विदेशमा रहँदा असमयमा नै देहत्याग गर्नुपर्‍यो, लाखौं जनतालाई रुवाई आर्यघाटको चितामा कसरी भस्मसात् हुनुपर्‍यो सम्झँदा भित्रैदेखि मन काटिएर आउँछ।

त्यो पार्थिव शरीर आज हामीहरूको सामु नभए तापनि राष्ट्रपिताको त्यो सौम्य र सुन्दर मूर्तिले हामी नेपालीको हृदयमा सदाको निमित्त अमिट छाप छोडेर गएको छ। मौसूफको प्रेरणाले नेपाललाई अवश्य नै सदा-सर्वदा जीवित रहने साहस प्रदान गर्नेछ, उज्ज्वल, उज्ज्वल!

*****

समयको जरूरत छ

पुष्करशम्शेर

मैले 'भिखारी'-लाई सोधें––"सम्झनुहुन्छ ? आजकै दिनमा नेपालले तीन वर्षअगाडि प्रजातन्त्र ल्यायो, श्री ५ महाराजाधिराजले सुनाइबक्सियो। त्यो दिनलाई मानसिक आँखाअगाडि ल्याउनोस्। त्यसभन्दा अगाडिका दिनसँग पछाडिका दिन दाँज्नोस्। तपाईंले के पाउनुभयो ? हैन, हैन, अहिले नबोल्नोस्, मेरो कुरा सिध्याउन दिनोस्।"

"तपाईंले के भन्नुहुन्छ, मैले अघिबाटै बुझिसकें। त्यसो होइन। सबै कुराको दुई पक्ष हुन्छ। प्रकाशको साथ-साथै छाया देख्छौं। त्यसैले गौर गरेरमात्र बोल्नोस्। शिक्षाविना प्रजातन्त्र टिक्न सक्तैन, त्यो त सर्वमान्य कुरा हो। तैपनि यस सिद्धान्तका विरुद्ध प्रजातन्त्र ल्याउने चेष्टा भइरहेछ। हामीले यस कुरालाई पनि त ध्यानमा राख्नुपर्छ। फेरि पर्खनोस्, पर्खनोस्। मेरो कुरा सिद्धिएको छैन।

"तपाईं सिनेमा-भवन बढेको कुरा झिक्नुहोला, महिलागणको विदेशी ढाँचातर्फ झुकाउ भएको प्रसंग उठाउनुहोला, विदेशी रक्सीको पसलका दृष्टान्त दिनुहोला। म भन्छु संयम कठिन छ, रोक्कानिषेधले तिर्सना, तलतलको आगो ज्वाला पार्छ। पाकेको केरालाई बल गरेर समात्नोस् त, अझ मुठी कस्नोस्।

"ल हेर्नोस्––कसरी औंलाका कापबाट लितितिति केरा निस्क्यो ! बिस्तारै समात्नु हुँदो हो त कहिल्यै त्यसरी केरा निस्कँदैनथ्यो। त्यही

तपाईंको तिर्सनामा घटाउनोस् र बस ! मुक्ति नदिए तिर्सना कम हुन्छ कि ? पर्खिदिनोस्, अब एक्कै मिनेटमात्र ।

"अब त्यो दिनको जन-क्रान्ति सम्झनुहोस्, तपाईं पनि आपनो विचार सुनाउनुहोस् ।"

भिखारी--"जनक्रान्तिको समय ! शहीदहरूको तातो सासले भनुँ अथवा राणा-शासनको घोर अत्याचारले भनुँ नेपालीमात्रको रगत उम्लेको ! मेरा आँखाले भेटेसम्म टाढा रातो सेतो झन्डा देख्थे, कानले भेटेसम्म टाढा 'इन्क्लाब'-को बुलन्द नारा सुन्थे । टुँडिखेलभरि असंख्य नर-नारीहरू छरिएका थिए । कति बकुल्लाले आफ्नो प्वाँखमा मसी दल्थे, कति कागहरू दुदको खड्कुँलोमा पसी सेतो हुने व्यर्थ प्रयास गर्थे । ती दिनका घटनाहरू आज पनि मेरो आँखाअगाडि नाचिरहेछ । मलाई राम्रो याद छ । आज तिनै दाजु-भाइहरूका नसामा फेरि क्रान्तिको लहर दौडेको देख्छु अघिजस्तै । उनीहरू अशान्त भएर भन्छन्--देशको सुधार भएन, मन्त्रीहरूले के गरून्, उनीहरूलाई पनि देशभरको अशान्त वातावरणको गाँठो फुकाउनु छ नि । फेरि सहयोग दिने कोही छैन । खालि पुलाउ खानु जतिको सजिलो छ त्यत्तिकै कार्यमा परिणत गर्न गाह्रो छ । वाक्स्वतन्त्रता पाएकोले सोच्ने-विचार्नेभन्दा बढ्ता वाक्युद्ध गर्नामा नै सबैको जोड रहेछ जस्तो देखिन्छ । फेरि पनि उही अशान्ति ।

१०४ वर्षको एकतन्त्री शासनको मजबूत तर सर्दीले खाएको दिवार श्री ५ महाराजाधिराजको त्याग र शहीदहरूको तातो रक्तको भोग खाएर बल्ल ढल्यो । बनेको थियो, बिग्रयो; तर बनाउनेको निम्ति भत्कायौं, पुनर्निर्माणको ध्येयले विस्तार-बिस्तार बन्दै छ, बन्दै जान्छ । यदि देशद्रोही छुचुन्द्राहरूले भाँजो हालेनन् भने नेपालमा प्रजातन्त्रको पहिलो तथा बालक किरण परेको छ । पहिलेको अन्धकार रात्रिभन्दा कति गुना असल । तर हाम्रो असन्तोषी मनलाई यतिले पुगेन । बिहानै किन दिउँसोको जस्तो तातो घाम लागेन ? आखिर दिउँसो हुन पनि त केही समयको जरूरत छ ।

*****

राष्ट्रपिताप्रति मेरो विचार

पूर्णबहादुर श्रेष्ठ

२००७ साल फागुन ७ गते प्रजातन्त्रको प्रादुर्भाव भइसकेपछि मौसूफ सरकारको दर्शन-भेट पाउन सजिलै थियो। समय-समयमा म बराबर दर्शन पाउँदथें। पहिलो पटक मैले सरकारको दर्शन गर्ने मौका पाएको थिएँ। ढोकामा हाजिर पुऱ्याई म दर्शनको प्रतीक्षामा रहेको मात्र थिएँ, भित्रबाट बोलावट भयो। म भित्र पुगें। सरकार साधारण कौचमा राज भइबक्सेको रहेछ। मैले अघि-अघिजस्तै अदबका साथ दुवै हात जोडी दर्शन गरें। सरकारबाट पनि बाहुली जोडिबक्स्यो। म उही रूपमा खडा रहेको नजर भई सरकारको बाहुलीबाट मेरो पाखुरामा समाई आफू राज भएको कौचसँगैको अर्को कौचमा बसालिबक्स्यो।

मैले विचार गरें––सरकारबाट 'बस्नु हवस्' भनी हुकुम हुँदा हामीले अघिको डरलाग्दो अदबलाई सम्झी हुकुम पालन गर्न नसकी थरथ भयौं होला, जसले गर्दा मौसूफलाई मलाईजस्तै अरूलाई पनि आफ्नै बाहुलीबाट समाई बसाल्न पऱ्यो होला। यस्तो सरलता राजाहरूमा खोजेमा शायदै पाइन्छ।

सरकारबाट मलाई हुकुम भयो––"तपाईंले निकै बेर कुर्नुपऱ्यो कि ?"

अहो! सरकारलाई हामीजस्ता व्यक्तिको समयको दुरुपयोग हुन जाला भन्ने कत्रो ख्याल रहेछ! रामको माहात्म्यको प्रारम्भ हुँदा रावणको कथा पनि आउँछ। अमृतको वर्णन हुँदा विषको बयान पनि हुन्छ। त्यस्तै मौसूफ सरकारको चर्चा गर्दा भूतकालीन शासन-प्रणालीका शासकवर्गहरूको सम्झना हुन जानु आश्चर्यको कुरा रहेन। तिनलाई

सम्झँदा हाम्रो मगजमा दासत्वभावदेखि अर्को भाव पैदा गराउन गाह्रो पर्दछ। शायद यस्तो धारणा बुझिबक्सेर होला, मौसूफ सरकारबाट हुकुम भयो––"अब नेपालीले अधिको जस्तो सङ्कुचित विचार हटाई सबैलाई आफ्ना दाजु-भाइको जस्तो व्यवहार गर्न सिक्नुपर्दछ।"

बालक उमेरदार र बूढो हुन्छ। यसलाई अस्वाभाविक भन्न सकिन्न। महात्मा गाँधी, जर्ज वाशिंगटन र सम्राट् नेपोलियन बोनापार्ट-हरू साधारण कुलमा जन्मी महान् भए। यसलाई पनि अस्वाभाविक भन्न सकिँदैन। परिश्रमले ठूलो हुनु अथवा ठूलो स्थानमा पुग्न सक्नु जीवनको सफलता हो। यसलाई पनि स्वाभाविकै मान्नुपर्दछ। तर ठूलो भैकन ठूलो हुँ भन्ने अभिमानलाई विजय गर्न सक्नु सहज र सानु कुरा होइन। यस्ता विजयी श्री ५ त्रिभुवनवीरविक्रम शाहदेव होइबक्सिन्थ्यो।

अर्को पटक, प्रधान मन्त्री श्री मातृकाप्रसाद कोइरालाको नेतृत्वमा गठन भएको पहिला पटकको मन्त्री-मण्डल विघटन भैसकेपछि सरकारको दर्शन गर्ने मौका पाएँ। त्यस बखत कुरै-कुरामा सरकारबाट हुकुम भयो––"जुन कुरा प्राप्त गर्न मुश्किल हुन्छ, त्यो कुरो प्राप्त भएपछि परन्तुसम्म टिकाउन झन् धेरै मुश्किल हुन्छ।" तर कुन भावबाट कुन कुराको लक्ष्य लिई हुकुम बक्सेको हो सो कुरा यथार्थमा बुझ्न सकिनँ। यत्तिकैमा पछि भेटौंला भन्ने हुकुम भै बिदा बक्स्यो।

मौसूफ सरकारको नेपाल आमाप्रतिको अगाध प्रेम, त्याग र परि-श्रमको विषयमा नेपालीमा मात्र हैन, संसारैमा प्रसिद्ध छ। मैले पञ्चायती पद्धतिको प्रणालीका विषयमा एउटा लेख चढाएको थिएँ। खूबै दिलचस्पी लिई नजर भएको थियो। श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहबाट नेपाल अधिराज्यको उपार्जन गरिबक्स्यो। तर समयले गर्दा नेपाल ठूलो बन्धनमा जकडिनुपरेको थियो। आफ्ना बन्धन तोड्न वसुदेव, देवकीले भगवान् श्रीकृष्णलाई जन्म दिई बन्धन-मोक्ष गराउनुभएजस्तै नेपाल आमाले श्री ५ त्रिभुवनवीरविक्रम शाह-देवलाई जन्म दिई बन्धन-मोक्ष गराउनुभयो। धन्य नेपाल माता! हजूरलाई म बराबर प्रणाम गर्दछु। नेपालको सदा जय होस्!

*****

महान् आत्मा

प्रजाराज्यलक्ष्मी सिंह

केटाकेटीलाई बडा दसैं खूबै रमाइलो हुने त्यसमाथि पनि राजदरबारमा गएर दिनभर बस्न पाइने हुँदा म आफू सानो छँदा सबै चाडभन्दा मलाई दसैं बिघ्नै रमाइलो लाग्दथ्यो। प्रत्येक बडा दसैं र बिहाबारीमा हामी राजदरबार जान पाउँथ्यौं। यसउसले सानैदेखि राष्ट्रपिता श्री ५ त्रिभुवनको दर्शन गर्ने सौभाग्य प्राप्त थियो मलाई। बालखकालका रमाइला ती दिन बित्तै गए।

यहाँ बडा दसैंमा राणा महाराजकहाँ पनि टीका लगाउन सबै जानुपर्दथ्यो। मलाई पनि लान्थे। टीकाटाला सकिएपछि जिजु मुमाज्यूले महाराजजीसँग राजदरबारमा टीका लगाउन जान सोद्धा मलाई सारै अनौठो लाग्यो। त्यसअघि राणा महाराजसँग सोधेर मात्र दरवार जान पाइन्छ भन्ने पत्तो थिएन। त्यसै बेलादेखि एकतन्त्रीय शासनको वातावरण बुझ्दै जान लागें।

भारतबाट राज-परिवारको सवारी फिरेपछि राष्ट्रपिताको त्याग-तपस्याले २००७ सालमा हाम्रो देशमा प्रजातन्त्रको स्थापना भयो। केही दिनपछिको कुरो हो, मौसूफसितको दर्शन-भेटमा समाज-सेवाको लागि पद्म कन्या-विद्याश्रममा स्वयंसेविका भै पढाउने कुरा बिन्ती चढाएँ। मौसूफ सरकारवाट मुस्कुराउँदै हुकुम भयो—"तिम्रो राम्रो विचार हो, अव हामी सबैले मिलीजुली देश बनाउनुपरेको छ।"

राष्ट्रपिताको यो महान् वाणी अझै पनि मेरा स्मृतिमा ताजा छ। मौसूफको त्यो महानताले मलाई सधैं प्रेरणा दिइरहेछ।

जुनसुकै देशमा पनि महापुरुषहरू लोक-कल्याणको लागि जन्म लिन्छन्––यही पाठ हामीलाई विश्वको इतिहासले पढाएको छ। हाम्रा राष्ट्रपिता श्री ५ त्रिभुवन पनि नेपालको दूषित वातावरणलाई अन्त गरी स्वर्गारोहण होइबक्स्यो। तसर्थ मौसूफ एक राजामात्र होइन, महान् पुरुषमध्ये एक होइबक्सन्थ्यो। मौसूफमा महान् पुरुषमा हुनुपर्ने गुणहरू सबै विद्यमान थिए।

राष्ट्रपिता श्री ५ त्रिभुवनबाट बीजारोपण गरिबक्सेको प्रजातन्त्र-लाई हुर्काउन हाम्रा राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्रवीर-विक्रम शाहदेव कटिबद्ध होइबक्सेको छ। यसरी आफ्ना प्रजाको हितको लागि त्याग-तपस्या गरिबक्सने राजा हामी नेपालीमात्रले पाएका छौं। यस उसले हामी सबैले आफ्ना निजी स्वार्थलाई पर सारी मिलीजुली देश बनाउन अग्रसर हुनुपरेको छ। यसै गरे मात्र राज-इच्छालाई पूरा गर्न सक्नेछौं, अनि त्यो महान् दिवङ्गत आत्मालाई शान्ति मिल्नेछ।

*****

सम्झनाका धर्साहरू

प्रेमराज

पैंतालीस वर्षअघिको कुरो हो। कुनै आदर्श वृत्तिको खोजमा चर्खा प्रचारक गुठी, शंखमूलको शरणमा गएर केही दिन भिक्षान्नले पेट पालें। 'विदेशबाट झिकाएको कपासले बनेको कपडाको गुणगान गर्ने काममा खटिएको यस्तो फटाहालाई राख्न हुँदैन' भन्ने श्री ३ चन्द्रको हुकुमले गलहत्तिएपछि केही वर्ष काशीको बास भयो। श्री ३ जुद्धले शरण दिएकाले पछि नेपाल आएँ। आफ्नै मुलुकमा कपास पैदा गर्ने भावना टुसायो। पैसा थिएन, तर पनि साहस गरें। पूर्व १ नम्बर भमरकोटमा कपास खेती गर्ने तरखर गर्दागर्दै काम टक्कै रोकियो। खर्चबिना कुनै काम हुन सक्छ र? अलि दिन त त्यसै झोक्राएर बसें। अनि आफ्नो मनको बह आफ्नो एउटा स्नेहीलाई पोखें। ती स्नेही बिजुलीका विशेषज्ञ थिए। सिनेमाका पनि विशेषज्ञ भएकाले बखत-बखतमा उनले सबै दरबारहरूमा जानुपर्थ्यो। केही समयपछि एक दिन उनले मलाई भा०रु० आठ सय दिए। त्यस बेलाको भा०रु० आठ सय आजकालको बाह्र हजार जतिकै हुन्थ्यो! तर उनले मलाई तुरुन्तै भने—"खबरदार, यो रुपियाँको कुरो कसैलाई नभन्नू। तपाईंको दुःख र देशभक्तिको भावना मैले एउटा मानिसलाई सुनाएँ। उनले तपाईंलाई दिनका निम्ति यो रुपियाँ दिए। ती मानिस को हुन् भन्ने कुरोचाहिं म तपाईंलाई बताउन्नँ।"

भैगो, मलाई पनि रुपियाँ चाहिएको थियो, दाताको नामसँग मलाई के मतलब! मेरो जिभ्रो त चूप लाग्यो, तर मनको खुलदुली

कसले रोक्ने? नेपालका सेता-सेता घरहरूमा बस्ने काला-काला मन भएका सबैलाई मैले चिनेको थिएँ। एउटा बन्दीसँगचाहिं मेरो परिचय थिएन--तिनको नाउँ हो 'त्रिभुवन'। दाताको नाउँ थाहा पाउन नहुने उनै बन्दी नै हुन सक्छन्, अरू को हुन सक्छ र? तर अपशोच, अहिलेसम्म मेरा स्नेही मित्रले ती महात्माको नाम बताउनुभएको छैन। आजकाल मेरा मित्रवर काठमाडौंमा हुनुहुन्न पनि, उहाँ काठमाडौंबाट धेरै टाढा बस्नुभएको छ।

१९९५ सालमा म औलिया ज्वरले सिकिस्त भएको थिएँ। मेरा चिरपरिचित स्नेही श्री अमरबहादुर म (बिरामी)-सँग भेट्न आउनुभयो। उहाँले साथमा असल-असल फलफूलको एउटा ठूलो पोको पनि ल्याउनुभएको थियो। 'किन यति दामी फलफूल ल्याउने कष्ट गर्नुभएको?' भनी मैले सानो स्वरले कानमा भन्दा उहाँले भन्नुभयो--"यो फलफूलमा मेरो पैसा परेको छैन।"

मलाई आश्चर्य लाग्यो र मैले सोधें--"कसरी?"

'म आज मेरा बिरामी गुरुलाई भेट्न जान्छु' भनी श्री ५ महाराजाधिराजका पाउमा बिन्ती गर्दा 'तेरो गुरु को हो?' भन्ने हुकुम भयो। मैले 'गोरखापत्रको सम्पादक प्रेमराज' भन्ने बिन्ती गरें। अनि यो फलफूल पनि बक्सियो। कर्णेलसाहेबले अझ सानो स्वरमा भन्नुभयो--"तेरो गुरुलाई त खोस्न आँटेका छन् है, सुनाइदे' भन्ने हुकुम पनि भएको छ।"

त्यस बेलाको राणातन्त्रमा श्री ५ महाराजाधिराजको सेवा-चाकरी गर्नु त के, नाम लिनु पनि अपराध थियो भने हुन्छ। प्रधान-मन्त्रीको जन्मोत्सवको दिन गोरखापत्रले बडो सजधजका साथ विशेषांक निकाल्थ्यो। श्री ५ महाराजाधिराजको जन्मोत्सवको समाचारचाहिं एउटा कुनाको दस-बाह्र पंक्तिमा सिद्धिन्थ्यो। त्यस्तो पत्रमा मैन्हाको पच्चीस रुपियाँ खाने सम्पादकमाथि श्री ५ महाराजाधिराजको यत्रो स्नेह। घाँटीमा गाँठो पऱ्यो, आँखाबाट दुई थोपा आँसु चुहिए। बोले जन्मकैदको डर थियो। मैले केही जवाफ दिइनँ।

म निरपराधमाथि रोलवाला राणाहरूले आँखा लगाउन थालेको मैले पनि अलि-अलि चाल पाएँ। '९७ साल कार्तिक मैन्हामा एक्कासि घरको खानतलासी भयो। ८४ दिनसम्म सिंहदरबार गारतको कडा पंहरामा थुनिएर मुद्दा चल्यो। आखिर निरपराध ठहरिएँ। तर पनि अन्त्यमा श्री ३ जुद्धशमशेरले भन्नुभयो—"तिमीले गोरखापत्रमा कडा-कडा लेख लेख्ने गरेको हुनाले शंका लागेर थुनेको हुँ, तर केही रहेनछ," इत्यादि।

यो थुनाइमा अरू थोक त केही भएन, तर मेरो भमरकोटको कपास-खेती चौपट भयो। डरका मारे जग्गा धनीले पनि मसँग सम्बन्ध राखेनन्।

श्री ५ महाराजाधिराज त्रिभुवनको युक्तिपूर्ण साहसले गर्दा नेपालको सयवर्षे अँध्यारो इनारमा पनि प्रजातन्त्रको ज्योति जगमगायो। त्यो ऐतिहासिक ज्योति जगाउने महापुरुषको नजीकै उभिएर दर्शन गरूँ औ दुई-चार कुरा पनि मौका परे गरिहालूँ इत्यादि तरंग मनमा उठ्न लागे।

तर, त्यति ठूलो मानिससँग कसरी भेट्ने! त्यसमाथि उहाँकै विरोधी राणाहरूको क्रीतदासले, साह्रै अप्ठ्यारो लाग्यो। एउटा हजुरियालाई गुहारें। दर्शनको टाइम पाउन धेरै गाहारो परेन। राणा प्रधान मन्त्रीहरूसँग जस्तै अर्थात् बाघको गोडा समातेर पस्नु परेजस्तै स्थिति आइपर्छ कि जस्तो कल्पना गरेको थिएँ, तर त्यहाँ मैले देखें महात्मा गाँधीको जस्तो व्यवहार! शान्त स्वभाव, मीठो बोली, सरल व्यवहार। आधा घण्टाजति बातचीत भयो। 'फेरि पनि बरावर आउनू, अवश्य आउनू है, अवश्य आउनू?' इत्यादि बारम्बार हुकुम भयो। म हर्षले गद्गद भएँ। यो हर्ष थाम्न नसकेर मौसूफकै एउटा अर्कै हजुरिया, मेरो निकटतम सम्बन्धीलाई उहाँ भएका कुराहरू पोखें, भावी कार्यक्रमको रूपरेखा तयार पारें। केही दिनपछि हाज़िरको निम्ति टाइम मागें। त्यस बेलासम्म (दुई-चार दिनभित्रैमा) ग्रह-गोचर वदलिसकेछ, मैले जवाफै पाइनँ!

आफ्नो ग्रह-दशाबारे एउटा बुज्रुग दरबारिया ज्योतिषीसँग सल्लाह लिएँ। "लाटा, दरबारमा भएको कुरा रित्तो कोठामा भित्तोलाई सुनाउन पनि हुँदैन। भित्तोका पनि कान हुन्छन् भन्ने अंग्रेजीमा उखान छ।" अनि मैले मनमनै भनें—धिक्कार छ मलाई! अठार वर्षसम्म गुरु राणाहरूले पनि त मलाई यही मन्त्र सुनाएका थिए नि। दुर्भाग्यले गर्दा भुसुक्क बिर्सेछु!

अब मैले दरबारको आधारमा नेपालको भविष्य उज्ज्वल पार्नको निम्ति जोसक्तो सुझाव दिने दुराशालाई छोडिदिएँ। जुन बेला जो-जस्तो सरकार हुन्छ त्यसैको पूजामा मुख्य धुपौरेको काम फेरि शुरू गरें, अर्थात् गोरखापत्रको सम्पादक फेरि बनें। जोरीपारीहरू हाँसे, मैले गीता पाठ गरें। निष्काम कर्म गर्दै गएँ।

श्री मातृकाप्रसाद कोइराला प्रधान मन्त्री हुनुहुन्थ्यो। वामपन्थी कांग्रेस-गुटका एउटा नेताले गोरखापत्रमा छाप्नको निम्ति एउटा लेख दिए। त्यो लेख प्रकाशमा ल्याउन नहुने किसिमको थियो। तर लेखक एउटा शक्तिशाली परिवारका थिए। म एउटा कमिलो थिएँ। तुरुन्तै जवाफ दिने आँट गर्न सकिनँ र भनें—"यो लेख छापिने नछापिने कुराको जवाफ भोलि बाह्र बजे दिनेछु।" लेख बगलीमा हालेर म गृह-मन्त्रालय पुगें।

गृह-सचिवलाई लेख टक्र्याएँ। यो लेख प्रधान मन्त्रीज्यूमा जाहेर गर्न लायकको छ भन्ने सुझाव पनि दिएँ। सचिवज्यू त्यो लेखलाई बगलीमा हालेर मन्त्रीज्यूको कोठामा पस्नुभयो। अनि आधा घण्टापछि आएर भन्नुभयो—"त्यति ठूलो मानिसले लेखेको लेख छापिदिए हुन्छ" इत्यादि!

लेख छापियो। त्यो लेख प्रकाशित भएको बाह्र घण्टापछि नै सचिवज्यूले राति घरमा नै बोलाउनुभयो। सचिवज्यूको सधैंको बाघको जस्तो मुख त्यस बेला ओइलाएको थियो। मलाई पनि डर लाग्यो। म उपमन्त्री धर्मरत्न यमीज्यूकहाँ परिआएको आपत जाहेर गर्न पुगें। उहाँले मलाई साहस दिनुभयो, भरोसा दिनुभयो। उहाँले

यो कुरा श्री ५ महाराजाधिराजका जुनाफसम्म पनि पुऱ्याइदिनुभएछ। मन्त्रालयबाट म खोसिने निधो भैसकेकोमा मौसूफ श्री ५ महाराजाधिराजबाट हुकुम भएछ——

"यतिका वर्ष काम गरिसकेको मानिसबाट पनि कसरी यस्तो गल्ती भएको रहेछ, राम्ररी बुझेर मात्र खोस्नू।" इत्यादि।

एउटा ट्रिब्यूनलले मेरो मुद्दा हेऱ्यो। आखिर मेरो जागीर खोसिएन। आज पनि मेरो अन्तःकरण भन्दछ——

जय श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवको !

*****

प्रेरणादायक स्मृति

बालकृष्ण सम

प्रधान मन्त्री चन्द्रशमशेर 'मान्छे चिन्ने'-मा प्रसिद्ध थिए, राणा-शासनको अन्त श्री ५ त्रिभुवनबाटै हुन्छ भन्ने कुरा उनले धेरै पहिले देखिसकेका थिए; यस विषयमा आफ्ना उत्तराधिकारी भाइहरूलाई उनले जनाउ पनि दिइसकेका थिए, भाइपछिका छोराहरूलाई पनि चेतना दिइसकेका थिए। आफै पनि उनी सचेत थिए। त्यसैले वीरशमशेरका वीर-धारा, वीर-पुस्तकालय, वीर-टावर आदिको परम्परा तोडी उनले कलेजको नाम पहिले त **त्रिभुवन-चन्द्र कलेज** राखे, फेरि बनाउँदा बनाउँदै **त्रि-चन्द्र कलेज** राखे, त्यही अनुकरण गरेर भीम-समशेरले **त्रि-भीमधारा** गरे, जुद्धसमशेरले श्री ५ त्रिभुवनको प्रतिमा खडा गरे। यो १९९९ सालको घटना हो। प्रतिमा त कलकत्ताका कलाकार सुनील पालले बनाएका हुन्, तर प्रतिमालाई चाहिने चित्र, आकार, भाव इत्यादि सब उतार्ने सौभाग्य मलाई प्राप्त भएको थियो, ती सब चित्रहरू म एक दिन प्रदर्शित गर्नेछु, त्यस समयका कैयौं घटना स्मरणीय छन्। परन्तु अहिले म अझ अगाडिको समयमा जान लागिरहेको छु।

श्री ५ त्रिभुवनको राज्याभिषेक (१९६९ साल फागुन ८-९)-को समयमा मैले सर्वप्रथम दर्शन पाएको हुँ। १९७५ सालमा श्री ५ त्रिभुवनको बाहुलीबाट त्रि-चन्द्र कलेजको उद्घाटन हुँदा ताल्चा खोलिने समयमा म चार हात टाढा थिएँ। त्यसभन्दा वर विजयादशमी टीका-हरूमा बाहुलीको टीका थापिन्थ्यो। १९९२ सालमा तराईमा शिकार हुँदा श्री ५ त्रिभुवन, उस बेलाका युवराजाधिराज (श्री ५ महाराजाधिराज)

महेन्द्र र अधिराजकुमारहरूको पनि सवारी थियो। त्यस बेला जम्मा ७७ बाघ मरेका थिए। तसवीर झिक्ने मेरा पिता समरशमशेर र म थियौं। उसै समयमा मैले श्री ५ त्रिभुवनसित दोहोरो कुरा गर्ने सौभाग्य पाएँ, तर कुराहरू प्रायः शिकार र तसवीरकै विषयमा हुन्थे। परन्तु मान्छे चिन्ने चन्द्रसमशेरले स्वर्गीय त्रिभुवनमा के देखे त्यो देख्ने मैले अवसर पाएको थिइनँ।

अनि १९९५ साल आयो। हुन त १९९० सालमै मेरो एकांकी नाटक **प्रेम** दरबार स्कूलका छात्रवर्गद्वारा खेलिएको थियो, तर त्यो स्कूलमै सीमित रह्यो, बाहिर उत्रेन। अब १९९४ सालमा छापिएको मेरो नाटक **मुकुन्द-इन्दिरा** मेरै निर्देशनमा छात्रहरूद्वारा खेलाइने अनि उस बेलाका प्रधान मन्त्री जुद्धसमशेरलाई देखाउने तरखर हुन थाल्यो। शिक्षा-विभागका डाइरेक्टर जनरल मृगेन्द्रशमशेर, असिस्टेन्ट डाइरेक्टर जितेन्द्रबहादुर शाह तथा उस बेला प्रिन्सिपल रुद्रराज पाण्डेका सहायता, सहयोग र सहानुभूति तथा छात्रहरूका परिश्रम अनि अनुशासनमा आस्थाले गर्दा **मुकुन्द-इन्दिरा** यथासम्भव सफलतापूर्वक स्कूलबाहिर निस्क्यो। प्रथम प्राभ्यासहरूमै त्यसको प्रशंसा हुन थाल्यो। त्यस्तै संयोग पऱ्यो, ममा आशातीत प्रशंसा वर्षन थाले। कारण मलाई थाहा छैन। कहिले-कहिले आफूले लेखेको कुरामा आफैलाई सन्तोष लाग्ने पनि हुन्छ तर जनता त्यो लिइदिंदैन, कहिले-कहिले आफ्नो सामान्य कृतिलाई जनताले रुचाइदिन्छ, त्यही खालमा पऱ्यो **मुकुन्द-इन्दिरा**, सर्वप्रथम नेपाली लुगा लगाएर नेपाली पात्रहरू रंगमंचमा उत्रेकोले हो अथवा राष्ट्रवादका पंक्तिहरूले गर्दा हो वा कुन कारणले हो त्यो चर्चाको विषय बन्यो, प्रत्येक रात त्यो लोकप्रिय बन्दै गयो। जुद्धशमशेरले म त्यस बेला कप्तान भए पनि मेजरको जत्ति जागीर गरिदिए, फेरि त्यत्ति नै भत्ता थप गरिदिए। यसको अतिरिक्त श्री ५ त्रिभुवनको सवारी सिंहदरबार नाटचशालामा चलाई सो नाटक नजर गराए। यहाँ मलाई स्टेट्सम्यानबाट यो उतार्न मन लाग्यो :

"On the next two days the boys of the Durbar School gave a performance of the Nepali Drama of 'Mukund Indira' on the stage of Singha Durbar, the official residence of His Highness the Maharaja, in the presence of His Majesty the King, His Highness the Maharja and all the nobles and principal officers of Kathmandu. The drama is by Capt. Balkrishna Shamsher, Nepal's promising poet and author." The Statesman, Tuesday, 16 Aug. 1938.

नाटकको अन्तमा सब पात्रहरू जम्मा भई गरेको समूहगानको नेतृत्व गरी मैले गीत गाएको थिएँ :

वीर, वीर, जाउ अगि अगि, भूमि स्वतन्त्र छ यो,
तिमी नहिंडेर यहीं अडे यसको लाज हिंड्यो।
वीर, लौ ! छाती फुलाउ त्यो गर चौडा त्यसलाई।
अझ चौडा गर देशलाई अझ चौडा यसलाई।
नुत तिमी केवल मृत्युमा बस तिमी बास चिताविषे,
हिंड हिंड हिंड अझ लम्कँदै जल-थल-व्योमविषे।
जति खुकुरी घुमी भूमिमा रेखा पार्दछ रगतको,
उति लिपी पार्ला मसीले कलम सबै कविको।
बत्ती जहाँ पहिले बली उघ्रयो अन्ध-जगत्,
निभ्न नदेऔं बत्ती त्यो पारौं तेल रगत।
तिम्रा ईश नरेश छन्, आमा बाबु जहान जहाँ,
भाइ बान्धव मित्र छन् प्यारा, पूज्य जहाँ।
यो नेपाल तिमी पनि माटो व्हौ यहींकै भने
यसकै निम्ति खरानी नभै कसरी मोक्ष हुने !

ठूलो करतालीपछि प्रधान मन्त्री जुद्धले मलाई बोलाए, रंगमंचबाट ओर्लेर म उहीं पुगें, श्री ५ त्रिभुवनको दर्शन गरें। महाराज जुद्धले भने--"महाराजाधिराज यो फेरि आफ्नो दरबारमा नजर हुन्छ रे, भोलि उहीं लगेर नजर गरा।" यसरी नारायणहिटी राजदरबारमा **मुकुन्द-इन्दिरा** नाटक श्री ५ त्रिभुवन, श्री ५ बडा महारानीहरू सबले नजर भयो। त्यस बेलाको सम्झिने यो कुरा पनि छ : नाटक नजर हुँदा श्री ५ त्रिभुवन र छोराहरू (श्री ५ महाराजाधिराज महेन्द्र, श्री ५ अधिराजकुमार हिमालय, श्री ५ अधिराजकुमार वसुन्धरा) चारै जनाले एकरंगी नेपाली घरबुनाको पोशाक पहिरिएको थियो।

दृश्यैपिच्छे थपडीहरूले लादिएको नाटक सफलतापूर्वक सिद्धियो। अनि समस्त कलाकारहरू राजदरबारको ठूलो बैठकमा रात्रि-भोजमा लहर लागे। श्री ५ बडा महारानी (अहिले मुमा बडा महारानी)-हरूले समेत आफ्नै बाहुलीबाट खाद्यवस्तु बाँडिबक्सियो। श्री ५ त्रिभुवनबाट प्रत्येक अभिनेता तथा कलाकारको परिचय लिइबक्सिंदै प्रत्येकलाई यथा-योग्य प्रशंसाले सन्तुष्ट बनाइदिइबक्सियो। मुकुन्द हुने कृष्णप्रसाद रिमाल, इन्दिरा हुने रामकेशरी बस्नेत, भवदेव हुने श्यामकृष्ण भट्टराई, रूपनारायण हुने शम्भुप्रसाद लामिछाने, पुनाचा हुने प्रेमप्रसाद तण्डुकार अनि अरू दिव्यदेव उप्रेती, सुन्दरराज चालिसे, गोपीनाथ अर्ज्याल, गोविन्दप्रसाद तिमिल्सिना, शुभवीर पाण्डे, कृष्णप्रसाद तिमिल्सिना, गंगाबहादुर बस्नेत, होराप्रसाद जोशी, तारामानसिंह स्वाँर, नेत्रबहादुर बस्नेत आदि थिए। सबले त्यहाँ राजा पाएको अनुभव गरे। मान्छे चिन्ने चन्द्रशमशेरको चिन्ताको कारण अनि मैले पत्ता पाएँ।

अन्तमा श्री ५ त्रिभुवनबाट हुकुम भयो––"मलाई नाटक साह्रै मन पर्‍यो, बालकृष्ण! तिम्रो त जति तारीफ गरे पनि थोरै हुन्छ।" यथार्थमा मैले यो लेखेको आफ्नो योग्यताको समर्थनमा पनि होइन, असमर्थतामा पनि होइन, कहिले-कहिले पैसामात्र होइन प्रशंसा पनि चिट्ठामा पर्दछ। चिट्ठामा परेको पैसा सपनाको जस्तै भए पनि त्यो पसीनाले कमाएको जत्तिकै वास्तविक र सारयुक्त हुन्छ, त्यस्तै श्री ५ त्रिभुवनको मुखारविन्दबाट उत्पन्न भएको आफ्नो प्रशंसा मेरो स्मृतिमा अझै पनि प्रेरणा बनेर बलिरहेको छ, सदैव बलिरहनेछ। परिणामस्वरूप त्यसको पच्चीस वर्षपछि फेरि मैले **मुकुन्द-इन्दिरा** प्रदर्शित गरें। यो पाली मुकुन्द हुने मेरा छोरा जनार्दन सम थिए, म आफै भवदेव बनेको थिएँ, पुराना अभिनेताहरूमा रूपनारायण हुने उनै शम्भुप्रसाद लामिछाने थिए। २०२० साल श्रावण ५ गते फेरि श्री ५ महाराजाधिराज महेन्द्रबाट राजदरबारमा **मुकुन्द-इन्दिरा** नजर भयो, रात्रिभोज थियो। श्री ५-बाट हुकुम भयो––"मलाई यो पहिलेको जस्तै नयाँ लाग्यो।" मलाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको विशिष्ट पदक बक्सियो। प्रेरणा परम्परागत बलिरहन्छ, कहिल्यै निभ्दैन।

*****

नास्ति यस्य यशःकाये जरामरणजं भयम्

बालचन्द्र शर्मा

नेपालको आधुनिक इतिहासमा श्री ५ पृथ्वीनारायण शाह, भीमसेन थापा, श्री ५ त्रिभुवनवीरविक्रम शाहदेव र श्री ५ महेन्द्रवीरविक्रम शाहदेवको नाम अमर रहनेछ। श्री ५ पृथ्वीनारायण शाहले नेपालको भौगोलिक एकता कायम गरिबक्सियो, भीमसेन थापाले ठूलो विदेशी शक्तिसित टक्कर लिएर नेपाली जनभावनाको एकीकरण गरे, श्री ५ त्रिभुवनबाट देशलाई प्रजातान्त्रिक व्यवस्था बक्सियो र श्री ५ महेन्द्रबाट नेपालको वैदेशिक नीति, आर्थिक व्यवस्था र सामाजिक सुदृढीकरण भइरहेको छ।

श्री ५ त्रिभुवनबाट नेपाली जनताले कुनै घटनावश नै प्रजातन्त्रको वरदान पाएको होइन, त्यसका लागि बाल्यावस्थादेखि नै मौसूफको मानसिक स्थिति तयार भइरहेको थियो। मौसूफको राज्यारोहणका अवसरमा संसारकै एउटा विलक्षण अवस्था थियो। हुनत प्रथम विश्व-युद्ध मौसूफका योजनावस्थाको प्रारम्भमा मात्र थालियो, तैपनि बिस्तारो-बिस्तारो त्यसको परिस्थिति भने तयार भइ नै रहेको थियो। त्यस अवस्थामा संसारको ध्यान हिमालयको कुनामा लुकेको यस सानो देशतिर पनि जानु स्वाभाविकै भयो र त्यसै कारण कूटनीतिज्ञ अंग्रेजहरूले आफ्ना मुट्ठीमा रहेका राणा प्रधान मन्त्रीहरूलाई विशेष प्रोत्साहन दिन थालेका थिए। कूटनीतिज्ञ अंग्रेजहरूका दृष्टिमा चन्द्रशमशेरको महत्त्व विशेष रूपले बढ्न जानुको यो पनि एउटा कारण भयो। तर, श्री ५ त्रिभुवनले यौवनको प्रथम खुड्किलोमा पाउ राखिबक्सनेबित्तिकैदेखि नै संसारको त्यस समयसम्मको सबभन्दा ठूलो युद्ध प्रारम्भ हुन गयो। हाम्रा गाउँ-

घर, पहाड-पर्वतका तन्नेरीहरू चारैतिरबाट सोहरिंदै संसारका बडे-बडे समराङ्गणमा पठाउन थालिए। त्यसले केही अंशमा हाम्रो जन-संख्याको क्षति भए तापनि, हाम्रा अनेक दिदी-बहिनीका सिउँदोको सिन्दूर व्यर्थ नै पुछिन गए तापनि, अंगभंग भई फर्केका आफ्ना दाजु-भाइलाई देख्दा हाम्रो मन रोए तापनि त्यसबाट एउटा ठूलो लाभ त अवश्य नै भयो—नेपाली जातिले १८१४–१६ ई०-का युद्धमा पराजित भई जुन अपमान सहनुपरेको थियो, र त्यसले हाम्रो मनमा 'हामी निश्चय नै धनी र अशक्त रहन्छौं कि क्या' भन्ने जुन हीन भावनाको उदय भएको थियो, त्यसको प्रक्षालन भने यस विश्व-युद्धमा निश्चय नै हुन गयो। सोझै पर्वतीय अन्तरकुन्तरबाट झरेर पहिलो पटक आधुनिक सभ्यताको कोलाहलमा पर्न जादा पनि हाम्रा तन्नेरीहरू निर्धक्क भई संहारकारी युद्ध-क्षेत्रमा सर्वत्र नै सर्वश्रेष्ठ ठहरिन गए। शत्रु-पक्षले पनि तिनको शौर्यको मुक्त-कण्ठले प्रशंसा गर्‍यो। नेपालले अनुभव गर्‍यो—अवसर पाएमा हामी कसैभन्दा पछि पर्ने रहेनछौं। साथै 'मित्रराष्ट्र'-का साथ कुममा कुम जोरी लडेको नेपालले सर्वप्रथम ती देशका प्रजातान्त्रिक शक्तिको अनुभव पनि गर्‍यो, नेपाल सामरिक र राजनीतिक दृष्टिले सर्वप्रथम विश्वसित परिचित हुन गयो। यी विशिष्ट घटनाको प्रभाव देशका तन्नेरी राजाका मनमा पनि पर्न नजानु असम्भवै थियो। राणाहरूका जतिसुकै कठोर नियन्त्रणमा बस्नुपरेको भए तापनि श्री ५ त्रिभुवनले बाल्यकालदेखि नै संसारका र खास गरी जापान र ग्रेटब्रिटेनका प्रजातान्त्रिक व्यवस्थामा अभिरुचि लिइबक्सेका अनेक कुरा हाम्रा कानसम्म पनि आइपुगेकै छन्।

प्रत्येक परिस्थितिलाई परिपुष्ट हुन केही समय अवश्य नै वाञ्छनीय हुन्छ। द्वितीय विश्व-युद्धको परिणामस्वरूप एकातिर ब्रिटिश सत्ता उपनिवेशहरूमा पनि झन् बलियो हुन गएको देखियो भने अर्कोतिर ब्रिटिश उपनिवेशका जनताहरू पनि त्यति नै अंशमा आफ्ना प्रजातान्त्रिक हकप्रति जागरूक भए। छिमेकी भारतमा र अर्कोतिर चीनमा पनि जन-जागृतिको लहर झन् ऊर्जस्वल हुन गयो। यी सारा घटनाले कहिले पनि सूर्य नअस्ताउने विस्तारको ब्रिटिश साम्राज्यलाई आफ्ना नीतिमा पुनर्विचार गर्न बाध्य तुल्यायो। भारतमा जन-शक्ति क्रमशः

प्रबल हुँदै गयो र अन्ततोगत्वा १९४७ ई०-मा त्यहाँ प्रजातान्त्रिक सरकार कायम भइछोड्यो।

यसरी नेपालमा जहानियाँ एकतन्त्रवादको संरक्षण भै आफ्नू हित ठान्ने ब्रिटिश सत्ताको छिमेकी भारतमैं समाप्ति हुन जानु र अर्कातिर स्वयं आफ्नै जनतामा पनि प्रजातान्त्रिक अभिलाषा पुष्ट भई संघर्षशील हुन लागेको देख्दा श्री ५ त्रिभुवनका बाल्यावस्थादेखिकै प्रजातान्त्रिक कामनाहरू सक्रियताका लागि बेचैन हुन थाले। '९७ सालमा नेपाल प्रजा-परिषद्को बलिदान र त्यसभन्दा अगाडिका पनि अनेक रक्तरञ्जित घटनाले श्री ५ त्रिभुवनका मनमा जुन आकुलता उत्पन्न गरिरहेका थिए, त्यसले अब अझै धैर्य धारण गर्न सकेनन्। परिणामस्वरूप २००७ सालको श्री ५ त्रिभुवनको महाभिनिष्क्रमण भयो। गौतमले जुन लोक-कल्याणको भावनाले एक महान् कदम उठाएका थिए, परिवर्तित परिस्थितिअनुरूप लोक-कल्याणको त्यसै भावनाले श्री ५ त्रिभुवनले त्यस्तै एक महान् कदम उठाइबक्सिनुपर्‍यो। दूरदर्शी श्री ५ त्रिभुवनले यसका लागि जुन समय र जुन बाटो अपनाइबक्सियो ती मौसूफको उद्देश्य-पूर्तिका लागि अमोघ नै थिए। त्यसको परिणामको व्याख्याको यहाँ कुनै प्रयोजन छैन।

प्रजातन्त्रपछि श्री ५ त्रिभुवनको समय अत्यन्त नै व्यस्त हुन गयो। मौसूफका मनमा सत्ताको स्वयं उपभोग गर्ने अभिलाषा हुँदो हो त मौसूफबाट आफ्नो स्वास्थ्यको समेत उपेक्षा गरिबक्सेर गाउँ-गाउँको कष्टप्रद यात्रा गरिबक्सने प्रयोजन थिएन। मौसूफ जहाँ पनि सवारी भयो जनताले मौसूफलाई प्रजातन्त्रका स्रष्टाकै रूपमा स्वागत गर्‍यो। यस सम्पर्कले गर्दा श्री ५ त्रिभुवनका मनमा एकातिर प्रजातान्त्रिक आस्था र लोक-कल्याणकारी आकांक्षाहरूको मूर्त रूप बन्नुका साथै नेपाली जनतामा पनि मौसूफका प्रति आस्था, विश्वास र भक्ति एवं प्रजातन्त्रप्रति दृढ भावनाको प्रबलता हुन जानु स्वाभाविकै हो।

परन्तु, दुर्भाग्यवश जन-नेताहरूले भने आफैद्वारा प्रचारित प्रजातान्त्रिक सिद्धान्तप्रति त्यत्रो ठूलो आस्था देखाउन सकेनन्। अल्प अवधिमै अनेक सरकारको गठन र विघटन यसको प्रत्यक्ष प्रमाण छ। यो संघटन र विघटन जन-पक्षलाई लिएर कुनै खँदिलो सैद्धान्तिक

आधारमा भएको हुँदो हो त त्यसले हाम्रा प्रजातान्त्रिक आस्थालाई बलियै पार्दो हो। तर, त्यसो नहुँदा नेपाली जनताले त्यसको दूषित परिणामकै शिकार बन्नुपऱ्यो।

यस परिस्थितिले सर्वसाधारण जनताका मनमा मात्र होइन, स्वयं श्री ५ त्रिभुवनका मनमा पनि जस्तो क्षोभ उत्पन्न गऱ्यो, त्यसको अनुभव त त्यस समय मौसूफको दर्शन पाउने प्रत्येक व्यक्तिले गरेको हुनुपर्दछ। यस पंक्तिको लेखक त्यस समय सल्लाहकार सभाको अध्यक्ष थियो र उसले औपचारिकताका लागि पनि संसदीय कार्य लिएर मौसूफको दर्शन गर्न जाने गर्नुपर्दथ्यो। संसदीय र प्रजातान्त्रिक समस्याहरूका कुरा उठ्नेबित्तिकै मौसूफका मुहारमा जुन वेदनाका रेखा स्पष्ट हुन्थे, तिनलाई यस पंक्तिको लेखकले कहिले पनि बिर्सन सक्नेछैन। उपचारका लागि अन्तिम समय स्वदेशबाट सवारी हुने अघिल्लो दिनको साँझमा मौसूफको दर्शन गर्न जाँदा मौसूफको सुस्वास्थ्य र दीर्घायुको कामना व्यक्त गर्दा मौसूफबाट अत्यन्त तिक्ततामिश्रित स्वरमा हुकुम भएको थियो-- "·········भइहाल्यो, यस्तै हुनु लेखेको रहेछ। यसमा अब मेरो के लाग्छ र?" यी शब्द यस पंक्तिको लेखकका लागि व्यक्तिगत रूपमा मात्र भनिएका थिएनन् भन्ने स्पष्टै छ। यो त प्रजातन्त्रमा विश्वास गर्ने प्रत्येक नेपालीका लागि एउटा महान् हाँक नै हो। अब पनि चेतेर त्यसको मर्म बुझी तदनुरूप कार्य गरी देशलाई गौरवशाली बनाउने हाम्रो कार्य नै मौसूफको दिवंगत आत्माप्रति हाम्रो वास्तविक श्रद्धाञ्जलि हुनेछ, र त्यसैले नै हाम्रो पुस्तालाई पछि इतिहासमा युगप्रति जिम्मेदार रहेछ भन्ने प्रमाणित गर्नेछ।

युगले आफ्नू अनुकूल एक महान् व्यक्तिको निर्माण गर्दछ। आफ्नो युगप्रतिको जिम्मेवारी पूरा गर्नु नै उसको जन्मको अभीष्ट हुन्छ। श्री ५ त्रिभुवनको जन्म, मौसूफका आस्था, उद्देश्यको पवित्रता र कर्मठता नेपालको प्रजातान्त्रिक इतिहासको प्रथम अध्याय प्रस्तुत गर्दछन्। मौसूफको पार्थिव शरीर अब नरहे तापनि त्यस महान् उपलब्धिको यशरूपी कायालाई जरा र मरणको कुनै भय छैन।

*****

श्री ५ त्रिभुवन

बी० एल्० शर्मा

मेरो जीवनका ती दिनहरू अमूल्य छन् जब म राष्ट्रपिता त्रिभुवनको नजीक रहन पाएको थिएँ। ती दिन पनि धन्य हुन् जुन बेला राष्ट्रपिताको नेतृत्वमा चलेको जन-आन्दोलनमा मैले पनि केही गर्ने मौका पाएको थिएँ। नेपालको हालीमुहाली ३ सरकार अर्थात् राणाहरू-को हातमा हुँदा नेपाली जनताले उकुसमुकुसको वातावरणमा दिन काट्नुपरेको थियो। मौलिक अधिकारले वञ्चित भएका त्यस बेलाका नेपाली युवकहरूको विद्रोहको भावनासित परिचित हुने अवसर म बराबर पाउँथे। काठमाडौंको बीच इन्द्रचोकमा मेरो हलुवाईं पसल थियो। त्यहाँ धेरै असन्तुष्ट युवकहरू आउने-जाने गर्दथे। हाम्रा वास्तविक राजा श्री ५ त्रिभुवनलाई कसरी नाममात्रको तुल्याई राणाहरूले नजरबन्दी तुल्याएका छन् भन्ने चर्चा त्यहाँ चल्थ्यो। यस्तै-यस्तै कुराहरू सुनेर मेरो मनमा पनि अप्रत्यक्ष रूपले विद्रोहको भावना उठ्न लाग्यो। तर म त्यत्तिको शिक्षित र जान्ने-बुझ्ने नभएकोले मनको कुरा मनैमा गुम्सिरह्यो। त्यस बेला हाम्रो हलुवाईं पसल काठमाडौंको एउटा ख्याति-प्राप्त हलुवाईं पसल थियो। धेरैजसो राणाहरूका भवनमा र विदेशी राजदूतावासहरूमा पनि मिठाई बिक्री हुन्थे। यसरी नै नारायणहिटी दरबारमा पनि हामीहरू मिठाई पुऱ्याउँथ्यौं। मिठाई पुऱ्याउने काममा बराबर म पनि सगाउ पुऱ्याउने गर्दथें। यसै कारणले गर्दा राणाहरूको चहलपहल, विदेशी दूतावासहरूमा नेपालसम्बन्धी कुरा, राजदरबारमा भैरहने शङ्का र भयको वातावरण मैले आफ्नो बुद्धिअनुसार अनुभव गर्न पाएँ।

२००६ सालतिर नेपाली जनतामा विद्रोहको भावना उम्लिरहेको थियो। युवकहरू केही गर्न तम्सिरहेका थिए। भारतीय दूतावासले पनि यस कुरामा विशेष चाख लिइरहेको मैले बुझ्ने मौका पाएँ। त्यस बेलाका प्रथम सचिव एस्०के० सिन्हाले एक दिन मलाई बोलाएर भन्नुभयो––"बाहिर कस्तो कस्तो हालखबर छ? के तिमीलाई तिम्रा राजा को हुन् थाहा छ?"

मलाई केटाकेटीदेखि नै हाम्रो वास्तविक राजा श्री ५ त्रिभुवन नारायणहिटीमा राजा भैबक्सिन्छ भन्ने थाहा थियो। त्यसैले मैले झट्टै जवाफ दिएँ––"हाम्रा राजा श्री ५ त्रिभुवन होइबक्सिन्छ।"

अनि एस्०के० सिन्हाले श्री ५ त्रिभुवन वास्तविक राजा भैबक्से पनि मौसूफमाथि परिरहेका अनेक कठिनाइ र राणाहरूको दुर्व्यवहारको बारेमा सुनाउनुभयो। 'आफ्नो राजाको निम्ति तिमी केही काम गर्न सक्छौ कि सक्दैनौ?' भनी उहाँले सोध्नुभयो। त्यस बेला म २२ वर्षको युवक थिएँ। राणाहरूको अत्याचारको बारेमा पनि धेरै कुरा देखिसकेको थिएँ। अतएव आफ्नो राजाको असल हुने काम गर्नलाई म सबै तरहबाट तयार थिएँ। मैले भनें––"म राजाको काम जे पनि गर्न तयार छु।" त्यसपछि भारतमा बसेर जन-आन्दोलनको काम गरिरहने राजनीतिक कार्यकर्ताहरूको खबर, त्यहाँबाट आएका पर्चा, साथसाथै यताका राजनीतिक कार्यकर्ताहरूको पर्चा र अरू खबर पुऱ्याउने काम गर्नमा म माध्यम बनें। राजदरबारमा पनि म जन-आन्दोलनको खबर पुऱ्याउने गर्थें। मिठाई बराबर पुऱ्याउन जानुपर्ने हुनाले राजदरबारका श्री दयारामभक्त माथेमाद्वारा पनि म खबर पुऱ्याउँथे।

राजालाई जन-आन्दोलनको खबर आदि पुऱ्याउन पाउँदा मलाई साँच्चि नै आनन्द लाग्थ्यो। यस्तो दिन मेरो छाती गर्वले फुल्दथ्यो र 'मैले पनि देशको लागि केही गरें' भन्ने गौरव हुन्थ्यो। विद्यार्थी, कृषक र अरू राजनीतिक कार्यकर्ताहरूका पर्चा लिएर भारतबाट छपाउने काम र यताका पर्चा उता पुऱ्याउने काम पनि म गर्थें। २००७ साल कार्तिक २१ गते शिकारको निहुँले श्री ५ त्रिभुवन सपरिवार, काठमाडौं स्थित भारतीय राजदूतावास सवारी भैबक्सेपछि काठमाड़ौंको

वातावरण अर्कै भयो। अब, के हुने हो भन्ने त्रासले जनताको भावना डाँवाडोल भइरहेको थियो। त्यसै दिन मिठाई पुऱ्याउने बहानाले म शीतलनिवास पुगेको थिएँ। चारैतिर बन्दूकधारी सिपाहीको पहरा थियो। ठाउँ-ठाउँमा मेशीनगन सोझ्याइरहेका भारतीय सैनिकहरू दूतावासको रक्षाको निम्ति खडा थिए। दूतावास घेरेर बसेका नेपाली सैनिकहरूले मलाई सोधे––"कहाँ जाने ?"

मैले जवाफ दिएँ––"म रोटी पुऱ्याउन आएको।" अनि मलाई उनीहरूले रोकेनन्। दूतावासको ढोकामा रहेका भारतीय प्रहरी वा ढोकेबाट म परिचित थिएँ। तिनले मलाई भित्र जाने दिए। राजदूतावासभित्रको वातावरण अर्कै थियो। उनीहरू नजीकै आइपर्ने कुनै लडाइँको निम्ति तम्तयार भैरहेका सिपाहीझैं देखिन्थे। मजस्तो साधारण व्यक्तिको निम्ति भित्र पस्न पनि भयभीत हुनुपर्ने थियो। मैले एस्०के० सिन्हालाई भेटेर आफूले बुझेअनुसार नेपाली जनताहरूको भावना र बाहिरको परिस्थितिको केही चर्चा गरें। उहाँले मलाई अब सबै ठीक हुन्छ भनेर ढाडस दिनुभयो। श्री ५ त्रिभुवनप्रति उम्लिरहेको जनताको श्रद्धापूर्ण भक्ति झन् बढ्दै गयो।

श्री ५ त्रिभुवनसित मेरो पहिलो दर्शन-भेट जनसेवा सिनेमाभवनमा भएको थियो। दोस्रो पटक गोदावरीमा दर्शन भयो। म मौसूफमा मिठाईभित्र चिठी राखेर पठाउँथें। मैले यसरी लगभग दस महीनासम्म गुप्त रूपले चिठीहरू पठाउने गरें। मौसूफले एक दिन, चुरोट पिएर फयाँकिबक्सेको बट्टा मैले सबै गएपछि खोलेर हेर्दा चिठी पाएको थिएँ। यो मौसूफको चिठीको आदान-प्रदान गर्ने चातुरी थियो।

श्री ५ शीतलनिवास पुगेको केही समयपछि सिंहदरबारबाट टेलिफोन आयो––"शारदा र विजय आइरहेछन्, भेट्न दिनुहुनेछ।" ती दुई आए, तर भेट्न दिइएन। त्यसपछि राणाहरूले पानीको पाइप काटिदिए। रूमालमा खाली सिसी लिएर म बाहिर आएँ। झटपट दौडँदै आएर मैले इन्द्रचोकका मारवाडीहरूलाई 'श्री ५ त्रिभुवन भागे' भनिदिएँ। त्यो बेला जुवाको टायम थियो। मारवाडी साँच्चिकै

प्रचार-विभाग हो। उनीहरूले यो कुरा तुरुन्तै जताततै प्रचार गरे। जुवा बन्द भयो। त्यही रात डकोटा आएर पाम्प्लेट खसाल्यो। मचाहिं बेलुकै फेरि शीतलनिवास पुगें। सबै बन्दोबस्त गरेको थिएँ। तर ओढ्नेको बन्दोबस्त गर्न बिर्सेछु। अनि रातमा भारतीय डाँक लिएर इन्द्रचोकमा कम्बल लिन आउँदा बल्लतल्ल इन्द्रभक्त श्रेष्ठ र शिवप्रसाद रौनियार मिली ५० रु०-को २०० रु० तिरेर ओढ्ने किनी राति नै शीतलनिवास पुऱ्याएँ। राणाले मलाई बोलाएर भने--"तिमीले जुन थालमा खायौ, त्यसैमा चुठ्यौ। भित्रको कुरा जे-जे भो भन, तिमीलाई भने जति बकस, भन!"

श्री ५ एयरपोर्ट सवारी हुँदा जनताले रुँदै अबीर र फूलमाला छरेका थिए। गौचर पुगेपछि राजपरिवारका सत्र जना प्लेनभित्र पसे। पाँचवटा मोटर फर्काएर शीतलनिवास मोटर ग्यारेजमा राखियो। श्री ५ त्रिभुवनको मोटर मैले हाँकेको थिएँ। मौसूफ हवाईजहाजमा चढ्न लागिबक्सँदा आनन्द ड्राइभर पाउ समातेर रोएका थिए। श्री ५ सवारी भएपछि नरशमशेर, लक्ष्मणशमशेर र बालकृष्णशमशेर परिवारैसहित बराबर मकहाँ आउँथे। सत्र जना राणाहरूलाई राणा-सरकारले नै समातेको खबर पत्रिकामा निस्क्यो र राणा नै राणा सरकारको विरोधमा थिए भन्ने हल्ला मच्चियो। यसपछि यहाँ धूमधाम जुलुस निस्कन थाल्यो।

भारतबाट फर्किबक्सेपछि दर्शन हुँदा सरकारसँग म केही पनि बोल्न सकिनँ, घाँटी सुक्यो। सरकारबाट पचास हजार रुपियाँ आलमारीबाट झिकेर ऋण तिर्न मलाई बक्सियो। 'म नफर्कुन्जेल चन्दा कसैसँग पनि नमाग्नू' हुकुम भएर भारत सवारी भैबक्सेको थियो। मैले एक पैसा पनि कसैसँग सापट लिएको थिइनँ। त्यो रुपियाँ इन्द्रचोकमा रातारात गरी बाँडिदिएँ। कसैले यस्तो पनि गरे--मोहनशमशेरबाट पचास हजार रुपियाँ लिएर कुनै तीन व्यक्ति मोहनशमशेरलाई नै राजा सपोर्ट गरेर पत्र-पत्रिकामा छपाउने भनी भारत गएका थिए। एउटा सानो समाचार एक पल्ट पत्रिकामा छापिएको थियो--मोहनशमशेर हिन्दू राजा आदि'''सानो समाचार, अरू शून्य।

अरूका लागि मैले हुनसम्म गरें, 'जयतु संस्कृतम्'-का कार्यकर्ताहरूलाई पनि मैले त्रिभुवनबाट पैसा दिलाएको थिएँ, तर आफ्ना लागि मैले राजा त्रिभुवनसँग न कुनै पोस्ट मागें, न कुनै घरबार, न कुनै खेत।

दिल्लीबाट फर्केको तीन-चार महीनापछि श्री ५ त्रिभुवनसँग प्रेमलता, रजनी, शारदा साथीहरूसँगै दुई-तीन घण्टासम्म दर्शन-भेट भएको थियो। मैले मौसूफसँग भनें--"मौसूफबाट देशको निर्माण लेनिन र गाँधीले जस्तै गर्न सकिबक्सियोस्।" जवाफमा मौसूफवाट हुकुम भयो--"हेर्नोस्, म आफ्नो देशको निम्ति मर्न पनि तयार छु।"

हाम्रा मण्डलसित प्रश्नोत्तर भयो--

"महिला पत्रिकाको लागि मैले के गर्ने ?"

"मौसूफबाट अहिलेलाई एउटा शुभकामना मात्र भए पुग्छ।··· केटीप्रथाबारे मौसूफको विचार ?"

"केटीप्रथा त हटाइनुपर्ने हो। त्यस कुरामा त मेरो पनि सहमति छ।"

कलेजको शिक्षालय, किंडर गार्डेन आदिको माग गर्दा 'पछि भेट्छु' भनिबक्सेको थियो। पछि मौसूफको शव पो भेटियो गौचरमा। हामी विह्वल भयौं। कहिल्यै नपरेको शोकमा परी मौसूफप्रति हृदयमा श्रद्धा र स्मृतिमात्र लिएर बस्यौं।

*****

स्वतन्त्रताप्रेमी राजा

भक्तबहादुर अमात्य

यस जगत्मा प्राणीमात्र स्वच्छन्दतापूर्वक प्राकृतिक सौन्दर्यको अवलोकन गर्दै आफ्नो जीविकोपार्जन गर्न रमाउँछन्। जस्तोसुकै आपद्-विपद् आइपरे तापनि धैर्यपूर्वक हाँसी-हाँसी त्यस कार्यमा आफूलाई समावेश गर्न खोज्दछन्। दुःखमा हतोत्साह नभई आफ्नो लक्ष्य र कर्तव्य सम्झेर प्रथम प्रदर्शकले देखाएको बाटोमा लागेर आफ्नो कर्तव्य पालन गर्दछन्। यही व्यावहारिक जीवन हो। यसको विपरीत बिना-परिश्रम चौरासी व्यञ्जन उपभोग गर्न जस्तोसुकै सुख-सुविधाको उपलब्ध भए तापनि कुनै प्रकारको बन्धनलाई मन पराउँदैनन्। आफ्नो स्वतन्त्रता गुमाएर पराधीनतामा जीवित भएर बस्नुभन्दा मर्नु निको ठान्दछन्।

श्री ५ त्रिभुवनको त्यस्तै अवस्था थियो। मौसूफ राजा भईकन पनि नाममात्रको होइबक्सिन्थ्यो। **नाउँ तेरो गाउँ मेरो** भनेझैं राणा-शासकहरू सारा शक्ति आफ्नो अधीनमा राखेर राजालाई पत्थरको मूर्ति स्थापना गरेझैं गरी, जनतालाई पटमूर्ख बनाई मनमानीसित राजकाज चलाई मोजमजा गर्थे। भन्नलाई राजा सर्वेसर्वा, सबका साझा, तर अधिकारबिनाको, आफ्नो इच्छानुसार केही गर्न नपाउने, कसैसँग भेटघाट, विचार-विमर्श गरी जनताको सुख-दुःखको विचार गर्न नपाउने, देश-विदेश पर्यटनको त के कुरा, आफ्नो अधिराज्यभित्र नै घुमफिर गर्न नपाउने, चार पर्खालभित्र रहेका बन्दीझैं चार भञ्ज्याङलाई आफ्नो

सीमाको परिधि बनाई बस्नुपर्ने, त्यस परिधिभित्र पनि राणाले नियुक्त गरेका प्रतिरक्षकका साथमा मात्र मोटर वा बग्गीमा बसी घुम्नुपर्ने। कहाँसम्मको थियो त्यो अन्याय अत्याचार, कसलाई मात्र सह्य हुन सक्थ्यो यस्तो कठोर व्यवहार! यसै चिन्ताले ग्रस्त भई राजा हरदम यसबाट उम्कने विचारमा तल्लीन होइबक्सिन्थ्यो।

हुन पनि किन नहोस्, यौटा मामूली चरालाई रत्नजडित सुनको पिंजरामा राखी अनेक प्रकारको व्यञ्जन उपभोग गर्न दिए तापनि उसको इच्छा र कोशिश हरदम त्यस बन्धनबाट मुक्त भएर बाहिर विचरण गर्नमा हुन्छ भने यौटा अधिराज्यका अधिपति भएर यसरी बन्दीझैं जीवन-यापन गर्न कसरी मन पराइबक्सेला र यस्तो अत्याचार सहेर बाँचिरहन सकिबक्सेला? मौसूफबाट यस्तो कुरामा चिन्तित हुनु र यसको निम्ति प्रयत्न गर्नु स्वाभाविकै हो।

परिवर्तनशील संसारमा सबै चीज-वस्तुको परिवर्तन हुनु स्वाभाविकै हो। नेपालमा पनि यसको हावा चल्न लाग्यो। जनता शिक्षित हुन लागे र देश-विदेशको हालखबर जान्न-बुझ्न लागे। आफ्नो देश, नरेश र देशवासीहरूको दयनीय अवस्थाको ज्ञान हुन लाग्यो। स्वतन्त्रताको प्रेमले उनीहरूको दिललाई उथलपुथल पार्न लाग्यो। आफ्नो राजाको दुःखमा दुःखी हुन लागे, र यस अत्याचारबाट मुक्ति पाउने विचार र यसको निम्ति प्रयत्न गर्न लागे। तर प्रयत्न सफल हुन नपाउँदै यसको भेद पाई राणा-शासकले यस प्रयत्नमा लागेका केही व्यक्तिहरूको निर्मम हत्या गरेर केहीलाई कठोर कारावासको सजाय दिए। यी सब कार्यको दोषी राजालाई नै ठहराई यसका निम्ति मौसूफलाई कठोर सजायसमेत दिने निर्णयमा पुगे।

अनिकालमा बीउ जोगाउनु, आपदमा जीउ जोगाउनु भन्ने उखानझैं देश र जनताका शुभचिन्तक राजाले आफ्नो ज्यानको बाजी लगाई राणाको क्रूर पन्जाबाट देश र जनताको मुक्ति गर्ने अभिप्रायले एक दिन ब्राह्ममुहूर्तमा राजमहल परित्याग गरी सपरिवार भारतीय राजदूतावासमा पदार्पण गरे। त्यहाँबाट प्रवन्ध मिलाई भारतको राजधानी नयाँ दिल्लीमा प्रस्थान गरे।

यसै अवसरमा नेपाली कांग्रेसको तत्वावधानमा नेपाल अधिराज्यको तराई क्षेत्रमा जनताले राणा-शासनको विरुद्ध सशस्त्र आन्दोलन गरे र अनेक स्थानमा कब्जा पनि गरे। यता राजधानीमा जनताको विद्रोहको आवाजले राणाको कानको जाली छेड्न थाल्यो। त्यस आन्दोलनलाई निर्मूल पार्न राणा-शासकले भरमग्दूर कोशिश गऱ्यो, तर केही लागेन। उनीहरूको हंसले ठाउँ छोड्न लाग्यो। अन्तमा विवश भै नतमस्तक हुनुपऱ्यो र राजा र कांग्रेससँग सम्झौता गर्नुपऱ्यो।

यसरी राजा त्रिभुवनले आफ्नो देश र जनतालाई राणाको क्रूर पन्जाबाट मुक्त गरी देशमा प्रजातन्त्रको प्रादुर्भाव गरेर जनतालाई सुख-सुविधा प्रदान गरिबक्सियो। यस्ता देशप्रेमी प्रजावत्सल राष्ट्रपितालाई कसले बिर्सन सक्ला? इतिहासमा मौसूफको नाम र काम स्वर्णाक्षरमा अंकित भएको छ––चन्द्र-सूर्य रहेसम्म स्मरणीय रहनेछ। राजा भनेको यस्तै हुनुपर्छ। तबमात्र **राजा सबको साझा** भन्ने उखान चरितार्थ हुनेछ।

*****

सम्यक् र श्री ५ त्रिभुवन

भक्तवीर सिंह

राष्ट्रपिता श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेव साँच्चै प्रजातान्त्रिक र जनताका राजा होइबक्सन्थ्यो भन्ने कुरा मौसूफको जीवनीबाट स्पष्ट झल्कन्छ। यो कुरा नेपालका बौद्धहरूको महान् धार्मिक प्रथा सम्यक्ले पनि स्पष्टतया प्रमाणित गरेको छ।

जनश्रुति तथा बौद्ध ग्रन्थमा लेखिएअनुसार यो महान् धार्मिक प्रथा परापूर्वकालमा राजा सर्वानन्दको पालादेखि चलेको हो। तत्कालीन बुद्ध श्री दीपंकर तथागत र उनका असंख्य अनुयायी भिक्षुहरूलाई निमन्त्रणा गरी भोजनदान दिनुभएको थियो। यही प्रथाअनुसार काठमाडौं उपत्यकामा पनि दुई प्रकारले सम्यक् मनाउने प्रथा चली आएको हो। एउटा गुठीको सम्यक् र अर्को फर्मायिसी सम्यक्। यो फर्मायिसी सम्यक् एक जना व्यक्तिको धर्मचित्त उत्पन्न भई मनाइन्छ। यी सम्यक्हरू विशेषतः स्वयम्भूमुनिको भुंइखेलमा मनाइन्छन्। सम्यक् प्रथामा राजा प्रमुख अतिथिको रूपमा आमन्त्रित हुन्छन्। स्वयम्भूलगायत अरू प्रमुख विहारहरूमा एक वर्षअगाडि नै माघे संक्रान्तिको दिन अग्रिम पूजाद्वारा वर्ष दिनपछि हुने सम्यक्को निमन्त्रणा चढाइन्छ। सोही-अनुसार राजालाई पनि निमन्त्रणा चढाइन्छ।

वि० सं० २००६ सालको कुरो हो। काठमाडौं शहरको न्ह्यौखा टोलनिवासी मेरा पिता साहू स्व० सम्यक् सिंह तुलाधरले बौद्धहरूको यो सर्वोत्तम धर्मकार्यको आयोजना गरी काठमाडौं उपत्यकाका

तीनै शहरहरू र गाउँ-गाउँमा यत्र-तत्र छरिइरहेका वज्राचार्य तथा शाक्यहरू सबैलाई निमन्त्रणा गरी स्वयम्भूस्थित भुइँखेलमा भोजन, अनेक प्रकारका अन्न तथा द्रव्य दान गर्ने मनसुबा बाँध्नुभएको थियो। बौद्ध संस्कृति, धर्म र परम्परामा यस सम्यक् प्रथाको ठूलो महत्त्व छ।

बौद्ध परम्पराअनुसार साहू स्व० सम्यक् सिंहले राष्ट्रपिता श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेव सरकारमा सम्यक्को निमन्त्रणा चढाउनुभयो। त्यस बेला उपत्यकाभित्र-बाहिर नेपाली कांग्रेसको सुसंगठित नेतृत्वमा सारा नेपाली जनताले निरंकुश राणाहरूका सामन्ती शासनको विरुद्ध संघर्ष शुरू गरिसकेका थिए। नेपालकै हितको निम्ति राष्ट्रपिता श्री ५ महाराजाधिराज सरकार सपरिवार काठमाडौं-स्थित भारतीय दूतावासमा गई दिल्ली सवारी होइबक्सेको थियो। राणाहरूले यही मौका पारी श्री सम्यक् सिंह साहूबाट श्री ५ माहिला अधिराजकुमार ज्ञानेन्द्रलाई राजा मानी सम्यक् चलाउने षड्यन्त्र गरेका थिए। यतिमात्र होइन, श्री ५ माहिला अधिराजकुमार ज्ञानेन्द्रलाई राजा मानी राष्ट्रपिता श्री ५ त्रिभुवनलाई देशद्रोही ठहराउने राणाहरूको घृणित कार्यलाई साहू श्री सम्यक् सिंहकै वरपरका केही व्यक्तिहरूले समर्थन गर्दै निश्चित तिथिमा नै सम्यक् चलाउने प्रयास गर्दै थिए। तर यस षड्यन्त्रलाई परोपकारका संस्थापक तथा साहू सम्यक् सिंहका आफन्त श्री दयावीर सिंह कंसकारले घोर विरोध गर्दै विफल पार्ने प्रयास गर्नुभयो। पछि तत्कालीन प्राइममिनिस्टिर श्री मोहनशमशेरका पुत्र श्री विजयशमशेरले उहाँलाई 'परोपकार संस्थाले सम्यक् रोक्ने प्रयास गरेको' भन्ने कुरा बुझ्न सिंहदरबारमै बोलाउनुभयो। अप्रत्यक्ष रूपमा गरिएको प्रश्नको उत्तरमा वहाँले 'परोपकार संस्थालाई दोष दिनु वाञ्छनीय हुँदैन, वरु व्यक्तिविशेषले गरेको भनेको भए मान्न सक्छु' भन्ने चतुरतापूर्ण आफ्नो राय व्यक्त गर्नुभयो।

हलचल बढ्दै गयो। यही सनसनी पूर्ण वातावरणमा (सम्यक् हुनु सात-आठ महीनाअघि) साहू सम्यक् सिंहको स्वर्गवास भयो। यसको सम्पूर्ण भार अब उहाँकी श्रीमती सानुमाया र म जेठो छोरो भक्तवीर सिंह, भाइहरू अकलमान सिंह, रत्नमान सिंह र सिद्धिमान सिंहको काँधमा

आइपर्‍यो। सम्यक्को तिथि नजीक आउँदै थियो। एक महीनाअघि स्वयम्भू चैत्य स्थानमा विशेष पूजा जानुपर्थ्यो र यो पूजा समाप्त भएको खण्डमा धार्मिक परम्पराअनुसार निश्चित तिथिमा सम्यक् चलाउन पर्थ्यो। श्री ५ माहिला अधिराजकुमार ज्ञानेन्द्रलाई प्रमुख अतिथिको रूपमा राज गराई सम्यक् मनाउनु पनि राष्ट्रपिता श्री ५ त्रिभुवनलाई देशद्रोही ठहराउने राणाहरूको कुप्रयास सफल हुने हुँदा आफ्नी श्रीमती चन्द्रलक्ष्मीबाट स्वयम्भूमा विशेष रूपमा पूजा जाने कुरा थाहा पाउनासाथैं श्री दयावीर सिंहले अर्कै चाल चाल्ने विचार गर्नुभयो। पूजा आउने दिन हजारौं-हजार जनतालाई स्वयम्भूमा भेला गराई यसको विरोधमा विद्रोह गर्न लगाए। पूजा आउने वज्राचार्य बीच बाटैमा भागेर गएको हुँदा पूजा सम्पन्न हुन पाएन। यस्तो स्थितिलाई काबूमा नपारेको भए सम्यक्को दिन रगतको खोलो बग्ने धेरै आशंका थियो।

जे होस्, काठमाडौंका जनताले 'राष्ट्रपिता श्री ५ त्रिभुवनकै बाहुलीबाट सम्यक्मा भोजन ग्रहण हुनुपर्छ' भन्ने अठोट गरी साहू स्व० सम्यक् सिंहको यस व्यक्तिलाई अनेक प्रकारले सम्झाई वि० सं० २००७ सालमा हुने सम्यक् श्री ५ त्रिभुवनको नेपाल फीर्ति सवारी नभइबक्सुन्जेल स्थगित राख्ने निधो गरे। (राणाहरूलाई असमंजसमा-पार्न वास्तवमा साहू श्री सम्यक् सिंहको देहावसानले सम्यक् रोक्नुपरेको कारण बताइएको थियो।) पछि दिल्लीमा सम्झौता भएपछि राष्ट्रपिता श्री ५ त्रिभुवन नेपाल सवारी होइबक्सियो र केही महीनापछि नै मौसूफकै उपस्थितिमा वि० सं० २००८ साल माघे संक्रान्तिको दिन सो सम्यक् सम्पन्न भयो। महान् सम्यक् दानको उपलक्षमा स्वयम्भू-मुनिको भुइँखेल विशेष रूपले सजाइएको थियो। धार्मिक महत्त्वको अतिरिक्त र क्रान्तिकारी भावनाको समेत महत्त्व भएको त्यस महान् सम्यक् प्रथामा काठमाडौं उपत्यकाका वज्राचार्य तथा शाक्यहरूका साथै लाखौं जनताको उपस्थिति थियो। उपत्यकाका हजारौं विहारबाट ल्याइएका सुनका दीपङ्कर बुद्ध-मूर्तिहरूका साथै अत्यन्तै राम्रो ढङ्गले सजाइएको राजाको आसन अवर्णनीय थियो। नेपालको इतिहासमा आजसम्म यस्तो सम्यक् भव्य रूपमा, विशेष उत्साह र उमंगका साथ कहिल्यै भएको होइन।

सम्यक्को ठीक समयमा राजपरिवारका सबै सदस्यहरूका साथै राष्ट्रपिता श्री ५ त्रिभुवन सवारी भइबक्सियो। उपस्थित जनसमूहले करतलध्वनिका साथ आफ्ना परम प्यारा राजाको हार्दिक अभिवादन गरे। यसै बीच म, मेरी माता र भाइहरूसमेतले प्यारा राजाको हार्दिक स्वागत गर्दै विशेष अभिनन्दन चढायौं। यसको प्रत्युत्तरमा राष्ट्रपिता श्री ५ त्रिभुवनबाट धन्यवाद बक्सँदै उपस्थित अपार जनसमूहलाई शाही सन्देश बक्सियो। सन्देशमा महान् सम्यक् प्रथाप्रति अगाध श्रद्धा राखिबक्सनुको साथै नेपालका प्राचीन बौद्ध परम्परा, संस्कृति र धर्मप्रति पनि असीम श्रद्धा प्रकट गरिबक्सियो। पछि सम्यक्-आयोजकका तर्फबाट भोजन पस्कने नरदेवी टोलका रकमी (सम्यक्मा विभिन्न काम गर्ने)-हरूको तर्फबाट कविवर चित्तधर 'हृदय'-ज्यूले चाँदीको थालमा राखी राष्ट्रपिता श्री ५ महाराजाधिराज त्रिभुवन-वीरविक्रम शाहदेव सरकारसमक्ष भोजन चढाउनुभयो। मौसूफले भोजन ज्यूनार गरिबक्सी जनताप्रति अगाध प्रेम र स्नेह पोखिबक्सियो।

यस सम्यक्बाट मौसूफ नेपाली धर्म, संस्कृति र जनताप्रति कति स्नेह राखिबक्सँदो रहेछ भन्ने कुरो स्पष्ट थाहा हुन्छ। मौसूफको यस उदात्त निष्पक्ष भावनाले नेपालको प्राचीन संस्कृति, धार्मिक सहअस्तित्व र राष्ट्रियता सदा अविच्छिन्न रहनुपर्छ र राख्नुपर्छ भन्ने कुरो स्पष्टसँग दर्साएको छ।

*****

दुई संस्मरण

भरतराज वैद्य

१. राष्ट्रपिता श्री ५ त्रिभुवनको स्नेह

मिति, महीना याद भएन। १९९४ सालमा हुँदो हो। पचींमदको बेला थियो। श्री पचली भैरवनाथको बाह्रवर्षे मेला थियो। परम्परा र रीति-रिवाजअनुसार श्री ५ महाराजाधिराज सरकारको खड्ग श्री पचली भैरवनाथसँग साटफेर गर्न पर्दथ्यो। सो कार्यको निमित्त श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेव सरकारको सवारी हुने भन्ने सन्देश सुनेर दुई जना साथीहरू हेर्न गएका थियौं। आजकाल नेशनल ट्रेडिंग कर्पोरेशन रहेको ठाउँ मुस्याकाल गणेशस्थानदेखि ठाउँ-ठाउँमा पुलिसहरू राखिएका देख्यौं। उक्त स्थानमा हामीहरू पनि के पुगेका थियौं श्री ५-को सवारी भैहाल्यो। मुस्याकाला गणेश स्थानबाट केही पर पुगिबक्सेपछि मोटरबाट मौसूफ ओर्लिबक्स्यो।

हजारौं-हजार किसान दाजु-भाइहरूको बीचमा श्री ५-को उपस्थिति साँच्चिकै शोभायमान थियो। यो जात्रा खास गरी किसान दाजुभाइहरूले मनाइने पर्व हो। यथेष्ट मात्रामा रक्सी, जाँड पिई जस्तोसुकै दुःख र चिन्तालाई पनि बिर्सी आनन्दपूर्वक श्री पचली भैरवनाथको यात्रामा मगनमस्त हुन्थे। राष्ट्रपिता आफ्ना प्यारा प्रजाप्रति अपार प्यारले मग्न भै प्रजासँग लसपस गर्दै पैदलै त्यस स्थानमा पुगिबक्स्यो।

गोरो, गोल अनुहार, घुम्रिएको कपाल, सलक्क अग्लो उँचाइ, हँसिलो मोहडा भएका प्यारा राजा स्वर्गलोकबाट मानौं इन्द्रराज नै ओर्लेका हुन् कि जस्तो लाग्दथ्यो। मुटुभन्दा पनि प्यारा राजा आफ्ना बीचमा पाउँदा जनता जति मग्न थिए, उति नै जनताका हृदयेश्वर आफ्नो ज्यानभन्दा प्यारा प्रजाको बीचमा आफूलाई पाउँदा खुशी देखिइबक्सन्थ्यो।

स्वागत गर्न ठीक पारिएको स्थानमा पुगिबक्सेपछि मात्र पुलिसहरूद्वारा जनताको लसपस अलग्ग गराइयो। स्वागत स्थानमा पुगिबक्सेको केही समयपछि अम्बाका डोकाहरू ल्याई श्री पचली भैरवनाथको बेताल भएको खुला जग्गामा चढाउन थाले। हामीहरू पनि एक स्थानमा बसी हेरिरहेका थियौं। राम्रा-राम्रा पाकेका अम्बाहरू आफ्ना प्यारा राजाबाट चढाइबक्सेको प्रसाद लिन मानिसहरू हारालुछ गर्न थाले। अम्बा पाउनेहरूमध्ये केहीले तुरुन्त त्यहीं टोक्न थाले। टोक्दा त अम्बाभित्र दाम पो टोक्न पुगेछन्। अम्बाभित्र दाम भएको कुराले चारैतिर उमंग फैलन थाल्यो, अम्बा लिने संख्या झन् बढ्दै गयो। प्रजाहरूको यो रमिताबाट प्यारा राजा पनि हँसिलो मुहारले रमाइबक्सिदै थियो।

यसबाट प्रमाणित हुन्छ कि राष्ट्रपिता श्री ५ महाराजधिराज त्रिभुवनवीरविक्रम शाहदेवको आफ्ना प्रजाहरूमा कत्रो ममता? रक्सी, जाँड यथेष्ट मात्रामा पिई खुशीको लहरले उर्लिरहेका किसान दाजु-भाइको मेलामा मौसूफको यो व्यवहार आफ्ना बालबच्चाप्रति हुनुपर्ने पितृस्नेहसिवाय अरू के भन्नु? बाह पिता! बाह पुत्र!

यथा पिता तथा पुत्र!

२. होमियोप्याथीमा श्री ५ त्रिभुवनको देन

सयौं वर्षदेखि निरंकुश शासनको पीडाबाट उकुसमुकुस भई मुक्त हुन एक कोटि नेपालीमध्ये धेरै आफ्नो जीउ-ज्यानको बाजी राखी क्रूर राणा-शासनसँग लड्दै-भिड्दै बलिदान भए। धेरैले आफ्ना-

आफ्ना तन, मन र धनको समेत पर्वाह नराखी संघर्ष-क्षेत्रमा अग्रसर भई काम गरे। कतिले जेलयात्रा गर्नुपर्‍यो। कतिले आफ्नो सर्वस्व गुमाउनुपर्‍यो। मुलुकको घर-घरमा र जनताको मुख-मुखमा के होला र कसो होला भन्ने शंका व्याप्त थियो। धेरैजसो बुद्धिमान् र विद्वान्हरू सचेष्ट थिए र स्वतन्त्रता र सार्वभौमिकताको हावामा सास फेर्न पाउने आशामा थिए।

यस सन्दर्भमा, हाल उच्च शिखरमा पुगिरहेको एलोप्याथिक चिकित्सा-विज्ञान पनि उस बेला निकै सीमित अवस्थामा थियो। जनता पनि उस बेला चिकित्साको निकै सानो परिधिमा थिए। होमियोप्याथिक चिकित्सा एक-दुई सेता घरहरूमा मात्र आफ्नै व्यक्तिगत सोखमा राखिन्थ्यो, राष्ट्रिय रूपमा राखिएको थिएन। अन्तिम राणा प्रधान मन्त्री श्री ३ मोहनशमशेर ज० ब० रा०-बाट काठमाडौंस्थित धरहरामा एक 'ज्ञानेन्द्र-मोहन होमियोप्याथिक चिकित्सालय' खोलिएको पनि नाममात्रको थियो।

हाम्रा परमपूज्य अतिप्रिय राजा श्री ५ त्रिभुवनको होमियोप्याथिकमा कत्रो असीम श्रद्धा थियो होला, तर समयानुकूल त्यस बेला हाम्रा पूज्य राजासम्म होमियोप्याथिकको आवश्यकता र महत्त्व पुर्‍याउन असम्भवमात्र थिएन, प्रयास हुनु पनि अपराधजस्तो ठानिन्थ्यो। प्रयत्नमात्र गर्नु पनि पाप हुन्थ्यो। यस्तो गर्ने भए पनि कसरी र कुन युक्तिबाट गर्न सकिन्थ्यो र! जनता सशंक र भयभीत थिए। देश र जनताका सुझाव दिनेहरू त राणाहरूको आँखामा बिझाउने धूलाजस्ता हुन्थे।

होमियोप्याथिक विज्ञान सरल र सस्तो चिकित्सा-प्रणाली हो। हाम्रो देश नब्बे प्रतिशत कृषि-प्रधान देश हो। जनता धेरै गरीब छन्। होमियोप्याथिक चिकित्सा हाम्रो जस्तो गरीब देशलाई आर्थिक दृष्टिकोणबाट मात्र सुहाउँदो नभै सुलभ तथा थोरैमात्र औषधीले पनि धेरैको फाइदा हुने र अत्यन्त दुर्गम स्थानमा पनि ल्याउन-लान धेरै सजिलो हुनुको कारणबाट औधी नै ग्राह्य छ। संसारका हरेक सभ्य मुलुकमा होमियो-

प्याथिकको ठूलो कदर छ। यसका जन्मदाता एक जना सुप्रसिद्ध विद्वान् डाक्टर साम्युयल हेनिमन हुन्।

आफ्ना जनताको आकांक्षा बुझी काँधमा काँध मिलाई राणा-शासनको विरुद्ध लड्न संघर्ष-क्षेत्रमा हाम्रो प्यारा राजा श्री ५ त्रिभुवन उत्रिबक्स्यो। त्यस बेला मौसूफबाट आफ्नो धन, जन र सिंहासनको पनि पर्वाह राखिबक्सेन। फलस्वरूप सत्यको विजय भयो। असत्यले पराजित हुनुपर्‍यो। प्यारा राजाबाट आफ्ना जनता सँगसँगै सुख र सन्तोषको सास फेरिबक्स्यो। २००७ साल फागुन ७ गते मुलुक राणा शासनको क्रूर पन्जाबाट मुक्त भयो। जनता सुख, शान्ति र आनन्दको अनुभव गर्न थाले। के गरे आफ्ना प्रजा सुखी हुन्छन्, मुलुक धनी हुन्छ र जनताको स्वास्थ्य तन्दुरुस्त हुन्छ भन्ने कुरामा मौसूफलाई रातदिन व्यस्त रहनुपर्‍यो। राणा-शासनकालमा जनताको स्वास्थ्यको केही मूल्य थिएन। जतिलाई जुनसुकै किसिमको रोग-व्याधिबाट ग्रस्त पारेको होस्, नाममात्रका केही चिकित्सालयहरूमात्र थिए।

डाक्टर साम्युयल हेनिमनको महान् त्याग, तपस्या र अध्ययनबाट प्रकाशमा आएको सरल र सुलभ तरीकाबाट आम जनताको स्वास्थोपचार हुने होमियो-चिकित्साको प्रणालीलाई प्रोत्साहन दिन आवश्यक छ भन्ने श्री ५ त्रिभुवनबाट बुझिबक्स्यो। फलस्वरूप 'अखिल नेपाल होमियोप्याथिक एशोसिएशन'-को समुद्घाटन हजारौं गण्यमान्य व्यक्तिहरूका सामुन्ने लैनचौरमा २००७ साल चैत्र १६ गते मौसूफका बाहुलीबाट सुसम्पन्न भयो। यसरी मौसूफबाट होमियो डाक्टरहरूले प्रोत्साहन तथा दुःखी रोगीहरूको सेवा गर्ने मौका पाएका थिए। त्यस बेलादेखि नगरपालिकाको विधानमा प्रचलित चिकित्सा-विज्ञानमध्ये होमियोप्याथीले पनि स्थान पाउँदै आएको छ। हिजोआज त यसले जनता र सरकारको तर्फबाट समेत दिनानुदिन निकै श्रद्धा पाउन थालिरहेको छ।

योग्य पिताका योग्य पुत्र भई जन्मिबक्सेका हाम्रा प्यारा भन्दा पनि प्यारा राष्ट्रनायक श्री ५ महेन्द्रबाट आफ्ना पूज्य पिताज्यूको सपनालाई साकार पारिबक्सिन होमियोप्याथलाई पनि शाही चिकित्सकमा

राखिबक्स्यो। यो मौसूफ सरकारको होमियोप्याथिप्रतिको आस्था र अभिरुचिको परिचायक हो। होमियोप्याथिक डाक्टरहरूका लागि यो औधी नै हर्ष र गौरवको कुरा भएको छ। अझ यसमाथि थप इन्डोर शय्यासहितको हस्पिटल खोल्ने तथा छात्रहरूलाई छात्रवृत्ति प्रदान गरी विदेशमा होमियोप्याथिकको अध्ययन गर्न लगाउने आदि जुन काम श्री ५-को सरकारबाट भयो, यो अति महत्त्वपूर्ण छ। वस्तुतः यी सबै क्रियाकलापको बीजारोपण राष्ट्रपिता श्री ५ त्रिभुवनबाट भएको हो। अतः नेपालका होमियोप्याथहरूले तथा होमियोप्याथी उपचारबाट लाभ उठाउने जनताले मौसूफ श्री ५ त्रिभुवनको यो चिरस्मरणीय देनलाई कहिल्यै बिर्सनैछैनन् भन्ने मेरो धारणा छ।

*****

एकला चलो

भवानी भिक्षु

कुनै सुफलको लागि वृक्षारोपण आवश्यक हुन्छ, वृक्षमा जरा नभए त्यो पल्हाउने नै होइन। हाम्रो देश वस्तुतः राज-वंशमात्रैको इतिहास नभई अमात्य-वंशको इतिहाससम्बद्ध छ। विभिन्न देशहरूका इतिहासमा राज-वंशले प्रथम सक्रियता पाएको र अमात्य-वंश अनुसरक इतिहास मात्रै भएको थाहा पाइएको छ। तर हाम्रो देशको इतिहासमा त्यस्तो कुरा छैन। यहाँका अमात्य-वंश लिच्छवि-कालमा, मल्ल-कालमा साथै शाह-वंशको समयमा न केवल विशेषता पाएका वरन् लगभग प्रमुखता पाएका छन्। त्यतिमात्रै भएको भए पनि सन्तोष लिन सकिन्थ्यो। तर त्योभन्दा पनि बढ्ता नेपालका अमात्य-वंशको इतिहासमा प्रतिस्पर्धा, प्रतिरोध अथवा शत्रु-भावजस्ता धेरैजसा परिच्छेद छन्। नेपालका राजाहरूलाई शत्रुहरूसित अल्पकालसम्म लडाइँ गर्नुपरेको छ भने आफ्नै मन्त्रीहरूसित लगभग सधैंभरि अप्रत्यक्ष लडाइँ चलाइरहनुपरेको छ। यस परम्परामा राजा त्रिभुवनको राज्यकाल 'चरम युग'-संज्ञाप्राप्त छ। महा मन्त्रीहरूका अथवा मन्त्री-वंशको राजाप्रति दुष्टचाइँ, अपमान-प्रदर्शन, विरोध नभनी भनौं शत्रुता, आफ्नो चरमोत्कर्षमा पुगेको इतिहास छ। यिनीहरू बाहिरिया शत्रु अवश्यमेव थिएनन्, तर त्यसभन्दा पनि बढ्ता घातक भित्रिया शत्रु थिए।

राजभवनभित्रको नैरन्तरिक उदास वातावरण, अनुत्फुल्ल दिनचर्या र पिल्सिने आत्म-व्याकुलताका हामी प्रत्यक्षदर्शी हौं। श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवका जीवनको साढे तीन भाग यसैमा

बितेको छ। मौसूफको ठाउँमा अरू भएको भए उसको मानिस त के आत्मा नै मरेर जाने थियो, हन्यता प्राप्त हुन्थ्यो। तर राजा त्रिभुवनको आत्म-इतिहास बेग्लै खालको छ। राज-वंशानुक्रममा अरू राज्याधिकारी कुमारहरूले जहाँ आफ्ना आमा-बाबुका कमसे कम शैशवकालीन संरक्षण पाएका थिए, उहीं शिशु त्रिभुवनले वंशका भयंकर कूट-स्वार्थी अमात्य चन्द्रशमशेरको नियन्त्रण पाएका थिए। केटाकेटी कालदेखि नै मौसूफलाई संसारभरिका कलुषले आवृत राखेको थियो। त्यसैको अनुगामी मौसूफको परिपालन, शिक्षा-दीक्षासमेत भएको इतिहास छ। युवाकालमा मौसूफको चारैतिर कुटिल संरक्षण, संरक्षण होइन कि संरक्षणको रूपमा नियन्त्रण रहेको थियो। यहाँ त्यस इतिहासको पुनरावर्तन आवश्यक छैन। तर एउटा अचम्मलाग्दो कुराबारे विश्वको ध्यान मौसूफप्रति आकर्षित नभएको होइन––त्यो कुरा थियो जसले राजा त्रिभुवनलाई त्यतिको साहस, धैर्य, क्रान्ति-भावना र प्रजातान्त्रिकता दियो, मौसूफको शैशव-कालदेखि लिएर २००७ साल अघिसम्मको वातावरणमा दृष्टि पुऱ्याएर घोरिए पनि विचारमा कुनै ठोस कारण, विशिष्ट परिस्थिति अथवा कुनै विचित्र अथवा कुनै विचित्र घटना-शृंखला देखा पर्दैन। बरु जो-जति मौसूफका वरिपरि रही मौसूफलाई आफ्ना घेरामा राखेका सृजन थिए, जस्ता वातावरण थिए, ती साराका सारा विलास र वासना, मानिसका शारीरिक, चारित्रिक, मानसिक स्तरलाई ओह्राल्नेबाहेक उकाल्ने कुरा छँदै थिएनन्। त्यसो भए फेरि?……उत्तर केही पनि पाइँदैन। एउटै सूत्र छ, एउटै कुरामा उत्तरको आधार स्थापित गर्न सकिन्छ, र त्यो हो––जन्मजात आत्मिक संस्कार। त्रिभुवन राजा हाम्रो देशको लागि प्रकृतिका वरदान थिए। वरदानबाहेक अरू कुनै संज्ञा त्रिभुवन भन्ने महामानवलाई दिन सकिंदैन। भन्न सकिन्छ, देशमा क्रान्तिको वातावरण आइसकेको थियो र त्यसको उपयोग पनि त्रिभुवनलाई प्राप्त भएको थियो। तर इतिहास त्यसभन्दा अझै पछिल्तिर लाग्दछ। त्यहाँ त्रिभुवन एक्लै क्रान्तिद्रष्टा भई बसेको देखा पर्दछ। ती साराको पनि पुनरावृत्ति गर्नु पर्दैन, हामी सारालाई जम्मै थाहा छ। राजा त्रिभुवनलाई प्रारम्भदेखि लिएर जीवनान्तसम्म साथ दिने वा सहायक-स्वरूप कोही केही पनि थिएन। जो आए वा जो-जतिका उपयोग गरियो ती साराका सारा त्रिभुवनकै सृजन वा उब्जा थिए। तिनीहरूलाई

राजा त्रिभुवनका केही हात-हतियारबाहेकका अन्य कुनै संज्ञा दिन सकिंदैन, जुन हात-हतियारको उपयोग त्रिभुवनले गरे। अत्यन्त सुदृढ नियन्त्रण-शृंखलाले आवृत राजमहलको सुन्दर र रमाइलो झ्यालखानको पर्खाल नाघी त्रिभुवनले के-के गरे, कसरी गरे––त्यो रोमाञ्चक कथा, जगत्-इतिहासमा उपन्यासजस्तो मार्मिक, आकर्षक र रोचक परिच्छेद हुनेछ।

राणा-आधिपत्यबाट नेपाललाई मुक्ति दिलाउन भनी त्रिभुवन वीरविक्रमशाहदेवले आफ्नो वंशानुक्रमीय राजपरम्परालाई दाउमा थापिबक्सियो। राजधानी छोडी निस्कँदा या त देश-मुक्ति अथवा अन्तिम रूपले देश-त्याग––मौसूफको अठोट थियो। देश-त्यागभित्र त्यस वंशानुक्रमिकताबाट राज्यापहरण पनि कल्पनाभित्र परेन होला, यसको कल्पना नै गर्न सकिंदैन। तैपनि त्रिभुवनको राजमहलबाट प्रस्थानको अर्थ मुक्ति अथवा राज्य-परम्परा-विसर्जनको साहस सँगाली सपरिवार भावी राज्योत्तराधिकारी (वर्तमान श्री ५-लाई) समेत लिएर देशबाहिर मुक्ति-संग्रामार्थ प्रस्थान गरिबक्सियो। परिणामस्वरूप राणाशाहीबाट देश मुक्त भयो, त्राण पाइयो।

स्वतन्त्रतापछि पनि राजा त्रिभुवनलाई आजीवन संघर्षले छोडेन। विभिन्न मन्त्री-मण्डल, विभिन्न झगडा-कलह, देशको नेतृत्वको पारस्परिक लडाइँमा त्यसको तात्कालिक स्याहार-सँभार अनेकन् थोक त्रिभुवनको टाउकोमा परेको, पर्दै रहेको जानकारी सारालाई छ। यस्तो परिस्थिति हाम्रो इतिहासगतै छ जसमा राजा त्रिभुवनलाई एकलै पर्नुपरेको छ। नेतावर्गले देश हेर्न सक्दैनथे, पार्टी अथवा पारिवारिक कलहप्रधान भएको थियो। अन्य व्यक्तित्वहरूको भर पनि पाइएन। ती सारा स्वार्थ-साधनारत थिए। तिनीहरूको प्रयोग व्यर्थैमात्र होइन, अलाभकर पनि सिद्ध भएकै हो। एकताका त कस्तो पनि भयो भने, देशलाई सोझै शासनमा लिन नचाहने, तर अरू कोही शासनभार लिंदै नलिने (तर आफ्नो किसिमले पाए लाभ जरूर उठाउन चाहने) भयो। राजा त्रिभुवनको जीवन-इतिहासमा त्यस्तो एकलै पर्ने, परेका अनेकन् परिस्थितिहरू छन्। कहाँसम्म भने स्वास्थ्यसमेतले पनि साथ

दिएको थिएन। प्रजातान्त्रिक मर्यादा एकातिर र नेतृत्व-कलह एकातिर, माझमा राजा त्रिभुवन। पिल्सनुबाहेक केही पनि थिएन। देश दरिद्र, गति अवरुद्ध, व्यवस्था अस्त-व्यस्त, नेतृत्व शून्य र दायित्वमा केवल राजा त्रिभुवन। तर पनि मौसूफले धान्दै गइबक्सियो––जीवनको प्रारम्भदेखि मृत्युपर्यन्त। मर्ने बखत पनि देशको पृथ्वीको अंक पाइएन, देशवासी थिएनन्, टाढा विदेशमा, विदेशी हेरचाहमा, एकलै यो संसार छोडिबक्सियो। आजन्म-मृत्युको एकलो साथी स्वयम्, एकलो संग्रामकर्ता स्वयम्, एकलै कर्ता स्वयम्, एकलो निर्वाहि स्वयम् एकलो दायित्ववाहक स्वयम् र एकलै परिभोक्ता, परिवाहक, साधक स्वयम्; सम्पूर्ण मानवीयताको रचनासाथ मनुष्य-शरीरधारी राजा त्रिभुवनको आर्यघाटमा अन्तिम शय्या-चन्दन-चितामाथि अग्निशिखाभित्र दर्शन पाएको बखत आँसुले भरिएको आँखासाथ अवरुद्ध कण्ठ-स्वरमा एउटा अर्को महामानवको वाणी यस लेखकको मनले गुनगुनाएको थियो––

जदि तोमार साथ केउ देये नचाए
––तुमि एकला चलो रे,
एकला चलो, एकला चलो, एकला चलो रे।

(रवीन्द्र)

सँगसँगै संसारका एउटा अन्य महामानवको आन्तरिक र निश्छल भावोद्‌गार पनि यस लेखकको प्राण र मनले नसम्झिरहन सकेन––

राजा भएर पनि आफ्नो देशको, आफ्नो जनताको लागि क्रान्ति गर्ने राजा त्रिभुवन एउटा असाधारण राजा हुन्।

(जवाहरलाल नेहरू)

*****

पुण्य स्मृति

भीमनिधि तिवारी

१

श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेव सरकारको पहिलो चोटि दर्शन मैले कहाँ पाएँ, कहिले पाएँ ठीक सम्झन सक्तिनँ। नारायणहिटी दरबारको दक्षिण ढोका जो पहिले मूल ढोका थियो, त्यहाँबाट मेरो घर आठ-दस मिनेटको फासलामा भएकोले मौसूफ सरकारको दर्शन सन्ध्याको सफरमा म बराबर नै पाइरहन्थें। तर त्यो परिचय एक पक्षीयमात्र थियो। अस्तु।

संवत् २००१, जेठ महीनामा लैनचौरमा खुलेको उद्योग-प्रदर्शिनी भूमि जहाँ अहिले खानि-विभागको भवन छ बिजुलीको अत्यधिक प्रकाशले घाम लागेझैं थियो। घरेलु इलम प्रचारक अड्डाको 'टेक्सटाइल एक्सपर्ट' म आफ्नो विभागको स्टलमा प्रदर्शकको रूपमा खडा थिएँ। कपडाको मजबूती धागोको कताइको मजबूतीमा निर्भर गर्ने भएको हुनाले पहिलो काम धागोकताइको परीक्षा गर्नु नै मुख्य हुन आउँछ। अतः मैले एउटा यस्तो एकतर्फे तराजूको आविष्कार गरेको थिएँ, जसले धागो कताइको मजबूती छुट्टाउँदथ्यो। त्यो त्यहीं प्रदर्शनको लागि राखिएको थियो। त्यसैको छेउमा आविष्कारकका रूपमा मेरो नाम पनि रहेको थियो।

करीब आठ बजेको समय श्री ५ त्रिभुवनबाट प्रत्येक स्टल बिस्तार-बिस्तार नजर हुँदै-हुँदै 'एकतर्फे तराजू'-को सामुन्ने उभिएर त्यसको सबै कार्यविधि अति चाखका साथ सोधिबक्स्यो। त्यसै अवसर मैले

पनि त्यसको सबै कार्यविधिको व्याख्या गर्ने र प्रयोग नजर गराउने अवसर पाएँ।

मौसूफ सरकारसित मेरो पहिलो प्रत्यक्षीकरण त्यसै बेला हुन गयो। त्यहाँ मेरो नाम आविष्कारकको रूपमा रहेको नजर भएर हुकुम भयो—"यो मानिस को हो नि?" मैले सभ्यता र शिष्टताको मर्यादालाई पालन गरेर त्यो मानिस आफू नै भएको कुरा लक्ष्य गरें। त्यसपछि छिनभरसम्म मउपर गहन निरीक्षण गरिबक्सेपछि हुकुम भयो—"मैले तिमीलाई चिनेको छु," छिनभरपछि "बुझेनौ? मैले चिनेको छु।" मेरो तर्फबाट निहुरेर दुई हात जोड्नुसिवाय अरू केही हुन सकेन। किनकि त्यस बेला श्री ५-बाट चिनिएको व्यक्ति हुनु खतराजनक सम्झिइन्थ्यो जब कि उस बेलाका प्रधान मन्त्री जुद्धशमशेरका नाति, ठानाका जर्नेल, मौसूफका साथसाथ थिए र मउपर गहिरो आँखाले हेरिरहेका थिए। एक्कै छिनपछि अगाडि बढ्दै मौसूफबाट पुनः हुकुम भयो—"बुझेनौ? तिमीलाई मैले चिनेको छु।" 'बुझेनौ' भन्ने शब्दमा गहिरो रहस्य थियो। केवल लेखकको रूपमा मात्र मौसूफले मलाई चिनिबक्सेको होइन, परन्तु १९९७ सालको क्रान्तिकारी घटनासित सम्बन्धित थियो। दुई क्रान्तिकारी जीवराज र चूडाप्रसाद मेरा दुई साथी, जसको साथ बनारसमा सँगै बसेर एकै वर्ष परीक्षामा उत्तीर्ण भइएको थियो र ती दुवै अझै साथीका रूपमा छँदै थिए (पछि ती दुवै मन्त्री भए)। अर्का शहीद बलबहादुर पाँडे जो प्रजा-परिषद्का उत्तेजनात्मक पर्चाहरू राति-राति यत्रतत्र छर्दथे, उनी मेरा घरका छात्र थिए भन्नमा मलाई गर्व हुन्छ।

नेपाली साहित्य प्रेस नामक सानो प्रेस आफ्नो घरमा स्थापना गरेर बसेको बेला एक दिन बिहान टङ्कप्रसाद आचार्य मेरै प्रेसबाट ती पर्चाहरू गुप्त रूपले छपाइदिने आग्रह गर्न आउनुभएको थियो। मेरो प्रेसको टाइपको खास आकृतिबाट छापिएको स्थान पत्ता लाग्न सक्ने भएको हुनाले निक्कै बेरको सरसल्लाहपछि उहाँ विश्वस्त भएर फर्कनुभएको थियो। यी सब गोप्य रहस्य, यस्तै अरू घटनाहरूको कारणले जसको विवरणको यहाँ आवश्यक छैन, मौसूफबाट म अघिदेखि नै परिचित भएको थिएँ।

२

संवत् २००७, माघको अन्त वा फागुनको शुरूमा श्री ५ त्रिभुवन राजनीतिक सफलता प्राप्त गरेर सपरिवार नेपाल भित्रिबक्सने भन्ने कुरा निश्चित रूपमा सर्वत्र फैलिसकेको थियो। मौसूफको स्वागत कुन भव्य रूपले गरौं भन्ने विचार प्रत्येक देशवासीका हृदयमा उब्जिरहेको थियो। एक दिन प्रख्यात उस्ताद बद्रीले मेरो घरमा आएर मसित आग्रह गरे—

"वाबू, एउटा गीत बनाइदिनुपर्‍यो।"

"कस्तो गीत ?"

"महाराजाधिराजको नेपालमा फिर्ती सवारी हुने दिन मौसूफको सवारीको अघि-अघि हजारौं जनताले ब्यान्डको साथ एक आवाजले जुलुसको रूपमा गाउन हुने खालको।"

मैले स्वीकृति दिएँ, किनकि मौसूफको स्वागतार्थ म पनि एक थुँगा फूल हुन चाहन्थें। गीतको रचना गरेर मैले निज उस्तादलाई भोलिपल्टै दिएँ।

ऐतिहासिक राष्ट्रिय गीत

दु:ख गयो, सन्ताप गयो, गयो भय सब क्लेश,
त्रिभुवनको पनि सफलता लिई परदेशबाट भयो प्रवेश,
छैन कहीं कल्मष लेश,
धन्य भो हाम्रो देश!
हाम्रो देश! हाम्रो देश! हाम्रो देश!

नेपालका महावतार! शान्ति, सुखका नाथ नरेश!
अन्धकारमा शशी उदाए, अमृतको भयो प्रवेश,
छैन कहीं विराग द्वेष,
उज्ज्वल हाम्रो देश!
हाम्रो देश! हाम्रो देश! हाम्रो देश!

शताब्दीसम्म दमन गरिएको जर्जर नाङ्गोभेष
नव जीवनको, नव जागृतिको, नव उत्साहको भयो प्रवेश,
उठ्यो अब हाम्रो देश!
जाग्यो हाम्रो देश!
उन्नति-पथमा अघि लाग्यो हाम्रो देश!
हाम्रो देश! हाम्रो देश! हाम्रो देश!

श्री ५-को तसवीर खटमा राखी माघ १४ गते निकालेको जुलुसमा यो गीत गाइएको थियो। जुलुसमा आठपहरियाहरूले खुकुरीहरू नचाई खट, हार्मोनियमहरू सबै फाडफोड पारेका थिए। यो गीत चैत्र ३ गते लेखकले नै श्री ५-लाई सुनाउने मौका पाएको थियो।

पछि, यो गीत **जागरण** साप्ताहिक पत्रको वर्ष १ अंक ११ अर्थात् २००८ वैशाख १३ गते गुरुबारको अंकमा मुख पृष्ठमा प्रकाशित भएको छ।

म सोचिरहेको थिएँ, मौसूफको नेपाल फिर्ती सवारी हुने दिनलाई पर्खिरहेको थिएँ। एकाएक माघ १४ गते साँझमा उनै उस्ताद बद्री कालो नीलो मुख लगाएर, आत्तिएर, घबडाएर कराउँदै आए—"बाबू, के गर्ने? अब के गर्ने? ज्यान त बाँच्यो। अब के हुने हो!" मैले कुराको छेउ-टुप्पो केही बुझ्न सकिनँ र सोधें—"होइन के भो?"

उनी एकै सासमा भन्दै गए—"त्यही गीतमा लय हालेर, श्री ५-को तसवीर खटमा राखेर जुलूसको साथ गाउँदै-गाउँदै बानेश्वरबाट निस्किएर शहरतिर लागें, अपार भीड गाउँदै-गाउँदै पछि-पछि लाग्यो। भोटाहिटी पुग्नासाथ सिंहदरबारबाट आएका आठपहरियाहरूले नाङ्गो खुकुरी झिकेर श्री ५-को तसवीरलाई पनि काटे, हार्मोनियम काटे, तबला काटे; झन्डै मलाई पनि काटेका थिए। म पुड्को मान्छे हुनाले हूलमा बिलाएर भाग्न सकें। ती आठपहरियाहरूचाहिं मच्छिन्द्र बहाल, इन्द्रचोकतिर नाङ्गै खुकुरी लिएर दौडिरहेका थिए। अहिलेसम्म क-कसलाई के-के गरिसके।" नभन्दै घटना अति भयानक थियो। गीत रचयिता म आफू भएको हुनाले मलाई पनि भयभीत हुने कारण पर्‍यो र मैले उनलाई भनें—"यस्तो गल्ती किन गरेको? मैले त यो गीत दिएको

थिएँ श्री ५ महाराजाधिराजको सवारी हुने दिन हवाईअड्डादेखिन् नारायणहिटी दरबारसम्म जुलुसका साथ गाउनको निमित्त पो।" उनले आफ्नो गल्ती स्वीकार गरेर भने––"गीतको लय राम्रो बस्यो बाबू, एक चोटि रिहर्सल गरूँ भनेर केही मानिस लिएर गाउँदै निस्केको थिएँ, भोटाहिटी पुग्दा-नपुग्दै हजारौंको भीड पछि लाग्यो; अनि यस्तो काण्ड हुन गयो। अब म कहाँ जाऊँ? के गरूँ?" त्यसपछि छिनभर त म पनि अक्क न बक्क भएँ। मस्तिष्कमा केही पनि सुझेन। तर पछि एउटा सल्लाह दिएँ जसमा उनी पनि बच्ने, म पनि बच्ने उपाय थियो।

श्री ५ त्रिभुवन दरबार भित्रिबक्सेको केही दिनपछि मैले पाएको चैत्र ३ गतेका दिनको पहिलो दर्शन-भेटमा यी सब घटनाका वर्णन र उपर्युक्त गीत पनि मौसूफका जुनाफमा जाहेर गर्ने अवसर पाएँ। त्यो घटनाको वर्णन र नाटकीय ढङ्गले पाठ गरेको गीतले मौसूफ निक्कै नै प्रभावित होइबक्स्यो भन्न पाउँदा मलाई आजसम्म पनि एउटा अभिमानको अनुभव हुन्छ।

३

२००७ साल फागुन ४ गते नेपाली जनताको भाग्यलाई साथमा लिएर जब नयाँ दिल्लीबाट गौचर हवाईअड्डामा कुशलता र सफलताका साथ मौसूफ उत्रिबक्स्यो त्यो दिन नेपाली जनताले मौसूफ-माथि गरेको स्वागत 'नभूतो नभविष्यति' थियो। सारा नरनारी, बालक-बालिकाको हृदयमा अगाध श्रद्धा, अपार भक्ति, बेहद जोश, प्रत्येक व्यक्तिमा ठूलो चंचलता आएको थियो। म कसरी स्वागत गरूँ? मैलेचाहिं आफ्नै टोल डिल्ली बजारको चौबाटोमा सडकको दायाँ-बायाँ दुई घ्याम्पाभरि रातो मसी, पाँच हात लामो बाँसको कलम, सडकको बीचमाथि एक बागलुङे मान्द्रे ताउ कागजमा **सरस्वती स्वागत** भनेर लेखेको थिएँ। सडकभर एकसे एक सुन्दर ढोका, अनगिन्ती फूलमाला, लावा र अबीर व्याप्त थियो।

सोही ७ गते नेपालमा प्रजातान्त्रिक सरकार स्थापित हुने शाही घोषणा भयो। यसको केही दिनपछि चैत्र महीनामा मलाई दरबारमा

दोस्रो चोटि दर्शन पाउने पुनः अवसर मिल्यो। आफूले लेखेका त्यस बेलासम्म प्रकाशित भएका किताबहरू लिएर मौसूफ राज भएको स्थानमा बाहिरै जुत्ता फुकालेर भित्र उभिएको मात्र थिएँ मौसूफबाट एकाएक हुकुम भयो "त्यहाँ चिसो लाग्छ, यता आउनुहोस्।" हुकुमबमोजिम म गलैंचामा गएर उभिएँ।

पाँच-सात मिनेट दर्शनको लागि गएको एक साधारण नागरिकको स्वास्थ्य रक्षाको लागि यति चिन्तित हुने राजा शायद विश्वको इतिहासमा हामीले नै पायौं--श्री ५ त्रिभुवन!

त्यस्तो प्रकारको व्यवहार, मप्रति देखाइएको स्नेहबाट म यति प्रभावित र पराजित भइरहेको छु त्यस बेलाको त्यो स्थान, दृश्य र घटना म आजीवन बिर्सन सक्तिनँ।

जसै मैले आफ्ना सबै किताब चढाएँ मौसूफबाट **सहनशीला सुशीला**-को एकाएक छिटो-छिटो पत्र पल्टाउँदै हुकुम भयो—"मलाई तपाईंको यो ठाउँ राम्रो लाग्छ।" तब तुरुन्त नै पत्र पल्टाउँदा-पल्टाउँदै मौसूफमा के मानसिक परिवर्तन भयो कुन्नि, अनि हुकुम भयो—"होइन, तपाईंको सबै राम्रो छ नि।" तर मैले अन्दाज गरें--मौसूफले देखाउन लागिबक्सेको अन्तिम अङ्कको शायद पंचम दृश्य थियो--**'यदि तिमी मर्न चाहन्छौ भने आत्मघात किन गर्छौ? यसले ता यहाँ बदनाम, उहाँ घोर अशान्ति हुन्छ। न्यायको पक्ष लिएर अन्यायको दमन गर, संसारसँग लड, मर। म पनि मर्छु। त्यसै गरेर मर्छु। आत्मघात गर्दिनँ।**

२००७ साल फागुन २० गते मेरै आयोजनमा **नेपाल नाटक संघ**–प्रजातन्त्रको घोषणा भएपछि स्थापित भएको पहिलो संस्थाको–स्थापना भयो। त्यसपछि म पटक-पटक मौसूफको दर्शन पाउँथे र कहिलेकाहीं मौसूफबाट बोलावट पनि हुन्थ्यो। यस्तो प्रकार एकै कौच मौसूफकै साथ राखेर ममाथि अथवा नेपाली भाषा र साहित्यमाथि जस्तो स्नेह र ममता राखिबक्स्यो, यी सब कुराका छाप चट्टानमा कुँदिएका अक्षरजस्ता मेरा हृदयमा अद्यावधि स्पष्ट छन्।

२००८ साल श्रावण महीनामा **नेपाल नाटक संघ**-बाट तयार भएको ऐतिहासिक पहिलो एकांकी नाटक **राजेन्द्रलक्ष्मी** दरबारकै सिनेमा हलमा नजर गराउने मौका मिल्यो र नाटकको अन्तमा सारा कलाकारको सामूहिक स्वर-ध्वनिमा पहिलो राष्ट्रिय गीत गाएर राष्ट्रियताको बीज छर्ने अवसर मिल्यो।

राष्ट्रिय गीत

हाम्रो नेपाल! जय नेपाल!
खास एउटै वक्षस्थल हो मेचीदेखि महाकाली
हार जसका जुहारका कोशी, गण्डक, कर्नाली
छ सय छहरा गुंजन गर्छन् कतिपय निर्मल ताल
हाम्रो नेपाल! जय नेपाल!

अन्न, फलफूल, उब्जनी सुन्दर वनले शोभित सारा
खनिज निजको निधि छ दबेको बग्दछ धनको धारा
पेशा, व्यापार, उद्योगहरूको साधन क्षेत्र विशाल
हाम्रो नेपाल! जय नेपाल!

हात्ती, गैंडा, मुजूर, मुनियाँ, कस्तुरी, चौंरीगाई
यही भूमिमा विचरण गर्छन् जडीबूटी खाई-खाई
हावा-पानी विविध मनोहर दृश्य अतीव कमाल
हाम्रो नेपाल! जय नेपाल!

शम्भु, सिंभु उही मूर्ति हुन्, मानव धर्म छ एक
संस्कृतिको सुरक्षण गर्ने कला प्रचुर अनेक
आदर्श सबको सगरमाथा शुभ्र, स्वच्छ हिमाल
हाम्रो नेपाल! जय नेपाल!
जय नेपाल! जय नेपाल!

त्रिभुवन महानाट्यशाला निर्माण गर्नको लागि नब्बे हजारको निकासा भएको, रानीपोखरीको दक्षिण, सडकको रूखदेखिन् उत्तर,

मौलोदेखि पूर्व, शिवजीको मन्दिरदेखि पश्चिम यति चारि किल्लाभित्रको जग्गा उक्त महानाटचशाला वन्नको लागि काठमाडौं मालमा अद्यावधि मेरो नाममा दर्ता भएकै छ।

पछि संस्थामा कसरी विभिन्न राजनीतिक पार्टीका व्यक्तिहरूको प्रवेश भयो, सबले उक्त संस्थालाई आफूतिर घिच्याएर आफ्नो दलको प्रचार त्यसको माध्यमवाट गर्न खोजे, त्यस्तै परस्परको ईर्ष्या, द्वेष, डाह, षड्यन्त्र इत्यादि कतिपय निन्दित कार्यहरूबाट म हतोत्साहित गराइएँ र अन्त्यमा उक्त संस्था र त्यसका सारा जायज्यथासमेत मबाट खोसिएर लगिए र आजसम्म उक्त संस्था मृतप्राय अवस्थामा छ भन्ने इत्यादि गुनासो लेख्ने यहाँ आवश्यकता छैन, यो आर्कै विषय हो।

४

एक अभागी दिन, बिहान रेडियो खोल्नासाथ बेला रोएर बजिरहेको थियो। छिनभरमै रुनाको कारण प्रसार गरियो। मेरोमात्र के भनूँ लाखौं-लाखौंको हृदयमा वज्रपात भयो! मीठो सपना देखिरहेको बेला, आधा रातमै कुनै हत्याराले एक्कासि आएर काटिदिएको जस्तो अनुभव भयो। हृदयभरि शोकको मेघ उठ्यो, वेदनाको वज्र चड्क्यो, विषको वर्षा बर्स्यो।

चैत ४ गते हवाईअड्डामा मौसूफको पवित्र शव उत्रियो—मानौं हिमालय पर्वतको एउटा चुचुरो नै आएर ढल्यो। त्यस स्थानदेखि आर्यघाटसम्म, शोलामा चढाएदेखि विसर्जनसम्म, आर्यघाटको पल्लापट्टि हृदयभरि यातना र वेदना बोकेर सब शोकदृश्य हेरिरहें। राति-रातिसम्म मौसूफकै शव बलेको राँको वा चिराँकको प्रकाशमा प्रत्येक घटना कापीमा मैले कुन हृदयले लेख्दै गएँ हुँला!

त्यसपछि मौसूफलाई लिएर एउटा काव्य लेखेर अलिकति भए पनि ऋण तिर्ने उत्कट इच्छा भयो जसको लागि निक्कै अनुसन्धान गर्नुपर्‍यो। धेरै जनाको घर-घरमा गएर पाएसम्मका सामग्री जम्मा गर्नुपर्‍यो, जसको फलस्वरूप मौसूफ सरकार अस्ताए तापनि

नेपाली साहित्यमा यस्तो फूल फुल्यो जो कहिले ओइलाउँदैन, सुक्दैन, झर्दैन--**यशस्वी शव।** केही वर्ष यो किताब त्रिभुवन विश्वविद्यालय को एम० ए०-को कक्षामा पाठ्य-पुस्तकको रूपमा रह्यो पनि। अहिले बी० ए० अनर्सको पाठ्यक्रममा छ।

मौसूफ बराबर टुकुचाको नील सरस्वतीको स्थानमा राति सवारी भएर, असर्फी चढाएर दर्शन गरिबक्सन्थ्यो, पलङ्को सिरानीमा पनि सरस्वतीको मूर्ति राखिबक्सन्थ्यो, सरस्वतीको वरदपुत्र होइबक्सन्थ्यो जसको प्रसादस्वरूप प्रजातन्त्रपछि आज नेपालले शिक्षा, साहित्य, संगीत, कलामा प्रगति गर्दै आइरहेको छ।

नेपालमा मौसूफले नयाँ इतिहास बनाइबक्सेको छ; त्यस्तै इतिहासले पनि मौसूफलाई अमर शहीद बनाएको छ।

*****

राष्ट्रपिता श्री ५ त्रिभुवन

मरिचमान सिंह

१९८३ सालदेखि मलाई राष्ट्रपिता श्री ५ त्रिभुवनवीरविक्रम शाहदेव सरकारको सेवामा रहने सौभाग्य मिल्यो। सरकारको जीवनी र संसर्गबाट मैले धेरै अमूल्य ज्ञान पाएर जीवन सुखमय पार्न जानें। मैले सरकारको पाउमा रही भोग्न पाएका धेरै कुरा र घटनाहरू मेरो जीवनमा कहिल्यै पनि बिर्सन नसकिने भएका छन्। सरकारको संसर्गमा रहँदा आफूमा परेका प्रभावहरू प्रकट गर्ने मौका पाएर सम्झेका यी दुई-चार कुरा ज्यादै हर्षका साथ लेखिरहेछु।

१९८४ सालतिर राणा सरकारको इजाजतबिना किताबहरू र अखबारसमेत भित्र दरबारमा लैजान मनाही भइरहेको बेलामा मैले हुकुमबमोजिम दुइटा किताबहरू सरकारका हजूरमा लगी चढाएको थिएँ। त्यसै बेलादेखि सरकारबाट बरोबर किताबहरू ल्याउने हुकुम बक्सेको हुँदा ५०-६० हजारजतिको किताबहरू लगी चढाएँ। सरकारलाई किताब हेरिबक्सने अवसर राणा सरकारले नदिएको भए तापनि राति नौ बजेपछि माथि सवारी होइबक्सी ठूलो चाख लिएर अध्ययन गरिबक्सिन्थ्यो। यसबाट राणा सरकारले श्री ५ महाराजाधिराजलाई बाहिरी वातावरणबाट बिलकुल अलग राख्ने कोशिस गरेको भए तापनि किताब र अखबारहरूको अध्ययनबाट दुनियाँको हाल बुझेर राजनीतिमा सुधार ल्याउने मौसूफको चाख रहेछ भन्ने स्पष्ट झल्किन्छ।

अन्दाजी १९८५ सालतिर राष्ट्रपिता सरकारबाट एक दिन मलाई राति ९ बजेतिर ग्यारेजमा बसिराख्नू भन्ने हुकुम भएको थियो। सरकार श्री ५ जेठा बडा महारानी सरकार र श्री ५ कान्छा बडा महारानी सरकारका साथ अन्दाजी ९ बजेतिर ठूलो बैठकबाट बाहिर टेनिसकोर्टमा खानेकुरो ज्यूनार गर्न भनी सवारी होइबक्स्यो। श्री ५ बडा महारानी सरकारहरूबाट खानेकुरो रूमालमा पोको पारी ल्याइबक्सेको थियो। खानेकुरो सरकारबाट ज्यूनार गरिबक्सेपछि मलाई 'खानेकुरो लिन आऊ' भनी बोलाई खानेकुरो बक्स्यो। खानेकुरो बक्सेकै रूमालमा किताबहरू पनि पोको पारी ल्याऊ भनी बिस्तारै हुकुम भयो। मैले खाना खाएर त्यही रूमालमा किताबहरू पोको पारी टक्र्याउँदा 'महारानी सरकारहरूलाई नै देऊ' भनी हुकुम भयो। ती किताबहरूको पोको खानेकुराको पोकोजस्तै पारी श्री ५ जेठा बडा महारानी सरकार र श्री ५ कान्छा बडा महारानी सरकारबाट बोकिबक्सी बेलुकी अन्दाजी १० बजेतिर अघि-पछि चल्ती नभएको ठूलो बैठकबाट भित्रिबक्सन लाग्यो। साथमा अरू कोही नोकरहरू नराखी राष्ट्रपिता श्री ५ सरकार दुवै बडा महारानी सरकारहरूका साथ सवारी भएको हुँदा सेन्टरीले रोकेको थियो। यसरी रोक्दा सेन्टरीको नजीक सवारी भई 'बाबू, तिमीले मलाई चिनेनौ ?' भनी हुकुम बक्सी सरकारबाट आफैले टर्चलाइटले आफ्नो मुहार देखाएर भित्रिबक्सेको थियो। यस घटनाबाट सरकारलाई कति र कस्तरी प्रतिबन्ध लगाइएको थियो र त्यस बखतमा श्री ५ जेठा तथा कान्छा बडा महरानी सरकारहरूको पनि कति सहयोग थियो भन्ने कुरा स्पष्ट झल्कन्छ।

१९८५ सालमा एक पल्ट राजदरबारमा भोज-भतेर बक्सँदा सरकारबाट नै मलाई 'खाऊ' भनी राखिदिइबक्सियो। यसरी बरोबर मौसूफका बाहुलीबाट हामीहरूलाई राखी ख्वाइबक्सिन्थ्यो, चुरोट, सुपारी बाँडिबक्सी सलाईसमेत बालिबक्सन्थ्यो। सरकारको आफ्ना सेवकहरूप्रति यस्तो अगाध स्नेह, माया र दया थियो। मौसूफ सरकारको रूपमा मात्र रहिबक्सेन, सरकार नै जनताको सेवक हो भन्ने भावना मौसूफमा धेरै अघिदेखि रहेको कुराको मलाई अनुभव भएको छ। यी कुराहरूको पुष्टिका लागि अरू पनि धेरै घटनाहरू छन्।

ती घटनाहरूलाई व्यक्त गरिरहन साध्य हुँदैन। बरोबर शिकारमा सवारी हुँदा पनि पछि लागेका सर्वसाधारण जनता र नोकर-चाकरहरूलाई समेत खानेकुरा आफैले बाँडिबक्सिन्थ्यो। खानेकुरा खान अलि ढिलो भएमा हुकुम हुन्थ्यो––"नखाईकन पनि काम गर्न सकिन्छ? म खानेकुरो पठाइदिन्छु, बाँडेर खाओ!" कहिलेकाहीं त सरकारबाट नै बोकेर ल्याइबक्सिन्थ्यो र बाँडिबक्सिन्थ्यो।

१९८६ सालमा सिकिस्त बिरामी चन्द्रशमशेरलाई हेर्न राष्ट्रपिता श्री ५ त्रिभुवन सरकारको सवारी हुँदा चन्द्रशमशेरले 'मैले जे भूल गरेको भए तापनि माफी पाऊँ, सरकार!' भनी बिन्ती चढाएको कुरा सोही साल मार्ग १० गते एक-दुई बजेतिर मलाई बताइबक्सँदै मौसूफबाट हुकुम भएको थियो––"त्यस बेला मैले माफी नदिई भएन!" यी कुराहरूबाट मैले राणा सरकारसित मौसूफको मन फाटेको र राम्रो मेलमिलाप नभएको बुझें। त्यति भैकन पनि अन्त्य अवस्थामा राणाहरूलाई माफी दिने मौसूफ साँच्चि नै करुणानिधान होइबक्सिन्थ्यो।

१९८७ सालतिर राष्ट्रपिता श्री ५ त्रिभुवन सरकारले विदेशबाट कुकुर झिकाइबक्सेकोमा 'मली' नाउँ गरेको कुकुर लिएर बेलुका आठ बजेतिर ज० रामशमशेर आउनुभएको थियो। पोशाक-कोठाबाट बाहिर सवारी भई भित्र बरन्डाबाट नजर हुँदै श्री ५ मुमा बडामहारानी सरकार-कहाँ दर्शन गर्न र कुकुर नजर गराउन मलाई 'मरिचमान, जर्नेलले ल्याएको कुकुर समातेर आऊ' भनी हुकुम भयो। कुकुर लिएर माथि मुमा बडा महारानी सरकार राज भइबक्सेको बैठकमा त्रिभुवन सरकारबाट 'यो कुकुर ज० रामशमशेरले ल्याएको' भनी हुकुम भयो। कुकुर भित्र छोडेर नजर भइरहेको बेला एकै छिनपछि कुकुरले यसो घुमेर सरकारको अगाडि अलि पर वमन गर्‍यो। रामशमशेर जर्नेलसाहेबबाट मलाई 'ए! त्यो सोरेर मिल्काऊ' भनी भन्नुभयो। म चूप लागेर ढोकानिर बाहिर उभिरहेको थिएँ। पछि श्री ५ त्रिभुवन सरकारबाट 'जर्नेल, उ कुकुरदेखि ज्यादै डराउँछ' भनी हुकुम भयो। अनि जर्नेलसाहेबले नै वमन सोहोरी झ्यालबाट मिल्काइसकेपछि श्री ५ सरकारबाट 'मरिचमान, जर्नेललाई हात धुन पानी हालिदेऊ' भनी मलाई हुकुम भयो। सरकारको

अगाडि सरकारबाट केही हुकुम नभई जर्नेलले काम अह्राउँदा म एक्कासि भित्र पसिनँ। तर यस कामबाट पछि मलाई केही खराबी पनि हुन सक्छ भन्ने मनसायले प्रत्युत्पन्नमति सरकारबाट जर्नेलसाहेबलाई त्यस्तो हुकुम भएको हुनुपर्छ भन्ने मेरो धारणा छ।

१९८८ सालमा सरकारको पोशाक कोठामा सफा गर्न लाग्दा भऱ्याङ चिप्लेर खस्न लागेको थिएँ। त्यस बेला मलाई बचाउन सरकारवाट झटपट भऱ्याङ समाई हाँसिबक्सेको थियो। यसरी आफ्नो एक मामूली सेवकको भऱ्याङ समाउने काममा समेत सरकारले हात उठाइबक्सनु मौसूफको प्रजावत्सलता र स्नेहशीलताको परिचायक हो। सरकार कसैको पनि पीर, मर्का हेर्न सकिबक्सँदो रहेनछ भन्ने कुराको यो एउटा ज्वलन्त उदाहरण हो।

१९८८ सालतिरै भीमशमशेरको पालामा सरकारकै दरबारमा पेट्रोलको भन्डार भएको ग्यारेजपछाडि पेट्रोलको चोरी हुँदा लैजान नपाउँदै चोरलाई समातेर 'अबदेखि यस्तो काम गर्नेछैन' भनी भन्न लगाएर छोडेको कुरा मैले सरकारसँग डराई-डराई बिन्ती गर्दा 'बेसै गऱ्यौ' भनी हुकुम बक्सेको थियो। मलाई गाली पाउनुपर्ला भन्ने डर भएकोमा स्याबासीजस्तो मिल्दा सरकारमा चोरलाई सजाय र दुःख दिएर मात्र होइन ज्ञान, बुद्धिको उपदेश दिएर सुधारमा ल्याउने विचार भएको मैले स्पष्टतया बुझें।

१९९२ साल कार्तिकमा राष्ट्रपिता श्री ५ त्रिभुवन सरकारको मवेश सवारीको निम्ति पाल नजर हुने सवारीको कार्यक्रम दिउँसो २ बजेतिर रहेछ। सदा-सर्वदा बाहिर सवारी होइबक्सँदा ४ बजेतिर मात्र हुने भएकोले त्यो दिन सरकारसित केही पनि बिन्ती नगरी म बूढानीलकण्ठ गएँ।

सरकार ग्यारेजमा सवारी भई अरूहरूलाई मोटर घचेट्न लगाएर आफै मोटर लिई बाहिर सवारी होइबक्सेछ। पछि बूढानीलकण्ठबाट राजदरबार फर्कंदा सरकारैबाट आफैले मोटर हाँकी सवारी भैबक्सेको थाहा पाउँदा म वडो चिन्तामा परें। बेलुका टेनिसकोर्टबाट

सवारी फर्कंदा सरकार र ममात्रै थियौं। मैले प्रसाद चढाएर दिउँसो २ बजेको सवारीमा हाजिर हुन नसकेकोमा माफी माग्दा सरकारबाट हुकुम भयो—"मैले तिमीलाई हिजै खबर दिन नसकेको भूल भयो।" यस्तो श्री ५ सरकारबाट हुकुम बक्सँदा मलाई शरम पनि लाग्यो।

१९९२ सालमा सरकार चार महीनाको लागि मधेश सवारी होइबक्सँदा पालमा राज हुनुपर्दा सरकारलाई सबै ओछ्यानहरू र पोशाकसमेत हामी मिलाइदिन्थ्यौं। काठजस्तो कडा ओछ्यानमा पनि एउटा रगको आधा भाग ओछ्याएर, आधा भाग ओढेर सुकला होइबक्सन्थ्यो। यस किसिमको ओछ्यानमा साधारण मानिसलाई समेत सुत्न गाह्रो पर्थ्यो। तर सरकारलाई आनन्दसँग, निद्रा लागेको देख्दा म अचम्म मान्थें। ऐश-आरामको मात्र ख्याल नभई आफैले व्यक्तिगत सुख-दुःख सहनुमा पनि बानी बसालिबक्सेकोले दुनियाँको सुख-दुःखमा ठूलो ख्याल राखिबक्सँदो रहेछ भन्ने मैले बुझें।

१९९३ सालमा राष्ट्रपिता श्री ५ त्रिभुवन सरकारको रजत-जयन्ती समारोहमा मौसूफसमक्ष १९९० सालको भूकम्पको ऋण दुनियाँलाई माफ गरिबक्सने बिन्ती गर्दा 'माफी देऊ भनेको त हो, तर ख्वै जुद्धशमशेरले दिएनन्' भनी हुकुम भएको थियो। जनताको पीर, मर्का हटाउने सरकारको ठूलो इच्छा थियो। यसैको फलस्वरूप पछि जुद्धशमशेरको जन्मोत्सवमा त्यही कुराको माफी दिने काम भयो।

जुद्धशमशेरकै पालामा जुद्धशमशेर गोदावरीमा रहनुभएको बेला श्री ५ त्रिभुवन सरकार पनि हजुरिया अग्निशमशेर र मसमेतलाई मोटरमा राखीबक्सी गोदावरी सवारी होइबक्सेको थियो। सरकारको सवारी फिर्ता गर्न मोटर भित्र लैजाँदा मोटरमा आल्सेसन कुकुर भएकोले छोड्न नहुने भएर कुकुर समाई म मोटरसँग उभिरहेको थिएँ। त्यस बखत जुद्धशमशेर र श्री ५ सरकारमा अगाडि भएका कुराहरू थाहा भएन, तर अलि ठूलो कडा आवाजको प्रयोग भएकोले जुद्धशमशेरका हजुरियाहरू यताउति लागे, तर कुकुरले गर्दा मैले मोटर छोड्न भएन। पछि मेरो नजीकै पुग्दा श्री ५ सरकारबाट 'मेरो बाबुको बिर्ता होइन, मेरो आमाको दाइजो होइन, यो नेपालमा मेरो मात्र के छ?' भनी

हुकुम भएको थियो। अनि जुद्धशमशेरले हात जोडी 'सरकार! यस्तो कुरा हुकुम होइबक्सनहुन्न' भनी श्री ५ त्रिभुवनको पछि-पछि पोखरी घुम्नुभएको कुरा मलाई राम्रो सम्झना छ। यो घटनाबाट पनि श्री ५ त्रिभुवनको र जुद्धशमशेरको राय नमिलेको मैले थाहा पाएँ। यसमा श्री ५ त्रिभुवन सरकारको दर्शन, श्री ५ पृथ्वीनारायण शाह र वर्तमान श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव सरकारको दर्शनसँग मिल्न आउँदछ।

अन्दाजी १९९४ सालतिर दरबारमा हामी सरकारका सेवकहरूको आपसमा बातचीत भैरहँदा सरकारको पनि त्यहाँ सवारी भयो। राष्ट्रपिता श्री ५ त्रिभुवन सरकारसँगका कुराको सिलसिलामा सरकारबाट हुकुम भएको थियो——"यो दरबारमा सोझो काम गर्नेहरूलाई सुख हुँदैन कि कसो?" मलाई यस कुरामा धेरै नै शङ्का लाग्यो। किनकि सोझो काम गर्नेहरूको सधैं जीत र सुख हुन्छ भन्ने मेरो प्रबल धारणा थियो। पछि सरकारबाट प्रजातन्त्र ल्याइबक्सँदा सरकारका सहयोगीहरूले दुःख पाएको र भलो गर्न चाहनेहरूले आपनो धन र जीउसमेत गुमाउनुपरेको हुँदा सरकारको महान् वाणी साँच्चै हुन आएको जस्तो लागेको थियो, यो कुराको समर्थन भएजस्तो देखिए तापनि आखिरमा दरबारको भलाइ गर्नुमा अवश्य जीत हुँदो रहेछ भन्ने पछिका घटनाहरूबाट सत्य हुन गएको छ।

१९९७ साल कार्तिक १० गते राणा सरकारले मलाई समाती जेलमा राखेर कारवाही गर्‍यो र यस प्रकारको पुर्जी दिइयो——

को. अ. त. बाट

का० इ० ठहिटी बस्ने वर्ष ३६ मझौला बायाँ गालामा कालो कोठी भयाको ड्राइभर मरिचमान नकर्मीकै पुर्जी उप्रान्त ९७।११।३०-का लगतबमोजिम राजकाजसम्बन्धी मुद्दामा लागेको कैद वर्ष १२ बाह्र ठेकी ९७।८।२२-देखि नेल ठोकी झेलखानामा परेकाले २००९।८।२१-मा म्याद जाहेर भई छुट्नेछ। संवत् १९९७ साल चैत्र २२ गते रोज शुभम्।

२००७ सालपछि गोरखादलको सिलसिलामा गोरखादल खडा भएको कुरा सरकारमा बिन्ती गर्दा सरकारबाट हुकुम बक्सेको थियो––"राणाहरू यस्तै नचाहिने काम गर्दा नै बिग्रन जाने भएका छन्।"

प्रजातन्त्र भइसकेपछि हामी राजदरबारका सेवकहरू तत्कालीन परिस्थितिको विषयमा परस्परमा एक दिन कुराकानी गरिरहेका थियौं। त्यस बखत हामीलाई के कुरा गरेको भनी सोधिबक्सी मौसूफबाट हुकुम भयो––"अहिले जनताहरूले जे भने पनि मैले सहनुपरेको छ।"

मौसूफ सरकारको उपर्युक्त वाणीबाट सरकारको जनताहरूको हालखबरमा कत्तिको दिलचस्पी रहेछ र जनतालाई खुशी र सुखी तुल्याउन मौसूफ कत्तिको उत्सुक होइबक्सन्थ्यो भन्ने कुरा सिद्ध हुन्छ।

*****

पवित्र स्मारक

महेन्द्रनारायण निधि

'राजा विष्णुका अवतार अर्थात् ईश्वरीय प्रतिविम्ब हुन्छन्' भन्ने कुरा आफ्ना बाजे र बाबुबाट पनि मैले सुनेको थिएँ। राजाको सम्बन्धमा हाम्रो संस्कार तथा परम्परागत विचार यही नै छ। निश्चय नै राजा पनि मान्छे नै हुन् र मान्छेमा रहेका दुर्गुणहरू उनमा पनि होलान्! तर, हाम्रा राजा हामी प्रजाको स्तरबाट निकै माथि उठेका अर्थात् निर्भीक, निर्लोभी र ईश्वरीय गुणहरूले युक्त हुनै पर्छ। ती गुण नभएको अवस्थामा या त राजा पदच्युत हुन्छन् या देश र समाज बरबाद भएर जान्छ। हाम्रो राष्ट्रपिता श्री ५ त्रिभुवनवीरविक्रम शाहदेव वास्तवमा राजा र राजामा हुनुपर्ने सबै गुणले सम्पन्न होइबक्सिन्थ्यो।

केटाकेटीमै म श्री पशुपतिको दर्शनका लागि राजधानी (काठमाडौं) पुगेको थिएँ। त्यस बेला श्री ३ जुद्धको राणा-शासनकाल थियो। महाशिवरात्रिमा हुने टुडिखेलको सैनिक बढाइँ र पशुपतिमा पनि श्री ५-को सवारी भएको सैनिक र पुलिसहरूको दौडधूप र मानिसहरूका कुराले बुझें। श्री ५-को प्रत्यक्ष दर्शन त्यस बखत मैले गर्न नपाएको कुरा घर फर्केपछि मेरा बाजे र बाबुसँग गरें।

"हाम्रा लागि श्री ५-को दर्शन ईश्वरको दर्शनझैं छ। श्री ३ सरकार अर्थात् राणा प्रधान मन्त्रीसम्मको दर्शन मुश्किलले हामी पाउछौं।" उहाँहरूले भन्नुभएको कुराले मेरो मन अति दुख्यो। प्रजा छोरा र राजा बाबु नै हुन् भने, बाबु र छोरामा भेटघाट पनि नहुनु राम्रो कुरा

हो त? श्री ५ त्रिभुवनको प्रजाप्रेम र राणा-शासनप्रति अरुचिका कुराहरू मैले पनि केटाकेटीमै सुनेको थिएँ। दोस्रो पटक मैले राजधानी पुगेको बखत, अधिराजकुमारको बिहामा जन्तीको बेला श्री ५ त्रिभुवनको भव्य चेहरा अर्थात् अनुहार हेरेपछि मात्र मेरो दिल र दिमागले श्री ५ त्रिभुवन राजा नै हुन् भन्ने ठहरायो।

२००७ साल कार्तिकको अन्तमा श्री ५ त्रिभुवन परिवारसहित राजदरबार छाडी भारतीय राजदूतावासमा शरण लिइबक्सेको र पछि दिल्ली सवारी भएको खबर रेडियोमा सुनें। श्री ५ त्रिभुवनको साहसिलो संरक्षण र प्रोत्साहनमा हामी प्रजाले २००७ सालमा सशस्त्र क्रान्तिद्वारा राणा-शासनको अन्त्य गरी श्री ५ त्रिभुवनलाई परिवारसहित स्वदेश फर्कायौं। श्री ५ त्रिभुवनबाट प्रजातन्त्र स्थापनाको संकल्प घोषित गरिबक्स्यो। राजा स्वदेश फर्केको र प्रजातन्त्र घोषणाको दिन २००७ साल फागुन ७ गते नेपालको इतिहासमा अमर छ।

२००७ सालको क्रान्ति र प्रजातन्त्रपछि २००८ सालको शुरूमै श्री ५ त्रिभुवनको प्रत्यक्ष दर्शन (भेट र कुरा गर्न पनि) मैले पाएको थिएँ। श्री ५ त्रिभुवनसितको प्रथम भेटमै मलाई बाजे र बाबुले केटाकेटीमा सुनाउनुभएको 'राजा विष्णुका अवतार अर्थात् ईश्वरीय प्रतिविम्ब हुन्छन्' भन्ने कुरामा विश्वास भयो। साथै राजा र प्रजाको सम्बन्ध बाबु र छोराको झैं पनि अनुभव गरें। श्री ५ त्रिभुवन र मेरा बीच धेरै कुराकानी भए। निष्कर्षमा 'राणा-शासनको अन्त गर्न जत्तिको बढ्ता, बुद्धिमानी र श्रम गर्नुभयो, त्यतिकै देश र समाजलाई सुखी र सम्पन्न बनाउन गर्नुहोस्' भनी मौसूफबाट बक्सेको हुकुम आज पनि मैले सम्झेको छु।

श्री ५ त्रिभुवनसित दोस्रो प्रत्यक्ष दर्शन-भेट मैले श्री विश्वेश्वरप्रसाद कोइरालाका साथ पाएको थिएँ। प्रथम सल्लाहकार सभाको अध्यक्ष पदका लागि मेरा साथी श्री कृष्णप्रसाद भट्टराई उम्मेदवार हुनुहुन्थ्यो। उहाँको विरुद्ध गैर नागरिक भन्ने आरोप विरोधी पक्षबाट लगाइयो। सम्भावनाविपरीत बुझी सर्वोच्च शासकछेउ (अरू ठाउँ नभएकोले) प्रतिनिधि-मण्डलको रूपमा हामीहरू उपस्थित भयौं। श्री ५

त्रिभुवनबाट सल्लाहकारहरू र सचिवहरूका साथ परामर्श लिइबक्सी श्री कृष्णप्रसादलाई चुनाव लड्न र मामिला किनाराका लागि प्रधान न्यायालय (आजको सर्वोच्च अदालत)-लाई उचित कारवाहीको लागि हुकुम-प्रमाङ्गी भयो। हाम्रो बिन्तीचढाइ र मौसूफको हुकुम अत्यन्त सौहार्दपूर्ण तथा घरेलु वातावरणमा भएको थियो।

श्री ५ त्रिभुवनको व्यक्तिगत जीवन संघर्षमय थियो। केटाकेटीमै राजा भएको, राणा-शासकहरूको दबावबाट आफू र प्रजालाई मुक्त गराउने पनि दृढ संकल्प थियो। २००७ सालको क्रान्तिमा एकतन्त्री राणा पदच्युत भएर पनि तिनको दाउपेंच छुटेको थिएन। अन्तर्राष्ट्रिय राजनीतिबाट प्रभावित र पदलोलुप राजनीतिज्ञहरूको पनि देशमा कमी थिएन। क्रान्तिको नेतृत्व गर्ने सौभाग्य पाएको देशको सबभन्दा ठूलो र प्रमुख राजनीतिक दल नेपाली कांग्रेसमै पनि पदलोलुपता र तकरार चरम सीमामा थियो। फलस्वरूप देश, समाज र सरकारमा पनि अस्थिरता र विघटनकारी प्रवृत्तिले प्रश्रय पायो। घोषित संकल्प र लोक-कल्याणको कार्य र प्रजातान्त्रिक प्रगति हुन पाएन। सामान्य परिस्थिति कायम राख्नु र दैनिक प्रशासन चलाउनु आदि सरकारको क्षमताबाहिरको कार्य हुन लाग्यो। जिम्मेदार क्षेत्रबाटै परस्पर विरोधी र गैरजिम्मेदारीका कुराहरू हुन थाले। परिस्थिति र श्री ५ त्रिभुवनको स्वास्थ्य पनि प्रतिकूल भयो।

यसपछि स्वास्थ्योपचारका लागि श्री ५ त्रिभुवन विदेश सवारी हुनु र परिस्थितिवश आफ्ना उत्तराधिकारी वर्तमान श्री ५ महेन्द्रलाई जिम्मेदारी सुम्पिनुपर्‍यो। मौसूफबाट आफ्ना उत्तराधिकारी वर्तमान श्री ५ महाराजाधिराज महेन्द्रलाई जिम्मेदारी सुम्पिंदा बक्सेको शाही सन्देश यस प्रकार छ––

प्यारा दाजु-भाइ तथा दिदी-बहिनीहरू, आज आफ्नो मातृभूमिको महान् राष्ट्रिय पर्वको उपलक्ष्यमा तपाईंहरूका साथ देशमा रहनुको बदला, देशबाट हजारौं कोश टाढा बसी यो हार्दिक सन्देशमात्र पठाउनुपर्दा मलाई ज्यादै अफसोस लागेको छ! तर आजको यो शुभ दिनले फेरि देशमा नयाँ एकताको भावना ल्याई आफ्नो मेल-मिलापको साथै

काँधमा काँध मिलाई देशलाई माथि पुऱ्याउने शक्ति मिल्नेछ भन्ने यही मेरो हार्दिक शुभकामना छ। ––तसर्थ हाललाई छोरा नानी श्री ५ युवराजाधिराजलाई यहाँ बोलाई देशको वर्तमान परिस्थिति हेरी के-कसो गरे देश र देशवासीहरूको भलाइ हुन्छ, यथाशक्य जन-आवाज बुझी आवश्यक सबै कामकाज गर्ने गर्नू भनी अह्राई, ममा रहेको सबै शाही अधिकार पूर्ण तवरले दी पठाएको छु।

राष्ट्रपिता श्री ५ त्रिभुवनबाट २०११ साल फागुन ७ गते नीसबाट पठाइबक्सेको सन्देश अत्यन्त कारुणिक, शिक्षाप्रद र अन्तिम पनि छ। परिस्थिति र स्वास्थ्यले हृदय र शरीरमा पनि आघात पुऱ्याएकोले २०११ साल फागुन ३० गतेका दिन विदेश (जुरिच)-को केन्टीन अस्पतालमा मौसूफको स्वर्गारोहण भयो।

२०११ साल चैत्र ४ गतेका दिन हवाईजहाजमा राष्ट्रपिताको पवित्र शव स्वदेश ल्याइयो र उसै दिन शाही परम्पराअनुसार पशुपति आर्यघाटमा' दाह-संस्कार-क्रिया' सम्पन्न भयो। राष्ट्रपिता श्री ५ त्रिभुवनको पार्थिव शरीरको अन्तिम दर्शन गर्न गौचर हवाईअड्डादेखि पशुपतिसम्मका बाटोभरि र दाह-संस्कार हेर्न आर्यघाटमा सरीक रहने लाखौं नरनारी, देशी र विदेशीहरूमा म पनि उपस्थित थिएँ। मेरो विचारमा मौसूफको कारुणिक शिक्षाप्रद र अन्तिम सन्देश (२०११ साल फागुन ७ गते)-को अनुकूल नेपाली मात्र राजा र प्रजाले एक गठ भई घोषित संकल्पअनुसार प्रजातन्त्रलाई साकार तथा सम्पन्न गराउनु स्वर्गीय राष्ट्रपिता श्री ५ त्रिभुवनको पवित्र स्मारक हुन्छ। जय त्रिभुवन! जय नेपाल!

*****

श्री ५ त्रिभुवनको व्यक्तित्व र देन

मातृकाप्रसाद कोइराला

श्री ५ त्रिभुवनलाई आज नेपाल र नेपालीले राष्ट्रपिताका रूपमा स्वेच्छाले स्वीकार गरेको छ। राष्ट्रपिताको यो सम्बोधन जनताले स्वयं गरेको हो—चाकरी र चातुरीका हेतुले होइन, कसै-कसैको करबलले पनि होइन—यो मात्र जनमानसको आन्तरिक उद्गार हो, जो मौसूफप्रति जनताको कृतज्ञतासुलभ हो।

हाम्रा राष्ट्रिय जीवनमा श्री ५ बडा महाराज पृथ्वीनारायण शाहबाट हामीलाई नेपालीत्व बक्स्यो। त्रिभुवनले मुस्ताङदेखि मर्चवार र महाकालीदेखि मेचीभित्र रहेका हामी एक कोटि नेपालीलाई मानव-अधिकार बक्स्यो, जसबाट नेपाल बनाउने वा बिगार्ने उत्तरदायित्व नेपाली मात्रको हुन आयो। यस प्रकार राष्ट्रलाई एक नयाँ जन्म, नयाँ जीवन बक्स्यो र यसैले हामीले मौसूफलाई राष्ट्रपिता भनी अङ्गीकार गऱ्यौं। यो उत्तरदायित्व पाएर हामीले सदुपयोग वा दुरुपयोग के गऱ्यौं ? त्यसको हिसाब-किताब इतिहासले गरिरहेकै छ र हाम्रो भावी पुस्ताले त्यो हिसाबको नाफा-नोक्सानीको तेरीज बनाउनेछ र उसैले सफल वा विफल भन्ने निर्णय पनि देला, तर मौसूफको देनलाई राष्ट्रले ठूलो देन नै ठहराएको छ र भावी पुस्ताले पनि त्यसलाई अस्वीकार गर्न सक्तैन।

श्री ५ त्रिभुवनको प्रथम दर्शन-भेट मैले २००७ सालमा नयाँ दिल्लीको हैदराबाद हाउसमा पाएको हुँ। हामी त्यस बेला क्रान्तिमा

रत थियौं। श्री ५ महाराजाधिराजको प्रत्यावर्तन र राजनीतिक सुधार गर्ने प्रधान मन्त्री महाराज मोहनशमशेरको वक्तव्य निस्किसकेको थियो, तर सो वक्तव्यको स्वागत श्री ५ मौसूफबाट भइसकेको थियो। प्रधान मन्त्रीको वक्तव्यबाट हामी सन्तुष्ट थिएनौं। कारण त्यसमा धेरै राजनीतिक दाउपेचका निमित्त जालझेल गर्न सकिने ठाउँ राखिएको थियो। श्री ५-बाट हामीसित सोधपूछ नै नभई एक्कासि सो वक्तव्यको स्वागत भइदिंदा हामी क्रान्तिमा लागेकाहरूलाई नराम्रो लाग्नु स्वाभाविक नै पनि थियो। उसो त नयाँ दिल्लीमा राजपरिवार होउन्जेल क्रान्तिमा संलग्न हामी कसैले पनि मौसूफको दर्शन-भेट सो वक्तव्यअगाडि पाएका थिएनौं र हाम्रो सम्पर्क सोझो र प्रत्यक्ष नभई अप्रत्यक्ष नै थियो तापनि हामीले आशा राखेका थियौं—कुनै त्यस्तो सन्धिप्रस्ताव आएपछि हामीसित पनि सरसल्लाह होला भनेर; तर त्यो हुन सकेन, भएन।

यस्तै मनःस्थितिमा हामी दर्शन गर्न गयौं। त्यस बेला क्रान्तिका अगुवाहरूमध्ये हामी चार-पाँच थियौं। श्री ५ आफ्ना सुपुत्रहरूका साथै राज भएको थियो। आफै राज भएको कौचको दाहिनेपट्टि मलाई (सम्भवतः क्रान्तिको सर्वाधिकार-सम्पन्न सभापति भनेर होला) बस्ने इशारा बक्स्यो। राणाकालीन व्यवहार देखेकोले मैले यो उदारताको आशा राखेको थिइनँ। पाँच-पाँच राणा प्रधान मन्त्रीको अनुभव प्राप्त राजाको यो उदारता निश्चय नै मौसूफको व्यवहार प्रजातान्त्रिक पद्धतिका व्यक्तिको समानताको सूचक थियो। साथै जुन सहृदयताबाट मौसूफले हामीलाई सम्बोधन गरिबक्स्यो, त्यसबाट पनि हामी सबै नै प्रभावित भयौं—तर वक्तव्य बक्सेको कुरामा वास्ता नगरिएको भन्ने भावनालाई हामीले बिर्सन सकेनौं। क्षेमकुशल वार्ता सकिएपछि मैले बिन्ती गरें—"सरकार, हामीले त सरकारका नाउँमा रगत हैन पानी पो बगाएका रहेछौं। नत्र भने हामीलाई एक वचन पनि नसोधी—आफैलाई धपाउने मिल्काउने प्रधान मन्त्रीका वक्तव्यको स्वागत किन गरिबक्सेको हो?"

मौसूफबाट हुकुम भयो—"मातृकाबाबू, तपाईं त साँच्चै नै रिसाउनुभएछ। म अर्काको आश्रित भएर थुनुवाजस्तो भइराखेको सित पनि रिसाउने हो त?"

मौसूफले परिस्थितिको विवशता दुई शब्दमा नै टुंग्याइबक्स्यो। शायद योभन्दा छोटकरीमा अरूलाई व्यक्त गर्न गाहारै पर्ने थियो।

मौसूफबाट फेरि थपिबक्सिदै हुकुम भयो––"मैले ३ दिनसम्म तपाईंहरूको बाटो कुरें। सम्पर्क गर्ने प्रयास गरें, तर तपाईंहरू सबै विभिन्न मोर्चातिर हुनुभएकाले सम्पर्क हुन सकेन। मैले प्रयास नगरेको होइन।" हामी सन्तुष्ट भयौं कि मौसूफको भावना हामीलाई वास्ता नगर्ने होइन, अपितु परिस्थितिको विवशता नै थियो।

मौसूफको व्यक्तित्वको सबभन्दा महत्त्वपूर्ण गुण थियो धैर्य, शील र क्षमा। मैले मौसूफसितको चार वर्षजतिको संसर्गमा कहिल्यै पनि रिसानी भएको पाइनँ। सो अवधिभित्र नाना प्रकारका अप्रिय र अप्ठेरा घटनाहरू पनि घटे, तर मौसूफका मुहारमा प्रशान्त भावदेखि बाहेक त्वचाको संकोचनसम्म देखा पर्दैन थियो।

मैले सौभाग्यले संसारका ठूलठूला केही व्यक्तित्वसित भेटघाट गर्ने मौका पाएको छु। त्यसबाट म यही निष्कर्षमा पुगेको छु––महान् व्यक्तिको लक्षण हो आफ्नो महान्ताको आभास हुन नदिनु। यो लक्षण मौसूफको रोम-रोममा व्याप्त थियो। मौसूफको बैठकको ढोका एक अदना व्यक्तिदेखि विदेशी राष्ट्रनेताहरूका लागि समान रूपले खुला थियो र अदना अपरिचित व्यक्ति पनि मौसूफको दर्शनपछि धेरै-धेरै दिनको परिचयप्राप्त कौटुम्बिक आनन्दको अनुभूति लिएर फर्कन्थ्यो।

एक दिनको कुरा हो––एक विरोधी नेताले बडो अभद्रमात्र होइन अश्लील भाषामा मौसूफका प्रति उद्‌गार पू० १ नं० मा गरेछन्। निजले गरेको भाषणको रिपोर्ट प्रतिलिपि जब मकहाँ आयो मलाई असाध्यै रीस उठ्यो र निज अभद्र र आफ्नो स्वभावको ज्ञान नहुने बेहोशी नेतालाई भित्र नथन्क्याई भएन भन्ने अठोट गरी म राजदरबार गएँ र मौसूफमा बिन्ती गरें। 'फलानाले के भनेछन् ?' भन्ने सुध्याइबक्सियो।

मैले भाषणको प्रतिलिपि टक्र्‌याएँ। आद्योपान्त नजर भएपछि मुसुक्क हाँसी मलाई हुकुम भयो––"यो मानिस बहुलायो भन्दैमा हामी पनि बहुलाउनै पर्दछ र?"

मलाई लाग्यो यो कस्तो राजा! यसरी भन्नु नभन्नु-फोहोर गाली गर्नेलाई पनि केही नगर भन्ने हुकुम हुन्छ। मैले बिन्ती गरें— "सरकार, क्षमा बक्सियो ठूलो कुरा हो, तर राजकाजमा अविवेकलाई प्रश्रय दिनु पनि ठीक होला र? आज एकले क्षमा पाउँछ, ए यस्तो भन्नेलाई केही हुँदो रहेनछ भनेर अरूको मनसुवा यस्तो अभद्रतापट्टि बढ्दैन र?"

'हो, मैले बुझेको छु, तर विरोध पनि जब बहुलट्टीमा पुग्छ, त्यसको असर पर्दैन। अतः यो एक पटक छोडिदिनुहोस्, अर्को पटक कार्यवाही गर्नुहोला' भन्ने हुकुम बक्स्यो।

यो थियो राजोचित आभिजात्यको क्षमाशीलता। प्रधान मन्त्री श्री मोहनशमशेरकै कुरा लिऊँ। मौसूफलाई पुनः प्रतिष्ठित (निजहरूको अनुसार) गर्ने कुरा छोडिदिऊँ, स्वदेश प्रत्यावर्तनसम्म निजलाई स्वीकार्य थिएन। दिल्लीवाट फिरिबक्सिँदा गौचरमा जनता जुन प्रकारले उर्लिएको थियो र निज प्रधान मन्त्रीलाई जनताले त्यहीं निल्न खोजेका थिए, सो भावना बुझिबक्सी जुन शालीनताबाट मौसूफले निजलाई अँगाली जोगाइबक्स्यो त्यो इतिहासमा सहसा पाइने कुरो होइन। त्यतिमात्र होइन, निजले प्रधान मन्त्रीत्व छाडी जाँदा जुन सम्मानपूर्वक बिदाइ बक्स्यो त्यो क्षमाशीलता र शालीनताको अद्भुत उदाहरण थियो।

हाम्रा शास्त्रमा पनि धर्मका दश लक्षणमा धैर्य, क्षमा र अमोघलाई लिइएको छ। मौसूफमा यी तीनै गुण, लक्षण विलक्षण रूपले वर्तमान थिए।

मौसूफको अर्को गुण थियो दानशीलता। मौसूफको दानशीलताको नमूना थियो—मौसूफका विरोधीभन्दा विरोधी पनि मौसूफका अगाडि हात थापे भने रित्तो फर्कनन्। म विन्ती गर्थे—"यो कस्तो दान आफ्ना विरोधीलाई पनि?" हुकुम हुन्थ्यो—"आफ्नो चाकरी गर्ने र गुण गाउनेलाई त जसले पनि दिन्छ, फेरि अरूमा र मगा फरक नै के रहने थियो र?'

कठिनभन्दा कठिन परिस्थितिमा अविचलित, आफ्ना विरोधीप्रति पनि क्षमाशीलता—हृदयको विशालता जसमा संकोचको लेशमात्र थिएन।

आफ्ना शक्ति-सामर्थ्यबाट जोसुकैको पनि हित चाहिबक्सने, मृदुभाषी सहृदयता मौसूफको व्यक्तित्व हो। सारा राष्ट्रलाई आत्म-सम्मानको साथै मानव-अधिकार बक्सनु यो मौसूफको देन हो।

मौसूफप्रतिको कृतज्ञता––म प्रधान मन्त्री रहेको नाताले होइन, एक अदना नागरिक प्रजाको रूपमा––ज्ञापन गर्दछु। कारण मजस्ता एक करोड नागरिकले उही अधिकार पाए जो मैले पनि पाएँ। मौसूफको आत्माको शान्ति, सुयशको अमरत्व मौसूफले बक्सेको दिशातिर अझ लम्कँदै जाऔं, बढ्दै जाऔं। यही भगवान्सित प्रार्थना छ, यही प्रार्थना-सहित म आफ्नो आन्तरिक श्रद्धाञ्जलि चढाउँदछु।

*****

आदर्श नरेश त्रिभुवन

मुरलीधर भट्टराई

श्री ५ महाराजाधिराजबाट जो महत्त्वपूर्ण काम गरेर आफ्ना प्रजाको अगाडि प्रजातन्त्र राज्य ल्याइदिइबक्सियो, विचारवान्हरूले यसलाई कम प्रशंसनीय कुरा ठानेका छैनन्। मेरो विचारमा संसारको इतिहासमा नेपाल नरेश त्रिभुवनवीरविक्रम शाहदेववाहेक अरू राजा अवश्य छैन जसले प्राणको बाजी लाएर आफ्नै देशको वद्धमूल भएको शासन-पद्धतिको विरुद्ध क्रान्ति गरेर प्रजातन्त्रको पद्धति आफ्ना प्यारा प्रजालाई दिएको होस्। भारत र अमेरिकाका प्रजा आफ्ना राष्ट्रपतिमा गौरवको अनुभव गर्दछन्। बेलायतका प्रजा आफ्ना नरेशलाई राष्ट्रपति र नरेशसमेत पाएकोले आफूलाई भाग्यवान् ठान्दछन्। नेपालका प्रजाको भाग्य उनीहरूको भन्दा धेरै उत्तम छ। यस कारण कि हाम्रा राजा स्वयं नेता, राष्ट्रपति, राष्ट्रपिता र नृपतिसमेत होइबक्सिन्थ्यो। नरेशको हामीमाथि जति प्रेम र शुभकामना छ त्यसैको अनुपातमा हामीले पनि मौसूफलाई सहयोग दिन सकेको भए नेपालको स्थिति चाँडै नै संसारका अरू राज्यको साथ दाँजिन सक्ने हुन सक्थ्यो।

राजा भनेको श्रद्धाको र एकताको केन्द्र हो। हाम्रो शास्त्रमा राजालाई राष्ट्रको प्रतीक, धर्मको रक्षक र कालको कारण मानेको छ। जापानले आफ्ना नरेशलाई श्रद्धाको मध्यविन्दु बनाएर अभूतपूर्व उन्नति गर्‍यो। इङ्गल्यान्डजस्तो राजनीतिक समुन्नतिको उच्च शिखरमा पुगेको देशको राजभक्ति हाम्रो निम्ति कम शिक्षाप्रद वस्तु होइन। राजामाथिको

प्रेमले उनीहरूमा राष्ट्रिय भावना र एकता जगाइराखेको छ। महारानी एलिजाबेथको व्यक्तित्व आज अस्ट्रेलिया, न्यूजिल्यान्ड, लंका, दक्षिण अफ्रिका आदि कमनवेल्थका देशहरूलाई एक सूत्रमा बाँध्दै छ। बडा-बडा संकटकालमा पनि राजाको नामले देशमा अराजकता फैलन दिंदैन। श्री ५ महाराजाधिराजमा समस्त नेपाली प्रजाजनको एकनास भक्ति भएकोले नेपाल धेरै चोटि अराजकताको खतराबाट बच्यो। श्री ५ को व्यक्तित्वले गर्दा एकतन्त्र-शासनका शासकवर्गले रचेको शिशु-नरेश-पर्व सफल हुन सकेन। नेपालमा कुनै तरहको गडबडी नआउनु कर्मचारीसहित समस्त प्रजावर्गको आफ्ना नरेशमा रहेको अगाध प्रेम र अदबले नै हो। संकटकालमा राजाको प्रतापले प्रजाको रक्षा गर्दछ। अतः हाम्रो धर्मले राजालाई ईश्वरको विभूति मान्दछ।

*****

प्रजातन्त्रका निर्माता श्री ५ त्रिभुवन

मुरारीकृष्ण शर्मा

बिहान सबेरै उठ्नेबित्तिकै रेडियो खोलें। समाचार प्रसार हुनै लागेको थियो। दिनभरको आफ्नो कार्यक्रम मिलाउन लागेको थिएँ। समाचार शुरू भयो––जुरिचमा नेपालका महाराजाधिराज त्रिभुवनको हिजो स्वर्गवास भयो। बी०बी०सी०-ले हेडलाइनमै भन्यो। मेरो हातबाट कलम छुट्यो। हतप्रभ, सशंक, शरीरभरमा बिजुलीको प्रकम्पझैं छुट्यो। मुटुको चाल तेज भयो। रेडियोमा धेरै नै एकाग्रसँग ध्यान लगाएँ––केही भ्रमजस्तो, अविश्वासजस्तो पनि थियो। हेडलाइन समाप्त गरेपछि विस्तृत समाचार प्रसार भयो। स्तब्ध थिएँ, तर पनि सबै सुनें। एकै क्षण अगाडिमात्र कता-कता घुमिरहेका भावना, कल्पना, जल्पना सबै एकै ठाउँमा केन्द्रित भए––विह्वल, व्यथित, मूक। कहीं जान, कहीं पुग्न हडबडी लागेझैं, तर बाटो भुलेझैं; उद्देश्य लोप भएझैं असमंजस, अन्योल अवस्थामा धेरै बेर ओछ्यानमै बसिरहें।

रही-रहीकन पलपलमै स्वर्गीय महाराजाधिराजको मुहार सामुन्ने आउँथ्यो––विभिन्न आकृतिमा, विभिन्न भेषमा, परिस्थितिमा। हँसिलो, गम्भीर, व्यथित, विभिन्न भाव-मुद्रामा। आफ्ना प्यारा प्रजालाई राणातन्त्रको कठोर बन्धनबाट मुक्त गरी प्रजातान्त्रिक अधिकार दिलाउन ऐतिहासिक क्रान्तिको बिगुल फुकी दिल्ली सवारी हुँदाको मुद्रा, अनि क्रान्ति सफल गरी दिल्लीबाट फर्किबक्सँदाको मुद्रा, अनि फेरि जनहित

र जनकल्याणकारी राज्य-निर्माणमा संलग्न एक महान् राष्ट्रकर्मी भेषको विभिन्न मुद्रा सब एकसाथ सम्झन थालें।

मैले सम्झें——प्रजातन्त्रको प्रथम प्रहरमा, जब म मौसूफको दर्शन गर्न भनी नारायणहिटी दरबारमा गएको थिएँ। 'आउनुहोस् बस्नुहोस्' प्रसन्न चित्तबाट अभिवादनको प्रत्युत्तरमा कति राम्रो, कति मीठो, कति नरम शब्द! म संकोचले नतमस्तक भएँ। महाराजाधिराजसँग एउटै आसनमा कसरी बस्नु? महाराजाधिराज राज भएको आसन सिंहासन हुन्छ भन्ने हल्ला पहिले सुनिराखेको थिएँ। दुवै हात मुसार्दै सँगै बसें। 'चुरोट खानुहोस्' सिगरेट केश अगाडि, अर्को बाहुलीमा सिगरेट लाइटर जल्नै लागेको। मेरो मुखबाट, केवल 'प्रभु' शब्द निस्कन्थ्यो। कल्पनामा पनि नभएको महान् सम्मानको भारले व्यक्तित्व दबिइराखेको थियो।

मैले भनें——"सरकारको मुखारविन्दबाट निस्केको 'तपाईं' सम्बोधनले मलाई प्रजातन्त्र राम्रै फलीभूत भएको अनुभव भयो।"

"म एक्लैको मात्र यो सम्बोधनले प्रजातन्त्र फलीभूत हुँदैन, सबै नपालीहरूको मुखमा यस्तै सम्बोधनको बानी पर्‍यो भने प्रजातन्त्र हुर्कन्छ।" मौसूफबाट मधुर हास्यका साथ हुकुम भयो।

मैले सम्झें——कुनै अर्कै एक दिनको भेट। आवाजमा प्रकाशनार्थ आएको एक समाचार सुनाउँदै मैले भनें——"सरकार, पूर्वी तराईको एक इलाकामा भुखमरी छ, मानिस मरे भन्ने पनि सुनिन्छ।"

"हूँ? यो कुरा मलाई थाहा छैन, मैले सुनेको छैन; मैले यो बुझेको पनि छैन कि त्यस इलाकामा किन कसरी भुखमरीको स्थिति आयो!

"मेरो देशमा एकमात्र मानिस खान नपाएर मर्‍यो भने यो कुरा मरो निम्ति मरेतुल्य हुन्छ, तर केही मानिसहरूमा हल्ला गर्ने प्रवृत्ति छ र तिनीहरू तिललाई पहाड बनाएर बेकारमा चिल्लाइरहन्छन् भन्ने कुरा मैले बुझेको छु। यस प्रकारको समाचारलाई तपाईं सम्पादकहरूले

सत्यासत्यको राम्रो निरूपण गरेर मात्र प्रकाश गर्ने गर्नुभयो भने भ्रम फैलिन पाउँदैन र देशको कल्याण हुन्छ।" गम्भीर चेहरा, मधुर शब्द, तर अलिकति आवेशका साथ मौसूफबाट हुकुम भयो।

मैले सम्झें––महाराजाधिराज त्रिभुवन कति मिलनसार, कति नियम तथा अनुशासनबद्ध र कति हास्यप्रिय होइबक्सिन्थ्यो र मौसूफको हरेक हास्यका लवजमा कति गहिरो अर्थ हुन्थ्यो। एक दिन नारायणहिटी दरबारमा आयोजित कुनै चियापार्टीमा मलाई एक कप चिया आफ्नै बाहुलीबाट बक्सँदै हाँस्दै हुकुम भएको थियो––"एक कप अर्को खानुहोस्, सम्पादकहरू एक कप बढी पिएपछि मात्र सन्तोष हुन्छन् भन्ने भनाइ रहेछ।"

मैले चियाको कप थाप्दै भनें––"सरकारको बाहुलीबाट त जति कप चिया पिए पनि सन्तोष होइँदैन, प्रभु!"

"तर धेरै कप चिया पिउन लाग्नुभयो भने समाचार लेख्नै बिर्सिएला नि!"

बाहिर समालोचना, प्रत्यालोचना, कति-कति कुरा सुनिन्थ्यो। कति-कति कुराको असन्तोष लिएर विभिन्न नेताहरू, प्रमुख व्यक्तिहरू दरबारमा मौसूफको दर्शन गर्न जान्थे। मैले राम्रै बुझेको छु, उनीहरू फर्कंदा सन्तुष्ट हुन्थे। यसै गरी म पनि जब-जब दर्शन गर्न जान्थें मौसूफबाट यही हुकुम हुन्थ्यो––"कुनै विषयलाई केही मानिसहरूले बुझ्दै नबुझेर हल्लाको भरमा अथवा पुरानो संकीर्ण विचारबाट असन्तोष प्रकट गर्दछन् भने यो साह्रै दुःखको कुरा हो। तर जुन कुराको तत्काल समाधान छैन यस्तो विषय अथवा नयाँ व्यवस्था र नवनिर्माणका अपूर्ण विषयमाथि असन्तोप प्रकट गरिन्छ भने यो जागृतिको लक्षण हो। प्रजातन्त्रमा यस्तो हुँदै गर्दछ। यस्तो उत्तर त तपाईं पत्रकारहरूले दिनुपर्दछ।"

श्री ५ त्रिभुवन जति शान्त, मधुर, सरल र सुलभ होइबक्सिन्थ्यो त्यतिकै कर्मकठोर, विचारशील पनि होइबक्सिन्थ्यो। साथै नम्रता र प्रेमपूर्ण व्यवहारबाट कसरी कानूनको मर्यादापूर्ण तवरले शासनयन्त्र चालू गर्न सकिन्छ भन्ने कुराको प्रयोग पनि

गरिबक्सन्थ्यो। जस्तो कसैले 'एउटा धारा दिनू भन्ने आदेश पाऊँ' भनी बिन्ती गरे अथवा बिन्तीपत्र दिए भने मौसूफबाट सम्बन्धित विभागमा तत्कालै सो आदेश पठाइबक्सन्थ्यो--"यदि बाधा पर्दैन र दिनुहुनेछ भने दिनू।" त्यो मानिस मन्त्रालय पुग्दा त्यहाँबाट यही उत्तर पाउँथ्यो--'धारा दिनमा प्रतिबन्ध लागेको छ।'

त्यो मानिस फेरि मौसूफका हजूरमा गै बिन्ती गर्दा मौसूफबाट यही हुकुम हुन्थ्यो--"दिन नहुने खण्ड रहेछ भने त दिन नहुने भए पनि दिनू भनी मैले कसरी आदेश दिनु होगि?' यस उदाहरणको अपवादमा भ्रष्ट मनोवृत्तिका कर्मचारीहरूले अथवा अरू कुनै व्यक्तिहरूले आँखा छली मौसूफको नम्रता र दयापूर्ण भावनाबाट लाभ पनि उठाए, तर यसमा मौसूफको कत्ति पनि दोष छैन।

जनताको ठोस आलोचनालाई मौसूफबाट स्वागत हुन्थ्यो र मौसूफ विभिन्न वर्गका प्रमुख व्यक्तिहरूसँग सम्पर्क राखी विभिन्न विषयमा छलफल गरिबक्सिन्थ्यो। विभिन्न कार्यमा हुने त्रुटि र शिथिलतामा मौसूफबाट धेरै खेद प्रकट गरिबक्सिन्थ्यो। सरकार र जनतामा आपसी सहयोग तथा मेलमिलाप रही प्रजातन्त्रअनुकूल उन्नतिशील र प्रगतिशील राष्ट्रको निर्माण होस् भन्ने मौसूफको हार्दिक इच्छा थियो। यसका विपरीत समय-समयमा राजनीतिक दलमा हुने कलहबाट मौसूफ खिन्न होइबक्सिन्थ्यो। नेपालीलाई पनि अरू उन्नतिशील राष्ट्रहरूको दाँजोमा लैजाने मौसूफको चिर अभिलाषा पूर्ण नहुनाका कारणमध्ये मौसूफको धेरै समयदेखिको मुटुको रोग पनि थियो। प्रजातन्त्रको शुरू-शुरूमा त मौसूफलाई आफैले आफ्नो उद्देश्य पूर्ण गर्ने दृढ कल्पना थियो र सरकार तथा जनताका बीचमा प्रेमपूर्ण सम्बन्ध रहोस् भन्ने हेतुले मौसूफ हरेक जनसभा, सम्मेलन र गोष्ठीहरूमा समेत सामेल होइबक्सिन्थ्यो। यो त सबैलाई विदितै भएको कुरा हो कि महाराजाधिराज त्रिभुवनले पूर्वी तराईका विभिन्न इलाकाको दौडाहामा प्रत्येक दिन कम्तीमा पनि १२-१५ ठाउँमा भाषण बक्सिन्थ्यो। जताततै खचाखचको भीड, न खाने निश्चित समय, न सुत्ने। एक दिन त जनकपुरको कुरा हो, मौसूफबाट जम्मा २७ वटा जन-समारोह अथवा सभाहरूमा भाग लिइबक्स्यो।

क्याम्पाबाट बिहान ७-३० बजेतिर बाहिर सवारी होइबक्सेको राति १२ बजे मात्र फिरिबक्स्यो। त्यो पनि जनकपुर जलेश्वरको उबडखाबड बाटोमा––मोटरद्वारा आवत-जावत, ४०-५० मिल, बाटबाटोमा कैयन् जनताको स्वागत समारोहको भीडमा उपस्थित होइबक्सिन्थ्यो। यो एक नमूना थियो, मौसूफ जनताको कति नजीक सम्पर्कमा होइबक्सिन्थ्यो भन्ने कुराको। तर वर्षौंसम्म रोगशय्या र विदेशको उपचार-केन्द्रमा राज हुनुपर्दा मौसूफको सपना, कल्पना मौसूफको समयमा फल्न-फुल्न पाएन।

मैले मनमनै गुनें––श्री ५ त्रिभुवन यस युगको महान् पुरुष होइबक्सिन्थ्यो। इतिहासको धेरै लामो कालसम्म मौसूफको महानता सुस्पष्ट झल्किरहनेछ।

*****

त्रिभुवन र परराष्ट्रनीति

यदुनाथ खनाल

श्री ५ त्रिभुवनको व्यक्तित्व २००७ सालको सामन्ती शासन-विरोधी क्रान्तिसँग यसरी मुछिएको छ---एकको चर्चा गर्दा अर्काको चियो नगरी सुख छैन। द्वितीय महायुद्धको मारले गर्दा विश्वभरि जीर्णशीर्ण भएका सामाजिक र राजनीतिक व्यवस्थाहरू एकपछि अर्को फटाफट भङ्ग हुन थाले। उपनिवेशवाद खतम भयो। महायुद्धपछि आएको यो महान् परिवर्तनमा जित्ने र हार्नेको केही भेद भएन। ब्रिटेनले युद्ध जित्यो, तर ब्रिटिश-समृद्धि र दवदबाको अङ्गरूप अंग्रेजी साम्राज्य समाप्त भयो। जर्मनीले लडाइँ हार्‍यो, दुई टुक्रा भयो, तर यही हारको मारमा द्वितीय युद्धपछि जर्मनीमा एक अत्यन्त समृद्ध समाज खडा भयो। यो उथलपुथल अझ समाप्त भइसकेको नभए पनि यसको सामान्य प्रकृति स्पष्ट भइसकेको छ। त्यो हो–पूँजीदादी या समाजवादी जुनसुकै व्यवस्था किन नहोस् त्यसको स्थायित्वको लागि समाजमा या व्यवस्थामा अन्तर्निहित शक्ति चाहिन्छ। यही अन्तर्निहित शक्तिले गर्दा अमेरिका र रूस अहिले प्रतिद्वन्द्वी महाराज्यको रूपमा परिणत भएका छन्। यूरोपका दुई भागको नयाँ रूपमा कायापलट भएको छ। एसिया र अफ्रिकाका परतन्त्र राज्यहरू स्वतन्त्र भएका छन्।

यस परिस्थितिमा नेपालको जीर्णशीर्ण सामन्ती व्यवस्थाको अन्त्य हुनु अवश्यम्भावी थियो। तर त्यस व्यवस्थाका प्रवर्तकहरूमा ब्रिटेनको विजयले गर्दा लडाइँपछि पनि स्थिरताको आभास उत्पन्न भयो। व्यवस्थामा अन्तर्निहित शक्ति-संचार गर्ने र बढाउने प्रयत्न भएन।

त्यस बेलाका शासकहरूले आफूलाई समेत विश्वव्यापी परिवर्तनको वास्तविकतावाट वंचित राखे। परिवर्तित विश्व र परिवर्तित एशियाको पृष्ठभूमिमा नेपालमा एक नयाँ परिस्थिति उत्पन्न भयो जसको महत्त्व शासकहरूले महसूस गरेनन्।

युगपुरुषको जन्म यस्तै अवस्थामा हुन्छ। नेपाललाई उपर्युक्त अवश्यम्भावी परिवर्तनको निमित्तरूप एक युगपुरुषको आवश्यकता भयो। यस्तै युगपुरुषको रूपमा त्रिभुवनबाट २००७ सालको क्रान्ति सफलताका साथ संचालन भयो। प्रगतिको बाटो थुन्ने तगारो खुल्यो। नेपाली मात्रमा नयाँ चेतनाको संचार भयो। यो क्रान्तिको फलस्वरूप सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा देशभित्र जुन परिवर्तन आयो त्यसको विभिन्न रूपमा र समयमा प्रशस्त चर्चा भइसकेको छ र त्यसलाई दोहऱ्याइरहने आवश्यकता छैन। तर यो क्रान्तिको प्रेरणामा नेपालले जुन परराष्ट्र नीति अपनाएको छ त्यस विषयमा भने पर्याप्त चर्चा भइसकेको छैन। यस कारण त्यसप्रति एक दृष्टि लगाए अनुपयुक्त नहोला भन्ने सोची यी तलका पंक्तिहरू कोरेको छु।

२००७ सालको क्रान्तिको अभिन्न अङ्ग नेपाली राष्ट्रियताको विकास हो। क्रान्तिको समयदेखि नै राष्ट्रियता र समयको मागअनुकूल नेपालको अरू राष्ट्रहरूसँग उत्तरोत्तर सम्बन्ध बढ्दै जानु स्वाभाविक थियो। स्मरणीय कुरो के छ भने छिमेकका दुई महान् राष्ट्र भारत र चीनमा ज्यादै महत्त्वपूर्ण घटना घटेपछि मात्र नेपालमा क्रान्ति आएको हो। २००२ सालमा भारत स्वतन्त्र भइसकेको थियो, २००४ सालमा चीनको साम्यवादी क्रान्ति सम्पन्न भैसकेको थियो। एशियाली राष्ट्रियताको दृष्टिबाट यी दुवै अत्यन्त प्रभावशाली घटना थिए। परिवर्तित परिस्थितिअनुसार परराष्ट्र-सम्बन्धको परिशीलनले गर्दा पहिले छिमेकी भारतप्रति नेपालको ध्यान गयो।

यही सिलसिलामा त्रिभुवनको पहिलो प्रयत्न भारतसँग नेपालको सम्बन्ध क्रान्तिपछिको नेपालको आकांक्षाअनुकूल वनाउनामा लाग्यो। परिस्थिति के थियो भने एशियाली राष्ट्रियताको बढ्दो लहरको हलचलमा एकातिर नेपाल र भारतका बीच रहेको आर्थिक, सामाजिक

र सांस्कृतिक सम्बन्धको वास्तविकताको हेलचक्र्याइँ गर्ने किसिमका तत्त्व थिए त अर्कोतिर दुई देशको पृथक् राष्ट्रियताको पूरा ख्याल गर्न नसक्ने किसिमका तत्त्व थिए। यो विषम परिस्थितिमा त्रिभुवनको अगाडि भारतसँगको सम्बन्ध समयानुकूल बनाउनुभन्दा अर्को बढ्ता महत्त्वपूर्ण वैदेशिक समस्या थिएन। यो समस्या एकै पल्ट सुल्झने किसिमको पनि थिएन। विभिन्न खुड्किला पार गरेर यो सम्बन्ध कायम गर्नु थियो। प्राथमिकताको दृष्टिबाट त्रिभुवनको विशेष ध्यान नेपाल, भारत सम्बन्धपट्टि पर्दा त्यस बेलाको नेपालले अरू देशसँग सम्बन्ध बढाउन चाहन्नथ्यो भन्नु युक्तिसंगत देखिँदैन। किनभने जुन बेला भारतसँग नयाँ आधारमा सम्बन्ध राख्ने प्रयत्न दुवै तर्फबाट शुरू भयो त्यही बेला नेपालको संयुक्त राज्य अमेरिकासँग पनि सम्बन्ध जोडियो । प्रजातान्त्रिक चेतनाबाट वञ्चित राणाशाहीको समयमा नै द्वितीय महायुद्धपछि उर्लेको एशियाली राष्ट्रियताको प्रभावमा सांस्कृतिक प्रतिनिधि-मण्डल पठाएर चीनसँग पनि सम्बन्ध जोड्ने प्रयत्न भएको थियो। बेलायतसँग धेरै अगाडिदेखि र फ्रान्ससँग हालै सम्बन्ध कायम रहेको थियो। यो बढ्दो परराष्ट्रसम्बन्ध नेपाली राष्ट्रियताको द्योतक हो।

राष्ट्रिय क्षेत्रमा त्रिभुवनको सदिच्छा र मूल सिद्धान्तअनुसार श्री ५ महेन्द्रले क्रान्तिको लक्ष्य साकार पार्न क्रान्तिकारी नयाँ देन दिएजस्तै अन्तर्राष्ट्रिय क्षेत्रमा विशेष ध्यान दिएर नेपालको परराष्ट्र सम्बन्धमा क्रान्तिकारी परिवर्तन ल्याउन पनि श्री ५ महेन्द्रबाट ठूलो योगदान भएको छ। आधुनिक नेपालको विकासमा त्रिभुवन र महेन्द्र दुवैलाई विशिष्ट पुरुषको रूपमा हामीले हेर्नुपर्दछ।

२००७ सालको क्रान्तिपछि परराष्ट्र-नीतिसम्बन्धी चर्चा शासकवर्गमा मात्र सीमित छैन। देशको शासन-प्रशासनमा सक्रिय भाग लिने आकांक्षा जनतामा उब्जेजस्तै अन्तर्राष्ट्रिय गतिविधिमा चाख र भाग लिने इच्छा पनि स्वभावतः उत्पन्न भएको छ। क्रान्तिद्वारा प्राप्त गरेको जनताको स्वतन्त्रताको यो परिणाम हो। त्रिभुवनको समयमा भन्दा हाम्रो परराष्ट्रनीति अहिले धेरै रूपमा विकास भएको छ। हाम्रो परराष्ट्रनीतिका आधारहरू बलिया भएका छन्, आधारभूत

सिद्धान्तहरू स्पष्ट भएका छन्। परराष्ट्र-सेवाको रूपमा परराष्ट्र-नीतिलाई संचालन गर्ने ध्येयले परराष्ट्र-मन्त्रालयको संगठन गरिएको छ। विश्व-शान्ति र नेपालको हितलाई ध्यानमा राखी विभिन्न सामाजिक व्यवस्था भएका राष्ट्रहरूसँग मैत्रीपूर्ण सम्बन्ध कायम रहेको छ। संयुक्त राष्ट्रसंघ लगायत विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूमा भाग लिइएको छ। तर यी सबै कुरा २००७ सालको क्रान्तिपछि मात्र सम्भव भए र सो क्रान्तिमा त्रिभुवनको ठूलो देन हुनाले वर्तमान परराष्ट्र-सम्बन्धको विषयमा मूल आधार र नयाँ चेतना ल्याउन पनि त्रिभुवनको ठूलो हात छ। यदि त्रिभुवनको आत्माले नेपालको प्रगतिलाई हेरिरहेको भए परराष्ट्र-सम्बन्धमा नेपालले प्राप्त गरेका उपलब्धिहरूद्वारा भएको सन्तोष अरू क्षेत्रका उपलब्धिहरूद्वारा भएको भन्दा अवश्यै कम छैन होला भन्ने मेरो विश्वास छ, किनभने हाम्रो परराष्ट्र-नीति विश्वशान्तिको सहायक भैकन देशको प्रतिष्ठा र देशवासीहरूको आकांक्षाअनुकूल विकसित भएको छ र यसले गर्दा नेपाल र नेपालीहरूले अन्तर्राष्ट्रिय जगत्मा बढ्दो मात्रामा स्थान र मान पाएका छन्।

*****

संस्मरण

रत्नदास प्रकाश

नेपालका राष्ट्रनिर्माता श्री ५ बडा महाराज पृथ्वीनारायण शाहको स्वदेश, स्वजाति अपनाउने नीतिअनुरूप स्वदेशी पनलाई बढी विकास गर्ने प्रयासबाट आज-भोलि भाषा, साहित्य, व्यापार, कला र संस्कृति-माथि विदेशी प्रभाव पर्न नदिई स्वदेशी पनलाई नै प्रोत्साहन दिएको पाइन्छ। त्यस्तै उहाँका सुयोग्य सन्तान राष्ट्रपिता श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवले पनि आफ्नो अथक प्रयासबाट एक शताब्दी-भन्दा बढी समयसम्म एकतन्त्री क्रूर शासनबाट पीडित नेपाली जनतालाई मुक्ति दिलाउननिमित्त प्रजातन्त्रको लागि ठोस र ऐतिहासिक कदम चालिबक्स्यो। फलस्वरूप नेपालले पनि साहित्य, संगीत, कला एवं विभिन्न दिशातर्फ आधुनिक मोड लिन सकेको हो।

मेरो प्रवृत्ति १० वर्षकै उमेरदेखि नाचगानपट्टि थियो। अतएव घरबाट ढाँटी, भागी आमाको इच्छाअनुसार म नाचपार्टीमा जान्थें। हुँदा-हुँदा ललितकला मेरो जीवनको अभिन्न अङ्ग हुन गयो। गाईजात्राको नाचमा पनि म सधैं भाग लिने गर्थें। संवत् १९७९-को गाईजात्राको अवसरमा मैले पल्टनियाँ नाचमा भाग लिएको थिएँ। उस बेला नृत्य, संगीत, अभिनय यी तीनै कलाको संयुक्त र सुबोध शब्द 'नाच' थियो। यसैले मैले गाईजात्राको प्रदर्शनमा नाच्न, गाउन र अभिनय गर्न पर्थ्यो। त्यस बेलाको प्रख्यात गीतको बोल नेवारी भाषामा थियो––

संएंयाके ल्हासां हगु सिक्क हे धेवा दु।
सएं छम्ह दु, समिनी निम्न दु
समिनी निम्हस्यां सएंयात सातु साला काइगु।

नारायणहिटी राजदरबारमा सोही नाच नजर गराउँदा श्री ५ महाराजाधिराज त्रिभुवनले बडो रुचिसाथ हाम्रो नाच नजर गरिबक्स्यो। नाच सिद्धिएपछि श्री ५ त्रिभुवन सरकार आफू राज भएको आसनबाट बाहिर सवारी भयो, र बडो मृदु स्वरमा मलाई हुकुम भयो––"तिमी त आसाध्यै राम्रो नाच्दा रहेछौ। तिम्रो कला देखेर त मलाई मेरो यहाँको तालिमीमा तिमीलाई राख्न मन लाग्यो, बस्छौ ?"

श्री ५ महाराजाधिराजको सम्मुख मैले अरू केही बोल्न सकिनँ। शिर नुहाई दुई हात जोडेर मुस्कुराउँदै स्वीकार गरेझैं गरें। त्यसपछि सरकार खोपीतिर सवारी भयो।

१९८७ सालतिर हुँदो हो, हनुमान ढोकामा सओभक्कुलाई राँगो दिने हेर्न जाँदा श्री ५ त्रिभुवन सरकारबाट म पनि हेर्न आएको देखिबक्सी मलाई आठपहरियाहरूबाट बोलाउन लगाइबक्स्यो। गीत गाउने हुकुम भएबमोजिम मैले त्यस बेला **कोयलिया बावरी कुकुसे मन बहलाये हैं** गीत गाएँ। मैले गाएको गीत सुनेर श्री ५ त्रिभुवन सरकार ज्यादै प्रसन्न होइबक्सेको थियो।

श्री ५ त्रिभुवन सरकारको दर्शन अरू बेला पनि म झल्याकझुलुक बाटोतिर अथवा समारोहतिर गर्ने सुअवसर पाउँथें। सरकार जहाँ-कहीं पनि मलाई देख्नेबित्तिकै मुस्कुराइबक्सन्थ्यो। राष्ट्रपिताको यो मृदु-मुस्कान नै महान् आशीर्वाद सम्झेर म कृतकृत्य हुन्थें। श्री ५-बाट हाल मुमा बडा महारानी सरकारहरूसँग पनि यस अकिंचन सेवकबारे बेला-बेलामा हुकुम हुन्थ्यो भन्ने कुरा सरकारका अन्तरंग सेवकहरूबाट मैले थाहा पाएको हुँ।

मैले नाचमा प्रशंसनीय कार्य गरेबापत तीनवटा तक्मा विभिन्न अवसर र विभिन्न समयमा पाएको थिएँ। **दिलकी प्यास** नामक नाटकमा मैले शेरबानीमा लगाइराखेका ती तीनै वटा तक्माहरू श्री ५ त्रिभुवन सरकारबाट देखिबक्सेर बडो अभिरुचिपूर्वक नजर भयो। संवत् १९९६ सालतिर तक्माहरू कस-कसले कहाँ-कहाँबाट दिएका हुन् भनी सोधनी गरिबक्सेको हुँदा मैले सरकार छेउ आफूले पाएका

तक्माहरूको विवरण खोली जाहेर गरी पठाएको थिएँ। यस प्रकार अप्रत्यक्ष रूपमा पनि श्री ५ त्रिभुवनबाट यस कलाकारप्रति निगाहा राखिबक्सेको थियो।

उस बेला नेपालमा हिजोआजको जस्तो पाउरोटी बनाउने फ्याक्टरी थिएन। मेरा स्वर्गीय पिता भवानीदास अंग्रेजी खाना तथा बिस्कुट, पाउरोटी बनाउने काममा दक्ष हुनुहुन्थ्यो। श्री ५ महाराजाधिराज त्रिभुवन सरकार उहाँका हातबाट बनेका अंग्रेजी खाना, केक, पाउरोटी, बिस्कुट बराबर सरदार-सुब्बाहरूमार्फत अर्डर गराई मगाइबक्सन्थ्यो। तत्कालीन प्रधान मन्त्री चन्द्रशमशेरदेखि लिएर सबैकहाँ सो खाना तयार पारी लैजाने गरिन्थ्यो। पछि पिताज्यूले 'भवानी पाउरोटी भण्डार' सबैले देख्ने गरी स्ववासी घरमा साइनबोर्ड राखी प्रचार गरी खुलेआम सो व्यवसाय कायम गर्नुभएको थियो। उहाँको स्वर्गवास भएपछि सो व्यवसायलाई सम्हाल्ने कोही नभएर त्यसै सेलाएर गयो।

संवत् १९९८ सालमा तत्कालीन राणा-शासनले मलाई तीन वर्ष जेलमा हालेको थियो। त्यस बेला दयार्द्र हृदय श्री ५ त्रिभुवनबाट 'त्यस्तो गायक पनि जेलमा परेछन्' भनी हुकुम भएको कुरा मैले पछि थाहा पाएँ।

एक पल्ट म गीतहरू रेकर्ड भर्न कलकत्ता गएको थिएँ। त्यस बेला मेरो उन्नति देख्न नचाहने दुष्टहरूले 'फलानालाई त कलकत्तामा मुसलमानहरूले भालाले रोपी बोरामा बन्द गरी पेट्रोल खन्याएर जलाइदिए' भनेर काठमाडौंमा हल्ला फिंजाइदिएछन्। श्री ५ त्रिभुवन सरकारमा पनि यो असत्य समाचार नपुगी रहेनछ क्या र, र उसै बखत मौसूफबाट त्यो कुरो साँचो हो-होइन भनी मेरो घरमा समेत बुझ्न पठाइबक्सेको थियो भन्ने बेहोरा पछि म कलकत्ताबाट सकुशल फर्केर आउँदा थाहा पाएँ।

श्री ५ त्रिभुवन दिल्ली सवारी हुनुभन्दा अघि गेस्ट हाउसको २००५ सालदेखिको खानसामाको कामलाई त्यागेर आफ्नै रुचिको लगन

संगीत-सेवापट्टि लागें। पाँच-पाँच वर्षसम्म विछोडिएको हार्मोनियम अब बल्ल छुन सकें। श्री ५ त्रिभुवन दिल्लीवाट स्वदेश भित्रिबक्सेको समयमा म पनि हार्मोनियम काँधमा झुन्डयाई अरू बाजाको साथमा धक फुकाएर घण्टाघरदेखि गौचरसम्म गाउँदै सरकारको स्वागतार्थ पुगेको थिएँ।

संवत् २००८ सालतिर श्री ५ त्रिभुवन सरकार रेडियो स्टेशन सवारी भएको बेलामा म पनि त्यही थिएँ। त्यस बखत कलाकारहरूको परिचय हुँदा 'रत्नदास नि?' भनेर सोधनी भएको थियो।

यस्ता प्रजालाई असाध्यै माया गर्ने दयालु राजाको एक दिन अचानक स्वर्गारोहण भयो। म केही समयपछि कलकत्ता गएर **त्रिभुवन-यात्रा, महेन्द्रको राज्यारोहण** शीर्षकको गीत रेकर्ड भरें। अन्ततः श्री ५ त्रिभुवन सरकारप्रति मेरो उपर्युक्त गीत नै श्रद्धाञ्जलिको रूपमा अर्पण गर्दछु——

नेपालका तारा त्रिभुवन प्यारा प्रभुलाई उठाई
वैकुण्ठ लगे विष्णुले आज सारालाई रुवाई
एकतन्त्र शासन तोडेर नयाँ जागृति दिलाई
जनतन्त्र युगको सुनौला ज्योति आफैले फिँजाई
उज्यालो कीर्ति छोडेर गयौ हामीलाई रुवाई
संसारै रोयो प्रभुको शवमा फूलमाला चढाई
झुकाए कैयौं राष्ट्रले झन्डा अपसोच मनाई
प्रकृति रोइन् यो विश्वमहाँ प्रभुलाई नपाई
त्यो त्याग-तप, त्यो सत्य-नीति, आदर्श विचार
बाँकी छ गुण, देख्तैनौं अब त्यो दिव्य मुहार
जानुभो प्रभु त्यो दिव्य धाम कर्तव्य सुझाई
सुनौला कीर्ति गाउनेछौं हामी प्रभुको रमाई
प्रभुको शिक्षा प्रत्येक व्यक्ति अवश्य लिनेछ
कल्पान्तसम्म प्रभुको नाम अमर हुनेछ!

*****

अजर शब्द, अमर दृश्य

रत्नध्वज जोशी

सम्झनु जीवन हो। कसैलाई सम्झनेबित्तिकै नसाहरूमा बल परेझैं अनुभव हुन्छ, रगत उम्लन लाग्दछ। सम्झनाको एक अर्कै पक्ष छ जसको स्मृतिले मन प्रफुल्ल हुन्छ, उत्साह बढ्न लाग्दछ र देश अथवा लोकको निम्ति केही गरूँ भन्ने लाग्छ। राष्ट्रपिता श्री ५ त्रिभुवनलाई सम्झँदा कुन किसिमको भावना मनमा उठेको हुन्छ, त्यो मौसूफसित परिचित सबैलाई याद भएको कुरो छ।

एक दिन सबैले छोड्नै पर्ने संसारमा सम्झनाका दुई पक्षलाई जसले छोडेर गएको हुन्छ त्यसैले उसको सौजन्य या दौर्जन्यको परिचय दिइरहेको हुन्छ। राम र रावण, बुद्ध र देवदत्त, ईसा र उनका हत्याराहरू तथा गाँधी र गोड्सेको सम्झनाले पनि यस्तै परस्परमा विपरीत दुई भावको अनुभव गर्दछौं।

२००७ सालको कार्तिकमा जव श्री ५ त्रिभुवन हवाईजहाजबाट भारत सवारी हुन मोटरमा गौचर सवारी भएको थियो, त्यस बेला पाटनबाट दगुर्दै जाँदा बत्तीसपुतली जाने तीन बाटाको मुहानमा मौसूफ सरकारको दर्शन मैले पाएको थिएँ। त्यहाँ सद्भावपूर्वक सरकारको सवारी रोक्न अघि सरेकाहरूलाई हुकुम भएको थियो––"म केही दिनमा फर्किहाल्छु।" त्यस बेला जुन किसिमको भावना मेरो मनमा

उठिरहेको थियो त्यसलाई ठीक-ठीक शब्दमा बाँध्न सजिलो छैन। केही महीनापछि जब सोही सालको फागुन महीनामा हवाईजहाजबाटै त्यहीं गौचरमा फिर्ती सवारी भएको थियो, त्यस बेला बाहुलीको जुन मुद्राबाट जनतालाई आश्वासन बक्सेको थियो, त्यो कसैले बिर्सन नसक्ने दृश्य हुनाले नै मौसूफको त्यही मुद्राको तस्वीर सबभन्दा बढी लोकप्रिय भएको छ। त्रिभुवन जयन्तीमा पनि त्यही तस्वीरमा श्रद्धा र भक्तिको माला चढाउँदै आफूले देशको निम्ति केही उत्सर्ग गर्ने प्रेरणा लिने गर्छौं।

मौसूफ सरकारको जीवनसित सम्बद्ध अनेक सम्झनाहरूमध्ये यही दुइटा सम्झना प्रबल भइरहेको म पाउँछु।

****

चिरञ्जीवी राष्ट्रपिता श्री ५ त्रिभुवन

रमाकान्त झा

त्रिभुवन-स्मृतिग्रन्थको लागि त्रिभुवन-स्मारक-समितिको तर्फबाट मलाई पनि मौसूफको दर्शन-भेटमा भएका अनुभवहरू लेखवद्ध गरिदिने आग्रह भएकोमा आफूलाई सौभाग्यशाली सम्झी दुई-चारवटा केही अनुभवहरू व्यक्त गर्ने प्रयास गरेको छु। 'पत्रं-पुष्पं'-को रूपमा यो सानो उपहार हाम्रा महामानवको स्मृतिग्रन्थमा सर्मपित गर्न पाउँदा अत्यन्त हर्ष लागेको छ।

सर्वप्रथम नेपाली कांग्रेसको संघर्ष-समितिको सदस्यको नाताले गिरफ्तार भई लगभग तीन वर्षसम्म मलाई आफ्नै जिल्लाको जलेश्वर जेलमा बस्नुपरेको बेलाको कुरा हो, हामीहरू (म र अरूः राजबन्दीहरू)- लाई एकाएक के कुरा थाहा भो भने राणा सरकार मोहनशमशेरको तर्फबाट षड्यन्त्र भई हाम्रा राजा श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवलाई फसाउन प्रयास भएको थियो। यो खबर सुनेपछि हामी सबै राजबन्दी- हरूलाई झन् रिस उठ्यो, हामी मुर्मुरिन थाल्यौं। चौबीसै घण्टा मोहन- शमशेरको सरकारको विरोधमा नारा लगायौं, गाली गर्‍यौं, अनशन बस्यौं, अनि आफ्ना राजाको सम्झनामा बर्बरी आँसु बगायौं। अर्को खबर नआउन्जेल कसैलाई चैन भएन। परन्तु यसको दुई दिनपछि नै भारत सरकारले हाम्रा राजालाई भारी सम्मानका साथ दिल्लीमा स्वागत गरेको खबर पायौं। अनि केही चिन्ताको विषय भएन र हामी सबैलाई सन्तोष लाग्यो।

त्यसपछि त्यही अत्याचारी षड्यन्त्रको प्रतिक्रियामा देशमा सशस्त्र क्रान्ति भएको कुरा सर्वविदितै छ। आखिरमा हार खाएर मोहनशमशेरले जनताको सामु झुक्नुपऱ्यो र अनि संयुक्त सरकार बनाउने निर्णय भयो। हामीहरू पनि जेलबाट मुक्त भयौं। श्री ५ त्रिभुवनको वैधानिक अधिनायकत्वमा राणाको तर्फबाट पाँच र जनताको तर्फबाट पाँचसमेत गरी जम्मा दस जनाको मन्त्री-मण्डल बनाउने निर्णय गरी नेताहरूलाई साथै लिएर सपरिवार राजाको सवारी काटमाडौं फर्क्यो। म पनि काटमाडौं आएँ।

काठमाडौं सवारी फर्केको दिनको इतिहास पनि अद्वितीय र अविस्मरणीय छ। त्यो दिन गौचर विमानघाटदेखि नारायणहिटी राजदरबारसम्म आबाल-वृद्ध नर-नारीको अपार भीड लागेको थियो। सबैको मुख-मण्डलमा उल्लास र उमंग छाएको थियो। जतातत्तै खुशी र आनन्दको लहर उर्लिरहेको थियो। सियो पनि नअटाउने त्यो अपार जनसमूहको अद्‌भुत र अलौकिक दृश्य साँच्चि नै लेखेर नसकिने थियो। सबै नर-नारीहरू आफ्ना र पराइ पनि नचिन्ने बौलाहा र बौलाही-जस्तै भैसकेका देखिन्थे। दिदी-बहिनीहरूका आँखाभरि हर्षाश्रु भरिएको थियो। गौचर विमानघाटमा विमान उत्रनेबित्तिकै चारैतिरबाट जय-जयकारको गगनभेदी नारा घन्कन लागेको थियो। दर्शनको लागि तँछाड-मछाड चलेको थियो। राजा राज भैबक्सेको खुला मोटर विमानघाटदेखि नारायणहिटी राजदरबारसम्म आइपुग्दा फूल, अछेता र अबीरहरूले रँगिइसकेको थियो। ठाउँ-ठाउँमा पुलिसलाई केही नगनी मोटर रोकी-रोकीकन पनि नरनारीहरू आफ्ना प्यारा राजाप्रति श्रद्धा-भक्तिपूर्वक अभिवादन एवं फूलमाला चढाउँथे। राजा राज भैबक्सेको मोटरलाई विमानघाटलाट नारायणहिटी राजदरबारसम्म आइपुग्नलाई पनि लगभग पाँच घण्टा समय लागेको थियो। त्यस बेला कांग्रेसप्रति पनि त्यस्तै ठूलो श्रद्धा र विश्वास दर्साइएको थियो। नेपाली कांग्रेसको ब्याज लगाएको व्यक्तिलाई देवतालाई जस्तै सम्मान हुन्थ्यो। त्यस दिनको अभूतपूर्व स्वागत, उल्लास र उमंग आफ्नै आँखाले देख्ने मान्छेले मात्रै यथार्थ अनुभव गर्न सक्तछ, लेखेर अनुभव गराउनु सम्भव छैन।

अनि उपर्युक्त तवरले मन्त्री-मण्डल बन्यो। शपथग्रहणको दिन मैले पनि उपस्थित हुने सौभाग्य पाएको थिएँ। त्यसैले त्यस बेला आफ्नो आँखाले देखेको कुरा यहाँ प्रस्तुत गर्नु प्रासंगिक ठान्दछु।

नारायणहिटी राजदरबारको ठूलो बैठकमा शपथ-ग्रहण गराउने आयोजना भएको थियो। बैठक अनौठा ढङ्गले सजाइएको थियो। बैठकभरि लचकदार कुर्सीहरू मर्यादाक्रमानुसार यथास्थान राखिएका थिए। पश्चिमपट्टिको भागमा राखिएका ४०।५० कुर्सीहरू मित्र-राष्ट्रका महामहिम राजदूतहरू तथा आमन्त्रित विशिष्ट व्यक्तिहरूद्वारा सुशोभित थिए। तिनमा दस जना मन्त्री-मण्डलको शपथ-ग्रहणको लागि बसेका थिए। तिनको पछाडिपट्टिका कुर्सीमा पत्रकारहरू बसेका थिए। पूर्वपट्टिको भागमा चाहिं अरू जनप्रतिनिधि साथीहरूसँगै म पनि बसेको थिएँ। उत्तर-पश्चिमको कुनामा भव्य रूपले सिंगारिएको एउटा राजसिंहासन थियो। राजा सवारी भैवक्सेको थिएन। दक्षिणतिरको बरन्डामा फोटोग्राफरहरू भिन्न-भिन्न तरीकाले फोटो खिच्ने तर्खरमा थिए। बरन्डाको दक्षिणतिरको मैदानमा चारवटा ठूलठूला शामियाना टाँगिएका थिए। त्यहाँ देशका विभिन्न ठाउँका, नेपाली कांग्रेसका ब्याज लगाएका सहयोगीहरू र निन्याउरो मुख लाएका राणा तथा उनका सहयोगीहरू वसिरहेका थिए। पूर्वपट्टिका दुवै शामियानामा पुलिस र उच्चपदस्थ सैनिक अधिकारीहरू आफ्आफ्ना जंगी पोशाकमा उभिरहेका थिए। त्यहीं एकातिर विशेष प्रकारको पोशाकमा सुसज्जित सैनिक वन्धुहरू पंक्तिबद्ध वनी बन्दूक काँधमा लिएर वडो अनुशासित तरीकाले शान्त मुद्रामा उभिरहेका थिए। एक्कासि चारैतिरबाट जय-जयकारको गगनभेदी नारा गुन्जायमान हुन थाल्यो। बाहिर पंक्तिबद्ध भएर बसेका सबै जना वडो शान्त मुद्रामा उभिएर हेर्न थाले। सैनिक पंवितको सामुन्ने औधी नै आकर्षक र भव्य पोशाकमा सुसज्जित श्री ५ त्रिभुवनको सवारी भयो। कस्तो अनुपम मनमोहक रूप! एक त हाम्रा राजा स्वयं नै सुन्दरतामा बेजोड होइबक्सिन्थ्यो, त्यसपछि झन् आजको प्रसन्नताले गर्दा त्यो सौन्दर्य हजारौं गुना वढिसकेको जस्तो लाग्यो। मौसूफको मुखमण्डलमा अलौकिक प्रकाश थियो: तेजस्विताको प्रकाश, जनताप्रतिको सद्भावनाको प्रकाश, स्वच्छ र विशाल हृदयको प्रकाश,

निर्मल विचार एवं पवित्र भावनाको प्रकाश; दायाँ बाहुली शिरमा लगाई सलामी लिइबक्सियो। त्यो दृश्य अझै झल्झली सम्झिरहेछु। एकैनासे उमेर, अनुहार र पोशाक पहिरेका तथा अनुशासित, शान्त र हर्षोत्फुल्ल मुद्रामा सलामी टक्र्याउने सैनिक बन्धुहरू पनि बिछट्टै रमाइला र हेर्न लायकका देखिन्थे। उनीहरूको चेहरामा निर्भीकता, इमान्दारी तथा राजाप्रतिको अटूट श्रद्धा-भक्तिको भाव झल्किरहेको थियो। ब्यान्ड बाजाको मधुर ध्वनिको तालमा गति मिलाई सलामी टक्र्याइरहेका सैनिक वन्धुहरूको बूटको एक-दुई, एक-दुई ठोकाइ पनि मजालाग्दो थियो। त्यस बेला सलामी लिने बेलाका हाम्रा राजाको भव्य मुहार कस्तो अनुपम थियो, त्यो लेखेर बताउन सक्दिनँ। त्यतिखेर चुइँक्क पनि कतै केही थिएन। सबै शान्त र प्रसन्न छन्, वातावरण औधी नै रमाइलो छ, जताततै राष्ट्रिय स्वाभिमानको मौन भावलहर उर्लिरहेको जस्तो छ––साँच्चिकै मधुमय बेला त्यो थियो।

एक्कै छिनपछि झिलिक्क-मिलिक्क गरी ज्योति चम्कन थाल्यो। फोटोग्राफरहरू यताउति लागेर विभिन्न तरीकाले त्यहाँको फोटो खिच्न लागेका थिए।

यसरी सलामीको क्रम सकिएपछि राजाको सवारी शपथग्रहण गर्ने बैठकमा भित्रियो। सबैले एकसाथ उठेर राजामा अभिवादन टक्र्याए। राजा सिंहासनमा राज भैबक्सेपछि इशाराअनुसार सबै फेरि यथास्थानमा बसे। केही छिनपछि शपथग्रहण गर्ने मन्त्रीहरूका बीच उभिएर हाम्रा राजाबाट क्रमानुसार शपथग्रहण गराइबक्सियो। अनि समारोह विसर्जन भयो। राजामा हार्दिक अभिवादन टक्र्याएर अरूहरूसँगै म पनि त्यहाँबाट बिदा भै फर्कें।

राजाको दोस्रो दर्शन-भेट गर्ने मौका मैले भारतका तत्कालीन प्रधान मन्त्री पंडित श्री जवाहरलाल नेहरूको काठमाडौं प्रथम आगमनको बेलामा पाएँ। मित्रराष्ट्रका प्रधान मन्त्री नेहरूको हृदयैदेखि स्वागत गर्ने राजाको सदिच्छानुसार काठमाडौंमा विशेष तयारी गरिएको थियो। गौचर विमानघाटदेखि नारायणहिटी राजदरबारसम्म ठाउँ-ठाउँमा स्वागत-द्वारहरू भव्य रूपले सिंगारिएका थिए। दुवै देशका राष्ट्रिय झन्डाहरू

जतातत‍ै सँगसँगै फर्कराइरहेका थिए। पुलिस र सैनिकहरू अनुशासित ढङ्गले यथास्थान बसेका थिए। सडकका दुवै किनारामा जनताको अपार भीड भए तापनि काहीं, कतै कुनै पनि प्रकारको अव्यवस्था थिएन। चारैतिर उत्साह, उमंग र उल्लासको वातावरण थियो। सौभाग्यवश श्री नेहरूको स्वागत गर्ने जनप्रतिनिधिहरूमा म पनि परें। गौचर विमानघाट उत्रनेबित्तिकै श्री नेहरूको भव्य स्वागत भयो।

यस प्रकार श्री नेहरूको शुभागमनको बेलामा श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवका सदिच्छानुसार मनोहरामा श्री नेहरूद्वारा गाँधी स्मारक-निधिको उद्‌घाटन भएको कुरा पनि उल्लेखनीय छ। यस निधिको स्थापनाकार्यमा श्री तुलसीमेहर श्रेष्ठले गर्नुभएको प्रयास पनि अविस्मरणीय छ। यस निधिको संचालक समितिमा श्री तुलसीमेहर श्रेष्ठ, श्री मातृकाप्रसाद कोइराला, श्री भद्रकाली मिश्र, क्रमशः सभापति, उपसभापति र मन्त्री हुनुभएको थियो। सदस्यमा श्री खड्गमान सिंह र म दुई जना थियौं। यस सिलसिलामा मैले पनि राजासँग केही कुरामा विचार-विमर्श गर्ने सुअवसर पाएको थिएँ। पछि नारायणहिटी राजदरबारमा आयोजित श्री नेहरूको बिदाइ समारोहमा पनि भाग लिने सौभाग्य मैले पाएँ। त्यस अवसरमा अत्यन्त प्रसन्न मुद्रामा राजाबाट आफ्ना प्यारा पाहुना श्री नेहरूमा हार्दिक आतिथ्य सत्कार व्यक्त गरिबक्सिनुका साथै नाना सौगातहरू दिइबक्सेर बिदाइ बक्सेको कुरा म कहिल्यै बिर्सन्नँ।

राजाको तेस्रो दर्शन-भेट मैले आफ्न जिल्ला महोत्तरीमा पाएँ। राजाको सवारी हुने दिनमा यहाँ पनि चारैतिर हर्ष, उल्लास, उमंग र उत्साहमय वातावरणको सिर्जना भएको थियो। राजाको सवारी हुने दिनमा मात्र होइन, राजा जनकपुर राज होइबक्सिन्जेल नै राजाको स्वागत गर्न ठाउँ-ठाउँमा हजारौं-हजार जनता भेला हुन्थे। मानौं ती दिनहरूमा त्यहाँ ठूलो मेला नै लागेको थियो। जनकपुरमा सालाखाला वर्षको चार-पाँच पटक अनेक ठाउँबाट असंख्य यात्रुहरू भेला हुने गरेको देखेकै थिएँ, तर राजाको यो सवारीमा जत्तिको जनसमूह भेला भएको त मैले कहिल्यै देखिनँ। यत्तिका मान्छे कहाँबाट मात्रै जम्मा भए होलान् जस्तो लाग्छ। तर यसमा उदेक मान्नुपर्ने कुनै कारण छैन,

किनभने यो त हामी नेपालीहरूको राजाप्रति रहेको असीम श्रद्धा र भक्तिको ज्वलन्त उदाहरण हो।

ती दिनहरूमा राजा खुला मोटरमा राज भैबक्सेर रङ्गभूमि-वरिपरि सवारी होइबक्सेको, राजाको जहाँ-जहाँ सवारी हुन्छ त्यहाँ-त्यहाँ अपार जनसमूहले मौसूफप्रति हार्दिक अभिवादन टक्र्याएको तथा जताततैबाट व्हारव्हारती फूलमाला, अच्छेता र अबीरहरूको वर्षा भएको, सबैका अभिवादन सहर्ष स्वीकार गरिबक्सँदै मुसुक्क हाँसिबक्सने राजाको सुन्दर मुहार अझ सुन्दर बनेको, यी सबै दृश्य-उपदृश्यहरू सम्झँदा हिजोमात्रै देखेको जस्तो हुन्छ।

अँ, यहाँनिर मलाई राजाको विनोदप्रियताबारे एक दिन घटेको रमाइलो घटनाको याद आयो। तत्कालीन यातायात-मन्त्री श्री भद्रकाली मिश्रले आफ्नो घरमा आयोजित गर्नुभएको दिवाभोजको निमन्त्रणा राजाबाट स्वीकार गरिबक्सेको थियो। दिवाभोजका दिन जनकपुरबाटै सवारीको साथमा अरू साथीहरूसँगसँगै म पनि गएको थिएँ। दिवाभोजमा नाना प्रकारका चराचुरुङ्गीको मासु पनि थियो। घरको प्रांगणमा मण्डपमाथि ठूलो टेबिलका चारैतिर कुर्सीहरू सजाइएका थिए। पश्चिमपट्टिको बीच भागमा सरकार राज होइबक्सेको थियो। वरिपरि मातृकाबाबू लगायत चालीस-पचास जनाजति अरू आमन्त्रित महानुभावहरू बस्नुभएको थियो। माछा, मासु नखाने डिट्ठा गौरीनारायण गिरी, रामचन्द्र शाह र मचाहिं छुट्टै बसेका थियौं। भोज धमाधम शुरू हुन थालेपछि सरकारबाट चारैतिर नजर फिराइबक्सियो र मलाई सम्बोधन गरी हुकुम भो—"किन रमाबाबू, तपाईं अलग्गै बस्नुभएको?"

मैले बिन्ती गरें—"सरकार! यो महर्षिको मण्डली हो।"

सरकारबाट हाँस्दै हुकुम भो—"यो चाहिं राक्षसको मण्डली हो त?" मैले फेरि बिन्ती गरें—"सरकारबाहेक!"

यो सुनी खूब जोरले हाँसिबक्सँदै विनोदप्रिय सरकारबाट मातृकाबाबूलाई हुकुम भो—"सुन्नुभो मातृकाबाबू, रमावाबूको कुरा? उहाँले त तपाईंहरूलाई राक्षस बनाइदिनुभो।" अनि सबै हाँस्न थाले।

यसबाट हाम्रा राजा हाम्रा साथीहरूमध्येकै एक जना प्रमुख साथी जस्तो पनि होइबक्सिन्छ भन्ने अनुभव हामीलाई भयो।

त्यहाँबाट रेलमार्गद्वारा राजाको सवारी काठमाडौं फिर्‍यो। राजा राज होइबक्सेकै डिब्बामा मातृकाबाबू र अरू छ-सात जना साथी-हरूसँगसँगै म पनि थिएँ। जिल्लाको सम्बन्धमा कुराकानी चलिरहेको थियो। मैले बिन्ती गरें--"सरकार! मौसूफ देशका साझा होइबक्सिन्छ। त्यसैले काठमाडौं हाम्रो राजधानी हो र होस् नै, तर जाडो याममा त्यहाँ निकै जाडो हुने हुनाले शीतकालीन राजधानीको लागि जनकपुर छानियोस्। जनकपुर जगदम्बा जानकीको जन्मस्थान र राजर्षि जनकको राजधानी नै पनि हो। त्यसमाथि पनि सरकार स्वयं शीतकालमा यहाँ राजहोइबक्सिन्छ भने यसको महत्त्व झन् बढ्न जाने नै छ। मेरो कुरा सुनिबक्सेर राजाबाट प्रसन्नतापूर्वक मातृकाबाबूलाई हुकुम भो--"मातृकाबाबू! रसा बाबूको सुझाव मलाई राम्रो लाग्यो। सोच्नुपर्ने कुरा हो। फेरि मलाई हेरी मौसूफबाट हुकुम भो--"काठमाडौं गै यसमा विचार गर्नेछु। कसो मातृकाबाबू?"

मातृकाबाबूले बिन्ती गर्नुभो--"हो, सरकार!"

यसरी जयनगरसम्म सवारी पुर्‍याई हामीले बिदा लियौं। तर राजासँगको बिछोडले गर्दा निकै दिनसम्म पनि हामी सबैलाई कस्तो-कस्तो नरमाइलो लागि नै रह्यो।

अर्को एउटा उल्लेखनीय घटनाको सम्झना यहाँ मलाई भयो। म मातृकाबाबूसँगै काठमाडौंमा बसेको थिएँ। एक दिन हामी दुवै जना राजाको दर्शन-भेट गर्न नारायण हिटी दरबार गयौं। सरकारबाट दर्शन-भेट बक्स्यो र मलाई नजर गरी हुकुम भो--"रमाबाबू! के हाल-खबर छ तपाईंको जिल्लाको?"

मैले मौसूफसमक्ष स्पष्ट बिन्ती गरें--"बडो दुःखप्रद स्थिति छ, सरकार! चोरी, डकैती, घुसखोरी र भ्रष्टाचार आदिको बयानै छैन। जनतामा हाहाकार छ। राणाको समयमा बरु डर मान्थे, अब त कसैको डर पनि छैन। जतातातै खुलमखुल्ला अन्याय, अत्याचार र भ्रष्टाचार

भैरहेछ। जनताले अब कहाँसम्म भन्न थालिसके भने योभन्दा त बरु राणा सरकार नै राम्रो थियो, त्यो बेला अरू नभए पनि आफ्नो जीउ-धनसम्मको सुरक्षा राम्ररी हुन्थ्यो, अब त त्यही पनि छैन। फेरि सरकार! हाम्रा विरोधीहरूको गुप्तचरहरूको पनि निकै नै चल्तीफिर्ती देखिन्छ।"

मेरो बिन्ती सुनेर चिन्ता व्यक्त गरिबक्सँदै सरकारबाट हुकुम भो—"भातृकाबाबू! यो के भएको? रमाबाबूको कुरा त सुनिहाल्नुभो, यस्तो किन भैरहेछ?" मातृकाबाबूले हडबडाएर बिन्ती चढाउनुभो—"व्यवस्था गर्दै छु, सरकार! चाँडै नै सबै ठीक पार्ने बन्दोबस्त हुँदै छ।" यसपछि मातृकाबाबूले मसँग भन्नुभो—"रमाबाबू, तपाईंसँग केही सोध्नु छ, मलाई भेटेर जानुहोला है?" अनि त्यहाँबाट सरकारसँग बिदावादी भै हामी दुवै फर्केर आयौं। बाटोमा मातृकाबाबू मसँग गुनासो गर्न लाग्नुभो—"तपाईंले त मेरै टाउकोमा भार पर्ने चर्चा पो चलाइदिनुभो।"

मैले भनें—"भएको यथार्थ कुरा बिन्ती गरें। राजाको सामु झूठ कसरी बोलूँ! यसमा त ग तपाईं-हाम्रै अनुभवको कमी देख्दछु।"

यसपछि एक महीनासम्म कोशिश गर्दा पनि राजाको दर्शन-भेट मैले पाउन सकिनँ। केही समयपछि राजा अस्वस्थ भै उपचारार्थ विदेश सवारी होइबक्सियो भन्ने खबर पाएँ। त्यसको केही समयपछि उपचार हुँदाहुँदै उतैतिर मौसूफको निधन भएको दुःखद समाचार देशभर फैलियो। समस्त देशवासीले शोकविह्वल बनी बर्बरी आँसु वहाए। यसरी मौसूफको नश्वर पाञ्चभौतिक शरीरलाई मृत्युले हरेर लगे तापनि मौसूफ यशरूपी शरीरमा चन्द्र-सूर्य रहेसम्म चिरञ्जीवी होइबक्सिन्छ।

*****

श्री ५ त्रिभुवन–मेरो सम्झनामा

रमेश विकल

श्री ५ त्रिभुवन स्मारक समितिबाट आएको तेस्रो स्मृतिपत्र हातमा छ। त्रिभुवनको बारेमा केही लेखी पठाउनु छ। के लेख्नु त्रिभुवनको बारेमा ? त्रिभुवनसँगको साक्षात्कारको त्यस्तो कुनै खास र मार्मिक घडी नै कहाँ आयो र मेरो जिन्दगीमा, श्री ५ त्रिभुवनलाई खास रूपमा चिन्ने सौभाग्य नै कहाँ मिल्यो र मलाई ! जसरी देशका सर्वसाधारण जनताले श्री ५ त्रिभुवन हाम्रो देशका महाराजाधिराज हुन् भनेर चिनेका थिए, त्यसरी र त्यही रूपमा सम्म मैले पनि उनलाई चिनेको हुँ। त्यही रूपमा उनको सम्झना मैले आफूभित्र सँगालेको पनि छु।

मैले चिनेका एउटा त्रिभुवन हुन् जसलाई मैले आफ्ना बूढापाकाहरूको विचार र आँखाले जानेथें। ती त्रिभुवन बालखैमा महाराजाधिराज भएका रे। (राजा होइन। किनभने सर्वसाधारणको विचार र आँखामा राजा त राणा प्रधान मन्त्री श्री ३ थिए, जो हुकुम चलाउँथे, महाराजाधिराजलाई खेलाउने सामर्थ्य राख्थे।) महाराजाधिराज भएपछि उनलाई एक पल्ट झ्यालखान हेर्ने मन लाग्यो रे। राणाहरू उनलाई झ्यालखान र त्यसभित्रको दुर्व्यवस्था देखाउन त चाहँदैनथे रे, तर महाराजाधिराजको इच्छा न हो, आखिर के लाग्यो ! लोकाचारकै खातिर भए पनि त झ्यालखान त देखाउनै पर्‍यो। देखाउन लगे रे। झ्यालखानभित्र गएपछि बालख

महाराजाधिराजको पहिलो प्रश्न नै कैदीहरूको खानेकुराको सबन्धमा थियो रे--"यिनीहरू दूध-भात खाँदैनन् ? किन खाँदैनन् ? खान दिनू।"

यो देशका (देखावटीको लागि नै भए पनि) सर्वोच्च श्रीपेचको हुकुम थियो। राणा प्रधानलाई आच्छु-आच्छु पऱ्यो रे। आखिर हुकुमको तामेली त हुनै पऱ्यो। एक छाक सम्पूर्ण कैदीले दूध भात खाने सौभाग्य पाए रे।

(हुन त यो घटना कुनै उल्लेख गरिहाल्नुपर्ने जस्तो, अर्थात् कुनै सारपूर्ण र आफूभित्र गम्भीर अर्थ लिएको घटना होइन। संस्मरणजस्तो लेखमा यस्तो मामूली कुराको उल्लेख गरेको देख्ता अरू सहधर्मी विद्वान्हरूलाई हाँसोउठ्तो नै लाग्ला—श्री ५ त्रिभुवनको संस्मरण लेखेको रे; यस्ता बगमफुसे कुरा लेख्छ, फ्यान्टास्सी लेख्छ, केटाकेटीको कोर्सबुकमा लेख्नेजस्तो कथा लेख्छ। तर पनि मैले यस कुरालाई विशेष उल्लेख गर्नुपर्ने कुराको रूपमा किन सम्झनामा सँगालें भने त्यस बालकोचित घटनाले समस्त मानवताको बीचमा रहेको प्रस्ट विषमता—आर्थिक र सामाजिक रूपमा बाँचेको भयानक असमानतातिर संकेत गरेझैं मलाई लाग्यो, जुन कुरालाई बालख त्रिभुवनको अबोध चेतनाभित्रको अन्तर चेतनाले असन्तोषको रूपमा औंल्यायो। अथवा हाम्रा बाठा बूढापाकाले त्रिभुवनको बालखकालको कथाको आड लिएर यसलाई यसरी व्यक्त गर्दै कुनै खास दिशातिर संकेत गरेथे, कुन्नि कसो हो!)

त्यसपछि मैले चिनेका श्री ५ त्रिभुवन ती थिए, जो त्यस्तै अर्को कथाका नायक थिए। त्यो कथा धार्मिक रूपमा हामी सुन्थ्यौं: महाराधिराज भनेका विष्णुका अवतार हुन्, महाराजाधिराजले बूढानीलकण्ठ जानु हुँदैन, किनभने डबल विष्णु एक ठाउँमा जम्काभेट भयो भने एउटा उपद्रो हुन्छ। (शायद अस्तित्व-रक्षाका लागि।) अघि कता हो त्रिभुवन महाराजाधिराज बूढानीलकण्ठ जान लागेका रे। (शायद नजानेर अथवा नपत्याएर) बीच बाटामा पुगेपछि त उनले आँखै देख्न छोडे रे। अनि त्यही नीलकण्ठको शेष नाग आएर उनलाई सम्झाई-बुझाई फर्कायो रे। अनि त्यताबाट फर्केपछि आफ्ना लागि

तुरुन्त एउटा अर्को बूढानीलकण्ठको मूर्ति कुँद्न लगाएर बालाज्यूमा स्थापना गरे रे।

(यो रूपक यस रूपमा किन, कहिलेदेखि र कसरी प्रचलित भयो र त्रिभुवन महाराजाधिराजको जीवनसँग यो कसरी गाँसियो! आज इतिहासले बालाज्यूको नीलकण्ठको मूर्ति-निर्माण-काल र त्यसको कथासँग सम्बन्धित राजा पनि अर्कै बताउँछ) र यसरी यस रहस्यवादलाई गाँस्ता तत्कालीन शासकहरूलाई प्रत्यक्ष लाभ के भयो, त्यसको निरूपण गर्ने अवस्था र सामर्थ्यभित्र म आफूलाई पाउन्नँ। (हुन सक्छ, यसरी देशका सर्वोच्च शासकलाई रहस्यमय रूपमा लौकिक स्थितिबाट माथि अलौकिक रूपमा जनसमक्ष प्रस्तुत गरेपछि जनताको भौतिक सम्बन्ध उससँग रहँदैन, भौतिक जगत्‌कै वस्तु भएको शासन-सम्बन्धी सरोकारबाट पनि उ बिलगिगन जान्छ र उसका आडमा मनपरी गर्नेलाई कुनै बाधा-अड्काउ रहँदैन शायद।)

यसबाट प्रत्यक्ष पर्ने प्रभाव ममा चाहिं के रह्यो भने मैले त्रिभुवनकै रूपमा पौराणिक विष्णुलाई खोज्न थालें। मैले त्रिभुवन महाराजाधिराजको दर्शन गरेर दिनभरको पाप कटाउने (हो, यो कुरा पनि त्यस रूपककै एक अङ्ग हो) प्रतीक्षामा आफूलाई धेरै राखें। तर सितिमिति यस्तो सौभाग्य कहाँ मिल्थ्यो र! खास गरी त्रिभुवन महाराजाधिराज दरबारबट बाहिर नै निस्कनुहुन्नथ्यो (निस्कनुपर्दा राणा प्रधान साध्नुपर्ने र उसका कुनै न कुनै हजुरिया (Watch dog)-को रूपमा हर्दम पछि लाग्ने हुँदा त्यही झमेलाले गर्दा होला कि!) निस्किहाले पनि धेरै मानिसले पत्ता पाउँदैनथे। (राणा प्रधान कतै जाँदा भने तीन दिनअगिदेखि हल्ला हुन्थ्यो। बाटाको दुवैतिर बन्दूकधारी सिपाही लाम लाग्दथे। भरी घडाहरू ठाउँ-ठाउँमा रहन्थे। एक घण्टाअगाडि गार्ड आएर बाटाको अव्यवस्था हटाउँथ्यो, अगि-पछि सशस्त्र गार्डले घेरिएका राणा प्रधान बडो आडम्बरसँग हिंड्थे। तर–) एउटा मोटरमा आठ जनामात्र रिसल्ला अगि-पछि लाएर सुइत्त जान्थे श्री ५ त्रिभुवन।

अनि यसै शुभ अवसरलाई छोपेर आफ्नै आँखाले दर्शन पाई मैले दिनभरिको पाप काटेंको वेलाका त्रिभुवन थिए––एउटा

अति सुन्दर, जवान महाराजाधिराज त्रिभुवन (जवानको तात्पर्य यहाँ उनको उमेरसँग होइन, उनको सुन्दर स्वास्थ्य र फुर्तिलो-पोसिलो शरीरसँग हो । उमेरले उनी पैंतीस-छत्तीस भैसकेका भए तापनि दुनियाँका चाउरिएका र पिल्सिएका बीस बर्से तन्नेरीभन्दा उनी खाइहाल्दा देखिन्थे ।) हुन त उनी मोटरमा सुइत्तै गइहाले। तैपनि मैले एक झलक देखिहालें र त्यसै निमेषमा मैले उनको चित्र आफ्नो सम्झनामा कुँदिहालें।

मैले देखेका ती महाराजाधिराज त्रिभुवन निकै राम्रा थिए। उनको गोरो रोगनको अत्यन्त बान्की परेको मोहडा, अत्यन्त तेजिला र साह्रै हिस्सी परेका आँखा, तलदेखि माथिसम्म कुनै मूर्तिकारको छिनाले कुँदेजस्तो (तर एकहोरो) सुपुष्ट जीउडाल, अनि दुवैतिरको निधारको धेरै भाग ढाक्ने गरी लर्काएर कोरेको मुन्द्रे रेशमी कपाल र त्यसमाथि कालो मुन्द्रे (मूल्य निकै पर्ने होला) जमठको टोपी—यी सबै कुराको सम्मिश्रणले उनको व्यक्तित्वमा एउटा अनौठो संमोहन प्रवाहित भएझैं लाग्दथ्यो।

मैले श्री ५ त्रिभुवनलाई पहिले, बस त्यही रूपमा चिनेथें। यही चिनारी धरै पछिसम्म मेरो मानसमा रहिरह्यो। बीचमा त्यसपछि अनेक कुराहरू आए—दशरथ, धर्म, शुक्र, गंगा फाँसीमा झुन्ड्याइए। अरू कैयौं गोलघरमा दामल भए। मेरो सानो मगजले भित्रभित्रै प्रश्न गऱ्यो। (बूढो बकैनाको रूख प्रश्नचिह्न बनेन र?) तर त्यो प्रश्न पनि भित्रै रह्यो, जवाफ पनि भित्रै। (भन्छन् ती फाँसी पाउने र दामल हुनेहरूले राजकाज ताके रे, गाथगादी ताके रे—श्री ३ महाराजको। यस कुरासँग त्रिभुवनको पनि सम्बन्ध थियो रे। तर यो कुरा राजकाजसम्बन्धी कुरा। प्रस्ट भन्नु हुन्न। मेरी ठूली आमा भन्नुहुन्थ्यो—यस्तो कुरा गरे जिब्रो झिकिन्छ रे। त्यसैले यो मैले जुन भनें त्यसलाई गुपचूप नै सम्झनुहोला। भन्नै पर्छ भने त म यसो पो भन्छु—त्यति बेला आफू केटाकेटी नै भएकाले मलाई ती सब कुराको कुनै सरोकारै थिएन। त्यसैले आफूलाई त केही थाहा छैन बा!) तर जवाफको अपेक्षा नगरैरे पनि त्यहाँ अनेक

नौला घटनाहरू हुँदै रहे। के-के भए, के-के भए, के-के भए। आफूले त्यसको पनि लेखाजोखा राखिएन बा! (तर नढाँटी भन्ने हो भन्ने अनेक घटनाहरूमध्ये एउटा घटना त साँच्चै नै भयो। यसले मेरो जीवनमा व्यक्तिगत रूपले विशेषताको भूमिका खेल्यो; अर्थात् गोकर्णको वनमा बाघ आयो। वरपरका गाउँका साथै तीनै शहरमा हाहाकार मच्चियो (कस्तो खाले बाघ हो? कहाँबाट उछिट्टिएर आएको हो र कुन दिन कसलाई खाइदिने हो!) जनता त्राहिमाम् भए। यी सबै कुरा श्री ३-को समक्ष पुऱ्याइए। अनि श्री ५ को बाहुलीबाट त्यो बाघ मारिने भयो। (बाघ वनको राजा हो। उ अरूको हातबाट मर्दैन, मर्नु हुँदैन—राजाकै हातबाट मर्नुपर्छ।)

'भोलि गोकर्णको वनमा महाराजाधिराज सवारी हुने रे—बाघ-शिकारलाई।' यस खबरले हामी केटाकेटीहरू निकै रमायौं, अनि भोलिपल्ट जङ्गलमा गयौं। श्री ५-को सवारी पनि भयो। उहाँका लागि अग्लो रूखमा मञ्च बनाइयो। हातमा ट्वेल्भ बोर लिएर उहाँ त्यस मञ्चमा राज पनि भयो। हामी दर्शकहरूलाई झोरा दिन लगाइयो। दिनभर घेरामा रहेर हाहा र हुहू गरियो। (त्यस अवसरमा कति काँडाले कोऱ्यो, भीरबाट कति लडियो, लुगा धुजाधुजा भए) तर बाघराज देखा परेनन्, कता दम्पच भए!

आखिर सबै निराश भएर फर्के। (खास कुरा के भने दिइने भएको जनही बीस-बीस पैसा पनि त्यस दिन बाघ नमरेकाले कसैलाई दिइएन!)

अनि त्यसै बीचमा कहिल्यै नजानेको र नसुनेको दिन २००७ सालको कार्तिक महीना आयो। एक दिन बिहानै उठेर त के सुन्छु भने त्रिभुवन महाराजाधिराज त हिजो राति दरबारबाट परिवारसहित भागेर भारतीय दूतावासमा पो पसे रे। किन उनले त्यसो गरे? म र मजस्ता (राजनीतिको नाउँसम्म नजानेका) धेरै छक पऱ्यौं। तर त्यो पहिलो छकलाई पनि तीन छक पार्दै एक दिन त्रिभुवन महाराजाधिराज त झन् परिवारै लिएर हिन्दूस्थान पो पसे ए! राजधानीमा यस घटनाले एउटा अनौठो र आतङ्कपूर्ण वातावरण सिर्जिदियो। सबैको

मुखमा एउटै कुरो, एउटै प्रश्न—त्रिभुवन किन देश छोडेर भागे ? उनलाई के पऱ्यो त्यस्तो ? उनी त देउताका थान्कामा थिए, नपुग्दो के थियो र ?

त्यसपछि सुनियो—राणा प्रधानका भाइ-भारदारमा खलबल मच्चियो। राणा प्रधानको दरबार सिंहदरबारमा भाइ-भारदारहरूको सभाका सभा बस्न थाल्यो—त्रिभुवनको कार्यमा न्याय (?) गर्न। त्यसै सभामा धर्मगुरु (तत्कालीन बडा गुरुज्यू हेमराज पंडित)-को धर्मशास्त्रले गर्जनापूर्ण घोषणा गऱ्यो—'देश छोडी विदेश जाने राजा देशद्रोही हुन्छ। उसलाई पदच्युत गर्न धर्मशास्त्र अनुमति दिन्छ।'

यसै घोषणाका पछि-पछि श्री ३-का भक्त अरू भारदारहरूले सही थापे। सरदारसाहेब चिच्याए, सुब्बासाहेब रन्के, काजी-बडा काजी गर्जे, करसाब-जरसाब बम्के—"हो त्रिभुवन वीरविक्रम देशद्रोही हो। उसलाई पदच्युत गर्नु न्याय हो।" यसैलाई गोरखापत्रले छापा ठोक्यो –'त्रिभुवन वीरविक्रम पदच्युत'।

अनि कसलाई राख्ने त सिंहासनमा ? यो एउटा प्रश्न जन्म्यो। किनभने राजसिंहासनमा त वंशानुक्रमले अधिकार हुन्छ। तर के भयो र यहाँ ! अपवादै सही, राजसिंहासन पनि श्री ३-बाटै सँभाले कसले के बोल्न सक्छ र ? दुनियाँ त भेडो न हो, उसको के हिम्मत गोलीका सामु बोल्न ! (रह्यौं हामी भाइ-भारदार धर्माधिकार। हामी नूनको प[illegible]मा छँदै छौं) काजी-सर्दार, सुब्बा-सर्दार, गुरु-पुरेतले एक मुखले सल्लाह दिए—श्री ३ मोहनलाई। तर उनको आँट त्यहाँसम्म पुग्न सक्तैनथ्यो। (शाहवंशको उत्तराधिकारी नभै त कसरी होला ! आखिर दुनियाँ बिभिन्डियो भने ?) तर उत्तराधिकार कसलाई दिने ? ज्ञानेन्द्रवीरविक्रम शाहदेव (नाति)-लाई ! बाँकी त उही एउटा छुटेछ राज-परिवारमा। तर उ पनि त नाबालखै छ नि। के भयो त ! नाबालख राजा बनाएर उसको आडमा आफू शासन गर्ने त हाम्रो चलिआएको परम्परा नै हो नि। इतिहास साछी छँदै छ। (नभए पल्टाउँला इतिहासका पाना, के भयो र !)

कुरा त साह्रै मनासिब थियो है! प्रधानलगायत सबै पाल्तुहरूको चित्त बुझ्यो। (मेरो पनि चित्त नबुझेको त होइन बा! आखिर त्रिभुवनले आफ्नो देश किन छोडेर मुग्लान पसे त? तिनलाई त्यस्तो नभए कस्तो हुन्छ त?) अनि एक दिन साँच्चै नाबालख राजकुमार ज्ञानेन्द्रको श्रीपेच-ग्रहणको रूपमा अद्‌भुत र हाँसोउठ्दो इतिहासको पुनरावृत्ति सम्पन्न भयो––श्री ५ ज्ञानेन्द्रको जय! श्री ३ मोहनको जय!

तर के अचम्म! अर्कोतिर आकाशले त अर्कै रङ्ग पो फेरेछ। नेपालका सर्वसाधारण जनतामा माथिको घटनाले त अर्कै क्षोभ र विद्रोहको राँको सल्काइसकेछ। श्री ५ त्रिभुवन त जनताका थिए, उनी देश छोडेर विदेश पस्नुको अर्थ त नेपाली जनतामाथिको राणाहरूको अंकुशरहित जहानियाँ शासनको अन्त गर्न पो रहेछ। उनी त जनताको हित हुने वैधानिक प्रजातन्त्रको तर्जुमा गर्न पो वर्तमानसँग विद्रोह गरेर छिमेकी देशको मद्दत लिन गएका रहेछन्। यो कुरा नेपालका जनताले बुझेछन्। त्यसैले त उनीहरूको अन्तरमा राँक्किएको विद्रोह र रोषको स्वर दमनको बार भत्काएर बाहिर निस्कन शुरू गरेछ––"राणाको थिचोमिचो नाश होस्! निरंकुश शासन मुर्दाबाद! श्री ५ त्रिभुवन जिन्दाबाद!

त्यसै बीच देशमा श्री ५ त्रिभुवनको आवश्यकताको जाँचका लागि अन्तर्राष्ट्रिय आयोग खटिएछ। हामी तीन शहर चारै खुटका जनता गौचर हवाईअड्डामा भेला हुनुपर्छ 'हाम्रा राजा फकाईदेऊ' भनेर हामीले माग गर्नुपर्छ। राणाको जहानियाँ शासनको अन्त्य होस् भन्ने माग गर्नुपर्छ। प्रत्येक नेपालीको भावनामा यही जोश उम्लेछ।

हो त नि, जानुपर्छ गौचरन! अनि गर्नुपर्छ माग 'हाम्रा राजा फर्काइदेऊ' भनेर। मलाई पनि लाग्छ, कुरा मनासिब हो। अनि त्यस दिन गौचर हवाईअड्डामा बिहानैदेखि तीन शहर चार खुटबाट मानिसको भेल उर्लन थाल्छ––राणा शासनको अन्त गर्नुपर्छ, अधिकारबाट जबरजस्ती वञ्चित गरिएका राजाको अधिकारसहित राजालाई (यहाँ राजाको तात्पर्य श्री ५ महाराजाधिराज भन्ने हो। किनभने यति बेलासम्म हाम्रो देशका सच्चा राजा त श्री ५ नै हो भन्ने कुरा प्रत्येक जनताको

बुद्धिमा घुसिसकेको छ।) स्वदेश फर्काएर जनताको राज—कानूनी राज, प्रजातन्त्र राज कायम गर्नु हाम्रो कर्तव्य हो भन्ने भावनाको भेलमा बगेर नर-नारी, बालख, बूढा, जवान सबै ओइरिए। गौचरमा आँखाले भेटेसम्म मानिस देखिए। राणाका सिपाही र पुलिस ओठ सुकेका, सकेसम्म त्यस भीडलाई छताछुल्ल गराउने तरखरमा लाठी, पानी र टियर ग्याँस छोड्दथे। तर जनता-जनार्दन अविचलित रह्यो। अश्रुग्याँस थाक्यो, लाठी थाक्यो।

अनि आकाशमा हवाईजहाजको भुनभुन सुनियो। अहिलेसम्म शान्त समुद्रझैं गम्भीर जनसमूहमा उत्तेजनाको लहर फैलियो। नाराले आकाशको छाती घन्कियो—'श्री ५ त्रिभुवन जिन्दाबाद! इन्कलाब जिन्दाबाद! हाम्रा राजा फर्काइदेऊ। राणाशाही मुर्दाबाद!

त्यसपछि एक दिन नभन्दै हाम्रा राजा श्री ५ त्रिभुवन आफ्नो गुमेको सम्पूर्ण अधिकारसहित विदेशबाट स्वदेश फर्कन्छन्—आकाश-मार्गबाट। उही बान्की परेको अनुहार, उही कालो रेशमी कपाल, सम्मोहक व्यक्तित्व। अहिले त उनको हात अभय मुद्रामा उठेको छ र उनको साथमा नेपाली जनताका लागि एउटा अमूल्य कोसेली छ—प्रजातन्त्रको कोसेली। श्री ५ त्रिभुवन जिन्दाबाद! नेपाली जाति जिन्दाबाद! इन्कलाब जिन्दाबाद!

बस, यिनै हुन मैले चिनेका त्रिभुवन।

*****

दुई दर्शन-भेट

राजालाल आर्य

मैले जीवनमा त्रिभुवन सरकारको दुई पटक दर्शन पाएँ र आफूलाई अहोभाग्य सम्झें।

राणाशाही समाप्त भएपछि एक पटक अंग्रेजी तारीख १९ अप्रैल, १९५१ संवत् २००८ थियो, दिनको ३ बजेको समयमा म नारायणहिटी दरबार बैठकमा गएको थिएँ। त्यसै बखत मप्रति प्रसन्न भएर राष्ट्रपिताबाट मलाई दर्शन-भेट बक्सियो। धर्मभक्त, शुक्रराजसमेतलाई समय-समयमा मैले आर्थिक सहयोग दिने गरेको कुरा मौसूफ सरकारमा जाहेरै थियो।

राष्ट्रपिताबाट हुकुम भयो—"शहीद धर्मभक्त, शुक्रराज, गंगालाल, दशरथहरूमाथि उस बखतको परिस्थिति तथा मेरो इच्छाविपरीत लालमोहर प्रयोग गराइएकाले उनीहरूले मृत्युदण्ड पाएका हुन्। यो तपाईंहरूमा भ्रम नहोस्।" यति हुकुम बक्सँदै जनताले तत्सम्बन्धमा सोधे, बुझेमा शहीदहरूलाई मृत्युदण्ड दिने काम मौसूफको इच्छाविपरीत र निर्ममतापूर्वक भएको कुरा स्पष्ट शब्दमा बोध गराउन स्मरण गराइबक्सियो।

राष्ट्रपिताबाट फेरि हुकुम भयो—"आर्य-समाज-सिद्धान्तको प्रचार होस्, भविष्यमा राष्ट्रको उन्नति होस् र स्कूल खोली पढाइको प्रचार

बढोस् भन्ने तपाईंको प्रयास राम्रो हो। यसमा मेरो पनि सहयोग रहनेछ। म यै चाहन्छु--अब गएको पुरानो कुरा सम्झेर हुँदैन, सो कुरालाई बिर्सेर देशको उन्नतितिर लाग्नुपर्दछ" इत्यादि।

दोस्रो पटक २००६ सालतिर श्री खड्गमान सिंहको शुभ विवाहमा जाँदा राष्ट्रपिता त्रिभुवन सरकारको दर्शन पाएँ, त्यस बखत पनि धेरै कुराकानी भयो। तत्पश्चात् मैले फेरि दर्शन नपाउँदै सरकार सदाको लागि दिवंगत होइबक्सियो, तर सरकार नेपालको हृदयमा सधैंको लागि ज्योति भएर चम्किबक्सेको छ।

*****

राष्ट्रपिता त्रिभुवनको स्मृतिमा

रामप्रसाद मानन्धर

राष्ट्रपिता श्री ५ त्रिभुवनको जीवनीले ती उच्चतम गुण र महान् आदर्शको संस्मरण गराउँछ, जुनले मौसूफलाई दिव्य पुरुषको रूपमा अङ्कित गरेका छन्। राष्ट्रपिताको रोम-रोमबाट भद्रता प्रवाहित हुन्थ्यो र मौसूफमा मिथ्या विचार र गर्वका चिह्नहरू कत्ति पनि थिएनन्। उहाँ वास्तवमा एक किसिमले अत्यन्त सरल व्यक्ति हुनुहुन्थ्यो। उहाँको प्रसाधनमा यथार्थ कुलीन आचरण जुन देखिन्थ्यो त्यो वाह्य आचरण-तत्त्वबाट प्रादुर्भूत भएको नभएर आन्तरिक थियो र उहाँमा जुन एक अत्यन्त ठूलो--महत्तम कुलीनता सदैव प्रकाशमान हुन्थ्यो त्यो बौद्धिक शिष्टता, सुन्दर भावना र सूक्ष्मतामा आधारित थियो जसलाई भौतिक रूपमा केलाउन वा विश्लेषण गर्न अत्यन्त कठिन पर्दछ। उहाँको आकृति, गति र शारीरिक रूप कुनै पनि स्तरमा अतिशय ललितमय भईकन पनि जुनसुकै व्यक्ति जो उहाँको सान्निध्यमा आउँदथ्यो, उहाँको त्यसमाथि हृदयस्पर्शी प्रभाव पर्नुका साथै मृदु अनुकम्पाद्वारा उसका अन्तस्थ कुराहरू पनि अवगत गर्न सक्ने क्षमता उहाँमा थियो र यी कुराहरू उहाँको शारीरिक सौन्दर्यमा मात्र सम्बन्धित थिएनन्। राजा त्रिभुवनको सर्वोच्च महानता त्यस्तो समयमा व्यक्तिहरूसँग स्थापना गरेको भित्री सम्पर्कमा निहित रहन्थ्यो।

राष्ट्रपिता त्रिभुवनलाई कुलीनमा कुलीनतम र प्रजातान्त्रिकहरूमा उच्चतम प्रजातान्त्रिक भन्नुमा केही अत्युक्ति होवैन।

शब्दार्थ सीमित छ, अतः हामीहरूका सचेतताको उच्चविन्दुमा वास्तविक प्रभावका रूपमा रहेका निश्चित विचार र सचेत भावनाका अति सुन्दर र अति सूक्ष्म भागहरू जुन हुन्छन् ती शब्दद्वारा वा भाषाद्वारा व्यक्त गर्दा भावनाको सामीप्यबाट मात्र अभिव्यक्ति हुन्छ। संक्षेपमा भन्ने हो भने त्यो महिमाशाली व्यक्तित्व रहस्यात्मक छ र जो अनुभूतिगम्य मात्र छ, शब्दगम्य छैन।

राजा त्रिभुवनले नेपाल र नेपाल बाहिर—स्वदेश र विदेशमा यो रहस्यमय प्रभाव प्रयोग गर्नुभयो, यसैमा उहाँको आधुनिक नेपालको स्थापना गर्ने अनुपम योगदान निहित छ। राणा तानाशाहीको उत्कर्षको त्यस्तो बेलामा—जब कि उहाँका प्रत्येक शब्द र क्रिया-कलापमाथि शङ्का गरिन्थ्यो, त्यस बेला पनि उहाँले आफ्नो सम्पर्कमा आउने व्यक्तिहरूको हृदयलाई सजिलै प्रभाव पार्नुहुन्थ्यो। यसले गर्दा उहाँले एक थोपाजसो रक्तस्राव पनि नगराई सफलतापूर्वक जन-आन्दोलनको सञ्चालन गर्नुभयो। के यो सबभन्दा महान् र उच्चतम राजनेताको गुण थिएन? उहाँको अगाडि आफू र देशका लागि जुन ठूलो सङ्कटकालीन समय थियो त्यसलाई दूर गर्न उहाँले जस्तो मार्ग अपनाउनुभयो त्यो शान्त र तीव्र थियो, वास्तवमा यसलाई 'भावमय हेतुवाद' भन्न सकिन्छ। आफ्नो र राष्ट्रका परिस्थितिहरूको अगाडि यहाँ एउटा अत्यन्त सुन्दर सन्तुलनको कुरा थियो जहाँ तर्क भए तापनि अल्प हुन्थ्यो र भावात्मक विज्ञता नै सर्वोपरि हुन सक्थ्यो, यसैले त्यो रहस्यात्मक कार्य भयो जसले गर्दा एक रात्रिमा नव-नेपालको सृजना भयो, यथार्थमा यो धेरै अंशमा एउटा अनुपमेय गौरवशाली क्रान्ति (Glorious revolution) थियो।

सौहार्दिक मिलाप (Entente cordial)—यी शब्दको माध्यमद्वारा पनि राष्ट्रपिता त्रिभुवनलाई अङ्कित गर्न प्रलोभित हुन्छौं। यस प्रसङ्गमा यी शब्दले अर्को एउटा महत्त्वपूर्ण व्यक्तित्वको संस्मरण गराउँछ, जसको तीक्ष्ण बुद्धि भव्य शारीरिक आकृतिको मुग्धतामा आच्छादित थियो, ती महत्त्वपूर्ण व्यक्ति इङ्गल्यान्डका राजा एडवार्ड सप्तम हुन्। यी सम्राट्द्वारा अन्तर्राष्ट्रिय समस्याहरूको

समाधानमा खेलिएको महत्त्वपूर्ण भूमिका इतिहासमा निर्दिष्ट छ। यिनी राजदूतहरूलाई प्राविधिक विज्ञतामा भन्दा केही बढी मात्रामा आफ्नो व्यक्तिगत प्रतिनिधि ठान्दथे। यिनले आजीवन परराष्ट्रनीतिमा अभिरुचि लिए। यिनका समयका सरकारहरू पनि यिनलाई विशेष किसिमको स्थान यसरी दिन विरोधी थिएनन्। यिनको अनुभव विशाल थियो, यिनको ज्ञान असीम थियो र यिनको कुशलता अद्वितीय थियो। यिनी आफैमा एउटा शक्तिशाली दूत थिए र भनिन्छ यिनी त्यो राजदूतको क्रममा आफूलाई कल्पना गर्न मन पराउँथे। यिनले विदेशहरूमा गरेका राजकीय भ्रमणहरूपश्चात् ती देशहरूसँग चलाइएका वार्तालापहरूमा अत्यन्त वाञ्छनीय प्रभाव परेको देखिन्छ। कहाँसम्म भने त्यस बेलाका यूरोपका आनन्दमय स्वास्थ्यदायी स्थानहरूमा बिताइने उनका बिदाका दिनहरू पनि भविष्यमा इङ्गल्यान्डसित समुचित सम्बन्ध कायमका लागि उपयोगी हुन सक्ने विदेशी नेताहरूसँग मैत्रीपूर्ण सम्बन्ध स्थापनाका लागि प्रशस्त मदतकारी भए।

यद्यपि राष्ट्रपिता त्रिभुवनको जीवन-कुसुम असमयमा नै निर्मुक्त भयो र उहाँले धेरै देशको भ्रमण गर्न सक्नुभएन तापनि ती थोरै देशहरू जहाँ उहाँले भ्रमण गर्नुभयो त्यहाँ अति राम्रो मैत्रीभावको प्रभाव पार्नुभयो। उहाँले स्थापना गर्नुभएको भारतसँगको मैत्रीपूर्ण सम्बन्ध ऐतिहासिक रूपमा छ, जस्तो एडवार्ड सप्तमले फ्रान्ससित कायम गरेको मैत्री सम्बन्ध छ। निकटवर्ती राष्ट्र इङ्गल्यान्ड र फ्रान्स धेरै शताब्दीसम्म ईर्ष्या, तीव्र शङ्का र आत्मविनाशी कलहमा लागेका थिए, तर एडवार्ड सप्तमको सौहार्दिक मिलापपछि उदाहरणीय मित्रहरूको रूपमा परिणत भए, जुन मित्रभाव अहिलेसम्म कायम छ। यसलाई हामीले जुनसुकै नामले पुकारौं, तर राष्ट्रपिता त्रिभुवनको मैत्रीपूर्ण शुरुआतदेखि नेपालको असल छिमेकीपन दिन-प्रतिदिन शुद्ध भयो। के यो वास्तवमा उच्चतम स्तरको दौत्य निपुणता होइन ?

*****

प्रजावत्सल श्री ५ त्रिभुवनसित*

राममणि आ० दी०

जसलाई इतिहासले प्रजावत्सल अभूतपूर्व राजा भनी स्वर्णाक्षरले लेखतछ, तेसता राजासित मेरो कतिका दिन विते त्यो संझनाले म आफ्ना भाग्यको तारीफ गरदछु। कुनै पनी महापुरुषको वाल्यावस्थामै अलौकिक गुण पाइनछ। **हुने विरुवाको चिललो पात** भनेको यही हो। श्री ५ त्रिभुवनको प्रत्येक कार्यकलाप विश्लेषण गरी अध्ययन गरनू म जस्तो अदनाको वुद्धिदेखि परको कुरो हो। तर म चाँही आफनू सम्पर्क भएका डायरीका पाता खोलेर मौसुफको अभिनन्दन गरदछू।

मौसूफको वुद्धि-विचार देखेर श्री ३ चन्द्रले वुवा भनदा मौसूफ ज्यादै होशियार र चलाक होई वकसनछ, राम्ररी अध्ययन तरफ लगाउनू परदछ, यो राज्य पछी मौसुफकै वाहुलीमा जानेछ भनेर मलाई वारंवार भननु हुनथ्यो। तीक्ष्ण वुद्धिको सरकारलाई देखेर पढाउने शिक्षक काजी तुलसीमान र प्रो० वटुवावु खुदै तारीफ गरनु हुनथ्यो। म चाँही पुस्तक झिकाएर पढन चढाउँथे।

एकदिन यो हाली मुहाली श्री ५ त्रिभुवनकै हातमा जानेछ राम्ररी पुस्तक झिकाएर नजर गराउनू। नेपालको अन्तिम प्राइम-मिनिष्टर मनै हूं भनने श्री ३ चन्द्रको दूरदर्शिता म त्यसवेला त्यति

---

* लेखकको आफ्नो व्याकरणअनुसार।

मात्रा वुझदिन थिएं। मेरो मन पो हेरेको हो कि भनने पनी लागदथ्यो। श्री ५ त्रिभुवनको अध्ययनशीलता वढदै गयो। वावुको पाला देखीको सेवक भनने मौसुफमा विश्वास वढदै गयो। अनी दरवारमा सरकारको ज्यूनार सङ्गै म पनी भानसामा वसेर भोजन गरन पाउने भएं। ३-४ दिन विराएर मलाई यहीं खानू परदछ भनने हुकुम हुनथ्यो। निगाह समझेर म पनी धोती फेरदथें। श्री ३ लाई जाहेर पनी गरनू पर्‍यो भनेर विन्ति गरदथें। हुन्छ भनने निगाह भयो। म फुरुङ्ङ परी हालदथें। श्री ५ पृथिवी वीर विक्रम शाह प्रभुको समयमा त मेरो रासो वासो नै त्यही हुनथ्यो। राती ५ घण्टा घरमा हुनथें अरु वाँकी रात दिन जुनाफमा नै वितदथ्यो। यसरी काखमा हुरकाएको श्री ५ त्रिभुवनवाट म माथी असीम निगाह हुँदा मेरो भाग्यसङ डाहा न गरने त्यसताक को होला र।

एक दिन श्री ५ महाराजाधिराज सरकारवाट तिम्रो 'शान्ति-निकेतन पुस्तकालय' मलाई देऊ ४० हजार रु० दिनछु भनने हुकुम भयो। सवै सरकारकै त होनी वेचेर पैसा लिन अलि मिलदैन कि सरकारमा जाहेरै छ भनन खोजेको मात्र थिएं, कपाल कन्याएर कुरा चपाउँदै थिएं प्रसङ्गान्तरमा कुरा मोडी वक्सेर मलाई धर्मसंकष्टवाट वचाई वक्सीयो। पुस्तक झिकाएर चढाउने पनी म, आफना पुस्तक विकाउन खोजने भनने यता परन जाने पनी त संभावना थियो। उता सरकारवाट हुकुम वक्से मुताविक श्री ३ सित दामको काम गरने पनी वीचमा मनै थिएँ। 'आं' गरनू भनदा अगी नै अलंकार वुझी वक्सने मौसुफको स्वभावसित म धेरै वाजी प्रभावित भएको छू। यसता घटना धेरैनै घटेका छन।

श्री ५ कै वाहुलीमा नेपालको सलतनत जाने भएको छ तसर्थ तिमरो छोरो केदारलाई श्री ५ कहानै राख भनने श्री ३ चन्द्रले हुकुम हुंदा वावु छोरा एकै दरवारमा हुँदा वढता खाए पाएको भनी पछीका प्राइमिनिष्टरले आँखा लगाउने समझेर मैले छोरालाई साथै श्री ५ को दरवारमा राखन उती मन गरिन। पछी श्री ३ भीमको

पालामा म माथी त्यतिमै त श्री ५ को ढोका वन्द भयो। श्री ५ जीज्यू मुमा वडा महारानी त्रैलोक्य राज्य लक्ष्मी देवीवाट वाहुनको कुरौटे जातलाई महाराजाधिराजले छानेछन हेरौं ३-४ महिनासमम, भएन भने निकाली दिउला भनने हुकुम भई म दरवार का लागी छानिएको हूं। तर मेरो राजभक्तिले गरदा मेरो झन वढीवढाऊ हुंदै गयो र १९६६ साल आश्विन शुक्ल ६ गते रोज ६ का दिन मलाई श्री ५ वाट हजूरियामा लिई वक्सेकाले मैले अड्डामा जानू परेन। श्री ५ महाराजाधिराज पृथ्वी वीर विक्रम शाह देव स्वर्ग भए पछी म अनी श्री ५ त्रिभुवन महाराजाधिराज सरकारको पाऊ रखवारे जसतै भएँ। आखीरमा श्री ३ चन्द्र स्वर्ग भए पछी श्री ३ भीमवाट मलाई दरवारवाट झिकेकोले मेरो प्रभुको वाहिरैवाट जय चिताएर मैले वसनू परेको हो।

श्री ५ र श्री ३ को विश्वास वढदा वढदा मैरै हातवाट ५-६ लाख पाऊमा दाखिल गरी वाहुलीको निशान भएको कवज पनी श्री ३ मा चढाउँदथें। पछी त कवज तिमीले नै राखे पनी हुनछ भनने भएकोले अझ पनी कती म सङ्गै होलान। त्यसतै श्री ५ वाट पनी श्री ३ ले पठाएको चिठी तिमीले नै राख भनने पनी हुनथ्यो। यसरी श्री ५ र श्री ३ का वीचमा वसेर **असिधारा वलेहन** व्रत गरेर मेरो जीवनवाट केही पुण्यमय पर्व विते। हुनत अहिले दुवैतिरको आम खास भएको भनने कुरा गरन सजिलो हुनछ तर त्यस परिस्थितिमा त्यो गरनू कति गहारो कुरा हुन, त्यो भुक्तभोगीले वुझने कुरा छ। श्री ३ चन्द्रले मलाई कहिल्यै पनी न चाहिने कुरा कानी खोजी नीति न गरि दिएकोले मलाई कुरौटे भएर वेइमानी हुनू परेन। इमानदारी नै सवभनदा मसित भएको खूवी हो, मैले असरवादी हुन जानेको पनी छैन।

संवत् १९७६ साल पौष २९ गते ३ रोज देखी श्री ५ वडा महारानी दुवैलाई 'तिमीले हरिवंश सुनाउनू' भनने श्री ५ त्रिभुवन वाट हुकुम वक्सेर मैले हरिवंश सुनाएको हूँ। पछी श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव प्रादुर्भाव होइवक्स्यो। त्यसपछी खूव फाप्यो भनने भएर मलाई २० स्थान डवल असर्फी

श्री ५ वाट वक्सेको थियो। श्री ५ मुमा वडामहारानी सरकार पनी मसित ज्यादै खुशी भई वक्सेको अहिले झैं लागदछ। यसरी जति जति श्री ५ महाराजाधिराज महेन्द्रको महत्व र गौरव वडदछ त्यति नैं नैरो हर्षको पारावार हुंदैन। मलाई एक किसिमको मौसुफ प्रति आफनो ममत्व रहनेछ मैले हरिवंश सुनाएर पैदा भएको भनेर।

श्री ५ जीज्यू मुमा वडा महारानी सरकारको पाला देखी दरवारमा पसेर मौसुफहरूको भक्ति गरेर वसेकै छू। श्री ५ त्रिभुवन वाट सारा हाली मुहाली वाहुलीमा लिइवक्सेको देखदा श्री ३ चन्द्रको भविष्य वाणीलाई म विरसन शकदिन। यता श्री ५ पृथिवी वीर विक्रम महाराजाधिराज सरकारको स्वर्ग भएको ती अन्धकारमय दिन संझेर मुटूको रगत सुकेको थियो, त्यसपछी श्री ५ त्रिभुवन महाराजाधिराज हुरकेर वडेर र पढेर जनताको निमित्त राजगद्दीको वाजी लगाएर गरीवक्सेको त्यो अलौकिक साहस पनी देखें फेरी असमयमै मैसुफको स्वर्गवासले हृदयमा ठूलो चोट लाग्यो। मौसुफको विरसी न शक्ने अति ठूला गुण थिए। ती सवै संझेर भक्कानो छूटदछ। तर सुयोग्य पिताको अति सुयोग्य पुत्र भई मेरो महाराजाधिराज महेन्द्रले संसारमा नेपालको नाक ठाडो पारेको र नेपालीलाई १ मानाको वन्दोवस्त गरने श्री ५ पृथ्वीनारायण शाहको सपना साकार गरन आर्य संस्कृतिमूलक पञ्चायत परम्परा अपनाएको देखदा हर्षको सीमा रहदैन।

आज पक्षाघातले हात नचलेर लेखन न शके पनी श्री ५ त्रिभुवनको अभिनन्दन ग्रन्थ निसकन लागेकोमा डायरीका एक दुई घटना द्वारा मौसुफमा संझनाका सुकेका एक गुच्छा फूलले अभ्यर्थना गरदछू जसलाई अभूतपूर्व राजा भनदछन, त्यसता प्रजावत्सल र प्रजातन्त्रका प्रहरीको म कती गुण गरूं, जति भने पनी जसका लागी थोरै नै हुनछ।

*****

त्रिभुवनमा दुर्लभ त्रिभुवन

रामराज पौडेल

राष्ट्रपिता श्री ५ त्रिभुवन जसको सम्झनाले मात्र आत्मा पुलकित हुन्छ, शरीर रोमाञ्चित हुन्छ, श्रद्धाले नमस्तक होइन्छ, अङ्ग-प्रत्यङ्ग सबै सोहरिएर त्यस पुनीत एवं पावन महात्माको पवित्र चरणकमलमा केन्द्रित हुन्छ। हिमालय गलेर नदीको निर्माण भएझैं, मातृत्वको बलिदानमा नै बालक हुर्किएझैं, दधीचिको दानमा नै देवताहरूले विजय-दीप बालेझैं त्रिभुवन र मौसूफकै परिवारको त्याग र तपस्यामा एक करोड नेपालीको तडपनको अभिव्यक्ति भएको तथ्यसँग आज नेपालमात्र होइन विश्व नै परिचित छ।

श्री ५ त्रिभुवनको वात्सल्य स्नेहले गर्दा जेष्ठतम शाही सन्तानमा भरिएको गुणगरिमा, अनुशासनप्रियता एवं नेतृत्व प्रदान गर्न सक्ने क्षमताका साथै रोम-रोममा भरिएको मौसूफको राष्ट्रियता आज हामी सबैका निम्ति सहायक भएको छ। राजा भन्नेबित्तिकै भक्तिरसले प्लावित हुने नेपाली हृदयमा त्रिभुवनको सम्झना र मौसूफप्रतिको कृतज्ञता कति हरियो र कति ताजा हुन्छ त्यो स्वयं सिद्ध नै छ।

महाशिवरात्रिको अवसरमा काठमाडौं आउनेहरूको र त्यसमा पनि मुख्यतः भारतीयहरूको देवपाटनमा घुइँचो थियो। साँझतिर श्री ५ त्रिभुवन पनि त्यहाँ सवारी भयो। श्री पशुपतिनाथको दक्षिण ढोकातिर मोटर पुग्ने बेलामा अकस्मात् हल्ला भयो––'राजाको सवारी

भयो' भन्ने। चारैतिरबाट मोटरलाई घेरेर हिन्दीमै 'दर्शन पाऊँ, दर्शन पाऊँ' सुनिन थाल्यो। मोटरभित्र बत्ती बल्ने प्रबन्ध भए तापनि अरूले राजा चिन्लान् भनेर हो क्यारे बालिएन। दर्शनातुर जनसमूह झन्-झन् उग्र हुन थाल्यो। अन्त्यमा हार मानेर बत्ती बालियो। त्यो सँगसँगै 'नेपाल नरेशकी जय, जय महाराजाधिराजकी' आवाजले आकाश नै घन्कियो। नेपालप्रति भारतीय जनसाधारणको भक्तिपूर्ण भावनाको अभिव्यक्तिको त्यो प्रतीक थियो भने हाम्रो हिमवत् खण्डको गौरवमय श्रीपेच नेपाल-भारत मैत्रीको स्थायी स्तम्भ बन्न कति सफल भएको रहेछ त्यसको पनि त्यो अवश्य द्योतक थियो।

मालिकलाई मालिक भनिए तापनि त्यो सम्मान मौखिक आडम्बरमा मात्र सीमित थियो। पिता र पुत्रको बीचमा पहाडभन्दा अग्लो पर्खाल थियो। बलजफती छुट्याइएका दुवै फ्याकमा एउटै ढुकढुकी लिएर बिछोडको वेदना बोल्दथ्यो। राजा थिए, प्रजा थिए तर रजाइँचाहिं अरूकै थियो। मुठीभर भाग्य-विधाताहरूको निरंकुश शासनमा समस्त राष्ट्र नै विश्वकै सबभन्दा ठूलो झ्यालखाना थियो। द्वितीय महायुद्धपछि जन्मेका केन्सेन्ट्रेशन क्याम्पको पनि काका थियो। राजमहलको प्रत्येक झ्याल अरू कसैको आँखा थियो भने प्रत्येक प्वाल कसैको कान। अडिने वातावरणमा नेपाली मात्रलाई नवजीवन प्रदान गर्न निकै त्याग-तपस्या र आँटको आवश्यकता थियो। शाहवंशले समयानुसार बेला-बेलामा त्यै त्याग र आँटको परिचय दिएको थियो। २००७ सालको क्रान्ति पनि त्यसैको परिचायक हो। चन्द्रशमशेरको पालामा उठेको **मकैपर्व**, भीमशमशेरको पालामा पक्रिएका युवकहरू र '९७ सालमा प्रजा-परिषद्ले गरेको बलिदान सबैमा परोक्ष वा अपरोक्ष रूपमा राजाबाट पाएको सहानुभूति बोल्दथ्यो।

बीस-पच्चीस वर्षअघि मनोरञ्जनको दृष्टिले नेपाल एक-दुइटा घातक अथवा सारहीन खेलहरूसँग नै परिचित थियो। मन बहलाउको त्यै सीमित परिधिभित्र भक्कूलाई दिइने राँगो पनि पर्दथ्यो। राँगो र पियक्कड भक्कूको भिडन्त हुँदा भक्कूको हातमा हतियार भए तापनि त्यै हत्केलामा उसको ज्यानसमेत हुन्थ्यो। वसन्तपुरमा त्यै

लोमहर्षक खेल हुँदै थियो। अकस्मात् बार फोरेर उम्किएको राँगो विष्णुमतीतिर भाग्यो। बाटामा दुई जनालाई सिङ्मा उनेछ। त्यो कुरो तत्कालीन हजुरियालाई निवेदन गर्दा नजीकै नै राज भएको श्री ५ त्रिभुवनमा पनि स्वतः जाहेर भयो। तत्काल हजुरियापट्टि नजर भएर 'ओहो दुई जना, लौन त्यो राँगो रोक्न सकिन्न र!' हुकुम भएको मैले मात्र होइन त्यहाँ भएका धेरैले सुनेथे। एक छिनपछि 'राँगो त भीमसेन थानको गैह्लीधारामा खस्यो' भन्ने खबर आउँदा बल्ल राजाको मुहारमा अलिकति सन्तोष देखियो। त्यस बेला मैले देखें राजाको मनमा प्रजाका निम्ति हुने मायाको जिउँदो तस्वीर।

त्यसको धेरै वर्षपछि आयो श्री ५ त्रिभुवनको नेतृत्वमा नेपालले विश्वको बेजोड शासनलाई धराशायी पार्ने आखिरी प्रयत्न गरेको २००७ साल। म पटनामा पढ्दै थिएँ। प्रातःस्मरणीय राष्ट्रपिता सपरिवार दिल्ली पुगिबक्सेपछि दर्शनका निम्ति मन ज्यादै आतुर थियो। तर काठमाडौंको स्थिति र आफूले उता दिने गरेको भाषणले गर्दा पैसा आउने आशा थिएन। घडी कलम बेच-बिखन गरेर दिल्लीतर्फ हिंडें। एउटा धर्मशालामा पुगेर हैदराबाद हाउसमा खबर गरें। दुई घण्टापछि एक जना युवक सुब्बासाहेव आएर प्रतिखाट ४ पैसा तिर्नुपर्ने त्यस ठाउँबाट दिनहुँ ४,००० पैसा पर्ने एम्ब्यासेडर होटेलमा लानुभयो। चालीस वर्षको जीवनमा पनि पाउन नसक्ने यौटा सौभाग्य त्यस त्यस दिन पाएँ। काठमाडौंमा दौडिरहेको मोटरमा आकलझुकल अथवा सय-डेढ सय हात परैबाट कुनै पर्वपातमा पाएको दर्शनले त्यस दिन प्रत्यक्ष रूपमा—राजा र प्रजाको रूपमा, पिता र पुत्रको रूपमा, उद्धारकर्ता र पीडितको रूपमा——त्यति नजिकै दर्शन पाउँदा एक छिन त वाल्ल परेर त्यस भव्य एवं कान्तिमय मूर्तिको ओजमा डराउनुबाहेक केही भएन।

त्यत्तिकैमा एक जनाले 'फलानोको छोरा' बिन्ती चढाउँदै यस अकिंचनलाई पेश गर्नुभयो। आमा नेपालको फेरिएको अनुहार हेर्न श्री ५-को फोटोबाट प्रेरणा लिने, कहिलेकाहीं त्यसलाई हेर्दाहेर्दै रुन खोज्नेहरूमध्ये कसैले त्यस बेला त्यसरी नेपालीमात्रको भाग्यले

कोल्टो लिन लागेको त्यस सुन्दर ब्राह्म मुहूर्तलाई देखेको भए जे अवस्था हुन्थ्यो मैले पनि त्यो सौभाग्य पाएँ।

परशासित भारतले सन् १८५७-मा मुक्ति-आन्दोलनको शंख फुक्ता महाराजा रणजीत सिंहकी महारानी, तात्याँ टोपे र अरू हजारौं-हजार भारतीयहरूलाई नेपालले जसरी स्वागत गरेको थियो, झन्डै एक शताब्दीपछि स्वतन्त्र भारतले त्यसैको अनुरूप हाम्रा आदरणीय सम्राट् तथा शाही परिवारका अन्य आदरणीय सदस्यहरूको आफ्नो माटोमा स्वागत गरेर इतिहासको गुनिलो पातालाई पल्टाएको थियो। एउटै अन्तर थियो––अंग्रेजहरू विदेशी थिए भने यहाँचाहिं आफ्नै स्वजनहरूको प्रश्न थियो।

त्यत्तिकैमा एक जना अर्को सज्जनले हाजिर भएर 'काठमाडौंमा गोली चलेछ, प्रभु !' भनेर बिन्ती चढाउनुभयो। राजाको अनुहार एकदम क्लान्त भयो–सन्तानको निर्मम हत्याले। बाबुको अनुहारमा आउने परिवर्तन त्यहाँ झन् गम्भीर रूपमा देखियो।

भएभरको बल र आँट सोहरेर 'शरीरको एक-एक थोपा रगत पाउमा हाजिर छ' बिन्ती चढाएँ। त्यस बेलासम्म एक-दुइटा अखबारमा केही लेखहरू प्रकाशित गर्नुभन्दा अरू केही ठोस काम हुन सकेको थिएन, तर त्यो जाहेर रहेछ क्यारे। 'आफ्नो ठाउँबाट जसरी हुन्छ नेपालको भलो हुने काम गर्नुपर्छ, अहिले लेखेर गर्दै छौ, त्यही ठीक छ' हुकुम भयो।

तिनताक सरकारी मुखपत्रमार्फत तत्कालीन शासनले मनपरी लेखाउने गर्थ्यो। त्यसले गर्दा म पनि अलि असमंजसमा परेको थिएँ। मेरो भावनालाई बुझिबक्सिदै 'जस्तो उनीहरूले लेखाउँछन् त्यस्तै लेख्नुपर्छ, विचरा सम्पादकको के दोष हो र !' हुकुम भयो।

राजनीतिक दलका शीर्षस्थ केही नेताहरूमा शासनसत्ताका निम्ति त्यस बेला नै संघर्षको बीजारोपण भइसकेको रहेछ। आफ्नो दिल्ली प्रवासको बेलामा मजस्तो अदनाले पनि त्यो कुरो बुझ्ने

अवसर पायो। श्री ५ त्रिभुवनको त्यस कार्यक्रममा समेत नसुहाउँदो हिसाबले अतिक्रमण गरेको यसले देख्न पायो। आज बल्ल बुझ्दै छु, त्यस पवित्र आत्मालाई कति पीर पारेका रहेछन् एक थरि तिनै 'स्वनाम'-धन्यहरूले।

श्री ५ त्रिभुवनको नेतृत्वमा नेपाल नयाँ रूपले अघि बढ्न प्रयत्नशील थियो। काठमाडौंको राजमहलमा फेरि एक पल्ट श्रद्धेय सम्राट्को दर्शन-भेटको अवसर पाएँ। 'साह्रै ठूलो काम भयो, जय होस् सरकारको' बिन्ती चढाउँदा प्रतिउत्तरमा 'सबको सहयोगले यतिसम्भ भयो, अझ अरू कति काम गर्नु छ' हुकुम भयो।

'अझ कति काम गर्नु छ' मेरो कानमा त्यै महान् वाक्यको अझै घन्को छ, मस्तिष्कमा त्यसैको घोच्तो सम्झना। विभिन्न रूप र मुकुन्डोले थिचिएका हामीमाथि उनाउको समेत शनिदृष्टि पऱ्यो। हाम्रै भाइलाइ उचालेर हामीलाई नै कतिले अप्ठचारो पार्न खोजे। पृथ्वीको देन, त्रिभुवनको प्यारो परिवर्तन र महेन्द्रको स्वातन्त्र्य संरक्षण एवं समुन्नतिको प्रयासमा कतिले आघात पार्न खोजे, हाम्रो माटो, आकाश र पानीको कतिले अपमान गर्ने दुष्प्रयास गरे। हे ईश्वर! हामीलाई अझ बलियो बनाऊ, समर्थ र कर्तव्यनिष्ठ बनाऊ, त्रिभुवनको आकांक्षालाई मूर्तरूप दिन मौसूफकै सजीव प्रतीक जननायक सम्राट् महेन्द्रको देश-निर्माणको प्रत्येक कदममा सहायक हुन सक्ने बनाऊ। **श्रद्धया यत् दीयते तत् श्राद्धम्**-को अनुरूप त्यही नै राष्ट्रपिताप्रति आज हाम्रो कर्तव्य हो, धर्म हो।

*****

राष्ट्रपिता श्री ५ त्रिभुवन

रामलाल श्रेष्ठ

देशमा राणाशाहीको अत्याचाररूपी कालो रात चरम सीमामा पुग्दै थियो । एकातिर जनता रोइरहेका थिए, अर्कातिर हाम्रा वास्तविक राजा श्री ५ त्रिभुवन दरबारको एक कुनामा बन्दीजस्तै भएर बसिबक्सेको थियो ।

एकतन्त्री राणा-शासनको विरुद्ध सचेत केही देशसेवीहरूले भित्रभित्रै विद्रोहको आगो फुक्न थाले । तर '९७ सालमा अत्याचारी राणा-शासनले देशका होनहार सपूतलाई मकै भुटेझैं गरी भुटिदियो । म १९९२ सालदेखि शुक्रराज शास्त्री र धर्मभक्तहरूलाई भेट्ने गर्थें । उहाँहरूकै प्रेरणाबाट ममा पनि नजानिदो रङ्ग चढ्दै थियो । उहाँहरूको निर्मम हत्यापछि म अतासिएँ, तर ती वीरहरूले तताइदिएको मेरो रगत बिस्तारै उम्लन थाल्यो । अनि २००३ सालदेखि एकतन्त्री हुकुमी शासनको विरुद्ध म पनि सरीक भएँ । सं० २००४ साल भदौ १२ गतेदेखि दुई वर्षसम्म राणा-शासनको कडा नियन्त्रणमा कारागारको यातना सहें । राणाशाहीले एकै पल्ट सयौं कोर्राको मार खुवायो । आफूसाथै दस वर्षको बालक छोरा पनि कारागारमा पुऱ्याइएको थियो ।

यसरी राणा-शासनका विरुद्ध धैर्यपूर्वक यातना भोग्दै थिएँ । राणाशाहीलाई ढालेर देशमा प्रजातन्त्र ल्याउने र जनतालाई मुक्ति दिलाउने काममा श्री ५ त्रिभुवन भित्रभित्रै लागिबक्सेको थियो ।

२००६ सालमा, विघटित नेपाली कांग्रेस (सुवर्णशमशेर ज० ब० रा०)-सँग मौसूफ सरकारको सम्बन्ध राख्नेमा मैले दूतको काम गर्दै आइरहेको थिएँ। यसै सिलसिलामा फेरि दुई पटक मलाई जेलगमन गर्नुपऱ्यो।

राष्ट्रपिताको त्याग-तपस्या र जनवलले २००७ साल फागुन ७ गते प्रजातन्त्रको घोषणा भयो। सरकार एक करोड नेपालीको आकांक्षा बोकेर स्वदेश भित्रिबक्स्यो। हामी स्वतन्त्र भइसकेका थियौं। अब हाम्रो कर्तव्य देशलाई उठाउनु थियो। राजनीतिक परिवर्तनको साथै समाज-उत्थानको लागि सामाजिक व्यवहारको सुधार हुनुपर्छ भन्ने भावनाले प्रेरित भएर मृत्यु-संस्कार संस्था (हाल परिवर्तित नाम 'जनकल्याण संस्था')-को स्थापना गर्नतिर लागें। आफ्ना राजाको अनुहार पनि राम्ररी देख्न नपाउने प्रजामध्ये एउटा म पनि थिएँ। सरकारको दर्शनको मलाई ठूलो इच्छा थियो। एक दिन राजदरबारमा दर्शन-भेट गर्ने सौभाग्य मैले पाएँ।

दर्शन गर्न जानुअघि मेरो मुटु ढुकढुकाइरहेको थियो। सरकारको सामुन्ने पर्नासाथ म त काम्न लागेछु। राष्ट्रपिता ठूलो बैठकमा कवचमा राज भइबक्सेको थियो। मलाई सरकारबाट हुकुम भयो—"आऊ, बस।"

म उभि नै रहें। मानौं म धक र श्रद्धाले एक डल्लो भइरहेको थिएँ। सरकारबाट फेरि हुकुम भयो—"बसन।"

बल्ल-बल्ल मैले बिन्ती चढाएँ—"सरकार, हामी भिखारीका छोरा, सरकारको सामु बस्न सुहाउँदैन। म उभि नै रहन्छु।"

"होइन, बस। मसँग बस्न के हुन्छ!' सरकारबाट पाखुरा तानेर मलाई कवचमा बसाइबक्स्यो।

त्यसपछि सरकारबाट चुरोट झिकीबक्सी मलाई दिंदै हुकुम भयो—"लेऊ, चुरोट खाऊ।"

मैले हात जोर्दै संकोचले सरकारको भव्य मुहार हेरिरहें।

"किन, खाने गऱ्या छैन?" सरकारबाट हुकुम भयो।

मैले हात जोरेको जोर्‍यै बिन्ती गरें--"खाने त गर्‍या छु, सरकार ! तर पाउका अगाडि खान्नँ।"

"लौ लेऊ, बाहिर गएर खानू ।" सरकारबाट मलाई एक पाकेट चुरोट खल्तीमा हालिदिइबक्स्यो ।

घर फर्किंदा बाटोमा मैले मनमने भनें--कस्तो अद्‌भुत राजा !

तर, यस्ता परम प्रिय राजा एक दिन हामी सबैलाई छोडेर हामीबाट ओझेल भइबक्स्यो। सरकारको शरीर आज हाम्रो सामु छैन तापनि सरकारबाट बक्सेका अनन्त योगदान र प्रेरणा हामीसित छन् । सरकारबाट जीवन सुम्पेर ल्याइबक्सेको प्रजातन्त्र अवसरवादीको पन्जामा नपरोस्, नेपाल सधैं फले-फुलेको हेर्न पाइयोस्। यति नै भनेर राष्ट्रपिताप्रति यस लेखद्वारा दुई थोपा आँसु चढाउँछु ।

*****

त्यागी राजा श्री ५ त्रिभुवन

रामस्वरूपप्रसाद बी. ए.

आफ्नो मुकुट र ज्यानको समेत बाजी लगाएर मुलुकलाई प्रत्येक दृष्टिले यति माथि उचाल्नमा श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवको विशेष देन छ। यही पुण्यभूमिमा धेरै अघि राजकुमार सिद्धार्थले आफ्नो राजपाट छोड्नुभएको थियो। त्यसकै लगभग अढाई हजार वर्षपछि श्री ५ त्रिभुवनबाट पनि आफ्नो श्रीपेचको बाजी लगाइबक्सेको थियो।

बीसौं शताब्दीमा विश्वव्यापी महायुद्ध र अरू कारणहरूसमेतले गर्दा भारत स्वतन्त्र भयो। पछि त्यसको प्रभाव नेपालमा पनि पर्‍यो। श्री ५ त्रिभुवनबाट आफ्ना पूर्वज बडा राजा श्री ५ पृथ्वीनारायणको प्रजातन्त्र आदर्श **दुनियां जसदेखि राजी रहन्छन्, उसैलाई कजाई दिनु**-लाई फेरि घोषणा गरिबक्स्यो।

श्री ५ त्रिभुवन आफ्ना सुपुत्रहरूसहित क्रान्तिका सूत्रधार होइबक्सिन्छ। राजाले र उनका उत्तराधिकारीले आफ्नो देशमा प्रजाको स्वतन्त्रता र हकको लागि क्रान्ति ल्याउन चाहनु यो संसारको सामु राख्नलायकको नेपालको ऐतिहासिक गौरव हो।

श्री ५ पृथ्वीवीरविक्रम शाहदेवका माहिला बडा महारानी श्री ५ लक्ष्मीदिव्येश्वरीको कोखबाट श्री ५ त्रिभुवन जन्मिबक्सेको हो। मौसूफको जन्म आषाढ शुक्ल नवमी १७ गते, १९६३ साल तदनुसार ३० जून, १९०६ ई०-मा नारायणहिटी राजदरबारमा भएको हो। श्री ५ त्रिभुवन साढे पाँच वर्षको होइबक्सँदा श्री ५ पृथ्वीवीरविक्रम शाहदेवको १९६८ साल पौष २६ गते तदनुसार ११ दिसम्बर, १९११ ई०-मा देहान्त भयो र मौसूफ गद्दीमा राज होइबक्स्यो।

श्री ५ पृथ्वीवीरविक्रमको देहान्तले गर्दा श्री ५ त्रिभुवनको शिक्षा-दीक्षामा ठूलो बाधा हुन गयो। तर श्री ५ त्रिभुवन आफ्नै मिहिनेतले नेपालीका साथै संस्कृत, उर्दू, बंगाली, हिन्दी र अंग्रेजीका ज्ञाता होइबक्स्यो। मौसूफलाई संगीत, व्यायाम र राजनीतिमा ठूलो अभिरुचि थियो। मौसूफबाट ती विषयहरूको अध्ययन गुप्त रूपबाट गरिबक्स्यो। अध्ययनमा मौसूफबाट रात बिताइबक्सिन्थ्यो। कारण त्यस बेलाका प्रधान मन्त्री चन्द्रशमशेर मौसूफको राम्रो शिक्षा-दीक्षा होस् भन्ने कुरा मनले चाहँदैनथे।

श्री ५ त्रिभुवनको शुभराज्याभिषेक फागुन ९ गते, १९६९ साल तदनुसार २० फरवरी, १९१३ ई०-मा सम्पन्न भयो। १९७५ साल फागुनमा मौसूफको श्री ५ कान्तिराज्यलक्ष्मीदेवी र श्री ५ ईश्वरीराज्यलक्ष्मीदेवीका साथ राजसी रीतिथितिबाट बिहे भयो। श्री ५ जेठा बडा महारानी कान्तिराज्यलक्ष्मीदेवी शाहबाट वर्तमान श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको जन्म आषाढ कृष्ण दशमी जेठ २९ गते, १९७७ सालमा भएको हो।

नेपालीको कल्याणका निम्ति श्री ५ त्रिभुवन हरहमेशा चिन्तित होइबक्सिन्थ्यो। १९९६ सालमा नै मौसूफबाट राणा-शासन समाप्त गर्ने योजना गरिबक्सेको थियो। परन्तु, त्यो योजना त्यस बखत सफल हुन सकेन। त्यसै योजनामा वीर सपूत श्री गंगालाल, श्री दशरथ चन्द, श्री धर्मभक्त र श्री शुक्रराज शास्त्री शहीद भए तथा अरू अधिकांश व्यक्तिहरू जेलमा कोचिए। अर्को केही उपाय पर्दछ कि भन्ने विचार गरी तीर्थयात्राको निहुँले मौसूफ २००० सालमा भारत सवारी होइबक्सियो, तर काम केही बनेन।

राणा प्रधान मन्त्री मोहनशमशेरले श्री ५ त्रिभुवनमाथि अनेक शङ्का गर्न थाले। निरंकुश शासनबाट देश र जनतालाई बचाउन शाही परिवार र मुकुटसम्म पनि खतरामा राखी आश्रयीको रूपमा काठमाडौं-स्थित भारतीय दूतावासमा श्री ५ त्रिभुवनको सवारी भयो। सम्मानित अतिथि बनेर शाही परिवारको सवारी दूतावासबाट २००७ साल कार्तिक २६ गते भारततर्फ भयो। यसरी राजाको सवारी बाहिर हुनासाथ जनताको छातीभित्रको ज्वालामुखी फुट्यो र सारा

देशवासी बिनारानोको माहुरीझैं भए। 'शाही परिवार आफ्नो देशमा फिर्नुपर्छ, राणाको एकतन्त्री शासन समाप्त हुनुपर्छ, श्री ५ त्रिभुवनको नेतृत्वमा देशमा नयाँ व्यवस्था हुनुपर्छ' भन्ने सबैको लक्ष्य थियो। यही नारामा समस्त नेपालीको एकता थियो। शाही परिवारको प्रेरणामा उठेको जनक्रान्तिले राणाशाहीको हठलाई खतम पाऱ्यो। आफ्ना परिवारसहित श्री ५ त्रिभुवन चार महीनापछि २००७ साल फागुन ४ गते स्वदेश फर्किबक्सँदा जनताले अभूतपूर्व स्वागत गरे। जनता हर्षले गद्गद भए। देशमा नयाँ प्रजातान्त्रिक प्रणाली बसाल्न संसारका अरू राष्ट्रका झैं मन्त्री-मण्डल खडा गरी देशको कार्यभार संचालन हुन थाल्यो। यसै कारण २००७ साल फागुन ७ गतेको दिन नेपालीमात्रको एक स्वर्णिम प्रभात भयो। नेपालीमात्रले आफ्ना प्यारा राजा श्री ५ त्रिभुवनको नायकत्वमा शताब्दियौंदेखि चलिआइरहेको क्रूर अत्याचारी राणा-शासनबाट मुक्ति पायो। सरसरी दृष्टिले हेर्दा नेपाल संसारको सभ्यता र उन्नतिको सर्वोच्च शिखरमा पुग्ने उमंगले प्रेरित भएको भान हुन्थ्यो। शायद अघि श्री ५ बडा महाराधिराज पृथ्वीनारायण शाहले असंख्य भागमा विभाजित नेपालीलाई सुसंगठित एक विशाल नेपाल राज्य दिंदा पनि त्यस बखतका नेपालीमा यसै प्रकारको लहर आयो होला। त्यो दृश्य आजका नेपालीलाई इतिहासको कथा होला, तर यो दृश्य साकार छ, स्पष्ट छ। श्री ५ त्रिभुवनको जीवन आदर्शमय थियो, अनुकरणीय थियो। नेपाली जनसाधारणका हृदयमा श्री ६ त्रिभुवनबाट प्रातःस्मरणीय, पूज्य, देवतुल्य स्थान प्राप्त गरिबक्सेको छ।

प्रजातान्त्रिक शासन खडा भएपछि देशमा विभिन्न विषयमा प्रगतिको रूप देखिन लाग्यो। प्रचार र प्रसारको निमित्त रेडियो नेपालको जन्म भयो। शासनको अभिभारा मन्त्री-मण्डलमा आयो। लोकसेवा-आयोग, खाद्य-व्यवस्था-संस्थान तथा कतिपय स्कूल, कलेजहरू पनि देशमा ठाउँ-ठाउँमा खोलिए। प्रजातान्त्रिक शासन-प्रणालीको परिचय दिनको निमित्त नगरपालिकाको चुनाव गराइयो। स्त्रीशिक्षामा प्रोत्साहनस्वरूप कन्या कलेज खुल्यो। विभिन्न पत्र-पत्रिका तथा राजपत्र आदि पनि प्रकाशित हुन थाले। देशलाई अग्रसर गराउनको निमित्त

जनगणनाको काम थालियो। समय नसुहाउँदो भएको ऐन-कानून खारेज गरी नयाँ ऐन-कानूनको तर्जुमा गर्ने हेतुले 'ल' कमिशनको गठन गरियो। कर्मचारीबाट उठाइने दर्शन-भेट, सलामी रकम हटाइयो। देशको आम्दानी-खर्च जनसमक्ष ल्याउने प्रबन्ध भयो। निजामती कर्मचारीको म्याद ५० वर्ष तोकियो। वेतनमा वर्गीकरण गरियो, समयसुहाउँदा नयाँ-नयाँ पदहरू राखिए। अन्तर्राष्ट्रिय जगत्मा नेपालको चर्चा हुन थाल्यो। श्री ५ त्रिभुवनबाट जनतालाई प्रजातान्त्रिक शासन दिइबक्सियो।

बीच-बीचमा कैयौं पटक श्री ५ त्रिभुवनबाट मन्त्री-मण्डल तथा परामर्शदातृ-मण्डल खडा गरिबक्सनुपर्‍यो। तर नेपाललाई पूर्णतया समुन्नत बनाउने मौसूफको मनोरथ पूर्ण नहुँदै मौसूफलाई मुटुको व्यथाले समात्यो। स्वास्थ्य-उपचारको लागि २०११ सालमा यूरोप जानुपर्ने निश्चय भयो। अतः २०११ साल, माघ २७ गते मौसूफबाट स्वीट्जरल्यान्डतर्फ प्रस्थान गरिबक्स्यो। तर त्यही साल फागुन ३० गते मौसूफको मृत्यु भएको शोकपूर्ण समाचार जनताले पाए। त्यस बेला मौसूफ ४८ वर्ष ८ महीनाको होइबक्सिन्थ्यो। चैत्र ४ गतेका दिन मौसूफको शव नेपाल ल्याइयो र राजकीय सम्मानका साथ पशुपति आर्यघाटमा दाह-संस्कार भयो।

श्री ५ त्रिभुवन संसारका राजाहरूमा सबभन्दा क्रान्तिकारी विचारका होइबक्सिन्थ्यो। सामान्य व्यक्तिलाई पनि मौसूफबाट 'तँ, तिमीको' प्रयोग गरिबक्सन्थ्यो। हँसिलो मुहार, दयाका सागर तथा शान्तिका मूर्ति होइबक्सेका मौसूफबाट जसलाई पनि सम्बोधन गर्दा 'तपाईं' हुकुम भै आफ्नो महानताको परिचय बक्सिन्थ्यो। आफ्नो ज्यान र राजगद्दीसमेत हत्केलामा राखी ठूलो त्याग गरी स्वयं राजाले प्रजातान्त्रिक सरकार गठन गरिदिएको अपूर्व ऐतिहासिक घटना नेपालको इतिहासमा त परै जाओस् विश्वको इतिहासमा समेत स्वर्णाक्षरले लेखिनेछ। यही महानताले श्री ५ त्रिभुवनलाई सदा अमर तुल्याउनेछ।

*****

श्री ५ त्रिभुवन–एउटा संस्मरण

रामहरि जोशी

२००७ सालको क्रान्तिपछि सारा नेपालमा जन-जागरणको लहर फैल्यो । यसैको फलस्वरूप २००८ साल पौष महीनामा काठमाडौंमा सर्वप्रथम अखिल नेपाली छात्र-सम्मेलनको तयारी हुँदै थियो । यसमा भारत, बर्मा र मलायाबाट पनि नेपाली छात्र-प्रतिनिधिहरू भाग लिन आउने भएका थिए । सम्मेलनको तयारी बडा जोश र उत्साहले भइरहेकै बेला एउटा दुर्भाग्यपूर्ण घटना भयो । कार्तिक महीनाको अन्ततिर हनुमान ढोकाअगाडि प्रदर्शनकारीहरूमाथि गोली चल्दा युवक छात्र चिनियाँकाजीको मृत्यु भयो । यसले गर्दा काठमाडौंमा एउटा बेचैनी, एउटा असन्तोष र अस्थिरताको वातावरण फिँजिएको थियो । यस्तै गुम्सिएको वातावरणमा छात्र-सम्मेलन तयारी समितिका तीन जना सदस्य श्री अरुणचन्द्र प्रधान, श्री बी० के० श्रेष्ठ र मैले छात्र-सम्मेलनको कामको सिलसिलामा राष्ट्रनायक श्री ५ त्रिभुवनको दर्शन-भेट गर्ने सुअवसर पायौं । यो भेट गर्ने समय श्री ५-को त्यस बेलाका निजी सचिव श्री गोविन्दनारायणले मिलाइदिनुभएको थियो ।

तोकिएको समयमा हामी नारायणहिटी दरबार पुग्यौं । गोविन्दनारायणज्यूले हामीलाई एउटा सानो साधारण ढङ्गको कोठामा लगेर बसालिदिनुभो । एक छिनपछि नै अर्कोतिरबाट मौसूफको सरल तर भव्य व्यक्तित्वले हामी एक छिन अभिभूत भयौं । कोठामा कतै उकुसमुकुसको वातावरण

थिएन। प्रजातन्त्रको मूर्तिरूप स्वयं मौसूफ हाम्रो सामुन्ने होइबक्सिन्थ्यो। बडो मधुर र मुक्त वातावरणमा हाम्रो कुरा हुन थाल्यो।

प्रथम दर्शनमै मलाई लाग्यो, मौसूफ अलि रुग्ण होइबक्सिन्छ। तर हामी कसैलाई थाहा थिएन--उहाँको विशाल गौरवर्ण शरीरलाई रोगका कीटाणुहरूले भित्र-भित्र खान थालिसकेका छन्। यो कुराको सिलसिलामा मौसूफकै कुराबाट मात्र हामीले अन्दाज गर्न सक्यौं।

हामीले प्रथम छात्र-सम्मेलनको उद्घाटन मौसूफको बाहुलीबाट गराउन चाहेका थियौं, तर ठीक त्यसै बेला मौसूफको तराई भ्रमणको कार्यक्रम तयार भइसकेको हुनाले यो काम हुन सकेन। त्यसपछि विदेशबाट आउने हाम्रा नेपाली छात्र-प्रतिनिधिहरूलाई पटनाबाट काठमाडौंसम्म ल्याउन र फर्काउन हवाईजहाजको लागि मौसूफसित बिन्ती गर्दा तुरुन्तै यसको निम्ति स्वीकृति बक्स्यो र हुकुम भयो--

"टूरमा सकेसम्म सबै ठाउँमा हवाईजहाजद्वारा नै जाने र मोटरको धेरै सवारी नगर्ने सल्लाह डाक्टरले दिएकोले मेरो टूरको प्रोग्रामबाहेक अरू चाहिएका दिनहरूमा तिमीहरूलाई हवाईजहाज उपलब्ध हुन सक्छ। म गोविन्दनारायणलाई पनि भनिदिनेछु।"

'डाक्टरले सल्लाह दिएको छ' भन्ने वाक्यबाट हामीले मौसूफको रुग्णावस्थाको अन्दाज लगाउन खोज्यौं। पहिले नै मौसूफको स्वास्थ्यको बारेमा जिज्ञासा प्रकट नगरेकोमा हामी सबैलाई अत्यन्तै लज्जा र मनमा ग्लानि भएर आयो।

यसपछि मौसूफबाट छात्र-सम्मेलन राम्ररी सम्पन्न होस् भन्ने कामना गर्दै रु० ५०००।- चन्दास्वरूप बक्स्यो।

कोठाभित्र प्रजातन्त्रको वातावरण फिंजिएको थियो। छात्र-सम्मेलनका कुराहरू टुङ्गिएपछि मैले नम्रतापूर्वक निवेदन गरें--

"सरकार, यदि धृष्टता माफ भए राजनीतिक सम्बन्धी मनमा लागेको एउटा सानो प्रश्न गर्न चाहन्छु।"

अप्रत्याशित रूपले यसरी प्रश्न गरिएकोले मौसूफलाई शायद अलिक अप्ठ्यारो लाग्यो होला। तर एक छिनमै अस्वस्थ भए तापनि मौसूफबाट 'हुन्छ' भनी हुकुम भयो।

मैले प्रश्न गरें––"चिनियाँकाजीको मृत्युपछि गृहमन्त्री श्री विश्वेश्वरप्रसाद कोइरालाले त्यागपत्र दिइसकेपछि जुन नयाँ मन्त्री-मण्डल सरकारले गठन गरिबक्स्यो, त्यो अलि हतारमा भएजस्तो लाग्छ। शायद मेरो अनुमान गलत हुन सक्छ।"

श्री विश्वेश्दरप्रसाद कोइरालाले कार्तिक २६ गते त्यागपत्र दिनुभएको थियो। नयाँ मन्त्री-मण्डल, जसको प्रधानमन्त्री श्री मातृकाप्रसाद कोइराला हुनुहुन्थ्यो, मार्ग १ गते गठन गरिएको थियो।

मेरो प्रश्न सुनेर मौसूफको शान्त मुद्रा अझै गम्भीर हुन गयो र त्यस्तै शान्त स्वरमा हुकुम भयो––

"हो, तिम्रो प्रश्न ठीक छ। यो नयाँ मन्त्री-मण्डलको गठन अलि हतारमै हुन गएको छ। अझै समय लिएर, सबैसित सल्लाह गरेर मन्त्री-मण्डल गठन गर्न पाएको भए राम्रो हुन्थ्यो। तर चिनियाँकाजीको मृत्युपछि काठमाडौंमा जुन वातावरण देखियो त्यो देख्दा मन्त्री-मण्डल छिटै गठन गर्नु जरूरी भैसकेको थियो। विद्यार्थीहरूलाई अवाञ्छनीय तत्त्वले भाँड्न थालेको कुरो शायद तिमीहरूलाई थाह नै होला।"

मौसूफको यस्तो स्पष्टवादिता देखेर हामी तीनै जना साथीहरू छक्क पर्‍यौं। यत्तिकैमा बाहिर कहीं टाढाबाट आएको 'नयाँ मन्त्री-मण्डल धोखा हो' इत्यादि नाराको स्वर त्यहाँ कोठाभित्रसम्म सुनियो। यो सुनेर मौसूफले नै हाम्रो ध्यान त्यसतर्फ आकर्षित पार्दै हुकुम भो––"हेर, सुनिरहेछौ यी नाराहरू? नयाँ मन्त्री-मण्डलले काम गर्नै पाएको छैन, यो धोखा हो भनिसके। यसको अर्थ के हो, स्पष्ट छ। मैले सारा टुँडिखेल भरिने गरी मन्त्रीहरू बनाए पनि त धेरै जनताहरू मन्त्री हुन पाउनेछैनन्। अनि त के तिनीहरूले पनि भन्ने छैनन्––'यो मन्त्री-मण्डल धोखा हो'? तर के यो हाँसउठ्दो कुरा हैन?"

देशको यस्तो दुर्भाग्यपूर्ण स्थितितर्फ हाम्रा राष्ट्रपिताबाट बराबर चिन्तित भइरहेको कुरो मौसूफको यस उद्गारमा प्रस्टै देख्यौं।

मौसूफसित बिदा भएर बाहिर आयौं। त्यस बेला गोविन्दनारायणले हामीलाई एउटा घतलाग्दो कुरो भन्नुभएको मलाई अझै सम्झना छ। उहाँले भन्नुभएको थियो––"आजका विद्यार्थीवर्ग निकै उग्र छन्। तर याद राख्नोस्, आपनो राजालाई राजनीतिमा मुछेर तपाईंहरूले आफ्नो देशको अहित नै गर्नु हुनेछ। राजालाई दलगत राजनीतिभन्दा माथि राख्नोस्।"

*****

श्री ५ त्रिभुवन मेरो विचारमा

रामहरि शर्मा

श्री ५ त्रिभुवनसँग मेरो परिचय प्रजातान्त्रिक आन्दोलनको सिलसिलामा मात्र भएको थियो। त्यो पनि मौसूफ सरकारको प्रत्यक्ष भेट त मैले ०७ सालपछि मात्र पाएको हुँ। त्यसअघिको परिचय पत्रद्वारा मात्र भएको थियो।

१९९३ साल ज्येष्ठ २० गते नेपालको इतिहासमा सबभन्दा पहिलो राजनीतिक दल नेपाल प्रजा-परिषद्को जन्म भयो। यो दलको स्थापना हुनासाथैदेखि यसका संस्थापक हामीहरूले श्री ५ त्रिभुवनसँग सम्बन्ध राख्ने कोशिश गर्न थाल्यौं। अमर शहीद श्री धर्मभक्त नेपाल प्रजा-परिषद्को संस्थापक-सदस्य हुनुहुन्थ्यो र उहाँको नोकरी श्री ५को दरबारमा थियो। यसैले सर्वप्रथम धर्मभक्तमार्फत श्री ५-मा कुराकानी पठाइयो, तर सफलता प्राप्त गर्न मुश्किल पर्‍यो। यसपछि सहयोगी साथी कम्पाउन्डर चन्द्रमानमार्फत काम हुन थाल्यो। चाँडै नै श्री ५ त्रिभुवनसँग हाम्रो राम्रो सम्बन्ध स्थापना भयो। अति गुप्त हिसाबले मौसूफ सरकार र हाम्रो बीच पत्रद्वारा विचारको आदान-प्रदान हुन थाल्यो। नेपाल प्रजा-परिषद्को प्रजातान्त्रिक सिद्धान्तको परिकल्पनासँग श्री ५ त्रिभुवन अत्यन्त नै प्रभावित होइबक्सियो र यस संस्थालाई हर प्रकारले अघि बढ्ने प्रेरणा बक्सन थाल्यो।

नेपाल प्रजा-परिषद्ले पनि संगठित भएको दुई महीनाभित्रै पटनाबाट प्रकाशित हुने **जनता** साप्ताहिकबाट राणा-शासनको भन्डाफोर

गर्न थाल्यो। निरकुंश, स्वेच्छाचारी राणाहरूको नग्न चित्रहरू चित्रण गरिएका लेखहरूले नेपाली जगत्मा हलचल मचाउन लागे। यस्ता लेखहरूका कटिंगहरू हामी गुप्त रूपले श्री ५-का जुनाफमा पुराउँदथ्यौं। यस्ता लेखहरू पढेर मौसूफ सरकार पनि अत्यन्त नै उत्साहित होइबक्सिन्थ्यो।

यस्तो स्थितिमा नेपाल प्रजा-परिषद्का कार्यकर्ताहरूसँग भेटघाट गर्न श्री ५ त्रिभुवनलाई प्रबल इच्छा हुनु स्वाभाविकै थियो, तर त्यस बखत हाम्रो देशको राजाले आफ्ना प्यारा प्रजाहरू कसैसँग पनि भेटघाट गर्न सकिबक्सन्नथ्यो--तथापि एउटा देखादेखसम्म गर्ने प्रोग्राम मिलाइयो। परिषद्का सबै सदस्यहरू एकै डफ्फा भएर लैनचौरको सडकमा बस्ने र निश्चित समयमा श्री ५-को सवारी पनि मोटरमा त्यतैबाट हुने कार्यक्रम बनाइयो। कार्यक्रमअनुसार मौसूफ सरकार र हाम्रो राम्ररी देखादेख भयो। दुवै पक्षलाई त्यस दिन आनन्दको सीमा रहेन।

यस प्रकार श्री ५ त्रिभुवन र नेपालको पहिलो पार्टी नेपाल प्रजा-परिषद्को सम्बन्धको गाँठो बलियो हुँदै जान थाल्यो। सम्पूर्ण राजसी सुखभोगलाई तिलाञ्जलि दिएर त्यस बखतको त्यस्तो विकट परिस्थितिमा त्यस्तो गुप्त रूपले खुलेको प्रजातान्त्रिक दलको कारवाईमा उत्साहपूर्वक भाग लिएबाट श्री ५ त्रिभुवनमा कति त्याग र बलिदानको भावना रहेछ स्पष्ट हुन्छ।

श्री ५ त्रिभुवनले नेपाल प्रजा-परिषद्का कार्यकर्ताहरूलाई सम्बोधन गरेर चार-पाँचवटा पत्रहरू पठाइबक्सेको थियो। त्यस बखतको स्थितिले गर्दा ती पत्रहरू जोगाउन सकिएन, तथापि तिनमा व्यक्त गरिबक्सेका मौसूफका विचारहरू उच्च स्तरका, प्रजातान्त्रिक भावनाले ओतप्रोत हुनुको साथै सारगर्भित, गहकिला र प्रेरणादायक-समेत थिए। मलाई सम्झना छ एक पटकको पत्रमा राणाशाहीको तानाशाही मनोवृत्तिको सम्बन्धमा चर्चा गरिएको उत्तरमा मौसूफ सरकारबाट लेखिबक्सेको थियो--उनीहरूमा यस्तो मनोवृत्ति हुनु स्वाभाविक हो। किनकि Power currupts and absolute power currupts absolutely (शक्तिले भ्रष्ट बनाउँछ र असीम शक्तिले भ्रष्टतालाई पराकाष्ठामा पुऱ्याउँछ)। निरंकुश हुँदा कसैमा पनि यस्ता लक्षणहरू देखा पर्नु स्वाभाविक हुन्छन्।

'९७ सालमा नेपाल प्रजा-परिषद्ले आम जनचेतनाको निमित्त गुप्त रूपले छरिरहेका ऐतिहासिक पर्चाहरू पनि मौसूफले अगाडि नै नजर गरी सुझावहरूसमेत बक्सेको थियो। '९७ सालको राजनीतिक गिरफ्तारी भएपछि श्री ५ त्रिभुवनलाई राणाहरूले इजलासमा उपस्थित पनि गराए, तर जस्तोसुकै अवस्थामा पनि मौसूफबाट आफ्नो सैद्धान्तिक दृढता र धैर्य छाडिबक्सेन।

'०७ सालको परिवर्तनपछि पनि श्री ५ त्रिभुवनले कसैमाथि पनि व्यक्तिगत प्रतिक्रिया देखाइबक्सेन। विशाल हृदय भएका राजाले **अभ्युदये क्षमा** भन्ने नीतिशास्त्रको वचनलाई परिपालन गर्दै सबैमाथि समान व्यवहार गरिबक्सेको हामीले देख्यौं।

*****

श्री ५ त्रिभुवन : एक अभिव्यक्ति

रुद्रनाथ शर्मा

राष्ट्रपिता श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवको प्रत्यक्ष दर्शन नपाउने लाखौंलाख नेपालीमध्ये एउटा अभागी म हुँ भनी आफूलाई प्रस्तुत गर्नुपर्दा मलाई अत्यन्तै दु:ख लाग्छ। तर मौसूफको यशस्वी जीवन-गाथा जान्न सकेको, बीसौं पल्ट मौसूफका अमरवाणीहरू रेडियोका माध्यमबाट भए पनि सुन्न पाएको र मौसूफका जीवनकालको एउटा समसामयिक प्रजा हुन सकेको नाताबाट म विशेष गौरवान्वित नभईकन पनि रहन सक्तिनँ। तसर्थ, आदर्श राजा श्री ५ त्रिभुवनका पालामा पनि वयस्क भइसकेको प्रजा औ मौसूफ सरकारबाट २००७ सालमा देशमा भित्र्याइबक्सिएको प्रजातन्त्रको निम्ति त्यसै बेला पनि कैयौं पल्ट 'इन्कलाब जिन्दाबाद, राणा शासन मुर्दाबाद' आदि विभिन्न नाराहरू लगाउने सौजन्य पाई मौसूफबाट गरिबक्सिएको राष्ट्रिय महान् यज्ञमा एक अक्षता भए पनि हवन गर्न पाएको तथा 'श्री ५ त्रिभुवन जिन्दाबाद' भन्ने थोरै शब्दको भए पनि पावन शब्द उच्चारण गर्न पाएको हुँदा म आफूलाई जीवनभरि नै भाग्यमानी हुँ भनी संज्ञा दिन पनि हिचकिचाउँदिनँ।

श्री ५ त्रिभुवनप्रति मेरा विभिन्न अवस्थाका विभिन्न धारणाहरू छन्। धार्मिक दृष्टिकोणको नै बढी मात्रामा बोलबाला भएको म जुन परिवारमा जन्मिएँ, त्यहाँ मैले वाल्यावस्थामा सिक्न सकेको सबभन्दा ठूलो कुरो 'मौसूफ सरकारको दर्शन पाएमा सरासर स्वर्ग जान सकिनेछ, श्री ५ त्रिभुवन साक्षात् विष्णुका अवतार वा

नरनारायण होइबक्सिन्छ, मौसूफको दर्शनार्थ भक्तजनहरू राजप्रासादबाहिर भीड लागेर बस्दछन्; कुनै-कुनै बेलामात्र सरकार बाहिर सवारी हुने हुँदा त्यस अवसरमा भाग्यमानी मानिसले दर्शन पाउन सक्तछन्' इत्यादि। मेरो बाल्यावस्थाको यो एकमात्र धारणा विद्यार्थी जीवनमा गएर भने केही परिवर्तन भयो। त्यहाँ मैले नेपालको सच्चाइको इतिहास गोप्य पर्चाहरूको रूपमा पढ्न थालें—

राष्ट्र-निर्माता श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहबाट ससाना राज्य-रजौटामा विभाजित एवं खण्डित नेपाललाई बडो बुद्धिमानी र राजनीतिक दूरदर्शिताबाट एकीकरण गरी विशाल नेपालको निर्माण गरिबक्सियो। मौसूफबाट खडा गरिबक्सिएको यस विशाल नेपाललाई शासन गर्ने अधिकार शाहवंशजहरूलाई मात्र छ। जंगबहादुरले हत्या र षड्यन्त्रका आधारमा शासन आफ्नो हातमा लिएर आएको तथा श्री ३ महाराजाको पद राणाको वर्तमान रूप गैर कानूनी हो। यसलाई निर्मूल गर्नका लागि देशमा क्रान्तिको ज्वाला उठ्न थालेको छ। यसै प्रसंगमा चार जना वीर शहीदहरूले फाँसीको तख्तामा चढेर यस शासनको ढल्न लागेको जगलाई झन् कम्जोर बनाइदिएका छन्। रातपछि दिन आएझैं नेपालमा राणा-शासन हटी प्रजातन्त्रको स्वर्णिम उषाकाल आउने कुरा निर्विवाद सत्य छ।

अन्याय गर्नु पाप हो भने सहनु झन् अपराध हो भन्ने कुरालाई राम्ररी महसूस गरिबक्सी २००७ सालमा श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवबाट अन्याय र अत्याचारको पराकाष्ठामा पुगेको बर्बर राणा-साशनको अन्त्य गरिबक्सन राजदरबार नै त्यागिबक्सी नेपाली जनतालाई क्रान्तिमा नतृत्व बक्सँदै ठूलो योगदान तथा बलिदान गरिबक्सियो। मौसूफबाट राजमुकुटलाई नै बाजी राखी उत्सर्ग गरिबक्सिएको योगदान, बलिदानको फलस्वरूप देशमा प्रजातन्त्र आएको मेरो आफ्नै आँखाले देख्यो।

स्वतन्त्रताको लागि स्वथं राजाबाट जनतालाई साथ र नेतृत्व दिएको विश्वमा कहीं पनि नपाइने एक अलौकिक ऐतिहासिक उदाहरण नेपालमा यसरी घट्न गई नेपाल अधिराज्य, नेपाली जनता

र नेपालको इतिहासको विशिष्टताले नेपालको सीमानालाई नै पार गरी संसारभरि फैलिन पुगेको छ। यसबाट श्री ५ त्रिभुवनप्रतिको मेरो सोचाइ र धारणामा अर्को झन् वास्तविक रूप देखा पर्न थाल्यो। मैले अब श्री ५ त्रिभुवनलाई आफ्नै ज्ञान र विवेचनाबाट देख्न थालें——मौसूफका विशिष्ट कार्य-कलापबाट सरकार कर्मयोगी, प्रजाहितैषी, योगदान-बलिदान गर्न कत्ति पनि नहिचकिचाइबक्सने यशस्वी राजा होइबक्सन्थ्यो। देश र जनताको निरन्तर प्रगति र संवृद्धिका निम्ति हर्दम चिन्तित रहिबक्सने र देशमा प्रजातान्त्रिक वातावरण सिर्जना गरी आफ्ना प्यारा प्रजा नेपालीमात्रको शिर ठाडो गराउने कार्यमा श्री ५ त्रिभुवन जीवनको अन्तिम क्षणसम्म प्रयत्नशील रहिबक्सियो। देश र जनताको निम्ति काम गर्दा-गर्दा मौसूफबाट स्वयंलाई भुलिबक्सियो जसको फलस्वरूप गाथमा आराम भएन र अन्त्यमा देश, प्रजा र प्रजातन्त्रको एक अभिन्न अङ्ग बनिबक्सी मौसूफ सरकारको स्वर्गारोहण भयो। यसरी मौसूफ प्रजाका बीचमा कहिले नअस्ताउने एक चम्किलो नक्षत्र होइबक्सियो।

आज म जसै आफूलाई मौसूफ सरकारका यशस्वी जीवनबारेमा बुझ्न सकेको सम्झन्छु, यस बेलामा पनि मैले मेरो परिवार, मेरो विद्यार्थी अवस्था र आज जान्न सकेका विषयहरूमा दृष्टिकोणको अन्तर भए तापनि एउटै आत्मा र सामञ्जस्य पाएको छु।

*****

अविस्मरणीय राजा

रोहिणीप्रसाद भट्टराई

मनुष्यमा असाधारण गुण वा शक्तिको विकास भएको देखेर त्यस व्यक्तिका प्रति अन्य मनुष्यको हृदयमा आत्म-निवेदनात्मक जो अनौठो आकर्षण उत्पन्न हुन्छ त्यसलाई 'श्रद्धा' भन्दछन्। श्रद्धेय व्यक्तिप्रतिको श्रद्धाले मनुष्यलाई आन्तरिक तृप्ति दिनुको साथै श्रद्धेय व्यक्तिप्रति बढ्ता आदर पुऱ्याउने काम गर्न प्रेरणा दिन्छ। यसै कारणले कुनै व्यक्तिको वीरता, सहृदयता, उदारता, उपकारिता, धैर्य, सहिष्णुता आदि असाधारण गुणले जनताको हृदयलाई आकृष्ट गर्नुको साथै आनन्द एवं तृप्तिको संचार गराउँदछ र त्यसको परिणामस्वरूप आकृष्ट व्यक्ति श्रद्धेयको स्मृतिमा, सम्पर्कमा आफूलाई उत्सर्ग गर्न प्रयत्नशील हुन्छ। श्रत्+धा-को अर्थ व्युत्पत्तिअनुसार असाधारण गुणशाली व्यक्तिमा अनायास स्वतः प्रसारित हुने सम्मानात्मिका वृत्ति हुन्छ, तसर्थ त्यस्ता व्यक्तिप्रति मानव मन नजानिंदो गरी अनायास आकृष्ट हुन्छ र आत्मनिवेदनको भावले स्वयं त्यसको शिर झुक्तछ।

श्रद्धा उत्पन्न हुनलाई श्रद्धेय व्यक्तिमा दोषहरूको सामान्यतः अभावबोध हुनुर्छ। कुनै दुर्गुण छ भने असाधारण भए पनि त्यसप्रति श्रद्धा उत्पन्न हुँदैन। यसै कारणले टाढा रहेका व्यक्तिहरूको कुनै असाधारण गुण सुनेर वा कार्यकलाप थाहा पाएर पनि सामान्यतः दोषको अभाव थाहा नपाएकोले श्रद्धा उत्पन्न हुँदैन।

श्रद्धेय बन्न खोजेरमात्र बन्न सकिने होइन, त्यसका निमित्त आफूमा अकृत्रिम गुणहरू हुनुपर्छ । हुन त आजकाल पनि प्राय: यताउति असाधारण गुणी कहलाउन खोज्ने नदेखिने वा नभेटिने होइनन्, तर ती कृत्रिम गुण देखाई आफ्नो घृणित स्वार्थ पूरा गर्ने खालका नै हुन्छन् र आखिरमा तिनीहरूका ती बनावटी गुणको पर्दा खुली मानिसको अगाडि श्रद्धाको ठाउँमा घृणाको पात्र बन्दछन् ।

यसरी यस विश्वमा नकली गुणीहरूको नै संख्या बढ्ता छ तापनि समय-समयमा गुणशाली विभूतिहरूको जन्म भइरहेको हुन्छ । ती व्यक्तिहरू आफ्नो अकृत्रिम गुणद्वारा जन-मानसमा श्रद्धाको पात्र भएर स्थायी रूपले वास गर्दछन् र यिनै विभूतिमध्ये श्री ५ त्रिभुवन पनि होइबक्सिन्छ ।

वसुधैव कुटुम्बकम्-को सिद्धान्तलाई अँगाली प्राणीमात्रको कल्याण-कामनाले आर्यहरूले हजारौं-हजार वर्षको साधनाले प्राप्त गरेको अध्यात्म विद्याको उद्गमस्थल हिमालयको काखमा रहेको जनक र बुद्ध आदिद्वारा शान्तिको धारा बहाउने, वीरता, इमान्दारी, कलाकौशल, धार्मिक सहिष्णुता, समस्त विश्वमा भ्रातृभावना आदि गुणद्वारा विश्ववरेण्य भएको यस्तो पुण्यभूमि नेपाल छ । यसै आडले देशमा विदेशी तत्त्वको राजसत्ता हात लगाई जहानियाँ शासकहरू प्रजाको संरक्षण, भरण-पोषण र देशमा बाटोघाटो, उद्योग-व्यवस्था आदिद्वारा चौतर्फी विकास गर्नुको सट्टा आफ्नो देशका युवकहरूलाई विदेशी फौजमा भर्ती गर्न दिने सन्धि गर्थे । जनताको शक्तिलाई भेडा-बाख्राको मोलमा बेची बिक्रीबाट र बक्सबाट आएको पैसा विदेशी बैंकमा आफ्नो बैंक ब्यालेन्स बढाउन पल्केकाले आफ्ना बर्बरतापूर्ण नीतिद्वारा उपत्यकाभित्र अनेक बहानाले प्रजाको सर्वस्वहरण, शोषण, उत्पीडन गर्नुको साथै उपत्यकाबाहिर आफ्ना भाइ-भतिजा पर्नेलाई मनमानी गर्न छूट दिई बडाहाकिमको रूपमा पठाउँथे । अनि तिनको यथेच्छाचारमा सहायक हुनेहरूद्वारा उत्पीडित लाखौंलाख प्रजालाई बिदेशिन वाध्य गराई राजधानीवाहिरको भागलाई दुर्गम जंगल बनाई जहानियाँ शासन दिगो राख्न चाहने राणाहरूको बर्बर शोषक शासन

रहेको थियो। यस्तै कुत्सित कर्मले उत्पीडित संप्रस्तर मरुभूमितुल्य गराइएको नेपाललाई धन, मद र प्रभुत्वको मदले अन्धा भएका राणाहरूको दानवी शासनबाट स्वतन्त्र गराई स्वस्थ र सबल तुल्याउन राणाहरूद्वारा अपहृत शासनाधिकारबाट उनीहरूलाई वंचित गराउनु अत्यावश्यक भइरहेको थियो।

यस्तै समयमा धीरता, गम्भीरता, सहनशीलता, विवेक आदि गुणका बीजहरूले संयुक्त भै १९६३-मा त्रिभुवनको शाहवंशमा जन्म भयो। आफ्ना पुर्खा राजेन्द्रको पालामा गुमेको शासनाधिकारलाई आफैले लिई नेपाललाई सबल बनाउने एकमात्र लक्ष्य अवशेष रहेको समयमा पितृहीन भई पाँच वर्षको उमेरमा १९६८-मा श्री ५ त्रिभुवनको राज्याभिषेक भयो। मौसूफको यो राज्य-सिंहासनारोहण––कपिलमुनिको क्रोधले भस्म भएका सगर-सन्तानलाई उद्धार गर्न गङ्गाजीलाई पृथ्वीतलमा अवतरित गराउन भरिसक्य कोशिश गर्दा पनि नसकी आफ्ना सन्तानलाई कार्यभार सुम्पेकोले त्यो दायित्व पूरा गर्न कटिबद्ध भएका भगीरथको जस्तै थियो। यो कुरा होश सँभाल्दै जति-जति व्यावहारिक जीवनमा त्रिभुवन प्रवेश गर्दै गइबक्स्यो, उति-उति मौसूफलाई अवगत हुँदै गएको थियो। बाल्यावस्थादेखि नै आफ्नो दायित्व क्रमशः अवगत हुँदै गएकोले मौसूफलाई जवानीको उच्छृङ्खलताले छुन पाएन। राजसी भोग-विलासलाई आफ्नो लक्ष्यको विघ्नस्वरूप सम्झी दिन-रात बौद्धिक संघर्षमा संलग्न रहिबक्सियो। चारैतिर दाँतको घेराभित्र रहेको जिभ्रोले अभ्यस्त भई दाँतको प्रहारबाट बची कार्य-संचालन गरेझैं राणाका गुप्तचरहरूको घेराबाट बचेर राजनीतिक गहन अध्ययन गरिबक्स्यो। अत्यन्त विश्वस्त केही व्यक्ति आफन्त पारी तिनैद्वारा क्रान्तिको वीज प्रजाहरूमा छर्न प्रजा-परिषद्को आयोजना गरी सम्भव उपायद्वारा त्यसलाई सहयोग दिई देशभित्र र देशबाहिर पनि क्रान्तिको वीज छरिबक्स्यो। बीज छरे तापनि उपयुक्त वातावरण नमिली त्यो बीज अंकुरित हुन नसक्ने हुनाले त्यसको निमित्त समयको प्रतीक्षा गर्दै हृदय जतिसुकै विक्षुब्ध भए तापनि धैर्य र गाम्भीर्य लिई कहिले पनि उत्तेजित भइबक्सिएन। राजनीतिको राम्रो अध्ययन र चिन्तन गरिबक्सेकोले मौसूफलाई राम्रो अवगत थियो––विरोधी

साधनसम्पन्न र बलवान् छ भने कार्यरूप बीज छरेर विवेकरूप जलले सिंचन गर्दै धैर्य गरी प्रतीक्षा गरेमा समय आएपछि कृषकले बाली भित्र्याउन पाएझैं राजाले पनि अवश्य सिद्धिप्राप्त गर्न सक्छ। यसै आशयको एक श्लोक राजनीतिका प्रकाण्ड विद्वान् भारवि कविले लेखेका छन्––

अभिवर्षति योऽनुपालयन् विधिबीजानि विवेकवारिणा।
स सदा फलशालिनीं क्रियां शरदं लोक इवाधितिष्ठति।।

प्रारम्भमा जनतामा राजनीतिक चेतना धेरै कम मात्रामा थियो र थोर-बहुत राजनीतिक चेतनायुक्त शिक्षित वर्ग परिस्थितिले राणाको विरुद्ध चल्न असमर्थ थियो। यस्तो स्थितिमा खतरापूर्ण कदम चाल्नु राजनीतिको विरुद्ध हुनाले त्रिभुवनले हत्पताएर कदम चलाउन उचित सम्झिबक्सिएन। विचारपूर्वक त्यसको सम्भावित परिणाम सोची समयको प्रतीक्षा नै उचित सम्झिबक्सियो। यो मौसूफको अर्को गहिरो राजनीतिज्ञताको परिचायक कार्य थियो––यही आशय भारविका रचनामा झल्किन्छ––

सहसा विदधीत न क्रियामविवेकः परमापदां पदम्।
वृणते हि विमृश्यकारिणं गुणलुब्धाः स्वयमेव सम्पदः।।

राणाहरूद्वारा समय-समयमा मौसूफप्रति जस्ता उत्तेजक 'गोर्खा जानुपर्ला' आदि कुवाच्य प्रयोग गरिए, जस्तो व्यवहार गरियो त्यसबाट उठेको क्रोधको वेगलाई पिइबक्सी आफ्नो र आफ्ना सहयोगी तथा संवेदनशील प्रजाको भविष्य सोची विरोधीहरूउपर निश्चित रूपले विजय दिलाउने र पछिलाई पनि नराम्रो नहुने गरी सबै कुरा सोची-विचारी आफ्ना प्रयोगहरू गरिबक्स्यो––यो पनि उदात्त राजनीतिज्ञताको परिचायक थियो। भारवि यही कुरा भन्दछन्––

शिवमौपयिकं गरीयसीं फलनिष्पत्तिमदूषितायतिम्।
विगणय्य नयन्ति पौरुषं विजितक्रोधरया जिगीषवः।।

श्री ५ त्रिभुवनबाट जस्तो गहिरो राजनीतिक चाल चली गुमेको शासन-सत्ताको प्राप्ति र प्रजालाई स्वतन्त्रता दिलाइबक्स्यो त्यो मौसूफको

उपयुक्त धीरता, गम्भीरता, सहनशीलता, विवेकशीलता आदि अकृत्रिम गुणहरूबाट नै सम्भव भएको हो, यसमा कसैको दुई मत हुन सक्तैन। मौसूफबाट निरन्तर चिन्तन, मनन र विरोधीहरूको कार्यकलापको निरीक्षण गर्न सदा जागरूक रही अनुकूल समय विचार गरी जो संघर्ष गरिबक्स्यो र सफलता प्राप्ति गरिबक्स्यो, त्यसको निमित्त नेपाली जनता सदैव ऋणी रहनेछ र मौसूफको यो अपूर्व देन विश्वको इतिहासमा स्वर्णाक्षरमा अनन्त कालसम्म अमर रहनेछ।

प्रत्येक व्यक्तिको हृदयपटलमा प्रायः अत्यन्त परिचित मुद्राको तस्वीर खिचिएको हुन्छ। त्यस व्यक्तिलाई झट्ट सम्झँदा त्यही अत्यन्त परिचित मुद्रामा स्मरण हुन्छ, चाहे त्यसले उसलाई अन्य विविध मुद्रामा देखेको होस्। त्यही मुद्रा त्यसको समक्ष उभिन्छ जुन मुद्राले त्यसलाई अत्यन्त प्रभावित पारेको हुन्छ। त्यही मुद्रा त्यसको हृदयमा वास गरेको हुन्छ। नेपाल नरेशहरूको धेरै कालदेखि राजधानी रही आएको उपत्यकामा आजसम्म यहाँका राजभक्त प्रजाको हृदयमा राजाको स्नेहमा त्यति गहिरो मर्मान्तिक चोट पहिले परेको थिएन, पछि पनि पर्न आउनेछैन, जति २००७ कार्तिक २६ गते मौसूफ दिल्लीतर्फ प्लेनमा उड्दा परेको थियो। स्वार्थान्ध केही व्यक्तिबाहेक अरू त्यस्तो व्यक्ति कोही रहेन जसको हृदय मर्मान्तिक वेदनाले चीत्कार गरेको नहोस् र राणाहरूको कार्य र स्वार्थलाई नसरापेको होस्। भाइटीकाको दिनको त्यो मध्याह्न जसमा जनता आफ्नो गच्छेअनुसारको साधनद्वारा प्रेममय पर्व मनाउने तरखरमा थियो, त्यस बखतमा आफ्ना प्रिय राजाको त्यो दारुण वज्रपातसरह, सपरिवार प्रवासयात्रा अति कष्टकर भएको थियो र दानवताको डरले एकान्तमा गई हिक्का छोडी आर्तनाद गर्न विवश गराएको थियो।

२००७ साल फागुन ४ गते राजभक्त जनता र मित्रराष्ट्रहरूको इमान्दारीबाट राणाहरूको षड्यन्त्ररूपी अन्धकारलाई चिरी प्राचीमा उदाएका सूर्यको झैं प्रजाले आफ्नो राजाको दर्शन पाए। त्यो थियो चिराभिलषित सर्वतन्त्र स्वतन्त्र राजाको स्वतन्त्र प्रजाले पाएको अभूतपूर्व दर्शन। त्यस दिन आफ्ना प्यारा राजाको दर्शन गर्न चारैतिरबाट

आएका जनताले राजमार्ग जति भरिएको थियो त्यति भीड आजसम्मको नेपालको इतिहासमा पहिले कहिल्यै भएको होओइन। पहिले सयकडौं पल्ट दर्शन पाएको भए तापनि त्यो ४ गतेको आफ्ना प्यारा राजाको स्वागत-मालाले केही नुहेको र मफलरले अझ बढ्ता खुलेको, दाहिने हात उठाई सान्त्वना र अभय प्रदान गरिरहेको प्रशान्त हँसिलो मुहार सबै प्रजाको हृदयपटलमा कहिले नमेटिने गरी खिचिएको छ। त्यसैले जनतालाई आश्वस्त तुल्याएको थियो र अपार आनन्द एवं उल्लासले भरिदिएको थियो। प्रत्यक्षदर्शीको निमित्त हृदयपटलमा खिचिएको त्यो मूर्तिले र यस सौभाग्यबाट वंचित हुनेले तस्वीरको रूपमा सर्वत्रसुलभ त्यही प्रशान्त सौम्य मूर्तिद्वारा अनुभव गर्नेछन्। अनन्त कालसम्म मौसूफका तिनै गुणलाई अँगाली निरन्तर लगनका साथ देशको स्वतन्त्रता, संरक्षण र लोकको भलाइद्वारा आफ्नो कीर्ति फैलाउन त्यो मूर्तिले निरन्तर प्रेरणा दिइरहोस्!

*****

आधा दशक

वासुदेव त्रिपाठी

एउटा राष्ट्रको जीवनमा एक दशक भन्नु लामो अवधि होइन । अझ आधा दशक भन्नु त राष्ट्रिय जीवनको एउटा सानो धर्सोमात्र हो—शायद त्यति पनि होइन । तैपनि श्री ५ त्रिभुवनको जीवनको अन्तिम अर्द्ध-दशक हाम्रो राष्ट्रिय इतिहासको असामान्य प्रहरको रूपमा रहेको छ । २००७-देखि २०११ सालसम्मका यी लगभग पाँच वर्षहरूले हाम्रो राष्ट्रिय जिन्दगीमा असामान्य स्थान लिएका छन्, असाधारण प्रभाव पारेका छन् । यस अर्द्ध-दशकको तुलनामा नेपाली इतिहासका केही समयविशेषहरू मात्र शायद उभिन सक्छन् । वस्तुतः यो आधा दशक एउटा दीपशिखा हो, समयका हुरीहरूद्वारा निभाउन नसकिने अविचल दीपशिखा । यसले आगामी अनेकौं शताब्दीहरूसम्म हाम्रो राष्ट्रिय जीवनलाई आलोकित पारिराख्नेछ ।

बिजुलीको एक झिल्कोजस्तै एउटा समयविशेष हुन्छ । एक्कै छिन झिलिक्क झिल्किएर समय गुज्रन्छ, असीम अतीत र असीम भविष्यका राशि-राशि क्षणहरूमा आफूलाई समाहित पार्दै । तर दिशा-विदिशाका मुटुहरूमा त्यो प्रोज्ज्वलता अंकित रहिरहेझैं त्यो समयविशेषको ज्योतिर्मय चेतना पनि सभ्यताको मुटु र मर्ममा चिर-कालको लागि एक स्थायी प्रभाव बन्न जान्छ । श्री ५ त्रिभुवनले पनि राष्ट्रको युगागत तामस परिपाटीलाई बदल्दै जनताका जीवन-संस्कारहरूलाई प्रभावित पारिबक्सेको छ । एक झिल्काइमै अर्थात् आधा दशकमै यति ठूलो परिवर्तन ल्याइदिनु युग-पुरुषको लक्षण हो र मौसूफ एक संक्रान्ति लिएर आउने नेपाली महापुरुष । पुराना महीनाहरू बितेर नयाँ महीनाहरूमा नेपालीले प्रवेश पाएको संक्रान्ति-काल

२००७ साल हो । यस महायज्ञको अधिष्ठान मौसूफकै प्रताप र पुरुषार्थको मूर्त रूप हो। होइन––यो संक्रान्ति त महीना, वर्ष, दशक वा शताब्दीको मात्रै होइन, यो युग-संक्रान्तिको बेला हो । तमबाट ज्योतितिरको यो विशिष्ट अभियान राष्ट्रिय जीवनको एक उषःकाल, एक मिर्मिरे बिहानीपख । वस्तुतः यो युगान्तरको महायज्ञ हो । पौरखी र जन-हृदयका पारखी राजा श्री ५ त्रिभुवन––मौसूफ होइबक्सन्थ्यो कोटि नेपालीका संकल्पहरूको एक प्रतिनिधित्व, जन-मानसका कोटि-कोटि रहरहरूको एक महाकेन्द्र र महास्पन्दन अनि स्वातन्त्र्य-समरमा भेला भएका कोटि नेपालीहरूको अपराजेय महासेनानी । यो महायात्राको साइत र समाप्तिको महाप्रहर हो २००७–११ । यही आधा दशक हो मौसूफको जीवनको सर्वाधिक प्रोज्ज्वल अवधि र प्रहर । मौसूफ एक मूल दियो र त्यसैबाट सल्किएका लाखौं स्वातन्त्र्य चिराँकहरूले युग-संचित अन्धकारसँग लडेको यो महाप्रहर ।

एउटा जिउँदो राष्ट्रको जीवनमा शत-शत उत्सवहरू आइरहन्छन्, तर महोत्सवहरू थोरै मात्र आउँछन् । हाम्रो जातीय जिन्दगीका दुई-चार महोत्सवहरूमा प्रजातान्त्रिक थाल्नी महोत्सव गनिन्छ । श्री ५ त्रिभुवन यस राष्ट्रिय महोत्सवका प्रणेता र प्रवर्तक होइबक्सन्थ्यो । मूलभूत रूपमा यो महोत्सव मौसूफकै वात्सल्य, संकल्प र बलिदानको गुण-कथा हो । यस आधा दशकमा श्री ५ त्रिभुवनबाट एउटा जीवन्त महाकथा आफ्ना मुटुका स्नेहहरूद्वारा लेखिबक्सेको प्रतीत हुन्छ––यो ओजस्वी आरम्भ र विश्वसनीय विकास भएको महाकथा हो। सम्भवतः नेपाली जीवनका सप्पै-सप्पै पाटाहरू आलोकित पारेरै यो हिरण्मयी महागाथा टुंगिन्थ्यो होला । तर सर्वातिशायी उपसंहारको लेखन नसिद्धिदै मौसूफको जीवन महायात्रा समाप्त हुन्छ । नेपाली पिल्पिलाउँछ, विश्व स्तब्ध हुन्छ । तैपनि राष्ट्रिय जीवनका महाकथाकारका रूपमा––एक जीवन्त महाकथाका स्रष्टाका रूपमा, नेपाली जन-गण मौसूफको वन्दना गर्छ । अब मौसूफ नेपाली माटो र नेपाली जनताका मुटुमा तदाकार भइबक्सेको छ । यस धरतीका महान् सुपुत्रको रूपमा । यावत् नेपालीका निम्ति मौसूफ चिरस्मरणीय, प्रातःस्मरणीय बनिबक्सेको छ एउटा महानतमको रूपमा ।

नेपाली आकाशमा नयाँ सूर्य बोकेर आउने बिहानीपखजस्तै मौसूफका छाया र छविहरू नेपाली मानस-पटलमा चिराङ्कित बनेका छन् ।

वस्तुतः एउटा असमाप्त महाकथा हो मौसूफको महिमामय जीवन । इच्छित सागरसम्म पुग्न नभ्याएको नेपाली गाङ्गेय तरङ्ग हो मौसूफको जीवनी । पतितपावनी इच्छाका सहस्र लहरीहरू लिएर राज्यसुखको स्वर्लोक वा हिमाली लोकबाट तल-तल पहाड-मधेसतिर ओर्लने महानदीसँग मौसूफको व्यक्तित्वको तुलना गर्न सकिन्छ । अझ मौसूफका मनैमा शेष रहेका महासंकल्पहरूको जति-जति हामी कल्पना गर्छौं, यो महायात्राको महत्तम विश्रान्ति र यो महाकथाको महत्तम उपसंहारको जति-जति ध्यान गर्छौं त्यति-त्यति हामी मन्त्रमुग्ध हुन्छौं । अकस्मात् अप्रत्याशित रूपमा अलिपएको महासंगीतले हाम्रा मनमा दिएजस्तै यो मन्त्रमुग्धता । अनि कवि किट्सका जस्तै गरेर कोटि-कोटि हृद्ध्वनिहरू सल्बलाउँछन्––

सुनिएकै तिम्रा रागिनीहरू
यति मधुर छन् ।
ओहो ! शेष रागिनीहरू !

वस्तुतः शेष यात्रा र शेष कथांशले मौसूफको जीवनलाई झन् महिमान्वित पारिदिएका छन् । वस्तुस्थितिको भूमिमा मौसूफका शेष स्वरहरू पनि गुन्जिन सकेको भए नेपाली जीवन कति अधिक सुखी हुँदो हो र यसका पाटा-पाटाहरू कसरी आलोकमय हुन पाउँदा हुन् ! तर शेष स्वरहरूको हामी मानसिक रूपमा परिकल्पना गर्न सक्छौं–– शेष रागिनीहरू झन् मधुर हुँदा हुन् ।

बाँचेर पनि, मरेर पनि राष्ट्रका स्पन्दनहरूमा एकाकार हुनु नै राष्ट्रपुरुषको पहिचान हो, राष्ट्रपिताको लक्षण हो । श्री ५ त्रिभुवनमा यही कुरा चरितार्थ हुन्छ । यस्तै चरित्र सार्थक हुन्छ । कोटि हृदयका समय-निरपेक्ष मुरलीहरूमा मौसूफ लय भएर रहिबक्सेको छ, नेपालीका आगत-अनागत लाखौं-लाखौं रागिनीहरूको निम्ति ध्वनिमय बनिबक्सेको छ, पार्थिव सिंहासनबाट मृत्युले अलग्याइदिए पनि

आफ्ना प्रजाका, युग-युगीन प्रजाका हृदय-सिंहासनहरूमा मौसूफ प्रतिष्ठित होइबक्सेको छ । मौसूफ समयविशेष (२००७–११)-को राष्ट्रिय रथमा आरूढ भइबक्सेर पनि महासमयको महारथमा समारूढ भइबक्सेको पाइन्छ । वस्तुतः मौसूफको व्यक्तित्व दिग्विजयी र कालजयी प्रमाणित हुन्छ । नेपाली जाति जहाँ-जहाँसम्म फैलिएको छ र जहिले-जहिलेसम्म रहनेछ––मौसूफको व्यक्तित्व दिक्कालजयी जातीय स्पन्दन बन्न गएको हामी अनुभव गर्छौं, जन-हृदयको सामीप्य र स्नेह नै मौसूफको आजीवनको आर्जन हो, मृत्युपछिको अक्षय पुरस्कार हो ।

जिउँदो राष्ट्रका मर्म र कठिनाइहरूलाई पर राखेर हामी कुनै पनि समयविशेषको सही मूल्यांकन गर्न सक्तेनौं । परिवेषका दबावहरूको विश्लेषणबिना हामी कुनै पनि व्यक्तित्वको समुचित आकलन गर्न असमर्थ रहन्छौं । यिनै सन्दर्भहरूको सिलोटमा जब हामी यस आधा दशकको हिसाब गर्छौं––बन्धन फुके पनि नतङ्ग्रिसकेका नेपाली पाइलाहरूको साक्षात्कार र नेपालीलाई फकाउन साख्खै नाता देखाउन तम्सिएकाहरूको कारीगरीको पनि दर्शन गर्छौं । विश्व-सभ्यताका घोडचढी कैयौं डाँडाहरू पर पुगिसकेको बेला आफू भर्खर निद्रामुक्त भएको अवसरका मानसिक असजिलापनहरू जब हामी हृदयंगम गर्छौं र प्रवर यात्रीका चिन्ता र मर्महरूसँग सामीप्य राख्छौं––त्यतिखेरै हामी यस समयविशेषको सही लेखाजोखा गर्न सक्छौं र राष्ट्रपिता श्री ५ त्रिभुवनको व्यक्तित्वको समुचित चित्रांकन गर्न सक्षम हुन्छौं । तब अनुभव हुन्छ––मौसूफको शेष यात्रातिर हाम्रा सौभाग्य-तारकाहरू कसरी उदाउन चाहिरहेका थिए––त्यस तर्खरको । त्रासदीय परिस्थितिहरूमा पनि नहारेका हिम्मत र नटुटेका प्रजावात्सल्य अझ आगोमा परेको सुनझैं खारिन्छ । यहीं यस आधा दशक र मौसूफको व्यक्तित्व अझ चम्किलो रूपमा परिलक्षित हुन्छ, तिनीहरूको विराट्ता झल्किन्छ ।

एउटा ज्वालामुखी फुट्छ, तर प्रस्फोटको महाक्षणमात्रै सम्पूर्ण सक्रियता होइन । एक बिजुली चम्किन्छ, तर प्रस्फुरणको विशेष क्षणमात्रै कर्मरत हुँदैन । एउटा बिहानीपख ब्याउँछ, तर त्यस आगोले त्यतिखेरै सन्धान पाएको हुँदैन । यी महाक्षणहरूको निमित्त लामो-

लामो र चिरकालीन तत्परता हुन्छ, आयोजना हुन्छ । यस्तै श्री ५ त्रिभुवनको जीवनको अन्तिम आधा दशकमा महाक्रान्तिको महाशंख बज्छ, महान् घण्टनाद हुन्छ हाम्रो राष्ट्रिय जीवनमा। तर मौसूफको पूर्व जीवनमा, जीवनको व्यतीत बृहत्तर अंशभरि यस महाक्षणको साधना र आराधना भइरहेको पाइन्छ । यसरी एक ज्वालामुखी प्रस्फोटको निम्ति, एक बिजुलीको प्रस्फुरणको निम्ति र एक बिहानीपखको समुदयको निम्ति मौसूफको आजीवन क्रियाशीलता हेतुभूत देखिन्छ। एक युग-नेताका रूपमा जनगणका अन्तस्तलका अभीष्टहरूलाई र धर्मयुद्धहरूलाई पूर्णता दिने मौसूफका सुदीर्घ अन्तःसाधनाहरूको महापरिणति हो यो आधा दशक ।

राजा र प्रजाका शक्ति-संघर्षहरूले आधुनिक विश्वको इतिहास लेखिन्छ, तर नेपाली इतिहास जनताको पक्षमा राजाले गरेका महासंकल्प र महोत्सर्गहरूले भरिपूर्ण हुन्छ । यही नेपाली इतिहासको सुनौलो लिपि हो, रंगगत वैशिष्टच हो। उपयुक्त आधा दशक यही वैशिष्टचको महाचेतनाले आलोकित छ। त्यस आलोकको संचय तमदेखि ज्योतितिरको अभियान नै मौसूफको जीवनको पूर्वार्द्ध हो र यही पूर्वार्द्धको प्रसूति हो यो आधा दशक । यसैमा मौसूफको अशेष जीवन प्रतिविम्बित हुन्छ। यसैलाई समयविशेष भए पनि एउटा महापुरुषको सिंगो जिन्दगी भन्न सकिन्छ । ओंकारभित्र ब्रह्माण्ड समाहित हुन्छ भनिएझैं अथवा एक वीजभित्र एउटा सिंगो वट-वृक्ष रहिरहेझैं मौसूफको जीवनको यही आधा दशकको भित्र-भित्र भावी नेपाल सगबगाहरहेको पाइन्छ। वास्तवमा प्रजातान्त्रिक र सुखी नेपाली जीवनको मूल बीजाणु यही आधा दशक हो र यही नै श्री ५ त्रिभुवनको व्यक्तित्वको सर्वोत्तम निशानी तथा स्मारक हो। मौसूफ र यो आधा दशक अभिन्न छन्। मौसूफको स्मरण र श्रद्धाञ्जलि स्वतन्त्रता र प्रजातन्त्रका चेतनाहरूको वन्दना हो ।

*****

जेलको सपना

विजयबहादुर मल्ल

हामी राजबन्दीहरूको भोक एउटै थियो, एउटै इच्छा थियो, एउटै सबल सपना थियो । हामी एक होऔं र जर्जरित सामन्तशाहीको छायामा हुर्केको प्रतिक्रियावादी दानवीय निरंकुश शासन-पद्धतिलाई सके उन्मूलन गरिछाडौं, नसके आफै ढलेर तिनीहरूलाई पुरिदेऔं ।

हामीले आफ्ना भोका भाइहरूका चीत्कारलाई, नाङ्गा श्रमिकहरूका हाहाकारलाई, आफ्नो संघर्षको बिगुल बनाएका थियौं, त्यही फुकेर नै हाम्रो संघर्ष शुरू भएको थियो ।

हाम्रो पथमा बाधा कैयन् थिए, विपत्तिहरू असंख्य । तर हामीलाई दृढ विश्वास थियो––प्राकृतिक सामाजिक विकासमा । तर हामीलाई आस्था थियो परिवर्तनको अचूक नियममा ।

हामीलाई यति निश्चय थियो––त्यो दिन पर छैन, नेपाली जनताले क्रान्तिको डन्डा उठाउनेछ, नेपाली जनताले क्रान्तिको यात्रा गर्नेछ र अन्त गर्नेछ त्यस प्रथालाई जसमा मृत्युको शान्ति र मुर्दा आनन्दबाहेक केही थिएन ।

समाजको यथार्थता र त्यसबाट उत्पन्न हुने कैयन् किसिमका घटनाहरूलाई अध्ययन गर्ने प्रत्येक राजबन्दीहरूलाई यो पनि थाहा थियो––नेपालले सामन्तशाही वस्त्रलाई फाल्नेछ, प्रजातन्त्रको शंख जरूर फुक्नेछ, अनि मनुष्यलाई आर्थिक दासत्वको प्रथाबाट, वर्ग-शोषणबाट मुक्त गर्ने समानताको नारा लगाउनेछ । यो कोरा कल्पना

थिएन, दिउँसो देखेको सपना थिएन, यो देश-विदेशको इतिहासको निचोड थियो, आफ्नो यथार्थ परिस्थितिको अन्तिम सिद्धान्त थियो । नेपाली जरूर बढ्नेछ, बढ्नेछ ।

जो यस्तो भन्छ––समाजका परम्परागत नियमादिहरू अनादि तथा ईश्वरकृत हुन् र अपरिवर्तनीय ।

जो यसो भन्थे––यी नियमादिहरूलाई समयानुसार विचारकहरूले उच्च आदर्शहरूद्वारा प्रेरित हुँदै, नयाँ रूप दिंदै गए ।

जो फेरि यसो भन्थे––सत्य स्थिर छ, यो प्रत्यक्ष छ । अस्थिरता भ्रममात्र हो । जो यसो बक्थे––साम्प्रदायिक वर्गहरू नै वर्ग हुन्, आर्थिक वर्ग त ढकोसलामात्र हो ।

हामी राजबन्दीहरूको दृष्टिकोण यस्तो दुःखित, कल्पित धारणाको आधारमा टिकेको थिएन । हामी त्यसैले निर्धक्क थियौं, हाम्रो दृष्टिकोण भौतिक यथार्थताको सबल अवलम्बनमा दृढ थियो, हाम्रो बाटो कुन हो हामीलाई थाहा थियो ।

तैपनि हामी थुनिएका थियौं । अमानुषिक अत्याचार र निर्दयतापूर्ण कठोर यातनाले । हाम्रो दृढ विश्वास र बौद्धिक निष्कर्षलाई डगमगाउन कोशिश गर्दै थिए र यस अत्याचारको सिलसिलामा शासक वर्गले सबै अस्त्रहरू प्रयोग गरे––पिटे, थुने, गोली हाने ।

हामी जेलमा नै थियौं । दिनहरू, महीनाहरू र वर्षहरू नेलसितै गुड्दै-गुड्दै बितिरहेका थिए । कुहिंदै-कुहिंदै हाम्रो अन्त हुने हो कि भन्ने यो आशंका हाम्रो छातीमा घर जमाउँदै गइरहेको थियो । तैपनि हामी आफ्नो सिद्धान्तमा अटल थियौं, नेपालको भविष्यको ज्वलन्त चित्र हाम्रो आँखाको सामुन्ने थियो ।

अकस्मात् एक दिन बिगुल बज्यो, हाम्रो गोलघर थर्क्यो । त्यहाँबाट देखिने धरहराका झ्यालहरूबाट बिगुल विकराल स्वरले चिच्याउँदै थियो ।

हामी मुखको गाँसलाई बिर्सेर आश्चर्यमा सुनिरहेका थियौं । कल्पना गरिरहेका थियौं, अनुमान लगाइरहेका थियौं––साँच्चि के भो हँ ? के भो राणा ?

शासकको कठोर निगरानी र जेलको तीक्ष्ण दृष्टिले गर्दा हामीलाई बाहिरी दुनियाँको कुनै किसिमको खबर आउँदैनथ्यो । पढ्नु-लेखनु त्यहाँ अपराध थियो, खबरको खोजी गर्नु त्यहाँ मृत्यु निम्त्याउनुझैं थियो ।

बिगुलपछि ड्वाङ-ड्वाङ ३१ तोप लाग्यो । अनि गोलघरको कामदारले हस्याङफस्याङ गर्दै दौडँदै आएर गुप्त तौरले, आँखा छल्दै हामीलाई खबर दियो––नयाँ महाराजाधिराज भो, पुरानो त हिन्दूस्थानको आश्रय गए रे, के भएको हो ? क्या हो, क्या हो !" इत्यादि-इत्यादि ।

हामी बन्दीहरूको कन्सिरी तात्दै आयो । हामीले निमेष-भरैमा अडकल लगाइहाल्यौं । त्यसबाट यही थाहा पायौं–राणाहरू अब के चाहन्छन् ? जनतालाई धोका दिएर, महाराजाधिराजलाई पदच्युत गरेर, तीनवर्षे बालकलाई राजगद्दीमा राखेर राणाहरू के चाहन्छन् ? ओ ! यी राणाहरू के चाहन्छन् ?

गोलघरको चौधहाते चोकमा हामीहरू रन्थनिंदै घुमिरहन थाल्यौं ।

यी उनै त्रिभुवनवीरविक्रम हुन्, जसले '९७ सालमा रक्तपातमण्डल खडा गरेका थिए ।

यी उनै महाराजाधिराज हुन्, जो '९७ सालका शहीदहरूका प्यारा मित्र र सहयोगी थिए ।

यी उनै जनताका साथी हुन्, यी उनै जनताका विश्वासी हुन् । ओ !

हामीलाई पूरा निश्चय भयो––राणाहरू श्री ५ त्रिभुवनवीरविक्रमलाई पदच्युत गरेर निरंकुश शासन-प्रणालीलाई कायम गर्दै, शोषण

र दमन-यन्त्रलाई चिरस्थायी गर्न चाहन्छन् । जनतालाई कुल्चँदै, उनीहरूको मुखको गाँस र करोडौंको बासलाई हर्न चाहन्छन् । जनतालाई दास बनाउँदै संसारको बजारमा बेच्न चाहन्छन्––सिपाहीको रूपमा, असभ्य दरवानको रूपमा, गँवार नोकरको रूपमा । आफ्नो देशलाई बेच्न चाहन्छन्––बजारको रूपमा ।

खबरदार !

हामीले सहन सकेनौं । असह्य पीडा र असन्तुष्टिले हामी सबै चूप थियौं । गोलघरका कोठा-कोठामा मारिने ताल्चाहरू र आफ्ना खुट्टाहरूमा ठोकिएका नेललाई जल्दो र युद्ध-दृष्टिले हेर्दै हाम्रो भित्रको मन चिच्याउँदै थियो––यहाँबाट फुत्केर मात्र जान सके, धोकेबाज अत्याचारीको बल र अभिमानलाई निमोठेर निर्मूल पारिदिन्थ्यौं । तर, उफ् !

हामी आफैभित्र उम्लँदै रिसले चूर हुँदै, काँप्तै, उत्तेजित हुन्थ्यौं । अनि केही गर्न नसके आफ्नै मासु लुछ्थ्यौं– के बाहिरका जनता अब पनि चूप रहलान् त ? क्रान्तिको आगोले के तिनीहरू नबिउँझलान् त ? के नेपालीमा रगत छैन ? रगत छैन ?

तर नेपालीमा हाम्रो विश्वास थियो । एक दिन सुन्यौं––नेपाली कांग्रेसका स्वयंसेवकले वीरगन्ज कब्जा गर्‍यो । जनता जाग्रत छ अब, जनता निर्भीक छ अब, जनता कर्मठ छ अब ।

अनि एक दिन सुन्यौं––गौचरमा सर एस्लर डेमिङ्सको सामुन्ने सारा नेपालवासी नर-नारीहरूले आफ्नो असन्तोष प्रदर्शन गरे, 'तीनवर्षे ज्ञानेन्द्रलाई महाराजाधिराज मान्दैनौं' भने, 'त्रिभुवन फर्काइदेऊ'-को नारा लगाए ।

हामीले गोलघरमा इन्कलाबको नारा लगायौं––

जागृति जिन्दाबाद,

इन्कलाब जिन्दाबाद,

श्री ५ त्रिभुवन जिन्दाबाद !

फेरि यस्तो खबर पायौं कांग्रेसको मुक्तिसेना पूर्व-पश्चिम ढाक्तै बढिरहेछ, बढादैँ बढिरहेछ । अन्यायीको मुटु थर्काउँदै बढिरहेछ ।

अकस्मात् पौष १२ गतेको दिउँसो २ बजे हामीले खबर पायौं—जुलुस जेलतिर आइरहेछ । जेल फोड्न आइरहेछ, जेलतिर बढिरहेछ । यो खबर झूठा थियो, यो कुरा जेलबाहिरै निस्केपछि मात्र थाहा पायौं ।

हामी पनि तस्यौं, सबैले हात-हातमा लामा-लामा दाउरा पायौं मार्न, मर्नलाई । मर्न र मार्नलाई ।

गोली चल्छ मरौंला, भाला रोप्छ थापौंला, तर जीत हाम्रो निश्चय छ, इन्कलाब जिन्दाबाद !

बाहिरबाट आएको जुलुसको बुलन्द नारा जेलको परखाल छेडेर, गोलघरको ताल्चाहरू फोडेर कानसम्म आइपुग्यो—इन्कलाब जिन्दाबाद !

हामी सबैले अनुहार हेऱ्यौं—अब क्षणभरमा एउटा भयानक काण्ड घट्नेछ, हामी यसमा मरौंला पनि, हामी यसमा बाँचौंला पनि—यी अत्याचारीसितको युद्ध ।

जीत निश्चय छ ।
इन्कलाव जिन्दाबाद !

बाहिरबाट आएको जुलुसको नारा उच्च हुँदै आयो—इन्कलाब जिन्दाबाद !

हाम्रो हातको मुट्ठी दरो हुँदै गयो, अनुहार कसिंदै गयो । हामी लड्न र मर्न तयार छौं—जनराज खडा गरिछाड्छौं । शोषण हटाइछाड्छौं ।

इन्कलाब जिन्दाबाद !

एकै छिन भित्र-बाहिर भयंकर कोलाहल भएको सुनियो, अनि गोली चल्यो––ड्वाङ-ड्वाङ !

अझ राणाहरू निर्दोष र निरस्त्र जनतामाथि गोली बर्साउन बेर मान्दैनन्। अझ जनतालाई दबाएर निरंकुश सत्ता चलाउँदै, देशको विकासलाई निचोरिदिन चाहन्छन्, अझ जनताको आशा र उत्साहलाई गोलीद्वारा फोड्न चाहन्छन् ! खबरदार, जनता हताश हुनेछैन। हान, हान, सके हान, मार–तेरो दानवीय लीलाको अन्त्य नजीक छ !

गोली फेरि चल्यो ड्वाङ-ड्वाङ !

वीर देशभक्त पछारिए होलान्, उनको छातीको प्वालबाट रातो रगतको धारा बग्यो होला। त्यही रातो रगत हो, त्यही रगत जसबाट क्रान्तिको बिजुली चम्कनेछ––त्यसैबाट नयाँ जीवनी फुट्नेछ; त्यसबाट, त्यसैबाट नवीन सृजना हुनेछ ।

नेपाल जागिसक्यो––अब संसारमा कुनै शक्ति यस्तो छैन जसले यो जागृतिलाई छेकोस्, दबाओस् शहीदको त्यो रातो रगतको थोपा ।

इन्कलाब जिन्दाबाद, क्रान्ति जिन्दाबाद !

*****

फागुन सात र स्वतन्त्रता

विश्वनाथ न्यौपाने

हाम्रा महान् आदरणीय राष्ट्रपिता श्री ५ त्रिभुवनबाट आफ्नो प्यारो मातृभूमिलाई र प्यारा प्रजाहरूलाई संसारका विकसित अन्य राष्ट्रसरह सुव्यवस्थाले सिंगार्न दृढ संकल्प गरिबक्सेको थियो । '०७ सालअधिको पूर्वस्मृतिले कहिलेकाहीं अझै हामी नेपालीलाई झसङ्ग पार्दछ । तर हामीलाई ढुक्क छ–राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनीतिक परिवर्तनको दौडानमा दक्षता दिबक्सेको राजा श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रमशाह नै बुबाको सदिच्छा र दृढ संकल्प पूरा गर्न कटिवद्ध होइबक्सिन्छ ।

फागुन ७ गते स्वतन्त्र दिवस हो, जुन दिनले हामी नेपालीलाई स्वतन्त्रताको शंखनाद गर्न, नयाँ-नयाँ आशा र उमङ्ग लिएर आफ्नो-आफ्नो भाग्य-निर्णय गर्न प्रेरणा दिएथ्यो । हाम्रो देशको गुज्रेको अवस्थाको विषयमा पूर्व इतिहासको पाना पल्टाएर ठन्डा दिमागले सोचौं त हामीले स्वतन्त्रताको सदुपयोग गर्‍यौं वा गरेनौं ?

श्री ५ त्रिभुवन राष्ट्रपिताको त्याग-तपस्याले र नेपालीमात्रको एकताले ल्याएको यो स्वतन्त्रता अन्याय, पक्षपात र शोषणको निम्ति होइन, निष्क्रिय र निर्लज्ज भै हिंड्न होइन, लाखौंको घरबास उठाएर एउटाको सुनको धुरी बसाल्न होइन; नारा र पर्चाबाजीले देशको शान्ति-सुरक्षा भङ्ग गर्न पनि होइन । सबैले आफ्नो-आफ्नो मगज र पसीनाको मोलअनुसारको भाग गरी खाइपिई सन्तोषको शीतल सास लिई विश्वका मानव-जातिले पाएको मानवता कायम राख्न नै यो

स्वतन्त्रता ल्याएको हो, आजको दिन आएको हो। हिंड्न नजान्ने दगुर्न खोज्ने प्रवृत्तिकालाई एक पाइलापछि हट्न र राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रगति-पथमा एकनास पाइला चाल्न सक्ने योग्यता पुगेका कर्मठ नेपाली-लाई एक पाइला अघि बढ्न निर्देशन गर्ने दिन पनि यही हो।

मानिस-मानिसमा, प्रकृति र मानिसमा, बाबु-छोरामा, राजा-प्रजामा लेनदेन हुनुपर्छ। किनकि लिनु अधिकार हो, दिनु कर्तव्य हो। हामीले जमीनलाई मल किन दिन्छौं? उसबाट बढी मात्रामा उब्जा पाउन। सरकारलाई मालपोत तिर्छौं, सरकारबाट हामी शिक्षा, सुस्वास्थ्य, शान्ति-सुरक्षा पाउँला भनेर। अतः कर्तव्यलाई कार्यरूपमा व्यवहारमा ल्याउन हामीले नजानुन्जेल स्वतन्त्रताको सदुपयोग भयो भन्न सकिन्न। जबसम्म कर्तव्य र अधिकारको राम्रो ज्ञान र उपयोग हुँदैन, त्यस बेलासम्म देशमा सामाजिक, राजनीतिक स्थिरता पनि आउँदैन, स्वतन्त्रताको निम्ति मरिमेट्ने देशका सपूत कर्णधारहरूको सपना साकार रूपमा नआई कल्पनामात्रै रहला।

अन्तर्राष्ट्रिय प्रजातान्त्रिक दौडानमा नेपाली पछि पर्‍यो वा अगि बढ्यो, सोच्यौं भनेमात्र हामीले आजसम्म गरेको भूल वा दोष हामीलाई छर्लङ्ग याद हुनेछ। आफ्नो चरित्र, बानी, स्वभाव सुधार्न हामीले संलग्न हुनुपर्छ, हाम्रो अगाडिको कर्तव्यप्रति हामी जागरूक हुनुपर्छ। अनिमात्र देशका वीर सेनानी शहीदको लक्ष्य छिचोल्न सजिलो हुनेछ।

यसै दिनमा एक करोड नेपालीले ती शहीदहरूको आत्माले संकेत गरेको लक्ष्य छिचोल्न प्रण गर्नुपरेको छ। सर्वप्रथम हाम्रो अगाडि महान् कार्य सफल गराई आदर्श राजा श्री ५ महाराजा-धिराज महेन्द्रको सदिच्छा पूर्ण गराउनु छ, जसबाट प्रगतिशील मित्र राष्ट्रहरूको दाँजोमा देशलाई पुर्‍याएर एक करोड नेपालीको हृदयमा स्वतन्त्र नेपालको गौरवाभिमानमा गहिरो छाप पार्न सकिन्छ। यो कार्य एउटा दिमागले मात्र, एउटा कलमले मात्र अथवा एक व्यक्तिको बुद्धि र प्रयासले मात्र सफल हुने होइन। यसमा चाहिन्छ देशका तमाम नर-नारीको उत्साह, लगन, परिपक्व बुद्धिको सहयोग। निःस्वार्थ

र निष्पक्ष भावना नै प्रजातन्त्रको द्योतक हो । स्वार्थ र पक्षपात प्रजातन्त्रको घातक हो । सद्भावना र सहयोगपद्दि जनताले हात बाँधिदिएमा र राजाको एकलो दिमागले मात्र विशाल राष्ट्रको प्रजातान्त्रिक जग बसाल्न परेमा देशको अवस्था के होला ? स्वतन्त्र र ठन्डा दिमागले विचार गर्न नै यो स्वतन्त्र-दिवस नेपालीले हरेक वर्ष मनाउन पाएका छन् । यसको लागि हामीलाई विवेक गर्ने शक्ति परमात्माले दिऊन् ।

आजकै दिनमा स्वर्गीय एवं अमर महान् आत्मा, श्री ५ महाराजाधिराज त्रिभुवनले आफ्ना देश र दुनियाँलाई सम्बोधन गर्दै प्रजातन्त्रको घोषणा गरिबक्सेको हो; देशको वर्तमान राजनीतिक वायुमण्डलमा नेपालीलाई स्वतन्त्रताको सुख भोग्ने मौका दिबक्सेको हो । संसारका उन्नत राष्ट्रहरूको प्रगतिमा पिछडिएका नेपालीलाई सत्य र वास्तविकता ठम्याई अघि बढ्न राजाले स्वयं कर्तव्य दिग्दर्शन गराइबक्सियो । हामीलाई यस्तो स्वतन्त्रता किन ? के विदेशी राजनीतिक गुटबन्दीमा फसाउन ? नेपालीको धर्म, आचरण, जातीयता, राष्ट्रियता, संस्कृति बेच्न ? भाइ-भाइमा द्वेष र प्रतिस्पर्धा बढाई देश बरबाद गराउन ? अवश्य हामीले त्यसो गर्न स्वतन्त्रता ल्याएका अथवा पाएका होइनौं । हामीलाई टोल, गाउँ, शहर देश बनाउनु छ, साथै आफ्नो जीवनस्तर उठाउनु छ, हाम्रो पितृ-परम्पराले आर्जेको वीरता, संस्कृतिकै आडमा विश्वका मानव-जातिको अगाडि निर्भीक भै उभिनु छ । यसैको निम्ति हामीलाई चाहिएको छ एकता औ सौजन्य । यसैको निम्ति हामीले पाएका हौं स्वतन्त्रता ।

*****

अमूल्य ज्योति श्री ५ त्रिभुवन

विष्णुप्रसाद रिजाल

धेरै समयदेखि नेपाल आमा अन्धकारमय जीवन व्यतीत गर्दै थिइन्। उनी विषालु हावामा निस्सासिएको देखेर सारा जीवात आँसु नबहाई बस्न सकेनन् । नेपाल आमाका सपूतहरूको चिल्ली-बिल्ली हेर्न नसकी धरतीमा कान्ति छर्न खोज्दा उल्टो कालो बादल उन्मत्त भएर ढाक्न खोज्थ्यो । यसै बेला धरतीमा एउटा ज्योति झऱ्यो ।

असारको महीना, लगातार झरीले आँखा उघारेको छैन । हिमालयको चहक मिहीन भैसकेको छ । । चन्द्रमाको कान्ति पनि कालो बादलमा नै विलीन थियो । यस्तो उकुसमुकुस वातावरणमा यो ज्योति झरेको थियो । यही ज्योतिको प्रकाशले हिमालयको शिर ठाडो भयो, नेपाल आमाको चेहरामा पोतो टिक्न सकेन । उज्यालो र अँध्यारो एकै चोटि एकै समयमा हुनै सक्तैन। यसैले अन्धकारको सातो उड्यो । त्यही ज्योति राष्ट्रपिता त्रिभुवन हुन् ।

अन्धकारले विषालु वातावरण सृजना गर्छ भने प्रकाशले स्वच्छ र निर्मल हावा बहाउँछ । तत्कालीन राणा-शासक अन्धकार थिए, विषालु थिए । नेपाली जनतालाई अन्धकारमय भुमरीमा रिंग्नुपरेको थियो । शासकहरू जनताको रगतमा डुबुल्की मार्न सधैं लालायित थिए । कतिले आफ्नो गाँसवास गुमाए, कतिले आफ्ना

बाला-पोथ्रा भन्न पाएनन्, ज्यान भन्न पाएनन्। कति लाखापाखा लागे, कति प्रवासी बने। हो नि, अन्धकारमा नै कुकीर्ति र अन्यायले बास पाउँछ।

नेपालको संरक्षण र संवर्द्धन राजमुकुटबाटै भएको हाम्रो इतिहासबाट छिपेको छैन। नेपाली जनताको अन्तिम आशाको केन्द्र पनि राजमुकुट नै हो। तर बडो खेदको कुरा, श्री ५ महाराजाधिराजलाई अन्धकारका पिण्डहरू मूर्तिका रूपमा मात्र स्थापना गर्न खोज्दथे। परिणाम मुलुकको शासनमा उनीहरूकै अधिकार भयो। एउटा अन्धो मत्ता हात्तीलाई मानिसको फौजमा छाडिदियो भने कतिको दुर्दशा होला, कतिको प्राण गुम्ला——कल्पना गर्न पनि अत्यास लाग्छ। त्यस्तै, उन्मत्त एकतन्त्री शासनले एक शताब्दीसम्म यस भूमिको वायुमण्डल नै विषालु बनायो। फलस्वरूप नेपालीहरूले कडा रोगको सामना गर्न वाध्य हुनुपऱ्यो। दुनियाँ राणाशासकका मनोरञ्जनका साधन र खेलौना बने। नेपाल र नेपालीका हितचिन्तक, नेपाल आमाका सपूत श्री ५ त्रिभुवन यस्तो कटु परिस्थिति हेरेर बस्न सकिबक्सिएन। पुत्रवत् प्रजाको रोदन र क्रन्दनले मौसूफको हृदयमा ठूलो चोट पुऱ्यायो।

मानिस सहनशील प्राणी हो। सहनशील प्राणी भन्दैमा सहने पनि त सीमा हुन्छ। अत्याचारको विरुद्ध मानवले सधैं संघर्ष गर्दै आएको छ, गर्ने पनि छ। चिनी पनि ज्यादा खाएपछि तीतो हुन्छ, अमृतले विषको काम गर्छ। त्यस्तै राणा-शासकहरूको अत्याचार पनि अजीर्ण हुने स्थितिमा पुग्न खोज्दै थियो। चुसिएका, लुटिएका, पिल्सिएका जनता गहबाट मोतीका दानाजस्ता आँसु बहाएर जीवनको डुङ्गा बिस्तारै खियाउँदै थिए। एकातिर ती शासकहरू जनतामा अत्याचारको घुँएत्रो हान्थे, अर्कोतिर राष्ट्रपिता श्री ५ त्रिभुवनको प्रतिभालाई भोग-विलासमा फसाएर नष्ट गराउने प्रयासमा लागेका थिए।

सूर्यको किरण हत्केलाले छेकेर छेकिंदैन। जनताहरू राष्ट्रपिताको सदिच्छा बुझेर राणा-शासकहरूको विरुद्ध पाइलो चाल्न थाले।

मुसमुन्द्रे राणाहरूले यो कुरा चाल पाए। एक दिन नेपाल आमाका चार सपूतहरूले प्राणको आहुति दिनुपऱ्यो। यो अप्रिय घटनाले राष्ट्रपिताको हृदयमा ठूलो चोट पुऱ्यायो। **अति गर्नु अतिसार नगर्नु** भन्ने कथन राष्ट्रपिताको हृदयमा गुन्जिन पुग्यो। मौसूफ सरकार कुनै योग्य अवसरको खोजमा दुःखका दिन र अनिद्राका रातहरू बिताउन लागिबक्स्यो। मौसूफभित्र नेपालमा सुनौला प्रजातन्त्रको मधुर कल्पना आँखाअगाडि नाचिरहेको थियो। कल्पनालाई साकार गर्न कैयन् प्रयास गर्नुपर्छ, बाटोमा रहेका समस्याका पहाडलाई फोड्नुपर्छ, खाडललाई पुर्नुपर्छ। राष्ट्रनायकको सामु पनि त्यस्ता समस्याका पहाड र खाल्डाहरू प्रशस्त देखा परे, तर ती पहाडलाई फोड्ने र खाडललाई पुर्न सक्ने व्यक्तित्व मौसूफमा अन्तरनिहित थियो। मौसूफले आफ्नो राजगद्दीको बाजी लगाएर दरबार त्यागिबक्स्यो। राणा प्रधान मन्त्रीको मुटु हल्लियो, दिमाग खल्बलियो। आफ्ना राजाले जनताको लागि त्याग गरेको देखेर जनता पनि प्राण हत्केलामा राखी अघि बढे। राजाको नेतृत्वमा राणा सरकारका विरुद्ध उनीहरूले क्रान्ति गर्न कम्मर कसे। राष्ट्रपिता श्री ५ त्रिभुवनको राजसी व्यक्तित्वको अगाडि १०४ वर्षसम्म जरो गाडेर बसेको राणा-शासन टिक्न सकेन, उसले घुँडा टेक्नै पऱ्यो। प्रजातन्त्रका प्रवर्तक श्री ५ त्रिभुवनको सपना साकार भयो, नेपालीको भाग्य बल्यो, विश्व चकित भयो, नेपाल आमाले आनन्दको सास फेर्न पाइन्।

यो एउटा अचम्मलाग्दो कुरा हो—हामीले विश्वको इतिहास पल्टाएर हेऱ्यौं भने विभिन्न समयमा राजा र प्रजाका बीच आफ्नो-आफ्नो भलाइको निमित्त लडाइँ भएको पाउँछौं, रक्तपात भएको देख्छौं। आफ्नो हक र स्वतन्त्रताको लागि जनताले राजाको विरुद्ध संघर्ष गर्छन्। तर राष्ट्रपिता श्री ५ त्रिभुवनले जनताको हक र स्वतन्त्रताको निमित्त आफ्नो प्राणको बाजी लगाइबक्स्यो, राजगद्दी त्यागिबक्स्यो, निजी स्वार्थलाई तिलाञ्जलि दिइबक्स्यो। राजा र प्रजाको संघर्ष हुनुको बदला राजा र प्रजाको अथक प्रयासले हाम्रो मुलुकमा प्रजातन्त्र भित्रियो। यस महत्त्वपूर्ण कार्यले विश्वकै इतिहासमा

सुनौला हरफहरू थपिए। त्यसैले अमूल्य ज्योति श्री ५ त्रिभुवन आकाश-दीपझैं चम्कि नै रहनेछन् कालान्तरसम्म । नेपाल आमा हाँसिरहने छिन् सधैं--२००७ साल फागुन ७ गतेको अमूल्य गहना लगाएर, नेपाली सपूतहरूलाई काखी च्यापेर।

*****

मेरो पहिलो र आखिरी भेट

शंकरबहादुर के०सी०

राणाशाहीको जगजगी र चकचकीको समय, कानेखुसीसम्म गर्नु पनि पाप हुने समय, जता हेरे पनि गुप्तचरहरू नै छरिएका देखिन्थे, साथीले साथी छुटचाउन मुश्किल पर्ने शंकापूर्ण वातावरण थियो । श्री ५ त्रिभुवनका समक्ष देशको यथार्थ स्थिति र संस्थाको (राष्ट्रिय कांग्रेस, कोइराला-गुट) कार्यविधि प्रस्तुत गर्ने र भावी कार्यक्रमबारे मौसूफको विचार र इच्छा जान्ने प्रबल अभिलाषा लिएको धेरै दिन भइसकेको थियो । मौसूफसँग कसरी भेट्न सकिन्छ भन्ने कोशिश गरिरहेको थिएँ । यसको निम्ति प्राणको बाजी लाउनसमेत म तयार थिएँ । प्रयास र आँट गरेअनुसार समय र स्थितिले साथ दियो । साथीहरूको सहयोग प्राप्त भयो ।

२००५ साल, चैत्र महीना । अमावस्याको रात । करीब ११ बजेको हुँदो हो । विशाल पर्खाल, अनकन्टार बाँसको झाङ । होश र जोशको साथ ज्यानलाई हत्केलामा राखी, सकी-नसकी पर्खाल उक्लेर सहयोगीलाई तानें । यसरी उक्लने प्रयास भइरहेको बेलामा रमनको आवाज आयो । लामो-लामो सास फेर्दै ढलको शरण नपरेको भए मेरो अभिलाषा शायदै पूरा हुन पाउँथ्यो होला । ११ बजे र ठीक १० मिनेट जाँदा श्री ५ त्रिभुवन सवारी भएको संकेत पाउनासाथ ओर्लें । सांकेतिक स्थानमा श्री ५ युवराजाधिराजहरू साथमा सवारी भएको थियो । समय पाएको थिएँ ११·१५को । लामो-लामो सास फेर्दै अभिवादन चढाएँ । देशका राजासँग मजस्तो एउटा मामूली युवकले माटोको फुस्रो ढिस्कोमा पलेंटी कसेर

देशको स्थितिबारे संस्थाको प्रतिनिधित्व गर्दै कुरा गर्न पाएकोमा मैले आफ्नो अहोभाग्य सम्झें । यथार्थ विवरण जाहेर गरें । खूबै दिलचस्पी लिएर सुनिबक्सियो ।

श्री ५-बाट हुकुम भयो––"टुक्रिएर काम गर्नु गाह्रो हुन्छ । साथै आपस्तमा फूट भइरह्यो भने राणाहरूले फाइदा उठाउँछन् । उनीहरू बलिया हुनेछन् । दुवै पार्टी एक भएर मिलेर काम गरेमा धेरै बेस हुनेछ । सकभर सुवर्ण-ग्रुप र कोइराला-ग्रुपलाई मिलाएर एउटै पार्टी बनाई काम गर्ने कोशिश गर्नुपर्छ । देश र जनताको लागि म र मेरो परिवार जुन बखत जे-जस्तो गर्नुपरे पनि कदापि पछि हट्नेछैन । प्राणको आहुति नै किन नदिनु परोस्, प्रजातान्त्रिक प्रणाली बसाल्न यो राणाशाहीलाई किचिछाड्छु, बुझ्यौ !" यसो भन्दै मलाई छोएर किरिया हालिबक्सियो ।

फेरि हुकुम भयो––"के०सी०, एक हातले ताली बज्दैन, दुवै हात चाहिन्छ । दुवै ग्रुप एक भएको खण्डमा चाँडै सफल हुनैछौं ।

"भारतको मात्र भर परेर हुँदैन । प्रजातन्त्रको लागि जन-जागृतिको सिर्जना आफ्नै देशमा गर्नुपर्छ । तिम्रा नेताहरूलाई मेरो यो सन्देश लगिदेऊ । मेरो पूर्ण सहयोग तिमीहरूलाई छ ।"

श्री ५ त्रिभुवनबाट बक्सेको यस्तो आश्वासन सुनेपछि मेरो मुटु ढुक्क फुल्यो र शरीरको एक-एक रौं सिरिङ्ङ भयो ।

यसै बीच 'गणेशमान सिंहलाई कस्तो छ ? उसको स्वास्थ्य कस्तो छ ?' भनेर सोधनी भयो । मैले 'बेस छ' भनेर जाहेर गरें ।

बिदा लिएर फर्कने समयमा मलाई छोड्न अलि परसम्म सवारी भयो र हुकुम भयो––"तिम्रो साहस र लगनशीलतालाई म सदैव याद गर्नेछु ।" अनि मलाई धाप दिंदै बिदा बक्सियो । आखिरमा 'समय-समयमा फेरि पछि भेट हुनेछ' भनेर पनि हुकुम भयो ।

२००६ साल ज्येष्ठ १६ गते राणाशाहीको विरोधमा शान्तिपूर्ण सत्याग्रह शुरू गऱ्यौं। करीब हप्ता दिनजतिमा काठमाडौं उपत्यकाका तीनै शहर र बाहिर जिल्लाहरूमा पनि सत्याग्रह शुरू भयो। पछि म भूमिगत बसेको समयमा गिरफ्तार भएँ र जेल गएँ। करीब २ वर्षपछि २००७ सालमा छुटेर बाहिर आएँ। पछि पनि बेला-बेलामा श्री ५ त्रिभुवनसित भेट गर्ने सुअवसर पाएँ। मौसूफको महान् व्यक्तित्वका विषयमा लेखेर साध्य छैन। मौसूफको त्याग, तपस्या, शील, स्वभाव र गुणका विषयमा हजारौं वर्षसम्म पनि नेपालीहरूले कलम कोरि नै रहनेछन्। मौसूफको आत्मालाई सदैव शान्ति मिलोस् भनी ईश्वरसित प्रार्थना गर्दै मौसूफसितको आफ्नो आखिरी भेटको उल्लेख गर्छु।

यो घटना श्री ५ त्रिभुवन नीस सवारी हुँदाको हो। गौचर हवाईअड्डामा ठूलठूला ओहदाका व्यक्तिहरू लाम लागेर उभिएका थिए, मौसूफलाई बिदा गर्न म अलि पर सर्वसाधारण जनताको पंक्तिमा उभिएर मनमनै मौसूफको सुस्वास्थ्यको कामना गरिरहेको थिएँ। टाढाबाटै पनि मौसूफको दृष्टि ममाथि परेछ। बिस्तारै मेरो पंक्तितिर सवारी भयो र मलाई हुकुम भयो—"के०सी०, तिमीलाई सन्चै छ?" अनि मलाई लिएर बिस्तारै दुई-चार पाइला अघि सरिबक्सियो र फेरि हुकुम भयो—"मैले तिम्रो लागि केही गर्न सकिनँ। पछि फर्केपछि विचार गर्नेछु।"

मैले बिन्ती गरें—"सरकार, मेरो लागि यसरी दया रहनु नै प्रशस्त छ। सुस्वास्थ्य लाभ गरी मौसूफको सवारी फिरोस्, यही नै मेरो अभिलाषा छ।"

*****

५६

असार सत्र गते

शारदाप्रसाद भट्टराई

यो दिन नेपालीको निमित्त महान् पर्व हो । नेपालीका मुक्तिदाता त्रिभुवनलाई जन्म दिने सौभाग्य आजैको दिनले पाएकोले नेपालको इतिहासमा आजको दिनको विशेष महत्त्व रहेको छ ।

नेपालको भौगोलिक एकीकरणको शुभारम्भ श्री ५ बडा महाराजा पृथ्वीनारायण शाहबाट भएको थियो । एकीकरण समाप्त हुनुको साथै नेपालको राजनीति अन्धकारको एक युगबाट गुज्रन्छ । राणाकालीन शासनमा पृथ्वीनारायण शाहको उदार शासन-व्यवस्थाले प्रश्रय पाउने मौका पाएन । शासन-व्यवस्था जन-जीवनमा आधारित हुनुको सट्टा दरबारका केही मुठीभरका मानिसहरूको व्यक्तिगत इच्छामा आधारित भयो । नेपालको राजमुकुटप्रति नेपालीको ठूलो आस्था र विश्वास थियो । नेपाली जन-जीवनलाई यसले **देश सबै जातको फूलबारी** हो भनी साझा हक प्रदान गरेको थियो । यसपछि जनता र राजाका बीचमा एउटा ठूलो पर्खाल तेर्सियो ।

द्वितीय विश्वयुद्धपछि आएको जागरणबाट नेपालमात्र कसरी अलग रहन सक्तथ्यो ! कुनै पनि परिवर्तन आकस्मिक र आफै घट्ने होइन । त्यसको निमित्त एक महान् व्यक्तित्वको आवश्यकता पर्छ, जसले सारा चेतनाका सूत्रहरू बटुलेर एउटा मोड दिन्छ, घटना तयार पार्छ र इतिहासलाई नेपालमा आएको सात सालको क्रान्तिलाई त्यसै दृष्टिकोणबाट मूल्यांकन गर्न सकिन्छ । जङ्गबहादुरको समयको लगत्तै-

पछिदेखि '०७ सालको क्रान्तिको निमित्त सूत्रहरू तयार हुन आरम्भ भइसकेका थिए। १०० वर्षसम्म छरिएर रहेका प्रत्येक साना-साना घटनाहरूलाई समालेर बडो साहसिलो ढङ्गबाट '०७ सालको क्रान्तिलाई जन्म दिने श्री ५ त्रिभुवनको व्यक्तित्व नै थियो। इतिहास हरएक देशको हुन्छ, घटनाहरू हरएक देशमा घट्छन्, तर त्यस किसिमका घटनाहरूलाई नेतृत्व दिएर युगान्तकारी कार्यको रूपमा परिणत गर्ने खालका व्यक्तितत्व सबै देशमा सधैं जन्मँदैनन्। श्री ५ त्रिभुवनलाई हामी त्यस्तै विरलाकोटि व्यक्तित्वमा गणना गर्दछौं।

शिक्षा र जनसम्पर्कको ढोका बन्दजस्तै तुल्याएर राखिएका त्रिभुवनले नेपाल र नेपालीलाई दिएको स्वतन्त्रता, प्रजातन्त्र र मुक्तिको पाठ साँच्चिकै आश्चर्यजनक काम हो। राजाले जनतालाई अधिकार दिएको कुरा इतिहासमा प्रशस्त पाइन्छन्, राजाको विरुद्ध जनताले संघर्ष गरेर जनताले अधिकार खोसेको कुरा पनि इतिहासमा थुप्रै पाइन्छन्, तर अधिकारप्राप्तिको निमित्त जनताले गरेको संघर्षमा राजाले साथ दिएको कुरा विश्व-इतिहासमा नौलो छ। यस किसिमको दृष्टान्त विश्व-इतिहासमा नेपाली राजाले नै देखाए। नेपालको यो देनलाई विश्व-इतिहासले मान्नै पर्छ। तसर्थ यो दिनलाई नेपालीका राष्ट्रपिता श्री ५ त्रिभुवनको जन्म-जयन्तीको रूपमा मात्र होइन विश्व-इतिहासमा नयाँ रूपमा अध्याय थप्ने युगान्तकारी एक महान् व्यक्तित्वको पूजाको रूपमा पनि मान्दछौं।

*****

अविस्मरणीय क्षणहरू

शिवप्रसाद रौनियार

कुनै पनि महापुरुषसँगको भेट, त्यो जतिसुकै सानो अवधिको भए तापनि निश्चय नै धेरै महत्त्व राख्तछ । त्यसमाथि पनि आजको युगमा एउटा राजाले प्रजाको निमित्त आफ्नो गाथ र गद्दीको बाजी लगाउन सक्दछ भने ती महान् व्यक्तित्वसँग कुनै एउटा साधारण व्यक्तिले एकै क्षणको भेटघाट गर्न पनि आफू नै ठूलो व्यक्तिको गणनामा नआए पनि आफूलाई भाग्यशाली भने अवश्य नै सम्झन्छ। म पनि आफूलाई त्यस्तै एउटा भाग्यमानी सम्झन्छु ।

नेपालको मजस्तो एउटा साधारण प्रजाको जीवनमा आएका केही यस्ता क्षणहरू छन् जो वास्तवमा मेरो निमित्त कहिले पनि बिर्सिन सकिने घटना होइनन् ।

राष्ट्रपिता श्री ५ त्रिभुवनको महापुनीत सम्झनामा, आज यतिका वर्षपछि जब म मौसूफसँगको आफ्नो साक्षात्कारको सम्झना गर्दछू, म आफू केही क्षणको लागि आश्चर्यचकित हुन्छू, आफूमाथि नै पत्यार लाग्दैन ।

पहिलो घटना हो २००७ सालको क्रान्तिको लगत्तै पछिको । हुन त म त्यस क्रान्तिभन्दा अघिदेखि नै क्रान्तिको निमित्त अग्रसर भइरहेका मेरा अन्य सहयोगीहरूका साथै गुप्त रूपमा सम्बन्धित थिएँ, तैपनि राजा त्रिभुवनको प्रजा-वत्सलतासँग मेरो निकट परिचय त्यस महान् क्रान्तिपछि मात्रै हुन सक्यो । राजा बाबु हुन्छ भन्ने कुरा त सुनेको

थिएँ, तर वास्तवमा राष्ट्रपिता श्री ५ त्रिभुवनलाई नभेटेसम्म त्यो कुराको मैले अनुभव गर्न सकेको थिइनँ ।

महीना थियो फागुन, क्रान्तिको सफल समाप्तिपछि श्री ५ त्रिभुवन राजधानी फिर्ता सवारी होइबक्सेको थियो । एकाएक राजधानीका साहू-महाजनहरूलाई श्री ५ त्रिभुवनबाट दर्शन-भेटको इच्छा व्यक्त गरिबक्स्यो । हामी साहू-महाजनहरूको डफ्फा नारायणहिटी राजदरबारमा पुग्यो । । त्यहाँका सम्बन्धित अधिकारीहरूले हामीहरूलाई भित्री बैठकमा लगेर बसाले । केही बेरपछि गाउनमात्र लगाइबक्सेका राष्ट्रपिता बैठकमा सवारी भयो । देख्न त मैले त्यसभन्दा अघि पनि आफ्ना प्यारा राजालाई देखेको थिएँ, तर त्यो दर्शन आफ्नो प्रजाको निमित्त प्रजातन्त्र ल्याउन नेतृत्व सँभालिबक्सने राजाको थियो ।

बेला थियो बिहानको । स्वच्छ, हिमाली, शीतल, मनमोहक वातावरण । नारायणहिटी राज-प्रासादको सुरम्य पुष्पाच्छादित वाटिकासँगै जोडिएको त्यो बैठक । सम्झना त छ, तर त्यस बेलाको वास्तविक वातावरणलाई वर्णन गर्न सक्ने मसँग आज शब्द छैन । तैपनि त्यो सम्झना यस्तो छ जसलाई बिर्सिन भने म कहिले पनि सक्तिनँ ।

श्री ५ त्रिभुवनको सौम्य, शान्त र स्नेहपूर्ण रूप । म त एक छिन कहाँ छु भनेजस्तो लाग्यो । तर देवतुल्य राजाको समक्ष म मन्त्रमुग्ध एक क्षण के बसेको थिएँ राष्ट्रपिताबाट हुकुम भयो—"हइ, म त कस्तो राजा ! आफ्नै देशको साहू-महाजनलाई चिन्न नसक्ने । मलाई अलि ढिलो भो । म नुहाइराखेको थिएँ । लौ त, तपाईंहरूमध्ये शिवप्रसाद रौनियार भन्ने को हुनुहुन्छ ?"

म झटपट उठें । मौसूफबाट हुकुम बक्स्यो—"रौनियारजी, लौ यहाँहरूसँग मेरो परिचय गराइदिनुस् ।"

हुकुम भएबमोजिम मैले सबैको परिचय राष्ट्रपितामा टक्र्याएँ । एकै छिनपछि राजाबाट आफै चुरोट लिई एक-एक गरी सबैलाई चुरोट बक्सिन लाग्दा हामी झन् जिल्ल पऱ्यौं । यस्तो स्नेह देखेर हाम्रा

आँखाका परेला भिज्न थाले । हामीले बिन्ती गऱ्यौं––“राज होइबक्सियोस्, सरकार ! हामी आफै चुरोट लिन्छौं ।”

अनि मौसूफबाट हुकुम भयो––“के म आफ्ने प्रजालाई आफ्नै हातले चुरोटसम्म दिन सक्तिनँ ?” यति भनेर मौसूफबाट एक-एक गरी सबैलाई चुरोट बक्सँदै र लाइटरसमेत बाल्दै सबैनिर पुगिबक्सियो । यस्तो व्यवहार देखेर हाम्रा आँखाबाट आँसु बग्न लाग्यो । यस्तो प्रजावत्सल राजा पाएकोमा साँच्चिकै हामीले आफूलाई भाग्यशाली सम्झ्यौं ।

यसपछिको दोस्रो घटना छ हिन्दी प्रचारिका-सभाको एउटा समारोहका अवसरको । त्यस समितिका अध्यक्ष हुनुहुन्थ्यो श्री भगवती-प्रसाद सिंह (हाल सर्वोच्च न्यायाधीश) , म थिएँ सचिव । त्यस समितिको समारोहमा श्री ५ महाराजाधिराज त्रिभुवनलाई हामीले आमन्त्रित गरेका थियौं । श्री ५ मुमा बडा महारानीहरूको पनि सवारी भएको थियो । मैले त्यस दिन दाह्री काटेको थिइनँ । समारोह सिद्धिएपछि राष्ट्रनायकबाट सोधिबक्स्यो––“ए रौनियार, के तिमीलाई दाह्री काट्नेसम्म पनि फुर्सद छैन ?” यो सुन्नासाथ म दङ्ग परें । मैले त्यस ताका अनुभव गरें, यति सानसाना कुराको पनि ध्यान राखिबक्सने कस्तो राजा हामीले पाएका छौं !

मेरो जीवनको तेस्रो घटना हो नेपाल होटेलको । राति करीब १० बजे म मेरा केही साथीहरूसाथ नेपाल होटेलमा खानपान गरिरहेको थिएँ । अकस्मात् त्यहाँ श्री ५ महाराजाधिराज त्रिभुवनको पनि सवारी भयो । मौसूफले राजभइबक्सेपछि एक छिन यताउति नजर फिराई म बसेको टेबुलतिर हेरिबक्स्यो । एकाएक मैले सुनें––“ए, रौनियार, यता आऊ ।”

सरकार राज भइबक्सेको टेबुलतिर म पुगें । मौसूफबाट हुकुम भो––“बस यसै टेबुलमा, सँगै खाऊँ ।” यो सुन्नासाथ मेरो हृदयमा जुन भावना जाग्यो त्यो म यहाँ भन्न सक्दिनँ । म गद्गद भएर चूपचाप त्यहाँबाट घरतिर लागें ।

त्यसपछि राष्ट्रपिताबाट मलाई पनि नेपालको पहिलो सल्लाहकार-सभाको सदस्य मनोनीत गरिबक्स्यो । सल्लाहकार-सभामा सर्वश्री ऋषिकेश शाह, गुलाबनारायण झा, पुण्यप्रभादेवी तथा लक्ष्मीप्रसाद देवकोटासमेतको हाम्रो एक गुट थियो । सल्लाहकार-सभाको पहिलो सम्बोधनका अवसरमा राष्ट्रपिता श्री ५ त्रिभुवनको सवारी भयो । राष्ट्रपिताबाट सभालाई सम्बोधन गरिबक्सेको अवसरमा अरू सदस्यहरू बसिरहेका थिए, तर हामी पाँच सदस्य उभि नै रह्यौं । सम्बोधन सिद्धियो । राजाको सवारी हुन थाल्दा अकस्मात् श्री ५-बाट सोधिबक्स्यो–"तपाईहरू किन उठिरहनुभएको ? के तपाईंहरूले विरोध प्रदर्शन गर्नुभएको ?"

मौसूफको शङ्का निवारणार्थ हामीले ब्रिटेनको संसद्को के प्रमाण दियौं भने त्यहाँ राष्ट्रका प्रमुखबाट सम्बोधन गरिने अवसरमा कोही सदस्य पनि बसेर भाषण सुन्दैनन् । यो सुनेपछि मौसूफबाट हामीलाई 'दर्शन-भेट गर्न आउनू' भनी हुकुम भयो ।

त्यस घटनाको चौथो दिन हामी राजदरबारमा गयौं । त्यहाँ हामीले बिन्ती गर्‍यौं—"राजा उभिबक्सनु र प्रजा बसिरहनु––यस्तो हुँदैन ।"

यो सुनिबक्सेर श्री ५-बाट हुकुम भयो—"यहाँ प्रजातन्त्र कसरी बलियो हुनेछ भन्ने विषयमा मलाई सरसल्लाह दिने गर । मसँग भेटेर मबाट के-कस्तो सहयोग चाहियो त्यसबारे मलाई अवगत गराइरहू ।"

त्यसपछि पनि मैले राष्ट्रपिताको निकट सम्पर्कमा आउने अवसर पाउँदै रहे । जहिले पनि दर्शन-भेट पाउँदा मौसूफबाट उठी प्रजावत्सलताको भावना अभिव्यक्त गरिबक्सन्थ्यो । राजा भएर पनि आफ्नो प्रजाको दुःख-सुखभन्दा आफ्नो कुनै अर्कै दुःख-सुख होला भन्ने भावनालाई मौसूफको हृदयमा अलिकति पनि ठाउँ थिएन । मैले थाहा पाएसम्म राष्ट्रपिताको राजदरबारको सचिवालयमा प्रजाबाट आएका बिन्तीपत्रहरू सधैं चाङ्का चाङ हुन्थे । मौसूफबाट प्रत्येकको बेहोरा आफैं सुनिबक्सी त्यसमाथि सक्रिय कार्यवाहीको निर्देशनमात्र बक्सने होइन––त्यसको निर्देशन कार्यान्वित भयो भएन आदि कुरामा पनि विशेष अभिरुचि लिइबक्सिन्थ्यो ।

राष्ट्र, समाज तथा आफ्नो जनताको पीर मौसूफबाट आफ्नै पीर मानिबक्सिन्थ्यो । मैले कतिसम्म सुनेको छु भने आँखाको बिरामी कुनै गरीब नागरिकले कतैबाट कुनै सहयोग नपाएर चश्माको लागि मौसूफमा बिन्ती चढायो । मौसूफबाट त्यस व्यक्तिलाई सहयोगमात्र होइन, दर्शन-भेटसम्म बक्सी त्यसको उपचारसमेतको व्यवस्था गरिबक्स्यो । यस किसिमका उदाहरण त राष्ट्रपिताको सम्बन्धमा धेरै छन् । अर्को शब्दमा भन्ने हो भने मौसूफ नेपाल र नेपाली जनताका लागि साक्षात् विष्णुका अवतार होइबक्सन्थ्यो । गाथ र गद्दीको बाजी लगाई जहानियाँ शासनको निरंकुश तानाशाहीबाट नेपाललाई मुक्ति दिलाउन मौसूफबाट विश्वमै नभएको एउटा घटना प्रस्तुत गरिबक्स्यो । मौसूफ सरकारबाट आफ्नै जनताले चलन खोजेको क्रान्तिकारी पाइलालाई सक्रिय नेतृत्व प्रदान गरिबक्स्यो । त्यो थियो नेपालको तटस्थ नीतिको पहिलो र अविस्मरणीय उदाहरण। यो त्यो नीति थियो जसलाई नेपाल राष्ट्रका निम्ति बडा महाराजा पृथ्वीनारायण शाहले नेपाललाई दुई ढुङ्गाको बीचको तरुलको उपमा दिएर प्रस्फुटित गरेका थिए । यस प्रकार हेर्ने हो भने राष्ट्रपिता त्रिभुवनका हरेक पाइला, चिन्तन-मनन सबैमा राष्ट्रहितले नै प्रमुखता पाइरहेको हामी देख्छौं ।

आफ्नो राष्ट्रपितासँगका ती क्षणहरूको सम्झना आज पनि झलझली मेरो मनमा आइरहन्छ । जबसम्म नेपाल र नेपाली रहलान् तबसम्म आफ्नो प्रजाको निमित्त क्रान्तिको नेतृत्व लिने राजा श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवको स्मृति पनि अमिट रही सदा-सर्वदा समस्त मानव-जातिलाई प्रजातान्त्रिक आदर्शको प्रेरणा दिइ नै रहनेछ । यो विश्वास एवं आस्थासाथ राष्ट्रपिताको अमर सम्झनामा म आफ्नो भक्तिपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु ।

*****

युग महापुरुष श्री ५ त्रिभुवन

श्यामबहादुर श्रेष्ठ

यो नेपाल देश धन्य छ, जहाँ राजा त्रिभुवनजस्ता युगमहापुरुषको जन्म भयो । यी महापुरुषले आफ्नो समस्त जीवन प्रजाहरूलाई बिउँझाउन र हक दिलाउनमै अर्पण गरे । महाराजाधिराज भइबक्सेर पनि कति अपमान, कति दुःख-कष्ट र आपद्-विपद् सहनुपर्‍यो, आफ्नो राजगद्दी र प्राणको समेत बाजी थाप्नुपर्‍यो, त्यो सहनशीलता र त्यागको ठूलो उदाहरण हो ।

मौसूफ नौ वर्षको होइबक्सँदादेखि मौसूफका पाउको तावेदार बनी साथमा रहने सौभाग्य मैले पाएको थिएँ । त्यस बेला मेरो उमेर सत्र वर्षको थियो । पन्ध्र वर्षको उमेरमा नै मैले राजदरबारमा नोकरी पाइसकेको थिएँ । त्यस बखत जुन दिनदेखि मौसूफबाट मलाई आफ्नो साथमा खेल्न-रहनको निमित्त हुकुम भयो, त्यो दिनदेखि तीसौं वर्षसम्म मौसूफका साथमा चोबीसै घण्टाझैं म बस्थें । प्रायः आधा रात बितेपछि मौसूफबाट छुट्टी पाएर म आफ्नो घरमा गई सुत्थें । भोलिपल्ट बिहान खाइवरी दरबारमा पुग्थें र मौसूफ जागा हुनेबित्तिकै सामुन्ने हाजिर भई मौसूफको सेवामा लागिहाल्थें ।

बाल्यकालदेखि नै मौसूफको पढाइ-लेखाइमा अत्यन्त ध्यान जान्थ्यो । त्यति बेलादेखि नै मौसूफमा कुनै किसिमको पनि कुलक्षण र कुस्वभाव मैले पाइनँ । हृष्टपुष्ट गाथ, हँसिलो मुहार, बालककालदेखि सबैसँग अत्यन्त नम्र बनी बोलिबक्सने, सबैमाथि दया-माया

गरिबक्सने र कसैको पनि दुःख-दर्द सुन्दा वा देख्ता व्याकुल होइबक्सने स्वभाव मौसूफमा थियो ।

किशोर अवस्थामा प्रवेश गरेपछि मौसूफबाट अंग्रेजी भाषा र अरू विषयको पढाइमा विशेष ध्यान राखी अध्ययन गरिबक्सियो । अत्यन्त तीखो दिमाग तथा उस्तै स्मरण-शक्ति भएका मौसूफबाट हरेक काम-कुरो गर्नमा जाँगर चलाइबक्सिन्थ्यो । जति-जति युवावस्थामा प्रवेश गरिबक्सियो उति-उति हरेक किसिमको इलममा अभिरुचि राखिबक्सँदै मौसूफबाट सो जान्न-बुझ्न कठिनभन्दा कठिन परिश्रम गर्न लागिबक्सियो। मौसूफ कहिले पनि हिम्मत हारिबक्सन्नथ्यो; काम कस्तै गाह्रो भए पनि त्यसमा सफलता प्राप्त गरेरै छोडिबक्सिन्थ्यो ।

मौसूफलाई पहलमानी, कुस्तीबाजीमा पनि निक्के सौख थियो । युवावस्थामा एउटा पहलमानसँग यस विषयमा तालिम लिन शुरू गरिबक्सियो। मलाई पनि तालिम लिन लगाइबक्सियो । एकाध वर्षपछि त्यो पहलमान आफ्नो घर फर्क्यो । पछिसम्म पनि पहलमानले बताएअनुसार मौसूफबाट हरेक दिन कसरत गरि नै रहिबक्सियो । दिनको दुई-तीन सय पल्ट दण्डी पेल्ने इत्यादि भइ नै रहेको थियो । तर सिकाउने गुरु फेरि बराबर अगाडि नहुँदा दण्डी पेल्ने आसन ठीक किसिमले नमिल्ने भइरहेको रहेछ । त्यसले गर्दा गाथमा विशेष भार पर्न जाँदो रहेछ । त्यस बेला पूरा युवक भइबक्सेकाले मौसूफलाई त्यसको नराम्रो असर केही थाहा भएन, तर मौसूफको छत्तीस-सैंतीस वर्षको उमेरमा बेलायतका अंग्रेज डाक्टरलाई नेपालमा झिकाएको बेलामा स्वास्थ्य जाँच गराइबक्सँदाखेरि सो डाक्टरले मौसूफको मुटुको बायाँतिर किनारा अलि खुम्चेको पत्तो लगाए । डाक्टरहरूले मौसूफसँग यस विषयमा धेरै सवाल गरे । तर मौसूफ बालककाल र किशोरावस्थामा कहिल्यै कुनै किसिमबाट लडि वा खसिबक्सेको थिएन । आखिरमा मौसूफको मुटुको बायाँतिर यसरी खुम्चेको, किशोरावस्थादेखिको दुई-तीन सय पटकसम्म दण्डपेलाइको परिणामबाट आसन दिन-दिनै अलि-अलि फरक हुँदै

गई बायाँतिर विशेष भार परेकोले भएको हो भन्ने ठहरियो। मौसूफबाट अब यसको इलाज के हो, यसको नतिजा के हुन सक्छ भनी डाक्टरसित सोधिबक्सियो। त्यस बेला डाक्टरले बिन्ती चढाएका थिए--"यसको इलाजका निमित्त सरकारबाट हल्का भोजन ज्यूनार गरिबक्सनुपर्छ, मुटुलाई बलियो बनाउने खेलकूद गरिबक्सनुपर्छ। यसको नतिजाचाहिं अहिले सरकारको उमेर छत्तीस-सैंतीस वर्ष पुगेको छ, अब बाह्र वर्षपछि सरकारको मुटुले धोका दिन सक्छ।" डाक्टरले बिन्ती चढाएजस्तै ठीक बाह्र वर्ष पुग्नासाथै सोही मुटुको रोगले मौसूफको स्वर्गवास भयो।

डाक्टरले पथ-परहेजमा रहिबक्सने सल्लाह टक्र्याएको केही दिनदेखि नै मौसूफले आफ्नो परम्परा पुस्तौं-पुस्तादेखि चलिआएको बादशाही चौरासी व्यन्जन पनि छोडिबक्सियो। अगि-अगि पनि मौसूफबाट बराबर मेरा प्रजाहरू रूखा-सुखा खाँदा होलान्, मैले मात्र किन चौरासी व्यञ्जनको भोजन गर्नु भन्ने हुकुम हुन्थ्यो। पहिले चलिआएको सुनका भाँडाहरूमा मात्र ज्यूनार गरिबक्सने चलन पनि छाडिदिइबक्सियो। एक दिन आफ्नो दरबारमा केही मानिसहरू साथ लिई एउटा जर्नेलको साथ गोकर्णको जंगलमा दिउँसो घुम्न सवारी भइबक्सेको थियो। दिउँसो जब खाने कुरो ज्यूनार गर्ने समय भएको थियो। सवारी साथमा गएका जर्नेललाई चाँदीका भाँडाहरूमा, आफ्ना दरबारका मानिसहरूलाई पातका दूना, लपेसमा र आफूलाई चाहिं अखबारमा खानेकुरो थियो। जहिले पनि ज्यूनार गरिबक्सँदा चाहे भुजा, चाहे दिउँसोको खाना थोरै नै ज्यूनार गरिबक्सिन्थ्यो। ज्यूनार गरिरहिबक्सेको बेलामा यताउताको हाँसो उठ्ने कुरा उठाई दिल वहलाइदिन सकेमा दुई-चार गाँस बेसी ज्यूनार गरिबक्सिन्थ्यो। दूध र फलफूलचाहिं प्रशस्त ज्यूनार गरिबक्सिन्थ्यो।

डाक्टरको सल्लाहअनुसार मौसूफले गर्मी याम छ महीना फुटबल र जाडो याम छ महीना हकीको खेल एक दिन पनि नटुटाई गर्मी, जाडो, पानी जस्तोसुकै भए तापनि दिनको सय मिनेट पाँच वर्षसम्म खेलिबक्सियो। महाराजाधिराज होइबक्सेर पनि कठिन

परिश्रमपूर्वक हकीजस्तो जोखिमी खेल खेलिबक्सिन्थ्यो । त्यस खेलमा वर्तमान श्री ५ महाराजाधिराज र दुवै अधिराजकुमारहरू पनि भाग लिइबक्सिन्थ्यो । बीच-बीचमा टेनिसको खेल पनि वराबर हुन्थ्यो । राजाले हानिबक्सेको टेनिस बल बन्दूकबाट छुटेको गोलीको जस्तो आवाज दिएर आउँथ्यो । मौसूफलाई पहिलेदेखि नै हरेक खेलमा सौख थियो । पोलो, साइकल पोलो, गल्फ, क्रिकेट, भलिबल इत्यादि कुन खेलमात्र नखेलिबक्सेको थियो र ? तर मौसूफलाई इनडोर गेममा बिलियार्ड र आउटडोर गेममा फुटबल र हकी नै विशेष मन पर्थ्यो ।

पौडी खेलिबक्सन पनि मौसूफ उत्तिकै सिपालु होइबक्सिन्थ्यो । तीस वर्षजतिको उमेरसम्म प्रत्येक गर्मी याममा छ महीना राजदरबारको बङ्गला पोखरीमा प्रत्येक आदित्यवारका दिन दिउँसो मौसूफ आफ्ना आठ-नौ जना हजूरियाहरूको साथ एक-दुई घण्टा पौडिबक्सिन्थ्यो । मौसूफसमेत सबै मानिस रबरको डुङ्गामा बसे र डुङ्गा खियाउँदै लगी गहिराइमा पुगेपछि डुङ्गा घोप्टचाउने हुकुम हुन्थ्यो र डुङ्गा घोप्टिएपछि पानीमा दौड शुरू हुन्थ्यो । पानीमा चढ्ने रबरको हाँस, कुकुर, घोडामाथि राज भई पानीमा दौडाइबक्सन पनि उत्तिकै सिपालु होइबक्सन्थ्यो । पानीमा खेलेको दिन प्रत्येक आदित्यबार राति सबैले खाना खाइसकेपछि दरबारको कौसीमा सूनसान मध्यरातमा आफ्ना आठ-नौ जना हजूरियाहरूसँग मौसूफ तेलकासा खेलिबक्सिन्थ्यो । डुम हुनेको हातमा एउटा मोटो लामो लट्ठी हुन्थ्यो । डुम हुनेले तीन चोटिसम्म 'तयार' भन्दा कसैले पनि जवाफ नदिएर चूप लागेर लुकेपछि, डुमले लुक्नेहरूलाई खोज्न आउँछ र लुक्ने कुनैलाई डुमले देख्नेबित्तिकै हात, गोडा वा शरीरको कुनै भागमा लट्ठीले एक चोटि हिर्काउन खोज्छ । अनि लट्ठीको मार पर्छ भनी भागाभाग परिरहन्छ र छल्ने काम भइरहन्छ । त्यो डुमको हिर्काइले देहमा डाम हुनेचाहिं अब डुम हुन्छ । अरूलाई लट्ठीले हिर्काई डाम लगाउनसक्ने डुमले इनाम पाउँथ्यो । यस्तो जोखिमको खेल खेल्नमा पनि मौसूफको लहड चल्थ्यो ।

गाना-बजानामा पनि मौसूफको उत्तिकै सौख थियो । लोकगीत, आधुनिक गीत, फिल्मी गीत, गजल, ठुमरी, दादरा, भजन र शास्त्रीय संगीत, राग-रागिनी अत्यन्त रुचाइबक्सन्थ्यो र ध्यानपूर्वक सुनिबक्सन्थ्यो। मौसूफ आफै पनि सुमधुर लय-तानमा गाइबक्सन सिपालु होइबक्सन्थ्यो । वाद्यवादन साजबाज बजाएको सुनिबक्सन पनि उत्तिकै मन पराइबक्सन्थ्यो । आफ्नो देशको होस् वा विदेशको, धेरै जान्ने होस् वा अलि-अलि जान्ने होस् कसैले मौसूफका जुनाफमा पुगी गाउन थालेमा मौसूफ त्यो संगीत बडो प्रेमपूर्वक सुनिबक्सिन्थ्यो र गायकलाई प्रोत्साहन बक्सी दिल खुश गरिदिइबक्सिन्थ्यो। विदेशी एवं युरोपीय नाच-गानमा पनि मौसूफको प्रशस्त सौख थियो । एक चोटि विदेशमा बस्ने फिल्मी गायकले मौसूफको जुनाफमा गाउन आउने अवसर पाएका थिए । केही बेर त्यसको गाना सुनिबक्सेपछि मौसूफबाट केही फिल्मी गीतका नाउँ बताइबक्सी उनलाई गाउन हुकुम बक्स्यो । त्यस बेला उनी केही छिन अकमकाए, तर पछि हुकुमबमोजिम फर्मायसका गीतहरू उनले गाएर सुनाए ।

गानाको प्रोग्राम सिध्याइवरी बिदा भएर दरबारबाट निस्केपछि ती गायक मसँग भन्थे—"ओहो ! कस्ता बादशाह यो देशका ! विश्वभरिमा यस्ता बादशाह बिरलै पाइएलान्। बादशाह भएर पनि कस्तो विचार ! सबै मानवका बादशाह बन्न लायकका छन् । यस युगका महापुरुष नै होइबक्सिँदो रहेछ । म त मौसूफको अगाडि पनि सो फर्मायसी गाना गाउन एक छिन त असाध्यै डराएँ । किनकि राजाको अगाडि त्यस्तो गाना कसरी गाउनु ! पछि 'गाऊ, गाऊ' भनेर दुई-तीन चोटि हुकुम भएकाले मनलाई सँभाली गाउन साहस गरें । कोरा कल्पना, केवल रसरंगका गानाभन्दा ठोस कामका घतलाग्दा गानाहरू मात्र फर्मायस गरिबक्सियो । मौसूफ त्यस्ता गानाहरू नै मन पराइबक्सिदो रहेछ ।

साहस र पुरुषार्थका हरेक खेल-तमाशा नजर गराउने स्वदेशी-विदेशीहरूको चमत्कार मौसूफ रुचिसाथ नजर हुन्थ्यो। जापानबाट एउटा

मसलिस्ट आएका थिए । तिनीसँग पनि सरकारबाट मसल्स र जुजुत्सु विषयको तालिम लिइबक्स्यो ।

सवारीमा मौसूफबाट कहिलेकाहीं साइकल, मोटरसाइकल र घोडा चढिबक्सिन्थ्यो, कहिलेकाहीं मौसूफ आफैले पनि मोटर हाँकिबक्सिन्थ्यो । एक चोटि मौसूफ भीमफेदीबाट राजधानी भित्रिबक्सन घोडामा चढी सवारी भइबक्सेको रहेछ । निगाले पहाडको आधा उकालो पुगिबक्सेको बेलामा अकस्मात् घोडाको दुवै लगाम र काठीको पटार जोरिराखेको खीपको छालासमेत एकै चोटि चुँडिएर मौसूफ त उकालो पहाडमा काठीसमेत घोडाको पिठ्यूँबाट सर्दै घोडाको पुच्छरतिरबाट भुइँमा थुचुक्क खसिबक्सेछ । खस्नासाथ जुरुक्क उठी मौसूफ हाँसिबक्सेछ । तै मौसूफको गाथमा कहीं चोटपटक र तकलिफ भएनछ । घोडा पनि केही उपद्रो नगरी टक्क अडेछ । त्यो घटनादेखि मौसूफको सवारी चलाउने जर्नेल घोडाको व्यवस्था मिलाउने जिम्मेवार मानिसदेखि असाध्य रिसाएछन् । उनले गाली गर्न शुरू गरेछन् । त्यस बेला निःसहाय गरीबको दानामाना छुट्ला भनेर मौसूफबाट हुकुम भइबक्सेको रहेछ––"जर्नेल, यो त्यसको दोष होइन, त्यसलाई केही नभन । उकालो पहाडमा घोडा माथि जाँदा मेरो देहको बोझले दुवै लगाम चुँडिएर काठीको पटारको छालासमेत चुँडिई म बिस्तारै भुइँमा थुचुक्क बस्न पुगें । हेरन, दुवै लगाम नयैं छन् । यो मेरो देहको बोझबाट भएको मात्र हो, यसमा त्यसको केही दोष छैन ।" सकभर हरएक मानिसलाई यसै गरी अभयदान दिने मौसूफको बानी थियो ।

दरबारमा नोकरी गर्ने कुनै एकाध जनाले एकाध चोटि कहिलेकाहीं दरबारभित्र कुनै सानोतिनो वस्तुको चोरी गरेमा हाकिमले चोरी गर्ने मानिसलाई कारवाईको लागि सरोकार वाला अड्डामा चलान गर्न मौसूफको जुनाफमा ल्याई जाहेर गर्दा जहिले पनि मौसूफबाट सधैं यही हुकुम हुन्थ्यो––"अहिले एक चोटिलाई भइहाल्यो, फेरि यसो भयो भने जागीरबाट बर्खास्त हुने गरी सजाय पाउलास् ।"

मौसूफलाई फूलको असाध्य सौख थियो । विश्वभरिमा कहाँ-

कहाँ कुन-कुन मुलुकमा कस्ता-कस्ता फूलहरू हुँदा रहेछन् भन्ने बारेका कितापहरू र पत्रिकाहरू बराबर नजर हुन्थ्यो । यो फूलको यो गुण हुन्छ, यस फूलबाट यस्तो किसिमले जरा लिन्छ र यति अवधिपछि यस्तो भएर आउँछ भन्ने विषयमा पनि मौसूफलाई धेरै ज्ञान थियो । मौसूफ राज हुने 'ह्यापी कटेज'-को चारैतिर विश्वमा पाइनेजति सबै किसिमका गुलाफ बिरुवाहरू रोप्न लगाइराखिबक्सेको थियो । सुगन्धी फूल त मौसूफ उसै नै मन पराइबक्सिन्थ्यो ।

मौसूफबाट भेट्टाएसम्म हरएक विषयका कितापहरू र पत्रिकाहरू पच्चीसौं-तीसौं वर्ष दिनको एघार-बाह्र बजेदेखि चार-पाँच बजेसम्म गहिरिएर नजर हुन्थ्यो । मौसूफले मीमहरूसँग राज भै अंग्रेजी कुरा गरिबक्सँदा मीमले बोलेजस्तै बोलिबक्सन्थ्यो । नेपाली र अंग्रेजीको साथसाथै मौसूफ हिन्दी, उर्दू, इत्यादि भाषामा पनि राम्रो बोलिबक्सन्थ्यो ।

जसले एक पल्टमात्र भए पनि मौसूफको दर्शन-भेट गर्ने मौका पाएको छ, त्यसले आफ्नो जीवनभर मौसूफको कोमल, मीठो बोलीवचन, उदार एवं विशाल दिल र अत्यन्त सभ्य व्यवहार के बिर्सन सक्ला ? सबै मानिसलाई आफ्नो देहकै मासुजस्तै प्यार गरिबक्सिने युगपुरुष मौसूफबाट आफ्नो जीवन-कालभरि नै कसैलाई पनि 'तँ यस्तो, त्यस्तो' भनी कुनै किसिमको क्षुद्र वचन कल्यै पनि हुकुम भएको सुन्न पाइनँ । अर्काको चित्त दुखाउन त जानि नै बक्सेको थिएन । कसैले कस्तै ठूला-ठूला अपराध गरे तापनि एक चोटिलाई सुध्रने मौका बक्सिन्थ्यो । सजाय नगरी नहुने देखिएमा समेत हल्कामात्र सजाय हुन्थ्यो । कसैमाथि रिसानी हुन्नथ्यो, रिसानी भइहाले पनि एक शब्द पनि हुकुम नभई चूप लागिबक्सने मौसूफको बानी थियो । केही पनि हुकुम नभई मौसूफबाट गम्भीर मुहार लाइबक्सनु रिसानीको चिह्न थियो । राजाजस्तोले रिसानीमा मुखै खोलिनबक्सिएपछि कसलाई मौसूफको भयमा पर्नुपर्थ्यो होला !

युग महापुरुषमा हुनुपर्ने सबै असल गुणहरू मौसूफमा थिए । मौसूफ धैर्यवान्, अति साहसी, अति बुद्धिमान्, अति परिश्रमी, अति

बलवान्, अति अनुभवी, अति रूपवान् तथा सभ्य होइबक्सिन्थ्यो। मौसूफका यी गुणहरू व्यर्थ प्रशंसाका निमित्तमात्र यहाँ लेखिएका होइनन्। यी सबै कुरा मौसूफको यस क्षुद्र सेवकले आफ्नै आँखाले देखी आफैले भोगी आएको हो। अतएव मौसूफमा यी गुणहरू ध्रुवताराझैं नै सत्य हुन्। मजस्तो अल्प बुद्धि भएको एउटा ताबेदारले राम, कृष्ण, बुद्ध, क्राइस्ट र गाँधीका जस्ता गुणहरूले परिपूर्ण भइबक्सेका श्री ५ महाराजाधिराज त्रिभुवन प्रभुको जीवनी देशवासी दाज्यू-भाइ दिदी-बहिनीहरूको समक्ष के दर्साउन सकुँला! ओछ्यान परी हिंडडुलसम्म पनि गर्न नसक्ने अवस्थामा छु तापनि समुद्रझैं फैलिरहेको मौसूफका अपार गुणहरूमध्ये मौसूफको यस भक्त सेवकको मनमा अहिले जे-जति आउन सक्यो त्यति छोरा नानी प्रेमबहादुरलाई लेखाई मौसूफको स्मृति-ग्रन्थमा प्रकाशनार्थ पठाएको हुँ।

*****

बालख त्रिभुवन

श्रीधर खनाल

भर्खर जन्मेको बालख छल-कपट गर्न जान्दैन। उ जति-जति हुर्कँदै जान्छ, उति-उति छल्याहा-कप्टयाहा हुँदै जान्छ। बालख हृदयको निर्मलता र पवित्रता मानिसमा पछिसम्म रहने चाँजोपाँजो प्रकृतिले मिलाएको भए, यो सँसारमा लडाइँ हुने थिएन। भोकमरी भनेको शब्दकोशमा मात्र खोज्नुपर्थ्यो। आर्थिक असमानता, सामाजिक होची-अर्घेली, सामन्ती रूढिवाद र अरू पनि यस्ता कुरा सुन्न कसैले पर्दैनथ्यो। तर यो मनको लड्डूमात्र हो भनेर तपाईंलाई थाहा छ। किनभने मान्छेको इतिहासले त्यो हामीलाई सिकाइसकेको छ।

तर, त्यही इतिहासले तपाईंलाइ मानिसको छल्याहा बन्दै जाने तर्खरदेखि बाहिरका मान्छे पनि देखाएको छ। त्यस्ता मान्छे, कति, कहाँ-कहाँ जन्मे? त्यो मलाई पूरै पत्तो छैन। तर त्यस्तो एउटा मानिसचाहिं नेपालमा जन्मेको थियो। त्यो मानिस हो राष्ट्रपिता श्री ५ त्रिभुवन भनेर सबैलाई थाहा छ।

नेपालले श्री ५ त्रिभुवनबाट के पायो, त्यस्तै नेपालीले के पाए भन्ने कुरा इतिहासमा तपाईं पढ्नुहुन्छ, र त्यो नै पनि श्री ५ त्रिभुवनको सानो कि लरतरो उघाउनी (हिन्दीमा देन—ले०) होइन। किनभने संसारमा त्यस्तो राजा कोही अर्को पाइएन, जसले प्रजाको निम्ति कि प्रजातन्त्रको निम्ति विद्रोह गर्‍यो, क्रान्ति गर्‍यो। त्यसैले, हामीलाई विश्वास पर्ने कालका राजाहरूमा सर्वश्रेष्ठ र सबभन्दा ठूला

राजा श्री ५ त्रिभुवन भन्ने कुरो सबैले मानिसकेका पनि छन्, र यो त भयो राजा त्रिभुवनको कुरा।

तर मेरो निम्ति त्यसभन्दा पनि घतलाग्दो त मान्छे त्रिभुवनको कुरो छ। त्यसको कारण म तपाईंलाई भन्दा पनि भन्दिनँ। किनभने तपाईंले त्यति पनि नबुझ्नुहोला भनेर म मान्दा पनि मान्दिनँ।

त राजाहरूमा सर्वश्रेष्ठ राजा त्रिभुवन मान्छेहरूमा बालख-हृदयका, अर्थात् निर्मल हृदयका थिए। पाँच वर्षको उमेरमा उनी जत्तिका सोझा र निष्कपट थिए, पचास वर्ष पुग्न लाग्दा पनि त्यस्तै भए। के यो कुरा सुन्दैमा असम्भव लाग्दैन त? लाग्छ, तर लागेर के गर्नु? श्री ५ त्रिभुवन बाँचुन्जेल निर्मल हृदयका थिएनन् भन्न कसैको आँट पुग्दैन त। त्यत्रो ढाँटो गर्न कसलाई रहर लागेको छ? फेरि त्यसबाट कसैको लाभ पनि त देखिन्न। त्यसैले त इतिहासकारसमेत 'राजा त्रिभुवनको' घेरोबाहिर यस्सो चिहाएर **मान्छे त्रिभुवन**-बारे एक शब्द भए पनि बोलिहाल्छन्, र त्यो शब्द हो 'निर्मलता'।

हामी के सुन्थ्यौं भने पाँचवर्षे राजा श्री ५ त्रिभुवन आफू हेरी निक्कै ठूलो गद्दीमा बस्थे। उनले आफ्नो शिर हेरी औधी ठूलो श्रीपेच पनि लाउनुपर्थ्यो रे। अनि उनको अघि रुपैयाँको पसारो लगाइएको हुन्थ्यो रे। श्री ५ त्रिभुवन ती रुपैयाँ आफ्ना वरिपरि देखा परेका मान्छेहरूलाई बाँड्थे रे। तर ती मान्छेहरू रोज त्यसरी रुपैयाँ पाएर पनि प्रसन्न हुन्नथे रे। किनभने श्री ३ महाराजको हुकुमबमोजिम ती रुपैयाँ दरबारमा बुझाउनुपर्थ्यो रे। अनि अर्को दिन राजा त्रिभुवन तिनै रुपैयाँ फेरि तिनै मान्छेलाई बाँड्थे रे। बालख राजा रोज अरूलाई धन बाँड्न पाउँदा खूब खुशी हुन्थे। तर उनलाई, श्री ३ महाराज छाडी, रुपैयाँ पाउँदा प्रसन्नताको प्रतिक्रिया जनाउने स्वाँगे बैठकेहरूले पनि छल्थे। दिने मान्छे हर्षले गद्गद छ, तर पाउनेको मनमा वरु बिस्मात होला। लौ त भनूँ भने **अत्ति न पत्ति नजान्ने कत्ति, क्या हो?** भनेर सोधे पनि हुन्छ र यस्तो हुन्थ्यो कुनै बालखको निर्मलता र प्रौढहरूको छल-कपटले गरेर।

आखिर पछिसम्म पनि श्री ५ त्रिभुवन त्यस्तै थिए र पो यति कुरा निस्क्यो । आफूसँग भएको कुनै कुराको पनि आवश्यकता अर्कालाई छ भनेर देखेपछि उनलाई पुग्यो । त्यो जस्तोसुकै प्यारो कुरो भए पनि अरूलाई उनी दिइहाल्थे । त्यतिमात्र नभई, तपाईंलाई नभई नहुने कुरो आफूसँग छैन भने पनि अरूबाट दियाउन उनी प्रयत्न गर्थे ।

गोली लागेर मर्ने बेलामा पनि आफ्नो पानी आर्को सिपाहीलाई दिन सक्ने सर् फिलिप सिड्नी इमान्दारीको लागि अमर भए । त्यस्तै जनतालाइ नभई नहुने हक दियाउन राजगद्दी छाड्ने, जसो गर्दा ज्यानको खतरा थिएन भनेर ठोकुवा गर्न सकिन्न, श्री ५ त्रिभुवन इमान्दारीको लागि अमर भए। इमान्दारी भन्नु नै हृदयको निर्मलता हो, स्वच्छता हो । इतिहासमा क्रान्तिकारी राजाको रूपमा उनी अमर भए त साहित्यमा आमरण निर्मल मान्छेको रूपमा अमर भए । त्यसैले इतिहासकारहरूलाई त्रिभुवनको निर्मलता-पक्षमा चाख लाग्छ भने उनीहरू सात सालको क्रान्तिपछिको इतिहासमा त्यो देख्न सक्छन् । कसरी राजनीतिक स्वार्थले निर्मल श्री ५ त्रिभुवनबाट लाभ उठाउन मात्र भरमग्दूर गरेकोले देशमा प्रगति भएन भनेर उनीहरू नै भन्छन् । मैले त यति नै भने पुग्छ ।

त्यस कारण, पाँच वर्षको उमेरमा श्रीपेच धारण गर्ने राजा त्रिभुवन पचास वर्षपछि राष्ट्रपिता श्री ५ त्रिभुवन भनिंदा पनि पाँचै वर्षका थिए भन्ने मलाई लाग्छ र त्यस्तो बन्न सक्ने प्रमुख गुणले नै उनलाई अरू क्षेत्रमा गुणी तुल्याएको हो भन्ने मेरो विश्वास छ । त्यसैले राष्ट्रपिता, श्री ५ त्रिभुवनवीरविक्रम शाहदेव माथि मेरो अगाध भक्ति छ ।

*****

नेपाल नै त्रिभुवनको स्मृति हो

श्रीप्रसाद गौतम

राष्ट्रपिता त्रिभुवनको पावन स्मृतिलाई अमरता प्रदान गर्ने त्यस्ता कैयौं कुरा छन्, जुन एक लोकोत्तर राजपुरुष तथा जननायकमा पाइन्छन् । परन्तु अति सौम्य-सुन्दर-शान्त व्यक्तित्व अनि त्यसभित्र रहेको राष्ट्रभक्ति र प्रजानुरागले उद्दीप्त प्रचण्ड क्रान्तिवालाको अनुपमताचाहिं त्रिभुवन र त्रिभुवनका वंशमा मात्र पाउन सकिन्छ । त्रिभुवनका दुर्लभ गुण-वैशिष्ट्य-समुच्चयबारे उनको असुलभ सान्निध्य पाउनेहरूबाट यथासमय, यथाप्रसंग सर्वसाधारणले पनि त्यसको जानकारी पाउँदै जानेछ, यहीं यसै स्मृति-ग्रन्थमा पनि धेरै त्यस्ता प्रेरक र अनुकार्य विषय-वस्तुहरूको दुर्लभ दर्शन पाइनेछ । त्रिभुवनको स्मृतिलाई अमरता प्रदान गर्ने जुन अप्रतिभ तथ्य छ, त्यसबाट आजको संसारको कुनै पनि सचेत नागरिक अनभिज्ञ हुन सक्तैन। कारण नेपाल राष्ट्र नै त्रिभुवनको सबभन्दा अनुपम स्मृति हुन आएको छ। यो राष्ट्र जस्तो छ, यसका निवासी जस्ता छन्, यो राष्ट्र र नेपाली जुन रूपरङ्गमा परिवर्तित हुँदै जानेछन्, यी प्रत्येक पक्ष र अवस्थाविशेषमा 'त्रिभुवन' अलग हुन सक्तैनन् । 'नेपाल' रहुन्जेल 'त्रिभुवन' रहन्छन् ।

२००७ सालपहिले गुन्दा त्यस्तो घडी थियो, जुन घडी त्यसै वितेको भए भन्न सकिन्न नेपालको भूगोल र नेपालीको अवस्थिति त्यसपछिका दिनमा कस्तो हुन्थ्यो होला !

द्वितीय महायुद्धपछि एशियामा आएको नव जागरणको लहरले नेपाललाई पनि घचघच्यायो, तर त्यही नव चेतनाको उल्टो असर झन्डै नेपालीको अनन्त कालदेखिको स्वतन्त्रतामा पर्न गएको थियो। नेपाली जनता र राजाको मनस्थिति बुझेर हडबडाएको तत्कालीन सत्ताधारी गुटले नेपाललाई--नेपालको सार्वभौमिकतालाई--बन्धक राखेर पनि आफ्नो निर्वाध लूटको आधारसत्ता जोगाउन हरसम्भव उपाय गर्ने थियो--यस्तो संकेत मिल्दछ। असमान सन्धिहरू सत्ताको बदला आत्मसमर्पणका लागि दौडधूपहरू हुन लागेका थिए। क्षेत्रीय शक्ति-सन्तुलनको आफ्नो हिसाब लगाउने घाग राजनीतिक केन्द्रहरूको एकतर्फी फैसला त्यस स्थितिमा जस्तो मोड पनि लिन सक्थ्यो।

यो एक यस्तो भयावह संकेत हो जसलाई सम्झँदा अहिले पनि रोमाञ्च हुन्छ। यसरी त्रिभुवनको जीवनभरिको साधनाको अन्तिम आहुतिस्वरूप उनबाट २००७ सालमा जनक्रान्तिको नेतृत्व नगरिएको भए, एउटा आत्महारा कृतघ्न गुटको हातबाट देशका वास्तविक हकवाला राजा-प्रजाको संयुक्त सत्तामा देशको बागडोर नल्याइएको भए नेपाल २०१३-मा संयुक्त राष्ट्रसंघको सदस्य बनेर आजको सम्मानजनक स्थितिमा आउँथ्यो नै भन्न कसैका लागि पनि दुई पटक सोच्नुपर्ने देखिन्छ।

यस किसिमको दुःसम्भावनालाई एकातिर पन्छाएर पनि २००७ सालको क्रान्ति र त्यसपछिका उपलब्धिहरूको लेखाजोखा लगाउँदासमेत त्रिभुवनको महिमामा अलिकति पनि कटौती हुँदैन। त्रिभुवनको नेतृत्वमा राजपरिवारले क्रान्तिको संचालन नगरेको भए नेपाल एक जहानको पेवा बनिरहेर त्यसपछिको लामो अवधिसम्म पनि, मानिलेऔं आजसम्म पनि कायम रहन सक्थ्यो। यसको माने हो नेपाल र नेपालीले ध्वंस वा पतन के स्थितिमा रहिरहनु! त्यो ध्वंस गृहयुद्ध जस्तो घटनाको रूपमा वा आफ्ना रिझिएका शक्तिको भरमा जहानियाँ गुटको निर्मम दमनमा परेर नेपालीले निसास्सिएर किंकर्तव्यविमूढ बन्ने पनि हुन सक्थ्यो।

आज अनेक अभाव, त्रुटि र शिकायतका अतिरिक्त पनि जहानियाँ शासकको कालमा देशको सामान्य प्रशासनमात्रका लागि हुने दुई करोडको

गुप्त बजेटको अपेक्षा ५०-५० करोडको बजेट यहाँ तयार हुन्छ। यस अतिरिक्त जनता स्वयंको उन्मुक्त रूपमा परिचालनमा आएको विभिन्न थरी पूँजी यसभन्दा धेरै गुना बढी हुन सक्छ। यो स्वतः सिद्ध छ। संसारका उन्नत भागहरूमा शिक्षण-प्रशिक्षणका लागि गइरहने नेपाली युवक-युवतीहरूको ठूलो संख्या, गाउँ-गाउँसम्म पुग्न लागेको आधुनिकतम चेतना र चौतर्फी विकासको सिलसिला, संक्षेपमा एउटा सभ्य र विकासोन्मुख समाज एवं राष्ट्रका लागि अपेक्षित व्यापक तयारीहरू, कार्यक्रम र प्रवृत्तिहरू यहाँ देखा पर्छन्। राष्ट्रको एक-एक शक्ति साधनको सदुपयोगका सम्बन्धमा प्रत्येक राष्ट्रवासी आफ्नो विचार-प्रेरणा अगाडि ल्याउँछ। अहिले सामान्य दृष्टिले विचार गर्दा यी कुरा केहीजस्तो लाग्दैन। तर त्रिभुवनको त्यागपूर्ण नेतृत्वमा प्रजातन्त्र स्थापित नभएको भए यहाँ यिनै कुरा, यही स्थितिका लागि कुन अवधिसम्म प्रतीक्षा गर्नुपर्ने थियो र आजको तीव्र गतिले विकास-क्षेत्रमा अगाडि बढिरहेको संसारमा एक वर्षको पनि विलम्ब कस्तो अकल्पनीय हुन्छ भन्नेतिर सोच्ता नै यससम्बन्धी तथ्यको मूल्यांकन गर्न सकिनेछ।

अतः तथ्यहरूले प्रमाणित गर्छन्—त्रिभुवन नेपाली आकाशका सूर्य, चन्द्र, नक्षत्र हुन्। त्रिभुवनको विस्मृति यसैले सम्भव छैन।

*****

राष्ट्रपितासित दर्शन-भेट

सत्यनारायण बहादुर

राष्ट्रपिता श्री ५ त्रिभुवनसित दर्शन-भेटको सुवर्ण अवसर मैले धेरै पटक पाएको थिएँ। ती दर्शन-भेटका आनन्ददायक घटना स्मृति-पटमा बारम्बार फर्कन्छन्। २००७ सालको राणाशाही-विरुद्धको आन्दोलनपछि नेपालमा प्रजातन्त्रको उदय भयो। राणा-शासकहरूले प्रगतिको सबै मार्ग थुनिराखेको नेपालजस्तो पिछडिएको मुलुकमा प्रजातन्त्रको आगमनको घोषणा चिच्याउँदैमा त्यो तन्त्र हुर्कन सक्दैन, र सर्वप्रथम सुशिक्षाको प्रचार नै प्रजातन्त्रको मन्दिरलाई सबल खम्बा हुनेछ भन्ने सम्झी राजनीतिद्वारा देश सेवा गर्नु सट्टा शिक्षा-प्रचारको पुनीत कर्म गर्नु नै श्रेय होला भन्ने सिद्धान्त अँगालेर यस दिशातिर यथाशक्य सेवा गर्न फर्पिङको Paradise दरबारमा छात्राबास स्कूल स्थापना गर्ने सपनामा लागें। यो सपना साकार गर्न उपर्युक्त दरबार माग्नको लागि राष्ट्रपितासित दर्शन-भेट गर्न गएँ।

दर्शन-भेट हुनासाथ मौसूफबाट आश्चर्यजनक कुरा गरिबक्सियो। हुकुम भो––"सत्यनारायणजी, तपाईं Nepal Today (नेपाल टुडे)-को सम्पादक होइन र? तपाईंले मेरो लागि खूब गर्नुभएको छ; म तपाईंको कुरा बिर्सिनेछैनँ।"

क्रान्तिका अग्रनेता श्री ५ त्रिभुवनको ऐतिहासिक कदमको सम्बन्धमा विचारवान् लेखकहरूले ठूला-ठूला पुस्तक पनि लेखेका छन्। उपर्युक्त अंग्रेजी मासिक पत्रिकामा मैले कर्तव्यपरायण भै राष्ट्र-

पिताबारे एक संक्षिप्त सम्पादकीय लेखेको थिएँ। त्यस्ता सामान्य कुरासमेत गुणको रूपमा कदर गरिबक्सेको सुन्दा मलाई आश्चर्य लाग्नु स्वाभाविकै हो।

बोर्डिङ स्कूल स्थापनाबारे मेरो सपनाको कुरा जाहेर गर्नासाथ मौसूफबाट हुकुम भो––"त अब मैले के गर्नुपर्‍यो ? फर्पिङको दरबार स्कूलको लागि दिनुपर्‍यो होइन ? ल हुन्छ, त्यहाँ स्कूल खोल्नुस् ।"

प्रारम्भिक खर्च राष्ट्रपितासित माग्ने मेरो विचार थिएन, तर मौसूफबाट हुकुम भो––"तपाईंलाई काम थाल्नलाई पैसा चाहिन्छ, तर मसित धेरै पैसा छैन। म चार हजारमात्र दिन सक्छु।" उदार हृदय भएका दाताहरूले मागेको चन्दा दिन्छन्, तर नमागेको चन्दासमेत दिने दाताहरू दुर्लभ, अत्यन्त दुर्लभ हुन्छन्। हाम्रा राष्ट्रपितालाई 'दानी कर्णसमान' भन्नु अत्युक्ति होओइन।

कलकत्ताको दरभङ्गा हाउसमा राष्ट्रपितासित दर्शन-भेट पाएको थिएँ। सो समयमा केवल दर्शनको लागि गएको थिएँ। त्रिभुवन आदर्श विद्यालयबारे कुरा सोधिबक्सियो। 'सरकारको निगाहले राम्रै चल्दै छ' भन्ने बिन्ती चढाएँ। 'यातायातको कठिनाइ छ, तर श्री केसरशमशेरको पुरानो गाडी एक सापटी आएकोले हाललाई यो समस्या पनि हलझैं भएको छ' भन्ने जाहेरमात्र गरेको थिएँ, मौसूफबाट हुकुम भो––"पुरानो गाडी किन ? यहींबाट एउटा लैजानुस्न।" दानको भावना मौसूफको मनसागरमा सदासर्वदा लहराइरहन्थ्यो। **माग्नेलाई तातो भात** भन्ने व्यंग्यात्मक उखान नेपालीमा प्रचलित छ। राष्ट्रपिता त्रिभुवनबाट नमाग्नेलाई समेत तातो भात दिइबक्सन्थ्यो। त्यसको ज्वलन्त उदाहरण यही हो।

तथाकथित देश तथा समाज-सेवकहरूले राष्ट्रपिताको असीम उदारताबाट अनुचित लाभ उठाएका थिए। समाज-निर्माणका विभिन्न कार्य तथा संघ स्थापना गर्ने उद्देश्य भएका अनेक देशसेवकलाई मौसूफबाट प्रचुर मात्रामा आर्थिक सहायता बक्सेको थियो। एक दर्शन-भेटमा

हुकुम भएको थियो––"कैयौं मानिसहरूले यो गर्छौं, त्यो गर्छौं भनी कति चन्दा लगिसके। विशेष काम गरेको भने केही देखिंदैन।"

अत्यन्त निन्दित तथा खेदको कुरा हो, दिव्य गुणले सम्पन्न यस्ता राजालाई हाम्रा स्वार्थी तथा कृतघ्न नेताहरूले भक्तिपूर्वक सेवा गर्नु त परै रहोस्, मौसूफलाई अत्यन्त अशान्ति तथा मानसिक पीडा दिएका थिए। दलगत तथा व्यक्तिगत स्वार्थ पूरा नहुने स्थिति उत्पन्न हुनेबित्तिकै नेताहरू होहल्ला मचाउँथे, जुलुस निकाल्थे, आन्दोलनको धम्की दिइरहन्थे। कोमल हृदय भएका यस्ता राष्ट्रपिताउपर अन्याय तथा अत्याचारपूर्ण दुर्व्यवहार गरेको पापको फलस्वरूप यी देशभक्तहरू मासिएर गएका हुन् जस्तो प्रतीत हुन्छ। स्वर्गवासी मौसूफको आत्मालाई शान्ति प्रदान गर्न राष्ट्रनायक श्री ५ महेन्द्रबाट यी नेताहरूलाई यथोचित व्यवहार गरिबक्सेको छ।

*****

त्यो दिन, त्यो बेला

सत्यमोहन जोशी

क्रान्तिकारी राजा श्री ५ त्रिभुवनवाट क्रान्तिको मूल फुटाइबक्सेपछि २००७ सालको सशस्त्र क्रान्ति-कालमै काठमाडौं उपत्यकामा राणा-शासनका समर्थकहरू, पृष्ठपोषकहरू र पिट्ठूहरूले एक थरी सिधासाधा जनतामा अनावश्यक भ्रम पारी तथा त्यस्ता ती जनतालाई पैसाले किनी गोरखा दलजस्तो साम्प्रदायिक र हिंसात्मक संस्था बनाएर नाङ्गो खुकुरीको जब भयंकर प्रतिक्रान्तिकारी प्रदर्शनसमेत शुरू गरे, त्यस बेला त्यस नाङ्गो खुकुरीको मुकाबिला गर्न क्रान्तिकारी जनता सब एक गठ भए र फलस्वरूप गाउँ-गाउँमा र टोल-टोलमा सुरक्षा-संघहरू संगठित भए । ललितपुरमा पनि नगर र जिल्लाव्यापी सुरक्षा-संघहरू संगठित भए । 'ललितपुर रक्षा-मण्डल केन्द्र' नामले ललितपुरमा सारा जनताको प्रतिनिधित्व भएको एउटा केन्द्रीय संस्था नै बन्यो । अनि सुरक्षा-संघहरू संगठित भएर क्रियाशील भएपछि खुकुरी दलका प्रतिक्रान्तिकारी गतिविधि र कुकृत्यहरू एक-एक गरी चकनाचूर हुँदै गए ।

त्यस बेला अरू जिल्ला र शहरका जनताले झैं नै, ललितपुर जिल्ला र शहरका क्रान्तिकारी आम जनताले पनि आफ्ना क्रान्तिकारी राजा श्री ५ त्रिभुवनमा असीम श्रद्धा, भक्ति र आस्था राखी मौसूफको हार्दिक स्वागत गरेर दर्शन गर्ने चिरकालदेखिको महान् आकांक्षा व्यक्त गरे । अनि यस पुनीत कार्यलाई साकार रूप दिनमा जन-प्रतिनिधित्व भएको ललितपुर रक्षा-मण्डल केन्द्र नै अघि सर्‍यो । त्यस बेला म पनि अध्यक्षको हैसियतले त्यही केन्द्रमा काम गर्थें ।

यसै सन्दर्भमा ललितपुर रक्षा-मण्डल केन्द्रको जन-प्रतिनिधि-मण्डलले राजदरबारमा राष्ट्रपिता श्री ५ महाराजाधिराज त्रिभुवनको दर्शन गर्ने सौभाग्य पाउँदा, आफ्नो जीवनमा मैले पनि पहिलो पटक राजाकै छेउमा बसी मौसूफको जुनाफमा ललितपुरबासीहरूको महान् आकांक्षा पोख्ने शुभ अवसर पाएँ। त्यो दिन, त्यो बेला मैले आफ्ना राजाका मुहारमा प्रज्वलित भैरहेका क्रान्तिकारी भावनाहरू जुन एक-एक अध्ययन गर्न पाएँ त्यो आज पनि झलझली भैरहेको छ। फेरि त्यो दिन, त्यो बेला जन-प्रतिनिधिमण्डलले व्यक्त गरेको जन-आकांक्षाको सहर्ष कदर गरिबक्सी मौसूफबाट जनप्रतिनिधि-मण्डलसँग प्रजावात्सल्यले ओतप्रोत भई जुन प्रभावशाली व्यवहार गरिबक्स्यो त्यो पनि आजसम्म मेरो हृदयमा छापा नै भैरहेको छ। अनि राजाबाट व्यक्त गरिबक्सेको सन्देश जनसमक्ष पुऱ्याउँदा ललितपुरबासीहरू सारा हर्षले गद्‌गद भए।

त्यसपछि एक भव्य स्वागत-समारोह गरी राजाको दर्शन गर्ने क्रममा ललितपुर रक्षा-मण्डल केन्द्रले आदर्श कला-प्रदर्शनीको पनि आयोजना गऱ्यो। नेपाली कलाको क्षेत्रमा ललितपुरको एक विशेष र विशिष्ट स्थान छँदै थियो। यसैले प्रजातन्त्रको उदयमा प्रजातन्त्रका प्रवर्तक होइबक्सने राजालाई आफ्नो-आफ्नो हातको अमूल्य र अद्वितीय कलात्मक सिर्जना-शक्तिको करामत नजर गराउनमा ललितपुरका सारा कलाकारहरू आफ्ना-आफ्ना कलावस्तुहरू प्रदर्शन गर्नमा व्यस्त भए।

अनि २००८ साल ज्येष्ठ ९ गते ललितपुर शहर नै कलात्मक ज्योतिले धपक्क बलेको थियो। सारा मूल बाटोहरूमा हजारौं-हजार पूर्ण कलशहरूले सुसज्जित स्वागतद्वारहरू बनेका थिए। ललितपुरबासीहरू सारा आफ्ना प्यारा राजाको स्वागत गरी दर्शन गर्नखातिर ठाउँ-ठाउँमा एकत्रित भएका थिए। हर्षध्वनिले युक्त विविध वाद्यवादनले आकाश नै गुन्जिएको थियो। कृष्ण-मन्दिरको मण्डपमा विशेष तवरले सुसज्जित स्वागतमन्च बनेको थियो। जनताले पाटन ढोकादेखि नै क्रान्तिकारी राजाको भव्य स्वागत गरे। कृष्ण-मन्दिरको मण्डपमा राजाको सवारी भएपछि एकत्रित भएका विशाल जनताले जय-जयकार गरी 'वीर त्रिभुवन

जिन्दावाद !' को नारा लगाए। राजालाई आफ्नो माझमा पाउँदा जनता हर्षले गद्‌गद भए।

अनि त्यो दिन, त्यो बेला माननीय उद्योग-वाणिज्य-मन्त्रीज्यूको सभापतित्वमा भएको त्यस स्वागत-समारोहको विशाल सभामा ललितपुरबासीहरू साराको तर्फबाट क्रान्तिकारी राजा श्री ५ त्रिभुवनको स्वागत गर्ने कार्यक्रम र विभिन्न विद्वान् र नेताहरूको भाषणको कार्यक्रम समाप्त भएपछि, राजाबाट आदर्श कला-प्रदर्शनीको उद्‌घाटन गरिबक्सी हुकुम भयो––

प्यारा दाजु-भाइ, दिदी-बहिनीहरू ! यो कला-प्रदर्शनीको उद्‌घाटन गर्न पाउँदा आज मलाई धेरै नै हर्ष लागेको छ। यस प्रकारको प्रशंसनीय कार्य गरेकोमा म ललितपुर रक्षा-मण्डल केन्द्रलाई धन्यवाद दिन्छु। रक्षा-मण्डलतिरबाट मसँग जुन-जुन कुराको माग गरिएको छ म त्यसमाथि राम्रोसँग विचार गर्नेछु।*

आफ्ना प्यारा राजाबाट **प्यारा दाजु-भाइ, दिदी-बहिनीहरू !** भन्ने सम्बोधन गरिबक्सेको सुमधुर वाणी सर्वप्रथम सुन्न पाउँदा तथा कलाको उत्थान र विकासनिमित्त जनताबाट पेश भएका मागहरूको कदर गरिबक्सेको अवगत गर्न पाउँदा ललितपुरवासीहरू साराको हृदय अपार हर्षले प्रफुल्लित भयो। फेरि त्यो दिन, त्यो बेला मंगल बजार र प्राचीन प्रासादमा केन्द्रित भएका कलात्मक मन्दिरहरू, प्राचीन चोकहरू र आदर्श कला-प्रदर्शनी एक-एक निरीक्षण गरिबक्सी नेपाली कला-विषयमा राजाबाट जुन ठूलो दिलचस्पी लिइबक्स्यो त्यसबाट मौसूफमा निहित नेपाली कलाप्रतिको अगाध प्रेम र नेपाली कलालाई गहिरिएर पारख गर्ने खूबी स्वतः छर्लङ्ग हुन्छ।

पछि आदर्श कला-प्रदर्शनी चालू नै भैरहेको बेलामा २००८, आषाढ ५-मा पनि दोस्रो पटक प्रदर्शनी नजर गरिबक्सन राष्ट्रपिता श्री ५ त्रिभुवनको सवारी ललितपुरमा भयो। त्यो दिन, त्यो बेला पनि ललितपुरबासीहरू साराले अपार हर्षमा जय-जयकार गरी मौसूफको भव्य

---

* गोरखापत्र र आवाज-बाट।

स्वागत गरे । प्रदर्शनी-स्थलमा मौसूफबाट ललितपुरका एक-एक कलाकारहरूको परिचय लिइबक्स्यो, एक-एक गरी सबै प्रदर्शित कलाकृतिहरू निरीक्षण गरिबक्स्यो, फेरि कलाकारहरूसँग कला-विषयमा कतिपय कुरा गरिबक्स्यो । प्रदर्शनी घण्टौं नजर गरिबक्सेपछि मौसूफको सवारी विश्राम-स्थलमा भयो। त्यहाँ एउटा दर्शक किताब थियो। मौसूफबाट दर्शक किताबमा विभिन्न कलाप्रेमी र कलापारखीहरूले व्यक्त गरेका उद्‌गारहरू सरसरी नजर गरिबक्स्यो । मौसूफको वरिपरि कलाकारहरू उभिरहेका थिए । ती सब मौसूफको उद्‌गारसँग परिचित हुन उत्सुक थिए। दूरदर्शी राजाबाट कलाकारहरूको अभ्यन्तर बुझिबक्सी हुकुम भयो––"सबै जना मेरो मनको कुरो जान्न इच्छुक भैरहेको विदित हुन्छ।" त्यो दिन, त्यो बेला ललितपुर रक्षा-मण्डल केन्द्रका अध्यक्षको हैसियतले म पनि मौसूफकै छेउमा उभिएको थिएँ। मैले कलम समाती बिन्ती गरें––"मौसूफ कलाकारहरूको निमित्त प्रेरणा होइबक्सिन्छ ।" अनि मौसूफबाट आफ्ना उद्‌गारहरू पोखिबक्स्यो। म मौसूफका उद्‌गारहरू दर्शक किताबमा एक-एक अङ्कित गर्न थालें––

ललितपुर रक्षा-मण्डल केन्द्रबाट आयोजित भएको आदर्श कला-प्रदर्शनीको उद्‌घाटन-समारोह पनि मैले नै गरेको थिएँ। त्यस दिन पनि कला-प्रदर्शनीका एक-एक कलात्मक वस्तुहरू हेर्ने सौभाग्य पाएँ। आज पनि ललितपुरका जनताले प्रेरणा गरेको हुनाले एक बार फेरि यो प्रदर्शनी हेर्ने मौका पाएँ। प्रदर्शनी हेरेर देशको गौरव र इज्जत रहेको कुरा थाहा पाएँ। यस्तै प्रदर्शनी बराबर गरेको खण्डमा देशको ठूलो उन्नति भई देश सभ्यताको पराकाष्ठामा चाँडै पुग्ने धेरै सम्भावना छ ।

यत्तिकैमा मौसूफबाट दर्शक किताबमा अंकित गराइबक्सेका कुराहरू सरसरी नजर गरिबक्स्यो। मौसूफबाट अनि फेरि हुकुम भयो। म फेरि मौसूफबाट हुकुम भएका कुराहरू दर्शक किताबमा थप्दै गएँ––

तर एउटा कुरो, प्रदर्शनीमा यस्ता कलात्मक माल-वस्तुहरू पनि प्रदर्शन गराइराखेका छन् जुन चीजको बिक्री सितिमिती नहुने रहेछ। लोकरुचिअनुसारका माल-वस्तुहरू बनाएको खण्डमा या मानिसहरूले किन्ने खालका माल-वस्तुहरू बनाएको खण्डमा प्रदर्शनी हुँदा धेरैजसो

माल बिक्री हुन्थ्यो। सबै कलाकारहरूले प्रतिदिन काम पाउने पूर्ण सम्भावना हुन्थ्यो। अबलाई यस्तै होस्।*

यति हुकुम भई मौसूफबाट फेरि पनि दर्शक किताब नजर गरिबक्स्यो। त्यस बेला सबको आँखा मौसूफको बाहुमा केन्द्रित भैरहेको थियो। मौसूफबाट कलम समातिबक्स्यो र आफूले पोखेको सम्मतिको मुनि दस्खत गरिबक्स्यो। सारा कलाकारहरूले एकसाथ करतल-ध्वनि गरे।

राष्ट्रपिता श्री ५ त्रिभुवनबाट अभिव्यक्त गरिबक्सेका नेपाली कलाप्रतिका उद्‌गारहरू नेपाली कलाको उन्नति र विकासनिमित्त कतिको महत्त्वपूर्ण र आवश्यक छन् भन्ने कुरोमा आज पनि कसैमा दुई मत हुने छैन। विशेषतः लोकरुचिअनुसार नै नेपाली कलाको सिर्जना हुनुपर्छ भन्ने नेपाली कलाप्रतिको मौसूफको सिद्धान्त सदैव अनुकरणीय भएको छ। अनि नेपाली कलाको सतत उन्नति र विकासको निमित्त क्रान्तिकारी एवं कलापारखी राजाबाट पोखिबक्सेका उद्‌गारहरू ललितपुरका कलाकारहरूको निमित्तमात्र होइनन्, अपितु सारा नेपाली कलाकारहरूको निमित्त पनि प्रेरणादायक भएका छन् र युग-युगसम्म पनि प्रेरणादायक नै हुनेछन्।

क्रान्तिकारी राजाका क्रान्तिकारी उद्‌गारहरू जिन्दाबाद !

*****

---

* ललितपुर रक्षा-मण्डल केन्द्रमा सुरक्षित दर्शक किताबबाट।

प्रजातन्त्रका प्रतीक राजा त्रिभुवन

सरोजकुमार शाक्य

१०४ वर्षको जहानियाँ राणा-शासन अन्त गर्नमा श्री ५ त्रिभुवनको ठूलो भूमिका रहेको छ। मौसूफले ठूलो त्याग र साहसको परिचय बक्सेको छ। नेपाली जनताले चिरकालसम्म मौसूफको यस त्याग र साहसलाई प्रेम र श्रद्धापूर्वक सम्झना गरिरहनेछन्।

नेपाल र नेपालीको निम्ति श्री ५ त्रिभुवनको हृदयमा कति ठूलो माया र ममता थियो, नेपाल र नेपालीहरू संसारका उन्नत र समृद्ध राष्ट्रहरूका दाँजोमा पुगून् भन्ने मौसूफमा कति ठूलो चाहना थियो, यसको निमित्त आफूले पाएको थोरै समय र अवसरमा मौसूफले सबै सम्भव प्रयत्न पनि गरिबक्सेको हो।

श्री ५ त्रिभुवनको सम्पर्कमा आउने वा दर्शन-भेट गर्ने जसले अवसर पाए, तिनले मौसूफको सरल र स्नेहमय भव्य व्यक्तित्वको परिचय पाएका छन्। फलेको रूख नुहुन्छ भनेझैं, भव्य व्यक्तित्व पाएको पुरुष वा उत्तम भावनाहरूले भरिएको मस्तिष्क र हृदय भएको पुरुष पनि नुहुन्छ, अर्थात् नम्रता र स्नेहशीलता यस्तै व्यक्तित्वका स्वाभाविक लक्षण हुन्।

२००७ सालपछिको इतिहास जे-जस्तो भए तापनि, नेपालको आधुनिक सामाजिक-राजनीतिक इतिहासमा २००७ सालको ज्यादै ठूलो भूमिका रहेको छ। यो क्रान्तिको महत्त्व जति ठूलो थियो, त्यति नेपालीहरूले बुझ्न सकेनन्, यही दुःखको कुरा छ।

राणा-शासनकाल नेपालको इतिहासमा सबैभन्दा अगतिशील काल हो। अर्थात् राणा-शासनकालमा आएर जसरी नेपालको इतिहास

जन्म्यो वा अगतिशील भयो, त्यस्तो अगि पनि भएन, पछि पनि भएको छैन र हुने पनि छैन । राणा-शासन शुरू हुनुभन्दा अगि नेपालको इतिहासमा प्रशस्त गति पाइन्छ । यो नेपालीहरूको दुर्भाग्य नै थियो—देशको इतिहासको यस्तो गतिशीलतामा अकस्मात् अवरोध आयो र यो अवरोध, यो अगतिशीलता एक शताब्दीभन्दा ज्यादासम्म रह्यो ।

राणा-शासनको एक शताब्दी त्यो शताब्दी थियो, जब बाहिर संसारमा, विशेष गरी यूरोप र अमेरिकामा, ठूला-ठूला राजनीतिक-सामाजिक क्रान्ति र परिवर्तनहरू भइरहेका थिए; ज्ञान-विज्ञानको, प्रविधिको ठूलो उन्नति भइरहेको थियो । त्यसै समयमा हामी नेपालीहरू राणा जहानियाँ शासनको जुवाले थिचिएर बसेका थियौं । हाम्रो घाँटीमा राणाहरूको तरवारको धार थियो, हामी बोल्न सक्तैनथ्यौं । यस्तै स्थितिमा भएको २००७ सालको क्रान्तिको महत्त्व के हुन सक्छ, त्यसको धेरै व्याख्याको आवश्यकता छैन ।

कुनै विषय-वस्तुको महत्त्व स्वयं विषय-वस्तुमा मात्र हुँदैन, त्यसलाई बुझ्नु, जान्नु, अनुभव गर्नु र प्रयोग गर्नुमा हुन्छ । त्यस्तै, २००७ सालको क्रान्तिको जतिसुकै ठूलो ऐतिहासिक, राजनीतिक र सामाजिक महत्त्व भए तापनि त्यसलाई हामी नेपालीहरूले बुझ्न, जान्न, अनुभव गर्न र प्रयोग गर्न सकेनौं, यही दुर्बलता २००७ साल-पछिको हाम्रो देशको इतिहास हो ।

२००७ सालको क्रान्ति—नेपालीहरूले महत्त्व नबुझेर, त्यसलाई प्रयोगमा ल्याउन नसकेर पनि—अत्यन्त महत्त्वपूर्ण र युगान्तकारी रहेको छ, त्यसलाई आव्हान गर्ने वीरहरूमध्ये श्री ५ त्रिभुवन पनि एक होइबक्सिन्छ । त्यस युगान्तकारी घटनासित तादात्म्य राख्ने मौसूफका व्यक्तित्व, जीवन र चरित्र नेपाली प्रजातन्त्रवादका प्रतीकका रूपमा अमर रहनेछन् ।

जुन मानिसले देश र राष्ट्रको निम्ति केही गरेको हुन्छ, त्यो उसको जीवनपछि पनि अमर रहने मात्र होइन, पछिकाहरूका लागि त्यसले मार्ग-दर्शन पनि गरिरहन्छ । यही मानेमा असल काम

गर्ने वा असल उद्देश्यको निम्ति त्याग र बलिदान गर्ने ठूला मानिसहरू अमर रहन्छन् भन्ने कुरा सार्थक देखिन आउँछ।

श्री ५ त्रिभुवन हाम्रो बीचमा सशरीर नहोइबक्से पनि मौसूफको अभय-मुद्रायुक्त चित्र हाम्रो आँखाको नानीमा झल्किरहन्छ, प्रजातन्त्रको एक वरिष्ट अग्रदूत र प्रहरीको रूपमा नेपाली राष्ट्रको निर्माण गर्न हामीलाई सदैव प्रोत्साहित र अनुप्राणित गरिरहिबक्सिएको हामीलाई अनुभव हुन्छ। त्यस्तै एउटा प्रबल राष्ट्रिय भावनाले हाम्रो मुटुलाई छोइदिन्छ।

आधुनिक नेपाली राष्ट्र र राष्ट्रियताको निर्माणमा शाहवंशी राजाहरूको ठूलो देन छ, जस्तो नेपाली कला र संस्कृतिको निर्माण र विकासमा लिच्छवि र मल्ल राजाहरूको ठूलो देन रहेको छ। यस मानेमा नेपालका सबै राजवंशको महत्त्वपूर्ण देन छ। उनीहरू केवल अन्तपुरको सोख लुटेर मात्र बसेनन्; कला, संस्कृति, राष्ट्र र राष्ट्रियता, न्याय र प्रजाहितको निम्ति पनि सचेत र सजग रहे, त्यसको निरन्तर उनीहरूले चिन्ता लिए। यो कुनै पनि नेपाली राजवंशको एउटा परम्परा वा स्वभावको रूपमा देखा पर्छ। यसैको परिणाम हो—आज नेपाल एलटा सानो मुलुक भएर पनि कला र संस्कृतिको अनुपम भण्डार लिएर अखण्ड राष्ट्रियतासहित संसारको सामुन्ने सगर्व उभिएको छ।

शाहवंशी राजाहरूले नेपाल र नेपाली राष्ट्रियताको निर्माणमा जे-जति देनहरू दिएका छन्, त्यसको सिलसिलामा श्री ५ त्रिभुवनको देन आफ्नै प्रकारको ऐतिहासिक महत्त्व राख्दछ र श्री ५ त्रिभुवनकै कालमा नेपालले आधुनिक युगमा, आधुनिक व्यवस्था, आधुनिक दृष्टिकोण र मान्यताहरू लिएर प्रवेश गरेको हो। यस कारण, नेपाल र नेपालीको निम्ति श्री ५ त्रिभुवन आधुनिक प्रगतिशील युगको एक सूत्रधार होइबक्सिन्छ। हामी एक कोटि नेपालीहरूले मौसूफको आदर्श र मौसूफबाट देखाइबक्सेको प्रजातन्त्रवादी मार्गको अनुशरण गरेर राष्ट्र-निर्माणमा सदैव तत्पर हुनुपरेको छ। वास्तवमा यस्तै तत्परता नै मौसूफप्रति सदैव हाम्रो साँचो श्रद्धाञ्जलि पनि हुनेछ।

*****

श्री ५ त्रिभुवनसितको सम्पर्क

सिद्धिमणि आचार्य दीक्षित

श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवसँग मेरो सम्पर्क लामो र समय-समयमा गाढा पनि थियो। संवत् १९७९-देखि २००७ फागुन महीनासम्म मौसूफ सरकारको र राजदरबारका अरू सदस्यहरूको समेत गाथमा आराम नरहेको बेलामा औषधि-उपचार गर्नुपर्दा मलाई पनि सो काम गर्ने सौभाग्य प्राप्त हुने गर्दथ्यो औ मौसूफमा स्वास्थ्यसम्बन्धी सल्लाह पनि मैले धेरै टक्र्याएको छु। सोही सिलसिलामा मौसूफ सरकारसँग मेरो सहवास हुन आएको हो। यसबाहेक राजदरबारमा मेरो अरू विशेष काम केही थिएन।

मेरो यो सहवासबाट मेरो धारणामा श्री ५ त्रिभुवन शान्त स्वभावको, अल्पजल्पी, कुरामा चाख लिने, कृपालु र प्रजावत्सल होइबक्सन्थ्यो। खेलकुदमा मौसूफलाई धेरै रुचि रहन्थ्यो। माछा पनि पालिबक्सन्थ्यो, गाई पनि मन पराइबक्सन्थ्यो। जानवरमा कुकुर प्यारो रहन्थ्यो।

मौसूफको गाम्भीर्य, सहिष्णुता, धैर्य, दूरदर्शिता, स्वार्थत्याग प्रशंसनीय र चिरस्मरणीय छन्।

*****

राष्ट्रपिताको मधुर सम्झनामा

सुन्दर झा शास्त्री

शारदीय चन्द्रको शुभ्रता, हिमाली हिउँको धवलता, वासन्ती बगैंचाको हाँसो, असाढे खोलानालाको कलकल, मधुऋतुको कोइली-को काकली र सगरमाथाको उच्चता एवं गुरुता लिई हिमालयको काखमा अवस्थित हाम्रो सुन्दर देश नेपालको आदर्श शाहवंशमा राजदरबारको दीपशिखाझैं हाम्रा प्यारा राजा श्री ५ त्रिभुवनको सं० १९६३ साल आषाढ १७ गते जन्म भयो। बालखको रूपमा श्री ५ त्रिभुवनले पाँचवटा वसन्त पनि हेर्न नपाउँदैमा मौसूफ पितृविहीन भैबक्सियो। काँढाको बीच पनि हाँस्ने गुलाफझैं, आगोको झिल्कोको बीच पनि टल्कने सुनझैं र कालो मेघको बीच पनि चम्कने चन्द्रझैं बालक श्री ५ त्रिभुवनको शैशव र यौवनको पनि निकै अंश सामन्ती राणा-शासनको क्रूर पर्खालभित्र बित्यो। मौसूफ कुनै पनि विशिष्ट व्यक्तिसँग बोल्न पाइबक्सिन्नथ्यो, आफूलाई मन पर्ने विषय पढ्न पाइबक्सन्नथ्यो। पशुपतिको दर्शनसम्म गर्न जान पनि मुश्किल हुन्थ्यो। अर्को शब्दमा, राणा-कालमा शाहवंश नेपालको सर्वश्रेष्ठ राजनीतिक बन्दी थियो। शाहवंशीय राजाको जन्म र मृत्यु बन्दी रूपमै हुन्थ्यो। बन्दी पनि यस्तो, जसलाई शाहवंशमा जन्म लिएको बाहेक आफ्नो अपराधबारे अरू केही थाहा हुँदैनथ्यो। जुन देशका राजा नै बन्दी छन् भने त्यहाँका प्रजाको स्थिति कस्तो थियो होला सहजै अनुमान गर्न सकिने कुरा हो।

राजा र प्रजामा कुनै किसिमको फाटो थिएन। राजा र प्रजा परस्परमा मिलीजुली यस देशलाई बनाउन चाहन्थे, तर राजा

र प्रजाको बीचमा तगारो बनेको थियो––राणाको जहानियाँ शासन। राजारूपी सूर्यको सुनौलो झलक प्रजाले पाउँदैनथ्यो। राणारूपी पहाडले राजारूपी सूर्यको आलोकलाई छेकिदिन्थ्यो। श्री ५ त्रिभुवनले राजनीति र नागरिक शास्त्र पढ्न नपाउने राणा-शासकबाट प्रतिबन्ध लगाइएको थियो, तर न्यायलाई शक्तिको बलले धेरै दिनसम्म रोक्न सकिन्न। राजनीति र नागरिक शास्त्रको भौतिक अध्ययन गर्न नदिए पनि मौसूफमा राणाको क्रूर शासनप्रति जुन विद्रोही भावना थियो त्यो यसको विपरीत मौसूफमा राजनीतिक चेतना झन् जागृत हुँदै आयो। राजनीति-विज्ञानवेत्ताहरूको भनाइ बिलकुल सत्य छ––जहाँ शोषण र उत्पीडन बढ्ता हुन्छ, त्यहाँ संघर्ष र प्रतिरोधको भावना पनि बढ्दै जान्छ। यो सिद्धान्त नेपालमा पनि क्रियाशील भो। श्री ५ त्रिभुवन उक्त प्रतिबन्धित र भय-त्रासयुक्त परिस्थितिमा पनि राणा-शासनबाट देशका जनतालाई मुक्त गर्न भित्र-भित्रै प्रयत्नशील भैबक्सियो। श्री ५ त्रिभुवनको बाह्य व्यक्तित्वको कोमलता र सुन्दरताभित्र राजनीतिक तीक्ष्णता र व्यावहारिक चतुरताको कमी थिएन भन्ने कुरा मौसूफबाट सिलसिलेवार उठाइबक्सेको महत्त्वपूर्ण दरिलो राजनीतिक पाइलाबाट थाहा हुन्छ। मौसूफ राजनीतिक परिस्थितिको महान् पारखी होइबक्सिन्थ्यो। अनुकूल राजनीतिक परिस्थितिमा उपयुक्त पाइला चाल्नु मौसूफको व्यक्तित्वको प्रमुख विशेषता थियो। यसै कारण मौसूफबाट कहिल्यै पनि अनुकूल अवसर गुमाइबक्सिएन। संवत् १९९७ सालमा राणा-शासनलाई सखाप पार्ने योजना नेपाल प्रजा-परिषद्बाट बनाइँदा मौसूफको पूर्ण सहयोग उनीहरूलाई प्राप्त भएको थियो। श्री ५ त्रिभुवन र जनताको सम्मिलित प्रयत्नले यो पहिलो पटक राणा-शासनको विरुद्ध गरिएको सुनियोजित प्रयास थियो, जुन तत्काल असफल भएर पनि २००७ सालको क्रान्तिको निमित्त भूमिका बन्यो। यस असफलताले मौसूफको क्रान्तिकारी हृदयमा कुनै किसिमको दुर्बलता नल्याई राणा-शासन समाप्त गर्ने भावनालाई अझ बलियो तुल्यायो। क्रूर राणा-शासनको क्रूरता झन् बढ्न थाल्यो र सोही अनुपातमा राजा र प्रजाको बीच दृढ एकता कायम हुन गै राणा-शासनको विरुद्ध उग्र भावना पनि कायम हुँदै गयो।

२००० सालमा तीर्थयात्राको निहुँले मौसूफको सवारी भारततिर भयो। त्यस बखत भारतमा पनि अंग्रेजी हुकुमतको विरुद्ध, जो राणाहरूको पनि प्रबल पृष्ठपोषक थियो, आन्दोलन चलिरहेबाट समेत हाम्रा राजा निकै प्रभावित होइबक्सियो। तीर्थयात्राबाट फिर्ती सवारी होइबक्सँदा प्रशस्त मात्रामा राजनीतिक पुस्तकहरू राजदरबार भित्र्याइबक्सियो। यस सानो घटनाबाट समेत हामी मौसूफको राजनीतिक चातुर्य र सूझबूझको परिचय पाउन सक्छौं। भारतको राजनीतिक परिस्थितिको र त्यहाँबाट गुप्त रूपमा ल्याइएका राजनीतिक पुस्तकहरूको प्रगाढ अध्ययनले गर्दा मौसूफको सहज उद्‌बुद्ध राजनीतिक ज्ञान अझ परिपक्व हुन गयो। फलस्वरूप देश र जनताको भलाइको सामु आफ्नो राज्य र जीउलाई समेत तुच्छ सम्झिबक्सी २००७, कार्तिक २१ गते शिकार खेल्ने निहुँले भारतीय राजदूतावासमा आश्रय लिइबक्सियो। त्यसपछि भारत सरकारकै संरक्षणमा दिल्ली सवारी होइबक्सियो। श्री ५ त्रिभुवनबाट राज्य र गद्दी छाडी भारतमा आश्रय लीबक्सेको खबरले नेपाली क्रान्तिको यज्ञमा आहुतिको काम गर्‍यो—देशको कुना-कप्चासम्म आगो सल्कियो। श्री ५ त्रिभुवनको अल्पकालीन राज्यत्याग राणाहरूको निमित्त स्थायी राज्यत्यागको भूमिका बनेर आयो। यस घटनाले अघिका क्रान्तिकारीहरू उग्र क्रान्तिकारी, अघिका सत्य-अहिंसात्मक संघर्षका पुजारीहरू हिंसात्मक क्रान्तिकारी र चूप लागी तमाशा हेर्ने तटस्थतावादीहरू प्रतिरोधी भए। क्रूर राणाको महोत्तरी जलेश्वरको नारकीय जेलका हामी राजनीतिक बन्दीहरूले जेलभित्र मूक पशुझैं, ज्यान गुमाउनुभन्दा श्री ५ त्रिभुवनको अनुशरण गरी ज्यानको बाजी लगाई बाहिर गै क्रान्तिमा सक्रिय योगदान दिन प्रशस्त प्रोत्साहन पायौं। राणाका भरौटे सैनिकहरूको मनोबल पनि कम हुन गयो, राणाको एकतन्त्री शासनका अव्यक्त स्वदेशी र विदेशी समर्थकहरूको पनि समर्थन लज्जावश क्रान्तिकारी राजा र जनतातिर सर्‍यो।

अन्त्यमा, २००७ साल फाल्गुन ७ गतेका दिन नेपालको राजनीतिक भाग्याकाशमा राहु राणा-शासनको अन्त भै तीनौं भुवनमा आफ्नो राजकीय आलोक फिंजाउदै पूर्णिमाको प्रोज्ज्वल चन्द्रझैं श्री

५ त्रिभुवनको पुनरोदय भयो। स्वतन्त्रताको घोषणा बक्सँदै मौसूफबाट हुकुम भयो--**यो हाम्रो आन्तरिक आशा छ कि यो नयाँ व्यवस्थामा सरकार र दुनियाँले मिलीजुली नेपालको उन्नति र समृद्धिको निमित्त प्रयत्न गर्नेछन्। परमेश्वरले हामीलाई र हाम्रा अधिकारीवर्गलाई हाम्रा प्रजाको हितको निमित्त उपरोक्त हाम्रा इच्छाहरू पालना गर्ने शक्ति दिऊन्।**

यसरी नेपालको लामो इतिहासमा नेपाली जनताले श्री ५ त्रिभुवनबाटै सर्वप्रथम देश-निर्माणको काममा क्रियात्मक योगदान दिनेसम्बन्धी आफ्नो जन्मसिद्ध अधिकार पायो।

श्री ५ त्रिभुवन विश्वका समकालीन राजाहरूमा सबभन्दा सुन्दर होइबक्सिन्थ्यो रे। तर, श्री ५ त्रिभुवनको माथिको उद्‌गारबाट मौसूफ सुन्दरमात्रै होइन, ईश्वरसँग जोडिने शेष दुई विशेषण सत्य र शिव पनि होइबक्सिन्थ्यो। किनभने प्रजाको हकको हिफाजत गर्नमा राजाको सत्यत्व र लोक-कल्याणको भावना भएमा नै शिवत्व मानिन्छ। यस प्रकार हाम्रा राजा श्री ५ त्रिभुवन सत्यं, शिवं र सुन्दरम् यी तीनै विशेषणले विभूषित त्रिभुवनमा व्याप्त रहेको कीर्तिशाली होइबक्सिन्थ्यो। श्री ५ पृथ्वीनारायण शाह वर्तमान नेपालको जनक होइबक्सिन्छ भने श्री ५ त्रिभुवन वस्तुतः राष्ट्रपिता होइबक्सिन्छ। मौसूफको व्यक्तित्वमा मधुरता र कोमलताका प्राचुर्यको सँगसँगै राजसुलभ कूटनीतिज्ञताको पनि खाँचो थिएन। राणा-शासन समाप्त गर्न खडा भएका दलहरूलाई देश बनाउने काममा आफ्नो नैतिक र क्रियात्मक समर्थन बक्सेको भए पनि ती दलहरूमा व्याप्त संकीर्ण स्वार्थपूर्ण मनोवृत्तिको झल्को पाउनासाथ त्यसको भर्त्सना पनि कडा स्वरमा गरिबक्सन्थ्यो। २०१० साल आश्विन ४ गते राजकीय परिषद् गठन गर्दा मौसूफबाट हुकुम भयो--**देशको नाउँमा आफ्नो व्यक्तिगत वा संकीर्ण दलगत स्वार्थको पूर्ति गर्नु केवल अपराधमात्र नभई ठूलो पाप हुन जानेछ।** यसबाट समेत मौसूफको मनोरम मूर्तिका बीच रहेको राजनीतिक जागरूकताको प्रशस्त परिचय हामी पाउँछौं।

मौसूफको लोकप्रिय व्यक्तित्वको निदर्शन गर्ने सुअवसर २००९ सालमा मौसूफको जनकपुरधाम सवारी होइबक्सँदा पाएको थिएँ।

म पनि उही महोत्तरी जिल्लाको बासिन्दा भएकोले मौसूफको स्वागत गर्न पाएकोमा आफूलाई गौरवशाली ठानेको थिएँ। जनकपुरधामको बहुचर्चित 'तिरहुतिया गाछी'-मा मौसूफको सम्मानमा आयोजित्त अभिनन्दन-समारोहलाई हेरी सबैले त्यसलाई अभूतपूर्व भनेका थिए। जनकपुरधाम, पिपरा, जलेश्वर र धबौली आदि जुन-जुन ठाउँमा मौसूफको सवारी भए पनि चकोरले पूर्णचन्द्रलाई हेरेझैं असंख्य आबाल वृद्ध र नारीहरूको उर्लिदो भेल मौसूफको भव्य रूपको दर्शन गरी मन्त्रमुग्ध देखिन्थ्यो। मजरतो व्यवितले ता त्योभन्दा अघि कुनै पनि व्यक्तिविशेषको सम्मानमा त्यस्तो भीड भएको देखेको थिइनँ। मेरो कल्पनामा जनकपुरधाममा मौसूफको सवारी हुँदाको भीडको तुलना सीता स्वयम्बर हुँदाको भीडसँग एक्कासि हुन गयो। अनि सोही स्वयम्बरमा उपस्थित जनकको व्यक्तितवसँग मौसूफको व्यक्तित्वलाई तुलना गर्दा निकै अंशमा समानता पाइयो। राजा जनक देह छँदा पनि विदेह हुनुहुन्थ्यो रे। मौसूफको मानसिक पवित्रता र सोझो पनालई ध्यानमा राख्दै मौसूफसँग पनि विदेह विशेषण जोडिन सकिनेजस्तो लाग्छ। विवाह गर्ने योग्यता भएको कुनै पनि योग्य व्यक्तिलाई राजा जनक आफ्नी छोरी सीता दिन तयार हुनुहुन्थ्यो र शिवको धनुषलाई हातले उठाएर दिनहुँ माटोले लिप्ने-पोत्ने सीताका निमित्त त्यस धनुषलाई तोड्ने व्यक्तिबाहेक अरू कसलाई योग्य ठान्ने र? श्री ५ त्रिभुवन पनि स्वतन्त्रता-सीतालाई विवाह गर्ने जनताले रोजेको योग्य व्यक्तिको हातमा शासन सुम्पिन तयार होइबक्सियो।

फ्रान्सको लुई वा ब्रिटेनको चार्ल्सजस्तो 'म ईश्वरको प्रतिनिधि हुँ, मेरो उत्तरदायित्व ईश्वरप्रति मात्र छ, यसैले मेरो निरंकुशताबारे कसैलाई बोल्ने अधिकार छैन' भन्ने भावना श्री ५ त्रिभुवनले राखिबक्सेन। जर्मन राष्ट्र-निर्माता फ्रेडरिक महान्ले जस्तो मौसूफ पनि आफूलाई राष्ट्रको मालिक होइन कि राष्ट्रको सेवक ठानिबक्सन्थ्यो। विश्व-इतिहासमा प्रगतिशील र उदार दृष्टिकोण भएको राजा भेट्टाइन्छ, तर राजा भएर जन-क्रान्तिको नेतृत्व गर्ने राजा भेट्टाइन्न। कुनै-कुनै शुष्क तार्किकहरूले श्री ५ त्रिभुवनबाट जन-क्रान्तिलाई बक्सेको नेतृत्व राजतन्त्रकै संरक्षणका लागि भएको थियो भनी मौसूफको व्यक्तित्वको

उचित मूल्यांकन गर्दैनन्, तर सजग बुद्धिजीवीहरूलाई भने यो छर्लङ्ग भैसकेको कुरा हो—राणा-शासनकालमा अहिलेभन्दा राजतन्त्र बढी सुरक्षित थियो। तसर्थ, जन-क्रान्तिलाई मौसूफबाट बक्सेको नेतृत्व राजतन्त्रको संरक्षणका लागिमात्र होइन, प्रजातन्त्रकै संरक्षणका लागिसमेत हो भन्ने कुरामा कुनै पनि ईमानदार विचारकलाई शंकाको ठाउँ छैन। नेपालको इतिहासमा राणाहरूको शासन-कालमा मात्रै होइन कुनै पनि राजाको शासन-कालमा जन-प्रतिनिधिले देशको प्रशासनमा यति अधिकार पाएको थिएन। श्री ५ त्रिभुवनकै समयदेखि नेपालमा प्रजातन्त्र-युगको आविर्भाव भएको हुनाले निश्चित रूपमा मौसूफलाई प्रजातान्त्रिक अवतार मान्नुपर्छ।

मौसूफको नेतृत्वलाई नास्तिक र आडम्बर राजनीतिज्ञहरूले समेत सह्रानी गरेका थिए। यस्तो अनालोच्य, अनिन्द्य र सर्व-श्रद्धाभाजन नरेशप्रति कुनै किसिमको कुत्सित भाव राख्नु राष्ट्रिय कृतघ्नता हो। मैले मौसूफको व्यक्तित्वलाई लोकप्रिय र सर्वातिशायी पाएको छु। मौसूफको जीवन-चन्द्र हेरी आनन्दानुभव नगर्ने एक जना पनि नीरस र हृदयहीन नेपाली मैले भेट्टाएको छैन र मौसूफको स्वर्गवास हुँदा पाषाणहृदय पनि पग्लिई आँसु बनेर नबगी छाडेन। श्री ५ र श्री ३-हरू स्वर्गवासी हुँदा सारा प्रजाले कपाल कटाउने भन्ने जमीन्दार-पटवारीका नाउँमा आदेश पठाउने हाम्रो देशको लामो परम्परामा राजनीतिक नास्तिकहरूले समेत श्रद्धाले नै कपाल कटाएको उदाहरण श्री ५ त्रिभुवनको समयमा बाहेक अरू समयमा पनि भएन होला। नेपालको सारा प्रकृति श्री ५ त्रिभुवनको व्यक्तित्वमा अभिन्न रूपमा मिसिएको हुँदा हामीहरूका बीच आज मौसूफ नभए पनि नेपालको अणु-परमाणुले मौसूफलाई सम्झिरहेको छ र 'नेपाली हुँ' भन्ने एक जना पनि विश्वमा बाँचुन्जेलसम्म मौसूफको गौरवपूर्ण मधुर स्मृतिलाई सम्झि नै रहनेछ।

*****

श्री ५ त्रिभुवनको दर्शन-भेटमा

सुन्दरप्रसाद शाह

बालककालदेखि नै मैले 'महाराज' र 'धिराज' शब्दहरू धेरै प्रचलनमा आएको सुन्ने गरेको थिएँ। श्री ३ र श्री ५ शब्दहरू भने थोरै मात्र सुन्ने गरेको थिएँ। ठूला-ठूला समारोहहरूमा धिराज पनि सवारी होइबक्सेको तर सबै उल्लेखनीय काम-कुराहरू महाराजबाट भए-गरेको सुनिन्थ्यो। परन्तु नाम कसैको लिने चलन थिएन, लिनु पनि हुने थिएन—महाराज अनि धिराज भने पर्याप्त थियो। बालककालकै कुरा न रह्यो, श्री ३-को सलामी र श्री ५-को सलामी सुन्दा मलाई हाम्रो राष्ट्रिय गानभन्दा राम्रो लाग्दथ्यो। श्री ३-को श्रीपेच, श्री ५-को राजमुकुटभन्दा गर्व लाग्थ्यो। मैले अरू कुरा बुझेकै थिइनँ। मलाई लाग्दथ्यो—धेरैलाई महाराजको शक्ति र आडम्बरले भ्रान्ति नै पारेको थियो होला।

राणा-शासनले मलाई पारेको भ्रम र भ्रान्तिपूर्ण धारणाको रहस्योद्घाटन मैले महाराज पद्मशमशेरको प्रधान मन्त्रीकालमा पाउन सकें। मलाई लाग्छ, मजस्तै धेरै सामान्य जनतालाई त्यही बेला राणा-शासन के-कस्तो शासन हो भन्ने कुराको बोध हुन गएको हुनुपर्छ। सामान्य जनताले श्री ५ बडा महाराज पृथ्वीनारायण शाहलाई चिनेका थिएनन्। महापुरुष र दैवी शक्ति भएको पुरुषको रूपमा जङ्गबहादुर राणाको गाथा सर्वत्र गाइन्थ्यो। राम शाह, जयस्थिति मल्ल, महेन्द्र मल्ल नेपाली इतिहासका महापुरुषहरूलाई स्वार्थको बाक्लो पर्दाले छोपिएको थियो। सामान्य जनताले सुन्दथे अनि जान्दथे पनि—जङ्गबहादुर

र त्यसपछिका उल्लेखनीय व्यक्तित्वहरूमा मुखिया जर्नेल, महाराज वीरशमशेर, अनि चन्द्रशमशेर, भीमशमशेर र जुद्धशमशेर हुन्। यो र यस्तै अरू चर्चा कोठे गफहरूमा समेत व्याप्त भइरहेका हुन्थे।

माथिका पृष्ठभूमिमा सत्यलाई लुकाउन सकिन्न भन्ने युक्तिलाई चरितार्थ पार्दै श्री ५ त्रिभुवनबाट मुलुकमा प्रजातन्त्रको लागि दृढ कदम चालिबक्स्यो। यसले राष्ट्रियता र राजमुकुटप्रति जनताको रगतको साइनो भएको कुरा व्यापक रूपमा स्पष्ट हुने अवसर पायो। राजा र प्रजा एक भए। नेपालको इतिहासमा आफ्नो अध्ययन बढाउने मेरो आकांक्षा रह्यो र अध्ययन गर्दै गएँ। अन्त्यमा वि० सं० १९०३ सालको कोतपर्वद्वारा नेपालको सही र सत्य कुरामा कालो पर्दा लागेको अनुभव गरें। कुनै पनि राष्ट्रलाई हेर्ने आँखा त्यस देशकै इतिहास हो। इतिहास जान्न खोज्नेले सामग्री केलाउन सक्नुपर्छ। यस तथ्यलाई गोरखा राष्ट्रको जगेर्ना गर्ने द्रव्य शाह, त्यसपछिका सुधारक राम शाह जसले गोरखा राज्यलाई सल्यान, धादिङ, त्रिशूली तथा केरुङसम्म पनि फैलाएका थिए, अनि उस्तै पृथ्वीपति शाह, नरभूपाल शाह, पृथ्वीनारायण शाह, कालु पाण्डे, श्री ५ प्रतापसिंह शाह, बहादुर शाह, श्री ५ राजेन्द्रलक्ष्मी र भीमसेन थापा इत्यादिको ऐतिहासिक देनहरूबाट मैले छर्लङ्ग पाएँ।

कुनै पनि राष्ट्रको इतिहास तत्कालीन युगको आँखा हो। इतिहास बुझ्न खोज्नेको लागि भारी सामग्री राष्ट्रिय व्यक्तित्वको जीवन-दर्शन हो भन्ने कुराको छाप ममा पऱ्यो। यसै ऐतिहासिक तथ्यको सन्दर्भमा मैले श्री ५ त्रिभुवनसित दर्शन-भेट पाएको छु। पृथ्वीनारायण शाहको **दिव्य उपदेश** पत्ता लागेकोमा श्री ५ त्रिभुवनलाई आत्मगौरव, प्रेरणा र आनन्द प्रादुर्भाव भएको मैले मौसूफको दर्शन-भेटमा अनुभव गरेको छु। श्री ५ पृथ्वीनारायण शाहलाई जनताले 'राष्ट्र-निर्माता'-को संज्ञाद्वारा पुकारेको भए प्रजातन्त्रका प्रवर्तक सरकारलाई जनताले 'राष्ट्रपिता'-को संज्ञाद्वारा पुकारेको सत्यमाथि मैले ऐतिहासिक विवेचना प्रस्तुत गरेको थिएँ। प्रत्युत्तरमा मौसूफबाट वाणी भयो——**इतिहास जनताले बनाउने हो, समयले बताउने हो, काम इतिहासले सिद्ध बनाउँछ**

र इतिहासलाई बनाउन खोजेर बन्दैन! यी अमित स्मृतिका शब्दपुञ्जहरू मेरो हृदयमा सिद्ध, अझै ताजा छन् र कर्णपटमा सधैं गुन्जिरहन्छन् ।

पृथ्वीनारायण शाहबाट बीजारोपण भएको राष्ट्रको नवनिर्माणको विकास-गतिमा अग्रगामी कदमहरू रोकिन जानुको साथै १९०३ सालदेखि राजा-प्रजाको अन्योन्याश्रित सम्बन्धमा पारिवारिक शासनले भेद ल्याएकोमा मौसूफ सरकारबाट फेरि जनता र राजा-मुकुटलाई अन्योन्याश्रित पारिबक्सेको व्याख्यासहित आफूले लेखेको कविता जाहेर गरें ।

राष्ट्रपिता श्री ५ त्रिभुवनको विशाल हृदयमा मेरो कविताको पंक्तिले प्रभाव छाडेर हो कि, कसो-कसो मौसूफबाट जिज्ञासापूर्ण उपदेश बक्स्यो––"शिक्षाको कमी र राजनैतिक चेतनाको अभाव भएकोले हाम्रो देशमा प्रजातन्त्र कायम गर्नको लागि जनताले र पढे-लेखेका व्यक्तिबाट खास गरी यस क्षेत्रमा काम गर्नुपर्छ ।"

*****

श्री ५ त्रिभुवन

सुन्दरराज चालिसे

इतिहासका पानाले दर्साउँछन् धेरैजसो जहाँका पनि राजा, सम्राट् जनताको भलो नचाहने, आफ्नै भुँडी भर्ने, सामन्ती, चौतरिया, (ड्यूक, लर्डस्) भारदार, काजी, सरदार (मुसलमानहरूका बखतमा)-ले घेरिई बस्ने, प्रतिक्रियावादी, अनुदार, अप्रजातान्त्रिक औ क्रान्ति र प्रगतिका विरोधी रहेका छन्। राजा हुनेले जनताउपर अमानुषिक शासन, शोषण र अत्याचार गर्दछन्। बेलायत, फ्रान्स, रूस, ग्रीस, टर्की, इरान, अरेबिया र भारतका विदेशी तथा स्वदेशी सम्राट् नरेशहरूले गरेका कुराबाट यसको पुष्टि हुन्छ। तर हाम्रा राजा श्री ५ त्रिभुवन त्यस्ता खालका नभई पौराणिक युगका राजा रामचन्द्रजस्तै जनप्रिय, आदर्शले परिपूर्ण, जनतालाई आफ्नै छोरा-छोरी र सन्तान सम्झने, जनताको सुख-दुःखलाई आफ्नो सुख-दुःख ठान्ने र तिनको भलाइको लागि ज्यू-ज्यान पनि अर्पण गर्ने खालको होइबक्सन्थ्यो।

राजा-रजौटाहरूको अत्याचारबाट मुक्त हुन भारतमा प्रजा-मण्डल, प्रजा-परिषद् इत्यादि नामकरण गरिएको 'अल इन्डिया स्टेट पिपुल्स कन्फरेन्स' संस्था थियो। श्री ५ त्रिभुवनले यही संस्थासँग सम्पर्क राख्न लगाइबक्सन श्री धर्मभक्त माथेमालाई पठाइबक्स्यो। निजले श्री दशरथ चन्दसँग मितेरी लगाई सो कार्य गर्न नेपालमा पनि गुप्त रूपले श्री ३ जुद्धका पालामा शुरू गरिंदा मौसूफको पूर्ण सहयोग र प्रेरणा छ भनी गुप्त रूपमा काम गर्नेहरूलाई ढाडस, उत्साह र संगठन बढ्न जाने तरीका मौसूफको दर्शन लैनचोरमा हुँदा दशरथ चन्द, धर्मभक्त, टङ्कप्रसाद,

जीवराज शर्मा, रामहरि शर्मा, गङ्गालाल इत्यादि मसमेतले पाएका हौं। उस बखत पनि श्री ५ त्रिभुवनको बेनम्बरको मोटर आयो कि तमाम जनता चाहे सडकमा हिंडिरहेका हुन्, चाहे खेतमा काम गरिरहेका वा ज्यामी-कुल्ली काम गरिरहेका, चाहे पसलमा बसिरहेका हुन्––सबका सब श्रद्धा तथा भक्तिपूर्वक मौसूफको दर्शन गर्न तँछाड-मछाड गरी अग्रसर हुन्थे। निजामती तथा सैनिक कर्मचारीहरूको त के कुरा, मौसूफको दर्शन पाएमा जनता दिनभरको पाप कटेको सम्झी गौरवान्वित हुन्थे। श्री ५ त्रिभुवनमा अगाध जनश्रद्धा थियो। मौसूफ पनि जनताका बीचमा श्री ३ हुनेले जस्तो खुफिया, पुलिस, आठपहरियाहरूले घेराई बन्दूक पेस्तोलले सुसज्जित भएर कहिल्यै सवारी हुन परेन। कारण तमाम जनता श्री ५ त्रिभुवनलाई आफ्ना प्रतिपालक, उद्धारक तथा प्रभु सम्झी अङ्गरक्षक स्वयम् बन्दथे र मौसूफ पनि शोषित, दलित, पीडित जनताको बीच रहँदा अति सुरक्षित र प्रसन्न होइबक्सन्थ्यो।

पद्मशमशेरका पालामा श्री ५ त्रिभुवन कलकत्ता सवारी होइबक्सँदा १९९७ सालको पहिलो कदम असफल भएकोले राणाको बैरी राणा नै भने जस्तो गरी ज० सुवर्णशमशेर राणा र ज० महावीरशमशेर राणाहरूलाई कलकत्ताको फिर्पो होटलमा कुतकुत्याइबक्स्यो र हुकुम भयो––"तिमीहरू त स्वतन्त्र र स्वच्छन्द हावामा रहेका छौ। नेपालीको लागि नयाँ सभ्यता (न्यू लाइट) ल्याउन मैले भनेजस्तो गर।"

ती दुईले नेपालको धन र भारतमा लगानी लगाएको धनको अपहरण हुन्छ भनी झस्केर बिन्ती चढाए––"भारत सरकारले यो काम गर्न दिन्छ दिंदैन।"

मौसूफबाट हुकुम भयो––"म भारतका प्रधान मन्त्रीसँग भेटीसबै मिलाइदिनेछु, केही हुँदैन।" यति ढाडस पाएपछि उनीहरू नेपाली राष्ट्रिय कांग्रेस पार्टी खडा गरी काम गर्न अग्रसर भए। यही नेपाली कांग्रेसको संगठन कर्ताका रूपमा म २००६ सालमा नेपालभित्र आएँ। त्यस बखतका शासकबाट वारन्ट रहेको हुँदा म गुप्त रूपबाट भूमिगत

भै, संगठन र प्रजातन्त्रको लागि जनमत तयार गर्ने काम गर्दै थिएँ। यसै बीच मौसूफका जुनाफमा सुवर्णशमशेरको चिठी चढाउने कामको अभिभारा मेरी श्रीमती सुशीला चालिसेलाई दिइयो र उनले श्री दयारामभक्त माथेमा र श्री कृष्णलाललाई भेटी उक्त पत्र दिइन्। सो पत्रमा मैले चाहेजति रुपैयाँ, धन-जन सरकारबाट मद्दत गरिबक्सन पर्ने उल्लेख थियो। राजपरिवारका सबैलाई कडा निग्रानीमा राखिएकोले र राजदरबारभित्र मौसूफका 'नवरत्न'-बाहेक अन्य माथिल्ला स्टाफ कर्मचारी निजामती तथा जङ्गी सबै राणा-शासकका पृष्ठपोषक, समर्थक र गुप्तचरहरू मात्र रहन गएकाले मौसूफका अति विश्वसनीय व्यक्तिहरू राख्नुपरेको थियो। सोही मुताबिक श्री दयारामभक्त माथेमाले मलाई भेटी 'एक लाख रुपैयाँसम्म लिई काम गर्नुहोस्' भन्ने हुकुम भएको छ भन्नुभयो, तर मैले भनें--"पैसाकै लोभमा कसैले मलाई पक्राइदिए भने काम हुँदैन, तसर्थ चाहिएमा दिनुहोला।" यति भनी मैले केही लिइनँ।

सात-सात दिनमा श्री दयारामभक्त माथेमासँग भेटघाट गरी म गरे-भएका कामको प्रगति मौसूफमा बिन्ती चढाउन सुनाउँदथें। मैले नेपाली जनताको त पूर्ण भक्ति श्री ५ त्रिभुवनमा रहेको पाएँ, तर नेपालका सैनिक जवानहरू श्री ५-प्रति वा श्री ३-प्रति कसका वफादार छन्? यसमा जाँच गर्दा सबका सब श्री ५ त्रिभुवनप्रति नै वफादार भेट्टाएँ--खालि दुई-चार जना अङ्गरक्षक आठपहरियाहरू-बाहेक। ती आठपहरियाहरू समेतलाई भड्काउन सकिन्छ कि भन्ने इरादाले श्री बद्रीविक्रम थापालाई सो काममा लगाउँदा आठपहरियाका नाइके मेजर पूरनध्वज र श्री ३-का खुफियाहरूले बद्रीविक्रम थापा र कृष्णविक्रम शाह, सुबेदार चरित्रबहादुर खड्का, जमादार अगमबहादुर, जमादार होमबहादुर देउजा आदिलाई पक्राउ गरे। यस घटनाले क्रान्ति गर्ने तत्त्वलाई त घाटा पर्‍यो, तर श्री ५ त्रिभुवनलाई पूर्ण विश्वास भयो--सेनातर्फ सबका सब श्री ५-प्रति नै वफादार छन्। खास राजालाई बन्दी बनाएर शोषण गरी हिंड्ने सामन्ती तानाशाह श्री ३ र रोलवालाहरूबाहेक अरू कसैको इज्जत आबरू र जन-धनको समेत सुरक्षा हाम्रो मुलुकमा हुन नदिने देखी तमाम जनता चिढिएका

थिए। मैले सब कुरा श्री दयाराम भक्त माथेमाद्वारा मौसूफका जुनाफमा जाहेर गरी पठाएँ। यसै बीच तत्कालीन श्री ५ युवराजको मोटर बाटोमा अड्की नचल्दा हिंडिरहेका सैनिकलाई 'घँच्याडिदेऊ' भन्ने कुरा भएछ। तिनीहरूले आफ्नो राजाका उत्तराधिकारीलाई नचिनी अङ्गरक्षक राणालाई जवाफ दिएछन्––"हामी श्री ५-का सैनिक हौं, राणाका होइनौं।" किनकि ती सिपाहीहरूमा प्रजातन्त्रको लागि श्री ५-बाट चाँडै कदम उठाई तिनीहरूलाई विश्वका अन्य मुलुकका सिपाहीसरह सहूलियत, सुख-आराम, तलब-भत्ता मिल्नेछ भन्ने प्रचार पुगिसकेको थियो। यसैले तिनले सो कुरा भन्ने साहस गरेका हुन्। यो घटना ज्वलन्त प्रमाण हुन गएकोले श्री ५ त्रिभुवनबाट मैले गरेको काममा सन्तुष्ट भइबक्सी रु० ५,०००।- बक्सिस बक्सियो भनी राति नौ बजे नै मलाई भेटी श्री दयारामभक्त माथेमाले ल्याउनुभएको थियो।

नेपाली कांग्रेसले छेडेको प्रजातान्त्रिक आन्दोलनको नेतृत्व मौसूफबाट हुनुपर्ने भनी मैले श्री दयारामभक्त माथेमाद्वारा बिन्ती चढाई पठाएँ। सरकारबाट पनि कसैलाई नभेटी राजदरबारमा गुप्तवास भई दाढी पालेर रहिबक्सेको थियो। राज-परिवारबाहेक अन्य दुई श्री दयाराम र श्री कृष्णलालले मात्र दर्शन-भेट पाउँदथे। मौसूफका जुनाफमा नेपाली कांग्रेसले आन्दोलन गर्ने भयो भन्ने निर्णय श्री दयारामभक्त माथेमाले जाहेर गरेपछि जोगीको रूपमा सवारी चलाउने अठोट गरेका थियौं। पछि 'मौसूफ नेपालभित्र विराज भए पनि हुन्छ, तर हार-जीतको ठेगाना भएन वा श्री ३ र रोलवाला शासकले अर्कै पाइला चालिदिन खोजे भने विदेशी दूतावासमा आश्रय लिने' भनी सल्लाह टक्र्याइयो, तर श्री दयारामभक्त माथेमाले चाहिं 'सिंहदरबार र बबरमहलमा मात्र धावा गरी सके बम खसालिदिए हुने थियो' भनी मलाई भन्नुभयो। सोहीमुताबिक कलकत्तामा पत्र-व्यवहार गर्दा हामीहरू पनि पक्राउ पर्‍यौं। हामीहरूलाई बचाउन र क्रान्ति सफल पार्न आखिर मौसूफले भारतीय दूतावासको आश्रय लिइबक्स्यो। २००७ सालको क्रान्तिपछि मौसूफको स्वदेश आगमन भयो। मैले दर्शन पाएँ र यथार्थ विवरण जाहेर गरें। मौसूफ अति खुशी होइबक्सियो र हुकुम

भयो––"तिमीहरूलाई मार्न लागे, मलाई पनि बेइज्जत गर्न खोजे, अनि पो आश्रय लिनुपरेको। तिमीसँग बन्दूक लिई आई काम गर्नेहरूको नामावली देऊ।" अनि सबैलाई बोलाई भेटिबक्सी धन्यवाद र बन्दोबस्त गरिदिने हुकुम भयो।

२००८ सालमा मातृका मन्त्री-मण्डलमा मौसूफबाट मलाई मिलाई ल्याउने हुकुम हुँदा सो समय पनि पछि पारियो। २००९ सालमा मातृकाप्रसाद कोइराला र विश्वेश्वरप्रसाद कोइरालाका बीच नेतृत्व र सत्ताको होडबाजीमा लुछाचुँडी भयो। त्यस बखतमा नन्दीकेशर बहालमा करीब १०५ जना कर्मठ कार्यकर्ताहरूको भेला गराई यी दुई भाइमा अब कसलाई समर्थन गर्ने भनी छलफल भइरहेको थियो। त्यसै समय मौसूफका सेवक कर्मचारी विज्ञानदेव पन्त (शिव) आई 'मौसूफ सरकारबाट हुकुम भएको छ, तुरन्तै अहिल्यै हिंड्नुहोस्' भनी बोलाहट गरे। निजसँगै म राजदरबार गएँ। मौसूफ, शिव र म तीन जनाको रोहवरमा हुकुम भयो––"चालिसे! तिमी के गरिरहेका छौ?"

मैले बिन्ती चढाएँ––"सरकार, कार्यकर्ताको बैठक गराई राय लिन लागेको छु।" सरकारबाट हुकुम भयो––"हेर, जहिले पनि तिमीलाई मिलाई ल्याउनू भन्यो कि एक न एक फत्तुर लगाउँछन्।"

मैले बिन्ती चढाएँ––"सरकार! यो मेरो दुर्भाग्य हो। काम मसँग लिन्छन्, खान आफ्नो निजी मानिसलाई दिन्छन्।"

यसबीच सरकारबाट हुकुम भयो––"जे भो भो, अब महासमितिसम्म चूप बस। अनि म बन्दोवस्त गरिदिनेछु।" महासमितिसम्म चूप बस्न त बसें, तर बहुसंख्यक सदस्य एकतर्फ, अल्पसंख्यक एकतर्फ––अब कता जाने हो, बिचल्ली पर्दा निज शिवलाई सोधें। केही जवाफ पाइनँ। म कांग्रेसमै रहें। यसबीच मौसूफको देहमा आराम भएन र विदेश सवारी भइबक्सियो। अन्तमा, क्रान्ति गर्ने एसिया महाद्वीपका सर्वप्रथम राजालाई मृत्युले चाँडै हरेर लगिदियो। सबै नेपाली टुहुरा भई राष्ट्रपिता श्री ५ त्रिभुवनलाई वर्षमा दुई पटक सम्झना गरी श्रद्धाञ्जलि अर्पण गर्दछौं।

*****

ऐतिहासिक माला

सुशीला चालिसे

मेरो यो सानो लेखमा श्री ५ त्रिभुवनवीरविक्रम शाह्देवका बारेमा जीवनी वा अन्य दैनिक कुरा नभई मैले मौसूफ सरकारसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्क प्राप्त गर्दा जे-जे कुरा पाएकी छु सोमात्र लेखेकी छु। २००६ सालमा जब म नेपाल प्रजातन्त्र कांग्रेसको एक कार्यकर्तृको हैसियतले नेपालभित्र आई त्यस संस्थाको संगठनमा जनमत तयार पार्ने र प्रजातान्त्रिक आन्दोलन गर्ने पक्षमा मेरा पति श्री सुन्दरराज चालिसेको सहयोग तथा सम्पर्कको काम गर्न थालें, त्यस समय राजदरबारका प्रमुख दुई व्यक्ति काजी श्री कृष्णलाल र मी० सु० श्री दयारामभक्त माथेमालाई भेटी निजहरूलाई नेपाल प्रजातन्त्र कांग्रेसका नेता श्री सुवर्णशमशेरका पत्र दिने गर्दथें। मेरा पतिलाई संगठनको लागि आर्थिक सहयोग चाहिएमा पनि यिनै दुई व्यक्तिद्वारा श्री ५ त्रिभुवनका जुनाफमा खबर वा पत्र पठाउँदथें। उहाँहरूबाट मैले जम्मा रु० ५०००।- लिएकी थिएँ। सो मैले मेरा पति श्री सुन्दरराज चालिसेलाई सुम्पिदिएँ।

२००७ सालको जनक्रान्तिपछि श्री ५ त्रिभुवनको स्वदेश सवारी फिर्ती हुने भयो। गौचर हवाईअड्डामा नागरिक स्वागत-समितिको तर्फबाट त्रिभुवन र राजपरिवारका अरू सबैलाई सर्वप्रथम स्वागत गर्ने मौका मैले पाएकी थिएँ। मौसूफको शुभागमनको समयमा गौचर हवाईमैदानमा लिएको अत्यन्त लोकप्रिय हात उठाई बक्सेको फोटोमा

सो माला रहेको देख्दा र सम्झँदा म आफूलाई अत्यन्त गौरवान्वित ठान्दछु। मैले श्री ५ त्रिभुवनलाई चमेलीको माल्यार्पण गरेकी थिएँ। सो आजसम्म मौसूफको त्यस ऐतिहासिक आगमनका बेलामा हात उठाई माला लगाएर अपार जनसमूहले स्वागत गरेको चिनु भएर रहेको छ। श्री ५ त्रिभुवनबाट म र मेरा पतिसँग सहयोगी भई जेलनेल परेका र ज्यानसमेत जाने भएका व्यक्तिहरूलाई एक दिन दर्शन बक्सी हामी सबैलाई धन्यवाद बक्सियो।

२००९ सालमा मौसूफबाट राजदरबारमा बोलावट भयो भनी मी० सु० दयारामभक्त माथेमा मेरो घरसम्म लिन आउनुभयो र म मौसूफका जुनाफमा हाजिर भएँ। मौसूफलाई मेरो निम्ति केही मान, पद वा यस्तै केही बक्सने निधो रहेछ, तर मलाई अरू कसैले छेकवार गरिदिंदा सो हुन नसकेकोमा म त के कुरा, मौसूफ नै अलि खिन्न मुद्रामा परिबक्स्यो। जे होस्, केही पाए पनि नपाए पनि श्री ५ त्रिभुवनमा अमूल्य शक्ति थियो जसले हृदयमा महानताको परिचय दिन्थ्यो। मौसूफको मुस्कुराहट र मधुर वाणी तथा सरलता र हार्दिकता प्रशंसनीय थिए। यिनै हुन् मेरा स्मृति-गन्थन ती महान् आत्माका, जो राष्ट्रपिताको स्वरूप लिई स्वर्गारोहण भए, तिनैप्रति श्रद्धाञ्जलि दुई हरफ।

*****

राष्ट्रपिताको व्यक्तित्व र देन

स्ययम्भूलाल श्रेष्ठ

संसारको इतिहासमा राजाले प्रजामाथि अत्याचार गरेको र प्रजाले राजाको उच्छेद गरेको धेरै-धेरै उदाहरण पाइन्छ, तर नेपाल एउटै यस्तो देश छ जुन देशका राजाले प्रजाको भलाइको लागि, प्रजाको स्वतन्त्रताको लागि, देशमा प्रजातन्त्र स्थापना गर्नको लागि, आफ्नो मुकुट र प्राणसम्मको बाजी लगाएर निरंकुश राणा-शासनको विरुद्ध महान् क्रान्ति गरेका छन् । ती राजाको नाम हो श्री ५ त्रिभुवन । मौसूफबाट त्यो क्रान्तिकारी कदम चाल्दा देशवासीहरूले पनि मौसूफको साथ दिए । देशका विभिन्न ठाउँमा जन-आन्दोलन भयो, क्रान्ति भयो । १०४ वर्षको जर्जर निरंकुश एकतन्त्री राणा-शासन ढल्यो । देशमा प्रजातन्त्रको सुनौला प्रभात आयो ।

सुनको पिंजरामा बन्दी भइरहेको चरोले एक दिन पिंजराबाट उम्केर विद्रोह गर्ला भन्ने कुरो राणा-शासकहरूले सपनामा पनि चिताएका थिएनन् । पाँच वर्षको उमेरमै आफ्ना पिताज्यूको स्वर्गवास भएपछि श्री ५ त्रिभुवनलाई राजगद्दीमा राखिएको थियो । सानो उमेरका बालक राजा पाउँदा राणा प्रधान मन्त्री अत्यन्त रमाए । राजाको नाममा तिनीहरूले आफ्नो मनमानी गर्न पाउने भए । राणा प्रधानहरू शुरूदेखि नै बालकलाई राजा बनाई शासन चलाउनमा पल्केका थिए ।

श्री ५ त्रिभुवन शिक्षित भएर आँखा खोली बक्सिएला भन्ने डरले राणा प्रधानले मौसूफलाई नाममात्रको शिक्षा दिन एक जना

बंगाली शिक्षकद्वारा आफ्नो इच्छानुरूप शिक्षा दिन लगाए । तर उदयोमुखी सूर्यलाई रोकुँ भनेर रोक्न सक्ने को र ? मौसूफ आफैले पनि अध्ययन गरेर शिक्षा हासिल गरिबक्सियो । मौसूफको तीक्ष्ण बुद्धिको अगाडि सबैले हार मान्नुपऱ्यो । थाहा पाएर पनि केही थाहा नपाएझैं, जानेर पनि केही नजानेझैं गरी मौसूफले बडो धैर्यसित उपयुक्त समयको प्रतीक्षा गरिबक्सियो । अनेक जालझेल र बखेडा रचेर राणा प्रधानहरू मौसूफलाई कूपमण्डूक र शक्तिविहीन बनाई राख्न चाहन्थे । मौसूफको मानसिक र शारीरिक अवस्था बदलिंदै आएको देखेर राणाहरूले भोग-विलासमा मौसूफलाई डुबाइराख्ने चाल चल्न थाले । श्री ५ त्रिभुवन बाहिरबाट हेर्दा सुरा र सुन्दरीमा भुलेजस्तो देखिबक्सिन्थ्यो तापनि वास्तवमा त्यसदेखि अलग होइबक्सिन्थ्यो । जति-जति मौसूफको उमेर चढ्दै गयो उति-उति मौसूफमा आफ्नो देशको अवस्था र परिस्थितिको बोध पनि हुँदै आयो । आफ्नो नाममा राणाहरूले देश र जनतालाई लुटिरहेको कुराबाट मौसूफ सदा चिन्तित होइबक्सिन्थ्यो ।

यावत् सुख-सुविधा, भोग-विलासका साधनले परिपूर्ण भएर पनि आफू र आफ्ना प्रजाहरूले स्वतन्त्रताको उपभोग गर्न नपाएको देखेर छटपटाइबक्सिन्थ्यो । देश र जनतालाई राणाहरूको जहानियाँ क्रूर शासनबाट मुक्त दिलाउन श्री ५ त्रिभुवन सदा सोच-विचार गरिबक्सिन्थ्यो । मनमा उठेका उपाय र विचार मनैमा रोकिराख्नुपर्ने मौसूफको अवस्था थियो । कसैसँग कुनै प्रकारको चर्चा गर्न हुँदैनथ्यो । सधैं राणाहरूका दूतहरूबाट घेरिएर बस्नुपर्दथ्यो । जनतासित सीधा सम्पर्क राख्नु त सपना नै थियो । प्रजा-परिषद्का कर्मठ कार्यकर्ताहरूलाई दिएको मृत्युदण्ड र अरू कार्यकर्ताहरूलाई दिएको आजन्म कारावासको दण्ड मौसूफ सधैं सम्झिबक्सिन्थ्यो । धेरै सोच-विचार गरेपछि भारतीय नेताहरूसँग भेटी नेपालको वास्तविक स्थिति दर्शाउने मौसूफले ठहर गरिबक्सियो । विश्वका एकमात्र हिन्दू राष्ट्रका राजाको भारतमा तीर्थयात्रा गर्ने कार्यक्रम बन्यो । मौसूफको मूल उदेश्य सफल हुन सकेन, तैपनि हार मानिबक्सिएन । तीर्थयात्राको समयमा गुप्त रूपले पाइएका राजनीति-

सम्बन्धी जे-जति पनि पुस्तकहरूको मौसूफले गुप्त रूपले नै अध्ययन गरिबक्सियो ।

श्री ५ त्रिभुवनलाई राणाहरूले के-कस्तो हालतमा राखेका थिए, त्यसको वर्णन विदेशबाट फोटो खिच्न आएका वास्कर विल र नर्स कुमारी एरिकाले गरेका छन् । वास्कर विलले आफ्नो डायरीमा लेखेका छन्––**मलाई राजाको फोटो लिन बोलाइयो । राजा देशका शासक हुन् र उनको आदेशअनुसार देशबासीहरू चल्दछन् भन्ने ठानेको थिएँ । तर मेरो पूर्व विचार सबै झूटो निक्ल्यो । फोटो लिने समयमा मैले राजालाई आफूअगाडि पाएँ । मेरो मनमा के-कस्तो भावना उठ्यो । मेरो र मौसूफको स्थिति अनौठो थियो । राजा र मेरो आपसी मनोभावना मनको मनैमा रह्यो । एकले अर्को लाई हेर्ने काम हुन थाल्यो । मैले पनि कुन पोजको, कस्तो किसिमको फोटो लिने भनेर बिन्ती गर्न सकिनँ र मौसूफले पनि त्यस किसिमको इच्छा प्रकट गर्न सकिबक्सिएन ।**

श्री ५ त्रिभुवनले कुमारी एरिकालाई एक दिन कुरै-कुरामा आफ्नो मनको भाव पोखिबक्सिएको कुरा उनले आफ्नो संस्मरणमा लेखेकी छन्––**एक दिन एकै छिन श्री ५ त्रिभुवनसँग एकान्तमा बस्ने अवसर पाएँ ।...मौसूफबाट हुकुम भयो–"म नाममात्रको हुँ–त्यसदेखि अरू केही छैन ।"**

अत्याचारको पनि हद हुन्छ । हिरण्यकशिपुको अत्याचारले सीमा नाघेपछि खम्बा फोडी नृसिंह प्रकट भएझैं राणा-शासकहरूको त्यस कैदबाट उम्कन श्री ५ त्रिभुवन समर्थ भइबक्सियो । केही क्षणका लागि नै किस नहोस् मौसूफले भारतीय राजदूतसँग भेट गरी विचारको आदानप्रदान गरिबक्स्यो । एरिकाले आफ्नो लेखमा यस घटनाको मनोरञ्जक वृत्तान्त लेखेकी छन् ।

राजदूतावासबाट भाइटीकाको दिन विशेष वायुयानद्वारा श्री ५ त्रिभुवन सपरिवार दिल्ली सवारी होइबक्सियो । मौसूफले त्यहीं-बाट जन आन्दोलनलाई नेतृत्व र निर्देशन दिइबक्सियो । राजालाई

आफूसँग पाउँदा क्रान्तिकारी जन-नेताको साहस झन् बढ्यो । जन-आन्दोलनले झन्-झन् उग्र रूप लिंदै गइरहेको र परिस्थिति चारैतिर प्रतिकूल भइरहेको देखेर राणा प्रधान मन्त्रीले सुलहको कुरा गर्न आफ्ना दूतलाई दिल्ली पठाए । धेरै छलफल भएपछि श्री ५ त्रिभुवनको नेपाल फिर्ती सवारी चलाउने र जन-प्रतिनिधि सरकारको गठन गर्ने कुराको टुङ्गो लाग्यो । फलस्वरूप २००७ साल फागुन ४ गतेका दिन श्री ५ त्रिभुवनको सवारी सपरिवार काठमाडौं फिऱ्यो । तीन दिनपछि फागुन ७ गते श्री ५ त्रिभुवनबाट प्रजातन्त्रको घोषणा गरिबक्सियो । नयाँ मन्त्री-मण्डलको स्थापना पनि भयो । देशले स्वतन्त्र वातावरणमा सास फेर्न पायो ।

श्री मुरारीकृष्ण शर्माले मौसूफसँग प्रजातन्त्रपछिको पहिलो पटकको भेटको बडो राम्रो एउटा संस्मरण लेख्नुभएको छ। **नारायणहिटी दरबारमा पुग्नासाथै 'आउनुहोस्, बस्नुहोस्' प्रसन्न चित्तबाट अभिवादनको प्रत्युत्तरमा कति राम्रो, कति मीठो, कति नरम शब्द ! म संकोचले नतमस्तक भएँ ।**

श्री खड्गमान सिंहले मौसूफको सहृदयताको चर्चा गर्दै लेख्नुभएको छ--**मैले एक बार पाउ छुन पाऊँ भनी बिन्ती चढाएँ । राष्ट्रपिताले आफ्ना प्रबल बाहु बढाउँदै हुकुम भयो–"छुने मात्र किन, आऊ, छाती नै लगाऔं !"**

यस्तो थियो राष्ट्रपिता श्री ५ त्रिभुवनको आफ्ना सन्तानप्रतिको स्नेह, माया, ममता । तर आज राष्ट्रपिता हाम्रो अगाडि होइबक्सिन्न । कुटिल कालले मौसूफलाई २०११ साल फागुन ३० गतेका दिन हाम्रो बीचबाट दूर अति दूर, कहिल्यै नफर्काउने गरी हरेर लग्यो ।

मौसूफबाट बेला-बेलामा दिइबक्सिएको अर्ती-उपदेशलाई सच्चा रूपले मनन गरी तदनुसार काम गर्नु नै मौसूफप्रतिको सबभन्दा अगाध भक्ति-प्रदर्शन हुनेछ । मौसूफ राष्ट्रपिताका सुयोग्य पुत्र श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवबाट आफ्ना बुबा-

ज्यूको अभिलाषा र आकांक्षालाई साकार रूप दिन रात-दिन एक गरिबक्सिएको छ। मौसूफ श्री ५ महेन्द्र र मौसूफबाट उठाइबक्सिएको क्रान्तिकारी कदमलाई दिलोज्यान दिई सफल पारौं, यही असल अर्थमा राष्ट्रपिताप्रति श्रद्धाञ्जलि प्रकट गरेको हुनेछ।

*****

राष्ट्र-निर्माता अथवा राष्ट्र-देवता

स्वर्णकान्त मिश्र

श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवका विषयमा मेरा मनमा सधैं दुइटा प्रश्न उठ्तछन्। ती के भने म उनलाई राष्ट्र-निर्माता भनूँ अथवा राष्ट्र-देवता। यी दुवै प्रश्न उनी जस्ता व्यक्तित्वशील मानवका निम्ति औपचारिक जस्तै लाग्दछ। दुवै रूपमा भासमान उनको स्वाधीन आत्मा मानवीय विचारहरूमा आज पनि एउटा नवीन प्रेरणाको संचार गर्दछ। उनको पार्थिव शरीर भने अब हाम्रा माझ छैन।

सांसारिक बन्धनमा अल्झिएर हामी उनलाई बिर्सन सकौंला, तर उनको व्यक्तित्वपूर्ण कर्तृत्व भावना, सद्व्यवहार, सदाचार, अलौकिक लोकप्रियता, प्रजातान्त्रिक प्रगतिशीलता, राष्ट्रप्यार हाम्रो मन-मन्दिरमा सधैं दीपशिखाको जस्तो प्रज्वलित हुन्छ। उनको विशाल आत्मा तस्वीरजस्तै हाम्रो हृदय र मस्तिष्कमा प्रस्फुटित हुन्छ। १०४ वर्षसम्म एकतन्त्री शासनको बाक्लो अन्धकारले देश तथा नरेश दुवैलाई आफूभित्र दबाइरहेको थियो। त्यस डरलाग्दो अन्धकारलाई राष्ट्रपिता श्री ५ त्रिभुवनले आफ्नो तीव्र प्रकाशद्वारा हटाइदिएर त्यस ठाउँमा प्रजातान्त्रिक सरकारको नयाँ निर्माण गरी एक कोटि जनतालाई स्वाधीनताको हावामा सास फेर्ने सुअवसर प्रदान गरे।

यो उनको महानताको सूचक हो। यस स्वीकृतिका निम्ति उनको नाम अमर छ।

२००७ सालमा हिमाच्छादित राष्ट्र नेपालमा परिवर्तनको गहिरो लालिमा चम्कियो। स्वतन्त्रताको नव प्रभातका किरणहरूमा आफ्नो स्वर्णिम छटा फिंजाइदियो। अन्धकार भाग्यो त्यसै उज्यालोले। यहाँको धर्तीमा स्वर्णयुग आयो। प्रजापालक राजाबाट प्रजातन्त्रको घोषणा भयो। यसपछि कोटि जनताले स्वतन्त्र-चराका स्वरमा स्वतन्त्रताको मङ्गल गीत गाए। जन-गणका भाग्य-निर्माता राजाले आफ्नो आन्तरिक स्नेहको परिचय दिए। नयाँ जागरणको मधुमय बेलामा विश्वको उथल-पुथललाई हेर्दै उनले राष्ट्रलाई जुन यौटा प्रजातान्त्रिक व्यवस्था दिए, त्यो उनको प्रगतिशीलताको द्योतक हो। यतिमात्रै होइन, नयाँ नेपाल बनाउने उनको जुन मधुर स्वप्न थियो त्यसलाई उनले यौटा नयाँ मोड दिए। त्यसमा उनको मार्ग-दर्शन थियो। उनको नेतृत्वकालमा उनका जुन आन्तरिक पवित्र उद्गार व्यक्त भए, त्यसमा जनसाधारणको जीवनस्तर उठाउने भाव छन्। जनताका पथप्रदर्शक राष्ट्रपिताले शासन-संचालनका निम्ति प्रशस्त बाटो दिए र दिए जन-जीवनलाई स्वयं भाग्य निर्माता बन्ने अधिकार। यसको स्वरलहरी जन-जिब्रोमा आज पनि गुन्जँदै छ।

इतिहास-वेत्ताका दृष्टिमा हुनुपर्ने गुण नव राष्ट्र-निर्माता दूरदर्शी श्री ५ त्रिभुवनमा विद्यमान थियो। यसै कारण उनी यहाँ नव राष्ट्र-निर्माताका नामले पुजिन्छन्। राष्ट्रका निम्ति उनले प्रदर्शित गरेका कलाले उनी चिरस्मरणीय छन्। पराधीनता भंग गर्नका निम्ति क्रान्तिको अग्निज्वालामा तन, मन, धन र परिवारको मोह छोडेर उनी जसरी अघि लम्किए, त्यसको इतिहास आज स्वर्णाक्षरमा लेख्नलायक छ। यस दृष्टिमा हामीले उनलाई नव राष्ट्र-निर्माता भन्यौं भने अत्युक्ति हुनेछैन। उनीद्वारा राष्ट्रले नवीन राष्ट्रियताको बोध पाएथ्यो। उनले नव राष्ट्र-निर्माणमा अल्पकालमै पनि दिएको योगदान सराहनीय छ। उनी नव राष्ट्र-निर्माताका रूपमा अमर

सन्देश दिएर गए। तर उनको निष्काम कर्तृत्व भावना हाम्रो दिशा-दर्शकको रूपमा छ। यसैले हामी उनलाई नव राष्ट्र-निर्माता नै किन, राष्ट्र-देवता पनि भन्छौं।

राष्ट्र-देवता सबै हुन सक्तैनन्। राष्ट्र-देवताको उपाधि अहिले-सम्म तिनैलाई दिइएको छ जसले राष्ट्र-आत्माको परिभाषामा आफूलाई चरितार्थ गरेका छन्। राष्ट्रपिता श्री ५ त्रिभुवन यस दृष्टिमा चमत्कृत छन्। राष्ट्र-देवताका रूपमा हामी उनलाई पुज्दछौं, किनभने उनले राष्ट्र-आत्मामा आफूलाई समाहृत गरिसकेका छन्।

श्री ५ त्रिभुवनजस्ता व्यक्तित्वशील पुरुषमा मनुजत्वबाट देवत्व प्राप्त गर्ने दक्षता थियो। उनका सामु विशाल विश्वको दूरी धेरै थिएन। उनका विचारमा मानवीय उत्कर्ष त्यो हो जसद्वारा मानव देवत्व प्राप्त गर्न सक्तछ। ऐतिहासिक परिधिका बीचमा उनले एउटा नयाँ उज्यालो दिए। यस उज्यालोले मानव-इतिहास अलंकृत छ। यो निर्विवाद हो। मानव-जीवनमा देवत्व प्राप्त गर्नु सजिलो छैन। यो कला उनले पाएका थिए। यसैलाई जिउनुको कलाका स्थानमा उनले लिएका छन्। हाम्रा राष्ट्र-देवता श्री ५ त्रिभुवनमा यो कला पूर्ण-रूपेण उद्भासित थियो। यसको पारख उनको असाधारण व्यक्तित्व-बाट मुखरित हुन्छ।

नैतिक गुण पनि जनप्रिय श्री ५ त्रिभुवनमा सारै महान् थियो। यो नैतिकता कस्तो र कति ऊँचो थियो भन्ने कुरा मानिस-हरूमा आज पनि कौतूहल पैदा गर्दछ। उनको दूरदर्शिता, उदारता, निर्भीकता, सेवा-भावना, जनकल्याणतर्फ दिशादर्शन, विश्वबन्धुत्वतिर गतिशील उडान भावी युगका निम्ति प्रेरणाप्रद कुरा हो। हामी उनलाई सोझै राष्ट्र-देवताको स्थानमा नलिई त्यसभन्दा पहिले उनले वताएका बाटोको अनुकरण गरौं। यसो भएमा नै उनको दिवंगत आत्मालाई चिरशान्ति मिल्नेछ। हामी साँचो अर्थमा उनलाई राष्ट्र-देवता भन्न पाउनेछौं। अन्यथा उपहास जस्तो हुनेछ। हामी उनलाई आफ्ना राष्ट्र-प्राण ठानेर राष्ट्र-देवता भन्दछौं र भन्नेछौं। नेपालको

हर आत्मामा उनको आत्मा व्याप्त छ। हामी उनलाई बिर्सन सक्तैनौं। उनको संस्मरण हामीभित्र चित्रित छ।

युगौं पछि पनि त्यस सुगन्धले सुरभित विपिन छ,
दिएथ्यौ जसलाई तिमीले आफ्ना मुक्त हातबाट।

जय नेपाल राष्ट्र! जय राष्ट्र देवता!

*****

प्रथम दर्शन

हरिकृष्ण श्रेष्ठ

त्यस्तै थियो '९६ सालको राणाकालीन अवस्था । जर्जर थिए शासित, अजर, अमर उर्बर थिए शोषक र शासक ! एक मुठी राणा स्वर्ग सिंगार्थें । अरू सबै नरकमै दिन गुजार्थे । सीमित जीवन, असीमित शोषण । जलनका झिल्का जूनकीरी भै जन्मे । तैपनि अँध्यारो बाक्लो बादल, उकुसमुकुसको शान्ति, सर्वत्र शान्ति, मुर्दा शान्ति ।

त्रास र भयको साम्राज्य थियो । जनता पराजित हून्, पराधीन रहून्––यही राणाको शान, साधन र अभिमान देखिन्थ्यो । तिनको प्रबल जन्जीर दासत्वको झन्कार क्रान्तिको संचार गर्दै थियो ।

एक दिन मलिन साँझमा टुँडिखेल महाङ्कालस्थानअगाडि एउटा सुगठित पुरुष मोटरबाट ओर्ले । उनको चेहरा बल्दो व्यक्तित्वका साथै आत्मबलको परिचय दिन्थ्यो । सजग तर शुद्ध चालले उनी पछाडि चौरतिर लम्कँदै गए । रिक्त र त्रसित टुँडिखेलको स्वच्छन्दता निशाले हडप्दै थियो । सौम्य मुहारको आलोकले एक छिन तिमिर पनि झस्क्यो ।

अग्रिम सूचनाले पर्खिरहेको झैं यौटा युवकले दौडँदै ती पुरुषको सामु पुगेर विनम्र श्रद्धाले सलाम गर्‍यो ।

पुरुष––नयाँ सदस्य तिमी नै होइन र ?

युवक--सरकार !

पुरुष--तिम्रो बारेमा मलाई धर्मभक्तले सबै भनिसकेका छन् । यसै बीच अकस्मात् झुत्रा लुगा लगाएको एउटा अन्जान नगीचै आई 'हजूर ! दुई दिनदेखि भोकै छु, एक पैसा पाऊँ' भनी कम्पित स्वरले हात पसाऱ्यो ।

पुरुष--तिमी को हौ ? केही पनि खाएको छैन ? किन कामेको ?

अन्जान--म माग्ने प्रभु ! रोगी छु ।

पुरुष--मसँग तिमीलाई दिन अहिले क्यै छैन (फेरि युवकतिर हेरी) तिमीसँग दाम छ ?

युवकले हतपत खल्ती छाम्दै भएको मोहर जम्मै झिकी 'सरकार, सात मोहर छ' भनी अघि बढाए ।

पुरुष--उसलाई देऊ । (युवकले त्यस माग्नेको हातमा सबै मोहर राखिदियो ।)

पुरुष--(माग्नेतिर हेरी) तिमीलाई खान पुग्छ त !

माग्ने--सरकारको जय होस् ! उ खुट्टा लर्खराउँदै पछि हट्दै गयो, तर पुरुषको ध्यान दृष्टि अझै काम्दै गएको त्यस मगन्तेमाथि नै रहिरह्यो ।

पुरुष--(एक्कासि युवकतिर हेरी) कति दिन खाने होला ?

युवक--सरकार, तीन-चार दिनलाई त छाक टर्ने भो ।

पुरुष--अँ, अनि ?

युवक चूप लाग्यो ।

पुरुष––अब कामबारे जे गर्नुपर्छ, समय-समयमा खबर गर्नेछु। हिम्मत र होशले चल्नुपर्छ है ?

युवक––सरकार ! प्राण अर्पण छ ।

पुरुष––गङ्गालाललाई पनि सम्झाइदिनू। एक दिन तिमीसँग बसी कुरा गरुँला। ऐले काम गर्ने तिम्रा साथी कति जना छन् ?

युवक––सरकार ! मसमेत ऐले पाँच-छ जनामात्र छन्।

यत्तिकैमा मोटरको हरन सुनियो ।

पुरुष––लौ त अब जाऊ, पछि भेटको खबर दिउँला। युवक संकेत पाएर सचेत भई अनभिज्ञजस्तै टुँडिखेलको पल्लो छेउबाट मूल बाटोमा निस्कियो। मोटर गइहाल्यो। अलि पर बसी चाल-बाल हेर्दै प्रतीक्षा गरिरहेको एक सज्जनले युवकलाई तीव्र स्वरमा 'हरि, हरि' भनेर बोलाएको सुनी युवक उतै लाग्यो––

"धर्मभक्त दाइ ! तपाईंलाई धेरै कुर्नुपर्‍यो हगि ?"

धर्मभक्त––के भो र! राजासँग सबै कुरा भो त ? के के हुकुम भो ?

हरि––दाइ, अब जाऔं घर गएर सबै कुरा गरौंला ।

दुवै जोश र उमंगले प्रस्थान गरे । भोलिपल्ट त्यस दीन-दुःखीको सम्झनामा दयासिन्धु श्री ५ त्रिभुवन राजाले धर्मभक्तमार्फत एक थैली मोहर पठाइबक्सेको रहेछ, तर दुर्भाग्यवश त्यस माग्नेलाई कहिल्यै भेटिएन, चिनिएन ।

*****

गौरवमय तारा श्री ५ त्रिभुवन

हरिश्चन्द्रलाल सिंह

आषाढ १७ गते राष्ट्रपिता श्री ५ त्रिभुवनको शुभ जन्म दिन हो, जुन दिन सम्पूर्ण नेपाली आफ्नो व्यक्तिगत तथा राष्ट्रिय जीवन सुरक्षित भएको अनुभव गर्दछन् । राष्ट्रपिता श्री ५ त्रिभुवन त्यो महान् व्यक्ति होइबक्सन्छ जो आफ्ना प्रजाहरूबाट उनीहरूप्रतिको आफ्नो असीमित प्रेम तथा सद्भावनाको बदला त्यतिकै प्रेम, श्रद्धा र भक्ति प्राप्त गर्न सफल होइबक्सेको छ । राष्ट्रपिता आफ्नो देशमा प्रजातन्त्रका प्रवर्तकको रूपमा मात्र जनमानसमा छाइबक्सेन, यसका साथै मौसूफ देशका लागि सदा समर्पित, विवेकशील तथा उदार देशभक्त पनि होइबक्सन्थ्यो । राष्ट्रिय विकासप्रति राष्ट्रपिताको गहन चिन्तन र आफ्ना प्यारा प्रजाहरूको कष्टसाध्य जीवनको विकास-कार्यमा असीम प्रेम, सद्भावना आदि नै मौसूफले आफ्ना प्रजाबाट पाइबक्सेको प्रेमका मुख्य कारणहरू छन् । यी समस्याहरू हल गर्ने काममा सरकारबाट आफ्नो सम्पूर्ण जीवन सर्मपित गरिबक्सेको थियो । राष्ट्रपिताबाट एक पटक हुकुम भएको थियो––**प्रजाहरू विकासको वर्तमान स्थितिमा सन्तुष्ट भएका छैनन्, यसको एउटा कारण त आफ्नो उत्तरदायित्व वहन नगर्ने प्रवृत्ति हो भन्न सकिन्छ।** राष्ट्रपिताको यो उद्गार आफ्नो देश तथा जनताको भलाइप्रति मौसूफ कति मननशील होइबक्सन्थ्यो भन्ने सत्यको एउटा ठोस मापदण्ड हो ।

भव्य अलंकृत दरबारको पर्खालभित्र बन्दी जीवन बिताउनुपरे तापनि राष्ट्रपिताको अन्तर-मन पखेटा फिजाउँदै आफ्नो

देशमा के-कसो भइरहेछ बुझ्न सदा व्यस्त रहन्थ्यो । शुरूदेखि नै राष्ट्रपिताबाट असत् विरुद्ध लड्ने तथा सत्को रक्षा गर्ने उद्देश्य लिइबक्सेको थियो । राष्ट्रपिताबाट कहिल्यै पनि विलासको जीवन बिताउन चाहिबक्सेन, न त संरक्षणको मुकुन्डो लगाई आफ्नो वरिपरि चेवा बसेका राणाहरूलाई खुशी तुल्याई आफ्नो मात्र दैहिक सुख-सुविधाको काम गरिबक्सियो । यसको ठीक विपरीत, मौसूफबाट आफ्ना प्यारा प्रजाहरूलाई पीडा दिने राणाहरूलाई आमूल नष्ट गर्ने ध्येय ग्रहण गरिबक्सियो । राष्ट्रपिता श्री ५ त्रिभुवनको यो महान् उद्देश्य जनताको भलाइ तथा उनीहरूलाई अनुप्राणित गर्ने काममा सफल भइछाड्यो ।

राष्ट्रपिता श्री ५ त्रिभुवन आफ्ना प्रजाहरूको भलाइ तथा उन्नतिका लागि आफ्नो राजशक्ति र अधिकार त्याग गर्न तयार भइबक्सन्थ्यो । पर्खालभित्र बन्दी भएर पनि राष्ट्रपिताको जीवन पूर्णतया कार्यशील तथा धैर्यपूर्ण थियो । विभिन्न पार्टीका नेताहरू तथा जन-प्रतिनिधिहरूसँग मौसूफको व्यापक सम्बन्ध थियो । उनीहरूलाई यथासम्भव सहयोग प्रदान गरिबक्सेको थियो । बन्दीझैं हुँदा पनि राष्ट्रपिताको जीवन राजनीतिक गतिविधिमा व्याप्त थियो । तत्कालीन राणा-शासकहरूले राष्ट्रपिताको गतिविधि तथा जनतासँग मौसूफको सम्पर्कलाई छटाउन भरसक कोशिश गरेका थिए । तर राष्ट्रपिताको अटल विश्वासले मौसूफलाई आफ्नो पवित्र पथमा डोऱ्याइछाड्यो र राष्ट्रपिताबाट राणाहरूको डर-धम्कीलाई वास्तै गरिबक्सिएन । अन्त्यमा राष्ट्रपिताको दिल्ली प्रस्थानको अवधिभित्र राणाहरूले जन-आकांक्षाको सामु झुक्नै पऱ्यो र यसरी देशमा राणा शासनको सधैंका लागि अन्त्य भयो । राष्ट्रपिताबाट देशमा प्रजातन्त्र ल्याइबक्सियो र यसलाई हुर्काउन (परवरिश) दिलोज्यानले सहयोग प्रदान गरिबक्सियो । देशमा प्रजातन्त्र स्थापित भएको तत्कालै पछि राष्ट्रपिताबाट आफ्नो देश-विकास तथा जनताको अवस्थामा समुन्नति ल्याउन विभिन्न कदम उठाइबक्सियो । तर तत्कालै मौसूफले यस कार्यमा सफलता पाइबक्सेन । राजनीतिक पार्टीका नेताहरू देशको पुनर्निर्माण-कार्यमा संलग्न भई सहयोग गर्नुको अपेक्षा दलगत

भावनाले प्रेरित भई शक्ति र प्रतिष्ठाका लागि आपसमा झगड़ा गर्न अग्रसर भए । यसले गर्दा देशको विकास-कार्यमा बाधा उत्पन्न भयो । राष्ट्रपिता श्री ५ त्रिभुवनबाट धेरै पटक राजनीतिक यी नेताहरूलाई आपसमा मिली राज्यको काम राम्रो संचालन गर्न आह्वान गरिबक्स्यो । राष्ट्रपिताबाट वारम्बार राज्य-संचालनमा जन-प्रतिनिधित्वको आवश्यकतालाई औंल्याइबक्सँदै यी शब्द व्यक्त गरिबक्सेको थियो——

नेपालले सामाजिक, राजनीतिक तथा आर्थिक समुन्नति तथा देशमा शान्ति, सुरक्षा कायम गर्न कदम उठाउनुपरेको छ । देशको सर्वाङ्गीण विकास-कार्यमा लक्ष्य हासिल गर्न राष्ट्रिय पुननिर्माणको गतिविधिमा जनताको सक्रिय योगदान र जनप्रतिनिधित्व गर्ने सरकार वाञ्छनीय छ ।

राष्ट्रपिता श्री ५ त्रिभुवन आफ्नो देशको विकास हुन्छ भन्ने कुरामा ज्यादै आशावादी होइबक्सन्थ्यो । विभिन्न उत्सव आदिमा बक्सेका मौसूफका भाषण तथा घोषणाहरूबाट मौसूफको दूरदर्शिता, मूल्यहरूको सूक्ष्म तथा विवेकपूर्ण निरूपण-शक्ति मूलभूत विषयहरूमा सतत झुकाव कति हार्दिक रूपमा थियो भन्ने सत्यलाई स्पष्ट गरेका छन् । ई० १९५६-मा राष्ट्रपिताबाट यस प्रकार महत्त्वपूर्ण भाषण बक्सेको थियो——**राष्ट्रिय विकासको लागि राजा र प्रजाको आपसमा सहयोग र विश्वास हुनु आवश्यक छ । प्रत्येक नेपाली आपसमा प्रेम, सौहार्दता र एकताको भावना भएको अवस्थामा कुनै पनि बाह्य संसारले हाम्रो देश नेपालमा हस्तक्षेप गर्न सक्नेछैन । मुखले एउटा भन्ने र कामले अर्कै गर्ने प्रवृत्ति उपयोगी सिद्ध हुन सक्दैन ।**

आफ्नो सम्पूर्ण जीवन जनताको भलाइको लागि सर्मपित गर्ने, नेपालीहरू मात्रका लागि गौरवका प्रतीक राष्ट्रपिता श्री ५ त्रिभुवन दुर्भाग्यवश लामो आयुसम्म बाँच्न पाइबक्सेन । राष्ट्रपितालाई स्वीट्जरल्यान्डको जुरिच अस्पतालमा लगियो । मौसूफबाट जुरिच प्रस्थानअगाडि प्रजाको नाममा बक्सेको अन्तिम सन्देश ज्यादै मार्मिक थियो——**उपचारको लागि म दोस्रो पटक जुरिच जाँदैछु । म फर्कन्छु या फर्कदिनँ निश्चय छैन । एकमात्र सन्तोषको कुरा यही हो कि**

आज देश सबैको साझा भएको छ र यसको लागि सबैले प्रयत्न गर्नुपर्दछ।

राष्ट्रपिताबाट अन्तिम अवस्थामा प्रकट गरिबक्सेका उक्त शब्दहरूमा मौसूफ सांसारिक व्यामोहबाट कति मुक्त होइबक्सन्थ्यो भन्ने कुरा प्रतिविम्बित भएको छ। एउटा शहीदको झैं राष्ट्रपिताको निधन भयो जसले गर्दा सारा प्रजाहरू तथा यस प्रकारको पवित्र पथमा लागेका अन्य व्यक्तिहरूका हृदयमा असहनीय र अवर्णनीय चोट पऱ्यो। प्रजाहरूमा एकमात्र सन्तोषको कुरा यही रह्यो, राष्ट्रपिताका सुयोग्य तथा प्रतिभा-सम्पन्न पुत्ररत्न श्री ५ महाराजाधिराज महेन्द्र-वीरविक्रम शाहदेव सरकारलाई आफ्नो राजाको रूपमा पाए। मौसूफको हृदयमा आफ्ना महान् पितामा जस्तै देश तथा प्रजाको हित र उन्नतिको लक्ष्य उद्वेलित भएको छ। श्री ५ महेन्द्रबाट विभिन्न परीक्षण, मनन र अनुभवपछि पंचायती व्यवस्था प्रदान गरिबक्सेको छ। यसमा राष्ट्रपिता त्रिभुवनको समयमा व्यापक रूपमा फैलिएको पार्टीहरू बीचको झगडा, तकरार र अव्यवस्था छैन। यसरी राष्ट्रपिताको महान् स्वप्न हालको व्यवस्थामा मूर्तमान भइरहेछ। श्री ५ महेन्द्रको नेतृत्वमा राष्ट्रको लक्ष्य सुरक्षित भई अगाडि बढिरहेछ।

*****

त्यो दिनको सम्झना

हरि श्रेष्ठ

आज श्री ५ त्रिभुवनको भारत सवारी . . . सूर्यको प्रखर ज्योति नेपाली धरातलमा आइपुग्दा-नपुग्दै कान-कानमा गुप्त रूपले गुन्ज्यो । नेपाली जनता तथा नेपाल आमालाई एक सय चार वर्षको बन्धनबाट मुक्त गर्न आज प्यारा राजा विवश भई विदेशमा सवारी हुन लागिबक्सेको छ । शहरमा भित्रभित्रै सनसनी फैलियो, तर बाहिर यसको रङ्ग लागेको देखिएन––केवल मौन . . . निश्तब्ध, शान्त . . . । राणा-शासकहरू विचार गर्दा हुन्––जनता अनभिज्ञ छन् । तर वास्तविक परिस्थिति यसको विपरीत थियो । श्री ५ त्रिभुवनको सम्बन्धमा जनताको उत्सुकता तीव्र गतिमा बढ्दै गयो । दुःख, पीडा र छटपटीले विह्वल जनताका आँखाबाट श्री ५ त्रिभुवनप्रतिको आस्थाका प्रतीक आँसुका थोपाहरू टपटप टप्किरहेका थिए । तर आँसुका प्रत्येक टप्काइमा जिज्ञासापूर्ण प्रश्न थियो––के हामीलाई छाडी जान लागिबक्सेको ? सधैंको लागि के देशलाई नै छाडी जान लागिबक्सेको ..किन...अब देशको अवस्था ? के श्री ५ युवराजाधिराज महेन्द्र पनि...?

यी प्रश्नसूचक शब्द जनताका अगाडि शृंखलायुक्त एक विशाल पर्वतझैं उभिए । एक शृंखलापछि अर्को शृंखलाको क्रममा उनीहरूको प्रश्न लम्बिँदै जान्थ्यो । के श्री ५ महेन्द्र पनि...? उनीहरूको हृदयको गम्भीर सागरमा कसैले एउटा ठूलो पत्थर फ्याँकिदियो। त्यो तरङ्ग उनीहरूको हृदयको सीमासम्म पुगेर ठक्कर खान पुग्यो एकै छिनमा । उनीहरू अवाक् भए । उनीहरूको शरीरको

सारा गतिलाई नै अन्धकारले छोपिदियो। अन्धकार, चारैतिर विकराल अन्धकार। उनीहरूको हृदयले अधिराज्यको कसरी प्रतिनिधित्व गरिरहेको थियो, यस स्तम्भका लेखकलाई पछिमात्रै थाहा भयो।

इतिहासको नयाँ पाना थपियो। राजाको अदम्य साहस, पवित्र आकांक्षा, त्याग तथा बलिदान देखेर प्रकृतिका सारा अङ्ग-अङ्गमा नूतनताको प्रादुर्भाव भयो। नेपाली हृदयमा धक्का लाग्यो, एक धक्का जसले तिनको लामो नींद टुटाइदियो। अनि आफूले देखिरहेको भयानक स्वप्न एकाएक मधुरतामा परिणत भएको उनीहरूले आफै अनुभव गरे। अनि तिनले आफैलाई एक कायरको रूपमा देखे। होइन, कायर थिएनन्। झन् उत्साह तथा जोश प्रत्येक नेपालीमा आविर्भाव भयो। जनतामा एकता तथा संगठनात्मक भावनाको एकाएक सिर्जना भयो। अनि सारा जनता जसको कानमा यो समाचार गुन्ज्यो ती छटपट तथा पीडित भए। क्रोध, आवेश तथा छटपटीको यस सन्दर्भमा अनि मैले यही सुनें––"हामी जान दिन्नौं। हामी रोक्न जान्छौं। हामी फर्काउँछौं, हामी राणाको विरुद्धमा लड्छौं, हामी मर्छौं। नेपाली रगत उर्लेर आयो तातो हुँदै––हामी लड्छौं। हाम्रो शरीरमा रगतको एक-एक थोपा बाँकी भएसम्म हामी लड्छौं। देशको निम्ति, राजाको निम्ति हामी आफ्नो जीवन बलिदान दिन्छौं। प्यारो राजाको निम्ति हामी मर्छौं। हामी फर्काउँछौं।"

आवेश बढ्दै गयो जनताको। जसको कान छ उसले श्री ५ त्रिभुवनको सम्बन्धमा कुरा सुन्न उत्सुकताको अपरिमितता देखायो; जसको आँखा छ, उसले श्री ५ त्रिभुवनको दर्शन गरी जनता मौसूफप्रति विद्यमान भएको संकेत गर्ने इच्छा देखायो। अनि जसका हात र खुट्टा साबुद छन्, उसले राणाको सुरक्षित पर्खाल भत्काउन आफ्नो क्रान्तिकारी भावनाको प्रदर्शन गर्न खोज्यो––हामी मर्छौं, तर हामी हाम्रो राजालाई फर्काइछाड्छौं।

तर फर्काउने कसरी? गौचर हवाईअड्डा जाने बाटो बन्द भैसकेको छ। ठाउँ-ठाउँमा पुलिसको कडा निगरानी थियो। अनि एक पटक फेरि प्रश्न उठ्यो मूल बाटो नै फोड्ने। तर कसरी? दुई

सय जतिको जमातमा कुनै नेतृत्व थिएन । तर सबैले सबैको नेतृत्व गरिरहेका थिए । आवेश तथा क्रोधले फेरि हामी अगाडि बढ्न लाग्यौं । बाटोमा मानिसको संख्या बढ्दै गयो । बालक, बूढा, तरुण, विद्यार्थी तथा किसान सबका सब हामी फेरि अगाडि बढ्यौं । अब यताबाट जाऔं––हाम्रो गतिमा तीव्रता आयो । हामी बढ्यौं फेरि । तर हामीले देख्यौं एकै छिनमा हामीलाई रोक्न कटबाँसका लामा-लामा लट्ठी लिएर उभिरहेका पुलिसका पंक्तिहरू...फलामका टोपी लाएका पुलिसका पंक्तिहरू ।

हामी आफ्ना संकल्पमा दृढ थियौं । लामा-लामा कटबाँसका लट्ठी त्यस बखत हामीलाई लाग्यो मकैका ढोड, त्यसैले हामी फेरि अगाडि बढ्यौं, तर जताततै पुलिसको जमात उभिइरहेको हामीले देख्यौं । एउटा आवेशमा करायो––पुलिसको दललाई नै फोडौं । हामी अगाडि बढ्यौं । प्रत्युत्तर आयो––हामी मर्न तयार छौं । केही अगाडि बढ्न खोज्यौं, बढ्यौं पनि; तर पुलिसको निर्मम प्रहारले हामीलाई बाटो लिन बाध्य गरायो । गुह्येश्वरीको जङ्गलै-जङ्गलबाट हामीहरू एक जमात जसमा विभिन्न वर्ग तथा उमेरको संगम थियो गौचरको बाटो खोज्दै खेतैखेतबाट अगाडि बढ्यौं, दगुर्‍यौं । हामी-पछाडिका मानिसलाई के भयो, त्यसतर्फ सोचिरहने समय हामीलाई थिएन । कति मानिस हाम्रो तीव्र गतिको हिंडाइमा अगाडि बढ्न असमर्थ भए, कति भीरबाट लडे अथवा कति घाइते भए, हामीलाई यसको मूल्यांकन गर्ने न समय नै रह्यो, न सहानुभूति प्रदर्शन गर्न नै हामीले सक्यौं । हाम्रो एउटै मात्र लक्ष्य थियो––श्री ५ त्रिभुवनको विमान उड्नुअगाडि हामी त्यस ठाउँमा पुगिसक्नुपर्छ । फेरि अगाडि बढ्यौं पहिलेको गतिभन्दा पनि तीव्रतामा । शहरबाट दुई मील टाढाको गौचर आज हामी पाँच मीलभन्दा बढ्ता हिंड्दा पनि पुग्न असमर्थ भयौं । पुलिसको आँखा छल्दै फेरि अगाडि बढ्यौं ।

आखिर बल्ल गुह्येश्वरीको जङ्गल पार गरी गौचर मैदानको एक छेउमा कुल्यौं––इन्क्लाब जिन्दावाद ! हाम्रो साहस बढ्यो । अब हामी राष्ट्रनायकलाई रोक्न जाऔं । हामी जान दिन्नौं । हामी राजाको

साथ दिन्छौं । फेरि अगाडि बढ्यौं, तर चारैतिर लाम लागेका कटबाँसका लामा-लामा लट्ठी लिएका पुलिसहरू फेरि देख्यौं । हामीहरूको सबै प्रयास असफल भयो । किन अगाडि नबढ्ने ? इन्क्लाब जिन्दाबाद, राणाशाही मुर्दाबाद ! पुलिसको निर्मम प्रहार शुरू भयो । आफ्ना प्यारा राजालाई फर्काउन आएका दग्ध आतुर तथा शोक-विह्वल हृदयले पुलिसको निर्मम प्रहारमा आफूलाई न्यौछावर गरे । रगत बग्यो, टाउको फुट्यो । कति ढुन्मुनिंदै लडे । तर जोश शान्त भएन । झन् नेपाली रगत उर्लेर आयो तातो हुँदै—इन्क्लाब जिन्दाबाद, राणाशाही मुर्दाबाद !

आवेशमा एउटा विद्यार्थी करायो—राणाशाही मुर्दाबाद ! पुलिसले आफ्नो निर्ममताको परिचय दियो । एक प्रहार मेरो टाउकोमा बज्र्यो, आँखा तिरमिरायो । तर सँभालें—इन्क्लाब जिन्दाबाद ! विमान उड्न लाग्यो । फेरि एक पटक हामीले अगाडि बढ्ने प्रयास गर्‍यौं । तर हाम्रो प्रयास असफल भयो । विमान चक्कर लगाउँदै माथि उड्यो । एक पटक फेरि हामी सबै करायौं—हामी फर्काउँछौं । शायद हामीहरूको यो आन्तरिक उद्गार विमानको गतिलाई पनि उछिनी श्री ५ त्रिभुवनको कानसम्म पुग्यो होला—इन्क्लाब जिन्दाबाद, राणाशाही मुर्दाबाद ! एकै छिनमा विमान अदृश्य भयो ।

तर यता विवश हृदय रोहरहेको थियो ।

*****

श्री ५ त्रिभुवन र प्रजातन्त्र

(कम्पाउन्डर चन्द्रमान सँजूको वर्णनको आधारमा)

हरि श्रेष्ठ

नेपालको इतिहास यसनिम्ति पनि गहन भएको छ युगको आव्हान तथा मागअनुसार समय-समयमा नेपाली राजाले देश तथा जनताको समृद्धिको निम्ति आफ्आफ्नो योगदान दिंदै आइरहेका छन् । यी राजाहरूको क्रममा श्री ५ बडा महाराजा पृथ्वीनारायण शाह, श्री त्रिभुवन तथा श्री ५ महेन्द्रको नाम नेपाली इतिहासमा विशेष उल्लेखनीय र सम्मानको रूपमा अङ्कित भएका छन् ।

साना-साना राज्यमा टुक्रिएका शक्तिहीन तथा विकास र संवृद्धिको अवरोधको रूपमा रहेको नेपाललाई एक विशाल राज्यमा सुसंगठित गरी नेपालको सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तन एवं प्रगतिको महान् प्रेरणाको रूपमा श्री ५ बडा महाराज पृथ्वीनारायण शाहको प्रादुर्भाव हुन्छ । यसका केही समयपछि राणाशाहीको दीर्घकालीन शासन अन्त गर्न शोषित जनताको उद्धार, अधिकार तथा स्वतन्त्रताको निम्ति श्री ५ त्रिभुवनको साहस एवं त्यागले नेपालको इतिहासमा नयाँ मोडको सिर्जना हुन्छ । अनि सात सालको जनक्रान्तिबाट प्रजातान्त्रिक अधिकार जनताले पाउँदा केही स्वार्थी व्यक्तिहरूको दलगत संकुचित विचार तथा साम्प्रदायिक भावनामा क्षीण हुँदै गइरहेको जनशक्ति तथा देश टुक्रिने सम्भावनामा प्रजातन्त्रको भइरहेको दुरुपयोगलाई सत्र सालको महान् कदम चालि-

बक्सेर पीडित जनतालाई त्राण बक्सी पंचायत-व्यवस्थाअन्तर्गत देशका तमाम जनताको समृद्धिको रूपमा श्री ५ महेन्द्रको आविर्भाव भएको नेपालको इतिहास छ ।

त्यसैले विश्वका घटित घटनाहरूको अनुकरणमा नेपालको इतिहास बोल्दैन । नेपालको इतिहास आफ्नै ढङ्गमा अलग रही आदर्शको रूपमा बोल्न चाहन्छ । साम्प्रदायिक रङ्गमा रँगिई धर्म-संघर्षमा नेपाली जनशक्ति अथवा राजशक्ति बरबाद भएको नेपालको इतिहास छैन । राजाप्रति जनताको अद्वितीय आस्था तथा जनता-प्रति राजको अतुलनीय प्रेम––यही नेपालको इतिहासको विशेषता हो । यसैले आफ्नो अधिकार तथा स्वतन्त्रताको निम्ति लड्न सिकेका विश्वका जनतामा नेपाली इतिहासले तुलबुली ल्याउँछ । यही नेपाली राजाको विशेषता हो । तर नेपालको इतिहासमा यस्तो सनसनीपूर्ण घटना घट्यो जसद्वारा प्रायः सम्पूर्ण राजशक्तिमा राणा-शाहीको हस्तक्षेप भयो । राणा-परिवारको एक शताब्दीभन्दा बढी समयको शासनमा जनता पिसिए, शोषित भए । नेपाली जन-जीवनमा हुनुपर्ने कुनै पनि प्रकारको विकास अवरुद्ध भयो । यी कुराको पूरा बोध तथा अवगत श्री ५ त्रिभुवनमा भए पनि परिस्थिति नाजुक थियो । राणाशाहीको प्रचण्ड दबदबाको विरुद्ध लड्न सक्ने यहाँ कुनै साधन तथा शक्तिको प्रदुर्भावको अनुमान तथा विचार समयको अस्वाभाविकतामात्र थियो । यस्तो अवस्थामा युगको प्रबल आव्हान-अनुरूप राणाशाहीको अन्त गर्न एवं देश-नरेशको सुख-समृद्धिको निम्ति नेपाल प्रजा-परिषद्को जन्म भयो । नेपाल प्रजा-परिषद्को स्थापनाअगाडि नागरिक अधिकार-समितिको गठन विशेष उल्लेखनीय छ । तर यसका सदस्यहरू पनि प्रधान मन्त्री जुद्धशमशेरको शासन-कालमा पक्राउ भएकोले यो समिति पनि असफल भएको थियो । तर पनि यसले जनतामा क्रान्तिको बीजारोपण गर्‍यो । नेपाल प्रजा-परिषद्को गठन र कार्य-संचालनपछि कांग्रेस आदि विभिन्न राज-नीतिक तथा सामाजिक संस्थाको सिर्जना हुन्छ । तर यस प्रसंगमा यहाँ श्री ५ त्रिभुवन तथा नेपाल प्रजा-परिषद्सँग सम्बन्धित केही घटनाहरूमात्रको विवेचना लेखकले गर्न लागेको छ ।

नेपाल प्रजा-परिषद्को जन्म भए पनि राणाशाहीको प्रचण्ड दबदबाको अगाडि त्यसको उद्घाटन गर्न न कसैमा आँट नै थियो, न त्यसको कार्य-संचालन गर्नमा नै । १९९३ साल ज्येष्ठ २० गते स्थापना भएको नेपाल प्रजा-परिषद्का सदस्यहरू धर्मभक्त, दशरथ चन्द, टङ्कप्रसाद आचार्य, रामहरि शर्मा तथा जीवराज शर्माको बीच भएको विचार-विमर्शको निष्कर्षमा यही निर्णय भयो––यस संस्थामा श्री ५ त्रिभुवनको समावेशबिना राणाशाहीको विरुद्ध कुनै क्रान्तिकारी कदम उठाउनु असम्भव छ । तर पार्टीमा राजालाई यसरी सम्मिलित गराउने कार्य केवल दिवा-स्वप्न थियो । यो कम साहसको कुरा थिएन । श्री ५ त्रिभुवनको पहलमानीमा अभिरुचि भएकोले यस काममा राणा प्रधान मन्त्रीले धर्मभक्तलाई तैनाथ गरेका थिए । यसैले श्री ५ त्रिभुवन र धर्मभक्तको सम्बन्ध पहलमानीबाट भएकोले श्री ५ त्रिभुवनको सहयोग पाउन टङ्कप्रसाद र दशरथ चन्दले धर्मभक्तलाई सरीक गराएका थिए । यति हुँदा पनि धर्मभक्त आफ्नो महान् कार्यमा सफल हुन सकेनन् । कारण त्यस समय धर्मभक्तको पहलमानीको सम्बन्ध छुटिसकेको थियो । अन्त्यमा विचारको निष्कर्ष केमा आयो भने पार्टीमा कम्पाउन्डर चन्द्रमानको समावेशबिना श्री ५ त्रिभुवनको सहयोग असम्भव छ । यसपछि कम्पाउन्डर चन्द्रमानलाई हात लिएर नेपाल प्रजा-परिषद्को सदस्य बनाउने प्रयत्न भयो । यस काममा धर्मभक्त सफल भए । आत्मीय विश्वास बढ्दै गएपछि १९९३ सालको बडा दसैंको समयमा धर्मभक्तले कम्पाउन्डर चन्द्रमानलाई शोभा भगवतीको दर्शन गर्न जाने अनुरोध गरे । धर्मभक्तको अनुरोध स्वीकार गरी दुई जना देशसेवकहरू शोभा भगवतीको दर्शन गर्न गए । दर्शनपछि भद्रमतीको किनारामा धर्मभक्तले आफ्नो उत्कट अभिलाषा पोख्न खोजे । धर्मभक्तले चन्द्रमानप्रति आफ्नो आत्मीय विश्वासको सन्दर्भमा भने–– "चन्द्रमानजी, के म तपाईंसँग एईटा कुरा गरूँ ?" धर्मभक्तको नम्रता तथा आत्मीय विश्वासको चरम शिखरमा कम्पाउन्डर चन्द्रमानले यही देखे ––प्रेम-विव्हल कुनै प्रेमिकाको रसिलो आँखाझैं धर्मभक्तका दुवै आँखा आँसुले रसाएका ! तिनको रसिलो आँखामा देखा परेका आत्मीय प्रेमको निर्मल आँसुबाट कम्पाउन्डर चन्द्रमान सहसा

आकर्षित भए–– "हुन्छ, भन्नुस् के कुरा हो त्यो ?"

तर पनि धर्मभक्तलाई आफ्नो प्रबल आकांक्षा पोख्न साहस आएन र तिनले आफ्नो विश्वासमाथि अझ मजबूती ल्याउन शपथ ग्रहणको प्रस्ताव राखे । कम्पाउन्डर चन्द्रमानले ईश्वर सम्झी शपथ ग्रहण गर्न भद्रमतीको पवित्र जलमा आफ्ना दुवै हात चोपे––"यो गोप्य कुरो कसैलाई प्रकट गरें भने ईश्वरले मलाई कहिल्यै भलो नगरून् !"

यस प्रकारको शपथ ग्रहणपछि धर्मभक्तले विश्वासको लामो सास ताने । नजाने त्यस बेला तिनको आँखा नेपालको कुन क्षितिजसम्म पुगेको थियो । देशको तत्कालीन परिस्थितिको चित्रण गर्दै धर्मभक्तले आफ्नो आन्तरिक अभिलाषा यसरी व्यक्त गरे–– "तपाईंलाई थाहै छ कम्पाउन्डरसाहेब, राजा त्रिभुवनका हामी प्रजा हौं । तर हाम्रा राजा राणाहरू भइरहेछन् । राजा र प्रजाकै हक-इन्साफको लूट भइरहेको छ । त्यसैले राणाहरूलाई हटाएर प्रजातान्त्रिक व्यवस्था ल्याई राजा-प्रजाबीचको हितलाई रक्षा गर्ने मेरो प्रबल संकल्प छ । तपाईं पनि यसमा सरिक भैदिनुपर्‍यो ।"

त्यस बेला प्रजातान्त्रिक व्यवस्थाको परिपाटीको सम्बन्धमा ज्ञान नभए पनि धर्मभक्तको देश-सेवा तथा साहस देखेर चन्द्रमान छक्क परे–– तत्कालीन राणाशाहीको प्रचण्ड शक्तिको विरुद्ध संघर्ष गर्नु कल्पनाबाहिरको कुरो थियो । चन्द्रमानको हृदयको धड्कन बढ्यो । भय, त्रास आशंकाले तिनको आँखा तिरमिरायो । एक बित्ताको छातीमाथि विशाल पर्वतको अवस्थितिको महसूस भयो––गह्रौं, असजिलो । तर तुरुन्तै आफ्नो साहस बटुली धर्मभक्तलाई उनले भनें––"म तयार छु ।"

भद्रमतीको पावन तीर्थमा चन्द्रमानको पूर्ण सहमति प्राप्त भएपछि धर्मभक्त फेरि भन्न थाले––"हेर्नुस्, तपाईं दरबारको मानिस, पछि केही राम्रो-नराम्रो पर्न जाला । सरकारमा जाहेर गरेर गर्नु ठीक होला । म पनि सरकारकै सेवक हुँ । तर पनि मेरो निम्ति चिन्ता नगर्नुस् । मौसूफमा यो काम झन् राम्रो लागे बेसै भयो । बाघको छालामा स्यालको दाइँ भइरहेछ ।"

यसरी धर्मभक्तले चन्द्रमानलाई देशको परिस्थिति तथा आफ्नो उत्कट अभिलाषा तर्कयुक्त रूपमा प्रस्तुत गरे । यसपछि चन्द्रमानले मौसूफमा जाहेर गरी प्रत्युत्तर सन्देश लिई आउने विश्वास दिए । धर्मभक्तले आफ्नो महान् अभियानमा सफलताको झलक देखेकोले सन्तोषको सास फेरे । यता चन्द्रमानले पनि यस कुराको स्वीकृतिको निम्ति श्री ५ त्रिभुवनको प्रतीक्षा गर्न थाले ।

एक बिहान, गगनपटमा यताउति काला बादलका टुक्राहरू देखा परिरहेका थिए । त्यही काला बादलको बीच-बीचबाट छिरेर गार्डेन हवेलीमा मधुरो घाम लागिरहेको थियो । श्री ५ त्रिभुवन आफ्नो मोस कुकुरको साथ डेसिंग पोशाकमा टहलिबक्सेको थियो । यही मौका उपयुक्त ठानी चन्द्रमानले हाजिरी पठाए । भित्रबाट बोलावट आएपछि दर्शन गरी 'केही बिन्ती गर्नु थियो' भनी चन्द्रमानले बिन्ती गरे । एकान्तको मौका पारिबक्सी मौसूफबाट हुकुम भयो—"चन्द्रमान, भन के कुरा छ ?"

दुवै हात जोडी चन्द्रमानले बिन्ती चढाए—"प्रजावत्सल प्रभु ! हामी सरकारकै प्रजा हौं । हाम्रा राजा सरकार होइबक्सिन्छ, तर यस अवस्थामा राणाहरू हाम्रो वास्तविक राजा भइरहेका छन् । हामीहरू उनीहरूका प्रजा भइरहेका छौं । त्यसैले राणाको विरुद्ध काम हुन लागेको मैले थाहा पाएँ । त्यसमा काम गर्ने मैले पनि स्वीकृति दिई आएँ । यो कुरा सुनिबक्सेर मौसूफ मन्द हाँसिबक्सियो । तर यसको प्रत्युत्तर मौसूफबाट केही बक्सेन । बाहिर सवारी होइबक्स्यो र गम्भीर तथा शान्त मुद्रामा मौसूफ टहलिबक्स्यो । आधा घण्टासम्म पनि कुनै प्रत्युत्तर मौसूफबाट पाउन नसकोले चन्द्रमानको हृदयको धड्कन बढ्दै जान लागिरहेको थियो । नजाने त्यो आधा घण्टाको बीच तिनको मस्तिष्कमा विचारका अनन्त चक्कर आए होलान् । प्रत्युत्तरको अभावमा तिनलाई एकातिर डर, भय, त्रासले व्याप्त गयो, अर्कोतिर मौसूफको हँसिलो चेहराले आश्वासन तथा सान्त्वना पनि दिइरहेको थियो । तिनी मौसूफको पछि-पछि लाग्दै थिए ।

आधा घण्टा टहलिबक्सेर मौसूफ फेरि गार्डेन हवेलीको बङ्गला-भित्र सवारी होइबक्सियो । चन्द्रमान डर, भय, त्रास तथा आशाको संघर्षमा आफ्ना दुवै हात जोडी उभिरहेका थिए । कवचमा राज होइबक्सेपछि 'बस' भनी हुकुम हुँदै मौसूफबाट नेवारी भाषामा चन्द्रमानलाई सोधिबक्सियो––"ए चन्द्रमान, थ्व खँ छं अथें धैगुला कि धात्थें दुने मनंनिस धैगु ?"

श्री ५ त्रिभुवनलाई सात्विक राजाको रूपमा नेपालीहरूले मानी आएका छन् । किनभने अहंकाररहित ओजपूर्ण व्यक्तित्व, सरल भावना, सरल विचार तथा प्रजावात्सल्य, साहस आदि मौसूफका प्रधान गुण हुन् । मौसूफका भावनाको सहजै विश्लेषण गर्न यी उद्गार नै प्रशस्त छन् । एउटा साधारण व्यक्तिबाट बिनापरीक्षा 'यो कुरा तिमीले भित्र दिलैदेखि भनेका हौ ?' भनी सोधिबक्सेर केवल विश्वासमा निर्भर होइबक्सनु मौसूफको महानताको विजयसिवाय आजको युगमा अरू केही भन्न सकिन्न ।

"प्रजावत्सल नाथ, मैले भित्र दिलैदेखि बिन्ती चढाएको हुँ ।"–चन्द्रमानले हात जोड्दै भने ।

"उसो भए त्यस संस्थामा को-को छन् ?"

"धर्मभक्त, दशरथ चन्द, टङ्कप्रसाद आचार्य, रामहरि शर्मा, जीवराज शर्मा..."

"धर्मभक्तमाथि तिमीलाई कस्तो विश्वास लाग्यो ?"

"मलाई विश्वास छ ।"

"के पूरा विश्वास छ ?"

"प्रभु, मलाई यो काममा उनीमाथि पूरा विश्वास छ ।"

"तिमीले तिनीहरूसँग कुरा गरिसक्यौ ?"

"प्रभु, धर्मभक्तबाहेक अरूसँग मैले कुरा गरिसकेको छैन ।"

"त्यसो भए तिनीहरूसँग कुरा गरी, के-कसो राम्रो बुझी तय गरी आउनू ।"

मौसूफको प्रत्युत्तरले चन्द्रमानको हौसला बढ्यो। तिनले आफ्नो महान् कार्यमा सफलता देखे, तुरुन्तै धर्मभक्तलाई बोलाउन पठाए। चन्द्रमानले धर्मभक्तलाई मौसूफसँग भएको सारा वार्ता अवगत गराए। धर्मभक्त हर्षले गद्गद भए। तिनले भोलिपल्टै आफ्नो ओमबहाल टोलको घरमा नेपाल प्रजा-परिषद्का सदस्यहरू भेला गराउने निर्णय दिए। भोलिपल्ट चन्द्रमान, धर्मभक्तको घरमा पुग्नुअगाडि नै तिनले सदस्यहरू सबै भेला गराइसकेका थिए र त्यहीं परस्परमा परिचय-गोष्ठी पनि भयो।

धर्मभक्तको कोठा अति साधारण रूपमा थियो। सदस्यहरूबाहेक अरू कोही नभएको घर––सूनसानको प्रतीत हुन्थ्यो। त्यस समय त्यो घरमा धर्मभक्तकी फुपूकी छोरी एउटीमात्र थिइन्। धर्मभक्तले कोठाको गजबार लाएपछि टङ्कप्रसादले चन्द्रमानलाई सम्बोधन गरी भने––"तपाईंको प्रतीक्षा गर्दै थियौं। तपाईं पनि आइपुग्नुभयो। आज देश-नरेशको सेवा गर्ने तथा क्रूर राणा-शासन खतम गर्ने नेपाल प्रजा-परिषद्को सृजना भएको छ। अब केवल तपाईंको निस्स्वार्थ सहयोगको आवश्यकता छ।"

"तपाईंको मनोकांक्षा अवश्य पूरा हुनेछ।" यो सुनेर रामहरि शर्मा तथा जीवराज शर्माले खुशी भै ताली बजाए। हर्षको उद्गारस्वरूप जीवराजले एउटा गीत पनि गाए। गीत गाइसकेपछि यी देशसेवीहरूको बीच विभिन्न विषयमा विचार-विमर्श भयो। विचार-विमर्शको अन्त्यमा नेपाल प्रजा-परिषद्का यी पाँच जना सदस्यहरूको बीच परस्परमा गोपनीयताको शपथ-ग्रहण पनि भयो। शपथ-ग्रहणपछि खानाको साथै गफका रमाइला चुड्किलाहरू निस्के। खुशी भएर रामहरि शर्माले भने––"अब हामी सबै एकै परिवारका सदस्य भयौं।" यसको प्रत्युत्तरमा सबैको एउटै वाक्य निस्कियो––"निःसन्देह, तपाईंले सत्य कुरा बोल्नुभयो।"

"आजको वृत्तान्त मौसूफमा म अवश्य बिन्ती चढाउनेछु।" यो उद्गार पोखेर चन्द्रमान धर्मभक्तको घरबाट बाहिर निस्के। यसको छ-सात दिनपछि चन्द्रमानले मौका खोजी श्री ५ त्रिभुवनमा सारा

वृत्तान्त बिन्ती गरे ।

"तिमीलाई कस्तो लाग्यो त ?"

"प्रभु, टङ्कप्रसाद आचार्यको कुराबाट मलाई हृदयदेखि नै विश्वास लागेको छ । रामहरि शर्मा र जीवराज शर्मा पनि आत्माभिमानी रहेछन् ।" यसपछि मौसूफबाट स्वीकृतिको संकेत बक्सियो । साथै पार्टीको गतिविधि पनि बराबर अवगत गराउने तथा खबरको आदान-प्रदान गर्ने कुराको पनि मौसूफबाट हुकुम भयो । राजालाई नर-नारायणको रूपमा विश्वास गर्ने चन्द्रमानको हृदय श्री ५ त्रिभुवनसँग आफ्नो निकटतम सम्बन्ध पाउँदा हर्षले विभोर भयो ।

यसरी अब पार्टी र राजाको बीच सन्देशको आदान-प्रदान कायम भयो । यसै बीच मौसूफमा धर्मभक्तलाई दर्शन-भेट गराउन लैजाने प्रबन्ध पनि चन्द्रमानले गरे । धर्मभक्तले देशको गतिविधि तथा आफ्नो भावी कार्यक्रमको संक्षिप्त जानकारी श्री ५-मा चढाए । श्री ५ त्रिभुवनबाट चन्द्रमान सैंजुमार्फत नेपाली प्रजा-परिषद्को उद्घाटन तथा कार्य-संचालन गर्नको निमित्त ४ हजार भा० रु० बक्सियो । यसरी राजाको आश्वासन तथा आर्थिक सहयोग पनि पाएकोले गुह्येश्वरीमा पूजा गरी १९९४ साल श्रावणमा नेपाल प्रजा-परिषद्को गुप्त रूपबाट उद्घाटन भयो । साथै त्यहीं पूजा-भोजको सन्दर्भमा भारतबाट पर्चा लिथो गरी ल्याई देशको विभिन्न भागमा छर्ने भावी योजना पनि तयार गरियो । नेपाल प्रजा-परिषद्को यस गोप्य उद्घाटन-समारोहमा दशरथ चन्द नेपालमा थिएनन् । त्यसैले उनलाई यस कुराको खबर पुऱ्याउन र अन्य आवश्यक कामको निम्ति धर्मभक्त कलकत्ता जान तम्सिए । ५५१ नं०-को आफ्नै लहरीमा राखी चन्द्रमान धर्मभक्तलाई थानकोटसम्म पुऱ्याउन गए । यसका केही दिनपछि टङ्कप्रसाद पनि लिथो ल्याउन भारततर्फ लागे । आत्माभिमानी तथा निर्भीक टङ्कप्रसादले गढीको बाटो गरी लिथो आफैले बोकी ल्याए । एक महीनापछि दशरथ चन्दलाई भेटी धर्मभक्त भारतबाट नेपाल फर्के । सीधै चन्द्रमानको घरमा गई दशरथ चन्दसँग भेट भएको वार्ता धर्मभक्तले तिनलाई सुनाए । दशरथ चन्द कलकत्तामा

बसी राणा विरोधी कार्यहरू गर्दै थिए। '९० सालका भूकम्पपीडित जनतालाई विभिन्न मित्र राष्ट्रहरूबाट दिइएको आर्थिक अनुदान फेरि उठाउने कार्यमा प्रधान मन्त्री जुद्धशमशेर लागेका थिए। यसको विरोध गर्दै दशरथ चन्दले भारतका विभिन्न स्थानमा पर्चा छर्न लगाए। आखिर जुद्धशमशेरले माफीको घोषणा गर्न वाध्य हुनुपऱ्यो। यसरी आफ्नो प्रथम राणाविरोधी कार्यमा सफलता प्राप्त भएपछि दशरथ चन्द नेपाल फर्के। दशरथ चन्द नेपाल फर्केपछि नेपाल अधिराज्यको विभिन्न भागमा राणाविरोधी पर्चा छर्ने काम शुरू भयो। पटक-पटक यसरी देशको विभिन्न भागमा एकै समय पर्चा छर्न लागेकोले राणा-शासनमा खुलदुली परेको देखिन थाल्यो। राणाविरोधीहरूलाई पक्रन गुप्तचर-हरूको संख्यामा वृद्धि गरिनुको साथै देशका विभिन्न भागमा मानिस पठाइए। साथै पुरस्कारको घोषणा पनि गरियो।

एक रात दशरथ चन्दले आफ्नै निवासस्थान पकनाजोल क्षेत्र-पाटीमै पुलिसको हातमा राणाविरोधी पर्चाको मुठो दिई उक्त पर्चा आफ्ना अफिसरलाई दिनू भनी छल गरी अह्राई पुलिसलाई जिल्याएर आफू उम्के।

१९९७ साल कार्तिक १ गते प्रजा-परिषद्का सदस्य तथा महावीर स्कूलका सारा सदस्य गिरफ्तार गरिए। यस समय टङ्कप्रसाद आचार्य नेपालमा थिएनन्। उनी भारततर्फ पार्टीकै काममा गइरहेका थिए। उनलाई गिरफ्तार गर्न राणाहरूले विभिन्न उपाय सोचे। टङ्कप्रसाद आचार्यका 'बाबु सिकिस्त बिरामी छन्, तुरुन्तै नेपाल आउन पऱ्यो' भनी राणाशाहीद्वारा झूटो सन्देशको तार पठाइयो। बाबु सिकिस्त बिरामी सुन्नेबित्तिकै टङ्कप्रसाद आचार्य लगत्तै नेपाल फर्के। नेपाल सरहद पुग्नासाथ टङ्कप्रसाद आचार्यलाई कैद गरी रामशमशेरले काठमाडौं चलान गरे। उनलाई राणा-शासनको कडा निगरानीका साथ सिंहदरबार पुऱ्याइयो। सिंहदरबार पुगेपछि टङ्क-प्रसाद आचार्यलाई विभिन्न अफिसरहरूले 'क्या हो, बाजे! नेल-सिक्री लाएर आउनुभो नि' भनी जिस्क्याए। आत्माभिमानी टङ्कप्रसाद आचार्यले निर्भीकतापूर्वक जवाफ दिए––"तिमीहरू जुद्धशम-

शेरको गुलाम भै तानामाना पाइरहेका छौ त जनताको सेवा गरी मैले यो तानामाना पाइरहेको छु । जनताको सेवा गरेमा यस्तै तानामाना पाइन्छ । तिमीहरूले पाइराखेको तानामानाभन्दा यो कइ गुना असल छ ।”

राजनीतिकका साथै अन्य आमाजिक संस्थाका व्यक्तिहरूलाई पनि धमाधम गिरफ्तार गरिँदै थियो । श्री ५ त्रिभुवन फुटबल मैदानमा टहलिबक्सेको थियो । त्यहीं एकान्तमा चन्द्रमानलाई ‘आफ्नो बचाउ आफैले गर्नू’ भनी श्री ५ त्रिभुवनबाट संकेत बक्सियो । यसको दुई-तीन दिनपछि कार्तिक ४ गते चन्द्रमानलाई पनि गिरफ्तार गरियो । गिरफ्तार गरिएका यी व्यक्तिहरू सिंहदरबारभित्रको एउटा छुट्टै बङ्गलामा, जुन हाल रेडियो स्टेशनमा परिणत भएको छ, राखिएका थिए । गिरफ्तार गरिएका सारा व्यक्तिहरूलाई छुट्टाछुट्टै राखी बाँसमा झुन्ड्याई कोर्राले पिट्न थाले । यो पिटाई क्रूर निर्ममताको रूपमा नेपालको इतिहासमा अंकित भएर रहनेछ । अमानवताको पराकाष्ठामा पुगेको यो निर्मम प्रहारमा कोही पनि वीर अड्न सकेनन् । निर्मम प्रहार तथा करुण चीत्कारको आवाजले सिंहदरबारै घन्कियो । प्रत्येक देशाभिमानी वीरहरूका शरीरका विभिन्न भाग विकृत देखिन थाले । निर्मम प्रहारको बीच देशभक्त वीरहरूमा कारकेर तथा बयान लिन थालियो । यो यस किसिमको अमानुषिक प्रहार थियो जसको अगाडि कुनै पनि देशभिमानी अड्न सक्नु मुश्किलको कुरा थियो । यस अवस्थामा राजबन्दीहरूले व्यक्त गर्न हुने-नहुने कुनै कुराको विचार-सम्म पनि गर्न सकेनन् । नेपाल प्रजा-परिषद्का सदस्यहरूको बीच भएको गोप्य शपथ-ग्रहण पनि यो निर्मम तथा नृशंसतापूर्ण प्रहारले भङ्ग भयो । चन्द्रमानले पनि भद्रमतीको पावन तीर्थमा हात चोपी गरेको शपथ-ग्रहण गोप्य राख्न सकेनन् । श्री ५ त्रिभुवनले पार्टीमा सहयोग गरिबक्सेको कुरादेखि लिएर सम्पूर्ण गोप्य कुराहरू प्रकट रूपमा आउन थाले । राणाशाहीको क्रोधको नग्नतामा अधिराज्यभर त्रास तथा भयको साम्राज्य फैलिरहेको थियो । सारा जनता मौन थिए । वातावरण मौन थियो, निस्तब्ध थियो । यो नृशंसतापूर्ण मार्मिक प्रहारको बीच कारकेर तथा बयान लिने कार्यमा जनरल

शङ्करशमशेर, जनरल नरशमशेर, जनरल आनन्दशमशेर आदि तैनाथ गरिएका थिए। चन्द्रमान कम्पाउन्डरलाई क्रोधपूर्ण आँखाले हेरेर एउटा राणा जर्नेलले भने--"यिनीहरू ज्यालखाना परेपछि यिनीहरूका जहान-बच्चा पाल्ने तिमी नै होइनौ ?"

"मैले कसरी पाल्न सकुँला र ?"

"अब पनि फेरि कसरी भन्छौ ? त्रिभुवनको पैसा ल्याएर......।"

"होइन।" यो नकारात्मक शब्दको उच्चारणको समाप्ति नहुँदै फेरि निर्मम प्रहार शुरू भयो। श्री ५ त्रिभुवन र धर्मभक्तका बीच भएको पत्र-व्यवहारको पनि यसै समय भन्डाफोर भयो। यो निर्मम प्रहारका बीच सारा वीरहरूको आत्माभिमान नष्ट भयो। धैर्य, साहस जस्ता वीरहरूमा हुनुपर्ने गुण पनि यहींनिर आई नष्ट भयो। सारा वीरहरू प्रहारको मार खप्न नसकी भएभरका कुरा बाध्य भई स्वीकार गर्न थालें। तर यस्तो प्रहारको बीच पनि गङ्गालाल आफ्नो संकलपमा कर्तव्यनिष्ठ देखिए। न उनले आफ्नो भूल स्वीकार गरे, न आफ्नो गोपनीयता भङ्ग गर्न खोजे। पिटाइको चरम सीमामा पनि उनको दृढता देखेर राजबन्दीहरूका बीच राखी कारकेर गरियो। उनका अरू साथीहरूको मुखबाट गोपनीयता भङ्ग भैसकेकोले लाचार-वश पछि उनले पनि आफ्नो दृढता भङ्ग गर्न बाध्य हुनुपर्‍यो।

यसको दस-बाह्र दिनपछि फेरि विष-मुद्दा चल्यो। नेपाल प्रजा-परिषद्का सदस्य बलबहादुर पाण्डेबाट विष निस्केको थियो। त्यो विष गिरफ्तार गरिएका व्यक्तिहरूकै अगाडि राणा जर्नेलले एउटा कुकुरलाई खुवायो। विष खानेबित्तिकै कुकुर त्यहीं ठहरै भयो। यसपछि फेरि कारकेरले अर्को नयाँ रूप लियो। रातको ९ बजे चन्द्रमान र गिरफ्तार गरिएका अरू व्यक्तिहरूलाई बोलाई कारकेर गरियो--"यो विष कहाँबाट आयो ?"

"मलाई थाहा छैन।" चन्द्रमानले डर, भय, त्रासको बीचमा भने।

"यो विष त्रिभुवनले दिएको होइन ?"

"होइन।" निर्मम प्रहारको अगाडि चन्द्रमान अड्न सकेनन् । प्रहारको बीच तिनले फेरि भने--"मैले 'हो' भने पनि फेरि श्री ५ महाराजाधिराजबाट 'होइन' भनी हुकुम भए ?"

"यो सारा काम के त्रिभुवनले 'हो' भनिरहन्छन् र ?"

"उसो भए हो।" चन्द्रमानले सही गरी बयान दिए। यसरी हुँदै नभएको कुरामा पनि हो भनी सही गरी बयान दिनु एउटा देशाभिमानी पुरुषको निम्ति अशोभनीय कुरा हुन आउँछ; तर त्यस समय भएको निर्मम प्रहारलाई कुनै इतिहासकारले चिहाई हेर्न सके यो अस्वाभाविक अवगुण स्वतः मेटिनेछ। यसको पर्सिपल्ट फेरि चन्द्रमानलाई कारकेर गरियो--

"त्रिभुवनले दिंदै नदिएको विष हो भनी किन बयान गरिस् ?"

चन्द्रमानको विचारको अस्थिरता तथा साहसको कमजोरी फेरि यहाँ देखा पर्न आउँछ--"राजाबाट बक्सेको होइन। भूलले 'हो' भन्न पुगेको हुँला। पशुपति मेडिकल हलमा काम गर्दा मुसा मार्न ल्याएको थिएँ। मुसा मार्नको निम्ति अलिकति औषधि कसै-कसैलाई बाँडिदिएको थिएँ।"

हजुरिया कर्णेल इन्द्रबहादुरले पशुपति मेडिकल हलमा यिनलाई बराबर देखें भनी भनेबाट चन्द्रमानलाई केही भरोसा भयो। यसरी प्रत्येक दिन बाँसमा झुन्ड्याई निर्मम प्रहारको बीच बयान लिइयो। विभिन्न व्यक्तिहरूबाट प्रहारको मार खप्न नसकी बकेका यी बयानहरूमा कुन कुरा सत्य थियो, कुन कुरा असत्य थियो अथवा कुन कुरो गोपनीय थियो--यसको कुनै प्रकारको कसैबाट मूल्यांकन हुन सकेन। यी बयानको सारांशमा यो सब काम श्री ५ त्रिभुवनद्वारा भएको भन्ने कुरा देखाइएको थियो। सबैसँग बयानको काम सकेपछि राजबन्दीहरूमाथि राखेको कडा निगरानीमा अलि खुकुलोपना ल्याइयो र राजबन्दीहरूको बीच परस्परमा साधारण भेटघाट पनि

हुन सक्ने भयो । यस अवस्थामा चन्द्रमानले धर्मभक्तलाई सुस्तरी भने––"तिमीले श्री ५ त्रिभुवनमाथि किन दोष थोपर्‍यौ ?"

"यसरी नभने हामी सबैलाई राणाहरूले मार्नेछन् । त्यसैले मैले श्री ५ त्रिभुवनबाट यो सब काम गराइबक्सेको हो भनी भन्न परेको हो ।"

दुई महीनापछि सबै राजबन्दीहरूलाई सिंहदरबारभित्र हाल राष्ट्रिय पंचायत भवन बनाउन लागेको मैदानमा लगियो । त्यहाँ पाल टाँगिराखिएको थियो । श्री ५ त्रिभुवन पालभित्र राज होइबक्सेको थियो । भाइ-भारदारहरू पनि पालभित्र मेचमा लाम लागेर बसिरहेका थिए । राजबन्दीहरू पालको अगाडि पश्चिम घामतिर मुख फर्काउन लगाई लाममा उभ्याइएका थिए । राणा प्रधान मन्त्री जुद्धशमशेर, कमान्डर-इन-चीफ पद्मशमशेर, कमान्डिंग जनरल मोहनशमशेर, बबरशमशेर आदि प्रमुख राणाहरू पालभित्रै थिए । त्यहाँ उभ्याइएंका राजबन्दीहरू कसैले पनि जुद्धशमशेर लगायत कुनै राणाहरूलाई नमस्कार नगरी श्री ५ त्रिभुवनमा अभिवादन चढाएका थिए । यसबाट राणा प्रधान मन्त्रीमा झन् क्रोध उत्पन्न हुनु स्वाभाविकै थियो । प्रधान मन्त्री जुद्धशमशेर उठेर श्री ५ त्रिभुवनलाई सम्बोधन गर्दै बिन्ती चढाए––"यिनीहरूलाई के गर्ने सरकार ?"

श्री ५ त्रिभुवनबाट गम्भीर तथा साहसपूर्ण शब्दमा प्रत्युत्तर बक्सियो––"कन्सिडर गर्नुपर्छ ।"

जुद्धशमशेर रिसले 'कन्सिडर गर्ने बाटै छैन' भन्दै तीन फन्का घुमे । "यिनीहरूलाई कन्सिडर गर्ने बाटै छैन ।" यता राजबन्दीहरू स्वाभिमानका साथ लाम लागेर उभिरहेका थिए । राजाबाट 'कन्सिडर हुनुपर्छ' भनी हुकुम भएका शब्द यी राजबन्दीहरूले स्पष्ट रूपमा सुनिरहेका थिए । यसको एकै छिनपछि श्री ५ त्रिभुवनको सवारी त्यहाँबाट नारायणहिटी दरबारमा भयो । 'राजबन्दीहरूलाई लैजाऊ' भन्दै रिसाएर जुद्धशमशेर नागार्जुन रमाना भए । श्री ५ त्रिभुवनको व्यक्तित्वले साहस, सान्त्वना, उत्साह तथा धैर्य प्रदान गरिरहेको

प्रत्येक राजबन्दीहरूले अनुभव गरे । राणाहरूको नग्न क्रोधको प्रहारमा मृतप्राय भइसकेका देश तथा नरेशको हितको निम्ति आफ्नो जीवन बलिदान गर्ने देशसेवीहरूमा नयाँ स्वाभिमानको संचार भयो ।

मुद्दा फैसला हुनुअगाडि एउटा बैठके राजबन्दीहरूको बीच घुसी माफी मागेमा छुट्कारा पाइनेछ भनी भन्न आए । यो कुरा राजबन्दीहरूमध्ये कसैलाई आशाको बीजारोपण भयो । तर दशरथ चन्दलाई माफी शब्दले बढी चिन्तित पार्‍यो । उनले प्रत्येकलाई हात जोडी विनयपूर्वक अनुरोध गरे––"हामी माफी नमागौं ।"

प्रधान मन्त्री जुद्धशमशेरले रिसाएर 'राजबन्दीहरूलाई लैजाऊ' भनी अह्राई आफू नागार्जुन गएको एकै छिनपछि राजबन्दीहरूलाई फेरि मुद्दा फैसला सुनाउन बाहिर लैजाने आदेश आयो । आदेश आउनासाथ राजबन्दीहरू सिंहदरबारअगाडिको लामो पोखरीको किनारमा दक्षिणतर्फ फर्काई लाम लगाई उभ्याइए । यी लाममा सबैभन्दा माथि दशरथ चन्द, त्यसपछि धर्मभक्त, गंगालाल, टंकप्रसाद आचार्य आदि थिए । उक्त पोखरीको दक्षिणतिरको सानो मैदानमा पद्मशमशेर, मोहनशमशेर, बबरशमशेर, शङ्करशमशेर आदि मेचमा बसेका थिए । अरू राणा-परिवारहरू लाम लागेर उभिरहेका थिए । यसै अवस्थामा महत सुब्बालाई राजबन्दीहरूको फैसला सुनाउन मोहनशमशेरको आदेश भयो । उक्त फैसलामा राजबन्दीहरूलाई कुनै अभियोग नदेखाई सजायको रूपमात्र सुनाइनु राणा-शासनको स्वाभाविकता तथा प्रजातन्त्रात्मक पद्धतिको प्रतिकूलताको साथै एकतन्त्रात्मक मनमानीको सहजै अनुमान गर्न सकिन्छ । महत सुब्बाले फैसला सुनाउनुअगाडि पद्मशमशेरले काजी रत्नमानलाई अह्राएका थिए । तर उनको गतिविधि तथा चेहरा देखेर मोहनशमशेरले महत सुब्बालाई उक्त फ़ैसला सुनाउन आदेश दिए । कारण, काजी रत्नमानको आफ्नै नाति गणेशमानलाई सर्वस्व तथा जन्मकैदको सजाय सुनाउनु थियो । मोहनशमशेरको आदेश पाएपछि महत सुब्बा राजबन्दीहरूको अगाडि फूर्तिका साथ उच्च स्वरले लालमोहरबिनाको फैसला सुनाउन उठे––

दशरथ चन्द––ज्यान सजाय, अंश सर्वस्व ।

फैसलाको प्रथम वाक्य सुन्नेबित्तिकै दशरथ चन्द गजबसँग हाँसे––"ज्यान सजाय के चीज हो ?" फाँसीको सजाय सुनाउँदा दशरथ चन्दमा झन् आत्माभिमानको ज्वाला बल्न थाल्यो । हाँस्दै उनीले फेरि भन्न थाले––"ज्यान सजाय के चीज हो ?" दशरथ चन्द हाँसेको देखेर त्यहाँ उपस्थित राणा-परिवारलाई ठूलो चोट पऱ्यो । दशरथ चन्दको आत्माभिमानको ज्वालामा राणा-परिवारको यावत् शक्ति भस्म हुन लागेको प्रतीत भयो । दशरथ चन्दको व्यंग्यपूर्ण हाँसो फैसला सुनाइरहेको उक्त सभामा नयाँ कौतूहलको वातावरण ल्यायो । उपस्थित सबै तथा राणा-परिवार छक्क परे । दशरथ चन्दको व्यंग्यपूर्ण हाँसो हावामा रुमल्लिरहेको थियो यता-उता, एक ठूलो प्रश्नचिह्नको रूपमा––ज्यान सजाय के चीज हो ? त्यसपछि महत सुब्बाले क्रमशः सजाय सुनाउँदै लगे––

धर्मभक्त––ज्यान सजाय, अंश सर्वस्व ।

गङ्गालाल––ज्यान सजाय, अंश सर्वस्व । गङ्गालालले आफूले पाएको सजाय सुन्नेबित्तिकै आफ्नो सुन्दर चेहरा एकाएक रातो तुल्याए । आफ्नो क्रोध तथा आवेशलाई आफैंले निलेर गङ्गालाल मौन रहे ।

शुक्रराज शास्त्री––ज्यान सजाय, अंश सर्वस्व ।
पूर्णनारायण प्रधान––ज्यान सजाय, अंश सर्वस्व ।
टङ्कप्रसाद––मुडी दामल, अंश सर्वस्व ।
रामहरि शर्मा––मुडी दामल, अंश सर्वस्व ।
कम्पाउन्डर चन्द्रमान सैंजु––जन्मकैद, अंश सर्वस्व ।
चूडाप्रसाद––जन्मकैद, अंश सर्वस्व ।
जीवराज––जन्मकैद, अंश सर्वस्व ।
गोविन्दप्रसाद––जन्मकैद, अंश सर्वस्व ।
पुष्करनाथ उप्रेती––जन्मकैद, अंश सर्वस्व ।
गणेशमान––जन्मकैद, अंश सर्वस्व ।

हरिकृष्ण——जन्मकैद, अंश सर्वस्व ।
मुरलीधर भट्टराई——जन्मकैद, अंश सर्वस्व ।
बलबहादुर पाण्डे——जन्मकैद, अंश सर्वस्व ।
फत्यबहादुर——जन्मकैद, अंश सर्वस्व ।
चिनियाँलाल——जन्मकैद, अंश स्र्वस्व ।
केदारमान व्यथित——१८ वर्ष कैद ।
धर्मरत्न यमी——१८ वर्ष कैद ।
चन्द्रमान मास्के——१८ वर्ष कैद ।
सिद्धिचरण श्रेष्ठ——१२ वर्ष कैद, अंश सर्वस्व ।
मरिचमान——१२ वर्ष कैद, अंश सर्वस्व ।
कटकबहादुर——१२ वर्ष कैद ।
ले० रामदास——१२ वर्ष कैद ।
गणेशराज——१२ वर्ष कैद ।
पूर्णबहादुर एम्० ए०——६ वर्ष कैद ।
चित्तधर हृदय——६ वर्ष कैद ।
फनीन्द्रराज——६ वर्ष कैद ।
ख० भूपालमान सिंह——३ वर्ष कैद ।
ज्योतिप्रसाद गौतम——३ वर्ष कैद ।
व्यास——३ वर्ष कैद ।
अवन्तिनाथ शर्मा——३ वर्ष कैद ।
रामजी——३ वर्ष कैद ।
खगेश्वर——२ महीना कैद ।

शुक्रराज नागरिक अधिकार समितिका सदस्य थिए । गङ्गालाल नागरिक अधिकार समितिका सदस्य थिए तापनि पछि प्रजा-परिषद्का सदस्य हुन आएका थिए । नागरिक अधिकार समितिका सदस्यहरूलाई नेपाल प्रजा-परिषद्का सदस्यहरूलाई समात्नुअगाडि नै समाती जेल पठाइसकेको थियो । नागरिक अधिकार समितिका सदस्यहरू गीताको कर्मयोगद्वारा जनतामा चेतना जागृत गराउने प्रयासमा लागेका थिए । मुद्दा फैसला गरी कैदको सजाय ठेकिसकेपछि नेपाल प्रजा-परिषद्का सदस्यहरूको फाँसीको क्रममा जनतामा क्रान्तिको

बीज छर्ने आरोपद्वारा शुक्रराज पनि मुछिए र उनलाई फाँसीको सजाय सुनाए। यसरी मुद्दा फैसला भई कैदको सजाय भोगिरहेकालाई बिनाकसूर फेरि फाँसीको सजाय दिनू राणाहरूको ठूलो बेवकुफी प्रतीत हुन्छ।

यो फैसला सुनाउनुअगाडि शहरमा 'श्री ५ त्रिभुवनलाई राणाहरूले गोरखा पठाउने' आदि विभिन्न प्रकारका हल्लाहरू सुनिन थाले। यसबाट राणाहरूलाई झन् हानि भयो। किनभने सारा जनताको आस्था तथा झुकाउ राजाप्रति भएकोले यसबाट झन् अनिष्ट हुने आशंका हुँदा यो हल्ला पछि त्यसै सेलाएर गयो।

फाँसीको सजाय तथा सर्वस्व-हरणले पंक्तिबद्ध राजनीतिक बन्दीहरूमध्ये कोही पनि विचलित भएको देखिएन। देश तथा जनसेवाको पवित्र भावनाले प्रत्येक राजबन्दीहरूमा आत्माभिमानको ज्वाला बलिरहेको थियो। यसरी फैसला सुनाइसकेपछि राजबन्दीहरूलाई साबिकै ठाउँमा ल्याइयो। त्यसै दिन जनतामा कसैलाई थाहै नहुने गरी फाँसी हुने व्यक्तिजतिलाई रातारात मार्ने गरी त्यहीं राखी कैद ठेकिनेजति भद्रगोलभित्र कालकोठरीमा थुन्न लगिए—नेल-सिक्री लगाउँदै। राजबन्दीहरूलाई छुट्ट्याई जेलमा लैजान लाग्दा आत्माभिमानी सत्यनिष्ठ दशरथ चन्दले चुरोट सल्काउँदै आफ्ना सहयोगीहरूलाई बिदा दिंदै फूर्तिका साथ भने—"केही छैन, जानोस्।"

जनरल शङ्करशमशेर, जनरल आनन्दशमशेर तथा महत सुब्बाअगाडि, भद्रगोल जेलमा जान लागेका आफ्ना साथीहरूलाई साहस दिंदै उनले फेरि भने—"प्रजातन्त्रको निम्ति आफूलाई बलिदान दिन चाहने हे मेरा सहयोगीहरू! केही धन्दा छैन, जानुस्। राणाहरूको अन्याय तथा शोषण चरम शिखरमा पुगिसकेको छ। अब ओर्लनमात्र बाँकी छ, अब गिर्नमात्र बाँकी छ। त्यसैले आफ्नो निम्ति र भविष्यको निम्ति पनि केही चिन्ता नगर्नुस्। जानुस्, यिनीहरूले जहाँ लैजान्छन्। बस्नुस्, यिनीहरूले जहाँ राख्छन्। आफ्नो महान् प्रयासको सफलताप्राप्तिको अनुभवमा हाँसेर जानुस्। केही चिन्ता नगर्नुस्। तपाईंहरू खूब बस्नुपरे सात वर्ष हो। यो सात वर्षको अवधिमा

हामीहरूले देख्न नसके पनि, तपाईंहरूले देख्न नसके पनि, जनताले राणाहरूको पतन भएको देख्न पाउनेछन्; अवश्य देख्न पाउनेछन्। त्यो समय टाढा छैन। साथीहो, खूब टाढा गए सात वर्षमात्र। खूब अड्न सके सात वर्षमात्र। निस्सन्देह, श्री ५ त्रिभुवनकी जय!"

यसरी वीर देशभक्तहरूको सहयोगद्वारा श्री ५ त्रिभुवनबाट जन-आकांक्षाको प्रतीक प्रजातन्त्रको प्रादुर्भावको निम्ति एकतन्त्रीय शासनको मनमानी शक्ति समाप्त गरिबक्सने मौसूफको प्रयासको प्रथम चरण समाप्त हुन्छ। दोस्रो चरणमा श्री ५ त्रिभुवनकै प्रत्यक्ष त्याग तथा बलिदानबाट नेपालमा प्रजातन्त्रको प्रादुर्भाव हुन्छ। यसको चर्चा लेखकले अर्को प्रसंगमा उठाउनेछ। यसैले नेपालमा सात सालको प्रजातन्त्रको विजय नै श्री ५ त्रिभुवनको महानताको विजय भन्न सकिन्छ। प्रजातन्त्रको निम्ति मरिमेट्न तयार हुने माथि उल्लेख भएका वीर देशभक्तहरूको आत्माभिमानको ज्वालाको जुन चर्चा गरिएको छ, ती सब श्री ५ त्रिभुवनको आश्वासन, त्याग, तपस्या, धैर्य तथा महानताबाट प्राप्त भएको भन्न सकिन्छ।

त्यसैले श्री ५ त्रिभुवनको महानता नेपाली धरतीको हृदय-हृदय स्पर्श गर्दै गिरि-कन्दराबाट निस्केका निर्मल जलप्रवाहको रूपमा अनन्तकालसम्म बगिरहनेछ, बगिरहनेछ।

यस प्रकार जन-प्रेरणा तथा आकांक्षाको प्रतीक प्रजातन्त्रको आविर्भावको कारणमा श्री ५ त्रिभुवनको नाम इतिहासमा पुनरावृत्ति भइरहनेछ। तर दुर्भाग्यको कुरा छ—सात सालको प्रजातन्त्रको प्रादुर्भावबाट पनि जन-आकांक्षा पूर्ति हुन नसक्नु, दलगत राजनीति सिर्जना हुनु, देश तथा समाजको सामूहिक हितको सट्टा व्यक्तिगत तथा पार्टीगत हितले मात्र विशेष प्रश्रय पाउनु, देशमा उच्छृङ्खलता तथा साम्प्रदायिक भावनाबाट देशै टुक्रिन खोज्नु इत्यादि अप्रजातान्त्रिक तत्त्वका वातावरणको सिर्जना भएबाट श्री ५ त्रिभुवन चिन्तित होइबक्सिनुका साथै मौसूफको स्वास्थ्यमा नै ठूलो आघात पर्न गयो। यसबाट मौसूफको सदिच्छा अपूर्ण भयो। यस अवस्थाको अन्तर्गत तथा श्री ५ त्रिभुवनको सदिच्छा पूरा गर्न युगले देशको निम्ति एक

सुयोग्य महापुरुषको आह्वान गऱ्यो । ती महापुरुषकै ०१७ सालको युगको आह्वानअनुकूल महान् कदम तथा विभिन्न प्रयासस्वरूप अप्रजातान्त्रिक तत्त्वको अन्त भई पञ्चायती व्यवस्थाअन्तर्गत राष्ट्र-निर्माणको एकै प्रवाहमा सारा नेपाली कर्मठ तथा कर्तव्यनिष्ठ हुन पाइरहेका छन्। आज सारा नेपाली नयाँ आशा तथा विश्वासले ओतप्रोत हुन पाइरहेका छन् । ती महापुरुष हुन् पवित्रात्मा त्रिभुवनकै एक अंश—श्री ५ महेन्द्र ।

*****

श्री ५-सित जागरणका सम्पादकको भेट

हृदयचन्द्र सिंह प्रधान

काठमाडौं, १२ फागुन, २००७।

श्री ५––एउटै शहरमा बसेर पनि, फेरि तिमीजस्ता प्रसिद्ध लेखक र सम्पादकलाई चिन्न नपाउनु बडो अफसोसको कुरा हो। अफसोसभन्दा पनि मलाई लाज बढ्ता लागेको छ। तर तिम्रो व्यक्तित्वलाई त मैले राम्रो चिनेको छु। मुश्किलले प्राप्त गरेर तिम्रा पुस्तकहरू पढेको छु, तिम्रो **शब्द-शुद्धि-विचार** त अझ राम्रो पढेको छु।

हृदय––अहिले 'सरकार' भनेर सम्बोधन गरिरहेछु तापनि लेखापढीमा त 'तपाईं' भन्ने व्यवहार चलाइरहेछु। सरकारलाई पनि शायद 'तपाईं' नै मीठो लाग्ला कि भन्ने म अनुमान गर्दछु। यही व्यवहार मलाई बेसजस्तो लाग्यो। सरकार त्यति अगाडि बढिबक्सने जस्तो पनि देख्छु।

श्री ५––मलाई यो व्यवहार मीठो लागेको छ।

हृदय––सरकारको त्याग, तपस्या र बलिदानले हामी प्रजातन्त्रराजका प्रजा हुन पायौं, यसको निम्ति हामीसित बधाई दिनलाईं शब्द छैन।

श्री ५––तिम्रो कुरा सुन्दा मलाई लाज लाग्यो, त्यति तारीफको म योग्य छैन। तिमीहरूकै त्याग, तपस्या र जागृतिले सफल हुन सकेको हो। मलाई पनि तिमीहरूले नै घचेटेका हौ।

हृदय––प्रजातन्त्र-शासन प्राप्त भएको समस्त श्रेय सरकारलाई मात्रै दिइरहेको होइन, यति त हामीले अवश्यै कबूल गर्नैपर्छ––यस कार्यमा सरकारको त्याग र तपस्या केही कम छैन। चाँडै प्रजाराज आएकोमा सरकारलाई पूरै श्रेय छ।

श्री ५––तिम्रो **शब्द-शुद्धि-विचार**-लाई अलि व्यङ्ग्यजस्तो हानेर गो० प० मा एउटाले लेखेको मलाई याद छ। शासन-पद्धति नराम्रो भएकोले नै मानिसको मनोवृत्ति बिग्रेको हो, तर खुशीको कुरा छ कि तिमीहरूकै कुदरतले गर्दा अब तिमीजस्ता योग्य मानिसले पूरा कदर पाउने बेला आइरहेको छ। हामीलाई एउटा कोटको जरूरत पर्‍यो अथवा अरू मालको खाँचो भएमा हामी बालगिरी वा उधारो लिएर टार्थ्यौं, यस्तरी कुल्चिएको नेपालबाट पनि तिमीहरूजस्ता लेखक-कविहरू हामीले पाइरहेछौं, नत्र लेखकहरूको पनि हामीले बालगिरी लिनुपर्ने थियो।

हृदय––सरकारलाई यतिको शिष्ट, विनयी र विकास-रूपमा पाउन सकुँला भन्ने मैले आशा गर्न सकेको थिइनँ। मैले ठानेको थिएँ पिंजराको चराजस्तै कुँजिएको जीवन होला, धृष्टतालाई माफ राखिबक्सेला। अझ मैले ठानेको थिएँ, सरकारमा यतिको बौद्धिक विकास भएको होओइन। सरकारको विनयले त मलाई लज्जितै पार्‍यो।

श्री ५––म पिंजरैमा जस्तै थिएँ, देशको स्थिति, समयको माग र तिमीहरूले उठाएको हुनाले मात्र मैले सेवा गर्न सकेको हुँ।

हृदय––अहिलेसम्म मेरो व्यक्तिगत विषयमा मात्र कुरा भइरहेको छ, अब म सम्पादकको हैसियतमा, राजनीतिक विषयमा, सरकारसित केही प्रश्न गर्न चाहन्छु।

श्री ५––(हाँसेर) के सोध्न चाहेको ? भन !

हृदय––प्रजातन्त्रराज पाएर हामीले वास्तवमा के पायौं वा

पाउनेछौं ? हामीले हेर्दा त अहिलेसम्म हामीले केही पाएका छैनौं । प्रधान मन्त्री मोहनशमशेरको पौष २४ गतेको घोषणा र गो० प०-मा निस्केको इश्तिहार नै अहिलेसम्म विधान मानिइन्छ भने हामीले नाउँमात्रको प्रजाराज पायौं । त्यसबाट त बोल्न-चल्न त्यतिकै बाँधिएको छ । त्यसभित्र त हामीलाई कुनै हालतमा पनि रहन सक्ने धैर्य आउँदैन, अथवा अर्को घोषणा चाँडै हुनेछ ?

श्री ५––मन्त्री-मण्डलमा यस विषयलाई नै लिएर दुई दिन बहस चलिसकेको छ । त्यही घोषणा मान्य भए त कसरी जनराज्य पाएको भन्ने ? मोहनशमशेरले आफ्नो घोषणामा लिएको म्यादभन्दा पनि चाँडै विधान तयार हुनेछ भन्ने मैले पूरा आस गरेको छु । हामीले मात्र गरेर हुँदैन, तिमीहरूले पनि सहयोग दिनुपर्छ, किनभने एक हातले ताली बज्दैन ।

हृदय––कमसे कम लेखन, भाषण र प्रकाशन स्वतन्त्रताको मात्र भए पनि चाँडै विधान निस्कनुपर्छ, नत्र कसरी हामीले बाटो लाग्ने ! पौष २४ गतेको घोषणा र इश्तिहारमा चाँडै सुधार भएन भने अप्ठ्यारै हुन्छ, त्यो घोषणा र इश्तिहारमुताबिक चल्न त हामीलाई गाह्रै हुन्छ । सहयोगको कुरालाई म र मेरो **जागरण**-को नीति त अन्तरिम सरकारलाई सहयोग दिएर नेपाललाई चाँडै उठाउनु नै हो, यस कारण **जागरण**-ले सहयोगको निम्ति अपील पनि गर्नेछ । कुनै प्रकारको असहयोग आन्दोलन **जागरण**-ले गर्नेछैन । तर **जागरण**-ले कुनै दल, पक्षको सरासर पक्षपातको रीति पनि अपनाउनेछैन, सत्यको आधारमा यसको निम्ति सबै दल आफ्नो हुन्छ । यसले त्रुटि भेट्टायो भने अन्तरिम सरकारलाई समेत पनि बाँकी राख्नेछैन । तर यसको आक्षेप सुधारतिर अग्रसर गराउनेसम्म मात्र सीमित हुन्छ ।

श्री ५––तिम्रो भनाइ मलाई बडो मीठो लाग्यो । भूलको त आलोचना गरेर सावधानी गराउनै पर्छ । अस्ति घोषणाको दिन सम्पादकलाई बैठकमा नबोलाएकोमा जो तिमीले आलोचना गर्‍यौ, वहुत ठीक गर्‍यौ, मेरो भूल म राम्रो कबूल गर्छु ।

हृदय––सरकारबाट निर्माण गरिबक्सेको अन्तरिम सरकारले आखिरमा कस्तो सरकार वनाउँछ ?

श्री ५––तिमीहरू सबैको सहयोग पाएर एउटा वैधानिक परिषद् झट्टै खुल्छ, र सुन्दर तथा उत्तरदायी प्रजातन्त्र सरकारको निम्ति छिटै निर्वाचन गर्छ, अनि म सम्झन्छु एउटा खासा जनताको सरकारको निर्माण हुन्छ। राणा सरकारले १०४ वर्ष शासन चलाइसक्यो, वर्षको एक-एक इन्चीमात्र उन्नति भएको भए पनि १०४ इन्ची नेपाल उठिसक्थ्यो। आशा छ, अब नेपालको उन्नति शीघ्र गतिले दगुर्छ। तीन बजे मैले एक जनालाई समय दिइराखेको छु, पछि-पछि भेट पाइ नै रहनेछु भन्ने आशा गरेको छु।

*****

व्यक्ति र व्यक्तित्व

देवव्रत दासगुप्त

नेपालमा आधुनिक युगलाई श्री ५ त्रिभुवनबाट उद्घाटन गरिबक्स्यो । आफ्नो अस्तित्वको अन्तर्निहित सत्यको कडी नै बिर्सेर बिनाकारणको दमनले पिसिएर रहेको परिस्थितिको विरुद्ध हाम्रो देशको हृदयमा संघर्ष भुतभुतिरहेको बखतमा मौसूफ पैदा होइबक्सेको थियो । सामाजिक रहनसहनमा, राजनीतिमा, धर्म तथा कलाका घेरामा पतनोन्मुखी परम्पराको असृजनात्मक बानीमा हामी परेका थियौं र आफ्नो मानवीय गुण प्रयोग गर्नसमेत छोडिसकेका थियौं ।

हामी कुनै कुरा शुरू गर्छौं, तर त्यसको आद्योपान्त भने हेर्न चाहन्नौं । हामी सत्य भनी विश्वास गरेका कुराको कहिल्यै संरक्षण वा सम्भार गर्दैनौं । हामी जे गर्दछौं त्यसमा आफै विश्वास गर्दैनौं । जुन कुराको हामी धूमधामसँग प्रदर्शन गर्छौं वा समारोह मनाउँदछौं, त्यसको काम भने सच्चा हृदयले गर्दैनौं । हामी विद्वत्तापूर्ण भाषण वा प्रशंसाको वक्तव्य अथवा वाह-वाह गर्न त सक्छौं, तर अहंपनालाई परित्याग गर्न जान्दैनौं, अथवा थोरै मात्रामा मात्र आफ्नो अहंभावना, अहंकार, फोस्रो धाक, अभिमान र बडप्पन देखाउनमा नै हामी सन्तुष्ट हुन्छौं तथा घमन्डले सधैं मात्तिएका हुन्छौं, तर क्षमता, योग्यता, उपादेयता अथवा सद्गुणको लागि कहिल्यै प्रयास गर्दैनौं । जीवनको हरेक क्षेत्रमा हामी सधैं अर्काको सहयोगको अपेक्षा गर्दछौं, तर अर्काको अन्याय वा त्रुटिलाई लिएर अकास-पताल जोर्दछौं । अर्कालाई चिढ्याउनामा हामी अत्यधिक गौरवान्वित हुन्छौं र आफूलाई बडो सम्माननीय र आदरणीय ठान्दछौं

तथा अर्काको कृपा, अनुग्रह, दया र अनुदानले आफूलाई श्रद्धेय सम्झन्छौं । हाम्रो नीति अर्काको आँखामा छारो हाल्नुमै विशेषतः निर्भर गर्दछ तथा हाम्रो जीवनको खास उद्देश्य छ––प्रारम्भमा बाधा र अन्त्यमा टार्न ।

श्री ५ त्रिभुवनको अन्तस्करणमा यी कमजोर, बलहीन, शक्तिहीन, हृदयहीन, अभावग्रस्त वा त्रुटिपूर्ण काम तथा तत्कालीन नेपालको घमन्डी, अहंकारी, मात्तिएको तानाशाही मनोवृत्तिको समाजप्रति गहिरो घृणा थियो ।

नेपालको अधोमुखी अवस्थाको यस्तो गहिरो अँध्यारोमा नेपालको आधुनिक इतिहासको नभमण्डलमा पवित्र भविष्य-दर्शन तथा आत्माको अजेय वीरतासहित एउटा जाज्वल्यमान ताराको रूपमा श्री ५ त्रिभुवनको उदय भयो । मौसूफबाट देशभरि र खास गरी यो हिमाली देशको राजधानीको उच्चतम भव्य भवनहरूका तडकभडकमा प्रकाश फैलाइबक्सियो । वास्तवमा मौसूफबाट हामीहरूलाई आत्म-विस्मृतिको दारिद्र्यबाट बचाइबक्स्यो । आफ्नो व्यक्तित्वको क्रान्तिकारी शक्ति तथा भावनाको अडिग स्वतन्त्रताद्वारा मौसूफबाट सृजनात्मक प्रयासको आवश्यकताअनुसार हाम्रो राष्ट्रिय आत्मालाई सबल बनाइबक्स्यो तथा त्यसलाई आत्म-निर्णय गर्ने अति गाह्रो संकटपूर्ण प्रयत्नमा लगाइबक्स्यो । हाम्रो प्रगतिका प्रत्येक पाइलामा कठिन बाधाहरू हटाउने मौसूफ वर्तमान शताब्दीका महान् पथ-प्रदर्शक होइबक्स्यो तथा मानव-जातिका विश्वव्यापी सहयोगको वर्तमान कालमा हामीलाई प्रवेश गराइबक्स्यो। अमर मानवका सन्देशवाहक नेपालका महान् शासकहरूको वंशज होइबक्सिन्छ मौसूफ । मानुषिक मामलाहरूमा अर्थात् मनुष्यत्वमा दैवत्व प्रतिष्ठापन गर्नु तथा जातीय वा राष्ट्रिय भिन्नताको ख्याल नराखी मानव-सभ्यतामा भएको अमरत्वको खातिरी गर्नु नेपालको विशिष्ट प्रतिभा रहिआएको छ ।

हाम्रो बीचमा अनायास नै सम्मिलित हुन आएका मनुष्यजातिका विभिन्न अङ्गहरूमा एकता तथा उच्च आदर्शको लागि

मोटामोटी तौरले विरोधाभास हुने संस्कृतिहरूमा सामञ्जस्य कायम गर्ने सुविधाको साथै समस्या पनि नेपालको लागि इतिहासको शुरूदेखि नै रहिआएको छ ।

श्री ५ त्रिभुवनबाट बडो गाँठिएको बस्दोबस्तसहितको शासनको बलियो साङलो कसरी चुँडी बक्स्यो यो सबैलाई थाहै छ। सान्साना राज्यहरूका अलग-अलग रहेका रजौटाहरूलाई जितेर विशाल नेपालको स्थापना गर्नमा मौसूफका पुर्खाको ठूलो ख्याति छ। मौसूफको महान् तथा अतुलनीय देन हो मौसूफका ज्येष्ठ पुत्र श्री ५ महेन्द्रवीरविक्रम शाहदेव। पुरानो अनुभवको आधारमा राष्ट्र-निर्माणको प्रयास पूरा गर्नुअघि नै स्वीसको वायुमण्डलबाट–जहाँ मौसूफबाट अन्तिम सास लीबक्स्यो–नियतिले मौसूफलाई उठाइलग्यो । आफूबाट उठाइबक्सेको गऱ्हुंगो भारी आफ्ना अत्यन्त प्रिय पुत्र तथा हामीहरू सबैको काँधमा बिसाई मौसूफ स्वर्गारोहण होइबक्सेको छ ।

नेपालमा आधुनिक युगको महत्त्वलाई पूर्णतः सम्झिने एकमात्र व्यक्ति होइबक्सिन्छ श्री ५ महेन्द्रवीरविक्रम शाहदेव । मौसूफलाई जाहेर छ––मानव-सभ्यताको आदर्श स्वतन्त्रताको एकाकीपनमा लेटिरहन सक्तैन, बरु विचार र कर्मका सबै क्षेत्रमा वैयक्तिक तथा राष्ट्रिय स्वतन्त्रताका भ्रातृभावना जीवित रहन्छन् ।

नेपालको आधुनिकीकरणमा श्री ५ त्रिभुवनको देन प्रकाशमा ल्याउने मात्र होइन, मौसूफसँगको हाम्रो सम्बन्ध सच्चा रूपमा साबित गर्ने तथा मौसूफबाट हाम्रो सामु राखिबक्सेका सत्यहरूलाई हाम्रो राष्ट्रिय जीवनको प्रत्येक क्षेत्रमा चरितार्थ गर्ने ठूलो उत्तरदायित्व यस देशमा रहने हामीहरू सबैका काँधमा परेको छ । मौसूफ शहीद होइबक्स्यो र त्यसको लागि चाहिने मूल्य पनि चुकाइबक्स्यो । मौसूफको महानतालाई आँक्न खोज्नु हाम्रो लागि वृथा प्रयासमात्र हुनेछ ।

*****

आर्थिक क्रान्तिको सूत्रधार

देवीचन्द्र

श्री ५ त्रिभुवनको प्रातःस्मरणले देशव्यापी रूपमा एक यस्तो शासनको विरुद्ध नेपालीहरूले बटुलिएर संघर्ष-क्षेत्रमा उभेको सम्झना दिन्छ––त्यो शासन जसले सय वर्षसम्म नेपालीहरूलाई अँध्यारोमा गुम्स्यायो । त्यो सय वर्षभित्र संसारको रङ्गमन्चमा कति चहल-पहल भयो, कतिपय राष्ट्रले आफूलाई प्रगतिको अट्टालिकामा पुऱ्याउन सफल भए, कतिले महारथी राष्ट्रसित मुकाबला गरी देखाए । बेलायतको हातमा रहेको संसारको औद्योगिक नेतृत्व अमेरिकाको हातमा पुग्यो । यूरोपमा जर्मनी र एशियामा जापानले पनि अगुवाइ गरे । यस्तै तीव्र आर्थिक अगुवाइले दुई-दुई चोटि विश्वव्यापी महासमरलाई निम्त्यायो, तर नेपालले अरूको निम्ति तिनमा भाग लिनुबाहेक केही गर्न सकेन ।

संवत् १८७१-७२-को नेपाल-अंग्रेज युद्धपछि नेपालको मानचित्र खडा गर्ने काम नेपालीहरूको हातबाट गुम्यो । त्यसैको प्रतिक्रिया र अन्योलबाट अरू पच्चीस वर्ष बित्यो । यस अवधिमा नेपालले प्रगतिको निम्ति केही गर्न नसक्नु स्वाभाविक थियो । यस्तै अवस्थाबाट लाभ उठाएर विक्रम बीसौं शताब्दीको आरम्भदेखि राणा-शासनको शुरू भयो । यो शासनको पूरा एक शताब्दी नेपाल बाहिरी खतराबाट मुक्त रह्यो । अंग्रेजी शक्तिसित हातेमालोले गर्दा नेपालका शासकहरू निर्धक्क थिए, तर यो अवसरलाई शासकहरूले केवल निजी लाभको निमित्त प्रयोग गरे ।

नेपाली जनताको निमित्त इतिहासको मध्यकाल यथावत् रह्यो । जनताको जीवनको कुनै क्षेत्रमा पनि उज्यालोको रेखा पसेन । नेपालको एकीकरण हुनुअघिको सामाजिक र आर्थिक जीवन नेपालीहरूले बिताउनुपर्‍यो । जीवन-यापनसम्मको पनि आफ्नो मुलुकमा अवसर नपाएर नेपालीहरू विदेश छरिए । अझ तिनीहरूकै पसीनामा नेपालका शासकहरू तर मार्ने भए । नेपालीहरूको निमित्त स्वाभिमानको परिकल्पना न हुन सकेन । नेपालमा सामन्ती अर्थतन्त्रको विकास भयो–जन-शक्तिको दृष्टिले हेर्दा नेपालको जनसंख्या अत्यल्प शोषक र अत्यधिक संख्या शोषितमा विभाजित थिए । भूस्वामित्वको आधारमा शोषकवर्गको सिर्जना भयो । तिनीहरूकै वर्गीकिरणअनुसार राजनीतिक शक्ति घुमफिर गर्‍यो । जनताको राजनीतिक अधिकार वा शक्तिको केही अस्तित्व थिएन ।

शोषणमूलक राजनीतिक व्यवस्थाको पूरक हो सामन्ती अर्थतन्त्र । भूस्वामीकै हातमा शक्ति रहन्थ्यो, तर भूमिमा आश्रित किसानहरू भने शिर उठाउन पाउँदैनथे । उनीहरूले कमाएको जमीनमा नै उनीहरूको केही हक रहँदैनथ्यो । ठूलठूला चकला जमीन ओगट्ने भूमिपतिहरू थिए, तर त्यो भूमि जनताको जीवनको निम्ति थिएन । देशका बहुसंख्यक जनता आश्रित भएको कृषिक्षेत्रको यो उपेक्षा भयो । अर्थतन्त्रको अर्को पक्ष व्यापारमा पनि सामन्ती व्यवस्थाको असर पर्‍यो । कृषि-पैदावारमा केवल अनाज वा वन-उत्पादनकै वस्तुमात्र निर्यात हुन्थ्यो । औद्योगिक कच्चा पदार्थ वा अर्द्धतयारी वस्तुको पनि निर्यातमा स्थान थिएन । आयात भने उपभोगका तयारी वस्तु नै हुन्थे, साथै उनीहरूका विलासका सामग्री पनि । तिनमा देशको उत्पादकत्वलाई पोषण गर्ने खास वस्तु थिएन । राष्ट्रिय औद्योगिक र वाणिज्य-नीतिको सर्वथा अभाव रह्यो । एकतन्त्री शासनको अन्तिम दशकतिर पूर्वी समतल भागमा केही कृषिजन्य उद्योगहरू स्थापना गर्ने जुन प्रयास भयो त्यसमा विश्वयुद्धको फलस्वरूप आर्थिक लाभ उठाउने व्यापारिक चेष्टामात्र देखा पर्‍यो । तिनमा राष्ट्रिय पूँजी र स्वामित्वको पनि प्रश्न थिएन । नेपालका शासकवर्गलाई विकासको नाममा भनिटोपल्ने कुरोसिबाय

यसमा राष्ट्रिय अर्थतन्त्रको विकासको निमित व्यापक अर्थमा प्रयोजन राखिएको थिएन ।

यता राजधानीमा भाइ-भारदारहरूका निम्ति ठूला-ठूला महल बने–जनतालाई उपहास गरेजस्ता, तिनीहरूकै दिनहुँ आवत-जावतको हातामा । सडक बने, खास उनीहरूकै उपयोगको निमित्त प्राथमिकता पाएर कलधारा र बिजुलीको प्रवन्ध भयो । विकासको अर्थमा यी साधनहरू जुटेका थिएनन् । क्षेत्रीय विकासको नाउँ पनि सुनिएन । क्षेत्रीय प्रशासनको उद्देश्य केवल त्यस क्षेत्रबाट सरकारको आमदानी उठ्ती गर्नुमा सीमित थियो । स्थानीय जीवनस्तरको उत्थानका निमित्त राज्यबाट कुनै रकम खर्च गर्ने प्रबन्ध भएन ।

जन-जीवनको यो बढ्दो उपेक्षालाई जवाफ दिन नेपालको इतिहासमा २००७ सालको संघर्ष आयो । स्वयं राजाले राजनीतिक क्रान्तिको निमित्त गद्दीको बाजी लगाए । फलस्वरूप, यसै साल फागुन ७-मा एक सय चार वर्ष पुरानो राणा-शासनको अन्त्य भयो । जनताको क्रान्तिमा राजाको नेतृत्व विश्व-इतिहासमा अलभ्य घटना नेपालमा देखा पर्‍यो । संसारले मनन गर्ने हाम्रो क्रान्तिको मूल विशेषता यही हो ।

जहाँतहीं विकासको अर्थमा इतिहासलाई केलाई हेर्दा सामन्ती राजनीतिक व्यवस्था र यसको अर्थ-व्यवस्था एक अर्कामा आश्रित भएर बाँचेको हुन्छ । सामन्ती अर्थतन्त्रको अन्त्य पैल्याउन यसको प्रधान संरक्षक शासन-पद्धतिलाई नै पहिले परास्त गर्नुपर्ने सत्य देखा पर्छ । यसैले मौलिक राजनीतिक परिवर्तन आर्थिक विकासको अग्रिम प्रस्थान मानिन्छ । यस्तै राजनीतिक क्रान्तिले अग्रदूत भएर नियोजित र अपेक्षित विकासको निमित्त जहिले पनि काम गर्छ ।

संसारमा आर्थिक विकासको इतिहास हेर्‍यौं भने, यसको पछिल्तिर उपर्युक्त प्रकारको एक न एक राजनीतिक परिवर्तनले सूत्रधारको रूपमा काम गरेको हुन्छ । उसमाथि हाम्रो जस्तो अविकसित अवस्थामा

यस प्रकारको परिवर्तन अझ बढी मात्रामा चाहिन्छ । आर्थिक समृद्धिलाई अघि सार्ने अनार्थिक तर प्रमुख हेतु पनि यही हो । किनभने आर्थिक विकासको क्रियाकलाप स्वभावतः उदार हुन्छ । उदारताको मात्राअनुरूप नै विकासको गति चल्ने हुन्छ । यही उदार प्रवृत्ति नै प्रजातान्त्रिक तत्त्व पनि हो । अनुदार सामन्ती राजनीतिको परिधिभित्र आर्थिक विकासको खास गुन्जायस रहँदैन । यसैले विकासोन्मुख राजनीतिक परिवर्तन आर्थिक विकासले सधैं अपेक्षा गरेको हुन्छ । यस्तो उदार एवं विकासोन्मुख राजनीतिको जगेर्ना नेपालको इतिहासमा भएको थियो राष्ट्रपिता श्री ५ त्रिभुवनको नेतृत्वमा । तबदेखि देशमा आर्थिक विकासको निमित्त जे-जति काम भए तिनमा श्री ५ त्रिभुवनको वरद हस्त परेको छ । भोलि पनि, प्रगतिको निमित्त हामी नेपालीहरूले जे-जति गर्नेछौं तिनमा पनि उनकै त्यो अदृश्य हात रहनेछ ।

*****

नेपालका राष्ट्रपिता

भेषराज शर्मा

प्रजातन्त्र नेपालका जन्मदाता, मन्त्री-मण्डलका निर्माता, सबै नेपाली संस्थाका संरक्षक, हाम्रा महाराजाधिराजलाई प्रशंसा नगर्ने र श्रद्धाले नहेर्ने को होला ? अंग्रेजीमा **किङ त्रिभुवन** भन्ने शब्दले संसारलाई परिचित गरायो, जुन उद्देश्यले अथवा उदार मनले जो-जो काम सम्पन्न भयो त्यसको सम्झनास्वरूप विश्व-इतिहासमा जरूर केही न केही कुरा अङ्कित होला ।

हरेक कुराको शौकीन—के लेख, के बगैंचा, के कला, के सबभन्दा नयाँ किसिमको माल; नेपालभरका अधिपति भैकन पनि मोटर हाँकेर बाहिर घुम्न निस्कँदा हरेक नेपालीले 'उ : महाराजाधिराज' भनेर कानेखुशी गरेकोबाट नै कत्तिको प्रिय हुनु हुँदो रहेछ भन्ने त प्रत्यक्ष नै छ । बाल्यकालदेखि जुन किसिमसँग जीवन व्यतीत भयो त्यसले जतिसुकै विलासपूर्ण जीवनमा राखिएको भए तापनि संसारका टक्करमा प्रत्युत्पन्न मतिचाहिं सबभन्दा ठूलो उहाँको अपूर्व स्वभाव हो । वातको रोगले सताए तापनि सबैसँग मिलनसार स्वभाव र जीवनको मोडमा पनि आनन्दपनाले उहाँलाई कहिले पनि छोडेन । कुनै स्कूल अथवा कलेजमा नपढे तापनि आफ्नै दरबारमा, आफ्नै शौखमा आफ्नै ढङ्गमा अंग्रेजी भाषाको

ज्ञान हासिल गरेर विश्वको इतिहासलाई विशेष गरेर राजनीतिक परिवर्तनलाई पाठ्य-पुस्तकको रूपमा होइन, मास्टरको दृष्टिबाट होइन, बरु आफ्नै एउटा शासकका दृष्टिबाट हेरेर, बुझेर, काममा ल्याएर नेपालमा अजमायस गर्ने कति ठूलो मौका पाइबक्सियो !

धेरैजसो नेपालीहरू मौसूफसँग भेटेर दुई मिनेट कुरा गरेर देशको हितका लागि चौपट्ट असल विचार लिई काम गर्नमा अग्रसर हुँदै थिए । फुटबल एसोसियशनले पनि उहाँलाई संरक्षक तुल्यायो । नेपाल सांस्कृतिक परिषद्ले पनि श्री ५-लाई नै मुख्य अधिष्ठाता मानेको थियो । शायद यस्तो संस्था कुनै पनि होवैन जसले उहाँलाई संरक्षक नमानेको होला । यसैबाट भन्न सकिन्छ––नेपाल र नेपालीको कत्रो विश्वास, आशा र भरोसा उहाँमाथि थियो । श्री ५-को पनि दुनियाँमाथि कति प्रेम छ, कति विश्वास छ, कति शुभकामना छ भन्ने उहाँले स्कूलमा, खेलमा, सभामा र निमन्त्रित सबै ठाउँमा गएर देखाउनु भएको सौहार्दबाट थाहा हुन्छ। मौसूफको व्यवहारले सबैलाई चौपट्ट चित्त बुझायो । हामीलाई यस्ता श्री ५ पाउनु बडो गर्वको कुरा भयो ।

जुन देशको इतिहास हेरे पनि थाहा हुन्छ––एउटा आदर्श नायकबाट सबैको भलाइ हुन्छ । हामीले ठीक बाटोमा लागेर नेपाललाई बलियो, प्रगतिशील, स्वाधीन प्रजातान्त्रिक राज्य बनाउन सकचौं भने हाम्रा राष्ट्रपिताको भविष्य-सपना पूर्ण हुन्छ, हामीलाई सुख, शान्ति, ऐश्वर्य–सबै सम्भव हुन्छ । कमाल पासाले टर्कीलाई महाटर्की बनाए । गाँधीजीले भारतमा स्वतन्त्रता ल्याउनुभयो । डा० सनयातसेनले चीनलाई जाग्रत गराउनुभयो । हाम्रो नेपालमा पनि श्री ५ महाराजाधिराजले जुन परिवर्तन ल्याइबक्सियो त्यो सदैवका लागि अमर छ । हामीले नव नेपालको निर्माण गर्ने कार्यमा लाग्नुपरेको छ । त्यो पनि सफल भएपछि नयाँ नेपाल पूर्णरूपेण बनेर आउनेछ । त्यसैले हामीले उहाँको उच्च आदर्शलाई पूरा-गर्नमा हाम्रो सहयोग दिन सकचौं भने नेपाल नेपाल हुनेछ । अहिले

हाम्रो क्रियात्मक काम गर्ने बेला छ। बुद्धिपरीक्षा गर्ने मौका छ। योग्यताको कदर गर्ने काम छ। सत्यको जय छ। सिर्जनात्मक प्रतिभाको अत्यन्त जरूरत छ। असलले खराबलाई जित्नुपर्छ। मुखले भनेको कामले पूरा गर्नुपर्छ। राष्ट्रिय बुद्धि चाहियो। राष्ट्र-निर्माणको जग बसिसक्यो। अब बनाउनुमात्र बाँकी छ।

*****

श्रद्धाञ्जलि

मलाई यो थाहा पाउँदा खुशी लाग्यो, नेपालका राष्ट्रपिता श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवको ६५-औं जयन्तीको शुभ अवसरमा **त्रिभुवन-स्मृतिग्रन्थ**-को प्रकाशन हुँदै छ।

महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवको नाउँ यस महाद्वीपको इतिहासमा स्वर्णाक्षरमा लेखिनेछ। मौसूफको जीवन त्याग र वीरताको एउटा शानदार कथा हो। जब-जब र जहाँ-जहाँ मानवीय स्वाधीनता र अधिकार-प्राप्तिका निम्ति संघर्षको चर्चा हुनेछ, त्यहाँ-त्यहाँ महाराजाधिराज त्रिभुवनले प्रदान गरिबक्सेको नेतृत्वको नेपालका जनता अनिवार्य रूपमा उल्लेख गर्नेछन्।

स्वतन्त्रताको बाटोमा हिंड्नेहरूको लागि मौसूफको विशाल व्यक्तितव सदैव जगमगाउँदो एउटा द्वीपस्तम्भ बनिरहनेछ। यस्ता ऐतिहासिक लौहपुरुषप्रति यस स्मृतिग्रन्थद्वारा श्रद्धाञ्जलि अर्पित गरेर म आफूलाई धन्य ठान्दछु।

राजबहादुर
भारतीय राजदूत

काठमाडौं
आषाढ १५, २०२७

२

पद्य-पुष्पाञ्जलि

अनुपमेय राजा

ऋषभदेव शर्मा

तोडे प्यारा प्रजाको अति विषम कडा श्रृंखला एकतन्त्री
ल्याए उन्मुक्त वातावरण अनि गरे घोषणा लोकतन्त्री
आफैं आफ्ना प्रजाको हक दिन अगुवा देशका एक साजा
छैनन् कोही, भएनन् त्रिभुवनसरिका विश्वमा अन्य राजा

*****

श्रद्धाञ्जलि

कामाक्षादेवी

बिघ्न र बाधाको आँधीबाट बचाई
कहिल्यै ननिभ्न दिएर
तिमीले जुन ज्योति
बालेर गएका छौ
त्यही आलोकमा हिंडेर
अवश्य नै हामीले
तिम्रो मनोकांक्षा
पूरा गरौंला !

यो धर्तीमा प्रजातन्त्रलाई
दिघो तुल्याएर
भविष्यका सन्तानहरूलाई
सुखी, समृद्ध र गौरवशाली पार्नेछौ
हे अमर राजा !
यही हो हाम्रो
हृदयको श्रद्धाञ्जलिको माला !

*****

हे क्रान्ति-कमान्डर

कुलमणि देवकोटा

हे क्रान्ति-कमान्डर लाख सलाम,
हे मुक्ति-पिता कोटि प्रणाम !

नव असारका जलधर हे चिर-तरुण मेघ,
नेपाली भर-दिगन्त तिमी छायौ सुन्दर,
ग्रीष्म भीष्म एकतन्त्र-रविले चिर व्याकुल
जन-जनमा बस्यौं अमृत-विन्दु झर-झर-झर-झर !

सब हटे राप-तापहरू सन्ताप जीवनका
नव-जीवन जलले जाति-फसल लहरायो,
घन-तिमिर निशामा पूर्ण-चन्द्र हे सुधाकर,
जन-मानसले समुल्लासका स्वर गायो !

हे अटल हिमाचल, सागरझैं गम्भीर अथाह
जनमुक्तिनिम्ति मुकुटै बाजी थाप्ने अ-राजा !
संकल्प-पुरुष हे वज्र-कठोर, हे करुणा-कोमल सहस्र-दल,
हे युगान्तकारी दिव्य मुकुट, यो फूलबारीका साजा !

हे पौरुष-शिल्पी राज-राज, त्रिभुवन हाम्रा धन्यधन्य,
त्यो कत्रो गोपन-शिल्प कि सारा कूटनीति नै जिल्लियो !
जनमुक्ति-कामना-दाह हृदयमा जो थियो
त्यसले कहिल्यै अविकृत मुहार कि शमशेर-शाही सिल्लियो !

हे एक उदाहृति अद्वितीय, जो गरेर देखाइदियौ
जसलाई गाथा-ढाका पहिऱ्याउनै पुग्दैन !
हे व्यक्ति-चित्र चिर लिख्यमान, जसका अनगिन्ती कलाकार
जो न कहिल्यै होला समाप्त, जसको रङ कहिल्यै सुक्दैन !

के श्रद्धाको पनि सीमा छ र हे श्रद्धादेव
के त्यस्तो घटना पनि घट्यो कि जगमा विचित्र ?
हे सत्य यथार्थ, हे मूर्त शिव, हे सुन्दर अद्यावधि भव्य,
पीढी-पीढीका मानस-पटमा अजरामर तिम्रो भव्य-चित्र !

जब वन-वनमा सल्कन्छ डढेलो रात-रातभर ताम्रारुण
जब दिगन्त पारी ध्वनित केसरी गर्जन्छ मन्द्र,
जब समुद्रमा बडवानल धप्कन्छ धप्प
त्रिभुवन, तिम्रो व्यक्तित्व-बोधले विश्व तर्सन्छ !

त्यो दाह डढाओस् विश्व पुरुषहरूका मानस
जुन दाह तिमीमा थियो कि जो कहिल्यै धुँवाएन !
नतु धूमायितं चिरं, मुहूर्तं ज्वलितं तिमीले जो गऱ्यौ
साधून् त्यस्तो भीम भयानक श्रेय, अरुमा जो आएन !

नेपालीका प्रति औंलाले गण्डकी-कौशिकी-जलले
सकल वनस्पति पात-पातमा लेखे पनि तिम्रा दिव्यावदान,
औंला-गंगाजल-पात-पात पर्याप्त हुनेछैनन् त्रिभुवन
'त्रिभुवन, त्रिभुवन'—यै शब्द कलशमा तिम्रो यश-सागर महान् !

तिमी सदा दिव्य आलो घाउसरी जन-जनमा विराज
चहराओस्, जब-जब शौर्य-वीर्यको पर्ला काम-काज,
जन-जनमा बलिराख फिलिंगो, जसलाई समय खरानी ढाक्दैन
हे क्रान्ति-कमान्डर लाख सलाम, हे मुक्तिपिता, कोटि प्रणाम !

*****

नदेखेर पनि देखें

कृष्णप्रसाद पराजुली

नदेखेर पनि देखें––आँखामा छापेर तिमीलाई
मुटुमा साटेर तिमीलाई !

यौटा दिन चन्द्रमा बनेर आएथ्यो
यौटा दिन घाम भएर छाएथ्यो
खेलेको थिएन मेरो गीत पानीमा
सपना फुलेको थिएन चिनाजानीमा
जब म चहारिएँ ऋतु-ऋतुका पातमा
खेलें बर्सातिका घना-घना रातमा

नभेटेर पनि भेटें––आफूभरि भएर तिमीलाई
नदेखेर पनि देखें––आँखामा छापेर तिमीलाई
मुटुमा साटेर तिमीलाई !

बस्यौ कति धमिला साँझ लिएर
टोलायौ कुन छायामा पीर पिएर !
एक मिर्मिरे बिहान झस्केर उठ्यौ होला
मानौं आफै आकाशलाई दुख्यो होला–
छामें मैले सम्झनाको यै इतिहासमा
छोएँ मानिस बसेको यौटा आँतमा

नचिनेर पनि चिनें--छातीमा खोपेर तिमीलाई
नदेखेर पनि देखें--आँखामा छापेर तिमीलाई
मुटुमा साटेर तिमीलाई !

असार आउँछ माटोमा सम्झना पोखेर
फागुन आउँछ बाटोमा बैंस बोकेर
तिमी छोइन्छौ मानिसका मुटुहरूमा
तिमी गाइन्छौ कोटि धुकधुकीहरूमा;
कथा लाग्छ मलाई यो हिमाली आकाशमा
तर साँचो हो--फुल्छ बर्सेनि गुराँसमा

नबोलेर पनि बोलें--चित्रमा टाँसेर तिमीलाई
नदेखेर पनि देखें--आँखामा छापेर तिमीलाई
मुटुमा साटेर तिमीलाई !

*****

स्वागत-गान

कैलाशराम श्रेष्ठ

राजा हाम्रो राजा त्रिभुवन, गाउँछौं हामी स्वागत-गान !

युग-युगदेखि कुण्ठित हाम्रो
हृदयद्वारको प्रबल प्रवाह,
छुट्यो फुट्यो बन्धन-बाधा
नाघ्दै खप्दै अगणित भार।
त्यसै प्रवाहको मध्य धारमा
प्रेम-विनिर्मित नौकामा
राजेश्वरको भयो सवारी
वीरविक्रम शाह महान् !

राजा हाम्रो राजा त्रिभुवन, गाउँछौं हामी स्वागत-गान !

भोका, नाङ्गा, प्यासा सारा
कुकुरै मोटो बरु महल-महल
हेर्न सकेनौ राजा तिमीले
यस्तो घातक विषम चयन।
दुःखीहरूको दुःखमा दुःखी भै
शोषकहरूको भै दुश्मन

भोग-विलास अरू वैभव छाडी
त्याग्यौ दरबार आलिशान।

राजा हाम्रो राजा त्रिभुवन, गाउँछौं हामी स्वागत-गान !

लोकतन्त्रको नव मन्दिरको
प्रथम पुजारी, प्रथम गणेश,
मातृभूमिको सुपुत्र शासक
शोषितहरूको प्राण-महेश !
आऊ राजा, आऊ प्यारा
कसको डर, अब कसरी झेल ?
कोटि जनको बाहुबलले
राख्छौं तिम्रो शाही शान।

राजा हाम्रो राजा त्रिभुवन, गाउँछौं हामी स्वागत-गान !

छ्यौ लाग छ्यौ लाग राणाशासक
गर्ज्यो गर्जन 'हटेर'
लौ त सवारी रोक्ने को हो ?
सोध्छौं हामी डटेर !
राजा हाम्रो गर्छौं स्वागत
भन्छौं त्रिभुवन जिन्दाबाद,
जिन्दाबाद, जिन्दाबाद।

राजा हाम्रो राजा त्रिभुवन, गाउँछौं हामी स्वागत-गान !

*****

श्रद्धाका दुई फूल*

गणेशबहादुर कर्माचार्य

१. श्री ५ त्रिभुवन दिल्ली सवारी हुँदा

(क)

श्री ५ त्रिभुवन वीर हामीलाई छाडेर, आज दिल्ली सवारी भो
बाबु अर्कोतिर लागेको मातृविहीन टुहुरो बच्चाझैं
आज रुनुपर्‍यो।

हे हरि, को आउँछ दयालु हामीलाई माया गर्ने
धैर्य दिने, दीनहरूलाई किन रोयौ भन्ने
रामजी वनवास गएकै जस्तो हाम्रा प्रभु पनि अब गए
जून नभएको देश कसरी हेर्नुपर्‍यो अब !

सबैको मनमनमा क्यै होला कि भन्ने त्रास र धन्दा--
चन्द्रमाले जस्तो अमृत दिनेलाई
कैले फर्काउन सकिएला ?

नाथ सम्पूर्ण आश चाँडै पूर्ण गरी
फेरि फर्कन सकून् 'गणेश' यो माग्छ

---

*नेवारी भाषाबाट अनूदित।

(ख)

घाम अलि कम, मेरो मनमा देश त्रासपूर्ण
भन्नेहरू साराको मनमा जिऊन् हाम्रा नरेश

अँध्यारे मुख भएको सुस्केरा लिएका मानिसमात्रै आउँछन्
मनस्थिर नभएकोले एउटा श्लोक लेखें गणेशले।

२. श्री ५ त्रिभुवन दिल्लीबाट सवारी फिर्दा

बादल पन्छाई मानिस खुश पारी
अँध्यारो उज्यालो पारी, हराएको पाई
श्री सूर्यझैं सबले देखिने गरी
सिस्नु सुकाई, लाटोकोसेरो हटाई

आफ्ना परिवारको साथ
मुस्कुराई आफ्ना घर फिर्तीसवारी हुन
गौरी-शङ्कर हिमालमा जानेजस्तै
सवारी भयो त्रिभुवन वीर नेपालमा

सभाको कार्यक्रममा ताली बजाएको जस्तै
बिहान उठ्नेबित्तिकै चराहरू कराएझैं
खुशी भै मानिसहरू गौचरमा कराएको
हाम्रा प्रभु सवारी भयो भनी ताली पिटेको

लावा, अबीर ली फूल सिन्दूर चढाई
स्वागत प्रभु भनी पूजा गरे
त्यस बेला मानिसहरूमा भएको खुशी
लेख्ने शक्ति कुनचाहिं कविसँग होला ?

जान्ने, बुझ्ने, लेख्न सक्ने म हैन
एउटा मूर्ख हूँ बुद्धि नभएको
तैपनि यो एउटा 'टप्फा' बनाई लेखें
गह्भरि हर्षाश्रु राखी।
त्रिभुवन वीर नेपालमा सवारी फिऱ्यो
समाज स्वार्थ जालमा परेन

हवाईजहाजको पंखाको हावाले
आकाशको बादल उडाई लग्यो,
लोकले आँखाबाट देखे।
सूर्यलाई हेर्न सके
बन्धनका जीर्ण रोग हराए
नयाँ सूर्य उदाई हाम्रो नेपालमा।

वसन्तको यो सुकीर्तिको
हरियाली टुसायो
रूखका सुकेका पातहरू झरे
त्रिभुवनको कीर्ति गणेशले देखेको लेखें,
भएको कुरा लेख्नलाई बाधा छैन
घमन्ड हिमालतिर भाग्यो।

*****

गाई आफ्नै सुर

गोपाल पाँडे 'असीम'

डुङ्गातुल्य छ पृथ्वीमा यो हाम्रो प्यारो देश
यसमा जन्मे ऋषिमुनि योगी कैयन् सन्त नरेश
जनता आफ्ना थितिमा बस्तै भोग्थे जीवन शेष
राखी राजा देश र ईश्वरमा नै भक्ति विशेष ।

युग-युग मिल्दो कदम बनाई बढ्ने हाम्रो चाल
यसले गर्दा माथि उठेथ्यो नेपालीको भाल
समय, तँ निठुरी रहिस्, तैंले हाय सकिस् सय साल
डगमग डुङ्गा पारी हाम्रो नासिस् है सुर ताल !

राजा त्रिभुवन सरे अगाडि र डुङ्गा लाए पार
'लौ अब लेओ काम तिमीहरू' भन्दै सुम्पे भार
राजा रैतीलाई दिन्छन् प्यार गरी अधिकार
धन्य छ रैती 'जय होस्' भन्दै लिन्छन् सो अधिकार

आज त्यसैको फल हो हामी बढ्न सक्यौं यति दूर
धन्य छ, राजा त्रिभुवन, तिम्रै देन छ पूरापूर
तिम्रै औरस छोरा नेता पाई कोहेनूर
अझ पनि हामी बढ्छौं-बढ्छौं गाई आफ्नै सुर

त्रिभुवन प्यारा, आज छ तिम्रो हीरक यो शुभ दिन
यस्तो दिनमा गुन ली मनमा जप्छौं 'जय' छिन-छिन
स्वर्ग पुग्यौ ता पनि यो देश छ, देऊ आशिष् प्रतिदिन
माथि तिमी छौ, झार घमाघम सुरपुरका सुख-मीन!

*****

रजत-जयन्ती

गोपालप्रसाद रिमाल

आज रजत-जयन्ती ।
आँखा, तँ बन्द हो––
तेरा नक्कलझक्कलको आज के काम ?
कान, तँ टालिई––
तेरो सुँघ्ने शक्तिलाई आज बिर्सिदे ।
यो उत्ताउलो फूलले लटरम्म वसन्त त होइन !
दशै इन्द्रियहरू, आफ्ना-आफ्ना थान्का लाग ।
तिमीहरूको घमन्डको पखेटा
आज काटिदिन्छु ।
जोसित इच्छा छ उसैसित सोध ।
सबै एकै स्वरमा जवाफ दिनेछन् !
"आज हाम्रो आनन्द दिवस हो––
यो दिन ननिभ्ने गरी उज्ज्वल छ;
आज रजत-जयन्ती ।"

रात औंसीकोलाई स्वागत !
दिन सूर्य ग्रहणकोलाई !
नक्षत्रहो !

तिमीहरू आफैं बिलीन हुन सक्तैनौ भने
बादलको पर्दाभित्र लुक
मुख नदेखाओ--
मन त्यसै गद्गद छ।
छाती फुलिरहेछ।
पृथ्वी, तँ आज खुम्चिन छाड्!
तेरो यो सानु देहले
हाम्रो छाती र कानलाई
ठाउँ पुऱ्याउन सक्ला र?
"आज रजत-जयन्ती।"

स्वर्ग
के खुशीयालीको घर रे?
स्वर्ग, तँ स्वर्गँ भइस्!
जा, मनले आज विदा दियो।
तडागमा प्रतिविम्बित चन्द्रलाई
टिप्न किन हाम फाल्ने पानीमा?--
के आनन्दको सट्टा लिने हातभरि हिलैहिलो?
आज हाम्रो समावेशले स्वर्ग हुन्छ अझ सुखी।
स्वर्गका अप्सराहरू,
इन्द्रधनुजस्ता पोल्टा थाप।
आज हामी आनन्दको व्यापार गर्दछौं।
हाम्रो आनन्दको लायक बदलामा दिने
छैन भने अरू केही कुरा, युग-यूगको निम्ति
सापटी हामी दिन सक्तछौं।
अरू चाहिए, सित्तैंमा पनि खुशीसँग।
फेरि, हिमालयको अग्लो टुप्पाबाट,
शंख आज फुक्तछु!
आनन्द लुट्न कसैलाई
इरादा छ भने--"स्वागतम्!

त्यो आम्रोस् नेपालमा ।
आज रजत-जयन्ती ।"

आज हामी आनन्दी छौं !
आज हामी सुखी छौं !
संसारमा आज हाम्रै कथा छ ।
सधैं याद राखौं यति कुरा--
"यस्तै आनन्दी आज,
र आज जस्तो भोलिले
भरिएको छ
युग-युगको नसा-नसा ।
आज रजत-जयन्ती ।"

*****

जय-जयकार छ

गोपालसिंह नेपाली

झुप्रोमा बस्नेमाथि पनि, त्रिभुवनको मनमा प्यार छ
उनी राजमहलमा बसे पनि, घर-घरमा जय-जयकार छ
त्रिभुवनको मनमा प्यार छ !

जगमा कति यस्ता राजा छन्
जो जन-जनको मनमा बस्छन्
दुनियाँमा आजादी ल्याउन
आफ्नो घरबाट निस्कन्छन्,
जनताको निम्ति सदा लड्न, जुन नृपको मन तयार छ
उनी राजमहलमा बसे पनि, घर-घरमा जय-जयकार छ
त्रिभुवनको मनमा प्यार छ !

जनता कुनै कङ्गाल छ
क्वै भने मालामाल छ
आजाद तर नेपाल छ
राजाले दुनियाँ पाल छ,
यस्तो राजाको शासनमा, झन् जनताको सरकार छ
उनी राजमहलमा बसे पनि, घर-घरमा जय-जयकार छ
त्रिभुवनको मनमा प्यार छ !

गोरखाली, नेवारे, भोटे छन्
सुखमा हाँसेर लोटेछन्,
नेपाल नयाँ निर्माण गरौं
भनी छलफल गर्न आँटेछन्!
थ्यो सिंह जहाँ एउटा, अब त दुनियाँको दरबार छ
उनी राजमहलमा बसे पनि, घर-घरमा जय-जयकार छ
त्रिभुवनको मनमा प्यार छ!

जनताको बन्धन तोडिदिए
मिथ्या आडम्बर फालिदिए
आजादीको झिलमिल बत्ती
घर, वन, पर्वतमा बालिदिए
राजा छन् अरू, नेपालैमा नारायणको अवतार छ
उनी राजमहलमा बसे पनि, घर-घरमा जय-जयकार छ
त्रिभुवनको मनमा प्यार छ!

त्यो राजमहल भन्ने घर त
आजाद प्रजाजनको दिल हो
त्यो क्रान्तिधामको महफिल हो—
स्वातन्त्र्य-सिद्धिको मन्जिल हो
त्यसमा बसी जुन जनसेवक हुन्, उनको सेवक संसार छ
उनी राजमहलमा बसे पनि, घर-घरमा जय-जयकार छ
त्रिभुवनको मनमा प्यार छ!

*****

राष्ट्रपिता त्रिभुवनप्रति

चन्द्रकान्त शर्मा

सम्झन्थे धृतराष्ट्र किन्तु दृगमा राख्थ्यौ तिमी सञ्जय
योगीझैं चुपचाप बुझ्न युगको आह्वानको आशय,
हेर्थ्यौ कुन दिव्यचक्षु कसरी खोलेर हाम्रो व्यथा
कस्ले नित्य सुनाउँथ्यो लुकि-छिपी सिद्धार्थ बन्ने कथा !

एक्लो आकुलता अलौकिक कुनै उत्सर्ग गर्ने प्रण
चिन्ता, व्याकुलता, असह्य युगझैं लामा प्रतीक्षा-क्षण
बाटाका व्यवधानको कठिनता, उद्धारको छट्पटी
सानै बालककालमै सकसका संकष्ट काट्यौ कति !

तिम्रो भावुक प्रेमको तरलता, आवेगको जाह्नवी
रोकिन्थ्यो कसरी कठोर पहरा भित्ताभरी ठोकिई।
रेखा तीन निधारमा, हृदयमा आक्रोशको राप ली
हेर्‍यौ मूक मलीन राष्ट्र कहिले अट्टालिकामा चढी ?

तिम्रो जीवन स्वर्णका मुकुटमा छाया थियो देशको
कच्चा यौवनकालकै उदयमा माया बस्यो देशको।
शाही शान र मानको सुमनमा अज्ञात कीरा थियो
फोस्रो धाक-रवाफको अमनमा बेचैन पीडा थियो।

तिम्रो वक्ष विशाल सागर थियो नेपाल फुल्थ्यो तहाँ
तिम्रो लक्ष्य महान स्वर्ग सुखमा नेपाल पुग्थ्यो जहाँ,
यौटै मात्र 'स्वदेशको हित' यही संकल्प सच्चा थियो
रैतीको शुभकामना रहरको उत्साह पक्का थियो।

सुस्केरा कति छोड्दथ्यौ अधरका निश्वास ताता छरी
बन्थे स्वर्णिम अन्तरिक्ष दिलका रंगीन लाली परी,
काला बादल व्योममा हृदयका इच्छा लिई आउँथे
भाका बादलमा टिपी खगहरू उद्यानमा गाउँथे

डुल्थी पुष्प-परागमाथि पुतली बाँडेर नौला रँग
खेल्थे चौर वरीपरी महलका आकार छायासँग
तारा मौन प्रकाशमा जलनको माधुर्य सम्झाउँथे
हावामा पनि भावना प्रकृतिका सन्देश भै आउँथे।

तिम्रो बाहिर नाटकीय महिमा देखावटी नै थियो
भित्री मन्त्र र लक्ष्य निश्चय कुनै अर्कै कुरामा थियो
घेरा त्यो दरबारको यवनिका च्यातेर निस्क्यौ तिमी
रैतीकै सँग मित्रता हृदयको गाँसेर निस्क्यौ तिमी।

संसारी परिपन्चको दुखमयी जन्जालका जालमा
पीडा, रोदन, दर्द, मर्म कति छन् अन्यायका चालमा
आफैं भोग्न पस्यौ महाजलधिमा संघर्षमा हेलियौ
राजा हौ, तर भीडका लहरमा रैती बनी ठेलियौ।

कस्तो मौन नजानिंदो बिगुलले ब्युँझाइदिन्थ्यौ तिमी
उच्चादर्श अदृश्य ज्योतिपथको सम्झाइदिन्थ्यौ तिमी !
साझा स्वप्न समस्तमा सुखमयी सञ्जीवनी जो थियो
त्यस्ले नै सबको प्रसुप्त मनमा नौलो उज्यालो थियो

सारा वैभवशक्ति राजसुखको पर्वाह छोडीदियौ
तिम्रो भाग्यसमृद्धि देशहितमै सम्पूर्ण होमीदियौ––
यो कस्तो इतिहास हो हृदयका सम्राट नेता बन्यौ
साक्षात् विष्णु समुद्र शेष सुख त्यो त्यागेर मान्छे बन्यौ।

लाखौं सन्तति शक्तिमान् सगरका बेहोश लाटा थिए
अज्ञानी तटको महाबगरमा पल्टीरहेका थिए,
एकाकी तपले भगीरथ बनी ल्यायौ सुधा जाह्नवी
सारा मुक्त, प्रबुद्ध, चेतन बने पाएर त्यो स्रोतसी।

आमा एक करोडकी कनकको प्रासादमा कैद थिन्
जादूका वशले विमोह तममा लठ्ठ्याइएकी थिइन्
तिम्रो एक उडानले असुरको दुःस्वप्न त्यो भङ्ग भो
तिम्रो पौरखले प्रमत्त मदको अन्यायको अन्त्य भो।

बाँध्छन् जो अरु, त्यो स्वयं अघि सरी फुस्काइदिन्छौ तिमी
राख्छन् जो अरु, मुक्तहस्त बनि त्यै बाँडेर दिन्छौ तिमी
कस्तो यो छ विचित्र विश्वभरमा आश्चर्य लाग्ने कथा
नेपाली इतिहास राख्छ सुनमा लेखेर तिम्रो कथा!

तिम्रो शुभ्र विचारमा झलमली ज्योत्स्ना उज्यालो थियो
तिम्रो सौम्य मुहारमा अमितको आभा अनौठा थियो
तिम्रो शीतल राजकीय प्रभुता आदर्शले व्याप्त थ्यो
तिम्रो निश्छल प्यारका लहरमा नेपाल नै मस्त थ्यो

तिम्रो सुन्दर नेत्रमा भुवनको सौन्दर्य जो खुल्दथ्यो
तिम्रो दृष्टि जताततै कुसुमको आलोक भै फुल्दथ्यो,
यो काँडामय विश्वमा सुरभिको बास्ना फुटाइदियौ
कस्तो निर्मल प्रेम स्वच्छ दिलको सारा लुटाइदियौ!

ढाकेको ढकमक्क फूलहरूको सौन्दर्यका भारले
प्यारो चम्पक-स्वर्णपुष्प सबमा वर्साउँथ्यौ प्यारले
छायामा जति आउँथे सकलका आधार आफै थियौ
यो पापी कलिमा सुवर्णयुगको छाती लिएका थियौ ।

राजा हौ तर रङ्कमा पनि तिमी छाया बनी बस्दछौ
साझा हौ तर व्यक्ति-व्यक्ति सबमा आफ्नै बनी बस्दछौ
मीठो स्वच्छ सुवासले कुसुममा बास्ना सुगन्धी थप्यौ
तिम्रो एक सुकार्यले हिमचुलीमाथी उज्यालो थप्यौ ।

तिम्रो गौरवको धुरी सगरको माथा बनी उठ्दछ
तिम्रो सौरभ चेतना हृदयमा श्रद्धा बनी बस्दछ
केमा स्वर्ग घमन्ड गर्छ ? कहिले जान्छौ तिमी स्वर्गमा ?
नेपाली मनको पवित्र स्मृतिमा तिम्रो छ सिंहासन ।

हाम्रो घाम र जूनको ध्वज सधैं उक्लन्छ उच्चाइमा
साछी छन् शिव ! बढ्छ बढ्छ नित यो नेपाल सच्चाइमा
बिर्सन्नौं कहिल्यै नयाँ युगसँगै बढ्ने नयाँ प्रेरणा
नेपाली नभनीलमा रवि-शशी डुल्छन् लिई सम्झना !

*****

स्वफो स्वां

चित्तधर 'हृदय'

१. सुप्रभात*

वय धुन जि उषाया दूत थौं नाम ग्वंगः
ब्वय-बिय मफुसानं खः जि खः जात झंगः
कन्यत हृदयहारी भिंगु सः विश्वयात––
त्रिभुवन थित खंला वीरताया प्रतापं

नभ-न्हसकन सो सो वैंगु हे तुं किपालु
सम थित तम झं झं सालुकाः रात्रियागु
बिसि वन फुक ग्यानाः ख्यूँगु चाया पिवाःत,
त्रिभुवन थित खंला वीरताया प्रतापं

क्षितिज-म्हुतुसि-ग्राभां छुंजिकाः हुं निसर्गं
मुसु मुसु न्हिल खंला सुंक छाय् ग्रय् विहङ्ग !
मधुर मधुर शब्दं न्यंकि थः थःगु गीत,
त्रिभुवन थित खंला वीरताया प्रतापं

---

*श्री जुजु त्रिभुवनवीरविक्रम शाहदेवजु नेपाले प्रजातन्त्र-शासन व्यवस्थायायूत भारते लिहाँ बिज्याःजु शुभमुहूर्ते––रचयिता।

२. झी जुजु

'जुजु' ख: मंका: सकल प्रजाया।
छग: 'जु' थ: थ: झी सकस्यां दु--
भाजु, मय्जु वा अवुजु व आज्जु,
अय्नं हाला: ज्वी त्रिभुवनया
प्रजावर्गपिं लय्लय्ताया:--
'जुजु' ख: मंका: सकल प्रजाया।

थज्या:गु वर्षा वन पीन्यागू
गुगुली जीवनयन-वा पीगु,
थुगुसी पित त्रिभुवन लय्ताय्का:
प्रजातन्त्रमा सिमा:, उकिं ला--
'जुजु' ख: मंका: सकल प्रजाया।

नेपा: वासी नेवा: झीपिं
जुजु हे द्यो थें भा: पा: च्वंपिं
उकिं झीत नं तय् मा: माया--
झीनं छू धका: मज्वीगु हाला:--
'जुजु' ख: मंका: सकल प्रजाया।

३. गौचरं लिहाँ वया:

यजुजु, छ:पिनि चित्तयागु खँ ज्ञानमदया: ध्वामथू,
स्वय्फु थुगु लाया मिखां ला देह हे जक स्थूलगु।

थौं उकिं छ:पिन्त स्वागत याय्त जि वया गौचरे,
भक्तिया चिं स्वां दु ल्हाते, स्नेह-चिन्ह मिखाय् दु रे।

जि जक मखु जुजु, अन लखंलख जिगु किपालुत जिं खना,
अमि मिखाया न्हाय्कने नं हृदय जिगु हे च्वन थिना:।

जुजु बिज्याइन धैगु आशां जाल मनया सर्गंते,
वःगु खन्यदत दूर क्षितिजं पिलिक क्वदुवाःया फुसे ।

प्लेन जुत गन, अन मनूतय् मनस उत्सुकता थित,
राजमहिषीपिनि अवस्थां भावना चिरिचिरिखुत !

उफ, अज्याथाय् मेगु नं वेगं मलः थें ब्वांवल,
जुत छु, तृण थें अन लखंलख 'हृदय' नं दनदन व्छल ।

मखन छुं-छां, मसिल थुगु याय्, न्यादँ न्ह्यो मन ब्वांवन,
चित्त भति अबलेतु थूसा छु जक जिमिसँ याय् धुन !

*****

अनुवाद

तीन फूल

१: सुप्रभात*

म आइसकें उषाको दूत नाउँ हो भाले
उड्न नसके तापनि मेरो जात त चरा नै हो
विश्वलाई हृदयहारी असल समाचार सुनाउनलाई——
त्रिभुवन वीरताको प्रतापले चम्के।

आकाशरूपी ऐनामा हेर उसैको छाया
त्यस्तै रात्रिको अँध्यारो पातलो पार्दै चम्क्यो
अँध्यारो रातका पालेहरू डराएर भागे
त्रिभुवन वीरताको प्रतापले चम्के।

त्यो निसर्ग क्षितिजरूपी अधरको आभाले रँगाएर
मुस्काइरहेको देखेनौ? ए विहंग, किन चूपचाप!
मधुर-मधुर शब्दले आफ्नो-आफ्नो गीत सुनाई,
त्रिभुवन वीरताको प्रतापले चम्के।

२. हाम्रा राजा (जुजु)

'जुजु' हुन् साझा सकल प्रजाको

एक 'जु' हामी सबमा हुन्छ
भाजु, मैजु, वा अबुजु बराजु,
तर त्रिभुवनका प्रजा रमाई
भन्दै हिंड्छन् नाची-गाई——
'जुजु' हुन् साझा सकल प्रजाको

---

* हाम्रा राजा त्रिभुवनवीरविक्रम शाहदेव नेपालमा प्रजातन्त्र-शासन व्यवस्था गर्न भारतबाट फिर्ती सवारी भएको शुभमुहूर्तमा——रचयिता।

जीवनदायी रोप्ने धान
बर्सात बितै पैंतालीस
यस क्षण त्रिभुवन हर्षित पारी
प्रजातन्त्रको वृक्ष उभ्याए
यस कारणले भन्दै हिंड्छौं––
'जुजु' हुन् साझा सकल प्रजाको !

नेपालैका हौं नेपाली
राजालाई द्यौता ठान्ने
पर्छ त्यसैले माया राख्न
किन नकराग्रौं हामी मात्रै––
'जुजु' हुन् साझा सकल प्रजाको।

२. गौचरबाट फर्केर

प्रिय राजा, तिम्रो चित्तको कुरा
ज्ञान नभएकोले बुझ्न सकिनँ,
यो चर्म-चक्षुले स्थूल देहमात्र
देख्न म सक्दछु।

त्यस कारणले आज स्वागतार्थ
म गौचरमा आएँ
हातमा भक्तिको चिह्न फूल,
आँखामा स्नेह-चिह्न छ।

ममात्र ह्वैन राजा, त्यहाँ लाखौं
मेरा छायाहरू देखें,
उनीहरूको आँखाको नानीमा
मेरो हृदय टल्किरहेको देखें।

राजा सवारी हुन लाग्यो भन्ने आशाले
मन-आकाश भरियो,
दूर क्षितिजमा कटुवाल दहको माथि
पिलिक्क आएको देखियो।

जब जहाज उत्र्यो अनि मानिसहरूको
मनमा उत्सुकता जाग्यो
राजमहिषीहरूको अवस्था देखी
भावना चिरचिर च्यातियो।

उफ्, त्यसै बेला अर्को जहाज पनि
बिजुली वेगले दौडेर आयो,
जहाज ओर्ल्यो के, त्यहाँ तृणजस्तै
लाखौं 'हृदय' दनदन बल्यो !

केही देखिएन, के गर्ने थाहा भएन
पाँच वर्षअगाडि मन दौड्यो,
त्यस बेला (तिम्रो) चित्त केही मात्र
बुझेको भए हामी के-केमात्र गरिसक्थ्यौं होला !

*****

अभयदान मुद्रा

जगत्‌बहादुर सिंह बुढाथोकी

अभय-मुद्रामा
कल्पतरुजस्तै
यथार्थ साधना
चिरकालसम्मका लागि
निरन्तर अभयदान बाँडिरहेछ
चेतनाको मुस्कान लिई
जीवन-ज्योति आशीष दिई
जीवनलाई राष्ट्र-शपथ सम्झाइरहेछ।

दुनियाँनिम्ति
यसै दुनियाँमा
यस मानवले
आफ्नो प्यार
आफ्नो संसार
कुल र जीवन बाजी राख्यो,
यस धीर, शान्त मुद्राको संयमले
अपार वेदना पियो
साकार यातना सह्यो
अत्याचार अनाचार नृशंससामु
यशस्वी नृसिंहले छाती थाप्यो,

त्याग-तपस्या-आत्मबल-ज्योति सामु
काला, नीला गुलामीका बादल हराए।
त्यसले ल्याएको प्रभात-प्रकाशमा
आज आजादी फस्टाइरहेछ
सौम्य मुद्राको कोमल मिहीन मुस्कान
बलिदान सम्झाइरहेछ।

यस बलिदान-मुस्कानलाई
हामीले अनन्तसम्म जोगाउनु छ——
यस धरतीमा आउने
कलिला सन्तानहरूका निम्ति
आहुति भएर पनि।
यस मुस्कानमा छ
हाम्रो जीवन-स्पन्दन,
अरे! आजाद देशका सपूत
तिम्रो आजाद हृदय धन्य!
जहाँ छ स्वतन्त्र मन्त्र
पावन-जीवन-त्रिभुवन।

*****

क्रान्तिकारी त्रिभुवन

टेकबहादुर खत्री

ए क्रान्तिकारी, ए शान्तिदायी, ए प्यारा त्रिभुवन!
विश्वका तारा, नेपालका मुटु, ए हाम्रा त्रिभुवन!
ए त्यागमूर्ति, ए सत्यमूर्ति, नेपाल सम्राट
स्वतन्त्र-संग्राम विजय गर्ने ए वीर सैनिक!
देशका बन्धु भोका र नाङ्गा त्यो देख्न सकेनौ
त्यो अत्याचार, त्यो पक्षपात सहन सकेनौ
क्रान्तिको झन्डा उठायौ तिम्ले, कदम बढायौ
उथलपुथल देशमा भयो, तिमीले गरायौ।
ओहदा त्याग्यौ, महल त्याग्यौ, सुख र परिवार
त्यागेर सारा प्रजाको निम्ति विदेश गएथ्यौ।
यो नयाँ युग, यो नयाँ राज तिमीले लेरायौ।
यो नयाँ उषा, यो नयाँ हावा लिएर जो आयौ।
प्रजाका प्यारा, ए त्यागी राजा, कलिका ए राम,
प्रगतिप्रिय, दुःखीका दोस्त, क्रान्तिका पुजारी
विश्वका महान् वीरका बीच छ तिम्रो यो नाम
देशका बन्धु मिलेर हामी कामना गर्दछौं
त्रिभुवन हाम्रा अमर होऊन् दिलले भन्दछौं
यो तिम्रो जन्म-उत्सव मान्छौं, हृदय खोल्दछौं।

*****

ननिभ्ने दियो

तेजप्रकाश श्रेष्ठ

जलेथ्यो त्यो दियो
निस्पष्ट एक निशामा
सुषुप्त थिए जन सारा
चेतनारहित दिशामा

सुस्त-सुस्त गयो फिंजिदै
ज्योति त्यै अन्धकारमा
डराई निशा गइन् भाग्दै
ब्यूँझे मानिस सखारमा।

सोचे कसैले एक क्षण
स्वप्न मात्र त हैन यो!
हुरीलाई नै लत्याई तर
आएको ज्योति देखियो

प्रफुल्लित हृदय उदायो
जन-जनार्दनको बीचमा
त्रिभुवनभर फिंजियो
त्रिभुवन-ज्योति हृदयमा!

*****

सम्झना

दुर्गाप्रसाद भजगैयाँ

हे त्रिभुवन नन्दनवन, शीतल पवन
चेतना-झिल्को फुकेर ल्यायौ उज्यालो किरण !

भन्दथ्यौं हामी तिमी छौ सबै तिमी नै हुनेछौ
गतिमा बस्ने मन्त्र हे तिमी अनन्त हुनेछौ !

बिहानीपख उदायौ तिमी, समय भन्छ रे
प्रभाती गीत सुनायौ मीठो--यो प्रजातन्त्र रे

ढुङ्गाले आत्मा मिचेको देखी सहन सकेनौ
हाँसोमा हाँसो मिलायौ राजा, थुपुक्क बसेनौ

तिमी थ्यौ द्यौता, दिएथ्यौ प्राण नेपाली पनमा
अनन्य थियौ नेपाली तिमी नेपाली मनमा

यसैले देश छ भाग्यमानी मुक्तिले चम्केको
रहन्छ यहीं सुनौलो छाया बिहानै लम्केको

यसैमा माया अपार पोख्यौ मनमै साँचेर
तिमीले दियौ स्वातन्त्र्य दान मुसुक्कै हाँसेर

अमर वीर विभूति जन्म्यौ नेपाल भूमिमा
ब्यूँझाई गयौ जनतालाई मान्छेको जुनीमा।

*****

मेरो श्रद्धाञ्जलि

देवीप्रसाद रेग्मी

हे त्रिभुवन राष्ट्रपिता, नेपालीका मुक्तिदाता
छैनौ आज बिजुलीझैं चम्किएर गयौ कता !
जसको दिव्य प्रकाशले कोटी ज्ञान-चक्षु खुले
बामे सर्न थालेका छौं त्यसकै स्मृति, प्रेरणाले ।

एक सय वर्षसम्म घोर दुःख कष्ट खाई
बस्नुपर्‍यो अँधेरोमा एक्ला-एक्लै छट्पटाई,
शासन गर्थ्यो अर्कै यहाँ क्रूर स्वार्थी कपूतले
फाँसी पनि चढ्नुपर्‍यो देशका निम्ति सपूतले ।

शहीदले शिक्षा दिए क्रान्ति दीप जगाएर––
'लिनुपर्छ आफ्नो हक आफै रगत बगाएर
मागेर यो पाइँदैन जबर्दस्ती लिनैपर्छ
जो बस्दछ चूप लागेर त्यसले भोकै मर्नुपर्छ ।'

शहीदका मौन वाणी नेपालीले जब सुन्यो
शहीदका सदिच्छालाई पूर्ण गर्ने जुक्ति गुन्यो,
तिमीलाई अघि लाई नेपालीले क्रान्ति गर्‍यो
आखिर त्यो क्रूर शासक धर्मराई ढल्नै पर्‍यो ।

बल्ल चिन्यो नेपालीले आफ्नो प्यारो त्यागी राजा
जसले दियो स्वतन्त्रता, जिन्दगीको मीठो खाजा,
गाउन थाल्यो नेपालीले नयाँ-नयाँ गीत रची
म पनि त्यै भाका छोपी आएको छु पछि-पछि ।

त्यो हँसिलो शान्त, सुन्दर मुहारको स्मृतिचित्र
कोरेको छु मैले आफ्नो रुख्खिएको छातीभित्र
गाएको छु गीत तिम्रै सपनाको फूलबारीमा
घुमेको छु एकोहोरो खोज्दै त्यसको अन्त्य सीमा ।

सकिंदैन तिम्रो गाथा जीवनभरि लेखे पनि
टुंगिदैन तिम्रो कथा प्रलय नै भए पनि
तिमीले जुन देखाएथ्यौ बाटो साँच्चै छोड्नेछैन
श्रद्धाञ्जलि यै हो मेरो साथमा अरू केही छैन !

*****

राजा त्रिभुवन

देवज्ञराज न्यौपाने

१

हामी थ्यौं घनघोर अन्ध तममा जो नीद हाम्रो थियो
हामी थ्यौं वनभित्र त्रस्त युगको चीत्कार हाम्रो थियो
राजासाथ मिलेर बस्न जनता यो आस हाम्रो थियो
नामै मात्र लिएर सम्झनु थियो यो देश हाम्रो थियो।

राणाकाल थियो र पिंध्नु जनता मौका उसैको थियो
राजासम्म छलेर बाहिर सबै धोका उसैको थियो
बाटो कुर्नु थियो र साहस गरी मौका नचुक्नु थियो
हाम्रो कल्पित स्वप्नभित्र पनि हा आशा यसैको थियो!

बाछो दूर बनेर बस्न सुखले माऊ कहाँ सक्छ र?
झर्दा निर्झर शैलबाट नबगी कल्ले यहाँ छेक्छ र?
मैलो पार्दछ हुस्सुले जगत यो हावा नचम्केतक
कल्ले चिन्छ र फूललाई उसको बास्ना नगम्केतक!

आगो बल्दछ भित्र-भित्र दुखको पग्लन्छ आँसु जहाँ
खानै पर्दछ सत्यहार अरुले चड्कन्छ बाबु जहाँ
चाहे सूर्य छिपाइराख्नु कहिल्यै छेकिन्न त्यो हातले
आफ्नै हात छ पुग्न सक्छ मुखमा—रोकिन्न रे रातले

स्थायी भूल रहन्न किन्तु जगमा साँचो कहाँ चल्दछ ?
मान्छे तुच्छ भनेर आज कसरी मान्छे यहाँ छल्दछ
छेका बन्दछ जो नजीक उसले छेकिन्छ आफै स्वतः
मुर्दा हैन समाज किन्तु छ यहाँ चोखो मिठो बर्गत ।

मान्छे मर्दछ मर्नुपर्दछ भने खोजेर आफ्नो हक
अत्याचार सहन्न किन्तु दुनियाँ बाँचेर वर्षौंतक
जैलेसम्म छ मेल, मान, ममता सृष्टि त्यहाँ चल्दछ
मिल्दा ठक्कर, चोट खप्न नसकी आगो स्वयं बल्दछ ।

आफ् द्वेष नराख किन्तु भुलमा पस्नेर बिन्ती गर
मान्छे हो अब दूधनिम्ति अरुको बाछो नखोस्ने गर
सक्छौ निर्मल स्नेहनिम्ति अरुमा छाती पगाल्ने गर
सक्तैनौ त बिगारमात्र अरूको कैल्यै नगर्ने गर

भन्दै शान्ति र सत्यको घनघटा नौलो यहाँ बर्सियो
थापी काँध अगाडि भाइहरूको बाटो यहाँ पर्खियो
यौटा भेल बहेर जान्छ जसरी आफ्नै रही अर्थमा
मान्छे भेट्दछ जीत-हार उसको आखीर संघर्षमा ।

साँचो न्याय खुलेर वास्तव यहाँ अन्यायको हार भो
राजा मूल बनेर सिंचित भयो हाम्रो प्रजातन्त्र यो
पाना पूर्ण अतीतका सब गरी राजा स्वयं बोल्दछन्
थोरै शब्द भरेर भित्र दिलको उद्गार यो खोल्दछन्––

"मौका आउँछ साथ-साथ भरिलो भेटिन्छ नौलोपन
आफ्नो याम भुलेर किन्तु अरुको पाइन्न रे जीवन
हामी दीन र हीन बन्न यसमा अर्को नहोस् बन्धन
एकै स्वप्न लिएर शान्त युगका फुल्छौं करोडौं जन ।

मेरो निम्ति बढेर गर्न युगको चाहन्न कोलाहल
मेरै निम्ति लडेर मात्र जगको चाहन्न छोटो फल
मान्छे मात्र समान बन्न यसमा स्वाधीन संसार छ
आमा काख करोड भाइहरूको सम्पूर्ण नेपाल छ

नेपाली पन एउटै छ सबको नेपाल हाम्रो धनी
राजा हैन सदैव एक रहने हूँ यो प्रजा मै पनि
आफ्नो राष्ट्रियता लिएर खँदिलो जो भावना भर्दछ
जस्ले स्नेह फिंजार्न सक्छ जनमा सेवा उही गर्दछ।

मेचीबाट उठेर इन्द्रधनु यो फैलिन्छ कालीतक
स्वप्ना फुल्दछ मिर्मिरे प्रहरमा ब्यूँझी बिहानीपख
आभा छर्छ हिमालले प्रगतिमा निर्माण-रेखा अब
नेपाली इतिहास भर्छ यसमा आफ्नै निजी गौरव।

होलान् शाश्वत स्नेहपात्र दुनियाँ टुट्लान् कडा बन्धन
उठ्लान् निर्जन कन्दरा रहरले गुन्जाइ पाखा-वन
नौलो सूर्य उदाउनेछ दिलको एकान्त कैलासमा
एक्लो प्रीतम पाउनेछ सँगिनी आफ्नै मिठो आसमा

हामी योग्य विचार पोख्न सुखले सक्छौ यहाँ जो पनि
नेपाली हकको समान गतिमा हामी स्वयं छौं धनी
आफू बग्नु छ देशभित्र पसिना छर्दै सफा चालमा
आफै गर्नु छ भाग्य-सिर्जन नयाँ यै देश नेपालमा।

हाम्रो साथ छ प्यार हर्दम मिठो आफ्नै उँचा देशको
हाम्रो साथ छ मित्रता चहकिलो झन् बाह्य संसारको
हामी गीत अलाप्तछौं मिलनको खोला र पाखासित
हामी जीवन धान्दछौं समयको यी घाम-छायासित।”

२

जस्तो गीत बनेर जागृति दियो नेपाल ब्यूँझाउन
उस्तै चाख लिएर सिर्जन गर्‍यो यै देश चम्काउन
पायो प्यार अनन्त भित्र रसिलो संसारलाई दिन
आफ्ना भाइ छलेर किन्तु उसले चाहेन राजा हुन।

छोटो जीवन बित्छ जान्छ सहसा यो शीत थोपा न हो
स्थायी जीवन बन्न सक्छ तर यै सेवा र सत्कारको——
भन्ने तथ्य चिनेर हर्दम दियो यो प्राण बाजीकन
सेवा त्याग गरेर किन्तु उसले चाहेन राजा हुन।

साँचो शंख फुक्यो उठाइ जनता आफ्नै प्रजातन्त्रको
साँचै भर्न सक्यो स्वदेशभरमा सेवा महामन्त्र यो
भेट्ता मानिसलाइ मानिस भनी जानेर लायो गुन
छोटो स्वार्थ लिएर किन्तु उसले चाहेन राजा हुन।

प्यारो देश र देशबन्धुहरुको स्वप्ना पुगेझैं सब
सुखी बान्धव साथ-साथ दिलको आफ्नै उँचा वैभव
नासो एक करोडको जुन लियो फिर्ता धरौटी दिन
लोभी हात लिएर किन्तु उसले चाहेन राजा हुन।

टाढा खलबलदेखि शान्तयुगका यात्री यहाँ आउँछन्
फिर्दै फागुन सातले युगयुगै सन्देश यो ल्याउँछन्——
मान्छे उठ्न सक्यो लिएर ममता संसारलाई छुन
छाडी मानिसको मुराद उसले चाहेन राजा हुन।

स्थायी हुन्न सधैं उही नियमको, अर्को कुनै आउला
मान्छेले चिरकालसम्म तर यै गाथा यहाँ गाउला——
साँचो रूप लिएर साहस गरी लायो सबैमा गुन
मान्छे हो तर अन्धभक्तहरूको चाहेन द्यौता हुन।

लामो जीवन छैन बैंस सबको वैलाउँदै झर्दछ
मान्छे काम र नामनिम्ति अघि को बाँची यहाँ मर्दछ
खाली अल्पनमात्र विस्मृति यहाँ आएर फर्किन्न रे
जस्ले भेट्तछ सत्य एक युगको त्यो सत्य बिर्सिन्न रे !

खस्लान् क्वै दिन तारका नजरमा यो जून के खस्तछ ?
बाँचेको इतिहासले युगयुगै साक्षी यहाँ बक्तछ
राजा नै हक खोज्न जान्छ युगको आफ्ना प्रजा निम्तिमा
धर्तीमा उपकारको श्रम कतै जाला र के सिर्तिमा !

ओर्ली निर्भय सुस्त-सुस्त रविले चुम्छन् यहाँ निर्झरी
पार्छन् झलमल ज्योतिमा, जुनकिरी नौलाख तारा झरी
यौटा जीवन बोल्छ भोलि पनि यै बाँचेर नेपालमा
यौटै रूप छ सत्यनिम्ति उसको साँचो प्रजातन्त्रमा ।

यो सम्मान नछोइने गर तिमी मैला हुने हातले
यो स्वातन्त्र्य नवैलने गर तिमी माया र सम्मानले
हामीमाथि भविष्य खेल्दछ यहाँ नासो त हाम्रो न हो
हामीमाथि छ न्यायले हक खुला यो देश हाम्रो न हो !

छोडी जानु छ भोलि के र यसमा यैं सत्य माया भर
यात्री, प्राकृत देश यो रहरको आएर हेर्ने गर
यौटा फूल अनन्त भर्न उसले अर्पन्छ रे अञ्जलि
यौटै निर्मल आत्म-ज्योतिसँगमा हाम्रो छ श्रद्धाञ्जलि ।

*****

त्रिभुवन-स्मृतिमा

धर्मराज थापा

कुइरो आउँछ पाख-पाखै बर्साउँदै झरी
धुवाँ छुट्छ असारको त्रिभुवनैभरि
बादलको बिजुलीले चटचाङ पार्न लाग्यो
बिघ्न-बाधा पन्छाएर दुष्ट युग भाग्यो !

वर्षैपिच्छे वसन्तले जन्माएका मुना
जाति हाम्रो नेपालीको माली एकै जना
झारपात लुछीचुंडी फाँडिदिंदै काँडा
स्वातन्त्र्यको हावा चलाई फुलाइदिए डाँडा

आँठाकाँठा भिजाइदिने सिमसिमाउँदो झरी
हाम्रो फाँट हिल्याइदिने आफै अघि सरी
मियो बन्दै खले-गरा उभिदिने उनी
दाइँ हाल्दै हामी खान्छौं धानका बाला चुनी।

दिन, ऋतु, वर्ष, वार, सँघारको साँझ
कति आए, कति गए तिम्रो हाम्रो माझ
झिलिमिली तारा बाल्ने नीलो आकाशझैं
बसेका छौ शैलमाथि ध्रुव अटल झैं।

छचाङ्ग हुँदै दिशा खुल्छन् छाया पुग्छन् पर
बास्ना फुट्छन् कस्तूरीका त्रिभुवनभर
सुनैसुन बन्दै बले साना ठूला चुली—
हाम्रो बाटो मेचीदेखि महाकाली खुली

आपत्ति र विपत्तिको राँको उचालेर
बाटो देखाई जनतालाई हिंड्ने अँगालेर
प्रजातन्त्र कुलकुलायो स्वातन्त्र्यको मूलमा
त्रिभुवन मुस्कुराए हृदयको फूलमा !

मारे पनि मर्दैन है हिमालको बीउ
चाटे पनि टुक्रिन्न है नेपालको जीउ
गुफाभित्र चिच्याउँदै बस्ने मान्छे चरी
दुई ढुङ्गाको तरुललाई बनाऊँ अजम्बरी।

हृदयको उड्ने चरी किन रोकिन्थ्यो र ?
हत्केलाले सूर्य किरण किन छेकिन्थ्यो र ?
नयाँ भेल उर्ली आयो बाँध-बन्धन फाल्यो
नेपालीले पञ्चायती पाला बाल्न थाल्यो।

शिरोमणि पैलो चुली अल्को हिमालको
राणा ढाल्ने शिकारी हौं यसै नेपालको।
नेपाल यो नेपालीको ओछ्याउने दरी,
तिमीसँग हाम्रो मन घुम्छ जुगैभरि।

*****

श्री ५ त्रिभुवनप्रति

नीरविक्रम प्यासी

गएका तिमी छौ तिमीलाई माटोमा खन्याई
मानिसमात्र जन्मन्छौ तिमी तिमी नै बनाई
आकाश धर्ती सिर्जनाभरि तिमीमै घोलिने
होइनौ तिमी विषय मैले बोलेर बोलिने।

मै तिम्रो बोली हृदयदेखि तिमीले बोलेको
मै तिम्रो बाटो विश्वको निम्ति तिमीले खोलेको
सम्पूर्ण छँदा युगको भन्नु तिमीमा पचेको
सृष्टिको हुँ म भविष्य राजन्, तिमीले रचेको !

मै तिम्रो कीर्ति स्रष्टाको स्रष्टा समय ओकल्ने
हातको तिम्रो म सुई मुटु शून्यको खोतल्ने
मृत्युको माथि साकार तिम्रो ज्वलन्त जीत म
गुँजेको तिम्रो हुँ एकान्तको अमर गीत म !

मलाई राख्छ उज्यालो तिम्रो मुहार हँसिलो
अमृतभन्दा तिमीले पाऱ्यौ मलाई रसिलो
भन्दछु तिम्रो अनन्त छाती आज म लिएर
संसार बाँच्न तँ सक्छस् खालि मलाई पिएर !

*****

प्यारा राष्ट्रपिता

भद्राकुमारी घले

तिम्रो त्याग-तपस्या छ नेपालीको साथ पिता, नेपालीको साथ
नेपाली माग छ जुग-जुगतक तिम्रो आशीर्वाद पिता, तिम्रो आशीर्वाद !

तिमी नै कलाकार माली बगैंचा सजाउने
तिमी नै स्वतन्त्रताको बाटो गोरेटो देखाउने
प्रजातन्त्रको प्रकाश तिमी नै नेपालको तारा
हाम्रा राष्ट्रपिता तिमी हौ नेपालीका प्यारा

यो धरा-धर्ती यो राष्ट्र गर्छ तिम्रै याद पिता, गर्छ तिम्रै याद

तिमी नै क्रान्तिका अगौटे क्रान्ति-गीत गाउने
पूर्व-मेची पश्चिम काली क्रान्तिको जोश ल्याउने
तिमीलाई नै जानेका छौं हामी नेपालीले ता
यो नेपाल बनाउने तिमी नेपालीको नेता

नेपालीले सम्झिरहला तिमीलाई दिन रात पिता, तिमीलाई दिन रात

सुतेका हामी नेपालीलाई तिमीले नै जगायौ
मातृभूमिको सेवाको लगन तिमीले नै लगायौ
धन-वैभव, राज्य त्यागी नेपालीलाई देखायौ
देशको निम्ति मरिमेट्न नेपालीलाई सिकायौ !

ज्यान, मान, धन दिएर सहेका थियौ घात पिता, सहेका थियौ घात

सूर्य-चन्द्र राष्ट्रध्वजा तिमीले नै फहराएर
तिमीले नै छोडेको नेपाल आज अमर गराएर
शत्रुअगाडि राखौंला हाम्रो छातीको ढाल
सधैं नाम राख्नेछौं ठाडो उठाई भाल

तिम्रा सन्तान हौं वीर नेपाली हाम्रो जात पिता, नेपाली हाम्रो जात
तिम्रो त्याग-तपस्या छ नेपालीको साथ पिता, नेपालीको साथ!

*****

उर्लेको आँसु

भारतराज पन्त

दुई हज्जारको विक्रम नरपतिको आज एघार साल
एघारौं मास, तीसौं दिवस र रविको वार यो दुर्निवार
सुन्दा देहान्त-वार्ता 'त्रिभुवन' पृथिवीनाथको वज्रजस्तो
हाहाकार प्रजामा गजबसित भयो उग्र भूकम्पजस्तो

'पृथ्वीनारायणाख्य' प्रथित नृपतिको उच्च वंशावतंस
नेपालीको तलाऊमय हृदयविषे पौडने राजहंस
सम्झी सारा प्रजाको सरल हृदयको होश अल्पी हरायो
काँपिन् यी मातृभूमी, पवन, वन, नदी, शैलमाला सुसायो

जो बेला शान्तिसाथै सकुशल प्रभुको झट्ट फिर्ला सवारी
त्यै बेलामा गरौंला प्रणय कुसुमले स्वागतोल्लास भारी--
भन्थ्यो, सारा प्रजा यो दिन पनि युगझैं ठान्दथ्यो हाय ! आज
आशा उल्टो गरायो कुटिल नियतिले बिग्रियो काम-काज !

वस्थ्यौं गर्दै प्रतीक्षा--'त्रिभुवन' प्रभुको देहयात्रा पवित्र
भन्थ्यौं--'कैल्हे गरौंला विकल हृदयले कामना शुद्ध भित्र'
आयो आकाशमाथी जलधर जलका वृष्टि नै आँसु झारी--
रोयो चौपट्ट मानूँ चर-अचर जगत् शोकसन्तप्त पारी

उर्दीको साथ कार्यक्रम सब ठिक भो चैत्रको चार जाँदा
श्रीको त्यो देहयात्रा क्रमसित शुरू भो, विश्वमा पारि बाधा
उड्दै आयो हवामा द्रुततर गतिले शक्तिशाली विमान
जस्को त्यो स्टेशनैमा जन खचित थिए भीड भेलैसमान

इन्द्राणीतुल्य रानी कुटिल-विधि-हता, न्याहुलीझैं विचेत
खाली आदर्श रक्षा गरिलिन तनमा प्राण केही सचेत
देख्दा सुन्दा कथाझैं अघटित-घटना आज सारा प्रजाको
झन् दन्दन् दन्किहाल्यो गहन हृदयमा शोकको उग्र राँको !

बाजाको साथसाथै 'त्रिभुवन' प्रभुको देहयात्रा चलेको
त्यो यात्रा साथसाथै अगणित जनको भीड भारी चलेको
देखिन्थ्यो दृश्य मानूँ प्रलय समयको सिन्धु उर्ली चलेको
हो नेपाली प्रजामा 'त्रिभुवन' प्रभुको शोक-आँधी चलेको !

त्यो यात्रा दर्शनार्थी, मलिन मुख तथा सम्भ्रमाक्रान्त सारा
बस्थे ढाकेर त्यत्रो वन पशुपतिको, बाग्मतीको किनारा
बाजाको साथ कोलाहल रव सबमा मच्चियो धूमधाम
श्रीको त्यो देह देखीकन सब जनमा निस्कियो 'राम, राम !'

उल्टो बन्दूक, बाजा पनि रुदन कला, पादसञ्चार मन्द
पक्री राष्ट्रीय झन्डा अफिसर भटको शोकको व्यक्त छन्द,
केटाकेटी र बूढा, नवयुवक तथा खिन्न नारी-समाज
देखिन्थे बाग्मतीका अगलबगलमा, छोड्दथे काम-काज

विस्तारै ल्याइहाले 'त्रिभुवन' प्रभुको देह त्यो आर्यघाट
मानूँ भो पुष्पवर्षा उस बखत कुनै इन्द्रका स्वर्गबाट
लाग्यो त्यस्तो उज्यालो पनि पशुपतिको मन्दिरै झन् अँध्यारो
मीठो त्यो बाग्मतीको कलकल जलको झन् भयो सुन्न गाह्रो ।

मिल्दा चिद्ब्रह्ममा गै 'त्रिभुवन' पृथिवीनाथको अन्तरात्मा
अन्तर्राष्ट्रीय वातावरण सब भयो शोकले व्याकुलात्मा
सच्चा सिद्धार्थनामा 'त्रिभुवन' नृपको कीर्तिले आज सत्य
ब्रह्माण्डै छोपिहाल्यो त्रिभुवन सब यो स्वर्ग, पाताल, मर्त्य

उफ्रन्थे, खेल्दथे जो कपि उस वनमा खिन्न मानीरहेछन्
हावा उर्लेर चल्दा वन, रुख, लहरा हाय ! घुप्लुक्क पर्छन्
सम्झी सम्झी पियारो 'त्रिभुवन' मनमा दन्किदा उग्र ताप
'हा ! के भो आज यस्तो !' भनि सब दुनियाँ गर्न लाग्यो विलाप

हे पाजी काल ! कस्तो अधम तँ रहिछस् जो विवेकै नराखी
वासन्ती कोपिलाझैं 'त्रिभुवन' पृथिवीनाथको देह ताकी
चाँडै लैजान सक्ने हृदय किन भयो वज्रभन्दा कठोर
जस्ले हामी प्रजामा अपरझट पर्‍यो शोक-सन्ताप घोर।

पापी, हीनाङ्ग, दुःखी, मरणकन सदा गर्दछन् जो पुकार
तिन्को वास्तै नराखी किन यसरी गरिस् नाथमा यो प्रहार !
बत्ती हाम्रो निभाइस् प्रगति-पथ खुला झल्ल पार्ने उज्यालो
पक्का यस्ले छ तेरो प्रचलित सबमा 'काल' त्यो नाम कालो

धीमान् त्यागी, उदार 'त्रिभुवन' पृथिवीनाथ, धर्मावतार
आनन्दी नाट्यलीलामय, सरस प्रजातन्त्रका सूत्रधार !
जस्को त्यो छत्रछाया तलतिर रहने आज हामी अनाथ
साह्रै कल्पेर भन्छौं व्यथित हृदयले 'हाय ! नेपालनाथ !'

त्यो राम्रो राजसिंहासन, मुकुट सयौं रत्नले झल्किएको
प्यासो नेपाल अग्लो हिमचुलि रविको रश्मिले झल्किएको
छोडी सौराज्य यस्तो नवगठित प्रजातन्त्रले झल्किएको
पाल्नूभो नाथ ! चाँडै अमर पुरतिरै कीर्तिले झल्किएको'

जो बेला सूर्य ज्यादै मलिन मुख गरी लाग्नुभो पश्चिमाऽशा
त्यै बेलामा चितामा घुमि नृप-वरको राखियो देह खासा
देखिन्थ्यो स्पष्ट हेर्दा मुखकमल कठै ! नाथको सत्यवादी
साँच्चै अन्दाज गर्थ्यो मन––'मुनिवरको मौनमुद्रा समाधि'

खासा श्रीखण्डमाथि, बिच-बिच तुलसी आज्यधारा कपूर
त्यै माथि राखिएको शव नृपवरको भक्तिले तीन फेर
घुम्नूभो शाहजादा कर-युगलविषे दागबत्ती लिएर
रोयो यो विश्व बाजा बिगुलसँगसँगै दीन-दुःखी बनेर !

त्यो बेला, त्यो चिताको शयन, शव उही नाथको सच्चरित्र
त्यो ज्वाला लप्किएको गगन-तल पुगी फैलिने यत्रतत्र
त्यस्तो त्यो दृश्य, वातावरण हृदयले सम्झँदा एक-एक
सारै धड्केर आयो मुटु पनि सहसा मान्न थालें उदेक

लाग्यो संस्कार गर्दा समय बितिगयो रातको केहि मात्रा
बाँकी भो भस्म थुप्रो, सकल सफल भो नाथको स्वर्गयात्रा
सेलाए बाग्मतीमा जब, सब जनता हाय ! भन्दै कराए
रोई, आँसू खसाली, व्यथित मन हुँदै सम्झँदै, फर्किआए

आँसू उर्लेर आयो नयन-युगलमा, रोकियो टक्क हात
ज्यादै अड्केर लेखें जति सब अब त्यो बन्द भो सूक्ति-पात
सारा नक्षत्र, तारा, रवि-शशि, नभमा चम्किएझैं गरेर
श्री···को कल्पान्तसम्मन् अमर यश रहोस् विश्वव्यापी बनेर !

*****

जनसेवा

माधवप्रसाद देवकोटा

पृथिवीसँग––

थुक्छन्, मुत्र र विष्टा छोड्छन्,
खुँड्छन्, खन्छन्, उर ओडार्छन्।
तैपनि यत्रो कष्ट सहीकन
टिकी रहन्छयौ किन हे धरणी!

पृथिवी––

वक्षःस्थलका प्राणीलाई
अटल भई आधार दिलाई
फसल दिई हुर्का-बढाई
गर्नु छ मैले जनसेवा।

नदीहरूसँग––

निशिदिन अविरल गतिले यसरी
कैयौं स्थलमा फन्का मारी
अहह! थकाई कत्ति नमानी
बहीरहन्छौ किन सरिता हो!

नदीहरू––

प्यासी जनको प्यास मेटाई
शुष्क धराको छाति सिंचाई
विविध धान्य, फलफूल जमाई
गर्न् छ हामीले जनसेवा।

सूर्यसँग--

सब दुनियाँसँग दिनहुँ हाजिर
नभइ नछोड्ने नियमै बाँधी
क्षणभर पनि श्रम-खेद नमानी
घुमीरहन्छौ किन भास्करजी!

सूर्य--

गरमीद्वारा पाक दिलाई
तेज दिएर उज्यालो पारी
जल-कण खिंचिकन वृष्टि गराई
गर्नु छ मैले जनसेवा।

चन्द्रमासँग--

पक्ष-पक्षमा उदाउँदछौ
चन्द्र! उरःक्षत पनि देखिन्छ।
जसले तारा पिलपिल गर्छन्
तैपनि उठ्छौ किन भररात?

चन्द्रमा--

शीतल किरण सुधामय छाई
उद्भिदहरूकन पुष्ट गराई
तप्त विश्व आल्हादित पारी
गर्नु छ मैले जनसेवा।

हावासँग--

रूपै नभई-नभईकन पनि
भित्र र बाहिर चर-अचर भरी
पुग्ने कष्ट गरेर हमेशा
बहिरहँदा छौ किन हे पवन!

हावा--

चरकन श्वासोच्छ्वास दिलाई
अचरहरूकन बिग्रन नदिई

चर-अचरैको सत्ता थानी
गर्नु छ मैले जनसेवा।

श्री पाँचसँग--

त्रिभुवन! राज-विभव सब त्यागी
भारत दूतावासाऽऽश्रय ली
उत्कट कष्ट उठाई प्रवासी
पुग्नुपरेको किन हो दिल्ली?

श्री पाँच--

मातृभूमि नेपाल धराका
सन्तति आफ्ना बन्धुहरूको
पारतन्त्र्यको बेडी तोडी
गर्नु थियो मैले जनसेवा।

कवि--(मनमनै)

ओहो! 'जनको सेवा' भन्ने
वस्तु त साह्रै उच्च रहेछ
जसका निम्ति यत्रा आत्मा
कष्ट सही-सहि जीवन धान्छन्।

हुन पनि त्यो किन उच्च नहोओस्?
हो त्यो ईश्वरको नै सेवा।
जबकि जनार्दन जनता नै हो
म पनि गरूँ अब जनसेवा!

*****

तिमी अमर पवित्र

माधवलाल कर्माचार्य

मरेका बाँच्छन् लाखमा एक पृथ्वीका सुपुत्र
धरतीको माटो जिउन्जेल तिमी अमर पवित्र
जानेर मोल यथार्थ आफ्नो र आफ्नो स्थितिको
कदम चाल्यौ बुद्धिले पूर्ण एकै यो जुनीको
पर्याप्त भयो बाल्नलाई बत्ती अखण्ड ज्योतिको
खोल्नलाई ढोका परन्तुसम्म प्रेरक शक्तिको
डुब्दैन अब घाम जुन झुल्क्यो तिम्रो त्यो कदमले
हाँसेर बस्ला हिमाल सदा मधुर लालीले
मरेका बाँच्छन् लाखमा एक पृथ्वीका सुपुत्र
धरतीको माटो जिउन्जेल तिमी अमर पवित्र !

*****

प्रजातन्त्र फूल

मायादेवी सुब्बा

नेपाली भूमि हाम्रा मलिला
वीरहरूका वाग कति राम्रा!
प्रजातन्त्रका रोप्ने बिरुवा
राष्ट्र-पिता त्रिभुवन दरिला।

आँधी र बेहरी चले स्वार्थका
झन्डै ढले बिरुवा कलिला
माली थिए अति दूरदर्शी
श्री ५ महेन्द्र दृढ नीतिका।

हे स्वार्थी हो! प्रजातन्त्र-फूल
हेर फुलिरहेछन् राम्रा,
पंचायती रूप, रङ्ग छ स्वावलम्बी
ढकमक फुल्छ नेपाल हाम्रा।

शोभित मातृभू गर्ने
सुपुत्र भए बढ अगाडि,
एकता खुर्पीले स्वार्थ झार
फाली अब सम्भार नै पर्ने

बाँझो पट फोर्दा बागमा
शहीद हलीहरू बढे अगाडि,
त्रिभुवनले बिरुवा रोप्दा
प्रेरणा थिएन स्वार्थी फलमा।

राष्ट्रपिता श्री ५ त्रि०-को सदिच्छा
शहीदहरूको मीठो सपना
साकार पार्दै प्रतिदिन
बढाऊ वीर हो देशको शोभा।

*****

हृदयाञ्जलि

रत्नदेव शर्मा

आकाश, धर्ती लुकाएको पातालमनि लगी राक्षसले
कथा छ हाम्रो खोसी फेरि बलसँग ल्याएको राजाले
ल्याएका हौ के-के राजा ! गन्न सकिन्न त्यो अनगिन्ती
भन्न सकिन्न शब्द-प्रमाणले ठोकी जुन जीवन-शक्ति।

प्रकाश हो त्यो जहींतहीं छ ऐनाजस्तो छातीमा
टक छ त्यो अझ झन् गाढा मानिस नचिन्हिने दोबाटोमा
नसोध मलाई के-के पायौं भनि राजा त्रिभुवनबाट
प्रकट भएको छु जहाँ उनकै विराट् बन्ने वरदानबाट

सीमा टपेर अघि गैसकेको गर्वोन्नत नेपाली
काठी बसेको फेरि त्यही पछि नतमस्तक नेपाली
—लाई तिमीले बोलाएथ्यौ छोई झिनु किरणमा
आबाद छ दुनियाँ सिंगै हाम्रो संशोधन नहुने अक्षरमा

कहिले-कहिले इतिहास पाना उल्टोपाल्टो पर्छन्
उत्रनुपर्ने बाँच्छन् डुब्छन्, डुब्नुपर्ने उत्रन्छन्
छटपटिन्छन् कवि अभियान देखी कोइला-समय निभेर
चम्की रहन्छौ ज्योति-स्तम्भ त्यहीं टड्कारिएर उठेर।

देखिन्छ कहाँ त्यो मुटु दिएको, देखिन्छ खोटो दान दिएको
देखिन्छ रगत युद्ध जितेको, देखिन्छ कहाँ हृदय जितेको
कौशिक गौतम, जनकादिले लुटे हृदयको गादी
त्यै ठाउँमा आसन लेऊ जीवन जीवन-साथी !

*****

त्रिभुवनको सवाई

रामेश्वरप्रसाद तिमिल्सिना

कुनै विशेष घटना घटित हुँदा सवाई लेखिने चलन हाम्रो पुरानो परम्परा हो। जस्तो––भोटको सवाई, भैंचालोको सवाई आदि। नेपालको इतिहासमा श्री ५ त्रिभुवनको स्वर्गारोहण यस्तै विशेष मर्का पर्ने चोट-घटना हो। श्री रामेश्वरप्रसाद तिमिल्सिनाले त्यसै बेला लेख्नुभएको प्रस्तुत सवाई संवत् २०१९-मा त्रिभुवन स्मारक समितिबाट प्रकाशित गराइएको थियो। यसमा व्याकरणसम्बन्धी केही त्रुटि भए तापनि यस स्मृति ग्रन्थमा केही अंश समावेश गरेका छौं। अहिले लेखकको पनि निधन भइसकेको हुँदा ग्रन्थमा यो प्रकाशित भएको देखाउन नपाउँदा दुःख लागेको छ। ––सम्पादक-मंडल

सुन सुन एक छिन एक चित्त लाई
यौटा कुरा सुनिदेऊ दिदी-बैन्ही, दाइ !
खुशीसित हाँसेर लय झिकी भन्छु
स्वर्गीय त्रिभुवनको सवाई कहन्छु

उन्नाइस सय त्रिसट्ठी आषाढ महीना
शुक्ल पक्ष नवमीको यौटा शुभ दिनमा
नेपाल देशलाई झलमल पारी
त्रिभुवन राजाको जन्म भयो भारी

पृथिवीवीर विक्रम स्वर्गे भएर
गद्दीको हक आयो रोल चढेर
अठसट्ठी सालमा पाँच वर्ष हुँदा
त्रिभुवनमाथि आयो राज्य - बोझा

शुक्लपक्ष चन्द्रमाझैं दिनदिन बढ्दै
पढ्नु खेल्नु गर्दागर्दै तेह्र वर्ष लाग्दै
एकै दिन एकै लग्न दुई रानीसाथ
राजा त्रिभुवनको बिहा भयो, नाथ !

पण्डित मास्टरहरू दरबारमा ल्याई
स्वदेशी विदेशी सब शिक्षा पाई
संसारमा भएका राजनीति सार
त्रिभुवन राजाले पढिबक्स्यो धेर

उन्नाइस सय तीन साल कोतपर्व पर्दा
राजनीति उथलपुथल कुँवरले गर्दा
धूर्त जङ्गबहादुरले दाउपेच लायो
नेपाल आफ्नै हातमा लियो राजा समायो

फकाई फुल्याई दाउ गर्दै पन्जा छाप खोस्यो
रानीलाई धपायो, शिशु राजा लियो
मन खुशी राज्य गर्‍यो भाइबन्डा गर्‍यो
नेपालको शासन गर्‍यो महामात्य पायो

राणाजीहरूको आज्ञा मान्नुपर्थ्यो
सिंहको छालामा स्याल दाइँ गर्थ्यो
राजालाई हातमा राखे दुनियाँ निचोरे
बोल्नु-खेल्नु नास्ति थियो पढनु पाप भो रे

इष्टदेव ब्रिटिश थियो भारतमा हेर
राणाले पुजेको जबर्जस्त वीर
रैतीलाई थिच्ने मिच्ने ब्रिटिश नीति लियो
राणाले साह्रै पिन्यो, प्रतिक्रिया जाग्यो

दुनियाँ देशको हक लिई छोड्छु
पारिवारिक राणा-शासन धकेली पठाउँछु
भन्ने कुरा प्रस्ट हुन्छ, सन्तानब्बे सालले
राजा त्रिभुवनको दर्शनीय चालले

हात गोडा बाँसमा टाँगे सामु-सामु पारे
दशरथ चन्द, गंगालाललाई गोली हानी मारे
धर्मभक्त, शुक्रराज फाँसी चढाई मारे
यस्तो गर्दा त्रिभुवनमा सारै पीर पारे

बराबर नेताहरू फाँसी गर्ने भन्दै
राणा प्रधान मन्त्री आए जबरजस्ती गर्दै
लालमोहर गर्नलाई जुक्ति दाउ भयो
राजा त्रिभुवनले इन्कार गरिबक्स्यो

यस्तो हुँदा राणा मन्त्री चिसा भए धेर
धर्मर डरले सल्लाह भो राजालाई दूर
गोर्खा लगी राख्ने विचार राणाबाट भयो
राणा शासन आफै भित्र खोक्रो बोक्रो भयो

दूरदर्शी त्रिभुवनले पैल्हे सबै जानी
तीन छोरा दुई नाति सबै साथ भई
राणालाई जिल्लाइ हिंडिबक्स्यो हेर
भारत दूतावास सवारी खररर

राणा भाइ भारादार जम्मा भएर
भोलि पल्ट बाइस गते रिसमा चढेर
दूतावास राजा गयो, विदेशमा भाग्यो
भन्दै अर्को राजा राख्ने मिटिङ पास भयो

महेन्द्रका माहिला छोरा मामा घरमा थिए
तिनै साना शिशुलाई राजगद्दी दिए
शिशु राजा गद्दी राख्ने स्वार्थी नीति हेर
ज्ञानेन्द्रलाई राजा गर्ने मोहन बबर शेर

दिल्ली जाने उहींबाट निष्कर्षमा पुग्ने
त्रिभुवन वीरविक्रम सोझै दिल्ली जाने
भारतको बोलाहट भो राजा पक्ष राम्रो
नेपालीले अड्डी लियो त्रिभुवन हुन् हाम्रो

किजा पूजा भाइ-टीका चाड परेको
दुनियाँ र देशलाई छोडी बक्सेको
कार्तिक पच्चीसमा भै सवारी धिराज
त्रिभुवन राजा दिल्लीमा विराज

हुन गयो नेपालमा गडबढी धेर
राजा त्रिभुवनको बलिदान हेर
राजा-रैती मिली प्रजातन्त्र ल्याए
राजा त्रिभुवनमा बधाई चढाए!

*****

दुई उद्गार

लक्ष्मीप्रसाद देवकोटा

त्रिभुवनका हौं स्वप्न सुनौला
महेन्द्र उपवन पौधा ली
बागहरूका जोरीपारी हूँ
प्रजातन्त्रका पहराली।

× × ×

स्वजन हित गरे जो आँसुले बिर्संदैनौं
पथ जुन बतलाए चल्नमा तर्सिंदैनौं
यस गगनविषे ती छन् सदा दिव्य ज्योति
स्मृतिप्रति छ करोडौं नेत्रमा जोर मोती

*****

राष्ट्रिय प्रभात

लेखनाथ पौडेल

ढोका खोली उषाले उदय शिखरको अल्पिए मन्दतारा
भागी श्यामा त्रियामा निविडतम तमोराशि बोकेर सारा
पंखा हम्क्यो मुटूमा मृदुल पवनले, भाव अर्कै जगायो
पन्छायो मौनमुद्रा, मुलुकभर नयाँ चेतना चम्चमायो

बढ्दो आलोक हेरी खगकुल सुखका कल्पना भाँति-भाँति
गर्दै बोल्दो छ प्यारो त्रिभुवन-रविको जन्मपुण्य प्रभाती
त्यो देखी भन्छ भित्री हृदय चहकिलो आजको यो जयन्ती
बन्दै जाओस् प्रजाको अतुल विभवको भाग्यको वैजयन्ती

*****

त्रिभुवन

वैकुण्ठप्रसाद लाकौल

प्रजातन्त्रकै लागि तिमी बलिदान हुनसम्म तत्पर
तीन भुवनमा त्रिभुवन सदृश अरू को छ इतिहासभर ?
चार दशाब्दी अमात्य-बन्दी स्वमहल कैदी राजा हाम्रा
जन-जनमा त्राण दिन नृसिंहझैं निस्के फोरी खम्बा
कुचक्र कालो बादल फाँड्दै जय झुल्काउन सिपालु सविता
सबको गर्दै संरक्षण तिमी बन्यौ नि हाम्रा राष्ट्रपिता ।
तिम्रो तारो तरल छँदैमा तिम्रो भयो अवसान
आत्मा तिम्रै लिईकन फेरि झुल्के महेन्द्र महान्
वैभव-उन्नति तिम्रै त्यसले नेपाली जन-जीवनमा
कोटि आँखा चम्किरहेछन् बन्दै जागृतिमूलक सुषमा
एक कोटिमा कोटि एकमा मिलिकन शुरू भो नव अभियान
कदम-कदमले गर्दै प्रगति राष्ट्रोन्नति स्वर्ण-बिहान ।
पिछडिएथ्यौं, तर अब छैनौं हाम्रो आँगन जागृति बास्यो
साकार हुँदा तिम्रो सपना हिमचुली चुचुरा व्यूँझी हाँस्यो !

*****

महान् त्रिभुवन

वैजनाथ सेढाईं

श्रीमान् पाँच त्रिभुवन प्रभुको राष्ट्र-सत्सम्पदा र
श्री लक्ष्मी राष्ट्र-माता प्रभु सुमहलमा रम्रमून् वार-पार
श्री विद्या शारदाजी वदन कमलमा उर्लंदी हास्य हार,
श्री नेपाल-प्रगति गतिलो भै क्रमै होस् सुधार

जिन्दाबादी सकल दुनियाँ सभ्य हुन् हर् प्रकार
विद्यावाला सुकृति कृतिमान् प्रीतिमान् हुन् ससार
श्रीमान्मा ली अटल गुन नै नैतिक प्रोच्च भाव
'नेपाली' नाम राखी मुलुकभर बनून् धन्यधान्य प्रगाढ

*****

श्रद्धाञ्जलि

शरदकुमार भट्टराई

जान्थ्यो कैले तममय निशा जून यौटा नलागी
त्यस्सै हुन्थ्यो झलमल कहाँ भूत कालो नभागी
आमा लाग्थिन् चूप किन उसै पुत्र आफ्नो नजागी
जन्मै यौटा त्रिभुवनरुपी पुत्र आदर्श-त्यागी !

आयौ, चम्क्यौ, हिलमिल गर्‍यौ, अलिपयौ क्यै सिकाई
देखायौ लौ नव पथ यहाँ आफुलाई मिटाई
आफै राजा तर पनि भयौ अग्रणी क्रान्तिकारी
बाल्यौ यौटा झलमल हुने दीप स्वातन्त्र्यकारी !

आँधी आओस्, झमझम गरी बर्सियोस् मेघ-धारा
के निभ्ला त्यो जुन बलिसक्यो वा निभून् जून-तारा,
भेट्छौं हामी अझ पनि सधैं सात फागूनलाई
नाच्छौं, हाँस्छौं दिलखुश गरी राति बत्ती जगाई !

हाम्रा लागि सब छ बिपना, भोलि होला कहानी
पढ्ला यौटा शिशु रहरमा हाँसि नाच्तै बिहानी
हावा बग्ला मगमग बनी बोकी तिम्रै सुवास
हेर्नें नै छौ रवि-शशिसँगै स्वर्गका द्वारबाट !

*****

स्वागत-गीत

सिद्धिचरण श्रेष्ठ

बन एक करोड नेपालीको आशाको तारापुञ्ज
बन चेतनको कुसुमित लतिका नाचिरहेको नव कुञ्ज
जनगणमनले स्वागत गर्छौं, आऊ हे त्रिभुवन आऊ
नेपालीको मन-मन्दिरमा नव आसन फेरि जमाऊ।
बन जननायक, बन युगनायक, युग-युगतक तिम्रो पूजा
पाऔं गर्न प्रफुल्ल हृदयले एक भई राजा र प्रजा
जनहित व्रत यो कठिन छ त्रिभुवन, तिम्रो व्रत यो पूर्ण हओस्
चिरदिन विस्मृत नेपालीको शुभ दिन त्यो जाँदै आओस्।
खोटा चलन र बाङ्गा थितिहरू जम्मै नै दूर अफाली
कलकल बहने छहराजस्तै पार्नु छ चोखा नेपाली।
प्रारम्भ भयो जुन व्रत अहिले त्यो व्रत पछि-पछिसम्म रहोस्
नेपालीको भाग्य-गगनमा जाग्रत, चेतन-सूर्य खुलोस्
मिलिजुली हामी गाउनेछौं श्री त्रिभुवन जिन्दाबाद
राजा-रैती रैती-राजा, श्री त्रिभुवन जिन्दाबाद!

जन बल लेऊ, त्रिभुवन आऊ, छ यहाँ हाम्रो हृदय खुला,
तिम्रो सुमधुर दर्शनखातिर हाम्रो छ सधैं उत्सुकता।
इज्जत हाम्रो, गौरव हाम्रो, राख्छौं तिम्रो बाहुमहाँ,
आऊ त्रिभुवन फेरि उठाऊ, रच यौटा इतिहास नयाँ
बुद्धि छ हाम्रो, शुद्धि छ तिम्रो, आओ नेपाल उचालौं।
चिर दलित सबै नेपालीको चिर संचित आश पुऱ्याऔं।

बन्धन कस्तो देखी हाल्यौं, आफ्नो बन्धन सब तोडौं,
फोस्रो मान र मर्यादाको संकुचित सीमा नाघौं।
छेका, बाधा बन्न नदेऔं उत्थान हुने यो मौका,
बलियो राष्ट्र बनाऔं हामी पस्न नदिई कपटी झोंका
नेपाल हो नेपालीको, विचार यो कहिल्यै नभुलौं,
नेपालीको शान र इज्जत युग-युगतक ज्यूँदो राखौं।
मिलिजुली हामी अनि गाउनेछौं श्री त्रिभुवन जिन्दाबाद
राजा-रैती, रैती-राजा, श्री त्रिभुवन जिन्दाबाद !

*****

अमर सम्झना

सुमनकुमार नेपाली

हे स्वदेशका प्रिय निर्माता, राष्ट्रपिता श्री त्रिभुवन !
तिम्रो अमर सम्झना गर्छन्, कोटि जन मन-मन

हिमभूमिका वीर तपस्वी, शलशिखाका गौरव
प्रकृतिकुञ्जका सुन्दर स्रष्टा पञ्चपुष्पका सौरभ
प्रजातन्त्रका प्रेम-पुजारी नेपालीका नायक
एक कोटिका नयन-ज्योति, सुख-स्वतन्त्रता-दायक——

शान्ति-स्रोतका अविरल धारा चन्द्र-सूर्यका प्रखर किरण
तिम्रो अमर सम्झना गर्छन् कोटि जन मन-मन

जनक देशका हे महान् नृप, बुद्धस्थलका ज्ञानी
मातृभूमिका भक्त स्नेहसुत धर्मधराका दानी
विश्व-शान्तिका प्रिय दूत हे, सत्य-सुधाका सागर
समदृष्टिका अगम अनुरागी मानवताका आधार

स्वर्गलोकका अमर यात्री हे त्रिभुवन सबका जीवन
तिम्रो अमर सम्झना गर्छन् कोटि जन मन-मन

*****

दुई कविता

हंसमान सिंह

१. स्मृतिको एक पन्ना

पल्टाएँ एक दिन मैले मेरो पन्ना स्मृतिको
कुनै एक पन्नामा देखें तस्वीर एक छापेको
पढ्न खोजें त्यसमा लेखेको शोकमय एक कहानी
सकिनँ पढ्न अक्षर यत्न जति गरे पनि

कहिले भयो नजर मेरो जताततै धमिलै-धमिलो
कहिले देखें सानो अक्षर पढ्नै नहुने गरी ठूलो
कहिले अन्धकारले ढाकेको र पछि सबै मसिनो
बडो मुश्किलले हेरें, देखें जीवन एक देशभक्तको——

महीना र साल चारै वर्षको फरक थियो
वीर सपूतका स्वागत-लागि जनताको भीड थियो
उल्लास र उमंगले भरेको उज्ज्वल अनुहार थियो
स्वच्छ पहिरन गर्नाले सबैको रूप झल्केको थियो

प्रकृतिले त्यो दिन विशेष मान्यता दिएर
मौसम राम्रो पारी जनताको साथ दिएझैं
कहीं वादल र कहीं-कहीं नरम घाम छरेर
देखाए जनताप्रति सहानुभूति प्रकट गरेझैं

सम्झन्छु म अहिले आजझैं दृश्य त्यो दिनको
विश्वमा जति छन् नेपाली र साथी ती सबैले
कैयौं दिनसम्म देखे होलान् सबैको अनुहारमा
झल्केको त्यो सृष्टिको नमूना त्यो महात्माको

चार वर्षपछि पनि करीब फाल्गुन थियो
एक अँध्यारो बिहान कुइरोले छाएको थियो
ठीक त्यही ठाउँ, ठीक त्यही नाउँ थियो
जताततै ओइरो लागेको अपार भीड थियो

शहरको दृश्य थियो एक मुर्दा शरीरजस्तो
प्रकृतिको एक जादू-दण्डको प्रभाव परेजस्तो
जनता सबै पछि लागे समान भावले जस्तो
त्यो भीडमा सम्मिलित थिए सबै ज्ञानीजस्तो

त्यो दिनको विशेषता मौन सर्वत्र थियो
सबै बाजाको सट्टा करुण ध्वनिमात्र थियो
सबै महलतिर नगै आर्यघाटतिर थियो
देशभरि झलमल्लमा अन्धकार छायो !

२ एक देशभक्त

तिमी एक देशभक्त एक वीर सपूत
तिमी मानिसजस्तै जन्म्यौ यहीं हुर्क्यौ
दैवी मायाले जस्तै सबैलाई वशमा पाऱ्यौ
स्वर्गीय गुण ल्याई मर्त्यमा छरिदियौ

तिम्रो अगाडि दुःख देखा पर्न सकेन
चाहेको चीज अभाव कहिल्यै भएन
सदा नयाँ चीजको खोजी गर्न छाडेनौ
तर सन्तोष मानेर कहिल्यै बसेनौ

यहाँ रहुन्जेल पारखी बन्न छाडेनौ
संकल्प पूरा नगरी चूप लागेनौ
महात्मा जस्तै भेदभाव लिएनौ
कर्तव्य-पालनमा कहिल्यै चुकेनौ

योगी पुरुषजस्तो गुणीमात्र होइन
युगपुरुषको काम नगरेको पनि होइन
तिमीले क्षणमा देखाएको चमत्कार
मानवलाई बुझ्न लाग्नेछ युगान्तर

तिम्रो नाम आज कहिल्यै नमेटिने भएको छ
सयौं वर्षको वर्षाले पनि नबगाउने भएको छ
हरेक शिशिरमा त्यो हिउँले ढाक्न खोज्ला
तर हरेक पटक सूर्यको तेजले पगालिहाल्ला!

माटो र ढुङ्गालाई मूर्ति बन्ने मौका दियौ
यहाँका हरेक बिरुवालाई फुल्ने शक्ति दियौ
इन्द्रेनीको शोभा पनि त्यो नामले पाउला
जब जब कि परिवर्तनले अनेक रङ्गले पोत्ला

बुद्धले झैं तिमीले यहीं जन्म लियौ
बुद्धझैं तिमी त्यागी बनिदियौ
बुद्धले झैं तिमीले दुष्टलाई क्षमा गर्‍यौ
शताब्दीको बन्धन सय दिनमा तोडिदियौ

केही दिनको लागि अलि टाढा गयौ
एक अचानक बेलुकी तिमी बिजुलीझैं चम्क्यौ
सारा दुनियाँलाई सूचना पनि गर्‍यौ——
'म अब फर्कन्न', तब गएको गयै नै भयौ !

थाहा छ तिमी नित्य छौ कहीं बसी हेरिरहेको हौला
यो विश्वको कुनै कुनामा ताराझैं चम्किरहेका हौला
मनुष्य-जातिले तिमीबाट सदा प्रकाश पाइरहेको होला
इतिहासले त्यो अद्वितीय कीर्ति सदा गाइरहेको होला
धर्तीको शीत र उष्णताबाट अब मुक्ति पाएको होला !

*****

स्मृतिपत्र

हंसराज श्रेष्ठ

राणा राक्षसले कुदृष्टि अति नै राखेर धन-जन लिंदा
त्यत्तीमात्र गरी नपुग अज्ञ भई झुन्डचाई मासीदिंदा
पर्जामाथि जति परे ती सब नै आफूउपर सम्झँदै
राणा राक्षसको विनाश गरने तर्फै विचार बक्सिदै

विश्वास सज्जनमा लिई निज महल राजपाठ सबै त्याग गरी
सारा ती परिवारलाई पनि ली भारत सवारी भई
पर्जामाथि समानता हक दिई शासन हुकूमी पनि
सारा नष्ट गरी विकासतिरको मौका सबैमा दिई

देश-देशावरबाट विज्ञहरूको खोजीसमेतै गरी
विद्वत्ता सबको बिचारी भरिलो नेपाल राज्यैभरि
तन मन धन अरपी सबै दिनमहाँ सबको हितैषी पना
गर्ने ती त्रिभुवन अमर भई रहून् गर्छु सदा सम्झना !

*****

त्रिभुवनको सम्झनामा

हरिहर शास्त्री

शताब्दीसम्मै ती कुँवर-कुल पालो गरिकन
यहाँ बन्थे राजा दिनदिन दबाई सब जन
विलासी आत्माका लहडहरू देख्ता नरहरू
निराशाले छाई समयवश रुन्थे धुरुधुरु ।

जमी आफूलाई प्रभुहरू बनाई प्रतिदिन
प्रजालाई सोस्ने कुँवर-कुल देख्ता, त्रिभुवन
उठे, जागे, लागे सकभर गरूँ लौ जन-हित
भनी आफै राजा दिन-दिन सहे रे कति दुख

प्रजा-मेला खोली जनसहित चल्दा नृपतिले
परे कैयन् बाधा पद-पद धरामा बिपतिले
बसी राजैजस्तो प्रणवश सदिच्छा गरि-गरी
पसेथे एम्बेसी शरण लिन राजा अघि सरी।

विदेशी आत्मामा पनि असर पारे नृपतिले
प्रजातन्त्री राम्रा चलनहरू ल्याए सुमतिले
घुमी वर्षैपिच्छे गुणहरू उनैका लिइकन
जयन्ती गर्दा छौं स्वजगत-निवासी मिलिकन।

थिए नेपालीका सतत हित खोज्ने त्रिभुवन
गए छोडी चाँडै निखिल जनताको जगकन
प्रजाको आत्मामा तर नृपतिका ती स्मृतिहरू
सदा छन्, मर्दैनन् अविरल उज्याला कृतिहरू।

छ इच्छा हाम्रो यै नृप, अमर आत्मा विचलित
धरालाई हेरी कति पनि नहोस्, होस् प्रमुदित,
सधैं सम्झी तिम्रा सब अमरवाणी भरसक
पढाई हिड्नेछौं निज भुवन अड्ला जबतक।

*****

आदर्शत्रिभुवनचम्पू*

हेमन्तराम भट्टराई

मेघोदये जलप्राप्तिश्चातका इव ह्युन्मुखाः ।
व्योमयानावतारे हि समासन् सकलाः प्रजाः ।।

आकाशमा मेघ उठेको देखेर पानी बर्सला र पानी खान पाउँला भनी माथितिर मुख फर्काएर बसेका चातक पक्षीझैं श्री ५ त्रिभुवन हवाईजहाजबाट ओर्लिबक्सिन लाग्दा नेपालका प्रजाहरू भए ।

निजराष्ट्रियतात-दर्शनं नृपतेर्दीर्घवियोगकर्शिताः ।
सकला जनता ह्यवाप च ननु भूयः कृतपाणिवादना ।।

श्री ५ त्रिभुवनको धेरै वियोगले दुब्लाएका नेपालका साह्रा जनताले आफ्नो राष्ट्रपिताको दर्शन पाए र बार-बार थपडी बजाए ।

तत्समाज-जनलज्जया नुकिं गोपिता वसुमती न लोकिता ।
व्योमपद्धतिरपिक्षणं जनैर्व्योमयानततिभिर्न लोकिता ।।

श्री ५ त्रिभुवनको दर्शन गर्न बसेका दुनियाँको लाज मानेर होकि पृथिवी ढाकिइन्, भूमि देखिएन—यस्तो भीड थियो । त्यति-

---

* रचयिताको यसै नामको अप्रकाशित पुस्तकबाट ।

मात्र हैन हवाईजहाजको फौजले आकाशको बाटो ढाकिएको थियो र एक छिन आकाशको बाटो देखिएन।

प्रतिगेहे गृहिण्यश्च प्रभोस्तस्य दिदृक्षया।
स्तनन्धयान् पाययन्त्यः सत्वरं चत्वरं ययुः॥

श्री ५ त्रिभुवनको दर्शन गर्ने इच्छाले खाने बालकहरूलाई दूध पिलाउँदै घरैपिच्छेका स्त्रीहरू हतपतसित चौबाटोमा गए।

सुवासिन्यः प्रियारामा भव्यान् सुमनसान् चयान्।
राजयाने प्राक्षिपन् वै क्वणत्कङ्कणपङ्क्तयः॥

सुवासिनी अर्थात् छोरा-छोरी भएकी सधवा प्यारी राम्री स्त्रीहरूले आफ्नो नारीमा लगाएका बालाका लहर बजाउँदै श्री ५ त्रिभुवन राज भइबक्सिएको सवारी-गाडीमा राम्रा असल फूलका गुच्छा छरे।

एकतन्त्र क्षतिकर्म महार्णवस्य।
पारङ्गतं निखिललोकसुखावहश्च॥
औदार्यवीर्यकवितं प्रियदर्शनञ्च।
रथ्या पथे त्रिभुवनं जनता प्रणेमुः॥

एकतन्त्री शासनको नाश गर्ने, ठूलो समुद्र पार गर्ने जस्तो काम गरिबक्सिने आफ्ना दुनियाँका सुखका निमित्तमा उदारपना, वीरता लिइबक्सिने, उज्यालो मुहार भइबक्सिएको श्री ५ त्रिभुवनलाई सवारी फिर्दा सडकमा दुनियाँहरूले प्रणाम गरे।

पुष्पावली-रचित-माल्य-करावनम्राः।
राजावलोकनसमुत्सुक-भावयुक्ताः॥

श्रद्धा प्रसाद सहिता परतन्त्रयुक्ताः।
रथ्यापथे त्रिभुवनं जनता प्रणेमुः॥

फूलका मालाहरू हातमा लिएर निहुँरेका श्री ५ त्रिभुवनको सवारी होला र दर्शन पाउँला भनेर मनमा खूब उत्कण्ठाको भाव भएका आफ्नो राजाउपर श्रद्धा भएर प्रसन्न भएका, जहानियाँ एकतन्त्री शासनको भारले पीडित भएका नेपालका जनताले सडकमा श्री ५ त्रिभुवनको सवारी फिर्दा दर्शन गरे।

*****

३

सम्पादकीय केही लेख

महाशोक

गोरखापत्र

हिजो फागुन ३० गते । बेलुका ८ बजे जुरीत्र हस्पिटलमा श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवको स्वर्गवास भएको हृदयविदारक खबरले प्रत्येक नेपालीको आत्मा धुरुधुरु रोइरहेछ, खिन्न छ र यस विषादपूर्ण कुरालाई लिएर नेपालको पहराले आँसु चुहाइरहेछ, नदीनाला स्तब्ध छन् तथा राष्ट्रभरमा नै महान् आपत्तिको पर्दा टाँगिइरहेछ। यो अपूरणीय क्षति नेपालको पूरा हुने कुनै बाटो पनि छैन । वास्तवमा यो हो नेपालको महान् दुर्भाग्य ।

जुन वीरको अदम्य उत्साह र त्यागले गर्दा शताब्दीदेखिको निरंकुश शासनबाट नेपालले मुक्ति पायो, प्रजातान्त्रिक पद्धतिबाट मुलुक र जनताको जीवनस्तर उच्च गराउने प्रबल आकांक्षा श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवमा यदि नहुँदो हो त अझै कति दिन नेपालले एकतन्त्रीय वातावरणद्वारा नै रन्थनिएर बस्नुपर्थ्यो होला, तर मौसूफको देशलाई उन्नत पार्ने प्रबल आकांक्षा, त्याग र कर्तव्यबाट नै नेपालले प्रजातन्त्रको सुनौला प्रभातमा टहलिने मौका पाएकोले मौसूफको स्वर्गवास भए तापनि नाउँ र प्रयासचाहिं नेपाली इतिहासमा सुनको पानीले लेखिनेछ ।

नेपाललाई चाँडै नै विश्वका अन्य समुन्नत प्रजातन्त्र देशको दाँजोमा पुऱ्याउने प्रबल अभिलाषाले मौसूफले देशका प्रमुख पार्टीहरू र प्रमुख स्वतन्त्र व्यक्तिहरूलाई शासन चलाउने अवसर बक्सियो । धेरै दिनदेखि भीषण रोगले गर्दा गाथमा आराम नभएर विदेशमा

राज भएको बेलामा पनि मौसूफका हृदयमा हरदम देशकै चिन्ता थियो भन्ने कुरा मौसूफको दर्शन गरेर फर्कनेहरूबाट थाहा भएकै कुरो हो। प्रजाको भलाइका निम्ति श्री ५ महाराजाधिराजबाट जुन महान् त्याग गरिबक्सियो त्यसको उदाहरण इतिहासमा धेरै नै भेटिन्छ, जसभित्र नेपालको समुन्नतिको प्रबल अभिलाषाले भएका स्वतन्त्र न्यायालय, पब्लिक सर्भिस कमिशन, त्रिभुवन राजपथको उद्घाटन र सल्लाहकार-सभाको संघटन आदि कार्यहरू छन्। यिनै विभिन्न कारवाईबाट नेपालका अहिलेसम्मका राजाहरूमा श्री ५ पृथ्वीनारायण शाह र श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवका नाउँको विशेष स्थान छ, महत्त्व-समेत छ।

श्री ५ महाराजाधिराज सुधारवादी भइबक्सेर पनि आफ्नो सांस्कृतिक परम्पराको जीवनको प्रतीकसमेत होइबक्सिन्थ्यो। अकस्मात् नेपालैलाई टुहुरो बनाएर विधाताले मौसूफको गाथालाई चुँडेर लगिदिनु नेपालको अभाग हो। शायद रोक्न सकिने भए मौसूफको गाथलाई चिरंजीवी बनाएर राख्ने काममा आफ्नो मुटुको थोपा-थोपा रगत दिन पनि नेपाली जनता पछि हट्दैनथ्यो होला। तर देवी इच्छा अनिवार्य भएकाले यथासम्भव उपायले मौसूफको गाथलाई टेवा दिन सकेन। श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवको आकस्मिक स्वर्गवासले चिन्तित नेपाली जनता तथा मौसूफका शाही परिवारप्रति समवेदना प्रकट गर्दै स्वर्गीय मौसूफको आत्मामा चिर शान्ति प्राप्त होस् भन्ने परमेश्वरसँग प्रार्थना गर्दछौं र मौसूफका योग्य उत्तराधिकारी श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको उदयमा मौसूफप्रति श्रद्धा र भक्ति प्रकट गर्दछौं।

२०११

*****

६३-औं जन्म-जयन्ती

जनवार्ता

आज राष्ट्रपिता स्वर्गीय श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवको जन्म-जयन्ती उत्साह, उमंग र विशेष श्रद्धा एवं भक्तिका साथ मनाइँदै छ। स्वर्गीय श्री ५ त्रिभुवनबाट राष्ट्र, राष्ट्रवाद, राष्ट्रियता र राष्ट्रवासीका लागि के-के गरिबक्स्यो त्यस कुरालाई अभिव्यक्त गर्दा यहाँ अर्वाचीन कालदेखिको नेपालको इतिहासको नक्कल उतार्नुपर्नेछ, तर महापुरुषहरूको प्रशंसा गर्ने अधिकार कसको छैन? त्यसैले श्री ५ त्रिभुवनको देनको महत्त्व आज इतिहासमा मात्र नटुंगिई राष्ट्रवादी नेपाली जन-जिब्रोमा पनि श्रद्धा र भक्तिको स्थान पाउँछ।

वास्तवमा प्रधान मन्त्रीस्तरीय जहानियाँ शासनले बलियो जरो गाडिसकेको त्यति बेलाको एकतन्त्रीय नेपालमा राष्ट्रपिता श्री ५ त्रिभुवनबाट श्रीपेचसमेतको बाजी लगाइबक्सी राजा भैकन पनि प्रजाको लागि प्रजातन्त्र ल्याउन जे-जति गरिबक्स्यो त्यसका लागि कुनचाहिं नेपालीले मौसूफका अगाडि नतमस्तक हुनुपर्ने छैन? विश्वमा राष्ट्रको संख्या थोरै छैन, त्यस्तै नेताको पनि कमी छैन। तर राजा भैकन प्रजाका लागि श्रीपेचसमेतको बाजी लगाई प्रजातन्त्र ल्याउने उदाहरण प्रस्तुत गर्ने विश्वमा एकमात्र श्री ५ त्रिभुवन होइबक्सियो। जुन कुरो आजमात्र होइन आउँदो भविष्यमा नेताहरूको लागि पनि मात्र उदाहरणीय नभै अनुकरणीय पनि हुनेछ भन्ने कुरामा कुनै शङ्काले ठाउँ ओगट्न सक्तैन।

स्वर्गीय श्री ५ त्रिभुवनबाट नेपालमा प्रजातन्त्रोदय गराइबक्स्यो र हामी प्रजातन्त्रवादी भयौं, तर वास्तविक तथाकथित यो विचारणीय

कुरो छ मनपरी बोल्नु र मनपरी गर्नु नै प्रजातन्त्र हो भने निश्चय नै हामीलाई त्यस्तो प्रजातान्त्रिक अधिकार छैन र हुनु पनि हुँदैन। यदि त्यस्तै खालको प्रजातन्त्र हामी खोज्दछौं भने निश्चय नै हामी तथाकथित प्रजातन्त्रवादी हुनेछौं अन्यथा यदि अधिकारको माग गर्दा आफ्नो राष्ट्रप्रतिको कर्तव्यलाई समेत सम्झन्छौं वा पूरा गर्छौं भने मात्र हामी वास्तविक प्रजातन्त्रवादी बन्नेछौं।

त्यसैले जन्म-जयन्तीहरू हामीले औपचारिकताका लागि मात्र मनाउने होइन अपितु मनाउनुपर्छ वास्तविक श्रद्धा औ भक्तिका लागि। वास्तविक श्रद्धा औ भक्ति त्यति बेला प्रदर्शित हुन्छ जब हामी राष्ट्रपिताद्वारा निर्देशित मार्गतिर कर्तव्यपरायण हुँदै बढ्दै जानेछौं। तसर्थ आज हामीले देशमा प्रजातन्त्रका लागि के-कति कार्यहरू गर्‍यौं, कत्तिको आफ्नो जिम्मेवारीलाई सम्झ्यौं, र कत्तिको कर्त्तव्य परायण भयौं त्यसको लेखाजोखा अवश्य नै गर्नुपरेको छ।

आज हामीले राष्ट्रनायक औ एकमात्र नेताको रूपमा मौसूफ सरकारका सुयोग्य उत्तराधिकारी श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवलाई पाएका छौं। मौसूफ पञ्चायती प्रजातन्त्रका अधिष्ठाता होइबक्सिन्छ। मौसूफको सही निर्देशनमा चली आज हामीले देशसुहाउँदो राजाको राजासुहाउँदो प्रजा बन्नुपरेको छ अनिमात्र राष्ट्रपिताको स्वप्न पूरा हुनेछ।

अन्त्यमा आजको यो पुनीत दिवसमा स्वर्गीय राष्ट्रपिताप्रति भक्तिपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै मौसूफले कामना गरिबक्सेअनुसार भोलिको नेपाल हामी सबैले आफ्नो खून र पसीना बगाई प्यारा राजा महेन्द्रको नेतृत्वमा बनाउन सकौं—यही परमेश्वरसित प्रार्थना छ।
२०२५, असार १७

*****

स्वर्गीय नरेश*

द न्यू हेराल्ड

स्वर्गीय श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवको प्रत्येक जयन्ती हाम्रो देशको निम्ति एउटा पुनीत अवसर हो । यो पुनीत दिवस शताब्दी पुरानो निरंकुश शासन तोड्नको निम्ति राजगद्दीलाई वाजीमा राखिबक्सी क्रान्तिको नेतृत्व गरिबक्सेको र यस प्रकार नेपालको इतिहासमा नयाँ युगको सूत्रपात गरिबक्सने श्री ५ त्रिभुवनप्रति श्रद्धाञ्जलि चढाउनको निम्तिमात्र होइन, अपितु मौसूफबाट निर्धारित गरिबक्सेको र मौसूफका सुयोग्य उत्तराधिकारी श्री ५ महेन्द्रबाट उक्त प्रजातान्त्रिक आकांक्षाको लक्ष्य प्राप्त गर्न भइरहेका अथक प्रयत्नहरूले गर्दा पनि महत्त्वपूर्ण छ । श्री ५ महेन्द्र आफ्ना पिताको प्रजातान्त्रिक लक्ष्यलाई सफल र सबल पार्नमा उच्चतम र सशक्त कार्यहरूमा संलग्न होइबक्सेको छ र मौसूफबाट यसै उद्देश्यको परिपूर्तिका निम्ति प्रजातान्त्रिक पञ्चायत-पद्धतिद्वारा देशलाई सक्षम नेतृत्व गरिबक्सँदै छ । स्वर्गीय श्री ५ त्रिभुवनका उक्त आकांक्षाहरूलाई सफलीभूत पार्न श्री ५ महेन्द्रको नेतृत्वमा प्राप्त भएका उपलब्धिहरूको निम्ति सम्पूर्ण देशवासीहरू मौसूफप्रति कृतज्ञता ज्ञापन गर्दछन् । तर जे भए तापनि स्वर्गीय नरेशबाट चिताइबक्सिएको र पञ्चायती व्यवस्थाद्वारा परिकल्पना गरिएका प्रजातान्त्रिक लक्ष्यहरूलाई सम्पूर्ण रूपमा साकार रूप दिन अझै धेरै कार्यहरू गर्न बाँकी नै छन् । उक्त परिकल्पित उपयुक्त प्रजातान्त्रिक वातावरणको सिर्जना गर्नको निम्ति हामी सबै नेपालीको इमान्दारीको आवश्यकता पर्दछ, त्यसमा

---

* अंग्रेजीबाट अनूदित ।

पनि उत्तरदायित्वको स्थान ओगटेर बसेका व्यक्तिहरूको इमान्दारीलाई प्रमुख रूपमा औंल्याउन सकिन्छ। सैद्धान्तिक रूपमा जुनसुकै व्यवस्था पनि जतिसुकै आदर्श र प्रजातान्त्रिक भए तापनि सबै नागरिकहरूले सम्पूर्ण रूपमा पवित्रता र सच्चाइको भावना अँगालेर कार्य नगरुन्जेलसम्म यसका लक्ष्यहरूको परिपूर्ति हुन सक्दैन। त्यसो भएको हुनाले स्वर्गीय श्री ५ त्रिभुवनको ६४-औं जयन्तीको पुनीत अवसरमा आज सम्पूर्ण नेपाली, खास गरेर उत्तरदायित्वका स्थानहरू ओगटेर बसेका व्यक्तिहरूले सम्पूर्ण रूपमा साँचो प्रजातन्त्रका उद्देश्य र लक्ष्यहरू हासिल गर्नको निम्ति आफूलाई समर्पित गरेर स्व. राष्ट्रपिताको महान् सपनालाई सरकार तुल्याउने प्रतिज्ञा गर्नेछन् भन्ने आशा गर्नु युक्तिसंगत देखिन्छ।

जुलाई १,१९६९

*****

त्रिभुवन-जयन्ती

दैनिक नेपाल

आज आषाढ १७ गते स्वर्गीय राष्ट्रपिता श्री ५ त्रिभुवनको जन्म-दिन नेपालीमात्रको लागि एक पवित्र र प्रेरणादायक पर्व हो। आजभन्दा ६२ वर्षपहिले शाहवंशमा जन्मिबक्सेका मौसूफले आफ्नो राज्यकालमा नेपाली जनताको सुख, सुबिस्ता, स्वतन्त्रताको लागि जुन अनवरत प्रयास गरिबक्स्यो ती महान् कार्य नेपालको इतिहासमा स्वर्णिम अक्षरले अंकित छ। मौसूफका महान् कार्यहरूमध्ये '०७-को जन-क्रान्तिलाई बक्सेको देन सबभन्दा विशिष्ट स्थान ग्रहण गर्दछ। स्वतन्त्रता र प्रजातन्त्रप्रतिको आस्था मौसूफका नसा-नसामा भिजेका थिए, यसैले मौसूफले निरंकुश, जनतालाई मौलिक हकबाट वंचित गराइएको राणाशासनको अन्त गरी देशमा प्रजातन्त्रको स्थापना गर्न ज्यानको आहुति गरिरहेका जन-नेताहरूको कार्यक्रमलाई हृदयदेखि साथ दिइबक्स्यो। यसको निम्ति राजसिंहासन बाजी लगाउन पनि मौसूफ पछि बसिबक्सेन र जनताको हकको लागि आफ्नो गद्दीको बाजी लगाएर '०७ सालको क्रान्तिको नेतृत्व गरिबक्सियो। मौसूफको लागि स्वतन्त्रता र प्रजातन्त्र राजसिंहासन र राजर्षि शौख, गौरव-भन्दा प्रिय थियो। मौसूफलाई पूर्ण विश्वास थियो कि जबसम्म जनतालाई राज्य-सञ्चालनमा व्यापक हिस्सा दिइन्न तबसम्म देश-विकास गर्न सकिंदैन, जनताको जीवनस्नर उठ्न सक्तैन। मौसूफको प्रजातन्त्रप्रतिको प्रेम र जनतालाई अधिकार दिन पर्ने धारणाको परिचयको रूपमा आज पनि मौसूफले '०७ सालपछि बक्सेको अन्तरिम संविधान नै खडा छ। मौसूफको जनताप्रतिको आस्था, प्रजातन्त्रप्रतिको विश्वास

आज पनि नेपालका लागि प्रेरणादायक र मार्ग-प्रदर्शनको रूपमा खडा छन् ।

मौसूफको जन्म-जयन्ती आज देशभर मनाइँदै छ। मौसूफका आदर्श, त्याग, बलिदान जनताप्रतिको अगाध श्रद्धाको मूल पक्षको बोध गराउने किसिमका कार्यक्रमहरूको हाम्रो बीच अझै कमी छ। राष्ट्रपिता नेपालमा प्रजातन्त्रका प्रवर्तक होइबक्सन्छ, मौसूफका देनहरू महान् र व्यापक छन् अतएव मौसूफप्रति सच्चा श्रद्धाञ्जलि केवल दुइवटा प्रवचन गरेर, सुनेर, गाएर, नाचेर, गुणगान गरेर पूरा हुँदैन भनेर आज नेपालीमात्रले बुझ्नुपरेको छ। मौसूफका प्रजातन्त्रप्रतिको स्वप्न पूरा गर्नमा कार्यरूपमा उत्रेर मात्र हामी मौसूफप्रति सच्चा श्रद्धाञ्जलि प्रकट गर्न सक्तछौं। वास्तविकताभन्दा पर बसेर व्यक्त गरेका श्रद्धाञ्जलि चाहे तिनीहरू जतिसुकै सिङ्गारिएका शब्दले आलोकित किन नहुन्, तिनले दिवंगत आत्मालाई शान्ति प्रदान गर्न सक्तैनन् ।

····अन्त्यमा राष्ट्रपिताको दिवंगत आत्माप्रति हृदयभरिको श्रद्धाञ्जलि व्यक्त गर्दै हामी नेपालीमात्रलाई त्रिभुवन जन्म-जयन्तीको आजको दिन प्रजातन्त्रको लागि प्रण गर्ने दिन हो भन्ने स्मरण गराउन चाहन्छौं।
२०२५, असार १७

*****

राष्ट्रपिताप्रति श्रद्धाञ्जलि

नयाँ नेपाल

नेपालको राजतन्त्रात्मक नेतृत्वको स्वभाव लोकसम्मानमा आधारित र प्रजातान्त्रिक रहेको छ। राजतन्त्रको नेतृत्व यही स्वभावले गर्दा राजमुकुट नेपाली एकताको र नेपाली जन-जनको आस्था, विश्वास र आकांक्षाको प्रतीक भएको छ, यसैले गर्दा नेपालमा जहिले-जहिले संकट उत्पन्न भएको छ त्यस बेला नेपाली जनतालाई राजाबाट नै नेतृत्व र पथ-प्रदर्शन प्राप्त भएको छ। बडा महाराजा पृथ्वीनारायण शाह, राष्ट्रपिता त्रिभुवन र वर्तमान राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्र उपर्युक्त तथ्यका उदाहरणका रूपमा नेपालको इतिहासमा उपस्थित छन्। सानातिना राज्यमा टुक्रिएको नेपाललाई एक सुसंगठित राष्ट्रका रूपमा परिगठन गर्ने कार्यमा बडा महाराजाबाट नेतृत्व गरिबक्सियो भने एकतन्त्रीय शासनलाई समाप्त गरी प्रजातान्त्रिक परिपाटीको स्थापनामा स्वर्गीय राष्ट्रपिताबाट राजगद्दीको समेत त्याग गरी २००७ सालमा जन-क्रान्तिको नेतृत्व र सूत्रपात गरिबक्सियो, अनि सुसंगठित, समृद्ध र सम्पन्न राष्ट्रका रूपमा विश्व-मानचित्रमा चढाउन राष्ट्रनायक श्री ५ महेन्द्रबाट नेपालीलाई नेतृत्व र पथ-प्रदेशन बक्सेको छ। स्वर्गीय राष्ट्रपिता त्रिभुवनको ६३-औं जन्म-जयन्तीका अवसरमा हामी राजतन्त्रबाट नेपाल र नेपाली जनताको कल्याणका निम्ति भएका कार्यहरूको सम्झना गर्दै स्वर्गीय राष्ट्रपिताप्रति श्रद्धाञ्जलि अर्पण गर्दछौं। राजतन्त्रात्मक नेतृत्वको स्वभाव र प्रवृत्ति प्रजातन्त्रात्मक भएकाले नेपालमा राजा र प्रजाका बीचमा शासक र शासितको जस्तो सम्बन्ध नभई पिता र पुत्रको जस्तो सम्बन्ध छ र यो सम्बन्धको शृंखला भविष्यमा पनि यही रूपमा कायम रहनेछ भन्ने कामनाका साथ हामी राष्ट्रपिताप्रति श्रद्धाञ्जलि अर्पण गर्दछौं।

२०२५, असार १७

*****

श्री ५ त्रिभुवन

नयाँ समाज

आज राष्ट्रपिता स्वर्गीय श्री ५ त्रिभुवनको ६३–औं जन्मजयन्ती समारोह राष्ट्रभरि विशेष उत्साह एवं उमंगसाथ मनाइँदै छ। हुन त यो शुभ दिवस प्रजातन्त्रोत्तर नेपालमा एक विशेष महत्त्वको दिनको रूपमा मनाइने गरिएको छ, तर वास्तवमा भन्ने हो हामीले राष्ट्रपिताप्रति पूरा गर्नुपर्ने आफ्नो दायित्वलाई ईमानदारीसाथ पूरा गर्न सकेका छैनौं भन्नुमा कुनै अतिशयोक्ति होओइन ।

एक सय चार वर्षको जहानियाँ शासनबाट प्रजातान्त्रिक मुक्तिपथमा राष्ट्रवासीहरूलाई नेतृत्व प्रदान गर्न सक्ने त्यस परिस्थितिमा कुनै साधारण कुरो होइन । तर, शाहवंशका इतिहासले जुन किसिमको असाधारण उदाहरणहरू इतिहासमा प्रस्तुत गरेका छन् त्यस परम्पराकै अनुरूप राष्ट्रपिता त्रिभुवनवाट पनि गद्दीको मोह त्यागी आफ्ना प्रजाको स्वार्थसित आफ्नो स्वार्थलाई गाभी कुनै देशमा कुनै राजाले नगरेको एक जनतान्त्रिक क्रान्तिको नेतृत्व गरिबक्सी नेपालमा प्रजातन्त्रको प्रादुर्भाव गरिबक्स्यो। श्री ५ महाराजाधिराज त्रिभुवनले रोपिबक्सेको त्यस बिरुवालाई नाना तूफान, आँधी-ब्यारीबाट जोगाउन, मौसूफका सुयोग्य उत्तराधिकारी र वर्तमान राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्रबाट सात सालभन्दा पनि अझ विशेष महत्त्वको एक मूक तर अति प्रभावशाली क्रान्तिको नेतृत्व २०१७ सालमा गरी प्रजातन्त्रलाई आजको सुपुष्ट स्थितिमा पुऱ्याइबक्स्यो। आज हामी स्वर्गीय राष्ट्रनायकप्रति श्रद्धाञ्जलि अर्पित गरेर मात्र आफ्नो कर्त्तव्य पूरा भयो भनिठान्दछौं जस्तो

लाग्दछ। जुन लक्ष्य र आदर्शको निमित्त मौसूफबाट यत्रो बलिदान गरिबक्सेको थियो त्यसप्रति अझै ईमानदार एवं वफादार भै काम गर्न सकौं भन्ने संकल्पको यो दिनले आह्वान गर्दछ। अतः यस महान् दिवसको आह्वानलाई पनि हामीले स्वीकार गर्नुमा नै यस दिवसको आयोजना सार्थक ठहरिनेछ।

२०२५, असार १७

*****

राजा त्रिभुवनको सम्झना*

नेपाल भाषा पत्रिका

मनुष्य-जीवनको अन्त संसारको नियम हो। तर उसले गरेको असल काम, देशप्रति गरेको बलिदान, सेवा आदि कहिल्यै मर्दैन। हाम्रा राजा त्रिभुवनको स्वर्गवास भयो, तर त्यसो भन्दैमा मौसूफको अन्त भयो भन्न हुन्न। कारण––मौसूफबाट गरिबक्सेको देश र जनताको सेवा र देशको सयौं वर्षअगाडिदेखिको सामन्ती प्रथालाई धराशायी पारी जग बसाइबक्सेको प्रजातन्त्रको सम्झनाले गर्दा मौसूफ अमर होइबक्सेको छ भनी नेपालले गौरव गर्न सक्छ। विश्व-दुर्लभ राजा त्रिभुवनबाट संसारमा कतै नहुने किसिमले प्रजासित मिलेर प्रजालाई देश सुम्पिबक्सेको कुरा अभूतपूर्व छ। संसारमा पहिलो पटक यसो भएको हो भनी हामी दावा गर्न सक्छौं। त्यतिमात्र होइन, विश्वमा अनाचार अत्याचारको वृद्धि भयो भने ईश्वर अवतरित भएर उद्धार गर्छन् भनेझैं हाम्रा त्रिभुवन पनि नेपालका दोस्रो अवतार होइबक्सिन्छ, यसलाई अस्वीकार गर्न सकिन्न। एक अवतार भगवान् बुद्ध हुन् भने अर्को अवतार हाम्रा राजा त्रिभुवन होइबक्सिन्छ। बुद्धले पथभ्रष्ट मानवहरूलाई शान्तिको बाटो देखाएर गए भने हाम्रा त्रिभुवनबाट देशको कलंकित सामन्तवादलाई धराशायी पारेर प्रजातन्त्रको जग बसाइबक्स्यो, जसले गर्दा आज नभए भोलि आफ्नो अधिकार प्राप्त गरेर दलित नेपालीहरू मुन्टो उठाउन पाउनेछन्। भनिएको छ––

संसार कुमार्गमा अघि सर्दै अनाचारमा भासिन पुग्दा
असुरहरूले धर्म, नीति र न्याय लुप्त पारी
लोकमा अति अन्याय गर्दा देवताहरू तिनीहरूलाई नासी
साधुको उद्धार गर्न विविध रूप लिई आउँछन् रे।

---

* नेपाल भाषाबाट अनूदित।

वास्तवमा राजा त्रिभुवन नेपालीहरूका राजामात्र होइन असुरविनाशक, न्यायपालक, जनोद्धारक र पथप्रदर्शक अवतार होइबक्सिन्छ। मौसूफको सम्झनामा हामीले दुई थोपा आँसु बगाउँदैमा हाम्रो कर्त्तव्य पूरा हुँदैन, नेपालमा पूर्ण प्रजातन्त्रको स्थापना गर्ने मौसूफको शुभ स्वप्नलाई हामीले सरकार तुल्याउनु छ। त्यस कारण हामी आशा गर्छौं––मौसूफका सुपुत्र वर्तमान महाराजाधिराज श्री ५ महेन्द्र सरकार तथा नेपालका व्यक्ति-व्यक्तिसम्मले पनि तत्परतासाथ मौसूफबाट जग बसाइबक्सेको प्रजातन्त्रमा पूर्णता ल्याउने प्रयास हुनेछ।

२०१२, चैत २०

*****

त्रिभुवन-जयन्ती

नेपाल समाचार

आषाढ १७ गते स्वर्गीय राष्ट्रपिता त्रिभुवनको ६३-औं जन्म-जयन्तीका उपलक्ष्यमा सर्वप्रथम हामी दिवंगत आत्माप्रति भक्तिपूर्ण श्रद्धाञ्जलि अर्पण गरी स्वर्गीय राजाको सपना साकार गर्न प्रण गर्दछौं, किनकि महान् व्यक्तिहरूलाई चढाउने श्रद्धाञ्जलि नै उनीहरूले कल्पना गरेको समाज-रचनालाई मूर्त रूप दिनु हो। नेपालको इतिहासमा स्वर्गीय राजा त्रिभुवनको कीर्ति सदा हिमालजस्तै स्वच्छ, उच्च र दृढ भएर रहनेछ। आफ्नो अधिकारप्राप्तिका निम्ति संसारमा जसले पनि संघर्ष गरेका छन् र ठूला-ठूला काण्डहरू मचाएका छन्, तर प्रजाको अधिकारका निम्ति राजाले गद्दी त्याग गरेको इतिहास नेपालमा मात्र निर्माण भएको छ र यो इतिहासका निर्माता स्वर्गीय राष्ट्रपिता त्रिभुवन होइबक्सन्छ। एकतन्त्रीय राणा-शासन नेपालको प्रगतिको अवरोधको शासन थियो र यसलाई समाप्त नगरेसम्म नेपालको क्षितिजमा गुम्सिएको अन्धकारलाई प्रकाश दिन नसकिने तथ्यलाई हृदयंगम गरी स्वर्गीय राजा र प्रजाको संयुक्त प्रयासद्वारा २००७ सालमा राजनीतिक क्रान्तिको सफल संचालन हुन सकेको हो। यस जन-क्रान्तिमा राजाको नेतृत्व प्राप्त भएकाले राणाहरूको साहस यति नराम्रोसँग समाप्त भयो कि जसले गर्दा नेपाली जनताले थोरै अवधिमा नै प्रजातान्त्रिक परिपाटीमा हुर्कने बढ्ने मौका पाए। आज राजा त्रिभुवनको ६३-औं जन्म-जयन्तीको पुनीत अवसरमा हामी पुनः मौसूफबाट भएका वलिदानपूर्ण कार्यहरूको सम्झना गर्दै मौसूफमा पुनः श्रद्धाञ्जलि अर्पण गर्दछौं।

२०२५, असार १७

*****

राष्ट्रपिताप्रति श्रद्धाञ्जलि

पञ्चायत बाटो

विश्वको इतिहासमा बेजोड एवं अभूतपूर्व उदाहरण थपेर जाने राष्ट्रपिता श्री ५ त्रिभुवन नेपालीका लागि आज मात्र होइन सधैंको लागि अविस्मरणीय युगपुरुष होइबक्सिन्छ। राष्ट्रको स्वाधीनता र स्वतन्त्रताको लागि स्वतन्त्र संग्राम जनताले लड्छ भने नेपालमा नेपाली जनतालाई स्वतन्त्र संग्रामको बिकुल फुकेर आफै अग्रदूत बनेर नेतृत्व लिने राजा नेपालीले पाएको थियो। यसैले नेपालीमा आफ्नो राष्ट्रको प्रजातन्त्रको सम्झना हुनेबित्तिकै श्री ५ त्रिभुवनको सम्झना हुन्छ। यसरी मौसूफ नेपालको प्रजातन्त्रसित अभिन्न भएर आइबक्सेको छ।

सदियौंसम्म एकतन्त्र शासनमा जकडिन परेकोले नेपाल भौतिक उन्नतिमा निकै पिछडिएको सबैले पाउलान्, तर नेपाल आध्यात्मिक भावनाले गरीब छैन। यस्तै नेपालीका पुर्खाको आदर्शमय भावनाले आजको भौतिक जगत्‌लाई आदर्शवादी बन्न प्रेरणा दिएको छ भने त्यस प्रकारको आदर्शमय भावनामा नेपाल आज पनि पछि परेको छैन। स्व० श्री ५ त्रिभुवनको आदर्शबाट नेपाली मात्र होइन नेपालसँग परिचित विश्वका जनता पनि प्रभावित हुन बाध्य हन्छन्, जसरी राष्ट्रपिता स्व० श्री ५ त्रिभुवनलाई आदर्श पुरुषको रूपमा नेपालीले पाएर गुमाए पनि मौसूफका भावना प्रत्येक नेपालीको मनमा गुन्जित नै छ। आज हामी जुन राष्ट्रनायक श्री ५ महेन्द्रको

छत्रछायामा छौं मौसूफ पनि त्यतिकै आदर्श पुरुष होइबक्सिन्छ र जो सधैं आफूभन्दा आफ्नो राष्ट्रकै चिन्तामा मग्न होइबक्सिन्छ।

विश्वमा उपनिवेशवादी र साम्राज्यवादी राष्ट्रहरूको विरुद्ध एशियाइ र अफ्रिकी राष्ट्रहरूमा स्वातन्त्र्य संग्रामको होड चलेपछि पनि नेपाली जनता त्यस प्रकारको वातावरणबाट अनभिज्ञ थिए। तर नेपालीले आफ्नो राष्ट्रको स्वतन्त्रताको लागि राजाबाट नै प्रेरणा पाए। मौसूफको इच्छा ठूलो थियो। नेपाललाई स्वतन्त्र पार्नुमै मात्र मौसूफको सदिच्छा सीमित थिएन, स्वतन्त्र नेपालले विश्वका विकसित राष्ट्रहरूको दाँजोमा उभिन सकोस् भन्ने मौसूफको लामो सपना थियो। तर आफ्ना स्वर्णिम भविष्यको सपनाले साकार रूप लिन नपाउँदै राष्ट्रपितालाई नेपाल र नेपालीसँग भौतिक शरीरबाट छुट्टिन पऱ्यो। आज श्री ५ त्रिभुवनको भौतिक देह हाम्रो साथमा छैन तापनि मौसूफको स्वर्णिम सपना र मौसूफका प्रेरणा मूर्त रूपमै विद्यमान छ। राष्ट्रनायक श्री महेन्द्रको नेतृत्वमा आज हामी राष्ट्र-निर्माणको सिंढीमा जति माथि उक्लन सकेका छौं त्यो राष्ट्रपिताकै प्रेरणाले हो। श्री ५ त्रिभुवनको सपना साकार गर्न अझ हामीले धेरै गर्नु र धेरै माथि उक्लनु छ। श्री ५ महाराजाधिराज सरकारको कुशल नेतृत्वमा अझ बढी परिश्रम र बढी साहससाथ अघि बढेर राष्ट्रपिता स्व० श्री ५ त्रिभुवनको सपना साकार गर्न मौसूफको यस जयन्तीको यस पुनीत अवसरमा प्रण गरौं। राष्ट्रपिताप्रति चढाउने श्रद्धाञ्जलि यही नै हुनेछ।

२०२५, असार १६

*****

प्रजातन्त्रका प्रवर्तक श्री ५ त्रिभुवन

मातृभूमि

अधिराज्यभरि आज प्रजातन्त्रका प्रवर्तक स्वर्गीय राष्ट्रपिता श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवको ६४-औं जन्म-जयन्ती मनाइँदै छ। श्री ५ त्रिभुवनको गरिमामय नाम, नेपालको प्रजातान्त्रिक अभियानको पर्यायवाची हुनुका साथै विश्वको इतिहासमा नै एक बेग्लै र महत्त्वपूर्ण पाना ओगटेको छ। आफ्नो राष्ट्र एवं जनताका लागि आफ्नो प्राण र गद्दीको बाजी लगाएर जनक्रान्तिको नेतृत्व दिने राजा विश्वको इतिहासमा उल्लेख भएको पाइन्न। एक शताब्दीसम्म गुम्सेर बसिराखेको जनजीवनको गतिलाई एक नयाँ तथा जाग्रत बाटोतिर मोड्नु, नेपालको इतिहासलाई युग एवं परिस्थितिसँग तादात्म्य गराएर नवयुगको ढोका प्रशस्त गर्ने स्वर्गीय राष्ट्रपिताबाट जुन देन दिइयो, त्यो नेपालीले त के दुनियाँको कुनै पनि ईमानदार प्रजातान्त्रिक व्यक्तिले बिर्सन सक्दैन।

हुकुमी शासनको शिथिल एवं निरंकुश अत्याचारको वातावरणमा प्रकाशपुञ्जझैं राजा त्रिभुवनको वरद नेतृत्वमा जनताले आफ्नो आत्मनिर्णयको अधिकार आफ्नो हातमा पाए, प्रजातन्त्रको सूत्रपात भयो; मानिसले मानिस भएर बाँच्ने हक पाए र नेपालको एक नयाँ व्यक्तित्वको सूत्रपात भयो। विश्वमा गोरखाली बहादुरको नामले मात्र परिचित नेपालको बहुमुखी व्यक्तित्वका स्वतन्त्र तथा मर्यादापूर्ण आधारहरूको शिलान्यास गर्ने राजाको सम्झनामा आज नेपालीले गरेका आयोजना एवं समारोहले जहाँ हामीलाई स्वर्गीय राष्ट्रपिताको गौरवमय एवं प्रेरणादायी कीर्तिको सम्झना गराउँछन् भने अर्कोतिर हामीमा मौसूफबाट

छाडेर गएका दायित्वहरूलाई सचाइका साथ पूरा गर्ने माग गर्दछन्। जुन स्वप्न, आकांक्षा र उद्देश्यको निमित्त श्री ५ त्रिभुवनबाट यत्रो त्याग गरिबक्स्यो त्यसको प्राप्तिका लागि हामी सबैले दृढ संकल्प भई अगाडि बढ्नु छ। श्री ५ त्रिभुवनको यशस्वी कीर्ति-गाथाप्रतिको हाम्रो कर्तव्य केवल मौसूफको सम्झनामा एक-दुई समारोहको आयोजना गरेर, शालिगमा फूलमाला अर्पित गरेर पूरा हुँदैन। जुन प्रजातन्त्रको आधारशिला मौसूफबाट राखिबक्स्यो, त्यसलाई फलिफलाउ पार्न हामी कहाँसम्म सफल हुन सकेका छौं, प्रजातान्त्रिक प्रयास र आचरणमा हामीले कहाँसम्म आफूलाई ढाल्न सकेका छौं, राष्ट्रको सर्वाङ्गीण प्रजातान्त्रिक विकासमा हाम्रो कति योगदान हुन सकेको छ——यी कुराहरूको लेखाजोखा गर्नुपर्ने दिन पनि आज हो। आफ्नो आत्म-विवेचना गरी प्रत्येक नेपालीले स्वर्गीय राष्ट्रपिताको सपनालाई साकार गर्ने प्रतिज्ञालाई आज दोहोऱ्याएर सच्चाइसाथ प्रजातन्त्रलाई बलियो पार्न अगाडि बढ्नु नै मौसूफप्रति वास्तविक श्रद्धाञ्जलि ठहर्नेछ।

यी उद्गारसाथ हामी पनि समस्त राष्ट्रवासीहरूका साथसाथै आफ्ना स्वर्गीय राष्ट्रपिताको प्रेरक स्मृतिमा मौसूफप्रति हार्दिक श्रद्धाञ्जलि अर्पित गर्दछौं।

२०२६, असार १७

*****

प्रजातन्त्रका प्रवर्तकप्रति श्रद्धाञ्जलि

समय

स्वर्गवासी राष्ट्रनायक श्री ५ त्रिभुवनको जयन्ती आज अधिराज्यभरमा धूमधामका साथ मनाइयो । राजधानीमा आज विभिन्न कार्यक्रमका साथ एउटा विशाल जुलुसले बजारको परिक्रमा गरेको छ । यसरी आज नेपालले राष्ट्रपिता श्री ५ त्रिभुवनप्रति अगाध श्रद्धा र भक्ति दर्साइरहेछ ।

प्रजातन्त्रका प्रवर्तक राजा त्रिभुवन त्यो महान् राजा होइबक्सिन्छ, जसले २००७ सालको क्रान्तिको नेतृत्व गऱ्यो । मौसूफ नै त्यो महान् व्यक्तित्व होइबक्सन्छ, जसले राजा भएर पनि प्रजातन्त्रका निम्ति प्राणको बाजी लगाइबक्स्यो ।

नेपालको इतिहासमा भएका राजाहरूमा श्री ५ बडा महाराजा पृथ्वीनारायण शाहका पछि हामी श्री ५ त्रिभुवनलाई पाउँछौं । नेपालीलाई पहिलो वाक्स्वतन्त्रता दिने, प्रजावत्सल राजा त्रिभुवनको त्यो ऐतिहासिक र विशिष्ट देनले नै नेपाल र नेपालीको भाग्य चम्किरहेछ । मौसूफकै सुयोग्य उत्तराधिकारी जनप्रिय र राष्ट्रका एकमात्र नेता श्री ५ महेन्द्रका सुयोग्य र गतिशील नेतृत्वमा आज नेपाली, नेपालको निर्माणमा जुटेको छ । आज नेपाली आफ्ना भाग्यविधाता श्री ५ महेन्द्रका नेतृत्वमा राष्ट्रपिता त्रिभुवनको सपना पूरा गरिरहेछ ।

अन्त्यमा प्रजातन्त्रका प्रवर्तक राष्ट्रपिता स्वर्गवासी श्री ५ त्रिभुवनमा सभक्ति श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

*****

२०२५, असार १७

राष्ट्रपितामा श्रद्धाञ्जलि

स्वतन्त्र समाचार

आज राष्ट्रपिता श्री ५ त्रिभुवनको १६-औं पुण्यतिथि हो। यो तिथिले हामीलाई त्यो गौरवशाली महान् व्यक्तिको जनताप्रति, प्रजातन्त्र-प्रति र देशप्रतिको महान् विश्वासको स्मरण गराउँछ। मौसूफले राणा-शाहीको एकतन्त्रीय बर्बर शासनबाट देशलाई, जनतालाई मुक्त पार्न सिंहासनको बाजी लगाइबक्सिएको हिजै जस्तो लाग्दछ तापनि मौसूफलाई हामीबाट छिनेर विकराल कालले लगेको १६ वर्ष पुगिसकेको कुराले हामीलाई झसङ्ग पार्दछ। मौसूफबाट जनताको निमित्त र देशको निमित्त जो त्याग र बलिदान अत्यन्त साहसिक ढङ्गबाट गरिबक्सियो त्यो साँच्चि नै अभूतपूर्व छ। मौसूफबाट लगाइबक्सिएको ऋणबाट उऋण हुन नेपालीले कहिल्यै सक्नेछैनन्। हामीलाई लेख्ने, बोल्ने प्रकाशन गर्ने स्वतन्त्रता मौसूफबाटै बक्सिएको हो जो हामीले आज पनि उपभोग गरिरहेका छौं। यसैले यो महान् राजाको स्मरण हामी आज पनि उत्तिकै ओजस्वी ढङ्गबाट गर्दछौं र मौसूफका उपदेशहरू नै आज हाम्रा मार्ग-निर्देशक बनिरहेका छन्।

आज नेपालमा राष्ट्रपिताका उत्तराधिकारी––श्री ५ महेन्द्रबाट देशको नेतृत्व गरिबक्सिरहेको छ। राजनीतिक अधिकारका साथमा आर्थिक र सामाजिक अधिकार पनि जनताले पाउनुपर्दछ भन्ने सुदृढ विश्वासअनुसार राष्ट्रनायक श्री ५ महेन्द्रबाट पाइला चालिबक्सिएको छ। यसले राष्ट्रपिताले जस्तो प्रजातान्त्रिक समाजको स्वप्न देखिबक्सिएको थियो, त्यसको निर्माणमा मद्दत गरिरहेको छ। राष्ट्रपिताको स्वप्नलाई

साकार पार्न आज पनि राजा र प्रजा एक छन् र जस्तै बिघ्न-बाधाहरूमाथि पनि विजय प्राप्त गर्दै आएका छन् र भविष्यमा पनि यस्तै एकताबद्ध रहने सुदृढ विश्वास राख्तछन्। यो विश्वासले झन्-झन् सुदृढ बल पाइरहेको छ। आजको निर्दलीय प्रजातान्त्रिक व्यवस्थाले राजा र प्रजाका बीचमा झन् विश्वास बढाएको छ र एकले दोस्राप्रति बढीभन्दा बढी त्याग र बलिदान गर्ने भावनालाई जागृत पारिरहेको छ। आजको महान् दिनमा हामी राष्ट्रपिता स्वर्गीय श्री ५ त्रिभुवनप्रति हार्दिक श्रद्धाञ्जलि समर्पित गर्दछौं र मौसूफबाट बालि बक्सिएको प्रजातन्त्रको चिरागलाई झन् दीप्तिमान बनाउँदै लैजान सकेसम्मको सहयोग राष्ट्रनायक श्री ५ महेन्द्रमा टक्र्याउने संकल्प गर्दछौं।

*****

४

सन्देश र घोषणा-अंश

नेपाल र नेपालीप्रति शुभेच्छा

"...नेपालले शान्ति र सुरक्षा गराउँदै समयका साथ सबै सामाजिक, राजनैतिक र आर्थिक प्रगतिका निमित्त कदम बढाउने आवश्यकता छ। त्यो कार्य-सम्पादन गर्न जनताले राजकाजमा सहयोग गर्नु र मुलुकको शासनमा दुनियाँले छानेका सदस्यहरूको समावेश हुनु आवश्यक छ। मेरो सरकार र जनताले मिलेर नेपालको स्वतन्त्रतालाई सुरक्षित गराई राष्ट्रको अभ्युदय प्रगतिशील ढङ्गले गरी राजनैतिक कुशलताको परिचय दिनेछन् भन्ने मलाई आशा छ। नेपाल स्वतन्त्र र समृद्धिशाली होस् भन्ने मेरो एकमात्र शुभेच्छा छ।

दिल्ली
२००७, पौष ७ गते।

फागुन ७ गतेको शाही घोषणा

आगे हाम्रो मुलुकका भाइ-भारदार, सन्त-महन्त, रैती-दुनियाँ, साहू-महाजन गैन्हके यथोचित,

उप्रान्त संवत् १९०३ सालमा त्यस समयमा यो राज्यको गद्दीमा राज भएको हाम्रा स्वर्गीय पूज्य जिजुबुबाज्यू श्री ५ महाराजाधिराज सुरेन्द्रवीरविक्रम शाहदेवले धेरै गम्भीर र महत्त्वपूर्ण कारणले आफ्नो र आफ्ना उत्तराधिकारीहरूका तर्फबाट यो मुलुकको शासनभार श्री ३ महाराज जङ्गबहादुर राणालाई सुम्पिबक्सेको हुनाले,

उपरोक्त श्री ३ महाराज जङ्गबहादुर राणाका उत्तराधिकारीहरूले हाम्रा पूर्वजहरूको तर्फबाट मौसूफहरूका प्राइममिनिस्टरहरूको हैसियतमा यो राज्यको शासन चलाई आएकोले,

श्रौ वर्तमान समयमा श्री ३ महाराज मोहनशमशेर जङ्गबहादुर राणाले हाम्रो तर्फबाट श्रौ हाम्रो नाममा यो राज्यको शासन चलाई श्राएको हो,

श्रौ हाम्रा प्रजाको शासन श्रबउप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको श्रनुसार होश्रोस् भन्ने श्रहिले हाम्रो इच्छा र निर्णय भएकोले,

श्रौ सो विधान तयार नभएसम्म श्रहिले हामीलाई हाम्रो कार्य-सम्पादन गर्नमा मदत र सल्लाह दिनाको निमित्त दुनियाँको विश्वास भएका दुनियाँका प्रतिनिधिहरूसमेत सम्मिलित भएको एक मन्त्रीमण्डलको संगठन होश्रोस् भन्ने हाम्रो इच्छा र निर्णय भएकोले,

तसर्थ हामीबाट यो घोषणाद्वारा हामीलाई हाम्रो कार्यको सम्पादनमा मदत गर्न (१) हाम्रा श्रति विश्वासपात्र र प्रिय श्री ३ महाराज मोहनशमशेर जङ्गबहादुर राणा हाम्रो प्राइममिनिस्टर र परराष्ट्र मन्त्री, (२) श्री मिनिस्टर बबरशम्शेर जङ्गबहादुर राणा रक्षा-मन्त्री, (३) श्री विश्वेश्वरप्रसाद कोइराला गृह-मन्त्री, (४) श्री सुवर्णशमशेर श्रर्थ-मन्त्री, (५) श्री चूडाराजशमशेर वन-विभागको मन्त्री, (६) श्री गणेशमान सिंह उद्योग-वाणिज्य-मन्त्री, (७) श्री नृपजंग राणा शिक्षा-मन्त्री, (८) श्री भद्रकाली मिश्र यातायात-मन्त्री, (९) श्री यज्ञबहादुर बस्न्यात स्वास्थ्य, स्वायत्त-शासन-मन्त्री, (१०) श्री भरतमणि शर्मा खाद्य र कृषि-मन्त्री समेत मन्त्रीहरू सम्मिलित भएको एक मन्त्री-मण्डल गठन र नियुक्त गरिबक्सेका छौं।

माथि उल्लेख गरिएका मानिसहरू हाम्रो इच्छाश्रनुसार श्राफ्नो श्रोहदामा रहनेछन् श्रौ संयुक्त रूपमा हामीप्रति जिम्मेदार रहनेछन्। यो राज्यको शासनसम्बन्धी विषयहरूमा मन्त्री-मण्डलका सबै निर्णयहरू हामीलाई जाहेर गर्ने हाम्रो प्राइममिनिस्टरको कर्तव्य हुनेछ श्रौ यो राज्यको शासनसम्बन्धी विषयहरूका बारेमा हामीले खोजिबक्सेको सबै समाचार पनि उनीले हामीलाई जाहेर गर्ने उनको कर्तव्य हुनेछ।

श्रौ हामी यसद्वारा हाम्रा सबै प्रजालाई हामी र हाम्रा

उत्तराधिकारीप्रति सच्चा वफादारी धारण गर्नाको निमित्त आमन्त्रण गर्दछौं औ हाम्रा सबै जङ्गी, निजामती अफिसरहरू र यस राज्यका अरू बासिन्दाहरूलाई आज्ञाकारी भई हाम्रा मन्त्रीहरूलाई निजको कर्तव्यको सम्पादनमा मदत र सहायता गर्नालाई आदेश गरिबक्सेका छौं ।

राजनैतिक अपराधमा परेका सबैलाई निजहरू २००७।१२।२०। २ अघि आफ्ना घर फर्की शान्तिमय कामकाजमा लागे भने निजहरूलाई माफी र विस्मृति दिने, औ त्यस्ता अपराधमा जफत भएको निजहरूको जायदाद तिनीहरूलाई फिर्ता दिने हाम्रो शाही इच्छा छ ।

यो हाम्रो आन्तरिक आशा छ कि यो नयाँ व्यवस्थामा सरकार र दुनियाँले मिलीजुली नेपालको उन्नति र समृद्धिको निमित्त प्रयत्न गर्नेछन् । परमेश्वरले हामीलाई र हाम्रा अधिकारीवर्गलाई हाम्रा प्रजाको हितको निमित्त उपरोक्त हाम्रा इच्छाहरू पालन गर्ने शक्ति दिऊन् ।

नारायणहिटी दरबार, काठमाडौं
२००७, फागुन ७

फौजी जवानहरूसामु टुँडिखेलमा भाषण

फौजी जवान हो,

हाम्रो मुलुकमा शासन-सुधार भई नयाँ मन्त्री-मण्डल खडा भै अब राज्यव्यवस्था प्रजातन्त्रात्मक ढङ्गबाट चल्ने भएको व्यहोरा तिमीहरूले मेरो फागुन ७ गतेको शाही घोषणाद्वारा थाहा पाएकै होउला । तिमीहरू धेरैका मनमा अब नयाँ चालचलनमा हामी फौजी जवान अफसरहरूको भविष्य के होला भन्ने अनेक शंका र तर्क-वितर्क खेलेको होला, तर म तिमीहरूलाई दिलजमी गराउन चाहन्छु कि यो नयाँ परिस्थितिमा पनि तिमीहरूको हित र कल्याणको चेष्टाले सदैव मेरो मनमा प्रथम स्थान पाउनेछ औ तिमीहरूले भय र शंका केही लिनुपर्दैन ।

एक कुरा तिमीहरूलाई सम्झाउन चाहन्छु, फौजमा नोकरी गर्ने जवानहरू कसैले पनि राजनैतिक दलहरूमा भाग लिन हुँदैन, संसारमा यही रीति छ। तसर्थ जस्तो तिमीहरूले अघिदेखि भक्ति र वफादारीसाथ काम गरी आफ्नो सुनाम देश-देशावरमा चलाएका छौ त्यस्तै गरी अब पनि आफ्नो उज्ज्वल नाम कायम राख्नेछौ भन्ने मेरो दिली आशा र विश्वास छ।

श्री पशुपतिनाथले तिमीहरूको सदा कल्याण गरून्!

२००७, फागुन २१

प्रेस-प्रतिनिधिलाई सन्देश

"...जातिपातिको भेद, छुवाछूतको भावना इत्यादि हटाउने अथवा नहटाउने भन्ने विषयलाई प्रजातन्त्र राज्यमा कुनै एक वा दुई व्यक्तिबाट निर्णय हुँदैन। यसको निर्णय त सब जनता मिलेर नै गर्नुपर्छ। तसर्थ विधान-परिषद् खडा नभएसम्म यो कुरा उठ्दैन।"

"नेपालको परराष्ट्र-विषयमा नेपालले कुनै पनि राष्ट्रको गुटबन्दीमा नफँसी मध्यस्थ रहने निश्चय गरेको छ। नेपालको निम्ति जति भारत मित्र हो उत्तिकै चीन पनि मित्र हो।"

"मैले आफूसँग भिटो पावर राखेको छु तापनि सकभर त्यसलाई प्रयोग गर्नेछैनँ। तर यदि साँच्चिनै देश बिग्रन आँट्यो भने भिटो पावर त के मेरो आफ्नो ज्यान दिएर पनि देशलाई बिग्रनुबाट बचाउनेछु।"

२००७, चैत १२

राणा-कांग्रेस मन्त्री-मण्डल पुनर्गठन-विषय शाही घोषणा

आगे हाम्रा प्यारा प्रजाहरूके यथोचित,

उप्रान्त हाम्रा प्रधान मन्त्री श्री ३ महाराज मोहनशमशेर जङ्गबहादुर राणा र गृह-मन्त्री श्री विश्वेश्वरप्रसाद कोइरालाले संयुक्त सरसल्लाह गरी मन्त्री-मण्डल वलियो गर्न आवश्यक ठहराएकोले,

र हाम्रा प्रधान मन्त्री महाराज श्री मोहनशमशेर जंगबहादुर राणाले मन्त्री-मण्डलको पुनर्गठन गर्नानिमित्त उक्त मन्त्री-मण्डलको राजीनामा पेश गरेकोले,

यस सम्बन्धमा हामीलाई चढाएको उक्त सल्लाह स्वीकार गरी यो मन्त्री-मण्डलको राजीनामा स्वीकृत गरिबक्सेको छ ।

तसर्थ हामीलाई चढाएको उक्त सल्लाहबमोजिम यो घोषणापत्रद्वारा मुलुकको शासनसम्बन्धी हामीले गर्नुपर्ने काममा हामीलाई मदत र सल्लाह दिनानिमित्त हाम्रा अति विश्वासपात्र र प्रिय श्री ३ महाराज मोहनशमशेर जंगबहादुर राणा प्रधान मन्त्रीको हैसियतमा रक्षा-मन्त्री र परराष्ट्र-मन्त्रीसमेत हुने र अरू मन्त्रीहरू तल लेखिएबमोजिम रहने गरी एक मन्त्री-मण्डल संगठन र नियुक्त गरिबक्सेको छ ।

श्री विश्वेश्वरप्रसाद कोइराला गृह-मन्त्री, श्री सुवर्णशमशेर जङ्गबहादुर राणा अर्थ-मन्त्री, श्री चूडाराजशमशेर जङ्गबहादुर राणा स्थानीय स्वायत्तशासन-मन्त्री, श्री गणेशमान सिंह उद्योग वाणिज्य-मन्त्री, श्री नृपजङ्ग राणा शिक्षा-मन्त्री, श्री भद्रकाली मिश्र यातायात-मन्त्री, श्री यज्ञबहादुर बस्न्यात स्वास्थ्य-मन्त्री, श्री सिंहशमशेर जङ्गबहादुर राणा वनविभाग-मन्त्री, श्री सूर्यप्रसाद उपाध्याय खाद्य र कृषि-मन्त्री ।

२००७ सालको अन्तरिम विधान ऐनमा लेखिएबमोजिम माथि उल्लेख गरिएका मन्त्रीहरू हाम्रो इच्छानुसार आफ्ना ओहदा ग्रहण गर्नेछन् र संयुक्त रूपमा हामीप्रति जिम्मेदार रहनेछन् ।

अौ हामी यसद्वारा हाम्रा सबै प्रजाहरूलाई हामी र हाम्रा उत्तराधिकारी र उक्त ऐनप्रति सच्चा वफादारी धारण गर्नको निमित्त आमन्त्रण गर्दछौं । अौ हाम्रा सबै जङ्गी, निजामती अफिसरहरू र यस राज्यका अरू बासिन्दाहरूले आज्ञाकारी भई हाम्रा मन्त्रीहरूलाई

कर्तव्य-सम्पादन गर्नमा मदत र सहायता गरून् भनी आदेश गरिबक्सन्छौं ।

हाम्रो प्रबल आशा छ कि यो पुनर्गठित मन्त्री-मण्डलद्वारा नेपालीको समृद्धि, प्रगति र शान्ति हासिल गर्ने सम्मिलित चेष्टामा सारा जनताले मिली काम गर्नेछन् ।

श्री परमेश्वरले हाम्रो र हाम्रा मातहतका अधिकारीवर्गलाई हाम्रा प्रजाको भलाइका निमित्त हाम्रो उक्त इच्छा पालना गर्ने शक्ति दिऊन् !

नारायणहिटी दरबार, काठमाडौं

२००८, जेठ २७

दिल्ली यात्रामा प्रकाशित विज्ञप्ति

म आज आफ्नो प्यारो मातृभूमिलाई छोडी केही दिनको निमित्त भारततिर प्रस्थान गरिरहेको छु । खास गरी अहिलेको मेरो यो यात्रा दिल्लीतिरको नै छ । यो मेरो निजी यात्रा हो र यसमा कुनै राजनैतिक उद्देश्य छैन । सबैलाई थाहा नै होला, अहिले मेरी छोरी बिरामी अवस्थामा दिल्लीमा रही स्वास्थ्यलाभ गरिरहेकी छन् । यो मेरो यात्राको मुख्य उद्देश्य उनलाई हेर्न जानु नै हो तापनि त्यहाँ मेरो श्री नेहरूसँग भेटघाट हुन सक्तछ । भेटघाट हुँदा कुनै राजनीतिक विषयको प्रसंग पनि उठ्न सक्तछ, तर यसको पहिले केही भूमिका बाँधिएको छैन ।

मेरो यात्रासम्बन्धी कार्यक्रम पनि कुनै पूर्वनिश्चित छैन । हुन सक्तछ केही दिनपछि १-२ दिनको निमित्त दिल्लीबाट पनि त्यहीं यताउति घुम्न जाउँला, तर सकभर चाँडो नेपालमा फर्केर आउने मेरो इरादा छ । म केही दिनको निमित्त नेपालबाट टाढा भए तापनि मेरो यो मातृभूमि तथा मेरा प्यारा प्रजाहरूको सम्झना मेरो दिलमा रहि नै रहनेछ । म हरसमय, हरवखत, हरअवस्थामा यो कामना

गरिरहनेछु, मेरो प्यारो देश तथा प्यारा प्रजा फलून्-फुलून्।
२००८ साउन २९

सल्लाहकार-समितिको नियुक्तिबारे शाही घोषणा

मेरा प्यारा प्रजाहरू,

जनताबाट चुनिएका प्रतिनिधिहरूको विधान-परिषद्‌ले विधान नबनाउन्जेल हामीबाट निर्मित र नियुक्त गरिएको मन्त्री-मण्डलले सरकारको काम हामीले स्वीकृत गरेको अन्तरिम विधानबमोजिम चलाउनुपर्ने भएकोले, र विधान-परिषद्‌को निर्वाचनको लागि तयारी गर्न केही समय लाग्ने भएकोले,

र यही अन्तरिम कालमै मेरो इच्छा जनताका धेरैजसो प्रतिनिधिहरूको राजसञ्चालनमा सहयोग गराउने भएकोले,

म यस घोषणाद्वारा मलाई र हाम्रो मन्त्री-मण्डललाई मदत र सल्लाह दिनका लागि एउटा सल्लाहकार-सभाको नियुक्ति गर्दछु। यस सभाका नियमहरू छिटै पछि बन्नेछन्। सल्लाहकार-सभाका सदस्यहरू मबाट भौगोलिक र जनसंख्याका आधारमा नियुक्त भएका छन्। हाम्रो मन्त्री-मण्डलका सदस्यहरू सल्लाहकार-सभाको पनि सदस्य हुनेछन्।

हामीबाट सबै रैती-दुनियाँलाई आदेश दिइन्छ कि हामीबाट नियुक्त गरिएको सल्लाहकार-सभालाई सबैले पूरा सहयोग दिऊन्।

हाम्रो यो दृढ विश्वास छ कि यस सभाको निर्माणले हाम्रो सरकारलाई देश र जनताको हित गर्न धेरै सहायता प्राप्त हुनेछ।

हामी र हाम्रो मातहतका अधिकारीहरूलाई जनताको हित गर्ने हाम्रो इच्छालाई पूर्ण गर्न ईश्वरबाट शक्ति र दृढता मिलोस्।"

२००८, असोज १६

टुँड़िखेलको विराट् सभामा बौद्ध-अस्थिको स्वागतार्थ भाषण

(भगवान बुद्धका दुइटा महान् शिष्य अरहन्त सारिपुत्त, महामौद्गल्यायनका पवित्र अस्थिको स्वागतनिमित्त श्री ५ त्रिभुवनको सभापतित्वमा भएको सार्वजनिक सभामा)

आजको बडो सौभाग्यको दिन हो कि हामीले आफ्नो मुलुकमा श्री सारिपुत्त र मौद्गल्यायनजस्ता महात्माहरूको अस्थिको स्वागत गर्न पायौं । यो पवित्र धातुको आगमन आजको परिस्थितिमा विशेष महत्त्वको छ ! दुनियाँमा अशान्तिको बादल छाइरहेको छ । कलह, झगडा, युद्ध ठाउँ-ठाउँमा भइरहेका छन् र यस कुराको पनि दुश्चिन्ताले मानव-जातिलाई सताइरहेको छ कि अब कहीं शीघ्र नै विश्व-युद्ध त हुँदैन ? देशमा प्रेम छैन, जाति-जातिमा वैमनस्य छ, भाइ-भाइमा विद्वेष छ । जब संसारको यो अवस्था छ, त्यस बखतमा हाम्रो मुख्य कर्तव्य हुन्छ शान्तिपट्टि ध्यान दिनु, दुनियाँलाई शान्ति-पथमा लग्ने कोशिश गर्नु । आजको यो समारोहले हामीलाई स्मरण गराउँछ कि बुद्ध भगवान्को आदर्शलाई ध्यानमा राखेर उनले जुन शान्तिको पाठ पढाए, त्यसलाई फेरिदेखि सम्झौं । मलाई यो भन्दा सारै हर्ष हुन्छ कि हाम्रो सरकारको लक्ष्य पनि विश्वशान्तिपट्टि छ, र हाम्रो अन्तर्राष्ट्रिय नीतिको जग पनि विश्वशान्ति नै हो ।

अर्को कारण, जसले आजको समारोहलाई विशेष महत्त्व दिन्छ, त्यो हो--देशको बदलिएको शासन-व्यवस्थाबाट उत्पन्न भएको परि-स्थिति । एउटा ठूलो हलचलपछि हाम्रो मुलुकले प्रजातन्त्रवादपट्टि पहिला कदम उचालेको छ । पुरानो पद्धतिको स्थानमा नयाँ पद्धतिको निर्माण हुन लागेको छ । यस अवस्थामा अशान्ति हुनु स्वाभाविक नै छ र हाम्रो मुलुकमा पनि अशान्तिका लक्ष्य देखिए, तर हर्षको कुरो छ, यत्रो परिवर्तनमा पनि जनताको शान्तिको प्रवृत्तिले देशमा जति खलबली हुने थियो त्यो हुन दिएन । अब हाम्रो देश आफ्नो प्रजा-तान्त्रिक लक्ष्यपट्टि बढिरहेको छ । देशवासीहरूले सरकारलाई सहयोग दिई शान्ति स्थापित गरेर देशको उन्नति गर्नुपर्छ । मेरो र मेरो सरकारको

एकमात्र ध्येय जतिसक्यो त्यति चाँडो हाम्रो नेपाललाई सुखी तुल्याउनको निमित्त जनतालाई जिम्मावारीको महत्त्व सम्झाई प्रजातन्त्र-राज्यको लक्ष्यमा पुऱ्याउनु हो। तर सरकारलाई जहाँसम्म जनताको पूरा सहयोग प्राप्त हुँदैन, त्यहाँसम्म एकलै सरकारले मात्र के गर्न सक्तछ? अतएव मलाई ठूलो आशा छ कि जनताको पूर्ण सहयोग पाई हाम्रो नेपाललाई चाँडै नै विश्वको अरू देशको दाँजोमा ल्याउन सरकारले सक्नेछ। तर हामी सरकार-प्रजा दुवैले यो कुरालाई सम्झनुपर्दछ कि हाम्रो काममा धेरै बिघ्न-बाधाहरू उपस्थित हुन सक्छन्। किन्तु मेरो सरकारको बाटोमा जस्तै किसिमको बिघ्न-बाधा आए तापनि सरकार आफ्नो लक्ष्यबाट एक कदम पनि पछि हट्नेछैन र जस्तै बिघ्न-बाधाहरूलाई पनि हटाई चाँडै नै आफ्नो लक्ष्य पूर्ण गर्नेछ।

हामी नेपालीहरूको निमित्त श्री सारिपुत्त र महामौद्गल्यायनको धातुको आगमन गृह-प्रवेशजस्तो छ, किनभने भगवान् बुद्ध हाम्रै देशमा जन्मेर हाम्रो देशको नाउँ दुनियाँमा अमर बनाएर गए। उनै महात्माका दुई प्रमुख शिष्यको धातुको स्वागत हामी गरिरहेका छौं।

धातुको स्वागतमात्र गरेर हाम्रो कर्तव्य पूरा हुँदैन। यी महात्माहरूले जुन उपदेश हामीलाई दिएर गए, जुन कर्तव्यपट्टि हाम्रो ध्यान आकर्षित गरे, जुन लक्ष्यलाई हाम्रो सामुन्नेमा राखे, जुन बाटो हाम्रो निमित पहिल्याएर गए--ती सब कुराको अनुसरण हामीले गर्नुपर्छ। द्वेषलाई प्रेमले, झगडालाई मेलले, अन्धकारलाई प्रकाशले जितौं।

भगवान् बुद्धका प्रधान शिष्यहरूको दुर्लभ पवित्र धातु नेपाल ल्याई देशको शान्ति-कामना गर्न पाएकोमा आज मलाई हर्ष छ र मेरो तर्फबाट कुनै प्रजालाई दुःख-कष्ट नभई मेरो सरकारको तर्फबाट सारा नेपाली प्रजाहरूलाई समान रूपमा सुख र शान्ति पुगोस्, यही मेरो प्रार्थना हो। यही नै मेरो प्रण हो र यही नै मेरो शुभकामना हो।

२००८, कात्तिक २२

नेपाली कांग्रेसको एकमना मन्त्री-मण्डलबारे शाही घोषणा

आगे हाम्रा प्यारा प्रजा गैह्लके यथोचित,

उप्रान्त मन्त्री-मण्डलको पुनर्निर्माणका लागि दुवै पक्षका मन्त्रीहरू थोरबहुतले सल्लाह दिएकोले र प्रधान मन्त्री महाराज मोहनशमशेर जंगबहादुर राणा र अरू मन्त्रीहरूले राजीनामा पेश गरेकोले अहिलेको मन्त्री-मण्डल कायम नरहने भएकोले र, यी मन्त्री-मण्डलले काम गरुन्जेल निःसन्देह धेरै नै बेस काम गरेका छन् तापनि इच्छामुताबिक उन्नति भएन भन्ने हाम्रो विश्वास छ। हाम्रा प्रजाहरू पनि हामीले चिताएजस्तै खुशी र सन्तुष्ट हुन सकेका छैनन्। हाल हुन आएको परिस्थितिको धेरै कारणमध्ये विभक्त उत्तरदायित्व नै शायद एउटा मुख्य हेतु हो कि भन्ने स्पष्टै देखिएकोले,

र देशलाई पूर्ण प्रजातन्त्रात्मक ढङ्गमा ढाल्ने वैधानिक सभाले तर्जुमा गर्ने विधानअनुसार हाम्रा देशको शासन चलाउने हाम्रो घोषित उद्देश्य हो। विधिपूर्वकको निर्वाचनद्वारा हाम्रो प्रजाको राय निश्चित हुन आउनेछ। तर यस वर्तमान परिवर्तनमा लोकप्रिय र जनताको इच्छानुसार चल्ने सरकार खडा गर्ने इच्छा हामीबाट गरिबक्सेको छ। विभक्त उत्तरदायित्व तथा आपस्तको मतभेद हटाउने र हाम्रा देशको सकभर धेरै आवश्यक कुराको हित गर्ने सरकारको उत्तरदायित्वको भार पूर्ण तौरले माप्न सक्ने प्रधान मन्त्रीको नियुक्ति गरिबक्सने हाम्रो इच्छा छ र स्वभावतः यस्तो प्रधान मन्त्रीले धेरै जस्तो हाम्रो प्रजाको शुभेच्छा लिनसक्ने हुनुपर्छ। निर्वाचन नहुन्जेल र जनताको राय यसरी निश्चित नहुन्जेल यो आदर्श असल तरीकासँग पूरा गर्नें धेरैले रुचाएको सबभन्दा ठूलो संस्थाका नेता हुनुपर्छ भन्ने हामीलाई लाग्छ। हुनसम्म हाम्रा प्रधान मन्त्रीको सल्लाह मुताबिक अरू मन्त्रीहरू हामीबाट नियुक्त गरिबक्सनेछ। संस्थाहरू छाडेर महत्त्व भएका विभिन्न सांस्कृतिक र आर्थिक दलहरू तथा क्षेत्रहरूबाट हाम्रो देशमा भएको हुनाले प्रधान मन्त्रीले यो विचार राख्नुपर्दछ कि चित्त बुझ्ने किसिमको र ठीक प्रतिनिधि स्वरूपको हुनुपर्दछ।

तसर्थ विभिन्न तत्त्वहरूसँग सल्लाह गरी सहयोग दिन सक्नेहरूको सहयोग पाई नेपाली कांग्रेसका सभापति श्री मातृकाप्रसाद कोइरालालाई हाम्रा प्रधान मन्त्रीको पदको अभिभारा दिनलाई यस घोषणाद्वारा हामीबाट आमन्त्रण गरिबक्सेको छ। तपसीलका सदस्यहरूलाई पनि मन्त्री-मण्डलमा हामीबाट नियुक्ति गरिबक्सेको छ।

श्री मातृकाप्रसाद कोइराला, प्रधान मन्त्री; मे० ज० सुवर्णशमशेर, मन्त्री; सूर्यप्रसाद उपाध्याय, मन्त्री; ज० केशरशमशेर मन्त्री; भद्रकाली मिश्र, मन्त्री; गणेशमान सिंह, मन्त्री; महेन्द्रविक्रम शाह, मन्त्री; मे० ज० महावीरशमशेर, मन्त्री; नारदमुनि थुलुंग, मन्त्री; मे० ज० शारदाशमशेर, मन्त्री; भगवतीप्रसाद, मन्त्री; कप० नरबहादुर गुरुंग, राज्यमन्त्री (उपमन्त्री), धर्मरत्न यमी, उपमन्त्री।

हामीबाट पूरा इच्छा गरिबक्सिन्छ कि हाम्रा नयाँ प्रधान मन्त्रीले उदार राजनीतिज्ञताको विचारले यो कर्तव्य-पालन गर्नेछन् र मन्त्री-मण्डलमा जनताको निष्पक्षता, सद्भावना तथा श्रद्धा रहने किसिमसँग मन्त्री-मण्डलको कार्य-सम्पादन गराउन सक्लान् भन्ने हाम्रो पूरा आशा छ।

जनताको सुरक्षा तथा कानून-व्यवस्था कायम रहने गरी जनताका नागरिक हकहरू सकेसम्म चाँडो, स्पष्ट र निश्चय गर्ने हाम्रो प्रधानमन्त्रीको कर्तव्य हुनेछ। तपसीलका विषयमा सकभर चाँडो काम गर्न पनि हाम्रा मन्त्री-मण्डलको कर्तव्य हुनेछ।

(क) शासन-विभागको प्रभाव, बिलकुल नपर्ने गरी स्वतन्त्र न्याय विभाग खडा गर्ने।

(ख) पब्लिक सर्भिस कमिशनको राम्रो किसिमसँग कार्यसम्पादन गर्ने।

(ग) सकभर २००८ सालभित्र नै वैधानिक सभा खडा हुने किसिमसँग निर्वाचनको चाँडो बन्दोबस्त गर्ने।

यो कुरा थप्न हामीबाट इच्छा गरिबक्सिन्छ कि हाम्रो भूतपूर्व प्रधान मन्त्री महाराज मोहनशमशेर जंगबहादुर राणाले नयाँ परिस्थितिमा आफूलाई मिलाउन साँच्चै नै असाधारण तरीकाले मिली काम गरेको हो। निजले पहिल्यैदेखि पाइराखेको अधिकार तथा शक्ति र सो शक्तिको अन्त गर्ने आमूल परिवर्तनको विचार गर्दा बदलिरहेको परिस्थितिमा मिली काम गरेकोमा हामीबाट निजलाई बधाई बक्सेको छ। अहिले हाम्रा प्रधान मन्त्रीको हैसियतमा नरहे पनि नेपालको उन्नति हुने काममा निजले ध्यान दिइ नै रहनेछन् भन्ने आशा हामीबाट गरिबक्सिन्छौं।

र, हाम्रो नयाँ मन्त्री-मण्डलको सामने आइपरेको ठूलो कार्यभारमा पूर्ण सहायता तथा सहयोग दिनलाई हाम्रो प्रजावर्गलाई यस घोषणाद्वारा आमन्त्रण गर्छौं। सरकारी कर्मचारीहरूलाई विशेषरूपले होशियारीको केही आदेश गरिबक्सन्छौं। निजहरूले आफूलाई सरकारी कर्मचारी सम्झी नेकनियत तथा अनुकरणीय अदबको पालन गर्नुपर्छ। तिनीहरूले बेहिसाबको व्यवहार गर्न हुँदैन र हाम्रा प्रजाको सुबिस्ता र भलाइको लागि राम्रो र यत्नपूर्वक काम गर्न पछि नहटी साँच्चिकैको देश-सेवक हौं भन्ने कुरा आफ्नो कोमल स्वभावले जनाउनुपर्छ। प्रजातान्त्रिक देशहरूको प्रथामुताबिक यो कुरा स्पष्टै देखिन्छ कि राजनैतिक परिवर्तनको वास्ता नराखी आफ्नो बुद्धिले भेटेसम्म व्यक्तिगत तरीकाले वफादारी र श्रद्धापूर्वक काम गर्न सबै सरकारी कर्मचारीहरूको बाध्य कर्तव्य हो।

हाम्रो प्रबल आशा छ कि यी नयाँ परिवर्तनहरू स्वच्छ प्रजातन्त्र, प्रगति तथा संवृद्धितर्फको हाम्रो बाटोमा अर्को कदम हो।

श्री परमेश्वरले हामी र हाम्रा मातहतका अधिकारीवर्गलाई हाम्रा प्रजाको भलाइका निमित्त हाम्रो इच्छाहरू पालन गर्नलाई शक्ति प्रदान गरून्।

नारायणहिटी दरबार

२००८, मंसीर १ : नेपाल-रेडियोबाट।

रेडियो नेपालद्वारा राष्ट्रको नाममा सन्देश

मेरा प्यारा प्रजाहरू,

सयौं वर्षपछि देशको कल्याण होला भन्ने हेतुले आफ्नो शरीर र परिवार एवं सुख-दुःखको ख्याल नगरी पोहोरका यिनै दिन मैले बिदेशिनुपरेको थियो । त्यसमा मेरो व्यक्तिगत सुख, हुकुम र अधिकारभन्दा देशको र दुनियाँको सामूहिक हित नै होला भन्ने मेरो भरोसा भएको हुनाले मैले अगाडि कदम बढाएको थिएँ । संसार बदलिसकेको थियो । हाम्रो देशमा भने समाज र व्यवस्था कुँजिएर, खुम्चिएर बसेको थियो ।

प्रजातन्त्रको ढोका उघ्रेपछि देशमा सबै वर्गले विकासको अवसर पाई हाम्रो यो सानु मुलुक भए तापनि चाँडै नै उन्नति-पथमा लम्केला भन्ने मेरो विश्वास अझै छ ।

यो परिवर्तनबाट वास्तवमा हेरौं भने हाम्रो देशमा पनि एउटा उत्साह र उमंग आएको छ । समाजको जुन व्यवस्था थियो त्यसमा पनि धेरै हेरफेर भएको छ । मनुष्यको अधिकार र प्रतिष्ठाको जो ठूलो वैभव थियो त्यो प्रायः हराइसकेको छ । आज प्रत्येक नेपाली नागरिकको समान अधिकार भएको छ । आफ्ना विकास र उन्नतिका लागि अगाडि बढेर जाने सबैले बाटो पाएका छन् । प्रजातन्त्र उन्नति गर्ने एउटा साधन हो । त्यसको उपयोग र उपभोग राम्ररी गरेमा त्यसको नतीजा राम्रो छ । प्रजातन्त्र भनेर मनपरी गरेर हिंड्दा त्यो घातक हुन जान्छ । हतियार वा मानिसलाई राम्ररी चलाएमा त्यसबाट हामी धेरै काम छिटै र सजिलैसित निकाल्न सक्तछौं, त्यो अनाडीले चलाएमा ज्यानको जोखिम पनि पर्न जान्छ ।

आजका २-३ दिनअगाडि जुन नराम्रो घटना घट्यो त्यसबाट हामी सबैले नसिहत लिनुपर्दछ । प्रजातन्त्रलाई अराजकतामा बदलिन चाहनेहरू अवश्य नै देशका हितैषी हुन सक्तैनन् । प्रजातन्त्रमा सरकारको गठन-विघटन भइरहन्छ, तर त्यसको पनि प्रजातान्त्रिक प्रणाली

छ। वैधानिक र उचित प्रणालीलाई छाडी आफूखुशी गरी मनपरी जबरजस्ती गरी देशको शान्ति खलबल्याउनु यो प्रजातान्त्रिक तरीका होइन, यो त प्रजातन्त्रको भ्रूणहत्या हो। चित्त नबुझेका कुरा सरकारमा पेश गर्ने र त्यसका लागि वैधानिक रूपले जनतामा प्रचार गर्ने, जनमत तयार गर्ने मौलिक अधिकार दिइएको छ, त्यो कुण्ठित गरिएको छैन, अझ चाहिनेभन्दा बढ्ता नै खुकुलो छ। त्यसमा पनि जनताको सेवा र ठोस कामहरूद्वारा जनप्रिय हुन नसकी त्यो बाटोमा नलागी देश भाँडी अव्यवस्था सृष्टि गरी आफ्नो स्वार्थसिद्धि गर्न खोज्ने प्रयास देश बिगार्नेको मात्र हुन सक्तछ।

देशमा शान्ति र सुव्यवस्था कायम राखी, गठित भएको सरकारलाई केही अवधिसम्म काम गर्ने मौका दिई काम गर्न नसकेमा जनताले सो सरकारलाई बदल्ने माँग गर्न सक्तछ। प्रजातन्त्रमा एउटै दलको सरकार सधैं रहनै पर्छ भन्ने पनि छैन। जनताले जुन दल रोज्यो त्यसको सरकार गठित हुने गर्छ। त्यो वैधानिक परिपाटी सृष्टि हुँदैछ। जनमत-गणनाका लागि जनगणनाको व्यवस्था भई फारमहरू प्रेसमा छापिंदै छन् इत्यादि कुरा देख्दा-देख्दै पनि स्वार्थले वा द्वेषले अधीर भई राजनैतिक दल वा व्यक्तिहरू अवैधानिक र अप्रजातान्त्रिक बाटो समाती देशमा अराजकता ल्याउने प्रयास गर्दछन् भने त्यस्ता दलहरूबाट भोलि राज्यव्यवस्था चल्नेछ भन्ने के आशा राख्नु!

हर्षको कुरो हो, देशका धेरैजसो नागरिकले आफ्नो कर्तव्य र अधिकारलाई बुझेका छन्। त्यस हेतुले उनीहरू देशमा शान्ति र सुव्यवस्था चाहन्छन् जसबाट देश अगाडि बढ्न सकोस् एवं जनताले रीतपूर्वक रोजिएको सरकार चाँडै बन्न सकोस्। घोडाको अगाडि बग्गी राखिदिएमा बग्गी दगुर्दैन। बग्गी दगुराउन घोडा अगाडि जोत्नुपर्दछ भन्ने कुरा सबैलाई थाहा छ।

अन्तमा, अस्तिको गडबडी, विद्रोही र उपद्रवीहरूको साथ नदिई शान्ति कायम राख्न खोज्ने नागरिकलाई म सर्वप्रथम धन्यवाद दिन्छु। प्रधान मन्त्री र मन्त्रीवर्गलाई जसमाथि घातक प्रहारको

नियतै लिई विद्रोह भए तापनि आफ्नो कर्तव्य सम्झी विचलित नभएर शान्ति ल्याउने कोशिश गरी सफल भए एवं राष्ट्रसेनाका कम्यान्डर-इनचीफ लगायत सबै अफिसर र अरू फौजी जवानहरू जसले भोकभोकै भए तापनि आफ्ना-आफ्ना डिउटीमा अडी उपद्रवीहरूको शमन गरे ती सबैलाई प्रशंसा गर्दै धन्यवाद दिन्छु ।

२००८, माघ १२

सैनिक मार्चपास्टमा राष्ट्रिय सेनाप्रति सन्देश

राष्ट्रसेनाका अफिसर र अरू सैनिकहरू,

प्रजातन्त्रको एक वर्ष पुगेको उपलक्ष्यमा तिमीहरूले देखाएको मार्चपास्टबाट मलाई खुशी लागेको छ ।

केही दिनअघि तिमीहरूको वफादारीको कदर गरी तलबमा थप र ब्यारेकमा बस्ने इन्तजामसाथ सरकारका तर्फबाट खाने व्यवस्थासमेत भई तिमीहरूले पाउने तलब जम्मै जोगाई घर पठाउन पाउने भएको तिमीहरूले बुझेकै होला । वर्ष दिनअघि तिमिहरूले केकति पाउँथ्यौ, सो र अहिले कति पाउने भयौ, हेरी विचार गरेमा प्रजातन्त्रको फायदा बुझ्नेछौ । केही बराल्नेहरू नाना प्रकारको नचाहिंदो कुरा पनि गरी हिंड्दछन् भन्ने कुरा सुनेको छु । आजसम्म जुन प्रकार तिमीहरूले राष्ट्रलाई सुहाउँदो देश र मेराप्रति वफादारी राखी कर्तव्य पालना गरिआएका छौ त्यस्तै किसिमबाट चलिरहेमा तिमीहरूको अझ राम्रो बन्दोबस्त हुँदै जाला भन्ने मलाई विश्वास छ । तिमीहरूको आजको मिहिनेतलाई धन्यवाद छ ।

२००८, फागुन ७

प्रजातन्त्र-दिवसको उपलक्ष्यमा
राष्ट्रको नाममा सन्देश

देशका प्यारा प्रजाहरू,

नेपालमा प्रजातन्त्रको प्रारम्भ भएको आज वर्ष दिन भयो । यो प्रजातन्त्रको जग बसाल्न जुन वीरहरूले आफ्नो प्राण विसर्जन गरे

तिनीहरूप्रति हामी सबैले श्रद्धा राख्न बिर्सनु हुँदैन । वर्ष दिनको अवधिभित्रै हामीले खोजेका कुराहरू पुग्न सकेका छैनन् । कुनै पनि देशले सक्ने कुरा पनि होइन । पंचवर्षीय इत्यादि योजनाहरूबाट देशको निर्माण गर्दै लेजानु छ । आजै प्रधान मन्त्रीले हेटौंडा सडकको प्रारम्भको शिलान्यास गरे । भोलि नै मोटर किन दगुरेन भनेझैं प्रजातन्त्रको प्रारम्भ हुनासाथै सबै कुरा पुऱ्याउन कसरी सकिने हो र ?

मन्त्री-मण्डल-गठनकालमा मैले गरेको घोषणामा २-४ कुराको बन्दोबस्तको उल्लेख गरेको थिएँ, तीमध्ये स्वतन्त्र न्यायालय, पुलिस र फौजको समुचित प्रबन्ध, सल्लाहकार-समितिको गठन इत्यादि हुन् । वर्तमान मन्त्री-मण्डलले आगामी चैत्रभित्रै स्वतन्त्र न्यायालयलाई चाहिने विधान र न्यायाधीशहरूको नियुक्तिलाई मकहाँ जाहेर गर्ने भएका छन् । पुलिसको उचित प्रबन्धको लागि हालै एउटा विशेषज्ञ झिकाई पुर्ननिर्माणको प्रबन्ध भइरहेको छ । फौजका हकमा सदरमा ब्यारेकमा राख्ने प्रबन्ध भैसकेको छ । मोफलसमा पनि ब्यारेकहरू बनाउने प्रबन्ध हुँदैछ । सल्लाहकार-समितिका सदस्यहरूको संख्या बढाई त्यसलाई अझै विस्तृत रूपमा विभिन्न विचारधाराका व्यक्ति वा समूहको प्रतिनिधित्व गराउनालाई संसद्-मन्त्रालयबाट विभिन्न दलका व्यक्तिहरूसित लेखापढी चली त्यसको पनि निर्माण आगामी चैत्रभित्रै हुने निश्चय भएको छ । यस १ वर्षभित्रैमा हवाईजहाज उतार्ने-उडाउने कामचलाउ मैदान पोखरा, विराटनगर र नेपालगन्जमा बनिसकेका छन् । यिनमा हवाईजहाजहरू पटक-पटक ओर्लिसकेका छन् । चाँडै नै तापलेजुङ, बुटौल र सप्तरीमा पनि बनाउने अन्जामले हेर-जाँच भइरहेको छ, र निकट भविष्यमा नै निर्माण हुने भएको छ । अघि २-४ गाउँमा मात्र आकाशवाणीहरू भएकोमा पूर्व २-३ नम्बर-डोटी, दैलेख आदिमा र प्रत्येक जिल्लामा कमसे कम एक आकाशवाणी रहने गरी सो कामको सेटहरू झिकाइएकामध्ये केही आइ पनि सकेका छन् ।

नयाँ कामहरूमध्ये संस्कृत कलेजको स्थापना, रेडियो इत्यादि र विधानतर्फ नागरिक हकको ऐन, नागरिक बन्ने ऐन पास भइसकेका छन् ।

जमीनको बन्दोबस्त र जमीनमा सिंचाई प्रबन्धको विषय सबैलाई थाहा भएकै छ । सकेसम्म चाँडै नै निर्वाचन गराउने संकल्प मन्त्री-मण्डलले गरेको छ ।

एक वर्षभित्र चाहे जति कुरा हुन सकेन तापनि देश-सेवाको लागि निर्माणको कदम बढेको देख्दा मलाई खुशी लागेको छ । निर्माणको काम चलिरहेमा देशको अवस्था सुध्रन धेरै बेर लाग्दैन । अब काम गर्ने बेला छ । कुरोभन्दा काम मुलुकमा चाहिएको छ ।

यो बेलामा पाएको स्वतन्त्रताको सदुपयोग गरेर मेरो सरकारलाई सहयोग दिनु सबैको कर्तव्य हो । देशलाई सपार्ने यो युगमा नचाहिने तरहका कुरा सोच्ने सट्टामा प्रजातन्त्रमा चाहिने अनुशासन, सहयोग र कर्तव्यमा देशका सबै समस्या चाँडो सम्पादित हुनेछन् ।

आजको यो ऐतिहासिक दिनमा प्रत्येक नेपालीले हाम्रो पछिल्लो इतिहास, बितेको वर्ष र आफूले गरेको कर्तव्यको ख्याल राख्दै अगाडि गर्नुपर्ने कर्तव्यप्रति सचेत भई संकल्प गर्नु छ । देशको भविष्य अति उज्ज्वल पार्ने भारा हामी सबैको हो । आपस्तमा विश्वास, परस्परमा एकता, कर्तव्यमा अनुशासनपूर्वकको ध्यान रहेमा राष्ट्रलाई माथि उठाउन धेरै बेर लाग्दैन ।

आज धेरै देश-देशान्तरबाट शुभकामना आएका छन् । नेपालमा १ वर्ष उमेर भएको प्रजातन्त्रको प्रगति चिताउनेहरूले उत्साहका सन्देश दिएका छन् । त्यस्ता सबै जनालाई मेरो हार्दिक धन्यवाद छ ।
२००८, फागुन ७

'०९ सालको नववर्षको अवसरमा
शाही सन्देश

आगे हाम्रा प्यारा प्रजा गैह्रके यथोचित,

नयाँ साल शुरू हुने आजको दिनमा हाम्रा प्यारा प्रजाहरू सबैको सुख तथा उन्नतिको निमित्त म कामना गर्दछु ।

आजको यो दिन हामी सबैको निमित्त महत्त्वपूर्ण छ । ठन्डा दिमागले आजको यो दिनमा हामी सबैले गएको सालभरमा के-कति गर्न सक्यौं, के कति अपूरो नै रह्यो ती सबैको हिसाब लगाउन सक्छौं र यसको आधारमा भएको खास कुरा गर्न नसकेका र पूरा हुन नपाएका कुराहरूलाई यो नयाँ सालभरमा सबै मिली भरसक पूरा गरी छोडौंला भन्ने संकल्प गरौं ।

हामीहरू सबै यस मुलुकको इतिहासको महत्त्वपूर्ण बेलामा पुगिरहेका छौं । करीब एक वर्षअघिको कुरा हो, हामी सबैले एकतन्त्री हुकुमी शासनलाई खतम गरी देशमा प्रजातान्त्रिक पद्धतिको स्थापना गर्‍यौं । गएको एक वर्षभित्र यस नयाँ कदममा केही न केही उन्नति जरूर भएको छ । कुनै विशेष परिवारको हातमा देशको शासनभार नसुम्पी अबउप्रान्त हामीले जनताको प्रतिनिधित्व गर्ने प्रधान मन्त्री नियुक्त गर्न सक्छौं । सबैभन्दा ठूलो कुरा त यो हो कि देशमा यत्रो ठूलो परिवर्तन जो आयो त्यो बिलकुलै शान्तिपूर्ण तरीकाबाट भयो । यो हामी सबैको निमित्त गर्वको कुरा हो ।

भर्खर मैले भनेझैं हामी सबैले तामेल गरिसकेका कुरामा मात्र दिल नबुझाई अगाडिको गर्न बाँकीको चिन्ता गरौं । प्रजातन्त्रको ठीक उद्देश्य ता जतिसक्यो उति बढी मात्रामा धेरै संख्याको कल्याण गर्नुमा नै छ र यही ध्येयलाई सबैका सामुन्ने राखी हामीले अगाडि बढ्नु छ । यसको निमित्त सबभन्दा पहिले गर्नुपर्ने काम हो, हदसे हद राम्रो तरीकाबाट चुनावद्वारा दुनियाँको इच्छा बुझ्नु ।

यसको निमित्त सबैभन्दा असल उपाय त स्वतन्त्र चुनाव नै हो । हाम्रो मुलुकको भौगोलिक परिस्थिति र अरू जे-जति कठिनाइहरू छन् सो सबैलाई थाहा भएकै कुरा हो । यी सबै बाधाहरूले गर्दा चुनावसम्बन्धी नामावली तयार गर्न ढिलाइ भइरहेको छ र सबैलाई थाहा भएको कुरा हो सो नामावलीबिना चुनाव हुन सक्तैन । मेरो सरकारको सर्वप्रथम कर्तव्य जतिसक्यो उति छिटो र चाँडो चुनाव गराउनु नै हुनेछ । चुनाव नहोउन्जेल सल्लाहकार-समितिको बैठक नियमित रूपले गराउने प्रबन्ध हुँदै छ । २००८ साल आश्विन १७

गतेको मेरो घोषणाद्वारा सल्लाह्कार-सभाका केही सदस्यहरू मनोनीत भएकोमा, सो समितिलाई सकभर विभिन्न विचारधाराको प्रतिनिधि-सभा गराउन आजको आर्को घोषणाद्वारा मैले केही सदस्यहरू थपेको छु। सोसमितिको कारवाही चाँडै नै शुरू हुने भएको छ। मैले मनोनीत गरेका यस समितिका विभिन्न क्षेत्र र विचारधाराका प्रतिनिधिहरूले हाम्रा प्यारा प्रजाहरूको सुख र उन्नतिको निमित्त मेरो सरकारलाई विभिन्न विषयमा सल्लाह् दिनेछन् भन्ने मेरो दृढ विश्वास छ।

प्रजातान्त्रिक पद्धतिको आर्को एउटा चिन्ह प्रत्येक जनताले नागरिक हक उपयोग गर्न चाहना गर्नु हो। योभन्दा पहिले गरिएको घोषणाद्वारा मैले यी हक तथा अधिकारको स्पष्ट परिभाषा गर्न र सबैले यसको दुरुपयोग नगरी ठीक किसिमसँग उपभोग गर्नु-गराउनु भनी मेरो सरकारलाई हुकुम दिएको छु। यस दिशातिर कारवाही हुँदै छ र अन्तरिम शासन-विधानमा उपयुक्त संशोधन समावेश गर्ने काम हुँदै छ। यहाँ म सबैलाई एक कुरामा होशियार गराउन चाहन्छु। यी हक तथा अधिकार उपभोग गर्दा यी हक र अधिकार उपभोग गर्ने अरूहरूको पनि पूरा हक छ भन्ने कुरा राम्ररी बुझ्नुपर्छ। यस कारण यी हकहरू उपभोग गर्दा अरूहरूले पाएका यी हकहरूमा आघात हुन नपावस् भन्ने कुराको ख्याल राख्नुपर्दछ। यसबाहेक देशको शान्ति सुव्यवस्था र मुलुकको सुरक्षाको ख्याल त सर्वोपरि नै हुनुपर्दछ।

हामीलाई चाहिएको अर्को अत्यावश्यक कुरा स्वतन्त्र न्याय-पद्धतिको स्थापना हो। यसतर्फ पनि काम-कारवाही हुँदैछ। एउटा नयाँ प्रधान न्यायालय ऐन हालसालै पास भएको छ र चाँडै नै लागू हुनेछ। हाल मौजूदा सबै ऐनहरू तथा अदालतहरूको जाँचबूझ गर्न र ऐनहरूको संकलन गर्न र न्याय-पद्धतिको पुनर्गठनको निमित्त आवश्यक राय दिनलाई एउटा ऐन-कानूनसम्बन्धित 'कमिशन' नियुक्त गर्ने प्रयत्न हुँदै छ। यस कुरामा बिलकुल ढीला नगरी काम गर्नु मेरो सरकारको कर्तव्य हुनेछ।

२००९, वैशाख १

सल्लाहकार-समितिको पुनर्गठनबारेको शाही घोषणा

अागे प्यारा प्रजाहरू गैह्रके यथोचित,

उप्रान्त २००८ साल अाश्विन १७ गतेको हाम्रा घोषणाद्वारा ३५ जना गैर-सरकारी सदस्यहरू र मन्त्रीहरूको एउटा सल्लाहकार समितिको घोषणा भएको उक्त समितिको सदस्यहरूमध्ये कुनै मन्त्रीको पदमा र कुनै सरकारी पदमा नियुक्त भइसकेको र कुनै विशेष अरू कारणवश तपसीलका सदस्यहरू उक्त समितिका गैरसरकारी सदस्य नरहेबाट (१) प्रो० रत्नबहादुर बिष्ट (२) श्री शिवराज पन्त (३) मे० ज० महावीरशमशेर (४) श्री महेन्द्रविक्रम शाह (५) श्री खड्गमान सिंह (६) श्री सूर्यप्रसाद (७) श्री बद्रीविक्रम (८) श्री नारदमुनि थुलुंग (९) श्री मातृकाप्रसाद कोइराला । सो सल्लाहकार-समितिका पैंतीसै जना गैरसरकारी सदस्यहरू मुलुकको विभिन्न क्षेत्रबाट छानिएका हुन् तापनि हाम्रो विचारमा सो समितिमा स्थान पाउनुपर्ने अरू विशेष महत्त्वपूर्ण तत्त्वहरू पनि छन् । प्रतिनिधित्व गर्ने कुरामा जनताको यथार्थ अावाज र अभिरुचि नियमित रूपले गरिएको चुनावबाट मात्रै राम्ररी थाहा पाउने कुरा हो । तर हाम्रो मुलुकमा यस किसिमको चुनाव हालसालैमा असम्भव देखिएकोले अहिलेको परिस्थितिमा सो सल्लाहकार-समितिलाई व्यावहारिक रूपबाट जतिसक्यो उति प्रतिनिधित्व गर्ने बनाउनालाई र जनतामा यस समितिको काम-कारवाहीमा पूरा भरोसा र विश्वास होस् भन्ने हेतुले अाजको यो घोषणाद्वारा तपसीलका सज्जन तथा महिलाहरूलाई पनि हामीबाट सो सल्लाहकार-समितिको गैरसरकारी सदस्य मनोनित गरिबक्सिन्छ ।

(१) श्री भानुभक्त (२) श्री दिलीप सिंह (३) श्री धर्मबहादुर थापा (४) श्री खड्गबहादुर मल्ल (५) श्री होराप्रसाद जोशी (६) श्री अयोध्याप्रसाद थारू (७) श्री हृदयराज शर्मा (८) सुब्बा पशुपति कोइराला (९) श्री विश्वेश्वरप्रसाद कोइराला (१०) श्रीमती मायाकुमारी शाह (११) श्रीमती पुण्यप्रभादेवी (१२) डाक्टर ताहिर

(१३) श्री लक्ष्मीप्रसाद देवकोटा (१४) श्री शिवप्रसाद रौनियार (१५) श्री टङ्कप्रसाद (१६) श्री तुलसीमेहर (१७) श्री नृपजङ्ग राणा (१८) श्री कुलानन्द झा (१९) श्री हृषिकेश शाह (२०) श्री दयाशंकर मुन्सी (२१) श्रीमती प्रभावतीदेवी।

अन्त्यमा उक्त सल्लाहकार-समितिका सदस्यहरूलाई जो चाहिने सहायता र सहयोग हाम्रा प्यारा प्रजाहरूले दिनेछन् भन्ने हाम्रो कामना छ।

२००९, वैशाख १

पहिलो सल्लाहकार-सभाको उद्घाटनमा शाही सम्बोधन

सल्लाहकार सभाका माननीय अध्यक्ष तथा सदस्यहरू,

१. आज यो सल्लाहकार सभाको सर्वप्रथम अधिवेशनमा तपाईंहरूलाई स्वागत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ। देशको इतिहासमा आजको दिन ठूलो महत्त्वको छ। दुनियाँको राय-अनुसार देशको सरकार चलोस्, मुलुकको शासन-व्यवस्था दुनियाँको रुचि र इच्छाको अनुकूल होस् भन्ने धेरै वर्षअघिदेखिको मेरो इच्छा थियो। सबैका सहयोगले त्यो पुरानो सपना बिस्तार-बिस्तार पूरा हुँदै आएको देख्न पाउँदा मलाई सन्तोष लागेको छ। सबैको परिश्रम, सद्भावना र सहयोगको बल पाई हाम्रो सरकारलाई पूर्ण रूपले प्रजातान्त्रिक सिद्धान्तको बलियो जगमा संसदीय पद्धतिको सिंढीमा सर्वहिताय अगाडि बढाउँदै लाने मेरो दृढ इच्छा छ। देश र दुनियाँको कल्याणको निमित्त यो लक्ष्य, ध्येयलाई सफल बनाउन सबैको निःस्वार्थ सेवा र सहयोगको ठूलो आवश्यकता छ।

२. २००७ सालमा देशको इतिहासमा एक ठूलो परिवर्तन आयो, देश र दुनियाँले एक नयाँ कदम उठायो। सम्पूर्ण सरकारी व्यवस्थामा फेर-बदल शुरू भयो। देशमा आजको यो नयाँ परिवर्तन-लाई सुदृढ पार्ने यो सल्लाहकार-सभाको उद्घाटनले आज अर्को कदमको श्रीगणेश भएको छ। दुनियाँहरूद्वारा छानिएका प्रतिनिधिहरूको

संविधान-सभा खडा नभएसम्म यस अन्तरिम समयमा पनि बढीस बढी मात्रामा दुनियाँहरूलाई सरीक गराउने तथा संसदीय प्रणालीमा अनुभवी गराउने अभिप्रायले यो सभाको निर्माण भएको हो । देशको निमित्त यस किसिमको व्यवस्था नौलो भएकोले भर्खरमात्र आएको प्रजातन्त्रलाई जोगाउन, हुर्काउन र सुदृढ तथा सबल बनाउन यो सभाका सदस्यहरूको ठूलो हात तथा जिम्मेदारी रहनेछ । सदस्यहरूले निःस्वार्थ देशसेवाको भावनालाई सदैव अगाडि राखी परस्परको ईर्ष्या-द्वेष, वैमनस्यलाई पर सारी मैत्री भावनालाई अपनाई खालि देश र दुनियाँको बृहत्तर उन्नति र भलाइको लागि मात्र ध्यान दिई आफ्नो कर्तव्यपालन गर्नेछन् भन्ने मेरो ठूलो आशा छ । देशमा शुद्ध प्रजातान्त्रिक संसदीय प्रणालीको जग बसाल्न र बढाउन तपाईंहरू लाग्नुहुनेछ भन्ने मेरो अर्को आशा छ । सत्य र स्वार्थरहित आलोचनाद्वारा देशको उन्नति र भलाइको काममा मेरो सरकारलाई सहयोग र सहायता गर्नु यो सभाको मुख्य काम हुनेछ ।

३. दुई ठूला राष्ट्रहरूका मतभेद र खिचातानीले गर्दा विश्वको परिस्थिति झन्-झन् खराब हुँदै गैरहेको छ । संसारको यस्तो शोचनीय अवस्थामा दलबन्दीतिर कतै नलागी देशको सार्वभौम प्रभुसत्तालाई यथास्थित कायम राखी मुलुकको बृहत्तर उन्नति र विकासको निमित्त हाम्रो सरकार सदा प्रयत्नशील रहनेछ । संसारका सबै राष्ट्रहरूसँग हाम्रो राम्रो सम्बन्ध छ । सबै देशसँग मेरो सरकारले शान्ति र मैत्रीको व्यवहार अपनाउनेछ । अन्तर्राष्ट्रिय वैमनस्यको कारण गुटबन्दीमा संलग्न भएको आजको परिस्थितिमा सम्पूर्ण मानव-जातिमा भ्रातृभाव जाग्रत गर्ने र अन्तर्राष्ट्रिय शान्ति कायम गर्ने महान् उद्देश्यलाई सफल बनाउन हाम्रो यो सानो मुलुकले गरेर हुन सक्ने सबै कुरा गर्नमा हामी कटिबद्ध छौं । अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको काममा हाम्रो मुलुकले पनि यथोचित भाग लिन सकोस् भन्ने अभिप्रायले संयुक्त राष्ट्र-संघको सदस्यताको निम्ति आवेदन गरेकोमा अन्तर्राष्ट्रिय वैमनस्यले गर्दा बाधा भैरहेको सबैलाई थाहा नै छ, तर योसँग अन्तर्गत अन्तर्राष्ट्रिय खाद्य तथा कृषि-संस्थाको सदस्यता प्राप्त भैसकेको छ। कोलम्बो-योजनामा पनि हामी सम्मिलित भएका छौं ।

४. विश्वव्यापी दोस्रो महायुद्धपछि एशिया तथा अफ्रिका महादेशहरूमा जुन जातीय स्वतन्त्रताको आन्दोलनको बाढी आयो र धेरै कालदेखि थिचिएर बसेका जातिहरूले प्राप्त गरेको स्वतन्त्रतामा हामीले खुशी मानेका छौं ।

५. हाम्रो छिमेकी राष्ट्र भारतसँग प्राचीन कालदेखिको हाम्रो ज्यादै घनिष्ठ सम्बन्ध छ । सांस्कृतिक, भौगोलिक, राजनैतिक अनेक दृष्टिकोणबाट जोडिएको हाम्रो दुई मुलुकको बीचमा पूर्णतया सौहार्द्र मैत्रीपूर्ण छ । चाहिएको बेलामा हर किसिमको सहयोग र सहायता भैआए, परस्परमा आदान-प्रदान भैआएको छ र भैरहनेछ । सहयोग र सहायतामा दुवै देशले आपस्तमा कुनै कसर बाँकी राखेको छैन । देशको पुनर्गठन, विकास तथा सुरक्षाको निमित्त हामीले अनुरोध गरेको समयमा पर्याप्त सहयोग मित्र राष्ट्र भारतबाट पाइआएका छौं । हालै भारतको उत्तरप्रदेश तथा पश्चिमी बङ्गाल राज्यहरूलाई खाद्यान्नबारे सकेको सहयोग र सहायता गर्न मेरो सरकारले निश्चय गरिसकेको छ, एवं बखत-बखतका संकटकालमा पनि हामीले आफ्नो सक्दो सहायता गरेका छौं ।

६. बेलायतसँग हाम्रो धेरै अघिदेखिको ऐतिहासिक मैत्री सम्बन्ध २००७ सालमा भएको सन्धिले अझ मजबूत पारेको छ । हामीले मुलुकमा चलाउन खोजेको प्रजातान्त्रिक संसदीय प्रबन्ध तथा प्रणालीको निम्ति बेलायतको संस्था र अनुभव अनेक प्रकारबाट लाभदायक हुनेछ । संयुक्त राष्ट्र अमेरिका तथा फ्रान्ससँग पनि हाम्रो सम्बन्ध मैत्रीपूर्ण छ । यी सबै देशहरूको उन्नत टेक्निकल अनुभव र सहायताबाट हाम्रो मुलुकको उन्नति र विकासको निमित्त ज्यादै लाभदायक सिद्ध हुनेछ । स्वीट्जरल्यान्डबाट पनि हामीलाई ठूलो सहायता प्राप्त भएको छ । हाम्रा विद्यार्थीहरूको तालिमको निमित्त यी मुलुकहरूमा हाल भैरहेको भन्दा चाँडै नै बढ्ता सुविधा प्राप्त हुने आशा गरिएको छ ।

७. उत्तरी सिमानामा छिमेकी भोटसँग हाम्रो पुरानो सम्बन्ध पूर्ववत् कायमै छ । चीनको केन्द्रीय जनसरकारप्रति हाम्रो शुभकामना छ । चीनी अधिकारीहरूसँग हाम्रो सम्बन्धित कर्मचारीहरूको सम्बन्ध

राम्रो र भोटसँग हाम्रो मैत्री सम्बन्ध छ। दुई देशको बीचमा मित्रताको सन्देश र सद्व्यवहार छ। भोटको नयाँ राजनैतिक परिस्थितिबाट समेत हाम्रो पुरानो सम्बन्धमा परिवर्तन भएको छैन।

८. विकास र शिक्षामा हाम्रो मुलुक धेरै पछाडि परेको छ। यातायात तथा संचारका साधनहरूको कमीले गर्दा राष्ट्रिय धन, वन-जंगल, खानि र जल-शक्तिको राम्रो उपयोग हुन सकेको छैन। मुलुकको शासन-व्यवस्था राम्रो र आधुनिक तरीकाबाट होस् भनी केन्द्रीय सचिवालयको सृजना गरिएको छ। देशको विकासको जुनसुकै योजनाको निमित्त तथ्यांकको जरूरत पर्दछ। यसैले सो सबै विषयमा सो आधारभूत तथ्यांकको संकलनमा मेरो सरकारले जोड दिएको छ' वन-जङ्गलको राम्रो हिफाजतको निमित्त मेरो सरकारले उचित विचार गर्दै छ। खनिज पदार्थले सम्पन्न हाम्रो देशमा खानिको कामबाट विशेष लाभ हुने कुरा सबैलाई थाहा भएकै कुरा हो। स्वीट्जरल्यान्ड तथा अमेरिकाबाट हाम्रो सहायताको निमित्त आएका विशेषज्ञहरूद्वारा मुलुकको भूगर्भचित्र तयार गर्ने काम र कुन किसिमको खानि कहाँ, के-कति छ भनी जिओलाजिकल सर्भेको काम चलिरहेको छ। यस वर्षभित्र पश्चिम १ नं०-देखि मुस्ताङसम्मको जाँच-पडताल पूरा हुने भएको छ। देशको उन्नति र विकासको निमित्त ठाउँ-ठाउँमा बिजुलीको उत्पादन गर्ने विभिन्न योजनाहरूमाथि विचार हुँदैछ। यी योजनाहरू कार्यान्वित भएपछि अरू कृषि तथा उद्योग-धन्धाको सामूहिक विकासमा धेरै मदत मिल्नेछ।

९. यातायात र संचारको साधनहरू बढाउँदै जाने काममा मेरो सरकार लागेको छ। यसै वर्षको वर्षाकाल समाप्त हुनासाथ भीमफेदीदेखि राजधानीसम्मको बाटो बनाउने काम शुरू हुनेछ। दुई वर्षभित्र तयार हुने अनुमान लगाइएको छ। जिल्ला-जिल्लामा पनि मुख्य-मुख्य सडक बनाउने काम शुरू भैसकेको छ। मधेस र पहाडको यातायातको सुविधाको लागि ठाउँ-ठाउँमा कुन किसिमको बाटो बनाए बेस होला भन्ने कुराको निरूपण हुन लागेको छ। डाक र टेलिफोनका सुविधाहरू क्रमशः देशभर बढाउँदै लाने मेरो सरकारको विचार छ।

धेरैंजसो जिल्लाहरुमा आकाशवाणीको स्थापना भइसकेको छ, बाँकी जिल्लाहरूमा पनि चाँडै नै आकाशवाणी-केन्द्र खोल्ने भएको छ। ठाउँ-ठाउँमा हवाईअड्डाहरू बनाउने काम चालू नै छ। यातायात र संचारको साधनहरूको विकासबाट देश-उन्नति, व्यापार-शिक्षा आदि सबै कुरामा ठूलो सुविधा हुनेछ।

१०. कृषि-प्रधान देशमा कृषिको सुधारको ठूलो आवश्यकता छ। पर्ती जग्गालाई खेती योग्य बनाउने, हरेक जिल्लामा नहर-सिंचाईको चाँडो प्रबन्ध गर्ने र ठाउँ-ठाउँमा उन्नत बीज तथा वैज्ञानिक तरीकाबाट हुने फाइदा देखाउने प्रदर्शन तथा प्रयोगशालाहरू खोल्ने विचार मेरो सरकारको छ। खाद्यान्नबारे आवश्यक तथ्यांकको संकलन शीघ्रतापूर्वक हुँदै छ। भूमि-व्यवस्थाका सुधारको आवश्यकता मेरो सरकारले अनुभव गरिरहेको छ। किसान दाजु-भाइहरूको स्थितिमा सुधार ल्याउने प्रयत्न पनि भैरहेको छ। यी सबै कुराको राम्रो छानबीन र चाँडो विकासको निमित्त हालै मेरो सरकारले यौटा राष्ट्रिय खाद्य-कृषि संस्था खडा गरेको छ।

११. देशमा घरेलु इलमको व्यापक प्रचार बिस्तार-बिस्तारै औद्योगीकरण गर्दै लैजाने, कम्पनी कानूनमा आवश्यक सुधार तथा मुलुकको बन्द-व्यापारको निमित्त कोशिश भैरहेको छ। श्रमिकहरूको फाइदाको निमित्त श्रम-कमिशनको रिपोर्ट प्राप्त हुनासाथ यौटा फैक्टरी कानून सभामा पेश गरिनेछ।

१२. मुलुकभरि ठाउँ-ठाउँमा पंचायतहरू खोल्ने काम जारी नै छ। चाँडै नै जम्मा १५०० पंचायतहरू खडा हुने भएको छ। पंचायतहरूलाई बढ्ता कानूनी अधिकार दिनालाई मौजुदा पंचायत-कानूनमा आवश्यक संशोधनबारे मेरो सरकार विचार गर्दै छ। ठाउँ-ठाउँमा खाने पानीको कलधाराको निमित्त बन्दोबस्त हुने भएको छ। जनताको स्वास्थ्य-सेवाको निमित्त ठाउँ-ठाउँमा अस्पताल, टूरिंग अस्पताल खोल्ने योजनाहरूमा मेरो सरकारले विचार गरिरहेको छ। आयुर्वेदिक औषधिहरू तयार पार्ने र वितरण गर्ने समुचित व्यवस्था पनि हुँदै छ। होमियोप्याथिक-चिकित्सा प्रणालीलाई प्रोत्साहन दिने

मेरो सरकारले निश्चय गरेको छ। विश्व-स्वाथ्य-संस्थाको सदस्य निमित्त पनि कोशिश हुँदै छ।

१३. मुलुकको सुरक्षाको निमित्त मेरो सरकारले जंगीतर्फ सब कुराको बन्दोबस्त मिलाउन लागिरहेको छ, सैनिकहरूको शिक्षा तथा आधुनिक तालिम दिनलाई विस्तृत योजना तयार भैसकेको छ। मेरो सरकारले हाम्रा सैनिकहरूलाई तालिम दिन तथा सेनाका पुनर्गठनको निमित्त सल्लाह लिनलाई भारतबाट यौटा सैनिक दल झिकाएको छ, सो दल यहाँ आई मेरो सरकारको राय निर्देशवमोजिम काम गर्दै छ। उच्चतम सैनिक तालिमको निमित योग्य सैनिकहरूलाई विदेशको तालिम-केन्द्रहरूमा पनि पठाएको छ। देशको शान्ति-व्यवस्थामा मद्दतको निमित पुलिसको पनि राम्रो संगठन-तालिमको विचार भएको छ।

१४. शिक्षा-प्रचारको कामलाई मेरो सरकारले महत्त्वपूर्ण स्थान दिएको छ। उच्च कोटिको शिक्षा हासिल गर्नालाई विदेशका ठाउँ-ठाउँका शिक्षाकेन्द्रहरूमा हाम्रा विद्यार्थीहरूलाई पठाइएको छ। विशेष गरेर हाम्रा विद्यार्थीहरूलाई विज्ञान र टेक्निकल लाइनमा प्रवीण तुल्याउन परेको छ। मुलुकको आर्थिक विकासको निमित किसिम-किसिमका रचनात्मक योजनाहरू कार्यान्वित गर्न भारत सरकारबाट पन्ध्र करोड रुपियाँ सापट लिने कुरा निश्चय भैसकेको छ। सबै कुरामा एकदम मेरो सरकारले ध्यान दिनुपरेको छ। कुनै कुरा पनि इच्छा गर्नासाथ तुरुन्त पूरा हुँदैन। ईमानदारीसाथ संलग्न भै सबैले सहयोग दिएमा देशोन्नतिको काम सफल हुँदै जानेछ।

१५. देशभरि दोषरहित स्वतन्त्र चुनाव गराई संविधान-सभाको निर्वाचन गराउने मेरो सरकारको सर्वप्रथम कर्तव्य हो। जनगणनाको काम धमाधम चलिरहेको छ। पोहोर साल गठन भएको निर्वाचन-कमिशनद्वारा मतदाताहरूको नामावली तयार हुँदै छ, सो नामावली तयार हुनासाथ अविलम्ब चुनावको घोषणा हुनेछ।

१६. सभाको यो अधिवेशनमा मेरो सरकारले तयार गरेको

मुलुकको आय-व्ययको विवरण सभाको विचारार्थ प्रस्तुत गरिनेछ। अब उप्रान्त मेरो स्वीकृतिको निमित्त आउने सब कानूनका मस्यौदाहरू पनि सभामा पहिले पेश गर्नुपर्नेछ। देशहितको ख्याल राखी सबै सदस्यहरूले नियममा रही आफ्नो-आफ्नो कर्तव्य पालनमा संलग्न र दतचित्त हुनेछन् भन्ने मेरो आशा एवं विश्वास फेरि एक पल्ट दोहऱ्याउँछु।

१७. अन्त्यमा प्यारा देशवासीहरूको कल्याणको निमित्त यो सभाको कार्य-कर्म सफल होस् भनी परमेश्वरलाई सविनय प्रार्थना गर्दछु। जय नेपाल !

२००६, असार २१

परामर्शदात्री सरकार गठन-विषयको शाही घोषणा

आगे हाम्रा प्यारा प्रजाहरू गैह्रके यथोचित,

मन्त्री-मण्डलका केही सदस्यहरू तथा श्री मातृकाप्रसाद कोइरालाले राजीनामा पेश गरेबाट हाल मौजुदा मन्त्री-मण्डल कायम नरहेकोले र अहिलेको परिस्थितिमा मेलजुल कायम राखी हाम्रा प्यारा प्रजाहरूको हितको लागि राम्ररी काम गर्न सक्ने मन्त्री-मण्डलको निर्माणको सम्भावना नदेखिएकोले र मुलुकको यो गम्भीर एवं नाजुक परिस्थितिमा शासन-व्यवस्थामा कुनै किसिमको ढिलाइ वा खुकुलोपना हुन नपावस् भन्ने अभिप्रायले र तुरुन्तै व्यवस्था मिलाउन पर्ने देखिएकोले देशका विभिन्न वर्गका जनताको हितको ख्याल गरी हाम्रो प्यारो देशको शासनको काम केही परामर्शदाताहरूका मदतले चलाउने हामीबाट निर्णय भएकोले देहायका सज्जनहरूलाई हाम्रो परामर्शदाता नियुक्त गरिबक्सेका छौं।

(१) श्री ज० केशरशमशेर
(२) श्री मे० ज० महावीरशमशेर
(३) श्री खड्गमान सिंह

(४) श्री ले० ज० सुरेन्द्रबहादुर बस्न्यात

(५) श्री काजी माणिकलाल

परामर्शदाताहरू हाम्रा इच्छाअनुसार आफ्नो पदमा कायम रहनेछन् तथा हाम्राप्रति उत्तरदायी हुनेछन् । मेलमिलाप कायम राखी एक प्रकारले स्थायी रहन सक्ने एवं कार्यशील तथा प्रभावशाली रहन सक्ने र साथै जनताको विश्वास र सद्भावना हासिल गरी उनीहरूको आवश्यकतालाई पूर्ति गर्न सक्ने मन्त्री-मण्डलको सहयोग र सहायता प्राप्त नहुन्जेल यो अहिले गरिएको प्रबन्ध कायम रहनेछ ।

हाम्रा विश्वासी प्रधान मन्त्री श्री मातृकाप्रसाद कोइरालाको नेतृत्वमा भूतपूर्व मन्त्री-मण्डलले जनताको सेवा गर्न सकभर प्रयत्न गरेको हो । प्रत्येक मन्त्रीले हासिल गर्न सकेको असल कामको निमित्त हाम्रो प्रशंसा छ । हाम्रो भूतपूर्व प्रधान मन्त्री र अरू सबै मन्त्रीहरूलाई तिनीहरूले देखाएको भक्तिपूर्ण सेवाको निमित्त धन्यवाद छ ।

अब तिनीहरूले मन्त्रीको पदमा नरहे तापनि देशको भलाइ र बेहतर उन्नतिको निमित्त तिनीहरूले आफ्नो-आफ्नो क्षेत्रमा सरकारलाई सकेको मदत गर्नेछन् भन्ने हाम्रो आशा छ। प्यारा प्रजाहरू सबैले सरकारको उत्तरदायी र महत्त्वपूर्ण काममा पूरा सहयोग दिऊन् । देशमा शान्ति र व्यवस्था कायम राख्ने काममा सबैको पूरा सहयोग आवश्यक छ। साथै हामीबाट सरकारी कर्मचारीहरू सबैलाई आफ्नो-आफ्नो काम ईमानदारी र भक्तिपूर्वक गरिरहून् भन्ने इच्छा गरिबक्सिन्छ । प्रजातान्त्रिक पद्धतिमा सरकारी कर्मचारीहरूले राजनैतिक संस्था र दलबन्दीबाट सर्वतया पृथक् रहनुपर्दछ र साथै व्यक्तिगत लोभ र लालचको विचारलाई पूर्णतया हटाई निष्पक्षता र राजभक्तिको परम्परा स्थापन गर्नुपर्दछ। अबउप्रान्त सचिवालयमा बढ्ता उत्तरदायित्व आइपर्ने हुनाले त्यहाँ काम गर्ने सबै किसिमका कर्मचारीहरूमा उच्चतम प्रवीणता र दक्षताको आवश्यकता हुनेछ र कर्मचारीहरूमा यो गुणहरूको अभाव हुनु हुँदैन । देश र जनताको

कल्याणको निमित्त हाम्रा राजभक्त फौज र राजभक्त पुलिसले पनि निष्पक्षता र ईमानदारीसाथ निमकको सोझो चिताई काम गर्दै रहनेछन् भन्ने हाम्रो इच्छा छ। हाम्रो राजभक्त फौजको अवच्छिन्न राजभक्ति र ईमानदारीको गर्वपूर्ण इतिहास प्रसिद्ध छ। देश र राजाप्रतिको जन्मजात वफादारी भएका हाम्रा फौजी जवान र अफिसरहरूले साहसपूर्वक धेरै पल्ट गम्भीर गाहारो परिस्थितिको सामना गरी विजय प्राप्त गरेका छन्।

हाम्रा फौजी जवान र अफिसरहरूले आफ्नो गौरवपूर्ण इतिहासमा कुनै किसिमको धब्बा र कलंक आउन नदिई आफ्नो ज्वलन्त इतिहास कायमै राख्नेछन् भन्ने कुरामा हामीलाई शङ्का छैन। हाम्रा फौजीको बहादुरी संसारप्रसिद्ध छ र मुलुकमा शान्ति र सुव्यवस्था कायम राख्न र जनताको भलाइ र उन्नतिको निमित्त तिनीहरूको सहयोग र भक्तिपूर्ण सेवा पूरा मात्रामा प्राप्त हुनेछ भन्ने हामीलाई पूरा विश्वास छ।

सल्लाहकार-सभाको अधिवेशन शुरू भइसकेको छ, तर हालै सभाको बैठक भैरहेको छैन। सल्लाहकार-सभाका सदस्यहरू देशका विभिन्न भाग र क्षेत्रबाट आएका हुनाले मुलुकको शासनको काममा तिनीहरूले हामीलाई धेरै सहायता दिन सक्तछन्। यस संकटकालमा मन्त्री-मण्डल नरहेकोले सल्लाहकार-सभाको सद्रूपमा हामीलाई मदत नमिल्ने भए तापनि सदनका सदस्यहरूले आफ्ना-आफ्ना क्षेत्रमा सरकार र शासनलाई मदत दिंदै रहनेछन् भन्ने हाम्रो आशा छ।

हाम्रो यो दुई इच्छालाई कार्यान्वित गर्न नेपाल अन्तरिम शासन-विधान २००८-मा यथोचित संशोधन चाँडै नै प्रस्तुत गरिनेछ। मेलमिलाप कायम राखी एक किसिमले स्थायी रहन सक्ने कार्यशील र प्रभावशाली मन्त्री-मण्डलको संगठन सम्भावना नहोउन्जेललाई हाम्रा प्यारा प्रजाहरूको हित र कल्याणको निमित्त ऐले गरिएको प्रबन्ध सुचारु रूपले चल्दछ भनी आशा गरिबक्सेका छौं। हाम्रा प्यारा प्रजाहरूको कल्याणको निमित्त उद्योग गर्नु, घूसखोरी, भ्रष्टाचार र नियुक्तिमा पक्षपातलाई निर्मूल गर्नु, जनताको हितको आवश्यकता पूर्ति गर्नु,

स्वतन्त्र न्याय-व्यवस्था स्थापना गर्नमा सकभर मदत गर्नु, मौलिक हक्को स्पष्ट परिभाषा र व्याख्या गर्नु, संविधान-सभाको निमित्त चुनाव सकेसम्म चाँडो गराउनु, अहिले गरिएको प्रबन्धअनुसार शासन-व्यवस्थासँग सम्बन्ध भएका सबैको सर्वप्रथम कर्तव्य हुनेछ ।

यो प्रबन्धलाई र प्यारा प्रजाहरू सबैको भलाइको लागि हामीले गरिबक्सेका यी प्रबन्धहरू सुचारुरूपले चलाउन हामीलाई र हाम्रा मातहतका सबैलाई चाहिने बल प्रदान गरून् भनी श्री पशुपतिनाथ र गुह्येश्वरीमा प्रार्थना छ ।

नारायणहिटी दरबार, काठमाडौं
२००९, साउन ३०

फरवरी १८ तारिख (फागुन ७)-का दिन राष्ट्रिय दिवस मनाउने

"श्री ५ महाराजाधिराजको इच्छाबमोजिम अबउप्रान्त हरसाल फरवरी महीनाको १८ तारीख नेपालमा प्रजातान्त्रिक सरकार पहिलो पटक खडा भएको दिन, हाम्रो देशको राष्ट्रिय दिवस मनाउने निर्णय भएकोले सर्वसाधारणलाई सो दिनमा यथोचित उत्सव मनाउनलाई यो सूचना प्रकाशित गरिएको छ ।"

२००९-को प्रजातन्त्र-दिवसको उपलक्ष्यमा सन्देश

आगे प्यारा प्रजाहरूके यथोचित,

दुई वर्षअगाडि आजैको जस्तो ऐतिहासिक दिनमा मेरो प्यारो देशमा मैले प्रजातन्त्र-सरकारको घोषणा गरेको थिएँ, आज सोही दिनको दोस्रो वार्षिकोत्सवको उपलक्ष्यमा बोलिरहेको छु। बम्बईमा अभाग्यवश बिरामी हुँदा यतिको दिन काठमाडौं फर्कन नसकेको कुरा तपाईंहरू सबैलाई थाहा नै छ । यही बिरामीले गर्दा पश्चिमको दौडाहा गर्न नसकेकोमा मलाई धेरै अपशोच लागेको छ। श्री पशुपतिनाथ तथा माई गुह्येश्वरीको अनुग्रहबाट निको भै तपाईंहरूको बीचमा फर्किआउन पाएकोमा खुशी लागेको छ ।

आजको यस महान् राष्ट्रिय दिनमा दुई वर्षअघि हामी सबैले प्रजातान्त्रिक मार्गमा हिंड्न गरेको दृढ निश्चयलाई हामी सबैले सम्झनुपर्दछ र त्यो लक्ष्यलाई पूरा गरी छाड्ने हिम्मत हार्नु हुँदैन । हामी सबैले यस काममा आइपर्ने अनेक बाधा र अडचनलाई नाघी आमजनताको अवस्थामा सुधार ल्याई देशवासीहरूको आशा र उमंग पूरा नगरी हुन्न । मेलजोल कायम राखी देशवासीहरूको कल्याणका लागि राम्ररी काम गर्न सक्ने स्थिर मन्त्रीमण्डलको सहायता नपाएकोले विवश भएर देशको शासन-व्यवस्था केही परामर्शदाताहरूको मद्दतले चलाउन निश्चय गर्नु परेको कुरा गत श्रावण ३० गतेको घोषणामा स्पष्ट गरिएको थियो । अरू कुनै चारा नरहेकोले विवश भएर गर्नु परेको त्यो निर्णय तपाईंहरू सबैलाई थाहा भएकै कुरा हो । अहिले मौजुदा प्रबन्धलाई नै कायम गरिराख्ने मनसाय नभएकोले यसको ठाउँमा सकभर चाँडो अर्को बन्दोबस्त मिलाउने आशा लिई गम्भीर कोशिश गर्दै रहेको थिएँ । त्यो प्रयत्न अझै पनि जारी नै छ । अधिकांश जनताले रुचाउने प्रयत्न यहाँहरू सबैलाई थाहा नभएको कुरा होइन । तर दुर्भाग्यवश अझसम्म पनि समस्याको यथोचित दृष्टिगोचर हुन सकेको छैन तापनि लोकप्रिय सज्जनहरूलाई अझ बढ्ता मात्रामा मुलुकको शासन-व्यवस्थामा सरीक गराउनलाई आवश्यक वातावरण ल्याउन म भरमग्दूर कोशिश गर्दै रहनेछ तथा हुन सकेको सुधार गर्न म सदैव तत्पर रहनेछ ।

जनताको इच्छा र रुचि यकीन गर्न चुनाव नै एकमात्र असल तरीका भएकोले आमचुनाव जति चाँडो हुनसक्यो उति बेस छ । म बारम्बार जोर दिएर भन्न चाहन्छु, सरकारले आमचुनाव छिटो र चाँडो गर्न भरमग्दुर कोशिश गरिरहेको छ । देशको सुदूर कुना-काप्चामा गई प्रजातन्त्रको सन्देश जनतासम्म पुन्याउनु र विभिन्न राजनैतिक दलहरूले आफ्नो ध्येय र उद्देश्य जनताको सामु पेश गर्नु उनीहरूकै फायदाको काम हो । यस बीचमा सर्वत्र शान्ति तथा व्यवस्था कायम गरी राख्नु अत्यन्त जरूरी छ । कानूनलाई आफ्नै हातमा लिई शान्तिभंग गर्न खोज्ने वा शान्तिभंग हुने काम गर्न खोज्नेहरूलाई स्वभावतः जनताले प्रजातन्त्रमा शान्ति-मार्गका दुश्मन भन्नेछन् र त्यस्ता व्यक्ति वा उनका पार्टी आमचुनाव चाँडो चाहँदैन भन्ने मतलव स्पष्ट हुन आउँछ । हाम्रो यहाँको चुनावसम्बन्धी कुरामा सहायता र सल्लाहको निमित्त भारतका चीफ इलेक्शन कमिश्नर श्री सुकुमारसेन हाम्रो वोला-

हटमा यहाँ आएका थिए । उनले यौटा लामो तथा विस्तृत रिपोर्ट पेश गरेका छन् । निजले पेश गरेको अनुभवसिद्ध रिपोर्ट हाम्रो भलाइको काममा आउनेछ भन्ने मेरो विश्वास छ । यस मुलुकमा हुन लागेको सर्वप्रथम आमचुनाव चाँडो गराउनलाई चुनावको काममा खटिएका अफिसर जवानहरूलाई प्रत्येकले पूरा मात्रामा सहायता प्रदान गरून् भनी सारा जनतासित म अपील गर्दछु । नेपालमा पूरा तवरले प्रजातान्त्रिक संस्थाहरू प्रवेश गराउने मेरो आन्तरिक इच्छामा तपाईंहरू सबको पूरा विश्वास जमिसकेको हुनुपर्दछ । यो हाम्रो परिवर्तनकाल हो, यो कुरा सबैले राम्ररी बुझ्नुपर्दछ । परिवर्तनकाल जहाँ पनि नाजुक हुन्छ । त्यसैले प्रजातान्त्रिक इमारतको जग खँदिलो र बलियो बनाउने काममा म तपाईंहरू सबैको हार्दिक सहयोगको निमित्त प्रार्थना गर्दछु । त्यतिमात्र होइन, यस महान् कार्यको सफलताको निमित्त तपाईंहरू सबैको धैर्य, शान्तिपूर्ण तथा रचनात्मक सहयोगको निमित्त अपील गर्दछु । मेरा प्यारा प्रजाहरूले यस काममा दिलोज्यानले सहयोग दिनेछन् भन्ने मेरो विश्वास छ । छलकपट र चालबाजीको दिन बितिसकेको छ । जनताको भलाइको निमित्त ठोस कामद्वारा उनीहरूको सच्चा सेवा गरी जनताको सद्भावना हासिल गर्ने राजनीतिक दलहरूको उद्देश्य हुनुपर्दछ । सबै राजनैतिक दलहरूले चुनावमा उदार हृदयले भाग लिनुपर्दछ र सच्चा खेलाड़ीले झैं चुनावलाई उदार हृदयले ग्रहण गर्नु पर्दछ । जंगलको धन सरकारी मातहत तथा निरीक्षणमा मात्र उपयोग गर्न र काममा ल्याउने कुराको निर्णय भइसकेको छ । भूमिसम्बन्धी समस्याहरूमा, सल्लाहको निमित्त भारतका योजना कमिशनका श्री सेठलाई आमन्त्रणा गरिएको छ । सरकारले निजले पेश गर्ने रिपोर्टवाट पूरा फाइदा उठाउनेछ । भूमिको सम्बन्धमा सरकारको यो नीति छ कि कृषकवर्ग र जग्गाको अत्यन्त निकट सम्बन्ध हुनुपर्दछ । यसको निमित्त भूमिसुधार कमिशनले पनि सरकारछेउ केही सिफारिश गरेको छ । हाललाई अन्य कुनै नियम नचलुन्जेल जुन व्यक्तिले जग्गा पाई-कमाई आएको छ त्यसले आफ्नो पहिलेको शर्त पूरा गरुन्जेल र कुनै पनि यस्तो कार्य नगरुन्जेल जसले जग्गाको उपजामा हानि हुन्छ, जग्गाधनीले जग्गा पजनी गर्न पाउँ दैन र यदि शर्त पूरा गरेन र जग्गाको उपजा कम गर्ने कुनै कार्य गरेमा पनि सो जग्गा पजनी गर्नलाई धनीले अदालतद्वारा मात्र सो गराउन सक्ने । हाल यस सम्बन्धमा खुलासा नियमहरू भूमिसुधार

कमिशनले बनाउँदै छ र जग्गा कमाउने मोहीलाई र जग्गाधनीलाई कति अधिकार दिने हो यस सम्बन्धमा पनि विचार गर्दै छ।

हाम्रो मालअड्डाका पटवारीको जिम्मावाल तथा तालुकदारको स्रेस्तामा पनि फेर-बदल गर्नु आवश्यक छ। हालमालअड्डा तथा जिम्मावाल, मुखिया, तालुकदार, पटवारीहरूको स्रेस्तामा जग्गा कमाउने मोहीको नाम-नामेसी लेख्ने चलन छैन। भूमिसुधारसम्बन्धी हुने कार्य गर्न यस्तो स्रेस्ता आवश्यक छ जसमा जग्गा कमाउनेको नाम दर्ता होस्। भूमिसुधार-कमिशनले पेश गरेका उपरोक्त सिद्धान्तहरूलाई यथाशीघ्र कानूनी रूप दिइनेछ।

तपाईंहरूलाई थाहा भएकै कुरा हो, हामीहरूका अगाडि आएका अरू मुख्य कामहरू यिनै हुन्—जुनसुकै सरकार पनि राम्ररी चलाउनलाई नभै नहुने अराजनीतिक र तटस्थताको आधारमा नोकरीको पुनः संगठन, स्वतन्त्र न्यायालयको स्थापना र देशमा परिआउने अत्यन्त जरूरी कामको देखरेख। यी सर्वक्षेत्रमा पर्याप्त सफलता हासिल भएको छ भनी भन्न सकिन्न तापनि सबै दिशातिर सच्चा दिलले गरिएका निष्कपट प्रयत्नको कदर नगरी रहन सकिन्न। सरकारले सामना गर्नुपरेका अनेक बाधा, कठिनाइ र झन्झटको कुरो तपाईंहरूलाई यादै छ। राष्ट्रको काम सुचारु रूपले चलाउन स्थायी र स्वतन्त्र सचिवालय तथा प्रान्तीय गढी-गोश्वारा एवं सबै जंगी-निजामती जागीरदारहरूको कत्तिको आवश्यकता छ—भनिरहनुपर्ने कुरा होइन। प्रजातान्त्रिक व्यवस्थामा सरकारको अदला-बदली भइ नै रहन्छ र कहिलेकाहीं ता बराबर हुन आउँछ। राजनैतिक परिवर्तनबाट बिलकुलै पृथक् रही त्यस्ता परिवर्तनबाट कुनै प्रकार प्रभावित नभै आफ्नो काम गर्दै रहनु सबै जागीरदारहरूको पवित्र कर्तव्य हो। राजनीतिक परिवर्तनको बेला जागीरदारहरूमा कुनै किसिमको अस्थिरता, कम्पन, हडबडी वा हिचकिचाहटको भावना हुनु हुँदैन। यस किसिमको परिवर्तनको समयमा पनि राजनीतिक दलबन्दीतिर कतै नलागी सरकारी जागीरदारहरूले काम-कर्तव्य पालन गर्दै रहनुपर्ने कुरा सब जागीरदारहरूले राम्ररी बुझ्दै आउनेछन् भन्ने मेरो विश्वास छ। प्रधान न्यायालय ऐनमा भएको संशोधन र

चार जना जजहरूको नियुक्तिको कुरा थाहा पाउनुभएकै होला । प्रधान न्यायालय मातहतका अरू अदालतहरूको पुनः संगठनको काम बाँकी नै छ । विभिन्न सरकारी जागीरदारहरूमा हुनुपर्ने आवश्यक योग्यताको बन्देज गर्ने र सबभन्दा योग्य उम्मेदवारहरूलाई छान्ने काममा सिविल स्क्रिनिङ्ग कमिटी संलग्न छ । सरकारी जागीरदारहरूको व्यवहारबारे तथा सचिवालयबारेका नियमहरू तयार भै आखिरी जाँच भैरहेको छ । एउटा भ्रष्टाचार विरोधक विभाग चाँडै नै खोलिने भएको छ । काठमाडौंका कमिश्नर तथा मजिस्ट्रेटहरूको निम्ति बनेका सवाल-नियमहरूको पनि आखिरी जाँच-विचार हुन लागेको छ । एउटा शिक्षा-बोर्ड तथा तलबसम्बन्धी कमिशनको गठन भैसकेको छ। आवश्यक परेका ठाउँमा जाँच-कमिशनहरू तथा घुम्ती-अदालतहरू चाँडै नै जाने भएका छन् । सेनाको पुनर्गठनको काम चालू नै छ । काठमाडौंदेखि रक्सौलसम्म बाटो बनाउने काम सन्तोषजनक रूपले चलिरहेको छ। देशभित्र आन्तरिक हवाई-यातायात (सर्भिस) खुलिसकेको छ, संचारको साधनलाई बढाउन र देशका विभिन्न इलाकाका मानिसहरूलाई निकट ल्याउने अभिप्रायले मौजुदा हवाई-यातायातको साधनलाई चाँडै नै बढाउन सकिन्छ । कृषि तथा स्वाथ्य-सेवाको निमित्त योजनाहरू तयार हुन लागेको छ । यस छोटो अवधिभित्र सरकारले सम्पादन गर्न सकेको कामको विचार गर्दा सरकारले यस परिवर्तनकालमा सामना गर्नुपरेको अनेक बाधा र कठिनाइको कुराको सबाल-नियमहरू बनाउँदा स्वभावतः समय लाग्ने कुराको पनि याद राख्नुपर्दछ, आखिरमा गएर यिनै सबाल-नियमहरू भविष्यमा ठूला-ठूला कुराको जग बन्न जानेछन् ।

हाम्रो मुलुकको विकासका काममा सहायता दिंदै आएका सबै मित्रराष्ट्रहरूप्रति विशेष गरेर भारतप्रति हामी कृतज्ञ छौं । देशको स्वाधीनता र प्रभुसत्तामा कुनै किसिमको फरक नपारी नेपाललाई चाँडै-चाँडै उन्नतिको शिखरमा पुऱ्याउन हाम्रो प्रयासमा सबै मित्रराष्ट्रहरूले हामीलाई मदत दिंदै रहनेछन् भन्ने मेरो विश्वास छ । सबै देशसित हामी राम्रो सम्बन्ध कायम गर्न चाहन्छौं । साथै विश्व-शान्ति र मानवमात्रको भलाइको निमित्त हुन सक्ने सबै तरहबाट सह-

योग गर्न हामी सदैव उत्सुक रहनेछौं ।

मैले माथि बताएझैं अहिलेको परिस्थितिमा सरकारको काम सकभर राम्ररी चलाइराख्नु छ। देशको बेहत्तर उन्नतिको खातिर हामी सबैले आपस्तको भेदभाव त्यागी मुलुकको महान् लक्ष्यपूर्तिको निमित्त बुद्धि-बर्कतले भेटेसम्म मेलमिलाप कायम राखी काम गर्न सिकौं। हामीले यसो गर्न सकेनौं भने हाम्रा पछिका सन्तानले हामीमाथि कलंक लाउनेछन् कि हामीले आफ्नो बुद्धिको कमीले गर्दा मुलुकको अगाडि आएको मौकाको सदुपयोग गर्न सकेनौं। बढीसे बढी मात्रामा लोकमतका प्रतिनिधिहरूलाई सरकारको काममा सरीक गराउने उद्देश्यले तिनीहरूको सहयोगप्राप्तिको निमित्त विभिन्न कार्यक्रमको निरन्तर म विचार गरिरहनेछु । आफ्नो प्यारो मातृभूमिको विभिन्न क्षेत्र, प्रदेश तथा वर्गहरूको राम्रो प्रतिनिधित्व गर्ने एउटा सल्लाहकार-सभाको गठन गर्ने मैले निश्चय गरेको छु । यस विषयको अरू पूरा विवरण चाँडै नै घोषणा गर्न सकुँला भन्ने आशा छ, सरकारलाई सकेसम्म बढी परिमाणमा सहयोग प्रदान गर्नोस् भनी म तपाईंहरू प्रत्येकलाई अपील गर्दछु। प्यारो मातृभूमिको उन्नति निश्चित पार्न देशभरि पूर्ण शान्ति र व्यवस्था कायम राख्नलाई सकेको मदत दिनुहोस् । अविचल र स्थिर रही यो महान् कार्य पूरा गर्ने हामी सबैको प्रयासमा हामी सबैलाई चाहिने शक्ति श्री पशुपतिले प्रदान गरून् । हाम्रो हरेक कदममा उहाँको अनुग्रह रहिरहोस् ।

तपाईंहरू सबैको सफलता, सुख तथा सौभाग्यको शुभकामना गर्दै तपाईंहरूप्रति मेरो गहिरो स्नेह प्रकट गर्दछु । जय नेपाल !

२००९, फागुन ७

एकमना मन्त्री-मण्डलबारे शाही घोषणा

मेरा प्यारा प्रजाहरू,

१. देशको आजको परिस्थिति कसैबाट छिपको छैन । हाम्रो मुलुकको सच्चा प्रजातान्त्रिक रूपले विकास हुँदै जावस् भन्ने हाम्रो अभ्यन्तरको अभिलाषा हो, एवं त्यसका लागि हामीबाट भएको

प्रयास पनि तपाईंहरूबाट छिपेको छैन । देशको विकासका लागि राजा-प्रजा दुवैको पारस्परिक सहयोग र विश्वासको आवश्यकता रहन्छ । १०५ वर्षसम्मको एकनासको शासन-पद्धतिबाट देश अगाडि बढ्न नसक्ने प्रजाहरूको भावना बुझी प्रजातान्त्रिक प्रणालीतिर लैजाने हाम्रो इच्छा भएकोले २००७ साल फाल्गुन ७ गतेका दिन अन्तरिम शासन-विधानद्वारा शासनमा परिवर्तन गरी जनताका प्रतिनिधिहरूसमेतको मन्त्री-मण्डल गठन गरिएको हो । त्यसपछि पटक-पटक मन्त्री-मण्डलमा हेरफेर भएपछि पछिल्लो मन्त्री-मण्डलले राजीनामा दिएको र त्यसबेला परिस्थिति हेरी परामर्शदाताहरू लिएर अहिलेसम्मको शासन चलिआएको हो । र परिस्थितिअनुकूल हुनासाथ सो व्यवस्था तोडी मन्त्रीमण्डल गठन गर्ने हाम्रो विचार बराबर तपाईंहरूमा प्रकट गरेको हुँ एवं त्यस दिशातिर हामीले गरिरहेको चेष्टा र प्रयास पनि तपाईंहरूलाई थाहा नै भएको कुरो हो । यस दिशामा प्रजातान्त्रिक र राष्ट्रिय तत्त्वबाट गठित भएका विभिन्न राजनीतिक दलहरूका नेताहरूसित पनि हामीले कुरा गरी सबैले मिली परामर्श गरी एउटा निधोमा आइदिए हाम्रो काम हलुको हुन जाला भनी अनुरोध गरेको हुँ । तर खेदको कुरा छ, धेरै प्रकारका प्रस्ताव र पद्धतिहरूको छलफलमात्र भयो, कुनै नतीजा निस्कन सकेन । साधारण निर्वाचन नभएसम्म कुन दल ठूलो—कुन दल सानो ? छुट्याउन गाहारै छ र सबै दलले आफूलाई नै ठूलो ठहऱ्याई सोही अनुसारसँग माग राख्दा हाम्रो कठिनाइ सप्ठ्यारोतिर जानुभन्दा अप्ठ्यारोतिर घचेटिएको छ । राजनैतिकहरूले आफ्नो दलगत र व्यक्तिगत दृष्टिकोण छोडेर राष्ट्रगत दृष्टिकोण राखिदिएको भए समस्या धेरै अगाडि नै हल भई टुँगिसक्ने थियो र हाम्रो बोझ जसलाई आफ्नो रुचि र स्वास्थ्यका विपरीत हामीले बोकिराख्नुपरेको छ, हलुंगिने थियो । तर हामीलाई खेद छ, त्यस्तो विचार सबैबाट भइदिएन ।

२. अतः यता देश र हाम्रो शारीरिक अवस्थाले पनि हल ननिकाली नभएको र मन्त्री-मण्डल गठित गर्नु नै परेको छ । हाम्रा परामर्शदाताहरू, जसले अहिलेसम्म हामीलाई मद्दत दिएका छन्, उनी

हरूलाई यो मौकामा धन्यवाद नदिई रहन सक्तिनँ । देशवासीहरूको भावनालाई बुझी निजहरूको कार्यभार समाप्त गरी अरू कुनै आर्को उपाय सम्भव हुन नआएकोले भूतपूर्व प्रधान मन्त्री श्री मातृकाप्रसाद कोइरालालाई फेरि मन्त्री-मण्डल गठन गर्ने भारा दिई प्रधान मन्त्री नियुक्ति गरेको छु । निजद्वारा अरू विभिन्न राजनैतिक दलहरूका र स्वतन्त्र व्यक्तिहरूसित पनि कुराकानी चलिरहेकोले निजहरूमध्ये पनि सामेल हुन आएमा अवसर पाउने गरी हाललाई तपसीलका मन्त्रीहरूको नियुक्ति गरेको छु ।

(१) श्री मातृकाप्रसाद (२) मे० ज० महावीरशमशेर (३) नारदमुनि (४) त्रिपुरवर सिंह (५) सूर्यनाथदास यादव ।

३. सो मन्त्री-मण्डलमा पछिको अवस्था हेरी थपघट गर्ने वा विभाग र कार्यभारको हेरफेर गर्नुपर्ने भएमा सो पनि हाम्रो आज्ञा ली प्रधान मन्त्रीले गर्न पाउनेछन् एवं हामीलाई आशा छ अरू विभिन्न राजनैतिक दलका र स्वतन्त्र योग्य व्यक्तिहरू, जो सामेल हुन सकेका छैनन्, उनीहरूबाट पनि राष्ट्रहितको ध्यान राखी सहयोग प्राप्त हुनेछ ।

४. हामीलाई विश्वास छ, देशको गम्भीर परिस्थितिमा नयाँ मन्त्री-मण्डलले दरिलो र भरपर्दो किसिमबाट काम गरी देशलाई निर्माणको दिशातिर लैजानेछ । देशलाई निर्माणमात्र होइन, प्रजातान्त्रिक बाटोतिर लैजाने पनि यस मन्त्री-मण्डलको ठूलो जिम्मेदारी रहनेछ । निर्वाचन नभई स्थायी रूपबाट देशमा प्रजातान्त्रिक प्रणालीको जग नबस्ने हुँदा जतिसक्यो चाँडो विधान-परिषद्को चुनाउ गराउन सक्नु यस मन्त्री-मण्डलको प्राथमिक जिम्मेदारी हुनेछ ।

५. कुनै पनि सरकार विशेष गरी प्रजातान्त्रिक सरकार जनताको सदिच्छा र सहयोगबिना चल्न सक्तैन । हाम्रो देशको अवस्था, शक्ति र उपलब्ध सामग्रीको सीमालाई ध्यानमा राखी सरकारलाई काम गर्ने उचित मौकामात्र होइन सहयोग पनि दिने जनताको कर्तव्य हो । कामै गर्न नदिई अत्तो लाउनु काम गर्न नदिन

व्यवहार हो । प्रजातान्त्रिक सरकार जनताको लागि नै हो र जनताले पनि सो बुझेको छ भन्ने हाम्रो दृढ धारणा छ ।

६. माथि बताएको नयाँ बन्दोबस्तबमोजिम संवत् २००६ साल भाद्र १ गते लालमोहर सदर भएको विशेष परिस्थिति अधिकार ऐन खारिज गरिएको छ । विशेष परिस्थिति अधिकार ऐनद्वारा स्थगित भएको २००७ सालको नेपाल सरकार अन्तरिम शासन-विधानको भाग ३-को परिच्छेद एक र दुई फेरि लागू गरिएको छ । यो खारिज भएबाट सल्लाहकार-सभाको गठन सम्भव हुनेछ । परामर्शदातृ-मण्डलको शासनकालमा हाम्रो स्वीकृति र अख्तियारद्वारा सदर भएको ऐन-सवाल, आदेश-निर्देश नियमहरू सबै ऐन-सवाल, विधानको रीतपूर्वक संशोधन फेरबदल वा खारिज नभएसम्म पूर्णतया लागू नै रहनेछ । त्यस्ता ऐन-सवाल, नियम आदेश-निर्देशहरू सबैमा जहाँ-जहाँ 'परामर्शदाता' भन्ने शब्द लेखिएको छ, त्यस्ता सबै ठाउँमा 'मन्त्री' भन्ने शब्द र जहाँ-जहाँ 'परामर्शदाताहरूको सभा' भन्ने शब्दहरू भएको, रहेको वा परेको वा लेखिएको छ, सो शब्दहरूको सट्टा 'मन्त्री-मण्डल' भन्ने शब्द रहेको, भएको वा लेखिएको झैं मानिनेछ ।

सरकारबाट तयार भएको नीति र योजनाहरूलाई कार्यान्वित गराउनमा सरकारी कर्मचारीहरूको पनि कम महत्त्व छैन । तर तिनीहरूले काम गर्दा राजनैतिक भावना र दलगत राजनीतिबाट प्रभावित हुनुहुन्न, निजहरूको कर्तव्य कायम रहेमा सरकारको इच्छामुताबिक स्वीकृत गरिएका नीति र कार्यक्रमलाई कार्यान्वित गराउने हो । हामीलाई विश्वास छ, हाम्रा सरकारी पदाधिकारीहरूलाई आफ्नो यस कर्तव्यको ज्ञान छ, एवं जुनसुकै सरकार आए-गए तापनि यस कर्तव्यलाई पालन गर्नेछन् ।

र, अन्त्यमा नवगठित सरकारलाई जंगी र निजामती कर्मचारीहरूबाट देशलाई अगाडि बढाउन अकुण्ठित सहयोग दिऊन् भन्ने हाम्रो हार्दिक इच्छा छ । जय नेपाल ।

नारायणहिटी दरबार !
२०१०, असार २

स्वीट्जरल्यान्ड सवारी हुनुअघि रेडियो नेपालद्वारा प्रसारित घोषणा

मेरा प्यारा प्रजाहरू गैह्लके,

१. धेरै दिनदेखि मेरो स्वास्थ्य ठीक छैन भन्ने कुरा तपाईं सबलाई थाहा भएकै हो । धेरै पटक डाक्टरी सल्लाह र औषधिको निमित्त मैले देश छाडी भारतवर्ष जानुपरेको हो । त्यसै निमित्त पछिल्लो पटक कलकत्ता श्रावण २७, २०१०-मा गएको हुँ । डाक्टरहरूद्वारा परीक्षा हुँदा मेरो शारीरिक अवस्था मैले सोचेको भन्दा धेरै नै कडा रूपले बिग्रेको पाई मलाई यतिका दिनसम्म कलकत्ता बस्नुपरेको हो । यद्यपि कलकत्तामा बसी विशेषज्ञहरूद्वारा उचित उपचार भएकोले र लामो अवधिसम्म विश्राम लिएकोले मेरो शरीरमा फाइदा हुँदै आएको छ तापनि केही डाक्टरहरूको रायमा मैले कुनै हालतमा पनि हवाई सफर गर्न हुन्न भनी ठह्याएका थिए । मलाई उनीहरूले राय दिएका थिए कि म रेलबाट बम्बईसम्म जाऊँ र त्यहाँबाट जुरीचसम्म पानीजहाजबाट जाऊँ । मलाई आफ्नो स्वदेश नफर्की सोझै समुद्रपार औषधिका लागि जान ज्यादै ननिको लागिरहेको थियो र मेरा विशेष अनुरोधमा र फेरि आर्को चोटि डाक्टरी सल्लाह लिंदा केही दिनका लागि काठमाडौंसम्म हवाई सर्भिस गर्न खतरारहित नभए तापनि डाक्टरी अनुमति पाएँ । यस कुराको मलाई ज्यादै नै हर्ष लागेको छ कि समुद्रपारको यात्राभन्दा पहिले केही दिनका लागि भए पनि आपना देशमा आफ्ना प्रजाहरूका बीचमा बस्ने मौका पाएँ । अतः मैले भेटघाटमा बन्देज लगाउनुपरेको हो र म आशा गर्दछु कि जस-जसलाई मैले व्यक्तिगत रूपमा भेट गर्न सकिनँ उनीहरूले मेरो अप्ठचारो बुझिदेलान् । वास्तवमा मेरो स्वास्थ्यको कारणले नै यो सन्देश आफैले रेडियोमा दिन नसकी मेरा प्रधान मन्त्रीलाई मेरो तर्फबाट पढ्न लगाएको हुँ ।

२. यदि तपाईंहरूले मेरो आषाढ २ गते, २०१०-को रेडियो घोषणा फेरि पढ्नुभयो भने मेरा प्यारा देशका अवांछित राजनैतिक वातावरणप्रति म कतिको चिन्तित छु, बुझ्नुहुने नै छ । नेपालको प्रत्येक नरनारी चाहे त्यो एउटा साधारण नागरिक होस्, चाहे त्यो सरकार, जागीरदार होस्, चाहे मिनिस्टर होस् वा राजवंश किन

नहोस् सबैलाई हाम्रो यो देश, यसको सुन्दरता, भव्यता र गौरवले एकनास मुग्ध गराउँछ। आफूलाई नेपाली कहलाउने प्रत्येक व्यक्ति निश्चय नै हाम्रो देश नेपाललाई माया गर्दछ। तर केवल शब्दले देशका प्रति माया जनाएर पुग्छ र! के देशका प्रति अझ ठूलो कर्तव्य छैन ? तपाईंहरू सबैलाई थाहा छ कि देशको अवस्था राम्रो छैन, यदि हामी वास्तवमा आफ्नो देशलाई चाहन्छौं भने हामीले आपसमा एका गरेर आफ्नो हृदयलाई छामौं र विचार गरौं––हाम्रो कर्तव्य के हो र देशको उन्नति र सर्वसाधारण देशवासीको भलो कसरी गर्न सक्तछौं। गर्नुपर्ने कुरा धेरै छ। संसारका अरू देश तीव्रताका साथ उन्नति र समृद्धिका पथमा लम्कँदै छन्। हामीले आज अठोट गर्नुपरेको छ कि हामी पछि रहनेछैनौं। त्यो अठोट मुखको र मनको मात्र नभएर खँदिलो कामबाट संसारलाई देखाऊँ। आज समय र अवसर चुक्ने बेला छैन। आएको अवसरलाई छोपिहाल्नु नै बुद्धिमानी हो, हामी प्रत्येक नेपालका नर-नारीले त्याग र बलिदानका निम्ति आज प्रस्तुत हुनुपरेको छ। केको त्याग, केको बलिदान––आफ्नो निजी स्वार्थको, आफ्नो गुट विशेषको स्वार्थको र हाम्रो संकीर्ण घेराका स्वार्थको, र आज हाम्रो लक्षण केवल देशको सामूहिक विकासको स्वार्थका लागि प्रत्येक व्यक्तिको सामूहिक प्रयास हुनुपर्दछ र त्यसका लागि चाहिएको छ प्रत्येक नेपालीको त्याग र प्रत्येक नेपालीको बलिदान र त्यस त्याग र बलिदानमा आधारित सामूहिक प्रयास। देशको यत्रो दुर्दशाले चिच्याई-चिच्याई पुकार्दा पनि खेद छ हाम्रो पाइलो यस दिशातिर, यस मनोभावतिर बढेको छैन। देशको नाउँमा आफ्नो व्यक्तिगत वा संकीर्ण दलगत स्वार्थको पूर्ति गर्नु केवल अपराधमात्र होइन ठूलो पाप हुन जानेछ। अतः आज आपसको भेदभाव बिर्सेर देशका समस्त उपलब्ध साधनशक्ति र विचारलाई एकत्रीकरण गरी देशलाई अगाडि बढाउने प्रयास नै हाम्रो अभीष्ट लक्ष्य हुनुपर्दछ। त्यो लक्ष्य जो हामी सबैको निम्ति प्यारो छ, पवित्र छ।

३. अविलम्ब नै एउटा सल्लाहकार-सभाको गठन गरियोस् भन्नाका लागि मैले आवश्यक आदेश दिइसकेको छु। तपाईंहरूलाई

याद होला कि मैले आषाढ २ गतेको आफ्नो घोषणामा यस कुराको उल्लेख गरेको थिएँ र प्रधान मन्त्रीले विभिन्न क्षेत्रहरूबाट उपयुक्त व्यक्तिहरूको नाउँ संकलन गर्ने प्रयत्न गरी सम्पन्नप्राय: भइसकेको थाहा पाएको छु । नाउँहरूको संकलन गर्न स्वभावत: केही समय लाग्यो, अब नाउँहरूको सूची लगभग तयार छ । तसर्थ अब चाँडै नै सल्लाहकार-सभा चालू हुन सक्नेछ । सल्लाहकार-सभाका सदस्यहरू जसले कि नि:सन्देह विभिन्न भागहरूको प्रतिनिधित्व गर्नेछन् तथा जो स्थानीय स्थितिसँग राम्ररी परिचित हुनेछन्, उनीहरूसँग मेरो आशा छ कि उनीहरूले मेरो सरकारलाई जनताको उन्नति तथा भलाइको देखरेख गर्ने काममा पूरा सहयोग तथा सहायता दिनेछन् । सरकार तथा सल्लाहकार-सभालाई पूरा सहयोग दिनको निमित्त म सम्पूर्ण जनतासँग अपील गर्दछु, सल्लाहकार-सभा देशको विभिन्न भागहरूको समस्यापट्टि सरकारको ध्यान आकर्षित गर्न धेरै सहायक हुनेछ तथा सरकारले गर्न लागेका कामहरूमाथि छलफलका लागि समुचित अवसर दिनेछ । वैधानिक प्रजातन्त्रको हाम्रो ध्येयलाई प्राप्त गर्ने मार्गमा यसले हामीलाई प्रजातन्त्रको प्रणालीमा अभ्यस्त गर्दै जानेछ । देशको कुनै भागमा केही व्यक्तिहरूलाई कुनै मर्का पर्न अथवा कुनै असन्तोषको कारण पैदा हुन सक्तछ तर हामीहरू सबैको ध्येय प्रजातान्त्रिक मार्ग अवलम्बन गर्ने भएकोले ती कुराहरूलाई केवल वैधानिक साधनहरूद्वारा मात्र हटाउने कोशिश हुनुपर्दछ । सल्लाहकार-सभाको स्थापना तपाईंहरू सबैका सहयोगबाट प्रजातान्त्रिक मार्गको दिशापट्टि एउटा महत्त्वपूर्ण कदम हुनेछ ।

४. मेरो बिग्रिरहेको स्वास्थ्यमा पनि मेरो यथाशक्ति देशका नेता कहलाउने विभिन्न व्यक्तिहरूका बीचमा आपसी सौहार्द्र र सद्भावना जगाउने प्रयास गरेकै हुँ । मेरो प्रधान मन्त्री पनि विभिन्न दल र गुटविशेषहरूसित राष्ट्र र देशको उन्नतिका लागि एउटा सबैले रुचाउने साधारण आधार प्रस्तुत गर्न सचेष्ट र प्रयत्नशील छन् । मेरो पछिल्ला घोषणामा पनि मैले यो कुरा स्पष्ट गरेको थिएँ कि मन्त्री-मण्डलमा थप गर्ने द्वार खुल्ला छ । अहिले पनि स्थिति त्यही छ । आज देशमा राष्ट्रिय आपत-स्थिति छ र

त्यसमा न्यूनतम कार्यक्रमका आधारमा एउटा राष्ट्रिय मन्त्री-मण्डलले देशमा बहुजन हिताय सर्वसाधारणको उन्नति र समृद्धिका तात्कालिक माग पूर्ण गर्ने कार्यक्रमलाई सफलीभूत गराउनु छ। म बुझ्न सक्तिनँ, के सबैबाट आन्तरिक चेष्टा भएमा यो कुरा सम्पूर्ण हुन किन नसक्नु ! म यस कुराको भरोसा दिलाउन चाहन्छु कि मेरो देशको आवश्यकता र मेरा प्यारा प्रजाको, जनसमुदायको स्वार्थ नै मेरो निमित्त अत्यधिक प्यारो छ र म देशबाट टाढा भए तापनि देशका विभिन्न समस्याहरू र कठिनाइहरूप्रति म एक मिनटका निमित्त पनि उदासीन रहन सक्तिनँ। मलाई थाहा छ, मेरो स्वास्थ्यका लागि यो कुरा लाभदायक होइन, तर थाहा पाए पनि मेरो मनलाई म कसरी रोकूँ। यस प्रयासमा मलाई ठूलो सहायता हुनेछ यदि तपाईंहरूले एकता स्थापित गरी देशमा शान्तिको वातावरण पैदा होस् जसमा देशको उन्नति बाधारहित भइरहन सकोस् ।

५, हाम्रा वैदेशिक सम्पर्कका क्षेत्रमा पनि म तपाईंहरूसित केही विशेष रूपले भन्न चाहन्छु । तपाईंहरू सबै यसमा त एकमतै हुनुहोला कि यो एउटा विचारणीय विषय हो। यो एउटा क्षेत्र हो, जसमा विशेष धैर्य, अनुरोध र दूरदर्शिताको अत्यावश्यक छ । हाम्रा वैदेशिक सम्बन्ध विशेष गरी ती देशहरूसित जोसित हाम्रो कूटनीतिक सम्वन्ध छ, हाम्रा निमित्त विशेष महत्त्व राख्दछन् । यी सम्बन्धहरूलाई जतिसम्म सक्यो सौहार्द्रपूर्ण गराउनु आवश्यक छ र हामीले कुनै यस्तो काम गर्नु हुँदैन जसमा यसका सम्बन्धमा कटुता उत्पन्न होस् । हाम्रा उन्नतिका र विकासका लागि पनि विभिन्न देशको सहयोग, सहानुभूति र सहायता हामीलाई वांछित छ र त्यसै कारण पनि हामीले आफ्नो वैदेशिक सम्बन्ध मृदु बनाउनुपर्दछ। त्यसका विपरीत हाम्रो आचरणले देशको उन्नति र प्रगतिमैं पनि बाधा पर्न जानेछ । अहिलेसम्म हामीले यस दिशामा हामीसित सम्बन्धित देश-हरूवाट प्रेम, सद्भावना, सहयोग र सहायता नै पाइ आएका छौं । विशेष गरी हाम्रो छिमेकी देश भारतबाट हामीले क्षणिक आवेशमा स्नेह र सौहार्द्रका बन्धनलाई बिर्सन हुन्न, त्यसमा देशको अन्तर्राष्ट्रिय महत्त्व बढ्न जानेछ । कार्यबाट नै हामीले छिमेकी र मित्रराष्ट्रहरू-

बाट पाइहरेको सहयोग र सहायता कतिसम्म लाभदायक भएको छ देखिरहेका छौं । अब काल्पनिक आधारमा नचाहिने शङ्का, उपशङ्का झिकी आफ्नो प्रगतिको बाधक हामी आफैं हुनहुन्न भन्ने सर्वविदितै छ।

६. अन्त्यमा केही शब्द मेरा वीर सिपाहीहरू र अरू कर्मचारीहरूप्रति नभनी रहन सक्तिनँ। उनीहरूमाथि नैं देशमा वर्तमान सरकारको नीति कार्यान्वित गराउने अभिभारा छ । हाम्रो सेनाको इतिहास गौरवमय र उज्यालो धेरै कालदेखि रहिआएको छ। त्यो गौरवशाली परम्पराको रक्षा हुनुपर्दछ। सेनाको आधुनिक प्रणालीको शिक्षा हुनु वांछनीय हो र यस दिशामा हाम्रा कम्यान्डर-इन-चीफको नेतृत्वमा भएको प्रगति विशेष सराहनीय छ। सरकारका अरू विभिन्न भाग र विभागको तालिम र पुनर्गठन उत्तिकै महत्त्वपूर्ण छ र मलाई यसमा कुनै शङ्का छैन । अरू सरकारी कर्मचारीहरूले पनि आपनो कर्तव्य पूर्ण रूपले पालन गर्नेछन् । जंगी र निजामती सरकारी कर्मचारीहरूले कुन सरकार उनका शिरमा छ त्यसको प्रयोजन र वास्ता राख्ने आवश्यकता छैन, केवल वैधानिक रूपले खडा भएको सरकारको आदेश र निर्देशलाई ईमानदारी र वफादारीको साथपूर्ण गर्नु नै उनको पवित्र कर्तव्य हो।

७. मैले अगाडि उल्लेख गरिसकेको छु कि म चाँडै नै समुद्रपार जानेछु । मेरो जहाज बम्बईबाट ११ अक्टूबरका दिन (आश्विन २५ गते) रवाना हुन्छ, तर यसै बीचमा मलाई डाक्टरी परीक्षा र सल्लाह र अरू प्रबन्धका निम्ति कलकत्ता र बम्बई त्योभन्दा धेरै अघि जानु छ । कति दिन म देशबाट अनुपस्थित रहनेछु यो कुराको निश्चय म अहिले गर्न सक्तिनँ । यस कुराको निर्णय त डाक्टरहरूको परामर्शमा नै निर्भर गर्दछ । मेरो सतत प्रयास निश्चय नै जतिसक्यो चाँडो घर फर्कने हुनेछ ।

८. मेरो अनुपस्थितिमा राजाको प्रमुखका हैसियतले गर्नुपर्ने दैनिक कार्यवाहीका लागि एउटा राजकीय परिषद् रहनेछ जसको गठन एउटा विशेष स्वीकृत गरिएको विधानद्वारा भएको छ । त्यस विधान-

द्वारा प्रदत्त अधिकारदेखि बाहिरका कुराहरू म जहाँ भए पनि मछेउ नै साधिनेछन् । म जहाँ भए पनि, मेरो शारीरिक अवस्था जस्तो भए पनि मेरो हृदय र मस्तिष्क सदा मेरो प्रजा र उनको उन्नति र उनको समृद्धिको निमित्त सोचि नै रहनेछ । म फेरि पनि दोहऱ्याउन चाहन्छु कि तपाईंहरूमध्ये प्रत्येकले मैले अघि यसै सन्देशमा भनेबमोजिम आपस्तमा सहयोग स्थापित गरेर सर्वसाधारणको र देशका लागि एउटै स्वार्थ सृष्टि गरेर देशलाई अगाडि बढाउनु छ । भगवान् पशुपतिले तपाईंहरूको सदिच्छा र सद्भावनालाई सदा प्रेरित गर्नुहोस् । जय नेपाल !

२०१०, असोज ४

स्वीट्जरल्यान्ड सवारी हुँदा बम्बई बन्दरगाहबाट सन्देश

व्यक्तिहरूबाट नै राष्ट्र बन्दछ भन्ने सबैले बुझ्नुपर्दछ र आफ्नो देशको शान्ति तथा समृद्धिको निमित्त हरेक व्यक्तिले काँधमा काँध मिलाउनुपर्दछ ।

कानूनद्वारा स्थापन भएको सरकारको भक्ति तथा ईमानदारीका साथ सेवा गर्नु र आफ्नो वफादारो तथा पब्लिक सर्भिसको उच्चस्तरमा रहनु सैनिक तथा निजामती कर्मचारीको कर्तव्य हो ।

देशको सार्वजनिक भलाइका निमित्त हामी सबैले पूरा बल लगाउनु आफ्नो कर्तव्य सम्झनुपर्दछ । परस्परमा दोषारोपण गरी समय नष्ट गर्नु ठीक होइन । सबैले यथाशक्ति राष्ट्रोन्नतिको निमित्त प्रयत्न गर्नुपर्दछ । व्यक्तिहरू मिलेर नै राष्ट्र बन्दछ र एउटा व्यक्तिले प्रयत्न गऱ्यो भने त्यसले देश र जनताको सेवा गऱ्यो भन्ने जान्नुपर्दछ । देशको परिस्थिति ठीक भएमा उन्नति हुन सक्तछ । कसैले यसको प्रतिकूल चलन खोज्दछ भने त्यसले देश-सेवा गर्दैन र देश बिग्रेपछि उसको इच्छा पनि अपूर्ण हुन्छ । मेरो सबै प्रजाले हाम्रो लक्ष्य पूरा गर्न सहयोग तथा परिश्रम गरी शान्तमय वातावरणमा जीवन-यापन गरून् भन्ने म कामना गर्दछु । फौजी तथा निजामती कर्मचारीहरूले

हाम्रो सरकार र प्रधान मन्त्रीलाई पूरा सहयोग देऊन् भन्ने पनि म चाहना गर्दछु । मैले अनुरोध गरेका कुरा सबैले गर्नेछन् भन्ने मलाई विश्वास छ । आज म भारतको किनारा छाड्दै छु । म सुदूर पश्चिमको यात्रा गर्न लागिरहेछु, तर मेरो चित्त मेरा दुनियाँतर्फ नै फर्किरहनेछ जसलाई म प्रेम गर्दछु र केही समयका लागि मैले उनीहरूलाई छोड्नु परिरहेछ । विदेशमा अनुभवी मेडिकल विशेषज्ञहरूसित सल्लाह गरी राम्रो उपचार गर्नू भन्ने मैले सल्लाह पाएको छु र म सो सल्लाहको उल्लंघन गर्दिनँ ।

विदेशमा म सकेसम्म थोरै समयसम्म मात्र बस्ने प्रयत्न गर्नेछु, किनभने मेरो देश तथा दुनियाँप्रति नै मेरो ध्यान सदा लागिरहेको छ र उपचारका लागि लाग्ने समयभन्दा बढ्ता म बस्न चाहन्नँ ।

मेरो स्वास्थ्य तथा मेरो सामुद्रिक यात्रा सफल होस् भन्ने अभिप्राय लिएर पठाएका सद्भावनापूर्ण सन्देशहरू मैले पाएँ, तर अहिले स्वास्थ्य ठीक नभएकोले व्यक्तिगत रूपमा सबैलाई जवाफ पठाउन सम्भव भएन, तसर्थ वहाँहरू सबैलाई म सामूहिक रूपमा धन्यवाद दिन्छु ।

बम्बई
२०१०, असोज ६

राष्ट्रिय प्रजापार्टीको मन्त्री-मण्डलको पुनर्गठन-विषय

शाही घोषणा

आगे हाम्रा प्यारा प्रजाहरूकै यथोचित,

हामी सबैले प्रजातन्त्रको मार्ग अनुसरण गर्न गम्भीर र दृढ संकल्प गरेको आज ठीक ३ वर्ष पूरा भयो । लामो या छोटो जे भनुँ यस तीन वर्षको अवधिभित्र उक्त महान् संकलपलाई पूरा गर्ने दिशातिर हामीले के-के सफलता प्राप्त गर्‍यौं अथवा के-के कुरा गर्न सकेनौं, यी सबैको लेखाजोखा गर्ने समय भयो जस्तो लाग्दछ । उक्त उद्देश्यलाई प्राप्त गर्ने प्रयत्नमा हामीलाई केही सफलता प्राप्त भए तापनि अरू

धेरै कुराहरू गर्न बाँकी नै छ। हाम्रा प्रधान मन्त्री तथा अन्य अधिकारी-वर्गको भरसक प्रयत्न भए तापनि संविधान-सभाको लागि आमचुनाव अहिलेसम्म हुन सकेको छैन। एक पटक खडा भइसकेको सल्लाहकार-सभालाई पनि उस बखतको परिस्थितिले गर्दा विघटन गर्नुपर्‍यो। उक्त सभालाई फेरि खडा गर्ने हाम्रो निश्चय पनि विविध कठिनाइहरूले गर्दा अझसम्म कार्यान्वित हुन सकेको छैन। तथापि आजको यस ऐतिहासिक दिवसमा उक्त पुनीत संकल्पलाई दोहर्‍याई आफ्नो मार्गमा अटल भई अगाडि बढ्दै जानुपर्दछ। यो महान् उद्देश्य कुनै एक व्यक्ति अथवा एक समूहको प्रयत्नद्वारा मात्र प्राप्त हुन सक्तैन। यसको निमित्त प्रत्येक तथा सबै नागरिकहरूले सामूहिक प्रयत्न गर्नुपर्दछ। प्रजातन्त्रमा नागरिकको ठूलो उत्तरदायित्व हुन्छ। प्रजातन्त्रको कुरा गर्दा हामीले केवल आफ्नो अधिकारको मात्र ख्याल राखी आफ्नो कर्तव्यको विस्मरण गर्नु हुँदैन। एउटाको अधिकार अर्काको कर्तव्य हुन्छ र सबैले आफ्नो कर्तव्यको पालन गरे भनेमात्र अधिकारको उपभोग सम्भव हुन्छ, यस कुरालाई सबैले याद राख्नुपर्दछ। जनसाधारणमा यस कुराको बोध गराउने जिम्मेदारी राजनैतिक दलहरूमाथि पनि छ। यसो नगरी हामी आफ्नो उद्देश्यमा कदापि सफल हुन सक्तैनौं।

आज देशमा राजनैतिक अस्थिरता र अनिश्चितताको जो वातावरण पैदा भएको छ त्यो देश र जनता कसैको निमित्त पनि कल्याणकारी हुन सक्तैन। यो अनिश्चितता धेरै कालसम्म रहने भयो भने देशको निमित्त घातक सिद्ध हुनेछ। यसै कुरालाई दृष्टिमा राखेर देशमा स्थिरता आवस् भन्ने अभिप्रायले हाम्रो यो धेरै पहिलेदेखिको इच्छा थियो कि देशमा यथाशीघ्र एउटा स्वतन्त्र र निष्पक्ष चुनाव सम्पन्न होस्। तर दुर्भाग्यवश अनेक कारणहरूले गर्दा जसमा हाम्रो देशको भौगोलिक अवस्था र यातायातका साधनहरूको अभाव मुख्य छ, यो काम आशा गरिएको समयभित्र पूरा हुन सकेन, तर चुनावसम्बन्धी सबै कामहरू धमाधम पूरा गरिंदै छन्। मतदाताको नामावली बनाउने काम पनि प्रायः समाप्त भइसकेको छ। चुनावसम्बन्धी काममा कुनै किसिमको शिथिलता नहोस् भन्ने हामीले आदेश दिइसकेका छौं र

हामीलाई आशा छ कि देशको परिस्थितिमा कुनै विपरीत भएन भने चुनाव चाँडै नै पूरा हुन सक्नेछ । यस महत्त्वपूर्ण काममा सबैको पूरा सहयोग प्राप्त हुनेछ भन्ने हामीले आशा गरेका छौं ।

कुनै पनि देशको प्रगतिको निमित्त एकता र पारस्परिक सहयोग अत्यन्त आवश्यक हुन्छ । यो कुरा सर्वविदितै छ । तर देशको यस नाजुक र गम्भीर परिस्थितिमा पनि हाम्रो देशमा एकता र सहयोगको वातावरण आउन नसकेको देख्दा हामी सारै दुःखी छौं । हामीले भनिरहनुपर्ने होइन कि देशको वर्तमान स्थितिमा सानातिना कुरामा भेदभाव तथा मनमुटाव गर्नाले देशको ठूलो अकल्याण हुनेछ । इतिहासले बताउँदछ कि देशको स्थिति नाजुक भएको बखतमा संसारका महान् राष्ट्रका व्यक्तिहरूले आफ्नो व्यक्तिगत अथवा दलगत स्वार्थ त्यागी आपस्तको सबै भेदभाव मेटाई सम्पूर्ण राष्ट्रको बेहतर हितलाई मात्र दृष्टिमा राखी काम गरेका छन् । यसो गर्ने राष्ट्रहरू उन्नतिको शिखरमा पनि पुगेका छन् । हामीले पनि इतिहासको यस सबकलाई हमेशा याद राख्नुपर्दछ ।

देशको वर्तमान परिस्थितिलाई नै लिएर आज जनसाधारणमा एउटा निराशा र उदासीनता फैलेको जस्तो बुझेका छौं, तर यस भावनालाई अगाडि बढ्न दिन हुँदैन । अब त सबैले देशमा घुन लगाउने यस उदासीनतालाई त्यागी नवीन स्फूर्ति र चेतनाका साथ देशलाई अगाडि बढाउन कटिबद्ध हुनुपर्दछ । देश कुनै व्यक्तिको अथवा दलको पेवा होइन, यो त सबैको साजा हो र यसलाई उन्नतितिर लिएर जाने जिम्मेदारी पनि सबैमाथि नै छ । हाम्रो यो प्यारो र रमणीय देश सानो भए तापनि प्राकृतिक धनधान्यले सम्पन्न छ । यस्तो देशलाई पाएर पनि हामीले यसलाई विकसित गर्न सकेनौं भने हामीलाई पछि आउने सन्तानहरूले अपराधी ठहऱ्याउने छन् । यस कुरालाई ध्यानमा राखी अदम्य उत्साह र दृढ प्रतिज्ञाको साथ देशको प्रगतिमा आफूले जो सकेको योगदान दिनुपर्दछ । देशमा एकता बढोस् भन्ने अभिप्रायले सरकारलाई सकेसम्म प्रतिनिधित्वपूर्ण बनाउनको निमित्त हामीले गरेका अथक प्रयत्न तपाईंहरू सबैलाई थाह नै छ । ती प्रयत्नहरूको फलस्वरूप आज राष्ट्रिय आधारमा एउटा विस्तारित मन्त्री-मण्डलको सिफारिशमाथि विचार गरेर हामीबाट हाम्रो आषाढ

२ गते २०१० सालको घोषणाअनुसार बनेको मन्त्री-मण्डललाई पुनर्गठन गरेका छौं। अब मन्त्री-मण्डल देहायबमोजिम हुनेछ।

(१) श्री मातृकाप्रसाद कोइराला, प्रधान मन्त्री (२) श्री ज० महावीर-शमशेर ज० ब० रा०, मन्त्री (३) श्री नारदमुनि थुलुंग, मन्त्री (४) श्री ज० केशरशमशेर ज० ब० रा, मन्त्री (५) श्री दिल्लीरमण रेग्मी, मन्त्री (६) श्री टङ्कप्रसाद आचार्य, मन्त्री (७) श्री भद्रकाली मिश्र, मन्त्री।

अरू तीन नाम पछि घोषित हुनेछन्।

हामीले ठूलो आशा राखेका छौं कि यस मन्त्री-मण्डलले सबैमा परस्परमा सदिच्छा र सद्भावना फैलाई हाम्रो यस प्यारो देशलाई विकास र निर्माणको मार्गमा अग्रसर गराउँदै लैजानेछ। तर सरकार जस्तोसुकै बेस भए तापनि जनताको सक्रिय सहयोग नपाई सफल र प्रभावशाली हुन सक्तैन। तसर्थ देशको यस गम्भीर र नाजुक परिस्थितिको याद देखाउँदै हामी तपाईंहरू सबैसँग सरकारलाई आफूले जो सकेको सहयोग दिनोस् भनी हृदयदेखि अपील गर्दछौं।

सरकारको प्रति गरिने आलोचनाको विषयमा पनि हामी केही भन्न चाहन्छौं। सरकारको आलोचना गर्ने अधिकार सबैलाई छ। सरकारले कुनै भूल गरेको छैन अथवा गर्न सक्तैन यो पनि हामी भन्न सक्तैनौं। भूल सबैबाट हुन्छ। तर सरकारको प्रत्येक कामलाई छिद्रान्वेषणको दृष्टिबाट मात्र हेर्नु हुँदैन। सरकारबाट भएको भूललाई अवश्य दर्साउनुपर्दछ, तर साथै त्यसलाई सुधार्ने उपाय पनि देखाउनुपर्दछ। हामीलाई विश्वास छ कि हाम्रो सरकारले यस किसिमको रचनात्मक आलोचनालाई हमेशा स्वागत गर्नेछ र त्यसमाथि उचित विचार पनि गर्नेछ। किनकि मनुष्यले भूलबाट नै सिक्तछ। तर केवल व्यक्तिगत दोषमात्रै देखाउने आलोचनाले कुनै काम बनाउन सक्तैन, केवल पारस्परिक वैमनस्यको एउटा कारणमात्र बन्न जान्छ।

प्रधान न्यायालयको अख्तियार इत्यादिको बारेमा हाल केही गलत धारणा फैलिएकोले त्यसबारेमा पनि केही स्पष्टीकरण गर्न चाहन्छौं।

हाल सरकारको कार्यकारिणी अंग तथा न्यायालयका अधिकारहरूको बारेमा केही शंका उत्पन्न भएकोले, ती शंकाहरूको निवारणका लागि गत माघ ७ गतेको घोषणा जारी गर्नुपर्‍यो र त्यसै कारणले गर्दा अन्तरिम शासन-विधान तथा प्रधान न्यायालय ऐनमा केही संशोधनहरू पनि गर्नुपर्‍यो । कानूनी शब्द र वाक्यहरूको व्याख्यासम्बन्धी एउटा नयाँ ऐन पनि जारी गरेका छौं । प्रजातन्त्रलाई अघि बढाउने तथा राष्ट्रिय संस्थाहरूलाई बलियो पार्ने हाम्रो र हाम्रा सरकारको दृढ निश्चय छ भन्ने कुरा सबैले बुझ्नुपर्दछ । शासनयन्त्रलाई सुचारु रूपबाट चलाउन तथा साथै प्रधान न्यायालयको प्रतिष्ठा कायम राखी न्यायाधीशहरूलाई दुनियाँको निगाहमा उच्च राख्नको निमित्त आवश्यक देखिएका परिवर्तनहरूमात्र गरिएका छन् । हामीलाई आशा छ कि यी परिवर्तनहरू देशको न्याय-बन्दोबस्तलाई बेहतर बनाउन तथा दुनियाँको पीर-मर्का हटाउनमा सहायक सिद्ध हुनेछन् ।

व्यक्तिगत स्वतन्त्रताका सम्बन्धमा हामीले आफ्नो यसभन्दा अगाडिको घोषणामा जिक्र गरिसकेका छौं । हाम्रो र हाम्रा सरकारको व्यक्तिगत स्वतन्त्रता अपहरण गर्ने अभिप्राय न थियो न छ । यो तर्जुमा पूरा हुनासाथ सो ऐन अविलम्ब जारी गरिनेछ ।

२००७ साल माघ मसान्तसम्मका दण्ड र कैदका सजाय पाउने व्यक्तिहरूलाई हामीले यस अवसरमा केही छूट दिने निश्चय गरेका छौं । यसबारेका अरू विवरणहरू हाम्रो आर्को आदेशमा निस्कनेछ ।

अन्तमा, हामी तपाईंहरू सबैप्रति आजको यस राष्ट्रिय दिवसमा आफ्नो हार्दिक शुभकामना प्रकट गर्दै परमेश्वरसँग प्रार्थना गर्दछौं कि वहाँको अनुग्रहबाट हाम्रो कदम आफ्नो लक्ष्यप्राप्तितिर बढ्दै जावस् र प्रत्येक कदममा हामीलाई सफलता प्राप्त होस् । जय नेपाल !

२०१०, माघ १०

२०११-को नववर्षमा रेडियोद्वारा प्रसारित
शुभ सन्देश

आगे मेरा प्यारा गैह्र प्रजाके यथोचित,

नयाँ वर्ष ल्याउने आजको यस शुभ दिनमा म तपाईंहरू सबैलाई आफ्नो हार्दिक शुभकामना प्रदान गर्दछु । नयाँ वर्षले हाम्रो यस प्यारो देशको सम्मान, गौरव तथा देशवासीको सुख र समृद्धिको उत्तरोत्तर वृद्धि हुँदै गएको देखियोस् भन्ने परमेश्वरसँग मेरो विनीत प्रार्थना छ ।

आजको समारोहमा हाम्रो राष्ट्रिय सेनाको कालीबहादुर दललाई नयाँ निशान प्रदान गर्न पाउँदा मलाई हर्ष लागेको छ । आफ्नो निशानको इज्जत र गौरवको रक्षा गर्नु सेनाको परम कर्तव्य हो । साहस, पराक्रमको निमित्त संसारप्रसिद्ध हाम्रो सेनाले आफ्नो देशभक्तिको उज्ज्वल परम्परालाई कायम राखी मेरा योग्य र सर्वप्रिय कम्यान्डर इनचीफको नेतृत्वमा देशको गौरव बढाउँदै लैजानेछन् भन्ने मलाई पूर्ण विश्वास छ ।

देश अहिले कुन परिस्थितिबाट गुज्रिरहेको छ, सो कसैसँग छिपेको छैन । देशको परिस्थिति जस्तो हुनुपर्दछ त्यस्तो नभए तापनि हताश भई बस्ने कारण छैन । जुन देश प्राकृतिक धनधान्यले यति परिपूर्ण छ तथा जसका निवासी तपाईंहरूजस्ता साहसी र परिश्रमी छन् त्यस देशको भविष्य उज्ज्वल नभै रहन सक्तैन, यसमा मलाई अलिकति पनि सन्देह छैन । आवश्यक यतिमात्र छ कि देशको उत्थान र विकासको निमित्त सबैले सामूहिक प्रयत्न गरून् र सरकारलाई यस कामको निमित्त जो चाहिने सहयोग दिंदै रहून् । मलाई विश्वास छ कि सरकारलाई तपाईंहरूबाट चाहिएको मात्रामा उचित मदत हमेशा प्राप्त भइरहनेछ । सबैले भविष्यपट्टि आशा र विश्वासको दृष्टिले हेर्नुपर्दछ । त्यसो भएमा हामी आफ्नो उद्देश्यमा कहिले पनि विफल हुने छैनौं ।

मरो सरकारको सामने आज धेरै प्रश्नहरू उपस्थित छन् जसको अहिले यथोचित हल हुन सकेको छैन । अरू अनेकौं कुराहरूका अतिरिक्त दुई कुराहरू विशेष महत्त्वपूर्ण र आवश्यक देखिन्छन् । एउटा हो शासनयन्त्रको सुधार र पुनर्गठन र आर्को हो संविधान-सभाको लागि शीघ्र नै आमचुनावको प्रबन्ध । यो कुरा त सबैलाई थाहा नै छ कि सरकारको योजना र कार्यक्रम जस्तोसुकै असल भए तापनि शासनयन्त्र यदि ठीक र प्रभावशाली छैन भने ती योजनाहरू उचित तरीकाबाट लागू हुन सक्तैनन् र सरकारका प्रयत्नहरू विफल हुन जानेछन् । यस कुरालाई ध्यानमा राखेर शासनयन्त्र र व्यवस्थालाई राजनीतिसँग बिलकुलै अलग राखी कार्यकुशल, कम खर्चिलो र प्रभावशाली बनाउनु मेरो सरकारको प्रथम कर्तव्य हुनेछ ।

देशमा स्थिरता ल्याउनु पनि कम महत्त्वपूर्ण र आवश्यक होइन । देशमा स्थिरता नआई कुनै किसिमको प्रगति सम्भव छैन, यो पनि निर्विवाद छ । यस्तो स्थिरता आउन आमचुनावपछि हुने सरकारद्वारा शासन-व्यवस्थाको काम भएपछि सजिलो हुन्छ । तसर्थ यो काम जतिसकेको चाँडो पूरा होस् । मेरो सरकारको यस दिशातिर सतत प्रयत्न रहनेछ । सो हुन नसकेसम्म तपाईंहरू सबैले मैले परिस्थिति र तपाईंहरूको भावनाको विचार गरेर बनाएको सरकारलाई जो सकेको सहयोग दिनुपर्दछ, देशको हित यसैमा छ ।

मैले प्रायः सबै राजनीतिक दलहरूको सहयोगबाट एउटा राष्ट्रिय सरकारको गठन गर्ने उद्देश्यले मन्त्री-मण्डलको विस्तार र पुनर्गठन गरेको कुरा पनि तपाईंहरू सबैलाई विदितै छ । मन्त्री-मण्डलबाट बाहिर रहेका दलहरू र व्यक्तिहरूसँग मेरो यही अनुरोध छ कि उनीहरूले पनि जिम्मेवारी र देशभक्तिका साथ रचनात्मक कार्यहरू गरेर देशको सुख-शान्ति र समृद्धिका लागि जो सकेको सेवा गरून् । देशलाई प्रजातान्त्रिक तथा संसदीय प्रणाली तथा व्यवस्थामा पनि अभ्यास होस् र शासन-व्यवस्थामा जनताको पूर्ण सहयोग पनि प्राप्त होस् भन्ने हेतुले लगभग दुई वर्षअगाडि एउटा सल्लाहकार-सभाको गठन

भएको थियो । केही समय पश्चात् देशको परिस्थिति बदलिएकोले सो सभाको विघटन हुनु आवश्यक भयो । तर अब फेरि उक्त सभाको गठन भएमा देशको शासन-प्रबन्धमा जनतालाई अरू अधिक मात्रामा सम्मिलित हुने मौका मिल्ने भएकोले म आज फेरि एउटा बृहत्तर सल्लाहकार-सभाको ऐलान गर्न लागेको छु । सदस्यहरूको नाम छुट्टै घोषित हुनेछ । यो कदम देशमा प्रजातान्त्रिक संस्थाहरूको पूर्ण विकास होस् भन्ने मेरो इच्छाको फलस्वरूप नै उठाइएको हो । मलाई आशा छ कि सबै सदस्यहरूले आफूले उचित देखेका सुझावहरू दिएर देशको सेवा गर्नेछन् । देशमा प्रजातन्त्रका निमित्त आवश्यक संसदीय परम्पराको जग बसाल्दै जानेछन् । मैले गत प्रजातन्त्र-दिवसको उपलक्ष्यमा भनेको यो कुरा फेरि दोहऱ्याउन चाहन्छु कि देश सबैको साजा हो र सबैको सामूहिक प्रयत्नबाट नै यसको उत्थान हुन सक्तछ । परमेश्वरले हामी सबैलाई सद्विचारले प्रेरित गरून् । जय नेपाल ।

नारायणहिटी दरबार, काठमाडौं
२०११, वैशाख १

दोस्रो सल्लाहकार-सभामा बक्सेको सम्बोधन-भाषण

सल्लाहकार सभाका माननीय अध्यक्ष तथा सदस्यहरू,

आज यस नयाँ संगठित सल्लाहकार-सभाको अधिवेशनमा तपाईंहरूलाई स्वागत-सम्बोधन गर्न पाउँदा मलाई खुशी लागेको छ। देशका विभिन्न भागबाट एकत्रित हुनुभएका तपाईंहरूले देशका विभिन्न समस्याहरूमाथि विचार-विमर्श गरी देशलाई अगाडि बढाउने, देशलाई सुखी र समृद्ध बनाउने कुरामा मलाई सल्लाह र सहायता दिनुहोला भन्ने लागेको छ। देशमा आएको ठूलो राजनीतिक परिवर्तनपछि देशलाई प्रजातान्त्रिक पद्धतितिर ढाल्दै जाने मेरो दृढ इच्छा र अभिलाषा तपाईंहरूलाई विदितै छ। तर यस तीन वर्षको अवधिभित्र जुन प्रकारको राजनीतिक सद्भावनाको आवश्यकता थियो, जुन प्रकारको सामूहिक प्रयासको आवश्यकता थियो, त्यो हुन सकेन, त्यो दोष सबै नेपालीको

हो। मुलुक कुनै व्यक्तिविशेष, दलविशेष या वर्गविशेषको नभई सबैको साझा हो र त्यसको उन्नति र अवनतिमा हामी सबै एकनासबाट प्रवाहित हुन्छौं। त्यसमा पनि कुनै सन्देह छैन व्यक्ति र दलको मात्र ध्यान नराखी देशको सामूहिक उन्नति र विकास समस्त देशवासीको कर्तव्य हुनुपर्ने हो। परिवर्तन भएपछिका यस तीन वर्षका अवधिमा सरकार गठित गर्नेबारे विभिन्न प्रकारका प्रयोगहरू भए, तर कुनै पनि स्थायी रहन नसकेकोले देशमा जुन मात्रामा उन्नति हुनुपर्दथ्यो त्यति देशले उन्नति गर्न सकेन, गरेन वा गर्न पाएन। सर्वप्रथम दुई दलको संयुक्त सरकार बन्यो, आपसको खिंचातानी र एउटाले आर्कोमाथि दोषारोपण गर्नाले अन्त्यमा त्यसको विघटन भयो। त्यसपछि एकदलीय सरकार बन्यो र त्यस बेला केही काम होला भन्ने आशा राखिएको थियो र प्रथम सल्लाहकार-सभाको अधिवेशन पनि त्यस बेला आह्वान गरिएको थियो, तर त्यसले केही काम गर्नुभन्दा अगावै जुन दलको सरकार थियो त्यसैमा आन्तरिक कलह उत्पन्न भएकोले त्यो सरकार पनि विघटित भयो र साथै सल्लाहकार-सभा पनि। बाध्य भएर मैले शासन आफ्नै हातमा लिनुपऱ्यो र केही परामर्शदाताहरूको सल्लाहबाट केही महीना शासन चल्यो। मलाई आशा थियो त्यस अवधिभित्र विभिन्न राजनीतिक दलहरूमा सौहार्द्र र सद्भावना उत्पन्न भई देशको राजनीतिक वातावरणमा केही परिवर्तन आउनेछ कि भनी, तर त्यस अवधिभित्र विभिन्न प्रयासहरू चले तापनि सफल हुन सकेनन्। एकातिर मेरो शरीर-स्वास्थ्य दिन-दिनै बिग्रँदै गयो, उपचारका लागि मैले विदेश जानुपर्ने पनि आवश्यकता ठहरिन आयो। विभिन्न दलहरू एकत्रित भई सरकार संगठित गर्नेछन् भन्ने मेरो आशा र इच्छामा प्रयास चले तापनि त्यो सम्भव हुन सकेन र स्थितिअनुसार मैले आफ्नो भूतपूर्व प्रधान मन्त्रीलाई फेरि सरकार गठित गर्ने अनुमति दिएँ। त्यस बेला पनि मेरो इच्छा र अभिलाषा त्यही थियो विभिन्न राजनीतिक दलहरूले आपसमा सौहार्द्र र सद्भावना बढाई सरकारमा सामेल भई प्रजातन्त्रको जग बसाली हुर्काउने उत्तरदायित्व बोकून्। मेरा प्रधान मन्त्रीद्वारा त्यस दिशामा बराबर प्रयास गरिए तापनि केही महीनासम्म सम्भव भएन। अन्तमा तीन विभिन्न राजनीतिक दलहरूका नेताहरूसित समझौता हुन सक्यो र आज यो सरकार त्यस प्रयासको फलस्वरूप खडा छ। अरू

राजनीतिक दललाई पनि अवसर प्रधान मन्त्रीले दिएकोमा उनीहरूले सो उत्तरदायित्व बोक्न स्वीकार गरेनन्।

जनताद्वारा आम-निर्वाचनमा चुनिएका प्रतिनिधिद्वारा संगठित सरकार कायम हुन नसकुन्ज्याल यो अन्तरिम अवधिका निमित्त कुनै न कुनै किसिमको समयसुहाउँदो सरकार आवश्यक छ। विभिन्न दलहरूले 'मै ठूलो, मै ठूलो' भने तापनि जनताको इच्छाको मापदण्डबाट मत नलिउन्जेल कसलाई मैले ठूलो भन्ने, कसलाई मैले सानो भन्ने! अतः सबै दलहरू मिलेर काम गरेमा यो स्वतः समाधान हुन जाने हुँदा मैले राष्ट्रिय सरकारमाथि बराबर जोर दिएको हुँ। आजको यस सल्लाहकार-सभाको संगठनले मलाई आशामात्र होइन, विश्वास छ कि सरकार चलाउने जिम्मेदारी अझ विस्तृत रूपले जनताका प्रतिनिधिहरूमा बाँडिन गएको छ। सबैको परिश्रम, सद्भावना र सहयोगको बल पाए हाम्रो सरकारलाई पूर्णरूपले प्रजातान्त्रिक सिद्धान्तको बलियो जगमा संसदीय पदको बलियो सिढीमा सर्वहिताय अगाडि बढाउँदै लैजाने मेरो दृढ इच्छा छ। देश र दुनियाँको कल्याणको निमित्त यो लक्ष्य, यो ध्येयलाई सफल बनाउन सबैको निःस्वार्थ सेवा र सहयोगको ठूलो आवश्यकता छ। दुनियाँहरूद्वारा छानिएका प्रतिनिधिको संविधान-सभा खडा नभएसम्म यस अन्तरिम समयमा पनि बढीसे बढी मात्रामा दुनियाँहरूलाई सरीक गराउने तथा संसदीय-प्रणालीमा अनुभवी बनाउने अभिप्रायले यो सभाको निर्माण भएको हो। देशको निम्ति यस किसिमको व्यवस्था नौलो नभएकोले भर्खरमात्र आएको प्रजातन्त्रलाई जगाउन-हुर्काउन, सुदृढ बनाउन यो सभाका सदस्यहरूको ठूलो हात तथा जिम्मेदारी रहनेछ। पुरानो सल्लाहकार-सभाभन्दा यसलाई बृहत्तर तुल्याई सबै क्षेत्र, वर्ग र दलहरूका प्रतिनिधिहरूलाई समावेश गराउने मेरो इच्छानुसार मैले आह्वान गरेकोमा केही व्यक्तिहरूले यसमा भाग लिन मन्जूर गरेनन्। सरकारको स्वस्थ आलोचना गर्ने अवसर मैले दिंदा-दिंदै पनि त्यो अवसर नलिएकोमा उत्तरदायित्व नलिएकै हो जस्तो मलाई लाग्छ। सदस्यहरूले निस्वार्थ देशसेवाको भावनालाई सदैव अगाडि राखी परस्परको ईर्ष्या, द्वेष, वैमनस्यलाई पर सारी मैत्री-भावनालाई अपनाई खाली देश र दुनियाँको बृहत्तर उन्नति र भलाइको

लागिमात्र ध्यान दी आफ्नो कर्तव्यपालन गर्नेछन् भन्ने मेरो ठूलो आशा छ। देशमा शुद्ध प्रजातान्त्रिक संसदीय-प्रणालीको जग बसाल्न र बढाउन तपाईंहरू लाग्नुहुनेछ भन्ने मेरो आर्को आशा छ। सत्य र स्वार्थरहित आलोचनाद्वारा देशको उन्नति र भलाइको काममा मेरो सरकारलाई सहयोग र सहायता गर्नु यो सभाको मुख्य काम हुनेछ।

वर्तमान जगत्मा कुनै पनि राष्ट्रले अकेला पृथक् भएर जिन्दगी बिताउन सक्दैन भन्ने कुरा निर्विवाद छ। पारस्परिक सहयोग गरी निकटतर सम्बन्ध स्थापना गरी सबै राष्ट्रहरूले मानवमात्रको भलाइको ख्याल ली प्रगति-मार्ग पक्री उन्नति गर्नुपर्दछ भन्ने युगको माग छ। अतएव हामीले पनि त्यही मार्ग अवलम्बन गरी सबैसँग मैत्री र सद्भावना स्थापना गरी कुनै गुटबन्दीमा नलागी हाम्रो सार्वभौमिकतालाई अकुण्ठित राखी प्रगतिशील भई उन्नति गर्नु छ। यही नीतिअनुसार हामीले विश्वका प्रगतिशील देशहरूसँग मैत्री बढाई उनीहरूको सहायता स्वीकार गरी सक्तो सर्वतोमुखी उन्नतिको लागि भरमग्दूर प्रयत्न गर्नुमा नै हाम्रो कल्याण छ। विज्ञानमा उन्नति गरिसकेका स्वीटजरल्यान्ड, इङ्गल्यान्ड, अमेरिका प्रभृति देशबाट विशेषज्ञ तथा यस्तै अरू सहायतासमेत प्राप्त गरेका छौं। अनेकन् हाम्रा छात्रहरूलाई उक्त देशहरूमा तालिम लिन पठाएका प्राचीन मित्र पडोसी भारतसँग पनि सोही प्रकारले चाहिने सहायता लिएका छौं। भारतबाट पाएको सहायता हाम्रो भौगोलिक, सांस्कृतिक तथा प्राकृतिक कारणले समेत अरूसँगको भन्दा प्रचुरतर र सो राष्ट्रसित हाम्रो सम्बन्ध निकटतर मात्रामा हुनु हाम्रो दुवै देशको पारस्परिक समान स्थिति, ध्येय, नीति इत्यादिले नै हो, तथा पडोसीले पडोसीका सुख, दुःख सबै कुरामा सरीक भई अरूभन्दा बढ्ता मदतगार हुनु स्वाभाविकै तथा हितैको कुरा हो भन्ने निर्विवाद छ। हाम्रा अनेकन् नागरिकले विश्वभ्रमण गरी ज्ञान-परिवर्द्धन गरिरहेछन्। विदेशका नागरिकहरू पनि नेपाललाई पारस्परिक सौहार्द्र र सहानुभूति–दानको निमित्त सचेष्ट छन्। इराक, टर्की, आर्जेनटिन, जापान, क्यानाडाका उच्च व्यक्तिहरू नेपालमा बराबर आएका छन्। हाम्रा छात्रहरू पनि न्यूजिल्यान्ड, अस्ट्रेलिया, जापान प्रभृति सुदूर देशमा समेत तालिम लिंदै छन्। पिछडिएका देशले प्रगतिशील देशसँग सहायता लिनु, प्रगतिशील

देशले कुनै शर्त वा बन्धन नपारी सहायता दिनु युगको कर्तव्य सम्झिएको छ। यसमा न त पिछडिएकालाई सहायता दिएबापत शर्म हुने कुरो हो, न त सहायता लिएबापत कसैले अपहेलना नै गर्न पाउँछ। यस्तो पारस्परिक सहयोगिता मैत्रीपूर्ण सम्बन्धलाई 'हस्तक्षेप' भन्ने नामकरण गर्नु अनधिकृत द्वेषयुक्त अज्ञानपूर्ण विकृत भावनाको परिचय दिनुमात्र हो भन्ने तपाईंहरूलाई विदितै छ। कुनै देशविशेषमात्रको सहायता लिई अरूसँग सम्बन्ध-स्थापना नगरेको भए पनि शायद त्यस्तो आक्षेप समुचित हुन्थ्यो। तर, नेपाल विभिन्न राष्ट्रिय संस्था जस्तो कि, विश्व-स्वास्थ्य संघ, एक्याफे, युनेस्को, कोलम्बो प्लान, यू० एस्० ओ० एम्० (प्वाइन्ट फोर) इत्यादिबाट सहायता लिइरहेछ तथा संयुक्त राष्ट्रसंघको सदस्य हुनलाई सक्रिय छ। नेपालले बिलायत, अमेरिका, फ्रान्स, हिन्दुस्तान देशसँग दौत्य-सम्बन्ध स्थापना गरिसकेको छ एवं उत्तरको छिमेकीसित पनि हाम्रो सम्बन्ध राम्रो चलिआएको छ औ आवश्यकताअनुसार यी सम्बन्धलाई मजबूत गर्दै अरू देशसँग पनि स्थापना गर्नेछ। नेपालको सार्वभौमसत्ताको सतत संरक्षण गरी सबैसँग मैत्रीभाव स्थापना गरी कसैका प्रभावमा नपरी गुटबन्दीमा नआई, नेपाललाई अग्रगामी गराउनु हाम्रो वैदेशिक नीति छ। यस्तो सद्भावनायुक्त सम्बन्धको नीतिलाई जानी-बुझी, बुझ पचाई कसैले दुर्नाम दिन्छ भने सो सत्यको पारगमन हो भन्ने स्वतःसिद्ध छ भन्ने आशा गर्दछु।

हाम्रो आर्थिक अवस्था शोचनीय छ तापनि सो सुधार्नको निमित्त यथाशक्ति प्रयत्न भइरहेछ। सबै सम्पन्न देशले पनि चालू राख्न नसकेको चाँदीको मुद्राको चलन हाम्रो गरीब देशले गरिरहेको थियो। अब क्यूप्रो निकेलको सिक्का चालू गरिसक्यो, त्यसबाट चाँदीको बचत भई निकै नै लाभ हुने अनुमान गरिएको छ। १९५०-को भारत सरकारसँगको वाणिज्य-सन्धि लागू गराउन र अन्तःशुल्क फिर्ता गराउनसमेत यथोचित कारवाई भइरहेछ। अन्तःशुल्क फिर्ता हुने भएबाट नै नयाँ टैक्स केही नलागी करीब ६० लाखको सरकारलाई थप आय हुने अनुमान गरिएको छ। यो मामूली आयवृद्धि होइन। भन्सारको आय चुहिरहेको रोक्नलाई आधुनिक तवरले भन्सार सुधार-सम्बन्धमा काम हुन लागिरहेछ। टैरिफबोर्ड खडा भएबाट एउटा मालमा २-३ ठाउँमा

भन्सार तिर्नुपर्ने परिस्थिति हट्न गई सर्वसाधारणलाई सुविधासमेत हुने योजना भइसकेको छ।

हाम्रो मुद्राको स्फिति भई अवमूल्यन भयो भन्ने निकै नै खलबली भएको छ। पुरानो शासनमा भरसक कम खर्च गरी बचत चलन-चल्तीमा नआई अन्यत्रै जाने हुनाले मुद्राभाव जस्तो थियो, प्रजातन्त्र भएपछि देशको सबै आय देशमै खर्च हुने भयो। त्यसबाट मुद्रा प्राचुर्य भई तथा क्रयशक्ति जनतामा आई मुद्रास्फिति भएको हो कि भन्ने अनुमान हुनु अनौठा कुरा होइन। यो बढी मात्रामा चलन-चल्तीमा आएका नेपाली मुद्रा नेपालभर फिंजाएमा र भारतीय मुद्रा चलेको हाम्रो सुदूर पूर्व र पश्चिम पहाडमा पनि नेपाली मुद्रा हालै चलन-चल्तीमा आइसकेको छ। तत्पश्चात् देशभरमा चलाउने प्रबन्ध मिलाए ३०-४० करोड नेपाली मुद्रा सजिलैसँग देशमा भिज्ने हुनाले त्यस दृष्टिबाट यथोचित प्रबन्ध हुँदै छ र नेपालको वर्तमान अवमूल्यन स्थायी होओइन भन्ने आशा औ विश्वास गरिएको छ।

स्वास्थ्य-सम्बन्धमा पनि हाम्रो सरकारले आफूसँग भएको साधन र विदेशी सहायताद्वारा निकै नै प्रगति गरेको छ। ३१ वटा नयाँ डिस्पेन्सरी हालै नै थपिने भएका छन्। भारत सरकारबाट नेपालका अस्पतालका लागि बिनामूल्य सामानसहित ५०० बेड प्राप्त भएका छन्। मलेरिया, कालाज्वर, फाइलेरिया इत्यादि नियन्त्रणको लागि विश्व-स्वास्थ्य-संघ समेतबाट सहायता मिलेको छ। नर्स ट्रेनिंग पनि यथाशीघ्र शुरू हुने भएको छ। आयुर्वेदको पुनरुत्थानको लागि छुट्टै डाइरेक्टर खडा भई कार्य शुरू भइसकेको छ। स्वास्थ्यसम्बन्धी सार्वजनिक काम गर्ने गैरसरकारी संस्थाहरूलाई पनि यथासम्भव आर्थिक र अरू किसिमको सहायता दिई गैरसकारी संस्थासमेत खुलाउने प्रोत्साहन दिइएको छ।

नेपालमा शिक्षाको ज्यादै नै अभाव भएकोले सो अभाव पूर्तिको लागि सरकारको साधन सीमित भए तापनि यथाशक्ति कारवाई भइरहेको छ। नेपाललाई सुहाउँदो शिक्षा-योजना तयार पार्नको निमित्त शिक्षा-आयोग खडा भएको छ। पाठशाला नभएका ठाउँमा २२५ प्रारम्भिक पाठशाला खोल्ने प्रबन्ध भई त्यसमध्ये केहीले सहायतासमेत पाएका छन्।

प्राइभेट पाठशालालाई यथाशक्ति सहायता दिइएको छ। हाई स्कूल, कलेज, संस्कृत महाविद्यालय इत्यादि पनि हालै खुलेका छन्। विदेशमा पढ्न जानेहरूलाई छात्रवृत्ति दिइएको छ। कोलम्बो प्लान, एफ्० ए० ओ० प्रभृतिबाट छात्रवृत्ति प्राप्त गरी सयकडौं छात्र-छात्राहरूलाई विदेशमा उच्च शिक्षा हासिल गर्न पठाइएको छ। शिक्षा अतिशय महत्त्वको कुरा हुनाले सरकारले भरसक प्रयत्न गरेको छ तापनि अझै अरू सफलता कसरी हुन्छ भनी समुचित अन्वेषण गरिंदै छ।

देशको प्राकृतिक साधन (Natural Resources) र सामग्रीको निमित्त हाम्रो सरकार भरसक कोशिश गर्दै छ। विभिन्न किसिमको भौमिक, कृषि र खनिज पदार्थ इत्यादि निरीक्षण र आपरीक्षण हुँदै छन्। यो निरीक्षणको काम ज्यादै पारिभाषिक भएकोले हाम्रा इन्जीनियरहरूमात्रबाट हुन असम्भवप्राय: थियो। तर हामीले प्रगतिशील देशसँग सहायता लिने नीति अपनाएको हुनाले नै यो काममा हामीलाई विदेशी विशेषज्ञबाट बहुमूल्य सहायता मिल्यो। गोदावरी फूलचोकी डाँडामा फलाम पनि फेला पर्‍यो। त्यसबाट नेपालको फलामको माग पूर हुन सक्ने आशा छ। डाक्टर हागन् भन्ने स्वीस विशेषज्ञले **जियोलजी आफ नेपाल** भन्ने रिपोर्ट तयार गर्नुभएको छ। त्यसबाट निकट भविष्यमा अरू के-के खानिको काम हुन सक्नेछ, जाँच-पडताल हुँदै छ। काठमाडौं उपत्यकामा मट्टी-कोइलाको केही भागमा उपयोग भएको हो तापनि वैज्ञानिक ढङ्गबाट काम हुन सकेको थिएन, अब ईंट पोल्ने काममा दाउराको निकै नै बचावट हुने भैसक्यो तथा अरू बढ्ता मात्रामा त्यसको उपयोग गरी जङ्गलको दाउरा बचाई जङ्गल सुरक्षित हुने प्रबन्ध हुनेछ। रापती बेसीमा १४ लाख मुरी अन्न उत्पादन गर्ने योजना यथाशीघ्र कार्यान्वित हुने भएको छ। गोरससम्बन्धी काम एफ्० ए० ओ०-बाट आउनुभएका स्वीसविशेषज्ञ सुल्तेक्सले सन्तोषजनक तौरबाट गरिरहनुभएको छ। कृषि तथा ग्रामोद्योग-विकासको लागि 'त्रिभुवन ग्रामविकास योजना' चालू भइसकेको छ। कोशीको मारबाट बच्नको लागि भारत सरकारलाई कोशीमा बाँध बाँध्ने इजाजत दिइएको छ। त्यसबाट हाम्रो देशलाई निकै नै लाभ हुनेछ भन्ने विश्वास गरिएको छ। २० महीनाभित्रमा नै १६०० किलोवाटको बिजुली थर्मल प्लान्ट

काठमाडौंमा चालू हुनेछ। तिलाउ, सिर्सिया, दुधौरा योजना मधेसमा, महादेव खोला सिंचाई योजना उपत्यकामा र टचुवेल योजना इत्यादि कृषिसम्बन्धी योजना पनि चालू भइसकेका छन्। उपर्युक्त विकासको कामलाई हाम्रो आफ्नो साधन तथा कोलम्बो प्लान टी० सी० ए० एफ्० ओ० प्रभृतिबाट प्राप्त सहायता सम्मिलित गराई यथासम्भव शीघ्र सर्वतोमुखी विकास गराउनको लागि समुचित प्रयत्न भइरहेछ। उपर्युक्त त्रिभुवन राजपथ र त्रिशूली योजनालाई जम्मा करीब चार करोड रुपियाँ लाग्ने अनुमान भएको छ औ सो कोलम्बो प्लानअन्तर्गत भारतद्वारा प्राप्त हुने भएको छ। त्रिभुवन-राजपथ निकै नै बनिसक्यो एवं आर्को सिजनदेखि चालू हुने अनुमान गरिएको छ।

यातायात र संचारको असुविधाको पनि देशको उन्नतिलाई प्रचुर मात्रामा बाधा परेको छ, अतएव त्यसपट्टि पनि सरकारले यथासम्भव ध्यान दिएको छ। सडक-निर्माणलाई धेरै खर्च लाग्ने हुनाले र हाम्रो साधन कम हुनाले सडक-निर्माण वैदेशिक सहायताबाट गराउने नीति अपनाएको हो। प्राइभेट तवरबाट बाटो बनाउँछौं भन्ने नेपाली नागरिकलाई भरसक सहूलियत दिइएको छ। बडा हाकिमहरूलाई स्थानीय जनताहरूको सहयोगले सडक बनाउनू भनी खास आर्डर भएको छ तथा यथाशक्ति आर्थिक सहायता दिइएको छ। हवाईजहाजको निमित्त लैन्डिङ्ग ग्राउन्ड ५-७ ठाउँमा तयार भइसकेका छन्। पहाड औ तराईको सबै प्रमुख स्थानमा लैन्डिङ्ग ग्राउन्ड चाँडै बनाउने योजना छ। पाल्पादेखि बुटौल-भैरहवासम्म टेलिफोन लाइन विस्तार भएको छ। कोइलाबासदेखि दाङसम्म टेलिफोन लाइन विस्तार गर्ने कामका लागि मानिस खटिइसकेका छन्। आकाशवाणीका नयाँ १५-१६ वटा स्टेशन चालू भइसकेका छन्। देशका प्रमुख स्थानमा टेलिफोन वा आकाशवाणी जेबाट हुन्छ यथाशीघ्र सम्बन्ध स्थापना गर्ने आयोजना कार्यान्वित हुँदै छ। भारत सिमाना नजीकका प्रमुख नेपाली पोस्ट आफिसहरूलाई एक्सचेन्ज पोस्ट-आफिसमा परिणत गर्नेबारेमा भारत सरकारसँग चाहिंदो लेखापढी हुँदै छ।

काठमाडौं उपत्यकाभित्र पनि राजधानीमा टेलिफोन बराबर अविच्छिन्न चलिरहन पाउने कुरामा पनि बीच-बीचमा काटिने खप्टिने

हुन नपाओस् तथा साथै सर्वसाधारणले पनि उपयोग गर्न पाउने हेतुले जमीनभित्रबाट तार लैजाने व्यवस्थाका लागि धमाधम काम हुँदै रही चाँडै नै सो सम्पन्न हुने भएको छ।

उद्योग-वाणिज्यमा नेपाल कत्तिको पिछडिएको छ, सो दुःखद कुरा दोहऱ्याउनु शायद जरूरी छैन। हाम्रो देश पिछडिएको हुनाले कच्चा माल निर्यात हुन्छ। तयारी माल आयात हुन्छ। बिराटनगरका २ जूट मिलमध्ये १ जूट मिल बिराटनगर जूट मिल पाटको भाउ घटी नोक्सान भई केही महीनासम्म गत वर्ष बन्द भयो। त्यसरी एक पल्ट राम्रोसँग चलिसकेको मिल फेल भएमा देशको उद्योगलाई ठूलो आघात पर्ने हुनाले हाम्रो सरकारले सहानुभूतिपूर्वक मिललाई सहायताको बन्दोबस्त गरिदिई फेरि चलाएको छ। अर्को मिल रघुपति जूट मिलमा पनि मेनेजिङ एजेन्सीलाई लिएर गत ५-७ वर्षदेखि झगडा भै मिल चल्न सकेको थिएन। देशको प्रमुख उद्योग हुनाले र त्यसमा हाम्रो नागरिकको धेरै पैसा फँसिसकेको बर्बाद हुनेजस्तो देखिएकोले झगडा निर्मूल गरिदिई मिल चलाई शेयर-होल्डरको र देशकै समेत कल्याणको खातिर उक्त मिलको मेनेजिङ एजेन्सी राइटसमेत खरीद गरी मिल चलाइएको छ। आशा गरिन्छ उक्त प्रमुख दुई मिल चलेपछि अरू-अरू मिललाई पनि उन्नति गर्न सजिलो हुनेछ। नयाँ उद्योग चालू गर्न खोज्नुभन्दा भएको उद्योगको संरक्षण गर्नु बेहत्तर हुनाले सरकारले यो कदम लिएको हो।

वाणिज्यबारे पनि नेपालको व्यापार धेरैजसो भारतसँग हुने हुनाले भारत-नेपाल वाणिज्य-सन्धि केही वर्षअगाडि भए तापनि त्यसको परिणति आजसम्म हुन नसकेकोमा त्यसलाई यसै एक महीनाभित्र लागू गराउने व्यवस्था मिलाएको छ।

'हरियो वन नेपालको धन' भन्ने कुरा तपाईंहरू सबैमा विदितै छ। हामीले यस धनको पूर्ण मात्रामा वैज्ञानिक सदुपयोग गर्न सकेका छैनौं। स्थिति सुधार्नको निमित्त भारतबाट वन-विशेषज्ञ झिकाई त्यसतर्फ कारवाई गरिँदै छ। विशेषज्ञको रिपोर्ट प्राप्त भएपछि भरसक चाँडो वैज्ञानिक ढङ्गले वनको सम्वर्द्धन तथा संरक्षण गर्ने सरकारको नीतिलाई कार्यरूपमा परिणत गर्न सरकारले निर्माणात्मक सुझावका निमित्त

सबैसँग अनुरोध गरिरहेको छ। गतवर्ष मनाएझैं यस वर्ष पनि वनमहोत्सव मनाउन आवश्यक कारवाई गर्दै छ।

यही ज्येष्ठ १५ गते तपाईं हामीले जनगणना-दिवससमेत मनाइसकेका छौं। पूर्वपट्टिको जनगणना लिने काम २००९ सालमैं समाप्त भैसकेको छ। पश्चिमपट्टिको पनि धमाधम भइरहेको कुरा तपाईंहरूमा विदितै छ।

निर्वाचन चिताएको टाइमभित्र गर्ने कोशिश चलिरहे तापनि अहिलेसम्म हुन नसकेकोमा खेदको कुरा छ। निर्वाचन नेपालका निमित्त अनौठा कुरा हुनाले र हाम्रा प्रजामा शिक्षाको अभाव हुनाले उचित मात्रामा सहयोग नपाएको र काम पनि ज्यादै नै ठूलो हुनाले समय बढ्ता लाग्न गएको हो। एलेक्शन अफिसरहरूलाई पनि तालिम दिइँदै छ। चुनावको निमित्त जिल्लाहरूलाई जनसंख्याको आधारमा वडामा विभक्त गर्ने काम पनि हुने भएको छ। अहिलेसम्म ३०,८९,१०८ मतदाताको नामावली तयार भइसकेको छ। अब चाँडै नै निर्वाचन हुन सक्ने आशा छ।

मालपोत, गुठी, भूमि इत्यादिको जटिल समस्या समाधान गर्नेको लागि सम्बन्धित विभागहरू क्रियाशील छन्। क्याडेस्ट्रल सर्भे गर्ने निर्णय भई तत्सम्बन्धी योजना आंशिक रूपले कार्यान्वित पनि भइसक्यो। उक्त सर्भेबाट भूमि-सुधार औ मालपोत सुधारलाई पनि प्रशस्त मद्दत मिल्ने आशा गरिएको छ। समस्या अतिशय जटिल औ महान् हुनाले आकांक्षित फल चाँडै मिल्न मुश्किल हुने स्वाभाविकै कुरा हो तापनि यो महान् कार्यमा उचित मात्रामा जनताको सहयोग मिलेमा सफलता प्रत्याशित समयभन्दा पहिल्यै पनि मिल्न सक्ला। भूमि-सुधार कमिशनले ३ अधिवेशन गरिसक्यो, आगामी अधिवेशन आगामी आषाढमा गर्ने योजना छ।

ठाउँ-ठाउँमा चलिरहेको जिमिदार र किसानको खिचातानी सुल्झाई उचित व्यवस्था कायम राख्नको निमित्त एउटा भूमि-सुधार योजना चाँडै नै लागू गराउन घुम्ती अदालतहरू पठाउन सरकारले

कारवाई गरिरहेछ। घुम्ती अदालतका नियमहरू तयार हुनासाथ जिल्ला-जिल्लामा सो अदालतहरू पठाई चाँडै नै जिमिदार-रैतीको खिचातानी दूर गराउने आशा गरिएको छ।

देशको आभ्यन्तरिक र बाह्य सुरक्षाको लागि राष्ट्र-सेनाको र पुलिसको उपयोगिता सर्वविदितै कुरा हो। सेनाको नयाँ दरबन्दी र सेना क्रमीकरण भई पुनर्गठन भई तालीम पाइरहेका कुरा तपाईंहरूलाई विदितै छ। पुलिस पनि राष्ट्रको आन्तरिक सुरक्षा र व्यवस्थाको आवश्यक अङ्ग हुँदा र त्यसको पनि उचित पुनर्गठन वाञ्छनीय हुँदा सो काम धमाधम भइरहेको छ। हाम्रो राष्ट्रको पुलिस-संगठनमा विभिन्न प्रकारका इकाईहरू भएकोमा तिनलाई एकीकरणका साथ वर्गीकरण गर्ने काम सुचारु रूपले चलेको छ। यस सिलसिलामा हाम्रा पुलिसका अफिसरहरू-मध्ये एकले माउन्ट आबूको ट्रेनिङ स्कूलबाट तालिम पाई उत्तीर्ण भई आइसकेका छन्।

जिल्ला-जिल्लाहरूमा शान्तिभङ्ग गर्ने तत्त्वहरूलाई यथोचित तौरले पक्रन र थुनामा राख्नको लागि बडा हाकिमहरूलाई सुरक्षा कानून प्रयोग गर्ने अधिकार दिएको छ।

उक्त अधिकार परिस्थितिको ख्यालले र अत्यावश्यकताको महसूस गर्दै दिइएको हो तापनि प्रधान न्यायालयले त्यसको विरोध गरी त्यस्ता तत्त्वलाई थुनाबाट छोडिदिई तथा मन्त्री-मण्डलको कार्यकारिणी अधिकार छैन भन्ने फुलबेन्चबाट निरूपण गरिदिएबाट देशमा त्यस्तालाई प्रोत्साहन हुन जाने, सरकारको कार्यकारिणी-शक्तिको अपहेलना हुन जाने तथा देशव्यापी विप्लवै हुन जानेसमेत आशंका भई प्रधान न्यायालयको ऐनको संशोधन गर्नुपर्ने आवश्यकता भई उक्त ऐन संशोधन भए को हो। व्यक्तिगत स्वतन्त्रता लोप भयो भन्ने निराधार आलोचनाको खण्डन गर्दै हामीबाट व्यक्तिगत स्वतन्त्रता हरण भएको छैन, सुरक्षित छ भन्ने बारेमा २०१० साल फाल्गुन ७ गतेमा घोषणा गरेका थियौं। त्यसको समर्थन यहाँ पनि गर्दछु। शासनको हरएक अङ्ग ऐन र कानूनको बन्धनमा चलून् भन्ने मेरो अभिप्राय हो।

स्थानीय स्वायत्तशासन-सम्बन्धमा निकै नै प्रगति भएको छ। काठमाडौं, भक्तपुर, ललितपुर, विराटनगर, वीरगन्जमा नगरपालिका खडा भइसके, तथा शीघ्र नै नेपालगन्ज, भद्रपुर प्रभृतिमा पनि खडा गर्ने योजना छ। करीब ६०० नगर-पंचायत पनि खुलेका छन्। विराट नगर, वीरगन्जजस्ता प्रमुख स्थानमा वारुणयन्त्र राख्ने पनि योजना-तयार भइसकेको छ। म्यूनिसिपलिटी म्यानुएल खडा गरी म्यूनिसिपल म्यानुएलहरू बनाउने काम पनि भइरहेछ।

राजनैतिक परिवर्तन साथ-साथ आउनुपर्ने विधान-परिवर्तनको निमित्त पनि 'ल-कमिशन' खडा भएको छ। त्यसले नेपालको सबै ऐन-सवाललाई आधुनिक तथा प्रजातान्त्रिक ढङ्गमा ढाली नेपाललाई सुहाउँदो ऐनको विकास गराउने काम शुरू गरिसकेको छ।

नेपाल सरकारका प्रचार-विभाग तथा गोरखापत्र, रेडियो नेपाललाई अझैं सुचारु रूपले चलाउनको लागि सुझाव दिनू भनी पब्लिसिटी कमिशन गठन भएको छ। आशा गरिन्छ त्यसको रिपोर्टले निकै नै मद्दत दिनेछ।

नेपालको खास स्थिति सुधार्नको निमित्त अल्पकालीन तथा दीर्घकालीन दुवै किसिमका सुझाव दिनु भनी खाद्यान्न-संकट-निवारण समिति गठन भएको छ। उपत्यकामा अन्न संकट आइपरेछ भने त्यस्तो परिस्थितिको मुकाबिला गर्नको लागि अन्न मौजदात पनि राखिएको छ।

हाम्रो सरकारले अपनाएको नीति तथा सो नीति कार्यान्वित गर्न बढाएको कदमको दिग्दर्शन गराई अब सरकारले लिएको लबजको पनि संकेत पाउँदछु। सो लबज 'न्यूजनतम कार्यक्रम'-को नामले २०१० साल चैत्र २३ गते गोरखापत्रमा प्रकाश भइसकेको छ।

देश-सेवाको भावले प्रेरित भएर यस सभामा सम्मिलित हुनुभएका तपाईंहरू सबैले यी निर्देशक सर्वमान्य खँदिला सिद्धान्तहरूको सम्मान-रक्षाका साथै कार्यान्वित गर्नमा भरमग्दूर सहयोग दिनु हुने नै छ। प्रजातान्त्रिक भावना, कार्यकुशलता इत्यादि विषयको लागि पनि समग्र देशलाई नै तपाईंहरू उदाहरणस्वरूप तथा प्रेरकसमेत हुनुहोला भन्ने आशा गरेको छु।

श्री पशुपतिनाथले यो सल्लाहकार-सभालाई सफल गरून् भन्ने मेरो हार्दिक प्रार्थना छ। जय नेपाल!

२०११, जेठ २५

शुभ-जन्मदिनको उपलक्ष्यमा बक्सेको सन्देश

मेरा प्यारा प्रजाहरू,

लामो शारीरिक अवस्थाले तपाईंहरूलाई आफैले केही भन्न पाएको थिइनँ। मेरो बिरामीमा तपाईंहरूबाट जुन स्नेह, सद्भावना र समवेदना पाएँ त्यसले आज फेरि तपाईंहरूलाई सम्बोधन गर्न पाउने अवसर ल्याएको हो। प्रत्येक वर्ग, जाति, मजहब, दल, सम्प्रदाय र सरकारी जंगी, निजामतीहरूको शुभेच्छा र भगवान्‌सितको प्रार्थनाले मेरो रोगलाई हलुका तुल्यायो। मेरो स्वास्थ्य अझै ठीक भइसकेको छैन, तर तपाईंहरूको सहानुभूति र प्रार्थनाका भरमा चाँडै नै तपाईंहरूका सेवाको लायक हुन सकौंला भन्ने आशा राखेको छु।

मेरो स्वास्थ्यमा धेरै व्यक्ति र समाजहरूले व्यक्तिगत रूपमा पुरश्चरण, पाठ-जप, प्रार्थना इत्यादिहरू गराएकोमा सबैको हृदयदेखि नै आभारी छु तथा तपाईंहरू सबैलाई मेरो आन्तरिक धन्यवाद छ। मेरो मन्त्री-मण्डल विशेष गरी प्रधान मन्त्री तथा महावीरशमशेरले मेरो औषधि-उपचारको राम्रो बन्दोबस्त र मित्रराष्ट्र भारतका राजदूत भालचन्द्र कृष्ण गोखलेले र भारतका चिकित्सक तथा पश्चिम बङ्गालका मुख्य मन्त्री डा० विधानचन्द्र रायले पनि मेरो रोग-निवारणका लागि आफ्नो व्यस्त कर्तव्य छोडी आउनुभएकोमा सबैलाई मेरो धन्यवाद छ। जय नेपाल!

नारायणहिटी दरबार,
२०११, असार २५

उपचारको लागि स्वीटजरल्यान्ड सवारी हुनुअघि

शाही सन्देश

मैले औषधि-उपचारको लागि फेरि बिदेशिनुपरेको छ। मेरो अनुपस्थितिमा एउटा राजकीय परिषद्‌ले मैले गर्नुपर्ने काम गर्नेछ। त्यो परिषद् छोरा युवराजाधिराजको नेतृत्वमा गठन गरिएको

छ । मलाई पूर्ण विश्वाश छ उनको नेतृत्वमा गठित यो राजकीय परिषद्ले झन् दृढताका साथ देशका उपस्थित समस्याहरूको समाधान गर्नेछ । यो राजकीय परिषद्-संचालनलाई एउटा ऐन पनि हामीबाट घोषित गरिबक्सेको छ ।

यस पाली बाढीले गर्दा देश क्षत-विक्षत भयो । हाम्रा मित्र भारत, ब्रिटेन, अमेरिका र अरू देश तथा अन्तर्राष्ट्रिय रेडक्रासबाट पनि यस विपदमा सहायता प्राप्त भयो । तर हामीले राष्ट्रिय विपत्तिमा आफ्नो खुट्टामा उभिने प्रयास गर्नु नै आफूलाई बलियो पार्नु हो । अरूको मुख ताक्नाले आफ्नो आत्म-विश्वास मात्र होइन आत्म-गौरव पनि लोप हुने सम्भावना छ । अतः आजको यस समस्यामा सेवा, श्रम, दान र राष्ट्रिय विपत्तिको सामना गर्नमा कटिबद्ध छौं । आज सामूहिक सहयोगी प्रयासको आवश्यकता छ । विपत्तिमा पुर्पुरोमा हात लगाएर काम चल्दैन, आजभन्दा भोलि केही निर्माण हुँदै जानेछ । त्यसबाट आत्मविश्वास जाग्छ, एवं राष्ट्रको ठूलो सम्पत्ति नै त्यही हो ।

यता केही दिनदेखि मन्त्री-मण्डलमा मतभेद छ र सो भंग हुनेभएको छ भन्ने चर्चा स्थानीय र विदेशी पत्रपत्रिकामा देखेर मन्त्री-मण्डलका सदस्यहरूलाई संयुक्त रूपमा आह्वान गरी आफ्ना-आफ्ना कुरा तुरन्तै गर्ने आग्रह गर्दा मतभेदका कुनै ठोस आधार पाउन सकिएन । मलाई यो घोषणा गर्दा खुशी लागेको छ कि प्रधान मन्त्रीका साथै अरू मन्त्री-मण्डलका सदस्यहरूले सम्मिलित रूपमा सौहार्द स्थापना गरी काम गर्ने आश्वासन दिएका छन् । मलाई विश्वास छ, देश र जनताको माग ध्यानमा राखेमा कुनै पनि समस्या ठूलो हुने छैन ।

२०११, असोज २७

नीसबाट पठाइबक्सेको सन्देश

प्यारा दिदि-बहिनी, दाजु-भाइहरू,

आज आफ्नो मातृभूमिको महान् राष्ट्रिय दिवसको उपलक्ष्यमा तपाईंहरूको साथ देशमा रहनुको बदला देशबाट हजारौं कोस टाढा

बसी यो हार्दिक सन्देशमात्र पठाउनुपर्दा मलाई ज्यादै अफशोच लागेको छ । तर आजको यो शुभ दिनले फेरि देशमा नयाँ एकताको भावनालाई आफ्नो मेल-मिलापको साथै काँधमा काँध मिलाई देशलाई माथि पुऱ्याउने शक्ति मिल्नेछ भन्ने यही मेरो हार्दिक शुभकामना छ । अहिलेको परिस्थितिमा म नेपालमा हुनु बहुतै आवश्यकता थियो र म आउन पनि तयार भएको बखतमा अकस्मात् फेरि उही पुरानो रोग उल्टी बिलकुल अशक्त अवस्था भएको र डाक्टरहरूले पनि चलनसम्म नहुने सल्लाह दिएकोले तुरुन्तै नेपालमा तपाईंहरूको सुख-दु:खमा सरीक भै काँधमा काँध मिलाई वर्तमान परिस्थितिको सामना गर्ने काममा तपाईंहरूलाई मदत दिन नसक्ने अवस्था भएकोले बहुतै अफसोच लागेको छ । तसर्थ हाललाई छोरा नानी श्री ५ युवराजाधिराजलाई यहाँ बोलाई देशको वर्तमान परिस्थिति हेरी कसो गरे देश र देशवासीहरूको भलाइ हुन्छ यथाशक्य जन-आवाज सुनी आवश्यक सबै काम-काज गर्ने गर्नू भनी अह्राई ममा रहेको सबै शाही अधिकार पूर्णतवरले दिइपठाएको छु । तपाईंहरूले पनि मुलुक उँभो लाग्ने काममा हरतरहबाट छोरा नानी श्री ५ युवराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवलाई मदत दिनुहोला भन्ने पूर्ण विश्वास राखेको छु । म पनि तपाईंहरूको र देशको सेवा गर्न सक्ने समर्थ हुनासाथ चाँडै नै आउनेछु । श्री पशुपतिनाथले देश र देशवासीहरूलाई सदैव सुबुद्धि दिई कल्याण गरून् ।

२०११, फागुन ७

*****

५

विशेष

राष्ट्रनायकको शोक-सन्देश

श्री ५ त्रिभुवनको स्वर्गारोहणमा टुँडिखेलमा आयोजित २०११ साल, चैत्र ६ गतेको विशाल शोक-सभामा श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव सरकारबाट पठाइबक्सेको शाही शोक-सन्देश।

श्री ५ बुबाज्यूको स्वर्गवासमा यो शोकसभाको आयोजना गरेकोमा आयोजक र उपस्थित सबैलाई मेरो हार्दिक धन्यवाद छ। यो सभामा केही भनी मौसूफ बुबाज्यूप्रति आपनो श्रद्धाञ्जलि पनि चढाउँदछु। जन्म-मरण, सुख-दुःख मनुष्य जिन्दगीमा घाम-पानी जस्तै हो, तर त्यसो भनेर जति चित्त बुझाए पनि वियोग-व्यथाले मन रसाउन छाड्दो रहेनछ। आत्मा कल्पनाभन्दा बाहिर गइसक्यो, हामीसँग अब सम्झना र श्रद्धा बाँकी छ। मौसूफको जिन्दगीको उद्देश्यले हामीलाई प्रोत्साहन दिएको छ। त्यसैको स्मृतिमा **हामीले अर्पण गर्ने श्रद्धाञ्जलि आँसुको भन्दा कर्मको हुनुपर्दछ।** जुन महान् उद्देश्य मौसूफको अपूरो भयो त्यसैलाई हामीलाई सबै मिलीजुली पूरा तुल्याउन सक्यौं भने हाम्रो श्रद्धाञ्जलि सबभन्दा पवित्र र सबभन्दा चढाउन लायकको हुनेछ। हाम्रो यो जन्मभूमिमा प्रजातन्त्र फलाउने-फुलाउने मौसूफको महान् उद्देश्य नेपालीहरू सबैलाई थाहै छ। मौसूफ बुबाज्यूबाट त्यागको परिचय बक्सेको शुरूमै हामीहरू सबैलाई छोडेर सवारी हुनुपर्‍यो। कहाँ, के, कसरी त्रुटि भयो भन्ने कुरा हामीले अब बुझ्दै आएका छौं। अब हामी सबै एक भई प्रजातन्त्रलाई हुर्काउनुपरेको छ। पवित्र इच्छा श्री परमेश्वरले सुन्छन् भन्ने भनाइ साँचो छ।

नेपालको हित नै हामीहरू सबैको लागि सबभन्दा ठूलो हित हो, जसको निमित्त सबैबाट अनुशासन प्राप्त हुनु अत्यन्त आवश्यक छ। आजको शोक-सभामा श्री ५ बुबाज्यूको निमित्त मौसूफले ल्याइबक्सेको प्रजातन्त्र दिगो गराउने श्रद्धाञ्जलि हामी सबैले अर्पण गरौं, यसैले त्यो विशाल आत्मा स्वर्गमा सन्तोषले मुस्कुराउनेछ।

*****

महत्त्वपूर्ण केही तिथि-मिति

१९६३ असार १७ गते--श्री ५ त्रिभुवनको शुभ जन्म ।

१९६८ पूस २६ गते--श्री ५ पृथ्वीवीरविक्रम शाहदेवको स्वर्गारोहण, श्री ५ त्रिभुवनको राज्यारोहण ।

१९६९ फागुन ९ गते--राज्याभिषेक ।

१९७५ फागुन ८-९ गते--शुभ विवाह ।

१९७५--त्रि-चन्द्र कलेजको उद्घाटन ।

१९७७ जेठ २९ गते--श्री ५ महेन्द्रको जन्म ।

१९८८--प्रचण्ड गोर्खाकाण्ड ।

१९९० माघ २ गते--नेपालमा महाभूकम्प ।

१९९३ ज्येठ २० गते--प्रजा-परिषद्को जन्म ।

१९९३--रजत-जयन्ती ।

१९९६--राणा-शासन खतम गर्ने षड्यन्त्र ।

१९९७ माघ--अमर देशभक्तहरू शहीद ।

१९९९--त्रिपुरेश्वरमा प्रतिमा-स्थापना ।

२०००--श्री ५ त्रिभुवनको भारतमा तीर्थ-यात्रा ।

२००७ कात्तिक २१ गते बिहान--सपरिवार भारतीय राजदूतावासमा सवारी ।

२००७ कात्तिक २२ गते--राणा-सरकारद्वारा चारवर्षे बालक श्री ५ ज्ञानेन्द्रलाई राज्यारोहण ।

२००७ कात्तिक २६ गते--भारतमा सवारी ।

२००७ पूस ७ गते--दिल्लीबाट रेडियोद्वारा नेपालीप्रति शुभेच्छा ।

२००७ फागुन ४ गते--भारतबाट फिर्ती-सवारी ।

२००७ फागुन ७ गते--प्रजातन्त्रको घोषणा ।

२००७ फागुन २० गते--नेपाल रेडियोको स्थापना ।

२००८ कार्तिक २२ गते--बौद्ध अस्थिको नेपाल आगमन र स्वागत ।

२०११ माघ २७ गते--स्वीट्जरल्यान्डमा सवारी ।

२०११ फागुन ७ गते––नीसबाट अन्तिम सन्देश।
२०११ फागुन ३० गते––स्वर्गारोहण (४८ वर्ष ८ महीनाको उमेरमा)।
२०११ चैत ४ गते––पवित्र शव काठमाडौं ल्याई दाह-संस्कार।

*****

लेखक-परिचायिका

अफ्रा बेगम शेख : डेमोन्स्ट्रेशन स्कूलकी शिक्षिका। काठमाडौं।
अम्बरबहादुर के० सी० : कर्णेल। राजदरबारका पुष्प-विशेषज्ञ। काठमाडौं।
अष्टमङ्गल वज्राचार्य : भू०पू० अध्यक्ष—काठमाडौं नगर-पालिका। काठमाडौं।
ऋषभदेव शर्मा : शास्त्री। सह-सम्पादक—'गोरखापत्र'। काठमाडौं।
एरिका ल्यूश्टाग : स्वास्थ्य-सेविका। लन्डननिवासी।
कामाक्षादेवी : समाज-सेविका। काठमाडौं।
कीर्तिनिधि विष्ट : भू०पू० प्रधान मन्त्री। काठमाडौं।
कुँवरकान्त चौधरी : लेखक। जनकपुर।
कुलमणि देवकोटा : कवि, अध्यापक। पाल्पा।
कृष्णप्रसाद उपाध्याय : प्राध्यापक—जनकपुर महाविद्यालय। जनकपुर।
कृष्णप्रसाद चापागाईं : कथाकार। भू०पू० न्यायाधीश। काठमाडौं।
कृष्णप्रसाद पराजुली : कवि-लेखक। सह-कुलसचिव— नेपाल राष्ट्रिय विद्यापीठ। काठमाडौं।
केशवराज अर्ज्याल : प्राध्यापक—पाटन कलेज। ललितपुर।
कैलाशराम श्रेष्ठ : भू०पू० सह-सचिव—त्रिभुवन स्मारक-समिति। काठमाडौं।
खड्गमान मल्ल : सचिव—नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान। काठमाडौं।
खड्गमान सिंह : अध्यक्ष—त्रिभुवन स्मारक-समिति र सदस्य—राजसभा स्थायी समिति। काठमाडौं।
खेमराज उपाध्याय : प्राध्यापक—त्रिभुवन विश्वविद्यालय। काठमाडौं।
गणेशबहादुर कर्माचार्य : नेवारी भाषाका कवि। भक्तपुर।
गिरिप्रसाद बुढाथोकी : माननीय रक्षा-मन्त्री—श्री ५-को सरकार। काठमाडौं।

गोकुलचन्द शास्त्री : प्राध्यापक। काठमाडौं।

गोपाल पाँडे 'असीम' : भाषासेवी। सचिव–– नेपाली शिक्षा-परिषद्। काठमाडौं।

गोपालप्रसाद रिमाल : कवि, नाटककार। मदन-पुरस्कार विजेता। काठमाडौं।

गोपाल सिंह नेपाली : स्वर्गीय। हिन्दी र नेपालीका प्रख्यात कवि। बम्बई।

गोविन्दप्रसाद उपाध्याय : भू० पू० अञ्चलाधीश। काठमाडौं।

गोविन्दबहादुर मल्ल गोठाले : कथाकार। काठमाडौं।

गौरीशंकरलाल दास : स्वास्थ्य-सेवा विभागका निर्देशक। सिरहा।

चन्द्रकान्त शर्मा : कवि। हाल विराटनगर।

चन्द्रकान्ता मल्ल : शहीद शुक्रराजकी बहिनी। शिक्षिका। काठमाडौं।

चन्द्रबहादुर थापा : स्वर्गीय। भू० पू० वृ० ज०, प्रमुख सचिव। काठमाडौं।

चन्द्रमान : शाही कम्पाउन्डर। पुराना राजनीतिक कार्यकर्ता। काठमाडौं।

चन्द्रविक्रम शाह : समाज-सेवी। वीरगन्ज।

चित्तधर हृदय : कविकेशरी। उपाध्यक्ष––त्रिभुवन स्मारक समिति। काठमाडौं।

चित्तरञ्जन नेपाली : इतिहासकार। मदन-पुरस्कारविजेता। काठमाडौं।

चूडानाथ भट्टराय : सर्वदर्शनाचार्य। सह-सदस्य––नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान। काठमाडौं।

चेतोनाथ शर्मा आचार्य : प्राध्यापक। काठमाडौं।

जगत्‌बहादुर सिंह : सदस्य––राजसभा स्थायी समिति। काठमाडौं।

जगत्‌बहादुर सिंह बुढाथोकी : प्राध्यापक––त्रिभुवन विश्वविद्यालय। काठमाडौं।

जीवनाथ झा : प्राचार्य––जनकपुर महाविद्यालय। जनकपुर।

जीवराज शर्मा : पुराना राजनीतिक कार्यकर्ता। काठमाडौं।

ज्यानबहादुर नेवा : समाज-सेवी। ललितपुर।

झम्मनराम : डाक्टर। परिगणित-नेता। सप्तरी।

टंकप्रसाद आचार्य : भू० पू० प्रधान मन्त्री। काठमाडौं।

टंकविलास वार्य : पुराना राजनीतिक कार्यकर्ता र समाज-सेवी। काठमाडौं।

टुकराज-पद्मराज मिश्र : लेखक दाजु-भाइ। काठमाडौं।

टेकबहादुर खत्री : कवि। काठमाडौं।

ठाकुरप्रसाद पराजुली : त्रिचन्द्र कलेजका प्राध्यापक। धौलागिरि।
डमरुवल्लभ पौडेल : कवि। काठमाडौं।
तुलसीमेहर श्रेष्ठ : प्रसिद्ध समाज-सेवी, चर्खा-प्रचारक। ललितपुर।
तेजप्रकाश श्रेष्ठ : शिक्षक––नेरावि शिक्षण-संस्थान। काठमाडौं।
दमनराज तुलाधर : पुराना राजनीतिक कार्यकर्ता र लेखक। ललितपुर।
दयावीर सिंह कंसकार : संस्थापक––परोपकार। सदस्य––त्रिभुवन स्मारक-समिति। काठमाडौं।
दाताराम शर्मा : सह-सम्पादक––'गोरखापत्र'। काठमाडौं।
दानियल खालिङ : लेखक। काठमाडौं।
डिल्लीरमण रेग्मी : डाक्टर, इतिहासकार। भू०पू० मन्त्री। काठमाडौं।
दीर्घराज प्रसाई : लेखक। आठराई, तेह्रथुम।
दुर्गाप्रसाद मजगैयाँ : नवोदित कवि। सम्पादक––'मानसप्रभा'। दाङ।
देवकुमारी सिन्हा : कथाकार। समाज-सेविका। विराटनगर।
देवव्रत दासगुप्त : डाक्टर। काठमाडौं।
देवीचन्द्र : आर्थिक विषयमा उच्च शिक्षाको तयारीमा। काठमाडौं।
देवीप्रसाद रेग्मी : कवि। स्याङ्जा।
दैवज्ञराज न्यौपाने : कवि। भोजपुर।
धरणीधर शर्मा कोइराला : प्रख्यात कवि। त्रिभुवन-पुरस्कारले सम्मानित। फर्पिङ।
धर्मरत्न यमी : लेखक। भू०पू० उपमन्त्री। काठमाडौं।
धर्मराज थापा : जनकविकेशरी। नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सह-सदस्य। पोखरा।
नरहरिनाथ : योगी। प्रसिद्ध विद्वान्। काठमाडौं।
नीरविक्रम प्यासी : कवि। सेनानी। काठमाडौं।
नानकीबाबु : एक व्यापारी। कलकत्ता।
नारायणप्रसाद बाँसकोटा : 'प्रगति'-का सम्पादक। ललितपुर।
नित्यराज पाण्डे : लेखक। मदन-पुरस्कार विजेता। काठमाडौं।
पद्मराज प्रधान : फूल-बिरुवाका व्यापारी। कलकत्ता।
पासाङ गोपर्मा : लेखक। इलाम।
पिनाकीप्रसाद उपाध्याय : काठमाडौं नगर-पंचायतका चिकित्सक। काठमाडौं।

पुरुषोत्तम बस्नेत : लेखक। काठमाडौं।

पुष्करनाथ उप्रेती : भू०पू० मन्त्री। काठमाडौं।

पुष्करशमशेर : स्वर्गीय। प्रसिद्ध भाषासेवी। काठमाडौं।

पूर्णबहादुर श्रेष्ठ : भू०पू० न्यायाधीश। दोलखा।

प्रजाराज्यलक्ष्मी सिंह : उपाध्यक्ष––राष्ट्रिय पंचायत र सदस्य––त्रिभुवन स्मारक-समिति। काठमाडौं।

प्रेमराज : भू०पू० सम्पादक––'गोरखापत्र'। काठमाडौं।

बालकृष्ण सम : उपकुलपति––नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान। काठमाडौं।

बालचन्द्र शर्मा : इतिहासकार। हाल सोभियतस्थित नेपाली राजदूत।

बी० एल्० शर्मा : राजनीतिक कार्यकर्ता। काठमाडौं।

भक्तबहादुर अमात्य : समाज-सेवी। वीरगन्ज।

भक्तवीर सिंह : एक व्यापारी। काठमाडौं।

भद्राकुमारी घले : समाज-सेविका। हाल जनकपुर।

भरतराज पन्त : कवि। प्राध्यापक––सरस्वती कलेज। काठमाडौं।

भरतराज वैद्य : चिकित्सक––काठमाडौं नगर-पंचायत। काठमाडौं।

भवानी भिक्षु : कथाकार। सदस्य––नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान। काठमाडौं।

भीमनिधि तिवारी : प्रसिद्ध लेखक। मदन-पुरस्कार विजेता। काठमाडौं।

भेषराज शर्मा : अर्थशास्त्रका विद्वान्। काठमाडौं।

मरिचमान सिंह : शाही चालक। काठमाडौं।

महेन्द्रनारायण निधि : पुराना राजनीतिक कार्यकर्ता। जनकपुर।

मातृकाप्रसाद कोइराला : भू०पू० प्रधान मन्त्री। विराटनगर।

माधवप्रसाद देवकोटा : प्रख्यात कवि। प्राचार्य––त्रिभुवन कलेज। पाल्पा।

माधवलाल कर्माचार्य : लेखक-समीक्षक। काठमाडौं।

मायादेवी सुब्बा : लेखिका। दार्जीलिङ।

मुरलीधर भट्टराई : स्वर्गीय। प्रसिद्ध पुराणवाचक। काठमाडौं।

मुरारीकृष्ण शर्मा : लेखक-सम्पादक। काठमाडौं।

यदुनाथ खनाल : विद्वान् आलोचक। परराष्ट्र-सचिव––श्री ५-को सरकार। काठमाडौं।

रत्नदास प्रकाश : गायक कलाकार। काठमाडौं।

रत्नदेव शर्मा : कवि। पोखरा।

रत्नध्वज जोशी : आलोचक। सह-सदस्य—नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

रमाकान्त झा : समाज-सेवी। जनकपुरधाम।

रमेश विकल : कथाकार। लेखक—जनक शिक्षा-सामग्री केन्द्र। काठमाडौं।

राजालाल आर्य : समाज-सेवी। वीरगन्ज।

रामप्रसाद मानन्धर : विद्वान् प्राध्यापक। भू० पू० राजदूत। काठमाडौं।

राममणि आ० दी० : प्रसिद्ध भाषासेवी। काठमाडौं।

रामराज पौडेल : सम्पादक। काठमाडौं।

रामस्वरूपप्रसाद बी० ए० : लेखक, अध्यापक।

रामहरि जोशी : पुराना राजनीतिक कार्यकर्ता। लेखक, अध्यापक। मलङ्गवा।

रामहरि शर्मा : पुराना राजनीतिक कार्यकर्ता। सदस्य—राष्ट्रिय पंचायत तथा त्रिभुवन स्मारक-समिति। काठमाडौं।

रामेश्वरप्रसाद तिमिल्सिना : स्वर्गीय। 'श्री ५ त्रिभुवनको सवाई' पुस्तिकाका रचयिता।

रुद्रनाथ शर्मा : लेखक-पत्रकार। चैनपुर बजार।

रोहिणीप्रसाद भट्टराई : संस्कृतका एक विद्वान्। काठमाडौं।

लक्ष्मीप्रसाद देवकोटा : स्वर्गीय। महाकवि। सदस्य—नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान। काठमाडौं।

लेखनाथ पौडेल : स्वर्गीय। कविशिरोमणि। सदस्य—नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

वासुदेव त्रिपाठी : कवि र आलोचक। त्रिभुवन विश्वविद्यालयक प्राध्यापक। गण्डकी अञ्चल।

विजयबहादुर मल्ल : कथाकार र नाटककार। सह-सदस्य—नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान। काठमाडौं।

विश्वनाथ न्यौपाने : एक लेखक।

विष्णुप्रसाद रिजाल : नवोदित लेखक। काठमाडौं।

वैकुण्ठप्रसाद लाकौल : सचिव—त्रिभुवन स्मारक-समिति। काठमाडौं।

वैजनाथ सेढाईं : प्राचीन परम्पराका एक कवि।

शंकरबहादुर के० सी० : पुराना राजनीतिक कार्यकर्ता। काठमाडौं।

शरदकुमार भट्टराई : कवि। सगरमाथा दिक्तेल।

शारदाप्रसाद भट्टराई : भू०पू० सचिव—त्रिभुवन स्मारक-समिति। काठमाडौं।

शिवप्रसाद रौनियार : समाज-सेवी र व्यापारी। काठमाडौं।

श्यामबहादुर श्रेष्ठ : स्वर्गीय। राजदरबारका मेजर। काठमाडौं।

श्रीधर खनाल : लेखक। काठमाडौं।

श्रीप्रसाद गौतम : पत्रकार। काठमाडौं।

सत्यनारायण बहादुर : शिक्षा-सेवी। काठमाडौं।

सत्यमोहन जोशी : लेखक। मदन-पुरस्कार विजेता। सह-सदस्य—नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

सरोजकुमार शाक्य : लेखक। चैनपुर।

सिद्धिचरण श्रेष्ठ : त्रिभुवन-पुरस्कारले सम्मानित। अध्यक्ष—त्रिभुवन-स्मृतिग्रन्थ उपसमिति।

सुन्दर झा शास्त्री : कवि। जनकपुर।

सुन्दरप्रसाद शाह : लेखक। सचिव—श्री ५-को सरकार। काठमाडौं।

सुन्दरराज चालिसे : पुराना राजनीतिक कार्यकर्ता। काठमाडौं।

सुमनकुमार नेपाली : गायक। काठमाडौं।

सुशीला चालिसे : पुरानो राजनीतिक कार्यकर्त्री। काठमाडौं।

स्वयम्भूलाल श्रेष्ठ : लेखक। समाजसेवी। भद्रपुर।

स्वर्णकान्त मिश्र : लेखक। जनकपुर।

हंसमान सिंह : कवि। सरदार। श्री ५ महाराजाधिराजका प्रमुख सचिव। काठमाडौं।

हंसराज श्रेष्ठ : पुराना राजनीतिक कार्यकर्ता। बनेपा।

हरिकृष्ण श्रेष्ठ : पुराना राजनीतिक कायकर्ता र व्यापारी। काठमाडौं।

हरिश्चन्द्रलाल सिंह : पत्रकार। काठमाडौं।

हरि श्रेष्ठ : लेखक, प्रसारक। काठमाडौं।

हरिहर शास्त्री : कवि। काठमाडौं।

हेमन्तराम भट्टराई : एक विद्वान्।

हृदयचन्द्र सिंह प्रधान : स्वर्गीय। प्रसिद्ध साहित्यकार। काठमाडौं।

*****

६

चित्रावली



श्री ५ पृथ्वीवीरविक्रम शाहदेव

श्री ५ बडा महारानी



श्री ५ पृथ्वीवीरविक्रमका अगाडि वज्यै वडा महारानी र
मुमा महारानीका बीचमा शिशु श्री ५ त्रिभुवन



मुमाज्यूका साथमा श्री ५ त्रिभुवन



बुवाज्यूका साथ श्री ५ त्रिभुवन



बालक श्री ५ त्रिभुवन घोडामा



श्री ५ त्रिभुवन राजगद्दीमा



राजकीय पोशाकमा श्री ५ त्रिभुवन



बालक राजा श्री ५ त्रिभवन

श्रीपेचमा श्री ५ त्रिभुवन



कौचमा श्री ५ त्रिभुवन

पाश्चात्य पोशाकमा किशोर श्री ५ त्रिभुवन



गैंडामाथि श्री ५ त्रिभुवन

नवग्रह



पुत्रहरूसहित श्री ५ त्रिभुवन



जंगी पोशाकमा श्री ५ त्रिभुवन

हात्तीमा श्री ५ त्रिभुवन



जंगी पोशाकमा श्री ५ त्रिभुवन

कलाकारका आँखाको निम्ति श्री ५ त्रिभुवन

राजकीय पोशाकमा
श्री ५ त्रिभुवन



रजत-जयन्तीको अवसरमा श्री ५ त्रिभुवन



श्री ५ युवराजाधिराज महेन्द्रका साथ
श्री ५ अधिराजकुमार र श्री ५ अधिराजकुमारीहरू



श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मीदेवी शाह



दिल्ली विमानघाटमा भारतका प्रधान मन्त्रीसित

श्री ५ त्रिभुवन भारतका राष्ट्रपति डा० राजेन्द्रप्रसादका साथ



दिल्ली आकाशवाणी केन्द्रबाट नेपाल र नेपालीप्रति शुभेच्छा



भारतीय गोर्खा सैनिकहरूको निरीक्षणमा श्री ५ त्रिभुवन

दिल्लीमा गाँधी समाधिमाथि श्री ५-बाट माल्यार्पण

प्रीतिभोजमा श्री ५ त्रिभुवन

श्री ५ त्रिभुवन भारतका प्रधान मन्त्री पं० जवाहरलाल नेहरूसित



श्री ५ त्रिभुवनको स्वागतमा



दिल्लीवाट फिर्ती सवारी हुँदा त्रिभुवन विमानघाटमा



लैनचौरको आमसभामा श्री ५ त्रिभुवन



आदर्श पिता तथा आदर्श पुत्र



अनाथहरूका नाथ श्री ५ त्रिभुवन

श्री ५ युवराजाधिराज र
माहिला अधिराजकुमारसँग सरसल्लाहमा

भूगोलपार्कमा महिला-संघको सभामा श्री ५ त्रिभुवन



पिता-पुत्र गम्भीर वार्तामा



सलामीको प्रत्युत्तरमा

श्री ५ जेठा बडा महारानी कान्तिराज्यलक्ष्मीदेवी शाह

श्री ५ कान्छा बडा महारानी ईश्वरीराज्यलक्ष्मीदेवी शाह



इजिप्टमा ऊँटमा सवारीको तयारी

फ्रान्समा तक्मा-ग्रहण

बम्बई विमानघाटमा श्री ५ त्रिभवन



इजिप्टका राष्ट्रपति जनरल राजीवसँग श्री ५ त्रिभुवन



स्वीट्जरल्यान्डको एउटा पुस्तकालयमा श्री ५ त्रिभुवन

पानीजहाजमा श्री ५ त्रिभुवन

त्रिभुवन-विमानघाटमा पवित्र शव वायुयानबाट अवतारण

अन्तिम पुष्पाञ्जलिका निम्ति

अन्तिम दर्शनको प्रतीक्षामा

आँसुको पुष्पाञ्जलि



आर्यघाटतिर

शवयात्रा



शवयात्रा



आर्यघाटमा तयारी



अन्तिम दर्शन

अन्तिम दर्शनको निम्ति अपार जनसमूह


त्रिभुवननिधनशोकसमिति

खरीको बोटमा शोकसभा



टुँडिखेलको कारुणिक सभा



श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव



श्री ५ वडा महारानी रत्नराज्यलक्ष्मीदेवी शाह

श्री ५ युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

श्री ५ युवराज्ञी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह

श्री ५ माहिला अधिराजकुमार हिमालयवीरविक्रम शाहदेव



श्री ५ कान्छा अधिराजकुमार वसुन्धरावीरविक्रम शाहदेव

९